देवीप्रसाद उप्रेती

कृति र स्मृतिमा



के. के. कर्माचार्य

कृतिको नाम : कृति र स्मृतिमा देवीप्रसाद उप्रेती

प्रकाशक : स्मृति ग्रन्थ प्रकाशन मूल समिति, झापा

प्रतिलिपि स्वामित्व : देवीप्रसाद उप्रेती निजानन्द आश्राम
इवा, आठराई, तेह्रथुम

प्रथम प्रकाशन : १ बैशाख २०५५

मुद्रण प्रति : ११००

कम्प्युटर टाइप : श्याम बहादुर खड्का "भावुक" काठमाडौं

आवरण : के. कर्माचार्य, काठमाडौं

मुद्रण : वाणी अपसेट, टेकु, काठमाडौं

सहयोग :

प्रकाशन मूल समिति

सल्लाहकार

१. मा. राधाकृष्ण मैनाली
२. श्री नरेन्द्रनाथ बाँस्तोला
३. मा. डा. शङ्करप्रसाद उप्रेती
४. डा. भीष्मराज प्रसाईं
५. डा. ऋषिकेश उपाध्याय

पदाधिकारीहरू

१. श्री लीला उदासी	- संयोजक
२. श्री चन्द्रप्रसाद मैनाली	- सह-संयोजक
३. श्री त्रिलोचन संग्रौला	- सचिव
४. श्री गङ्गाप्रसाद प्रसाई	- सदस्य
५. श्री गङ्गाप्रसाद उप्रेती	"
६. श्री मोहन सिटौला	"
७. श्री नरेशकुमार बर्मा	"
८. श्री जनकप्रसाद हुमागाईं	"
९. श्री दान खालिङ	"
१०. श्री हरिध्वज खत्री	"
११. श्री यज्ञराज प्रसाईं	"
१२. श्री रामप्रसाद सिटौला	"
१३. श्री कामेश्वर दत्त	"
१४. श्री जयप्रसाद उप्रेती	"
१५. श्री कपिल मैनाली	"
१६. श्री त्रिलोचन मैनाली	"
१७. श्री ईश्वरीप्रसाद शिवाकोटी	"
१८. श्री रामप्रसाद मैनाली	"
१९. श्री रघु मैनाली	"

स्व. देवीप्रसाद उप्रेतीको अन्तिम इच्छापत्र अनुसार निजी लगानीमा स्थापित

देवीप्रसाद उप्रेती "निजानन्द आश्रम" को संक्षिप्त परिचय

संस्थाको नाम : देवीप्रसाद उप्रेती निजानन्द आश्रम ।

कार्यालय ठेगाना
स्थायी : इवा गा.वि.स. सिमले, आठराई, तेह्रथुम ।
अस्थायी : घैलाडुबा, झापा, नेपाल ।

उद्देश्य : विविध सामाजिक सेवा ।

दर्ता नं र मिति : २३९-२०५२।५।२

दर्ता गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चन्द्रगढी, झापा ।

संस्थाको सम्पत्ति : घैलाडुबा (झापा) गा.वि.स. वडा. नं १ दुर्गापुर बजारमा रहेको मिटौरी जग्गा विगाह ५-४-१८ पाँच विगाहं चार कठ्ठा अठार धुर ।

संचालक समिति

अध्यक्ष	-	श्री मित्रप्रसाद उप्रेती
उपाध्यक्ष	-	श्री कृष्णप्रसाद उप्रेती
सचिव	-	श्री त्रिलोचन संग्रौला
कोषाध्यक्ष	-	श्री डिल्लीप्रसाद उप्रेती
सदस्यहरु	-	श्री मणिप्रसाद उप्रेती
	-	श्री दुर्गाप्रसाद उप्रेती
	-	श्री सुरेन्द्रप्रसाद उप्रेती

विषय-सूची

(क) सम्पादकीय 1

(ख) स्मृति - खण्ड

१. शुभकामना श्रद्धाञ्जली	- सूर्यबहादुर थापा	४
२. समाज सेवाका धनी देवीप्रसाद उप्रेती	- राधाकृष्ण मैनाली	५
३. स्व. देवीप्रसाद उप्रेती ..	- के. पी. ओली	८
४. समाज सेवामा समर्पित	- सी. के. प्रसाईं	११
५. सरस्वतीको सभा	- डा. तारानाथ शर्मा	१४
६. देवीप्रसाद उप्रेती पूर्व नेपालका तारा	- डा. भीष्मराज प्रसाईं	१७
७. कीर्ति शेष भएर एउटा उज्यालो ज्योति	- मोदनाथ प्रश्रित	२१
८. ती गृहस्थ समाजसेवी	- गोविन्द भट्ट	२४
९. देवीप्रसाद उप्रेतीज्यूको..	- प्रा.डा. वल्लभमणि दाहाल	२९
१०. पूर्वाञ्चलतिर सबैले..	- गङ्गाप्रसाद उप्रेती	३४
११. समाजसेवी देवीप्रसाद..	- जनकप्रसाद हुमागाईं	४१
१२. देवीप्रसाद उप्रेतीबारे	- श्यामप्रसाद	४९
१३. देवीप्रसाद उप्रेतीका केही..	- नरेन्द्रनाथ बाँस्तोला	५१
१४. देवीप्रसाद-मेरा..	- चूडामणि रेग्मी	५४
१५. उनी महामानव थिए	- गणेशबहादुर प्रसाई	५६
१६. शिक्षा र जागृतिमा जुटे..	- डा. बासुदेव उप्रेती	६४
१७. शिक्षा क्षेत्रका उल्लेखनीय..	- डा. सुरेशराज शर्मा	८०
१८. देवीप्रसादसँगका दुई भेट	- नरेशकुमार वर्मा	८२
१९. देवीप्रसाद उप्रेती: एक..	- डा. हृषिकेश उपाध्याय	८६
२०. प्रवासवास शिक्षाको आश	- हरिध्वज खत्री	९२
२१. काका देवीप्रसाद..	- डा.शङ्करप्रसाद उप्रेती	९८
२२. मेरा बाजे: जमिन्दार..	- डा. वेदप्रकाश उप्रेती	१०१
२३. देवीप्रसाद उप्रेती..	- एस. एल. शर्मा	१०२
२४. शिक्षासेवी देवीप्रसाद..	- भीम खरेल	१०४
२५. समाजका मार्ग द्रष्टा	- जीवनराज पैडेल	१०६
२६. सम्झनाका केही क्षेणहरू देवीप्रसाद उप्रेतीसंग	- केशवलाल जोशी	११०
२७. देवीप्रसाद उप्रेती	- नरेन्द्रराज प्रसाई	११२
२८. शब्द श्रद्धाञ्जली	- डा. रामप्रसाद उप्रेती	११५
२९. सतसंग र सद्व्यवहारका धनी-देवीप्रसाद	- डिल्लीराम निर्भिक	११६
३०. जिम्दार देवीप्रसाद उप्रेती मेरो दृष्टिमा	- रविमान लम्जेल	११९

३१. समाजसेवाका प्रतीक..	- शेरबहादुर इङ्नाम	१२९
३२. सुन्दर र उन्नत विचारका सागर	- सरोज ओली	१२७
३३. देवीप्रसाद उप्रेती र शिक्षा	- बंशीधर दाहाल	१३२
३४. शिक्षासेवी, जातभात..	- माधब मैनाली	१३४
३५. देवीप्रसाद बाबासंगको..	- गोपालप्रसाद संग्रौला	१३७
३६. योजनाविद्का रूपमा देवीप्रसाद उप्रेती	- दाताराम शर्मा	१४१
३७. अन्तिम क्षणका	- महेन्द्र बहादुर भुजेल	१४३
३८. देवीप्रसाद उप्रेती: केही संस्मरण	- के. बी. कार्की	१४६
३९. मेरो संझनामा अङ्कु..	- तारा विविध	१४९
४०. त्यो क्षणलाई संझदा	- हरिचरण शिवाकोटी	१५१
४१. शिक्षा क्षेत्रमा देवी..	- कामेश्वर दत्त	१५३
४२. नारी उत्थानमा देवी..	- सुजाता उप्रेती	१५६
४३. प्रेरक व्यक्तित्व- जिम्दारबा	- उमा ओली	१५९
४४. जिम्दार बुबालाई संझेर	- पदमप्रसाद राजवंशी	१६१
४५. देवीप्रसाद उप्रेती-संक्षिप्त..	- त्रिलोचन मैनाली	१६३
४६. देवीप्रसाद उप्रेती र शिक्षाप्रेम	- पुण्यप्रसाद खरेल	१६६
४७. परिचय दानवीर	- टीकाराम शर्मा	१६८
४८. खरानी भित्रको फिलिङ्गो	- हरिप्रसाद थपलिया	१७०
४९. जीवनी संक्षेप-देवीप्रसाद..	- नारायणप्रसाद ओली	१७२
५०. अन्तिम श्रद्धाञ्जली	- रामचन्द्र मैनाली	१७४
५१. देवी स्मृति	- डिकबहादुर चौहान	१७५
५२. देवीप्रसाद उप्रेती र प्रणामी धर्म	- लीलाप्रसाद सापकोटा	१७६
५३. महान व्यक्तित्व: देवीप्रसाद उप्रेती	- मातृकाप्रसाद सिटौला	१७९
५४. उहाँ एउटा प्रस्तकालय	- लीला उदासी	१८२
५५. देवीप्रसाद उप्रेतीको..	- पं. कृष्णप्रसाद मिश्र	१८५
५६. देवीप्रसाद उप्रेती: केही..	- मोहन सिटौला	१८८
५७. एक सच्चा शिक्षाप्रेमी	- भीष्म प्रसाईं	१९५
५८. जिम्दार देवीप्रसाद उप्रेती	- प्रेमदास उप्रेती 'पीडित	१९९
५९. महापुरुष परम्पराका..	- रमेश गोर्खाली	२०४
६०. श्री देवीप्रसाद उप्रेतीको..	- तारा कुमार श्रेष्ठ	२०६
६१. स्व. देवीप्रसादको स्मृतिमा	- प्रा. डा. देवेन्द्र क्षेत्री	२०९
६२. विशाल दानक्षेत्रका..	- यज्ञराज प्रसाई	२१३
६३. परोपकार, कृष्णभक्ति र अहिंसा	- कोमलप्रसाद पोखरेल	२२४
६४. हिलाको कमल	- तेजराज खतिवडा	२२७
६५. जगदाजुदेखि जिमिन्दारदाइ..	- रामप्रसाद मैनाली	२३०
६६. मेरा मामा-देवीप्रसाद	- गङ्गाप्रसाद प्रसाईं	२३३
६७. दानवीर र कर्मवीर..	- धनपति संग्रौला	२३९
६८. सम्झनाका कुरा ..	- दान खालिङ	२४१
६९. मेरा सहपाठी गुरुपुत्र	- भोलामान श्रेष्ठ	२४७
७०. मेरा प्रेरणाका स्रोत	- नरहरि संग्रौला	२५०
७१. देवीप्रसाद उप्रेती र धर्म	- चन्द्रप्रसाद मैनाली	२५२
७२. देवीप्रसाद उप्रेतीसँगसँगै..	- त्रिलोचन संग्रौला	२५५
७३. देवीप्रसाद उप्रेती समाज..	- बन्दना उप्रेती	२५९
७४. परम आदरणीय बुबा..	- चन्द्रा राई	२६१
७५. श्रद्धाञ्जली	- मित्रप्रसाद उप्रेती	२६२
७६. कालमाथि रहन्छ त्यो	- मुकुन्दप्रसाद शर्मा	२६३
७७. मेरा स्मृतिमा टाँसिएका	- भवानी घिमिरे	२६४

(ग) कृति - खण्ड

लेख / रचना

१. २००७ सालको क्रान्तिको संझनामा	२६९
२. तोल्सतोइका बारेमा केही शब्द	२८८
३. जनकवि गोकुलप्रसाद जोशीसँगका केही समयहरू	२९०
४. जनार्दन सिटौलाको संझनामा	२९८
५. मेरो स्मृतिमा महानन्द गुरु	३००
६. स्व. कृष्णबहादुर खत्रीको संझनामा	३०६
७. पढ्ने र पढाउने काम गर्दाको सम्झना	३१७
८. वंश विन्द्रालोमा आफ्नो खोजी	३२०
९. जनसंख्या बृद्धिको समस्या समाधान बारे	३३६

अन्तरवार्ता

१. हाम्रो सोधाइ देवीप्रसाद उप्रेतीज्यूको भनाइ	३४१
२. समाजसेवा भनेको एउटा पवित्र धार्मिक कृत्य हो	३४६
३. जनकवि गोकुल पीडित र दुःखी नेपालीका प्रतिनिधि	३५२

चिन्तन / मनन

१. धनी र गरीब बन्दै जाने प्रचलन	३५९
२. प्रजातन्त्र	३६०
३. आर्जनका कुरा	३६१
४. इमान्दारी	३६१
५. मान्छेले अर्कालाई दुःख दिन्छ ?	३६२
६. बुढेसकालको होश, जाँगर र जोशलाई सम्झँदा	३६३
७. नबुझेका कुरा	३६४
८. मानव इच्छाको स्थान	३६५
९. शिक्षण संस्थाको कुरा	३६६
१०. छट्टुको संसार	३६७
११. रहरको घुँइचो	३६८
१२. मानव स्वभाव	३६९

१३. मेरो कलम ३७०
१४. अरुलाई सुख सुविधा पुऱ्याउने मानव ३७१
१५. छ र छैनको बेठेगान ३७२
१६. लेख्ने कला ३७३
१७. पाप धर्मको कुरा ३७४
१८. अर्घेलो को ? ३७५
१९. कथा पारायणका कुरा ३७६
२०. प्रणामी धर्मका बाह्र मेला ३७७
२१. युवा अवस्था र जोश ३७८
२२. हाम्रो संसार र त्यसको प्रभाव ३७९
२३. सम्पत्ति सम्वन्धी अधिकारका कुरा ३८०
२४. लोभ केलाई भन्छन् ? ३८१
२५. सम्पन्न घर-द्वार ३८२
२६. शिक्षा नीतिका कुरा ३८३
२७. काठमाडौं यात्राको संझना ३८५
२८. इमान्दार बन्ने कुरा ३८६
२९. शिक्षाको अर्थ ३८७
३०. जोगी तिउन ३८९
३१. बालबालिकाको शिक्षा र जीवन ३९०
३२. पूँजीबाद के हो ? ३९१
३३. लेनदेन व्यवहार ३९३
३४. कल्पनाको प्रश्न ३९४
३५. गल्तीको खोजी ३९५
३६. समाज कल्याणका कुरा ३९६
३७. जीवन पद्धतिका कुरा ३९७
३८. चाटुकार ३९८
३९. वर्णाश्रम व्यवस्था ३९९
४०. वातावरणको महत्व ४०२
४१. अलग स्वभाव, अलग बाटो ४०३
४२. मानिसलाई रिस कसरी उठ्छ ? ४०४
४३. मान्छेको बानी ४०५
४४. विचारको चोट ४०६
४५. स्वास्थ्य चिन्ता ४०७
४६. हामी गरीब छैनौं ४०८
४७. के का आधारमा श्रेष्ठता नाप्ने ? ४०९
४८. ऱ्याङ ठ्याङ नमिलेका कुरा ४११
४९. प्रतिनिधिको प्रश्न ४१२
५०. व्यक्तिवाद र समाजवाद ४१३
५१. नेपाली जनसंख्या तीन करोड ४१४
५२. सदाचारका कुरा ४१६
५३. लक्ष्मीपूजा-मातृ समूहको उपहार ४१७
५४. गोवर्द्धन पूजा ४१८
५५. नेपालको सम्विधान र राजा ४१९
५६. राम, रावण, रामायण र राजनीतिज्ञ ४१९
५७. सुखमय गराउँ हामी सबैको संसार् ४२१
५८. सार्वजनिक सभागृहको महत्व ४२२
५९. आजको महत्व ४२३
६०. आर्थिक योजना र अक्षयकोष बैंक ४२४
६१. सांस्कृतिक मञ्चलाई सुझाउ ४२७
६२. कवि शिखरनाथ सुवेदीसंग एक घण्टा ४२८
६३. आसाम यात्राको संझना ४२९
६४. हिलारी, तेन्जिङ र सगरमाथाको संझना ४३०
६५. जात र जीवन ४३१
६६. नेपाली परम्परा: भक्कुको राँगो ४३२
६७. उज्जण्डपना ४३२
६८. आर्जनका कुरा ४३३
६९. लेख्ने रुचि ४३४
७०. दास प्रथा ४३५
७१. प्रजातन्त्र र अनुशासन ४३६
७२. लाज-शर्म ४३७
७३. भाषा-साहित्य ४३८
७४. बाँच्ने तरीका ४३९
७५. गोर्खालीको नालीबेली ४४०
७६. शिक्षा पद्धति ४४२

कविताहरू

१. नववर्षारम्भ ४४५
२. नयाँ उत्साह ४४६
३. अग्निज्वाला ४४७
४. जिन्दगीमा जिन्दगीमा ४४८
५. व्यवहार ४४९
६. कामातुर प्रेम ४५०
७. हिंसा चरित्र ४५१
८. हर्सोत्सव ४५२
९. अनुरोध ४५२
१०. जेलमा ४५३
११. विंडो ४५४
१२. लेखेको सार ४५५
१३. काम लाग्ने कुरा ४५६
१४. म बूढो ४५७
१५. हाम्रो भाषा ४५८
१६. खेताला-गोठाला ४५९
१७. रचनाकार ४६०
१८. आपतको विलौना ४६१
१९. कृष्ण भजन ४६२
२०. आरती भजन ४६३
२१. सृष्टि चक्र ४६४

२२. बाँच्ने इच्छा –१ ४६५
२३. युवा समूह ४६६
२४. मेरो बालक ४६७
२५. पेटको ज्वाला ४६८
२६. उग्रता ४६९
२७. आदि-मध्य र अन्त्य ४७०
२८. खटन ४७१
२९. अगुवा ४७२
३०. तेरो - मेरो ४७३
३१. गफ गर्ने बानी ४७४
३२. कामको मेसो ४७५
३३. भावना ४७६
३४. कविको कल्पना ४७७
३५. नयाँ बाटो ४७८
३६. बाँच्ने इच्छा –२ ४७९
३७. अभिभारा ४८०
३८. फूलको बोट ४८३
३९. व्यवहार ४८३
४०. ग्रामिण जन ४८४
४१. नवचिन्तन ४८५
४२. पाखण्ड ४८६

(घ) दस्तावेजहरू

१. ईच्छापत्र ४८७- ४९२
२. देवीप्रसादले दान दिएका संस्थाको नाम ४९३
३. दानपत्रहरू ४९५- ५३०
४. जिमिदारीको पट्टापूर्जी ५३१- ५५२
५. नेपाल प्रजातन्त्र सामयिक सरकार... नियुक्ति ५५३
६. सोधनी पत्र ५५४
७. जवाफ ५५५- ५५७
८. थप दानपत्र ५५८- ५६७

(ने.भा.प्र.संघ करफोक, मेची क्याम्पस, आदर्श विद्यामन्दिर धैलाडुवाको)

(ङ) केही सान्दर्भिक फोटाहरू ५६९

सम्पादकको भनाइ

स्व. देवीप्रसाद उप्रेती दृढ इच्छा शक्ति भएको एक विलक्षण प्रतिभा हुनुहुन्थ्यो । त्यही प्रतिभाको प्रवाहमा प्रवाहित हुँदै एउटा निर्जन गाउँको सामान्य परिवारमा जन्मेर पनि उहाँले आफ्नो क्षेत्रमा प्रसिद्धि प्राप्त गर्नु भयो । अध्यवसाय, स्वाध्याय र दृढ संकल्प उहाँको व्यक्तित्व विकासका आधारभूत कारण हुन् । सामान्य किसानको छोरा स्व. उप्रेती यिनै विशेषताका परिचालनले नेपालको एउटा ठूलो भूमिपति बन्नु भयो । आफू भित्रको प्रज्ञालाई स्वाध्यायले परिचालन गर्दै उहाँ नेपालको एउटा विशिष्ट चिन्तकको रूपमा स्थापित हुनु भयो । आफ्नो यो आर्थिक र प्राज्ञिक प्रगतिलाई उहाँले जीवनको उत्तरार्द्धमा सम्पूर्ण रूपमा देश र जनताको हितमा प्रयोग गर्नु भएको कारणले नै मृत्यु पर्यन्त उहाँ सबैका लागि चीरस्मरणीय हुनुहुन्छ । उहाँका कार्यहरू देश र समाजको विकासको लागि उर्जा स्वरूप भएको हुनाले तिनलाई लिपिवद्ध गरी अभिलेखमा राख्नु अत्यन्तै आवश्यक छ । उहाँको जीवन मूल्य र मान्यता आउने पुस्ताका लागि समेत प्रेरक हुने भएकोले उहाँका आफ्ना रचना उहाँ निकटस्थ विभिन्न व्यक्तिहरूका उहाँप्रतिका धारणाको संग्रह स्वरूप यो "कृति र स्मृतिमा स्व. देवीप्रसाद उप्रेती", नामको स्मृति ग्रन्थ प्रकाशमा आएको छ ।

मान्छेको जीवनक्रम ज्यादै क्षणिक छ । यही क्षणिकतामा उसको भौतिक स्वरूप हराएर गएपनि लोककल्याणकारी प्रभाव दिने उसका कार्यले ऊ चीरकालसम्म बाँचिरहन्छ । उसलाई बचाउने यस्ता प्रेरक तत्वहरूलाई जनसमक्ष ल्याउने काम बाँच्नेहरूले गर्नुपर्दछ । यसरी मान्छे मरेर गए पनि उसका सुकीर्तिहरू बाँच्नेहरूको संरक्षण पाएर आउने दिनका मानक मूल्यहरू बन्ने गर्छन् । यही मान्यतालाई दृष्टिगत गरी स्व देवीप्रसाद उप्रेतीको स्मृति ग्रन्थ प्रकाशन गर्ने निर्णय उहाँको कर्मथलो झापा जिल्लाका उहाँका शुभचिन्तकबाट भएको छ । यही नाममा एउटा स्मृति - ग्रन्थ प्रकाशन समिति बन्यो । सो समितिको सक्रियतामा उहाँका लेख रचनाहरू खोँज खवर गरिए, उहाँका सहकर्मी, शुभचिन्तकहरूबाट लेख रचना मागिए । यसरी लेख रचना संकलन गर्ने कार्यले नै निकै समय लिएकाले यो स्मृति - ग्रन्थ प्रकाशित हुन अपेक्षा गरिए भन्दा केही ढिलो भयो । हुनत सबै कुरा मिलेको भए यो ग्रन्थ एक वर्ष अघिनै प्रकाशित हुन सक्थ्यो । तर माथि उल्लेखित कारणका अतिरिक्त अन्य केही प्राविधिक अप्ठेराले पनि यो ग्रन्थ प्रकाशित हुन विलम्ब भयो । यो विलम्बका लागि सम्पादमण्डल आफ्नो पनि कमजोरी रहेको महशुस गर्छ । हाम्रो ढिलाइप्रति हामीलाई सचेत गराउँदै बारम्बार यो स्मृति - ग्रन्थ कुन अवस्थामा छ ? कहिले प्रकाशित हुन्छ ? भन्दै अनेकौं जिज्ञाशाहरू व्यक्त गर्ने जनसमुदायलाई हाम्रा सहयोगी नै ठानी हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

कृति र स्मृतिमा देवीप्रसाद उप्रेती

यो स्मृति - ग्रन्थमा तीन प्रकारका सामाग्रीहरू समावेश गरिएका छन् । पहिलो खण्डलाई स्मृति खण्ड बनाइएको छ । यस खण्डमा स्व. उप्रेतीका सहकर्मीहरू, उहाँबाट प्रभावित विशिष्ट विद्वान, राजनेता र उहाँका अनुयायीहरूका उहाँप्रतिका अनुभव र उहाँसंगैका सस्मरणलाई समावेश गरिएको छ । उहाँसंग सहकार्य गर्ने थुप्रै विशिष्ट महानुभावहरूका अनुभवलाई यहाँ समावेश गर्न चाँहदा चाँहदै पनि उहाँहरूको कार्य-व्यस्तताले समावेश गर्न सकिएन । त्यसैले यो खण्ड हामीहरूले अपेक्षा गरेको समग्रतालाई समेट्न असफल रहेको जस्तो लागेको छ । तर पनि यहाँ संग्रहित महानुभावहरूका दृष्टिकोणले उहाँको व्यक्तित्वको समग्रता स्पष्ट पार्न सक्नेछ जस्तो हामी ठान्दछौं ।

यो ग्रन्थको अर्को महत्वपूर्ण खण्ड -कृति खण्ड रहेको छ । यो खण्डमा देवीप्रसाद उप्रेतीले आफूले रचना गरेका कृतिहरू समावेश गरिएका छन् । देवीप्रसाद उप्रेती कुशल लेखक र साहित्यका सिद्धहस्त साधक हुनुहुन्थ्यो भन्ने कुरा धेरै कम मानिसलाई मात्र थाहा छ । वास्तवमा स्फूट विचारका रूपमा उहाँका प्रबन्धात्मक ढाँचाका निबन्धहरू, डायरीका टिपोट र कविताहरू निरन्तर रूपमा रचना गरिएको पाइएको भए पनि ती प्रकाशमा आएको देख्न पाइन्न । प्रकाशन र प्रचारलाई कम महत्व दिने देवीप्रसादले आफू सृजनशील साहित्यकार एवम् कवि भएको छनक कसैलाई दिनु भएन । हाल उहाँका यस्ता सयौं सृजनाहरू प्राप्त भएका छन् । तिनलाई व्यवस्थित किसिमले प्रकाशित गर्ने काम संभवत उहाँको देहावसनपछि उहाँले जारी गर्नु भएको इच्छापत्र बमोजिम खोलिएको निजानन्द आश्रम नमाको संस्थाले गर्ला भन्ने आशा गर्न सकिन्छ । तर उहाँको यो सृजनशील व्यक्तित्वलाई उद्घाटन गर्ने खालका केही प्रतिनिधिमूलक सृजनाहरूलाई यो ग्रन्थमा समावेश गरिएको छ । यस्ता रचनाहरूमा निबन्ध, कविता र चिन्तन प्रधान लेखहरू र अन्तरवार्ता संलग्न छन् । यी विविध रचनाले उहाँको सिद्धहस्त साहित्यिक व्यक्तित्वलाई उद्घाटित गर्नेछन् ।

ग्रन्थको तेस्रो महत्वपूर्ण खण्ड सार्वजनिक महत्वका दस्तावेज सरहका केही लिखतहरूको खण्ड रहेको छ । देवीप्रसाद उप्रेतीका बिभिन्न कालखण्डका कार्यहरू इतिहासका महत्वपूर्ण घटनाका रूपमा रहेका छन् । त्यसैले उहाँको जीवनका महत्वपूर्ण घटनासंग सम्बन्धित लिखतहरू यस खण्डका महत्वपूर्ण सामाग्री हुन् । यसवाहेक उहाँले दान दिएका विभिन्न शिक्षण संस्थाका नामका दानपत्रहरू यस खण्डका अरू महत्वपूर्ण सामाग्री हुन् । यही खण्डमा उहाँले जीवनका अन्तिम प्रहरमा सार्वजनिक गर्नु भएको आफ्नो अन्तिम इच्छापत्र पनि रहेको छ । यी सामाग्रीले एकातिर मुलुकको इतिहाससंग सम्बन्धित केही महत्वपूर्ण सूचना प्रदान गर्नेछन् भने केहीले उहाँको धारणा, जीवन मूल्य र इच्छा बुझ्न मद्दत गर्नेछन् ।

यी तीन महत्वपूर्ण खण्डका अतिरिक्त उहाँको जीवनका झाँकी झल्काउने केही तस्वीरहरू पनि यो ग्रन्थमा समावेश गरिएका छन् । एकासी वर्षको जीवन अभिनयलाई प्रस्तुत गर्ने उहाँका विविध तस्वीरहरूको झाँकी विस्तृत रूपमा

प्रस्तुत गर्ने हाम्रो चाहना हो । तर हाम्रो चाहना अनुसारका तस्वीरहरू सहज सुलभ हुन सकेनन् । त्यसकारण तस्वीरहरूको यहाँ प्रस्तुत झाँकीले अपेक्षित समग्रता समेट्न सकेनन् ।

यो स्मृति - ग्रन्थ सामाजिक उत्थानका लागि स्व. उप्रेतीले प्रदान गर्नु भएका योगदानका लागि समाजले अर्पण गरेको उहाँप्रतिको श्रद्धाञ्जली हो । निश्चय पनि यो ग्रन्थ मार्फत् उहाँका सुविचार र सुकर्महरू संस्थागत रूपमा सार्वजनिक हुन सके जस्तो हामीलाई लागेको छ । यस ग्रन्थबाट प्राप्त सूचनाका आधारमा आउने पुस्ताले आफ्ना जीवन मूल्यलाई समाजमुखी बनाउन प्रेरणा ग्रहण गर्नेछन् भन्ने हामीले आशा गरेका छौं ।

अन्त्यमा यो ग्रन्थ प्रकाशित गर्न आर्थिक, बौद्धिक एवम् अन्य प्रकारका सहयोग जुटाउन मद्दत गर्ने महानुभावहरूप्रति हामी आभारी छौं । विशेषगरी उहाँका सुपुत्रहरू एवम् परिवारका अन्य सदस्यहरूका सद्भाव र सहयोगले पनि यो ग्रन्थ यसरी सार्वजनिक हुन सकेको छ । यसका लागि हामी उहाँहरूप्रति अनुगृहित छौं र अन्त्यमा यस ग्रन्थमा आफ्ना अमूल्य लेख रचना दिई सहयोग पुऱ्याउने समग्र लेखकहरू प्रति हामी सम्पादक-मण्डल एवम् प्रकाशन समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । इति ।

सम्पादक मण्डल

शुभकामना एवम् श्रद्धान्जलि

- सूर्यबहादुर थापा

नेपालका सुपरिचित समाजसेवी स्व. देवीप्रसाद उप्रेतीको संभनामा भापा जिल्लामा रहेका उहाँका शुभचिन्तकहरुले " कृति र स्मृतिमा स्व. देवीप्रसाद उप्रेती" नामक स्मृति ग्रन्थ ,तयार पारी प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । पूर्वाञ्चलमा रहेर मुलुकको शैक्षिक एवम् सामाजिक उत्थानमा उल्लेखनीय योगदान पुऱ्याउने देवीप्रसाद उप्रेतीजस्ता व्यक्तिका योगदानहरूलाई प्रकाश मा ल्याउनु र उहाँका आदर्शप्रति आउने पुस्तालाई परिचय गराई आकर्षित गराउनु निश्चय पनि एउटा उल्लेखनीय काम ठहर्छ । यस्तो कार्यमा संलग्न उक्त स्मृति -ग्रन्थ प्रकाश गर्ने योजना तयारपारी सो योजनालाई कार्यान्वयन गर्न लागिपरेका यस ग्रन्थको प्रकाशन समितिका सदस्यहरूका कामको सराहना गर्दै उक्त कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

स्व. देवीप्रसाद उप्रेती ठूला भूमिपति र समाजसेवीका रूपमा आफना ठाउँमा स्थापित भएपनि उहाँ अत्यन्तै चिन्तनशील व्यक्ति पनि हुनुहुन्थ्यो । उहाँ मेरा घनिष्ठ मित्र समेत भएकोले देश र राष्ट्रका विभिन्न विषयहरूमा भेट भएका बेला हाम्रा घण्टौं छलफल हुन्थे । छलफलका क्रममा उहाँले व्यक्त गरेका विचारहरूका आधारमा मैले उहाँको चिन्तनशीलतालाई बुझ्ने मौका पाएको हुँ । नेपालको भूमि व्यवस्थापन सम्वन्धी उहाँका आफ्नै धारणा थिए । उहाँका धारणा सुन्ने जोसुकैले पनि उहाँलाई " भूमि विशेषज्ञ" को रूपले चिन्दछ भन्ने मलाई लाग्छ ।

उहाँले थुप्रै शिक्षण संस्थालाई आफ्नो व्यक्तिगत जेथाबाट धेरै जग्गाहरू दान दिनुभएको छ । ती दानबाट शिक्षण संस्थाले, पाएका जग्गाहरूको उचित आम्दानी सम्वन्धित संस्थाले नपाई दुरूपयोग भएको देखेर उहाँ चिन्तित हुनुहुन्थ्यो । एक पटक यही कुरालाई लिएर सरकारको ध्यान आकर्षण गराउन उहाँ काठमाडौं आउनु भएको रहेछ । त्यसबारे जानकारी गराउन मसँग पनि आउनु भएको थियो । त्यतिबेला म सरकार बाहिर थिएँ । त्यसबारे उक्त कार्वाही गर्न सम्वन्धित पक्षलाई मैले पनि अनुरोध गरेको थिएँ । उहाँ यस संसारमा हुनुहुन्न तर उहाँका कामहरूले सधैं स्मरणीय हुनुहुन्छ । उहाँका असल कामको सराहना गर्दै उहाँ जस्ता नेपालका सबै समाजसेवीहरूको सम्मान गर्नु हामी सबैको कर्तव्य हो । उहाँले सार्वजनिक संस्थालाई दिएको दान दातव्य अहिले कुन अवस्थामा छ कुन्नि, तर तिनको सदुपयोग हुने व्यवस्था मिलाउनु सबैको कर्तव्य हो । यसप्रति सबैलाई सचेत गराउँदै उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना सहित उहाँप्रति हार्दिक श्रद्धाञ्जलि ज्ञापन गर्दछु ।

समाजसेवाका धनी जिमिन्दार देवीप्रसाद उप्रेती

- राधाकृष्ण मैनाली

मानिस एक सामाजिक प्राणी भएको नातामा समाजमा नै जन्मन्छ, हुर्कन्छ र मर्छ । यो नियतिजन्य धारालाई कसैले रोक्न सक्दैन । हाम्रो नेपाली समाजमा पनि विभिन्न समयकालमा समय परिवर्तनको निम्ति विभिन्न रूप र क्षेत्रबाट महत्त्वपूर्ण भूमिका खेल्ने व्यक्तित्वहरू जन्मेका छन् । हुर्केका छन् र समयचक्रमा बिलाएका पनि छन् । यस्तै प्रसंगलाई जोड्दा समाजका विकृतिहरूका विरुद्ध जुध्ने जोदाहाहरूको सम्झना गर्दा म जिमिन्दार देवीप्रसाद उप्रेतीलाई सम्झन्छु । उहाँको बाल्यकालबारे मलाई जानकारी छैन, तर पनि उहाँ २००७ सालको राणाविरोधी आन्दोलनको एक सिपाही हुनुहुन्थ्यो भन्नेसम्म थाहा छ । राणाशासनकालको आर्थिक सामाजिक विषमताबाट उत्पीडित देवीप्रसाद उप्रेती सामाजिक छुवाछुतको विरुद्ध लड्ने कृष्णप्रणामी धर्मावलम्बी बन्नुभएको थियो । जातपात र छुवाछुतको विरुद्ध उहाँले एक आन्दोलन नै शुरू गर्नुभएको थियो । २००७ सालको परिवर्तनपछि उहाँ झापाको स्थानीय सरकारको शिक्षामन्त्री हुनुभएको थियो । २००७ साल पछाडि उहाँ कुनै राजनैतिक दलमा लाग्नु भएन, तर समाज सुधारका क्षेत्रमा उहाँ जीवन पर्यन्तसम्म लागिरहनु भयो । गरीबी, बेरोजगारी र अज्ञानताको जड शिक्षा अभाव हो भन्ने उहाँको ठहर भएकै कारण उहाँले कोशी र मेचीमा विद्यालय र महाविद्यालयहरू खोल्न र संचालन गर्ने कुरामा जोड दिनु भयो । देशमा भूमिसुधार नलागुन्जेलसम्म अथवा २०२१ सालसम्म २७ मौजाका जिमिन्दार देवीप्रसादको एकातिर जिमिन्दारी सान बाहिर देखिन्थ्यो भने व्यवहार र कारोबारमा शिक्षाको ज्वाला फैलाउने कार्यमा लागिरहेको पाइन्थ्यो । शिक्षा प्रचारकै निम्ति उहाँले आफन्तहरूको प्रचण्ड विरोध खप्नु परेको थियो । तर पनि उहाँको छोटो समयको यो कार्यले दर्जनौं विद्यालयहरूलाई सघाएको थियो । मेरो सम्झनाले भ्याएसम्म झापामा धैलाडुब्बाको हाइस्कूल, भद्रपुर हाइस्कूल, कर्फोक हाइस्कूल, प्रणामी विद्यालय सिम्ले आठराई, शारदा हाइस्कूल- चुहानडाँडा लगायतका संस्थानहरूले स्थापना र सञ्चालनमा महत्त्वपूर्ण आर्थिक सहयोग पाएका थिए । माथिका संस्थाहरूबाहेक अनेकौं विद्यालयहरू समेत गरी धेरै संस्थाहरूलाई जिम्मिदार देवीप्रसादले सयौं विघा जमिन दान दिनु भएको छ । दानको राशीलाई हेर्दा पूर्वाञ्चलका शिक्षाको क्षेत्रमा उहाँको योगदान महत्तवपूर्ण देखिन्छ ।

जिमिन्दार देवीप्रसाद बाहिरबाट सुन्दा जस्तो रौनकपूर्ण व्यक्तित्वको रूपमा

लिइन्थ्यो, तर नजिकबाट हेर्दा मृदुभाषी र सरल स्वभावका धनी हुनुहुन्थ्यो । मैले उहाँलाई २०१७ सालमा भेटेको हुँ, शरणामतिको गाउँमा । २०२० सालपछि उहाँ घैलाडुब्बामा बस्न थाल्नुभयो । आफ्नै कचहरीमा स्कूल खोलेर त्यसैलाई पछि घैलाडुब्बा हाइस्कूलको रूपमा विकसित गर्नुभयो : उहाँको अर्को एक के विशेषता थियो भने उहाँ बाहिरी रूपमा देखिने भव्य महल बनाउने कुराको विरोधी हुनुहुन्थ्यो । मसँगको भेटमा उहाँ बारम्बार भन्नुहुन्थ्यो- "यो राम्रो घरको घरधनीको हो ? भनेर चिनिनु राम्रो होइन, राम्रो त त्यो असल मान्छेको घर कुन हो भनेर सोधून् ! त्यो सको इज्जत हो" यस्तो विचारका धनी जिमिन्दार देवीप्रसाद एक्मानिलै बस्दा के सोच्नु हुन्थ्यो ? यसमा गजबको कथा छ ।

२०२२/०२३ सालताका म घैलाडुब्बा हाइस्कूलमा पढ्थें । उहाँले नै अगुवाइ गरेका १४ जना शेयरहोल्डर भएको घैलाडुब्बा 'साझा दोकान'को माथिल्लो तलामा हामी संगै बस्थ्यौं । खाटमाथि गलैंचा ओछ्याएर त्यसमा तन्नाले ढाकेर सिरानीको आडमा अगाडिपट्टि एक बाकस राखेर जि. देवीप्रसाद बस्नु हुन्थ्यो । फुर्सद भयो कि उहाँ लेख्नमा तल्लीन हुनुहुन्थ्यो । यसरी तल्लीन भएर लेखिरहेको देख्दा युवा जिज्ञासा बस मैले एक दिन सोधें- "तपाई सधैं के लेखिरहनुहुन्छ ? " उहाँले एक ठूलो खाता पल्टाएर देखाउनुभयो, जसमा अंकै अंक थिए । ती अंकहरूमा कुनै जिमिन्दारी स्रेस्ता थिएन । देशको बाटो, पुल वा उक्त वस्तुको निर्माण गर्दा लाग्ने खर्चको मात्र त्यहाँ उल्लेख थियो ।

उहाँको दिमागमा तथ्यांक र योजना मात्र हुन्थे । पछि बुढौतीले लेख्न नसक्ने अवस्था भएपछि पनि उहाँ औंलाले पेटमा कोरेर हिसाब गरिरहेको देखिन्थ्यो । इन्जिनियरिङ्ग कल्पनाका धनी देवीप्रसाद उहाँका भावना अंकमा नभई अक्षरमा राखी दिनुभएको भए समाजले यो भन्दा धेरै पाउने थियो ।

समाज परिवर्तनका लागि कहिले उहाँले छुवाछुत विरोधी संघर्ष गर्नुभयो त कहिले अछुत भनिएकाहरूलाई शिक्षा दिने कार्यमा आफ्नो सेवा अर्पण गर्नुभयो । साझा पसल खोल्नु भयो । तर साझा पसलका सञ्चालनहरू मोटाए, तर साझा पसल ऋणमा डुब्यो । उहाँका प्रयासका अरूले खिल्ली उडाए । उहाँको अर्को एक के विशेषता रह्यो भने अरू अन्य भूमिपतिहरूले आफूलाई उद्योगपतिमा परिवर्तन गरे । तर उहाँले आफूलाई समाजसेवामा परिवर्तन गर्नुभयो । अन्तिम समयमा उहाँले दान दिएको शैक्षिक सम्पत्तिको एक ट्रष्ट बनाउने कोसिस गर्नुभयो, तर आफ्नो जीवनकालमा उहाँ त्यस बारेमा पनि सफल हुनुभएन । उहाँको मृत्युपछिको यो समाजले उहाँको त्यो इच्छालाई कसरी पूरा गर्छ हेर्न बाँकी नै छ ।

धेरै श्रीमती र सन्तानका धनी जि. देवीप्रसाद जीवनको अन्तिम क्षणमा समाज, सरकार र आफ्नै परिवारका सदस्यहरूबाट पनि सन्तुष्ट हुनुहुन्थ्यो । पूर्वाञ्चलमा सामाजिक नेताको रूपमा कहलिएका जि. देवीप्रसाद एकताका समाजका मियो हुनुहुन्थ्यो । उहाँको मसिनो स्वरले समाज हल्लाउथ्यो । मन्त्री बन्ने अफर आउँदा "मलाई भूतपूर्व हुन मन छैन, म सधैं देवीप्रसाद मात्र भैरहन्छु" भन्ने जिन्मिदारका पछि सधैं स्थानीय

प्रशासन घुमिरहन्थ्यो । एकताका आफैले खोलेको स्कूलको विशेष अतिथिको रूपमा भाग लिन जाँदा जिल्ला शिक्षा अधिकारीले विशेष अतिथि हुन नदिएको चर्चा यत्रतत्र अहिले पनि सुन्न पाइन्छ । राजनीति र समाजमा समन्वयकारी भूमिका खेल्ने देवीप्रसादका मित्रका रूपमा जनकवि गोकुल जोशी, बामपन्थी नेता लगायत कांग्रेस, कम्युनिष्ट र पंच सबै नै उहाँका साथी थिए ' उहाँ बालबृद्ध सबैको मित्र हुनुहुन्थ्यो । यस्तो व्यक्तित्व समाजका विकृतिका विरुद्ध लड्ने व्यक्तित्व आज हाम्रो बीचमा छैन । म उहाँलाई जेलको कठिन क्षणहरूमा पनि सम्झन्थे र नेपाली समाजमा बहुदल आइसकेपछि पनि मैले उहाँलाई घैलाडुब्बाको निवासमा अनेकौं पटक भेटेको थिएँ । जि. देवीप्रसादको लुकेको समाज सुधारको व्यक्तित्वलाई हामीले खोतल्नु पर्छ र यसलाई स्वीकार्नु पर्छ र स्थापित गर्नुपर्छ । यो नै उहाँको सही कामको मूल्यांकन हुनेछ र सम्झना र श्रद्धाञ्जलि पनि त्यही हुनेछ ।

१९ जेठ, २०५४
सितापाइला

स्व.देवीप्रसाद उप्रेती-एक संस्मरण

- के. पी. शर्मा ओली

पूर्वी नेपालका प्रशिद्ध समाजसेवी मध्ये एक देवीप्रसाद उप्रेती केही बर्ष अघि नै दिवंगत भइसक्नु भएको छ । तर स्व. उप्रेतीलाई आज उहाँका परिवारजन र आफन्तहरूले तिथि श्राद्धका दिन संझिने गरेका मात्र होइनन्, आम जनताले अनवरत सम्झिरहेका छन् र उहाँका गुणहरूको योगदानहरूको स्मरण र सम्मान गरिरहेका छन् । उहाँले असी बर्षभन्दा बढीको आफ्नो लामो आयुको आयुको अधिकांश भाग ठोस शैक्षिक जागरण एवं उत्थानमा समर्पित गर्नु भएकोले नै उहाँ मृत्यु पश्चात पनि मानिसहरूको हृदयमा जीवित रहनु भएको हो । वर्गीय हिसावले उहाँ जमिन्दार वर्गको व्यक्ति हुनुहुन्थ्यो । मानिसहरु उहाँलाई जिम्दार बा भनेर सम्बोधन गर्ने गर्थे । तर त्यसमा आत्मीय सम्मानको भाव बढी हुन्थ्यो । उहाँ पुर्ख्यौली कमाइको जमिन्दार हैन, आफ्नै बुद्धिले धन कमाएर, खासगरी जमिन जोडेर जमिन्दारको हैसियतमा पुग्नु भएको थियो ।

मैले स्व. देवीप्रसाद उप्रेतीजीलाई आफ्नो बाल्यकालदेखि नै चिनेको हुँ । मेरो जन्मथलो तेह्रथुम जिल्लाको आठराईमा उहाँको र मेरो घर पैदल दुरी करीव १० मिनेटको बाटोमा पर्दथ्यो र मैले शिक्षारंभ पनि उहाँ द्वारा स्थापित प्रणामी विद्यालय सिम्लेबाटै गरेको हुँ । म ४ - ५ वर्षको हुँदा उहाँको उमेर लगभग ४० बर्षको हुँदो हो । मैले उहाँलाई लगभग त्यसैबेलादेखि जानेको हुँ । उहाँलाई त्यसबेला बहिदार भनिन्थ्यो । उहाँ कुनै समयमा बहिदार हुनुहुन्थ्यो । त्यसबेला उहाँलाई बहिदार साहेब भनेर मानिसहरूले सम्बोधन गर्दा अत्यन्त सम्मान र आदरसाथ गर्थे र बहिदार पद कुनै सानो पद थियो भन्ने आभाष पनि प्रकट हुँदैनथ्यो । उहाँको प्रतिष्ठाले लाग्थ्यो कुनै जमानामा उहाँले जागीर खाएको बहिदार पदको पनि गरिमा बढाएको छ ।

स्व. देवीप्रसाद उप्रेतीले तेह्रथुमका आठराईको सिम्ले नि.मा.वि., पोखरी मा. वि. र झापामा आर्दश मा.वि., घैलाडुबा आदि विद्यालयको स्थापना र यी लगायत ती दुई जिल्ला र इलामका समेत कतिपय विद्यालयहरू र क्याम्पसको लागि उहाँले उल्लेखनीय मात्रामा जमीन उपलव्ध गराउनु भएको छ । विद्यालय भवनहरूका ढुङ्गा -ढुङ्गा र ईंटा - ईंटामा स्व. उप्रेतीको योगदान अटल अविचल रहेको छ ।

राणाशाहीको अन्तिम - अन्तिम बेलामा (शायद २००३ -४ सालतिर होला) राणाहरूले उहाँको हातकलम गरे (प्रामाणिक लेखापढीमा प्रतिवन्ध), केही समय उहाँ राणाशाहीको थुनामा बस्नु पर्ने परिस्थिति आयो र त्यो परिस्थितिबाट बाँच्न उहाँ भारत निर्वासित हुनुभयो र राणाशाहीको समाप्तिसम्म नै उहाँ

दार्जिलिङ्मा नै रहनु भयो । २००७ सालमा राणाशही विरोधी आन्दोलनको प्रारंभसँगै जसो उहाँ स्वदेश फर्किनु भयो र पूर्वाञ्चलमा स्थापित आन्दोलनकारी सरकारको न्यायमन्त्री हुनु भयो । तर राणाशाहकिो समाप्तिसंगै बनेको त्यो स्थानीय आन्दोलनकारी स्वायत्त सरकार केही समय पछि समाप्त भयो । त्यसपछि उहाँ शिक्षाको प्रचार र शिक्षण संस्थाको स्थापना कार्यमा जुट्नु भयो ।

पुरानो सोच र सामन्ती संस्कारका कतिपय व्यक्तिहरूले उहाँका ती समाजसुधारका सकारात्मक प्रयत्नहरूमा चर्को विरोध र व्यवधान खडा गरे । स्कूल स्थापनाका विरूद्ध नारा जूलुस, कालोझण्डा प्रदर्शन, कुप्रचार आदिको मात्र प्रयोग तिनले गरेनन्, खरका छाना भएका टहरा जस्ता भर्खरै स्थापित विद्यालय भवनहरू पटक पटक गुप्त रूपमा जलाएर सारा परिश्रम र लगानीलाई स्वाहा पारिदिने र मनोवल नै धुलो पारिदिने प्रयत्न पनि ती तत्वहरूले गरे । तर पनि देवीप्रसाद उप्रेतीको आत्मविश्वासमा कमी आएन । बरू कच्ची भवनहरुको सट्टा पक्की भवनहरू निर्माण भए ।

स्व. देवीप्रसाद उप्रेतीको औपचारिक शिक्षा थिएन । तर औपचारिक शिक्षाविना आफ्नै स्वअध्ययनबाट पनि कुनै मानिसले कतिसम्म स्तरीय र चौतर्फी ज्ञान हासिल गर्न सक्तोरहेछ भन्ने कुराको पनि उहाँ एउटा नमूना नै हुनुहुन्थ्यो । उहाँमा राम्रो र स्तरीय वौद्धिकता थियो । उहाँको संगतमा प्राय वौद्धिक र साहित्यिक व्यक्तिहरू रहनाले पनि उहाँको वौद्धिकता निरन्तर ताजा थियो । उहाँले त्यसवेला नेपालमा प्रसस्त शिक्षित व्यक्तिहरू नपाइने स्थितिमा दार्जिलिङबाट चिनेका र आफ्ना साथीहरूको सहयोगबाट अरू समेत शिक्षकहरू झिकाई आफूले स्थापना गरेका विद्यालयहरूमा पठन पाठनको व्यवस्था गराउनु भएको थियो । उहाँले दलित र पिछडिएका वर्ग र समुदायको उत्थानमा पनि राम्रो दृष्टि पुऱ्याउनु भएको थियो । खाने, बस्ने समेत व्यवस्था मिलाइदिएर शिक्षातर्फ आकर्षित गराएका दलित विद्यार्थीहरू पनि हामीसँगै पढ्थे । उहाँले आफ्नै खर्चमा स्थापना गरेको होस्टलमा राखिएका दलित विद्यार्थीहरू र उहाँका छोराछोरीहरू एउटै किसिमको खाना एकै ठाउँमा बसेर खान्थे र तिनका लागि लगाउने र ओड्ने ओछ्याउने सबै चीजको बन्दोबस्तो एकै खालको थियो । यो कुरा पोखरी मा. वि. स्थापना हुँदाताका, २०१६ - १७ सालतिरको हो, यसबाट उहाँको समाजसेवा प्रतिको दृष्टिकोण र प्रतिवद्धताको झलक पाउन सकिन्छ ।

उहाँ, लाग्थ्यो, आफैं एउटा आन्दोलन र आन्दोलनको केन्द्र पनि हुनुहुन्थ्यो । साहित्यमा उहाँको रूची थियो र साहित्यकार प्रति सम्मानभाव । जनकवि गोकुलप्रसाद जोशी असहाय र व्यथित हृदयसाथ झापाको घैलाडुवामा उहाँको निवासमा पुग्नु भएको थियो र त्यहीं ०१९ सालतिर उहाँको देहावसन भयो । कवि जोशीले स्व. उप्रेतीबाट भरोसा, आड, सहयोग र उपचार पाउनु भएको थियो । उहाँमा असाधरण भद्रता थियो । कहिले कहिले मानिसहरू त्यो भद्रतालाई डरलाग्दो भद्रता पनि भन्थे । उहाँ रिसाएको र आक्रोशित भएको देख्न पाईदैनथ्यो । जस्तै कटु कुरालाई पनि उहाँ संयमसाथ र सहजताका साथ

मैत्रीपूर्ण ढंगले अभिव्यक्त गर्न सक्नु हुन्थ्यो । तर त्यो भद्रताले उहाँको प्रजातन्त्रप्रतिको निष्ठालाई भने छोप्न सक्तैनथ्यो । स्व. राजा महेन्द्रले स्व. उप्रेतीलाई आफ्नो पक्षमा मिलाउन र निर्दलीय निरंकुश पंचायती व्यवस्थाको पक्षमा कुदाउन पदीय प्रलोभन दिंदा पनि उहाँ झुक्नु र फस्नु भएन । बरू मौन झैं बस्नु भयो । हामीले झापा आन्दोलन शुरू गर्दाताका मेरो धेरै पटक उहाँसंग तत्सम्बन्धमा छलफल र विचार विमर्श भएको थियो । उहाँमा मार्क्सवादी साहित्य र चिनियाँ जनबादी क्रान्तिको बारेमा पनि राम्रो जानकारी थियो । उहाँले उद्देश्यमा सहमति जनाउनु भएपनि कतिपय मामिलामा मसंग असहमति राख्ने गर्नु भयो । तर हाम्रो मतभेद सौहार्द्र हुने गर्थ्यो । पछि कसैले आन्दोलनकारीहरूले खतम पार्ने लिष्टमा उहाँको पनि नाम राखेका छन् भन्ने झुठो कुरा उहाँलाई सुनाइदिएर उहाँ झापा छोडेर काठमाडौं बस्न थाल्नु भएको कुरा मैले जेलमा हुँदा सुनें । तर जेलबाट छुटेपछि तथ्य उहाँसंग बुझ्ने अवसर मलाई मिलेन । हामी जेलमै छँदा ०३६ सालमा बहुदल र निर्दलका बीच जनमतसंग्रह घोषणा भएपछि उहाँ आफ्नो ठाउँमा आफ्नै नेतृत्वमा बहुदल प्रचार समिति गठन गरी पंचायती तानाशाहीका विरूद्ध मैदानमा उत्रिनु भयो ।

सबैको पर्याप्त सम्मान गर्न जान्ने र सक्ने तथा मित्रतामा उमेरको भेदलाई पनि बाधक बन्न नदिने जस्ता थुप्रै गुणहरूले सम्पन्न शिक्षाप्रेमी र समाजसुधारक स्व. देवीप्रसाद उप्रेतीप्रति मेरो मनमा गहिरो श्रद्धा छ र त्यो श्रद्धापूर्ण स्मृति सदैव कायम रहनेछ ।

२०५४ - ७ - १५
पाटन

सामाजिक सेवामा समर्पित देवीप्रसाद उप्रेती

- सी. के. प्रसाई

जुन समाजमा निस्वार्थ राजनीतिक व्यक्तिहरू तथा समाजसेवीहरू हुन्छन् त्यो समाज निश्चय पनि सौभाग्यशाली हुन्छ । यस्ता व्यक्तिहरू जति बढी हुन्छन् त्यति समाज लाभान्वित हुन्छ । हाम्रो देशमा र त्यसमा पनि नेपाली कांग्रेसमा केही यस्ता दानवीर कर्णका साना प्रतिमूर्तिहरू थिए र छन् जसले राजनीतिका साथ साथ सामाजिक सेवामा पनि प्रशस्त धन र मन आफ्नो गच्छेअनुसार लगानी गरे र त्यसको बदलामा कसैसँग केही मागेनन् । केवल दिए मात्र र फिर्ता केही लिएनन् । यस्ता व्यक्तिहरूलाई सम्झिदा नेपाली कांग्रेसका ती कार्यकर्ता जो तिनीहरूलाई चिन्दथे, जान्दथे आज गौरवान्वित हुन्छन् । उहिलेको धनकुटा र अहिलेको तेह्रथुम जिल्लाअन्तर्गत आठराई सिमले ग्राममा जन्मनु भएका र हाल झापा जिल्लाको घैलाडुब्बामा बस्नु हुने जिम्दार देवीप्रसाद एक यस्ता महत्त्वपूर्ण समाजसेवी हुनुहुन्छ जसको आचार सम्झिदा आश्चर्य लाग्छ र बिचार बुझ्दा छक्क परिन्छ कि आमनेपाली लवजमा प्रशस्त सम्पन्न व्यक्ति भएर पनि उहाँमा कहिल्यै बडम्पन देखिएन र धनअनुसारको शौख पनि उहाँले कहिल्यै गर्नुभएन । सरल जीवनयापन गर्नुभयो । सबैसँग मीठो भाषा बोल्नुहुन्थ्यो । पहिरन पनि अत्यन्त साधारण थियो । २०२१ सालमा भूमिसुधार लागू हुँदा उहाँ पूर्वी नेपालमा अति धनाढ्य जमिन्दारहरूमा एक मानिनु हुन्थ्यो । मान्छे भन्थे कि झापामा उहाँसँग लगभग १२ सय बिघा जमिन थियो । पहाडको सम्पत्ति अलग ।

बैदारदेखि "मन्त्री" सम्म

उहाँले जीवन राणाकालको बैदार जागिरबाट शुरू गर्नु भएको थियो । उहाँलाई कानूनी ज्ञान त्यहीँ हासिल भएको थियो र पछि सेवा निवृत्त भएपछि उहाँका विषयमा मानिसहरू भन्थे कि नेपाली ऐन, कानूनको उहाँलाई विशिष्ट ज्ञान छ । बैदार पदभन्दा माथि उहाँ उक्लिनु भएन र जागिर छोडेपछि झापामा उहाँ खेतीपाती गर्न थाल्नु भयो । जति कमाउनु भयो आफ्नो बाहुबल र बुद्धिबलले कमाउनु भयो । मधेशमा पैत्रिक सम्पत्ति थिएन । तर प्रशस्त कमाउनु भयो र धेरैलाई मद्दत गर्नुभयो पनि । उहाँले पढ्नमा मद्दत गरेका धेरै व्यक्तिहरू आज ठाउँठाउँमा देखिन्छन् र कोही कोही गन्यमान्य पनि छन् । उहाँले धेरैलाई धनी बनाउनु भयो यद्यपि उहाँको धनराशी घट्दै गयो । विचित्र घटना थियो त्यो ।

२००७ सालअघि उहाँ कांग्रेसमा लागेर प्रवास जानु भयो । क्रान्तिकालसम्म दार्जीलिङको रोबर्टशन रोडको उहाँको बासस्थान पूर्वको कांग्रेसको मुख्य कार्यालय सरह नै थियो । वी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, बालचन्द्र शर्मा, लक्ष्मीप्रसाद देवकोटा, पूर्णबहादुर मानव, ईश्वर बराल आदि जब जब राजनीतिक काममा (पूर्वी नेपालको सङ्गठनका लागि) दार्जीलिङ जानु हुन्थ्यो, सधैं उप्रेतीजीकै घरमा बस्नु हुन्थ्यो ।

सातसालको क्रान्तिमा प्रमुख भूमिका –

जनक्रान्तिमा उहाँले सक्रिय भाग लिनु भयो र क्रान्तिको तत्काल पछि भैरवप्रसाद आचार्यले झापामा जुन संक्रमणकालीन स्थानीय सरकार गठन गर्नुभएको थियो । त्यसमा श्री देवीप्रसाद उप्रेती कानूनमन्त्री हुनुहुन्थ्यो । थोरै समयपछि अन्तरिम सरकारले त्यो स्थानीय मन्त्रिपरिषद् भङ्ग गरेपछि श्री उप्रेती सामाजिक कार्यहरूमा बेसी रुची लिन थाल्नु भयो । देवीप्रसाद उप्रेतीबारे मानिसहरू भन्छन्- कि सायद उहाँ एक यस्तो व्यक्ति हुनुहुन्छ जसले राजनीतिबाट, जतिन्जेल तन, मन, धन खर्च गरेर काम गर्नु भयो कुनै सुख, सुविधा वा सम्पत्ति लिनु भएन । जे जति सक्नु भयो राजनीतिलाई दिनु भयो मात्र । रत्तिमासा केही लिनु भएन । यस्ता स्वार्थविहीन मान्छेहरू आज राजनीतिमा दुर्लभ हुँदैछन् । आफ्नो सम्पतिको ठूलो भाग उहाँले समाजसेवामा लगाउनु भयो । पूर्वमा त्यति दान गर्ने मान्छे सायदै अन्य कोही होलान् । झापा, इलाम र आठराईमा (तेह्रथुम र ताप्लेजुङ जिल्ला) धेरै शिक्षण संस्थाहरू आज उहाँले दान दिनुभएको भूमिको आयबाट सञ्चालित भइरहेका छन् । कैयन शिक्षण संस्थाहरूको निर्माण औ सञ्चालनमा उहाँको अहं भूमिका रह्यो । उहाँको जन्मथलो आठराई तेह्रथुमको सिम्लेको पोखरी भन्ने ठाउँमा उहाँले ठूलो खर्च लगाई मा.वि. को स्थापना गर्नु भयो । न जाने कसको आँखी लाग्यो या के भयो, एक दिन अचानक त्यो प्रख्यात शिक्षालयमा भयानक आगो लाग्यो र ठूलो क्षति भयो । तर देवीप्रसाद उप्रेती र छिमेकी ग्रामीण जनताहरूले हिम्मत हार्नु भएन । त्यो स्कूल पुनः निर्मित भयो र अहिलेसम्म सुचारू रुपले चल्दै छ ।

आचार, विचारले समतावादी श्री उप्रेती

देवीप्रसाद उप्रेती अचम्मको व्यक्ति हुनुहुन्छ । कुनै गर्व छैन । अत्यन्त साधु हुनुहुन्छ । शाकाहारी हुनुहुन्छ । यति बढी साधु हुनुहुन्छ कि दुःख सुख, मान अपमान सबै समान मान्नु हुन्छ । जस्तो कि उखानै छ र संसारको चलन पनि छ 'बलेको आगो मात्रै सबैले ताप्छन् ।' अघि देवीप्रसादको घरमा खुट्टा हाल्ने ठाउँ हुँदैन थियो । आज देवीप्रसाद उप्रेती लगभग ८० वर्षको बृद्धावस्थामा पुग्नु भएको छ, रोगी पनि हुनुहुन्छ तर जस जसलाई उहाँले जीवनमा गुन लगाउनु भयो तीमध्ये कमै मात्र होलान् जो उहाँलाई आज सम्झिंदा होलान् । उहाँ आज ऋषितुल्य जीवन यापन गर्नुहुन्छ । बिहान मनमा जे आउँछ फुलिस्केपमा दुई पन्ना लेख्ने उहाँको पुरानो आंदत छ । त्यसैले उहाँको अक्षर मोती जस्तो सुन्दर हुन्छ । न जाने के लेख्नु हुन्छ तर जे लेख्नु हुन्छ त्यो निश्चय पनि जीवनको अनुभवको आधारमा लेखिएको हुनुपर्छ र यसको महत्त्व पनि ज्यादै हुनैपर्छ । कमै मानिस हुन्छ जो तल्लो तहबाट आफ्नो परिश्रमले माथिल्लो

तहमा पुगेको हुन्छ र त्यहाँ पुगेर पनि मद मोह र मात्सर्यबाट टाढा हुन्छन् । २०३६ सालको जनमत संग्रहको बेला उहाँ झापामा नेपाली कांग्रेसको राजनीतिमा सक्रिय हुनुहुन्थ्यो तर त्यसपछि उहाँको स्वास्थ्यमा धेरै गिरावट आयो र हिजोआज हिड्डुल नियन्त्रित भएको छ । पूर्वका एक धनाढ्य जमिन्दार, भूमिसुधार लागू भएपछि धेरै आर्थिक क्षतिमा पर्नुभयो । तर जे सक्दो समाज सेवा गर्ने तल उहाँको अझै छुटेको छैन । कतिपय साहित्यकारहरूलाई, कैयन पत्रकारहरूलाई उहाँ अझै पनि यथासक्य सहयोग दिनुहुन्छ । जो उहाँको समीप जान्छन् उपकृत भएर फर्किन्छन् । आश्चर्य लाग्छ कि यत्तिका वर्षसम्म उहाँ जस्तो समाजसेवीको कसैले कदर गरेन । के सामाजिक सेवा समन्वय परिषद्सँग यस्ता व्यक्तिहरूको लगत छ ? शायद उहाँले पञ्चायती व्यवस्थामा प्रवेश न गरेर हो कि यही कारण हुनसक्छ कि उहाँको यहाँ आदर भएन । साच्चै भनुँ भने उहाँ अद्भुत व्यक्ति हुनहुन्छ । ए बी सी डी पढ्नु भएन । तर धेरैलाई स्नातक बन्ने प्रेरणा र सहयोग दिनुभयो । उहाँलाई पूर्वको तुलसी मेहर वा बिनोबा भावे भने पनि हुन्छ । त्यति बढी एकताका धनसम्पति हुँदा पनि उहाँले कतै आफूलाई सुहाउने एउटा पक्की आधुनिक घर बनाउनु भएन । अझै अत्यन्त साधारण घरमा बस्नु हुन्छ । सधै गाउँमा बस्नुभयो । शहरमा शायद उहाँले कुनै आकर्षण पाउनु भएन । यो पनि उहाँको एक अर्को विशेषता हो । छोराछोरीहरू आ–आफ्नो स्थानमा छन् । बृद्धावस्थामा उहाँ केवल अर्धाङ्गिनीको साथमा सात्विक जीवन व्यतित गर्नु हुन्छ । समाजसेवाका लागि जहाँ कहीबाट कसैले आमन्त्रण दिन्छ परिश्रम गरेर पनि पुग्नुहुन्छ । उच्च विचार राख्नु हुन्छ तर समाज र समयले उहाँलाई कहिल्यै साथ दिएन । उहाँ केही गन सक्नुहुन्थ्यो । उहाँको चाहना थियो ।

(प्र. केसीको उपनामबाट २०४८ आश्विन १० गतेको राष्ट्रपुकारमा छापिएको प्रस्तुत लेखलाई वास्तविक लेखककै नामले यहाँ साभार गरिएको छ ।-स.)

सरस्वतीको सभा

- डा. तारानाथ शर्मा

स्वच्छ, निर्मल र नीलो आकाशमा धप्पधप्प बलेका सूर्यलाई कहिलेकाहिं गोलाकार इन्द्रेनीले घेऱ्यो भने 'आज इन्द्रको सभा बसेको छ, पक्का पनि कुनै पुण्यात्माले पृथ्वी छाडेछ' भनी बूढापाकाहरूले भन्ने गरेको तपाईहरूले सुन्नुभएकै होला । इन्द्रले बोलाएको त्यस सभामा देवताहरू भेला भएर त्यस धर्मात्माको स्वागत गर्छन् रे । अनि त्यो दिवंगत मानिस धन्यधन्य हुन्छ रे । यो भयो रे को कुरो तर मैले उल्लेख गर्न खोजेको सभा भने देवताहरूको नभएर मानवहरूको हो र कहिलेकाहिं झल्याकझुलुक हुने नभएर स्थायी हो, चिरस्थायी हो । वास्तवमा यो सभा सरस्वतीका आफ्नै सन्तानहरूको हो, नेपालका सुपुत्रसुपुत्रीहरूको हो, शिक्षा समाजसेवा र साहित्यमा जीवन समर्पण गर्नेहरूको हो । यस सभाको सभापतित्व कविशिरोमणि लेखनाथ पौड्यालले गरेका छन् र मुख्य सभासद् भएर उनका दायाँ बायाँ महाकवि लक्ष्मीप्रसाद देवकोटा र साहित्यमनीषी बालकृष्ण सम वसेका छन् । सृष्टि, स्थिति र संहारका जिम्मा लिने ब्रह्मा, विष्णु र शिवजस्तै नेपाली साहित्यका पौड्याल, सम र देवकोटाले त्रिमूर्ति भएर यस सभालाई गरिमामय बनाइरहेका छन् ।

जतिसुकै विशिष्ट भए पनि यो मानवसभा भएकाले अन्तरिक्षमा नबसेर पृथ्वीकै एक कुनामा एउटा घरभित्र बसेको छ । यस अविस्मरणीय सरस्वतीको सभामा जम्मा २४ जना व्यक्तिहरूको उपस्थिति छ । मलाई सधैं नै दुई जना महिला र एक बालकसमेत भेला भएको यस सभाले दार्जीलिङलाई मात्र नसिंगारेर समस्त नेपाली जगत्लाई प्रतिष्ठित तुल्याइरहेको छ भन्ने अनुभूति हुन्छ ।

धेरै पहिलेको घटना पनि होइन, तर प्रकारान्तरले इतिहास नै भइसकेको छ । कविवर धरणीधर कोइराला, इतिहासकार सूर्यविक्रम ज्ञवाली र निबन्धकार शङ्कर लामिछानेलाई ऐतिहासिक भन्न नमिल्ने कुनै प्रमाण पनि मसित छैन । शैक्षिक र कूटनैतिक क्षेत्रमा चमत्कार देखाउने नेपाली प्रतिभाका प्रतीक रामप्रसाद मानन्धर तथा राष्ट्रिय शिक्षा र प्रशासनमा समस्त जीवन अर्पित गरेर हाम्रो बौद्धिक जगतमा कहिल्यै नमेटिने छाप छाड्न सफल दीर्घसेवा कोइरालाजस्ता हस्तीहरूकै हाराहारी सातसालको जनक्रान्तिलाई आफ्नो कुशल नेतृत्व प्रदान गरेर समस्त सुदूर पूर्वाञ्चललाई गौरव प्रदान गर्ने कर्मठ र जनप्रिय समाजसेवी नरेन्द्रनाथ बाँस्तोला र बालकृष्ण समकै छेउमा विराजमान नेपाली नारीजगत्की सशक्त, संवेदनशील र प्रजातान्त्रप्रति समस्त रूपले

समर्पित प्रबुद्ध व्यक्तित्व पुण्यप्रभादेवी ढुङ्गाना यस ऐतिहासिक सभाका अरू उपस्थित सदस्य हुन् । यस भेलाले खास दार्जीलिङलाई समाजसेवा, संस्कृति र शिक्षाक्षेत्रमा प्रसिद्ध पी.टी. लामा र कथाविधा र शिक्षण व्यवसायमा ख्यातिप्राप्त प्रखर व्यक्तित्व परशुराम रोकाबाट प्रतिनिधित्व गरेको छ भने सन्तानब्बे सालका महान् शहीदहरूको अमर इतिहासलाई सजीवता दिदै राष्ट्रिय र श्रद्धेय धर्मभक्त माथेमाकी सहोदर बहिनी चन्द्रकान्ता मल्ल सशरीर उपस्थित भइदिनाले समग्र सभाभवन नै आलोकित भएको छ । अरू उपस्थितहरूमा चिकित्सा फाँटका सहृदय समाजसेवी कवि भीष्मराज प्रसाईं, औषधिविज्ञानका धुरन्धर ज्ञाता गङ्गानाथ बाँस्तोला तथा परोपकारी र स्नेही झापाली फत्तेबहादुर बुढाथोकी पनि पर्छन् । यहाँ बाल र किशोरवर्गको समेत प्रतिनिधित्व हुनुपर्छ भनेर पाँच जना जाँगरिला ठिटाहरूलाई भेला पार्ने सक्रिय शिक्षक निर्मल शर्मा, दीर्घराज कोइराला र सूर्यविक्रम ज्ञवालीका बीचमा पछिल्तिर नेपाली टोपी जडेर चश्माभित्रका उत्सुक आँखा घुमाउँदै उभिरहेका छन् । सभाको मध्यभाग छान्दै कविशिरोमणिको ठीक अघिल्तिर पल्याँटी कसेर बालक गौतम मान्धर बसेका छन् भने उनका पिता रामप्रसाद मानन्धरको पछिल्तिर छड्के परेर चारजना इलामे ठिटाहरू वीरेन्द्रनाथ खुँजेली, त्यसपछिल्तिर उसरी नै छड्के पंक्तिमा हरिनाथ बाँस्तोला, अग्निराज श्रेष्ठ र तारानाथ शर्मा उज्ज्वल भविष्यप्रति जिज्ञासु मन बोकेर अनन्ततालाई अँगाल्दै लहरै उभिएका छन् । यी युवकहरूलाई र सभासद् समस्तलाई टाउका गन्दै अग्ला, एक्ला र एकसुरे ईश्वर बराल सबभन्दा पछिल्तिर ढोकैमा टङ्ग्राङ्ग रखवालीमा खडा छन् ।

यो समूह इलामको पूर्वी भागमा स्थित रमणीय कर्फोक विद्यामन्दिरको प्राङ्गणमा सम्पन्न बृहत् नेपाली भाषा र साहित्यको सम्मेलनसँग प्रत्यक्ष रूपमा सम्बद्ध छ । त्यस सम्मेलनलाई गौरवशाली तुल्याउनेहरूमध्ये कवि र भाषाविद् महानन्द सापकोटा तथा नेपाली भाषाभास्कर पारसमणि प्रधानलाई भने यहाँ उपस्थित गराउन सकिएको छैन । त्यसैले कर्फोक विद्यामन्दिरकै अघिल्तिरको पार्वतीय काखमा स्थित पञ्चकन्या देवीलाई पनि केही पीडाको अवश्य चस्को लागेको छ, तर सबभन्दा ठूलो व्यथा, वेदना र वियोग भने तिनै देवीका परम भक्त, परोपकारी, दानवीर देवीप्रसाद उप्रेतीका हृदय र मस्तिष्कमा उर्लिरहेको छ, जसको प्रमाण उनको नेपाली टोपीमुन्तिर उच्च ललाट केही पछिल्तिर ढल्केको, ती सदा सहानुभूतिशील नेत्रद्वय गम्भीर भएर मधुरा भएको तथा नित्य हँसिला ओठहरू बिलखबन्दमा परी चपक्क टाँसिएको स्थितिबाट मिल्छ ।

वास्तवमा कतिपय सार्वजनिक भलाइका भेलाहरूमा देख नेतृत्वको भन्दा अदेख प्रेरणाको बढी हात हुन्छ । हो, देखमा यसका प्रबन्ध निश्चय नै कर्त्तव्यनिष्ठ नरेन्द्रनाथ बाँस्तोला र स्वप्नद्रष्टा महानन्द सापकोटा थिए, तर अदेखमा, पृष्ठभूमिमा र बलियो काँध थापेर जगमा जम्ने महामाता दुर्गादेवीका प्रसाद र बरद्पुत्र देवीप्रसाद उप्रेती नै यस सभाका आन्तरिक प्रेरणा थिए, वास्तविक कारक थिए तथा सारा संयोजनका सहज सर्जक थिए" देवीप्रसाद थिए ।

कतिपय कारणले कर्फोकको सम्मेलनस्थलमा सचित्र खिच्न पाइएन । २०१०

सालको त्यस अविकसित युगमा इलामको अनकन्टार गाउँले डाँडामा क्यामेरामा सुव्यवस्थित उपकरणहरू पुगिसकेका पनि थिएनन् । मुख्य सभासद्हरूलाई लानैपर्ने भयो । हामी दार्जीलिङमै पढ्ने युवाहरू र दर्जीलिङमै पढाउने धरणीधर शर्मा, सूर्यविक्रम ज्ञवाली, ईश्वर बराल, पी.टी. लामा र परशुराम रोकाजस्ता व्याक्तिहरू त त्यस ऐतिहासिक चित्रमा पर्न पायौं, तर अड्डी कसेर कर्फोकमै छोडिने महानन्द सापकोटा र मणि छापाखानाको आफ्नो घर छोडेर दार्जीलिङ बजारमा पाइलै टेक्तिन भनेर प्रण गर्ने पारसमणि प्रधान भने छुटेकां छुट्यै भए । समयले ती भाषासेवीद्वयलाई ठगेको हो वा हामी समस्त भाषासाहित्यका विद्यार्थीहरू ठगिएका हौं, कसले भन्न सक्छ ?

यो वर्णन त्यस ऐतिहासिक चित्रको हो जो दार्जीलिङको दास फोटोमा २०१० सालमा खिचिएको थियो र जसको मूलप्रति कर्फोक विद्यामन्दिर पुस्तकालयको भित्तामा अझसम्म पनि टाँगिएको छ । मूलप्रति विस्तारी- विस्तारी जर्जर हुँदै र धमिलिदै गए पनि मेरा हृदयभित्रको त्यसको प्रतिलिपि उत्तिकै झल्झलाकार छ जत्ति पौडयाल, सम र देवकोटाको त्रिमूर्तित्वको ज्योति छ र अझ बढी त यी सबै विलक्षण व्यक्तित्वहरूलाई एक ठाउँ संयोग गराउने बाहिरबाट अदेख तर मेरा भित्री आँखामा ज्वलन्त चम्चमाउने हात नै छ ।

गौतम र त्रिमूर्तिका गलामा फूलका माला छन् । अघिल्ला बालक गौतम अचेल त्रिभुवन विश्वविद्यालयमा कार्यरत छन् रे । पहिलो पंक्तिमा कुर्सीमा बसेका सातैजना अर्थात् चन्द्रकला, पुण्यप्रभादेवी, सम, पौडयाल, देवकोटा, धरणीधर शर्मा र प्राध्यापक मानन्धरका पार्थिव शरीर आज हामीसँग छैनन्, प्यारा पार्थिव शरीरहरू पछिल्तिर उभिने निर्मल शर्मा, शङ्कर लामिछाने, सूर्यविक्रम ज्ञवाली र यस सारा बृतान्तका जनक देवीप्रसाद उप्रेतीसमेतका, तर उनीहरूका साहित्यिक, सामाजिक र शैक्षिक परोषकारको कीर्तिपताका भने यस चित्रले सधैं फर्फराईरहने छ । शरीरमा बाँचेकाहरू पनि श्रद्धासाथ उभिएर त्रिमूर्तिप्रति आदर प्रकट गर्दै नै छन् र आफ्नाआफ्ना प्रतिभा, परिश्रम र प्राप्तिका झोला बोकेर गतिशील भइरहेकै छन्, गन्तव्यतिर लम्किरहेकै छन् र राष्ट्रिय आकाशमा चम्किरहेकै छन् ।

हो, नील नभमण्डलमा सप्तरङ्गी मालाले पवित्रधामतिर जाने पुण्यात्माको स्वागत जनाउँछ भने प्रकृतिको क्रीडास्थल सुदूर पूर्वको कर्फोकमा टाँगिएको यस ऐतिहासिक चित्रले पनि ती महान् र उदारमना देवीकाप्रसादका परोपकारी आत्माको स्वागत जनाउँछ जो हाम्रा हृदयमा प्रेरणा भएर, पथप्रदर्शक भएर र प्रकाशपुञ्ज भएर जग्मगाइरहेका छन् र सधैं जग्मगाइरहने छन् ।

□□□

देवीप्रसाद उप्रेती : पूर्व नेपालका तारा

- डा. भीष्मराज प्रसाई

आफ्ना बाहुवलले र आँटले ठूला ठूला जमिन्दारी जोड्न प्रसिद्धी पाएका नेपालीहरू मध्ये झापा जिल्लामा देवीप्रसाद उप्रतीको नाउँ आउँथ्यो । उनको जति ठूलो जमिन्दारी अरूको थिएन । जमिन्दारी भित्र कसैले तिरो नतिर्न नसक्दा लिलामीगर्ने, ऐलानी आवादी गराउने, पुरानो बक्यौता सकारी जग्गा दर्ता गर्ने हाल आवादी दाखिल खारेज गराउने जिम्मेवारी पनि जमिन्दारकै हुन्थ्यो । जमिन्दारी प्रथाको अभिन्न अंग रहेको तत्कालिन भूमि व्यवस्थामा जमिन्दारीका नाउँमा धेरै जगाको स्वामित्व स्वाभावतः आउथ्यो । त्यसर्थ ठूला जमिन्दारको निजी स्वामित्वको जग्गा पनि धेरै हुन्थ्यो । आफ्ना नाता गोता मात्र होइन, आफ्नो पुरानो थलो पूर्व आठराईतिरबाट कोही पनि देवीप्रसादजीबाट आश्रय लिन सक्तथ्यो । तर विक्रम सम्बतको २० औं शताब्दीको शुरूमा कालापानी झापा झर्न आँट गर्ने नेपाली कमै थिए । संयोगले मेरा पिताजीको कर्मथलो झापाको अनारमनी क्षेत्रमा मेरा पिताजीको जगा जमिन देवीप्रसादजी र ज. भूपालमान कार्कीसँग जोडिन्थ्यो । स्वभावैले वहाँ तीनै जनामा एक अर्कालाई सम्मान गर्ने र गहिरो आस्था रहेको मित्रताको गाँठो जोडिएको थियो । वहाँहरू तीनै जनाको सामाजिक क्षेत्रमा पनि उत्तिकै रुचि थियो । नेपालीहरू पिछडिएको कारण अशिक्षा नै हो भन्ने धारणा भएका देवीप्रसाद छोराछोरी र अन्य संहयोगीका छोराछोरीको शिक्षाका निमित्त पनि आफू स्वयं दार्जीलिङ बस्न लाग्नु भयो भने मेरा पिताजी सहित प्रसाई बन्धुले कर्सियडमा पठन पाठनको व्यवस्था गर्न लागे । तर २००४ सालमा मेरा पिताजीले मलाई र मेरो भाइलाई पनि शिक्षादीक्षाकालागि देवीप्रसादकै जिम्मा लगाइदिनु भयो । त्यसपछि २००७ सालसम्म नै मैले पनि देवीप्रसादजीको परिवारकै सदस्य भएर बस्ने तथा अध्ययन गर्ने मौका पाएँ ।

तिनताका देवीप्रसादजीको दार्जीलिङ्गको डेरा रोवर्टसन रोडको दिलखुसा हाउसमा थियो । तिन तलामा अन्य कोही बस्थे भने माथिल्लो तलामा ठूला ठूला कोठा भएका दुई फ्लाट थिए । दुईहजार पाँचसय वर्ग फूट भएको त्यो घरमा हामी अटाईनअटाई बस्ने विद्यार्थीमात्र होइन शिक्षक परिवार र स्वयं देवीप्रसादको परिवार पनि बस्ने गर्दथ्यो ।

घरको पूर्वपटिको लङमा हाम्रा गुरू पूवा मानव (पूर्णबहादुर नेवा उपनाम पूवा

नेवा १९९७ सालको काण्डमा जेल यातना भोगी छुटकारा भएपछि स्वयं निर्वासित राजनैतिक कार्यकर्ता थिए । तत्कालिन राणा शासन व्यवस्थामा स्कूल खोले वापत जेल सजाय पाउने मध्ये एक हुन्) सपरिवार बस्नु हुन्थ्यो, पश्चिमको लङमा देवीप्रसादजीकै परिवार बस्तथे भने मध्यभागमा वहाँको वैठक तथा कार्यालय र हामी विद्यार्थी सुत्ने ठूलो हल थियो ।

देवीप्रसादजीसँग मेरो पहिलो साक्षत्कार त्यही वैठकमा भयो । ठूलो कोठामा व्यापारीको गद्दी, घरमा झैं मोटो गद्दामाथि फटिक सुकिलो तन्ना ओछ्याइएको, गोला वालिष्ट लडिरहेका र छेउमा राता रोकड रजिष्टर मिलाई थन्क्याइएको चाङ थियो । मैले पछि थाहा पाएँ देवीप्रसादजीको श्रेस्ता रेकर्ड, हरहिसाव गर्ने तरिका केन्द्रीय कम्प्युटर झैं यहीबाट संचालन हुदोरहेछ । ओजस्वी व्यक्तित्व भएका करिव ३५/३६ वर्षको फर्स्यौला देवीप्रसादजीका सामुन्ने म र मेरो भाइ केशवलाई लगियो र परिचय गराइयो । मीठो नरम र सरल भाषा बोल्ने देवीप्रसादजीले अरू केटा केटीलाई बोलाएर हाम्रो हेर विचार गर्न अह्राउनु भयो । र मेरो स्मृतिमा देवीप्रसादजीलाई संझदा त्यो सौम्यमूर्ति मिलेका एकनास दाँत, खाइलाग्दो शरीर हसिलो स्वभाव, फटिक सेतो गद्दीमा बसी केही गरिरहेको, केही लेखिरहेको, समय खेर फाल्न पटक्क नचाहने ओजस्वी तस्वीर आजसम्म झल झल आउँछ ।

वहाँले संचालन गरेको त्यो घरेलु स्कूलमा हिसाव, संस्कृत, नेपाली, भूगोल, अंग्रेजीको पाठयक्रम ५ वर्षदेखि २० वर्षसम्मकालाई तह र त्याकत हेरी १५/१६ जनालाई एकै साथ क्रमबद्ध पढाइन्थ्यो । त्यस घरको अर्को पक्ष राजनैतिक चहलपहल थियो । त्यसबेलाका स्वनिर्वासित जोसिला राजनेता र ठीटा समेत त्यस घरमा आवत जावत गर्दथे । वी.पी. कोइराला, पुष्पलाल श्रेष्ठ, डिल्लिरमण रेग्मी, लक्ष्मीप्रसाद देवकोटा, गणेशमान सिंह आदि पूवा मानवलाई भेट्न आउँदा त्यहीं देवीप्रसादको वैठकमा बस्ने गर्दथे । राजनैतिक व्याख्यादेखि अनेक उब्जेका समस्या, विभाजन र नेतृत्वका कमीकमजोरीका कुरा समेत हामीमा बुझी नबुझी कानमा पर्न आउँथे ।

पूवा मानव हाम्रा गुरू र शिक्षा व्यवस्थापक हुनहुन्थ्यो त्यहाँ । देवीप्रसादजीले वहाँको ६ जनाको परिवारलाई सामन्यतया खान लाउन पुग्नेगरी तलवको व्यवस्था गरिदिनु भएको थियो । पूवा मानव काठमाडौंमा महावीर स्कूल खोली शिक्षक भए वापत निर्वासित अवस्थामा बेसहारा भई घुम्दा देवीप्रसादजीको संपर्कमा आउनु भएको छ र वहाँहरूकोबीचमा सम्झैता भई एकै परिवार सरह बसी यो पठनपाठनको घरेलु स्कूल खुलेको थियो । आफ्ना छोराछोरी भाञ्जाभाञ्जी, इष्टमित्रका छोराछोरी, सहयोगीका सन्तान र नोकर चाकरलाई समेत कुनै भेदभाव नगरी पैसा दिन सक्नेले खर्च सहयोग गर्ने र सो नसक्नेलाई निःशुल्क खानेवस्ने पढ्ने व्यवस्था थियो । उमेर अनुसारको कक्षा चल्दथ्यो, एउटै कोठामा छात्रको औकात अनुसारको पढाइ हुन्थ्यो र कुनै कुनै प्रौढ विद्यार्थीको प्रत्येक ३ महिनामा उपल्लो कक्षाको पाठ्य पुस्तक पनि पक्रन्थे त्यस स्कूलमा । पछि २००७ सालको क्रान्तिको पूर्वी क्षेत्रका मिलिटरी कमाण्डर भैरवप्रसाद आचार्यका छोराछोरी पनि त्यही सामेल भए । सातसाले क्रान्तिका अर्का

कर्णाधार रूद्रप्रसाद खत्रीका छोराछोरी पनि ०५ सालको अन्तितिर थपिए । शिक्षा र राजनैतिक माहोल गर्मागर्मी थियो त्यहाँ । बनारसबाट निस्कने युगवाणी हामी हकर भै बेच्थ्यौं, त्यहाँ पुष्पलालजीले कम्युनिष्ट पार्टी खोलेपछि प्रकाशित गर्ने गरेको साइल्कोस्टाइल गरिएको कम्युनिष्ट पाक्षिक पनि त्यहाँ कलकत्ताबाट आउने गर्दथ्यो । पूवा मानव आफैंले रचेका कविता पनि हाम्रो दिन दिनको पाठ्यक्रममा पर्दथ्यो, उनको रचनाको एउटा श्लोक अझसम्म मेरो स्मृतिमा जीवित छ :

पूर्वमा सरस सूर्य उदायो
जनजागृतिको लहर फिजायो
जाग युवक अनि युवती जाग
जात पातको वन्धन त्याग
अनि गर सेवा जनताको ;

२००४ सालतिर धनकुटाका युवक रामनारायण श्रेष्ठ र ज्ञानेद्रबहादुर कार्की लगायत धेरै युवक दार्जीलिङ्ग पढद्थे । राजनैतिक जनचेतनाका संवाहक भई रामनारायणको नेतृत्वमा ज्ञानेन्द्रजी लगायत ४/५ जना युवक २००४ साल जेठतिर नेपाली कांग्रेसको झण्डा बोकेर इलाममा पहिलोपल्ट सत्याग्रह गरी जेल परे ।

यसरी नेपालको राजनैतिक इतिहासको प्रारम्भिक कालमा नेपालबाट दार्जीलिङ्ग गई अध्ययन गर्ने विद्यार्थीहरूमा जागृतिको चेतना भर्ने पूवा मानवलाई संरक्षण दिए राजनैतिक भेटघाट थलो आफ्नै घरलाई बनाएर युवकहरूमा राजनैतिक [illegible] बीज रोप्न सहयोग गर्ने देवीप्रसादको योगदानलाई नेपालीले विर्सनु हुँदैन ।

यही क्रममा देवीप्रसाद आफ्नै क्रमशः राजनैतिक कृयाकलापमा सक्रिय हुँदै गएको हामी अलि बुझ्ने भैसक्ता प्रष्ट भैसकेको थियो । २००७ सालको क्रान्तिमा सर्वश्री नरेन्द्रनाथ बाँस्तोला, भैरवप्रसाद आचार्य, धर्मप्रसाद ढकाल, महानन्द सापकोटा, बी.बी. चेम्जोङ्ग सहित देवीप्रसाद पूर्वी मोर्चामा संलग्न हुनुभयो । क्रान्तिकारी सरकार घोषणा गर्दा पूर्वाञ्चल स्वायत्त शासनको श्रेस्ता तथा कानूनमन्त्रीका रूपमा वहाँले कार्यभार समाल्नु भयो । तर वहाँको विशाल समाज सेवाको भावनालई राजनीतिले धेरै दिन पक्रेर राख्न सकेन । महानन्दजीको भाषा र शिक्षाको अभियान वहाँको पनि प्रिय चाहना भएको हुँदा क्रान्तिकारी सरकार केन्द्रलाई हस्तान्तरित गरेपछि वहाँ पनि यही अभियानमा लाग्नु भयो ।

आफ्नो अंग्रेजी शिक्षाको अधुरो ज्ञानलाई वहाँ अरू मार्फत व्यापक बनाउन चाहनु हुन्थ्यो । शिक्षा नभएससम्म मानिस अँध्यारैमा रूमलिन्छ भन्ने वहाँको धारणा थियो । त्यसैले नेपालमा राणाशासनको अन्त्य पछिको खुल्ला समाजमा स्कूल खोल्ने र खोलाउने कार्यक्रममा लाग्नु भयो । २००७ सालपछि दार्जीलिङ्गको पठनपाठनको थलो यथावत चलिरहेता पनि धेरै परितर्वनहरू आए । पूवा मानव काठमाडौं फर्कनु भयो । देवीप्रसादजी पनि झापामा नै बस्न लाग्नु भयो । २००८ सालदेखि म पनि

अलगै डेरा लिएर बस्न लागें । पुरानो थलोमा वहाँकै परिवार मात्र रहन लागे, अन्य केटाकेटीपनि खुला वातावरणमा आफ्नो ल्याकत बमोजिम स्कूलमा विधिवत प्रवेश पाई पढ्न लागे । वहाँ भने नेपाल भित्रै शिक्षाको उज्यालो प्रकाश छर्नेतर्फ लाग्नु भयो । २०११ सालपछि धेरै कालसम्म मेरो वहाँसँग भेटघाट हुन सकेन । पछि मैले थाहा पाउँदा समाज सेवाको क्षेत्रमा उहाँ धेरै अघि हिडिसक्नु भएको रहेछ । प्रारम्भमा अरूका छोराछोरी बटुली दार्जीलिङ्गमा पठन पाठन गराउने देवीप्रसाद उप्रेतीले वहाँको मृत्यु हुँदासम्म झापा, इलाम, तेह्रथुम, ताप्लेजुङ जिल्लाहरूमा सयौं स्कूलदेखि कलेजसम्म खोल्न सहयोग गर्नु भएको रहेछ । वहाँको अन्त्यकालमा वहाँको बाँकी सम्पत्तिको लेखाजोखाको कागजमा मैले साक्षी बस्नु पर्दा थाहा भयो - वहाँले आफूले आर्जन गरेको सम्पत्तिको अधिकांश भाग दान गरी सक्नु भएको रहेछ । सबै हिसाव गर्दा मधेशमात्र ८५० विघा जमिन माथि उल्लेख भएका विभिन्न स्कूललाई दान दातब्य गरिदिएको रहेछ । आफ्नो सन्तानलाई जीवन यापन गर्न कुनै कठीन नहुने गरी सम्पत्ति विभाजन गरी बाँकी सम्पत्ति मृत्युको अघिल्लो हप्तामा मात्र सेवामुलक धार्मिक गुठी स्थापना गर्न इच्छापत्र लेख्ने देवीप्रसाद उप्रेतीको महानता अनुकरणीय मात्र होइन धेरै कालसम्म प्रेरणादायी रहनेछ भन्ने मेरो धारणा छ ।

सरल जीवन यापन गर्ने अहिंसावादी, परिश्रमी, शिक्षावादी तथा समाजसेवी देवीप्रसाद उप्रेती भाषा, संस्कृति र साहित्य प्रति अतिनै मोह राख्नु हुन्थ्यो । कमलो स्वभावको धनी अरूले दु:ख पाएको हेर्न नसक्ने प्रवृत्ति वहाँमा थियो । सामान्य मानिसमा पाइने अवगुण वहाँमा नभएको होइन, वहाँ हट्टी र जिद्दीवाल पनि हुनुहुन्थ्यो । रिस उठ्यो भने कसैसँग नबोली रिस फेर्ने पनि गर्नुहुन्थ्यो तर ती दुर्गुणहरू वहाँका हजारौं सद्‌गुणले छोपिएर नगन्य बनेका छन् । कर्मयोगी र शिक्षाप्रेमी देवीप्रसाद उप्रेती पूर्वेली आकाशका चम्किला तारा हनुहुन्छ । सशरीर आज वहाँ नभएपनि वहाँको कृति चम्किरहने छ । अस्तु ।

कीर्ति शेष भएर एउटा उज्यालो ज्योति निभ्यो !

- मोदनाथ प्रश्रित

नेपालमा वीरता, बलिदान, राजनीति, साहित्य, विद्वता, कला, पर्वतारोहण आदि क्षेत्रमा चर्चित व्यक्तिहरूका थुप्रै नाम सुन्न पाइन्छ । तर सामाजसेवीको क्षेत्रमा अथवा समाजिक आन्दोलनको क्षेत्रमा चर्चित नाम निकै कम सुनिन्छन् । कुन्नि के कारणले हो हाम्रा संचार माध्यमहरू राजनीतिक क्षेत्रलाई सबभन्दा महत्व दिन्छन् र उपयुक्त अरू विषयमा अलिअलि ध्यान दिन्छन् र समाजसेवीको क्षेत्रतिर उनीहरूका आँखा प्राय: ज्यादै कम पुगेको देखिन्छ ।

हाम्रो देशमा समाजसेवा र सामाजिक आन्दोलनमा निरन्तर लागिरहेका मानिसहरूको संख्या कम भएता पनि अभाव भने छैन । देवीप्रसाद उप्रेती त्यस्ता व्यक्ति हुनुहन्थ्यो, जसको सिंगो जीवन नै आफ्नो सम्पूर्ण कमाइ अर्पेर शैक्षिक र सामाजिक जागृति बढाउने काममा निरन्तर कृयाशील रह्यो । आफ्नो हैसियत अनुसार वाहाँ जस्तो त्यागी महादानी नेपालीहरू निकै कम होलान् ।

वहाँ वि.सं. १९६९ वैशाख १ गते तेह्रथुम आठराई, सिम्लेमा जन्मनु भएको थियो । परिवारको आर्थिक स्थिति राम्रो थिएन । तै पनि पढ्ने इच्छाले वहाँ अठार वर्षको उमेरमा काठमाडौं पुग्नु भयो र रानीपोखरी पाठशालाबाट निजामति प्रथम परीक्षा पास गर्नु भयो । शिक्षाको उच्च आकांक्षा हुँदा हुँदै पनि त्यसभन्दा अघि बढ्न वहाँलाई परिस्थितिले साथ दिएन ।

काठमाडौंबाट फर्केर वहाँ झापा जानु भयो र त्यहीं जीवन धान्ने उपायको खोजीमा लाग्नु भयो । अनि झापाको अमीनमा बहिदारको कामबाट यात्राको थालनी गर्नु भयो । वहाँका मनमा उच्च आकांक्षा र ठूल्लठूला सपना नाचिरहन्थे । त्यसैले घाँटीबाट जागीरको दाम्लो फुकाएर जमीन जोर्ने उपायहरूतिर उहाँको ध्यान गयो । अनि मालपोत नतिर्नाले माल अड्डाले लिलाम गरेका जमिन्दारीहरू ईष्टमित्रका सरसहयोगबाट लिन थाल्नुभयो । तर जमीन बटुल्नका पछाडि जमिन्दार बन्ने वहांको सपना थिएन, संपति कामाउने र समाजका आँखा खोल्न त्यसको सदुपयोग गर्ने ।

२००७ को पृष्ठभमूमिमा वहाँ राजनीतिमा निकै सक्रिय हुनुभयो । पूर्वाञ्चललाई मुक्त पारेर केही समय सत्ता संचालनमा वहाँको सहयोग रह्यो । झापामा वहाँहरूले

दशवटा गाउँ पञ्चायत खोल्नुभयो । त्यसबेला वहाँले २००७ को आन्दोलनमा झापामा अलपत्र परेका दशहजार व्यक्तिलाई १६५० विघा जग्गा बाँडेको ३३० घर बसाएको कुरा नरेन्द्रराज प्रसाईंले उल्लेख गरेका छन् । त्यसपछि वहाँको सम्पूर्ण ध्यान शिक्षा आन्दोलन र समाजिक जागरणतिर केन्द्रित हुँदै गयो ।

वहाँले प्रसिद्ध साहित्यकार महानन्द सापकोटासित मिलेर "नेपाली भाषा प्रचारक संघ"को स्थापना गर्नुभयो र त्यसकै माध्यमबाट झापामा स्कूलहरू खोल्न शुरू गर्नु भयो । त्यसपछि वहाँले इलाम र तेह्रथुममा गएर स्कूलहरू खोल्नु भयो । इलामको करफोक विद्यामन्दिर, आठराईको प्रणामी विद्यामन्दिर, एवम् पोखरी मा.वि. र झापा घैलाडुब्बाको आदर्श विद्यामन्दिर वहाँले नै स्थापना गर्नुभएको हो । तेह्रथुमको पोखरीमा वहाँले बनाएको स्कूल भवन असामाजिक तत्वहरूले दुई पटक जलाइ दिंदा पनि निराश नभई त्यस ठाउँमा पूर्वी पहाडको सबभन्दा ठूलो विद्यालय भवन बनाउनु भयो । अनेकौं स्कुलमा निःशुल्क शिक्षा दिने व्यवस्था गर्नु भयो । नेपालमा शिक्षक नपाइनाले भारतबाट पनि बोलाउनु भयो । विद्यार्थीहरूलाई मिठाई बाँडेर पनि स्कूल जान प्रेरित गर्नु भयो । वहाँले ती २९ वटा शिक्षण संस्थाहरूलाई आफ्नै पौरखले कमाएको झापाको ८५४ विघा र तेह्रथुमको ६५ रोपनी जगाका साथै लाखौं रूपियाँ दिनु भएको छ ।

यसप्रकार वहाँ पूर्वाञ्चलमा ज्ञानको ज्योति फैलाउने एउटा महान त्यागी व्यक्तित्व हुनुहुन्छ । स्कूलहरू खोल्दा पनि सकेसम्म रोजगारमूलक शिक्षा दिन सकियोस् भन्ने वहाँको चाहना र प्रयत्न रह्यो । दश कक्षा सम्म निःशुल्क हुनुपर्छ भन्ने वहाँको विचार थियो र आफूले खोलेका केही विद्यालयमा वहाँले त्यो व्यवस्था गर्नुभएको थियो ।

औपचारिक शिक्षा कम पाएको भएता पनि वहाँ ज्यादै अध्ययनशील हुनुहुन्थ्यो र विद्वान कविहरूका राम्रा राम्रो कृतिहरू पढ्ने वहाँको बानी थियो र वहाँ प्रतिभाहरूको निकै कदर गर्नुहुन्थ्यो । विख्यात क्रान्तिकारी कवि गोकुल जोशी लामो समयसम्म वहाँकै घरमा बस्नु भएको थियो । गोकुलको मृत्युपछि वहाँ भन्ने गर्नुहुन्थ्यो- "मैले वहाँलाई माया र सम्मान त गरें तर त्यस क्रान्तिकारी कविको महत्व त्यसबेला राम्ररी बुझ्न सकेको थिइँन, बल्ल बुझ्दैछु ।"

वहाँ साह्रै स्वाभिमानी मान्छे । चाकरी चाप्लुसि जस्ता कुरामा घृणा थियो वहाँलाई ! त्यसैले त्यत्रो समाज सेवा गर्ने मान्छे सरकारी स्तरमा कतै चर्चा र सम्मानमा पर्नु भएन । वस्तुतः वहाँले ती काम चर्चा र सम्मानको निम्ति भन्दा जनताप्रतिको हार्दिक मायाँ लेपनि गर्नु भएको थियो । ज्यादै करूणापूर्ण स्वभाव थियो वहाँको । बाहिर गएर पढ्न चाहनेहरूलाई पनि वहाँ सहयोग गर्नु हुन्थ्यो । दुःखी जनतालाई सक्दो सहयोग गर्न कहिल्यै चुक्नु भएन वहाँ ।जीवन ज्यादै सादा । कतिसम्म भनं आजको जुगमा पनि प्रायः वहाँ बाँसको कलम प्रयोग गर्नुहुन्थ्यो र अति सुन्दर अक्षर लेख्नुहुन्थ्यो । घमण्ड, आडम्बर र सस्तो प्रचारबाजी वहाँलाई सबभन्दा मन नपर्ने कुरा थियो । जातपात र छुवाछुतको भेदभावका वहाँ कट्टर विरोधी । सबै मानव समान हुन र सबको बराबर सम्मान हुनुपर्छ भन्ने वहाँको धारण थियो । २०१३ सालदेखि वहाँले अछुत वा तल्लाजात भनिने व्यक्तिहरूलाई आफ्नो भान्से बनाउनु

भएको थियो । ती मध्ये एक वहाँको जीवन पर्यन्त साथमै थिए रे ।

तराईका आदिवासीहरूका पछौटे चिन्तन र रहन सहन सुधार्न पनि वहाँले निकै प्रयास गर्नु भयो ।

वहाँले आफ्नो जीवनको अन्तकालमा २०४९ असार ३ गते धेरै मानिसलाई बोलाई अन्तिम इच्छापत्र लेखाउनु भएको छ । त्यसमा वहाँले "निजानन्द आश्रम" को नाममा झापा राजमार्ग छेउको करीब ७०/८० लाख पर्ने ६ विघा जमीन प्रदान गर्नु भएको छ । पहिले गरेको शिक्षा आन्दोलन साक्षरता र सैद्धान्तिक ज्ञानमा नै बढी सीमित भएकोले सन्तोष नलागेको हुँदा "निजानन्द आश्रम" मा दिएको दान अक्षय कोषमा राखी त्यसको व्याजबाट रोगजारमूलक शिक्षा संचालन र संस्कृतिको उत्थान गरियोस् भन्ने इच्छा वहाँले व्यक्ति गर्नु भएकोछ । त्यसरी नै कन्काई क्याम्पस सुरुङ्गाको निम्ति १ लाख २५ हजार प्रदान गरी त्यसलाई पनि अक्षय कोषमा राखी व्याजमात्र खर्च गरियोस् भन्ने इच्छा पोख्नु भएको छ ।

निजानन्द आश्रमलाई दिएको दान दाता, सरकार, प्राप्तकर्ताहरूको संयुक्त ट्रष्टद्वारा संचालन गर्न वहाँले सरकारलाई अनुरोध गर्नुभएको थियो र प्रधानमन्त्रीले क्याबिनेटबाटै निर्णय गराई त्यो इच्छा पूरा गरिदिने वचन दिनु भएको छ ।

वहाँले २९ वटा शिक्षण र सामाजिक संस्थाहरूलाई दिएको दान र ट्रष्टद्वारा संचालित होस् भन्ने कामना इच्छापत्रमा व्यक्त गर्नु भएको छ ।

वहाँका जीवनमा विभिन्न कमी कमजोरी पनि थिए होलान् । वहाँ ४ पत्नीका पति तथा आठ छोरा र चार छोरीका पिता हुनुहुन्थ्यो । सामान्यतः यसलाई विलासी र जमिन्दारी स्वभाव मानिन्छ । सामाजिक सुधारमा कृत संकल्प व्यक्तित्व जीवनले एकपत्नीव्रत अंगालेको भए सुनमा सुगन्ध हुन्थ्यो होला । कतै अरू पनि केही "नं" पक्ष थिए होलान् वहाँभित्र । व्यक्तित्वको मूल्यांकनमा त्यतातिर पनि ध्यान पुग्नु पर्छ विश्लेषकहरूको राम्रा काम मात्र हेर्ने र कमीकमजोरीतिर आँखा चिम्लने प्रवृत्ति स्वयं वहाँ जस्ता महान समाजसेवीलाई मन पर्दैनथ्यो होला ।

जेहोस् हाम्रो जस्तो अविकसित, अजागरूक समाजमा वहाँले गरेका उज्याला र समाज हितका कुरा नै महत्वपूर्ण हुन् । ती कामले वहाँ समाजका प्रेरक भएर सुकीर्तिमा बाँचिरहनु हुनेछ । वहाँले हाल्नु भएको समाज सेवाको जगमा अझ ठूल्ठूला कीर्तिमान् कायम गर्नेहरू उभिदै जाउन् र नेपालको भाविष्य समाजसेवीहरूको प्रचुता भएको र उनीहरूको कदर गर्न जान्ने होस समाजसेवीहरू राष्ट्रका सम्मान गर्नुपर्ने विभूतिहरू हुन चेतना हुर्कोस् समाजमा ।

ती विभूतिको पार्थिव शरीर यही ११ गते असार २०४९ सालमा सदाको निम्ति विश्राम लिई कीर्ति शेष राखी निःशेष भएको छ । हामी अनुसरण गरौं वहाँका राम्रा गुणहरूलाई ।

२६/३/२०४९ (

साभार. दृष्टि साप्ताहिक, वर्ष ९, अंक ३५)

ती गृहस्थ समाजसेवी !

- गोविन्द भट्ट

कुनै पनि समाजको विकास वा मुलुकको निर्माण गर्ने क्रममा अनेकौं व्यक्तिहरूले आ-आफ्ना तर्फबाट योगदान गरेको हुन्छन् । ती मध्येका केही राजनेता बुद्धिजीवी, उद्योगपति, समाज-सुधारक, साहित्यकार, खेलाडी, पर्वतारोही, कलाकर्मी, अभिनेता, वैज्ञानिक, रणयोद्धा आदि चर्चित र प्रसिद्ध हुन पुग्छन् भने अरूहरू चाहिं धेरै जसो अज्ञात नै रहन्छन् । र पर्दा पछाडि बसेर मुलुक र दुनियाँको भलो हुने काममा बरोबर आफ्ना श्रोत साधनहरू अर्पित गरिरहने र देश बनाउन अघि सारेकाहरूलाई आड, सहयोग पुऱ्याइरहने व्यक्तिहरूलाई पनि हामीले बिर्सनु हुँदैन । मेरो नजरमा श्री देवीप्रसाद उप्रती पनि तयस्तो दोश्रो श्रेणीमा पर्ने एकजना आदरणीय देशभक्त र समाजसेवी हुनुहुन्थ्यो ।

सबभन्दा पहिले मैले वहाँको नाउँ सुप्रसिद्ध प्रगतिवादी जनकवि श्री गोकुल जोशीको जीवनी अध्ययन गर्ने सन्दर्भमा पढेको र सुनेको थिएँ । श्री उप्रेतीले हाम्रा जनकविलाई निकै सहयोग गर्नुको साथै आफ्नै घरमा राख्नुभएको र काममामको व्यवस्था समेत मिलाइदिनु भएको रहेछ । त्यो थाहापाउँदा वाहाँप्रति मेरो मनमा श्रद्धा जागेको थियो । पछि पूर्वाञ्चलका साथीहरूबाट पनि वाहाँबारे निकै सुनें । र उहाँलाई भेट्ने उत्सुक्ता र इच्छा बढ्दै थयो । अनि त, २०२५ सालमा मेची अंचलस्तरीय साहित्य सम्मेलनमा भाग लिनकालागि मलाई पनि निम्तो आउँदा झापा पुगेको बेला वहाँसित एकपटक अवश्य पनि भेट्नैपर्छ भन्ने योजना मैले बनाई हालें ।

स्वादिष्ट परिकार, स्नेह, सम्मान र साहित्यकर्मीहरू

सौभाग्यको कुरो, झापा पुगेको दिन, काठमाडौंबाट आएका केही साहित्यकारहरूलाई श्री देवीप्रसाद उप्रेतीज्यूको घरमा राख्ने योजना त्यहाँका आयोजकहरूले बनाउनु भएको रहेछ र त्यससूचीमा मेरो नाउँ पनि परेछ । हिजोसम्म भेट्ने कल्पनामा मात्र रहेका व्यक्तिकै घरमा आज पाहुना भएर बस्न पाइयो, क्या मजा ! जीवनमा यस्तो अप्रत्यासित घटनाहरू कमै हुन्छन् ।

त्यससाँझ, वाहाँले हामी सबैका लागि खाने, सुत्ने व्यवस्था निकै राम्ररी मिलाइदिनु भएको रहेछ । भान्छामा विभिन्न प्रकारका परिकारहरू थिए र ओछ्यान ओढ्ने पनि निकै सुविधाजनक थियो । पुग्नासाथ वाहाँसित परिचय गराइयो । र वाहाँले निकै स्नेह,

सम्मान साथ हाम्रो स्वागत गर्नुभयो । पछि, वाहाँ स्वयं बीच बीचमा आएर हामो भान्छा कस्तो भयो सुत्ने ठाउँ मिल्यो मिलेन कुनै असजिलो त भएन भनेर सोधिरहनु हुन्थ्यो । काठमाडौंमा सबैतिरबाट तिरस्कृत भएर तेस्रो दर्जाका नागरिकको जीवन बिताई आएका हामीजस्ता साहित्यकाहरू साँच्चै नै त्यस दिनको विविधतापूर्ण स्वादिष्ट खानपान सुविधाजनक विश्राम र अझ यसभन्दा बढी त वहाँको अत्यन्त हार्दिकतापूर्ण आत्मीय व्यवहारबाट गद्‌गद् भएका थियौं ।

तर त्यसबेलाको अति व्यस्तता र भोलिपल्टदेखिको साहित्य सम्मेलनका कार्यक्रमहरूको चापाचापले गर्दा वहाँसित बसेर गोकुल जोशीबारे केही शोधखोज र कुराकानी गर्ने मेरो भित्री इच्छा त्यसै मनमै दबेर रह्यो र पछि भविष्यमा कुनै दिन फेरि वहाँको संगत गर्न पाउने आशामा मैले आफ्नो चित्त बुझाउनु पऱ्यो ।

काठमाडौं फर्कंदा, सो मेची अंचल स्तरीय साहित्य सम्मेलनको ऐतिहासिक सफलताबाट हामी सबै खुशी भएका थियौं । अझ मेरोलागि त श्री देवीप्रसाद उप्रेतीसितको त्यो भेटघाट र चिनजान सुनमा सुगन्ध झैं थप उपलब्धि हुन पुगेको थियो ।

प्रेम भएपछि को ठूलो र को सानो ?

त्यसका कैयन वर्षहरूपछि वाहाँ काठमाडौं आउनु भएको खवर पाउना साथ मैले वहाँसित समय मिलाएर भेट्ने योजना बनाई रहेकै बेला एकदिन वाहाँ स्वयं नै मेरो पुरानो मित्र "भानु" का सम्पादक सुप्रसिद्ध प्रगतिवादी साहित्यस्रष्टा श्री भवानीप्रसाद घिमिरेलाई लिएर म बसेको डेरामा आइपुग्नु भयो । मैले वहाँलाई खोजी खोजी जानु पर्नेमा म भन्दा उमेरमा धेरै माथिका र मैले सम्मान गर्नु पर्ने ती वरिष्ठ समाजसेवीलाई त्यसरी म काहाँ स्वयम् हिंडेर आएको देख्दा मैले केही असजिलो पनि महशुश गरेको थिएँ । तर वहाँले त्यसलाई सहज रूपमा लिदै - "त्यसमा के भो र तपाई व्यस्त हुनुहुन्छ रे मलाई फुर्सत थियो, भेट्न मन लाग्यो म नै आएँ " - भनेर मेरो मनलाई शान्त पारिदिनु भयो ।

त्यस दिन म काहाँ दुई घण्टा जति बस्ता, मेरो परिवारका सदस्यहरूसित पनि उहाँको परिचय भयो । सो अवसरमा उहाँ, श्री घिमिरे र म गरी हामी तीनका बीचमा व्यक्तिगत कुराकानीका साथै तत्कालीन नेपालका समस्याहरू, मुलुकको भविष्य, साहित्य संस्कृतिको आवस्था आदि विषयहरूबारे वैचारिक आदान प्रदानहरू भएका थिए । वहाँ आफ्नो विचारमा निकै यथार्थवादी हुनुहुन्थ्यो । मैले सो अवसरमा गोकुल जोशीका बारेमा आफ्नो केही जिज्ञासाहरू राख्ने मौका पनि पाएँ । वहाँको भनाइ थियो - लेखक कविहरूले मनगणन्ते खोक्रो कल्पनाहरूमा नअल्मलिएर सुबोध भावमा देश र समाजलाई काम लाग्ने कुरा नै लेख्नु पर्दछ । त्यस्तो साहित्य नै दीर्घजीवी र लोकप्रिय पनि हुन्छ ।

त्यसरी नजीक बसेर कुरा गर्न पाउँदा म वहाँको भद्रता, प्रौढता र सहृदयताबाट अझै प्रभावित हुन पुगें । पछि हाम्रो परिवारको मानिसहरू पनि भन्थे - ती उप्रेती बुढा सारै मजाका भलादमी रहेछन् ।

अस्पतालको कोठामा दर्शनशास्त्र

श्री देवीप्रसाद उप्रेतीसित यसरी वर्षौंको अन्तरालमा अक्कल झक्कल मात्र

भेटघाट हुने गरे पनि कुन्नि किन हो, हाम्रो माझ कुनै पुरानो आत्मीय सम्बन्धहरूको अनुभूति मलाई भइरहेथ्यो । वहाँको मनमा पनि मप्रति स्नेह र सद्भावना रहेछ भन्ने कुरा वहाँको अन्तिमकालताक अझै प्रष्ट भयो । जब वाहाँले विरामी भएर काठमाडौंको अस्पतालमा बसेका बेला मलाई संझदै भेट्न प्रकट गर्नु भएको खबर वहाँका आफन्तहरूबाट मैले थहा पाएँ ।

त्यस दिन अस्पतालको केविनमा एकछिन हाम्राबीच केही पारिवारिक र केही स्वास्थ उपचार विषयका कुराहरू भएका थिए । आफूले जीवनभरी परिश्रमसाथ आर्जन गरेको सम्पतिको केही भाग आफ्नो पुरानो जन्मथलो सुदूर पहाडी क्षेत्रमा पर्ने पिछडिएको गाउँको विकासका लागि छाडिदिने र त्यसको निम्ति यौटा ट्रस्ट खडा गराउने अन्तिम इच्छालाई साकार पार्नतर्फ उहाँ आखिरीबेलासम्म चिन्तित हुनुहुन्थ्यो । त्यसमा विभिन्न पक्षहरूबाट उत्पन्न भएका विघ्न वाधाहरू र त्यसप्रति केही आफ्नै नजिककाहरूले देखाएको रोष असन्तुष्टि हुँदा हुँदै पनि आफूले सोचेको त्यस उद्देश्यलाई फत्ते नगरी नमर्ने आफ्नो दृढता यथावत् कायमै देखिन्थ्यो । वहाँले मलाई भन्नुभयो- "मैले कसैप्रति अधर्म गरेको छैन । सबैलाई यथोचित दिनु पर्ने दिएकै छु । अलिकति संपत्ति आफ्नो पुरानो गाउँको सुधारका लागि छुट्याई दिंदा कसैलाई मन पर्दैन भने म पनि के गरू त ? यस्तै रहेछ संसार । त्यति काम त मैले गर्नै पर्छ हैन त बाबु ?"

मैले वहाँको सो सद्विचारको सराहाना गर्दा त्यसप्रति आफ्नो नैतिक समर्थन पनि व्यक्त गरेको थिएँ र त्यसबाट वहाँ खुशी हुनु भएको आभास वहाँको अनुहारबाट देखिन्थ्यो । श्री उप्रेतीले त्यसरी अत्यन्त विश्वासका साथ आत्मीय भावमा आफ्नो मनका अन्तिम कुराहरू पोखेको र सुखदुःख बाँड्न खोजेको देखेर मेरो आँखाहरू रसाएका थिए ।

एकछिन् चुप लागेर केही बेर गमेपछि वहाँले मलाई फेरि भन्नुभयो - तपाई दार्शनिक मान्छे, यौटा कुरा सोध्न मन लागेको थियो । तपाईंहरू द्वन्द्वात्मक भौतिकवाद मान्नु हुन्छ । द्वन्दात्मक त ठीकै छ । हाम्रो शास्त्रले पनि सबैकुरा परिवर्तनशील र अस्थायी हुन्छ भनेकै छ । तर यो भौतिकवाद के हो ? त्यसबेला अध्यात्म र धर्मले अतिचार गरेका बखत त्यस्को जवाफ दिन भौतिकवाद आयो र त्यो ठिकै छ । तर त्यो त मार्क्सको बेलाको आवश्यकता थियो । के त्यो सँधैका लागि, अहिले पनि, राखिरहनु पर्ला र ?

अचानक त्यो प्रश्न सुनेर म एकछिन त मौन बसें । अनि भनें - यो भौतिकवादको अर्थ सामान्य रूपमा बुझिने भष्टाचार, आचारहीनता, अनैतिकता, भोगबिलास, निजी स्वार्थ प्रवृत्ति वा असभ्यता हैन । मार्क्सवाद त्यस्ता कुराहरूको विरोधी छ । त्यसले त वहुसंख्यक शोषित पीडितहरूको भलो र कल्याण हुने नैतिक मूल्यहरूको स्थापना गर्न खाजेको हो, अर्को कुरा मार्क्सले भैतिकवाद नीति शास्त्रको अर्थमा होइन तत्वशास्त्रको अर्थमा प्रयोग गरेका हुन् र आजको विज्ञानले पनि त्यही कुरा प्रमाणित गरिरहेको छ । यो जटिल विषय छ, तपाई यहाँबाट निको भएर बाहिर आएपछि फेरि छलफल गरौंला हुन्न ?"

श्री उप्रेती त्यसबेला उत्सुकतासाथ छलफल तथा चिन्तन गर्ने मनस्थितिमा

देखिनु भए पनि मैले रोग सैय्यामा बस्नु भएका ती आदरणीय भद्रपुरूषका साथ, अस्पतालको अशान्त वातावरणकाबीच त्यस दर्शनिक वादविवादलाई अगाडि बढाउने उपयुक्त देखिन । वहाँ थाक्नु भएको थियो र वहाँलाई भेट्न आउनेहरू पनि त्यही तल पर्खिरहेका थिए ।

दुर्भाग्यवश, त्यसको केही दिनमै वहाँ दिवंगत हनु भएको समचार मैले सुन्नु पऱ्यो । नेपालले एकजना भद्र नागरिक र पुराना समाजसेवी गुमायो र म पनि आफ्नो एकजना चिरपरिचित हितैषी व्यक्तिको आत्मीयतापूर्ण मैत्रीबाट सधैंका लागि वंचित हुनु पर्गे ।

श्री देवीपसाद उप्रेती आध्यात्मिक प्रवृत्ति भएको पुरानो पुस्ताका व्यक्ति हुनुहुन्थ्यो । अनि प्रशस्त सम्पत्तिवाल धनीमानीकारूपमा पनि वहाँको गणना गरिन्थ्यो । वहाँको मूल्यांकन त्यसरी मात्र गर्ने केही मानिसहरू पनि मैले भेटेको छु । तर मेरो दृष्टिमा त्यो एकपक्षीय वा अपूर्ण मूल्यांकन मात्र हो । हामीले नेपाली समाजका धनीमानी र अध्यात्मवादीहरूलाई तिनको व्यवहार विचारअनुसार हेर्नु बुझ्नु पर्छ र सबैलाई यौटै कुचोले बढार्ने काम गर्नु हुँदैन । केही धनी मानिसहरू एकदमै स्वार्थी अनुदारवादी, निष्ठुर र कृपण हुन्छन् भने केहीले समाजिक कामका लागि आफ्नो धनको सदुपयोग गरेको पनि देखिन्छ । यसै गरी केही धर्मावलम्बी वा अध्यात्मकवादीहरू एकदमै अन्धविश्वासी, आत्मकेन्द्रित, रूढिवादी र पाखंडी हुन्छन् भने केहीले धर्मकर्मकै नाउँमा भए पनि समाज सुधारमा भाग लिएको, असहाय पीडितहरूलाई सहयोग दिएको, धार्मिक पाखण्ड र असहिष्णुताको विरोध गरेको सबैमा यौटै ईश्वर छन् भन्ने मानेर समानता तथा विश्वबन्धुत्वको भावना फिजाएको, देश सेवामा लागेको अनि आफ्नो विचार व्यवहारमा पनि विवेकशीलता एवं शुद्धता देखाएको पाइन्छ । त्यसैले हामीले पनि यी पहिलो र दोश्रो श्रेणीका धनीमानी तथा अध्यात्मवादीहरूसित तदनुसारकै व्यवहार गर्नु वैज्ञानिक मापदण्ड बमोजिम न्यायोचित कुरो हो ।

श्री देवीप्रसाद उप्रेतीले आफ्नो सम्पत्तिको केही अंश देश तथा समाजको विकासका लागि पनि अर्पण गर्नु भयो । आफू प्रवासमा रहेका वेला त्यहाँ पुग्ने सबै पार्टीका नेता कार्यकर्ता र बुद्धिजीवीहरूलाई आफ्नो घरमा आश्रय दिएको र अन्य किसिमका सहयोगहरू पुऱ्याएको गरीब जेहेन्दार छात्रहरूका लागि छात्रवृत्तिको व्यवस्था मिलाएको, साहित्य संस्कृति सम्बन्धी संघ, संस्था र कार्यक्कमहरूका निम्ति चन्दा अनुदान प्रदान गरेको कुनै सभा वैठक गर्नका लागि आवश्यक परेको बेला जोखिम उठाएर पनि आफ्नो घर आँगन खुल्ला छाडेको, मुलुकका स्वास्थ्य, राजनैतिक, आर्थिक, सामाजिक वातावरण बनोस् र राष्ट्रको सर्वागीर्ण विकास होस् भन्ने मनसायबाट आफूलाई लागेका कुरा प्रष्टताका साथ अघि सार्दै बेला बखत सबै राजनैतिक पार्टीहरूलाई सल्लाह- सुझाउहरू दिने गरेको विषयमा मैले उहाँबारे धेरै व्यक्तिहरूबाट प्रशस्त वृत्तान्तहरू सुनेको छु । पूर्वाञ्चल क्षेत्रमा शिक्षा प्रचारका लागि गरेका योगदानहरू त उल्लेखनीय छन् नै अझ सामाजिक चेतनाको सामान्य विस्तारका लागि वहाँले भित्रभित्रबाट दिनु भएका विविध सहयोगहरू पनि महत्वपूर्ण रहेका छन् । कुनै चर्चामा

नआउने सरल सामान्य गृहस्थीको जस्तो जीवन यापन, गरेर परेको र सकेको बेला समाज तथा देशको विषयमा पनि केही न केही गर्न तयार हुने उहाँको चारित्रिक विशेषताले नै मलाई सबभन्दा बढी आकर्षित गरेको हो ।

श्री देवीप्रसाद उप्रेती धन सम्पत्ति मात्र थुपार्ने र त्यसबाट आफ्नो तथा परिवारको मात्र स्वार्थसिद्धि गर्ने हाम्रो मुलुकका अन्य धनी पूँजीवालाहरूभन्दा वेग्लै खालको हुनुहुन्थ्यो । त्यसैगरी धार्मिक आस्था हुँदाहुँदै पनि वाहाँले आधुनिक प्रजातन्त्रिक मूल्य मान्यताहरूप्रति सम्मान देखाउनु भयो र बुढेस कालमा समेत तीर्थवर्ततिर ध्यान दिनु भन्दा आफ्नो गाउँ र त्यहाँका निवासीहरूका लागि केही गरेर जाने चिन्ता लिनु भयो । त्यसैले वहाँलाई सम्मानको पात्र तुल्यायो । वाहाँले जस्तै हाम्रो नेपालका अन्य पैसावाल र धर्मभक्तहरूले पनि समाजको लागि केही राम्रो काम गरिदिएमा यो मुलुक पक्कै पनि अहिलेभन्दा अझै केही सुखी र सुन्दर हुने थियो !

□□□

देवीप्रसाद उप्रेतीज्यूको स्मृतिमा एक थुँगा फूल

- प्रा. बल्लभमणि दाहाल



हामीले संखुवासभा (त्यसबेलको चैनपुर) धनकुटा र तेह्रथुमका जिल्ला कम्युनिष्ट पार्टीको एक गोश्वारा कमिटी बनाएका थियौ । २०१६ सालतिर पार्टी संगठनको सिलसिलामा म तेह्रथुममा खुवै आउने-जाने गर्दथे । त्यसक्रममा मैले देवीप्रसाद उप्रेतीज्यू र पोखरी विद्यालयका सम्बन्धमा अनेकौं रोमाञ्चक कुरा सुने । नवनिर्मित विशाल विद्यालय भवनमा रहस्मयम ढंगले आगलागी भयो देवीप्रसादज्यूका लाखौं रूपियाँ भष्म भए । तर उहाँ विल्कुल चिन्तित हुनुहुन्थ्यो, त्यहाँ जातभात छैन, धनी-गरिबको भेदभाव छैन आदि ।

त्यसबेलाको कट्टर परम्परावादी समाजमा त्यस्तो कुरा कसरी हुन सके र देवीप्रसाद उप्रेतीज्यूको व्यक्तित्व कस्तो छ, जान्ने ममा तीब्र उत्सुकता जाग्यो । म पोखरीतिर लागें ।

तेह्रथुम आठराईको पोखरी गाउँमा छाट्रे ढुङ्गा भन्ने ठाउँ छ । त्यहाँ ढुङ्गाका स्तम्भका टुप्पा ढुङ्गाकै छाता जस्तो गरी गोलाकार ढुङ्गा राखिका छन् । त्यसमास्तिरको सानो थुम्कामा सल्लाका रूखहरूका बीचमा एउटा कुटी थियो । त्यस कुटीको वरिपरि विशेष ढँङ्गले बनाएको खरको छानो भएकमो एकतले टहरो थियो । पछि बस्दै जाँदा थाहा पाएँ, त्यस टहराको आकार र ढाँचामा उप्रेतीज्यूको नमूना अनुसार विस्तार भइरहन्थ्यो । उप्रेतीज्यूले सिकर्मी, डकर्मी, सूचीकार र कामदारहरू अनिश्चत कालका लागि भर्ना गनुभएको थियो । सूचीकारलाई उहाँ बेला बखत कोट, कमिज आदिको विशेष प्रकारका ढाँचा बताउनु हुन्थ्यो-उनीहरू सिउँथे । त्यस्तै उहाँका निजी र स्कूलका निम्ति फर्निचर उहाँकै निर्देशन अनुरूप सिकर्मीले बनाउँथे । सिकर्मीका नाईके कालिबुङबाट ल्याइएका थिए । उहाँका ढाँचा र नमूनामा, विचार र व्यवहारमा मौलिकता र नवप्रवर्तन देखिन्थ्यो ।

भान्सा घरमा विहान १० बजेपछि खाना तयार हुन्थ्यो । १० बजेदेखि ३ बजेसम्म त्यहाँ आउने जो कोहीले पनि खाना खान सक्तथ्यो । तर भान्से भुजेल र पानी ल्याउने चाहि कमेनी थिइन । कट्टरवादीहरू खाना खाँदैनथिए र परोक्षमा विरोध पनि गर्दथे । उहाँको भान्सा र छात्रावास र शिक्षक आवासमा समेत मांसमदिरा बर्जित थियो । उहाँ एक कट्टर प्राणमी सम्प्रदायका अनुयायी हुनुहुन्थ्यो ।

भखैरै आगलागी भएको स्कूल भवन, शिक्षाको विकास र अन्य विषयमा त्यहाँ प्रतिदिन ठूलो कचहरी लाग्दथ्यो । उहाँका विचार सुन्न एकथरी मानिस अति लालायित रहन्थे । सामाजिक सुधारका कार्यमा धर्म भकारी (१७ सालपछि पंच भकारी) को स्थापना र बेठबेगारी प्रथाको उन्मूलन अभियान पनि चलिरहेको थियो ।

पोखरी हाइस्कूल,मूलपानीको, हाइस्कूल र चुहानडाँडाको हाइस्कूल एकअर्काबाट खालि तीनचार किलेमिटरको दुरीमा अवस्थित छन् । त्यसैले पोखरी हाइस्कूलको औचित्यबारे पहिल्यै स्थापित उपरयुक्त दुई हाइस्कूलका संचालकहरूबाट प्रश्न उठाइन्थ्यो । तर यस स्कूलको उद्देश्य नितान्त फरक थियो । यस स्कूलको स्थापनामा अर्कै शैक्षिक दर्शन थियो: उपदेश र आदेशबाट वा कक्षामा कोरा पाठ्यपुस्तकको पढाइ, घोकाइ र स्मृतिमा जोड दिने पद्धतिमा यहाँ विश्वास गरिदैन थियो । शिक्षक, कर्मचारी र विद्यार्थीहरूका बीच खवाइ, लावइ र रहनसहनमा केही भिन्नता थिएन- सबै आ-आफ्नो भूमिका मात्र सम्पादन गर्दथे । विद्यार्थीहरूलाई नियमित शिक्षण र गृहकार्यका साथै शारीरिक, सांस्कृतिक र मानसिक विकासका निम्ति ठूलो जोड दिइएको थियो । बाटो र खेलकूद मैदानको निर्माणमा श्रामिक सरह नै शिक्षक-विद्यार्थी दुवै काम गर्दथे । खेलकूदका अतिरिक्त नाचगानमा र बेलाबखत साहित्यिक कार्यक्रममा पनि विद्यार्थीहरूलाई संलग्न गराइन्थ्यो । यसरी स्कूलको सारा वातावरण शिक्षक, विद्यार्थी र अन्य कामदारसितको एकात्मकता त्यहाँ साँच्चि नै समानता र भातृत्वको संस्कार भएका उच्च गुणस्तरको शिक्षा हासिल गर्ने नयाँ सुसम्य र सुसंस्कृत नागरिक तयार भइरहेका थिए । वास्तवमा त्यसबखत त्यहाँ पढेका विद्यार्थी हाम्रो समाजमा विभिन्न रूपले योगदान दिने व्यक्तिका रूपमा आज कार्यरत छन् । उनीहरूका बीचको स्नेह र सौहार्दता अनि उदारता आज पनि उस्तै छ । यस स्कूलको अर्को उद्देश्य थियो पछाडिएका र विपन्न समूदायका वालवालिकालाई शिक्षा प्रदान गर्नु यस शिक्षा दर्शनका शैक्षिक पथप्रदर्शक र बौद्धिक सल्लाहकार मदन थापाज्यू हुनुहुन्थ्यो । उहाँ एकताका दार्जिलिङ कम्युनिष्ट पार्टीका एक मूर्धन्य नेता हुनुहुन्थ्यो र पार्टी छाडेपछि उप्रेतीज्यूका आजीवन मित्र र सल्लाहकार रहनुभयो । त्यसबेला उहाँ त्यस स्कूलको प्रधानाध्यापक हुनुहुन्थ्यो । अर्का सल्लाहकार एवं एक आदर्श शिक्षक उहाँका मीत देवीप्रसाद काफ्लेज्यू हुनुहुन्थ्यो । तेह्रथुम र संखुवासभाका उहाँ एक प्रसिद्ध कांग्रेसी बुद्धिजीवी हुनुहुन्थ्यो । मैले उहाँलाई भेटें अनि आफ्नो शैक्षिक योग्यता र राजनैतिक विश्वासका विषयमा बताएँ । केही दिन त्यहाँ बस्ने अनुरोध गर्नुभयो । मदन थापाज्यूसित धेरै विचार विमर्श भयो ।

उप्रेतीज्यू पनि कुनै राजनैतिक विचारधाराका विरूद्ध हुनुहुन्थ्यो । विद्यार्थीमा अन्तर्निहित क्षमताको विकास गरिदिएपछि उनीहरू आफ्नो रूचि अनुसार आफैं आफ्नो बाटो रोज्न समर्थ हुन्छन् भन्ने उहाँको विचार थियो । उहाँहरूको आन्तरिक विचार विमर्शपछि मैले चाहेमा शिक्षकका रूपमा त्यहाँ काम गर्न सक्ने प्रस्ताव आयो । मैले स्वीकार गरें । उप्रेतीज्यूले मलाई शिक्षणका अतिरिक्त सहकारीताको स्थापना र बेठबेगार उन्मूलन कार्यमा संलग्न हुन अनुरोध गर्नुभयो । म आजीवन उहाँसितको मित्रतामा आबद्ध भएँ अनि आफ्नो कार्यमा संलग्न भएँ । म आफ्नो विचार राख्न र प्रचार गर्नमा

स्वतन्त्र थिएँ । केही महिनापछि उहाँ र मदन थापाज्यू झापा फर्कीनुभयो । देवीप्रसादज्यू र म त्यही बस्यौं । २०१७ साल पुसको दोस्रो हप्तामा म पढाउँदा पढाँउदै गिरफ्तार भएँ र धनकुटा जेलमा बसें ।

जेलबाट मुक्त भएपछि म दार्जिलिङमा निर्वासित जीवन बिताउन थालें । देवीप्रसाद उप्रेतीज्यूले म स्कूलबाट गिरफ्तार भएकाले जेल बसेका समयको मेरो तलबको क्षतिपूर्तिका रूपमा केही रकम मलाई दिने निर्णय गर्नुभएको रहेछ । म जेल जानमा स्कूलसित कुनै सरोकार थिएन, म त माथिबाटै गिरफ्तार भएको थिएँ । उहाँको यस कामले आश्चार्य चकित भएँ । दार्जिलिङमा म केही दिन उप्रेतीज्यूका परिवारसित रही मदनथापाज्यूको घरमा बसेर टर्नबुल हाइस्कूलमा पढाउन थालें । थापाज्यू, उप्रेतीज्यू र मेरा बीचमा आत्मीयता र पारस्परिक विचारको आदन-प्रदान रहिरह्यो । काजीमान कन्दङ्वाज्यू र शैलेन्द्रकुमार उपाध्यायज्यू सर्वशक्ति सम्पन्न दौडाहामा आएका बखत थापाज्यू दार्जिलिङ आउनु भयो र लामो छलफलपछि उहाँसँग म झापा फर्के । कुनै कागज नगरिकन मेरो देशव्यापी वारन्ट रद्द गरियो । उप्रेतीज्यूसँग केही दिन बसेपछि विचारसिंह कन्दङ्वाज्यू र म पुनः पोखरी हाइस्कूल गयौं । हाम्रो मुख्य अभिभारा जनजागरण ल्याई जनश्रम र चन्दाद्वारा पोखरी हाइस्कूलको विशाल भवन निर्माण गर्नु थियो । म त्यहाँ एक वर्षसम्म शिक्षाका साथै जनपरिचालानमा विचारसिंहज्यूका साथ कार्यरत रहें र २०२१ सालतिर काठमाडौं आएर अध्ययन पश्चात् त्रिभुवन विश्वविद्यालयमा २०२४ सालदेखि प्राध्यापन गर्न थालें तर उप्रेतीज्यू र मेरा बीच आपसी भेटघाट र सम्बन्ध कायमै रह्यो ।

देवीप्रसादज्यूको सर्वाधिक महत्वपूर्ण योगदान शिक्षाका क्षेत्रमा रहेको छ । कोशी र मेचीका खास गरी झापा, तेह्रथुम र इलामका विद्यालय र महाविद्यालयहरूको स्थापना र संचालनमा उहाँले प्रदान गर्नुभएको चन्दा र जग्गा प्रदान त्यहाँको शैक्षिक इतिहासमा अंकित रहनेछन् । उहाँको शिक्षा प्रसारकाबारे विशेष दृष्टिकोण कस्तो थियो भने प्रत्येक बालबालिकाले अनिवर्यारूपमा पढन् पाउनुपर्छ र आर्थिक कारणले कुनै बालबालिका पनि शिक्षाबाट वञ्चित हुनुहुन्न । उहाँले आफ्नो जमीन्दारीमा आफ्नो शैक्षिक नीति लागू गर्न जग्गाधनीले एक विगाहमा एक कठ्ठा जमीन शिक्षाकरका रूपमा दिनु पर्ने व्यवस्था गर्नुभयो । फलतः निकै प्राथमिक स्कूल, पोखरी हाइस्कूल र प्राणमी निम्न माध्यमिक स्कूल र घैलाडुब्बा हाइस्कूल पूर्णतः निशुल्क भएका थिए । मलाई अझ संझना छ, तत्कालीन मन्त्री विश्वबन्धु थापाले घैलाडुब्बा गई विगहट्टी शिक्षाकरका विषयमा जानकारी लिनु भएपछि नेपालमा कसरी अनिवार्य निःशुल्क शिक्षा लागू गर्ने त्यसको उपाय पत्ता लागेको कुरा भन्नु भएको थियो । जमिन्दारी उन्मूलन भएपछि उहाँको विगहट्टीका विरोधमा भूमिपतिहरूको आवाज त उठिरहेकै थियो, तर सरकारले कुनै समर्थन पनि दिएन । आठराई पोखरी सिम्लेमा एउटा सामान्य परिवारमा जन्मनुभएका उप्रेतीज्यूले कलिलैमा पितृविहीन हुनुपऱ्यो । उहाँ आफ्नो भाग्य अजमाउन भागेर काठमाडौं जानु भई चारपास पास गरी नौसिन्दा बहिदार भई झापा जानु भयो । तर उहाँको हात कलम भयो र उहाँ दार्जिलिङ जानुभयो । उहाँको जीवनको यो एउटा ठूलो मोड थियो । त्यहाँ आधुनिक जातपात विहीन समाज र उच्च गुणस्तरयुक्त शिक्षाका

साथै नेपालबाट निर्वासित जीवन बिताइरहेका विद्वान् र नेताहरूसित समेत उहाँ सर्म्पकमा आउनुभयो । उहाँको सोचाइमा गहिरो प्रभाव पार्ने व्यक्ति हुनुहुन्थ्यो । पूर्णबहादुर मानव । कुनै 'वाद' भन्दा मानवको अन्तर्निहित क्षमताको विकास र मानवतावादमा मानवज्यू विश्वास गर्नु हुन्थ्यो । वास्तवमा उप्रेतीज्यू समाजका पछाडिएका मूलभूत कुरामा परिवर्तन ल्याई आधुनिकीकरणको पूर्वाधार तयार गर्न चाहनु हुन्थ्यो । यसका निम्ति सर्वाधिक महत्वको कुरा शिक्षा नै उहाँले ठान्नु भएको थियो । उहाँका निम्ति राजनैतिक पार्टी र परिपाटीलाई साध्य नठानी साधन मात्र थिए ।

उहाँको बोलाउने प्रचलित नाम 'बहिदार बा' अथवा 'जमीन्दार बा' थियो । उहाँका जीवनको अर्को अविच्छेद्य सम्बन्ध जमीनसँग थियो । सात सालपछि झापा फर्केर आठसालपछि मात्र उहाँको हातकलम फुकुवा भयो र आफै जमीन्दार हुनुभयो । पहिले अर्काका नाउँमा उहाँ जमीन्दारी चलाउनु हुन्थ्यो । क्रमशः उहाँ झापाको मात्र होइन, नेपालकै एक नामी जमीन्दार बन्न पुग्नुभयो । अति प्रतिभाशाली र विलक्षण स्मरणशक्ति सम्पन्न देवीप्रसाद उप्रेतीज्यूलाई झापाको एक एक चप्परी थाहा थियो- कुन ठाउँ अग्लो छ वा उब्जाउ छ कन्ठै थियो । नेपालको भूमि व्यवस्थाको उहाँ एक विश्वकोष नै हुनुहुन्थ्यो । ताइवान र दक्षिण कोरियामा सफल भूमिसुधार विशेषज्ञ एक अमेरिकाली विद्वान् लिन्जेले नेपालको भूमि व्यवास्थाको अध्ययन गर्ने क्रममा झापा घैलाडुब्बा गई उप्रेतीज्यूलाई भेटेपछि नेपालका सर्वश्रेष्ठ भूमिव्यवस्था विशेषज्ञ भनेका थिए । भूमिसुधार र जमीन्दारी प्रथाको उन्मूलनपछि मेरो उहाँसँग यसबारे विस्तारमा छलफलभएका थियो । म त्यस भूमि सुधारलाई नरम भन्ने पक्षमा थिएँ । उहाँको विचारमा त्यस कदमले सारा देशमा भूमिव्यवस्थामा एकरूपता ल्याएको र भूमि संग्रह गर्ने भावनामा भने वैज्ञानिक प्रहार गरिएको त्यो भूमि सुधार थियो । उहाँले त्यसबाट आफैंलाई वर्षको ५/६ लाख नोक्सान भएको उदाहरण दिनुभएको थियो ।

पूर्व पश्चिम राजमार्ग आफ्नै स्रोत साधनबाट बनाउने अभियान चलेको समयमा स्व. श्री ५ महेन्द्रको भ्रमण झापामा भएको थियो । तात्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाज्यूले त्यस राजमार्गका निम्ति चन्दाको आग्रह गर्दा उहाँले थापाज्यूलाई आफ्नै स्रोत र साधनले बन्ने हो भने आफ्नो सम्पत्तिको आधा दिने कुरा गर्नुभएको थियो भन्ने कुरा मैले सुनेको थिएँ । उहाँको परिस्थितिको मूल्याकंन गर्ने विलक्षंण खुबी थियो । कुनै पनि सत्ता र राजनीति उहाँका निम्ति साध्य नभएर साधनमात्र थिए ।

उहाँका अर्का परममित्र स्व. मास्टर कृष्णबहादुर खत्री हुनुहुन्थ्यो । उहाँ एकदमै सरल र जातपातका कट्टर विरोधी हुनुहुन्थ्यो । उहाँले पनि सुरूमा शिक्षकको काम गर्नु भएकाले मास्टरका नामले परिचित हुनुहुन्थ्यो । उप्रेतीका अनेकौं विचारलाई मूर्तरूप दिन व्यावहारिक योजना उहाँले बनाउनु हुन्थ्यो । नयाँ बाटोको सर्वेक्षणमा उहाँ एक कुशल इन्जिनियर जत्तिकै हुनुहुन्थ्यो ।

झापा आवाद गरी पहाडका मानिसको बस्ती बसाउने जस्ता अनेकौं कुरामा उहाँको सल्लाह अचुक हुन्थ्यो । देवीप्रसाद उप्रेतीज्यूको आजीवन आर्थिक सम्वन्ध जमीनसितै रह्यो । उहाँ कारखानाको स्थापना गरी उद्योगपति हुन कहिल्यैं लाग्नु

भएन । उहाँका धान मिल या व्यापार कहिल्यै फस्टाएनन् उहाँको जीवन अनेकौं विरोधभासले परिपूर्ण थिए । एक साधारण किसानदेखि एक क्रुर भूमिपति हुँदै एक समाज सुधारक र शिक्षा सेवी हुनाका साथै एक मानवतावादीका रूपमा देखिन्हुन्छ । त्यस्तै चार पत्नीका स्वामीका रूपमा सबै पत्नी र छोराछोरीका बीचको स्नेह सम्बन्ध र जटिलता त्यस्तै विरोधकाभासपूर्ण छ ।

उहाँको स्वास्थ्य विग्रिदै गयो- निकै वर्षदेखि अन्तोगत्वा उहाँलाई मिर्गोला सफा गर्न डाइलसिस दिएर राख्नु पर्ने भयो र उहाँ काठमाडौं आएर बस्नु भयो । मास्टर कृष्णबहादुरज्यूको मृत्युले उहाँलाई ठूलो आघात भयो । उहाँलाई विमारले च्याप्तै गर्दा मदन थापाज्यूको पनि मृत्यु भयो । उहाँलाई यो कुरा लुकाइयो, तर आँखिर यो दुःखद घटना पनि थाहा दिने परिस्थिति आयो । उहाँलाई झन् आघात पर्‍यो । उहाँ मृत्युसँग जवरजस्ती लडिरहनुभएको थियो । आफ्नो जीवनकालमै उहाँले चन्दाका रूपमा विभिन्न स्कूल र कलेजलाई दिनुभएको जग्गा नौसय विघा भन्दा बढी थियो । ती जग्गाको संरक्षण र तिनबाट आउने आयबाट सरकारी सहायताबाट चलेका शिक्षण संस्थालाई पूर्वाधारको निर्माणमा र सहायता राम्रो नभएका शिक्षण संस्थाको संचालनमा खर्च गर्ने विचारबाट 'देवीप्रसाद शिक्षण संस्था ट्रस्ट' खडा गरी सरकारी तवरबाट स्वीकृति दिलाउन हतारिनु भएको थियो । यस काममा गङ्गा उप्रेतीज्यू (पोखरी हाइस्कूलका विद्यार्थी, हाल प्राध्यापक, प्रसिद्ध वामपन्थी लेखक र बुद्धिजीवी) को भूमिका अविस्मरणीइ छ ।

१९९५ को सेप्टेम्बरमा पेइचिङबाट तिब्बत हुँदै १० दिनका निम्ति काठमाडौं आएको थिएँ । उहाँको अवस्था थाहा पाएर भेट्न गएँ । उहाँ नयाँ बानेश्वरको परतिरपट्टि एउटा भरखर बनेको सानो घरमा बस्नु भएको थियो । एक छिन भलाकुसरी भयो । त्यहाँ वातावरण शुन्य थियो । उहाँ र म मात्र थियौं । उहाँ नराम्रोसँग रून थाल्नुभयो । मलाई पनि भक्कानो फुटिरहेको थियो । उहाँले भन्नुभयो 'मैले जीवनमा धेरै पाप गरेको छु । यो जीवनको अन्त्य हुँदैछ आदि आदि' । उहाँले 'देवीप्रसाद शिक्षण संस्था ट्रस्टमा' मलाई पनि सदस्य राखेको जानकारी दिनुभयो । मैले आफ्नो कर्तब्य निर्वाह गर्ने वचन दिएँ । उहाँका भनाइ थियो, 'सर, मैले तपाईलाई चिनेको छु, तपाईले स्वीकृति दिनु हुन्छ भन्ने मलाई विश्वास थियो ।' धेरै कुराकानीपछि म फर्किएँ । १९९६को दिसेम्वरको अन्त्यमा मैले चीनबाट फर्किने वित्तिकै गङ्गाप्रसाद उप्रेतीज्यूलाई सोधें- उहाँको मृत्यू भएछ । उहाँले आफ्नो सेवा गर्ने महेन्द्र भुजेल अनि एकजना सतारलाई बोलाउनु भई ५/५ बीघा जग्गा दिनुभएछ । पछि म भद्रपुर गएँ । त्यो घैलाडुब्बा हाइस्कुलका विशाल भवन, भद्रपुर र सुरूङ्गाको क्याम्पस उदास भएर ठडिरहेका जस्ता देखिन्थे । मलाई झापामा त्यो विशाल व्यक्तित्वको अभाव पाइलापाइलामा खट्किरहेको थियो ।

पूर्वाञ्चलतिर सवैले संभ्फने व्यक्ति : देवीप्रसाद उप्रेती

- गङ्गाप्रसाद उप्रेती



बितेका ६ दशकमा नेपाल र नेपाली समाजलाई रूपान्तरण गर्न विविध क्षेत्रबाट विभिन्न मान्छेले विशिष्ट योगदान दिएका छन् तर राज्यशक्ति उपभोगका हकदार ठान्ने राजनेताहरूका वरिपरिमात्र राज्यका संचारयन्त्रहरू केन्द्रित रहने हुनाले अन्य क्षेत्रका नायकहरू जहिले पनि राजनीतिको ओझेलमा वेखवर भएका छन् । मुलुकको इतिहास त झन यति सोह्रो अविवेकी र क्रुर छ कि ऊ आफ्ना पानाहरूमा राजनैतिक व्यक्तिका महत्वाकांक्षा र कुण्ठाबाट सृजना गरिएका जालझेल, झगडा र विद्वेषका घटनाहरूमात्र सजाउनु आफ्नो पौरख ठान्दछ । इतिहासको यो वेइमानीबाट गैरराजनैतिक क्षेत्रमा कार्यरत रहेर देश र जनताका लागि केही गरेका र गर्न चाहने थुप्रै राष्ट्र सेवकहरू हाम्रो मुलुकमा पीडित रहेका छन् । साहित्य, संस्कृति, धर्म, शिक्षा तथा समाजसेवामा आफूलाई लगाएर ठूला ठूला आन्दोलनको संरचना गर्ने व्यक्तिहरूका व्यक्तिगत एवम् सामुहिक प्रयत्नका परिणामले मुलुकलाई कसरी हल्लायो र समयको गतिसँगै समाज कसरी रूपान्तरित भयो, त्यसको विवेकी निष्कर्ष पो बन्नु पर्ने थियो त-इतिहासले । तर त्यसो भएन, उसले पनि आफ्ना अमूल्य पानाहरूमा राजनीति बाहिरका व्यक्ति र तिनले रचेका घटना एवं प्रयत्नहरूको लेखाजोखा गर्नु पर्ने आवश्यकता कहिल्यै देखेन । त्यसैले इतिहास स्वयंमले कहिल्यै पनि पूर्णता प्राप्त गर्न सकेन र यो मात्र सत्तामा झुम्ने सैंदुवाको स्तुतिकथा मात्र बन्न पुग्यो । प्रायजसो अर्धसामन्ती संरचनामा अडिएका मुलुकहरू जस्तै हाम्रो मुलुकको इतिहास पनि यस्तै पक्षपाती र सैंदुवा हुन पुग्यो । फलस्वरूप गैर राजनीतिक क्षेत्रका अनेकौं समाजसेवीहरू इतिहासको मझेरीबाट निर्वासित भए एवम् भइरहेछन् । यसरी निर्वासित एवम् विस्थापित भएर पनि मान्छेहरूका स्मृतिमा बाँचिरहने धेरै मान्छेहरूमा पूर्वाञ्चलका देवीप्रसाद उप्रेती पनि हुनुहुन्छ । उहाँको उदार दृष्टिकोण र दानशील स्वभावको रापमा पूर्वाञ्चलका धेरै ठाउँहरू अज्ञानताको अन्धकारबाट मुक्त भए औ धेरै युवा युवतीहरू वर्तमानमा विविध क्षेत्रका आधिकारिक नाइके भएर उभिन सक्ने भएका छन् । तर यी सबका कारक देवीप्रसाद आफ्ना अरू सहयात्री जस्तै ओझेलको ओझेलमा नै छन् । समयले सृजना गरेको योभन्दा ठूलो बिडम्बना के हुन सक्ला !

देवीप्रसाद उप्रेतीका जीवनक्रमको सक्रियता आधुनिक नेपालको अन्तिम साढे छ दशकको इतिहाससँग गाँसिएको छ । विक्रम सम्वत १९६९ साल बैशाख १ गते सुदूर पूर्वमा रहेको तेह्रथुम जिल्लाको आठराई, सिम्ले भन्ने गाउँमा उहाँको जन्म भएको थियो । उहाँका पिता स्व. रविलाल उप्रेतीले औषधि उपचार सम्बन्धी सामान्य तालिम लिएकाले उहाँलाई गाउँघरमा "डाक्टर उप्रेती" भन्ने गरिन्थ्यो । उहाँले केही दिन भारतको देहरादुन छाउनीमा रही ब्रिटिस भारतको सेनामा सामान्य औषधि उपचार गर्ने नोकरी पनि गर्नु भएको थियो । उहाँको यो नोकरी अवधि त्यति लामो रहेन । यसरी उहाँ ब्रिटिस भारतको सेनाबाट अवकाश प्राप्त व्यक्ति भएकाले उहाँलाई समसामयिक संसारका घटना चक्रको थोरबहुत ज्ञान थियो । त्यसकारण आफ्नो क्षेत्रमा उहाँ निकै सचेत नागरिकको रूपमा परिचित हुनुहुन्थ्यो । गाउँमा फिरेपछि उहाँको व्यवसाय औषधि उपचार गर्ने भन्दा गाउँका उमेर पुगेको युवा युवतीहरूलाई एक ठाउँमा भेला पारी पढाउने रह्यो । उहाँले हालको मेची र कोशी अञ्चलका पहाडी जिल्लाका धेरै ठाउँहरूमा अस्थायी रूपमा हिउँदे पाठशाला खोली विद्यार्थीहरूलाई पढाउने गरेको कुरा तत्कालीन मान्छेहरू बताउँछन् । यसरी पुत्र देवीप्रसाद उप्रेतीले पनि आफ्ना पिताले खोलेका अस्थायी विद्यालयमा नै प्रारम्भिक शिक्षा आर्जन गर्नु भएको थियो । आफ्ना पुराना गुरू रविलाल र उनका पुत्र, आफ्ना सहपाठी देवीप्रसाद उप्रेतीलाई संझदै चैनपुर (हालको संखुवासभा जिल्ला) का लब्धप्रतिष्ठित चौरासी वर्षीय श्री भोलामान श्रेष्ठ (हाल गैरीधारा, टङ्गाल काठमाडौं) भन्नुहुन्छ,- "गुरू रविलालका पुत्र देवीप्रसाद हामी सहपाठी साथीहरूभन्दा ज्यादै जेहेन्दार र चलाख थिए । त्यसकारण पढाइमा उनले हामीहरू सबैलाई जित्थे ।" हालको मेची अञ्चलको ताप्लेजुङ जिल्लाका ताप्लेजुङ र दोभान, कोशी अञ्चलका आठराई, तेह्रथुमबजार, चैनपुर बजारमा खोखिएका अस्थायी हिउँदे विद्यालयमा देवीप्रसादसँगै पढ्ने डा. रविलालका थुप्रै चेलाहरू त्यस क्षेत्रका लब्धप्रतिष्ठित नागरिकका रूपमा मानिन्छन् ।

सम्वत् १९८४ सालमा पिता रविलालको देहावसान भएकाले देवीप्रसादको थाप्लोमा पारिवारिक दायित्व आइपर्‍यो । उहाँकी माता लिलाबाईकी उहाँबाहेक पवित्रादेवी नामकी एउटी छोरी थिइन् । दिदी पवित्रादेवीको विवाह वाल्यकालमा नै भइसकेकाले देवीप्रसादले संचालन गर्नु पर्ने परिवार सानो थियो । देवीप्रसादकी आमा पनि आफ्ना पतिसँगै देहरादुन छाउनीमा केही दिन बसेकी र देश परदेशसमेत गरेकी हुनाले आफ्नो ठाउँमा निकै चेतनशील महिला मानिन्थिन् । त्यसकारण आलो वालख छोरालाई व्यावहारिक झन्झटमा फसाउनुभन्दा जसरी भए पनि पठनपाठनमा तल्लीन राख्न चाहन्थिन् ।

वि.सं. १९८६ सालको एउटा सामान्य घटनाले देवीप्रसाद भित्रको स्वाभिमानले विद्रोहको रूपमा विस्फोट हुने मौका पायो । स्थानीय साहुका दूर्वचनले आफ्नी आमाले अपमानित हुनु परेको कुरा थाहा पाएपछि वालक देवीप्रसादभित्र विद्रोहको राँको सल्कयो । त्यतिवेला उहाँ नजिकै बारीमा जोतिरहनु भएको थियो रे । आमा अपमानित भएको घटना आफैंले देखेपछि र आमा विरूद्ध प्रयोग भएका दुर्वचनहरू आफ्नै कानले सुनेपछि घायल भएका देवीप्रसाद उप्रेती आफैंले भिरेको खुकुरीले हलो, जुवा काटी, नारेका

गोरूलाई बारीमा नै छोडी एकाएक बेपत्ता हुनु भएछ । यसरी गाउँबाट बेपत्ता हुनु भएका उप्रेती केही दिन पछि काठमाडौं आइपुग्नु भएछ । काठमाडौंमा अध्ययनरत आफ्नै गाउँका दौंतरीहरू स्व. गङ्गाप्रसाद सिटौला (बहिदार सिटौला) स्व. बद्रिप्रसाद थपलिया, स्व. जनार्दन सिटौला आदिसँग भेट भएपछि तत्कालीन स्रेस्ता पाठशालामा अध्ययन गर्ने व्यवस्था भएछ । यसरी देवीप्रसादज्यूले तत्कालीन स्रेस्ता प्रणालीको चार पास गर्नु भएछ । भनिन्छ-स्रेस्ता प्रणालीको चार पासे परीक्षामा सहपरीक्षार्थीको रूपमा सहपाठी विजय शमशेर पनि थिए । सो परीक्षामा देवीप्रसाद प्रथम र विजय शमशेर दोस्रो भएका थिए ।

आफ्नो अध्ययन चार पासमा नै स्थगित गरी वि.सं. १९९० मा उहाँले नोकरी शुरू गर्नु भयो । नोकरीको क्रममा झापा अमिनीको बैदार भएर उहाँ मधेश झर्नु भयो । स्वाभिमानी एवम् विद्रोही स्वभावको कारणले उहाँको यो जागिर लामो समयसम्म टिक्न सकेन । आफ्नै अड्डाका हाकिमसँग झगडा पर्न गएकाले अड्डाभित्रै उहाँका विरूद्ध जाल रच्न थालिएछ । फलस्वरूप आफ्ना फाँटका केही फायलहरू गायव भएको अभियोगमा उहाँका विरुद्ध आर्थिक हिनामिना र अनियमितताको अभियोग लगाइयो र राणा सरकारका प्रतिनिधि गंभिरजङ्ग थापाका दौडाहामा यो मुद्दा पेसी गरी उहाँलाई दोषी ठहराइयो । यसरी छोटो अवधिमा नै उहाँको जागिर टुटे पनि यही जागिरका कारणले उहाँ पहाडतिर जीवन भर "बहिदार बाजे" का रूपमा परिचित हुनुभयो । दौडाहाले उहाँको जागिरमात्र खाएन, उहाँलाई कैद सजाय गरेकाले सो कैदबाट बाँच्न दार्जीलिङमा निर्वासित भई बस्न विवश गरायो ।

दार्जीलिङको निर्वासित जीवन उहाँका जीवनको महत्वपूर्ण समयावधि हुन पुग्यो । त्यतिबेला मधेशका जग्गा आवादी गरी बस्ती बसाउने जिम्मा स्थानीय जमिन्दारलाई दिइन्थ्यो । राणाबाट नियुक्त जिमिन्दारले पर्ति जग्गामा बस्ती बसाई रैतीबाट जग्गा आवाद गराई सो जग्गाको मालपोत उठाएर राणा सरकारलाई बुझाउनु पर्थ्यो । मलेरियाको जगजगीले तराईमा बस्ने मान्छे नपाइने र बाँध पैनी एवम् खेतीको लागि उपयुक्त सुविधा नभएकाले हाल आवाद गरिएका धैरै जसो जग्गा बाँझो रही रैतीबाट मालपोत असुल हुन सक्तैनथ्यो । यसरी बक्यौता रहेको मालपोत जिमिदारका थाप्लामा जान्थ्यो र जमिन्दारले आफै सरकारमा बुझाउनु पर्थ्यो । मालपोत समयमा सरकारलाई बुझाउन नसक्ता जमिन्दारी लिलाम गरिन्थ्यो र नयाँ जमिन्दारलाई सो लिलामको डाक स्वीकार्न लगाइन्थ्यो । आफू दार्जीलिङमा निर्वासित भए पनि देवीप्रसादजीले आफ्ना आफन्तका नाममा यस्ता लिलाम चढेका मौजाहरूको डाक सकार गरी जमिनको कारोवार शुरू गर्न थाल्नु भयो । आफन्तलाई निमित्त जमिन्दार खडा गरी शुरू गरिएको जमिनको व्यवसाय नै उहाँको आर्जनको प्रमुख स्रोत बन्न पुग्यो ।

देवीप्रसादको दार्जीलिङको आवास नेपालबाट राजनैतिक कारणले निर्वासित भएका राजनेता, कार्यकर्ता, साहित्यकार र बुद्धिजीवीको भेट गर्ने थलोको रूपमा रहेको कुरा उहाँले आफ्ना संस्मरणमा उल्लेख गर्नु भएको छ । काठमाडौंबाट राजनैतिक अभियोग लागी भागेका पूर्णबहादुर "मानव" (पूवानेवा) देवीप्रसादजी कै दार्जीलिङको डेरामा बस्नु हुन्थ्यो । उहाँबाट नै देवीप्रसाजीले पाश्चात्य शिक्षा प्राप्त गरी धैरै ज्ञान ग्रहण गर्नु भएछ । त्यसैले आफूले जीवनमा धैरै आदर गर्नु पर्ने व्यक्तिको नाम लिंदा देवीप्रसादजी "पूवा नेवा"को नाम लिने गर्नुहुन्थ्यो । "पूवा नेवा" को देवीप्रसादजीसँगको यो सम्पर्कले

नेपालबाट दार्जीलिङमा पढ्न जाने धैरै युवालाई धैरै फाइदा पुऱ्यायो । किनभने नेवाजीलाई सामान्य खान्कीमा शिक्षक बनाई त्यस्ता विद्यार्थीलाई पठनपाठन गर्न लाउनु भयो । यसरी त्यसबेला देवीप्रसादको घरमा बसेर पूवा नेवाजीद्वारा पढाइएका धैरै विद्यार्थीहरू आज झापा, ईलाम र आठराईमा स्थापित व्यक्तित्वका रूपमा रहेका छन् । आज पनि उनीहरू देवीप्रसाद र मानवजीसँग ज्ञान आर्जनका ती स्वर्णीम दिनहरूलाई आफ्ना जीवनका अविस्मरणीय क्षणका रूपमा संझिने गर्छन् ।

दार्जीलिङको यो बसाइलेनै देवीप्रसाद उप्रेतीलाई मुलुकको राजनीतितिर पनि सोच्न विवश बनायो । नेपालबाट निर्वासित भएका नेताहरू स्व.बी.पी.कोइराला, स्व.पुष्पलाल श्रेष्ठ, श्री गणेशमान सिंह, श्री डिल्लीरमण रेग्मी तथा साहित्यकारमा महाकवि लक्ष्मीप्रसाद देवकोटा आदि दार्जीलिङमा उहाँकै डेरामा बस्ने गर्थे । यी राजनेता र साहित्यकारको सम्पर्कबाट नै नेपालमा रहेको एकतन्त्री राणा शासनलाई विस्थापित गर्ने आन्दोलनमा आफू पनि सक्रिय रहनुपर्ने प्रेरणा उहाँले प्राप्त गर्नु भएको कुरा उहाँले आफ्ना संस्मरणमा लेख्नु भएको छ । दार्जीलिङको उहाँको डेरामा भए गरेका थुप्रै राजनैतिक घटनाहरूका बारेमा उहाँले धैरै संस्मरणहरू लेख्नु भएको छ । हाल अप्रकाशित रूपमै रहेका उहाँका संस्मरणहरूले तत्कालीन नेपाल र सात सालको क्रान्तिको इतिहासका छोपिएका धैरै पानाहरूलाई उजागर गर्ने छन् ।

बि.सं. २००७ सालसम्म नै उहाँ दार्जीलिङमा निर्वासित रूपमा बस्नु भयो । सात सालमा राणा विरोधी आन्दोलन छेड्ने नेपाली कांग्रेसले निर्णय गरेपछि उहाँ झापा झर्नु भयो । झापाका आफ्ना सहयोद्धा स्व.भैरवप्रसाद आचार्य, स्व.धर्मप्रसाद ढकाल, स्व.महानन्द सापकोटा र श्री नरेन्द्रनाथ वास्तोलासँग मिलेर "मुक्ति सेना" को निर्माण गरी कोशी, मेचीका धैरै ठाउँ राणाबाट मुक्त गराउन क्रान्ति सञ्चालन गर्न भयो । सात सालको यो क्रान्ति "दिल्ली संझौता"बाट टुङ्गिए पछि आफ्ना सहयोगी उपर्युक्त महानुभावको सहभागितामा "पूर्वाञ्चल सामयिक सरकार"गठन गरी केही समय स्थानीय रूपमा सरकार संचालन गरेको तथ्य पनि इतिहासका गर्भमा छ । क्रान्तिपछि नेतृत्वमा बस्ने नेताहरूमा बढेको खिचातानीले उहाँलाई सक्रिय राजनीतिबाट विमुख बनायो । यसपछि स्व. महानन्द सापकोटाका सल्लाहले उहाँहरू मुलुकमा शिक्षा प्रचारको अभियानमा जुट्ने निष्कर्षमा पुग्नु भयो । यही निर्णयको परिणामस्वरूप इलामको करफोकमा मूल कार्यालय रहने गरी "नेपाली भाषा प्रचारक संघ" खोलियो । यसका कर्ताकर्ता मध्ये देवीप्रसाद उप्रेती पनि एक हुनुहुन्थ्यो । सात सालको क्रान्ति र यो भाषा प्रचारक संघ भन्ने संस्थासँग जोडिएका धैरै महत्त्वपूर्ण ऐतिहासिक प्रसङ्गहरू अहिले पनि सार्वजनिक हुनसकेका छैनन् । संभवतः उहाँका सहयोध्दा मध्येका एक जना श्री नरेन्द्रनाथ बाँस्तोलाजीले तयार पारी प्रकाशित गर्नुभएको मा "पूर्वाञ्चल सात सालको क्रान्ति" भन्ने ग्रन्थले २००७ सालको क्रान्तिमा देवीप्रसाद उप्रेतीको के कस्तो योगदान रह्यो आदि इत्यादि धैरै कुराको प्रकाश पारेको छ । यस्का अतिरिक्त सात सालको क्रान्तिबारे उहाँको छुट्टै लेख पनि यही स्मृति ग्रन्थमा प्रकाशित भएको छ । त्यसले पनि धैरै कुरा प्रकाशित पार्ने छ ।

यसरी अब झापामा नै स्थायी बसोबास गर्न लाग्नु भएका स्व.देवीप्रसाद उप्रेतीज्यू वि.सं. २०१५ साल सम्ममा झापा जिल्लाकै सवैभन्दा ठूलो जमिन्दार भइसक्नु भएको थियो। २०१५ सालको आम निर्वाचन र त्यसपछि बनेका सरकारहरूमा उहाँको सामान्य नागरिकले कायम गर्ने सम्बन्धभन्दा बाहेकको कुनै राजनैतिक सम्बन्ध देखिएन। स्व. महानन्द सापकोटा जस्ता प्राज्ञको नियमित सम्पर्क र चेतनशील आफ्नी आमाको प्रेरणाले सात सालको राजनैतिक परिवर्तनपछि नै उहाँले आफ्नो निजी आर्जनलाई सार्वजनिक हितमा प्रयोग हुने गरी असक्त नागरिकहरूले शिक्षा आर्जन गर्ने शिक्षण संस्था स्थापना र संचालन गर्न लगाउनु भयो। यसो गर्ने प्रेरणा उहाँलाई आफ्नी आमाबाट विशेष रूपमा प्राप्त भएको प्रसङ्ग उहाँ बताउनु हुन्थ्यो। प्रसङ्ग प्रजातन्त्र प्राप्ति पछिका वर्षको हो। उहाँले आफन्तका प्रतिभाशाली छोरा छोरीहरूलाई दार्जीलिङमा राखेर पढाउने बन्दोवस्त मिलाउनु भएको रहेछ। दार्जीलिङमा पनि पढ्ने ती विद्यार्थीका खर्चका बन्दोवस्त मिलाउन उहाँ दार्जीलिङ गएकै बेला उहाँकी आमा पनि पहाडबाट दार्जीलिङ पुग्नु भएछ। दार्जीलिङमा आफ्ना छोराको चर्तिकला र त्यहाँको वग्रेल खर्च देखेर उहाँले आफ्ना छोरालाई भन्नु भएछ-"हेर नानी, नेपालमा कमाएर दार्जीलिङमा जुन किसिमले यसरी खर्च भइरहेछ त्यो आफ्नै गाउँमा शिक्षण संस्था खोल्ने काममा खर्च गरेमा अझ कति गरीबगुरवाले आँखा देख्न पाउँथे। यसरी अर्काको मुलुकमा छानी छानी गाउँका आफन्तहरूका छोरा छोरी ल्याई खर्च गर्दा आफ्नो जन्मस्थानलाई के फाइदा हुन्छ ? यसरी खर्च गर्न कति दिन सकिन्छ !" आमाका यस्ता दिव्यवचनले उहाँलाई निकै हल्लाएछ र ज्यादै पछौटे रहेको आफ्नो जन्मस्थानबाटै शैक्षिक जागरणको अभियान शुरू गर्ने अठोट उहाँले गर्नु भएछ। फलस्वरूप २०१२ सालमा आफ्नै जन्मथलो आठराई ईवाको सिम्ले भन्ने गाउँमा "प्रणामी विद्यालय" (हाल मा.वि), २०१४ सालमा आफ्नै कर्मथलो झापाको घैलाडुबामा "आदर्श विद्यामन्दिर निशुल्क हाईस्कूल" र २०१६ सालमा आठराई पोखरीमा पोखरी जुनियर हाईस्कूल स्थापना गरी मूलरूपमा आफ्नै खर्चमा सञ्चालन गर्न थालिए। यसपछि कोशी र मेची अञ्चलका पहाड र मधेशमा रहेका विभिन्न शिक्षण संस्थालाई पनि संस्था संचालनार्थ उहाँले आफ्नो निजी आर्जनको धेरै सम्पत्ति (चल र अचल) दान स्वरूप दिनु भएको छ। उहाँबाट प्राप्त दान र त्यस्तो दानप्राप्त गर्ने विभिन्न संस्थाको विवरण सूची यही अन्त्यमा प्रस्तुत अनुसूचिमा दिइएको छ।

२०१५ सालपछिका देवीप्रसाद उप्रेती पूर्णत : समाजसेवीका रूपमा चिनिनुहुन्छ। २०१७ सालको काण्डद्वारा राजा महेन्द्रले संसद विघटन गरी निर्दलीय पंचायती व्यवस्था लागु गरेपछि पंचायती राजनीतिमा सक्रिय रहन उहाँलाई समय समयमा माथिल्लो तहबाट नै अनुरोध गरिएको र एक समय यो व्यवस्थाका मूर्धन्य व्यक्ति सूर्यबहादुर थापा स्वयं देवीप्रसादसँगको आफ्नो व्यक्तिगत मित्रतालाई उपयोग गर्दै उहाँलाई पंचायती राजनीतिमा प्रवेश गराउन प्रयत्नशील रहेको कुरा यो लेखकलाई थाहा छ। तर मृदुभाषी देवीप्रसादजीले सूर्यबहादुर थापासँगको आफ्नो मित्रतामा कति पनि आँच आउन नदिई पञ्चायत प्रवेश गर्ने कुरालाई इन्कार गर्नु भयो। त्यसैले पंचायत

कालभरि शासक र प्रशासकहरूबाट उहाँ उपेक्षित रहनु भयो। कतिसम्म भयो भने पूर्वतिर उग्र दक्षिणपंथीदेखि उग्र वामपन्थी आन्दोलनहरू हुँदासमेत देवीप्रसादको गतिविधिमा निगरानी राखिन्थ्यो। आफ्ना परम मित्र कवि गोकुल जोशीको जन्म जयन्ती मनाउन एक पटक स्थानीय वामसमर्थक युवाहरूलाई चन्दा दिएको अभियोगमा, स्थानीय प्रशासनले पक्राउ गरी उहाँलाई राजकाज मुद्दा लगाउन बयानसमेत लिएको थियो। पछि स्थानीय जनता एवम् राजनैतिक कार्यकर्ताको दवावमा सो मुद्दा चलाइएन।

साहित्यकारहरूमा उहाँका सवैभन्दा आत्मीय दुई जना साहित्यकार रहेको कुरा उहाँले आफ्ना संस्मरणमा लेख्नु भएको छ। ती साहित्यकार हुनुहुन्थ्यो- भाषाशास्त्री महानन्द सापकोटा र जनकवि गोकुलप्रसाद जोशी। स्व. सापकोटालाई उहाँ आफ्नो शैक्षिक जागरण ल्याउने अभियानका प्रेरक सहयोध्दा मान्नु हुन्थ्यो भने गोकुल जोशीको सादाजीवन र उच्च एवम् विद्रोही विचारबाट उहाँ प्रभावित हुनुहुन्थ्यो। संयोगको कुरा नै भन्नुपर्छ–मौका मौकामा झापास्थित देवीप्रसाद उप्रेतीको घरमा निकै लामो अवधिसम्म बस्ने गरेका कवि जोशी वि.सं. २०१८ सालमा धेरै समय विरामी भई औषधि उपचार गराउँदा गराउँदै उहाँको घैलाडुब्बा स्थित घरमा बित्नु भयो। त्यस्तै महानन्द सापकोटाज्यू पनि प्रतिवर्ष एक महिना देवीप्रसादको घरमा गई उहाँसँग बस्ने नियमित कार्यक्रम अन्तर्गत वि.सं. २०३४ मा उहाँकै घरमा गई एक महिनासम्म उहाँसँग बसी विराटनगर फिरेको केही दिनमा नै बित्नु भयो। यी दुवै साहित्यकारबारे उहाँको दृष्टिकोण दुबैका बारेमा उहाँले लेख्नु भएका संस्मरणबाट बुझ्न सकिने छ। यिनै साहित्यकारको प्रेरणाबाट नै उहाँले "भानु" देखि "रूप-रेखा" सम्मका पत्रपत्रिकालाई यथोचित आर्थिक अनुदान प्रदान गर्नु भयो। साहित्यिक पत्रिका, सम्मेलन, गोष्ठी आयोजना गर्ने साहित्यिक संस्था र साहित्यकारलाई खुल्ला दिलले सहयोग प्रदान गर्ने प्रेरणा पनि उपयुक्त साहित्यकारका सत्संगले प्राप्त भएको कुरा उहाँ आफैं समय समयमा भन्नु हुन्थ्यो।

२०३६ सालमा जनमत संग्रहको घोषण भएपछि स्पष्ट रूपमा बहुदलको पक्षमा वक्तव्य सार्वजनिक गराउनु तथा २०४६ सालको जनआन्लदोलनपछि नयाँ संविधानको भावी स्वरूपमा लिखित सुझाउ दिनु बाहेक उहाँले राजनीतिसँग सम्बन्धित कुनै वक्तव्य एवं काम सार्वजनिक गराएको देखिएन। बहुदलको स्थापना पछिका निर्वाचनहरुमा जनआन्दोलनका सहभागी पार्टीहरुका प्रतिनिधिलाई समान स्तरले सहयोग दिएर पनि उहाँले आफ्नो राजनैतिक समुदुरीलाई सार्वजनिक गराउनु भयो। यति हुँदाहुँदै पनि बहुदलीय व्यवस्थाको आगमन पछिको समयमा पनि उहाँलाई आ-आफ्नो राजनैतिक चश्माले हेर्ने गरेर उहाँको राजनैतिक समदुरीको दृष्टिकोणलाई राजनैतिक नेता एवं कार्यकर्ताले बुझ्ने प्रयत्न गरेको देखिन्छ।

देवीप्रसाद उप्रतीका सान्निध्यको मौका पाउने जो सुकैले पनि उहाँमा दुई विपरित धुवीय व्यक्तित्व निहित रहेको कुरा अनुभव गर्छन्। उहाँका बुबा र आमासँग रहेको उदारता र उहाँको वाल्यकालको पृष्ठभूमिले रचेको दानशीलता एवं सहयोगी भावनाले उहाँलाई विशाल हृदय भएको दानशील समाजसेवी को रुपमा स्थापित

गराएको छ भने उहाँको आफ्नो निर्णयमा अडिग रहने वानी र आफ्नो वाल्यकालदेखिकै विद्रोहीपनले समयक्रममा कहि कहिले उहाँलाई अत्यन्तै कठोर, अव्यांवाहारिक ढिट र सम्झौताहीन जमिन्दारका रूपमा प्रस्तुत गऱ्यो । उहाँको दोश्रो व्यक्तित्वले कहिले काहीं उहाँलाई धेरै झमेलामा पनि फँसायो र कतिपय निजी कार्ययोजनामा असफल पनि बनाएको छ ।

कमजोरी मानावीय विशेषता हो । मान्छे हो र नै उसमा कमजोरीहरू अन्तर्निहित हुन्छन् । यसैकारण मान्छे देवता हुन सक्तैन । मान्छे भएको दुखनै उसका लागि अन्ततः सुखानुभूतिको स्रोत बन्छ । देवता हुने धोकाले मान्छेलाई जीवनमा पीडा बाहेक अरू केही पनि प्रदान गर्दैन । जब मान्छे मर्छ, उसका जीवनका दोष र कमजोरी बाहेक अरू केही पनि प्रदान गर्दैन । जब मान्छे मर्छ उसका जीवनका दोष र कमजोरीहरू सबै मर्छन् र केवल गुणमात्र कीर्तिमा अरोपित भएर बाँचिरहन्छन् । यी कुराहरु सबै मान्छे जस्तै देवीप्रसाद उप्रेतीज्यूमा पनि लागू हुन्छ र भएको पनि छ ।

आज देवीप्रसाद उप्रेती हाम्रा सामु हुनुहुन्न । वि.सं. २०४९ साल आषाढ ११ गते उहाँले यो संसारलाई छोड्नु भयो । आफ्नो जीवनको अन्तिम क्षणमा उहाँ आफूले विभिन्न संस्थालाई दिएका चल-अचल सम्पतिको सदुपयोग हुने कानूनी प्रबन्ध सरकारबाट भएको देख्न चाहनु हुन्थ्यो । यसबारे उहाँले सरकारलाई धेरैपटक अनुरोध पनि गर्नु भयो तर आश्वासन बाहेक सरकारबाट उहाँले केही पनि पाउनु भएन । अथाहा सम्पति आफ्नो जीवनकालमा विभिन्न संस्थालाई प्रदान गरेर पनि आफूले देह त्याग गर्ने बेलामा आफूसँग बाँकी रहेको केही सम्पत्ति आफ्ना सन्तानलाई भागवण्डा गरी अरू बाँकी रहेको करीब एक करोड नेपाली रूपैया पर्ने अचल सम्पति "निजानन्द आश्रम" नामक एक गैर सरकारी सामाजिक संस्था खोली त्यही संस्था मार्फत आफ्नो जन्म स्थान तेह्रथुमको आठराई इवा क्षेत्रको ग्रामिण विकासमा खर्च गर्ने इच्छापत्र लेखी उहाँले छोड्नु भएको छ । यो "इच्छापत्र" बमोजिम उहाँका शेषपछि उपयुक्त गैर सरकारी समाजिक संस्था उहाँका आफन्तले दर्ता पनि गरिसकेका छन् तर पहिला दान दिएका सम्पतिको दुरुपयोग रोक्न सरकारी स्तरबाट कानूनी संरक्षण प्रदान गर्ने बारेमा चाहिं केही काम पनि हुन सकेको छैन ।

काभ्रेपलाञ्चोकका विभिन्न विर्ताबाट विभिन्न समूह हुँदै पूर्व आठराई र यसका आपसमा बसाई गएका उप्रेती मध्ये देवीप्रसादका हजुरबा चिन्तमणिका बुबा सदानन्द उप्रेती आफ्नो विर्ताबाट चरिकोट हुँदै आठराई पुग्नु भएको कुरा खोजबाट थाहा भएको छ । ती चिन्तामणिका एक छोरा रविलाल उप्रेतीका पनि एउटा छोरा देवीप्रसाद उप्रेतीका विभिन्न श्रीमतीबाट जन्मेका आठजना छोरा र चार जना छोरी गरी जम्मा बाह्र जना सन्तानहरू नेपाल, भारत र अमेरिकाका विभिन्न भागमा कार्यरत छन् । उहाँको पार्थिक शरीर यो लोकमा छैन तर उहाँको त्यो समाजसेवी दानशील व्यक्तित्व चाहिं चीरञ्जीवी भएर पूर्वतिरका सबै मान्छेहहरूका स्मृतिमा "बैदारबाजे" र "जिम्दारबा"को रुपमा बाँचिरहेको छ । इति ।

२०५२-१-२३
गैरीधरा टंगाल

समाजसेवी देवीप्रसाद उप्रेती

१

– जनकप्रसाद हुमागाई

पूर्वी नेपालको शिक्षा प्रचारक तथा समाजसेवी झापा जिल्ला घैलाडुबा निवासी श्री देवीप्रसाद उप्रेतीको पुर्ख्यौली थात थलो काभ्रेपलाञ्चोक जिल्ला 'कोशी पारी' हो । यतैबाट बसाई सरी गएको उप्रेती परिवारको शाखाका एक सन्ततिका रुपमा वि. सं. १९६९ बैसाख १ गते तेह्रथुम जिल्ला आठराई इवाको सिम्लेमा जन्मनु भएका श्री उप्रेतीले तेह्रथुमको आठराई क्षेत्रमा मात्र होइन प्रायः देशका सबै ठाउँमा पठन पाठनको उचित वातावरण नभएको त्यस युगमा आते जाते, बसांबास सातुसामल आदिको अनेक कष्ट भोगेर काठमाडौंको श्रेस्ता पाठशालामा पठनपाठन गर्नुभएको थियो भने आफ्ना नानीहरूको पठन पाठन भारतको दार्जीलिङमा गराउनु भएको थियो ।

यसै काममा दार्जीलिङमा रहनुभएका बखत दार्जीलिङमै श्री पूर्णबहादुर मानवसँग भएको भेटघाट र त्यहाँको शैक्षिक, सांस्कृतिक र राजनीतिक गतिविधिबाट 'देश बाहिरभन्दा नेपालभित्रै आफ्नो गाउँघरमा आफ्ना र गाउँघरका नानीहरूलाई पढाउने व्यवस्था मिलाउन पाए हुँदो हो भन्ने भावनाले प्रेरित श्री उप्रेतीले वि. सं. २००१ तिर श्री महानन्द सापकोटाको नाम सुनी महिनाको रु ५० । र खाने बस्ने प्रवन्ध मिलाइदिने खवर पठाउँदा वर्षको ३६ मुरी धान दिन सक्ने भए मात्र आउन सक्ने सूचना पठाउनु हुने श्री सापकोटालाई त्यसबेला आठराई, इवा सिम्लेका एक निम्नमध्यम वर्गीय किसान परिवारका श्री उप्रेतीले वर्षको ३६ मुरी धान दिलाउन सक्ने स्थिति नभएकोले उहाँको शुरुको शिक्षा र समाजसेवाको भावना मन भित्रै गुम्सिएर बस्नु परेको थियो ।

त्यसबेला यसप्रकार एकातिर देशका समाज सुधारक र शिक्षा सेवीहरूको न्यायोचित र समायानुकूल भावना शिक्षा प्रचारको क्षेत्रमा अङ्कुरित हुन थालेको थियो भने अर्कातिर वि. सं. १९९७ को शहीद काण्डले चर्काइदिएको ब्यापक असन्तुष्टले तत्कालीन राणाशासन विरोधी अभियानमा आगोमा घिउ थप्ने काम गरिरहेको थियो । यसै क्रममा पूर्वी नेपालका क्रान्तिकारीहरूको आधार शिविर झापाको शरणामतीमा वि. सं. २००७ मङ्सीरमा भएको श्री महानन्द सापकोटासँगको भेटघाट र कुराकानीपछि श्री उप्रेतीले २००७ सालको क्रान्तिमा प्रत्यक्ष रुपले सक्रिय भाग लिनु भयो ।

यसै अवसरमा श्री भैरवप्रसाद आचार्यको अध्यक्षतामा गठन भएको पूर्वाञ्चल नेपालको क्रान्तिकारीहरुको सरकारको शिक्षा विभागको प्रमुख रहनु भएका श्रीमहानन्द

सापकोटाको नेतृत्व र श्री उप्रेतीको सक्रियतामा वि. सं. २००७ मङ्सीरदेखि २००८ भदौसम्ममा झापाका विभिन्न गाउँहरूमा ७ निम्न माध्यमिक र १३० प्राथमिक विद्यालयहरू स्थापना भए ।

कुनै समय तेह्रथुमको आठराई, इवाको सिम्लेमा एउटा सा- सानो शिक्षण संस्थाको चाँजो मिलाउन खोज्दा ३६ मुरी धान दिलाउन नसकी मन खुम्च्याएर बस्नु परेका श्री उप्रेतीले माथि उल्लिखित निम्न माध्यमकि र प्राथामिक विद्यालयहरू समाजका विभिन्न क्रान्तिकारी समाजसेवीहरूसँग मिलेर स्थापना गर्ने कार्य अत्यन्त सफलतासाथ सम्पन्न गनुका साथै सातसालको क्रान्तिमा लागेर घरबास गुमाएका दशहजारभन्दा बढी व्यक्तिहरूलाई झापाको बुधबारेमा प्रति परिवार ५ बिघा दरले जग्गा वितरण गर्ने र बसोबास गराउने कार्यमा उत्तिकै सहयोग पुऱ्याउनु भयो ।

वि. सं. २००८ सालको विजयादशमीको दिन काठमाडौंको पुतली सडकको एक घरमा श्री महानन्द सापकोटाको अध्यक्षतामा बसेको बैठकले स्थापना गरेको 'नेपाली भाषा प्रचारक संघ' करफोकले अगाडि सारेका कार्यक्रमहरू सम्पन्न गरे गर्न गराउन श्री महानन्द सापकोटा, श्री नरेन्द्रनाथ बाँस्तोला, श्री धर्मप्रसद ढकाल, श्री पूर्णबहादुर मानव, श्री भैरवप्रसाद आचार्य आदिका साथै श्री देवीप्रसाद उप्रेतीले विशेष योगदान गर्नुभयो । यो संघले इलामको करफोकमा (१) करफोक विद्यामन्दिरको स्थापना गर्ने (२) करफोकमै नेपाली भाषा प्रचारक संघको प्रधान कार्यालय स्थापना गर्ने, (३) यी दुवै संस्थाका निम्ति करफोकमै एक एक भवन निर्माण गर्ने कार्यका साथै यसै संघको आयोजनामा करफोकमा २००९ सालमा एक बृहत कवि सम्मेलन सम्पन्न गरेको थियो भने यस सम्मेलनमा देशभित्र र बाहिरका नेपाली भाषा साहित्यका विद्ववानहरूका साथै त्यस बखतका लब्धप्रतिष्ठित सबै साहित्यकारहरूलाई भेला गराइएको थियो । उहाँहरूको आतेजाते खर्च मात्र रु. ३ लाख भन्दा बढी लागेको यो सम्मेलन देशको इतिहासमै एक ऐतिहासिक घटना बन्न गएको थियो । नेपाली भाषा प्रचारक संघको उत्थानका लागि श्री ५ त्रिभुवनबाट भा.रु. १२,००० (बाह्र हजार) प्रदान भएको थियो भने तत्कालीन युवराजधिराज श्री ५ महेन्द्रबाट यो सम्मेलनको समुद्घाटन भएको थियो ।

करफोक विद्यामन्दिर र नेपाली भाषा प्रचारक संघ करफोकको मूल उद्देश्य देशमा राष्ट्रिय चेतना जगाउनु, नेपाली भाषाको महत्व साथै उचित राजनीतिक जागरण ल्याउनु र यस देशामा देश भित्र र देश बाहिर तिब्बत, भारत, बर्मा, मलया, हङकङ, आदिमा वसोवास गर्ने नेपालीहरूमा पनि प्रचार कार्य गर्दै लानु थियो भने यस निम्ति त्यस बेलाको नेपालका ४० जिल्ला र देश बाहिरका १० ठाउँमा गरी जम्मा ५० ओटा नेपाली भाषाका पुस्तकालय स्थापना गर्नु आदि थियो ।

एकातिर त्यस प्रकार नेपाली भाषा प्रचारक संघ स्थापना गर्ने, पुस्तकालय खोल्ने, तिनको माध्यम मार्फत नेपाली भाषाको प्रचार गर्ने, साहित्य सम्मेलन गर्ने , शिक्षण संस्थाहरू स्थापना गर्ने, तिनको प्रबन्धमा तत्पर रहने श्री देवीप्रसाद उप्रेतीले अर्कातिर झापा जिल्लामै एम सानो जमिन्दारको रुपमा काम पाउनु भएको थोरै वर्षमै त्यस

जिल्लाको २२ मौजाको ११ हजार विघाभन्दा बढी जमीनको हर्ताकर्ता भएर काम गर्ने ठूलो जमिन्दार बन्न पुग्नु भयो भने यसपछि आर्जन हुँदै गएका अचल सम्पति मध्येबाट आफ्नो र परिवारको नाउँमा रहेको झापाको ८५४ विघा र तेह्रथुमको ३१९ रोपनी जग्गा झापा, तेह्रथुम र इलामका २९ भन्दा बढी शिक्षण संस्थानको उत्थानमा दान दिनुभयो । झापाको मेची क्याम्पस र तेह्रथुम (आठराई चुहानडाँडा) क्याम्पसलाई पनि उहाँले उत्तिकै माया गर्नु भएको छ । घैलाडुबाको माध्यमिक विद्यालय र आठराईको पोखरी मा.वि.लाई पूरै निःशूल्क विद्यालयको रुपमा सञ्चालन गर्न चाहनु हुने श्री उप्रेतीले शिक्षा र समाज सेवामा नगद रु. ३ लाख ५४ हजारभन्दा धेरै रकम अर्पण गरिसक्नु भएको छ ।

गाउँघरमा प्रायः जान्ने सुन्ने भएपछि गाउँलेहरू आफ्नो भनाईमा चल्दैनन् भनी शिक्षण संस्थाको उत्थानमा अवरोध खडा गर्ने प्रवृति एकथरी जान्ने सुन्ने र पुगीसरी आउनेमा पाइन्छ भने शिक्षाको प्रचारमै आफ्नो कमाईको ठूलो धनराशी अर्पण गर्नु हुने श्री उप्रेतीलाई गाउँघरमा 'बा तपाई सदा अमर हुनुहुन्छ' भनेको सुन्न पाइन्छ ।

श्री उप्रेती 'म त लेख - पढ गर्न नसक्ने भएँ' जस्ता कुरा पनि झिक्नु हुन्छ भने वास्तवमा उहाँलाई देशको भाषा, साहित्य, संस्कृति र इतिहासको निकै गहिरो दख्खल छ । उहाँ यस्ता विषयमा एउटा पाको समालोचकले जसरी समीक्षा गर्न सक्नु हुन्छ । उहाँको घैलाडुवाको घरमा नेपाली भाषा साहित्यका पुस्तक पत्रिकाका साथै देश विदेशका अन्य भाषाका कृतिहरू पनि संग्रहित छन् ।

कवै निष्क्रिय नबस्ने, सदा केही न केही गरिरहनु पर्ने स्वभावका श्री उप्रेती देशका विद्ववान, बुद्धिजीवी, साहित्यकार, समाजसेवीहरूसितको भेटघाट र सरसङ्गतका निम्ति उत्तिकै प्रिय पात्र हुनुहुन्छ भने गण्डकी अञ्चलका तनहुँ जिल्लाको राईपुरमा जन्मनु भएका जनकवि गोकुल जोशीका निम्ति मेची अंचल झापा जिल्ला घैलाडुब्बाका श्री देवीप्रसाद उप्रेतीको घर आगन सधैं प्रिय रहेको पाइन्छ । पूर्वी नेपालको भ्रमणमा निस्कदा मात्र होइन विरामी परेको बखत पनि श्री जोशी उहाँकै घैलाडुबाको घरमा पुग्नु हुन्छ । र त्यहा २०१८ सालमा प्राण त्याग्नु हुन्छ । यसले पनि देशका साहित्यकार आदि प्रतिको श्री उप्रेतीको व्यवहारको उचित छनक प्रस्तुत गर्छ ।

जीवनका सुख दुःखका ७६ वसन्त पार गरिसक्नु भएका श्री उप्रेतीलाई आफ्नो घर आगनमा दिवङ्गत जनकवि गोकुल जोशीको स्मृतिमा उहाँ वितेकै ठाउँमा उहाँको प्रतिमा स्थापना गर्ने मन छ भने देशको उत्थान र जनताको हितमा सघाउ पुगोस् भनी शिक्षाको विकासमा दान दिनु भएका अचल सम्पति दान दिएकै उद्देश्यमा लाग्न पाओस् हिनामिना भएर जान नपाओस् भनी २०४० सालमा श्री ५ महाराजाधिराज सरकारमा चढाउनु भएको विन्तिपत्रमा उहाँले यिनै कुराको माग गर्नुभएको छ । २०४४ सालको हिउँदमा श्री ५ महाराजाधिकार सरकारको पूर्वाञ्चल सवारीमा पाएको दर्शनभेटमा पनि सोही कुराको गुनासो विन्ति चढाउनु हुन्छ । सम्भव भए देशभरिकै शिक्षण संस्थाको जग्गा जमीनको राम्रो कानूनी व्यवस्था हुन सकोस्, होइन भने आफूले दान दिएका जग्गा जतिको उचित प्रबन्ध गरियोस् भन्ने उहाँको आग्रह छ । यो माग पूरा भएको

देख्न पाइन्छ वा त्यसै मरिन्छ भन्ने श्री उप्रेतीलाई देशको राजनीतिक, सामाजिक र धार्मिक क्षेत्रका साना ठूला धेरै महानुभाव र उनका विशेषता बारे जानकारी छ। देशको उन्नती र जनताको हितमा भए गरेका कामहरू र त्यस कामसँग सम्बद्ध व्यक्तित्वहरूको संस्मरण उहाँसँग सुन्दै र लेख्दै जाने हो भने त्यो यस विषयको एउटा अत्यन्त काम लाग्दो ऐतिहासिक ग्रन्थ बन्न सक्दछ। देशको जग्गा जमीनको लगत राख्ने र त्यसको हिसाब मिलाउने, राजस्व संकलन गर्ने कुरामा पनि उहाँलाई निकै राम्रो ज्ञान छ। बहुसंख्यक जनताको जीवनस्तर माथि उठाउने र आफ्नो मुलुकको हित हुने रचनात्मक कुरा पनि उहाँसँग धेरै सिक्न सकिन्छ।

श्री उप्रेतीलाई शिक्षा र समाज सेवाको क्षेत्रमा वरपरका विद्वान, बुद्धिजीवी, साहित्यकार आदि धेरैले साथ दिएका छन्। यस क्रममा श्री देवीप्रसाद काफ्ले, श्री काजीमान कन्दङवा, श्री सेतु सुब्बा, श्री भीमराज कन्दङवा, श्री सूर्य कन्दङवा, डा. बल्लभमणि दाहाल, श्री गंगाप्रसाद प्रसाई उपप्राध्यापक श्री गंगाप्रसाद उप्रेती, श्री त्रिलोचन संग्रौला आदिको नाम लिन सकिन्छ भने सबभन्दा ठूलो साथ र सहयोग दिनेमा दार्जीलिङमा जन्मनुभएका श्री मदन थापा हुनुहुन्छ। उहाँले २०११ सालदेखि हालसम्म उत्तिकै सक्रिय सहयोग र साथ दिँदै आउनु भएको छ। तेह्रथुम आठराईको पोखरी माध्यमिक विद्यालयको भवन दुईपल्ट जलाई शिक्षक बस्ने घर आगो लगाई भगाउन खोज्दा पनि श्री थापाले कत्ति नहडबडाई साथदिनु भएको कुरा र त्यहाँका खराब प्रवृत्तिका मान्छेसँग कुशलता साथ जुध्नु भै सो विद्यालय भवन देशको एक नमूनाको रुपमा पुन निर्माण गराउन सघाउ पुऱ्याउनु भएको घटना अत्यन्त मार्मिक र महत्वपूर्ण छ। यस्ता घटना र काण्डहरू श्री देवीप्रसाद उप्रेतीका जीवनमा धेरै आए, श्री मदन थापाले धेरै भोग्नु पऱ्यो। अन्य मित्रहरुले पनि दुःख पाउनु भयो। कतिले हालसम्म त्यस्तै कष्ट भोगिरहेका छन्। त्यसैले यस्ता महानुभावका साथै श्री उप्रेतीको सम्झना गर्दा श्री मदन थापालाई नविर्सनु प्रत्येक इमान्दार व्यक्तिको परम कर्तब्य हो भन्न सकिन्छ।

निष्कर्षमा शिक्षा क्षेत्रको विषयमा चर्चा गर्दा दिङ्लाका बाल ब्रम्हाचारी श्री षडानन्द तथा करफोकका स्वामी श्री श्वमेश्वरानन्दको पनि एक समय आफ्नै प्रकारको देन थियो भन्ने कुरा हामीले भुल्नु हुन्न भने अब हिजोको जस्तो शिक्षण संस्थाको स्थापना र प्रचारले मात्र नपुग्ने भैसकेको छ भन्ने कुरा जान्न पनि उत्तिकै जरुरी भैसकेको छ। हामी देख्दै छौं आज 'राम्रो शिक्षा दिने' नाउँमा जरा गाड्दै गएका एक थरी अखडालै शिक्षा लिने दिने काम महङगा र खर्चिला पार्दै लगेका मात्र होइनन्। तिनले देशको सभ्यता- संस्कृतिमै डरलाग्दो समस्या खडा गरिरहेका छन्। एकातिर यस्तो समस्यालाई हामीले उचित तरिकाले सुल्झाउँदै लान सक्नु अत्यन्त जरुरी हुन आएको छ भने अर्कातिर देशका कर्णधार, भविष्यका तारा भनिने बालबालिकाहरूका निम्ति महत्वपूर्ण मानिने बाल साहित्यको उत्थानमा चासो लिने प्रवृत्ति भर्खर पलाउन खोजेको छ र यो प्रवृतिलाई हुर्काउन मदन पुरस्कार गुठी जस्ता संस्थाको ठूलो महत्व

र अति आवश्यकता छ भन्ने कुरा बुझ्न सक्नु परेको छ। त्यसैले यस्तो अभाव पूर्ति गर्न आज श्री उप्रेती र उहाँ जस्ताको अपेक्षा देशले गरेको छ भने यसतर्फ नयाँ पुस्ताका देशभक्त, धनीमानी, सज्जन महानुभावहरुले पनि चासो लिन थाल्नु जरुरी भएको छ।

- २ -

आजभन्दा १० वर्ष अगाडि मैले यसरी परिचय लेखेका देवीप्रसाद उप्रेती सशरीर अब यो धर्तीमा हुनुहुन्न। मृगौला, उच्चरक्तचाप र चिनी रोगबाट वि. सं २०४९ असार ११ गते नयाँबानेश्वर काठमाडौंमा उहाँको देहावसन भयो।

बित्नु केही दिनअघि पनि उहाँले लाखौंको अचल सम्पत्ति शिक्षा क्षेत्रकै उत्थानको निम्ति दान दिनु भएको छ। जीवनको अन्त्य घडीमा पनि शिक्षा र समाजको सेवाको क्षेत्रमा यसरी समर्पित रहने देवीप्रसाद उप्रेतीले वि. सं २०४९ असार ११ गते दान दिनु भएको जग्गाको सम्भवत कित्ता नम्बर सहितको इच्छा पत्रमा त्यसबेला उपस्थित उहाँका पत्नी, छोरा, छोरी नाता कुटुम्बहरूका साथै रोहबरमा डा. भीष्मराज प्रसाई, प्रा. गङ्गाप्रसाद उप्रेती, म (जनकप्रसाद हुमागाई) र इच्छापत्र र दानपत्रका लेखक अधिबक्ता पवन कुमार ओझाको समेत सहीछाप छ। यो पत्र प्रा. गङ्गाप्रसाद उप्रेतीलाई त्यहाँ उपस्थिति सभाको राय अनुसार श्री देवीप्रसाद उप्रेतीले आफ्नै हालते जिम्मा लगाइदिनु भएको छ। त्यसमा उल्लेखित कार्य योजनाहरू कार्यान्वयन गर्नका निम्ति उहाँको परिवारको एक कार्य समिति पनि बनिसकेको छ। त्यसले समय समयमा बैठक गर्ने र उहाँको इच्छा अनुसारको कार्य सम्पादन गर्दै लाने प्रयत्न चालु राखेको छ। त्यसमा पनि उहाँको परिवारले उहाँकै इच्छा अनुसार डा. भीष्मराज प्रसाई, प्रा. गङ्गाप्रसाद उप्रेती र म (जनकप्रसाद हुमागाई) लाई पनि सामेल गर्नु भएको छ।

यस अघिनै दान दिइसकेका र विद्यालयहरूले भेगचल गरिरहेका नौ सय विगाहा जति जमिनको पनि देवीप्रसाद उप्रेतीले वि. सं २०४० मा दिनु भएको विन्तिपत्र अनुसार उचित व्यवस्था श्री ५ को सरकारले आजसम्म पनि गरिदिन सकेको छैन र शिक्षा मंत्रालयमा सो कारबाहीको फाइल उपेक्षित रूपमा अल्झिरहेको छ भने प्राण त्याग्नु केही दिन अघि दान वा इच्छापत्र गरिदिनु भएका मूल्यवान अचल सम्पत्तिको पनि उहाँको इच्छा अनुसार तोकिएको योजना कार्यक्रममा सदुपयोग गर्न कानूनी लगायत विविध प्रक्रिया पुरा गर्ने कार्य सम्पन्न गर्न सम्बद्ध सबै सचेत तथा कृयाशील छन्, कृयाशील छौं।

समाजमा थरीथरीका मानिसहरु छन्, छौं। धनीमानी पनि धेरै छन्। तर देवीप्रसाद उप्रेती जस्ता मानिस भने कहाँ कहाँ के कति छन् वा छैनन् विना अनुसन्धान भन्न कठिन छ। किनभने प्रायः धनीमानीहरू धनमाथि धन थप्ने धन्दामा लाग्छन् र त्यसरी नै मर्छन्। देवीप्रसाद उप्रेतीले भने जति कमाउँदै जानु भयो शिक्षा समाजसेवा र असहायहरूको हितमा लगाउँदै

जानुभयो । परिवारका निम्ति पनि खाने, बस्ने, पढाउने कुरामा यथेष्ट मात्रामा चाँजो मिलाई दिनुभयो । कुनै कुनै समाजसेवी चाहि समाजको हितमा लागेपछि घरपरिवारको खाने, बस्ने, शिक्षादीक्षा दिने जस्ता कुरामा एक प्रकार बेहालको स्थितिमा पुगेको पाइन्छ । हुनसक्छ यस्तै समाजसेवीको जीवनबाट शिक्षा लिएर देवीप्रसाद उप्रेतीले परिश्रमको साथ आर्जन गर्दै जानु भएको सम्पत्ति छारल छुरल गरेर सिध्याउने वा इच्छा अनुसारको समाजसेवामा लगाउने काम मात्र गर्नु भएन । थात बास र गाँस राखी दान गर्नु भन्ने कथनलाई समेत सदा ध्यानमा राखी व्यवहार कुशल उदाहरण प्रस्तुत गर्नु भयो ।

यस्तै अर्के पक्ष २२ मौजाको ११ हजार भन्दा बढी विगाहा जमिनको जमिन्दार बन्न पुग्नु भएका देवीप्रसाद उप्रेतीले यातायातको सुविधाको निम्ति कहिल्यै हात्ति पाल्नु भएन । मोटर सडक बनेपछि कहिल्यै मोटर कार जोर्नु भएन । महल र दरबार मदेश, काठमाडौ कही बनाउनु भएन । लुगा सधैं खाँडीको दौरा सुरूवाल लगाउनु भयो । कोट पनि त्यही अनुसारको पहिरिनु भयो । मर्ने बेलामा पनि उहाँ यस्तै पहिरनमा बीर अस्पताल आउनु भएको थियो र यस्तै पोशाकमा उहाँको देहावसन भयो ।

प्राय: धन कमाउँदै गएपछि महल, मोज, मोटर र सुख सयल थप्दै जाने धनीमानी नै समाजमा पाइन्छन् । तर माथि भन्न खोजिएझै देवीप्रसाद उप्रेतीले भने त्यस्तो रूची र प्रवृति जीवनमा कहिल्यै देखाउनु भएन ।

यस्तै बाहुन कुलका देवीप्रसाद उप्रेतीले जातको आधारमा ठुलो ठान्ने घमण्ड कहिल्यै गर्नु भएन मात्र होइन छुत अछुतको सीमालाई नै स्वीकार गर्नु भएन । उहाँका लागि भात पकाउने भान्छे भनेका नै सबै तल्लो जातका हुन्थे । मर्ने बेलामा पानी ख्वाउने पनि उनै थिए । तर उहाँको भात र जात काड्ने हिम्मत पनि कसैले गर्न सकेन । उहाँको यो पक्षको व्यवहार र व्यक्तित्व पनि यस प्रकार अनुकरणीय तथा उल्लेखनीय थियो । उहाँ शिक्षा गरीवका छोराछोरीले पनि आर्जन गर्न पाउने हुनु पर्छ, रोजगारमूलक हुनु पर्छ भन्ने कुरामा जोड दिनु हुन्थ्यो भने अव देशमा प्राविधिक शिक्षामा जोड दिनु पर्छ भन्ने पक्षमा हुनुहुन्थ्यो । अन्तिम अवस्थामा दान दिनु भएको सम्पत्ति पनि विज्ञान क्याम्पसकै निम्ति लागोस् भनी किटानी राय दिनु भएको छ ।

उहाँ समाजको हितमा कार्य गर्न सधैं मरीमेटी गर्नु हुन्थ्यो तर मान, सम्मान र प्रचार जस्ता कुरा पटक्कै रूचाउनु हुन्नथ्यो । मैले उहाँले गर्नु भएको शिक्षा र समाजसेवाको जानकारी लिन खोज्दा त्यसो नगरौं भनी मलाई रोकनु भयो । यो कुरो वि. सं २०४० चैत्र १५ गतेको हो । असल समाजसेवीहरूको इतिहास जोगाउन जान्नु पर्छ मात्र होइन यस्ता प्रतिभाहरूको इतिहास पढाउन र फिजाउँन सक्नुपर्छ । अनि मात्र समाजमा नयाँ पुस्ता असल बन्न सक्छन् । यस दृष्टिले पनि तपाईको इतिहास लेखिनु आवश्यक छ भन्दा पनि हाल यो कार्य नगरौं भन्नु भयो । म जनकवि गोकुल जोशी र उहाँको बारेमा अर्न्तवार्ता लिनलाई यो प्रश्नावली समेत लिएर गएको थिएँ । आफ्नो विषयको प्रश्नावली मलाई नै फर्काइदिनु भयो गोकुल जोशीका बारेमा भने

प्रसन्नताका साथ अर्न्तवार्ता दिनु भयो । त्यसलाई हामीले श्रृंखला मासिकको पूर्णाङ्क १४ मा वि. सं २०४२ मा प्रकाशित गर्‍यौं र सो अङ्क गोकुल जोशी विषयक बनायौं । तयार भएपछि घैलाडुवामा एक भेटमा मैले दिएँ । यसरी प्रकाशित भएको गोकुल जोशी विषयक श्रृंखलालाई भने अत्यन्त प्रसन्नताका साथ हेर्नु भयो र भन्नु भयो अब छिटै जनकवि गोकुलको प्रतिमा उहाँ बित्नु भएको ठाउँ घैलाडुवामा राख्नु पर्छ । तर पञ्चायत उहाँलाई (गोकुललाई) बाङ्गो आँखाले हेर्छ ।

हुन पनि त्यसै वर्ष जेठ ८ गते घैलाडुवामा गोकुल जयन्ती मनाउन लाग्दा पुलीसको जमात आई समारोह विथोल्ने र उहाँ लगायत प्रमुख व्यक्तिहरुलाई पक्री नानाप्रकारका कारबाही चलाउने कुर अभियानमा उत्रेको थियो । किन यसो गरियो भन्दा गोकुल जयन्तीको बहानामा लाखौं रकम जम्मा गर्दैछ र यही बहानामा संगठन गर्दै कम्युष्टि आन्दोलन मच्चाउँदैछ देवीप्रसाद उप्रेतीले भनी यस्तो आरोप खडा गरिएको रहेछ पञ्चायती शासकहरूका लाउके टाउकेहरू द्वारा। यो घटना २०२८ को कम्युनिष्ट संघर्षपछिको एउटा गम्भीर घटनाको रूपमा रहन गएको छ । पञ्चायती व्यवस्था विरूद्ध संघर्षमा लागेका धेरै महानुभावलाई पनि यो विषय कण्ठै छ ।

वि. सं २०४२ फागुनमा देवीप्रसाद उप्रेती समेत हजारौंको समुपस्थितिमा तेह्रथुम, आठराईको पोखरी मा. वि. को रजतजयन्ती समारोह साहित्यिक सांस्कृतिक विविध कार्यक्रमका साथ ५ दिन सम्म भव्य रूपमा संचालन गरी विशेष उत्सवका रुपमा सम्पन्न गरिएको थियो । यस बखत पनि कार्यक्रम सम्पन्न गरिएको भोलिपल्ट आठराईबाट देवीप्रसाद उप्रेतीलाई स्थानीय प्रशासनले प्रहरीद्वारा पक्राउ गरी जिल्लाको सदरमुकाम म्याङलुङ पुर्‍याई पोखरी मा. वि. को रजतजयन्ती मनाउने बहानामा हजारौं मानिस भेला गरी पञ्चायती व्यवस्था विरूद्ध कम्युष्टि गतिविधि गर्‍यो भन्ने आरोप लगाई थुनामा राखी मुद्दा चलाउने दुष्प्रयत्न गरेको थियो ।

भर्खरै प्राप्त जानकारी अनुसार झापाको घैलाडुवामा जनकवि गोकुल जोशीको प्रतिमा बनाउने विषयमा पनि तयारी हुँदैछ भने यस कार्यमा स्थानीय गाउँ विकास समिति, प्रगतिशील लेखक संघ लगायतको संलग्नता रहेको कुरा पनि समाचारपत्रहरू मार्फत खुल्न आएको छ । गोकुल जोशीले बनाउन थाल्नु भएको अनारमनी घैलाडुवा सडकलाई गोकुल मार्ग नाम त राखिएकै थियो । त्यसलाई विधिवत मान्यता प्रदान गर्ने ठहर पनि सम्बन्धित निकायबाट नै भैसकेको बुझिएको छ । यसरी नै इटाभट्टा देखि भद्रपुरसम्मको एक नवनिर्मित सडकको नाम पनि गोकुल मार्ग राखिएको छ ।

अब शिक्षा मन्त्रालयमा २०४० साल देखि भुण्डिरहेको विन्तिपत्रको टुङ्गो पनि छिटै लाग्नेछ भन्ने अपेक्षा गरिएको छ । जुन कार्यले देवीप्रसाद उप्रेतीले दान दिनु भएको नौसय विगाहा चानचुन जग्गा कसैले सुक्री विक्री गरी नासेर मासेर खान पाउने छैन । त्यो जग्गाको आयस्ताले विद्यालय संचालन भइरहने छन् कालान्तरसम्म । यही मिति बाटनै कानून बनोस् भन्ने मागले आफूले

दान दिएका जमिन बारे श्री उप्रेतीको जुन माग पूरा भएको देखेर मर्ने ठूलो इच्छा थियो उहाँको तर त्यो इच्छा पञ्चायत ढलेर नयाँ सरकार र व्यवस्था आएपछि पनि पूरा हुन नसक्नु एउटा खेदकै विषय हो । गजब विडम्बना हो । असल नेता र समाजसेवीहरू सबैको यस्ता मार्मिक र गम्भीर विषयमा ध्यान गर्नु आवश्यक छ मात्र होइन परम कर्तव्य हो । यही भावना राखी सम्वन्धित हामी सबै यस कार्यमा पनि अघि बढौं र गोकुल जोशीको प्रतिमा राख्ने विषयमा जस्तै प्रयत्नशील बनौं ।

देवीप्रसाद उप्रेती जाति 'भेदका मात्र होइन लिङ्गभेदका पनि विरोधी हुनुहुन्थ्यो र नारी पुरुषका बीच सहअस्तित्वका निम्ति मात्र होइन, मातृ सत्ताको पक्षमा समेत आफ्ना धारणाहरू राख्ने गर्नु हुन्थ्यो । जीवनको अन्तिम घडीमा आफ्ना डायरीका पानाहरुमा पनि यस बारे निकै कुरा उल्लेख गर्नु भएको फेला पर्छ ।

यस्तै विविध विशेषताका कारण श्री देवीप्रसाद उप्रेतीको विषयमा हामीले गम्भीर अध्ययन गर्न जरूरी छ भने उहाँ को हुनुहुन्थ्यो ? के चाहनु हुन्थ्यो ? भन्ने बारे पनि हचुवा अनुमान होइन उहाँका समग्र विधि व्यवहारहरू अध्ययन गरी त्यसका आधारमा निष्कर्ष झिक्ने प्रयत्न गर्नुपर्छ भन्ने लाग्छ । यिनै पक्ष र विषयका आधारमा निष्कर्षमा पुग्न खोज्दा देवीप्रसाद उप्रेती एक धनी मानिस देखिएर पनि सामन्ती मानिस होइन भनेर मात्र पुग्दैन सामन्ती प्रथाका विरोधी, जनबादी प्रथाका समर्थक समेत हुनुहुन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । किनभने कुनै पनि धनी सामन्तीले उहाँले जस्तो आचार र व्यवहार गरेको प्रायः पाईदैन ।

(२०५४ साउन ११)

देवीप्रसाद उप्रेतीबारे

– श्यामप्रसाद

मैले अहिले सम्झेअनुसार देवीप्रसाद उप्रेतीसँग मेरो भेट थोरै बेरको निम्ति र एकपल्ट मात्र भएको हो । त्यो भेट वीरगन्जमा नेपाल प्रजा–परिषद्को कार्यालय (मीना बजारनिर) मा भएको जस्तो लाग्छ । यो २०१० सालतिर हुनुपर्छ । त्यो बर्ष असार–साउनतिर मैले त्यहाँ काशीप्रसाद श्रीवास्तवसँग भेटघाट र कुराकानी गरेको थिएँ । त्यही बर्ष मङ्सिर- पुसतिर वीरगन्जमा नै टंकप्रसाद आचार्यसँग पनि मेरो कुराकानी भएको थियो । त्यसैले, देवीप्रसादसंगको भेट पनि २०१० तिर नै भएको हुनुपर्छ भन्ने मलाई लाग्न गएको हो । अरू दुई जनासंग भएका भेटघाट र कुराकानीबारे मेरो दैनिकीमा उल्लेख भएकाछन् तर, देवीप्रसादसँगको भेट–वार्ताबारे दैनिकीमा केही टिपिएको देखिन्न । उहासँग के–के कुरा भएको थियो भन्ने पनि अहिले सम्झन सकिँन ।

२०१३ सालमा म स्वयम्भू (काठमाडौं) को दक्खिनपट्टिको पाखो किन्डोलमा डेरा लिएर बसेको थिएँ । त्यस बेला पूर्णबहादुर 'मानव' (उहाँ 'पू.वा.नेवा' नाउँबाट पनि परिचित हुनुहुन्थ्यो) को घर पनि मेरो डेराको नजिकै थियो । 'मानव' सँग मेरो चिनजान भयो । उहाँकहाँ म बरोबर जान थालें । उहाँसँग मेरो एक किसिमले घनिष्ठता जस्तै हुँदैगयो । उहाँ मसँग बेला- बेलामा देवीप्रसाद उप्रेतीको निकै प्रशंसा गरिरहनु हुन्थ्यो । कहिले देवीप्रसादको शिक्षाप्रेम र शिक्षा प्रचारमा भएको योगदानको बयान गर्नुहुन्थ्यो भने कहिले चाहिं सारै सज्जन, भलादमी र मिलनसार मानिस भनेर बखान गर्नुहुन्थ्यो । कहिले नेपाली भाषा र साहित्यका सारै असल पाठक भनी सइनी गर्नुहुन्थ्यो । नेपालीमा नयाँ कुरा केही प्रकाशित भएको देख्नेबित्तिकै पढ्ने बानी भएको मान्छे भन्नुहुन्थ्यो । कहिले चाहिं राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थिति राम्ररी बुझेको र सही विश्लेषण गर्न सक्ने व्यक्ति भन्नुहुन्थ्यो । प्रायः तारिफ नै गर्ने गर्नु हुन्थ्यो । देवीप्रसादसँग भेट्न, चिनजान गर्न र सम्पर्क सम्बन्ध बढाउदै जाने सल्लाह पनि उहाँले मलाई दिनुभएको थियो । मैले पनि उहाँको सल्लाह मनासिब नै ठानेको थिएँ । तर, मेरै कमजोरीले भन्नुपर्ला देवीप्रसादसँग मेरो सम्पर्क सम्बन्ध भने स्थापित हुन सकेन ।

देवीप्रसाद उप्रेतीबाट "श्यामप्रसादले गोकुल जोशीलाई कम्युनिष्ट बनाए" भन्ने विचार प्रकट गरिएको मैले थाहा पाएको छु । तर, मेरो अरू मूल्याङ्कन उहाँले कसरी

गर्नुभएको थियो भन्नेबारे चाहिं मलाई अहिलेसम्म पनि केही थाहा छैन। त्यो थाहा पाउन सके कति जाती होला भन्ने लागेको छ। त्यस्तै नेपालका अरू लेखकहरूबारे पनि उहाँको राय थाहा पाउने हाम्रो कोसिस हुनुपर्छ। जनकवि गोकुल जोशी देवीप्रसादकहाँ निकै समय बस्नुभएको थियो। गोकुलको देवीप्रसादप्रतिको धारणा पनि थाहा पाउन खोज्नुपर्ला। गोकुल र देवीप्रसादको सम्बन्धलाई लिएर क-कसले के कस्तो तथ्य अघि सार्ने गर्नुभएको छ भन्ने पनि हामीले थाहा पाउन किन नखोज्नु ?

२०५३ को पुस २८ गते प्रलेसका केही साथीहरू (गोविन्द भट्ट, जनकप्रसाद हुमागाई, गङ्गा उप्रेती र विष्णु प्रभात) सित म घैलाडुबा (झापा) मा जयप्रसाद उप्रेतीकहाँ पुगेको थिएँ। त्यहाँ हाल जयप्रकाश बस्नुभएको घर देवीप्रसाद उप्रेतीले नै बनाउनु भएको हो भन्ने कुरा थाहा भयो। देवीप्रसादले लेख्नुभएका टिपोटकापीहरू पनि देख्न पाइयो। कापीहरू मोटा मोटा र सफा थिए। अक्षरहरू पनि निकै राम्रा रहेछन्। ती कापीमा भएका कुराहरू र उहाँका अरू रचना छन् भने ती पनि क्रमशः प्रकाशित गर्दै जान पाए कति जाती होला ? देवीप्रसादका जीवनी, व्यक्तित्व र कृतिहरूका विषयमा समेत सकेसम्म धेरै कुराहरू लेखिदैजाऊन् र धमाधम प्रकाशित पनि हुने गरून्।

१९९७ मे २४
काठमाडौं

देवीप्रसाद उप्रेतीका केही दिन

– नरेन्द्रनाथ बाँस्तोला

सभ्यता, संस्कृति, रीतिथिति, नियमहरू जुन देशले जस्तो मानेको छ त्यो नै त्यस देशको कानून हो। यसका विपरित व्यवहार भयो भने जाति मासिन्छ। यस सूत्रलाई देवीप्रसादजीले राम्ररी बुझ्नु भएको थियो। व्यवहारका प्रत्येक कोणमा भन्ने गर्नु हुन्थ्यो –

"कानूनबाहिर गयो भने देशको व्यवस्था खलबलिन्छ।"

आजको ६० बर्ष अघिदेखि उहाँले चलाउदै ल्याउनु भएको जमिन्दारी झापाको ठूला जमिन्दारीमध्ये एक थियो। जमिन्दार आफैं कानूनबाहिर नगएपछि उहाँका रैतीहरू पनि दाँयाबाँया चटपटाउने कुरै भएन। रैती मात्र होइन बडाहाकिम कर्मचारीहरू पनि वहाँको 'कानून'सँग सतर्क हुन्थे। आठ सालको एक दिनको कुरा हो, देवीप्रसादजीका बिरुद्ध वडाहाकिमकामा उजुर परेछ। निकै अटेरी देवीप्रसादलाई ल्याएर थुन्ने वडाहाकिमले अठोट गरेर पूर्जी काटेछन्। देवीप्रसादजी आएनन्। पुनः प्रहरी पक्डिन पठाए, त्यस पटक भेटेनन्। उनी एक हप्तापछि फेला परे। थुनामा राखेर कार्वाही गर्ने वडाहाकिमको आदेश भयो। पुलिसले थुनामा राख्न लानै लागेको बेला देवीप्रसादले बडाहाकिमलाई यौटा पत्र पेश गरे। वडाहाकिमले पत्र खोलेर के पढिसकेका थिए, उनको अनुहार खडरङ्ग गलेको सबैले देखे।

भएछ के भने देवीप्रसाद हराएको ७ दिनभित्र उनी काठमाडौं पुगेर वडाहाकिमको नाममा वरिष्ठ मन्त्री गणेशमानको यो पत्र लिएर आएका रहेछन्। यो पत्र देवीप्रसादलाई कुनै कारवाही गर्नु परे यहीं पठाइ दिनु भन्ने आशयको रहेछ।

२००७ सालअघि गणेशमान सिंहलाई देवीप्रसादले आफूले किरायमा लिएर दार्जिलिङमा स्कूल खोलेको डेरामा निकै मैना पालेका थिए। पूर्णबहादुर मानव जस्ता देशभक्त नेपाल देश चलाउने सपुत तैयार गर्न सम्मिलित थिए। गणेशमानले त्यस बखत त्यहाँ पाएको आश्रयको गुन २००८ सालमा आफू मन्त्री भएको बखत तिर्ने मौका पाए।

जस्तो सुकै अधिकार प्राप्त व्यक्तिसँग पनि देवीप्रसादको लत्रिरने स्वभाव थिएन। प्रत्येक पाइलामा कानून देख्ने देवीप्रसादलाई २००७ साल क्रान्तिकालको प्रजातान्त्रिक स्वायत्त सामयिक सरकारको कानून र न्यायमन्त्री हामीले वहाँलाई नै

छानेका थियौं । यो सरकार मेची अंचलमा नौ महिना ७ दिनसम्म कायम राख्न हामी वाध्य भएका थियौं ।

राजा त्रिभुवनले राजगद्दी छाडेपछि हामीले आफ्नो आफ्नो गद्दी छाडेर धर्मप्रसाद ढकाल, भैरवप्रसाद आचार्य, महानन्द सापकोटा, बिक्रम लामा, देवीप्रसाद उप्रेती र म, हामी ६ जना झापाको मेरो निवास कप्तानबाडीमा जम्मा भएर शीर्षस्थ बैठक गऱ्यौं । क्रान्ति संगठन त हामीले २/४ मैना अघिदेखि शुरू गरेका थियौं । हाम्रो प्लान तैयार भयो । महानन्द र देवीप्रसादको आफ्नो ज्यान बचाउन मानिस नमारी नहुने स्थितिमा मात्र गोली चलाउने भन्ने सल्लाहमा हामी सहमत भयौं । समय र परिस्थिति अनुकूल रह्यो । झापामा र इलाममा गोली नचलाई प्रजातान्त्रिक सरकार घोषणा गर्न हामी सफल भयौं । यो अवस्था यस अंञ्चलबाहेकका जिल्लाहरूमा कायम रहेन । अरू जिल्लाका क्रान्तिमा भाग लिने नेता र हाम्रो नेतृत्वको बीच अन्तर पनि थियो ।

२००७ साल मंसीर १७ गतेदेखि झापाका विभिन्न ठाउँमा र मंसीर २३ गतेदेखि माघ १३ गतेसम्म झापा फ्रन्ट डिल्ली गनगाईको झुप्रोमा सँगै खायौं, सँगै सुत्यौं, भविष्यको नेपालको सुन्दर सपना परतिर साम्नेमा, अर्को सपना आउनलाई एकै पलक पनि स्थान दिएनौं ।

एसरी यौटै अचानोमा शिर राखेर महिनौं बिताएका थियौं । हामीलाई यौटै डर थियो, महानन्द र देवीप्रसादको गोली नचलाउने सल्लाहको विपरीत हाम्रा जवानले गोली चलाउलान् कि भन्ने । वहाँहरूको यो सल्लाहले हाम्रो मानसिकतामा निकै परिवर्तन ल्याएको थियो ।

२००७ साल मंसीरदेखि २००८ साल भदौसम्म यस अञ्चलमा स्थापना भएको स्वायत्त सामयिक सरकारलाई राणाले बनाएका कानून पर्याप्त नभएको देवीप्रसादजीले ठान्नु भयो र सामायिक सरकारको क्याबिनेटमा पेश भएका सम्पूर्ण नियम कानून देवीप्रसादजी कै मसौदा हुन् ।

सामयिक सरकारलाई आठराईमा लुटिएका हजारौ परिवार यौटा ठूलो समस्या थियो । देवीप्रसादजीले आफ्नो ठूलो जमिन्दारीमा धेरैलाई आश्रय दिनुभयो । त्यसका अतिरिक्त ३२० परिवार जो बुधवारेको १६०० बिगहामा राखिएका थिए । तिनीहरूको दैनिक व्यवहार चलाउन वहाँले देखाएको उदारता प्रशंसनीय छ । २००७ सालमा सैकडौं परिवार आसाम पनि पसे । यसलाई हामीले नेपालको ठूलो नोक्सानी ठान्यौं । यो रोक्न हामीले तराईमा जग्गा दिने निधो गऱ्यौं । जंगलमा वसोवास गराउँदा जंगल मासिने डर थियो । त्यसैले हाम्रा खोलाहरू जसले हजारौं बिगहा जमिन ओगटेको छ, त्यसलाई साँगुऱ्याई जति परिवार आए पनि बसाउने योजना बनायौं । देवीप्रसादजीले भन्नुभयो - "योजना बनाएर मात्र कहाँ हुन्छ र त्यसलाई व्यवहारमा कसरी र कसले ल्याउने त्यो सोच्नु पर्छ ।" त्यस्तो सोचाइअनुसार शर्णामती भन्ने ठाउँ विरिङ खोलाको बगरैतिर पैलो घर वहाँ आफैले बनाएर बस्नु भयो । त्यो अरूलाई नमूना त भयो तर हामीले तटबन्ध गर्न भ्याएनौं । वहाँ बिफल हुनु भयो । त्यै हाम्रो त्यस बेलाको विचार लिएर अहिलेसम्म कराइरहेको छु । यो ६ हजार खोलानालाको बगरमा करोडौ मानिसको

बसोवास सम्भव छ, हाम्रो २००७ सालको ९ महिने सरकारले पूरा गर्न नभ्याएका योजना अहिलेका सरकारले पूरा गरून् ।

यो बगर आवाद गर्न नसकेको झोकमा वहाँ आफै जमिन्दार छदा फूट अनारमूनी नामले खडा गरेको मौजामा १५० परिवारलाई १०/१० बिगाह जग्गा दर्ता गरिदिनु भयो । जंगल भएकाले प्राय मानिस बसेनन् तर मालपोत चै वहाँ आफैले धेरै बर्षसम्म तिरी दिदै रहनु भयो । पछि ०४२ सालमा म भूमिसुधार र वनमन्त्री भएको बेला यो जग्गामा सहकारी ढंगबाट चियाखेती, गर्ने प्रस्ताव पेश गर्नु भयो । मेरो मन्त्रीकाल छोटो भएकोले यो प्रस्ताव कार्यान्वयंन गर्न भ्याइएन । सकहारितामा वहाँको अटल विश्वास २००८ सालदेखि नै मैले पाएको थिएँ । सहकारीको योजना लिएर २००८ सालमा गणेशमान मन्त्री हुदाँ वहाँ हामीलाई समेत लिएर जानुभयो । सहकारीको कुरा सुन्नासाथ गणेशमानले- अब यो काम सबै सरकारी स्तरमा हुन्छ भन्ने जवाफ दिनु भयो । हामी डिच्च परेर फिऱ्यौं ।

शिक्षण संस्थाहरू चलाउन वहाँले हजारौं बिगहा जमिन विभिन्न स्कूल-कलेजलाई दिनु भयो । कमसेकम आफूले जग्गा दिएका स्कूलको यौटा ट्रष्ट बनाएर सम्पत्तीको सदुपयोग गराउने वहाँको महान इच्छा सफल गराउन सक्नुभएन । यो असन्तोषको भार बोकेरै वहाँको स्वर्गवास भयो । वहाँको आत्माले शान्ति पाओस् ।

देवीप्रसाद उप्रेतीः मेरो सम्झनामा

- चुडामणि रेग्मी

'दैनिकी नलेख्ने लेखक लेखकै होइन' भन्ने सिद्धान्त नवनाए पनि दैनिकी नलेख्ने लेखकले आफ्ना जीवनका धेरै कुरा गुमाउनु पर्छ। २०२१ सालमा झापा पसेको र तदुपरान्त यहीं बसेको मैले दैनिकी नलेखेका कारणले नै धेरै कुरा गुमाउनु परेको छ - धेरैमध्ये देवीप्रसादसम्बन्धी कुरा पनि हुन्। उनलाई मैले धेरै पटक देखेको, भेटेको तथा बातमारेको पनि हुँ, तर कैयौं कुरा बिर्सिए। अझै उनी मेरो आँखामा विराजमान छन्। उनी के के हुन् ?

(१) **बहुश्रुत** देवीप्रसादका विषयमा कुरा परे भानिज बल्लभमणिबाट। उनी बल्लभ जस्ता नामुददार, प्रख्यात विद्वान् ,राजनेता,समाजसेवीसित संगत गरेका मान्छे हुन् - तसर्थ घरायसी शिक्षाभन्दा मालिकमाथिका देवीप्रसाद 'बुहुश्रुत' का रूपमा सम्झन्छु।

(२) **बहुपत्नीक** उनका धेरै पत्नी थिए र धेरै सन्तान। आज पनि देवीप्रसादका केही छोराहरू दाहाल छन्। बडा बिचित्रका कथा छन् देवीप्रसादका पत्नी राख्ने बारेका। मैले सुनेसम्म उनी व्यभिचारी होइनन् र हुन् उपकारी। उपकारका भावनाले नै सन्तानवती माता उनका पत्नी भए।

(३) **शिक्षाप्रेमी** देवीप्रसादलाई जित्ने शिक्षाप्रेमी एक जना व्यक्ति दिङ्लाका आवाल ब्रह्मचारी मात्र थिए, नत्र पूर्वाञ्चलका उनी जस्ता शिक्षाका निम्ति अभूतपूर्व रूपमा जग्गा दिने व्यक्ति अरू छैनन्। उनका दानको आयबाट धेरै स्कूल र क्याम्पस चलेका छन् ।

(४) **सुधारप्रिय** उनी जिमिन्दार थिए, सामन्त थिए तर उदारवादी थिए। उनी त्यस्ता सामन्त थिए, जो परोपकारमा खर्च गर्थे।

(५) **मितभाषी** देवीप्रसाद सामान्यतया मितभाषी थिए र उनी छोरालाई पनि तिमी भन्दथे। परको वा स्वर्गीय आदरणीयलाई पनि उहाँ जस्तो आदरार्थीको प्रयोग गर्दथे।

(६) **महादानी** उनी यो कलियुगका कर्ण समान हुन्। कर्णको जस्तो दानी व्यक्तित्व उनमा पाइन्थ्यो। भाषा, साहित्यका लागि खर्च गर्थे। कैयौं व्यक्तिलाई केही न केही दिएर नै छोड्थे।

७. **साधारण** देवीप्रसादले घमण्ड गरेको देख्ने कोही छैन। उनी सदा सादा पोशाकमा हिंड्थे। दौरा सुरुवाल, इस्टकोट वा भोटो, टोपी लगाएर हिंड्ने देवीप्रसाद

सधैं सुकिलो र राम्रो हुन्थे। उनी हिंडेको देख्ने धेरै मान्छेहरू भन्ने गर्दथे देवीप्रसाद आफूलाई ठूलो मान्छे भएर देखाउँदै हिंड्ने मान्छे होइन। उनको कालो वर्ण ठूलो कद, बलियो शरीर, बाघजुँगें अनुहार प्रष्ट छुटिन्थ्यो।

८) **गंभीर तथा सूक्ष्मदर्शी** देवीप्रसाद प्रजातन्त्रवादी थिए। तर उनीसँग साम्यवादी पनि झुत्तिन्थे। उनी लेनिन ढंगका सूक्ष्मदर्शी थिए र गान्धी जस्ता उदार तथा चिन्तनले गंभीर थिए। छुवाछुत तथा जातभातमा उनको विश्वास थिएन। एउटा औपन्यासिक चरित्र भएको व्यक्तित्व, यिनै चित्र छन् मेरा आँखामा। घैलाडुब्बाका घरमा दरबार लगाएका देवीप्रसादलाई देखें आफूले दान गरेको जग्गा आधा सन्तानले खाने गरी दान गरेका छन् भन्ने लाञ्छना पनि सुनें तर एकपल्ट देखें घैलाडुब्बा घरमा गोदामको एक कुनामा त्यो महादानी पूर्वाञ्चलको प्रसिद्ध शिक्षाप्रेमी मान्छे केही नभएको झैं र केही नभएकै झैं दयनीय रूपमा गोदामबास गरेको।

युगज्ञान साप्ताहिक र जुही त्रैमासिकको बार्षिक ग्राहक शुल्क उदारमना भई मलाई दिने व्यक्तिले "आर्थिक दृष्टिले कमजोर भएको छु" भन्दै क्रमश: दीनहीन कुरा गरेको। यो कुरा तिनले भारतका कुनै ठाउँमा दिएकी आफ्नी छोरी अन्जू र उनका श्रीमान् हेर्न आएको बेला मलाई भनेको झल्झली सम्झन्छु र यो कुरा मलाई साह्रै बिझेको छ। त्यो करोडपति देवीप्रसाद ! उदारमना देवीप्रसाद ! महादानी देवीप्रसादको यो दयनीय अवस्था ! कोही त हेर्दैनन्। त्यत्रो सम्पत्ति पनि काम लागेन ! बुढेसकाल निष्ठुरी हुँदोरहेछ ! मैले अनुभव गरें देवीप्रसादका जीवनबाट। त्यतिखेर दैनिकी नराख्नाले उनका सबै कुरा भन्न नसके पनि एकपटक उनले कसैसँग भने रे - (जुन कुरा बराबर मेरा मथिंगलमा नाच्तछ।) मान्छेको जात केही नगरी बस्न सक्दैन कि गोष्ठीमा जान्छ, कि खालमा जुवा खेल्न बस्छ, कि राजनीतिमा कुद्छ, ऊ केही न केही नगरी पटक्क बस्न सक्तैन।"

तब त उनी गोदामका एक कुनामा कैयौं महिना के गरेर बसे ? के मान्छे आफन्तले हेरेनन् भनेर तिनलाई सताउन गोदामका एक कुनामा गएर भए पनि बस्छ ? र झिङ्गा भन्काएर दिन गुजार्छ ? अथवा बुढेसकाल परिभाषा विहीन र अभिशापमय जीवनको प्रतीक हुन्छ ? उनी गोदामका एक कुनामा त्यसरी किन बसे ?

२०५१।१२।२९ चन्द्रगढी

उनी महामानव थिए

- गणेशबहादुर प्रसाई

आजभन्दा केही बर्ष अगाडिको कुरा हो, एक दिन डा.भीष्मराज प्रसाईले फोनमा भने देवीप्रसाद उप्रेतीज्यूलाई वीर अस्पतालमा राखिएको रहेछ । हेर्न नजाने ?' झापाको घैलाडुब्बामा बस्ने उप्रेतीजीलाई काठमाडौ लगे भन्ने घुइरी घुइरी सूचनासम्म त मैले पाएको थिएँ, तर उनी अस्पताल पुगेको कुरा चाँहि मलाई थाहा थिएन । डा.भीष्मबाट सबै विवरण लिएँ अनि उनलाई भेट्न भनेर त्यसअस्पतालमा पुगें । म त्यहाँ पुगेपछि हँसिलो अनुहार भएका विनयशील उप्रेतीजीले जुरूक्क उठेर भने । हात समाते र स्नेह पूर्वक आफ्ना आछ्यानमा बसाए । उनलाई पहिले देख्ने गरे जस्तै मोढाघाटा प्रसन्न चित्त र निष्फिक्री मानसिथतिमा देख्न पाउँदा मलाई खुशी लाग्यो । त्यस दिन उनका र मेरा बीचमा धेरै नै लामो बातचित भयो । उनलाई केन्द्रीय पात्र बनाएर एक प्रकारले मैले उनको सम्पूर्ण जीवनको समीक्षा नै त्यहाँ प्रस्तुत गरिदिएँ भन्दा पनि हुन्छ । त्यसै क्रममा एक पटक उनका आँखाबाट केही थोपा आँसु बर्र बर्से पनि-अनुहारमा बादल लाग्न नदिईकन । त्यस भेटमा मैले उनको पूर्व व्यक्तित्वमा तीनवटा साना साना परिवर्तन भएको फेला पारें-एक, उनको कानले काम गर्न थुप्रै नै छाडिसकेको रहेछ; दुई, आफ्ना जीवनका पूर्व कर्मका संभना समृतिबाट मेटिदै जान थालेको रहेछ , तीन, मृत्युलाई कसरी हाँसी हाँसी वरण गर्न सकएला भन्ने पट्टि गम्भीर चिन्तन गर्न थालेका रहेछन् । यी सबै कुराका बीचमा स्थित उनको मनोलोक भने अधिअधि जस्तो तन्देरी अनुभूत हुन्थ्यो , त्यस्तै नै रहेछ । शरीरमा देखा पर्ने बुढ्याईको छाँया त्यहाँ पर्न पुगेको रहेनछ । उनलाई भेट्दा मलाई उहिले् देखि नै एउटा विराट कल्पनासँग साक्षात्कार हुन पुगेको जस्तो अनुभव हुने गर्दथ्यो । त्यस्तो निष्काम कर्मयोगी पुरूषमा बी.पी.बाहेक अर्को कसैलाई देख्न पाएको छुइँन । त्यस्तो एउटा महान आत्माको दर्शन पाएर कृत्य कृत्य म त्यस दिन आफ्ना डेरामा फर्केको थिएँ । त्यस दिन पनि उनले मलाई दुवै हात आफ्ना हातमा लिएर निकै बेर खेलाई सकेपछि मात्र विदा दिएका थिए-पहिले पहिले गर्ने गरे जस्तै नै । फरक चाहिँ कत्ति मात्र पाएँ भने त्यस दिन उनी पहिले जस्ती बाहिरसम्म पुऱ्याउन आएका थिएनन् । त्यति हो ।

हामी त्यसरी छुट्टिएको केही दिन पछिको कुरा हो, म आफ्नै धाइजनको घरमा बसिराखेको बेला कुरा सुनाउन आउनेले सुनाए र उनी दिवंगत भएछन् भन्ने कुरा मैले पनि सुन्नु पऱ्यो । त्यस दिन उनीसँग छुट्टिदा त्यति छिट्टै नै उनी हामीलाई छाड्लान्

र जालान् भन्ने अन्दाज चाहिँ मैले गरेको रहेनछु । उनी गए । होइन, एउटा महापुरूषको चोला उठ्यो र हाम्रा बीचबाट गयो । त्यस्तो निष्काम कर्मयोगी, त्यस्तो विराट प्रतिभा, त्यस्तो निस्वार्थ आत्मा, त्यस्तो प्रकाश-स्तम्भ, त्यस्तो महामानवलाई यही नेपाली धरतीमा फेरि कहिले अनि कहाँ देख्न पाइएला ? प्रश्न मात्र छ, त्यसको उत्तर चाँहि छैन । ठुला मान्छेमा आफ्नो नाउँ दर्ता गराउन चाहने उनी एउटा असल मान्छे थिए । उनी त्यसरी नै बाँचे । अविशान्त मृत्यु गरे पनि । ठुलामान्छे भएर बाँच्ने थुप्रै नेपाली नारी र पुरूष भेटिन्छन् । तर त्यस्ता असल मान्छे भेट्न पाउनु चाहिँ दुर्लभ हुन्छ । उनी त्यस्तै एउटा दुर्लभ व्यक्तित्त्व थिए । मलाई कता कता भित्र त्यस्तो लाग्छ ।

ती मानिसलाई धेरै पछि अर्थात २००४ सालमा देखेको हुँ । उनको नाम र कर्मसँग भने बालककालदेखि नै परिचित हुँदै आएको थिएँ । बालककालमा सुन्थें-बहिदारको सानो जागिर खाएर बसेको देखिन्छ, तर त्यो एउटा मुटु नभएको मान्छे हो । उसको छाती साह्रै फराकिलो छ । पछि उनको हातकलम भएर जागिर छुटे पछि र भद्रपुरका भवानीशङ्कर मीलका मालिक रामगोपालको मुनिम भएर बस्न थाले पछि पनि मानिस उनकै कथा सुनाउथे । भन्थे-त्यो अद्भूत आँट एवं चरित्र भएको मान्छे हो । ऊ मान्छेलाई धन दिन सक्तैन तर शरण पर्न आउनेलाई काम खोज्छ पनि र दिन्छ पनि । थन्क्याउछ । नाउ चलाउने ठेक्का होस् अथवा भिर मौरीकै मह काढने ठेक्का नै किन नहोस् लिन्छ । भन्छ- मान्छेले भेटेको कुनै काम छाड्नु हुँदैन, समात्नु पछि व्यर्थमा समय उम्कन दिनु हुँदैन । २००४ सालमा आमाको बर्खान्त बार्न घरमा आएर बसेको बेला तिरो तिर्न घैलाडुब्बामा जानु पऱ्यो र त्यहींको जमिन्दार कचहरीमा उनलाई सर्वप्रथम देख्न पनि पाएको थिएँ । उनको त्यही चौडा ललाट, हँसिलो खदिलो अनुहार र मिठो बोलीवचन अहिले पनि मेरा आँखामा झल्झली भइरहन्छ । उनी त्यसैबेला प्रख्यात किं-पुरूष (िभलनभलमचथ ाफ्नगचभ) भइसकेका थिए । पछि थुप्रै जमिन्दारी लिलाममा किनिसकेपछि उनले जग्गा दर्ता गर्ने एउटा अभियान नै चलाए । त्यस क्रममा उनले झापा जिल्लामा जति जग्गा दर्ता गरिदेऊ भन्न आउने कुनै मान्छेलाई निराश तुल्याएर फर्काएनन् मात्र पनि होइन, कतिपय तिरो तिर्न नसक्नेलाई आफ्ना तर्फबाट तिरो तिरेर पनि जग्गा दर्ता गरिदिए । उनको बगुवा जमिन्दारी समेत भएकोले गर्दा कही जाँदा एउटा पटवारी सँगसँगै हुन्थ्यो । कसैले दर्ता नभएको चौर देखाएर यो जग्गा दर्ता गरिदेऊ भन्यो भने घोडामै चढी चढी जमिनको नाप निकाल्थे, तिरो लिन्थे अनि दुई नम्बर रसिद काट्न लगाएर त्यहीं दिन्थे पनि । झापा जिल्लामा उनी जस्तो जग्गाको भोगियार व्यक्ति अर्को थिएन । उनले त्यसरी थन्क्याएका हजारौ परिवार आज पनि छन् । उनी मरेर गए ती सबैले पनि उनलाई बिर्से होलान्, तर ती मध्ये धेरैवटा परिवारका शाखा सन्तान भने करोड पति बनेर हिडेडुलेको दृश्य आज पनि देख्न पाइराखिएकै छ ।

राणाकालिक नेपालमा जमिन्दार भएर तिरो असूल गर्नु र जमिन्दारी थाम्नु त्यति सजिलो चाहिँ थिएन । त्यही क्रममा एउटा काण्ड पर्दा र मुद्दा चल्दा उनलाई तीस वर्षको कैद भएको थियो । त्यसोगर्दा उनी सपरिवार दार्जिलिङ्गमा बस्थे र मालपोतका

समयमा मात्र घैलाडुब्बामा आएर बस्थे । त्यस्तै एउटा अवसरमा मैले उनको दर्शन पाएको थिएँ । त्यही साल उनको दार्जिलिङ्गको डेरामा पनि पुग्ने अवसर पाएको थिएँ । त्यहाँ उनले खोलेको बोर्डिङ्गमा मेरा भाइहरू पढ्न बसेका थिए । उनीहरूको बील तिर्नु थियो र म त्यहाँ गएको थिएँ । त्यसबेला उनले मलाई त्यही बस्नु र पढ्नु भनेर निकै नै संझाएका पनि थिए । नौ कक्षासम्म पढेर घर छोडेकै मानिस म, त्यसबेला नेपाली राष्ट्रिय काँग्रेसको सदस्य पनि बनिसकेको थिएँ । मेरा मनमा शहीद बन्ने अनौठो धून चढेको बेला पनि थियो । म मानिनँ तर त्यस क्रममा उनको शिक्षकको एउटा विशाल दल खडा गर्ने अनि आठराई र झापालाई टम्मै ढाकेर निरक्षर भन्ने एकजना पनि रहन नदिने विराट संकल्पसँग भने परिचित हुन पुगें । त्यसबेला आठराई र झापा दुवै ठाउँमा आसाम र दार्जिलिङ्गबाट शिक्षक वा शिक्षिका झिकाएर स्कूल चलाउने गरिन्थ्यो । स्थानीय शिक्षक शिक्षिकाको संख्या नगण्य थियो । २०१० सालपछि ती क्षेत्रमा स्थानीय शिक्षक शिक्षिका क्रमशः उपलब्ध हुँदै जानु र तिनको संख्या बृद्धि हुँदै जानुमा उनको योगदान के कस्तो रहन गएको पाइयो त्यसको अभिलेखसम्म पनि राखिएन । उनका देनको त्यो पक्ष पनि त्यत्तिकै मेटिएर गयो- उनी जस्तै ।

दार्जिलिङ्गमा उनको पाहुना भएर बसेको त्यसै अवसरमा उनको जीवनको अर्को पक्ष पनि देख्न पाएको थिएँ । उनको बोर्डिङ्गमा टघुशन दिन भनेर ललितपुर निवासी एकजना शिक्षक राखिएको थियो । उनको नाउँ थियो-पू.वा.नेवा । त्यसबेला त्यो नाउँ नै अनौठो र आकर्षक लाग्थ्यो । उनी राजनीतिक पृष्टभूमि भएका मान्छे रहेछन् उनी कविता पनि लेख्ने गर्दा रहेछन् । उनीबाट प्रेरणा ग्रहण गरेर देवीप्रसादजी पनि कविता गर्न सिक्दै थिए । पू.वा. नेवाको जागरण कविताको एउटा संग्रह उनले प्रकाशित गरिदिसकेका रहेछन् र त्यो संग्रह मैले घरमा ल्याएँ । त्यहाँ बस्दा मलाई कुन कुरा पनि थाहा भयो भने २००२ सालमा श्री गणेशमान सिंह काठमाडौंको कारागारबाट भागेपछि अङ्ग्रेज सरकारको पञ्जामा नपर्नका लागि सिक्किम अधिराज्यको दार्जिलिङ्गसँग जोडिएको भूखण्डमा लुकेर बसेका रहेछन् र वाहय जगतसँग उनको सम्बन्ध सूत्र अविछिन्न राख्नाका लागि पू.वा. नेवाले दार्जिलिङ्गमा बसिदिनु परेको रहेछ । विद्वत्ता भएका तर खाने बस्ने खर्चबर्च नभएका ती सँग उप्रेतीजीको भेट हुन पुगेछ । उनले बोर्डिङ्ग खोल्नुको पछिल्तिरको अर्को रहस्य चाँहि त्यो पनि रहेछ । त्यसको परिणामस्वरूप २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसको उदय भएपछि उनको दिलखुसा हाउस एउटा बोर्डिङ्ग मात्र होइन; त्यहाँ आउने जाने काँग्रेसी जनको खानेबस्ने र बाटो खर्च माग्नु ठाउँपनि बन्न पुगिसकेको रहेछ । २००९ सालमा म दिलखुसा हाउसमा पुग्दा पनि त्यही व्यवहार यथावत कायम रहन गएको देख्न पाएको थिएँ । उनले त्यस राजनीतिक यज्ञमा कति लाख रूपियाँ स्वाहा पारे त्यसको विवरण उनले कसैलाई हेर्न पनि दिएनन्, बताएनन् पनि । उनी गुप्तदान गर्न रूचि राख्ने मान्छे थिए । २०३९ सालमा म त्यस घरमा पुग्दा त्यस भन्दा अघिल्तिरको घरमा पू.वा. नेवाजीको कान्छी श्रीमतीसँग संयोगले भेट हुन पुग्यो । मैले पहिले देख्दा उनी भर्खरकी कलिली केटी थिइन्, त्यहाँ भेट हुँदा अधबैंसे बनिसकेकी रहिछन् । वार्तावापका कममा उनले दिल खोलिन् र हाँस्दै

भनिन् –एक पटक काठमाण्डौ पुग्छु र आइहाल्छु भनेर गएको मेरो लोग्ने फेरि फर्केर आएन । धन्न देवीप्रसादजीले हाम्रो परिवारको जहाजलाई आजसम्म धानिदिएका छन् र हामी बाच्यौं । अव त उ फर्केर आवस् नआवस् हामी बाँच्छौं । मेरा छोरा छोरीले खुट्टा टेक्न थालिसके । उनले त्यसरी पालेका थुप्रै परिवार थिए, थुप्रै राजनेता थिए । उनको मृत्यु हुँदा ती श्रद्धाञ्जली अर्पण गर्न आए कि आएनन्, कुन्नि । एउटा कुरा चाँहि निश्चित छ -हाम्रा लौह पुरूष श्री गणेशमान सिंह र सन्तनेता श्री कृष्ण प्रसाद भट्टराईले आफ्ना लालन कर्तालाई सम्झेनन् । लाग्छ, त्यस घटनाबाट नेपालको प्रजातान्त्रिक संस्कारको भूमि कस्तो छ भन्ने कुराको माप पनि लिन सकिन्छ । २००७ सालको पूर्वाञ्चलको क्रान्तिका एउटा प्रमुख नायकलाई विर्सन सक्ने राजनीति कति निष्ठुर र निर्दयी चरित्रको हुन्छ भन्ने पक्षलाई बुझ्न त्यसलाई एउटा राम्रो दृष्टान्त मान्न सकिन्छ ।

२०१५ सालमा म दार्जिलिङ्गको पढाइ सकेर आठराईको त्रिमोहन हाई स्कूल सम्हाल्न पुगें । उनी त्यस बेला आफ्नी वृध्दा मातालाई रूङ्न र आफ्नो खर्चमा पोखरी हाई स्कूलको भवन निर्माण गर्न त्यहीं गएर वसेको बेला थियो । त्यहाँ गएर बसेको बेलामा आठराईमा पनि ठाउँ ठाउँ कम्युनिस्ट युवायुवती पल्लवित भइराखेको देख्ने मौका पाएँ । त्यस क्षेत्रमा त्यस सिद्धान्तको बीउ छर्ने काम मदन कुमार थापा, दार्जीलिङ्ग र बल्लभमणि दाहाल, मादीले गरेका हुन् भन्ने गरिन्थ्यो । तापनि मूल सुत्रधार देवीप्रसाद उप्रेतीजी नै भएको सत्य पहिल्याउन मलाई विशेष कठिनाई भएन । एक दिन म उनलाई भेट्न छातेढुङ्गा स्थित उनको टहरोमा पुगें । उनले त्यस दिन मसँग यसो भने– प्रजातन्त्र नेपालमा आयो तर त्यसले गतिशीलता प्राप्त गर्न सकेन –किन? त्यस प्रश्नलाई लिएर विचार गर्दा म दुईवटा कुरा देख्छु: एक, प्रजातन्त्रमा जबसम्म प्रवल प्रतिपक्षी दल खडा हुन पुग्दैन तवसम्म त्यो गतिशील हुन नसक्दो रहेछ ; दुई, त्यसमा पनि प्रमुख प्रतिपक्षी हुन आउने शक्ति प्रतिगामी चरित्रको हुन गयो भने प्रजातन्त्र झुप्रो सम्म पुग्न नसक्दो रहेछ । राजनीतिलाई म त्यस दृष्टिबाट हेर्दैछु । म स्वयं त्यस क्षेत्रमा उत्रन असक्षम हुँदा नेपालको राजनीतिमा कम्युनिष्ट पार्टी नेपाली कांग्रेसको हाराहारीमा उभिन पुगोस् भन्ने सद्‌भावना सम्म राख्तछु । मेरो आफ्नो कुरा गर्नु हो भने म न त काँग्रेस हुँ, न त कम्युनिस्ट नै । म त वास्तवमा तपाई जस्तै एउटा स्वतन्त्र व्यक्ति हुँ जीवनको अन्तिम चरण टेक्न पुग्दा उनले ती दुवै पार्टीद्वारा हाराहारीमा उभिएको देख्ने सौभाग्य पाए पनि । तर दुर्भाग्यपूर्ण कुरा चाँहि के देख्न पाइयो भने जुन मेची अञ्चलको पृष्टभूमिमा राष्ट्रव्यापी रूप लिने सौभाग्य वर्तमान ने.क.पा.(एमाले) लाई प्राप्त भएको थियो त्यसले पनि मेची अञ्चलमा जन्मेका सर्वश्रेष्ठ पुत्र एवं आफ्ना हितैषी व्यक्तिको मृत्यु हुँदा श्रद्धाञ्जली अर्पण गरेन, लाज मान्यो । उनी उनीहरूका संरक्षक थिए । इतिहासको त्यो यथार्थ पनि त्यसरी उनी सँगसँगै सती गायो भन्नुनै उचित दखिन्छ ।

उनी मेरा दृष्टिमा सदैव आकाश नै रहे । म आफू चाँहि पृथ्वी हुँ । उनले भने मलाई, म जस्तो एउटा सामान्य मान्छेलाई सदैव स्नेह र आदर देखाउने गर्दथे । कुरा

२०२१/२०२२ तिरको कुरा हो । एक दिन मेरा घरमा मेरा जन्तरे बुबा स्व. गङ्गाप्रसाद प्रसाई र आठराईका अर्का सम्मानित पुरूष स्व.गङ्गाप्रसाद सिटौला आए । उनीहरूले मसँग भने- देवीप्रसादजी र मेदिनीप्रसादजीलाई अब पनि थुनामा राख्न दिनु भएन । वडाहाकिम पूरण सिंह खवाससंग त्यस्तो प्रस्ताव राख्ने आँट कसैले गर्न सकेन यस काममा तैले अघि सर्दिनु पर्‍यो । मैले भने– हुन्छ । तपाईहरू दुबैको साथ पाउछु भने म अघि किन सर्दिनँ । हामी तीनैजना चन्द्रगडीमा पुग्यौं । त्यहाँ दुवै पक्षबाट मुद्दा हालाहाल गर्न र तमासा हेर्न ल्याइएका मानिसको विशाल जमघट रहेछ । वडाहाकिम पाल टाँगेर त्यस्ता हजारौं मुद्दा केलाउन पट्टि लागेका राहेछन् । वडाहाकिम बाहिर ननिस्केसम्म हामी पर्खन वाध्य थियौं । त्यस्तैमा पाल भित्रबाट हाँस्दै देवीप्रसादजी बाहिर निस्के अनि नमस्कार गर्ने भिडलाई हेर्दै यसो भने– तपाईहरूले यत्रो विघ्न मुद्दा हाल्नु भएको छ होला भन्ने अनुमान नै गरेको थिइनँ । अहिले हेर्दा त ती सबै मुद्दाको वयान गरिसक्न यस जीवनले भ्याउला जस्तो नै लाग्न छाड्यो । हाँस्दै नमस्कार फर्काउदै र त्यसो भन्दै उनी आफू थुनिएको काठाभित्र पसे अनि अदृश्य भए । केही बेर पछि हामी त्यहाँ भएको खवर वडाहाकिम कहाँ पुगेछ र उनको बोलवटमा हामी उनलाई भेट्न गयौ । वडाहाकिमसँग मैले ती दुई जनालाई छाडिदिनु र सवै मुद्दा खारेज गरिदिनु उचित पर्छ भन्ने प्रस्ताव राखें । उनले भने- यी दुई प्रसादका कारणले गर्दा म आजित भइसकेको छु । तपाईहरू आउनु भएछ, लौ अव मलाई त्यसबाट छुटकारा दिलाइ दिनुहोस् । उनीहरूका बीचमा सहयोगात्मक भावना राखेर भविष्यमा काम गर्ने सम्झौता-पत्र गराइदिनुहोस् र तपाईहरू साक्षी बसेको त्यो कागज मेरा हातमा पारिदिनुहोस् । म तपाईहरूले भने अनुसार काम गर्न तयार छु । वडाहाकिमको कुरा सुन्यौं र त्यस दिन जन्तरे बुबाको घर गारा मनिमा आएर बास बस्यौं ।

भोलिपल्ट हामी फेरि गयौं र पहिले मेदिनी प्रसादजीसँग एकान्त वार्तामा संलग्न भयौं । उनले भने- गणेशजी ! म तपाईलाई वचन दिन्छु । तपाईं त्यस्तो संझौता-पत्र लेखेर ल्याउनुहोस् । म त्यस कागजलाई नपढीकन सहिछाप गरिदिन तयार छु । तपाईहरूप्रति म विवस्त छु । हामी त्यसपछि देवीप्रसादजी भए ठाउँमा गयौं । उनी मुद्दामा परेका मान्छे थिए र कूट भाषामा कुरा गर्न थाले । उनले त पक्राउ परेको कुरा समेत उनलाई थाहा नभएको कुरा सुनाएर दिउसै रात पार्न थाले । त्यसबाट अभीष्ठ प्राप्त नहुने ठहरिए पछि हामी कोठाबाट निस्केर बाहिर आयौं । वडाहाकिमबाट अर्को आदेश गरायौं । चन्द्रडीको विशाल चौरको चारैपट्टि वन्दूकधारी प्रहरीलाई उभ्याएर बीच चौरमा बसेर ठूलो स्वरमा बाभ्दा पनि कसैले सुन्न नसक्ने व्यवस्था मिलायौं । त्यही चौरको बीच भागमा दुवै भाइलाई आमुन्ने सामुन्ने बसाएर हामी पनि बस्यौ । वार्ता प्रारम्भ भयो । वार्ताक्रममा एकानी दोकानी हुँदै गएर रन्को समेत पर्‍यो । अनि त्यहींबाट सम्झौताका बुँदा पनि तयार हुनथाले । मैले ती सवै बुँदालाई टिपें, एउटा खेस्रो बनाएँ अनि मेदिनीप्रसादजी लाई पढ्न दिएँ । उनले नपढीकन मलाई फिर्ता दिए अनि भने–साफी गर्नुहोस् । म दस्तखत गर्न तयार छु । त्यही कागज मैले देवीप्रसादजीलाई दिएँ । उनले २/३ पटक त्यस कागजलाई पढे अनि नबोलिन उनका सुन्दर हस्ताक्षरमा

त्यसलाई अर्को कागजमा सारे, सहिछाप गरे अनि मलाई दिए । मैले त्यो कागज मेदिनी प्रसादजीलाई दिएँ । उनले पढ्दै नपढीकन सहीछाप लगाए अनि मेरा हातमा कागत राखिदिए । साक्षीका महलमा हामी तीन जनाले सही गर्‍यौं र वडाहाकिम कहाँ पठाइदियौं । त्यही चौरीमा बसेको बस्यै वडाहाकिमले आएर दुवै जनालाई रिहाई दिए र मुद्दा त्यहीं सकिएको सूचना सुनाए । सबै कुरा त्यसरी फास्स फुस्स बन्यो । त्यस सिलसिलामा देवीप्रसादजीले मेदिनीप्रसादजीको आरोपको खण्डन गर्दै भनेको एउटा कुराको चाहिं अहिले पनि मलाई संझना आउँछ । उनले भनेका थिए–तैले पचासौं काममा हात हालिस् र सवै कामलाई अधुरै राखिस् भन्ने कुरा गर्नु भो, त्यो आफ्ना भाइलाई गाली दिएको ठानुँ कि प्रशंसा गरेको हो भन्ने मानुँ । मैले वुझ्न सकिनँ । तपाईले लगाएको आरोप भित्रैबाट उम्लिएर आएको उद्गार हो भने तपाई आफ्नो यस भाइलाई बधाइ दिनुहोस् । मान्छेले गोरेटो लाउन मात्र सक्छ, पूर्णता दिन सक्तैन । त्यही काम मबाट हुन सक्यो भन्ने देखिन्छ भने म भन्दा पुरूषार्थी मान्छे खोज्न अन्यत्र किन जानु ? उनको त्यो अमरवाणि अहिले पनि मेरा कर्ण-विवरमा घन्किनै रहने गर्दछ । त्यस सत्य वचनलाई सुन्न पाउदा आल्हा दित बन्दछु म ।

२०१३/२०१४ तिरको कुरा हो, एक साँझ एउटा अनौठो झ्याउरे गीतको स्वर मेरा कानमा पर्न आयो । 'गणेशबारी सालको घारी आएँ म त खोजेर छहारी' त्यस अपरिचित गायकको अनुहार हेर्न हातमा लायट लिएर म घर बाहिर निस्के । परिचयको आदान प्रदान पछि थाहा पाएँ– उनको नाउँ गोकुलप्रसाद जोशी (पोखल ?) रहेछ । उनी घुमन्ता कवि रहेछन् । उनी लेख्दा पनि रहेछन् । र गाउँदा पनि रहेछन् । तीनचार दिन उनी मसँग बसे । त्यसपछि मैले उनलाई धुलाबारीसम्म पुर्‍याइदिएँ । त्यहाँ भेला भएको श्रोताका माझमा उभिएर उनले मलाई असाध्य मन परेको गीत मेरै आग्रहमा स्थानको नाउँ परिवर्तन गरी गाएर सुनाउँदा श्रोताले मन थाम्न नसकेर रोएको दृश्यलाई सम्झदा त्यही दिन फर्केर आएको अनुभव आज पनि मलाई हुने गर्दछ । त्यहाँ उनले 'धुलाबारी सालको धारी आएँ म त खोजेर छहारी' भन्ने गीत सुनाए पछि भिडले उनलाई बोकेर उडाएको थियो र मैले त्यस दिन उनको अत्तोपत्तो पाउन नसक्दा एक्लै लुरूलुरू घर फर्कनु परेको कुरा पनि संझन्छु । अचेल मान्छे उनका विषयमा अनौठा अनौठा कल्पना जडेर थुप्रै कुरा सुनाउन आउछन् र मैले तिनका कुरा सुनेर छक्क पर्नु पर्दछ । पछि उनी दार्जिलिङ्गमा पुग्दा म त्यही पढ्न बसको वेला थियो र त्यहाँको सरकारी लजमा लागेर उनको भव्य स्वागत गराउने काममा अग्रसर बन्नेहरूमा म पनि एकजना थिएँ । ती दुवै भेटमा उनी मार्क्सवादको छाँया परेका प्रगतिशील कवि हुन् भन्ने कुरा मैले थाहा पाइन नै भन्नु पर्छ । पछि आएर ती कवि देवीप्रसादजीसँग बस्न थाले । उनीहरू को लामो सङ्गत भयो । त्यही कालमा उनी मार्क्सवादबाट प्रभावित वन्न पुगेका हुन् भन्ने मलाई लाग्दछ । देवीप्रसादजीले मार्क्सवादी पुस्तक प्रशस्त पढेका थिए । दार्जिलिङ्गका मदन कुमार थापालाई उनले झापामा ल्याएर राख्नु को कारणपनि दर्शनको विषयमा ज्ञान प्राप्त गर्नु र कम्युनिस्ट संगठन गराउनु नै रहेको पाएको थिएँ । मेदिनीप्रसाद समूहसँग उनको जुन झडप भयो त्यसको पछिल्तिर पनि

ती दुई सिद्धान्तको टक्कर नै मूल कारकत्व थियो भन्ने कुरा पनि म राम्ररी जान्दछु। अतएव कवि गोकुल जोशी देवीप्रसादजीसँगको सङ्गतले प्रगतिशील कवि बन्न पुगेका हुन् भन्नु बढी युक्तिसङ्गत हो भन्ने मलाई लाग्दछ। गोकुलजीसँग बसेका बेलामा देवीप्रसादजीले पनि थुप्रै कविता लेखे। उनका कविता प्रगतिशील धाराका थिए कि थिएनन् आफूले पउने अवसर नपाएको हुँदा त्यस विषयमा म बोल्न र लेख्न असमर्थ छु। गोकुलजीको नाउँ चल्यो, लेख्ने तर नछाप्ने वृत्ति भएकोले देवीप्रसादजीको नाउँ कविकारुपमा दर्ता हुनसम्म पनि आएन। उनी पछि बस्न मन पराउने मान्छे हुन्।

रहदै बस्दै जाँदा गोकुलजीमा मष्तिकीय असन्तुलन आएको थियो। त्यसबाट उप्रेतीको परिवारमा केही खल्वली मच्चियो पनि तर जड भरतको चरित्र आर्जन गरिसकेका उप्रेतीजीले कसैका कुरा सुनेनन्। गोकुलजी त्यहीं बसिरहे। त्यस सिलसिलामा एउटा सानो घटनाको जिकीर गर्नु उचित पर्ला जस्तो लाग्छ। एकदिन गोकुलजी र देवीप्रसादजी रातको खाना खान भनेर बसे। गोकुलजीका अघिल्तिर खाने कुराको थाल वटुका राखिसक्दा नसक्दा उनी सनक्क सन्किहाले। उनी हातमा भातको थाल लिएर पिरामाथि उभिए अनि कालभैरवको रूप धारणा गरेर थाललाई हुर्याइ दिए। भान्से टोलिए, थाल गएर भुइँमा बज्रो अनि चर्ल्याम् चुर्लुम भयो। देवीप्रसादजी खाना खाइरहेकै थिए। उनले मुन्टो उठाएर हेर्ने दुःख सम्म पनि गरेनन्। त्यो घटनालाई भाञ्जावावू (गङ्गा प्रसाई) ले देखे। भोलिपल्ट एकान्तमा उनले देवीप्रसादजीसँग मुख खोले-मामा ! कविजीको छुट्टै व्यवस्था गरेर राख्नु उचित पर्छ। दिनको एउटा भर्के थाल फुटाउने र भान्से फेर्ने कामले अव त हामी सवै आजित भइसक्यौं। अव यो भन्दा वढ्ता खप्न सकिन्छ जस्तो लाग्दैन। उनले गम्भीरतापूर्वक भान्जाबाबूको कुरा सुने अनि आफ्नो हँसिलो अनुहार उचालेर उत्तर दिए– मैले त्यस्तो गाह्रो परेको केही पनि देखेको छैन। कविजीलाई त्यस्तो नाटक गर्दा आनन्द आउदो हो र उनी नाटक गर्छन्। गर्न दिउँन। तपाईलाई पनि त्यस्तो आनन्द उठाउन मन लाग्छ भने गर्दा हुन्छ। होइन भने, एकथरीले भत्काउदै जाने र अर्को थरीले सम्याउदै लैजाने हाम्रो मानव परम्परा नै हो। थाल फुट्दै जान्छन् भने किन्दै र थप्दै गर्नु पनि पर्छ। मैले बाटो छेकेको छैन। त्यस्ता थिए-हाम्रा देवीप्रसाद उप्रेतीजी।

उप्रेतीजीका जीवनमा चारवटी पत्नी आए। थुप्रै छोरा र छोरी पनि भए उनका कान्छी पत्नीका तर्फबाट त दुई छोरा र एक छोरी गरी तीनवटा भ्फडकेला सन्तान पनि थपिन आइपुगेका देखिन्थे। उनी त्यत्रो भिडका बीचमा जीवन काट्थे, तर उनी सदैव एक्लो नै रहेका देखिन्थे। उनको विराट आयोजना र शुन्यबाट सृष्टि गरेको विशाल व्यवहारलाई थाम्न सक्ने ल्याकत भएका न त उनले स्वास्नी पाए न त छोरा नै। त्यस्तो सम्वल पाउन सक्दा हुन् त लाग्छ अर्कै खाले चमत्कार नदेखाई उनी दम लिने थिएनन्। त्यस्तो हुँदा हुँदै पनि असीमित मात्रामा जग्गा-जमिन जोडे, धन कमाए अनि प्रशस्त नै बाँडे पनि उनले शिक्षाको क्षेत्रमा दिएको दान मात्र हेर्दा पनि जिब्रो काढ्नु पर्ने स्थिति उत्पन्न हुन पुग्दछ। उनले व्यक्ति व्यक्तिलाई दिएको गुप्तदानको त लेखो नै छैन। उनी आफै अघि सरे, चन्दा संग्रह गरे , स्कूल घर बनाए अनि त्यसका लागि

गुठी राखिदिए। स्कूल खोल्छौं, क्याम्पस खोल्छौ भनेर जो जो आए, तिनलाई दिल खोलेर उनले दान दिए। पढ्न इच्छा थियो, पाइन भन्न आउनेलाई उसको धित नमरून्जेल पढ्ने खर्च दिए। मानिसलाई जग्गा दर्ता गरिदिने र थन्क्याइदिने मात्र होइन, आफ्ना तर्फबाट बाँध पैनीबनाई दिने र जग्गाको आयस्ता भए पछि त्यो धान दामासाहीले तिर्न लगाउन पनि उनी पछि परेनन्। एउटा असल मान्छे भएर उनी बाँचे, सक्दो सहयोग सवैलाई गरे अनि मरे। उनी तर अरूहरू जस्ता आत्म-प्रचारक थिएनन्, निष्काम कर्मयोगी-यश र अपयश दुवैसँग निर्लिप्त मानिस। त्यसकारण उनी मर्दा कुनै भूकम्प गएन।

वीर अस्पतालमा उनीसँग भेट हुँदा मैले उनलाई भनेको थिएँ-अरूथोक सबै जे जे भएपनि तपाईले विभिन्न शिक्षण एवं सार्वजनिक संस्थालाई दान दिएको सम्पतिको एउटा ट्रष्ट त बनाउनै पर्छ। नत्र कालान्तरमा त्यो सम्पत्ति नै वेपत्तिने वेर लाग्दैन। त्यसको केही दिन पछि सुनें– श्री दीर्घराज कोइराला उनलाई भेट्न गए अनि त्यो ट्रष्ट बनाइदिने जिम्मा दिन उनले बेहोरे। त्यस्तो ट्रष्ट बन्यो वा बनेन, त्यस समवन्धमा म केही भन्न सक्दिनं। सम्भव छ, समयका छातीमा डोव बनाउदै हिडेको त्यस महान यात्रीको जस्तै समय सँगसँगै ती सवै मेटिएर जाउन् र सवै थोक उनी जस्तै शून्य वन्न पुगोस्। तथापि म जस्ता केहीले भने उनलाई जीवन रहेसम्म पक्कै पनि विर्सन सक्ने छैनन्, किन भने पूर्वाञ्चलमा बस्ने मेरा पुस्ताका मान्छेले देख्न पाएको उनी एउटा महामानव थिए।

(२०५३ जेठ)

शिक्षा र जागृतिमा जुटेका ती हातहरू

- डा. बासुदेव उप्रेती

स्पष्टै छ, भविष्यमा आउन सक्ने अनेक प्रवल प्रभावको बावजुद पनि देशभित्र र बाहिर बसेका हामी नेपालीले आफ्नो नेपाली पहिचान बनाइराख्नु छ, आफ्नो नजिकपन बनाइराख्नु छ, आफ्नो भाषा र संस्कृति ठड्याइराख्नु छ। भाषा, साहित्य, संगीत, कला, रहन-सहन र शिक्षा जस्ता कुराहरूलाई देशका सीमा रेखाले छेक्दैन र यस्तै कुराहरू हुन् जो यहाँ पनि त्यहाँ पनि सबैतिर एक साथै भएर ती स्वरूपहरू, ती पहिचानहरू बनाइदिइ राख्ने । हाम्रो देश नेपालले हामीलाई हाम्रो भाषा, संस्कृति, संगीत, कला जस्ता कुराहरू बचाउन निश्चय नै मद्दत गरिराखेको छ तर यतिले मात्र पुग्दैन । समयको प्रबल बेगमा उत्रिन र पछि पछिको संसारमा आफ्नो अस्तित्व कायम राख्न हामीले त्यस्ता व्यक्तित्वहरूको पनि सहायता लिनुपर्छ, त्यस्तालाई पनि पुरस्कृत गर्ने गर्नुपर्छ जसले देशभित्र र बाहिरका नेपालीहरूको हृदयको स्पन्दन जोडिदिई राख्छन् -जसले देशभित्र र बाहिर भएका सबै नेपालीहरूमा उनीहरू आफूबसेको देशप्रतिको भावनामा चोट नपुऱ्याई हाम्रो एउटै आत्मा भएको- एउटै संस्कृति, एउटै भाषा र एउटै स्वरूप भएको भावनाको बिकास गर्न प्रत्यक्षरूपमा सहायता गर्छन् । हामीले यो चिन्नु आवश्यक छ कसले र केले हामी देशभित्र र बाहिर भएका नेपालीलाई नजिक ल्याउन, ठाढा भाग्न नदिन मद्दत गरिराखेका छन् । त्यस्ता व्यक्तिहरूलाई हामीले उपेक्षा गऱ्यौं भने वा त्यस्ता थोकहरूको हामीले उपहास गऱ्यौं र तिनीहरूमा सस्तो राजनीति गऱ्यौं भने यही संभौ हामी नेपाली अस्तित्वविहीन पनि हुन सक्छौं ।

स्व.देवीप्रसाद उप्रेती तेह्रथुमको आठराई, इलामको करफोक र झापामा शिक्षा र जागृतिका लागि अग्रणी भूमिका निभाउने एक जना समाजसेवी हुन् । उनले गरेको समाजसेवाको अरूको भन्दा फरक एउटा महत्त्वपूर्ण पक्ष के पनि छ भने उनले समाजसेवाको सिलसिलामा दार्जिलिङ पहाडका एउटा जाज्वल्यमान नेता स्व.मदनकुमार थापाको सहायता लिएर देश भित्र र बाहिर बसेका नेपालीलाई एकार्काको नजिकमा ल्याउने एउटा छुट्टै पहल शुरू गरेका छन् । यसो त साहित्य, संगीत, कलाका क्षेत्रमा काम गर्ने थुप्रै दार्जिलिङका अमूल्य निधिहरूले पनि नेपाल पसेर दार्जिलिङ र नेपालबीचको घनिष्टता बढाउन योगदान गरेका छन् तर दुःखका साथ यो भन्नैपर्छ, उनीहरूले नेपाल आएपछि दार्जिलिङलाई टुहुरो पार्ने गरेका छन् - यहाँको समुन्द्रमा हराएर । तर मदन

थापाले भने दार्जिलिङलाई सधैं माया गरे त्यहाँको जुनसुकै जनआन्दोलनमा पनि सक्रिय भई महत्त्वपूर्ण पाठ खेले र जुन माटोमा जन्मेका थिए त्यहीं आफ्नो पाञ्चभौतिक शरीर छोडे । त्यसैले उनले यहाँ गरेको कामले दार्जिलिङमा पनि महत्त्व राख्ने छ । देवीप्रसाद र मदन थापाबीचको अति निकटतम सम्वन्ध मदन थापाको सामीप्यबाट हेर्ने सुअवसर पाएको हुनाले उनीहरू कस्ता थिए, कसरी काम गर्दथे र कस्तो थियो उनीहरू बीचको सम्वन्ध मलाई थाहा भएअनुसार अगाडि ल्याउदै छु । मलाई थाहा छ मदन थापाले आठराई छोडेपछि वा उनी त्यहाँ हुँदा हुँदै पनि अरू कति शिक्षकहरूले त्यहाँ भएको काममा योगदान दिनु भएको छ, जसलाई यो लेखमा स्थान दिन सकिनँ जसको लागि क्षमा चाहन्छु ।

ती हात सधैं माथि जोडिएका हुन्थे

देवीप्रसादले आफ्ना तथा आफन्तका छोरा छोरीहरू र नेपालबाट शिक्षा लिन गएका अरू थुप्रै जनालाई २००० साल तिर नै दार्जिलिङ्गमा शिक्षा ग्रहण गर्न सहायता पुऱ्याउँदथे । उनले स्व.पूर्णबहादुर मानव(पुवा नेवा) जस्ता शिक्षाप्रेमी र समाजको लागि केही गर्न चाहने ब्यक्तित्वलाई दार्जिलिङ्गको आफ्नो बासस्थानमा सँगै राखेर उनीबाट त्यतिखेर त्यहाँका सबैलाई शिक्षा र ज्ञान दिन लगाउँदथे । त्यसबेलाको नेपालको स्थितिमा परिवर्तन ल्याउन चाहने उच्च स्तरीय नेताहरू, साहित्यकारहरू र समाजसेवीहरू पनि बरोवर त्यहाँ आउने जाने गर्दथे तर यतिले मात्र संतुष्ट थिएनन् देवीप्रसाद । दार्जिलिङ्गको शिक्षाको उज्यालो कसरी गाउँ घरमा फैलाउन सकिन्छ भन्ने उनी विचार गर्दथे । यसैले प्रजातन्त्रको उदयको लगत्तैपछि शिक्षा र समाज जागरणमा नेपालको पहाडमा आएर काम गर्न सक्ने निस्वार्थ भावनाको एक जना सचेत शिक्षकको खोजीमा लागे उनी । यो कुरा केही समयपछि उनकी एक सहधर्मी गुरुमाकोमा पुग्यो । त्यसबेला यी गुरुमा दार्जिलिङ्ग कमान बस्तीहरूमा निकै बर्ष मजदूर संगठनमा सक्रिय भई भूमिगतदेखि जेल जीवनसम्म बिताएर केही समयदेखि कम्युनिष्ट पार्टीबाट राजीनामा दिई बाहिर आएका दार्जिलिङ्गका एक जना नाम कहलिएका युवक नेताकोमा बस्दथिन् । ती युवक नेता थिए -मदनकुमार थापा जसलाई अलिकं अगि नेपाल आउँदा उनको पहिलेको राजनैतिक जीवनबारे थाहा पाएका एक जना नेपालका हाकिमले फर्काइदिएका थिए र जो फेरि नेपालको गाउँ घरमा आएर जागृति ल्याउने काम गर्नलाई मौका पर्खिएर बसिरहेका थिए । गुरुमाले देवीप्रसादलाई साधारणत आफूले जाने देखेको मदन थापाको विद्यार्थीदेखि राजनैतिक जीवनसम्म र बानी व्यवहारदेखि बहुआयामिक प्रतिभासम्मका यावत् कुरा अवगत गराएपछि उनीलाई दत्तचित्तले संरक्षण र सहयोग दिने भएमा उनी नेपालमा गई समाजको शैक्षिक, सांस्कृतिक र राजनैतिक जागृतिका लागि समर्पित भएर काम गर्न सक्ने भएको कुरा बताइन् । देवीप्रसादले सो कुरा मञ्जुर गरे यसरी भेट भएको थियो देवीप्रसाद र मदन थापाको २००९ सालतिर जुनबेला नेपालका भर्खर सर्वसाधरणले शिक्षण संस्था खोल्न पाउने र सर्वसाधारणका छोराछोरी निर्धक्क भएर पढ्न पाउने अधिकारको सम्मान गरिने समय आएको थियो । यो यस्तो आत्मीय सम्वन्धको प्रादुर्भाव थियो जुन दुई व्यक्तित्वहरू बीचमा विरलै पाइन्छ । यसरी

सम्वन्ध शुरु भएको करिव ३८ बर्षपछि, जब दुवैलाई आफ्नो जीवनको अन्त्यतिर आएको अनुभव भइराखेको थियो दुवैले आफ्नो आफ्नो जन्मस्थलमा गएर जीवन परित्याग गर्न अठोट गरेअनुरूप देवीप्रसाद, जो उमेरमा मदन थापा भन्दा करिब १३ बर्ष जेठा थिए, पहाड घर प्रस्थान गर्दा दार्जिलिङ्गमा गई मदन थापा र उनकी आमासंग अन्तिम पटक भेट गरेर त्यहीबाट सिधै पहाड आठराई गएका थिए । यस्तो थियो उनीहरू बीचको प्रेम र सदभावपूर्ण सम्वन्ध ।

देवीप्रसाद सरल, उदार र शान्त स्वभावका थिए । उनी आफ्ना र अर्काको बीचमा भेदभाव गर्दैनथे । उनको सबैलाई समान व्यवहार गर्ने दयालु स्वभावले गर्दा उनी झापामा आदिवासीदेखि लिएर, परधर्म मान्ने वा अन्य जातका वा अलग समुदायका सबैबीच अति लोकप्रिय थिए । जात भात नमान्ने वा भेदभाव नराख्ने र सबैलाई समान व्यवहार गर्ने यो गुण उनी र मदन थापामा उस्तै प्रकारले स्थापित थियो । यही प्रसंगवश दुवैसँग सम्वन्धित एउटा कुरा यस्तो छ-

देवीप्रसादको जीवनका पछिल्ला दशकहरूतिर मालिराम सतारको परिवार उनीकोमा आश्रय लिइराखेको थियो । त्यहाँ जाने आउने जो कोहीले पनि मालिराम र उनको परिवारलाई त्यहाँ सम्मानजनक व्यवहार गरेको देख्दथे । उनीहरूलाई कतै छेकवार, भेदभाव थिएन-भान्सा होस् वा घरभित्र सबैलाई जस्तै खुल्ला थियो । घरका अरू परिवार सरह खान्थे, राम्रो लाउँथे र विरमी भएमा अरू सरह हेर विचार पाउँथे । निर्धक्क, स्वस्थ मन लिएर ङिच्च हाँस्दै अभिवादन गर्दथे मालिराम त्यहाँ आउने सबैलाई । देवीप्रसादकोमा धेरै बर्षदेखि बसिआएकाले मदन थापासँग पनि मालिरामको उस्तै आत्मीय सम्वन्ध बनेको थियो ।

२०४८ साल दशै र तिहार बीचमा म दार्जिलिङ गएँ झण्डै २५ वर्षपछि । त्यसको केही हप्ता अगाडि मात्र देवीप्रसाद दार्जिलिङ हुँदै पहाड गएका थिए । सबैलाई अभिवादन गरेर बसेपछि मदन थापाले एउटा दशबर्ष जतिकी सानी केटीलाई औंल्याउदै भने- "यसलाई चिनिस् के तैले । यो मालिरामकी छोरी हो । झण्डै एक बर्ष जति भयो हामीसँगै छ ।" सानी केटी ङिच्च हाँसी अनि मैले भनें- "दार्जिलिङ आएपछि अलिक गोरी भइछ ।" उनले भने- "दार्जिलिङ आएपछि नै हो तँ पनि अलिक गोरो भएको ।" मदन थापाले आफूसाथ बसेका सबैलाई उस्तै ख्वाउँथे; उस्तै बिछ्यौना दिन्थे सुत्नका लागि; सफा, राम्रो लगाउन दिन्थे; सफा व्यवस्थित भएर बस्न सिकाउँदथे र सबैलाई उस्तै गरी घरको कामकाजमा हात बडाउन लगाउँथे । यही अनुरूप त्यो सानी केटी पनि उनकी आफ्नै छोरी सरह त्यहाँ बसिराखेकी थिई ।

तीन बर्षअघि मस्तिष्कको नशा फुटेको (ब्रेन स्ट्रोक) जस्तो भयानक स्थितिबाट गुज्रेको कारणले मदन थापा निस्क्रिय र अस्वस्थ थिए त्यसबेला । त्यही साल हिउँदमा उनी निकै सिकिस्त बिरामी भएकाले उनको परिवारले वीर अस्पताल काठमाडौंमा ल्याए । त्यो सानी केटीलाई पनि उनका छोरा बुहारीले उनीहरूको बालक छोरासाथै काठमाडौं ल्याए । मदन थापा अलिक राम्रो भएकाले माघको अखिरी सातामा दार्जिलिङ फर्किए उनका अधिकांश परिवारका सद्स्य र त्यो सानी केटीलाई काठमाडौं मै छोडेर ।

दैवको बिडम्वना त्यसैसाल फागुनमा उनी दिवंगत भए दार्जिलिङमा ।

उता पहाड गएका देवीप्रसाद पनि दुवै मृगौलाको खराबीले धेरै अस्वस्थ हुन लागे । अन्ततः त्यसबाट उठेको जलन खप्न नसक्ने अवस्था भएपछि उनका परिवारले पनि उनलाई उपचारार्थ आठराईबाट वीर अस्पताल, काठमाडौंमै ल्याए । उपचारकै सिलसिलामा उनीलाई आफ्ना परिवारले अस्पतालबाट बाहिर निकालेर नयाँ बानेश्वरको मीनभवन छेउमा एकतले घरमा राख्न थाले । मालिराम र उनको एउटा छोरा - जसको एउटा खुट्टाको टेक्ने भाग जन्मदै बेठीक थियो- पनि साथै बसे हेरचाहका लागि । देवीप्रसाद अब धेरै अस्वस्थ भइसकेका थिए । उनलाई अन्तिम समय आइराखेको थाहा भएकाले, उनले देहावसानपश्चात् उनको आफ्नो शरीर जो कोहीलाई पनि छुन, हेर्न दिनू कसैलाई यस्तो कुरामा बन्देज नलगाउनू भनी बारम्वार सम्झाइ राखे । उनको त्यहीं देहावसान भयो एकदिन । आखिर समाज त समाजै हो पार्थिव शरीर राखेको टाउँमा मालिराम जस्तोलाई जान बन्देज भयो नै । साँझपख उनको पार्थिव शरीर बसको छतमा झापा लानका लागि राखियो । त्यस बासस्थानबाट सामान ओसारेर उनको परिवार र आफन्तहरू पनि बसमा चढे । हडबड र होश हवाश नहुने संभव रहेको त्यस्तो स्थितिमा सामान छोडिने आशंका भएकाले म अन्तिम पटक त्यो खाली बासस्थानमा हेर्न पुगें । त्यहाँ मात्र मालिराम र उनका छोरा थिए । उनीहरूलाई देख्दा फेरि आँखा रसायो, साँचै टुहुरा भएको जस्तो लाग्यो देवीप्रसादका प्रियजनहरू । मैले सोधें- "कहाँ जाँदैछौ ।" मालीरामले भने- "छोरी भएको ठाउँमा ।" "कहाँ ? "फेरि सोधें । "मदन सरको बुहारीकोमा मेरो छोरी छ, अब त्यहीं जान्छौ ? यो छोराको खुट्टाको अपरेशन हुँदैछ, त्यो समयसम्म त्यहीं बस्छौं ।" मालीराम यसरी अनायासै उनीहरूको सम्वन्धको प्रतीक भइदियो । म फेरि भक्कानिएँ । मलाई एकपल्ट फेरि आभास भयो- कस्तो थियो त्यो सम्वन्ध । कहाँबाट बनिएर आएको थियो त्यो ? हामी सबै त्यो सम्वन्धको छत्रछायाँमा रह्यौं । उनीहरूको त्यो सम्वन्धमा कसैले पनि आँच पुऱ्याउन सकेन - खुल्दुली गर्नेहरू भन्दा त्यो सधैं माथि माथि नै रह्यो ।

अनि मलाई कौतुहल जाग्यो किन समाजसेवीहरू यस्तो सम्वन्धमा बाँधिन्छन् ? उनीहरूमा मात्र यस्तो सम्वन्ध स्थापित हुन्छ, किन ? अनि मलाई लाग्यो: सच्चा समाजसेवा गर्नेहरू समर्पित हुनैपर्छ, लोभमोहको बन्धनबाट मुक्त हुनै पर्छ र जुनसुकै बेला पनि उनीहरूले सच्चाइलाई अँगाल्नै पर्छ झुठो र पाखण्डीपनले पनि मानिस केही समयका लागि नामी हुनसक्छ तर त्यस्तो नाम बिरलै पालिएर रहन्छ, त्यसले समाजलाई अन्त्यमा धोखा दिन्छ । समाजले जतिमात्रामा समर्पित र मुक्त मानिसहरू जन्माउँछ त्यो समाज त्यति नै मात्रामा धनी हुन्छ त्यत्ति नै मात्राको द्रुततर गतिमा त्यो समाज अगि बढ्दछ । अनि जुन समाजले सत्यतालाई अंगालेको छ यसको स्थापित सम्वन्धमा, यो चल्ने परिपाटीमा; लवाइ खुवाइमा, कलाकौशलमा, यसको ज्ञान भण्डार बृद्धिमा; ..... जुन समाजले झुठो र पाखण्डीपनलाई परित्याग गरेको छ, त्यही समाजमा त्यस्ता मानिसहरू धेरै जन्मन्छन् । यसैले त्यही समाजको भलो हुन्छ- विकास भएर उन्नतिको शिखर छुन्छ -जसले सत्यतालाई बढी अंगालेको छ समाज विकास हुने

लक्षणको यो कुरा मूल परिचायक हो । देवीप्रसाद उप्रेती र मदनकुमार थापाका बीचमा समाजसेवाप्रति समर्पित हुने इमान्दारिताको अटुट बन्धन थियो । झुठो कुरालाई परित्याग गर्दथे, सत्यतालाई अँगाल्दथे र त्यसैमा इमान्दारी पूर्वक बस्दथे । विरोधी, विपक्षीहरूको इज्जत गर्दथे, कदर गर्दथे, उनीहरूको उद्देश्य र भावना बुझ्दथे र उनीहरूलाई पनि रचनात्मक गतिविधितिर लाउने हर्दम चेष्टा गर्दथे, भरिसक्य काम गर्दा विरोध नै नआउने स्थितिको सृजना गरेर काम शुरू गर्दथे । यस्तो लाग्थ्यो, उनीहरू शिरदेखि पैतालासम्म चुर्लुम्म इमान्दारीतामा डुबेका थिए । जहाँ साँचो प्रेम हुन्छ त्यहीं मुक्त, समर्पित, दया र आदर गर्ने सत्यतालाई अँगाल्ने इमान्दार मन हुन्छ । यही साँचो प्रेम भएका मानिसहरू थिए उनीहरू । उनीहरूका प्रेमका हातहरू माथि जोडिएका हुन्थे अनि हामी केटाकेटी सरह ती हातहरू मुनि हुन्थ्यौं ।

अविस्मरणीय योगदानहरू र आपसी सहयोग

हाम्रो देशको राजनीति समाजसेवाको अझै सहायक बन्न सकेको छैन । कति ठाउँहरूमा· समाजसेवीलाई समाजबाट अलग्याउने वा उदासिन बनाउने काम भने राजनीतिले खूब गरेको छ । राजनीतिमा ज्यादै हावी छ पाखण्डीपन । कुरा एकातिरको गरिन्छ काम अर्कातिरको । राजनीति भनेकै यस्तै हुन्छ भन्ने विचार व्याप्त बनाइएको छ । यसैले निस्वार्थ समाजसेवीहरू राजनीतिमा प्रवेश गर्ने वातावरण नै बनेन । राजनीति समाजसेवाबाट पलाएको र हुर्केको भए यस्तो कदापि हुने थिएन । यो दक्षिणपूर्वी एशिया भू-भागमै साँचो समाजसेवाद्वारा राजनीतिमा स्थापित हुने एकमात्र व्यक्तित्व सायद महात्मागान्धी नै मात्र हुन् । यस्तो मानिसले समाजलाई असाध्य माया गर्ने भएकाले समाजलाई विभाजनमुखी वा आतंकित वनाउनतिर लाग्दैन । प्रेमले बाँध्न खोज्छ । प्रेम जहाँ पनि र जहिले पनि एकता बनाउनका लागि हुन्छ । वास्तवमा समाज विभाजन गर्ने कुराहरू विनाशका सूचक हुन् । साँचो समाजसेवा गर्ने मानिस समाजमा स्थापित छन् भने त्यहाँबाट उठेको राजनीतिले त्यो समाजसेवाको धून बोकेको हुन्छ र असल नेतृत्व पाएमा राम्रो परिणति दिन्छ । महात्मागान्धीले समाजसेवाद्वारा उठाएको सारगर्भित राजनैतिक धूनले भारतमा धेरै बर्ष काम गऱ्यो तर अब यो निर्वल, निष्प्राण भइसकेको छ सानो भएपनि एउटा यस्तै धून पूर्वी नेपालको आठराईबाट शुरू भएको थियो जसलाई सृजना गर्नमा त्यहाँका शिक्षाप्रेमीहरूको र त्यहाँ आएर शिक्षासेवा र समाज जागरणमा काम गर्ने शिक्षकहरूको हात थियो । दुःखको कुरा, तर त्यसबाट पलाएको राजनीति रचनात्मक दिशातिर फस्टाउन पाएन । जो योग्य थिए जसले यो सृजना गर्न सहायता गरेका थिए तिनीहरूको नेतृत्व त्यहाँ बन्न पाएन ।

आठराईको समाजलाई शिक्षा र जागृतितर्फ उन्मुख गराउने मुख्य भूमिका निभाउने स्थानीय व्यक्तिहरूमा सायद मूलपानीका जनार्दन सिटौला, स्व. भानुभक्त सिटौला र स्व. गंगाप्रसाद सिटौला; चुहानडाँडाका पद्मप्रसाद उप्रेती र स्व. हरिचरण सिटौला, सिम्ले इवाका स्व. देवीप्रसाद उप्रेती, विचार सिं कन्दङ्वा र स्व. रामप्रसाद प्रसाई र हाङपाङ्गका गणेश राई होलान् तर प्रायः सम्पूर्ण आफ्नो स्रोतबाट तीन/तीनवटा हाइस्कूलहरू स्थापना गरी (निःशुल्क वा एकदम कम शुल्कमा) चलाउने र झापा,

इलाम र आठराईका अरू थुप्रै शिक्षण संस्थाहरूलाई केही स्थापनाकै लागि आर्थिक, सामाजिक सहयोग गर्ने र कहीं व्यापक आर्थिक सहायता प्रदान गरी सहयोग गर्ने चाहिं देवीप्रसाद नै हुन् । उनी शिक्षामा चारैतिर भइराखेका कामप्रति अति नै अभिरुचि लिन्थे र यस्ता कामहरूलाई आफ्ना तर्फबाट कसरी मद्दत पुऱ्याउन सकिन्छ त्यसबारेमा सोच्दथे ।

आठराईमा आधुनिक शिक्षाको प्रारम्भ २००३ सालबाट शुरू भएको हो । त्यसबेलादेखि शुरु भएर २०१७ सालसम्ममा त्यहाँ एउटा कलेज, तीनवटा हाईस्कूलहरू र थुप्रै प्राथमिक र निम्न माध्यमिक स्कूलहरू बनिसकेका थिए । यी हाईस्कूलहरू र कलेज दार्जिलिङ्गबाट आएका शिक्षकहरूले शुरू गरेका थिए र २०१८ सालसम्म पनि यी स्कूल, कलेजहरू दार्जिलिङ्गबाट आउने शैक्षिक जनशक्तिमा प्रायः सम्पूर्ण निर्भर थिए । यसरी नेपालमा वरपर एकै भेगमा एकत्र भएर दार्जिलिङ्गबाट आएको त्यत्रो शिक्षित जनशक्तिले काम गरेको सायद एकमात्र ठाउँ होला आठराई (परिशिष्ट हेर्नुहोस्) । २०१९ सालपछि बिस्तारै त्यहीं पढेका स्थानीय शिक्षकहरू वा नेपालभित्रै अन्य ठाउँबाट पढेर आएका शिक्षकहरूले दार्जिलिङ्गका शिक्षकहरूको ठाउँ लिन थाले । यसक्रमले असल शिक्षाका लागि बाहिरबाट ताजा बहिरहनु पर्ने शैक्षिक प्रवाह रोकियो । शिक्षा उर्द्धवमुखी हुन थाल्यो । त्यसमाथि त्यहाँको समाजमा र शिक्षण संस्थाहरूका राजनैतिक चेतनामाथि उठाउने नाममा एउटा पक्षले असहिष्णु र भीड राजनीति शुरू गऱ्यो भने अर्को पक्षले सरकारी शक्तिको साथ लिई दमन राजनीति शुरू गऱ्यो । त्यसको प्रतिफल शैक्षिक जगतमा राजनीतिकरण, शिक्षामा सरकारीकरण सुरुवात, समाजसेवाका गतिविधिहरू बन्द शिक्षा प्रेमीहरूलाई निरुत्साह, बाहिरबाट आउने शिक्षकहरूको आगमन बन्द, शिक्षाको गुणस्तर घटाउने र अनेकौं विसंगति सृजना गर्ने सिवाय अरू केही हुन सकेन ।

दार्जिलिङ्गबाट आठराईमा आएका शिक्षकहरूबीचका शिरताज थिए मदनकुमार थापा । उनी २०११ सालदेखि आठराईमा पसेर पुरै नौ वर्ष त्यहाँ बसे । आठराई समाजको शिक्षा र जागृतिको लागि उनीले दिएको योगदान सदैव आदरसाथ संझिने छ । उनी थिए एक प्रतिभाशाली शिक्षक र राजनीतिज्ञ आत्मबल, बौद्धिक कुशाग्रता, राजनैतिक परिपक्वता, वक्तृत्वकला, सांगठनिक क्षमता, रसिलो र मानवीय मन सबैका अत्यन्तै धनी । अनपढ हुन् वा बुद्धिजीवी शिक्षक हुन् वा विद्यार्थी सबै उनका वरिपरि झुमिन्थे, उनको प्रभावबाट मख्ख हुन्थे । दार्जिलिङ्गबाट आठराई आएका शिक्षकहरू त उनीलाई भेटेपछि आफ्नो दुःख बिर्सन्थे र जहाँ भएपनि मौका पाउनासाथ उनीलाई खोज्थे, भेट्थे । उनले सिम्ले, इवामा प्रणामी विद्यालयको औपचारिक स्थापनादेखि निम्न माध्यमिक तहसम्मको विकास र पोखरी हाइस्कूलको स्थापनादेखि त्यहाँबाट एस.एल.सी. परीक्षा दिने दोस्रो समूह विद्यार्थी निक्लिउन्जेलसम्मको शैक्षिक, प्रशासन जनसम्पर्क र निर्माणको गतिविधिमा नेतृत्व दिए । हाईस्कूलहरूमा विद्यार्थी संख्या बढाउनका लागि र साना-साना नानीहरूलाई स्कूल जान आउन सजिलो होस् भन्नका लागि छेउछाउमा थुप्रै प्राथमिक स्कूलहरू सृजना हुनुपर्छ भन्ने धारणाको समाजमा

विकास गरे र तदनुरूप होडा, भदौरे, टुँडिखेल, भिञ्चिया आदि ठाउँहरूमा प्राथमिक स्कूलहरू औपचारिक रूपले चलाउन वा सृजना हुने वातावरण तयार गर्न सघाए। उनको सक्रियतामा आठराईमा त्यसबेला "आठराई शिक्षा समिति" को गठन भयो जुन त्यस बेलाको त्यहाँको शैक्षिक गतिबिधिलाई अन्यत्र पहाडमा फैलाउन शिक्षण संस्थाहरूलाई साँस्कृतिक र सामाजिक चेतनाको आकर्षणकेन्द्र बनाउन र बिभिन्न स्कूलहरूबीच शैक्षिक, सांस्कृतिक, साहित्यिक, वक्तृत्व र खेलकूदका क्रियाकलापमा तालमेल मिलाउन र मैत्रीपूर्ण प्रतिस्पर्धा गराउन ज्यादै सफल थियो। यसअनुरूप शिक्षण संस्थाहरूलाई अभिप्रेरित गरी उनीहरूमा आत्मा भर्ने र समाजलाई चेतना दिने अर्को संस्थाको नाम नेपालमा सुनिन पाइएको छैन। मदन थापाको स्कूललाई शिक्षा बितरण गर्ने थलो मात्र नबनाएर समाजमा उत्साह र जाँगर भर्ने समाजको कुसंस्कारलाई ललकार्ने, सांस्कृतिक र मनोवैज्ञानिक केन्द्रको रूपमा विकास गर्ने प्रयत्न थियो। शिक्षण संस्थाहरूमा बहुत जीवित र उत्साहपूर्ण वातावरण पाइन्थ्यो त्यसबेला त्यहाँ। माथिल्लो श्रेणीका विद्यार्थीहरूलाई पालैसँग छेउछाउमा खोलिएका प्राथमिक स्कूलहरूमा शिक्षकको अभाव भएकोले पढाउन पठाइन्थ्यो। विद्यार्थीहरू लाइब्रेरीको अर्थ संकलनका लागि खेत रोप्थे। स्कूल ग्राउण्ड र गाउँका बाटाहरू बनाउन गाउँको श्रमदानको पालो हुन्थ्यो जसमा के शिक्षक के विद्यार्थी सबै डोकामा ढुंगा ओसार्थे। समाजमा भएको अन्याय, शोषण कुरीतिप्रति सचेत गराउने र मानिसमा जागरण ल्याएर त्यसप्रति आवाज उठाउन लाउने उनी आठराईका पहिला राजनैतिक शिक्षक पनि थिए तर उनले कहिल्यै असहिष्णु, भीड राजनीतिलाई प्रश्रय दिएनन् न त स्कूलको प्राज्ञिक वातावरणमा सार्वजनिक काममा वा "आठराई शिक्षा समिति" मा राजनीतिको गन्ध नै आउन दिए। उनले चलाए सबैको अगाडि छर्लङ्ग देखिने मध्यदिनका त्यस्तो प्रष्ट राजनीति जुन समाजसेवाको लागि सहायक बन्दछ जसले समाजेवीलाई उत्साहित गर्दछ। मदन थापा जस्तो सकृय जागृत व्यक्तित्व पाएर पूर्वाञ्चलमा जागरण र राजनैतिक हलचलको सूत्रपातको थालनी भयो आठराई र विशेष गरी उनले शिक्षा दिएको त्यो हाइस्कूल। तर बदलिंदो देश र संसारको परिस्थितिमा र उनी जस्तै परिपक्व अर्को नेतृत्वको अभावमा पछिका राजनैतिक गतिविधिहरू रचनात्मक हुन सकेनन् त्यहाँ।

स्कूलमा दिइने शिक्षा व्यवहारिक र समाजसेवातिर उन्मुख पनि हुनुपर्छ भन्ने पक्षमा देवीप्रसादको असाध्य जोड थियो। "स्कूलमा अभिभावकहरूले आफ्ना छोरा छोरी अध्ययन गराई सकेपछि कसरी शिक्षा दिंदा विद्यार्थीले राम्ररी बुझ्दछ, जान्दछ र अनुत्तिर्ण हुँदैन त्यसतिर पनि स्कूलले सोच्नु पर्छ। स्कूल अभिभावकको लगानी र विद्यार्थीको समयप्रति उत्तरदायि बन्नु पर्दछ।" उनी भन्ने गर्दथे। त्यसबेला आठराईमा मदन थापाले गरेका यी गतिविधिहरू उनीहरूबीचका अनन्य सम्बन्धका उपज हुन् - उनीहरूले अनेकौं विवेचना, छलफलद्वारा निकालेका निष्कर्ष। यसैले मदन थापा निश्चिन्त भएर आफ्नै शैलीमा काम गर्दथे अनि देवीप्रसादले जे भएको छ त्यसलाई अटूट समर्थन दिइराख्थे।

२०१६ सालको शुरूको मलाई एउटा घटना अझै याद छ -'मदन थापा करिब

४ बर्ष जस्तो नेपाल बसेर त्यसबेला दार्जिलिङ्गमा गएका थिए। म प्रणामी विद्यालयमा सातैं कक्षामा पढ्न शुरू गर्दै थिएँ। त्यसबेलासम्म त्यस स्कूलमा बाहिरबाट आउने शिक्षक केवल मदन थापा मात्र थिए। उनले धेरै जस्तो दार्जिलिङ्ग पढेर आएका स्थानीय शिक्षकहरूको साथ लिएर प्रणामी विद्यालय संचालन गरिरहेका थिए। स्थनीय शिक्षकहरू मध्ये केहीलाई स्कूल संचालनको नेतृत्व लिन मन पर्‍यो। शिक्षामा त्यो ठाउँ धेरै बडाएर लाने देवीप्रसादको भित्रि अभिप्रायः सायद थाहा भएन। त्यसैले मदन थापालाई अब बोलाउन आवश्यक छैन्, उनीहरू विद्यार्थीहरू असन्तुष्ट छन् - भन्ने झूटा अफवाह लिएर त्यसबेला सिक्लेमै बसिराखेका देवीप्रसाद भएका ठाउँमा उनीहरू गए। त्यसपछि अभिभावकहरू र देवीप्रसाद यथार्थ कुरा बुझ्न स्कूल आए। हामी सबैलाई मदन थापाको बिरूद्धको लाइनमा लगाइयो। तर अभिभावकहरू र देवीप्रसाद शिक्षकहरूको त्यो कुरा मान्न तयार भएनन्। मदन थापा बिना त्यहाँ भइरहेको र अरू गरिने काममा बाधा हुने भएकाले यदि उनीसँगै बसेर काम गर्न कसैलाई अप्ठ्यारो छ भने बरू त्यस्ता शिक्षकहरू सबैलाई फुर्सद दिन मिल्ने तर मदन थापालाई बोलाइने कुरा देवीप्रसादले जाहेर गरिदिए। त्यसका केही दिनपछि बिना समाचार नै मदन थापा परैबाट गाउँ घर उज्यालो पार्दै आए एक संगीत र कलामा अति निपूर्ण र मीठो गला भएका शिक्षक गोकुल राईका साथ। मदन थापालाई यस्ता कुराहरूले छुँदैनथ्यो, समाजको हित र अहितपट्टी बढी ध्यान हुन्थ्यो उनीको। शिक्षामा भर्खरै पाइला राख्दै गरेको त्यो ठाउँमा शिक्षाको गतिविधि अरू व्यापक बढाएर लानु छ र यसका लागि नै देवीप्रसादले उनको साथ खोजेको हो भन्ने विश्वास थियो उनलाई। यसैले उनी आए निश्चिन्त भएर। बिना कुनै तुस सबैलाई अँगाले र आउँदा दिनहरूमा सबैले ठूलो जिम्मेवारी लिनुपर्ने प्रतिभूति दिए। त्यहाँ काम गरिराखेका शिक्षकहरूको बढी उत्तरदायित्व लिने मनसाय भएकाले अब त्यहाबाट शैशिक गतिबिभि अन्यत्र पनि बिसतार गर्ने परिकल्पना हुन थाल्यो। तयसो गर्नाले शिषा लिने दिने प्रकृया दुर्ब ठाउँमा अझ छीटो र स्वस्थ बिकास हुने लषण देखियो। यसरी पोखरी हाइस्कूलको जम्म भयो २०१६ सालमा अब स्थनिइ शिक्षकहरूलाईं प्राःय प्रणमी बिद्यालय मै रादियो र खार्जिलिङ्गबाट बि.ए. एस्सी.र अरू योग्यताको शिषकहरू थुप्रैलाई बलाईयो। यस्तो थियो २०१६ सालमा स्थानीय शिक्षकहरूले उठाएको समस्याको बहुतै सिर्जनाशील समाधान।

पोखरी स्कूलका शुरूका पहिला एक डेढ बर्षमा केही यस्ता आपतहरू आए जो सयद देवीप्रसाद जस्तो चंख मन भएका मानिसलाई पहिल्यै आभास थियो। यसैले होला उनी पहाडमा यसको पुरै पहरेदार भएर बसे। झापामा उनको अपस्थितिको ज्यादै आवश्यकता भएर पनि। देवीप्रसादले उनी १८ बर्षको हुँदा पहाड छोडेपछि यो बेला नै थियो उनको त्यसपछिको जीवनमा सबभन्दा लामो लगातार पहाड बसाइ। एक बर्ष जति सिम्लेमा र डेढ बर्ष जति पोखरीमा। पोखरीमा शुरू गरिएको शिक्षाको कामप्रति ठालूहरूको आक्रोश आयो। दुई-दुईपल्ट बनाइएका भवनहरू र डेक्स, बेञ्चहरू जलाएर सखाप परिए। देवीप्रसाद आफैं बसेको बाँझाबारी, पोखरीमा नयाँ थुप्रै लामा धरहरूमा पनि अप्रन्याशित आगो लाग्यो र सखाप भए। तर उनीले आफ्नो प्रेम बचाइ राखे र

उनीको बुद्धिमताले गर्दा यी दुर्घटनाहरूले शिक्षक विद्यार्थी, अभिभावक कसैलाई पनि विचलित र हतोत्साही हुन दिएन । अझ उनीहरूमा नयाँ स्फूर्ति, जोश र दृढ संकल्प पलायो, उनी र मदन थापा जस्तो मानिसको ढाढस पाएर । कक्षाहरू फेरि एकपल्ट स्कूल शुरू भएको अवस्थामा मै रूखमुनि र कट्टुसले बारेका आकाशे छाना भएका छाप्राहरूमा संचालन गरिए । तर अब आउँने भवन केहीले बिगार्न नसक्ने हुने भयो हेर्दा पनि बहुतै सुन्दर । गोकुल राईले यसलाई पेन्टिङ्ग भरेर सबैको मनमा सजीवता दिए । स्कूलमा लागि लामा अस्थायी तीनवटा भवनहरू र डेस्क बेञ्चहरू फेरि बने । दार्जिलिङ्गबाट अरू थप बी.ए., बी.एस्सी. शिक्षकहरू झिकाइए । अनि यसै समयमा 'आठराई शिक्षा समिति'का गतिविधिहरू पनि उच्चतम शिखरमा आए । सर्वत्र आठराईमा त्यो बनाँ बनिएको स्कूलप्रति उत्सुकता, सहानुभूति र आदर जाग्यो । छेउ छाउका गाउँघर त परिवार जस्तो भयो त्यो स्कूल । यसको संचालन र शैक्षिक वातावरण पनि त्यस्तै स्वस्थ, राम्रो रहन थाल्यो । गोकुल राईले संचालन गरेका सांस्कृतिक कार्यक्रमले आठराई र यसका वरिपरि पहाडमै संगीत र कला क्षेत्रमा नयाँ जीवन भऱ्यो । अबदेखि देवीप्रसादलाई विश्वास भयो - स्कूलले सबैका मनमा आदर पाइसक्यो, सबैलाई यो स्वीकार्य भइसक्यो । यसैले त्यसपछि उनी आफ्नो झापाको व्यवहारिक समुन्द्रमा फर्के ।

मदन थापा त्यस्ताकै केही समयका लागि दार्जिलिङ्ग गएर फेरि पोखरीमा फर्की स्कूलको शिक्षा र निर्माणका गतिविधिहरूमा नेतृत्व दिन थाले । यस समयमा उनले पोखरी स्कूलको ग्राउन्ड स्थायी भवनको जग र भुइतलाको निर्माण; छाप्ते ढुंगा, होडा र ईवतिरबाट पोखरी स्कुल तिर आउने बाटाहरू र पोखरीबाट संक्रान्तितिर जाने बाटोको केही अंश बनाउन, र "आठराई शिक्षा समिति" लाई प्रभावकारी बनाउन सघाए । मदन थापा यसरी पहाडमा २०१९ सालको (म पनि भएको) एस. एल. सी. विद्यार्थीहरूको समूहलाई सेन्ट अप गराउञ्जेलसम्म बसे । उनी त्यहाँबाट फर्कदा सकूलबाट पहिलो पटक एस.एल.सी. उत्तिर्ण भएका विद्यार्थीहरू कलेज बढ्दै थिए । पोखरी स्कूल बाहेक आठराईका अन्य शिक्षण संस्थाहरूबाट दार्जिलिङ्गबाट आएका शिक्षकहरू प्राय: फर्किसकेका थिए । पोखरी स्कूल अब आफै संचालन भएर जाने अवस्थामा थियो । मदन थापालाई आफ्नो त्यहाँको मीसन पूरा भए जस्तो लाग्यो । उनी झापा आए ।अनि घैलाडुब्बामा देवीप्रसादले गर्दै गरेको शैक्षिक र सामाजिक काममा सहायता गर्न थाले । घैलाडुब्बामा आदर्श विद्या मन्दिरले नि.मा.बि स्तरसम्मको शिक्षा दिदै थियो उनी आउँदा । यसको संचालन र जनसर्म्पकमा उनले अरू दुई बर्ष जति नेतृत्व दिए । मदन थापालाई झापामा सायद लामो समयसम्म काम गर्ने ईच्छा थियो । झापामा धेरै कुरा सुगम भए पनि सामाजिक जागरणमा भने आठराई नै अघि थियो त्यसबेलासम्म । मदन थापाले त्यहाँ आफूलाई राम्रो काम गर्ने ठाउँ भएको कुरा बुझेका थिए ।फेरी त्यहाँ उनका मिलनसार हस्ति साथीहरू पनि थिए । आफ्नो परिवारलाई भेट्नजान वा उनीहरूलाई त्यहाँ ल्याउन पनि उनलाई त्यहाँ सुगम हुन्थ्यो । यी सबै कुरा सुलभ भएपनि नेपालमा जनस्तरबाट सकृय भएर समाज सेवाको काम गर्ने बेला फेरि एकपल्ट हराउन थालेको थियो त्यसबेला । यसैबीच झापाको उत्तरदायी सरकारी निकायले नेपाल आएर उनले

गरेको सेवाका लागि उनीसँग सोधपुछ गर्न बोलायो । उनी प्रतिको त्यो सरकारी रबैयाले गर्दा त्यहा बसेर उनले सकारात्मक काम गर्ने स्थिति बनेन । बरू उनको उपस्थितिले देवीप्रसादलाई पनि उलझनमा डाल्ने संभावना रऱ्यो । यसैले देवीप्रसाद सित उनलेआफू दार्जिलिङ्ग फर्कने अनुमति मागे । त्यसबेलासम्म मदन थापाले एक कौडी पैसा जोगाएका थिएनन् । उनको परिवारलाई उनले आफ्नो आमासित अभाव अभावमै छोडेका थिए । जुन दार्जिलिङ्गमा आफन्तहरूबीच त्यस्तो राम्रो सुख दुःख बाँड्ने र एक अर्कालाई सहयोग गर्ने परम्परा अनुरूप चलिरहेको थियो । यो स्थितिको राम्रो ज्ञान थियो देवीप्रसादलाई । मदन थापा भावबिभोर भएर आफ्नो झिटिमिटि गोरू गाडामा राखेर फर्कन लाग्दा देवीप्रसादले उनलाई सम्बोधन गरेको एउटा बन्द खाम हातमा राखि दिदै भनेका थिए - "यो मेरो तर्फबाट सरको परिवारलाई कोसेली ।" त्यो खाम मदन थापाले बिर्ता बजार छेउ आई खोलेर हेरेका थिए । त्यसमा मदन थापाको नाममा चप्रामारी झापाको २० बिगाह जति जग्गाको जग्गाधनी प्रमाण-पत्र र साथमा उहाँ भएको ठाउँमा आइरहन आग्रह गरिएको यौटा पत्र थियो । मदन थापालाई अति हर्ष लाग्यो । उनका आँखामा आँशु आए । यो थियो उनले गरेको अनमोल कामको पुरस्कार । देवीप्रसाद ज्यादै विवेकी र आफ्नो उत्तरदायित्व निभाउने व्यक्ति थिए र यसरी नै उनले दाजिर्लिङ्गमा आफ्नो सहधर्मी गुरूलाई दिएको बचनको सधैं रक्षा गरे ।

"उज्यालो" देन र "अध्यारो" परिवेश

आजभोलि हाम्रो देशमा गाउँ-गाउँमा झोला भिरेर स्कूल गइराखेका नानीहरूको ताँती देख्नु एकदम सामान्य कुरा हो। २००७ सालभन्दा अघि यस्तो हुन्नथ्यो । सबैतिर गाउँले समाज छुत-अछुत प्रथाको कठोर बन्धनले विभाजित थियो । गाउँहरू २/४ ठालूहरूका ठिंग्रा मुंग्राबाट संचालित हुन्थे । माथिल्लो जातका थोरै केटाकेटीहरूले बिरलै खोलिने हिउँदे भाषा पाठशालामा ज्यादै दूर्लभ गुरुहरूबाट श्रेस्ता, ज्योतिषविज्ञान र साधारण संस्कृतको शिक्षा लिन पाउँथे । यो स्थितिमा सुधार ल्याउन शिक्षाप्रेमीहरूले ज्यादै ठूलो तपस्या गरेका छन् । उनीहरूले कतितिर दौडधुप र खोजी गरी खोलेका स्कूलहरूको अज्ञानताबस वा धार्मिक संर्किणताबस वा ठालू प्रवृतिबस विरोध गरिन्थ्यो । तल्लो जात वा परधर्मका केटाकेटीहरूलाई कि त यस्ता पहिला खोलिएका स्कूलहरूमा शिक्षा दिनबाट बंचित गरिन्थ्यो कि तिनीहरूलाई शिक्षा दिन खोजे बापत तीब्र विरोधको सामना गर्नुपर्थ्यो । केही कथम यस्ता केटाकेटीहरूलाई स्कूलमा भर्ना लिइहाले पनि क्लासमा बेग्लै ठाउँमा छुट्याएर राख्न बाध्य हुनुपर्थ्यो । छोरीलाई स्कूल पठाउनु बेठिक र भ्रष्ट पार्नु संझिने गरेकाले राम्रै परिवारले पनि छोरी स्कूल पठाउँदेनथे । यस्ता चलन र मनोवृत्ति अझै कहीं कहीं होलान् तर अब स्थितिको कायलपलट भैसकेको छ । सायद हामीलाई कहिल्यै थाहा नहोला । हाम्रो त्यस्तो पुरानो संस्कारले जकडेको समाजमा परिवर्तन ल्याउन कति गाह्रो पऱ्यो होला । तिनीहरू महान हुन् - जसको त्याग र तपस्याले यो सम्भव भएको छ ।

नेपालको पहाडी भू-भागमा बसाई सराइका क्रम पश्चिमबाट पूर्वतर्फ भएपनि सामाजिक जागरणको लहर चाहिं पूर्वतिरबाट पश्चिमतर्फ बहेको छ । यो जागरणमा

हात भएका दुईवटा मुख्य शिक्षा र सन्देशका केन्द्रहरू हुन् - बनारस र दार्जिलिङ्ग, जसले जागरण फैलाउने मानिसलाई आश्रय दिएका छन् वा जन्माएका छन्। यी मध्येमा पनि पूर्वी पहाडको शैक्षिक र सामाजिक उत्थानका लागि चाहिं दार्जिलिङ्गको नै मुख्य हात छ । दार्जिलिङ्गको शिक्षा र संस्कृतिको प्रवाह झापा र इलाम हुँदै तेह्रथुमको अठराईमा पुगेर त्यहाँको माटोमा यसले सर्वप्रथम राम्रो जरा गाड्न र फैलीन पाएको छ । आठराईमा दार्जिजिङ्गको शैक्षिक र साँस्कृतिक प्रवाह भित्राउन र यो प्रवाहलाई अन्य ठाउँहरूबाट त्यहाँ आएको प्रवाहसँग समागम हुने मौका दिन देवीप्रसादको अपूर्व योगदान छ। आठराइको शैक्षिक र सामाजिक जागरणको लागि त यिनले मेरूदण्डको काम गरेका छन् नै, यसका अलवा झापाको सामाजिक संरचना र करफोक र झापाको शैक्षिक उत्थानमा पनि यिनको ठोस योगदान छ।

दार्जिलिङ्गको शैक्षिक प्रभाव कुनै पनि वाद-विवादमा नअल्झिएको ठेट नेपाली संस्कृतिमा आधारित राष्ट्रियहितलाई संरक्षण दिने खालको छ। आफ्नो अस्तित्व बचाउन दार्जिलिङ्गवासीहरूले आफ्नो भाषा, संस्कृति र माटोको सुगन्ध शिक्षा र रहनसहनमा जोडेका छन्। अलिकति चाहिं यो उनीहरूले लामो समयसम्म लिन पाएको स्तरिय शिक्षाको उपज हो। दार्जिलिङ्गमा धेरै हदसम्म धर्म, वाद, वा धारणा मुक्त शिक्षा दिइन्छ जसले मानिसलाई स्वच्छन्द चिन्तन राख्न र चारैतिरबाट राम्रो कुरा लिन प्रेरणा दिन्छ। शिक्षा निष्पक्ष, बैज्ञानिक, समष्टि जीवनको हित गर्ने र मानवतालाई माथि उठाउने हुनु पर्छ । झट्ट हेर्दा यस्तो नलागे पनि कुनै धर्म, वाद वा कसैको धारणा भित्र पसेर बस्नु भनेको पराधिन मन बनाउनु हो। पराधिन मन भएपछि निष्पक्ष, स्वच्छ, सिर्जनशील चिन्तनको अभाव हुन्छ, जुनबिना सत्यतामा पुग्न सकिदैन। यस्ता कुराहरू प्रति हाम्रो देशका शिक्षण संस्थाहरूमा र शैक्षिक गतिबिधिहरूमा ध्यान दिइएको छैन।

आजभोलि मुलुकको स्थापित राजनैतिक मूल प्रवाह सुदूर पूर्वबाट शुरू भएको राजनैतिक धारले मुख्य भूमिका खेल्न थालेको देखिन्छ। यो धार जन्मनुको कारक तत्व आठराईमा भएको शैक्षिक र सामाजिक जागरण र आठराई र झापाबीच बसाईं सराइका कारणले स्थापित गरेको सोझो सम्बन्ध नै हो। यदि कसैले यो धार कहाँबाट सुरू गरिएको छ भनेर यसको मुहानको खोज अध्ययन गरेमा उसले त्यो आठराई, शैक्षिक, सामाजिक जागरणको क्रममा त्यहाँ शुरू गरिएको राजनैतिक चेतना र सामाजिक सेवा पाउँनेछ । यो धारमा त्यहाँ गरिएको समाजसेवा र जागरणको धून जीवित रहेको भए सायद राजनीतिमा समाजसेवीहरू पनि अटाउने थिए होलान र यसको संरचना नेपाली समाजले पुस्तौं पुस्ता लगाएर पाएको आत्मा र केही सार्थक मूल्य र मान्यतामा आधारित हुन्थ्यो होला । जेहोस् यो धारको उत्पति पैलाउँदै गएमा यसको मुहानमा दार्जिलिङ्गका शिक्षकहरूका र आठराईका शिक्षाप्रेमीहरूका जुटेका हात पाइने छन् । यसरी दार्जिलिङ्गले नेपाली भाषा, संस्कृति र शिक्षा फैलाउने मात्र होइन यो देशको सामाजिक र राजनैतिक जागरणमा पनि योगदान दिएको छ र आपतकालीन स्थितिहरूमा हामीहरूले दार्जिलिङ्गवासीबाट आश्रय पनि पाएका छौं, भनै हामीहरूले उनीहरूको सुख दुःखमा त्यस्तो साथ नदिएता पनि ।

नेपालको पूर्वी पहाडमा शैक्षिक सामाजिक सेवाका गतिविधिसँग गाँसेर राजनैतिक चेतनाको पहिलो ज्योति छर्ने शिक्षक दार्जिलिङ्गका मदन थापा नै हुन् । यो प्रकाशलाई संरक्षण दिएर यसलाई यथासक्य सिर्जनशील र उपयोगी बनाउन खोजेका छन् - देवीप्रसादले। तर त्यसबेला देशको व्यवस्था पनि मनलाई उघार्नेभन्दा साँघुरो पार्ने मानिसलाई सिर्जनशील बनाउनेभन्दा नकार्ने षडयन्त्रमुखी थियो । समाजसेवीहरूले गरेका कामलाई महत्व दिएर उनीहरूलाई समाजमा स्थापित गर्ने भन्दा उनीहरूको उपेक्षा गर्ने र उनीहरूमा बितृष्णा पैदा गर्ने थियो । त्यसमाथि समस्त विश्व नै बिषम परिस्थितिबाट गुज्रिरहेको थियो त्यसबेला । जसको केही उदारहण हुन्: क्यूवाको कारणले भएको ख्रुश्चेभ- केनेडी विवाद जसले झण्डै संसारकै आणविक विनाशको स्थिति ल्यायो; भियतनामा युद्धः चीन र सोभियत संघको सैद्धान्तिक फाटो, चीनको सांस्कृतिक क्रान्ति, भारत- चीन युद्ध; र भारतमा नस्कलवादको उदय । यिनीहरूबाट आएको प्रबल शक्तिमान प्रभावले सचेत र सम्हाल्न सम्ने नेताको अभावमा ठूलो असर गऱ्यो, पूर्वी नेपालको भर्खर फक्रँदै गरेको राजनीतिलाई भर्खर जागृत मनस्थितिमा भएका, उत्सुक, राम्रो दिशाबोध नभएका, आठराईसँग राजनैतिक नाता गाँसिएका झापाका केही युवा युवतिहरू मिलेर हिंसाको राजनीति शुरू गरे । यसरी झापा हिंसा राजनीतिको प्रयोगथलो भयो भने आठराई झण्डै त्यस्को पृष्ठपोशक जस्तो। देवीप्रसाद जस्तो समाजसेवीले पनि जोगिएर बस्नु पर्ने स्थितिको सृजना भयो त्यस बेला। जसले मदन थापालाई बुझ्दैनथे, उनीहरूले कहिल्यै यो बुझ्ने प्रयत्न गरेनन् कि उनी कति सकारात्मक थिए । यस्तो स्थिति सृजना हुन नदिन उनले त्यहाँ कस्ता अमूल्य योगदान दिन सक्दथे यदि उनलाई झापामा काम गर्ने मौका दिइएको भए ।

शान्ति र अहिंसामा विश्वास राख्ने देवीप्रसादलाई यी सबै घटनाहरूले धेरै दुःखी र निरूत्साही तुल्यायो । उहाँको सम्बन्ध अब सरकारसंग धेरै टाढिइसकेको थियो । उनले जसलाई आफ्नो सम्झन्थे तिनिहरू मध्ये धेरैले गलत बाटो पकडी सकेका थिए र उनको उमेर पनि अब डाँडामाथि पुगिसकेको थियो । त्यसमाथि सरकारले स्कूलहरू सबै सरकारीकरण गऱ्यो र उनीहरू जस्तो शिक्षामा सहयोग गर्ने मानिसहरूलाई निरूत्साह गरेर अझ अलग्यायो। कतिपय स्कूलहरूमा ती स्कूल स्थापना गर्नदेखि दिएर हाइस्कूल सम्म बनाउनका लागि नेतृत्व दिने प्रधानाध्यापकहरूलाई भर्खरै त्रि.बि.बाट (बि.ए.,बि.एस्सी.को तुलनामा निम्न गुणस्तर संझिने) बी.एड. पास गरेका अनुभव बिहित ठिटाहरको निगरानीमा राखियो । यसरी समाजसेबीहरूलाई समाजमा उपहास गर्ने र समाजबाट अलग्याउने स्थितिको श्रृजना गऱ्यो त्यस्ताको सरकारले र भीड राजनैतिक गतिविधिले। वास्तवमा समाजसेवीहरूको उपाहास गर्नाले समाजमा जुन आदर्शवान् मान्यताहरू स्थापति हुनुपर्ने हो ती हुन छोडछन्। यसैले जुन समाजमा समाजसेवीहरूलाई उपहास गरिन्छ त्यो समाजको भलो हुँदैन - त्यो समाज उकालो लाग्न सक्दैन ।

झापा काण्डपछि आठराई र झापासंग नाता भएका बुद्धिजीवीहरूलाई टेडे आँखाले हेर्न थालियो र कतिपय ब्यक्तिहरूलाई बिना कसुर यातना दिइयो। आठराईलाई

बिभाजन गरी आदि तेह्रथुममै राखेर आदि ताप्लेजुङ्गमा गाभियो । आठराइको समस्त बिद्यालयहरू असवस्थ राजनीति, सरकारीकरण र असल शिक्षाका लागि बाहिरबाट निरन्तर बगिरहनु पर्ने प्रवाह रोहिनाले स्तरहीन हुन थाले । यसरी आठराई- जुन शिक्षामा काठमाडौं उपत्यका बाहिर पहाडी भेगमा सबैभन्दा पहिला अग्रिम पंक्तिमा पुगेको ठाउँ थियो - षड्यन्त्र र गैर जिम्मेवारी राजनीतिले बिखण्डित र उपेक्षित भएर पछि पऱ्यो । देवीप्रसादलाई यस्ता कुराहरूले चोट पुऱ्यायो तर उनी त्यतिबेला यसका लागि केही गर्न सक्ने अवस्थामा थिएनन् । जनस्तरबाट दान दातब्यद्वारा शिक्षण संस्थाका लागि जुटाइएको श्रोतको बहुत दुरूपयोग भयो र स्कूल सरकारीकरण भएपछि यो श्रोत पनि सरकारले अन्य प्रयोजनका लागि खर्च गर्नतर्फ आशंका बढ्न थाल्यो । यसैले उनले यसको सदुपयोगका लागि शिक्षण संस्थाको सम्पत्ति संरक्षण ऐनको माग गरे र प्रत्येक दान दातब्यबाट आएको शिक्षण संस्थाहरूको संम्पत्तिका लागि यस ऐन अन्तर्गत छुट्टै ट्रष्ट स्थापना गरी त्यसबाट संचालन होस् भन्ने सुझाव दिए । शिक्षण संस्थाको सम्पत्ति खान पल्काहरूले पूर्वाग्रहीत भई उनका यस्ता कुराको बिरोध गरे । साँच्चिनै यस्तो कानूनको अभावमा अहिले दाताले जुन शिक्षण संस्थालाई, नयाँ शिक्षा लागु हुनुभन्दा पहिले, जे प्रयोजनका लागि सम्पत्ति दिएका छन् त्यो प्रयोजनमा त्यो संम्पत्ति जाने अधिकारको सुरक्षा छैन न त उक्त सम्पत्तिहरू नै संस्थाको हो कि श्री ५ को सरकारको, सो प्रष्ट छ । उहाँ जस्तो उच्च विचारक समाजसेविले यस्तो कुरो त्यसै उठाएको पक्कै थिएन ।

पूर्वी नेपालको शिक्षा र जागृतिम अग्रणि भूमिका निभाउने देवीप्रसाद र उहाँका सहयोगी शिक्षक मदन थापाले बालेको "उज्यालो" को प्रकाश, उत्तरदायि पक्ष र असल राजनीतिले दिनसक्ने उर्जा र सकरात्मक जोड बिनानै दिनानुदिन फैलदै छ । तर उनीहरूले "अध्याँरो" परिवेशमा बिताएको जीवन र त्यस स्थितिमा सटिक उपयोग हुन नपाएको उनीहको प्रतिभा भने अब कहिल्यै पाइने छैन । के हामीले कहिल्यै यस्तो परिशबेशको बिकास गरौंला जसबाट यस्ता गल्तिहरू नदोहारिउन् ?

तपस्वी केही सन्देशहरू

देवीप्रसाद अति विवेकशील र ज्ञानपिपासु थिए । उनी जति जति ज्ञान पाउँथे त्यति त्यति आफ्नो बानी ब्यहोरा पनि सुधार्थे । मानिसलाई भेट्न र जान्न उनी हरदम ईच्छुक । उनलाई कसैले पनि भेट्न र दुःख पोख्न पाउँथे । वास्तवमा कसैले खोज्दैछन् कि भनेर उनका इन्द्रीयहरू चनाखा भएर बसेका हुन्थे । अनि उनलाई भेट्ने जो कोहीले पनि आफु पुरस्कृत भएको अनुभव गर्दथे । अति सरल पनि थिए उनी, साधारण घरमा बसदथे । साधारण लुगा लाउँथे । बिशुद्ध शाकाहारी खाना खान्थे । ध्यान लगाएर आदरसाथ सुन्दथे । कहिल्यै साह्रो बोली गर्दैनथे । उनको मुखमा सरस्वतीले बास गरेकी थिइन् । देवी प्रसादले त्यो विनयपन, त्यो संबेदनशीलता, त्यो विवेक र त्यो चनाखोपन सधैं राखेर आफ्नो चेतनाको स्तर माथि बनाइराखे ।

यो संसारमा हाम्रो विवेक र चेतनाको स्तर माथि उठाउने कुरामा बाधक भएर बसेको छ, हाम्रो यो धारण जसले प्रष्टसँग प्राणी जीवनको पवित्रता मान्दैन, उनीहरूको

जीवनको कुनै महत्व र सार्थकता ठान्दैन, उनीहरू आफै यो प्रकृतिले बनाएका अद्भुत र अमूल्य कुरा हुन् भन्ने स्वीकार्दैन, उनीहरूको यो कृथ्वीमाथि भएको कुनै अधिकार स्वकार्दैन, तर केवल उनीहरू हामी मानिसका प्रयोजनका सामग्री हुन्, धन सम्पत्ति हुन् भन्ने मात्र स्वीकार्दछ । कस्तो पाशविक र बलात्कारी छ हाम्रो शिक्षा र कस्तो मौन छ हाम्रो कानून प्राणी जीवनका कुरालाई लिएर । जसलाई जे मन लाग्छ उसले त्यही गर्न पाउँछ पशुपंक्षिहरूलाई कहीं छेकवार छैन । उनीहरूको जीवन जीवन नै होइन, शरीर शरीर नै होइन जस्तो ।

आँखा झिकी छेउ वा मुटु झिकी देऊ, थुतुनो काट वा खुट्टाहरू गिड, जीवनभर अँधेरो चेपमा थुन वा पिंजरामा राख, चारखुट्टा थुतुनो बाँधेर बोरामा कोचर वा वासमा झुण्डयाऊ, सबको एकसाथ खुट्टा बाँधेर उँधो मुन्टो पार्दै साइकलमा दगुराऊ वा शरीमाथि शरीर थाक लाएर अँधेरो ट्रकमा बिना खाना पिना कैयौं दिन गुडाउ । घिच्रोमा रेट वा चर्लक्क छिनाऊ, उम्लेको पानीमा डुबाएर मार वा घन्टौ-घन्टा तड्पाई तड्पाई मार, भीरबाट खसालेर मार वा उफार्दै खेलेर मार, झुण्डाएर मार वा दानापानी बन्द गरेर मार । सबका सब छुट । बालक होस् वा माऊ, बिमारी होस् वा ब्याउने, उठेको होस् वा सुतेको - केही फरक छैन ।

भोक प्यास लाग्ने, दुःखेको चाल पाउने, डराउने, तर्सने, कराउने, चिच्याउने, शोकसुर्ता, गर्ने रमाउने, मनोरंजन गर्ने, माया लिने, बालबच्चालाई जोगाउन आफ्नै जीवन दिने, मानिसको मायाका अति भोका, मानिसलाई अति चाहाने, ज्यादै निर्दोष वा बालक झै पवित्र, अज्जान - यस्तै यस्तै न हुन्छ विकसित प्राणीको अवस्था । इश्वर सामु हामी कम ज्ञान र कमजोर भएकाले दयाको भीख माग्दछौं - आफूलाई दयायोग्य ठान्दछौं । के हामी आफै चाही साँचिनै निर्दोष, अज्जान, कोमल र कमजोरलाई दया गर्दछौं, उनीहरूको रक्षा गर्दछौं । यदि सामर्थ्यवानले कमजोरलाई रक्षा गर्नुपर्दैन भने ईश्वर भाठौं नै हामी किन जान्छौ ? ईश्वर सामु हामी दया लाग्दो भेडी भएर जान्छौ -मानौ कि हामीले कुनै पाप गर्नै जान्दैनौ वा गर्दा पनि क्षमा योग्य छौ । के जानी जानी आफ्नो स्वार्थको लागि गरेको पाप पनि प्रायश्चित योग्य हुन्छ ?

बास्तवमा जस्तोफल रोपिन्छ त्यस्तै प्रतिफल पाइन्छ पनि । यसैले होला हाम्रो दयामा पूर्णता छैन, हाम्रो प्रेममा पूर्णता छैन, हाम्रो बिबेक कम र हाम्रो चेतनाको स्तरपनि त्यसै अनुसार तल रहेको छ । हामीलाई सधै पश्चातापै पश्चताप, सन्ताप सन्तापै हुन्छ जे गरेपनि जनताबाट पनि दुःखै दुःख आउँछ ।मर्ने बेलामा सबैलाई असाध्य पोल्छ । हाम्रा संततिले पनि त्यसरी नै हिसांलाई प्रश्रय दिनेछन् जसरी आजसम्म हामीले दिइराखेका छौ । अनि उनीहरूले पनि त्यही भोगिरहने छन् जो हामीले भोगिराखेका छौ । कारण हामीले देखाएको प्रतीक हामीले नबुझे पनि हाम्रा केटा केटीको स्वच्छ र सरल मनले चाहि प्रष्ट, सोझै बुझिराखेको छ, हिंसा गर्नु पाप होइन, यो साधारण कुरा हो , निर्दोष अन्जान वा जो कोहि माथि पनि आफ्नो प्रयोजनका लागि हिंसा गरे हुन्छ अर्कालाई दुःख दिएर आनन्द लिए हुन्छ ।

देवीप्रसादको दया, प्रेम र बिबेकमा धेरै पूर्णता थियो । उनी जन्मे त्यो परिवारमा

जुनको मुख्य धर्म नै प्राणीको जीवनलाई पवित्र मान्नु पर्छ, प्राणी जीवन सुन्दर, सार्थक र अमूल्य छ ,उनीहरूको प्राकृतिक स्वरूप वा उनीहरूको रचनामा पनि सौन्दर्य छ ,प्राणीलाई दया, माया दिएर रक्षा गर्नु हाम्रो कर्तव्य हो भन्ने हो । उनी "जीवन" लाइ पवित्र कुरा सम्झन्थे सबै "जीवन" मा एउटै स्वरूप देख्दथे र सबै "जीवन्" को आदर गर्दथे । उनले प्राणीलाई दिइने यातना वा प्राण लिने कुराको आफ्नोजीवन पद्धतिबाट तिब्र बिरोधतिर लक्षित गरिरहे । यस्तो छ एउटा बेजोड अनुपम सन्देश उनले आफ्नो जीवन पद्धतिबाट दिएको ।

उनी जीवनको सायम कालमा थिए -करिब ७७ बर्षको उमेरमा । जीवनमा आफूले आर्जन गरेको धन सम्पत्ति प्राय बाँडी सकेर आफूसँग जीवनकालागि केही नितान्त आवश्यककीय श्रोत मात्रै बाँकी राखेको अवस्थामा । नयाँ हाट घरमा जहाँ उनी... बस्दथे त्यहा कसैले मासु बनाएर खाएको उनीलाई थाहा लाग्यो । बिरोध गर्नु वा नगर भन्नु ब्यर्थ थियो । त्यसैले यही नजिकको आफू संग बाँकिरहेको एउटा सानो टुक-टुके धान मिलमा उनी सरे । सानो, होचो, टीनले छाएको छ त्यो धान मिल । त्यसको धानधरने बाहिर एउटा सिकुवा छ दूईतिरबाट बारिएको, एकातर्फ खुल्ला । त्यही सिकुवामा उनी बसे करीव दुई बर्ष जति । त्यहाँ न कुनै बाथरूम, ट्वाइलेट, खाना बनाउने सुबिधा, न बिजुली बत्तिनै ,न कुनै सुरक्षा, न उनीसँग घुइचो लागेर आउने मानिसलाई भेट्ने ठाउनै झापाको नयाँ हाट बजारको बैशाखदेखि भदौ असोज महिनासम्मको उकुस मुकुस पार्ने गर्मी, परजीवी, लामखुट्टे टुकटुके आदिको थलोमा, त्यसमाथि गोरू, गाडा, धानको धूलो र मिलको आवाज । के भयो होला उनीलाई ती दुई बर्षमा ? उनी जस्ता सबैको हित गर्ने मानिसलाई त्यो अवस्थामा देख्दा सबैको मन पग्लन्थ्यो । उनी भने पछि मरिमेट्ने महेन्द्रध्वज भुजेल (जो उनको निमित्त बुढेसकालको लौरो जस्तो भए) र उनका आफन्तहरूले उनको सफाइ र खानाको आवश्यकता पुर्‍याई दिइरहे । अब त्यही बसेर उनले त्यसको नजिकै एउटा प्रणामी मन्दिर बनाउन थाले । सबैले त्यो कुरा साधारण सम्झे । उनीले प्रायः त्यस्तो काम गरिराखेको हो ।त्यो मन्दिर बनाउन लामो समय लाग्यो । आखिर सफा, शितल र पवित्र लाग्ने मन्दिर बन्यो त्यो । त्यसपछि उनी त्यही सरेर बस्न थाले -त्यहाँ उनीले जीवनभरी तपस्या गरिराखेको त्यत्रो पबित्र पक्षमा कसैले पनि आफ्नो सामान्य स्वादकालागि त्यत्रो गल्ती गरिदिदैनथे । उनको पार्थिव शरीर त्यही मन्दिरको आडमा पूर्बपट्टि राखिएको छ ।

पूर्बीय नेपालमा जनस्तरबाट शैक्षिक र सामाजिक जागरणमा अति महत्वपूर्ण भूमिका खेल्ने देवीप्रसाद उप्रेतीको जीवन साँच्चिनै शिक्षाप्रद छ ।उनी अति मानवीय, प्रबल बिचारक, द्रष्टा थिए । ब्यक्तित्व थियो उनको त्यस्तै प्रभाबशाली । जो कोही उनी सामु आएपछि उनलाई सम्मान् गर्न थाल्दथे र जीवन भरी उनलाई आफ्नो सम्झन्थे । समय त्यसैखेर नफाल्ने, कमिलाको जस्तो निन्द्रा भएका,हरदम सिक्न र जान्न खोज्ने र आफ्नो मन, बचन ब्यवहारलाई परिस्कृत गरिरहने यस्ता थिए देवीप्रसाद ।उनले जीवनको अन्त्यका केही दिनमा बोलेका अमुल्य कुराहरू यस्ता छन् ।

"नानी, जिविका उपार्जनका लागि परिश्रम गर तर बुद्धि खर्च नगर, बुद्धि त

समाजसेवा र समष्टि "जीवन"को कल्याणको लागि खर्च गर्नु पर्छ । "

"नाम कमाउन नखोज ,नाम पालेर राख्न गाह्रो छ"

"खै ! यी (आफ्ना मानिसहरूलाई लक्षित गरेर) नेताहरूका दाह्री, जुँगा फुलीसके तर यिनले बुझेनन् समाज भनेको प्रेमले बनेको हुन्छ र प्रेमले नै बदल्नु पर्छ । "

परिशिष्ट

२००३ सालदेखि २०१९ सालभित्र विभिन्न समयमा दार्जिलिङ्गबाट आठराई आएर शिक्षक काम गर्ने केही अविस्मरणीय नामहरू यहाँ दिन मन लाग्यो

संक्रान्ति, मूलपानीमा

१. नारदमणी उप्रेती (कर्सियङ्गबाट आएर २००३ सालमा मूलपानी भाषा पाठशालाको पाटीबाट पहिला आधुनिक शिक्षा दिन प्रारम्भ गर्ने, यस कामले आठराईमा राम्रो प्रभाव पारेकाले २००७ सालको क्रान्तिमा आठराईमा क्रन्तिकारीपक्षले शान्ति मिसनमा पठाएको, २००८ सालतिर ह्वाकूबाट संक्रन्ति, मूलपानीमा थाना सार्न लगाउने, करफोक माध्यमिक विद्यालयको स्थापनाकालतिर त्यहाँ शिक्षक काम गर्ने- चुहान्डाँडाको शारदा मा.वि. का प्रथम प्राधानाध्यापक कुलप्रसाद राईलाई २०१० सालतिर ल्यादिने, त्रिमोहन हाइस्कूलमा पहिला प्रधानाध्यापक भई २०११/२०१२ सालतिर करीब ३ वर्ष जति काम गर्ने, आदर्श विद्यामन्दिर घैलाडुब्बा झापा, २०१४ सालमा स्थापना भएका बखत त्यसको सञ्चालनमा एक डेढ वर्ष नेतृत्व दिने, २०१७/२०१८ सालतिर पूर्वी पहाडी भेगमा स्कूल निरिक्षक भई काम गर्ने ।

२. गोपालप्रसाद भण्डारी (कर्सियङ्ग) (३) काजीमान (?) लामा (कर्सियाङ्ग) (४) सी.के सुव्वा (कर्सियङ्ग ?)

चुहानडाँडामा

(२००३ सालमा पहिला आधुनिक शिक्षा दिन प्रारम्भ गर्ने हरिप्रसाद उप्रेती जसलाई स्व. देवीप्रसाद उप्रेतीले दार्जिलिङ्गमा साथै राखी पढाएका थिए) (१) कुलप्रसाद राई (दार्जिलिङ्ग) (२) स्व. विशालकुमार राई (दार्जिलिङ्ग) (३) टारगेन (दार्जिलिङ्ग) (४) रामनारायण प्रधान (दार्जिलिङ्ग) (५) डी.पी. राई (दार्जिलिङ्ग) (६) आठराई कलेजलाई २०१७ सालमा स्थापना गर्न मद्दत गरी २०१९ सालसम्म काम गर्ने पहिला प्रिन्सिपल राजनारायण प्रधान (दार्जिलिङ्ग)

सिमले र पोखरीमा

(आधुनिक शिक्षा दिन २००८ सालमा विचार सिं कन्दङवाले सिम्लेबाट प्रारम्भ गरेको र २०१० सालतिर भदौरेमा सुश्री लीला प्रसाईले यसलाई निरन्तरता दिएर २०१२ सालमा प्रणामी विद्यालयको रुपमा आएको)

(१) स्व. मदनकुमार थापा (दार्जिलिङ्ग) (२) गोकुल राई (दार्जिलिङ्ग) (३)+(४) लालबहादुर राई र श्रीमती राई (दुवै दार्जिलिङ्ग बाट) (५) जगदीश थापा (दार्जिलिङ्ग) (६) सयनबीर राई (दार्जिलिङ्ग) (७) रविलाल अधिरी (कालिम्पोङ्ग) (८) ईश्वरदास सुब्बा (कालिम्पोङ्ग) (९) लालप्रसाद शर्मा (कालिम्पोङ्ग)

शिक्षाक्षेत्रका उल्लेखनीय दाताहरू

- सुरेशराज शर्मा

तिनै व्यक्ति महान् मानिन्छन् जसले समाजका लागि केही दिएर गएका हुन्छन् र जसको नाम पछिका पींढिले आदरका साथ लिन्छन् र जसको सम्झना युगौंयुगसम्म रहिरहन्छ । राजनीतिमा निःस्वार्थ भावले आफ्नो जीवन समर्पण गर्ने गंगालाल, दशरथचन्द, धर्मभक्त र शुक्रराजले त नेपालीको मनमा अमीट छाप छोडेर नै गए भने विश्वेश्वरप्रसाद कोइराला, टंकप्रसाद आचार्य र गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ आदिको नाम पनि त्यति नै श्रद्धाका साथ लिइन्छ । जनताको मन जित्न र जनताले गरेको श्रद्धालाई धेरै समयसम्म कायम राख्नु नै राजनीतिक व्यक्तिहरूको उपलब्धि हो । त्यस्तै साहित्य र लेखनकलाका माध्यमद्वारा समाजलाई जागृत गराउने व्यक्तिहरूप्रति पनि त्यतिकै सम्मान रहेको देखिन्छ । यस विधामा ख्याति प्राप्त गर्नेहरूमा भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल, बालकृष्ण सम आदिको नाम उल्लेखनीय छ । यी दुई क्षेत्रदेखि बाहेक अरू क्षेत्रमा योगदान गर्ने व्यक्तिहरू पनि छन्, तिनले भने त्यति चर्चा पाएका छैनन् । पाएको सम्मान पनि धेरैजसो क्षणिक मात्र भएको उदाहरण देखिएको छ ।

शिक्षाको विकासमा अनुकरणीय उदाहरण छोड्ने केही व्यक्तिहरूको चर्चा गर्नु यस लेखकों उद्देश्य रहेको छ । अहिले चर्चा गर्न लागेका व्यक्तिहरू उदाहरणको रुपमा प्रस्तुत गरिएका हुन्- यस्ता उदाहरण अझ धेरै नै छन् । शिक्षाको द्रुततर विकास, जसमा जनस्तरको उत्साह र योगदानको बाढी नै उर्लिएर आएको थियो, प्रस्तुत लेख त्यस अवधिको सेरोफेरोमा केन्द्रित गर्न खोजिएको छ- त्यो स्वर्णिम अवधि थियो २००७ सालदेखि २०२७ सालसम्मको दुई दशक ।

२००७ सालदेखि २०२७ सालको अवधिमा पनि नेपालको आर्थिक विकासको मेरुदण्ड भनेको कृषि व्यवसाय नै रह्यो र जनताको ठूलो सम्पत्ति भनेको खेतीयोग्य जमिन नै थियो । त्यसताक खेती नै मानिसको जीवनको आधार थियो भने जमिन नै उनीहरूको मुटु वा प्राण । त्यस्तो अवस्थामा पनि शिक्षाका लागि ती व्यक्तिले कसरी यति ठूलो समर्पण गर्न सके र किन गरे होलान् ? कल्पना गर्दा पनि अचम्म लाग्दछ । ती व्यक्ति शिक्षाक्षेत्रका प्रचण्ड विद्वान् भएका पनि होइनन्, तिनले कसैलाई खुशी पारौं र केही लिन सकौं भनेका पनि होइनन् त्यत्रो ठूलो यज्ञ यज्ञादि गरौं भनेर गरेको पनि होइन, उनीहरूलाई कसले प्रेरणा दियो, त्यो आज सोच्न पनि सकिदैन । आफ्नै अत्यन्त

बहुमूल्य सम्पत्ति निःस्वार्थ अर्पण गर्ने यस्ता व्यक्तिहरूको जीवन प्रायः अत्यन्त सरल, आत्मा अत्यन्तै कोमल र मन अत्यन्तै उदार देखिन्छ, तिनको सम्झना किन यति चाँडै हराएर जान लाग्यो, आश्चर्य लाग्ने कुरा होइन त ?

कता-कता हाम्रो समाज विवेकहीन र कृतघ्न हुँदै गएको त छैन जस्तो पनि लाग्छ ।

अब चर्चा शुरु गरौं पूर्वतिरका देवीप्रसाद उप्रेतीबाट । पहाडतिर जमिन उब्जाउ नभई जीविका धान्न नै गाह्रो भई मधेश झापातिर झरेका उप्रेती परिवार । मलेरियाको प्रकोप हुँदाहुँदै मधेशमा हुम्मिई जग्गा-जमिन जोड्न पुगेका देवीप्रसाद , जो आफैं धेरै पढे-लेखेका थिएनन् । तिनलाई आफ्नो सम्पत्ति शिक्षाका लागि अर्पण गराउने प्रेरणा दिने क्षमता विकास भयो होला । झण्डै एक हजार बिगाह (करिब १३ हजार रोपनी) उब्जालु खेतीयोग्य जमिन शिक्षा विकासका लागि संग्रह र अर्पण गर्ने त्यत्रो क्षमता कसरी आयो होला उनमा, उदेक लाग्ने नै कुरा होइनन् त ? झापा जिल्लाका कुन स्कूल थिएनन् होला यस देनबाट लाभान्वित नहुने । यस देनको फल त आठराईतिरका स्कूलसम्म पुगेको थियो । शिक्षाक्षेत्रमा भौतिक दृष्टिले सम्पत्तिको बलियो आधारशीला तयार गरिदिने यस्ता पुरुषहरूलाई हामीले यति चाँडो बिर्सिनु के उपयुक्त होला त ? त्यत्रो सम्पत्ति आफ्नो निःस्वार्थ रूपले समर्पण गरी शिक्षाक्षेत्रमा सेवा पुऱ्याउनेहरूको देनलाई सम्झनासम्म पनि नगर्ने हाम्रो यो संस्कार र परिपाटी देख्दा उहाँहरूको आत्मा कति रूँदो हो ? झापातिरका शिक्षित समुदायसम्मले पनि यो ऋण बिर्सिदिएको देख्दा झनै आश्चर्य लाग्छ । आफूमाथि पुग्दा मानिसलाई मैले आफैले मात्र उन्नति गरें जस्तो लाग्छ, त्यस उन्नतिका लागि आधारशीला बनाइदिने अरू पनि कुनै महान् व्यक्तिहरू थिए होलान् भनेर मानिस सम्झनै खोज्दैन । पूर्वाञ्चल क्षेत्रको बौद्धिक विकास र त्यसले ल्याएको राजनीतिक र आर्थिक समुन्नतिमा देवीप्रसाद उप्रेतीको योगदानको अति नै सम्मानजनक स्थान हुनपर्ने हो जस्तो मलाई लाग्छ ।

राम्रा कार्यहरूलाई उदात्त हृदयले सह्राना गर्ने, सम्मान गर्ने र स्मरण गर्ने संस्कारलाई हामीले कदापि छोड्नु हुँदैन । शिक्षण संस्थाहरूको विकासको क्रम हेर्दा विश्वभरि नै धार्मिक संस्था र दाताहरूको योगदानको उच्चतम एवं उल्लेखनीय स्थान रहेको कुरा सबैमा विदितै छ । शिक्षाको विकासका लागि समर्पित दान युगयुगान्तरसम्मको कीर्ति र सम्मानका लागि दिइएको दान मात्र नभएर राष्ट्र र समाजको उत्थानका लागि गरिने सर्वोत्तम समर्पण पनि हो भन्ने संस्कारलाई अभिबृद्धि गर्नु हाम्रो समाजका लागि सही मार्ग-दर्शन हुन जानेछ ।

(प्रस्तुत विवरण संकलन गर्ने कार्यमा सहयोग प्रदान गर्ने निम्न महानुभावहरूप्रति आभार प्रकट गर्दछु- केशवमणि आ.दी, गोपीनाथ शर्मा, कमलमणि दीक्षित, श्रीकृष्ण आचार्य)

देवीप्रसादसँग दुई भेट

- नरेशकुमार बर्मा

झापाका चर्चित व्यक्तित्वका सम्बन्धमा कुरा हुँदा पिताजीबाट देवीप्रसाद उप्रेतीका बारेमा सानै उमेरमा धेरैपटक सुन्ने मौका पाएको थिएँ । किशोर अवस्थाबाट कानून पेशामा प्रवेश गरी देवीप्रसादजीका १/२ वटा कानूनी समस्या सम्बन्धमा काम गर्ने अवसर समेत पाउँदा पनि २०२९ सालसम्म साक्षात्कार हुन पाएको थिएन । २०३० सालको गर्मी महिनाको कुरा हो, एक दिन अदालत जान बस कुर्ने ठाउँमा पुग्दा एउटा पसल (दुकान) अगाडि एउटा टुलमा कोट सहितको पूर्ण नेपाली पहिरनमा पसिना बगाउँदै निश्चल रूपमा, उज्यालो अनुहार भएको हृस्टपुष्ट मानिस बसिरहेको देखें । त्यस मानिसको निश्चल बसाइ, पहिरन अनुहारको दिप्ति र परैबाट प्रष्ट देखिने दृढताले यो मानिस देवीप्रसाद उप्रेती नै हुनुपर्छ भन्ने कुरा मेरो दिमागले ठहर गऱ्यो । मैले आफ्नो मनको ठहर र उत्सुकता जाँच्न नजिक गएर नमस्कार गरें अनि सोधें । उत्तरमा मैले पाएँ, उहाँ देवीप्रसाद उप्रेती नै हुनुहुदोरहेछ । त्यतिवेला मलाई एउटा अपूर्व आनन्दबोध भएको अहिले पनि संझना आउँछ । अहिले म सोच्दै छु । देवीप्रसाद उप्रेतीलाई अनायास त्यस दिन देख्दा आनन्दको बोध किन आएको थियो । एउटा अपरिचित व्यक्ति जो केही हुन पनि सक्छ र केही नभएको पनि हुन सक्छ तर त्यही व्यक्ति देवीप्रसाद हो नै भन्ने ठहर गर्दै जान्ने उत्सुकता किन पलाएको थियो ? देवीप्रसाद उप्रेतीका सम्बन्धमा किशोर अवस्थामै पलाएका यिनै जिज्ञासालाई विश्लेषण गर्न सकियो भने मेरो मनमा रहेको देवीप्रसादलाई प्रष्ट गर्न सकिन्छ तर अमूर्त मनलाई मूर्तता दिने कलामा सिद्धहस्त एकातिर नभएको आफ्नो अवस्था अर्कोतिर देवीप्रसाद उप्रेतीबारे थपिदै गएका जानकारीलाई विचार गर्दा देवीप्रसादका कुन कुरा चाहिँ लेख्ने कुन नलेख्ने । २००७ सालको क्रान्तिको कुरा लेख्ने कि, २०४६ सालको प्रजातन्त्र पुनर्वहालीमा योगदान गरेको लेख्ने, स्कुल कलेज खोलेका कुरा लेख्ने कि तिनलाई चलाउन योगदान गरेका कुरा लेख्ने, सरकारले नसोचेको निःशुल्क शिक्षा चलाउन गरेको प्रयत्न, सहकारीताबारे लेख्ने कि नैतिकता तथा समाज परिवर्तनबारे लेख्ने र यी कुरा कति लेख्दा देवीप्रसादलाई वास्तविक रूपमा देखाउन सकिन्छ यो कुरा ठहर गर्न नसक्ने मानसिकतामा वहाँले समाजलाई पुऱ्याउनु भएको योगदानको विश्लेषण, अनुसन्धान, मूल्यांकन र चर्चा गर्ने जस्तो गहन विषयको जिम्मेवारी पूरा गर्ने योग्यता नरहेको मनमा लाग्दै यो जिम्मेवारी अन्य मित्रउपर छोड्दै

देवीप्रसादजीसँगको पहिलो र अन्तिम भेटका केही प्रसङ्गसम्म लेख्ने जमर्को गर्दैछु ।

२०३० सालतिरको कुरा जस्तो लाग्छ, देवीप्रसादजी र मेरा बीचमा एक पटक १/२ घण्टा कुरा हुने पौका परेको थियो । यो भेट वहाँसँगको दोस्रो भेट भए पनि हाम्राबीचमा कुराकानी गर्ने अवसर परेको चाहिं यही भेटमा हुँदा यसलाई म प्रथम भेट भन्छु । वहाँसँगको प्रथम भेट भएको हुनाले मैले आफ्नो व्यक्तित्व देखाउने दृष्टिबाट हो वा प्रसङ्गबस नै हो, २०२१ सालमा लागेको भूमिसम्बन्धी ऐनको प्रसंग उठाएँ र सोधें भूमिसम्बन्धी ऐनले हदबन्दी तोक्ने हल्लासँगसँगै धेरै मानिसले कृषि, उद्योग खोलेर जग्गा जोगाए । तपाईले त त्यतिवेला र अहिले पनि चिया, कफी, रवर, सिटागर्ला, हर्वल र फरमिङजस्ता उद्योग नगरी परम्परागत खेतीमा विश्वास गर्नुको कारण के छ ? को उक्त उत्तरमा वहाँले "नजानेको काम नगर्नू र नबुझेको कुरा नबोल्नू " भनी मेरा अग्रेजहरूको धारणालाई पालन गरेको हुँ भन्ने जवाफ दिनु भयो । त्यसै गरी यसै विषयमा अगाडि चर्चा गर्दै वहाँले झापा जिल्लामा घटित जग्गाधनी र किसानबीचका विभिन्न घटनाको उदाहरण दिदै भन्नु भयो- "जग्गाको अधिकतम हदबन्दी तोकेर कृषिमा आधारित अर्थतन्त्रलाई औधोगीकरणतिर लैजाने कुराको प्रभाव कस्तो पर्छ अहिलेसम्म खास केही नदेखिए पनि केही मानिसले यो अन्यायपूर्ण काम भयो भनेर यसमा चित्त बुझाउन नसकेको पनि होला तर समयमा हदबन्दीको प्रश्नले सकारात्मक प्रभाव नै परेको छ तर एउटा टुका मासु दुईवटा कुकुरका बीचमा राखेर दुईटैले बाँडी खानु भन्ने कुराले जग्गाधनी र किसानका बीचमा झगडा ल्याउने मात्र हो र यो झगडाको अन्त मासु रहुन्जेल कल्पना गर्न जसरी सम्भव हुदैन त्यसैगरी मोहियानीहक रहुन्जेल किसान र जग्गाधनीका बीचमा राम्रो सम्बन्धको कल्पना गर्न सकिन्न । फेरि मोहीले आफ्नो श्रम र पूँजी लगाएर जग्गाधनीको जग्गा कहिल्यै सुधार गर्दैन त्यसकारण राष्ट्रिय उत्पादनमा ह्रास पनि हुन्छ र सामाजिक शान्ति पनि नहुनेले मोहिहकबारे चाँहि राम्रो सोच्नु जरुरी छ भनेर आफ्नो कुरा राख्नु भयो । मोहियानीहकबाट निश्चित रूपमा हरिराज आङदम्वेकाण्ड जस्तो अप्रिय घटना घटी सकेको प्रत्यक्ष देखे पनि तत्काल एकाधिपत्यको जग्गालाई कुनै लगानी नगर्ने किसानबाट अलग गर्न नसकिने मोहियानीहकसम्बन्धी व्यवस्थाप्रति वहाँको दुराग्रह रहेको र अग्रजहरूले दिएको शिक्षाका रूपमा नजानेको काम र नबुझेको कुरा नगर्ने, नबोल्ने वहाँको विचार पुरातन तथा गतिशीलता नरहेको महसुस गर्दै त्यसको प्रतिवाद गरौं, गरौं भन्ने लाग्दा लाग्दै पनि म त्यस दिन चूप लागें । अहिले सोच्दै छु वहाँले व्यक्त गरेका कुराको जवाफ त निश्चित म दिन सक्थें तर जवाफ नदिई त्यस दिन चूप लाग्दा वहाँका पुरातन विचार भनेर त्यति वेला ठहर गरेको "नजानेको काम नगर्नु र नबुझेको कुरा नबोल्नू " भनेर वहाँले भनेको कुरा त "कुनै कुरा बोल्नु अगाडि बुझ्नु र कुनै काम गर्नु अगाडि जान्नु भनेको रहेछ भनेर बुझ्नु पर्ने रहेछ र त्यति बेला क्रान्तिकारी कदमका रूपमा घोषणा गरिएको मोहियानिहक, द्वैधस्वामित्व अन्त गर्ने ऐन निर्माण भै उन्मूलन हुन लागेको आजको दिन देख्दा त्यस दिन निरुत्तर बनेर बसेर बुद्धिमता गरेको महसुस भएर आउँछ ।

देवीप्रसादजीसँगको प्रत्येक भेट नौलो र अविस्मरणीय भएकोले वहाँसँगको सबै भेटको संस्मरण लेख्न पनि कठिन छ तर ती भेटहरूमध्ये देवीप्रसादजीसँगको पहिलो भेटबारे लेखेपछि वहाँ २/३ वर्षदेखि म काठमाडौंमै थिएँ र देवीप्रसादजी पनि कामका सिलसिलामा काठमाडौं नै हुनुहुन्थ्यो । एकदिन गंगाप्रसाद उप्रेतीजीले फोन गरेर देवीप्रसादजीले हामी दुवैसँग भेट्न चाहेको कुरा जानकारी गराउनु भयो । मैले डेरा नदेखेको हुँदा बानेश्वर अन्तर्राष्ट्रिय सम्मेलन गृह अगाडि उभिने निर्देश दिनु भयो, हामी त्यहाँ भेला भै करिव १ बजेतिर नजिकैको वहाँको डेरामा पुग्यौं ।

देवीप्रसादजी त्यसबेला निकै बिमारी पर्नु भएको रहेछ । सामान्यतया सिकिस्त भएको मानिसले दुईटा कुरा गर्छन् । एउटा उपचार, अर्को सम्पत्ति वा परिवार । तर यो मान्यता मेरो मनमा राख्ने गरी हामी पुग्ने बित्तिकै हामीले अनुरोध गर्दा गर्दै पनि सकिनसकि ओछ्यानबाट उठ्दै सिरानीबाट एउटा फाइल निकालेर दिदैं सम्झाउँदै बिस्तार बिस्तार वहाँले कुरा सुरू गर्नु भयो । मैले मेची र कोशीका महाविद्यालय, पोखरी स्कूल, प्रणामी विद्यालयलाई दिएको जग्गाको स्कूल कलेजले आ-आफ्नो आयस्तासम्म पनि ठीकसँग असुल गर्न सकेका छैनन् । जसले पायो उसले खादैंछ । त्यसकारण दाता तथा पाउनेको संलग्नतामा उक्त एकै ठाउँबाट आयस्ता उठाई त्यसलाई अक्षयकोषको रकमबाट आर्जन हुने ब्याजसम्म निर्माण तथा विकासका काममा खर्च गर्ने परिपाटी बनाई १०/११ वर्ष धैर्य लिएमा त्यसपछि यी स्कूल, कलेज अक्षयकोषबाट चल्न सक्छन् । त्यसकारण एउटा ट्रष्टसम्बन्धी कानून बनाई यसको व्यवस्था गर्ने विषयमा छलफल गर्न गिरिजाबाबू (प्रधानमन्त्री) सँग टायम मागेको वहाँले दीर्घराज कोइरालालाई पठाइदिनु भै यो कुरा त्यसै रहन गएको छ । यो काम त मर्नु अगाडि सम्पन्न हुन सक्दैन होला तर म मर्नु अगाडि मसँग रहेको दुर्गापुरको जग्गालाई आधि निजानन्द आश्रम नामको संस्थामा जाने र आधि मेरा परिवारको स्वामित्वमा रहने गरी राखिदिने र यसको आयस्ता आधि त्यस संस्थामा र आधि मेरा परिवारले पाउने व्यवस्था गरी एउटा शिक्षा संस्कृति र नैतिक क्षेत्रमा कामगर्ने निजी ट्रष्टको विधान बनाइदिनुपर्‍यो भनी आग्रह गर्नुभयो । वहाँले यसरी द्वैधस्वामित्व किन गर्न चाहनु भएको भन्ने प्रश्न गर्दा ट्रष्टलाई वा परिवारलाई एकलौटी दियो भने ट्रष्टले वा परिवारले वास्ता नगर्न सक्छन् तर आधि आधि आयस्ता खाने व्यवस्था गरियो भने बाचौं र बचाऔं भन्ने भावनाले काम गर्छ र ट्रष्टप्रति परिवारको र परिवारप्रति ट्रष्टको लगाव र प्रेम कायम रहन्छ भनेर औंल्याउदै त्यस्तो विधान बनाएर संस्था दर्ता गरिदिने व्यवस्था गरिदिनोस् भन्ने आफ्नो आशय प्रष्ट्याउदै अगाडि कुरा बढाउँदै फेरि वहाँ भन्न लाग्नु भयो- दीर्घराज कोइरालासँग र राधाकृष्ण मैनालीसँग मैले दान दिएको सम्पत्तिको संरक्षण हुनेगरी अक्षयकोष बनाइदिने कानून बनाइदिने बारेमा अनुरोध त मैले राम्रै गरेको छु । उहाँहरूले बचन पनि दिनु भएको छ तर वहाँहरूले बिर्सन सक्नु हुन्छ त्यसकारण गंगाप्रसाद उप्रेती, तपाई र लीला उदासीले यस कामलाई संझाई गराई दिनुपर्‍यो भनी भन्नु भयो ।

देवीप्रसादजीले कुन अवस्थामा यो कुरा भन्दै हुनुहुन्थ्यो यो अवस्था एउटा

असाधारण मानिसले पनि आफ्नो र परिवारको वृत्तको कुरा गर्नुपर्ने मेरो सोचाइ थन्किएको थन्किएकै रह्यो । त्यस अवस्थामा वहाँले त्यस्तो कुनै कुरा नगरी निजानन्द श्री आश्रमसम्बन्धी वहाँको दृष्टिकोणलाई मात्र व्यक्त गर्दै फाइल जिम्मा दिने काम गर्नु भयो । हामी चिया खाएर फर्कियौं ।

वहाँले दिएको फाइल हेरी लेख्न शुरु गरेको विधान पूरा हुनै पाएन । देवीप्रसादजी काठमाडौंमै त्यसको केही दिनपछि परलोक हुनुभयो । मैले वहाँको मृत्युको खवर पाउँदा राता रात वहाँको पार्थिव शरीर झापा ल्याउने प्रयास भैसकेको थियो । दुर्भाग्य वहाँको अन्तिम इच्छा मैले पूरा गर्न पनि सकिंन र वहाँको अन्तिम दर्शन गर्न पनि पाइन ।

❏❏❏

देवीप्रसाद उप्रेती: एक शब्दचित्र

- डा.हृषिकेश उपाध्याय

देवीप्रसाद उप्रेतीज्यूलाई भ्वाट्ट देख्ने वित्तिकै मात्र पनि उहाँको खाइलाग्दो जिउडाल, हँसिलो मुहार, ठूलो निधार र टाउको, धैर्यपूर्वक अर्काको कुरा सुनिसकेपछि मात्र एउटा कलम-पेन्सिल अथवा आफ्ना औंला नै मात्र भएपनि घुमाएर (अझ गम्भीर कुरा छन् भने कागत समेत राखेर त्यसमाथि) बेलिबिस्तारसँग आफ्ना कुराले अरूको चित्त बुझाउने शैलीले मानिसलाई आकर्षित गर्ने गर्थे। यसका अतिरिक्त तर्कशक्ति, दूरदर्शी दृष्टिकोण, जस्तोसुकै समस्या पर्दा पनि नआत्तिने बानी र कसैलाई कुनै प्रकारको चोट पुग्ने कुरा सकभर उच्चारणसम्म नगर्ने- आदि गुणहरूले भौतिक व्यक्तित्वमा थप सौन्दर्य प्रदान गरेका थिए।

२०३१ सालमा झापा आउँदा ५/६ प्रसिद्ध जिमिन्दारहरूमध्ये उहाँ पनि पर्नु हुन्थ्यो तर मैले उहाँलाई देखेको थिइनँ र अन्य सामान्य जिमिन्दारहरूमा पाइने एउटा सामन्त व्यक्तित्वको नै परिकल्पना गरेको थिएँ मैले। २०१४ सालको दशैंको भोलिपल्ट एकादशीका दिन गरामुनी मेलामा घटेको घटना-क्रमका सन्दर्भमा मात्र मैले उहाँसँग परिचित हुने सौभाग्य पाएँ।

तिनताका दशमीको भोलिपल्ट गरामनी देवीमन्दिरमा अत्यन्त ठूलो मेला लाग्थ्यो। बस त परै जाओस् साइकलसम्म चढेर हिंड्ने बाटो थिएन झापामा। ठूलाठालूहरू हात्ती नै राख्दथे, नभए घोडा र अर्को विकल्प गोरुले नै तान्ने गाडा भएपनि बाँस, रंग-बिरंगी सीसा एवं रेशमी कपडाको झल्लरीले सजाइएका गोरुगाडीहरू जसलाई सम्पनी गाडा भनिन्थ्यो।

त्यसबेला प्रजापरिषद्को सरकार थियो। टंकप्रसाद आचार्य प्रधानमन्त्री हुनुहुन्थ्यो। बजारका केही लब्ध प्रतिष्ठित व्यापारीहरू प्रजापरिषद् पार्टीसँग सम्बन्धित भएकाले नेपालीहरूको प्राकृतिक स्वभावअनुसार अलि चुरीफुरी देखाउने गर्थे। निहुँ चाहिन्थ्यो विरोध गर्ने। विरोधी कमिटीको गठन हुन्थ्यो, विरोध चर्काउन स्थानीय सरकारलाई ज्ञापन-पत्र दिएको भोलिपल्टदेखि आमसभा, बजारबन्द, अनि प्रजातन्त्रका तपसिलका कामकाजहरूको थालनी हुने गर्थ्यो तर अहिले सद्भावना पार्टीले लिएको ठाउँ तराई कांग्रेसले ओगटेको थियो भने प्रजापरिषद्मा पनि झापामा भने भद्रकाली मिश्रको पार्टीको राइँदाइँ थियो।

उपर्युक्त पृष्ठभूमि ओगटेर बसेको झापा जिल्लाको सदरमुकाम भद्रपुरमा केही महिना अगाडि मात्र आएकाले यसको प्रकृतिसँग भिजिसक्न भ्याएको थिइनँ मैले। तिनताका नै एउटा घटना घटित हुन्छ, त्यो के हो भने गरामनीको मेला भर्न केही माथि उल्लेख भएका सम्भ्रान्त व्यापारी केटाकेटीहरूका साथ सम्पनी गाडीमा त्यहाँ जान्छन् र मेला भरेर आफू चाहिं बसेर आफ्ना जहान-बालबच्चालाई सम्पनी गाडामा फर्काउँछन्। गाडा खाली देखेर त्यही क्षेत्रमा खटी गएका एकजना प्रहरीले मेला भर्न आएकी आफ्नी श्रीमतीलाई पनि त्यसै गाडामा हालेर पठाउन खोज्छन् र गाडावाललाई अनुनय गर्दा उसले मालिकहरूलाई नसोधी गाडामा चढाउन मान्दैन। ऊ गाडामा जोतेका गोरुलाई फोएर मालिकहरूलाई सोध्न आउँदा मालिकहरूले ठाडो निषेध गर्दछन्। हाम्रा परिवार चढेका सम्पनीमा प्रहरीकी श्रीमती चढ्ने? कुरै कुरामा प्रहरीले आफू अपहेलित भएको सम्झिन्छ। एकातिर वर्दीको तुजुक, अर्कातिर पैसा र पार्टीको घमण्ड, द्वन्द्व चल्छ हातपातै हुन्छ। व्यापारीको लुगा च्यातिन्छ साथसाथै प्रहरीको वर्दी पनि।

त्यसैदिन बेलुका एउटा व्यापारीगद्दीमा ठूलो जमघट हुन्छ, संघर्ष समितिको नै गठन हुन्छ र बडाहाकिमलाई ज्ञापन-पत्र दिन दुईजना प्रतिनिधि भद्रपुर बजारबाट चन्द्रगढी पठाउने निधो हुन्छ। भोलिपल्ट घोडा चढेर दुईजना प्रतिनिधि चन्द्रगढी जान्छन्, तर बडाहाकिमले भेट दिन मान्दैनन् र भनी पठाउँछन् - "दशैं नेपालीको ठूलो चाड हो, पूर्णियासम्म अड्डाखाना बिदा छ। प्रतिपदाको दिनमात्र म तपाईहरूका कुरा सुन्ने छु।" भेट नपाएकाले प्रतिनिधिहरू आक्रोशित भएर फर्कन्छन्, बजार बन्द हुन्छ, बेलुका आमसभा हुन्छ, केही पार्टीका नजिक मानिने व्यक्तिहरूलाई प्रतिनिधिका रूपमा काठमाडौं पाठाउँने निधो हुन्छ, भोलिपल्ट बेलुका सम्बन्धित व्यापारीद्वारा देवीप्रसाद उप्रेतीलाई पनि बोलाइएको हुन्छ। समितिको सदस्यको हैसियतमा सामाजिक लब्धप्रतिष्ठ त्यस संघर्ष समितिका अध्यक्षको घरको कौशीमा पहिलो भेट हुन्छ मेरो देवीप्रसाद उप्रेतीज्यूसँग। परिचयको छोटो कार्यक्रमपछि हामी सबै विषयवस्तुको गहन छलफल थाल्छौं, मेरो भन्नु केही थिएन, सुन्नु मात्रै थियो। विभिन्न व्यक्तिहरूले ठूला-ठूला आक्रोशपूर्ण प्रस्ताव गरे । कसै-कसैले त पहाडी र मधिसेका कुरा पनि निकाले, सबैभन्दा पछाडि गम्भीर व्यक्तित्व उप्रेतीको पालो आयो। उहाँको भनाइ थियो- "मेलामा खटिएको प्रहरी वर्दीधारी थियो। हो, उसले मेरो जहानलाई लानै पर्छ भन्ने दुराग्रह गर्नुको सट्टा उभन्दा माथिका अधिकृतलाई सूचना दिएर मात्र केही गर्नुपर्थ्यो। भनाभन मात्र नगरेर लुगा च्याताच्यातमा वर्दी पनि च्यातियो। वर्दी च्यात्नु भनेको सामान्यतया सरकारलाई चुनौती दिनु हो भन्ने अर्थ लाग्दछ त्यसैले प्रहरी निरीक्षक, बडाहाकिममार्फत कुरा चलाएर माफी मगाउनुबाहेक कानूनी पद्धतिले अगाडि जान मिल्दैन, यही मेरो संक्षिप्त भनाइ हो।" हातमा कलम लिएर ऐनका बुँदाहरू केलाउँदै उहाँले राखेको कुरामा सबै अवाक। त्यो दिन उहाँले अपनाएका प्रक्रियाबाट म प्रभावित भएँ र भोलिपल्टै बिहान म र एकजना साथी संघर्ष समितिको अध्यक्षकोमा गएर राजीनामा दियौं, हामीले राजीनामा दिएको लगत्तै अर्को दिन अध्यक्ष स्वयंले पनि राजीनामा दिनुभयो उप्रेतीज्यूबाट भएको प्रस्तुति र त्यसबाट हामीमा परेका प्रभावको

यो एउटा उल्लख मात्र हो । त्यसपछि उहाँसँग सम्पर्क हुन सकेन । एकैचोटि २०१९ सालमा श्री ५ महेन्द्रको झापा सवारी हुँदा घैलाडुब्बामा क्याम्प बस्यो । त्यसबेला भैरवप्रसाद आचार्य सभापति हुनुहुन्थ्यो । उहाँको निवास स्थानमा जिल्लाभरिका गन्यमान्यहरू उपस्थित भई राजालाई राष्ट्रिय एवं जिल्लास्तरीय के-के कुराहरू बिन्ती गर्ने भन्ने कुराहरू भए । राजनीतिलाई कसरी अगाडि लाने भन्ने कुरा त मुख्य विवाद नै थियो । त्यसका अतिरिक्त माईनदीको पुल, शिक्षा, हुलाकी बाटो आदि इत्यादिका कुरा चले । उहाँका केही ठोस मन्तव्यका साथ शिक्षालाई निःशुल्क गर्न बिगहट्ठीकर लगाउनु पर्छ भन्ने रह्यो । त्यसको घोर बिरोध भयो । बिरोध गर्न अगुवाको रूपमा स्व.मेदिनीप्रसाद उप्रेती रहेपनि स्व. भैरवप्रसाद आचार्यले पनि साथ दिनुभयो । आफ्ना विचारमा अडिग उहाँ लाम पनि लाग्नु भएन, दर्शन-भेटका लागि । समूहमा पनि जानु भएन तर पनि सरकारबाट बोलाई बक्सेर दर्शन भेट बक्स्यो । त्यो बेला के कुरा भए मेरो चासोको बिषय पनि भएन । जे भए पनि मैले भन्न खोजेको कुरा एउटै हो, त्यो केहो भने उहाँमा आफ्नो विचारप्रति दृढ रहने बानी थियो । कोही रिसाओस् वा खुशाओस् ।

२०२० सालमा इलाममा अञ्चलस्तरीय पञ्चभेलाको आयोजना भयो । तत्कालीन वाणिज्यमन्त्री श्री बेदानन्द झाले उद्घाटन गर्नुभयो । भोलिपल्ट पूर्णबैठकमा विविध प्रस्तावहरूमध्ये शिक्षाका लागि प्रस्ताव हरिध्वज खत्रीले राख्नुभयो, त्यसको समर्थनमा मैले बोलें, ठूलो हंगामा नै मच्चियो । मदन थापाले लामो तर्क दिएपछि त्यसको मैले पुष्टि गर्न बोल्दा माइक खोसियो र यी सबै देवीप्रसाद उप्रेतीका भरौटे हुन्, प्रस्ताव फिर्ता लिन लगाउनु पर्छ, माफी मगाउँनु पर्छ भनेर माइकबाट कुर्लिए कुरौटे र भरौटेहरू । हामीले माफी पनि मागेनौं, प्रस्ताव फिर्ता पनि लिएनौं । हाम्रो भनाइ थियो- निःशुल्क शिक्षा दिनु छ भने कृषिप्रधान देशमा कृषकले नै त्याग गर्नु पर्‍यो आफ्ना सन्ततिका लागि । त्यसपछि उहाँको परिवारमा एउटा चिकित्सकका रूपमा म आउँन जान थालें । घैलाडुब्बाको आदर्श माध्यमिक विद्यालय बनाइसकेपछि उहाँको नै आग्रहले कामेश्वरदत्त, दाताराम खनाल, हरिध्वज खत्री आदि प्रधान अध्यापक भएर बसे, विद्यालयको सञ्चालन राम्रो थियो । उहाँबाट निर्मित आठराई पोखरीको मा.वि.मा पटक-पटक आगो लगाइयो शरणामतीको माईधारको ठूलो घर माईको बाढीले बगायो । त्यै पनि साझाको अवधारणाले अभिप्रेरित भएर उहाँले साझा दोकान खोल्नु भयो । त्यसमा स्थानीय मानिसहरूले धान जम्मा गर्थे । वर्षभरि आफूलाई चाहिने उपभोग्य बस्तुहरू लैजान्थे । आफ्नो शेयर रकम पनि बढिरहन्थ्यो र त्यसबाट लाभान्वित हुन्थे तर त्यसमा पनि सहयोगी एवं सक्षम मानिसको अभावमा समुन्नतिमा लम्कदै गएको साझाले घाटा ब्यहोर्नु पर्‍यो । उहाँको व्यक्तित्वमा आँच आउने कुराको स्वर चर्काउन मानिस पछि परेनन् । मैले उहाँको सहयोगी र अनन्य मित्रका रूपमा देखेका व्यक्तित्वमा स्व. कृष्णबहादुर खत्री हुनुहुन्थ्यो । उहाँका विचारबाट प्रभावित सहयोगी अर्को व्यक्तित्वको नाम हो विष्णुप्रसाद पोखरेल । त्यसपछिका सहयोगीहरूमा गंगाप्रसाद प्रसाई, मदन थापा, हरिध्वज खत्री, सूर्यप्रसाद कन्दङवा, कामेश्वरदत्त, ताराकुमार

श्रेष्ठ, आदि उल्लेखनीय व्यक्तित्वहरू हुन् ।

मेरो साह्रै सम्पर्क बढ्न थालेको उहाँको शरणामतीको बसाइको बेलादेखि हो । उहाँसँग विमला उप्रेती (उहाँकी कान्छी श्रीमती) बस्नु हुन्थ्यो । केटाकेटीहरू विमार पर्दा म भद्रपुरदेखि गएर हेर्ने गर्थें । कुनै-कुनै रात वास नै बस्नु पर्थ्यो । त्यसपछि जब उहाँले चकचकीमा आफ्नो निवास सार्नुभयो, झन नै नजिकिएँ । मेरी श्रीमती सुमित्रा उपाध्याय फूलबारी नि. मा. वि. मा शिक्षिका थिइन् । हाम्रो आवतजावत र बस-उठको क्रम बाक्लिदै गयो अनि कैयौं रात उहाँ र म दुई बजेसम्म गफिन्थ्यौं । गफका विषय हुन्थे- अन्तर्राष्ट्रिय, राष्ट्रिय । राष्ट्रियमा पनि- विकास शिक्षा-सामाजिक परिवेश र हाम्रो सरकारको नीति । श्री ५ महेन्द्रको स्वर्गारोहणपछि एकपटक उहाँले भन्नुभएको थियो - श्री ५ महेन्द्र राष्ट्रभक्त थिए र उनको बुद्धि पनि कुशाग्र थियो । सहयोगी चाहिं भएनन् वा खोजिएन । पछि श्री ५ वीरेन्द्रको चन्द्रगढी सवारी हुँदा मेची रङ्गशालामा उर्लिएको मानिसको भीड देखेर उहाँले मलाई भन्नुभएको थियो - "यो राजाप्रतिको आस्थाको शक्तिलाई काम लगाउन सकिएन, जनशक्ति त्यसै खेर जाँदैछ । हेर्नुहोस् त - यी भीडका हातखुट्टाले विकास गर्न चाहेमा सानो हाम्रो देश पनि विकासमा कहाँ पुग्ने थियो, होइन र ?" पार्टीप्रतिको अवधारणामा उहाँ भन्ने गर्नुहुन्थ्यो- "पार्टीको मूल उद्देश्य जनताप्रतिको माया र ममता हुनुपर्दछ, माटोप्रति समर्पित भावना हुनुपर्दछ, तर मैले त्यो पाइनँ । मैले २००८ सालमा नै काठमाडौं बस्ता के देखें भने पार्टीको नामबाट पदमा पुगेपछि स्वार्थबाहेक अरू कुरा बिर्सन थाल्दा रहेछन् र आफ्ना आसे र आलोचकहरूलाई केही आर्थिक प्रलोभन वा पद दिएर राख्ने परिपाटी रहेछ । यो कुरा बुझेर नै पद र पार्टीबाट टाढै रहेर सामाजिक चेतना जगाउने काम त शिक्षाका माध्यमबाट गर्न सकिने रहेछ भन्ठानेर मैले शिक्षाका निम्ति मरिमेटेको हुँ । केही दिन प्रवास दार्जिलिङ्गमा वस्ता पनि सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारशमणि प्रधान तथा नेपालबाट जाने महाकवि लक्ष्मीप्रसाद देवकोटा आदिको सम्पर्कबाट म अत्यन्त प्रभावित भएपछि शिक्षाप्रेमी बन्न मलाई कर लागेको छ ।"

उहाँको शिक्षा क्षेत्रको योगदान संकलन गर्ने हो भने अर्को एउटा फेहरिस्त तयार हुन सक्छ । प्रणामी विद्यालय - इवा, आठराई, आदर्श मा.वि. - घैलाडुब्बा, पोखरी माध्यमिक विद्यालय - पोखरी, आठराई, सरस्वती माध्यमिक विद्यालय, हुवाकु, मेची महाविद्यालय आदि थुप्रैमा उहाँले लगानी गर्नु भएको छ । उहाँको घर घैलाडुब्बा, शरणामती वा चकचकी - एउटा आश्रमका रूपमा थिए, दिनभरि आउनेजाने मानिसको भीडभाड, पकाउने र ख्वाउने व्यस्तता । त्यतिमात्र होइन- जग्गा छैन सुकुम्वासी हुँ भन्ने एकथरि आउनेलाई दुई नम्बर फारम भरेर दिनुहुन्थ्यो, आफ्नो जिम्दारी कचहरीबाट । भूमिसुधार भएपछि पनि आफ्नो जग्गाबाट काटेर जग्गा दिई कत्तिको चित्त बुझाएको मलाई थाहा छ । विद्यालयका नाममा जग्गा प्रदान गर्नु मात्र होइन, सञ्चालनका निमित्त जग्गामा उब्जनी गरेर धान बेचेर पैसा पुर्‍याइदिनुका साथसाथै राम्रा शिक्षकहरू खोजिदिनु पनि उहाँले नै पर्थ्यो । औषधि गर्न पाइनँ, छोराको विवाह गर्न पाइनँ, पुस्तक छाप्न पाइनँ, अखवार निकाल्न पाइनँ- भन्ने देखि पठनपाठन गराउन पाइनँ भन्नेलाई

समेत उहाँले रूखो जवाफ दिएर खाली हात फर्काएको मलाई थाहा भएन । त्यसबेला उहाँले पढाइदिएकाहरू कतिपय प्राध्यापक, कतिपय विद्यार्थीहरू श्री ५ को सरकारको विशिष्ट ओहोदामा, कति डाक्टर र इन्जिनियर बने - उहाँको योगदानबाट । तर उहाँलाई काठको घरले कहिले छोडेन । उहाँ प्रणामी धर्मप्रति आस्थावान् भएकाले निरामिष र सूर्य अस्ताउनु पहिल्यै खानु हुन्थ्यो । दूध, दही, घिउ, केरा, किसमिस, काजु उहाँका अतिरिक्त भोजनका प्रकार थिए किनभने उहाँ मधुमेहको रोगी हुनुहुन्थ्यो । त्यसैले संयमित आहार-विहार, बोलाइ-सोचाइ, चिन्तन प्रणाली र दूरदर्शी दृष्टिकोण उहाँको समष्टि व्यक्तित्त्व थियो ।

एउटा प्रसङ्ग अझै प्रासङ्गिक होल । मेची क्याम्पस त्यसबेला भद्रपुर माध्यमिक विद्यालय भवनमा चलिरहेको थियो । शरणामतीको घर २०२१ सालमा बगाएपछि उप्रेतीज्यू भद्रपुरमा नै बस्ने गर्नु हुन्थ्यो । सञ्चालक समितिको तत्कालीन अञ्चलाधीश समेतको एउटा बैठक बसेको थियो- मेची क्याम्पसको भवननिर्माण र सञ्चालनका लागि । उहाँले त्यसअघि नै ३०० बिघा जग्गा दिनु भएको थियो, निर्माण-स्थल चयन गर्ने कुरा आयो । उहाँले कस्तीमा ५० बिघा चाहिन्छ भन्नुभयो, सबै तर्से । उहाँको भनाइ थियो- "योजनाकारले कस्तीमा १०० बर्षको अबधि हेर्नु पर्दछ, त्यो बेलासम्म यसले विश्वविद्यालयको रूप लिनसक्छ । अर्को उहाँको भनाइ थियो - भद्रपुर बजार चन्द्रगढी उत्तर-दक्षिण भएर बसेको छ । पूर्वपट्टि मेची भएकाले फैलिने ठाउँ छैन भद्रपुरलाई फैलाउने ठाउँ केवल पश्चिमतर्फ मात्र छ । त्यसले पश्चिम-दक्षिणतिरको जग्गामा क्याम्पस निर्माण गर्नुपर्दछ । जग्गा पनि उत्तर-पूर्वभन्दा पश्चिम-दक्षिणमा सस्तो पाइन्छ त्यसबेलामा प्रशासक सञ्चालक समितिका दिमागमा यी कुरा घुसेनन् किनभने ४ बिघा जग्गा दान पाएका थिए अरू ४/५ बिघा जग्गा किनेर उत्तरपट्टि नै बनाउने निधो गरेपश्चात उहाँले बैठक बहिस्कार गर्नुभयो । जग्गा प्रदान गरे पनि त्यसपछिको निर्माण कार्यमा चासो लिनु भएन । मलाई भन्नुहुन्थ्यो - अहिले जग्गा सस्तो छ ५० बिघा किन्न पनि सकिन्छ, भोलि संकाय बढ्दै जाँदा अप्ठेरो पर्छ । फेरि भद्रपुरको दक्षिण-पश्चिमपट्टि विकास पटक्कै भएको छैन । नगर विकासको उद्देश्य पनि परिपूर्ति हुनु थियो । आज यी कुरा उहाँले भनेको २ दशक हुन नपाउँदै अनुभूत हुन थालेका छन् ।

मेरो व्यक्तिगत जीवनमा उहाँबाट धेरै प्रेरणा लिएको छु मैले, कार्यान्वयन पक्ष अझै मेरो कच्चै छ । यस्तै हुन्छ कि सबैको ? उहाँकै पनि विचारअनुसारका सहयोगी रहेनन् र विचारले मूर्त रूप लिन सकेन । म उहाँलाई "बुवा" भन्ने गर्दथें । दशैंको टीकाको दिन टीका लगाउन जाने गर्थें । पछि-पछि केटाकेटीहरू ठूला हुदै गएँ । बहिनीज्वाइँ, भाञ्जा-भाञ्जीहरू आफ्नौ घरमा आउन थाले टीका थाप्न । मैले टीकाको दिन टीका थाप्न जान छाडें, पूर्णिमासम्म गए भइहाल्छ नि भन्ने मेरो परम्परागत विश्वास थियो तर त्यस्तो रहेनछ । उहाँले टीका लागाइदिनु भएन । दशैं भनेको भेट-घाटको मेलो हो, भैहाल्यो नि ! भनेर आलटाल गरेपछि मैले उहाँको स्वाभिमानमा धक्का पुऱ्याएको जस्तो अनुभव गरें ।

एक दिनको कुरा हो उहाँ एक्लै एकजना सेवक (छोरा समान माया दिनु हुन्थ्यो) महेन्द्र भूजेलसँग घैलाडुब्बाको घरमा बस्नु हुन्थ्यो - सन्चो भएन छ, साहिली आमा (उहाँकी साहिली श्रीमती नर्मदा उप्रेती) ले खबर पठाउनु भयो, गएर हेरें, खाना खान सँगै बस्यौं, मैले चामलको भात खाएँ, उहाँले मकैको भात खानुभयो, तर दाल र तरकारी निकै नूनिलो भयो । उहाँले वास्तै नगरी खाएको देखेर मैले पनि पानी खाँदै थाल रित्याएँ । थप्नपट्टि लागिनँ । उहाँको बानीअनुसार म उठेपछि मात्र उठनु भयो । मलाई चुठ्न लगाएर मात्र चुठ्नु भयो । त्यसपछि चौकीमा बसेर औषधिका बारेमा कुराकानी भयो । धेरै बेरपछि महेन्द्रलाई डाक्नु भयो र सोध्नु भयो - "नूनको बोरा कहाँ राखेको छस्" भनेर । उसले बर्षालाग्ने टाइम भएकाले चुल्हैको छेउमा राखेको छु " भन्यो । "उसो भए बोरा साह्रै नगिच भएछ, अलि टाढा राख्नु है" भनी साधारण भाषामा भन्नुभयो ।

मलाई आश्चर्य लाग्यो - म घरमा भएको भए मान्छेलाई जथानाम भनेर तरकारीमा पानी थप्न लगाएर मात्र खान्थे हुँला । यसरी उहाँको जीवनको प्रतिपलको जति स्मरण गर्ने हो, उत्तिकै महत्त्वपूर्ण हुन्छ । एउटा ग्रन्थको निर्माण म एक्लैले गर्न सक्छु होला । संक्षेपमा, देवीप्रसाद उप्रेतीको चिन्तन, विचार, कार्यशैली, दूरदर्शिता सहिष्णुता, सेवापरायणता, शिक्षाप्रियताका अतिरिक्त असाधारण प्रभावोत्पादक तथ्यपूर्ण व्यक्तित्वको देशले उपयोग गर्न सकेन, यो दुर्वैथरिका लागि अपूरणीय क्षति हो ।

अन्त्यमा, २०४९ सालको वैशाख महिना जस्तो लाग्छ, उहाँकी साहिली पत्नीका माइला छोरा कृष्ण उप्रेती म कहाँ आउनुभयो र भन्नुभयो- "तपाईले गर्नुभएको घैलाडुब्बाको चिकित्सा पछि बुबा दार्जीलिङ्ग जानुभएको थियो र त्यहाँका डाक्टरहरूको सल्लाहअनुसार औषधी लिई हाल बुबा तेह्रथुम आठराईमा पोखरी मा. वि. (जुन विद्यालय उहाँले आफै बनाई दिएर सञ्चालन गरिदिनुभएको थियो) को रेखदेख गर्दै बस्नु भएको छ तर उहाँ स्वस्थ हुन सक्नु भएको छैन ।" मैले उहाँलाई यतै ल्याउनुपर्छ भनेर छोरा कृष्णलाई सल्लाह दिएँ । उहाँले बुवालाई भद्रपुर ल्याउनुभयो । मैले उहाँको दुईवटै मृगौला खराब भएको पाएपछि काठमाडौं गएर राम्रो उपचार गर्न सल्लाह दिएँ र उहाँ काठमाडौं उपचारार्थ जानुभयो । मेरो अन्तरले किन हो किन त्यति बेलै उहाँसँग अन्तिम बिदा लिए झैं भान पाऱ्यो, हुन पनि हो रहेछ, त्यही नै मेरो अन्तिम भेट रहेछ । झापाका एक अविस्मरणीय व्यक्तित्वसँगको .... ।

भद्रपुर-७ (झापा)

फोन ०२३- २०१२७

प्रवासबास शिक्षाको आश

हरिध्वज खत्री

रत्नको संरचनामा कतिसम्म पाइन् चढेपछि त्यो बहुमूल्य बन्छ, यो यसकै कथा भए जस्तै मनुष्यको जीवनमा पनि उसले गरेको अथक दीशाबोध परिश्रमले परिमार्जित भई उ मानव रत्न बन्न पुगेको हुन्छ ।

यस शाश्वत तथ्यको आलोकमा जीवनलाई पढ्न सक्नेले आँफू र समाजलाई समेत परिष्कृत गर्ने गरेको हुन्छ ।

यस्तै एउटा कथाको थालनी भएको हो - विक्रम सम्वत् १९९८ सालतिर । विक्रम सम्वत् १९९८ सालको चैत्र महिना १४ गतेको शुभ साइत गरी आफ्नो चार बर्षे छोरो मित्रप्रसाद उप्रेती र भानिज रामप्रसाद प्रसाईंलाई लिई आफ्नो भाइका साथ सन्तानको भविष्य उज्वल पार्ने हेतुले उस बखत पढाइमा नाम चलेको स्थान दार्जिलिङ्गतिर लागेको थियो, यो तीन जनाको समूह देवीप्रसाद उप्रेतीको अभिभावकत्वमा ।

दार्जिलिङ्गको हरिदास हट्टामा धनबीर राईको घरमा डेरा गरी बस्न पुगेका देवीप्रसाद उप्रेतीले सर्वप्रथम आफ्ना धर्मावलम्वी प्रणामी सखाहरूको चयनमा तकभर चिया बगानका दैलतदास राईसँग मृत्युपर्यन्तको बन्धुत्व जोड्न पुगे । त्यस प्रकारको बन्धुत्वमा कुरा के थियो भने दौलतदास राई त्यस बखतका सज्जनतम व्यक्ति मध्येका थिए । परदेशमा गन्तव्यवोधको सही मार्गदर्शन देवीप्रसाद उप्रेतीले यिनै दौलतदास राईबाट प्राप्त गर्नु भएको थियो । पछि पछि गएर हामी सबै उनै दौलतदास राईलाई "सरदार बा" भन्थ्यौं किनभने उनी कता कता तकभर चिया बगानका कुल्लीहरूका सरदार थिए अरे ।

त्यहाँ हरिदासहट्टामा डेरा गरी बसेका बखत आफ्ना छोरा र भानिजका लागि माष्टरका नाममा यिनै दौलत दास राईका छोरा विशाल राईलाई नियुक्त गरेका थिए । ती यिनै विशाल राई हुन् जो कलकत्ताबाट निस्कने प्रभात पत्रिकाका (स्मरणमा आएसम्म पत्रिकाको नाम प्रभात जस्तै लाग्छ) सम्पादक पनि बनेका थिए ।

दार्जिजिङ्गको हरिदासहट्टामा डेरा बस्ने उपयुक्त स्थानको चयन देवीप्रसाद उप्रेतीले गर्नुको खास कुरो हरिदासहट्टा आफ्नो नेपाली सन्तति हरिदास प्रधान त्यस बखतका दार्जिलिङ्गका नामुद वकिल भएकाले एक नेपालीले अर्को नेपालीको सान्निध्य खोजेको हुनुपर्छ । पछि गएर यिनै हरिदास प्रधान काठमाडौंमा प्रधान न्यायाधीशसमेत बन्न पुगेका थिए ।

हरिदासहट्टाको भिरपखेरो आफ्नो ध्येय अनुकूलको स्थितिमा नदेखेर अलि समथर फराकिलो वातावरणको खोजले देवीप्रसाद उप्रेतीलाई विक्रम सम्वत् २००० सालतिर चाँदमारीतिर डोऱ्यायो ।

नेपालको सुदूर पूर्वी भाग तेह्रथुम आठराईको सिम्ले भन्ने गाउँले वातावरणमा जन्मेर पहाडी आवहावामा परशीलित जीवन दार्जिलिङ्ग बोटानिकल गार्डेन छेवैमा स्थित चाँदमारीको खुला र फाटिलो वातावरणमा पहाडको बाल्यवस्थामा रहेको पहाडी सौरभ प्रस्फुरण हुँदा देवीप्रसाद उप्रेतीको दिमागले आफ्नो मौलिकता अभिबृद्धि हुने सुयोग पायो ।

फलस्वरूप अरू तीनजना विद्यार्थी (हरिध्वज, विमलध्वज र हरिलाल उप्रेती)लाई दार्जिलिङ्गको वातावरणमा अध्ययन गर्ने, हुर्कने मौका प्रदान गरेको तथ्य देवीप्रसाद उप्रेतीको महानताको एक नमूना हो ।

चाँदमारीको वसोवासमा अरू व्यवस्थित ढङ्ग ल्याउन उस बखतका त्यहाँका समाजसेवी व्यक्ति कृष्ण प्रधानको धेरै ठूलो हात छ । यी तिनै कृष्ण प्रधान हुन् जो दिलुदास वा सिंह राईका जसले षड्दर्शनमध्ये एक दर्शन नेपालीमा अनुवाद गरेका थिए का जुवाइ हुन् । अझ भन्नु हो भने दार्जिलिङ्गको आर्य समाजमा कृष्ण प्रधानको ठूलो योगदान छ । त्यस बखतको समयमा पनि कृष्ण प्रधानले चाँदमारीमा आफ्नो स्वर्गीय पुत्रका नाममा "सुरोत्तम पाठशाला" खोलेका थिए । त्यहाँ जम्मा गरेका पाँच जना विद्यार्थीका निम्ति मास्टरको आवश्यकतालाई कृष्ण प्रधानले पुऱ्याएको त्यो खाँचो ज्यादैनै उपयूक्त ठहर भयो । यसरी २००० साल तिर हामीहरू पूवा नेवा 'मानव' का विद्यार्थी भयौं भने हामी विद्यार्थी वहाँलाई गुरु बा' भनी आदर गर्थ्यौं ।

देवीप्रसाद उप्रेतीका जानपहिचानका सबै बन्धुबान्धवले त्यहाँ त्यस प्रकारको अध्ययनको चाँजोपाँजो मिलाएको देखेर आफू खुशी आफ्ना छोरा-छोरीहरू त्यहाँ अध्ययनार्थ पठाउने अग्रपंक्तिमा पर्ने जयप्रसाद वलीले आफ्नो पुत्र बमप्रसाद वलीलाई त्यहाँ पठाए । झापाबाट पूवा नेवाका विद्यार्थी हुन पुगेका रघुवीर बुढाथोकीका छोरा मकरध्वज र भतिजा चन्द्रबहादुर बुढाथोकी हुन् भने शनिश्चरे निवासी दलकृष्ण श्रेष्ठ पनि उतिबेलाका सहपाठी हुनपुगेका थिए । कता कता स्मृतिमा कोट्याएर हेर्दा धनाढ्य चैनपुरे नेवाका छोरा भतिजा पनि त्यहाँ पढ्न धाउँथे । पछि गएर शिवप्रसाद मैनाली र चन्द्रप्रसाद उप्रेती पनि त्यहाँको वसोवासोमा थपिन पुगे ।

यसरी देवीप्रसाद उप्रेतीको संरक्षकत्वमा र पूवा नेवा 'मानव'को अभिभाकत्वमा हाम्रो आफ्नो दैनिक कार्य स्वकार्य हुन्थ्यो । अर्थात खाना पकाउनु, घर सफा गर्नु, लत्ता-कपडा धुनु, भाँडा माझ्नुदेखि लिएर यावत कार्य आफ्नै हातले गर्नु पर्ने हामीमा बानी बसाइएको थियो । पढाइका सम्वन्धमा संस्कृतबाहेक सम्पूर्ण विषय पूवा नेवा 'मानव' पढाउनु हुन्थ्यो भने संस्कृतको अध्ययनार्थ धीरधामका उस बखतका पण्डित देवीप्रसाद काफ्ले नियुक्त गरिनु भएको थियो देवीप्रसाद उप्रेतीद्वारा ।

संस्कृत भाषाका विषयमा विशेष दक्खल राख्नु हुने देवीप्रसाद काफ्लेको संस्कृत पढाउने शैली पनि विशेषताले पूर्ण हुँदा र त्यसप्रति आफ्नो विशेष अभिरूचि भएकाले

देवीप्रसाद उप्रेतीले आफै पनि संस्कृत पढ्न थाल्नु भयो । अर्थात देवीप्रसाद काफ्लेका शिष्य देवीप्रसाद उप्रेती । संस्कृत सिक्ने अभिरूचि राख्ने देवीप्रसाद उप्रेतीले पूवा नेवा मानवबाट अंग्रेजीका वर्णक्षर सिकी भाषामा बिस्तारै दख्खल राख्दै साधारण तबरले अंग्रेजीमा चिट्ठी-पत्र लेख्ने हैसियत हासिल गरेको मलाई थाहा छ ।

ऐतिहासिक तथ्य राख्ने एउटा उल्लेख्य विषय के हुन आएको थियो भने विक्रम सम्वत २००७ सालमा कान्तिका अग्रणी नेताहरू मातृकाप्रसाद कोइराला, गणेशमान सिंह तथा विश्वेश्वरप्रसाद कोइरालाहरूको त्यहाँ चाँदमारीमा राजनीतिक विषयका गुत्थिहरूका सम्वन्धमा छलफल पूवा नेवा मानवसँग हुन्थ्यो भने व्याबहारिक पक्षमा छलफल देवीप्रसाद उप्रेतीले लिएको देखिन्थ्यो । अझ भन्नु पर्दा झापा जिल्लाका अग्रणी जिमिन्दार हुन सक्ने संभावनालाई कान्तिकारी राजनीतिज्ञहरूले प्रष्ट देखेका हुनाले पनि देवीप्रसाद उप्रेतीको स्थान सुरक्षित हुन आएको हुनसक्छ । पछि गएर २००७ सालको कान्तिमा यो कुरो प्रमाणित भएर छाड्यो पनि ।

त्यस बखतको एउटा कुराले भने हामी त्यति बेला भयांकित हुने कुरो हो - गणेशमान सिंहको व्यक्तित्वले । उहाँले हामी विद्यार्थीलाई भनेको केही पनि होइन तर उहाँको अन्यान्यांप्रतिको वाकशक्ति त्यसमा पनि खरो बोलीले हामी त्यसै संत्रस्त हुन्थ्यौं, ठहर्‍यौं पनि नवयुवक । भन्नै, पर्ने कुरो के थियो भने आफ्नो कुरो व्यक्त्याउदा व्यक्त्याउँदै उच्च स्वरमा वोल्ने गणेशमान सिंहको आदतअनुसार बोल्दै जादा जिब्राले वहाले बोलेका शब्दहरू सन्तुलित राख्दै जादा जिब्रालाई भिजाइराख्ने थूक र जिब्राको सामञ्जस्यँ हराउदा भएको थूकले आवश्यक कार्य सम्पादन गर्न नपाउदा वा आवश्यकतामा न्यूनता देखिनाले बाक्लिएको थूक च्याट् च्याट् गरेको प्रष्ट देखिन्थ्यो । मनमा उठेका कुराहरू उकुसमुकुसिएर बाहिर पोख्नु पर्दा वाक्शक्तिको स्वरलाई सन्तुलित राख्ने तन्तुलाई असन्तुलनमा ल्याउने मानव स्वभावमा पनि खरो स्वभावको गुणमा यो एक गुण होला वा शरीरवेत्ताहरू यस सम्बन्धमा यस्तै केही भन्दा हुन् ।

पूवा मानवको संरक्षकत्वमा अनुशासित हामी त्यति वेलाका विद्यार्थीहरू समाजमा विस्तारै हाम्रो जीवनशैलीले वरपर ठाउँ ओगट्तै थियो । यस्तैमा त्यहाँका समाजका भद्रभलादमीले एउटा नयाँ पाठशाला खोल्न लाग्दा शुभारम्भ गर्न तथा शुभारम्भको प्रार्थना गर्न हामी आमन्त्रित थियौं भने हाम्रो नियममा स्वर दिने माणिकलाल प्रधान (डा. कुमार प्रधान का पिता) हुनु हुन्थ्यो, स्थान थियो कविवर अगमसिंह गिरीकै घर आसपास र पाठशाला थियो वा हुन सक्छ, भानुभक्त पाठशाला ।

सीमित संख्यामा अध्ययनार्थ जम्मा भएका अभिजन, भाइ भैयातहरूको एकत्रित संख्याले चाँदमारीको डेराले थेग्न नसकिने संभावना भएकाले र पूवा मानवको राजनीति सम्बन्धमा भएको सुझबुझले विशिष्ट व्यक्तिहरूको जमघट हुने गर्नाले पनि सबैजना अटाउने थलोको खोजले देवीप्रसाद उप्रेतीलाई घचघच्याएको कारणले २००३ सालतिर रबर्ट सन रोड (Robert Son Road) स्थित दिलखुसा हाउसमा सर्न करलाग्यो । दिलखुसा हाउसमा सर्ने हामी तमाम विद्यार्थीवर्गहरूको जीवनमा धिप्री र लालटेनको सट्टा विद्युतको प्रभाव हाम्रो जीवनमा पस्यो भने विद्युत उर्जा हाम्रो जीवनमा रसायौं

विद्युत उर्जामा हामी रमायौं ।

भावी जीवनको मूल्यांकन गर्न सक्ने व्यक्तिहरू जहिले पनि आर्जन भूमिको खोजीमा रहिरहने यो उनीहरूको सुझबुझअनुसार यस्तै एउटा भेलमा तेह्रथुमको आठराई सिमले गाउँबाट झापा (मधेश) झरेका देवीप्रसाद उप्रेतीको गणना जसरी झापाका प्रख्यात जिमिन्दारमा गरिन्थ्यो भने उनका आफन्त, छरछिमेकको संख्या पनि कम नभएको होइन कि बाहुल्यका कतिपय उनका बन्धु बान्धव पनि थिए । परापूर्व कालदेखिका यस्तै सुझबुझका व्यक्तिहरूले पहाडी जीवनको आर्जनको स्रोत निथ्रिन लागेको महसुस गरी जसरी तराई मधेशतिर थेग्रिन लागेका थिए भने आगामी पीढिका निम्ति उपयुक्त आफ्ना सन्तति तयार गर्ने हेतुले कसैले वनारसतिर भने कसैले दार्जिलिङ्गतिर आँखा गाडेका थिए । यही परिपाटीको खोजमा लागेका कतिपयले देवीप्रसाद उप्रेतीको त्यस प्रकारको नौलो अभियानमा सरीक हुने उद्देश्यले आफ्ना छोराछोरी अध्ययनार्थ दार्जिलिङ्ग पठाउन प्रयासमा लागे । यसरी प्रवासमै भए पनि नेपालबाट गएका केही व्यक्तिहरूको एउटा आफन्तको समाज सृजना हुँदै थियो । यही सृजित समाजका कतिपय व्यक्तिहरू पछि गएर २००७ सालको नेपालको कान्तिमा होमिन पुगेर कान्तिपछि झापामा सामयिक सरकारमा मंत्री पनि हुन पुगे, तीमध्ये देवीप्रसाद उप्रेती एक हुन् ।

यस प्रवास कालको त्यस प्रकारको राजनैतिक भेटघाटको मात्र मूल्य रहन्थ्यो, यो कुरो होइन । एकपल्टको कुरो रामरी थाहा छ कि हाम्रो त्यस पठन कार्यको अवधिमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको आगमन भएको थियो भने त्यहाँ महाकविलाई भेट्न त्यस बखतका उदीयमान वकिल तथा 'भ्रमर' उपन्यासका रचनाकार रूपनारायण सिंहको आगमन एउटा उल्लेख्य विषय हुन आएको थियो । एकातिर त्यहाँसम्मको साहित्यका महारथीहरूको जमघट हुन्थ्यो भने भान्सामा पिरामाथि पलेंटी मारेर खाना खान बसेका महाकविलाई "अब भयो गुरु" भनी बालचन्द्र शर्माले महाकविलाई भान्सावाट निर्वृत गर्न उद्धत हुनुपरेको विषय हामी भान्से बीच चर्चाको विषय बन्थ्यो, रमाइलो लाग्दथ्यो पनि । यस हिसावले कि महाकविको व्यक्तित्वले भन्दा पनि भान्साप्रतिको असन्तुलि व्यवहारले । कविहरूका निम्ति उनी महाकवि थिए भने हामी भान्सेबीच महाको ।

रहदै बस्दै जादाँ शिक्षाप्रतिको देवीप्रसाद उप्रेतीको सुविधाजनक वसोवास र पूवा मानवको पढाइको एकदमै नयाँ परिपाटीले आकर्षित भएका व्यक्तिहरू आ-आफ्ना सन्ततिको उचित पढाइका निम्ति छोराछोरी पढाउन पठाउदा प्रसाईं परिवारबाट भिष्मराज प्रसाई, केशवराज प्रसाईं, लक्ष्मी प्रसाईं, रत्न प्रसाईं र कुमार प्रसाईं (न.सु.ह.) थिए ।

हालको झापा बजारमा उस बखतका सरकारी कार्यालयहरू अवस्थित थिए । त्यति बेलाका माल अड्डामा देवीप्रसाद उप्रेती र भैरवप्रसाद आचार्य माल अड्डाका सुब्बा हुँदा दुवै जना (देवीप्रसाद उप्रेती र भैरवप्रसाद आचार्य) को राम्रो चिनाजाना थियो । माल अड्डाका बहिदार र सुब्बा भएका देवीप्रसाद उप्रेती र भैरवप्रसाद आचार्य जीवनका अन्तिम क्षणसम्म क्रमशः बहिदार बाजे (देवीप्रसाद उप्रेती) र सुब्बा बाजे

भैरवप्रसाद आचार्य) भनी चिनिन्थे । यही जान पहिचानका नाताले पनि होला भैरवप्रसाद आचार्यले आफ्ना दुई छोरी विन्देश्वरी र राजकुमारी तथा छोरा राजकुमारलाई पनि देवीप्रसाद उप्रेतीको दिलखुसा हाउस अध्ययन गृहमा पठाएका थिए । पछि अध्ययनार्थ विराटनगरबाट कालिकादेवी पनि छात्राका रूपमा त्यहा सम्मिलित हुन आइपुगेकी थिइन् भने उनका भाइ महेश पनि दिदीसगैं आएका थिए । छात्राहरूको संख्या चारजना पुग्नमा देवीप्रसाद उप्रेतीकै भान्जी लीलादेवी प्रसाई चाँदमारीदेखि नै सम्मिलित हुन पुगेकी हुन् ।

गर्दै भन्दै लाँदा दार्जिलिङ्गमै आफ्नो एउटा सानो संसार खडा भएको स्थितिले 'जहाँको कुलो उहीको चपरी' को आह्वानमा दार्जिलिङ्ग चोक बजारको माया रेष्टुरेन्टको ठीक तल स्थानीय व्यक्ति रामदास चहीको घर भाडामा लिई एउटा कपडा दोकान खोल्न देवीप्रसाद उप्रेती उद्धत भए । एउटा नेपालीले त्यस प्रकारको साहसिलो व्यापारीढंगको कारोवार थालेको त्यस वखतका दाजिलिङ्गका नेपालीहरूमध्ये नेपाल भेराइटी स्टोर, दास स्टुडियो आदिले भरमग्दुर सहायता पुऱ्याउने प्रणअनुसार सहयोगमा हात बढाएका थिए । रबर्टसन रोडमै काठमाडौंबाट सूचीकारहरू ल्याएर पूवा मानवका भाइ चन्द्रबहादुरका जिम्माबाट ८, १० वटा कपडा सिलाउने मेसिनहरू ल्याई लुगा सिलाउने दोकान खोलेका थिए ।

यसरी विभिन्न क्षेत्रमा हात हाल्दा हाल्दै समय खुस्किरहेको थियो भने २००७ सालको क्रान्तिको तयारी पनि भित्रभित्रै चल्दै गरेकाले र भएका छात्र-छात्राहरूले अध्ययनमा कमीकमजोरी आउने आशंकाले कतिपयलाई दार्जिलिङ्गकै स्कूलहरू सेण्ट रोवट्स र आ. के. एस. पी. मा भर्ना गर्न लगाइयो । आफैं पनि राजनीतिमा लाग्नाको कारणले देवीप्रसाद उप्रेतीले एउटा ध्येयले खोलेको त्यो अध्ययन मण्डल समाज विस्तारै विखण्डनको स्थितिमा गइरहेको थियो । कता कता पूवा मानवले पनि दार्जिलिङ्गमै कुम्ले विवाह गरी आफ्नो निजी परिवारमा पनि बृद्धि गर्दै आएकाले र राजनीतिमा पनि राम्रो दक्खल भएकाले बेला बखत काठमाडौंतिर जाने आउने गर्नाले पनि छात्र-छात्राहरूको पढाइमा बाधा पर्न थालेको थियो । राजनीतिमा पूवा मानवको दक्खलको नमूना केले पनि प्रदर्शन गर्छ भने एकपल्ट भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू काठमाडौं आउने हुँदा दार्जिलिङ्गबाट लोप भएका पूवा नेवा त्रिभुवन हवाई मैदानमा नेहरू उत्रदा उनलाई कालो झण्डा देखाउने पुरुष यिनै पूवा नेवा नै थिए ।

दार्जिलिङ्गको प्रवास कालको अन्त्यतिर दिलखुसा हाउसमा अतिथिहरूका रूममा देवीप्रसाद उप्रेतीलाई भेट गर्न आउनेमा महानन्द सापकोटा र अग्निप्रसाद खरेल (अग्रणी ज्योतिषी) को संझना छ ।

त्यस प्रवास कालको पढाइमा को ठूलो,को सानो, को सम्पन्न पारिवारको छोरो-छोरी, को विपन्न परिवारको, खानपीनको कुनै प्रकारको भेदभाव थिएन । त्यति मात्र कहाँ हो र छात्र-छात्रा सबैको केशकाटी सबैले जुल्फी पाल्नु पर्थ्यो । पहिरनको हकमा छात्र-छात्रा सबैको एकै प्रकारको एउटै रङ्गका दौरा-सुरुवाल हुन्थ्यो । साटासाट हुन्छ भनेर हामी आ-आफ्ना कपडामा सियो धागोले नाम लेख्थ्यौं । यसै सन्दर्भमा एउटा अविस्मरणीय घटना के भएको थियो भने छात्राहरूमा केश काटेर जुल्फी तवरको राख्न

अग्रिम पंक्तिमा पर्ने विन्देश्वरी आचार्य रोएकी सम्म थिइन् । तर अनुशासनमा अडिग देवीप्रसाद उप्रेतीको निर्देशन उलंघन गर्न कसैले सकेका थिएनन् ।

यही बीच २००७ सालको क्रान्तिमा देवीप्रसाद उप्रेती झापा जिल्लातिर लाग्नाले र पूवा मानव पनि काठमाडौंतर्फ लाग्नाले अनि हामी पनि ठण्डा महिनामा मधेशतिर झर्नाले एकपल्ट हामी सबै छताछुल्ल भयौं ।

अहिले संझदा मात्र पनि ती अतीतका व्यतित दिनहरू कति सुन्दर थिए । त्यति बेलाका ती एक-एक सखासखीहरू व्यवहारले छरेर कहाँ कहाँ पुगेका होलान् ! समयको चमेटामा परी ती हामी नव-यौवन, नव यौवनाहरू अहिलेको स्थितिमा सूर्यास्तका एक घण्टा डेढ घण्टा, दुई घण्डा अघिका अस्ताचलगामी हौंला । स्मृतिको त्यो सुस्वादु उठ-बसले अब पनि भेट हुन पाए हुन्थ्यो भन्ने भित्री मनमा एक झिल्को उठेर आउँछ तर यो संसार हो यहाँ सबै चिताए जस्तो हुँदैन । कतै भेट भई हाले पनि हामीहरू एक आफूबाट छुट्टिदाको त्यो टड्कारो छबीसँग अहिले उमेरले पकाएको यो बुढ्यौलीमा हामी एक अर्कालाई कुन भावनाले हेर्छौं होला !

भवानी भिक्षुको कथा "त्यो फेरि फर्कला" की सानीलाई जीवनको साँझमा फर्केको त्यो यात्रीले 'तिमी त बूढी भइसकिछ्यौ' भन्दाको मर्मान्त वाक्य कतै हामीमा पनि लागू त हुँदैन ?

उसो भए कालले ग्रसित भएर पैदा भएको यो वैषम्य स्थितिलाई कसरी सम्हाल्नु नि ...... देवीप्रसाद अब रहेनन् पूवा मानवको काठमाडौंमै चोला उठ्यो, प्रियवर रामप्रसाद प्रसाईको देहान्त भैसक्यो, हरिलाल उप्रेती राँचिमा औषधी उपचार गर्न गएका उतै लोप भए, भाइ बिमलको दुःखदायी मरणले सबैलाई मरणासन्न तुल्यायो, दलकृष्ण श्रेष्ठ, मकरध्वज बुढाथोकी, चन्द्रभक्त बुढाथोकी अब रहेनन् । कतिपयको अत्तोपत्तो भए पनि भेट हुन सकेको छैन भने कतिको खुटै छैन ।

म आफैं पनि अस्ताचलगामी हुन घण्टा होइन मिनेट अवधि भएको छु ।

काका देवीप्रसाद उप्रेतीको सम्झनामा

- डा. शङ्करप्रसाद उप्रेती



वि.सं. २००२ सालको कुरा हो । म आठराईबाट शिक्षा हासिल गर्ने लक्ष्य लिएर बाहिर निस्कें । पहाडको अनकन्टार ठाउँ, आठराईमा पढ्ने, लेख्ने, अध्ययन गर्ने वातावरण थिएन । त्यसैले शिक्षा हासिल गर्न गाउँ छोडनै पर्ने बाध्यता थियो । परिवारमा बुबा (स्व. मेदिनीप्रसाद उप्रेती) आफैंले पश्चिमी मोडेलको शिक्षा समेत हासिल गर्नु भएकोले मलाई गाउँमानै रूद्री चण्डी मार्फत साक्षर बनाउने परम्परागत शिक्षामा सीमित राख्न परिवारले चाहेन । तर कहाँ जाने ? कहाँ पठाउने ? परिवारका लागि एउटा समस्या थियो । त्यतिबेला विराटनगर जुटमिलमा गोदाम बडाबाबुको पदमा पद्मलाल उप्रेती काम गर्नु हुन्थ्यो । बडाबाबुको आवास विराटनगर जुटमिल नजिकै जोगबानी बजारमा थियो । बन्धुको नाताले बुवाले मलाई पठनपाठनका लागि उहाकै जिम्मा लगाउनुभएकाले म बडाबाबु पद्मलाल उप्रेतीज्यूकै परिवारसँग बसेर केही ज्ञान हासिल गर्दै थिएँ । त्यतिबेला के कामले हो काका देवीप्रसाद उप्रेती जोगबानी आइपुग्नुभयो । सायद उहाँ त्यतिबेला दार्जिलिङ्गमा बस्नु हुन्थ्यो क्यार !

'दार्जिलिङ जाने [illegible] ! यस्तो गर्मीमा बस्नु ठीक छैन, उही गएर पढनु पर्छ कसो ?' काकाले राखेका यी प्रश्नहरू मेरा जीवनका लागि ज्यादै महत्त्वका थिए । मलाई दार्जिलिङ्गले भन्दा काठमाडौंले लोभ्याएर हो कि [illegible] मैले काकाको दार्जिलिङ्ग गई पढ्ने प्रस्तावलाई स्वीकार गरिनँ । दार्जिलिङ्ग जानुको महत्त्व मैले त्यतिबेला बुझिनँ । आफन्तहरूका छोराछोरीलाई पढ्ने व्यवस्था मिलाइएको उहाँको दार्जिलिङ्गको निवास प्रजातन्त्रका लागि लड्ने निर्वासित नेपाली नेताहरूको जमघटको थलो पनि रहेछ भन्ने कुरा मैले पछि मात्र थाहा पाएँ । संभवत काका देवीप्रसाद उप्रेतीसँगको मेरो पहिलो सम्पर्क थियो जोगवनीमा ।

जोगवनीको यो ब[illegible]ले अनजानमा नै राजनीतिलाई मेरो नजिक ल्याइदियो । त्यतिबेला मिलमजदूरहरू हडतालका क्रममा थिए । हडतालीहरूका इन्कलाबका नारासँगै नारा लगाउदै जुलुसमा घुम्न मलाई असाध्य नै मन पर्थ्यो । नारा र जुलुसप्रतिको आग्रहले नै संभवत मैले काकासँग दार्जिलिङ्ग जाने रूचि देखाइनँ । काकासँग दार्जिलिङ्ग गएको भए पनि मेरो राजनैतिक झुकाउमा बल नै पुग्थ्यो होला भन्ने अहिले सम्झन्छु । विराटनगर जुटमिलका मुजदूरसँग जुलुसमा लगाएका 'इन्कलाब' का नाराले प्रजातन्त्र र समाजवादको प्रवक्ता नेपाली कांग्रेसलाई नबुझिकनै अनजानमा नै म कांग्रेस

नजिक भएछु भन्ने म अहिले ठान्छु ।

पढ्ने बेला नै भएकाले जोगबनीको हडताली परिवेशमा 'इन्कलाब'का नाराले लोभ्याए पनि २००३ सालमा मैले काठमाडौं आउनु पर्‍यो । २००३ सालदेखि २००५ सालसम्मको मेरो काठमाडौं बसाइले मेरो प्राथमिक र माध्यमिक शिक्षाको पृष्ठभूमि बन्यो । शिक्षाको प्रारम्भिक आधार तयार भएपछि म भारतको कानपुर शहरमा अध्यनार्थ पुऱ्याइएँ । त्यतिबेला पनि काकाले मलाई बारम्बार दार्जिलिङ्गमै आएर पढ्ने कुरा गर्नु हुन्थ्यो । २०१० सालको कुरा हो, म धेरै विरामी भएँ । उपचारका लागि मलाई कानपुरबाट लखनौ ल्याइएको थियो । म धेरै विरामी भएको खवर पहाड घरमा पुगेछ । सायद दार्जिलिङ्गमा बस्नु भएका काका देवीप्रसादलाई घरबाट सूचना गरियो क्यार ! दार्जिलिबाट काका मलाई हेर्न र लिन लखनऊमा आउनुभयो । लखनऊमा मलाई भेटेपछि काका कानुपर जानुभएछ र मैले अध्ययन गरेको विद्यालयमा गई मेरो स्थानान्तर प्रमाणपत्र माग्नुभएछ र विद्यालयको सम्पूर्ण शुल्क बुझाई मलाई दार्जिलिङ्ग लैजाने गरी छात्राबासमा रहेका मेरा सामानहरू माग्नुभएछ र तर विद्यालयले मलाई आराम गर्न छुट्टी दिने तर स्थानान्तर प्रमाणपत्र नदिने भन्दै मेरो शैक्षिक प्रगति उहाँलाई सुनाएछ । एउटा जेहनदार विद्यार्थीको नाताले मलाई नछोड्ने विद्यालयको जिकिर सुनेपछि काकालाई खुशी नै लागेछ र दुई महिनाको विदा मिलाएर उहाँ लखनऊ आउनुभयो । त्यसपछि काकासँगै म दार्जिलिङ्ग आई दुई महिनासम्म काकाकै संरक्षणमा मैले विताएँ । काकालाई बढो नजिकबाट चिन्न यो दुई महिनाको सहवासले मलाई धेरै मद्दत पुगेको कुरा म अहिले ठान्दछु । म दुई महिना दार्जिलिङ्ग बस्ता उहाँकै संरक्षकत्वमा त्यहाँ अध्ययन गरी रहेका लक्ष्मी सिटौला (एल.पी. सिटौला) डा. भीष्म प्रसाई, श्रीमती लीला थपलिया, मित्रप्रसाद, मणिप्रसाद उप्रेतीलाई पढाउने शिक्षकबाट मैले पनि केही शिक्षा पाएको थिएँ । काका यसरी मलाई दार्जिलिङ्गकै उन्मुक्त वातावरणमा पढाउन चाहनु हुन्थ्यो तर नियतिले मलाई कानपुर नै फिरायो ।

आफूले आर्जन गरेको अत्याधिक प्रतिशत आम्दानी काका देवीप्रसादले मुलुकमा शिक्षा प्रचार प्रसार गर्न खर्च गर्नुभयो । तत्कालीन नेपाललाई रूपान्तरण गर्न सर्वप्रथम जनचेतनाको लागि पूर्वाधार तयार पार्नुपर्छ र त्यसको प्रमुख तत्त्व भनेको शिक्षा नै हो भन्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्थ्यो । त्यसैले उहाँले आफ्नै नीजि लगानीमा पूर्व पहाड र मधेशमा धेरै स्कूल खोल्नुभयो, धेरै आफन्तका छोरा छोरीलाई देश विदेशा लगी पढाउन मद्दत गर्नुभयो । आफूले पश्चिमी प्रणालीको शिक्षा हासिल गर्न नपाएपनि शिक्षा अन्धविश्वासयुक्त सूत्रको नभएर बैज्ञानिक हुनु पर्छ र नै शिक्षा हासिल गर्ने व्यक्तिमा आत्मविशवास बढ्छ र चेतनाको ज्योतिले उद्दिप्त हुने अवसर पाउँछ भन्ने कुरामा उहाँको ठूलो विश्वास थियो । यही विश्वासलाई मिहे बनाएर शिक्षाको क्षेत्रमा उहाँले जे जति गर्नुभयो त्यसैको आधारमा उहाँ आज नेपालको ठूला शिक्षाप्रेमी एवंम समाजसेवीका रूपमा स्थापित हुनुभएको छ ।

देवीप्रसाद उप्रेतीको सम्पूर्ण जीवन शिक्षा प्रसार एवंम समाजसेवामा नै बित्यो तथापि उहाँले राजनीतिबाट निरपेक्ष रहनुभएन । २००७ सालको क्रान्तिमा पूर्वाञ्चल

मोर्चामा आफ्नो सहयात्री स्व. महानन्द सापकोटा, स्व. भैरवप्रसाद आयार्च, नरेन्द्रनाथ बाँस्तोला, स्व.धर्मप्रसाद ढकाल आदिसँग राणा शासन विरूद्ध डटेर लाग्नुभयो र पूर्वाञ्चलमा गठित प्रजातान्त्रिक सामयिक सरकारको मन्त्री समेत रहेर शक्ति संक्रमणको बेला उल्लेखनीय योगदान गर्नुभयो । त्यतिबेला उहाँ नेपाली कांग्रेससँग सम्बद्ध हुनुहुन्थ्यो । तर कुनै निर्दिष्ट राजनैतिक समूहसँग आवद्ध रहन उहाँले चाहनु भएन र प्रजातन्त्र प्राप्ति पछि उहाँ केवल उदार प्रजातन्त्रबादीकोरूपमा रहनुभयो । बैचारिक सहिष्णुता उहाँको राजनैतिक व्यक्तित्वको महत्त्वपूर्ण तत्त्व थियो । जुनसुकै पार्टीको मान्छे भए पनि आफ्नो सिद्धान्तमा बुझेर लागोस् र आफ्नो प्रतिवद्धतामा अडिग रहोस् भन्ने उहाँको चाहना थियो । त्यसैले जुन सुकै विचार राख्ने भएपनि राजनैतिक व्यक्तिका कुराहरू उहाँ गम्भीरता पूर्वक सुन्नु हुन्थ्यो । आफ्ना प्रतिक्रिया खुलस्त पार्नु हुन्थ्यो । उहाँसँगको गफ जुनसुकै राजनैतिक पार्टीका कार्यकर्ताकालागि एक प्रभावकारी अन्तरक्रिया बन्थ्यो । वैचारिकरूपमा सहिष्णु भएकाले नै उहाँको सम्बन्ध सवै पार्टीका नेता र कार्यकर्तासँग समदुरीमा रहयो र सवै खाले राजनीतिज्ञलाई उहाँले समानरूपले माया दिनुभयो र अन्य सहयोग पनि समानरूपमा प्रदान गर्नुभयो ।

२०३६ सालको जनमत संग्रह निष्पक्ष होस् भन्ने चाहना उहाँको थियो । झापामा त्यतिबेला आयोजित एक भेलामा केही साथीले राजाको सक्रिय नेतृत्वमा चुनाउ गराउने भन्ने प्रस्ताव ल्याए । त्यसलाई काका र मैले विरोध गऱ्यौं । काकाको मान्यता थियो- राजालाई सक्रिय बनाउन खोज्नु नै विवादमा तान्नु हो । राजाले त वैधानिक अगुवा मात्र गर्नुपर्छ । जनमत संग्रह जस्ता नितान्त जनसरोकारका कुरामा जनता नै संलग्न हुनुपर्छ भन्ने काकाको मान्यताको कट्टर समर्थक म पनि थिएँ । तर हाम्रा तर्कले केही लछारपाटो लाएन । नेपालको राजनीति आफ्नै गतिमा गयो र परिवर्तनका लागि हामीले अरू दस वर्ष (२०४६ साल) पर्खनु पऱ्यो ।

आज काका यो संसरमा हुनुहुन्न तर उहाँले छोडेका सद्विचार र कृतिहरू हामी समक्ष छन् । उहाँको सरल जीवन र उच्च विचारको आदर्शलाई आत्मसात गर्दै उहाँको सम्मान गर्न सिकौं । उहाँका आदर्शहरू बुझौं र बुझाउऔं । यसैमा उहाँप्रति हाम्रो हार्दिक श्रद्धाञ्जली हुनेछ ।

मेरा बाजेः जमिन्दर श्री देवीप्रसाद उप्रेती

डा. वेदप्रकाश उप्रेती

जमिनदार श्री देवीप्रसाद उप्रेती मेरा बाजेहरू मध्ये एक अनौठो व्यक्ति हुनुहुन्थ्यो । अनौठो यो हिसावले कि उहाँ आफ्नो समयभन्दा धेरै अघि हुनुहुन्थ्यो । कुरा २००७ सालतिरको हो । हामी आठराईबाट झापा र झापाबाट पढाइको लागि गुन्द्रीबजार (दार्जिलिङ्ग) ल्याइएका थियौं । त्यसबेला पूर्वी पहाडी भेगमा 'गुन्द्रीबजार पैरो गयो, गाई मारेको पापले' भन्ने गीत निकै प्रचलित थियो । त्यसैले पनि होला मेरी असी वर्ष करीबकी जिजुमुमालाई आफ्नो पनातिलाई दार्जिलिङ्गमा राखेर म्लेच्छ भाषा पढाउने कुरा पटक्कै मन परेको थिएन । जिजुमुमाको हिसाबले कुरा त जात-पातको पनि थियो । उहाँ हालको प्रचलित सन्दर्भमा भन्ने हो भने १०० प्रतिशत 'फण्डामेन्टलिष्ट' । त्यसैबेला पहाडबाट भर्खर आएका हामीलाई 'ट्यूसन' पढाउने भनी एक अग्लो काले भीमकाय शरीरको डरलाग्दो (मलाई त्यो बेला त्यस्तो लग्थ्यो) 'मास्टर'को नियुक्ति भयो । म केटाकेटी, मलाई त्यसै पनि पढ्नभन्दा खेल्न मन पर्ने । विहान विहान माष्टर आउँना साथ जिजुमुमाले 'मेरो पनाति विरामी छ' भन्नु हुन्थ्यो । अरू सबै बैठकमा पढ्न जान्थे म भने हजुर मुमासँग चुपचाप लुकेर बस्थें । 'कामी मास्टरले मेरो पनातिलाई पढाउने ?' मेरा हजुरमुमा निकै कडकिएपछि मेरो विरामीको बाहना पछिको वस्तविक कारण थाहा भयो । मेरो बाजे जमिनदार देवीप्रसाद उप्रेती जातपात नमान्ने नातिलाई पढाउन 'कामी माष्टर' राख्ने । त्यो पनि त्यस जमानामा नौलो मान्छे घरमा आउँदा वा बाटोमा भेट्ता पहिलो प्रश्न नै 'यहाँ कस्मा ?' भनी सोधिन्थ्यो । बाजे बुढा अनौठो होइनन् त ?

देवीप्रसाद उप्रेती-ऐतिहासिक व्यक्तित्त्व

- एस.एल. शर्मा

यद्यपि देवीप्रसाद उप्रेतीज्यूसँग मेरो परिचय अर्थात सम्पर्क वि. सं. २००६ सालतिर भएको थियो । झापा-इलाम अर्थात अहिलेको मेची अंचलमा समावेश भू-भागको सशस्त्र जनक्रान्तिका अग्रजंहरूमा एकजना देवीप्रसाद उप्रेतीज्यू पनि हुनुहुन्थ्यो । उक्त सशस्त्र जनक्रान्तिमा उहाँको मुख्य भूमिका के थियो ? यस प्रश्नको उत्तर मैले यस सानो लेखाइमा दिनुभन्दा अब छिट्टै प्रकाशित हुने श्री नरेन्द्रनाथ बाँस्तोलाद्वारा लिखित "इतिहास" बाहिर परेको इतिहास"को पाठक महानुभावहरूबाट अवलोकन हुनु धेरै उपयुक्त एवं महत्त्वपूर्ण नै हुने छ । अवश्य नै वि. सं २००७ सालको सशस्त्र जन-क्रान्तिको यस भू-भागमा सफलता पश्चात-करीव "नौ महिना रात दिनसम्म" छुट्टै अर्थात् भिन्नै सरकार चलेको थियो । जसको नाम "पूर्वी नेपाल प्रजातान्त्रिक सामयिक सरकार" रहेको थियो । जसको राजधानी भद्रपुर र उपराजधानी इलाम थियो । त्यसै सरकारमा देवीप्रसाद उप्रेतीज्यू न्याय र कानून मंत्री हुनु भयो र उक्त सरकारको मन्त्रालय तथा सचिवालय भद्रपुरस्थित बौद्ध बगानमा राखिएको थियो । त्यसभित्रको म पनि एउटा कार्यकर्ता हुँदा मैले उहाँको निकटमा अर्थात सान्निध्यमा त्यो अवधिसम्म बस्ने सुवसर पाएको थिएँ । देवीप्रसाद उप्रेतज्यूको जन्म वि.सं. १९६९ साल वैशाखको प्रारम्भतिर नै भएको हुनु पर्छ । यद्यपि उप्रेतीज्यूको जन्मस्थल हाल कोशी अंचलको तेह्रथुम आठराई क्षेत्रको ईवाको सिम्ले भन्ने गाउँमा भएको थियो । तर उहाँको कार्यक्षेत्र झापा जिल्ला नै भयो, अध्ययनका लागि काठमाडौंको श्रेस्ता पाठशालामा बस्नु भयो भन्ने कुरा उहाँले भन्नुहुन्थ्यो । उहाँका अनुसार- "उहाँलाई आफ्ना सन्ततिहरूलाई शिक्षित बनाउने र सकेसम्म आफ्नो जन्म क्षेत्र तथा कर्मक्षेत्रहरूमा पनि शिक्षाको प्रचार- प्रसार अग्रगतिले गराउने ठूलो अभिलाषा रहे थियो ।" जसलाई उहाँले कार्यान्वयन गराउँनेमा सक्दो प्रयास गर्नु भयो ।

"पूर्वी नेपाल प्रजातान्त्रिक सामयिक सरकार"को मन्त्री मण्डलमा भाषाशास्त्री महानन्द सापकोटाज्यू नै शिक्षामन्त्री हुनुहुन्थ्यो । उहाँको विद्वताबाट उप्रेतीज्यू धेरै प्रभावित हुँदा शिक्षा, साहित्य र नेपाली भाषाका क्षेत्रमा पछिसम्म उप्रेतीज्यूको अत्यधिक देन रही आएको थियो । यद्यपि उप्रेतीज्यू नै झापा जिल्लाका सबैभन्दा बढी मौजाहरू (२७ वटा मौजाहरू)का जिमिन्दार भए । प्रायः सबै मौजाहरूअन्तर्गत जिरायत जग्गाहरू थिए । जसको फलस्वरूप उहाँ यस जिल्लाका प्रमुख भूमिपतिहरूको गन्तीमा आउनु

हुन्थ्यो । यदि विचार गर्ने हो भने उहाँको श्रेणीमा आउने अरू जिमिन्दारहरूलाई हेर्दा उहाँ शिक्षाका क्षेत्रमा पहिलो दर्जाको दानवीर हुनुहुन्थ्यो । दोस्रो दर्जाका दानवीरमा झापाकै जिमिन्दार तथा उद्योगपतिहरूमा श्री पदमबहादर गिरीकै नाम आउँछ । यसबाहेक उहाँले धेरै व्यक्तिहरूलाई बसोबास र खेतीका जग्गाहरू पनि निःशुल्क प्रदान गर्नु भयो उहाँ पछि स्व. भैरवप्रसाद आचार्यको नाम आउँछ । उप्रेतीज्यूका अनुसार-"उहाँको झापा आगमन वि.सं. १९८६ सालतिर भएको थियो र जाडोको याममा अनारमनी एवं गरामुनीको माझमा एउटा रूखमुनि अस्वस्थ भएर लड्नु भयो रे, त्यतिखेर त्यो ठाउँ पूरै निर्जनवन नै थियो । भोलिपल्ट भद्रपुर पुग्नु र ब्रह्मलाल श्रेष्ठ (मुखिया साहेब) बाट केही सहयोग प्राप्त गर्नु भयो रे "

उप्रेतीज्यूबाट आफ्ना जीवनका तीता, अमिला र कटु अनुभवहरू आफ्ना अन्तरंगहरूमा छर्ने काम भइरहेको हुन्थ्यो । जसले गर्दा नै उहाँले भाषा, साहित्य, संस्कृति एवं शिक्षाका क्षेत्रमा कार्यरत व्यक्तिहरू तथा संस्थाहरूप्रति अनुराग राख्नु हुन्थ्यो जस्तो भान हुन्छ । आफ्नो जीवनको अन्तिमकालसम्म उहाँ झापा जिल्लाको घैलाडुब्बास्थित एउटा सामान्य घरमा जीवन व्यतित गर्नु भयो । अवश्य नै उहाँका देनहरूलाई सविस्तार अंकित गर्ने हो भने एउटा छुट्टै ग्रन्थ एउटै लेखकबाट तयार हुन सक्छ । अन्तमा उहाँको स्मृतिमा स्मारिका(पुस्तकाकार) को रूप दिने प्रबन्धक एवं सम्पादक महानुभावहरू अवश्य नै साधुवादका पात्र हुनुहुन्छ । यद्यपि उप्रेतीज्यूसंग क्रान्तिकालपछि मेरो गहिरो सम्पर्क नभएर पूर्व सम्पर्कका आधारमा कहिले काही घैलाडुब्बा पुग्दा वा उहाँ भद्रपुर आउदा भेट हुन्थ्यो । उहाँ 'प्रणामी धर्म' अर्थात सम्प्रदायमा समर्पित हुनुहुन्थ्यो, यसै हेतु शाकाहारी हुनुहुन्थ्यो । म स्वयं पनि शाकाहारी भएको हुँदा घैलाडुब्बामा बास बस्दा प्राय उहाँको निवासमा नै बस्थे । अवश्य नै मानिसमा गुण र दोष दुवै हुन्छन् तर दोष खोज्ने मेरो काम होइन ।

शिक्षासेवी देवीप्रसाद उप्रेती

- भीम खरेल



भाइबहिनी हो, समाजमा धनी, गरीब, दुःखी, सुखी, दयालु, परोपकारी सबै प्रकारका मानिस हुन्छन् । कोही पवित्र स्वभाव लिएर गरीब, दुःखीहरूको सेवा गर्न अग्रसर रहेका हुन्छन् भने कोहीले आफूसित भएको धनसम्पत्ति पवित्र काममा लगाएर समाजसेवा गरेका हुन्छन् ।

यो माथिको तस्वीर देवीप्रसाद उप्रेतीको हो । उहाँ नेपालका एक प्रसिद्ध समाजसेवी हुनुहुन्थ्यो । उहाँको जन्म वि.सं. १९६९ साल वैशाख १ गतेका दिन कोशी अंचल तेह्रथुम जिल्लाको इवा भन्ने गाउँमा भएको थियो । उहाँले काठमाडौंको रानीपोखरी पाठशालाबाट निजामती प्रथम परीक्षा पास गर्नु भएको थियो ।

देवीप्रसाद उप्रेतीको घरको आर्थिक स्थिति त्यति राम्रो थिएन । काठमाडौंमा पढ्न बस्ता उहाँले धेरै प्रकारका कठिनाइहरूको सामना गर्नुपरेको थियो । तर उहाँ सानैदेखि एक उत्साही र जाँगरिला हुनुहुन्थ्यो । वहाँ समाजमा सेवा पुग्ने केही न केही काम गरौं भन्ने भावना राख्नुहुन्थ्यो । आफ्नो पढाइपछि गरीब दुःखीहरूलाई सहयोग गर्न विभिन्न शिक्षण संस्थाहरू खोल्न वहाँ अग्रसर रहनु भयो ।

समाजसेवी देवीप्रसाद जातपात र छुवाछुत प्रथाको विरोधी हुनुहुन्थ्यो । उहाँले आफ्नो घरमा तल्लो जातको मानिसलाई भान्से राखेर व्यावहारिक रूपमा जातपात र छुवाछुत प्रथालाई त्याग्नु भएको थियो ।

समाजसेवी देवीप्रसादले आफ्नो जीवनकालमा विभिन्न शिक्षण संस्था, धार्मिक मठमन्दिर, एवं साहित्यिक, सांस्कृतिक क्षेत्रका विभिन्न संस्थाहरू खोली समाजसेवामा थुप्रै उत्कृष्ट कार्यहरू गर्नुभएको छ । वि.सं. २००८ सालमा पूर्णबहादुर, महानन्द सापकोटा र वहाँ मिलेर नेपाली भाषा प्रचारक संघको स्थापना गर्नुभएको थियो । इलामको करफोक विद्यामन्दिर, आठराईको प्रणामी विद्यामन्दिर, पोखरी स्कूल, झापा घैलाडुब्बाको आदर्श विद्यामन्दिर आदि शिक्षण संस्थाहरू उहाँकै सक्रियतामा खुलेका हुन् । उहाँले स्थापना गरेका यी विभिन्न विद्यालयमध्ये केही विद्यालयमा निःशुल्क पठनपाठनको व्यवस्था पनि छ । उहाँ सधैं बालबालिकाहरूलाई पढ्न, स्कूल जान उत्साहित गर्नुहुन्थ्यो । उहाँले धेरै विद्यार्थीहरूलाई देश र बाहिर गएर उच्चशिक्षा हासिल गर्न प्रोत्साहन र सहयोग पनि गर्नुभएको थियो ।

यसरी शिक्षाप्रेमी देवीप्रसाद उप्रेतीले आफ्नो जीवनकालमा २९ वटाभन्दा

बढी शिक्षण संस्थाहरूलाई नगद, जग्गा जमीन र विभिन्न प्रकारका सहयोग उपलब्ध गराएर ठूलो सहयोग पुऱ्याउनु भएको छ । शिक्षाक्षेत्रमा उत्कृष्ट सेवा गर्ने समाजसेवी देवीप्रसाद उप्रेती अहिले हाम्रो सामु हुनुहुन्न । वि.सं. २०४९ असार ११ गते ८० वर्षको उमेरमा वहाँ परलोक हुनुभयो । शिक्षासेवी देवीप्रसादले गरेका अनुकरणीय कामहरूबाट हामी धेरै कुरा सिक्न धेरै कुराको प्रेरणा लिन सक्छौं ।

वर्ष ३, अंक २, माघ २०४९
मुना मासिक

□□□

समाजका मार्गद्रष्टाः देवीप्रसाद उप्रेती

- जीवनराज शर्मा पौडेल

जो राष्ट्रवादी छ, देश जाति र समाजको उदात्त समुन्नतिका लागि सदैव चाहना राख्दछ, जसमा समग्र राष्ट्र, राष्ट्रियता र जातिको चरमचुलीमा हेर्ने अनवरत उत्कण्ठा जागृत भैरहन्छ भने यस्ता महान् आत्माको निर्णय पनि त्यस्तै कठोर हुन्छ । जसले आफ्नो व्यक्तिगत वा आफन्तका भविष्यको सोच-विचार राख्दैन, चाहे सुख होस् वा दुःख नै । ऊ आफ्नो उदात्त विचार, चिन्तनप्रति सदैव समर्पित हुन्छ र आफ्नो कर्त्तव्यप्रति कर्मनिष्ट भएर प्रवृत्त भइरहन्छ । यस संसारमा यस्ता विभूतिहरूको जन्म कमै मात्र भएको पाइन्छ । यस्तै विभूतिहरू मध्ये- स्व. देवीप्रसाद उप्रेतीलाई पनि लिन सकिन्छ ।

सहज स्वभाव, सद्विचार, मिष्टभाषी, मृदुमना, असल व्यवहार तथा जस्तोसुकै परिस्थितिमा पनि धीर, वीर भएर रहन सक्ने स्व. देवीप्रसाद उप्रेतीको जन्म विक्रम सम्वत् १९६९ साल वैशाख १ गते वर्तमान कोशी अञ्चल तेह्रथुम जिल्लाको इवा गाविसअन्तर्गत सिम्ले भन्ने गाउँमा भएको थियो । भनिन्छ- साधारण परिवारमा जन्मनुभएका उप्रेतीजी सानै उमेरदेखि कुशाग्र बुद्धिका हुनुहुन्थ्यो ।

उप्रेतजीको बाल्यकाल सामान्य बालक सरह नागबेली परेर बग्ने तमोर नदी किनारका पखेराका जंगलहरूमा फलेका फँडिरको स्वाद लिँदै, धँएराको फूलको रस चुस्दै बालसंगीहरूसँग सल्लाघारीभित्र सल्लीपीरमाथि चिप्ली खेल्दै आफ्नी सुयोग्य माता, पिताका काखमा बितेको थियो ।

देवीप्रसादको शिक्षा भनेको त्यसबेलाको चलनअनुसार प्रारम्भिक शिक्षा घरमै भएको थियो । त्यसबेला दिइने घरायसा शिक्षा अक्षर चिनेपछि साधारण व्यावहारिक हिसाब, रुद्री, वेद, सप्तसती जस्ता विषयहरूमा घोकाइ र व्यवहारमा आइपर्ने लेनदेन सम्बन्धी लेख-पढ नै मुख्य हुन् । सोहीअनुसार शिक्षा पाएका उहाँमा यी सबै विषयहरूमा सामान्य ज्ञान भएको पाइन्थ्यो ।

उप्रेतीजी केही उमेर ठूलो भएपछि स्रेस्ता शिक्षा हासिल गर्न काठमाडौंतिर लाग्नु भयो । त्यसबेला स्रेस्ता शिक्षा लिनुलाई बडो महत्त्वको मानिन्थ्यो । निजामती सेवाअन्तर्गत कुनै पनि जागिर खानुपरे स्रेस्ता शिक्षा लिनु अनिवार्य हुन्थ्यो । परिवारको कुनै सदस्यले निजामती सेवाअन्तर्गत जागीर खाए परिवारको मात्र होइन, कुलकै इज्जत सम्झिइन्थ्यो । सायद देवीप्रसादजीका माता पिता र उहाँ आफैंलाई पनि यो उत्कण्ठा भयो नै होला,

त्यसैले रानीपोखरी स्रेस्ता पाठशालामा अध्ययन गरी प्रथम परीक्षा उत्तीर्ण गरेर सानो-तिनो जागीर खाएकै हुनुपर्छ । किनभने उहाँलाई बैदार वा, बैदार देवीप्रसाद पनि भन्दथे ।

उप्रेतीजी उमेर छिप्पिएपछि तमोरनदीको दृष्टि भरिको नीलो पानीको सुमधुर सुसाहट, सल्लाघारीको मरमर ध्वनि र पारिवारिक न्यानो मायालाई चटक्क छाडेर झापाका फराकिला फाँटका विशाल सालघारीतिर ओर्लनुभयो । उहाँजस्तो साहसीकालागि त्यसबेला झापाको कालज्वर पनि सामान्य रह्यो । झापा गएर उहाँले धेरै जग्गा र जमिन्दारीको आर्जन गर्नुभएको थियो ।

राष्ट्र, राष्ट्रियता, जाति र समाजलाई चरमचुलीमा पुगेको हेर्न चाहने उप्रेतीलाई जग्गा, जमीन र जमिन्दारी आर्जन गर्नु आफू वा आफन्तहरूको सुखसयलमा मात्र सीमित थिएन, बरु त्यसका माध्यमबाट दुःखीहरूको सेवा गर्नु, शिक्षाको प्रचार गर्नु, जनचेतना जगाउनु जस्ता प्रमुख विषयहरू रहेका थिए । जसका उदाहरणहरू प्रशस्त पाइन्छन् तर उप्रेतीजीलाई त्यसताका उपर्युक्त कार्यहरू गर्न सजिलो थिएन । उहाँले समाजप्रति त्यस प्रकारको वर्ताव राख्न थालेपछि जहानिया शासनको दृष्टि उहाँमाथि पनि नपरी रहन सकेन । यसबाट बच्नकालागि छद्मभेषी भएर भूमिगत पनि रहनु पऱ्यो । तैपनि त्यसबाट बच्न नसक्ने स्थिति भएपछि आखिर निर्वासित भएर लाडेन्ला रोड दार्जीलिङ्ग भारतको पश्चिम बंगालमा बस्न थाल्नुभयो ।

व्यक्ति राष्ट्र, राष्ट्रियता र जनताको सार्वभौम अधिकारप्रति अभिप्रेरित छ भने जुनसुकै देशमा गएर बसे पनि ऊ आफ्नो कर्तव्यप्रति समर्पित नै रहेको पाइन्छ । देवीप्रसाद उप्रेती निर्वासित भएर पनि चूप लागेर बस्न सक्नु भएन । निरन्तर आफ्नो कर्तव्यप्रति सहज भएर लागिरहनु भयो । उहाँ दार्जीलिङ्गमा बस्ता पूर्णबहादुर मानव र अरू त्यस्तै नेपालीप्रति चासो र चिन्तन राख्ने सज्जनहरूको सहयोगका माध्यमबाट नेपालमा कुनै पनि तवरले शिक्षा र राजनैतिक चेतना बढाउन अरू बढी सक्रिय रहनुभयो ।

देवीप्रसाद जस्तै निर्वासित अरू धेरै कर्मवीरहरू देशमा प्रजातन्त्र ल्याउन भारतका विभिन्न ठाउँहरूबाट एकत्रित भएर २००७ सालको मध्यतिर नेपालमा जहाँनिया शासनको अन्त गरी जनताको सार्वभौमसत्ता हत्याउन नेपालतिर मुखरित मात्र होइन, प्रवेश पनि गरिसकेका थिए । देशमा विभिन्न क्रान्ति सफल भएपछि झापा र इलाम जिल्लामा सामयिक सरकारको गठन गरी शासन व्यवस्था सुदृढ गर्नमा उहाँको निकै मुख्य भूमिका रहेको थियो ।

निर्वासित राजा स्वदेश फिरेपछि २००७ साल फागुन ७ गते प्रजातन्त्रको घोषणा भई जहाँनिया शासनको अन्त्य भयो । राजाबाट प्रजातन्त्रको घोषणा भएपछि प्रजाले उन्मुक्तिको सास फेरे । राजा-प्रजा मिलेर अन्तरिम सरकार गठन भयो । स्थान-विशेषका अन्तरिम सरकारहरू सबै राज्यव्यवस्थाअन्तर्गतको अन्तरिम सरकारमा विलीन गरिए ।

यसपछि राजनीतिबाट फुर्सद पाएका सबै देशभक्तहरू देशलाई अघि बढाउन

विभिन्न कार्यक्रमहरू लिएर अगाडि बढ्दै गएअनुसार देवीप्रसादजी पनि राजनीतिलाई परित्याग गरेर सामाजिक तथा शैक्षिक कार्यतिर मुखरित हुनुभयो ।

२००७ सालको क्रान्तिको लगत्तै हाल मेची अञ्चलका ४ जिल्लाको व्यवस्थाको लागि बनेको सामयिक सरकारको समयमा शिक्षा र पञ्चायत संगठनको अभिभारा लिनु भएका उप्रेतीज्यूले त्यही समयमा झापा, इलाम तथा हाल तेह्रथुमको आठराईसम्म शिक्षाको आधार बसालिसक्नुभएको थियो । यसरी आफैले आधारशीला बसाइसकेका विद्यालयहरूप्रति उहाँको अहं हुनु स्वाभाविकै थियो । यसै अहंको फलस्वरूप झापा, इलाम र तेह्रथुमका विभिन्न तहका २९ विद्यालयहरूले उहाँबाट न्यानो संरक्षण पाए । उहाँकै शब्दमा- "झापा, इलाम र तेह्रथुमका २९ विद्यालयहरूलाई जम्मा ८५४ विगाह" झापाका विभिन्न ठाउँका जग्गा प्रदान गर्नुभएको छ । जुन विद्यालयहरूले उप्रेतीजीको त्यो माया पाउन सके । ती सबै विद्यालयहरू सुचारु रूपले अगाडि बढिरहेको तथ्यलाई कसैले पनि नकार्न सक्तैन ।

उप्रेतीजी शिक्षाको प्रचार साधारण जनस्तरसम्म पुऱ्याउन सके समाजमा रहेका दुर्भावना, सामाजिक कुरीतिहरू सहज रूपले हटाउन सकिन्छ र जनचेतना माथि उठाउन सजिलो पर्छ भन्ने ठान्नुहुन्थ्यो । यति मात्र होइन, भाषाप्रति पनि त्यति नै सम्वेदनशील हुनुहुन्थ्यो । त्यसैले नेपाली भाषा प्रचारक संघको स्थापना गर्न र त्यसलाई परिचालन गर्नमा पनि उहाँको ठूलो भूमिका रहेको थियो । २००८/२००९ सालतिर नेपाली भाषा प्रचारक संघको माध्यमबाट संघमा रहेर भाषासेवाको व्यवस्थामा निकै ठूलो योगदान पुऱ्याउनु भएको थियो । नेपाली भाषा प्रचारक संघकै तत्त्वाधानमा स्थापना भएको हुनाले यस करफोक विद्यामन्दिर उच्च मा.वि.लाई पनि उहाँबाट प्रदान गरिएको ३० बिगाह जग्गा मध्ये २६ बिगाह जग्गा विद्यामन्दिरले हालसम्म राम्रो उपभोग गरिरहेकै छ ।

झापा, इलाम, तेह्रथुमका २९ विद्यालयहरू मात्र देवीप्रसादजीको पृष्ठपोषण पाएर बाँचेका होइनन् । अपितु देशका अरू धेरै सघ-संस्थाहरूलाई उहाँले लाखौं लाख नगद सहयोगस्वरूप प्रदान गर्नुभएको थियो ।

नेपालमा देवीप्रसाद भन्दा अरू वैभवशाली सज्जनहरू थिएनन् भन्ने भनाइ चाहिं होइन । हजारौं हजार बिगाह जमीन, कल, कारखाना, ठूलठूला व्यापारहरू चलाएका र ठूलठूला जमिन्दारी लिएर बसे तापनि सबैमा दानको भाव निहित हुन्छ भन्न असम्भव हुन्छ । सबैमा देवीप्रसादजीको जस्तो उदारता पाइदैन । यदि यस्तो हुने हो भने आजसम्ममा नेपालको अनुहार अर्कै हुने थियो जे होस् देवीप्रसाद उप्रेतीज्यू समाजका मार्गद्रष्टा हुनुहन्थ्यो । उहाँले दानको महिमाको ठूलो उदाहरण छोडेर जानु भएको छ । उहाँको आदर्शलाई आंशिक रूपमा मात्र भए पनि सबैले अनुशरण गर्ने हो भने हाम्रो शैक्षिक, सामाजिक र राजनैतिक परिवेश नआकासिने कुरै उठ्दैन । यसबाट जनसाधारणको सचेतता र समृद्धता सुदृढ हुने बलिया सम्भावनाहरू औंल्याउन गाह्रो नपर्ला । यसरी उप्रेतीजीको जीवनको अधिकतत समय यस्तै लोक-कल्याणकारी कार्यमा व्यतीत भएको पाइन्छ ।

समष्टिमा देश समुन्नत होस्, देशबासीहरू सबै सचेत र समृद्ध हुन्, नेपालको बालबाटिका सुनौलो होस्, नेपाल सज्जन र इमान्दारहरूको राज्य बनोस् भन्ने उदात्त विचार चिन्तन राख्नुहुने श्रद्धेय उप्रेतीजी नेपाली समाजमा दानशीलताको उदाहरण प्रतिष्ठापन गरी २०४९ साल असार ११ गते अमरत्व प्राप्त गर्नुभएका उहाँलाई विद्यालय र समाजले कस्तो सम्मान दिने हो, त्यो भने हेर्न बाँकी नै छ ।

संझनाका केही क्षणहरू स्व. देवीप्रसाद उप्रेती

- केशवलाल जोशी



झापाका जमिन्दार श्री देवीप्रसाद उप्रेतीको सम्झना हुँदा एक समाजसेवी तथा दानवीरको आकार मनमा आउँछ- अनि समाजसेवी बन्ने आशीर्वाद दिंदा देवीप्रसाद उप्रेती सरह बन्न सक भनेर आशीर्वाद दिंदा हुन्छ । मैले उहाँलाई वि. सं. २००५ सालमा करफोकमा भेटेको हुँ । कुरा थोरै तर काम धेरै गर्ने उहाँको बानी भएको लागेको थियो । पछि फेरि उहाँलाई मैले झापाको गाउँमा भेटेको थिएँ, तेतीबेला उहाँ शरणामतीमा बस्नु हुन्थ्यो । म तेतीबेला डिभिजनल इन्सपेक्टर अफ स्कूलस्को पदमा थिएँ । उहाँसँग तेतीबेला शिक्षा विषयमा कुराकानी भएको थियो । तेतीबेलासम्म उहाँले शिक्षाको लागि धेरै जग्गा दान दिइसक्नु भएको थियो । नेपाली भाषा प्रचारक संघ- करफोकको बैठकमा पनि भेट भएको हो । तेह्रथुम जिल्लाको आठराईमा बालककालको समय बिताउदा आफू कुनै विद्यालयमा पढ्न नपाउनु भए तापनि शिक्षाबारे स्पष्ट धारणा राख्नु हुने श्री उप्रेतीज्यूले अरूलाई तेस्तो अवस्था न परोस् भनेर होला आफ्नो गाउँ पोखरीमा खुलेको विद्यालयलाई खर्च जुटाउन झापामा पुग्ने जग्गा दिएर निःशुल्क विद्यालय चलाउनु भएको हो । करफोकको विद्यालयलाई पनि पच्चीस बिघा जति जग्गा दान दिनु भएको छ । त्यस जग्गाबाट हुने आम्दानी उहाँले आफै उठाएर दिनु भै हामीलाई नगद दिने गर्नु हुन्थ्यो । त्यो जग्गाको आम्दानी पछि विद्यालयले नै सोझै उठाउन थालेको थियो र छ पनि । जग्गा दान दिएबापत उहाँले विद्यालयमा कुनै इज्जतको र पदको आशा गर्नु भएन । उहाँ केवल कर्म गर्नुहुन्थ्यो तर फलको आशा नगरी । धेरै विद्यालयहरू उहाँको दान पाएर हुर्के । यो देशमा भूमिसुधार लागू भएपछि धेरैले आफ्नो जमिन्दारीभित्रको जग्गा आफ्नाहरूको नाउँ राखेर पनि बच्दा कुकुर बिरालाको नाउँमा राखेर भए पनि आम्दानी आफैले राख्ने व्यवस्था मिलाएको थाहा पाइयो । तर उहाँले सार्वजनिक शैक्षिक संस्थाहरूलाई दरिलो पार्ने काममा लाग्नु भयो । पछि सुनें झापाको क्याम्पसको लागि पनि वहाँले जग्गा दिएर सहयोग गर्नुभएको थियो । देशमा धेरै दान गरेबापत राजाबाट मान पदवीहरू पनि पाए, कतिले विद्यालयको नाउँमा आफ्नो नाउँ थपे तर उहाँले तेसो गर्नु भएन । घैलाडुब्बा भन्ने गाउँमा एक अर्को निःशुल्क मा.विद्यालयको स्थापना पनि उहाँबाट नै भएको कुरा झापालीहरूलाई थाहा छ, म पनि त्यहाँ गएको छु ।

आमाले पनि भोक लाग्दा मात्र नानी रोएको थाहा पाएपछि दुध खिलाउँछिन् रे,

समयको विचार गरी आफै दुध खिलाउने काम थोरै आमाले मात्र गर्दछिन् क्यार ! श्री उप्रेतीज्यूलाई नाउँ इज्जतको भोक कहिले लागेन, सरकारको कान मात्र हुन्छ भन्ने कुरा उहाँको कुराबाट चरितार्थ हुन्छ । झापालीहरू पनि धेरै मन्त्री भए तर उहाँको बारेमा कसैले बोलिदिएनन् क्यार सायद उहाँ कुनै राजनैतिक दलको ओहोदामा हुनभएन अनि कसले बोलेको कुरा सरकारमा पुग्दछ र ?

पछि सायद उहाँको काममा सार्वजनिक जग्गाहरू गुठीको समेत व्यक्ति व्यक्तिले आफ्नो नाउँमा दर्ता भएको सुन्नु भएछ क्यार तब उहाँको मनमा विद्यालयको जग्गा पनि जालझेल गरेर कसैले आफ्नो नाउँमा दर्ता गरी खालान् भन्ने शंका लागेछ क्यार । हुनपनि यो देशमा सार्वजनिक अथवा गुठीको जग्गा सम्बन्धित व्यक्ति मरिसकेको वर्षपछि पनि कसरी अर्कै व्यक्तिको नाउँमा दर्ता हुन्छ यो एक अच्चम्मको कुरा यो देशमा भएको छ । यसरी पास गरिदिनेको पनि यस देशमा कमी छैन । लोभले गर्दा ठूला- ठूलाहरूले पनि यस्तो कुकर्म गरेका छन् । श्री उप्रेतीज्यूलाई यो शंका लागेछ र आफूले दान दिएका जग्गाहरू सबैको एक ट्रष्ट बनाएर आम्दानी तिनै विद्यालयहरूलाई दिनेगरी राख्ने इच्छा गर्नुभएको थियो । उहाँ वीर अस्पतालमा बिरामी भै बस्नु हुँदाको समयमा पनि म र भू.पू. मन्त्री श्री नरेन्द्रनाथ बाँस्तोलाज्यूसँग त्यो कुरा गर्नुभएको थियो । सायद तेस्तै पर्‍यो होला मन्त्रीज्यूहरूलाई त्यो विचार राम्रो लागेन । भित्री कुरा अरू पनि केही थियो कि ? ?

अब समाजले उहाँको त्यो अन्तिम इच्छा पूरा गरिदिएमा दाताबन्न चाहने अरू अरूलाई पनि प्रेरणा मिल्न जाने थियो ।

२०५४ वैशाख ९
काठमाडौं

देवीप्रसाद उप्रेती

- नरेन्द्रराज प्रसाई

वैशाख १ गते १९६९ को कुरा हो ।

ब्राह्ममुहूर्तमा उषासँगै एउटा बालक पृथ्वीमा अवतरण भयो । बालक रित्तै जन्मेको थियो । अनि आमाका पवित्र कोखबाट जन्मेको थियो । ठाउँ तेह्रथुम जिल्लाको इवा (सिम्ले) थियो । भिरालो पाखामा जन्मेको बालकको न्वारानको नाम देवीप्रसाद उप्रेती थियो ।

उप्रेती दानी थिए । जन्मँदै यिनको हात खुकुलो थियो । गाउँका गरीब देखेर यी रुन्थे अनि आफ्नो भात, तिहुन, तरकारी बाँडेर खान्थे । यसो गर्दा यिनले थुप्रैपल्ट आमाबाबुको झापट खान्थे किनभने यी यस्तै थिए । अथवा भनौं दानी थिए । अर्काको भलाइमा लाग्दा यी आफूलाई सन्चो भएको ठान्थे ।

पूर्वाञ्चल भेकमा यी चिनिन्छन् । त्यतिमात्र होइन, यी त्यस ठाउँका आदरणीय व्यक्तिका रूपमा सम्मानित छन् । यिनका जिल्ला र अञ्चलका कुनै पनि प्रशासकले यिनको घर देखेका छैनन् । यिनले पनि कुनै सरकारी मान्छेको घरमा गएर पानी खाएको इतिहास छैन किनभने यिनलाई तिनीहरूले चिनेनन्, यिनले तिनीहरूलाई गनेनन् ।

मेची, कोसी अञ्चलमा २९ वटा स्कूल बनाउने यिनै उप्रेती हुन् । यिनको सहयोग, दान र त्यागले पूर्वाञ्चलको खासगरी मेची र कोशी अञ्चल शिक्षित अञ्चल वा ठाउँको रूपमा परिचित छ । देवीप्रसाद उप्रेतीको त्याग, तपस्या र वलिदान त्यस भेकको सामाजिक जागरणमा बीजारोपण भएको भन्ने कुरा सबैलाई थाहा छ । उप्रेतीले केयौंलाई विश्वविद्यालयको शिक्षा प्राप्त गर्ने प्रेरणा दिए, वातावरण दिए । अनि सहयोग दिए ।

शिक्षामा यिनको झुकाव थियो, तर यिनले धेरै पढेनन् । यिनले काठमाडौंको रानीपोखरी स्रेस्ता पाठशालाबाट निजामती प्रथम परीक्षा उत्तीर्ण गरे । त्यति नै पढे ।

झापा, इलाम र तेह्रथुमका शिक्षणसंस्थामा यिनको सक्रियता रह्यो । त्यसताका चार लाख रुपियाँ यिनले स्कूललाई चन्दा दिए । अनि फेरि आठ सय चौबन्न बिघा झापाको जग्गा दिए । त्यस्तै तेह्रथुमको तीन सय उन्नाईस रोपनी जग्गा पनि स्कूललाई दान दिने यी त्यस ठाउँका कर्ण हुन् । यी दिन्थे । खास गरी पढ्छु भन्नेलाई पैसा पनि

नगर्दै दिन्थे । उनले दिएको फेरि लिदैनथे । बाहिर गएर पढ्ने इच्छा भएकालाई दार्जीलिङगमा लगेर भर्ना गर्थे । तर पढाउँथे । जति पढ्छु भन्थे त्यति पढाउँथे ।

धर्मकर्म यिनको सानैदेखिको रूचि । यी मासु खाँदैनन् । 'मरेको भूत खानुहुँदैन' यी भन्छन् । धैर्यशाली व्यक्तित्वले कुँदिएका देवीप्रसाद उप्रेती बोल्दा कानून बोल्छन् अनि त्यही पालन गर्छन् । किनभने यी अनावश्यक कुरा गर्दैनन् ।

यिनले ४ जनासँग बिहे गरे । आठ छोरा र चार छोरी जन्माए । यी उप्रेती अहिले प्रायः एक्लै बसेका देखिन्छन् । अथवा भनौं 'बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधैमाथि ।'

शिक्षा विकासका लागि यी निरन्तर खटे । चिन्तन गरेर असहाय र निर्धाको सेवामा यिनले जीवन दिए । जीवनको प्राथमिक पक्ष यही र यस्तै सेवा भन्ने यी उप्रेती मधुर स्वरमा बोल्छन् र राम्रा अक्षर कुँदेर लेख्छन् । अक्षर यिनको छापा नै मानिन्छ । बाँसको कलम अहिले पनि यिनका साथमा भेटिन्छ । यिनको प्रिय साथी त्यही कलम देखिन्छ ।

हाम्रा समस्त बन्धुबान्धव शतप्रतिशत साक्षर होऊन् भन्ने तीव्र इच्छा राख्ने यिनले युवा पुस्तालाई रोजगारमूलक सीप शिक्षा दिलाउने खूबै प्रयत्न गरे तर प्रशासनले यिनको गला निमोठ्यो । यी फेरि यस्तै अर्को बुद्धि ख्याउन थाले । नयाँ शिक्षायोजना लागू भयो । अनि स्कूलहरू सरकारी भए । यिनको सपना चकनाचूर भयो । यसपछि यिनको शिरमा ओझेल पर्न थाल्यो ।

ढकमक्क फुलेको फूल हेर्न यी बूढाको सानैदेखिको सोच । फुर्सदमा विद्वान्को लेख, रचना र जीवनी पढ्ने यिनको बानी । सानैदेखि यी झूटो बोल्नेसँग अलग्गै बसे । वास्तवमा यी सारै भलादमी, सरल र मृदु छन् । यिनलाई चिन्नेले दोवीप्रसाद उप्रेती मिष्टभाषी हुन् भन्छन् ।

१९९९ देखि २००७ सालसम्म यी निरन्तर शिक्षाविकासमा भूमिगतरूपमा लागे । स्व. पूर्णवहादुर मानव यिनका सक्रिय मित्र थिए । पछि महानन्द सापकोटाको रायले यिनले सात सालमा सर्वप्रथम झापा जिल्लामा दस गाउँ पञ्चायत खोले अनि प्राथमिक विद्यालयको सुरुवात गरे ।

सात सालको कान्तिमा बिचल्लीमा परेका भनौं अथवा झापामा अलपत्र परेका दस हजार व्यक्तिलाई १६५० बिघा जग्गा बाँड्ने यिनै सपूत हुन् । ३३० घर बसाउने यिनै उप्रेती हुन् ।

त्रिभुवनले यिनलाई चिनेका थिए । अनि राजा महेन्द्रले यिनको रहस्य बुझेका थिए । किनभने यी देशभक्त थिए । सक्रिय युवक थिए । तीव्र दानी पनि थिए । होनहार थिए । तर अहिलेसम्म यिनलाई श्रीमती र छोराछोरीले राम्ररी चिनेनन् । यी 'नजिकका तीर्थ हेला' भएका छन् ।

पहाड तेह्रथुम जिल्लाको पोखरीमा यिनले अर्को स्कूल बनाए । शिक्षा र प्रगतिविरोधी तत्त्वले दुईपटक स्कूल भवन जलाए । सायद पूर्वाञ्चलको पहाडी इलाकामा त्यति ठूलो विद्यालय भवन अन्त छैन पनि । काठमाडौंको पद्मकन्या क्याम्पसभन्दा छरितो अनि

भन्नै त्यत्रै स्कूल भवन पहाडमा बँनाउने देवीप्रसाद उप्रेती हुन् । उप्रेतीले यस्तै यस्तै काम गरे । अनि जनताका छोराछोरीको पवित्र हृदयको चिरस्मरणीय स्मृतिको नमेटिने तक्मा लाए । यिनीहरूका अनगिन्ती र प्रिय माया पाए ।

यी त्यतिबेला स्कूल खोल्न तम्से जब शिक्षक पाइँदैनथे । भारतबाट शिक्षक ल्याए । विद्यार्थी स्कूल आउन मान्दैनथे । विद्यार्थीलाई प्रतिदिन मिठाई बाँडेर पल्काउँदै स्कूल पढाउने यी महान् समाजसेवी थिए । निःशुल्क शिक्षा प्रदान गर्ने यी साँचो गुरुबाबु थिए । २०२९ सालसम्म शिक्षकको तलब यिनले आफैले बाँडे । नयाँ शिक्षा लाग्यो । स्कूलको आयस्ता प्रायः चपरीले छोपिदियो । २९ वटा स्कूलमा यिनको नाम त्यसपछि क्रमशः प्रशासनद्वारा पोतियो । वास्तवमा त्यसभन्दा अघि यी स्कूलका स्रेस्ता र हिसाब मिलाउने यिनले कैयौंपल्ट अड्डाका कर्मचारीलाई नमस्ते गरेको क्षण यिनको दुःखद क्षण थियो । नबिर्सने समय थियो ।

देवीप्रसाद उप्रेती समाजका महान् चिन्तक हुन् । यी अर्काको मात्र हित गर्थे चोखो र सत्य सेवा गर्थे । आफ्नो सर्वस्व दिएर पनि मान्छे हँसाउँथे । सेवा गर्दा ठाउँ ठाउँमा संस्था खोल्ने मात्र होइन भावना नै उचाल्नुपर्ने सल्लाह दिन्थे । तर नेपालमा छक्कापञ्जाको सेवा गर्ने व्यक्ति धेरै निक्ले । समाज ठग्ने केही भाटहरू निक्ले । त्यस्तैले पनि समाजसेवाको संस्था खोले । धन र मान बढाउन सेवाको मखुण्डो पनि ओढे । गतिलो ओहदा र ठाउँ पनि भेटे । यस्ता विडम्बनाबाट उप्रेती छक्क परे । तर आफ्नो पवित्र काम गर्दै रहे । समाजसेवामा नै बग्दैरहे । दुधकोसी, सुनकोसी अथवा सप्तकोसी जस्तै अविरल बग्दैरहे ।

देवीप्रसाद उप्रेतीले जति दिए थुप्रै दिए । भएको सबै दिए । शिर दिए । धन, मन र एउटा युग दिए । छोटकरीमा भन्ने हो भने यिनले आफ्नो जीवन दिए ।

शब्द श्रद्धाञ्जलि

-डा. रामप्रसाद उप्रेती

रात्री बसको छतमा श्री देवीप्रसाद उप्रेतीज्यूको शव छ । एक छेउमा मित्र दाजु हुनुहुन्छ, अर्को छेउमा म । बस काठमाडौंबाट झापातिर कुदिनै रह्यो । म कहिले अतीत त कहिले भविष्यसम्म पुगें । वर्तमानले मलाई खिज्याए जस्तो लाग्यो । सित्तैमा बितेका हिजोका क्षणहरूप्रति पश्चताप लागिरहेको थियो । जन्मे पछि हुने एउटै निश्चित कुरा छ- त्यो हो मृत्यु । यसलाई सहजै स्वीकारेर शव बनेको शरीरले पनि रात भरिको यात्रामा मलाई धेरै कुराको ज्ञान दिइरहेको थियो । बाँच्नुको अर्थ म खोजीरहेको थिएँ, शवले मलाई जवाफ दिइरहेको थियो । आफू बाँचेको हरेकपल मलाई प्यारो लागिरहेको थियो । मलाई ती फूलहरूको पनि माया लागिरहेको थियो, जसलाई बोटबाट चुडेर बहिनी कमलाले एउटा गुच्छा बनाई दिएकी थिइन् । जुन गुच्छा मैले अस्पतालको शैयामा बुबालाई दिन लागेको थिएँ । त्यो फूलको गुच्छाप्रतिको बुबाको टिप्पणी यस्तो थियो- " फूल हेर्नलाई र रमाउनलाई हो । चुंडे पछि फूल ओइलाउछ र मर्छ ।" बुबाको ओठमा एक प्रकारको मुस्कान थियो । आहा ! जीवित बस्तुप्रति उहाँको माया !

सतसंग र सद्व्यवहारका धनी – देवीप्रसाद

-डिल्लीराम निर्भिक

भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा मात्र नभई सा॰ ाजिक उत्थान र बहुआयामिक चेतनात्मक विकासमा लाग्ने सत्कर्मी एवं प्रयासकहरूलाई उत्साह दिन सधैं प्रयत्नशील रहने देवीप्रसाद उप्रेतीलाई साँच्चै समाजको सत्पात्र र चेतनाको बाहकको रूपमा गणना गरिन्छ । झापाको घैलाडुब्बामा निवास केन्द्रित गर्नुभएको उप्रेतीका सत्कार्यका कथाका विधा विविधतातिर आल्पावित छन् भने शिक्षाको क्षेत्रमा मात्र नभई तराईमा करीव ८५४ बिघा र पहाडमा ३१९ रोपनीभन्दा बढीको भू-दानका साथै पुस्तकालय, वाचनालय र प्रकाशन र प्रसारणको पक्षमा पनि उहाँको सकारात्मक सहभागिताको विस्तृत बर्णन बिभिन्न संकलनहरूमा पाईन्छ ।

नेपालमा प्रजातन्त्रको जागरणसँगै पूर्वी नेपालको शासन स्थिति र भाषागत जागरणमा भाषाशास्त्री महानन्द सापकोटाको यात्रा, शिक्षाको उत्थान र बिकासमा उर्लदो चासो प्रजातान्त्रिक उत्साहको क्षेत्रमा पनि शंखनाद गर्ने उप्रेती माध्यमिक, निम्न माध्यमिक र प्राथमिक मात्र नभई उच्च शिक्षाको क्षेत्रमा पनि आफ्नो पक्षबाट गर्नु भएको योदानमा अग्रणी देखिनु हुन्छ । भाषा र साहित्यको क्षेत्रमा पनि नेपाली भाषा प्रचारक संघको स्थापनामा महानन्द सापकोटा, नरेन्द्रनाथ बाँसतोला, धर्मप्रसाद ढकालसंगै उहाँको अग्रसरता पाईन्छ भने नेपाली साहित्यका महारथी लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम जस्ता थुप्रै विशिष्ट प्रतिभाहरूको संगतले करफोक रमाएको कुरा इतिहासमा साक्षी रहेको छ । विज्ञता र शिष्टताका धनी श्री उप्रेती मृदुभाषी, सहनशील एवं सद्व्यवहारका धनी मात्र नभएर प्रणामी धर्मावलम्बी श्री उप्रती आफ्नो निवासमा सधैं आतिथ्य सत्कारमा अभ्यस्तका साथै साधारण रहनसहन, धर्मशालाको ब्यवहार र खुला भण्डाराले पनि आकर्षण थपेकै हन्थ्यो ।

समाजमा सत्पात्र एवं प्रजातान्त्रिक चेतना र विज्ञ स्वभावले सुपरिचित श्री उप्रेती नेपालको प्रजातन्त्रको स्थापना पश्चात् पूर्व अमिनीको बहिदार नै भएपनि सामयिक सरकारको न्यायकानून मन्त्री नै उहाँको उच्च पद र ऐतिहासिक सम्मान मानिन्छ । आफ्नो जिमिदारीको २२ मैजाका धनी र धेरै (४) धर्मपत्नीका पति देवीप्रसाद उप्रेतीले समाजमा धेरै सामाजिक सत्पात्र एवं सुपुत्र जन्माउनु भएको छ भने उहाँको आफ्नै सज्जनता पनि छन । यसै प्रसंगमा डा. मदन दाहालका साथै निलम दाहालदेखि मीनासम्मको परिचयात्मक पूर्वाधार पनि श्री उप्रेती नै भएको पाइन्छ । पारिवारिक

सत्यता उच्चताका आधारमा थुप्रै बिधाका आदर्श आ-आफ्नै रहन्छन्, ती सबै बिज्ञताकै गर्भमा रहन्छन् भने झापाको समग्र जागरणको इतिहास खोज्दा पनि 'तीन प्रसाद'को स्मरण पनि गरिन्छ । त्यो स्मरण गरिने अग्र पंक्तिका सत्पात्र एवं सत्चरित्रहरूमा - भैरवप्रसाद आचार्य, धर्मप्रसाद ढकाल र देवीप्रसाद उप्रेतीको सत्कार्य पर्दछ ।

समाजका उत्प्रेरक देवीप्रसाद उप्रेती आफू विद्वताले परिभाषित नभए पनि बिद्वताको प्रेरक र विद्वान जन्माउने क्षेत्रमा अग्रणी मानिनुहन्छ । उहाँको सत्प्रयासले धेरै सामाजिक सत्पात्र बने भनें बिद्वान, साहित्यकार, पत्रकार र राजनीतिज्ञको उपाधिले पनि परिभाषित भए । सत्पात्रको खोज एवं शोधमा सधैं जागरूक रहने; सदैव बुद्धिजीवी, साहित्यिक र सामाजिक क्षेत्रमा सत्पात्रसंगको सदव्यवहारमै रमाउने श्री उप्रेती बिज्ञता तथा बिवेकका प्रेरक नै भएको कुरा बिज्ञ क्षेत्रबाट पुष्टि भएकै छ ।

देवीप्रसाद उप्रेतीको बहुआयामिक क्षेत्रसंग आफ्नो लामो सम्पर्क र संलग्नता नरहे पनि म आफ्नो बिद्यार्थी जीवनमा बाबुको घर र आमाको भान्साबाट एक्लिंदाको स्थितिमा उहाँकै छोरी अञ्जुका साथै दुर्गा, कृष्ण र सूर्यको प्राथमिक शिक्षाको घरायसी जिम्मेवारीमा पनि पुगेको थिएँ । त्यसबेला भद्रपुरमा डेरा लिएर आफ्नै प्रबन्धमा आफू स्थापित हुनु पर्ने परिस्थितिका सन्दर्भमा आफ्नै जिम्मेवारी कष्टसाध्य थियो । मणिकण्ठको घर, टेकनाथको वासादेखि बहादुरचन्द्र राई, खरदार रूपचन्द्र र सङगमका सार्थ हाम सर, टीकाराम र श्यामकृष्णका घरले पनि निवासको सम्झना साँच्लान् नै । यस्तै, शिक्षामा सहयोग चेतनाको प्रेरणा दिनेहरूमा पशुपति झा देखि गंगाधर उपाध्याय र चन्द्रशेखर दुबेसम्मका थुप्रै सकारात्मक सम्झनाहरू छन्; तर अहिलेको प्रसंग शिक्षासेवी देवीप्रसाद उप्रेतीको सत्कार्य र सद्व्यवहारकै प्रसंसा हो ।

झापाको शिक्षा क्षेत्रमा नयाँ उत्साह र जागरण ल्याउने श्री उप्रेती प्रथम पंक्तिका योद्धा मात्र नभै महानन्द सापकोटाको जागरण अभियानका साँच्चै नै सहयात्री भन्नु पर्दछ । घैलाडुब्बा आदर्श विद्यामन्दिरको निर्माण र निःशुल्क संचालनको स्थितिका लागि पृष्ठभूमि साहितको इतिहास अझै खोतल्नै छ । तिनताक मेरो विद्यार्थी कालका सहयात्री देवीप्रसाद उप्रेतीका छोरा मनु उप्रेतीसंगै मदन र नीलम पनि मेची कलेजको विद्यार्थी थियौं भने शिक्षा क्षेत्रको उत्साहमा हामी पनि सहभागी रह्यौं । समाजमा सद्ज्ञान, सद्व्यवहार र सद्बुद्धिको आदर्श सधैं आदर्श नै रहन्छ । तर त्यो परिवार, परिवेश र समाजको पराक्रमको पारिवारिक शैली स्थायी रहन्न । सम्भ्रान्त परिवार र सभ्य समाजका धनी सुपुत्र बन्छन् । तर आफ्ना पुर्खा परम्परा र प्रतिष्ठालाई आफ्नो व्यवहारमा गरीब नै ठान्छन् । समाजको सत्पात्रसँगै सभ्यताको बिहान एवं चेतनाको मुहान उघार्ने शैलीको सत्पात्र नवनेको दृष्टान्त थुप्रै छन् । यस पक्षमा भैरवप्रसाद र धर्मप्रसादको सामाजिक सद्व्यवहार, राजनीतिक अग्रसरता सँगै क-कस्को स्थिति के-के छ, त्यो खाज्ने जागरण पनि चाहिन्छ । यसै प्रसंगमा नलेखिएको इतिहास खोज्न र लेख्ने अग्रसरता मेचीकै जेठा राजनीतिज्ञ नरेन्द्रनाथ बाँस्तोलाले गर्नुभएको छ । यदि प्रयास अधुरै रहेन र उहाँ नै स्वयं खोजमा पर्नु भएन भने निश्चय नै अर्को बिहान आउला..........।

अन्यमा, झापाका अग्रपंक्तिमा शिक्षासेवी, दानवीर, सामाजिक व्यक्तित्व एवं कुटनीतिक सदाशयताका पुञ्ज समाजसेवी उप्रेतीको स्मृति ग्रन्थले सामाजिक खोज तथा शोधका क्षेत्रमा नयाँ जागरण उघार्ने छ। झापाकै राइटर बीरबहादुर श्रेष्ठको स्मृतिमा प्रकाश भएको "कृति : स्मृति-सन्दर्भ"ले पहिलो आकर्षण थपेकै छ।

पछिल्लो सन्दर्भमा पनि झापाका सत्पात्र खोज्दा धर्मप्रसाद र भैरवप्रसादका पक्षमा सम्यमताको रोग र भोकको ठाउँमा ज्ञानको भोक, बिज्ञताको शोध र इतिहासको खोजले उत्साहको जागरण पायो भने नेपाल अधिराज्यमा झापा साँच्चै चेतनात्मक प्रेरणामा अग्रसर बन्ने नै छ। सकारात्मक चिन्ताको नयाँ चिन्ता प्रोत्साहित गर्नका निम्ति नयाँ शोधका विधासहित सामग्री सञ्चय गर्ने अग्रसरतामा भावभूमि तयार गर्न ज्ञानको सञ्चय, परिचालन एवं वितरणका विधा पनि प्रोत्साहित तथा प्रवाहित गर्न आवश्यक छ।

भद्रपुर (झापा)
फोन नं. २०३३३
२०३१४ कार्यालय
समपादक: हिजोआज दैनिक,
सिद्धार्थ, अर्द्धसाप्ताहिक

जिम्दार देवीप्रसाद उप्रेती– मेरो दृष्टिमा,

- रविमान लमजेल

पूर्वी नेपालको तेह्रथुम, आठराई, इवा-सिम्लेमा जन्मेका देवीप्रसाद उप्रेती (१९६९-२०४९) पछि झापा जिल्लाका प्रतिक्षित जिम्दारको रूपबाट सुपरिचित भए। वाल्यकाल आठराईकै कुना-कन्दारमा व्यतीत भए पनि उनी त्यही ठाउँमा सीमित भएर बस्न चाहेनन्- बरू आफ्नो साहस र संकल्पलाई समाज सेवाको वलिबेदीमा समर्पित गर्न चाहे– त्यसैबाट उनको प्रसिद्धिले डाँडाकाँडा- रनवन ढाकेर राष्ट्रिय फाँटमा चम्किने सौभाग्य प्राप्त गऱ्यो।

नेपालको शैक्षिक इतिहासमा राजा जयपृथ्वीबहादुर सिंह, देव शमशेर, शंकरदेव पन्त र देवीप्रसाद उप्रेतीको नाम स्वर्णाक्षरले लेखिएको छ। राणा शासनको जगजगी भएको समयमा निरंकुश शासक चन्द्र शमशेरलाई चुनौती दिँदै जसरी राजा जयपृथ्वीबहादुर सिंहले आफ्नो दृढता देखाएथे, र पाठ्य-पुस्तक लेखनका साथै शिक्षाको प्रचार प्रसार ढिलोज्यान दिएर गरेथे , त्यसरी नै आफ्नो ११८ दिनको प्रधान मन्त्रीत्वकालमा १५० भाषा पाठशाला खोलेर देव शमशेरले आफ्नो शिक्षा प्रेमको अद्वितीय उदाहरण देखाएथे, त्यसरी नै शंकरदेव पन्तले "शंकरदेव क्याम्पस (तत्काल-नेशनल कलेज) स्थापना गरेर शिक्षाको प्राज्ञिक ज्योति झल्मलाएथे र राजा महेन्द्र बाट कदर स्वरूप दिइएको गोरखादक्षिणवाहु प्रथम पनि अस्वीकार गर्दै म गोरखादक्षिणवाहु लिन असमर्थ छु, किन कि मैले त्यति ठूलो काम गरेको छैन भनेर चकित पारिदिएका थिए। भनिन्छ, त्यसरी नै– २००७ सालको क्रान्तिपछि देवीप्रसाद उप्रेतीलाई राजा त्रिभुवनबाट प्रधानमन्त्री दिने निर्णय सुनाउँदा पनि गणेशमान सिंहले झैं अस्वीकार गरिदिएको थिए। पद, कुर्सी र प्रशंसाका भोकाहरूको मुखमा बुजो कोचेर आफ्नो निस्वार्थ सेवा र त्यागको अतुलनीय परिचय दिएका थिए।

२००७ सालपछि पूर्वी नेपालका झोडा हडपेर गरीबगुर्वाको आँसु-पसीनामा रजाइं गर्ने सामन्त र शोषक वर्गको निकै ठूलो जमात थियो। उनीहरूमा जनताको जीवनस्तर उकास्ने साहसिक कार्य गरेर देश विकासमा र निर्माणको लहर चलाउने उद्देश्य पटक्कै थिएन–बरू गरीब दुःखीलाई ठगेर आफ्ना छोरा नातिलाई विदेश लगेर पढाउने र अरूको चाहिं खुन चुस्ने लहर चलेको समयमा आफूले आर्जेको हजारौं बिघा जमीन देवीप्रसाद उप्रेतीले शिक्षण संस्थानहरू र गरीब सुकुम्वासीहरूलाई निःशुल्क वितरण गरिदिए। यसबाट पूर्वी नेपालका धेरै शिक्षण संस्थानहरू लाभान्वित भएका

छन्- यस्तै उदारता अन्य पूँजीपति र भूमिपतिहरूले देखाई दिएको भए नेपाल शायद अर्कै स्थितिमा हुने थियो ।

सामाजिक शोषण र कुरीति उन्मुलनमा पनि देवीप्रसाद उप्रेतीले उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । आफ्नै गाउँका एक कुलीन परिवारमा दरसन्तान बच्चाहरूको कोक्रो हल्लाएर सेवा गर्ने एकजना लिम्बूलाई देखेर एकदिन देवीप्रसाद उप्रेतीले भनेछन्- यो सुब्बा कति वर्ष भयो, 'यो घरमा बसेको ? घरपतिले भनेछन् - "म बालकै हुँदा देखि बसेका हुन् ।" देवीप्रसादले फेरि सोधेछन्- यिनले कति ऋण लिएका छन् ? तपाईंलाई हुर्काउने यो गरीवले अहिलेसम्म किन छुटकारा नपाएको ? "यो कुरा सुनेर ती सज्जन तिलमिलाएछन् र बाकस खोलेर त्यो लिम्बूको तमासुक झिकेछन् । बबुरो लिम्बूले बीस रुपयाँ ऋण लिएको रहेछ । त्यही बीस रुपयाँमा ऊ जीवनभरि नोकर हुन विवस भएको रहेछ । दवीप्रसादको सवालले ती कुलीन परिवारका मुलीलाई सारै लाज लागेछ र लाजले रातो मुख पार्दै उनले त्यो तमासुक च्यातेछन् र लिम्बूलाई भनेछन् -"अब ऋण सकियो । अरू सेवा वापत तलब पाउछौ ।" यसरी साना तिना होचा अर्गेला कुरामा गरीबको पक्षमा बोल्न देवीप्रसाद निर्भिक थिए ।

दैवीप्रसाद उंप्रेतीको अर्को मानवताबादी पक्ष हो छुवाछुत प्रथाको बिरोध गर्नु । तत्काल समाजमा उत्पीडित जातिका छोरा छोरीलाई यातना दिने प्रमूख कडी समाजमा प्रचलित छुवाछुत प्रथा थियो । दवीप्रसाद उप्रेतीले विश्वकर्मा भान्से राखेका थिए । छुवाछुत कुनै शास्त्रमा पाइन्न, यो ईश्वरको प्रसाद हो भनेर भन्थे । एकातिर आठराईका जुँगामुखे गरीवमारा शोषकहरू गरीव मासेर आफ्नो प्रभुत्व जमाउँदै छुवाछुतको नारा दिँदै जातीय भेदभाव धर्मकै एक अङ्ग ठान्दथे । त्यही समय कुमाई कुलमा जन्मेका देवीप्रसाद उप्रेतीले अछुत जातिलाई नै भान्से राखेर सन्त ज्ञानदिलदासका झैं अमानवीय कुरीतिको खिल्ली उडाए । त्यो उनको सहासिक कार्य थियो । पुरोहितबादका मै हुँ भन्ने धूपौरेहरू उनको अघिल्तिर कुटेको कुकुर जस्तो लुत्रुक्क पर्थे । पं. छविलाल पोखरेल, भाषाशास्त्री महानन्द सापकोटा, समाज-सेवी ईन्द्रप्रसाद प्रसाईं, जनकवि गोकुलप्रसाद जोशी, पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइराला लगायत राष्ट्रका प्रतिष्ठित व्यक्तिहरूसंग उनको राम्रो हिमचिम थियो ।

दैवीप्रसाद उप्रेतीको अर्को राम्रो पक्ष दिनैपिच्छे केही लेख्दै राख्दै गर्ने र प्रत्येक व्यक्तिबाट प्राप्त पत्रलाई व्यक्तिगत फायल खडा गरेर अभिलेख राख्ने । उनले अनुष्टुप छन्दमा कविताहरू पनि रचना गरेका थिए । कही संस्मरण, लेखहरू लेखेपनि जीवनकालमा प्रकाशित हुन सकेनन् । "भानु" पत्रिकामा भवानी घिमिरेले गोकुल जोशीबारे र "भारद्वाज" पत्रिकामा मोहन सिटौलाले महानन्द सापकोटाबारे उप्रेतीका लेख प्रकाशित गरिदिएका छन् । बाकसमा थन्किएका उप्रेतीका दैनिकी, संस्मरण र सिर्जनात्मक रचना प्रकाशित गरिदिन सके कतिपय सत्य कुराहरू प्रकाशमा आउने थिए र नेपाली समाज नै लाभान्वित र गौरवान्वित बन्ने थियो ।

यस्ता महान व्यक्तिको जीवनी खोज गरेर हुलाक टिकट प्रकाशित गरेर, सालिक स्थापना गरेर श्री ५ को सरकारले सकारात्मक पाइला चालिदिन सके राष्ट्रिय फाँटमा

समर्पित व्यक्तिहरूले थप प्रेरणा प्राप्त गर्नुका साथै स्व. देवीप्रसाद उप्रेतीको आत्माले चिरशान्ति पाउने थियो र महान् व्यक्तिहरूको निःस्वार्थ सेवाको समीचीन कदर पनि हुने थियो । यस विषयमा सोच्ने समय आइसकेको छ ।

(२०५११।१२।९)

समाज सेवाका प्रतीक: देवीप्रसाद उप्रेती

शेरबहादुर इङ्नाम 'पापो' लिम्बू

देवीप्रसाद उप्रेती स्मृतिग्रन्थ प्रकाशन समिति झापाको मिति : २०५१।९।२६ को पत्र प्राप्त भयो । सो ग्रन्थको लागि लेख मागिपठाएको रहेछ । लेखन कलामा अभ्यास नभए तापनि आग्रहलाई पन्साउन सकिनँ ।

श्री देवीप्रसाद उप्रेतीको जन्म विक्रम सम्वत १९६९ साल बैशाख १ गते पूर्व नेपाल, पल्लोकिराँत, लिम्बुवान, तेह्रथुम जिल्ला, आठराई ईवाको सिम्ले गाउँमा भएको हो ।

निरंकुश राणाहरूको पारिवारिक शासनकालमा सार्वजनिक विद्यालय थिएन । यसकारण उहाँको शिक्षा श्रेस्ता उतीर्णमा नै सीमित रहयो । तथापि श्री देवीप्रसाद उप्रेती अध्ययनशील, चिन्तक र योजनाविद हुनुहुन्थ्यो ।

राणा शासन कालमा उहाँले नौसिन्दा बैदार पदमा नियुक्त भई सेवा गर्नु भयो । सो सेवाको समयमा उहाँको हातकलम भयो । त्यसकारण सेवाबाट अलग भई दार्जिलिङमा गई बस्नुभयो । उहाँले त्यहाँ आफ्नो छोरा-छारी र आफन्तहरूलाई शिक्षा दिनु भयो । उहाँलाई शिक्षाको महत्व र आवश्यकताको राम्रो ज्ञान थियो । त्यसकारण शैक्षिक वातावरण श्रृजना गर्नमा उहाँ सदा चिन्तित हुनुहुन्थ्यो ।

एसिया र अफ्रिकी राष्ट्रहरूमा साम्राज्यवादी, निरंकुश तानाशाही सरकारको विरूध्दमा उठेको जनजागरणको प्रभाव नेपालमा पनि नपरी रहन सकेन । त्यसकारण राणाहरूको जहानियाँ निरंकुश शासनको विरूद्धमा देश भित्र र बाहिर प्रचार प्रसार र संगठन हुनथाल्यो । यसरी विक्रम सम्वत २००७ सालमा जनक्रान्तिले मूर्त रूप लियो । त्यो जनक्रान्तिमा श्री देवीप्रसाद उप्रेती नेपाली काँग्रेस पार्टीसँग निकट रहेर जनक्रान्तिमा सहभागी हुनुभयो । अमानवीय निरंकुश राणा शासनको अन्त्य गर्न देशवासीले उत्साहपूर्वक क्रान्तिमा भाग लिए ।

महामानव श्री नारदमुनि थुलुङ, श्री रामप्रसाद राईको नेतृत्वमा गठित मुक्ति सेना र पूर्वी इलाममा श्री जी.वी. याक्थुम्बाको नेतृत्वमा गठित मुक्तिसेनामा धेरै भू.पू. सैनिकहरूको सहभागिताले देशको मुक्ति संग्रामलाई सफलता पूर्वक अगाडि बढाउनमा ठूलो सहयोग पुऱ्यायो । सो मुक्तिसेना पूर्वतर्फ भोजपुर, चैनपुर, तेह्रथुम, इलाम, विराटनगर र धनकुटा मुक्त गर्दै देशको अन्य भागमा अगि बढ्यो । पश्चिम ओखलढुंगा रामेछाप हुँदै बनेपासम्म पुग्यो । त्यसपछि पूर्व-पश्चिम दुवैतिरबाट काठमाडौंमा आक्रमण गरी देशलाई मुक्त गर्न वीर श्री डा.के.आइ. सिंहसँग सम्पर्क भइसकेको थियो ।

यसरी देशको चारै दिशाबाट मुक्ति सेनाको चाप काठमाडौं उपत्यकामा व्यापक रूपले बढेकोले राणाहरूको पराजय निश्चित थियो । यसकारण गुम्नलागेको सर्वश्वको केही अंश भएपनि बचाउने उद्देश्यले तत्कालीन प्रधानमन्त्री श्री ३ मोहन समशेर भारत सरकारको शरण पर्न दिल्ली पुगे । भारत सरकार, श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव श्री ३ मोहन समशेरको बीच त्रिपक्षीय वार्ता भयो ।

नेपाल भारतको अनुकूल बन्ने कुरामा भारत सन्तुष्ट भयो । श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव आफ्नो गुमेको पैत्रिक सम्पत्ति प्राप्त हुने र पूर्णाधिकार जनतालाई सुम्पनु पर्ने अवस्था सृजना पनि नहुने कुरामा सन्तुष्ट भए । श्री ३ मोहन समशेर आफ्नो गुम्न लागेको पारिवारिक सम्पत्ति देश बाहिर भए पनि निकालेर उपभोग गर्न पाउनेकुरामा सन्तुष्ट भए भने नेपाली काँग्रेसका नेता कोइरालाबन्धु देशमा विद्यमान जातीय उत्पीडन, शोषण, अन्यायको विरूध्द स्वतस्फूर्त आफ्नो नियन्त्रण बाहिरको राष्ट्रिय मुक्ति विद्रोहलाई नियन्त्रण गरी देशका बहुसंख्यक जातिको हातमा अधिकार जानबाट रोकी हिन्दू सर्वसत्तावादको संरक्षण सम्वर्धन हुने कुरामा सन्तुष्ट भए । देशका वीर सपुतहरूको वास्तविक राष्ट्रिय मुक्तिको अवश्यम्भावी सफलतालाई भारतीय बुटले कुल्ची दमन गरेर बि.सं. २००७ सालको त्रिपक्षीय असमान दिल्ली सम्झौता सम्पन्न भयो । जुन "सन् १९५० को सन्धि सम्झौता" नामले परिचित छ ।

यो दिल्ली सम्झौताले वास्तविक राष्ट्रवादीहरूको दिलमा ठूलो चोट पाऱ्यो । त्यो सम्झौताको घायल व्यक्तिहरूमा श्री देवीप्रसाद उप्रेती पनि एक हुनुहुन्थ्यो । यसरी राष्ट्रिय मुक्तिको अधुरो समापन पछि निर्मित सामूहिक सरकारमा उहाँ कानून मन्त्री हुनुभयो । राष्ट्रिय मुक्ति सशक्त क्रान्तिको स्वार्थपरक भएको अन्त्यबाट राजनीति क्षेत्रमा वितृष्णा पैदा भई श्री उप्रेतीले समाज सेवाको क्षेत्र रोज्नु भयो । आफ्नो हातकलम भएको हुँदा अर्काको नामबाट जिमिदारी लिएर जिमिदारी सञ्चालन गर्नु भयो ।

समाज सेवाको क्रममा विक्रम सम्वत २०१२ सालमा आफ्नो जन्मस्थान पूर्व नेपाल पल्लोकिराँत, लिम्वुवान, आठराई, ईवाको सिम्ले गाउँमा निजी खर्चमा श्री प्रणामी निम्न माध्यमिक विद्यालयको स्थापना गर्नु भयो । सो विद्यालयलाई तराईको, घैलाडुबा, सुरूङ्गा र शर्णामती आदि स्थानमा गरी जग्गा विगाह ८२-२-५ र पहाडमा रोपनी १६-४-२ दिनुभयो । त्यो विद्यालयको स्थापनाले त्यस भेगका बालक बालिकाले निशुल्क सातौं श्रेणीसम्म शिक्षा प्राप्त गर्ने अवसर पाए । त्यो शिक्षा आर्जन गर्ने सुनौलो अवसर पाउने विद्यार्थीहरूमा म यो लेखको लेखक पनि थिएँ । त्यसै समयमा पहिलो पल्ट श्री देवीप्रसाद उप्रेतीलाई देख्ने मौका प्राप्त भयो ।

श्री प्रणामी नि.मा.वि. उतिर्ण विद्यार्थीहरू र फुङनाम, होडा, भित्रियाका विद्यार्थीहरूलाई समेत माध्यमिक स्तर र भविष्यमा उच्च शिक्षा दिने उद्देश्यले ईवाको २२ जिम्मा ६ थरी र फुङनाम तर्फका १९ जिम्मा, समाज सेवी, वुद्धिजीवी, सम्पन्न र विपन्न सबै जनताको सल्लाहले माध्यमिक विद्यालय स्थापित गर्ने निर्णय भयो ।

विद्यालय स्थापना गर्न ईवाका २२ जिम्मा ६ थरी र फुङनाम तर्फका १९

जिम्माबाट ईवा र फुङनाम बीच प्राकृतिक पोखरी भएको स्थान पोखरीमा जग्गा रोपनी २८०-१२-३ प्रदान भयो । त्यो प्राकृतिक पोखरीको नाममा सो विद्यालयको नाम पोखरी मा.वि. राखियो । विद्यालय सञ्चालनको लागि श्री देवीप्रसाद उप्रेतीले झापा जिल्लाको , सुरुङगा, शर्णामती आदि स्थानमा गरी जग्गा विगाह २१३-६-५ दान गर्नु भयो । त्यसरी नै श्री नारायणप्रसाद बलीले पनि सोही विद्यालयलाई तराईमा जग्गा विगाह ५-०-० दान गर्नु भयो । उल्लेखित विद्यालयहरू र श्री तेह्रथुम क्याम्पस चुहानडाँडा, श्री शारदा मा.वि., श्री सरस्वती मा.वि. हाकु (काङको) राजको गाउँ श्री करफोक मा.वि., श्री घैलाडुवा मा.वि. आदि र श्री प्रणामी मन्दिर सिम्लेलाई समेत गरी तराईमा जग्गा विगाह ८५४-०-० र पहाडमा रोपनी १६-४-२ दिएर अतुलनीय समाज सेवाको उदाहरण प्रस्तुत गर्नु भएको छ ।

उल्लेखित पोखरी मा.वि.सं. २०१६ साल भाद्र १६ मा स्थापित भयो । सो विद्यालय भवन ईवाको २२ जिम्मा ६ थरी फुङनाम तर्फका १९ जिम्मा, समाजसेवी, बुद्धिजीवी तथा सर्वसाधारणको उत्साहपूर्ण सहभागितामा निर्माण सम्पन्न भयो । १७२ फुट लम्बाइ ३६ फुट चौडाइ र ३६ फुट उच्चाइको खाँबा सुद्धिको फुसको छाना भएको विद्यालय भवन निर्माण भयो । तर दुःखको कुरा त्यो भवन निर्माण भइ छाएर धुरी मारेकै बेलुका अन्दाजी ८/९ बजे आगो लागी विद्यालय भवन ध्वस्त भयो । सम्पूर्ण अविभावक तथा शिक्षाप्रेमी जनता निराश र किम्कर्तव्यविमुढ भए । ती निराश अविभावक तथा शिक्षा प्रेमीहरूले स्व. श्री देवीप्रसाद उप्रेतीसँग "अब कसो गर्ने" भनेर प्रश्न गर्दा उहाँले सबैलाई सान्त्वना दिँदै भन्नु भयो - "कच्चा डड्ने बनाएका थियौं डड्यो, अब नड्ने पक्का बनाउनु पर्छ" हतोत्साही अविभावक तथा शिक्षाप्रेमीहरूमा पुनः जोश, जाँगर र उत्साहको सञ्चार भयो ।

यस्तैमा कोही समयपछि सानो बजारको रूपमा रहेको उहाँको निवासमा पनि दोस्रो पटक आगलागी भयो । त्यो दोस्रो पटकको आगलागीले पनि उहाँलाई विचलित पार्न सकेन । बरू अविभावकहरूलाई सल्लाह दिए जस्तै आफ्नो निवास पनि नडड्ने निर्माण गर्न थाल्नु भयो । निर्माणको कार्यअनुसार पहिले गाई-गोठको लागि एउटा पक्की घर बन्यो जुन "गौरीकुञ्ज" (गाईको घर) नामले परिचित छ । साथै आफ्नो निवासको निर्माण कार्य पनि प्रारम्भ गर्नुभयो ।

शिक्षाप्रेमी अविभावकहरूले श्री देवीप्रसाद उप्रेतीको अगुवाइमा ध्वस्त विद्यालय भवन पूर्ववत आकार प्रकारमा ढुंगा माटोको बनाउन शुरू गरे । लगभग फुट २, २१/२ गारो उठ्यो । भवन निर्माण योजना बृहत् भएकोले एउटै याममा निर्माण कार्य सम्पन्न हुन सकेन । वर्षयाम लाग्यो । भीषण वर्षको कारणले विद्यालय भवन ठाउँ-ठाउँमा फुट्यो, चर्कियो । पुनः सारा विद्यालय परिवारको आशा र उमङ्ग निराशामा परिणत भयो । निर्माण कार्य स्थगित भयो ।

विद्यालय भवनको जग परिपक्क भएपछि मात्र निर्माण गर्नु उचित ठानी निर्माणाधिन कार्यहरू स्थगित गरी श्री देवीप्रसाद उप्रेती वि.सं. ०१७ सालमा झापाको शर्णामतीमा आउनु भयो । विद्यालय भवन निर्माण कार्य लगभग वर्ष ३ सम्म स्थगित भयो ।

वि.सं. २०२० मा उक्त विद्यालय भवन निर्माण कार्य पुनः प्रारम्भ भयो । फुट १७२ लमाई, फुट ३६ चौडाई र फुट ३६ उचाई भएको भवनको १/६ भाग फुङनाम, भित्रिया, १/६ हिस्सा होडा, डाडागाउँ, १/६ हिस्सा अर्चले, टुडिखेलले र ३/६ हिस्सा संगोलमा ईवाले निर्माण गरी जनसहभागिताको अद्वितीय उदाहरण प्रस्तुत गरे । सो भवनको लागि कर्कट पाताको छाना सहायक मन्त्री श्री काजीमान कन्दङवाले श्री ५ को सरकारबाट उपलब्ध गराएर अविस्मरणीय योगदान गर्नु भएको छ ।

वि.सं. २०१९ सालमा श्री पोखरी मा.वि. को सञ्चालक समितिको सेकेटरी र श्री प्रणामी नि.मा.वि.का सं.स को सभापति भई काम गर्दा उहाँसँग बराबर भेटघाट र सरसल्लाह हुने गर्थ्यो ।

शिक्षा निशुल्क भएमात्र सर्वसाधारणको लागि प्राप्य हुनसक्छ भन्ने उद्देश्यले सोको परिपूर्तिको निमित्त शिक्षाकोष स्थापना गर्न "विगाह कट्टा" योजनाको सुत्रपात गर्नु भयो । तर यस्तो मानवोपयोगी कार्यमा साथ सहयोगको साटो जमिनपति वा पूँजिपतिहरूबाट व्यापक बिरोध भएकोले सो योजनाले साकार रूप लिनसकेन । त्यो योजनाले उहाँमा निहित मानव उपयोगी चिन्तन र योजनाको पुष्टि गर्दछ ।

बि.सं २०४२ सालमा श्री पोखरी मा.वि. को रजत जयन्ति समारोहमा उपस्थित हुनुभयो । श्री ५ को सरकारबाट अनुमति मागी श्री पोखरी मा.वि.मा दशौं श्रेणीसम्म निशुल्क पठन पाठन गर्ने प्रस्ताव राख्नु भयो । प्रस्ताव पास भयो । विद्यालयको सुदृढ आर्थिक अवस्था भएर पनि प्रवेशिका परीक्षामा लगातार वर्षौं ०% परिणाम प्राप्त भएकोमा दुःख व्यक्त गर्नु भयो । साथै विद्यालयको प्रशासन, पठन पाठनमा सुधार गर्न सुझाव दिनुभयो । सायद त्यो सुझावलाई ग्रहण गर्न नसकेर हो कि श्री देवीप्रसाद उप्रेती, विद्यालयको संस्थापक प्रधानाअध्यापक श्री मदनकुमार थापा समेत अन्य केही अविभावकहरूलाई अनावश्यक प्रशासनिक झमेला लगाइयो । सो कार्यबाट खिन्न भई श्री पोखरी मा.वि. लाई दिएको जग्गा फिर्ता गरी अन्य शिक्षण संस्थालाई दिने निधो गरी त्यस सम्वन्धमा अदालती कार्वाही चलाउनु भयो । उहाँ भन्नुहुन्थ्यो "नचाहेर पनि यो कार्वाही चलाउन वाध्य भएँ, अझै विद्यालय प्रशासक वा जिम्मेवार पक्ष विद्यालयमा विद्यमान त्रुटिहरूमा सुधार गर्न सहमत हुन्छन् भने यो कार्वाहीको समाधान गरौं र मा.वि.लाई क्याम्पस स्तरमा बृद्धि गरौं, यसको लागि अनुकूल वातावरण बनाउने कोशिष गर्नोस्"। यस सम्बन्धमा प्रयास गर्दा विद्यालयको जिम्मेवार पक्षले चासो नदेखाउँदा समस्या यथावत रह्यो ।

वि.सं.२०४७ सालमा श्री देवीप्रसाद उप्रेती आफ्नो जन्मस्थान सिमले गाउँमा आउनुभयो। भेट गर्न म पनि उहाँको निवासमा विसर्जन गर्ने इच्छाले आएँ । उहाँ चिनी रोगको दीर्घ रोगी हुनुहन्थ्यो । "निस्क्रियता मृत्यु हो, सक्रियता जीवन हो" भन्ने मान्यताको उपाशक निष्क्रिय बस्न सक्नुभएन । रोगग्रस्त जीर्ण बृद्ध शरीर भए पनि आफ्नो पवित्र जन्म घरको पुनः निर्माण कार्य आरम्भ गर्नुभयो । घरको जग निर्माण पूरा हुन नपाउँदैमा उहाँलाइ रोगले च्याप्तै ल्यायो । उहाँलाई उपचारको लागि काठमाडौं लगियो । औषधि उपचार उहाँको पक्षमा भएन ।

अन्तिम अवस्थामा आफन्तहरूलाई आफ्नो मृत शरीर भरिसक जनमस्थान पूर्व नेपाल पल्लो किराँत, लिम्बुवान, आठराई, ईवाको सिम्ले गाउँमा र सम्भव नभएमा कर्मस्थान झापाको घैलाडुवामा लगी समाधिस्थ गर्नु इच्छा व्यक्त गर्दै वि.सं. २०४९ साल असार ११ गते काठमाडौं वानेश्वरको आफ्नो डेरामा दुःखद निधन भयो । उहाँको इच्छा अनुसार मृत शरीरलाई जन्मस्थनमा नभए पनि कर्मस्थान झापाको घैलाडुवा स्थित प्रणामी मन्दिरको पूर्वतर्फ छेउमा समाधिस्त गरियो । आफ्नो जन्मस्थानप्रति उहाँमा कति माया रहेछ भन्ने कुरा त्यो व्यक्त इच्छाले प्रष्ट पार्छ । यसरी एउटा राष्ट्रवादी, समाजसेवी, मानवतावादी महामानवको अन्त्य भयो । उहाँको दिवङ्गत आत्माले चीर शान्ति पाओस् । अस्तु

२०५२-१-२६-३

ईवा आठराई, तेह्रथुम,

सुन्दर र उन्नत विचारका सागर

– सरोज ओली

नेपालमा आधुनिक शिक्षाको कुरागर्दा काठमाडौं उपत्यका पछि पहाडी क्षेत्रहरूको प्रमुख चर्चामा पूर्वपहाड तेह्रथुम जिल्लाको पनि पूर्वमा रहेको तमर नदीको दक्षिण पूर्वी किनारमा निरन्तर गतिमा बगिरहेको, कुम्भकर्ण हिमालको शोभा पाएको आठराई पर्छ । यस लेखमा आठराई क्षेत्रमा आधुनिक शिक्षा प्रचार-प्रसारमा स्व. देवीप्रसाद उप्रेतीज्यूको योगदानको बारेमा संक्षिप्त रूपमा संस्मरणात्मक चर्चा गरिएको छ ।

मूलतः आठराईमा २००३ सालतिर मूलपानीमा त्यहाँका आधुनिक शिक्षाप्रेमी जनताहरूले स्कूल खोलेर नारदमुनी शर्मा उप्रेतीद्वारा अंग्रेजी भाषाका रोमन लिपिहरू ९बद्याक्ष्राम० त्यहाँका, बाहुन, क्षेत्री र लिम्बूका छोराहरूलाइ पढाउन थालेपछि तत्कालीन परम्परावादी समाजमा ठूलो हलचल आएको थियो त्यो काममा योगदान पुऱ्याउने परिवारहरूमा उप्रेती, सिटौला, थपलिया, कन्दङवा परिवारहरू नै प्रमुख थिए । हजारौं बर्षदखि चलिआएको परम्पराबादी शिक्षा र संस्कृतिको जगमा हुर्किरहेको समाजमा अचानक अंग्रेजी शिक्षाको प्रचार हुन थाल्दा, अंग्रेजी संस्कृतिको प्रवेश हुन थाल्दा त्यस ठाउँमा एउटा सनसनीपूर्ण क्रान्तिको लहर घर घरमा चलेको थियो ।

२००७ सालको महान राजनीतिक परिवर्तन पछि चुहानडाँडा र मूलपानीमा बेग्ला बेग्लै स्कूलहरू खुले । मूलपानी (सग्राती) मा त्रिमोहन स्कूल र चुहानडाँडामा शारदा स्कूल खुले । यसै बीच आठराई सिम्ले स्व. देवीप्रसाद उप्रेतीको जन्मथलोमा उनकै सत्यप्रयासबाट प्रणामी विद्यालय खुल्यो । मूलमानीमा स्व. जनार्दन सिटौला, स्व. विष्णुप्रसाद विमली, स्व.लक्ष्मीप्रसाद विमली, स्व.भानुभक्त सिटौला, स्व. विष्णुप्रसाद विमली, स्व. चन्द्र बहादुर इङ्गनम, देवीप्रसाद सिटौला आदिको विशेष प्रयास थियो भने चुहानडाँडामा स्व.हरिचरण सिटौला, पद्मप्रसाद उप्रेती, स्व.मेदिनीप्रसाद उप्रेती, स्व. बद्रीप्रसाद थपलिया, धनकर्ण कन्दङ्वा आदिको प्रमुख भूमिका थियो । सिम्लेमा भने स्व.देवीप्रसाद उप्रेतीकै मात्र सत्प्रयास र आर्थिक सहयोगबाट प्रणामी विद्यालय चलेको थियो । आठराईका आँगनमा एकपछि अर्को गर्दै आधुनिक स्कूलहरू तँछाड मछाड गर्दै खुलिरहेका थिए ।

यसै क्रममा स्व. देवीप्रसाद उप्रेतीज्यूलाई ईवा, फुंसिङ् फुङ्नाम, तीन सल्ले, अर्चले, टुडिखेल, होडा, भित्रया आदि गाउँको पायक पार्ने ठाउँ प्रकृतिको सुन्दर कारण,

पञ्चकन्या भगवतीको आश्राम, छातेढुंगाको सांस्कृतिक मुहान र पोखरीको सुन्दर पानीले शोभायमान, सल्लेरी वनको सिसिरे हावाले स्वच्छ पारेको स्थान पोखरी भन्ने ठाउँमा एउटा विद्यालय खोल्ने विचार आएछ । कारण त्यस क्षेत्रका बाल-बालीकाहरू चुहानडाँडा संग्राती(मूलपानी) सिमले स्कूलहरूमा टाढा भएकाले जान नसक्ने अवस्थामा थिए । ती स्थानका नागरिकहरूलाई आधुनिक शिक्षा नदिइकन राखेका खण्डमा त्यहाँका भावि नागरिकहरू गोठाला, खेताला, हली, भरिया आदि नै भएर रहने छन् भन्ने कुरा स्व. देवीप्रसाद उप्रेतीले बुझ्नेछन् ।. २०१५ सालतिर त्यस क्षेत्रका सुब्बा, जिम्बावाल, थरी, मुखिया, साहू-महाजनहरूलाई भेला पारेर सल्लाह गरे । सल्लाहामा खास गरेर उप्रेती परिवार, कन्दङ्वा परिवार, मिश्र परिवार, इङनाम परिवार, संग्रौला परिवार र ओली परिवार आदिलाई समेटिएको थियो । नारायणप्रसाद ओली र मेदिनीप्रसाद कन्दंङवाको सक्रियतामा सो सभाको आयोजना गरिएको थियो । सभामा उपस्थित समाजका स्व. मानबहादुर कन्दङ्वा, स्व. रामप्रसाद ओली, स्व.जगतमणि ओली, स्व. त्रिलोचन ओली, स्व. सेतु सुब्बा, स्व. अकलबहादुर जम्दार, आदिले स्व. उप्रेतीज्यूलाई त्यो ठाउँमा एउटा अंग्रेजी स्कूल खोलिदिनुहोस् भन्ने अनुरोध गरे । जनताका प्रतिनिधिहरूका कुरा सुनेर स्व. देवीप्रसाद उप्रेतीज्यूले स्वीकारेर सल्लाह दिए । फलस्वरूप मानबहादुर कन्दंवाको सक्रिय सहयोगमा लगभग २०० रोपनी जग्गा विद्यालयका लागि व्यवस्था गरियो । २०१६ सालमा आठराई पोखरीमा जुनियर मा.वि.को स्थापना भयो । सुरूमा ढाल्नेका स्याउलाका कटेरा बनाएर पढाउन थालियो । स्कूल भवन बनाउने काममा सबै क्षेत्रका मानिसहरू जुटेर बनाएको सखुवाधारीका सखुवाका खाँवा होडा, टुडिखेल, माझिगाउँ बाट ल्याई ४/५ ओटा स्कूल भवनहरू बनाइए । पढाउनको लागि स्व. मदन थापाको सक्रियतामा दार्जीलिङ्बाट आधुनिक शिक्षा प्राप्त गुरुहरू ल्याएर गाउँका सबै जनताका छोराहरूलाई भेला पारेर पढाउन थालियो । फाट्ट-फुट्ट आँटिला परिवारहरूबाट छोरीहरू पनि स्कूलमा पढाउन थालियो । यसरी स्व. देवीप्रसाद उप्रेतीको योगदानबाट आठराई पोखरीबाट पनि आधुनिक शिक्षाको प्रवित्र धारा बग्न थाल्यो । सबै जनतामा सन्तोषको लहर फैलियो । चुहान्डाँडा मूलपानी, संग्राती, कालिपा आदि स्थानबाट पनि पोखरीमा स्कूल खुलेकोमा खुसियाली व्यक्त गरियो । पुराना विचार लिएका व्यक्तिहरू पनि खुसी थिए । कारण त्यहाँ आफ्नो धर्म, संस्कृति र परम्परा बचाएर राख्नु पर्छ भनेर संस्कृत शिक्षालाई जिउँदो राख्ने हेतुले संस्कृतको पढाइको पनि बेग्लै व्यबस्था मिलाइएको थियो ।

यसैबीच १०१६ सालको सायद जेठ-असारतिर पोखरी स्कूल भवनमा रातमा आगो लागेछ । थाहा पाएर भोलिपल्ट त्यस क्षेत्रका सम्पूर्ण शिक्षाप्रेमी जनताहरू र परिश्रमी श्रमिकहरू आँखाभरि डब्डबाउदा आँशुका ढिका लिएर पोखरीको चौरमा भेला भए । जलेर भष्म भएको खरानी हेरे । त्यस्तो दुष्कर्म गर्ने व्यक्ति जो सुकै भए पनि नास होस् भनेर धिक्कारे । ठूलो शोक सभा भयो । चुहान्डाँडाम र संग्राती स्कूलका शिक्षकहरू र विद्यार्थीहरू पनि सो शोक सभामा भेला भए । त्यस शोक सभामा स्व.देवीप्रसाद उप्रेतीले पनि अति पीर मान्नु भयो र जनतालाई सम्झाउदै भन्नु भयो "तपाईहरू पीर

नमान्नु होस्, तपाई हाम्रो केही समयको पसीना र मेहनत मात्र डडेको छ, म छँदैछु, तपाईहरू हुँदै हुनुहुन्छ । यो स्कूललाई पक्का बनाउने तिर लाग्नुहोस् । अब उता स्कूल चल्ने चलाउने सम्पूर्ण खर्च म बिहोर्छु । त्यसको लागि म झापामा यो स्कूललाई जग्गा दिन्छु ।" आदि आदि । त्यही सभामा चन्दा लेख्ने काम भयो । लगभग ७५,०००।- चन्दा लेखियो । नारायणप्रसाद ओलीका अगुवाइमा विद्यालय भवनको चर खन्न थालियो । मदन थापालाई स्कूल सञ्चालनको जिम्मा दिइयो । फेरि स्याँउले कटेराहरू बनाइए । तिनैमा गरीब गाउँलेका केटाकेटीहरूलाई पढाउन थालियो । आठराईको पोखरी स्कूलको भवनमा आगो लागेको घट्ना त्यस क्षेत्रको शिक्षा क्षेत्रमा लाग्न खोजेको कलंकको टीकालाई स्व. देवीप्रसाद उप्रेतीले वास्तै नगरी पचाइ दिए, जनताहरूका सामू आँटी समरक्षक भएर आफ्नो शिक्षाप्रेम देखाए र शिक्षा विरोधीहरूका सामू शिक्षाप्रेमीहरूलाई शिर ठाडो पारेर हिड्न सिकाए ।

देवीप्रसाद उप्रेती आफूले थालेको ठोस काममा जस्तोसुकै बाधा आइपरे पनि पछि सर्दैनथे । स्कूल भवन आगलागीको लगत्तै त्यो जुनियर मा.वि.लाई हाई स्कूलको स्वीकृतिको लागि कारवाही चलाए । हाइस्कूलको स्वीकृति प्राप्त भयो । वि सं. २०१८ सालमा पोखरी हाईस्कूल आठराइबाट की।क्ष मा विद्यार्थीहरू सामेल भए ।

विद्यालय भवनको चर खन्ने काम शुरू भयो । २०१६ साल सम्ममा चरमात्र सम्याएर सकियो । जनताले दिएको चन्दा पनि सकियो । भवनको चरमात्र बन्यो । स्कूल सञ्चालनको जिम्मा विचारसिंह कन्दंङवा र बल्लभमणि दाहाललाई दिएर स्व.देवीप्रसाद उप्रेती र स्व. मदन थापा झापा झरे ।

स्व.उप्रेतीका जीवनमा ठूल्ठूला उकाली ओराली आएका छन् । पोखरी हाई स्कूलका नाउँमा दिएको जग्गामा ०१९/२० सालमा कन्काई नदी पसेर सम्पूर्ण बगर भयो । स्कूलका शिक्षकहरूलाई दिने वेतन धानबाट उपलब्ध हुन नसक्ने भयो । मदेशको जग्गाबाट आमदानी आउँदैन भन्ने सुन्नासाथ गाँउलेहरूका मनमा ठूलो पीर पर्‍यो । त्यति बेलासम्म त्यो क्षेत्रका केही चेतनशील युवकहरूले की।क्ष पास गरेका थिए । ढिडो पीठो पाएर पढ्न पाएका छोरा-छोरीहरू पढ्न नपाउने कुरो थाहा पाएर ज्यादै पिरोलिएका गाउँलेहरूका मनोभाव बुझेर स्थानीय शिक्षित युवकहरूले एउटा दृढ अठोट लिए । शेरबहादुर ईङनाम, गंगाप्रसाद उप्रेती, स्व. प्रेमप्रसाद उप्रेती, चन्द्र मैनाली, रामचन्द्र मैनाली, जयप्रकाश उप्रेती, प्रेम ओली आदि १२/१५ जना युवकहरूले महिनाको खाजा भत्ता रू २५।- लिने सर्तमा १ बर्ष स्वयंसेवक काम गर्ने निस्वार्थ वचन दिएर स्थानीय जनताहरूलाई आश्वस्त पारे र सोही बमोजिमको पत्र स्व.देवीप्रसाद उप्रेतीमा समेत पठाए । यो कामबाट पोखरी स्कूलमा तत्काल परेको संकट टरेकोमा सबै पक्ष खुशी भए । यो घटना २०२०।२१ साल तिरको हो ।

वि.सं.०१७ को राजनीतिक परिवर्तनपछि त्यँही क्षेत्रका सम्रक्षक काजिमान कन्दंवा गृह-सहायक मन्त्री भए । उनले त्यो बन्दै गरेर बन्द रहेको स्कूल भवनको छानो छाउन श्री ५ को सरकारबाट एकसय बीस बण्डल कर्कट पाता आर्थिक सहयोग जुटाए । त्यति हुँदाहुँदै पनि स्कूल भवन बन्ने सम्भावना एकदमै घटेर गएको थियो ।

यसैबीच स्व देवीप्रसाद उप्रेती २०२० सालमा घैलाडुब्बा स्कूलको झगडामा फँसे। स्कूलको जग्गा खोलाले लानु, स्कूल संरक्षक उप्रेती नराम्रो मुद्दामा फँस्नुले पोखरी हाइस्कूलको लागि ठूलो शंकट आइपऱ्यो। बाहिरबाट आएका शिक्षकहरू मध्ये बल्लभमणि दहालमात्र स्कूलमा थिए भने स्थानीय व्यक्ति विचारसिंह कन्दंवा आफ्नी बैनी कृष्णा कन्दंवा ९द्या७० लाई राखेर स्कूललाई टिकाइरहेका थिए। ठीक त्यही समयमा झापाबाट स्कूल चलाउन खर्च पठाउन नसक्ने, जनताबाट स्कूल भवन नबनाए स्कूल ढल्ने आशयको पत्र गएछ। त्यो कुरो २०,२० साल दशैं ताकाको कुरो हो। त्यसबेला म पनि मेरो गाँउ होडा मै बिरामीको कारणले पढाइ छोडेर बसेको थिएँ। बल्लभजी सित मेरो निकै घनिष्ट मित्रता कायम भएको थियो। २०२० साल दशैंको महाअष्टमीको दिन उनलाई मैले खान बोलाएँ। मेरो घर (होडा गैरीघर) मा रात बस्दै उनी आए। मेरा बाबु (स्व.जगतमणि ओली) सित बल्लभजीले शिक्षाको बारेमा थुप्रै कुरा गरे। कुरै कुरामा उनले पोखरी स्कूल भवन नबन्ने भएकाले छोडेर आउनु भन्ने आशयको पत्र झापाबाट आएको पनि बताए। मेरा बाबुले त्यो कुरा सुनेपछि अति नै पीर माने। विहान मेरा माइलाबा (रामप्रसाद ओली) समेत बसेर उनै बेलुकाका कुरा भए। मेरा बाबु र माइलाबासित कुरा भए र निष्कर्षमा होडा गाउँले एक घर बनाउने कुरो भयो। यही कुरो लिएर बल्लभजी पोखरी गए। उहाँ विचारसिंहसित त्यही सल्लाह भएछ। दशैं मान्न सिम्ले पुगेका भाञ्जाबाबुलाई पनि यही कुरो सुनाइएछन्। दशैंको एकादशीका दिन होडामा स्व टीकाप्रसाद प्रसाईका घरमा उनकै सभापतित्वमा सभा भयो। सभामा पोखरी स्कूलको लगभग २०० फिट लामो चरलाई दुई भाग लगाइयो। एक भाग पोखरी पञ्चायत (हाल छाते ढुंगा गा.वि.स) ले बनाउने र अर्को एक भाग ईवा पञ्चायत (हाल ईवा गा.वि.स) ले बनाउने निधो भयो। पुनः पोखरीको भागलाई तीन भाग लगाइयो। त्यो तीन भागको एक भाग होडाले (होडा गाउँले) बनाउने निधो लियो। होडाको योजना अनुसार स्कूल भवन बन्ने भयो भन्ने पत्र स्व. देवीप्रसाद उप्रेतीका समक्ष झापामा पठाइयो। त्यो पत्र पाएर स्व. उप्रेतीले होडालीलाई ठूलो काम गर्ने निधो गरेकोमा धन्यवाद दिएर त्यस्ता शिक्षाप्रेमी ईवाली र पोखरियालीहरूलाई आफ्नो जीवनको अन्तिम घडीसम्म शिक्षा विकासमा सहयोग गर्ने निधो जारी राखे। झापामा भएको झगडाले आठराईको पोखरी क्षेत्रमा यस उता केही असर नगर्ने भयो।

वि.स. २०२१ भदैमा श्री ५ को सरकारले भूमि सम्बन्धी ऐन ल्यायो त्यो ऐनले जमिनको उच्चतम हदबन्दी तोक्यो। मुलुकका ठूल्ठूला जमिन्दारहरुले आ-आफ्ना जग्गाहरु जोगाउने उपाय निकाल्न थाले। कसैले चिया बगानको शुरुगर्ने भने कसैले भुँइकटर उद्योग खोल्ने भने कसैले सञ्जीवनी लगाउने भने त कसैले अरु अरुका नाममा आफ्नो जग्गा लुकाउने भने त कसैले थुप्रै उपाय निकालेर आफ्ना नाउँमा रहेको हदबन्दी भन्दा वेसी जग्गा बचाउने सोचे। तर स्व. उप्रेतीको अरु जमीन्दारहरुको भन्दा भिन विचार रह्यो। उनले आफ्नो हदबन्दीभन्दा बढी रहेको जग्गा विद्यालयहरूका नामा दिएर समाजमा शताब्दीयौंदेखि कालो धब्बाको रूपमा रहेको महाशत्रु अज्ञानता र अशिक्षाको विरुद्धमा लड्ने अस्त्रको रूपमा लगाउने उनले निधो लिए।यसो भनौं उनले सरकारले लिन खोजेको बढी जग्गालाई ज्ञानयज्ञमा

खर्च गर्ने निधो लिए। त्यही अनुसार पोखरी मावि आठराईलाई लगभग १८५, विघा, प्राणामी विद्यालयलाई लगभग ७५ विघा, मेची क्याम्पसलाई लगभग १०० विघा र अन्य प्राविदेखि महाविद्यालयहरूलाई मन ठूलो पारेर उदार हृदयले जग्गा दिए। यसरी आम जनतामा शिक्षाको उज्यालो प्रकाश जनस्तरबाट फैलाउने कम स्व. उप्रेतीले गरे। यो काम नै उनको जीवनको महत्वपूर्ण कार्य भयो।

स्व. देवीप्रसाद उप्रती एउटा ठूलो औपन्यासिक पात्र थिए। उनलाई विभिन्न रूपबाट चित्रण गर्न सकिन्छ। यस्ता ठूला व्यक्तित्व उप्रतीलाई श्री ५ को सरकरले उनको भावना बुझेर कुनै पनि शासनकालमा उचित सम्मान र व्यवहार गर्न सकेन। सरकारले जहिले पनि उनलाई शंकाको दृष्टिले हेऱ्यो, हेरिरह्यो त्यको मूल कारण सरकारमा काम गर्ने कर्मचारीहरू उनको उन्नत र प्रगतिवादी विचारलाई गहिरिएर बुझ्दैनथे। उल्टो ती विचारहरूलाई दबाउन राजालाई र राजाका नजिकमा रहेका मानिसलाई उनका बारेमा गलत कुराहरु सुनाउँथे। फलस्वरुप उनले आफूले पवित्र इच्छाले थालेका कामहरुको समापन भएको शन्तिपूर्ण मनले कहिल्यै पनि हेर्न पाएनन्

स्व. उप्रेतीसित मैले धेरैपटक भेटें। भेट गर्ने मौका पनि पाइरहें। विद्यार्थी जीवनमा भेट हुँदा ठूलो विद्वान बन्ने प्रेरणा दिन्थे, व्यावहारिक जीवनमा भेट हुँदा साँचो व्यवहार गर्ने उत्साह भर्थे, शिक्षक भएर भेट हुँदा असल र गुणवान भविष्यका राष्ट्रका कर्णधार बनाउने सल्लाह दिन्थे। कवि भएर भेट हुँदा कविताको पुस्तक हेरेर हाम्रो भावनासमेत समेटेर लेख्नु भएछ। राम्रो लाग्यो, लेख्न नछोड्नु होला, तपाई भविष्यमा ठूलो कवि बन्नु हुने छ भन्ने सल्लाह दिन्थे। प्रेरणा दिन्थे। उनकोमा गएर कुनै पनि लेखक, कवि जोगी सन्यासी आदिले रित्तो हात फर्कनु पर्दैनथ्यो। पढ्न चाहने उत्साही र लगनशील विद्यार्थीहरुलाई सकेसम्म सहयोग गर्थे। उनका गुण र दोषको लेखाजोखा गर्दा गुण पट्टिकै पल्ला भारी रहेको पाइन्छ। उनको समयका सँगैका जमीन्दारहरू आफ्ना दरसन्तानहरुलाई करोडपति अरबपति बनउने उपायमा लगेका बेलामा उप्रतीजी गरीब र अशिक्षित अज्ञानी र निर्धन जनताका सन्तानहरुलाई शिक्षा दिएर समाजकै उत्थान गर्न चाहन्थे। सँगैका जमीन्दारहरू जात-पातका रुढिवादी कुरामा अल्मलिएका बेलामा उनी समाज सुधारको उज्यालो प्रकाश हातमा लिएर पहाड मदेस गर्थे। स्व. देवीप्रसाद उप्रती तत्कालीन समयका कट्टर कम्युनिष्ट गनिएका कवि गोकुल जोशीलाई उनको जीवनको अन्तिम घडीसम्म पनि आफ्नो घर घैलाडुब्बामा बास बस्न दिन र जीवनका न्यूनतम आवश्यकताहरू पूर्ति गर्न पछि परेनन् भने एक अत्यन्त विशिष्ट अद्भूत मार्तण्ड वालब्रम्हचारी (ओली साधु) लाई पनि उसै प्रकारको सेवा र सुविधा दिन पनि अघि सरे। त्यसैले म भन्छु - ऊ सुन्दर र उन्नत विचारको सागर हो। ऊ बुद्धि विवेकको सही उपयोग गर्ने ज्ञानी मन्छे हो त्यसैले म समयको सागरबाट उनका गुणहरुलाई मात्र निकालेर पढन र पढाउन चाहन्छु। उनका सुन्दर भावनाहरु र उनी भित्रभित्र उज्यालिएको सूर्योदयको प्रथम प्रकाश परेको सगरमाथा जस्तो चम्किलो मानवतालाई मात्र उठाएर संसारमा फिजाउन चाहन्छु। अस्तु।

शनिश्चरे झापा

०५२।१।२३।

देवीप्रसाद उप्रेती र शिक्षा

- वंशीधर दाहाल

नेपालका विशेषगरी पूर्वाञ्चल क्षेत्रमा शिक्षा क्षेत्रसँग संबद्ध जोसुकै व्यक्तिका लागि पनि देवीप्रसाद उप्रेतीको नाम नौलो नहुने कुरामा दुई मत हुन सक्दैन। हाम्रो अगाडि इतिहास साक्षी छ, जुनसुकै समाज वा राष्ट्रको कुनै पनि क्षेत्रको विकासको लागि समाजका सबै व्यक्तिले उत्तिकै योगदान दिन सकेको हुँदैन, त्यस्ता समाज वा राष्ट्रमा बेला-बेलामा युग पुरूषहरू जन्मन्छन् र तिनीहरूले नै त्यो समाज वा राष्ट्रलाई प्रगतिपथतिर लैजान्छन्। यही प्राकृतिक नियम नै भनौं भित्र परेर वि.सं. १९६९ सालमा नेपालको पूर्वाञ्चल, कोशी, जिल्ला तेह्रथुमको सिम्ले भन्ने गाउँको एउटा कुलीन परिवारमा एउटा वालकको जन्म हुन्छ। जसलाई आज हामी देवीप्रसाद उप्रेतीका नाउँले जान्दछौं। त्यसवेलाको राणाकालीन नेपालको पहाडी भू-भागमा कुनै किसिमको विकासको पूर्वाधारको कुरै थिएन, त्यसमाथि शिक्षा क्षेत्रमा त पटक्कै केही भएकै थिएन। एउटा कुलीन घरानामा जन्मिएको व्यक्ति भएकैले देवीप्रसादले आफ्नू प्रयत्न र परिवारको सहयोगबाट साँवा अक्षर सम्म चिन्ने भएर शिक्षाको महत्व बुझेपछि निरक्षर नेपालीका निमित्त केही गरौं भन्ने हिम्मत बोकी उनी वि.सं. १९९० सालमा तराईको झापामा झरे। त्यसबेला नेपालको मधेश जानु भनेको मृत्युलाई वरण गर्नु हो भन्ने जनभावना नेपालका पहाडी भेकमा पाइन्थ्यो। साँच्चै भन्ने हो भने तराईको वातावरण पनि त्यस्तै थियो। तर समाजको लागि केही गरौं भन्ने भावनाले प्रेरित मानिसलाई कुनै विपत्तिले पनि रोक्न सक्दैन भन्ने ज्वलन्त उदाहरण देवीप्रसाद उप्रेतीलाई लिन सकिन्छ। किन भने त्यस समयको तराईको त्यस्तो परिस्थितिको पनि वास्ता नगरी उनी तराई झरे र धेरै भन्दा धेरै जग्गाको जिमिदारी आफ्नो जिम्मा लिएर ती जग्गाहरू विद्यालय खुलिसकेका, तर आर्थिक स्थिति नराम्रा भएका र विद्यालय खोल्न आवश्यक भएका ठाउँमा विद्यालयहरू स्थापना गर्दै वितरण गर्दै गरे। यसरी उनले झापा, इलाम र तेह्रथुमका २९ वटा जति शिक्षण संस्थालाई करीब ९०० बिघा झापाको जमिन दान दिएका छन्। उप्रेतीसँग यो पंक्तिकारको प्रत्यक्ष सम्बन्ध राख्ने मौका त भएन, तर पनि उहाँको २०४२ सालतिर तेह्रथुम जिल्लाको भ्रमणको क्रममा बाटामा पर्ने साथै आफूले दान दिई सहयोग गरेको यो करफोक विद्यामन्दिर उ.मा. विद्यालयलाई पनि थोरै समय उहाँले दिनुभएको

थियो। त्यसैबेला आफू एउटा सहायक शिक्षकको नाताले उहाँको मुखाकृति हेर्ने र थोरै भए पनि वाणीहरू सुन्ने मौका पाएको हो। उहाँको शिक्षा प्रतिको प्रगाढ प्रेम भने त्यति छोटो समयमा पनि राम्ररी बुझ्न सकिन्नथ्यो। विद्यालयले सामान्य फूलमालाले स्वागत गरेको थियो। उहाँले विद्यार्थीहरू भेला गराई छोटो समयमा शिक्षा सम्बन्धी धेरै उपदेश दिदै विद्यार्थी ममताले द्रभिभुत भई गेजिवाट - नानीहरूले मिठाई खानु भन्दै रू.२०० दिनु भएको संझना अलिकति पनि बिर्सिएको छैन।

देवीप्रसाद उप्रेतीले शिक्षण संस्थाहरू, सामाजिक संघ संस्थाहरू तथा धार्मिक संघ संस्थाहरूलाई दिएको जग्गा तथा नगद दान सहयोगलाई कुनै पनि शिक्षाप्रेमी नेपालीले बिर्सन सक्ने कुरै छैन। यसै सनदर्भमा उनले यस करफोक विद्यामन्दीर उच्च मा.वि. लाई गरेको सहयोग वारे उल्लेख गर्न सान्दर्भिक नै हुने हुनाले छोटो प्रयास गरिएको छ। देवीप्रसाद उप्रेतीले यस विद्यालयलाई झापाको सुरूङ्गा गा.वि.स. मा दिएको जग्गाको रेकर्ड ३० बिघाको भए पनि हालसम्म विद्यालय २६ बिघा जग्गाको मात्र आम्दानी लिन सकिरहेको छ। उक्त आम्दानीलाई दाताबाट बेला-बेलामा प्राप्त निर्देशन र सल्लाह अनुसार विद्यालयले भौतिक सुविधा जुटाउन खर्च गरिरहेको जानकारी गराउन चाहन्छु। बाँकी ४ बिघा जग्गा उप्रेतीले २०३६ सालमा विद्यालयलाई दानपत्र गरिदिनु भएकोमा तत्कालीन जिल्ला समिति झापाले उक्त दानपत्र लिखतलाई निष्कृय ठहऱ्याई प्रकाश शर्मा भन्ने व्यक्तिलाई सोही समितिले मिति २०४२।२।१६ मा विक्रि गरेको विद्यालयले थाहा पाई २०४३ सालमा सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो। सो रिट निवेदन अनुसार सर्वोच्चले कार्वाही गरी २०४५ साल बैशाख ३० गते विद्यालयलाई जिताई फैसला गरेकोमा, भूमिसुधार कार्यलय झापाले मिति २०४९ साल बैशाख १५ गते निर्णय गरी फेरि विद्यालयलाई हराएको हुँदा उक्त ४ बिघा जग्गाको मुद्दा चलिरहेकोले हालसम्म सो जग्गा विद्यालयको भन्न सकिएको छैन।

करफोक, उच्च.मा.वि.

इलाम

शिक्षा सेवी, जातपात विरोधी : देवीप्रसाद उप्रेती

- माधव मैनाली



झापा इलाम र तेह्रथुममा शिक्षामा जागरण ल्याउनमा श्री देवीप्रसाद उप्रेतीको योगदान कसैबाट छिपेको छैन । उहाँको व्यक्तित्व र उदारतालाई नियालेर पर्गेल्ने जो सुकै पनि उहाँका दूरदर्शितादेखि नतमस्तक हुन्छन् ।

श्री देवीप्रसाद उप्रेती मेरो माटोको उपज हुनुहुन्थ्यो तापनि मेरो चाहिँ उहासँग साक्षात्कार भएको २०२७ सालपछि मात्र हो । मेरा पिताजीसँग उहाँको घनिष्ट सान्निध्य थियो ।

२०४२ सालमा श्री पोखरी माध्यामिक विद्यालयको रजत जयन्ती मनाउन उहाँ आठराईतर्फ आउनुभएका बेला म उहाँको नजिकमा थिएँ । त्यसपछि झापा गएर मलाई बराबर पत्राचार गर्नुभयो । उहाँले लेखेका पत्रहरू प्राय शिक्षाप्रद र लाभदायी हुन्थे । मेरो आफ्नै बेवास्ताले गर्दा धेरै पत्रहरू हराएँ । आज पनि धेरै चिट्ठीहरू उहाँका सुन्दर हस्ताक्षरमा लेखिएका मेरा फायलमा सुरक्षित छन् । ती चिट्ठीहरू प्रायः उपदेशात्मक भएका हुदाँ अझै पनि दिनको एक पटक खोलेर हेर्न मन लाग्छ ।

२०४८ साल असोज २६ गते फिदिमबाट मेरो नामको एउटा पत्र आयो । त्यसमा लेखिएको थियो "दार्जीलिङ देखि फिदिम आएँ । फिदिमबाट सारुतासम्म झरेर बसेको छु । मेरो डोको आफै जन्मिएको घरमा विसाउने उद्देश्यले आइरहेको छु । एउटा घोडा र साथमा दुईजाना सामान बोक्ने मानिस लिएर नानीले आउनू" चिट्ठी हेर्नासाथ घोडा र मानिस लिएर सारुता गएँ । मलाई देख्नासाथ उहाँ भक्कानिएर रून भयो । उहाँका हेराइ बाट नै प्रतित हुनथ्यो कि-मलाई मौन धन्यावाद दिइरहनु भएथ्यो । भोलिपल्ट आश्विन २७ गते उहाँलाई लिएर आफ्नै घरमा बसें । त्यसपछि आफ्नै आमा सुतेको ओछ्यानमा सुत्ने अगाध इच्छा गर्नुभएकोले आवश्यक व्यबस्था मिलाई उहाँलाई आफ्नै घरमा लगियो ।

त्यसपछि हामी दुईजना घण्टौ कुरा गरिरहेथ्यौं । कुरैकुरामा एकदिन उहाँले आफ्नो पुरानो घर भएकै स्थानमा एउटा पुस्तकालय बनाउने उत्कट इच्छा भएको विचार व्यक्त गर्नुभयो । मलाई त्यो कुरा ज्यादै मन पऱ्यो र उहाँका विचारलाई अभिनन्दन गरें । उहाँले मलाई असल-असल कर्मी बन्दोवस्त गर्न अराउनुभयो । मैले पनि तुरून्त

उहाँले भने जस्ता कर्मी बन्दोवस्त गरिदिएँ । पुस्तकालय भवन निर्माणार्थ शिलान्यास गरियो । गारो लाउँदा लाउँदै करीब एकलाख रूपैया खर्च भयो ।

बाबा पहिलेदेखि नै मधुमेय रोगले पीडित हुनुहुँदोरहेछ । उहाँको उच्च रक्तचाप पनि थियो । उहाँको आफ्ना माता पिता बसेका घरमा देह त्याग गर्ने अत्यन्त तीव्र चाहना थियो । तर परिस्थिति अनुकूल रहेन । शिक्षण संस्थाको जग्गालाई ब्यबस्था गर्ने संम्बन्धमा राधाकृष्ण मैनाली र गंगा उप्रेती समेतको निमन्त्रणामा उहाँका छोरा कृष्ण उप्रेती र छोरी बन्दना उप्रेती वहाँलाई लिन आउनु भएछ । शिक्षण संस्थालाई आफ्ना सन्तान बराबर माया गर्ने उहाँको नैसर्गिक स्वभाव भएको हुनाले उहाँले त्यस आग्रहलाई नर्कान सक्नु भएन र उहाँ जाने हुनुभयो । म पनि उहाँलाई बिदाई गर्न पाँचथरको आँडवुडसम्म गएको थिएँ । उहाँले बिदा हुने बेलामा भन्नु भएथ्यो "यहाँको कुल्ली कवाडीको सम्पूर्ण खर्च वर्चको हिसाब राख्ने र उनीहरूलाई आवश्यकता अनुसार पेश्की दिनेकाम नानीले जिम्मा लिनु पऱ्यो । म बेलाबेलामा चिट्ठी पत्र लेख्दै गर्ने छु ।"

त्यसपछि भद्रपुर झापा पुगेर मलाई उहाँले चिट्ठी लेख्नु भएको थियो । त्यसमा लेखिएको थियो –"मलाई बिराम घटेन र पर्सि काठमाण्डौं लैजाने भएका छन् । बाँचे फिर्ने र भेट होला नभए यो अन्तिमको संम्झना । नानीले तकलिफ उठाएर त्यहाँको काम धानेको छ । बाँचेर फिरे दुखःसुखका कुरा गरौंला । जीवनमा गर्नु पर्ने काम धेरै बाँकी रहे । त्यो बाँकी कामजति भविष्यमा नानीहरूले अङ्भर गर्नुपर्ने छ । त्यहाँ एउटा बिज्ञान क्याम्पसको बीजारोपण गर्ने उत्कट इच्छा थियो, त्यो पुग्ला नपुग्ला भोलिले नै बताउने छ ।"

त्यसपछि उहाँको स्वस्थ्य लाभको कामना गरेर म आफ्ना व्यबहारमा लागें । कुल्लीलाई पनि उनीहरूको ज्याल दिइयो । त्यसपछि काठमाडौंबाट मेरो नाममा एक चिट्ठी आयो । त्यसमा लेखिएको थियो "नानी चुनाव लड्ने कुरा सुनें । खुसी लाग्यो । सफलताको सदा कामना । कृष्ण चुनाव सघाउन त्यहाँ आउने छन् र चुनाव सकेपछि फिर्ने छन् । बिजय निश्चित छ । मेरो शुभकामना सदा साथ रहने छ । चुनाव पछि नानी एक पल्ट काठमाडौं आउनू र अरू सरसल्लाह गर्नुपर्छ । जीविकाको बाटो मधेशमा भन्दा पहाडमा राम्रो र बलियो पार्न सकिन्छ । नयाँ-नयाँ उपायहरू धेरै सुझेका छन् । मेरो अन्त्यकाल भए पनि छोरा कृष्णले त्यहाँको चाँजो, रोजगार सबै मिलाउने छन् भन्ने मैले भरोसा लिएको छु । पहाडका रूखा पाखाको माया गर्नु पर्छ ।"

उहाँ मेरो सर्म्पकमा आएपछि हामी दुवै दिनभरि सुखदुखका कुरा गर्दथ्यौं । उहाँलाई आफ्नो समीपमा पाएर मलाई पनि ज्यादै आनन्द लाग्थ्यो र मुग्ध भएर घण्टौंसम्म शिक्षाप्रद कुरा सुनिरहन्थे । एकदिन कुरैकुरामा उहाँले भन्नुभयो- "माधव बाबु ! मलाई ज्यामिरेपाटो र बाँसपाटो किन्नदिनु पऱ्यो ।" मैले किन होला भनी जिज्ञासा प्रकट गर्दा उहाँले हसिलो मुख मुद्रामा भन्नुभयो -"पँधेरे खोलादेखि मेरो घरका सुरसम्म नापेर आऊ" महेन्द्र भुजेल र म गएर नाप्यौं । जम्मा ८२५ फूट भयो । त्यसपछि पुनः पधेरे खोलादेखि तिम्रा घरको सुरसम्म नाप्न अराउँनुभयो । नापेर हामीले ८४० फुट भएको कुरा सुनायौं । त्यसपछि उहाँले भन्नुभयो । पँधेरे खोलादेखि पुलजाने

मूलबाटो सम्म अन्दाजी १ किलोमिटर लम्बाईको सडक बनाउने इच्छा । त्यसमा पीच गरिदिन पाए नानीहरू साइकल दौडाउँदै रमाउने थिए"। यो कुरा सुनेर मलाई आश्चर्य लाग्यो । अनि मनमनै भने-बाबा निकै विनोद प्रिय हुनुहुदो रहेछ ।

त्यसअघि एकदिन कुरैकुरामा जातपातको प्रसंग चलेथ्यो । यस संम्बन्धमा उहाँले भन्नुभयो । जातपात भनेको प्रकृतिले बनाएको नियम होइन यो चाहिँ ब्राम्हणहरूले कामको आधारमा आफ्नो स्वार्थसिद्ध गर्नको लागि बनाइएको नियम हो ।" यसरी त्यस युगमा जन्मेका गैर शुद्रमध्ये यस प्रकारको उच्च विचार राख्ने देवीप्रसाद उप्रेती प्रथम व्यक्ति हुनुहुन्थ्यो ।

उहाँ राजनीतीबाट पनि पृथक हुनुहुन्थ्यो । मेरो एक जिज्ञासालाई उहाँले यसरी शान्त गर्नु भएको थियो । "सामाजिक जीवनहरू, नदीहरू समुन्द्रमा मिलेभैं एकदिन साम्यवादी व्यवस्था तिर बढ्नेछन् । नेपालमा पनि विकास ल्याउनको लागि यो व्यवस्था अपरिहार्य छ ।"

उहाँको गलामा तुलसीको माला लगाइरहेको थियो । उहाँ जनैको विरोधी हुनुहुन्छ । यस संम्बन्धमा कुरा उठाउँदा उहाँले भन्नुभयो- "२००४ सालमा हामीले जातीयताको निन्दित कुसंस्कृतिको कसरी अन्त्य गर्ने भन्ने चर्चा चल्दा दार्जिलिङमा महाकवि देवकोटा, महानन्द सापकोटा, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह र पूर्णबहादुर मानव र म यस विषयमा छलफल गर्‍यौं । सबैको निर्णय बमोजिम कुनै एक तल्लो जातको मानिसलाई भात पकाउन लगाएर सबैले आनन्दित हुँदै खायौं । त्यसपछि मैले जनैलाई सधैंको निम्ति परित्याग गरिदिएको छु ।"

हामी पुर्खौंलीदेखि कृष्ण प्रणामी धर्ममा आबद्ध छौं । बेला बेलामा यस धर्मका हिमायती कट्टर महन्तहरू आएर भेडाबाखा पाल्न समेत निषेध गर्ने गरेकोमा आयस्ताको बाटो ठप्प रोकिएको प्रसंग सुनाउँदा उहाँले रोचक सन्दर्भ प्रस्तुत गर्नुभएको थियो । "जीवीकाको निम्ति जुनसुकै पेशा पनि गर्नुहुन्छ । एउटा दिनभरि माछा मारेर विकी गरी त्यसबाट आएको आयस्ताले बेलुका राज्जीको सेवा पूजा गर्ने प्रणामी पनि पछि श्री कृष्ण प्रभुका कृपा कटाक्ष्यले गर्दा परमधाम गएको कथा छ ।" यस्ता कुरा गरी बाखापाठा पाल्नु र बेच्नु अपराध होईन भनेर सम्झाउनु भएको कुरा मेरा मानसपटलमा अद्यापि ताजै छ ।

त्यसदिन अर्थात् २०४९।३।११। गतेका दिन जि.वि.स. तेह्रथुम गएको थिएँ । देवीप्रसाद उप्रेती स्वर्ग हुनुभयो भन्ने मेरो नामको आ.वा. सन्देश एक मित्रको हातमा परेछ । वहाँले आठराईबाट मलाई तेह्रथुममा सो दुखद खबर आ.वा.बाटै दिनुभएको थियो । मनमा चिसो पस्यो । खोलेर हेरें । खवर बुझें । मलाई त्यतिबेला ज्यादै पिर पर्‍यो । त्यस समाचारले मलाई स्तभित बनायो । मेरो उहाँसँग पुनः साक्षात्कार गर्ने धोको र उहाँको आठराई सिम्लेमा विज्ञान क्याम्पसको बिजारोपण गर्ने धोको अधुरो रह्यो ।

यसरी एकजना समाजसेवी, विद्यालयको संरक्षक, जात-पातका बिरोधी श्री देवीप्रसाद उप्रेतीज्यूलाई कालले चुडेर लग्यो । उहाँले छाडेर गएका अपूर्ण कार्यलाई पुरा गरे मात्र उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ । उहाँका स्मृतिमा श्रद्धाका आँसु चुहाई यो लेखको समाप्ति गर्दछु ।

ईवा २, तेह्रथुम ।

देवीप्रसाद बाबासँगको अन्तिम साक्षात्कार

- गोपालप्रसाद संग्रौला

उत्तरतिर तमोर नदी आफ्नै बेगमा सुसाउँदै बगिरहेको थियो । अग्ला डाँडामा हिमाल टल्किरहेको-हँसमुख बाबा जस्तो । ग्रामिण नरनारीलाई अज्ञानले खर्लप्पै निलेको थियो- सूर्यलाई ग्रहणले निलेजस्तो । पर्वत-श्रृङ्गमा लाली-गुराँस फुलेको सूर्योदयका अरूणजस्तो गाउँलेहरूलाई शोषक-सामन्तले सताएको- उनीहरूले उब्जाएको अनाज अन्यत्र चुहेको-चुहुँने भाँडाको पानीजस्तो । यो थियो त्यस युगको आठराईको दयनीय स्थिति ।

यस्तै परिवेशमा आठराईको इवा-सिम्लेमा एक जना अद्वितीय बालकको जन्म भयो– वि.सं. १९६९ वैशाख १ गते । त्यही बालकलाई समयको अन्तरालले-"देवीप्रसाद उप्रेती' नामबाट पूर्वाञ्चल क्षेत्रका विख्यात समाजसेवीहरूका अग्रपंक्तिमा स्थापित गरिदियो ।

त्यसबेला आठराईका युवकहरू धरानदेखि भारी ओसारेर भीनो जीविका गर्दथे । कति कामको खोजीमा मुङ्लानतिर भासिन्थे । कति उतै हराउँथे भने कति चाँहि केवल कालोज्वरो मात्र बोकेर फर्किन्थे ।

भयावह समय र परिवेशमा देवीप्रसाद उप्रेतीको व्यक्तित्व, कसरी भावी देशका कर्णधारहरूलाई शिक्षाको प्रकाशले आलोकित गर्न सकिएला भनी चिन्तनले छट-पटाइरहन्थ्यो । यसै समस्यालाई निराकरण गर्नको लागि उहाँले भाषाविद् महानन्द सापकोटालाई वार्षिक छत्तीस मुरी धान पारिश्रमिक अर्पण गर्ने शर्तमा वाल-वालिका पढाउनका लागि अनुरोध गर्दै पत्राचार गर्नुभएको थियो-२००१ साल तिरै । सो पावन कार्यको निम्ति कसैबाट रचनात्मक सहयोग नपाएपछि उहाँले एक दशकसम्म कुण्ठित भएर पर्खनु परेको थियो -आठराईको लागि ।

त्यसपछि २०१२ सालमा प्रणामी नि.मा. विद्यालय र २०१६ मा पोखरी जुनियर हाईस्कूल स्थापना गर्नु भएको थियो ।

तीनै विद्यालयमा अक्षरारम्भ गर्ने हजारौं विद्यार्थीहरूले उच्चशिक्षा हासिल गरी आज आ-आफ्नो जीवन-मार्ग निश्चित गरिसकेका कुरालाई कसैले पनि नकार्न सक्तैन ।

विशेषतः पूर्वाञ्चलका झापा, इलाम र तेह्रथुमका ठाउँहरूमा शैक्षिक जागरण ल्याँउनमा श्री देवीप्रसाद उप्रेतीको मूर्धन्य योगदान रहेको छ ।

त्यतिबेला मेरी हजुरआमा भागीरथी संग्रौलाले लय हालेर गाउँनु भएका, देवीप्रसाद उप्रेतीका प्रशंसाजन्य अनगिन्ती गीतहरू मध्ये चार पंक्ति अझै पनि मेरा मानसपटलमा

फड्कित भइरहेका छन्–

"देवीप्रसाद् बैदरजी रामजी जस्तै थिए,
नेपालमा जता-ततै स्कुल बनाइ दिए ।
देवीप्रसाद उप्रेतीको अनुहार कस्तो ?
गुराँसमा अडिएको शीत्को थोपो जस्तो !"

यद्यपि बालकै थिएँ तथापि, हजुरआमा कै मुखबाट श्रीरामको धिरोदात्त चरित्रको सामन्य अवधारणा बसिसकेको थियो । अनि मर्यादा पुरूषोत्तम श्रीरामसँग तुलना गरिएको त्यस युग-पुरूषसँग दर्शन गर्न म लालायित थिएँ– जो २०१८ सालमा मात्र पूरा भयो । त्यसपछि प्रायः सातसाले क्रान्तिका प्रत्यक्ष सेनानी, महानन्द सापकोटा (देवकोटा समेत) का परम मित्र, दानवीर, सारस्वत, सच्चा मनीषि, विश्वसाम्यबादका हिमायती, सेवाका प्रतिमूर्ति, विद्यालयका संरक्षक, स्निग्ध हँसमुख बाबा श्री देवीप्रसाद उप्रेतीसँग मेरोपनि निकै सान्निध्य रहयो ।

२०४८ को कार्तिक महिनामा म मेरा दाजु खगप्रसाद संग्रौलाका साथ हँसिला बाबाको दर्शनार्थ आठराई इवा, सिमले उहाँको मन्दिर (घर) मा गएको थिएँ । हँसिलो मुख-मुद्रामा भलाकुसारी भयो, हाम्रो कुशल-क्षमा आदान-प्रदान भयो । कुरै कुरामा उहाँले आफ्नो अतीतलाई पनि संस्मरण गर्नु भयो– ब्रम्हालाल सिटौलासँग रू ५०।- ऋण लिएको, भागेर हिंडेको, विभिन्न ठाउँमा शिक्षण पेशामा समर्पित भएको, विविध यन्त्रणा खपेको सम्पूर्ण आफ्नो जीवनी संक्षेपमा बताउनु भयो । त्यतिबेला उहाँका आँखामा आँसु टल्पलाइरहेका थिए ।

मेरो एक प्रश्नको उत्तरमा उहाँले भन्नु भयो-"मेरो जिमिदारी पद सम्हाल्नुको एउटै मात्र उद्देश्य थियो- त्यो हो शिक्षालयहरूको स्थापना गर्नु, देशमा चेतनाका लहरहरू फैलाउन आर्थिक स्रोत जुटाउनु । युवकहरूले शिक्षा हासिल गर्न सकेनन् भने परिवर्तनका निम्ति तत्पर हुन सक्ने छैनन् भन्ने कुराले त्यतिबेला म भित्रको पुरूषलाई घचघच्याइरहनथ्यो । त्यही विशिष्ट उद्देश्यको लागि काम गर्नु परेको थियो र सफल पनि भइयो ।"

श्री उप्रेती बाबा राजनीतिबाट पनि असम्पृक्त हुनुहुन्नथ्यो–भन्ने कुरा मेरो अर्को प्रश्नको जवाफमा उहाँले भन्नु भएथ्यो ।

–"त्यसो त हामीले २००७ साल पौषदेखि श्री भैरवप्रसाद आचार्यज्यूको अध्यक्षतामा र गुरू महानन्दज्यूको सुमन्त्रणामा झापामा क्षेत्रीय सरकार गठन गरिसकेका थियौं । गुरूजीलाई शिक्षा विभाग सुम्पिएका थियौं र नौं महिनाको शासनकालमा झापामा दुईसय जति शिक्षण संस्था खोल्ने निर्णय बमोजिम सातवटा नि.मा.वि. र एकसय तीसवटा प्रा.वि.को स्थापना गराइएको थियो । त्यस क्षेत्रीय सरकारमा म पनि प्रत्यक्ष रूपले सम्लग्न थिएँ । इलाम, झापा र तेह्रथुममा शिक्षामा वित्तीय लगानी गर्नुको अर्थ त्यसबाट प्रेरित भएर सम्पूर्ण देशभरि नै विद्यालयहरू खुलून र युवकहरू शिक्षित भएर अन्याय र अत्याचारको विरूद्धमा संघर्षको शंखनाद गरून् भन्ने पनि थियो ।"

मेरो अर्को जिज्ञासा उहाँले यैसरी समन गर्नु भएको थियो । "वस्तुतःविश्वभरि नै

ऐतिहासिक फेर बदलहरू हुनेछन् । अनि खोलाहरू समुद्रमा मिसिए झैं संसारकै सामाजिक जीवनहरू पनि एक दिन साम्यवादी व्यवस्थातिर बढ्नेछन् ।"

जाति-पाति, छुवा-छुतका आधारमा उहाँ कसैलाई पनि उपेक्षा गर्नुहुन्नथ्यो । त्यस युगमा जन्मेका, वार्द्धक्यग्रस्त गैह्र-शूद्रहरूमा छोइछिटाको कुत्सित प्रथाबाट आफूलाई र सबै समाजलाई पनि पृथक राख्नमा प्रयत्नरत प्रथम व्यक्ति सम्भवतः श्री देवीप्रसाद बाबा नै हुनुहुन्छ -नेपाल अधिराज्य भरमा । यसैकारणले पनि उहाँ करीब पैसठ्ठी लाख, अपमानित जीवन जिउँन बाध्य भएका हाम्रा उत्पीडत जातिमा पर्ने शूद्र भनिएका र हेपिएका दाजुभाइहरूका मुटुमा सुटुक्क पस्नुभएको छ । यसै प्रसंगमा मैले धक नमानिकन प्रश्न उठाउँदा उहाँले अनायस भन्नु भयो –"जात-पात भनेको प्राकृतिक कुरा होइन । यो ता, समाज वर्गमा विभाजित भएपछि आफ्नो प्रभुत्व बढाउनको निम्ति उत्पीडक वर्गद्वारा शोषित–पीडित वर्गलाई आपसमा फूट गराउँन काडिएको केवल स्वार्थको न्याल मात्र हो। अझ नेपालको मात्र सवाल उठाउँने हो भने जयस्थिति मल्लदेखि उता मान्छेलाई जातको आधारमा होच्याइएको र अग्ल्याइएको देखिदैन । यस सम्बन्धमा राम्ररी बुझ्ने हो भने ज्ञानदिलदास, महानन्द सापकोटा, गोकुल जोशी, मदनमणि दीक्षित, मोदनाथ प्रश्रित, जनकप्रसाद हुमागाईं, जवाहर रोका, रविमान लमजेल आदि प्रगतिशील लेखकहरूका कृति अध्ययन गरेमा प्रष्ट हुन्छ । वस्तुतः व्यक्तिगत रूपमै भए पनि मैले चाहिँ यो कुत्सित कुसंस्कृतिलाई २००७ साल भन्दा अघिदेखि नै लात मार्दै आएको हुँ ।"

जति-जति म प्रश्न गर्दै जान्छु उति-उति उहाँ आनन्दित हुँदा मेरा प्रश्नको गति बढ्नु स्वाभाविक थियो । कुरै-कुरामा आत्मविभोर भएर दुःखमय पहाडिया जिन्दगीका जटिलता, कृषि-उत्पादनमा ह्रास पेट-पाला गर्न धौ-धौ भएको, खेतबारीमा उत्पादन प्रायः शुन्य भएको अनि पहाडमा बस्न पनि मन कुडिएको मेरो दीन-हीन मुखाकृतिलाई निकै बेरसम्म नियालेर अध्ययन गरेपछि बार्द्धक्यजन्य शैलीमा बाबाले सम्झाउनु भयो -"नानी, नेपाल भनेको पहाड हो, तराई होइन । नेपालको सेवा गर्ने व्रत लिएका सपुतले सौन्दर्य फुल्ने पहाडलाई झिलिमिली पारेर मात्र आफूलाई देशभक्तको ताँतीमा उभ्याउँन सक्छ । उदाहणको लागि दार्जिलिङ्गलाई हेरौं । अंग्रेज आउनुभन्दा अघि त्यो पो के कामको थियो र ! हाम्रा खेत-बारीमा क्रमशः धान, मकै र प्रायशः कोदो मात्र लगाउने चलन छ । - त्यो ज्यदै पुरानो चलन हो । चिया, अलैंची, सल्लो र अझ अनुर्वर जमीनमा टिम्मुर लगाएर वैकल्पिक खेतीको थालनी नयाँ पुस्ताबाट गरिनु पर्‍यो । चिया, अलैंची र सल्लाको उपदेयता त निर्विवाद नै छ बरू टिम्मुर किन पर-पर्‍याउँछ ? यसको के रोगको औषधि हुन सक्छ ? यस बारेमा शोध गर्नको लागि विद्वानवर्गलाई हौसल्याउँनु पर्दछ ।" बाबा सफल किसान हुनुहन्थ्यो ।

यस प्रकारका उहाँका शिक्षाप्रद-प्रेरणादायी वार्तालापमा सहभागी भएर हामी दाजुभाइ मुग्ध हुँदै आफ्नो झुपडीतिर लाग्यौं ।

यसरी मेरो देवीप्रसाद बाबासँगको अन्तिम साक्षात्कारपनि त्यही नै रहेछ । अनि २०४९ साल असार ११ गते संक्रान्ति बजार, आठराई जाँदा हल्काराले 'माधव मैनाली'

नामको एक आवा. सन्देश दियो । मेरा मनमा चीसो पस्यो, खोलेर हेरें -"जि. देवीप्रसाद उप्रेती स्वर्ग ।" त्यो त्रासदः खबरले मलाईआफै उभिएको जमीन खसे जस्तो लाग्यो । सम्पूर्ण बजार नै स्तब्ध भयो। शोक-विहव्ल सारा बजारियाहरू हिकहिकाउँदै थिए । आँखामा बलिन्द्र आँसु छचल्काउदै, भक्कानिदै श्री पोखरी मा.वि.मा खरायो-बेगले आइपुग्दा सारा परिवेश नै रूँदैछ जस्तो देखिन्थ्यो । तलतिर तमोर नदीपनि वियोग-व्यथाका सुस्केरा हाल्दै सर्प जसरी बाङ्गो भएर बगिरहेको जस्तो प्रतीत हुन्थ्यो । उहाँको अप्रत्यशित महायात्राको अनायास विश्वास गर्न कसरी पो सकिन्थ्यो र ! तर कुरा सत्य रहेछ, विश्वास गर्नै पऱ्यो । उहाँका श्री-मुख-वाणीको रस्वादन गर्न अव नपाईने भयो !

यसरी एकजना, मेरो माटोको उपज, समाजसेवी, देशभक्त, दानवीर र बहुमान्य, अन्धकारका चन्द्र, पराक्रमका रामचन्द्र श्री देवीप्रसाद बाबालाई कालचक्रले चुँडेर लग्यो । वस्तुतः वीरहरू मर्दैनन् । उहाँ पृथ्वीलोकबाट तारालोकमा बसाइँ सर्नु भयो । पृथ्वीको एक तारा अस्तायो, अन्तरिक्षमा एक अर्को तारा थपियो । मेरो उहाँसँग पुनः भेट गर्ने,इच्छा र उहाँको सिम्लेमा विज्ञान-क्याम्पसको बीजारोपण गर्ने स्वदिच्छा कहिल्यै पनि पूरा नहेने भयो। उहाँले छाडेर गएका अधुरा कामलाई पूर्ण गर्नु नै उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुने छ । र उहाँप्रति दुईथोपा आँशु श्रद्धाञ्जलि स्वरूप चुहाई यो लेखको पूर्णहुति गर्दछु । यो बाहेक अरू के नै पो गर्न सक्छु र !

आठराई, तेह्रथुम

योजनाविद्का रूपमा सुपरिचितः देवीप्रसाद उप्रेती

-दाताराम शर्मा

देवीप्रसाद उप्रेतीज्यूसँग मेरो सर्वप्रथम भेट २०१२ साल कार्तिक महिनामा आठराई चुहानडाँडामा भएको थियो । चुहानडाँडामा एउटा ठूलो आमसभामा शैक्षिक समस्या निराकरण गर्नु थियो । जिमिदार साहेबले आमसभालाई सम्बोधन गर्नु भएको थियो । मैले पनि बोलेको थिएँ । मैले उहाँको सम्वोधन भाषण सुनेको यो पहिलो र अन्तिम पटक हो । त्यसपछि उहाँले सार्वजनिक भाषण गरेको सुन्ने मौका पाइन। त्यो आमसभाले चुहानडाँडामा र मूलपानीमा दुवै ठाउँमा हाई स्कूल (माध्यमिक विद्यालय) को स्वीकृतिको माग गर्ने सहमति ल्यायो ।

देवीप्रसाद उप्रेतीज्यूको आग्रहमा २०२१ सालमा घैलाडुबा मा. वि. को प्रधानाध्यापक भई काम गर्ने अवसर पाएँ । जिमिदार साहेब शरणामतीमा बस्नु हुन्थ्यो । घैलाडुबामा तनावपूर्ण वातावरण थियो। शरणामतीमा जिमिदार साहेबसँग विद्यालय सम्बन्धी सरसल्लाह गर्न २/४ पटक शरणामतीमा गएँ । भेटेर आउँदा प्रत्येक पटक नयाँ कुरा सिके जस्तो लाग्दथ्यो । मलाई आश्चर्य लाग्दथ्यो शरणामतीमा बसेर जिमिदार साहेब यस्ता समसामयिक विषयका कुरा कसरी जान्नुहन्थ्यो । उहाँसँग रेडियो थिएन । शरणामतीमा त्यो बेला पत्रपत्रिका कति पुग्थे र ?

४/५ वर्ष उहाँको सान्निध्यमा बस्दा मैले बहुत ठूलो शिक्षाप्रेमीको रूपमा उहाँलाई पाएँ । २०२१ सालमा झापामा भूमिसुधार लागू हुँदा उहाँका समकालीन कुन जग्गाधनीले विद्यालयका नाममा जग्गा राखिदिए । राखिदिए पनि ८/१० बिगहा विद्यालयका नाममा राखिदिएर बाँकी सबै जग्गा आफ्ना परिवारका सदस्यका नाममा राखे । त्यसमा पनि न अटाएको जग्गा सालबहादर, सिंसौबहादुर जस्ता काल्पनिक नाममा राखेर आफ्नो व्यवस्था सुधारे । तर जि. देवीप्रसाद उप्रेतीज्यूले आठराईका, इलामका, झापाका विद्यालयहरूका नाममा र झापाको क्याम्पसको नाममा समेत ठूलो संख्यामा जग्गा दर्ता गराइदिनुभयो । विद्यालय एवं महाविद्यालयहरूको जग मजवुत पारिदिनु भयो । यस्तो शिक्षाप्रेमीमा नभूतो न भविष्यतिको रूपमा चर्चित हुनुहुन्छ जि. देवीप्रसाद उप्रेतीज्यू ।

निर्माणको निमित्त शिक्षा नै प्रवल आधार हो भन्ने धारणा जिमिदार साहेबको

थियो । समस्त जनताले शिक्षित हुनुपर्छ । त्यसमा गरीबी वाधक नहोस् भन्ने विचार राखी विगाहट्टीको प्रणाली शुरू गरेर धनीले जग्गा धनको आधारमा शिक्षालयलाई करको रूपमा दिनु पर्ने र आफ्ना छोरा छोरी पढाउने, नहुने गरीबले नि:शुल्क पढाउने सबैको लागि शिक्षा ब्मगअबतष्यल ायच बीि को व्यवस्था आदर्श विद्यामन्दिर घैलाडुब्बामा थालनी भयो । त्यो समयमा बनेको विशालकाय विद्यालय भवन अद्यावधि छँदैछ । नि:शुल्क विद्यालयको पढाइ प्रभावकरी हुँदैन भन्ने तर्कको विरूद्ध त्यही मा.वि. बाट २०२१ सालदेखि २०२६ सालसम्मको एस.एल.सी परीक्षामा कुनै पनि विद्यार्थी असफल भएनन् । १००% परिणाम निस्क्यो । यो विधाहट्टी प्रणाली यो देशमा पहिलो पटक थालनी गर्ने जिमिदार साहेब नै हुनहुन्छ । जिमिदार साहेबको यो महान् उच्च विचार अतुलनीय छ । यो समाजले यस्ता आदर्श पुरूषको उदाहरणको निमित्त घर घरमा फोटो राखी भावी पुस्ताको लागि उदाहरण दिनु पर्छ जस्तो मलाई लाग्छ ।

समाजमा सबैको कल्याण गर्ने कममा उहाँ पहिलो पंक्तिमा हुनुहुन्थ्यो भन्ने प्रमाण उहाँ अर्न्तगतका जग्गा धनीबाट समयमा मालपोत प्राप्त नहुँदा उनीहरूको म्याद जाने र मालपोत नतिरे वापत जग्गामा किचोला हुन दिनु हुन्न थियो ।

त्यस्ता जग्गा धनीको तर्फबाट आफैं मालपोत तिरिदिने र पछि उनीहरूबाट सापटी को रुपमा फिर्ता लिनु हुन्थ्यो । यो पनि जिमिदार साहेबको महानताको परिचय हो ।

जिमिदार साहेब ठूलो योजनाकार हुनुहुन्थ्यो । राष्ट्रिय चिन्तामा चुर्लुम्म डुबेर एकत्रित भएको बेलामा उहाँ सामान्य कुरा थाहा पनि पाउनु हुन्न थियो । आफ्नो तिघ्रामा हातका औंलाले कहिले यता कहिले उता कोर्दा कोर्दै अन्तमा ध्यानमग्न अवस्थामा देब्रे हातको मुठ्ठीमा दाहिने हातको पञ्जा ठोकेर निष्कर्षमा पुग्नु भएको दर्शकले अन्दाज गर्दथे । उहाँका यस्ता योजनाहरू ठूला ठूला हुन्थे । यस्ता योजना मध्येमा एउटा योजना मलाई भनेको यस्तो थियो:-"मधेशका खोलाको तटवन्धन गर्नु र पानी एक सानो ठाउँबाट बगाउनु, भल, बाढी आउँदा पनि पानी एकै ठाउँमा पार्नु, बाँकीरहेको खोलाका किनारमा जग्गा नहुने सुकुम्वासीलाई त्रसाउने हो भने यो देशका आगामी १०० वर्ष सम्मका सुकुम्वासीहरू अटाउछन् ।"

यस्ता योजनाविद्, शिक्षाप्रेमी, सामाजिक उत्थानको निमित्त चिन्तनशील, सदैव उत्साही जिमिदार देवीप्रसाद उप्रेतीको यो देशमा कोहीसँग तुलना हुन सक्तैन भन्ने मलाई लाग्छ ।

शालीन व्यक्तित्व, मृतुभाषी, अरूलाई बोल्न दिएर अन्त्यमा थोरै तर सारगर्भित उत्तर दिने , भेट्दा र विदा हुदा उठेर, आँखा चिम्म गरेर प्रणाम भनी स्वागत एवं विदा दिने जि. देवीप्रसाद उप्रेतीको प्रतिविम्ब अहिले पनि मेरो आँखाको साम्नेमा झलझली आउँछ ।

उहाँप्रति मेरो श्रद्धान्जली अपर्ण गर्दै उहाँले यो समाजका लागि गरेका कामको निमित्त कृतज्ञता ज्ञापन गर्दछु ।

अनारमनी–४, झापा ।

अन्तिम क्षणका केही संझना मार्फत चढाएको श्रद्धाञ्जली

-महेन्द्रबहादुर भुजेल

आराध्यलाई अर्चना, श्रद्धा गर्ने अनेक तरिका हुन्छन् । कोही दीयो बालेर आरती उतार्छन्, कोही हात जोडेर, कोही घुडाँ टेकेर । तर म मेरो आराध्यलाई, जोबाट आज म जीवनको सार्थकता के हो भनेर जान्ने प्रेरणा पाएँ, उनै श्रद्धेय बुबालाई यी केही शब्द श्रद्धाञ्जली दिएर अर्चना गर्दछु ।

अतीत एउटा सुन्दर सपना पनि रहेछ । मलाई याद आइरहेछ एउटा केटो म जब बुबाकोमा आएँ , शायद केही नजान्ने अनभिज्ञ थिएँ । रहँदा बस्दा मैले हरेक कुरा सिंके, जीवनको सार्थकता बुझें आज म जे छु बुबाकै कृपा, बुवाकै साथले नै छु, मार्गदर्शक बुबालाई कोटी कोटी प्रणाम अर्पण गर्दै केही सम्झनाहरू लेख्न लागिरहेको छु ।

बुबाको सेवा गर्दै, साथ-साथ हिड्दा, हिड्दै बुबाको यति नजिक थिएँ कि बुबाको जरूरत, आवश्यकताहरू बुबाको हेराइबाट नै महसुस गर्दथे । म त केवल सेवक नै थिएँ तर बुबाले आफ्नो छोरा सरह ममता स्नेह दिएर मलाई आफूभित्र नै समेट्नु भएको थियो । त्यस्तो परम स्नेही बुबाको संझनामा केही शब्द लेख्न भनि त्रिलोचन संग्रौला दाइले भन्नु भएकोमा म वहाँप्रति आभारी छु ।

कुरा त यहाँ लेखेर साध्य पनि नहोला तर बुबाको अन्तिम वर्ष, झापा घैलाडुवाको घर छोडेर दार्जिलिङ्ग प्रस्थान देखिका केही संझनाहरू लेख्न लागिरहेछु । कतै केही गल्ती भएमा क्षमा प्रार्थी छु । दार्जिलिङ्ग मदन थापा सरकोमा गयौं । बुबालाई दार्जिलिङ्ग बस्ने बेहद इच्छा, त्यही अनुरूप योजना पनि बनाउनु भयो । सधैं चौरस्ता घुम्न जान्थ्यौं । बुबाका इच्छाहरू, सोचाइहरू तर कुन्नि के भयो फेरि त्यताबाट पनि आफ्नो जन्मस्थान पहाड नै जाने र उतै बस्ने भन्न लाग्नु भयो । अनि हामी असोज शुक्ल पक्षमा पहाडतर्फ लाग्यौं । सबै सामानहरू लिएर जानु पर्ने, २ वटा टेक्सी रिजर्व गर्नु पऱ्यो । पशुपतिनगरमा टेक्सी आईपुग्यो, सिमानासम्म पुग्न थुप्रै नै हिड्नु पर्ने, बुबा हिड्न नसक्ने, अर्को उपाय केही देखिदन, सामान धेरै । त्यसै नै अन्योलमा परिरहें, बल्ल बुबालाई छोडेर गेटसम्म पुगेर सामानहरू त्यतिकै छोडें । दयनीय स्थितिमा आईपुग्नु भयो । सिमाना चौकीमा सामान धेरै देखेर हो कि किन हो, सवै सामान चेक गऱ्यो, आफूलाई अबेर भएर त्यसै छटपट भैरहेको थियो । बृद्ध, विरामी, पहाड घर जाने भन्दा

पनि नपत्याउने चौकीमा कस्तो झंझटमा परिचित एकजना विद्वान फिक्कलका सोमेश्वर बाबाको बारेमा सोद्धा परलोक भइसकेको कुरा भनेछन् । बुबालाई वहाँको समाधी हेर्न जाने इच्छा , निकै माथि जानु पर्ने, तर उहाँ जाने नै हुनुभयो । अवश्य त्यस्तो इच्छा पनि छ अतः दुवै तिर पाखुरामा बलियो समातेर विस्तारै माथि पुऱ्यायौं । समाधिमा टाउको राखेर पूर्व भेगमा शिक्षाको ज्योति फैलाउने वहाँ नै हुनुहुन्छ भन्नु भयो त्याहाँ बाट फर्केपछि बल्ल एउटा टेक्सी आयो । फिक्कल जाने, अतः टेक्सीबाट फिक्कल आएर एउटा लजमा बसियो ।

भोलिपल्ट फिदिम जाने बसमा दशैको भिडले होला, तँछाड मछाड यात्रुहरूको आफन्तकोमा जाने उत्सुकताले, हतारले कसैले कसैलाई संझेको देखेको छैन । टिकट पहिला नै गरिसक्नु पर्ने, आफूलाई न त्यो ज्ञानै भयो न-त फूर्सद नै । दशैं टिकाको दिन चै पहाड पुग्नु पर्ने बुबाको, इच्छा, त्यसैले पनि त्यही दिन चैं जसरी भए पनि जानुपर्ने । यस्तो स्थितिमा आफूसँग भएका अपार सामान अनि वृद्ध, अस्वस्थ्य बुबा, कसरी बसमा चढ्ने, सवै बसहरू जाँदैछन् । अन्तिम बसमा आँट गरेर सवै सामान थन्क्याएँ । बसमा वल्ल तल्ल उभिने यात्रुहरूको सहायताले बुबालाई चढाएं । उभिन सक्नु हुन्न, बस्ने सीट छैन , कति जनासँग याचना गरे, दया भन्ने कसै प्रति देखिएन । पानी र दवाइको झोला एउटा हातमा राखेर त्यो हातले माथि समातेर आफू उभिएँ । अर्को सानो झोला खुट्टाले चेपें । बुबालाई आफ्नै छेउमा भुईमा बसाएँ र खाली हातले बुबालाई समाएँ । पहाडको बाटो, जीउ सम्मालिदैन, हुत्तिएर अगाडी पुग्नुहुन्छ । धेरै नै कष्टले बाटो कट्दै थियो । एकजना सज्जनलाई दया आएछ र आफ्नो सीट दिनुभयो । त्यतिखेर पनि बुबा भन्नुहुन्छ, बाबुलाई कष्ट हुन्छ होला । उफ ! कस्तो आदर्श । त्यस्तो अवस्थामा पनि अरूको लागि सोच्ने । ती सज्जनलाई धेरै धेरै धन्यावाद दिंदै बुबाई त्यो सिटमा बसाएँ । रक्से भन्ने ठाउँमा २ वटा सीट खाली हुने बुझे थे, पहिला नै अनुरोध गरेर त्यहाँ सीट मागि राखें, विस्तारै विस्तारै त्यहाँ पुगेर झोलाहरू राखें । कन्डक्टरले धेरैलाई सीट दिउँला भनेको रहेछ, धेरैजना रिसाउने, गाली गर्ने गर्दै थिए । मलाई त जसरी भए पनि बुबालाई सुरक्षित र सुविस्ताले राख्नु थियो । आईपुगे पछी बुबालाई त्यहाँ लगें र केही केही सुविस्ताले फिदिम पुग्यौं ।

फिदिममा बास बसेर भोलिपल्ट डोकामा बुबालाई बोक्न भरिया खोजें । डोकोमा बस्न सजिलो बनाएर बुबालाई चढाएको, जीउ अडाउन सक्नु हुन्न । कहिले हिंडदै, कहिले डोकोमा बोक्दै लगियो, साह्रै असजिलो भयो , सारन्त तिम्सिनाको घरमा बस्यौं , सप्तमीको दिन थियो । र पहाड घर छेउका मान्छे कोही भेटिन्छन् कि भनी मान्छे कुर्न थालें । बल्ल बल्ल एकजना राई दाइ फेला पर्नु भयो, वहाँको वंशावली बुबाले लेखिदिनु भएको रे, नाम सुन्ने वित्तिकै बुबा भए ठाउँमा आएर बडो स्नेहले कुरा गर्न थाल्नुभयो । त्यहाँबाट तुरून्त पहाड पुगेर मान्छेहरू पठाईदिनु भयो । अडि मर्दन, अरू अरू गरि ६/७ जना तुरून्त आइपुग्नु भयो । सवैजना मिलेर सामान, बुबालाई बोकेर पहाड पुग्यौं ।

पहाड पुगेर बुबाको इच्छा विज्ञान कलेजको स्थापना, निजानन्द आश्रमको स्थापना

र संचालन गर्नु थियो । त्यसैले ढुङ्गा कुँदेर भवनको निर्माण कार्य शुरू गराउनु भयो । सवैको भेट घाट आउने जाने कार्य भइरह्यो । बुबाको सेवा गर्दै म पनि सँगै बस्दै थिएँ, त्यतिकैमा मैले घर आउनु पर्ने भयो । दवाई पनि सकिएको बेला परेछ, फेरि खानपिनको पनि सन्तुलन नभएर होला निकै साह्रै हुनुभएछ । अब जे जसो भए पनि बुबालाई मधेश नझर्ने मन रहेछ । तर फाल्गुण महिनामा झापामा कांग्रेस अधिवेशन भएको बेला गिरिजा बाबुले बुबालाई भेट गर्ने भनी खोजी गर्दा पहाडबाट झापा, भद्रपुर ल्याइयो, निकै नै अस्वस्थ्य हुनुहँदोरहेछ । डा.ऋशिकेषले अधिवेशनसम्म औषधि उपचार गर्नु भयो । त्यसपछि काठमाडौं लगियो । जति वृध्दावस्था भयो त्यति मन कमलो हुँदोरहेछ । हरेक इच्छा सोचाइ हुन्छ । कतै बस्न मन गर्नु भएन धेरैञ्जेल वीर अस्पताल बस्नुपऱ्यो । नयाँ वानेश्वरमा डेरा लिई बसीयो । परिवारका अरू सदस्य विभिन्न आफ्ना व्यवहार मिलाउनु पर्ने त्यसैले जाने, आउने गर्नु भयो । साँइली आमा र म चाहिं वाहि ढुक्कै बस्यौं । तर कति दुःख लाग्दो कुरो, केटा केटी एक्लै छोडेको मैले त्यही वेला झापा घैलाडुबा घर फर्कनु पऱ्यो । तुरून्त काठमाडौं फर्कन पनि सकिन ।

त्यसवीचमा असार ६ गते बुबाको पत्र, "म अलपत्र परें, मलाई अलपत्र नपार, असार १५ भन्दा अघि तँ म भए ठाउँमा आइपुग" भन्ने आयो । म सवै थोक छोडेर जाने तर्खर मिलाएर असार ११ गतेको बसमा जाने भनेको थिएँ, शायद दैवले मेरो अन्तिम भेट अस्ति नै पुरा गरिसकेको थियो, बुबाको परलोक भएको खबर आयो । मुटुमा भक्कानो लिएर बस्नु सिवाय केही भएन । यतिका वर्षसम्म सँगै बसेर पनि अन्तिम अवस्थामा साथ छुट्यो । दैवलाई त्यही मन्जुर रहेछ । आज सबथोक छुटेर बुबाको संझना मात्र रहेछ । जति संझ्यो उति भक्कानो फुट्छ । त्यति अपार स्नेह ममता दिने बुबा अब म कहाँ पाउँछु र ? बुबालाई मैले केही त दिन सकिंन सिवाय आँसुको श्रद्धाञ्जली ।

देवीप्रसाद उप्रेती : केही संस्मरण

–के.बी. कार्की

आदरणीय लीला उदासीज्यू, तपाईंको अध्यक्षतामा श्रद्धेय दिवंगत देवीप्रसाद उप्रेतीज्यूको स्मृतिमा स्मारिका छापिदैछ भन्ने कुराले मलाई पनि अत्यन्त खुशी लागेको छ । उहाँको संम्बन्धमा केही लेख्नु मेरो पनि दायित्व भित्र पर्न जान्छ । मेरा स्मरणमा रहेका कुराहरू प्रस्तुत गर्ने चेष्टा गरेको छु । जीवन भरका विविध पक्षहरू प्रस्तुत गर्न तत्सम्बन्धी पृष्ठभूमि जान्न जरूरी हुन्छ । त्यसैले होला विद्वान्हरूबाट तत्सम्बन्धी लेखहरू मागिन्छ । सबैको प्रस्तुतीबाट नै विषयवस्तु पूर्ण हुन जान्छ र स्मारिका को रूपरेखा बन्न पुग्छ ।

पात्रको मूल्याङ्कन, उसका जीवन पध्दति, आचरणहरू के कस्ता छन् तदनुरूप नै उसको व्याख्या र दिग्दर्शन हुने गर्दो रहेछ । लाखौं लाख मानिसहरूमा एकाध मात्र सम्मानयोग्य हुन पुग्दो रहेछ । देवीप्रसादज्यू एउटा ठूलो जिमिदार हुनुहन्थ्यो । तथापि उहाँका जीवनचर्चाहरू आदर्शमय र उदार थिए । २००७ सालतिर उहाँले राजनैतिक क्षेत्रमा खेलेको भूमिका यस अञ्चलबासीले महसुस गरेका छन् । उहाँले शिक्षा तथा सामाजिक क्षेत्रमा पुऱ्याउनु भएका योगदानहरू सरसरी हेर्दा श्रद्धाले छातीं भरिन्छ । उहाँद्वारा सैंकडौं मानिसहरूको थातवासको व्यवस्था पनि भएको छ । आज उनीहरू सुखमय जीवन यापन गरिरहेका छन् । अर्कोतर्फ हजारौं विगाहा जमिन स्कूलहरूलाई उदारतापूर्वक दान दिएर त्यसैको आय स्रोतद्वारा दर्जनौं स्कूलहरू व्यवस्थित रूपमा संचालित छन् । मोटा मोटी हेर्ने हो भने अधिराज्य भर नै यत्रो ठूलो धनराशी दान गर्ने उदारदाता शायद नै पाइएलान् । उहाँ सँग मेरो भेटघाट भइ नै रहन्थ्यो । उहाँ अत्यन्तै मृदुभाषी हंशमुख र शान्त स्वभावको मात्र हुनुहुन्थ्यो साथै उहाँ सुसंस्कृत र दूरदर्शी पनि हुनुहुन्थ्यो । राणाकालीन परिवेशमा एउटा ठूलो योगदान पुऱ्याउने कुरालाई मामुली मान्न सकिन्न । साहित्यिक क्षेत्रमा पनि उहाँका ठूलो अभिरूची थियो भन्न सकिन्छ । आर्थिक रूपबाट बिपन्न भएका साहित्यकारहरूलाई नगिच राखेर सहयोग पुऱ्याएका उदाहरणहरू पनि छन् । जस्तै स्व.कवि गोकुलप्रसाद जोशीज्यू २००९-१० सालतिर भद्रपुर आउनु भएको थियो । त्यस बेला उहाँले धानका मिलहरूमा काम गर्ने मजदुरहरूको दयनीय अवस्थालाई लिएर लेख्नु भएको कविताको शीर्षक थियो - "माथि बममा धुँवा फ्याक्छ, तल रगत जल्छ" कविता त्यस परिवेशमा आपत्तिजनक नै थियो । गोकुलजीलाई

प्रशासनबाट कुदृष्टि लगाएको सुईंको बाले पाउनु भएछ र उहाँलाई आफ्नो साथमा लिएर घैलाडुबा आफ्नै घरमा लगी बस्ने व्यवस्था तथा आफ्नै भान्सामा खानपिन समेतको इन्तजाम बर्षौंसम्म मिलाई दिनुभएको कुरा हामीलाई पनि जानकारी छ । उहाँ विचारबाट पनि क्रान्तिकारी हुनुहुन्थ्यो भन्ने संकेत यिनै कुराहरूबाट प्रष्ट हुन्छ । उहाँसँगको विचार आदान प्रदानले मैले उहाँमा मार्क्ससिस्ट सिद्वान्तप्रति झुकाव भएको पाँए । २००९, १० र ११ सालतिर म झापा जिल्ला कम्युनिस्ट पार्टीको डिस्ट्रिक सेक्रेटरी हुँदा त्यसवेला हामीले चलाएका ठूला ठूला किसान आंदोलनहरूको देश भरका नै जमिन्दार र प्रशासकहरूले संयुक्त रूपमा त्यस अभियानलाई दवाउन भरमगदुर चेष्टा गरे तर देवीप्रसादज्यूबाट सहयोग नै पुग्यो । कुनै विरोध अथवा टिका टिप्पणी समेत भएन ।

२०४६ सालपछि बहुदलीय व्यवस्था लागू भइसकेर भएका आम निर्वचनहरूमा पनि उहाँले मार्क्ससिष्ट उमेदवाहरूलाई नै सघाउन पुग्दा कांग्रेस लगायत भूमिपतिहरूले उहाँको विरोध गरेको कुरा सबैलाई जानकरी छ । उहाँ प्रजातन्त्रवादी र प्रगतिशील हुनुहुन्थ्यो भन्ने तथ्य उहाँको कार्यशैलीबाट नै प्रस्ट हुन जन्छ । उहाँ आफूलाई जिमिन्दार भन्न रूचाउनु हुन्न थ्यो होला त्यसैले पनि होला सम्पूर्ण जिमिंदारीको कार्यभार कृष्णबहादुर के.सी.ज्यूलाई जिम्मा लगाई आफू दार्जिलिङ र अन्य ठाउँमा गएर लामो अवधिसम्म बस्नु भएको थियो । उहाँलाई राष्ट्रिय र अन्तराष्ट्रिय राजनीतिको राम्रो जानकारी थियो भन्ने कुरा उहाँसँग कुराकानी हुँदा महासुस गर्न सकिन्थ्यो । खासगरिकन उहाँको जन्मथलो आठराई हो । मेरो पनि जन्मथलो आठराई नै भएकोले हाम्रो पुरानो नै परिचय हो। आठराई शिक्षा र संस्कृतिको दृष्टिबाट पहाडी भेगहरूमा अग्रिम पंक्तिमा पर्न जान्छ भन्ने कुरालाई नकार्न सकिन्न । राणाकालीन अवधिदेखि आठराईका मानिसहरू राजधानीदेखि दिएर देशका विभिन्न स्थानहरूमा मथिल्लो तहको ब्यवसायमा संलग्न छन् । आठराइको शिक्षातर्फ राम्रो सर्वेक्षण गर्ने हो भने ७०% सम्म साक्षर छन् भन्न सकिन्छ । स्व. देवीप्रसादज्यूद्वारा सहयोग पुऱ्याइएका बिभिन्न विद्यालयहरूबाट शिक्षा हासिल गर्दै कोही डाक्टर, कोही इन्जीनियर र शिक्षाविद्हरू ठूलै संख्यामा हुन पुगी देशका प्रशासनिक उच्च ओहदाहरूमा सेवारत छन् । उहाँले दान गर्नुभएको धनको शुभकार्यमा नै आजसम्म सदुपयोग भएको छ भन्न सकिन्न । देवीप्रसादज्यू ऐन कानूनको पनि राम्रो ज्ञाता हुनुहुन्थ्यो । अन्यायमा परेका कमजोर मानिसहरूको लागि निःशुल्क वकालत गर्नुको साथै त्यसवेला उहाँले लख्नु भएका विन्तिपत्र, फिरादपत्र, उजुरी पत्रहरू अकाट्य नै हुने गर्दथे । अर्कोतर्फ समाज सोसाइटीहरूमा पनि उहाँको निर्णयहरू सर्वमान्य नै हुने गर्दथ्यो । धर्मको मामलामा उहाँले प्रणामी धर्म स्वीकार्नु भयो । त्यो किन र कसरी भन्ने कुरा उहाँ कै समझदारी भित्र पर्न जान्छ । अरू देवी देवताहरू मान्ने र मूर्ति पूजा गर्ने चलन रहेनछ । प्रणामी धर्म ग्रहण गर्नेहरूमा छुवाछुतको बन्धन रहेनछ । त्यस अवधारणालाई मानववादी र सकारात्मक मान्नै पर्छ । त्यस धर्मको आडमा गलत आचरण गर्नेहरू पनि पाइन्छन् । त्यो चैं कदापि राम्रो मान्न सकिन्न । मोटामोटी रूपमा हेर्दा उनीहरूको भनाइ मानिसले शाकाहारी रहनु पर्छ । मादक पदार्थ

सेवन गुर्न हुदैन । पुरूषले नारीलाई राधा संझिनु, नारीले पुरूषलाई कृष्ण संझिनु पक्ष चाहिं सकारात्मक देखिन्छ । हुन सक्छ त्यस परिवेश र परिस्थितिमा उहाँले छुवाछुत जस्तो सामाजिक कुरीतिहरू हटाउन त्यस धर्मलाई अवलम्बन गरेको हो । जे होस उहाँ सबैको लागि श्रद्धेय नै हुनुहुन्थ्यो । मलाई पनि पुर्नजन्म हुन्छ भन्ने कुराको विश्वास छैन । पञ्चभौतिक तत्व माथि नै विश्वास राख्ने भएकोले दैवी कुराहरूको चर्चा गर्न आवश्यक ठान्दिन तथापि समाजको लागि समर्पित प्रतिभाहरूको आर्दशको अनुकरण सबैले गर्नुपर्छ । उसका कृति जिवन्त राख्नु पर्छ । कसको आस्था केमा छ त्यो स्वतन्त्र हुनुपर्छ भन्ने मेरो मान्यता छ । विचार को मन्थनहरूबाट नै दिशाबोध हुन सक्छ । देवीप्रसादज्यूको अरू परिवार सँग मेरो त्यति सम्पर्क रहेन । त्यसको लेखाजोखा गर्ने मसँग प्रष्ट भूमिका रहेन तर उहाँको भद्रपुरमा रहेकी श्रीमती नर्वदा उप्रेतीज्यूसँग मेरो राम्रो परिचय छ । उहाँ अत्यन्तै शिष्ट र सामाजिक हुनुहुन्छ । उहाँका ३ भाइ छोरा र २ बैनी छोरीहरू पनि अत्यन्तै मर्यादित र शिष्ट हुनुहुन्छ । त्यति ठूला जिमिदारका छोराछोरी भएर पनि वडप्पन देख्न पाइन्न । पिताका आर्दशहरूमा पनि महसुस गर्न सकिन्छ । आफ्नै परिवेश भित्र रहेर सत्कर्म नै गरेको देख्न पाइन्छ ।

प्रतिभाहरूको जीवन चरित्रको लेखाजोखा हुनु नै पर्दछ । त्यही नै जिवन्त राख्ने इतिहास बन्न सक्ने छ । जीवन घाम छाया जस्तो नै रहेछ । कहाँ गएर अस्त हुन्छ । कसैले जान्दैन तर पनि जीवनमा सुर्कम गरेको छ भने उसका कृतिहरू बाँच्दा रहेछन् । मानिस कर्म क्षेत्रमा उत्रेपछि गल्ती नै गर्दैन भन्न मिल्दैन तर कुकर्मको मात्रालाई सुर्कमले छोप्न सक्दा पूजनीय नै हुन पुग्दो रहेछ । अन्तमा श्रद्धेय देवीप्रसादज्यूका संमबन्धमा मेरो स्मरणमा रहेका विषयवस्तुहरूको प्रस्तुती यही नै टुङ्ग्याउछु । अन्तमा स्मारिकामा सम्पूर्णता आओस् र मनन योग्य होस् भन्ने कामना गर्दछु ।

भानुनगर, ६ भद्रपुर

मेरो सम्झनामा अड्नु भएका देवीप्रसाद उप्रेती

– तारा विविध

देवीप्रसाद उप्रेती जसलाई म निक्कै समय अगाडिदेखि नै नामले चाहिँ जान्दथे तर उहाँसँग साक्षात्कार भएको थिएन । वि.सं. २०४२ साल मङ्सीर २३ गतेका दिन त्यो साक्षात्कार गर्ने सौभाग्य पनि मिल्यो । त्यस दिन जनसाहित्यकार श्री जनकप्रसाद हुमागाईज्यू र म उहाँको निवास स्थल घैलाड्ब्बा पुगी सुमधुर वातावरणमा घण्टौंसम्म वार्तालाप गरिएको अहिले जस्तो लाग्छ । उप्रेतीज्यूका सम्बन्धमा पूज्य गुरूहरू श्री पियूषसेन थापा तथा श्री धरणीधर खतिवडाले यदाकदा श्री शान्ति आर्दश मा.वि.मा चर्चा परिचर्चा गर्नु भएको मलाई याद छ । सायद वि.सं. २०२९ /३० तिर होला यसबाहेक पनि मैले हाल चन्द्रगडी निवासी श्री विष्णुप्रसाद पोखरेलज्यूबाट गरामनी निवासी श्री जयप्रसाद उप्रेती तथा घैलाडुब्बा निवासी श्री भानु खनालज्यूबाट तथा घैलाडुब्बा निवासी मेरा प्रिय मित्र जयप्रसाद उप्रेतीज्यूबाट देवीप्रसाद उप्रेतीज्यूका समबन्धमा थप जानकारी प्राप्त गर्ने मौका पाएको हुँ । त्यस्तै कतिपय उहाँका मौलिक लेख रचना तथा अन्तरवार्ताहरू भारद्वाज, श्रृङ्खला, भानु तथा युगज्ञान आदि विभिन्न पत्र-पत्रिका मार्फत पढ्ने मौका पाएके हुँ ।

देवीप्रसाद उप्रेती एक सत्कर्मी मान्छे हुनुहुँदो रहेछ । वि.सं. २०४२ सालको उहाँसँगको प्रथम भेटले हामीलाई उपर्युक्त कुराको अनुभव भएको हो । त्यसबेला श्री हुमागाईंज्यू र मैले उप्रेतीज्यूबाट शिक्षा तथा समाज सुधारका क्षेत्रमा भए-गरेका कतिपय महत्त्वपूर्ण कार्यहरू सूचना प्राप्त गयौं । हुनत उहाँ आफ्नो सम्बन्धमा वा आफ्ना सत् कार्यका सम्बन्धमा पटक्कै प्रचार नचाहने व्यक्ति भएकोले हुबहु कुरा हामीले प्राप्त गर्न चाहिँ सकेनौ नै भन्नु पर्‍यो । शिक्षाको समुत्थान र समाजको सुधार गर्ने दृढ प्रण लिएर अगाडि बढ्नु भएका उप्रेतीका सम्बन्धमा तात्कालीन समाजका कतिपय मान्छेहरू बक्र दृष्टि दिन्थे जसलाई लक्ष्य राखेर हामीले शिक्षाको ज्योति हातमा लिएर समाज सुधार गर्दै हिड्ने भए पनि सकरात्मक त बुझिदैन ?

प्रत्युत्तरमा उहाँले भन्नु भएको थियो "समाजले मेरो सम्बन्धमा चाहे उल्टो नै दृष्टि राख्छ भने पनि मेरो केही भन्नु छैन, तर समाजका प्रति मेरो कर्तव्य चाहि हो सत्कर्म ।" उहाँको यो उत्तर पछि मलाई के लाग्यो भने देवीप्रसाद उप्रेतीज्यू भनेको हाम्रो समाजको लागि रेशमी कीरा हो जो फगत किम्बुका हरिया पत्ता खाएर किसानलाई रेशम दिन्छ ।

त्यसपछि हामीले प्रसङ्ग बदल्यौं र उहाँलाई साहित्यिक फाँटमा प्रवेश गरायौं । जनकवि गोकुलप्रसाद जोशी वि.सं.२०१३/१४ सालतिर उहाँकै घरमा बसेका हुनाले त्यस सम्बन्धी २-४ कुराहरू हामीले कोट्यायौं । मैले उप्रेतीज्यूलाई जनकवि गोकुल जोशीका व्यक्तिगत जीवनका सम्बन्धमा बुझ्न खोज्दा उहाँले भन्नु भयो "उनी साह्रै जागरूक वा चेतनशील युवक थिए । साहित्यमा उनको रुचि थियो र गीत (झ्याउरे) रचना गर्नु र गाउनु दुवै उनी गर्दथे । ज्यादै थोरै अध्ययन भएका कारणले उनको लेखाइमा शुद्धपनको अभाव थियो र लेखेका कुराहरू यदाकदा मलाई सच्याउन दिन्थे । विवाहको कुरा उठाउँदा उनी विरक्त देखिन्थे र के सबै नेपालीहरू विवाह गर्न सक्ने अवस्थाका छन् र मैले विवाह गर्नु भनी प्रश्न राख्थे । गोकुल घरजम गर्ने कुरामा पनि सहमत थिएनन् । उनी नेपाल घुम्ने र चेतना जगाउने कुरा गर्दथे .... इत्यादि ।"

वि.सं. २०४२ सालको हिउँदमा देवीप्रसाद उप्रेतीसँग यिनै विभिन्न कुराहरू भए । त्यसपछि फेरि भेट होला भन्ने आशा राख्दै जनकप्रसाद हुमागाईं र म त्यहाँबाट विदा भई फर्कियौं ।

जनकप्रसाद हुमागाईंज्यू देवीप्रसाद उप्रेतीज्यूको सामाजिक व्यक्तित्वका सम्बन्धमा खोजवीन गर्न त्यहाँ पुग्नु भएको र तत् सम्बन्धमा पर्याप्त जानकारी लिनु भएको थियो । सायद श्री हुमागाईंज्यूले निकट भविष्यमा उप्रेतीज्यूको जीवनीमूलक पुस्तक प्रकाशन गर्नु हुनेछ भन्ने लागेको छ मलाई ।

वि.स. २०४४ जेष्ठ ८ गते घैलाडुब्बा स्थित मा.वि.मा गोकुल जयन्ती मनाइयो । त्यो कसले आयोजना गरेको कार्यक्रम थियो, मलाई अहिले सम्झना हुन सकेन । मलाई निम्तो थियो त्यसैले म त्यहाँ पुगेको थिएँ । त्यस कार्यक्रमका सभापति हुनुहुन्थ्यो देवीप्रसाद उप्रेतीज्यू । उहाँसँगको यो मेरो दोस्रो साक्षत्कार थियो । सायद उप्रेतीज्यूले मलाई चिन्नु हुन्न भन्ने लागेको थियो तर त्यसो भएन । उहाँले मलाई देख्नासाथ २०४२ सालको हामीबीचको पहिलो भेटको चर्चा उठाउनु भयो । मलाई उहाँको स्मरणशक्ति तीब्र रहेको अनुभव त्यसबेला लाग्यो । जब उहाँले २०४२ को मङ्सीर २३ गते होइन बाबु हाम्रो भेट भएको ? भनी सोध्नु भयो । गोकुल जयन्ती भव्यताका साथ मनाइयो । गोकुलको जीवनीका सम्बन्धमा उप्रेतीज्यूले त्यस दिन बडो भावविह्वल भएर महत्वपूर्ण कुराहरू श्रोतासमक्ष राख्नु भयो ।

गोकुल जयन्ती सम्पन्न भैसकेपछि फेरि भेटौंला भनी म उहाँसँग त्यहाँबाट विदा भएँ । परिस्थितिको नाके डोरीले मलाई कहिल्यै छोडेन । दालभात डुकुको समस्याले किन उम्किन दिन्थ्यो । त्यसपछि म घैलाडुब्बा पुग्नै नपाई उहाँको देहान्त भएको सुनें । जुन कुरा मेरो लागि साह्रै तीतो भयो । अबत उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नु सिवाय हातमा के रह्यो र !

मेची क्याम्पस , भद्रपुर

त्यो क्षणलाई सम्झदा

– हरिचरण शिवाकोटी

२०४६ साल चैत्र १७ गतेको दिन जनआन्दोलन आफ्नो गतिमा अगाडि बढिरहेको थियो । चैत्र १२ गते झापा जिल्ला कमिटी ने.क.पा.(मा.ले.) गिरफ्तारीमा परिसकेको थियो । सोही चैत्र १४ गते मेची क्याम्पस, भद्रपुरमा राम थापालाई मण्डलेले छुरी हानेर हत्या गरिसकेका थिए । झापामा आन्दोलन हाँक्नु पर्ने जिम्मा आन्दोलन संयोजन समितिको थियो । क. अमृत बोहोराको निर्देशनमा म जिल्लाको विभिन्न भागमा आन्दोलनको लागि दौडिरहेको थिएँ । सोही क्रममा त्रिलोचन मैनालीको मोटरसाइकलको सहायताबाट म आन्दोलन संयोजन समितिका रसिद ठेलीहरू झोलामा बोकेर गोलधापबाट घैलाडुबा पुगें । घैलाडुबामा पुगेपछि ३ जना प्रहरीहरूले केही शंका गरी सोधे र मैले जवाफमा म देवीप्रसाद उप्रेतीको घरमा उहाँलाई भेट्न आएको हुँ भनेर उहाँको घरतर्फ लागे र उहाँको गद्दीमा गएर बसें । मैले त्यहाँ "मलाई प्रहरीले खोजतलासी लिन लागेको हुनाले म यहाँ आएको हुँ, मलाई आफ्नो मानिस भनेर भनिदिनु पर्‍यो भनेर मैले स्व. देवीप्रसाद उप्रेतीज्यूलाई भने । उहाँले पनि आन्दोलनको क्रममा भूमिगत भएको थाहा पाइसक्नु भएको रहेछ । "पुलिस आएमा म मेरो मान्छे भनेर पठाइदिन्छु तपाईं यहीं बस्नुहोस्" भनेर उहाँले भन्नुभयो । उहाँ र म उहाँको गद्दीमा बसिरहेका थियौं । दुईजना वर्दीधारी प्रहरी पनि गद्दीमा आइपुगे । उनीहरू गद्दीमा बसेर देवीप्रसाद उप्रेतीलाई नमस्कार गरी मेरो मुखतर्फ हेरे । मैले सोचें अब मेरो पनि आन्दोलनको भूमिका यहीं अन्त्य हुने भयो मैले जनआन्दोलनको सहयोगको रसिद बुक दराजको माथि टाउकोमा राखिसकेको थिएँ । सबुद प्रमाण मसँग अब केही थिएन । प्रहरीसँग जानु परे पनि मेरो ज्यानमात्र थियो । देवीप्रसाद उप्रेतीज्यूले बडो नम्र विवेकपूर्ण स्वरमा सोध्नु भयो र भन्नु भयो - "तपाईंहरू कताबाट के को लागि आउनु भयो ?" एकप्रहरीले जवाफ दियो । "त्यसै घुम्दै आएका थियौं । हजूरसँग भेट गर्न ।" यसैबीच अर्को प्रहरीले मतर्फ लक्षित गर्दै कुरा थप्यो । "उहाँ चैं को हुनु भयो ?" बढो सावधानीपूर्वक देवीप्रसाद उप्रेतीज्यूले जवाफ दिनु भयो "उहाँ तेह्रथुम पोखरी हाई स्कुलको शिक्षक मलाई भेट्न आउनु भएको । विद्यालयको ठेक्का नतिरेर उहाँहरूलाई मानिसहरूले बडो दुःख दिएका छन् । उहाँ आउनु भएको ५,६ दिन भैसक्यो । मोहीहरूकोमा

धाउँदै हुनुहुन्छ र तपाईहरूले पनि विद्यालयको ठेक्का उठाउन केही सहयोग गरिदिनु पऱ्यो " यति भनेर कुरा टुङ्ग्याउनु भयो । र मतर्फ फर्केर सोध्न लाग्नु भयो । "मास्टर साहेब आज कुन कुन मोहीसँग के के कुरा भयो, ठेक्का दिने तयारी गर्दै छन् कि छैनन् ?" मैले जवाफ दिएँ "ठेक्का दिने कुरा गर्दैनन, अब एकमात्र उपाय सी.डि.ओ.कोमा उजुर गर्नु पर्छ होला" यति कुरा भैसकेपछि चिया पिइसकेर उठेर देवीप्रसाद उप्रेतीज्यूलाई र मलाई नमस्कार गरी प्रहरीहरू आफ्नो बाटो लागे । मेरो मुखतर्फ हेरेर देवीप्रसाद उप्रेतीज्यूले हँसिलो मुख लगाउनु भयो र घरको माथि लिएर जानु भयो । मेरो सतासी गाउँ पंचायत (तत्कालीन) मा पुग्नु पर्ने थियो तर समय थिएन । उहाँले मलाई त्यसरात त्यही बस्ने आग्रह गर्नु भयो । म त्यहीं बसें । बेलुका खाना खाइसकेपछि जनआन्दोलनको बारेमा केही बेर छलफल चल्यो । छलफलकै क्रममा उहाँले भन्नु भयो "यो जन-आन्दोलन अब तपाई कम्युनिस्टहरूले सफल गराउनु भयो भने सफल होला काँग्रेसहरू अब प्रायः पक्राउ परिसकेका छन् र उनीहरूको जनसम्पर्क पनि छैन । त्यसकारण अब यो जन-आन्दोलन तपाईंहरूको जिम्मामा छ । कम्युनिष्टहरू देशभक्त भएको कारणले र जनताको सुख दुःख बुझेको हुनाले निरन्तर लागिरहँदा आन्दोलन सफल होला । जनताहरू निरंकुशताका विरोधमा छन्; म पनि आन्दोलनलाई नैतिक, आर्थिक सहयोग गर्न तयार छु ।" जनवादी स्व. गोकुल जोसीका जीवनका गाथाहरू पनि त्यो रात उहाँले मलाई सुनाउनु भयो र आफ्नो भावना पनि जनताको पक्षमा रहेको र पूर्वाञ्चलका विभिन्न विद्यालयहरूलाई प्रशस्त जमिन दान दिएको, शिक्षा क्षेत्रमा गरेको लगानीका कुराहरू बताउनु भयो । विहान ५ वजे जब म हिड्न लागें उहाँले जन-आन्दोलनको सहयोगको रसिद बुक झोलामा देख्नु भयो र मलाई १०००।- रूपैया दिनुभयो र मैले आन्दोलन सहयोग रसिद काटेर दिएँ । यसरी मलाई पुलिसको गिरफ्तारीबाट भुल्नै नसक्ने गरी बचाइदिनु भयो र देशभक्तहरूले देशलाई मुक्त पार्नु पर्छ, स्व.गोकुल जोशी अहिलेसम्म बाँच्नु पर्थ्यो भन्ने उहाँको ताजा अभिव्यक्ति थियो । आज हाम्रोबीचमा उहाँ हुनुहुन्न तर उहाँका योगदानहरूबाट हामीले धेरै कुरा सिक्नु पर्छ । उहाँले हामीलाई सिकाउनु भएको छ । देशभक्तहरूको विजय निश्चित छ, अनि यो देश र जनताको निम्ति केही देऊ अनि अन्याय र अत्यचारको विरूद्धमा लड । त्यो पुरानो युगमा जन्मेर यो नयाँ युगको समेत ताजा भावनाले प्रेरित भएर युग सुहाउदो परिस्थितिको उचित मुल्याङ्कन गर्न सक्ने प्रखर व्यक्तित्त्व देवीप्रसाद उप्रेतीज्यू यो देशको शिक्षा जगतमा सधैं चम्किरहनुहुने छ साथै जन-आन्दोलनको सहयोग रसिदमा अनि मेरो प्रहरी सोधपुछको जटिल क्षणमा म उहाँलाई सधैं देखिरहेको छु । महान् समाजसेवी देवीप्रसाद उप्रेतीज्यूको चीर शान्तिको कामना सहित यो संस्मरण यहीं टुग्याउँछु ।

शिक्षा क्षेत्रमा देवीप्रसाद उप्रेती र बिगहट्टीको अवधारणा

-कामेश्वर दत्त



स्वर्गीय देवीप्रसाद उप्रेती अशिक्षालाई नै सामाजिक, आर्थिक तथा राजनैतिक असमानताको कारण मान्नु हुन्थ्यो । शिक्षाको अभावमा पिछडिएको व्यक्तिले किन पिछडिएको छ ?, दरिद्रले किन दरिद्र छु ? तल्लो तहका जात-जातिले किन तल्लो तहमा पुगिए छ ? राजनीतिमा प्रतिनिधित्व नपाउनेले किन प्रतिनिधित्व नपाएका हौं ? यी कुनै कुरा पनि बुझ्न पाई ती पिछडिएका, दरिद्र, तल्लो तहका र राजनीतिमा समुचित प्रतिनिधित्व नपाउनेहरूको इहलीला समाप्त हुन्छ । असमानताको वोध नै असमानता हटाउने एक मात्र उपाय हो र शिक्षाविना वोध असम्भव छ । यसैकारण समाज कल्याणका लागि अनिवार्य निःशुल्क शिक्षा नित्तान्त आवश्यक हो भन्ने उहाँको दृढ मान्यता थियो । यही नै कारण हो कि समाज उत्थानका लागि उहाँबाट सम्पादित विभिन्न फाँटका सुकार्यहरू मध्ये सबैभन्दा अधिक शिक्षा क्षेत्र नै लाभान्वित भए को हो । शिक्षा क्षेत्रमा उहाँले गर्नु भएको निरन्तर योगदान का विषयमा एउटा छुट्टै ग्रन्थ तयार हुन सक्दछ ।

प्रस्तुत लेखको संस्मरणीय विषय विद्यालय संचालनार्थ चाहिने धन जुटाउन उहाँबाट प्रतिपादित बिगहट्टीको अवधारणा' भएकाले विषय वस्तु तर्फ ध्यान आकर्षित गर्न चाहन्छु ।

विगहट्टी भनेको को के हो ? स्याना-ठूला सबै जग्गाधनीले आ-आफ्नो नम्वरी जग्गाबाट प्रति विगहा एक कट्ठा जमीन (बीसांश) विद्यालयलाई अनिवार्य रूपमा दान स्वरूप दिनु पर्ने व्यवस्थालाई विगहट्टी भनिएको हो । बिगहाको एक कट्ठा-विगहा कट्ठा-विगहकट्टी हुँदै विगहट्टी शब्द प्रचलनमा आएको हो ।

हुनेबाट धन जुटाई नहुनेका सन्तानलाई पनि निःशुल्क शिक्षा उपलब्ध गराउनु विगहट्टी व्यवस्थाको मूल धारणा थियो । यद्यपि उहाँ जमिन्दार भएको कारणले आफ्ना मौजाहरूमा यो व्यवस्था लागू गर्न अलि सजिलो परेको थियो र पनि यस विगहट्टीले एउटा आन्दोलन कै रूप लियो । सरकारको कुदृष्टि पर्नु त स्वाभाविकै थियो, किनभने जहिले र जहाँको पनि सरकारले देशका सम्पूर्ण व्यवस्थाको संचालन आफूबाटै भएको देख्न चाहन्छ र समाजका अन्य व्यक्तिले जतिसुकै राम्रो कार्य गरे पनि केही नौलो गर्न

चाह्यो भने सरकारको इन्द्रासन हल्लिन थाल्छ । तर यस आन्दोलनले देवीप्रसादज्यूका आफन्त र घरभित्रैका व्यक्तिहरूबाट आलोचना मात्रै होइन; तीव्र विरोधको सामना गर्नुपऱ्यो । यस सन्दर्भमा को-को टेढिए; कस-कसका मुख बाङ्गा भए, कस-कससँग बोलचाल बन्द भयो; को-को सँग मुद्दा-मामिला गर्नु पऱ्यो; कस-कसका जग्गा लिलाम भए यी बीती 'ताहि बिसारिदे' भनी यसलाई यति मै छोडौं ।

विगहट्टी व्यवस्था २०१३-१४ सालतिर लागू भएको थियो । त्यस बखत नेपाल अधिराज्य भरमा ४० लाख बिगहा जति नम्वरी जग्गा थियो । २०२१ सालको सर्वेमा नम्वरी जग्गाको परिमाण ५० लाख बिगहा दर्ज छ । स्वर्गीय देवीप्रसाद उप्रेतीज्यू बिगहट्टी व्यवस्थाको व्याख्या निम्न प्रकारले गर्नु हुन्थ्यो:-

(१) प्रत्येक जग्गा धनीले बिगहाको एक कट्ठा जग्गाको आम्दानी आधामन धानका दरले प्रत्येक वर्ष विद्यालयलाई दिनुपर्ने ।

(२) विद्यालयले सरकारसँग एक पैसा पनि नलिई बिगहट्टीको आम्दानी ले मा.वि.सम्मको शिक्षा निःशुल्क प्रदान गर्नु पर्ने, नपुग भएमा अन्य स्रोत पहिल्याउनु पर्ने ।

(३) प्रत्येक विद्यालयमा अनिवार्य रूपले कुनै न कुनै (जस्तै काठमिस्त्री, राजमिस्त्री, बेत-बाँसको काम वा यस्तै अन्य) व्यवसाय मूलक विषयको शिक्षा व्यवस्था हुनु पर्ने ।

(४) मा.वि. देखि माथि महाविद्यालय र विश्वविद्यालय सरकारले निःशुल्क संचालन गर्नु पर्ने ।

(५) महाविद्यालय र विश्वविद्यालयमा पनि सीपमूलक शिक्षाको व्यवस्था हुनु पर्ने ।

उहाँले उपर्युक्त व्याख्या का बुँदा नं. १,२ र ३ झापा जिल्ला घैलाडुबा स्थित श्री आदर्श विद्यामन्दिर माध्यमिक विद्यालयमा नमूनाको रूपमा कार्यान्वयन गर्नु-गराउनु भएको थियो । उक्त मा.वि.को दुइ तल्ले पक्का भवनमा 'श्री आदर्श विद्यामन्दिर (निःशुल्क हाई स्कूल)' साइनबोर्डको रूपमा कुँदिएको अद्यावधि छँदैछ । उक्त विद्यालयमा तिनताक शुल्कको नाममा १।-मात्र रूपैया प्रवेश शुल्क लिइन्थ्यो । त्यसैले 'एक रूपैयामा म्याट्रिक पास' भन्ने उखानै प्रचलित थियो । पछि नयाँ शिक्षा लागू गर्दा 'निःशुल्क (फोकटको) शिक्षा उपयोगी-अनुपयोगी बहसमा नलागौं तर श्री ५ को सरकारको वर्तमान् मन्त्रिपरिषद् मा २ जना वरिष्ठ मंत्रीहरू विगहट्टी व्यवस्था लागू गरिएको त्यै निःशुल्क हाई स्कूल, घैलाडुवाका उत्पादन (प्रोडक्ट) हुनु हुन्छ ।

हाई स्कूलमा काष्ठ कार्यको व्यवसायमूलक शिक्षाको व्यवस्था थियो । स्वर्गीय श्री देवीप्रसाद उप्रेतीको विगहट्टी व्यवस्थाले ग्राह्यता पाएको खण्डमा अधिराज्य भरको नम्वरी जग्गाबाट प्रतिवर्ष बिगहाको आधामन धानका दरले विद्यालय संचालनार्थ जुटाउन सकिने रकमको संक्षिप्त आकलन विद्वतवर्ग र योजनाकारहरूको ध्यान आकर्षित गर्न प्रस्तुत् गर्न उपयुक्त ठान्दछु ।

२०२१ सालको सर्वे लगत अनुसार त्यति बेला मोटा मोटी ५० लाख बिगहा नम्वरी थियो (नेपाल अधिराज्य भरमा) २०२१ देखि ०५२ साल सम्म ३१ वर्षको

अवधिमा ।

पुनर्वासका लागि हजारौं बिगहा जंगल फडानी गरी लकडी विदेशमा बेचियो र सो जंगल फडानीबाट प्राप्त भएको जग्गा नम्वरी दर्ता गरी पुनर्वास गराइयो ।

वन अतिक्रमणकारीरूको अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने सिलसिलामा 'चोरलाई चौतारी' दिए जस्तै फेरि अर्को हजारौं बिगहा जंगल फडानी गरी बसोबासलाई व्यवस्थित तुल्याइयो;

समाधान असम्भव रहेको तथाकथित सुकुम्वासी समस्या समाधान गर्ने नाममा लाखौं बिगहा जंगल फडानी गरी सो समस्या समाधान गर्ने 'गाडिएको लौह स्तम्भलाई उखेल्ने वाल प्रयास' झैं प्रयास गरियो–गरिदै पनि छ । सुकुम्वासी समस्याले त सरकार परिवर्तन भए पिच्छे झन्-झन् उच्च महत्ता प्राप्त गर्दै आएको छ ।

बसाइ-सराइ ले गर्दा संधि-सर्पन, बाटो-घाटो बाँध-पैनी, पानीघाट, गौचर, श्मशान आदि सार्वजनिक जग्गा कतै बाँकी रहेका छैनन् ; सबै नम्वरी गरिएका छन् यी मध्ये बाटो र पैनी बाहेक अरू शब्दहरू अब शब्दकोश (डिक्सनरी) मा मात्र देखिने भए । उपर्युक्त बूँदाहरू यस लेखको आलोच्य विषय होइनन्, तर बिगहट्टी व्यवस्थाको सन्दर्भमा नम्वरी जग्गाको तथ्य प्रस्तुत् गर्न मात्र, 'हरियो वन, नेपालको धन' अर्थात सार्वजनिक (राजकीय) गर्न मात्र, सम्पत्ति कुन-कुन् किसिमबाट वैयक्तिक सम्पत्ति मा परिणत भई नम्वरी जग्गामा दिन दुना-रात चौगुन बृद्धि हुँदै आएको कुरा उल्ले गरिएको हो ।

यसप्रकार २०२१ मा रहेको ५० लाख बिगहामा अनवरत वृद्धिले गर्दा यो ०५२ सालमा निश्चय पनि ७५ लाख विगहा नम्वरी जग्गा अधिराज्यभरमा छ । बिगहट्टीको अवधारणा अनुसार:-

७५ लाख बिगहा जग्गाबाट प्रति बिगहा आधामन का दरले संकलित हुन सक्ने धानमन सैंतिस लाख पचास हजार मन लाख मन धान प्रति मन रू- ३००।- का दरले विक्री गर्दा एक अर्ब बाइ कडोर पचास लाख रूपैया हुन आउँछ । अतः अधिराज्य भरमामा.मा.वि. सम्मको शिक्षा निःशुल्क गराउन उल्लेखित वार्षिक रकम (१,१२,५०।००००।=) अपर्याप्त होला जस्तो लाग्दैन ।

अन्त्यमा श्रद्धेय स्व.देवीप्रसादज्यूद्वरा प्रतिपादित तथा कार्यान्वित निःशुल्क शिक्षाको साधन बिगहट्टी व्यवस्थाको अवधारणा प्रति विद्वतवर्ग तथा योजनाकारहरूको ध्यान आकृष्ट भई यस विषयमा चिन्तन-मनन र चर्चा-परिचर्चा तथा उपर्युक्त ठहरिएमा कार्यान्वयन समेत भइदिएमा उहाँप्रति श्रद्धाञ्जली अर्पित हुने थियो ।

(२०५२।२।१२।६)

नारी उत्थानमा देवीप्रसाद उप्रेती

— सुजाता उप्रेती

श्री देवीप्रसादज्यूलाई हामी सर्वप्रथमत एक शिक्षाप्रेमी तथा समाजसेवीको रूपमा चिन्न सक्तछौं । यति मात्रले उहाँको महान व्यक्तित्व, उच्च विचारको स्पष्ट र सही मूलायांकन हुन असंभव छ । उहाँ हाम्रो समाजको मात्र नभएर राष्ट्रकै विशेष सम्पति हुनुहुन्थ्यो । यस कुराको जानकारी उहाँका निकटवर्तीहरूले अवश्य अनुभव गरेको हुनुपर्दछ । उहाँ लाखमा एक हुनुहुन्थ्यो भन्न केही अनर्थ नहोला । किनभने उहाँका अमृततुल्य वाणीहरू तथा सेवामुखी कार्यहरूप्रति दृष्टिगत गरी हेर्दा यस कुराको अनुमान गर्न सकिने छ ।

उहाँको जन्म १९६९ साल वैशाख १ गते कोशी अञ्चल तेह्रथुम जिल्लाको आठराई अन्तर्गत सिम्ले भन्ने गाउँमा भएको थियो । साथै २०४९ साल आषाढ ११ गते काठमाडौंमा उपचारार्थ लगिएको समयमा उहाँको देहवसान भएको थियो ।

पारिवारिक पृष्ठभूमिलाई हेर्दा नातामा म उहाँको काहिला सुपुत्र श्री दुर्गाप्रसाद उप्रेतीज्यूकी धर्मपत्नी हुँ । बुहारी भएको नाताले मैले पनि उहाँको छेउमा बसेर उहाँका अमृत वचन तथा ज्ञानका कुराहरू सुन्ने अवसर पाएकी थिएँ । म उहाँले गर्नु भएको हरेक पक्षको चर्चा ध्यान दिएर सुन्ने गर्दथें । उहाँलाई इतिहास, राजनीति शास्त्र, सामाजिक पक्ष तथा धार्मिक पक्ष जस्तो प्रकारको प्रश्न गरे पनि सहज र सन्तोषपूर्ण नै उत्तर दिन सक्नु हुन्थ्यो । यो उहाँको अद्भुत स्मरण शक्तिको उदाहरण मान्न सकिन्छ । उहाँले कुनै विद्यालय तथा महाविद्यालयमा गएर शिक्षा प्राप्त गर्नु भएको होइन । त्यसबेलाको समयमा हाम्रो देशमा शिक्षा शब्दकै अभाव थियो । यस्तो कठिन स्थितिमा उहाँले आफूले पनि विभिन्न प्रकारबाट अध्ययन बढाउनु भयो भने हाम्रो समाजमा शिक्षाको ज्योति छरेर सँगै रहेको अँध्यारा पक्षलाई हटाउन पनि निकै सफल हुनुभयो ।

शिक्षा शब्द त उहाँको जीवनको एक अभिन्न अंग नै थियो भने यसका साथसाथै नारी शिक्षा तथा नारी स्वतन्त्रता पनि त्यतिकै महत्त्वपूर्ण रूपमा रहेका थिए । उहाँ बारम्बार भनिरहनुहुन्थ्यो नारीले पनि शिक्षामा पुरूष समान नै बराबरीको अधिकार पाउनु पर्दछ । नारीहरू पनि हरेक क्षेत्रमा अगाडि बढ्नु पर्दछ ।

उहाँको विचारमा महिलाहरूले गर्ने गरेका आकर्षक श्रृङ्गारहरू सबै व्यर्थ हुन् । ती सबै अरूलाई आफू प्रति आकर्षित गर्ने माध्यम मात्र हुन् । आमा महिलाहरू प्रशस्त

खर्च गरेर श्रृङ्गारका सामानहरू किन्छन् । आफ्नो बहुमूल्य समय बनावटी आकर्षणमा अल्मलिएर समाप्त परिरहेका हुन्छन् । राम्रो लाउनु, अनुहारको श्रृङ्गार गर्नु, नाक, कान छेडेर गहना लगाउनु फाल्तु कुरामा रूचि नलिएर किताब पत्रिका आदि किनेर पढ्ने गरेमा आँखिर उनीहरूको आफ्नै बौद्धिक विकास हुनेछ । उहाँ गहना गुरियाको प्रसङ्गमा भन्ने गर्नु हुन्थ्यो-" नारी जातिलाई गहना र श्रृङ्गारको लोभमा फसाएर पुरूष जातिले उनीहरू माथि अत्याचार गर्ने उनीहरूलाई दवाएर राख्ने एउटा माध्यम मात्र बनाएका हुन् । जसरी एउटा अबोध बालक रून कराउन झगडा गर्न लाग्दा अभिभावकहरूले चकलेट देखाएर फकाउने गर्दछन् । ठीक यसैप्रकार महिलाहरू पनि एउटा अबोध बालकलाई झैं आफ्ना पुरूषले एउटा गहना बनाई दिंदा आफूलाई धन्य ठान्दछन् । उनीहरूको चाहना नै त्यति मात्रमै सीमित बनाइदिएको छ । आफ्नो हक र अधिकारका बारेमा उनीहरूलाई कुनै चासो छैन । यसको प्रमुख कारण नारीहरूमा शिक्षाको कमी हुनु हो । त्यसैले आफू शिक्षित भएमा कसैले पनि ढाँट्न छकाउन सक्तैन । यस्तो प्रकारको विशाल चेतना जगाउन सक्षम नारीविकासका निमित्त उचित पथ प्रदर्शक हुनुहुन्थ्यो हाम्रा बुबाज्यू । हाम्रा परमपूज्य बुवाज्यू जस्तो महान् व्यक्तित्ववान हाम्रो पिछडिएको समाजमा हामी विरलै पाउन सक्तछौं ।

उहाँ महिलाहरूले लगाउने पोशाकको बारेमा पनि आफ्नो विचार व्यक्त गर्नु हुन्थ्यो । महिलाहरूले पनि पुरूषकै जस्तो पोशाक लगाउँदा पनि केही अनुचित हुँदैन । पोशाक भनेको सम्पूर्ण शरीर ढाकिने लगाउनमा सुविधा र सजिलो हुनु पर्दछ । आधा अङ्ग देखिने खालको पोशाक लगाएर हिड्नु त्यति राम्रो हुँदैन । उहाँको विचारमा सारी जस्तो प्रकारको पोशाक छ त्यो पुरानो जमानामा लगाइने किसिमको छ । जुनबेला मानिसहरू कपडा सिलाएर लगाउन जान्दैन थिए । सोझै कपडा लपेटेर हिड्ने गर्दथे । आज कपडा सिलाएर लगाउन जानेका छन् । कामगर्न सजिलो हुने खालको पोशाक आज योग्य देखिन्छ जस्तो–पैंट सर्ट, कुर्तासुरूवाल आदि । यस्तो प्रकारका विचार उहाँका क्रान्तिकारी विचारधारा भित्र पर्दछन् । यी कुरा हाम्रो रूढीवादी समाजले सजिलै मान्यता दिन्छ भन्न पनि सकिदैन । अगुवा नारीहरूले उचित प्रयत्न गरी व्यवहारमा ल्याउन खोज्नु पर्छ । परमपूज्य वुवाज्यूको विचारमा छोरा र छोरी दुवैलाई बराबर अधिकार दिइनु पर्दछ । आज आमा बाबुको सम्पत्तिमा छोरीले पनि उत्तिकै अंश पाउनु पर्दछ भन्ने जुन आवाज उठाइँदैछ यस कुरालाई भने उहाँ पूर्णसमर्थन गर्न चाहानु हुन्नथ्यो । उहाँको विचारमा दुवै सन्तान बराबर हुन् भन्दैमा यो पनि त्यति जरूरी छैन कि आमा बाबुको सम्पतिमा दुवै मिलेर अधिकार जमाउन अग्रसर होउन् । आफ्ना सन्तानलाई बराबर संझेर आमा बाबुले दुवैलाई सक्षम र योग्य बनाइदिनु पर्दछ । आफ्नो खुट्टामा उभिएर गरिखान सक्ने तुल्याए पछि बाबुआमाको कर्तव्य पूरा हुन्छ । सम्पतिको हकमा आमाबाबुको आफ्नो इच्छा हुन्छ छोराले मात्र पाउनु पर्छ छोरीले पाउँदिन भन्ने कुनै बाध्यता छैन । तर छोरा होस् वा छोरी दुवै सन्तानले आमाबाबुको सम्पतिमा दावी हस्तक्षेप गर्नु त्यति उचित देखिदैन ।

हाम्रो पिछडिएको समाजमा छोरी तथा बुहारीमा व्यवहारिक अन्तर राख्ने चलन छ । छोरी विवाह भएर अर्काको घरमा बुहारी हुन पुग्दछे । उसले नयाँ घर संसारको

परिवेशमा आफूलाई ढाल्नु पर्दछ । हाम्रो चलन चल्तीको शब्दमा भन्ने हो भने बुहारीले वुहार्तन खप्नु पर्दछ । घरका सबै परिवारको सेवा गर्नु, उनीहरूलाई खुशी पार्नुमा नै उसको जीवनको सार्थकता मानिन्छ अर्थात् उसले असल बुहारीको नामले प्रतिष्ठित हुनका लागि आफ्ना इच्छा आकांक्षालाई दवाएर अरूको खुशीमा आफू नाच्न वाध्य हुनुपर्दछ । बुबाज्यूको विचारमा बुहारीहरूलाई पनि उत्तिकै सहुलियत सुविधा र इज्जत दिइनु पर्दछ जस्तो छोरीलाई दिइने ,गरिएको हुन्छ ।

आम महिलाहरूले घरआंगनदेखि उप्रान्त संसारमा जान्नु पर्ने, बुझ्नु पर्ने र देख्नु पर्ने कुरा धेरै छन् भनेर आफ्नो ध्यान त्यसतर्फ लगाउने कोसिस गर्नु पर्दछ । यसको अर्थ यो होइन कि घरलाई हेर्दै नहेरौं । घर नबनिकन समाज बन्दैन समाज नबनी देश बन्न सक्तैन । यसरी सम्झाउनु हन्थ्यो, उहाँ हामीहरूलाई ।

हाम्रा पूज्य बुबाज्यू हाम्रा सामुन्ने हुनुहुन्न । हामीले हाम्रो समाजको एक अनमोल रत्न गुमाएका छौं । तर पनि उहाँका प्रत्येक वाणीहरू र उपदेशहरूलाई हामीले हृदयङगम गर्न सकेमा जीवनको उज्यालो पक्षलाई देख्न अवश्य सफल हुनेछौं भन्ने पूर्ण विश्वास राख्दछु ।

भद्रपुर-१४, झापा

प्रेरक व्यक्तित्वः जिम्दार बा

- उमा ओली

२०१६ सालतिरै हुनुपर्छ शायद मेरो विद्यालय आरम्भ वर्ष । ठूलै स्कूलमा जाने मेरो वाल हठकै कारण घर नजिकैको प्रा.वि. छोडेर हजुरबुबा त्रिलोचन ओलीले मलाई श्री पोखरी हाईस्कूल आठराईमा भर्ना गरिदिनु भयो । स्कूल आरम्भपछिका एक दुई साल बीचमा हुनुपर्छ अहिले विचार्दा एउटा शालीन व्यक्तित्व दिनभर कटुसे झुप्राहरूलाई एउटा आकर्षक सरस्वतीको मन्दिर निर्माणमा व्यस्त देख्थें म । वालस्मृतिको त्यो व्यक्तित्व नै जिम्दार बा हुनुहुन्थ्यो ।

वास्तवमा वालसुलभ मानसपटलमा अंकित त्यो शालीन व्यक्तित्व साँच्चि नै शालीन रहेको अनुभूति मलाई अहिले भइरहेको छ । जीवनलाई सामाजिक सेवाको क्षेत्रमा खास गरेर शैक्षिक जागरणको क्षेत्रमा अर्पण गरेर जाने जिम्दार बा र उहाँमा अन्तरनिहित बहुआयमिक व्यक्तित्वले बेला बेला जीवनलाई परिभाषित गर्न जमर्को गर्न मलाई यथार्थताको नजिक पुऱ्याउन मद्दत गरे जस्तो लाग्छ अहिले ।

सामाजिक जागरण र परिवर्तनमा शिक्षा क्षेत्रको महत्त्वलाई अत्यन्तै गहिराइका साथ जिम्दार बाले बुझ्नु भएको कुरालाई उहाँले पूर्वाञ्चल र अन्यत्रका कुरालाई पनि विभिन्न शैक्षिक संस्थाहरूलाई प्रदान गर्नु भएका भूमिदानबाट नै स्पष्ट हुन्छ । शिक्षाको प्रकाशमा समाजको उज्ज्वल भविष्य देख्ने जिम्दार बा वास्तवमा उहाँको समकालीन पुस्ताका भविष्य द्रष्टा र वर्तमान र भविष्यका पुस्ताका प्रेरण स्रोत हुनुहुन्छ ।

सामाजिक कुसंस्कारका कट्टर विरोधी र मानवीय भावनाका हिमायतीको रूपमा पनि उहाँलाई मैले प्रेरक व्यक्तित्वको रूपमा पाएको छु । सामाजिक कुसंस्कार र रूढीग्रस्त त्यसबेलाको समाजलाई उहाँको हाँकको सम्झना मलाई ताजै छ । अछूत जातिका मानिने विश्वकर्मा युवकहरूलाई उहाँले आफ्नो भान्सेमा राख्नु भएको थियो । उहाँको यो कार्यलाई त्यसबेलाको समाजले कुन रूपमा लियो होला तपाई हामी सहजरूपमा कल्पना गर्न सक्छौं । के साँच्चै यो कुराले उहाँको कान्तिकारी व्यक्तित्वलाई प्रस्ट्याउदैन ।

जिम्दार बालाई मैले एउटा योजनाकार र अर्थविद्को रूपमा पनि पाएको छु । बेलावखत उहाँसँगको भेटघाटमा यो देशको सुन्दर भविष्यको आकांक्षी उहाँ उपलब्ध सीमित साधन स्रोतलाई तत्कालीन परिवेशमा कसरी उपयोग गर्दा बढी फलदायी हुन्छ भन्ने कुराहरू आफ्नो दीर्घ व्यवहारिक अनुभवका आधारमा यथार्थवादी ढङ्गले व्याख्या

गर्नु हुन्थ्यो ।

युवा पुस्ताले भोलिको सुन्दर समाज निर्माणको लागि निर्वाह गर्नु पर्ने दायित्व सम्बन्धी उहाँका उद्गार र सल्लाहमा मैले उहाँको विराट व्यक्तित्वको अनुभूति पटक पटक गरेको छु ।

वास्तवमा देवीप्रसाद उप्रेतीको स्मृतिमा प्रकाशन हुन लागेको यो स्मृति ग्रन्थले उहाँ जस्ता बहुआयमिक व्यत्तित्वका विविध पक्षहरूलाई समेट्ने हुँदा भोलिका दिनमा सामाजिक विकास र परिवर्तनमा ठूली महत्त्व राख्ने कुरामा विश्वास राख्दै स्मृति ग्रन्थ प्रकाशनमा संलग्न महानुभावहरूलाई धन्यवाद दिनु आफ्नो कर्तव्य ठान्छु । अन्त्यमा प्रेरक व्यक्तित्व स्व.जिम्दार बामा श्रद्धासुमन अर्पण गर्दछु ।

जिम्दार बुबालाई संझेर अतीतलाई हेर्दा

—पदमप्रसाद राजवंशी

मेरो पढाइ घरमा' गुरूजीबाट शुरू गरी कक्षा ४ मा जिम्दार बुबा श्री देवीप्रसाद उप्रेतीबाट शुरू भयो । त्यसबेला उहाँको घरमा स्कूल थियो । अहिलेको आदर्श विद्या मन्दिर मा.वि निर्माणाधिन थियो । त्यसबेला प्र.अ. नारदमुनि शर्मा (उप्रेती) हुनुहन्थ्यो । मूल घर बाहेक अरू २ वटा गुहाली थिएं । त्यसैमा मिलाएर कक्षाका संचालन हुन्थ्यो । हाम्रो कक्षा शिक्षक हुनुहुन्थ्यो श्री हस्तबहादुर क्षेत्री । उहाँले सेनाबाट निवृत भएर यस पेशामा लाग्नु भएको थियो । यहाँ उहाँ एक्लो हुनुहुन्थ्यो र हामीलाई असाध्यै माया गर्नु हुन्थ्यो । पढाइको सिलसिलामा लडाईका तक्माहरू देखाउनु हुन्थ्यो । यसरी विद्यालय चल्दै थियो । उत्त विद्यालय भवन निर्माण हुँदै थियो । त्यसबेला विद्यार्थीहरूले पढाइ बाहेक विद्यालयको लागि ईंटा, ढुङ्गा, बालुवा बोक्ने अतिरिक्त काम पनि गर्नु पर्थ्यो । विद्यालयमा प्रत्येक वर्ष तिहारको बेला मेला लाग्दथ्यो । त्यसको लागि चिट्ठा बिकी गर्नु पर्थ्यो । तिहारमा विद्यालयका संचालक समिति, शिक्षक र विद्यार्थी मिलेर देउसी खेल्नु पर्थ्यो । यो विद्यालयको स्थापना २०१४ चैत्र १ गते भए पनि मा.वि. भवन निर्माण भएर वर्तमान स्कूलले २०५० साल आश्विन ४ गते श्री ५ को सरकारबाट स्वीकृति पायो । यसै बीच जिम्दार बुबा ठूलो चर्चामा आउने एउटा कारण बन्नु भयो । जिम्दार बुबाको विचारमा विद्यालय निःशुल्क चलाउनु पर्छ । गरीबका केटाकेटीहरूले पनि निःशुल्क पढ्न पाउनु पर्छ भन्ने थियो । उता श्री मेदिनीप्रसाद उप्रेती (सरदारबाजे) को विचार भने शुल्क लगाएर विद्यालय संचालन हुनु पर्छ भन्ने थियो । यो विवाद धेरै लामो समयसम्म चल्यो । सबैजना जिम्दारबुबाका पक्ष थिए । उता केही मानिस मात्र थिए । म सानै भएपनि जिम्दारबुबाका पक्ष ठिक हुन् भन्ने लाग्दथ्यो र श्रद्धाले हेर्दथे । अर्को पक्षका मानिसहरू बेठीक जस्तो लाग्दथ्यो ।

झापामा २०११ सालतिर समाज सुधार संघको स्थापना भयो । त्यसका अध्यक्ष श्री हंशनाराण चौधरी हुनुहुन्थ्यो । यस संस्थाको उद्देश्य राजवंशी समाजमा भएका कुरीति (पेटानी, चुम्ना, वाल विवाह, वहु विवाह, अनमेल विवाह) लाई हटाउने थियो । एक दिन सो समाज सुधारको बुलेटिनमा सदस्यको रूपमा उहाँको नाम हेर्दा म छक्क परें । राजवंशी समाजमा पनि सुधारको लागि उहाँ सकिय हुनुहुन्थ्यो । उहाँहरू जस्तैको प्रेरणाले यो संस्थाको स्थापना भएको थियो । पछि उहाँसँग सम्पर्क हुने पनि एउटा कारण थियो । २०२८ सालतिरको कुरो हो । उहाँले एकजना राजवंशी शिक्षक पनि

विद्यालयमा राख्नु पर्छ भन्ने सल्लाह गर्नु भएछ । म पनि भरखरै आई.ए. पास गरेको थिएँ । मलाई बोलाएर काम गर्न भन्नु भयो । उहाँको यो आग्रहलाइ मैले टार्न सकिन । उहाँ आज हुनुहुन्न, तर उहाँको कुरो म अझै मानिराखेको छु । उहाँलाई संझदा एउटा कुरो म बिर्सन सक्तिन । कुरो २०४४ को हो । हामीले थाना भवनको निर्माण गरिसकेर उद्घाट्न तत्कालीन आई.जी.पी. (प्रहरी महानिरीक्षक) श्री हेमबहादुर सिंहबाट हुने भयो । थाना भवन निर्माण समितिका अध्यक्ष श्री गंगाप्रसाद प्रसाईं हुनुहुन्थ्यो । सह-सचवमा म थिएँ । श्री कामेश्वर दत्त मेरा गुरू भएकाले प्राय: जसो मायाले मलाई नै काम गर्न लगाउनु हुन्थ्यो । २०४४ फागुन २४ गते उद्घाटन गर्ने दिन थियो उहाँ जरूरी कामले बाहिर जानु भएको थियो । भोलिको लागि प्रतिवेदन तयार गर्नु पर्ने थियो । श्री गंगाप्रसाद प्रसाई र म उहाँको घरमा (चैलाडुवा ६, साझा दोकान) फागुन २३ गते २ वजेतिर खातापत्र बोकेर गयौं । उहाँले झंझट नमानी राती ११/१२ वजे सम्म सहयोग गर्नु भयो । हामी भोलिको लागि ढुक्क भयौं । यसरी जिम्दार बुबालाई संझदा अतीत तिर फर्केर विभिन्न कोणबाट हेर्नु पर्ने हुन्छ ।

(२७ वैशाख २०५२)

देवीप्रसाद उप्रेती : संक्षिप्त विवेचना ।

-त्रिलोचन मैनाली



देवीप्रसाद उप्रेतीलाई चिन्ने अधिकांश मानिसहरू उनीलाई एक कुलीन धरानाको व्यक्तिको रूपमामात्र जान्दछन् । तर उनको परिवार जसोतसो दुई छाक खान सक्ने अनि शिक्षा आर्जनको लागि खर्च जुटाउन नसक्ने अवस्थाको थियो भन्ने कुरा कमैलाई मात्रथाहा छ ।

आफ्नो मावलीद्वारा दिइएको घर खेत र केही पैतृक संम्पति अनि उनका ब्राबु रविलाल उप्रेतीको कमाइबाट आठराई सिम्लेमा वसोवास गरी येनकेन आफ्ना बाबु रविलाल उप्रेतीबाट नै घरमा केही शिक्षा प्राप्त गरेका थिए र पछि यिनी पनि आफ्ना बाबुसँगै ताप्लेजुङ्को दोभान र चैनपुरको भीमसेनथान पाटीमा हिउदको समयमा धुले पाठशाला खडा गरी स्व-आर्जन गर्ने गर्दथे ।

यिनी सोह्र वर्षको हुँदा वि.सं. १९८४ सालमा यिनका पिताको मृत्यु भएको थियो, त्यसबेला यिनका परिवारमा आमा, उनका दुई श्रीमती र उनीमात्र थिए, दिदी पवित्राको विवाह भैसकेको थियो । बहिनी 'मनि' यिनी ६/७ वर्षको हुँदा नै मरिसकेकी थिइन् ।

यिनका पिता रविलाल उप्रेती 'शिलाङ छाउनी' मा गार्ड नोकरी गरी फिरेपछि सामान्य ओषधि उपचार समेत गर्दथे-सायद यिनीले शिलाङ छाउनीमानै केही तालिम पाएका थिए, त्यसैले उनी दाग्दर उप्रेती समेतको नामले प्रख्यात (त्यस भेकमा) थिए । त्यस समयमा शिक्षा आर्जनको लागि काठमाडौं स्रेस्ता पाठशालामा पुग्नु पर्दथ्यो । यिनीसँग रूपैया थिएन । त्यसैले त यिनले आठराई मुलपानीका वर्मलाल सिटौला (ठूला वाबु)सँग त रू.५० ऋण लिई वि.सं. १९८६ साल श्रावण महिनामा पढ्नको लागि घरबाट भागी काठमाडौं हिडे । केही रूपया प्राप्ति र घरबाटको भगाइ नै यिनको जीवनको एक मोड थियो ।

काठमाडौं वसी यिनीले चार पास गरिसकेपछि जुद्ध शमशेरको पालामा यिनी झापा माल अड्डामा वैदार भै आए । यसैले त यिनी वैदार उप्रेती सनेतबाट चिनिन्थे ।

सुरूगा-५ निवासी लक्ष्मीप्रसाद उप्रेती (जेठा बाजे) का अनुसार वि.सं १९९० ताका झापा माल अड्डामा वैदार भइ आए र १९९२ मा यिनको राणा सरकारद्वारा हातकलम भयो । यही हातकलम भएको प्रसंगलाई जोडेर केही व्याक्तिहरू उनलाई 'जाली'मा पुष्ट्याई गर्न खोज्छन् तापनि केही व्यक्तिहरू यिनलाई निर्दोष भएको र मालअड्डाकै हाकिमसँग मेलमिलाप नहुदा देवीप्रसादको फाँटको मिसिल लुकाई दिएर हाकिमले नै देवीप्रसादसँग बदला लिई हातकलम गराएको बताउछन् । 'सानैदेखि यिनी

हकी, हठी र आफ्नो लिढेढिपी नछोड्ने जिद्दीवाल स्वभावका 'भएको कुरो यिनका समकालिन जीवित बृद्धहरू अझै बताउछन् अतः हातकलम हुनमा यिनको यही स्वभावजन्य कारण थियो र यिनी हाकिमकै कोपभाजन भएको अनुमान गर्न सकिन्छ।

वाल्यकालमा 'जगु' समेतको नामबाट चिनिने यिनी त्यस बेलादेखि नै चतुर, गम्भीर र सहासी थिए। हातकलम भई बैदार पदबाट खोसुवा भएपछि पनि यिनले हरेस खाएनन्। यिनको चतुऱ्याईसँग परिचित भवानीशंकर मारवाडीका बाबु राम गोपाल मारवाडीले यिनलाई आर्थिक रूपमा टेवा दिँदै यिनीबाट प्रशस्तै आफ्नो काम गराए। भनिन्छ- राम गोपालको प्रेरणा र आर्थिक सहयोगबाट विभिन्न व्यक्तिहरूको नाममा जिमिदारी सम्हाले र अवमात्र यिनी जिमिन्दार देवी प्रसाद बन्न सके।

एक सामान्य परिवारका देविप्रसाद अब कमशः जागिरे र जिमिन्दारमा परिणत भए। विभिन्न व्यक्तिहरूको नाममा जिमिदारी राखी संचालन चाहिं आफू गर्नुमा हातकलम भएको कारण नै थियो। २००७ को क्रान्ति पछिमात्र कृष्णबहादुर खत्रीको नामबाट आफ्नो नाममा जिमिदारी सारिएको थियो।

वि.सं.२००७ सालको कान्तिमा पूर्वाञ्चलको झापा जिल्ला मुक्त गराउने प्रमुख व्यक्तिहरू मध्ये यिनी एक थिए। वि.सं. १९८८ सालदेखि झापा जिल्लामा लगातार बस्दै आउनु भएका पदमबहादुर गिरीका अनुसार "भैरवप्रसाद, देवीप्रसाद , नरेन्द्रनाथ बाँस्तोला र कृष्णप्रसाद भट्टराई (झापा) समेतका व्यक्तिहरू बन्दुक बोकी हिंडेका र २००७ को कान्तिपछि देवीप्रसाद मन्त्री बनाइएको संस्मरण बताउनु हुन्छ।

सुरुङ्गा-५ निवासी लक्ष्मी प्रसाद उप्रेतीका (जेठा बाजे) अनुसार गम्भीर जङ्गको दौडाहाले वि.सं २००० ताका देवीप्रसाद उप्रेतीसमेतलाई विभिन्न अभियोगमा केही महिना कैद तोकियो। देवीप्रसाद भागेर दार्जिलिङमा बसे। त्यस बखत गणेशमान सिं, लक्ष्मीप्रसाद देवकोटा, पूर्णबहादुर नेवार (पूवा नेवा) समेतका राजनैतिक र समाजसेवी व्यक्तिहरू यिनकोमा बस्ने र खने गर्दथे। यिनै राननैतिक समाजसेवी व्यक्तिहरूको प्रेरणाले यिनी २००७ को कान्तिमा सामेल भए र कान्तिपछि मन्त्री समेत बनाइए।

२००७ सालको परिवर्तन पछि देवीप्रसादको कुनै राजनैतिक पार्टीमा संलग्नता नरहेको र उनीले सामाजिक सेवाको क्षेत्रमा प्रवेश गरेको बताइन्छ। दार्जिलिङमा बस्दा लक्ष्मीप्रसाद देवकोटा र पूर्णबहादुर नेवार, झापामा महानन्द सापकोटा समेतद्वारा प्राप्त प्रेरणा नै सामाजिक सेवा क्षेत्रमा प्रवेशको कारण बन्यो।

यिनले २०१२ सालमा आठराई सिम्लेमा श्री प्रणामी मिडिल स्कूल र आठराई पोखरीमा २०१६ मा पोखरी हाई स्कूल निर्माण गराए। पोखरी हाई स्कूलको निर्माणमा यिनले विरोधको सामना गर्नु परेको र दुई दुई पटक स्कूल डडाइएको थियो। आफ्नै खर्चमा निर्मित काठको स्कूल डडाइएपछि यिनले ढुङ्गाद्वारा स्कूल निर्माणको शुरू गरे, जुन पछि त्यस भेकका मानिसको सहभागिता समेतमा अहिलेको रूपमा पूरा हुन सक्यो। झापामा पनि यिनले आदर्श विद्या मन्दिर धैलाडुबाको निर्माण गराए। आफूले निर्माण गराएका स्कूलहरू, अन्य स्कूलहरू र मेची क्याम्पस लगायत अन्य संस्थालाई प्रशस्तै जग्गा दान दिए। यही दान दिइएको जग्गा पनि देवीप्रसाद विवादस्पद बन्ने कारण बन्यो। कसै कसैले त हदवन्दी भन्दा वेसीको जमिन लुकाउने प्रयास भन्न पुगे। तर

यस्तो प्रायोजित हल्लापूर्ण भनाइ विल्कुल असत्य देखिन्छ। २०२१ सालमा भूमिसुधार लागु हुनुभन्दा निकै वर्ष अगाडि नै केही स्कूलका नाममा जग्गा दान दिइसकेको देखिन्छ। र यसैको आधारमा नै २०२१ सालको नापीमा ती विद्यालयहरूका नाममा जग्गा दर्ता भएका थिए।

देवीप्रसादले शिक्षा क्षेत्रमा गरेका कार्यकोबारे झापाका पदमबहादुर गिरी भन्नुहुन्छ- "शैक्षिक क्षेत्रमा देवीप्रसादले प्रशस्तै गरे, धेरै जग्गा दान दिए, उनको जग्गा अरूले नै खाए। एउटा देवीप्रसादले कतितिर हेर्नु" गिरीज्यू देवीप्रसादको विवशताप्रति सहानुभूति प्रकट गर्नु हुन्छ।

दान दिइएका जग्गाको उचित व्यवस्थापन गराउन कानून निर्माण गरिनु पर्ने कुरामा उनको विशेष जोड थियो। दाताले दिएका जग्गाको दुरूपयोग नहोस् भन्नाको लागि ट्रष्ट निर्माण गर्ने गराउने कुरामा सरकारको ध्यान आकर्षण गराउने विशेष प्रयत्न गर्दा गर्दै उनी मरे। उनको यो ट्रष्ट निर्माण गरी दान दिइएका जग्गाको कानुनी व्यवस्थापनको प्रयास अधुरोनै रह्यो।

देवीप्रसाद उप्रेतीको कुनै राजनैतिक पार्टीप्रति संलग्नता नरहेको चर्चा माथि नै गरियो। यिनले कुनै पनि पार्टीको विरोध वा समर्थन गरेनन्। झापा जिल्लामा २०२६ सालपछि राजनैतिक आन्दोलनले उग्ररूप लिदै वर्गशत्रु खतमको रूप लियो। तात्कालीन राजनैतिक रूपमा वर्गशत्रु खतमका हिमायतीहरूले उनलाई वर्गशत्रुका रूपमा हेरे हेरेनन्। उनीहरू नै जानुन् तर २०२९ सालमा देवीप्रसाद आफू असुरक्षित भएको महसुस गरी काठमाडौमा मेची लजको संचालन गरेको कुरो झापाका धेरै व्यक्तिहरू बताउँछन्। राजनैतिक अपरिपक्कताको कारण धेरै हदसम्म उक्त आन्दोलन गल्ति थियो भनी वर्तमानमा नेताहरूद्वारा नै स्वीकार गरिएको उक्त आन्दोलनप्रति देवीप्रसादले विरोध वा समर्थनमा सार्वजनिक वा व्यक्तिगत टिप्पणी गरेको कसैलाई थाहा छैन। तर २०३६ साल पछि भने प्रशासनद्वारा वामपन्थीलाई सहयोग गरेको आरोप उनीमाथि बारम्बार लगाइयो।

महान् शिक्षाप्रेमी र समाज सेवी, उदार सामान्त, 'कलमको बाठो' इत्यादि विशेषणहरूमध्ये सामाजिक र शैक्षिक क्षेत्रमा उनले दिएका देनको प्रशंसा गर्नेहरूको संख्याको नै वाहुल्यता देखिन्छ। वर्तमानमा उनी शिक्षाप्रेमी र समाजसेवीको रूपमा परिचित भै सकेका छन्। तर उनका यी कार्य लगायत २००७ को कान्तिताका उनले गरेका राजनैतिक कार्यको अध्ययन अनुसंन्धान गर्न बाकी नै छ। अध्यायन अनुसंन्धान नै नगरी दोष मात्र दिनु वा प्रशंसा मात्र गर्नु पनि गल्ति हुनेछ।

आफ्नो जिमिदारीबाट प्रशस्त आम्दानी र वचत हुदाहुँदै पनि यिनले व्यापार वाणिज्य र उद्योग स्थापनातर्फ कुनै कसरत गरेनन्। आफ्नो आम्दानी आर्जनको प्रमुख स्रोतको रूपमा यिनी जग्गा जमीनमा नै निर्भर रहे-यसै अर्थमा यिनीलाई एक जमिन्दार भन्न सकिन्छ। यसको साथसाथै यिनीले आफ्नो जग्गा जमिन र आम्दानीको प्रमुख हिस्सा नै शिक्षा र सामाजिक क्षेत्रमा लगाएर आफ्नो संन्ततिलाई मध्यमवर्गीय रूपमा परिणत गराए। त्यसैले यिनलाइ 'उदार जमिन्दार' भन्दा फरक नपर्ला।

सुरूङ्गा-५ झापा

देवीप्रसाद उप्रेती र शिक्षा प्रेम

- पुण्यप्रसाद खरेल



२०२२ साल तिरको कुरा हो । म ताप्लेजुङ थेचम्बु गाउँको हाई स्कूलमा कक्षा आठमा पढ्थें । हाम्रो स्कूल त्यही गाउँका कर्मीले बनाएको हामी आफैंले ओसारेका सल्लाका काठहरू लगाएको र खरले छाएको थियो । हाम्रो गाउँको मोहोडा दक्षिण पश्चिम फर्केकोले हाम्रो गाउँको ठीक सामुन्ने तारो थापेको जस्तो गरेर आठराईको फूलबारी, कालिपा, सग्रांती तथा पोखरी इत्यादि गाउँहरू पर्दछन् । त्यही पोखरी गाउँको थाप्लामा लामो सेतो टल्कने घर हामी देख्थ्यौं । त्यो हामी केटाकेटीको नानी 'देबी हाई स्कूल अरे' हामी सुन्थ्यौं । त्यहाँ नजिक गएर त्यो स्कूल देख्न पाए त ? त्यस्तो सेतो टल्कने स्कूलमा पढ्न पाए त ! ....' हाम्रो मन चुकचुकाउँथ्यो । हामीले सुनेका थियौं च्यादर लगाएको त्यो स्कूल सबै छिनाले काटेका ढुङ्गाले बनाएको छ अरे .... देवीप्रसाद उप्रेतीले बनाइदिएको अरे ......स्कूलको नाम पनि देवी हाई स्कूल......।' पछि त फेरि नाम बदलेर पोखरी हाई स्कूल नै पारेछन् किन कसरी हो ।

मेरो चेतना जति जति छिप्पिँदै गयो, मानसिक क्षितिज फराकिँदै गयो त्यति त्यति -'देवीप्रसादले क्याम्पसलाई यति बिघा जग्गा दिए अरे ?......त्रिमोहन हाई स्कूललाई .... शारदा हाई स्कूललाई .... दुर्गा हाई स्कूललाई ..... स्कूललाई .... ' यस्तै अनेकन स्कूलको नाम सुन्थे । अतिशयोक्ति नगरी भन्दा त्यतिबेलाको मेरो किशोर हृदयले देवीप्रसाद उप्रेतीको नामको पर्याय 'स्कूल' बुझ्ेको थियो । त्यसकारण नजानिंदो पाराले मेरो हृदय देवीप्रसाद उप्रेतीलाई आफ्नै आँखाले देख्न लालयित थियो ।

जनकवि गोकुल जोशीको जीवनी पढ्दा जब उहाँ देवीप्रसाद उप्रेतीको प्रेरणाबाट झापा आउनु भएको, देवीप्रसादकै सरसहयोगबाट चन्द्रगढीमा अझ घैलाडुब्बा मै पनि रहनु भएको तथा पछि उहाँको त्यहीं देहावसान भएको थाहा पाएँ तब मेरा मनमा एउटा सामन्तवादी व्यवस्थाको नायक जिम्दार देवीप्रसाद उप्रेतीप्रति जाग्नु पर्ने घृणाको सट्टामा श्रद्धा नै बढी जागेको थियो । मेरो मनमा अति स्वाभाविक र स्वस्फूर्ततामा जन्मेको भाव उहाँप्रतिको यही नै हो ।

२०४७ मा मुलुकमा प्रजातन्त्रको आगमन पश्चात खुशीयालीको गुराँस कुनाकुनामा फक्रेको थियो । फूलेको थियो । सधैं भूमिगत रूपमा मनाईंदै आएको गोकुल जयन्तीलाई पनि त्यस रमाइलो र उन्मुक्त वातावरणमा जन सांस्कृतिक मंच झापाले धुमधामसाथ घैलाडुबामा नै मनाउने निधो गर्‍यो । प्रमुख अतिथि उहाँ, शिक्षाप्रेमी, जनकवि गोकुल

जोशीका एक सहयोगी, देवीप्रसाद उप्रेतीलाई बनाउने हाम्रो निधो भए अनुसार निमन्त्रणा पत्र लिएर उहाँको घर घैलाडुब्बा जाँदा २०४७ जेठ ८ गते विहान उहाँको निवासमा पहिलो पल्ट र आखिरी पल्ट भेट भयो । केहीबेर कुराकानी गर्दा मलाई गर्व लाग्यो । उहाँप्रतिको मेरो विश्वास कायमै रहयो । उहाँको सरल व्यबहार, हाम्रो कार्यक्रममा प्रमुख आतिथ्य स्वीकार गरी कार्यक्रम सफल पार्न गरेको मद्दत तथा त्यस अवसरमा उहाँको अभिव्यक्तिले उहाँप्रतिको श्रद्धा घटेन बरू बढ्यो । त्यो समयमा त्यति असीम जग्गा जमिनको मालिक बनेका जिम्दार देवीप्रसाद उप्रेती दुनियाँ सर्व साधारणमा व्यवहारबाटै एउटा समाज-सेवी र शिक्षाप्रेमीको रूपमा सर्व परिचित हुन सक्नु उहाँको प्रशंसनीय गुण हो भन्न कंजुस्याइँ गर्नु मूर्ख्याईं हो । मेरो मनमा त्यो पोखरी हाई स्कूलको टल्केको छानोमा देवीप्रसाद उप्रेती सदैव टल्किनै रहेका छन् ।

(२०५२।४।३०)

काँकरभिट्टा, झापा

परिचयः दानवीर देवीप्रसाद उप्रेती

— टीकाराम शर्मा

वैशाख १ गते १९६९ का दिन पूर्व नेपालको तेह्रथुम जिल्लाको आठराई इवाको सिम्लेमा एउटा वालकको जन्म हुन्छ। राणाकालीन युगमा त्यहाँ न त बाटाघाटा थिए, न शिक्षादीक्षा तथा साधारण पठनपाठनको समेत कुनै चासो कसैमा थियो। त्यो पहाडी कन्दरामा हुर्किरहेको वालकमा ज्ञान प्राप्तिका लागि सानैदखि आफू पढ्न पाए हुन्थ्यो, गाउँका इष्टमित्रले शिक्षाको उज्यालो पाए हुन्थ्यो भन्ने कौतुहल जागिरहेको थियो। एक दिन घरबाट सातु सामल बोकी त्यो वालक कष्टसाथ काठमाडौंको श्रेस्ता पाठशालामा भर्ना हुन पुग्यो। केही वर्ष पछि पूर्वाञ्चलमा नै शिक्षाको राँको बाल्ने व्यक्ति 'जिमिदार देवीप्रसाद उप्रेतीको' नाउँ समाजले आफूबीच पायो।

नाम मात्रको श्रेस्ता पाठशालामा देवीप्रसादको उच्च भावनाले मेल खाएन। उहाँ दार्जीलिङ्तिर आउनु भयो। बाहिरभन्दा स्वदेश कै गाउँमा शिक्षा प्रचार गर्ने अठोट उहाँले गर्नु भयो। १९९७ सालतिर नेपालमा राणाशासनका विरूद्ध निकै खुलारूपमा आन्दोलन सुरू भयो। नेपालका चार शहीदले ज्यान दिए। यस्तो डरलाग्दो समयमा देशव्यापी आतुरता फैलियो। शिक्षा प्रचार गर्ने देवीप्रसादको ज्वलन्त आकांक्षा क्षणिक कालसम्म दबेर बस्यो।

२००७ -२००८ सालमा पूर्वाञ्चलमा क्रान्तिकारी आन्दोलन सुरू भयो। श्री महानन्द सापकोटाको नेतृत्वमा देवीप्रसाद मैदानमा आउनु भयो। सैकडौं विद्यालयहरू गाउँ गाउँमा खोलिए। करफोकलाई केन्द्र बनाई शिक्षा विकास चौतर्फी रूपले फिजाउने कार्यक्रम बन्यो। प्रमुख सहयोगीहरूमा देवीप्रसाद लगायत श्री नरेन्द्रनाथ वाँस्तोला, धर्मप्रसाद ढकाल, पूर्णवहादुर मानव र भैरवप्रसाद आचार्य थिए। विद्यालयका साथै करीब ५० ठाउँमा पुस्ताकालय पनि खोलिए।

झापा र तेह्रथुममा त्यसवेला अल्प जनसंख्या थियो। 'आँटी भलो कि ढाँटी भलो' उखानलाई कृतार्थ गराउँदै देवीप्रसादले हजारौं बिगाह जमीन झापामा कब्जा गर्नु भयो। यसरी हातमा लिएका जमिनमा धमाधम विद्यालय स्थापना गरिए। पहिला आफ्नो र परिवारको नाउँमा जग्गा दर्ता गरी ती जग्गा मध्ये सैकडौं बिगाह विद्यालयलाई दान गरियो। घैलाडुब्बा र आठराईको पोखरी माध्यमिक विद्यालयको स्थापना मात्र होइन सम्पूर्ण खर्च आफैं बेहोरी निशुल्क शिक्षा माध्यमिक तहसम्मको तर्जुमा भयो। पछि नयाँ शिक्षा चालु हुँदा २०२९ सालमामात्र श्री ५ को सरकारले ती विद्यालयहरू आफ्नो मातहतमा लियो।

शरणामतीको करीब १२० बिगाह जमिन भद्रपुरको मेची महाविद्यालय (हालको मेची वहुमुखी क्याम्पस) ले दान पायो। आज मेची क्याम्पसलाई यो वार्षिक आय स्रोतले अगाध सहयोग गरिरहेछ। त्यस्तै प्रबन्ध तेह्रथुमको आठराई चुहानडाँडा क्याम्पसलाई पनि भयो।

यी विशाल दानका नमूना मात्र यहाँ उल्लेख गर्दै देवीप्रसादले कैयौं शैक्षिक संस्था तथा सामाजिक संस्थाहरूको जगेडा गर्नु भएको उल्लेखमात्र यहाँ गरी अब यस्ता दानवीर विशाल हृदयका महानुभावहरूको उदाहरणीय स्वभावमा एक दृष्टि दिऊँ। धनको विशाल जगेडा गरेर सामाजिक कार्य, शैक्षिक सेवापट्टि ध्यान नदिने हाम्रा धेरै देशवासी छन्। अनि फेरि हाम्रा यस्ता देशवासी पनि छन् जो धनीहरूको दानले समाजलाई भलो गरेको देख्दा देख्दै पनि शोषण गरेको अपशब्द प्रयोग गरी कटु आलोचना गर्छन्। आँट भएका पुरूषहरूले संकलन गरेको धन जनकल्याणमा पुग्छ भने निरीह जनताले आभार मान्नु पर्छ। यो विचारको प्रवर्द्धन जनतामा होस्। देवीप्रसाद जस्ता आँटिला, विशाल हृदयका दानवीरहरू बराबर पाऊँ भनी हामी प्रार्थना गरौं।

देवीप्रसाद उप्रेतीको मृत्यु २०४९, असार ११ मा भयो। यस्ता समाज सेवी दानवीरहरूको जन्म फेरि हामी बीच होइरहोस्।

खरानी भित्रको फिलिङ्गो

— हरिप्रसाद थपलिया

जिमिन्दार श्री देवीप्रसाद उप्रेतीज्यूको नाम त धेरै अगाडि सुनेको हुँ तर नजिकबाट चिन्ने मौका २०१५ सालमा उहाँकी भान्जी लीलादेवीसँग मेरो विवाह भएपछि मात्र भयो ।

उहाँले स्कूल, कलेजमा शिक्षा त हासिल गर्नुभएको रहेनछ तर उहाँका प्रत्येक गतिविधि र कार्यशैलीबाट यही देखिन्थ्यो कि उहाँ प्रकाण्ड विद्वान हुनुहुन्थ्यो । जुन विषयमा चर्चा चल्दा पनि उहाँको तर्क युक्तिसंगत हुन्थ्यो । अनि संन्तोषजनक पनि । यी सबै कुराहरू २०१८ साल फाल्गुनमा म झापा प्रवेश गरेर उहाँकै संङ्गठनमा परेपछि बुझें ।

देवीप्रसादज्यूको ज्यादै नजिक बसेर निकै वर्ष बिताएको हुँदा उहाँका उज्याला र अँध्यारा पक्षहरू मैले देखेको हुँ ।

पहिले म उहाँका उज्याला पक्षहरूका बारेमा चर्चा गर्न चाहन्छु देवीप्रसाद उप्रेतीज्यूले तेह्रथुम जिल्लाको आठराई पोखरीमा (हाल-छातेढुङ्गा गा.वि.स.मा) आफू बस्ने अस्थाइ झोपडीहरू निर्माण गरेर त्यसै ठाउँमा पोखरी हाई स्कूल खोल्न धेरै टाढादेखि अति दामी काठहरू ल्याएर स्कूल भवन निर्माण गर्नु भयो । २०१७ साल वैशाखमा अचानक उहाँको वासस्थानमा आगलागी भै सम्पूर्ण सम्पत्ति नष्ट भयो । अनि त्यसका केही दिनपछि उक्त हाई स्कूल भवनमा आगो लाग्यो र सबै खरानी भयो । म उहाँलाई सहानुभूति दिन गएँ । अनि कुरै कुरामा मैले उहाँलाई जहाँ शिक्षाको ज्योति हेर्न मान्दैनन् त्यस्ता ठाउँमा बस्नु मनासिव हुँदैन । जाउँ चुहान्डाडामा बसौं, म तपाईंलाई सुहाउने घरबारीको व्यवस्था मिलाउँछु। अनि उहाँले भन्नुभयो "चुहान्डाडामा तपाईंहरूले हाईस्कूल र कलेज खोल्नु भएको छ, त्यस्ता उत्साही र शिक्षाप्रेमी जनहरू भएका ठाउँमा म किन थपिनु ? जहाँ अशिक्षा र अन्धकार छ त्यहाँ यो शिक्षाको ज्योति बाल्नु पर्छ त । मैले हरेस खाएको छैन, म निराशा भएको छैन, तसर्थ यसै ठाउँमा म शिक्षाको प्रकाश फिंजाउँछु ।"

साँच्चै नै उहाँले फेरि त्यस ठाउँमा जुन सहयोगबाट हाईस्कूल खडा गर्नु भयो र प्रशस्त जग्गा जमिन दिनु भयो, जुन स्कूल भवन पूर्वाञ्चलमा नै नमूनाको रूपमा छ, त्यहाँबाट शिक्षा हासिल गरेका व्यक्तिहरू हाल ठूला ठूला विद्वान र उच्चपदमा पुगेका छन् ।

उहाँ आफ्नो सुख सुविधाको लागि कहिल्यै सोच्नु हुन्थ्यो । एउटा गतिलो घर

बनाएर बस्नु भएन । राम्रो लुगा लाउनु भएन । कहिलेकाहीं धुँडा घस्किएको खाँडीको सुरूवालमा देखिनु हुन्थ्यो । मीठो खानाको व्यवस्था गरेको पनि देखिएन । हातमा घडी थिएन र पनि समयको अन्दाजमा १० मिनेट भन्दा बढीको फरक पर्दैनथ्यो ।

एक दिन उहाँले भन्नु भयो– "म पहाडबाट एउटा गतिलो भैंसी किन्ने पैसा कमाएर फर्किन्छु भनेर हिंडेको थिएँ , अहिले २२ मौजाको जिमिन्दार छु र पनि एउटा गतिलो भैंसी किन्न सकेको छैन, केले पुगेको छैन, छैन ।"

उहाँ प्रणामी धर्मावलम्बी हुनुहुन्थ्यो । त्यसकारण गोरसको चाहना गर्नु हुन्थ्यो । त्यस सम्बन्धमा उहाँको भनाइ थियो "वस्तुलाई चामल ख्वाउँदा मात्र दूध निक्लने भए चामल मात्र ख्वाएर पनि दूध निकाल्नु पर्नेमा हामीले फ्याँकेको भूस र पराल, खोसेला ख्वाउँदा पनि गाई भैंसीले दूध दिन्छन् र पनि हामीले दूध निकालेर प्रशस्त खान सकेको छैनौं ।"

उहाँमा एउटा विचित्र गुण के थियो भने शत्रुनै आएर सल्लाह मागे पनि उचित सल्लाह दिनुहुन्थ्यो । उहाँको शरणमा आउनेलाई उहाँले खाली हात कहिल्यै फिर्ता गर्नु हुन्नथ्यो ।

मृदुभाषी अत्यन्त सौम्य र गम्भीर देवीप्रसाद उप्रेतीले शिक्षाको लागि जति सोच्नु भयो त्यसको दशांश पनि पूरा भएन । संस्कृत विद्यालयहरू र विज्ञान महाविद्यालय खोल्ने उहाँका आकांक्षाहरू अधूरै रहे । ठूला ठूला उद्योगको परिकल्पना गर्नुभयो तर समयले, सरकारले र आफन्तले साथ नदिएर होला ती दूरगामी परियोजनाहरू त्यसै विलिन भए ।

उहाँ गृहस्था श्रममा असफल हुनुहुन्थ्यो । उहाँका ४ वटी पत्नीहरू भएर पनि जीवनको उत्तराधमा एक्लै देखिनु भयो । उहाँको विचारसँग विचार मिल्ने पत्नी र छोरा छोरी देखिएन सँधै असन्तोष नै देखियो । उहाँ जिद्दी स्वाभावको हुनुहुन्थ्यो । सबैसँग सल्लाह लिने तर राम्रो नराम्रो जे भए पनि आफ्नै विचारमा मात्र लाग्ने हुँदा उहाँका घरका र बाहिरका समेत असन्तुष्ट नै भएको पाइयो ।

हामी चेस (बुध्दिचाल) खेल खेल्थ्यौं तर देवीप्रसादज्यूसँग खेल्न भरंसक तर्कन्थ्यौं । किनकि उहाँले जित्नै पर्ने । जिद्दी गरेर हैरान खेलाएर भए पनि जित्नु पर्ने हुँदा हामी तर्कन खोज्थ्यौं । तर पनि खेल्नै पर्थ्यो ।

हामीले झापा धैलाडुबामा उहाँकै निर्देशनमा साझा दोकान खोल्यौं । संचालकमा श्री गंगाप्रसाद प्रसाई भान्जाबाबु, पूर्णकुमार प्रधान, कामेश्वर दत्त र म हरिप्रसाद थपलिया थियौं मूल निर्देशकमा उप्रेतीज्यू नै हुनुहुन्थ्यो । तर समयको मारले छिटो छिटो भएको मुद्रा अवमूल्यन र पूनर्मूल्यानको चपेटामा परेर साझा संस्था फेल हुन गयो ।

उहाँका बारेमा लेखेर कहिल्यै टुङ्गीदैन । संस्मरणहरू धेरै छन् । लेखि साध्य नै छैन ।सारांशमा भन्ने हो भने आठराईमा जन्मिनु भएका श्री देवीप्रसाद उप्रेतीज्यू दानवीर कर्ण नै हुनुहुन्थ्यो । हामी कसैले पनि उहाँको बारेमा गलत सोच गर्नु पापमय हुन्छ । त्यस्ता महान् व्यक्तित्व को संस्मरणमा २/४ शब्द लेख्न पाउँदा आफूलाई गौरवान्वित सम्झेको छु ।

अन्त्यमा उहाँको स्वर्गीय आत्माले शान्ति पाओस् र त्यस्तै उच्च विचारका व्यक्तिहरूको जन्म देशमा भैरहोस् भन्ने हार्दिक कामना सहित श्रध्दाञ्जली अर्पण गर्दछु ।

(२०५२-३-२५)

चुहान्डाडा-२ आठराई,

जीवनी संक्षेप देवीप्रसाद उप्रेती

- नारायणप्रसाद ओली

तेह्रथुम् जिल्ला इवा ग.वि.स. वडा नं.२ अन्तर्गत पिता डा.रविलाल उप्रेती र माता लक्ष्मी उप्रेतीका एकमात्र सुपुत्र देवीप्रसाद उप्रेतीको जन्म वि.सं.१९६९ साल वैशाखमा भएको थियो । उहाँको देहावसान २०४९ साल आषाढ ११ गते काठमाडौमा भयो ।

उहाँका वुवा रविलाल उप्रेती पढालेखा मानिस र औषधि सम्बन्धमा भारतको कलकत्तामा ठूला डाक्टरकासाथमा रही तालीम प्राप्त गरी आउनुभएकाले उहाँलाई गाउँ घरमा डाक्टर उप्रेती भनिन्थ्यो । देवीप्रसाद उप्रेतीको प्रारम्भिक पठनपाठन घरमा पिताबाट नै भएको थियो । उहाँ वालककालमा पिता विद्यार्थी अध्यापनमा चैनपुरसम्म जाँदा उहाँले पनि पितालाई साथ दिनु भएको कुरा थाहा भएको छ । उहाँले १६ वर्षकै उमेरमा पितृस्नेहबाट वञ्चित हुनुपर्‍यो । पिताको मृत्युपछि आमाको प्रेरणाबाट १९८६ सालमा त्यसताकाको उच्च कानूनी अध्ययनको लागि दुई वर्षको कानून अध्ययन पछि १९९० सालमा झापा अमिनीमा नौसिन्दा बैदारको नियुक्ति लिई पहिलो र अन्तिम जागिरे बन्नुभयो ।

जागिरको सिलसिलामा उहाँका हाकिम तारानाथ लप्टनसितको वादविवादको कारणले राणा शासनको काल भएकाले उहाँको हातकलमा सम्म भयो । सोही कारणले उहाँको नोकरी समेत छुट्यो । १९९४ सालमा उहाँले मुद्दा जिती सफाइ पाउनु भयो । तर जागिरमा फर्कने विचार भने गर्नुभएन ।

राणा सरकारले जिमिदार इन्डिवर ओलीलाई राजनीतिक कारणले मालपोत असुल गर्न नसकेको कारण जनाई जिमिदारी अमानतमा राखे र जिमिदारको जेथा सर्वस्वहरण गरी जिमिदारलाई जेलमै पुऱ्याए । १९९४ सालको नापीमा जि.इन्डिवरको अमानतमा रहेको जिमिदारी सुरूङ्गा, घैलाडुबा, भद्रपुर र सिंदुरमुछी ४ मौजा ५ वर्षे किस्तावन्दीमा देवीप्रसाद उप्रेतीले लिनु भयो । यसपछि थप गर्दै २२ मौजासम्मको जिमिदारी उहाँले चलाउनु भयो ।

२००१ सालदेखि हावापानी बदल्न र केटा केटीको पठनपाठनको लागि उहाँले केही समयको लागि विशेष गरी गर्मीको समयमा दार्जिलिङको बसोबास पनि सुरू गर्नु भयो । नेपालको राणा विरोधी अभियान चर्कदै गएपछि नेपालका नेताहरू भारत (प्रवास) जाने वाध्यता भयो । यही सिलसिलामा देवीप्रसाद उप्रेतीको घरमा गएका राणा

विरोधी नेताहरू बी.पी. कोइराला, गणेशमान सिंह, लक्ष्मीप्रसाद देवकोटा आदिसित दार्जिलिङमा उहाँकै घरडेरामा सम्पर्क भयो । उहाँले ने.कां.को कलकत्ता र वैरगनियाको सम्मेलनमा भाग लिनु भएको थियो ।

२००७ सालको राणा विरोधी क्रान्तिमा उहाँको झापा जिल्लाको तर्फबाट सामयिक सरकारमा गभर्नर भैरवप्रसाद आचार्य लगायत अन्य सदस्यहरू गंगाप्रसाद प्रसाईं (खालवारी), धर्मप्रसाद ढकाल, मानबहादुर डिट्टा, विष्णुप्रसाद मिश्र समेतका संचालक उहाँनै हुनुहुन्थ्यो ।

उहाँले शिक्षा क्षेत्रमा ठूलो योगदान दिनु भएको कुरा सर्वविधितै छ । उहाँले विद्यालयलाई जग्गा दान दिने सिलसिलामा करफोक, प्रणामी सिम्ले, घैलाडुबा, पोखरी, चुहान्डाडा, सक्रान्ति आदिका माध्यमिक विद्यालय, अन्य नि.मा.वि., प्रा.वि. र क्याम्पसलाई समेत तराइमा लगभग १००० विघा र पहाडमा कैयौं रोपनी जग्गा समेत दान दिनु भएको छ । यसबाहेक मन्दिरहरू र अन्य सामाजिक सेवामा समेत उहाँले योगदान पुऱ्याउनु भएको छ ।

अन्तिम श्रद्धाञ्जली

- रामचन्द्र मैनाली



१

मान्छेकै दिलमा छ कल्मस कि वा त्यो स्वचछता निर्मल
माहानवता, पशुत्व अथवा त्यो राक्षसी जाडता
मान्छेनै सव सृष्टिको समृद्धिको हर्ता र कर्ता छयो
आदिम् मानवता सरल-सहजथो यो दव्य भूमण्डलै
आफ्नो कर्म भूभि बनाई रमने मान्छे रमान्छै सगै
खाने बस्ने सबै सबै समुहमा तेरो रमेरो न भै
मान्छे औ पशुवत्वको फरकको आधार यो नै थियो ।

२

अर्को उन्नत सभ्यता पहुँचको आधार यो नै भयो ।
व्यक्ति स्वार्थ परस्त युगहरूको नै जन्म यसले दियो ।
व्यक्ति स्वार्थ र स्वार्थ औ समूहमा बाभ्दै र भिड्दै रह्यो ।
सब्को खातिर सोच राखी चलने हावा चलि नै रहयो ।
हाम्रो यो असमान दुष्ट प्रवृत्तिको अन्त्यको खातिर
शिक्षाले मन-मल हटाई गुणको गर्दै रहोस् सञ्चय,
भन्ने मानव यी सुधारक बडा दाता परमधाम् हुँदा
अर्पन्छु दुई शब्दका सुमनको अन्तिम श्रद्धाञ्जली ।

इवा-९ तेहृथुम ।

देवी-स्मृति

डिकबहादुर चौहान

धन्य नाम देवी करोडौं लक्ष्मी बास तिम्रो,
लिए आश संस्था, संस्थानहरूले, नित्य महात्मा तिम्रो ।

बिद्यामन्दिर, करफोक, मगन्ते दुवै करैमा तिम्रो,
ढाक्रे, जागीरे, कवि, किसान, मगन्ते दुवै करैमा तिम्रो ।

गोठालो तिमी गाईहरूका हरियाली सब फाँट तिम्रो,
दाजु हौ तिमी भाइहरूका, फाँटको फाँट तिम्रो ।

आँखा हौ तिमी अन्धाहरूका दुवै आँखा खोल्दिने,
विद्या हौ तिमी विद्यार्थीका पुस्तक पाना खोल्दिने ।

चाकोमा हात हाली चखाउने धन्य ! महान तारा,
ज्यामी, धामी सब ऐश्वर्य छन् पाइ तिम्रो सहारा ।

पाएको निःशुल्क र रसीलो भूमि, राख संस्था हो ! सजाई
गाथा गाउलान् भोलि, सन्ततिहरूले, पञ्चै बाजा बजाई ।

बिर्से गाथा गाउँन उनको भूलमा भूल थपिने,
संझे गाथा गाउँन उनको मूलमा मूल थपिने ।

नाम मरिन्न यस धरतीमा कालले तिमी मर्दै,
पुनः उदाऊ ठूलो हृदयले पूर्व क्षितिज छर्दै ।

सिमले, इवा
आठराई

देवीप्रसाद उ़प्रेती र प्रणामी धर्म

- लीलाप्रसाद सापकोटा

करफोक विद्या मन्दिरमा २०१८ सालमा म कक्षा १० मा पढ्थें । करफोकबाट प्रकाशित हुने वार्षिक मुखपत्र 'जुनेली'ले त्यही वर्ष एकजना ठूला निधार भएका प्रबुद्ध व्यक्तिको तस्वीर प्रकाशन गरेको थियो –आफ्नो संरक्षकको रूपमा । तस्वीर थियो श्री देवीप्रसाद उप्रेतीको । मैले उहाँको अनुहार त्यसैबेला चिनेको हुँ ।

एल.एल.सी.को सेन्ट अप टेस्ट दिएपछि मेरा कतिपय कारणहरूले मलाई झापा झा-यो - शिक्षण पेशाको खोजीमा । त्यही क्रममा २०१८ साल मंसीरं २६ गते म डाँगीबारी पुगें - डाँगीबारी प्रा.वि.को सञ्चालक समितिको बैठकका दिन । मलाई आदर्श विद्यामन्दिर जुनियर हाइस्कूलका तत्कालीन प्र.अ. हरि खत्री र शिक्षक भीम शर्माले त्यहाँ पु-याउनु भएको थियो । हामी हंसनारायण चौधरीका आँगनमा पुग्यौं । आँगनको बाहिरी घर छेउको ठूलो खटियामा एकजना भव्य पुरुष बस्नु भएको थियो । उहाँ हुनुहुन्थ्यो- मैले 'जुनेली'मा तस्वीरमा देखेका श्री देवीप्रसाद उप्रेती । सञ्चालक समितिको बैठकमा भाग लिन आउनु भएको रहेछ । मलाई डाँगीवारी प्रा.वि.को सहायक प्र.अ.मा नियुक्ति दिने सञ्चालक समितिले निर्णय ग-यो । यसरी म पहिलो पटक उहाँहरूकै निर्णयबाट शिक्षक नियुक्त भएको हुँ । अहिले जस्तो लाग्छ ।

श्री देवीप्रसाद उप्रेतीको शिक्षा क्षेत्रमा ठूलो योगदान छ । उहाँले पहाड आठराईमा हाइस्कूल, मिडिल स्कूलहरूको स्थापनामा र वीरेन्द्र इन्टर कलेजको स्थापना, सञ्चालनमा ठूलो भूमिका खेल्नु भएको मैले त्यसैबेला थाहा पाएको हुँ । आदर्श विद्यामन्दिर, जुनियर हाइस्कूल धैलाडुब्बा र डाँगीबारी, शरणामती चक्चकी लगायतका कतिपय विद्यालयहरू निःशुल्क सञ्चालन भएका थिए । एक बिघा जमिन हुने जग्गा धनीले एक कट्ठा विद्यालयलाई दान दिने र सो दान दिएको जग्गाको आयस्ता जग्गाधनीले विद्यालयमा बुझाउने व्यवस्थाबाट ती विद्यालयहरू सञ्चालित थिए । यसलाई विगहट्टी भनिन्थ्यो । विगहट्टी आन्दोलनका प्रणेता देवीप्रसाद उप्रेती हुनुहुन्थ्यो । विद्यालय कसरी सञ्चालन गर्ने भन्ने समस्याको समाधान मैले विगहट्टी आन्दोलनबाट पाएँ भनी तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाले मुक्तकण्ठले प्रशंसा गरेको मैले सुनेको हुँ ।

२०२० सालतिर झापा र आठराई वा केही विद्यालयहरू एउटै तरिकाले सञ्चालन हुन सकून् भनेर उहाँले संयुक्त स्कूल समिति गठन गर्नु भयो । मदन थापा संयुक्त

समितिका सचिव हुनुभयो तर यो समितिको आयु भने लामो रहेन ।

२०२० साल असोजमा भद्रपुरमा मेची महाविद्यालयको स्थापना भएपछि मैले आई.ए. पढ्ने विचार गरें । पौष १६ गते मेची महाविद्यालयको विद्यार्थी भएपछि मेरो श्री देवीप्रसाद उप्रेतीसँगको सम्पर्क करीब करीब टुटे बराबर भयो । २०२३ सालमा धुलावारीमा शिक्षकमा नियुक्ति भएपछि भने श्री देवीप्रसाद उप्रेतीसँग मेरो भेट भएन ।

२०३५ सालमा म कन्काई मा.वि. सुरुंगमा प्रधानाध्यापकमा नियुक्त भएँ । यस बीचमा केही झल्याकझुलुक भेटहुनु बाहेक उहाँसँग कुनै कुराकानी हुन सकेन ।

शिक्षण पेशा २०३६ सालदेखि छोडेपछि म कानून व्यवसायी बनें । श्री देवीप्रसाद उप्रेतीका कामहरू नरेशकुमार बर्मा र लीला उदासीजी गर्नु हुन्थ्यो । प्रणामको आदान-प्रदान गर्नेबाहेक यस अवधिमा पनि उहाँसँग खास कुराकानी भएको मलाई सम्झना छैन ।

श्री कृष्णप्रणामी धर्मका मेरा गुरुजी श्री १०८ मंगलदासजीले २०३५ सालबाटै इटहरीमा मुक्तिधाम स्थापना कार्य प्रारम्भ गर्नु भयो । म उक्त कार्य सञ्चालन गर्ने समितिको सदस्य रहें । २०३९ सालमा एकपटक श्री देवीप्रसाद उप्रेतीलाई गुरुजीले इटहरी बोलाउनु भयो । उप्रेतीजी इटहरी पुग्नुभयो र गुरुजीका उद्देश्यहरू कार्यान्वयन गर्न आवश्यक विधान बनाउने सल्लाह भयो । मलाई विधान मस्यौदा गर्न अह्राइयो र एक पटक श्री देवीप्रसाद उप्रेतीसँग उक्त मस्यौदामा छलफल गर्न लगाइयो । यही छलफल गर्ने क्रममा मैले श्री देवीप्रसाद उप्रेतीको केही घण्टा समयको पछिल्लो सान्निध्य पाएको हुँ ।

तिनताका उहाँ धैलाडुब्बा बजार पश्चिममा रहेको सानो चामल मिलमा बस्नु हुन्थ्यो । म पुगेको बेलुका उहाँ मिलमा श्री कृष्णप्रणामी र धर्मको साहित्य पढेर बस्नु भएको थियो । म पुगेपछि उक्त विधानको मस्यौदामा छलफल भयो । मस्यौदाका कतिपय बुँदामा उहाँले संशोधन गर्न उपयुक्त ठान्नु भयो । उहाँले त्यही दिन श्री कृष्णप्रणामी धर्मको पूर्वी नेपालमा प्रचार- प्रसारको इतिहास सुनाउनु भयो । जुन मेरा मानसपटलमा अद्यावधि सञ्चित रहेको छ । उहाँले सुनाउनु भएका इतिहासका कुराहरू यसप्रकार छन् –

१. पहाड पूर्व १ नं. कानपुरका मैनालीकी छोरी लछिमाई जगन्नाथ पाण्डे (१८४५-१८७५) नामका व्यक्तिले विवाह गर्नु भएको हो । लछिमाको उमेर १९ वर्षको हुँदा जगतजीलाई राजकाज मुद्दा लाग्यो र उहाँ भागेर ब्रिटिस इण्डियामा लुक्दा विहार गंगापुर को श्री कृष्णप्रणामी मन्दिरमा पुग्नु भयो र त्यहीं सपरिवार प्रणामी धर्ममा प्रेरित हुनुभयो । पछि नेपाल फर्केर झापाको कन्काई पूर्वको चुली डाँडाँमा बस्नु भयो । सो चुलीलाई अहिले पनि जगन चुली भन्दछन् । त्यतिखेर मोरङ रङ्गेलीमा अड्डा बसेको थिएन । सम्भवतः सप्तरीबाट हेरिन्थ्यो । जगन पाण्डे निस्सन्तान परलोक भए लछिमाको माइती कानपुरबाट आठराई बसाइँ सरेपछि लछिमालाई पनि आठराई लगे । पछि लछिमाका माइती पनि प्रणामी धर्ममा दीक्षित भए । लछिमाले वि.सं. १८७५ मा बनाएको कुटी नै आठराई फुँगुवाको हालको श्रीकृष्ण प्रणामी मन्दिर हो ।

२. श्री कृष्णप्रणामी धर्मको मुक्तिपीठ पन्ना (म.प्र. भारतको) को गुम्मट मन्दिरमा

काठमाडौंका सेठ भवानी दासले नेपालबाट वि.सं. १८७० तिर काठ र तामाको पाता लगी छानो लगाउनु भएको सबैलाई थाहा छ। भवानी दासलाई बत्तीस कोटीका महामानव भनिन्थ्यो। भवानीदासका भाइ रामदास हुनुहुन्थ्यो। नरदेवी टोलमा घर थियो- र भवानीदासको, किलागलमा घर थियो रामदासको- भवानीदासका छोरा मोहनदास, कृष्णदास र लालदासका मोहनदासले घरको भुइँतला छोडेर २ तला श्री कृष्णप्रणामी मन्दिरका नाउँमा गुठी राख्नु भएको थियो। साँखुमा १२६ रोपनी जग्गा भवानीदासले मन्दिरका नाउँमां गुठी राख्नु भएको थियो। ताम्रपत्र शिलापत्र छ।

३. काठमाडौं गौचरपूर्व भुइँमा धेरै पुराना प्रणामीहरूको बसोवासो छ। कलैया भवानीपुर औधापुरमा भुइँबाट आएका प्रणामीहरूले श्री कृष्णप्रणामी मन्दिर बनाएका हुन्। डा. छविलाल गजुरेल भुइँमालका हुनुहुन्छ।

४ नेपालमा श्री कृष्णप्रणामी धर्मका प्रचारकहरूमा दयालदास, महाराज एक हुनुहुन्छ। उहाँका चेला कमलप्रसाद आचार्य लगायतका मानिस काठमाडौंमा छन्।

५. बल्थली (पनौती) बाँसबारीमा श्री कृष्णप्रणामी मन्दिर छ। यसरी नै काभ्रेको खर्ककी राजबाई माईले श्री कृष्णप्रणामी धर्मको नेपालमा प्रचार गरे। भारत कालिफोङ्ग इच्छे बस्तीमा वि.सं. १९०३ मा श्री कृष्णप्रणामी मन्दिर स्थापना गर्नु भएको हो।

६. महामगलपुरीका एकताकाका महाराज श्री पितावइदास लछिमाका चेला हुनुहुन्छ भन्ने श्री देवीप्रसाद उप्रेतीको दावी छ। महाराजश्री पीताम्वरदास गुरुजी श्री १०८ मंगलदासका गुरु हुनुहुन्छ।

७. काभ्रे होक्सेमा श्री कृष्णप्रणामी धर्मका प्रचारक प्रेमदास बाबाजी हुनुहुन्थ्यो। नरदेवीमा श्री देवीप्रसाद उप्रेतीले उहाँलाई २० वर्षको उमेरमा देख्नु भएको हो। बाबाजी त्यतिबेला ८० वर्षका हुनुहुन्थ्यो।

त्यसपछि उहाँसँग भेट हुन सकेन। उहाँ बित्नु भएको समाचार सुनी म घैलाडुब्बा पुग्दा उहाँको दश दिनको काजक्रिया हुँदै थियो। श्री कृष्णप्रणामी सत्संग सेवा परिषद्का तर्फबाट मैले समवेदना चढाएँ। उहाँको जीवनकालमा लामो सान्निध्य पाएको भए म उहाँबाट धेरै लाभान्वित हुने थिएँ।

महान्‌व्यक्तित्त्व : देवीप्रसाद उप्रेती

- मातृकाप्रसाद सिटौला

"धीर भवन्ति गुणिनः शोभन्ते गुणिन सदा"

यो उक्ति मेरो अन्तर्हृदयमा दोहोरिरहन्छ, यो उक्तिका प्रत्येक संझाइले मेरो मानसपटलमा तिनै श्रद्धेय महान् व्यक्तित्त्वहरूको संस्मरण हुन्छ र त्यस्ता दिवंगत महान् आत्माहरूका निम्ति म अन्तर्हृदयबाट सर्वदा नतमस्तक हुँदै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। त्यस्ता समाजसेवी शिक्षासेवी केही व्यक्तित्वहरूमध्ये नेपालको पूर्वाञ्चल क्षेत्रका एक महान् शिक्षासेवी देवीप्रसाद उप्रेतीको जन्म वि.सं. १९६९ वैशाख संक्रान्तिका दिन इवा सिम्ले, आठाराई, तेह्रथुममा भएको थियो। उहाँका सहयोगी र सहकर्मीहरूका भनाइअनुसार उप्रेतीजी सानै उमेरदेखि मृदुभाषी मिजासिला स्वभावका र शान्त प्रकृतिका व्यक्ति हुनुहुन्थ्यो।

शिक्षाका क्षेत्रमा धेरैपछि परेको नेपाल जस्तो देशका अशिक्षित बालबालिकालाई शिक्षाको ज्ञानज्योति दिलाउन सक्रिय भएर लागि पर्ने पूर्वाञ्चलका एक महान् व्यक्तित्त्व हुनुहुन्थ्यो। उहाँलाई झापाली जनजीवनले शिक्षण संस्थाहरूका निम्ति मन, वचन, र कर्मले लागि परेर शिक्षण संस्थाहरू सञ्चालनार्थ आर्थिक सहयोगका साथै प्रशस्त भूमिदान गर्ने जमिन्दारका रूपमा चिन्दछ।

यो भौतिक जगतमा धेरै उपयोगी वस्तुहरू छन्। जसबाट मानव समुदाय आ-आफ्नो ऐच्छिक उपलब्धिहरू प्राप्त गर्दछ। तिनीहरूमा सबैभन्दा श्रेष्ठ विद्यानै मानिन्छ, अखिल ब्रह्माण्डमा कुनै पनि वस्तु यस्तो छैन जो विद्याको बराबर होस्।

मेची अञ्चलले पहाडी इलाकाका कतिपय माध्यमिक विद्यालय र क्याम्पसहरूका निम्ति प्रशस्त आर्थिक सहयोगका साथै कैयौं रोपनी जमिन दिन समेत पछि नपर्ने देवीप्रसाद उप्रेतीज्यूले झापाको मेची बहुमुखी क्याम्पस सञ्चालनार्थ प्रशस्त आर्थिक सहयोगका साथै कैयौं बिगाहा जमीन समेत दिनुभएको कुरा सर्वविदितका साथै झापाका प्रसिद्ध माध्यमिक विद्यालयहरू -घैलाडुब्बा मा.वि.,-लाई कैयौं बिगाहा जमीन र प्रश[illegible] आर्थिक सहयोग गर्नुभएको कुरा यथार्थ छन्। साथै अनेकौं शिक्षण संस्थाहरूमा [illegible] वचन र कर्मले सहयोग पुऱ्याई, सेवागर्ने देवीप्रसाद उप्रेती एक महान् व्य[illegible] हुनुहुन्थ्यो।

यसरी अज्ञानताको अन्धकारमा रहेर पिछडिएका ग्रामीण जनजीवनलाई शिक्षाको सुअवसर दिलाई अनेकौं पुण्यकार्यहरूको सहभागी बनेर जीवनयापन गर्नुभएको कुरा

अविस्मरणीय छ । आँफू जहाँ बसे पनि आँफू बसेका ठाउँमा शिक्षण संस्थाहरू खोल्दै, आफ्नै वैचारिक सम्पत्तिबाट भवन निर्माण गराउँदै शिक्षा- दीक्षाको व्यवस्था गर्न सकिय भएर लागिपर्ने देवीप्रसाद उप्रेतीले स्वयं निर्माण गराएका विभिन्न विद्यालय भवनहरूमध्ये पोखरी हाइस्कूल पनि एक उदाहरण मानिन्छ । यो विद्यालय भवनको शिलान्यासदेखि लिएर तयारीसम्मको सम्पूर्ण रकम र विद्यालय सञ्चालनार्थ आवश्यक पर्ने आर्थिक सहयोगका साथै कैयौं रोपनी जमीन दिनु भई ठूलो योगदान गर्नु भएको कुरा पनि सर्वविदित छ । ढुङ्गाको भवनको प्रशंसा तत्कालीन परिप्रेक्षमा सर्वत्र व्यापक थियो । खर्चलाई कुनै पर्वाह नगरी अशल शिल्पीहरूद्वारा बनावट पक्षमा जोड दिएर बनाइएको यो भवन त्यस क्षेत्रको एक नमूना सिद्ध हुन पुगेको छ । दुई-दुईपल्ट आगो लगाई नष्ट गरिदिएपछि निर्माण गरिएको यो विद्यालय भवनमा अन्य महानुभावको पनि यथेष्ट सहयोग रहेको छ । – २०२४ सालतिर म शारदा मा.वि. चुहानडाँडामा अध्ययनरत रहेको बेलामा सुनेको थिएँ । बैदार देवीप्रसाद उप्रेती शिक्षाका क्षेत्रमा लागि परेर सहयोग गर्ने महान् व्यक्तित्त्व हुनुहुन्छ । उहाँको पहाडी इलाकामा कैयौं रोपनी र मधेशको झापामा कैयौं बिगाहा जमीन छ । उहाँले आफ्ना सहयोगी र सहकर्मीहरूलाई यथासक्य सहयोग गर्नुहुन्छ, उहाँको निवासस्थानमा धेरै मानिसहरूको आगमनले गर्दा बजार जत्तिकै हुन्छ । यसरी शिक्षाका क्षेत्रमा र समाजसेवाका क्षेत्रमा गर्नुभएका यी विविध योगदानहरूले उहाँलाई अमर बनाएको छ । मेरो विचारमा आदिकवि भानुभक्त आचार्यको भनाइ देवीप्रसाद उप्रेतीका जीवनमा सार्थक हुन पुगेको देख्दछु -

"जन्म्यो कउन् जन्मनु फेर नपर्न्या
मर्न्या कउन् हो भनि फेर् नमर्न्या "

कविका भनाइ अनुसार "जुन व्यक्तिले गरेका (कार्य) कीर्तिहरू यस धरतीमा रहिरहन्छन्, त्यो व्यक्ति मरेको हुँदैन, उसका अमर कीर्तिहरूले गर्दा ऊ अजर-अमर रहन्छ । तर जसले यस धर्तीमा मानव समाजमा जन्मेर पनि कुनै कीर्तिरहने काम नगरी मर्छ, वस्तुतः त्यही व्यक्ति मरेको ठहर्छ ।"

यसरी प्रत्येक पिछडिएका क्षेत्रमा शिक्षाका कुरा सुनेपछि लागिपर्न पछि नहट्ने देवीप्रसाद उप्रेतीज्यूसँग २०४० सालतिर संयोगवस काठमाडौंमा भेट गर्न पाउने सौभाग्य मलाई मिलेको थियो ।

"शीलंजयति सर्वतः" भनेझैं जुन रूपमा मैले उहाँलाई सोचेको थिएँ । त्योभन्दा धेरै पृथक् मैले पाएँ । उहाँको शीलस्वभाव नै आफ्नो भेस-भूषा रहेछ । साथै आफ्ना शीलस्वभावद्वारा सम्पूर्ण काम कोध, मोह र लोभ जस्ता दुषित प्रवृत्तिलाई जित्नु भएको रहेछ वा जीवन- शैली ज्यादै सामान्य र स्वच्छ ।

जसरी सूर्यको प्रकाशबाट कमल विकसित भएर फक्रिन्छ त्यसरी नै शिक्षारूपी प्रकाशबाट समाज, राष्ट्र फक्रन्छ र पूर्ण विकसित हुन्छ भन्दै शिक्षाको कार्य भनेपछि मन, वचन र कर्मले पछि नपर्ने देवीप्रसाद उप्रेतीबाट २०४६ सालमा कन्काई नदीको पावन किनारमा "श्री कन्काई क्याम्पसको उद्घाटन पनि भव्यरूपले गर्न पाउँदा क्याम्पस परिवार सगर्व आनन्दित भयो ।

उद्घाटन कार्य सम्पन्न गरी, समारोहमा उपस्थित शिक्षाप्रेमी समुदायलाई सम्बोधन गर्दै, शिक्षाका क्षेत्रमा आँफूले गरेका पूर्वकार्यहरूबारे प्रकाश पार्नुभयो । साथै नवउद्घाटित कनकाई क्याम्पसले पनि आँफूप्रति सहयोगको अपेक्षा राखेको छ भन्ने कुरा बताउँदै त्यहाँका सम्पूर्ण समाजसेवी, शिक्षाप्रेमी महानुभावहरूलाई एउटा नयाँ उमङ्ग र जोश जाँगरको प्रेरणा दिनुभयो ।

म स्वयं क्याम्पस प्रमुख भएका हैसियतले म लगायत हामी केही शिक्षाप्रेमी मित्रहरू एकजुट भई क्याम्पस सञ्चालनार्थ, सबै समाजसेवी शिक्षाप्रेमीहरूका घरदैलोमा भेट गर्दै चन्दा संकलन गर्ने अभियानका क्रममा देवीप्रसाद उप्रेतीज्यूको घर घैलाडुब्बा पुग्यौं । चन्दा संकलनको रूपरेखा एवं चासो लिएर बुझ्नु भयो ।

चल लक्ष्मीचला: प्राणञ्चले जीवित मन्दिरे
चलाचले च संसार धर्म एको हि निञ्चल:

भने झैं वर्तमानमा मसँग केही रकमको अभाव रहेको हुँदा आउँदो सिजनमा दिने गरी लेख्छु भन्नुभयो र आउँदा दिनहरूमा अरू सहयोग गर्दै जाउँला भनी कनकाई क्याम्पसको चन्दाखातामा एकलाख पच्चीस हजार रूपैया चन्दा लेख्नु भयो । हाम्रो चन्दादाता नामावलीको खातामा श्रद्धापूर्वक सबैभन्दा बढी चन्दा लेख्ने चन्दादाताको नाम आजसम्म उहाँकै रहेको छ । यसरी विविध क्षेत्रमा उहाँले गर्नुभएका शिक्षा सेवाका कार्यहरू र उहाँले देखाएको शिक्षाप्रतिको अविरल जागरुक चेतना, शिक्षाप्रतिको महान् आस्था, निष्ठा र सक्रियता नै हामी झापालीहरूको उज्जवल भविश्य सिद्ध हुन पुगेको छ ।

शिक्षाले अज्ञान अन्धकारबाट पनि चेतना छर्नुपर्छ । दुषित आचरणबाट मानवलाई परिष्कृत गर्ने काम शिक्षाले नै गर्छ । शिक्षाद्वारा नै समाजको भविश्य उज्ज्वल बन्न सक्छ भन्दै सरस्वतीकै सन्तती जस्ता भएर शिक्षण संस्थाहरूको सहयोग गर्दै जीवन यापन गर्ने, यस्ता समाजसेवी, शिक्षाप्रेमी व्यक्तित्व देवीप्रसाद उप्रेतीज्यूको आकस्मिक निधनमा उहाँको दिवंगत आत्माले चीर शान्ति मिलोस् भन्ने कामना गर्दै म उहाँप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

सुरुङ्गा, झापा

उहाँ एउटा पुस्तकालय हुनुहुँदो रहेछ

-लीला उदासी



समाजमा अन्धकार व्याप्त थियो। मान्छेमा चेतना थिएन। अशिक्षा, रोग, भोक र शोक पत्रै - पत्र थियो। यसबाट मुक्त हुने प्रयत्न पनि निमिट्यान्न थियो। फाट्ट फुट्ट स्कूलहरू खुल्थे तर हिंउदमा केही महिना मात्र चल्थे। ती स्कूलहरू कटेरामा चल्थे, विद्यार्थीहरू पिरा र गुन्द्री बोकेर जान्थे। धुलामा ओछ्याएर बस्थे र बेलुका लिएरै फर्कन्थे।

इलाम जिल्लाको फुएतप्पामा जेठी हजूरआमाका नाउँमा हाम्रै परिबारबाट बनेको एउटा पाटी थियो। हामी त्यही पाटीमा पढ्थ्यौं। २०१९ सालमा नेपाली काँग्रेसको सशस्त्र आन्दोलनमा बाटो हिड्दा हिड्दै मारिनु भएका मेरा दाजु सोमनाथ खनालले हामीलाई हिउँद-हिउँदमा पढाउँनु हुन्थ्यो। उहाँले नै आठराई र देवीप्रसाद उप्रेतीको कहिले कहिले चर्चा गर्नु हुन्थ्यो। उहाँकै मुखबाट पहिलोपल्ट मैले देवीप्रसाद उप्रेतीको नाम सुनेको हुँ।

देवीप्रसाद उप्रेतीले स्कूल बनाउँदै हुनुहुन्छ। आफै खर्च गरेर बनाउनु हुन्छ। दार्जिलिङ्गतिरबाट मास्टर ल्याउनु हुन्छ। आफै तलव दिनु हुन्छ। देवीप्रसादका बारेमा म केटाकेटी छँदा यस्तै कुरा सुन्दथें। यतिमात्र होइन, उहाँ जात-भात मान्नु हुन्न तल्लो जातका मान्छेले छोएको पनि खानुहुन्छ। छुवाछुतको बिरोध गर्नु हुन्छ। यस्तो पनि उहाँका बारेमा सुनिन्थ्यो।

किन किन शिक्षा प्रचारको कार्य र छुवाछुतको बिरोध यी दुइटा कुराले मेरो कलिलो मस्तिष्कमा छोयो। एउटा देवीप्रसाद हाम्रा गाउँमा पनि भए हुने जस्तो मलाई लाग्यो। उहाँको नामले मेरो मन तान्यो। उहाँ राजनीतिक रूपमा सक्रिय नरहे पनि आज कसैले म वामपन्थी विचार धाराबाट कसरी प्रभावित भएँ ? भनी प्रश्न गर्दा त्यसको उत्तर दिने आधार म देवीप्रसाद उप्रेतीलाई पनि पाउछु। जे होस् मैले सानै छँदादेखि नै देवीप्रसाद उप्रेतीका बारेमा सकारात्मक धारणा बोकेको थिएँ। यस्तै ०२३/०२४ सालतिरको कुरा हो। एक दिन म घैलाडुवा बजारमा पुगेको थिएँ। संजोग त्यस दिन त्यहाँ हाट पनि रहेछ। एउटा सहकारी दोकान शायद त्यो देवीप्रसाद उप्रेतीले खोलाउनु भएको थियो। त्यस दोकानमा उहाँ हुनुहुन्छ भन्ने सुनेर म त्यहाँ गएर उहाँलाई परैबाट हेरें तर चिनजान र कुरा गर्ने हिम्मत गरिनं। पसलमा भीड पनि भएकाले म त्यसै फर्कें। उहाँलाई हेर्दा मात्र पनि मलाई एक प्रकारको आनन्द

लाग्यो।

यसैताका मैले उहाँबारे खोजीनीति गरें। भद्रपुरको कलेज, करफोकको हाइस्कूल, आठराईका थुप्रै स्कूल, मन्दिर जस्ता संस्थामा उहाँले गर्नु भएको योगदान बुझें। विद्यार्थीहरूलाई सहयोग, साहित्यकारहरूको सम्मान र मद्दत आदि जस्ता सुनें। देवीप्रसाद उप्रेतीलाई त्यसपछि भद्रपुरमा २/३ पल्ट देखें तर व्यक्तिगत परिचय अझै भएको थिएन।

समय चिप्लिदै गयो। २०३३ सालदेखि म रोजी रोटी र रोजगारीको खोजीकै क्रममा चन्द्रगढीमा नरेशकुमार बर्माज्यूसँग बसेर वकालत गर्न थालें। संजोग राम्रै रहेछ देवीप्रसाद उप्रेतीज्यूका मुद्दामामिला र कानूनी समस्या रहेछन्। सबै नरेशजीले हेर्ने गर्नु भएको रहेछ। यसरी नरेशजीसँग लागेर देवीप्रसाद उप्रेतीज्यूका मुद्दा मैले पनि हेर्ने कुरा स्वाभाविक थियो। एकपटक नरेशजी लामो बिरामी पर्नु भयो। त्यसै बेला मुद्दाका बारेमा देवीप्रसाद उप्रेतीले मलाई लेख्नु भएको पत्र प्राप्त गरें तर त्यो पत्र मलाई एक जना क्लाइण्टले लेखेको जस्तो महसुस भएन। विशेष मान्छेले लेखेको जस्तो महसुस भयो र पत्रले निकै उत्साहित पार्‍यो। त्यसपछि हाम्रो ल च्याम्बरमा उहाँ आउनु हुँदा उहाँसँग मेरो परिचय भयो। पहिलो परिचयमा उहाँबाट म थप प्रभावित भएँ। त्यसपछि अलिक बाक्लै भेट भयो। भेटमा म उहाँका कुरा सुन्न उत्साहित हुन्थ्यें। उहाँ कुराकानीका क्रममा नेपालको अलिखित इतिहास र विशेष घटनाहरू बताउनु हुन्थ्यो। मलाई लाग्थ्यो देवीप्रसाद उप्रेती हाम्रो समाजको ठूलो गहना हुनुहुन्छ। देवीप्रसाद उप्रेतीका बारेमा धेरैजनामा नकारात्मक धारणा समेत पाइन्छ। कोही भन्छन् - जिमिदार हुनुहुन्थ्यो, केही बगर - स्कूल, कलेज र मन्दिरहरूलाई दर्ता गरिदिनु भयो के ठूलो कुरा भयो र ? तर यसो भन्ने महानुभावहरूले के कुरा बुझ्नु जरुरी छ भने हाम्रो देशमा अरू पनि धेरै जिमिदारहरू थिए ती सबैले देवीप्रसाद उप्रेतीकै जस्तो गरेका भए आज हाम्रो मुलुकमा शिक्षाको स्तर कहाँ पुग्थ्यो ? साथै देवीप्रसादले चाहना गर्नु भएको भए ती शिक्षण संस्था र मन्दिरहरूलाई दिएका जमिनहरू आफै र आफ्नो परिवारमै कब्जा जमाई राख्ने कुरा स्वाभाविक थियो। जे होस् देवीप्रसादका योगदानलाई नबुझ्नु भनेको परिवर्तन र उन्नति नबुझ्नु हो, त्यसको चाहना नहुनु हो।

देवीप्रसाद उप्रेती त्यसै त्यत्रो उचाइमा पुग्नु भएको होइन। उहाँ अत्यन्त मिहेनती हुनुहुन्थ्यो। उहाँको रेकर्ड राख्ने तरिका र उहाँको हस्ताक्षरले जो सुकै व्यक्तिको मन छुन्थ्यो। उहाँको सुन्दर हस्ताक्षर हेरेर नराम्रो हस्ताक्षर भएको मलाई धेरै पटक आरिस लागेको छ। उहाँका जस्ता राम्रा हस्ताक्षर मैले कमै मान्छेका देखेको छु।

आयआर्जनका विषयमा हाम्रो समाजमा जुन प्रकारको मान्यता र धारणा छ त्यसले समाजलाई प्रतिकूल अवस्थातिर धकेली रहेछ। आर्जनको अवसर सामु देखेपछि धेरै आदर्शवान्हरूले आफूलाई भूतपूर्व आदर्शवान् बनाएको मैले पाएको छु। आदर्शको आवरणभित्र अनादर्शको खेती हुर्काइरहेको देखेको छु तर देवीप्रसाद उप्रेतीले आर्जनका लागि जे सुकै गरेको मैले पाइनं। आर्जनकै लागि आफ्नो क्षमता साधनलाई जसरी पनि प्रयोग गर्ने भएको भए देवीप्रसाद उप्रेती साह्रै सम्पन्न व्यक्तिहरूको उचाइमा पुग्नु हुने

कुरामा विवाद रहँदैन ।

कवि गोकुल जोशीसँग उहाँले लामो संगत गर्नु भयो । उहाँकै माध्यमद्वारा कवि जोशी झापा आउनु भयो । उहाँकै भान्सामा खानु भयो । जोशीले जीवनलीला झापामै समाप्त गर्नु भयो । जोशी झापा आउने कारण देवीप्रसाद उप्रेतीसँगको सम्वन्ध नै थियो ।

जोशीको जीवनका बारेमा देवीप्रसादले धेरै चर्चा गर्नु भयो । जोशीका बारेमा उहाँले केही लेखहरू पनि लेख्नु भएको छ । ०४४ वा ०४५ सालतिरको कुरा हो । अहिले रा.प्र.पा.का नाममा संगठित भएको जमातले त्यसताक निर्दलीयताको नाउँमा गरेको जनबिरोधी शासनं चरम अवस्थामा पुगेको थियो । देवीप्रसाद उप्रेतीकै अगुवाइमा घैलाडुवामा हामीले कवि गोकुल जोशीको स्मृतिमा एउटा कार्यक्रमको आयोजना गरेका थियौं । प्रहरीले कार्यक्रम हुन त दिएन, दिएन तर बृद्ध देवीप्रसाद उप्रेतीज्यूलाई कार्यक्रम गर्न लागेबापत पक्राउ गरेर एक रात प्रहरी कष्टडीमा राख्यो । कवि जोशीका बारेमा चर्चा गर्नु पर्ने उहाँको क्षमतालाई अझै प्रचार दिनु पर्ने र समाजले उहाँबाट धेरै कुराहरू सिक्नु पर्ने आवश्यकता रहेको उप्रेती बताउनु हुन्थ्यो ।

कानून र न्यायिक अवधारणाबारे राम्रो जानकारी उहाँमा थियो । पूर्वाञ्चल स्वायत्त सरकारको कानून मन्त्री उहाँ रहनु भएको थियो । देवीप्रसाद उप्रेतीसँग धेरै क्षण बिताउन पाऊँ, उहाँबाट नेपालका नलेखिएका धेरै ऐतिहासिक घटनाबारे सुन्न पाऊँ यो लेखकको यस्तो तीव्र चाहना हो । यस्तो अवसर त एक दिन मात्र मिल्यो । २०४७ सालको शुरुवाततिर उहाँको निवास घैलाडुव्वामा मैले उहाँसँग ३ घण्टा जति समय बिताउन पाएको थिएँ । त्यस क्षणमा मलाई लागेको थियो । उहाँ एउटा गतिलो पुस्तकालय हुनुहुँदो रहेछ जहाँ अनेकन अतीतका राष्ट्रिय महत्त्वका कुराहरू जानकारी पाइदो रहेछ । पुन: यस्तै भेटको आशामा म त्यस दिन उहाँसँग बिदा भएको थिएँ तर के थाहा अर्कोपल्ट उहाँसँग भेट हुन सकेन । म उहाँको प्रतिकूल स्वास्थ्यको जानकारी लिदै थिएँ, अफसोच, विर्तामोडको एउटा टेलिफोनको अफिसमा उहाँको निधनको खवर सुनेर म विह्वल बनें । लाग्छ, आगामी पुस्ताले, समाजले, राष्ट्रले देवीप्रसाद उप्रेती पाउन गाह्रो छ ।

देवीप्रसाद उप्रेतीको संझनामा !

-पं. कृष्णप्रसाद मिश्र

ॐ तमसोमा ज्योतिर्गमय

उपरोक्त वैदिक महावाक्यले निरन्तर अँध्यारोबाट उज्यालोतर्फ लम्किरहन प्रेरणा दिइरहेको र प्रकाशमय शिक्षाको किरण छरिरहेको भए तापनि शिक्षाको दिशातर्फ दृष्टि फिराएर हेर्न समेत नसकी, अशिक्षारूपी तुवाँलोले धमिलिएको आँखाले आफ्ना साथीहरूलाई पनि चिन्न नसकिरहेको जनसमाजमा आर्थिक, तिक्ष्ण र पारदर्शी सन्देश बोकेर नेपाल राष्ट्रको पूर्वीय क्षितिज कोशी अंचलको तेह्रथुम जिल्लामा देवीप्रसाद उप्रेतीज्यू उदाउनु भएको थियो ।

उहाँ स्वयम् उच्च शिक्षा हासिल नगर्नु भएता पनि उच्चशिक्षाविद्को प्रतिभा समपन्न व्यक्तित्त्वको धनी हुनुहुन्यो र शिक्षामा उहाँको अगाध प्रेम थियो । "शिक्षाको उज्यालो घामबाट कसैले पनि वञ्चित हुन नपरोस्" भन्ने राष्ट्रिय उक्तिलाई आत्मसात गरी उहाँले देशका विभिन्न स्थानमा शिक्षण संस्थाहरू (विद्यालय महाविद्यालय) स्थापना गर्नु भयो । उक्त शिक्षण संस्थाहरूमा विद्यार्थीहरूलाई उचित शिक्षा प्रदान गर्ने क्रममा आफ्नो देश तथा छिमेकी राष्ट्र भारतको दार्जिलिङ इत्यादि स्थानबाट शिक्षाविद् अध्यापकहरू झिकाई शिक्षाको प्रचार प्रसारमा आफूलाई समाहित गर्न थाल्नुभयो । शिक्षाप्रतिको उदत्त प्रेमबाट प्रभावित भै एक शिक्षकको रूपमा म पनि उप्रेतीज्यूको सान्निध्यमा रहने अवसर पाएँ । तत्पश्चात शिक्षा सम्वन्धमा प्रतिदिन जस्तो घण्टौंसम्म बहस, तर्क छलफल र प्रश्नोत्तर हुने गर्दथ्यो । कतिपय मेरा प्रश्नहरूमा उप्रेतीज्यूले दिनुभएका ओजपूर्ण जवाफहरू अझै पनि मेरो स्मृतिपटलमा ताजै छन् । सम्झनाको आधारमा उहाँसँग भएका केही सवाल जवाफहरू यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१. शिक्षा कसरी दह्रो र दिगो हुन सक्छ ?

उत्तर- शिक्षाले आर्थिक विपन्नताको प्रतिनिधित्व नगरेसम्म शिक्षामा दृढता रहन सक्दैन ।

२. शिक्षा कस्तो हुनु आवश्यक छ ?

उत्तर- सम्प्रदायमुखी नभै शिक्षा बहुमुखी र सर्वसुलभ हुनु अनिवार्य छ ।

३. सःशुल्क शिक्षालाई कस्तो मान्नु हुन्छ ?

उत्तर- सःशुल्क शिक्षा कम वर्षा गराउने मेघ हो ।

४. सहशिक्षा सम्बन्धमा तपाईंको राय कस्तो छ ?

उत्तर– सहशिक्षा उन्नतिको शिखरमा पुग्ने माध्म हो । तर यौन सम्बन्धी विकारको रोकथाम गर्न स्थानीय जनता तथा सरकारले सदैव सचेत रहनु पर्दछ, अन्यथा समाजमा विकृति पैदा हुने डर हुन्छ ।

५. शिक्षा नीतिमा शिक्षक वर्गको कस्तो भूमिका हुनुपर्छ ?

उत्तर- शिक्षा जगत्मा उभिएका (शिक्षित) शिक्षक वर्गले कर्तब्य ठानी अगाडि सरे शिक्षामा सजिलै प्रगति हुन सक्छ तर पेशा सम्झेको खण्डमा चाँहि प्रगति ढिलो हुन्छ वा नहुन पनि सक्छ ।

६. ज्ञान प्राप्तिको कारण शिक्षालाई सम्झनु हुन्छ कि व्यवहारलाई ?

उत्तर– शिक्षालाई केवल अक्षर ज्ञान बढाउने साधनका रूपमा मात्र लिने हो भने त्यो अकर्मण्यताको कारण बन्न पुग्छ । व्यवहारको साथसाथै रहेको शिक्षाले नै ज्ञानको प्रकाश छर्न सक्छ । शिक्षालाई सर्वसाधारण जनमानसमा प्रतिबिम्बित बनाउन र सुतेको ज्ञानलाई ब्युझाउनको निमित्त समस्त नागरिकले ज्ञान विज्ञानको खोजी गरी प्राविधिक व्यक्तित्व जन्माउने अठोटले लागि परेमा र सरकारको पनि पूर्ण सहयोग रहेमा मात्र सम्भव हुन्छ । इत्यादि..... ।

स्व. उप्रेतीज्यूसँगका वार्तालापका वाक्यांशहरू मैले अझैसम्म बिर्सन सकेको छुइन । म वहाँसँग भन्ने गर्थे, "मैले त संस्कृत शिक्षा पाएँ, त्यो पनि अधुरो, विश्वभाषा अंग्रेजीको सामुन्ने मैले हासिल गरेको संस्कृत त केवल एउटा सानो कोठामा बलेको पिलपिले दियों सरह मात्र भयो ।" त्यसपछि उहाँले भन्ने गर्नुहुन्थ्यो "विश्वका सबै भाषाहरूमा सर्वाधिक पुरानो ठाउँ ओगेटेर रहेको संस्कृतलाई म अंग्रेजीभन्दा कमजोर ठान्दिन । बरू सामाजिक प्रारूपलाई बढी संगठनात्मक बनाउने देन अन्य भाषाहरूभन्दा संस्कृत भाषामै बढी देखिन्छ ।" यसरी मलाई आश्वस्त गराउनु हुन्थ्यो । त्यस्ता आश्वासनहरूले शैक्षिक योग्यतामा विपन्न व्यक्तिहरूमा धैर्यताको वैशाखी टेकाउने काम गरेको महसुस गर्दथें ।

श्री ५ को सरकारको महान् एवम् जिम्मेवारीपूर्ण कार्यलाई वहन गरिकन पनि शिक्षाको उन्नतितर्फ बढी ध्यान दिन, जिमिनदारीमा अलिकति पनि आँच आउन नदिई रैतीको हिस्सा रैतिमा नै निहित गरी उब्रेको हिस्सा शिक्षण संस्थाहरूको गोडमेल एवम् श्रीबृद्धिको लागि प्रत्यायोजित गराउनु निःसन्देह उप्रेतीज्यूको उदारताको परिचय हो ।

शिक्षण संस्थाहरू खुलाउन र संचालन गराउन अनेक उपायहरू अवलम्बन गरी सम्पन्नदेखि बिपन्न वर्गसम्ममा शैक्षिक लगानी गर्ने दिशामा आफू सरीक हुनु र अरूहरूलाई पनि उक्त पुनीत कार्यमा लाग्न प्रोत्साहित गरी सहयोग लिन सक्नु उप्रेतीज्यूको बुद्धिमत्ताको परिचय हो ।

निजी एवम् सामाजिक सम्पत्ति खर्च गरी ठूलो प्रयत्नका साथ तेह्रथुम जिल्लामा "पोखरी हाइस्कुल" को भवन निर्माण कार्य समाप्त भएकै दिन केही हाम्रो देशमा शिक्षण संस्थाहरू खोल्नु हुदैन भन्ने मानसिकताका व्यक्तिहरूले सो नयाँ भवनमा आगो लगाई दिए । पवित्र शिक्षा मन्दिरमा दानवी शक्तिहरूले आगो लगाई भष्म गरीदिदा दुःखी भएका आम शिक्षाप्रेमी जनसमुहहरूलाई धीरज दिँदै, पहिले पहिलेका युगमा पनि

दानवी शक्तिले पुण्यकर्ममा बाधा गर्दै आएको र सज्जन ब्यक्तिहरू त्यस्ता अवरोधबाट विचलित नभै आ-आफ्नो कर्तब्यमा अगाडि बढिरहेको कुराको शास्त्रीय दृष्टान्तहरू सुनाएर आक्रोशित विद्यालय परिवारलाई शान्तिपूर्वक रहिरहन सुझाव दिनु भएको थियो । शत्रु पक्षले आगो लगाउँदा पनि अव नजल्ने किसिमले शिक्षा मन्दिरको पुननिर्माण गर्नुपर्छ भनी अरूलाई पनि आँट दिई आफै पुनः अग्रसर हुनु उप्रेतीज्यूको धैर्यको परिचायक हो ।

अन्त्यमा उपरोक्त ज्ञान र गुण सम्पन्न उप्रेतीज्यू आज हामीबीच हुनुहुन्न । उहाँले देखाएको बाटोमा अघि बढ्दै रहे अवश्यमेव हामी उन्नतिको शिखरमा चढ्न सक्छौं र उप्रेतीज्यूको आत्माले पनि शान्ति पाउने छ । उप्रेतीज्यूको आत्माले चिर शान्ति प्राप्त गरोस् भनी भागवत् प्रार्थना साथै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

मिति : २०५२।३।२२
झापा, नेपाल

□□□

देवीप्रसाद उप्रेती : केही सन्दर्भहरू

- मोहन सिटौला

धरतीको गुह्य-गर्भभित्र विभिन्न रसायन, विभिन्न स्तरको ताप र चाप आदि, इत्यादिअनुसार विभिन्न धातुको निर्माण हुन्छ । हिरा, सुन, चाँदी अन्य रत्नादि र फलाम, तामा इत्यादिको निर्माण प्रक्रिया उपर्युक्त गतिविधिले कारणको रूपमा भूमिका खेलेको हुन्छ । त्यसैगरी पशुप्राणी जगत वा उद्भिज्जहरूको आकार-प्रकार र स्वभावको प्रक्रियामा पनि यसरी बाह्य र आन्तरिक स्थिति र परिस्थितिको भूमिका रहेको हुन्छ । कहाँको पानी कस्तो छ र किन छ भन्ने कुरा त्यहाँको चट्टानको स्वभावसित सम्बन्धित हुन्छ । त्यसै ठाउँका चट्टानहरूको निर्माण प्रक्रियामा पनि यिनै कुरा लागू हुन्छन् ।

त्यसैगरी व्यक्तिमानवको व्यक्तित्वतिरको निरन्तर निर्माणमा समूह मानव, त्यो समूहको आन्तरिक मनोविज्ञांन, बाह्य रूपरेखा र गतिविधिका साथै पुर्खौली स्वभावहरूको सूक्ष्म प्रभाव पर्दैरहेको हुन्छ । विश्वका महान् भनी स्थापना भएका र आदर गरिएका प्राचीन मध्ययुगीन वा आधुनिक महामानवहरूको निम्ति यस्तै प्रकृति र संस्कृतिका वचिवर्ती इलाकामा परिपाक पुगेर भएको हो । प्रस्तुत वर्तमानमा भौतिक इतिहासको पहुँच प्राकृतिक र सामाजिक बहुविध घात-प्रतिघातको ताप र चाप सामाजिक वस्तुगतता, त्यसको स्मृति र आकांक्षा मनोविज्ञान र बाह्य कलेवरीय गतिविधिको अन्तर्क्रियाले कंश पनि बनायो कृष्ण पनि । सोक्रेट्सको निर्माण पनि गर्‍यो, उनका हत्यारा यथास्थितिवादीहरू पनि । ईशा र कट्टर पुरोहितवाद लगायत शोषण, दमन, उत्पीडन र त्यसका विरोधी मुक्तिकामी सामूहिक अन्तर्चेतका अभिव्यक्तिमूलक मार्क्सवाद पनि विश्व निल्ने साम्राज्यवादको गोही र किमेरा अनि त्यसका विरुद्धमा लड्ने विश्वव्यापी मानवीय संस्कृतिको सोलिडारिटी शक्ति पनि गान्धी, लुमुम्बा, मण्डेला, गोञ्जालो र भण्डारी पनि यस्तै विविध कारणका अकाट्य ऐतिहासिक सामाजिक उपज हुन्, सान्दर्भिक समयजन्य अन्तसलिलाका- मानस पुत्रहरू ।

आदरणीय विशिष्ट समाजसेवी स्व. देवीप्रसाद उप्रेतीज्यूको सम्झना गर्दा मलाई माथि लेखिएको भावनात्मक प्रवाह स्वतस्फूर्त रूपमा आयो । मैले नलेखी रहन सकिनँ पनि- किनभने यो यौटा सम्बन्धित सन्दर्भ पनि हो । वहाँका सम्बन्धमा केही लेख्नु सँगसँगै वहाँले पृष्ठभूमिको रूपमा प्राप्त अनि वहाँको आफ्नै समकालीन सामाजिक स्वरूपको स्वभावलाई मध्यनजरमा राख्नु पर्ने हुन्छ । अथवा कुनै पनि सामाजिक श्रेय

र प्रेयको मूल्यांकनका आधारहरूमा यी माथिका कुराहरू प्रमुख रूपमा पर्दछन् ।

राणाकालीन जर्जर सामन्ती युग नेपालको पूर्वाञ्चल लिम्बुवान आठराईका कतिपय इलाकाहरू र बिविध गाउँबस्तीहरू जहाँ सुब्बाहरूको अमाल र ठिंग्रा (ठ्यूँरा, तुरुंग) साहू र सिपाहीको बर्बर शासन र यातना, घरी मुखियाहरूको दवदवा । निरुद्देश्य मताहा र मितिपूर्ण युगको झै-झगडा मुद्दा जातिपाति र अन्य गैरजिम्मेवारी, गतिविधिहरू नै वि.सं २००० सालभन्दा अधिका सर्वसाधारण नेपाली गाउँको स्वरूप हो भने खासगरेर पूर्वी नेपाली, पल्लो किराती इलाकाहरूको । माओको उदयका साथैसाथै आधुनिक युगमा प्रवेश गर्नुभन्दा पहिले चीनको हालत पनि उस्तै अन्धाधुन्द निरुद्देश्य, जँड्याहरूको बिगबिगी भएको दुरापन्न अवस्थाको थियो ।

एक कुशल र प्रतिष्ठित आयुर्वेदी वैद्यलाई आफ्नो पिताजीको रूपमा पाएर साधारण गाउँले मध्यवर्गीय परिवारमा जन्मेर त्यस्तै वाल्यजीवन बिताउन पाउनु भएका देवीप्रसादज्यू सानैदेखि नै केही छुट्टै स्वभावको हुनुहुन्थ्यो भन्ने कुरा मैले बूढापाकाहरूबाट सुनेको हुँ । वहाँलाई नेपाल (काठमाडौं) पढ्न पठाइयो । त्यस बेलाको पास प्रणालीका केही तहहरू पास गरेर वहाँ तराईतिर वैदारको जागिर खान लाग्नु भयो र ३० औं वर्षसम्म वहाँलाई व्यापक पूर्वीजगत्ले बहिदारको रूपमा पनि विशिष्ट रूपमा चिन्दथ्यो । नेपाल पूर्वी तराईमा साधिकार सरकारी कार्य गर्दै रहँदा त्यहाँको राम्रो-नराम्रो सबै कुरा जान्ने मौका पाएर त्यस समयमा जागिर छोडी वहाँले आफ्नो कर्मक्षेत्र झापालाई बनाउनु भयो र एक ठूलो जमिन्दार भएर पनि एकोहोरो द्रव्यपिशाच नभएर देशकै ठूलो समाजसेवी र क्रान्तिकारी राष्ट्रसेवक बन्नु भयो ।

वहाँको व्यक्तिगत प्रगति सँगसँगै नेपाल विभिन्न मुक्ति आन्दोलन र प्रजातान्त्रिक आन्दोलन (पूर्वाञ्चलमा वहाँ नरेन्द्र वाँस्तोलाको क्रान्तिकारी टोलीमा हुनुहुन्थ्यो) शहीद- घटनाहरू र अन्य सामाजिक खासगरी शैक्षक गतिविधिले ठाउँ लिइरहेका थिए । यस सिलसिलामा महानन्द सापकोटा, धरणीधर कोइराला, नरेन्द्र वाँस्तोला, भैरवप्रसाद आचार्य आदिको नाम पूर्वी नेपाल खासगरी अहिले मेचीअञ्चल तेह्रथुम जिल्लाका गतिविधिहरूमा स्मरणीय भन्छन् । देवीप्रसादज्यू पनि यी आन्दोलनहरूमा सक्रिय सहभागी भएकाले पूर्वाञ्चल प्रान्तीय सरकारको न्याय कानूनमन्त्री पनि हुनुभयो । २००७ सालपछि खासगरी शिक्षाक्षेत्रमा विशिष्ट अभिरुची राखी ज्यादै उल्लेखनीय योगदानहरू गर्नु भएको कुरा अभिलिखित छन् । यसरी सामाजिक, पारिवारिक र व्यापक वातावरणीय परिवेशले व्यक्तिको स्वभावलाई, धर्तीभित्रका धातुहरूलाई त्यसभित्रको वातावरणले बनाएजस्तो बनाउँछ र यौटा जमिन्दार महान् समाजसेवीको रूपमा प्रस्तुत हुन्छ ।

(२) देवीप्रसाद उप्रेतीका व्यक्तित्वको !

केही बिन्दु संस्मरणका

१. २००७ सालमा मैले देखेका घटनाहरू अझै पनि मेरो मानसपटमा स्पष्ट छन्, नाटकीय रूपमा सजीव छन् तिनीहरू । लिम्बुवानमा विप्लव उठेको थियो । साहूहरू (खास गरी बाहुन क्षेत्रीहरू) काट्ने समेतको लुटपाटको अभियानमा लिम्बुवान उत्रेको

थियो । पछि बुझ्दा त्यो कुरा नेपाली जनक्रान्तिका विरुद्धमा राणाहरूको भड्काव रहेछ । मेरा पिताजी हरिचरण सिटौलाका मित तेह्रथुमको खाम्लालुङ निवासी (सिक्टेर) पूर्णहाङ लिम्बू जानीफकार लेखापढीमा सिद्ध एक प्रतिष्ठित व्यक्ति हुनुहुन्थ्यो । वहाँ लगायत अरू धेरै प्रतिष्ठित लिम्बूहरू त्यस्तो उपद्रवको पक्षमा थिएनन्, तर राजनैतिक परिवर्तनको भने पक्षमा थिए, प्रजातन्त्रको पक्षमा थिए । यसरी व्यवस्थापक रूपमा चौपाया र धनधानको लुटपाट र केही काटमारले गर्दा धेरै आठराईवासीहरू झापातिर ओरालो लागे, सम्पन्न भए । पछिबाट धेरैले पछाडि पुगेर सम्हाले तर त्यसक्षेत्रमा सुरक्षाको व्यापक समस्या हुँदा तेह्रथुम जिल्लाका पायम, फूम्बू, तुम्बाहाम्फे, कन्दङ्वा, ताप्लेजुङका मादेन, पाँचथरका जवेगु, नेम्वाङ, थाम्सुहाङ आदिको लिम्बू परिवारको प्रयास स्मरणीय भएको कुरा पछिबाट मैले सुनेको थिएँ । त्यही आतंकका बीचमा देवीप्रसादज्यूको यौटा पत्र पिताजी र गाउँका अन्य भद्र भलाद्मीलाई आयो । यौटा टुक्रो अभिव्यक्ति यस्तो थियो- "नानी ! देशले अहिले परिवर्तन खोजिरहेको छ । तपाई छिट्टै झापा आउनुहोस् र केही सरसल्लाह गरी पुनः पहाडमा सामाजिक कार्य गर्न फर्किनु होला ।" पिताजी मलाई लिएर प्रस्थान गर्नु भयो र केही तल रात बसेका ठाउँमा ठूलो जमघट भयो र मैले चाहिं जानु नपर्ने हुँदा म फिरें । केहीपछि पिताजी फर्केपछि वहाँ लगायत आदरणीय पद्मलाल थपलिया, मेदिनीप्रसाद उप्रेती, धरणीधर न्यौपानेहरूले वि.सं. २००० सालदेखि नै शिक्षाको संस्थागत थालनी गर्नुभएकोमा अब आधुनिक अंग्रेजी शिक्षा दिने कार्यको शुरूवात भएको थियो । यसमा देवीप्रसाद उप्रेतीज्यूको ठूलो योगदान छ । वहाँले दार्जीलिङ्गबाट एकजना अंग्रेजी शिक्षक (साना सर) बुबाका साथमा पठाई दिनुभएको र वहाँ निकै दिनसम्म हाम्रो घरमा बस्नुभएको थियो । "जिम्दार साहेव पहाड आउने अरे, आफ्नो गाउँ इवाको सिम्लेमा ।" भन्ने खबरले सम्पूर्ण परिवेश नै उत्सुक भएर जुर्मुराएको मैले महसुस गरेको थिएँ । २०१२ /१३ सालतिर हामी सिम्ले गयौं । अभिवादन भेट गर्‍यौं, वहाँले दार्जीलिङ्गतिरबाट केही शिक्षकहरू पनि ल्याउनु भएको रहेछ । हमीले वहाँहरूलाई पनि अभिवादन गर्‍यौं । देवीप्रसादज्यूले भन्नु भयो- "हेर नानी (वहाँ र अन्य धेरै जेष्ठहरू पिताजीलाई माइला नानी भन्नु हुन्थ्यो र देवीप्रसादज्यू धेरैजसोलाई नानी भन्नुहुन्थ्यो) गान्धी, नेहरूको नाम सुनेको छ ? मैले पनि अलिअलि सुनेको छु । उनीहरूले बेलायतमा गई अंग्रेजी भाषा पढे तर आफ्नो राष्ट्र, गाउँ-घर कहिल्यै बिर्सेनन् । तपाईहरू पनि विदेशी भाषा आधुनिक शिक्षा हासिल गर्नुहोस् तर आफ्नो देशको सेवामा त्यो नयाँ ज्ञानलाई प्रयोग गर्नुपर्छ ।"

३. "माधवी" उपन्यास बजारमा आयो र मैले यौटा किनें, पढें र पहाड घरमा लगेर कसैलाई दिएँ । झापामा वहाँसित भेट भयो र त्यो किताव पढ्ने खाइस गर्नु भयो । मैले केहीपछि अर्को किनेर वहाँलाई दिएँ र फेरि अर्कोपटक भेट गर्न जाँदा वहाँले विश्वभित्रबाट नै दासप्रथा विरुद्धमा गरिएको आन्दोलनको विशेष सङ्केत गर्नुभएको थियो । वहाँ यौटा ज्यादै अध्ययनशील व्यक्ति हुनुहुन्थ्यो । हामी भेटघाट गर्न गएका बेला गीता अरविन्द स्वामी विवेकानन्द मार्क्स, एंगेल्स र गान्धी, नेहरु, जोहन लक

आदिका हिन्दी भाषाका कितावहरू देख्न पाइन्थ्यो र वहाँ तिनीहरूको विशद चर्चा हामीसित गर्नुहुन्थ्यो ।

ठूला-ठूला योजनाहरूको परिकल्पना र अनुशीलन गर्न सक्ने प्रतिभाशाली पुरुष स्व. देवीप्रसाद उप्रेतीज्यूको धेरै ठूलठूला आर्थिक सामाजिक, औद्योगिक योजनाहरू थिए । तीमध्ये शिक्षाका क्षेत्रमा वहाँ सफल हुनुभयो र अन्य क्षेत्रमा संगठनात्मक संरचना बन्न नसक्दा केही ढिला भएको थियो । पहाडी इलाकामा औद्योगिक आर्थिक अभियान गर्ने वहाँको इच्छा थियो ।.

वहाँकै आफ्ना केही संस्मरणहरू वि.स. २०३९/ ४० तिर वहाँ काठमाडौंमा उपचारार्थ आउनुभएको थियो । महात्मागान्धिको अंग्रेजी फिल्म हेर्ने उहाँले मनसुवा राख्नु हुँदा त्यो चार घण्टाको फिल्म उहाँले चैतन्य सिटौलाको सिफलको वासस्थानमा हेर्नु भएको थियो । त्यसैबेला मैले वहाँलाई म कहाँ आउन आमन्त्रण गरें । वहाँलाई त्यसबेला मधुमेहले सिकिस्त नै बनाएको थियो । खाने कुरामा ज्यादै रोक टोक थियो । म कहाँ दुई रात बस्ता मैले वहाँसित केही नयाँ पुराना कुरा गर्न अनुरोध गरेको थिएँ । तलका हरफहरूमा वहाँकै शब्दमा केही संस्मरणहरू प्रस्तुत गरिएका छन् । यी संस्मरणहरू वहाँले भनेको टिपोट गरी मैले पुनर्लेखन गरी केहीपछि वहाँलाई सुनाइएर केही सच्याइएका हुन् । लेखाइको शैली वहाँलाई मन परेको थियो ।

१. विक्रम सम्वत् १९८७ सालतिरको कुरा हो । तेह्रथुम जिल्ला आठराईका चुहानडाँडा, मुलपानी, ह्वाकु, हाङपाङ आदि गाउँका धनीमानीका छोराहरू 'नेपाल' (काठमाडौं) मा पढ्न जान्थे । म पनि त्यही रहर लहडमा मेरा सिम्ले गाउँका गाउँलेहरूसित घरबाट भागेर नेपाल आउन भनी धरानसम्म सँगै आएँ । त्यहाँदेखि म एक्लै अघि बढें । साथमा कम्पनी भा.रू. २०/२५ रुपियाँ र १०/१२ माना चामल बोकेको थिएँ । विराटनगरबाट जोगमनी हुँदै उत्तरी बिहारको रेलमा सफर गरी रक्सौलमा निस्की सानो नेपाली रेलमा अमलेखगंज आई चुरे पहाड, हेटौंडा, भीमफेदीबाट चित्लाङ, मार्खु, कुलेखानी हुँदै काठमाडौं आइपुगें । थानकोटमाथि देउरालीबाट काठमाडौं हेर्दा त्यसवेलाको कलिलो वैंशालु आँखामा परेको काठमाडौंको दृश्य अझैपनि हरियै र ताजै छ । कति हरियो, रसिलो मनमोहक काठमाडौं । ज्यादै सुन्दर गोलबगैंचा जस्तो देखिएको थियो । यो चारभञ्ज्याङ्ग खाल्डो । नेपाल पूर्व धरानमाथि साँगुरी भञ्ज्याङ्गबाट धरान लगायत व्यापक माल मैदान हेर्दा पनि झलक्क यस्तै देखिए जस्तो भए तापनि मैदानको अनन्त विस्तारमा त्यसै दृश्य हराए जस्तो हुने र आफ्नै दृष्टिगोचर विलय भएको अनुभव गरेको थिएँ, तर काठमाडौं हेर्दा मात्रै पनि मन त्यसै थामिने, रहरिलो ठाउँ जहाँ हृदय नै ढुक्कसित बसेको अनुभव मलाई झट्ट भएको थियो ।

हाम्रा पूर्वेलीहरू काठमाडौंको नक्साल, ज्ञानेश्वर आदि ठाउँमा बस्ने गरेकाले बेलुका म त्यतातिर आइपुगें र भवगतीवहाल, गहनापोखरी, ज्ञानेश्वर आदि ठाउँमा यताउति वास खोज्न लागें । चिनेको कोही पनि भेटिंन । चिनेको गाउँले फलानो कहाँ होला भनी यताउता सोद्धा आज मलाई हाँसो लाग्छ । बास कहीं पनि पाइएन, कसैले

दिएनन् । त्यसैबेला पनि सुनेको 'नेपाल', हेर्नुको 'नेपाल' र भोग्नुको 'नेपाल' मा अन्तर त रहेछ । वास्तवमा बालककालदेखि बृद्धावस्थासम्म यिनै तीन कुरा उल्लासपूर्ण भावना, रहर, लहड र रहसको आकाशबाट वास्तविक जीवनको धरातलतिर आउँदै यहाँको व्यावहारिकताका कठोरता र याचनापूर्ण खाडलमा पसी वास्तविक जीवन भोगाइको लामो कथाका विशाल शाश्वत बिम्बसित उपयुक्त 'नेपाल' को कुरो प्रतीकात्मक रूपमा मिल्छ जस्तो लाग्छ । नेपाली गाउँलेहरू पाहुना आउँदा ज्यादै ठूलो सत्कार गर्छन्, तर विश्वभरिका शहरियाहरूको चलन-चल्तीको शब्दकोशमा "पाहुनाको सत्कार " भन्ने शब्दावली हुँदैन कि जस्तो लाग्छ । तिनताक नै काठमाडौं पनि 'सभ्य'··· भैसकेको रहेछ भन्ने मलाई आजकल पो ज्ञान हुन्छ ।

वास कतै नपाएपछि म आफ्ना पोकापन्तुरा सहित भगवतिमन्दिर (नक्साल) को फराकिलो पेटीमा छतको ओतमुनि सुतें । पछिल्लो किशोरावस्था अथवा वैंशको उकउके अवस्था र ज्यादै थकाइको कारण समेत हुँदा स्वभावले निद्रा छिट्टै आइहाले छ । म छिटै नै निदाइहालें छु । एकछिनपछि त्यसबेलाको औपचारिक कालो पोसाक लगाएका एकजना प्रहरी आएर त्यहाँ सुत्न पाउने 'उर्दी' नभएको तथ्य बताउँदै मलाई तंग गर्न लागे । म त पाखे, फेरि निडर, भएन त्यसमाथि थकाइ र निद्राले लस्त थिएँ । मैले टेरपुच्छर नलाउँदा प्रहरीले जवर्जस्ती गर्ने धम्की दिन लाग्दा नजिकै डुलिरहेका एकजना इलामतिरका बस्नेत बूढाले चालपाएर आई मलाई मेरो गाउँ ठाउँका सिटौला, थपलिया आदि मेरा दौंतरीहरू बसेको डेरामा त्यही राती पुऱ्याई दिए । भगवतीवहालबाट टंगालको गहनापोखरी नजिकैको घरमा जाँदा बाटोमा बूढाले त्यसै दिन साँझमा घटेको यौटा सानो तर रमाइलो घटना किस्साको रूपमा मलाई सुनाए । कुरा के भए छ भने त्यही नक्सालको यौटा पसलमा एकजना प्रहरी दाइले भुटुन खाने तेल (तोरीको तेल) किने छ, तर साहुनीसित दरदाममा कुरा मिलेन छ । त्यसो भए तिम्रो तेल फिर्ता भनी प्रहरी दाइले तरकारी पकाउने भाँडामा थापेको तेल जम्मै वापस खन्याई आफ्नो पैसा फिर्ता लिएर डेरातिर लागेछन् । हामी पनि त्यही विषयमा दोहोऱ्याई र तेहऱ्याई आपसी कुरा गर्दै मेरा साथीहरूको डेरातिर अगाडि बढ्दै गयौं । त्यस प्रसंगमा यौटा निचोड हामीले के निकाल्यौं भने त्यस किसिमसित भुटुन किन्ने गऱ्यो भने भुटुनलाई कहिल्यै पनि पैसा चाहिंदैन । त्यसै रातदेखि म मेरा गाउँले साथीहरू जनार्दन सिटौला, (नेपाले) र बद्रीप्रसाद थपलियासित सो गहनापोखरीको छेउको यौटा घरमा सँगै बसी उनीहरूसितै स्कूलमा स्रेस्ता पढ्न थालें । यसैपालि यो बूढेसकालमा केही दिन पहिले त्यताउँदो घुम्न मन लाग्यो र मेरो हालको सहयोगी मैनध्वजलाई लिएर टहल्न निस्कें । त्यो घर जस्ताको तस्तै देखे । तर मेरा साथीहरू सबै हराइसकेका । अनि आफू बृद्ध विरामी र अशक्त अवस्थामा पुगेको । यी तीनैवटा सम्वेदनशील कुराले मलाई रित्तो , नमिठो र नियास्रो लाग्यो । कण्ठ·अवरुद्ध भयो । मेरा आँखाबाट आँसु आए । मैले आँसु पुछ्तै रोएको पत्तो नै पाइनछु । ५/७ मिनेट म त्यही पोखरीको छेउमा त्यसरी टोलाएर रोएर बसेंछु । मेरा सहयोगी मैनध्वज चाहिं अनायासै वरपरका दरवार, डाँडाकाँढा र क्षितिजहरूमा नियास्रो मान्दै हेरिरहेको र बेलाबेलामा मलाई

पुलुक्क पुलुक्क च्याउँदै गरेको चाल पाएँ । त्यही घरमा सँगै बसेर चार पास गरेपछि झापा मालमा बहिदारको नियुक्तिपाई म त्यतातिर जागिर खान लागें । त्यो पद त्यसवेलाको निजामतिपट्टिको सबैभन्दा तल्लोस्तरको थियो महिनामा तनखा ज्यादै कम पाइन्थ्यो ।

"अब भरेको बसाइमा मं ओली बूढाले तमाखु खाएको कथा भन्छु" भनी वहाँ विश्राम गर्न लाग्नु भयो । भरे त्यो कुरा सम्झँदा त्योभन्दा महत्वपूर्ण कुरा के. आई सिंहसम्बन्धी केही सम्झनाहरू आए म पहिले ती सम्झनाहरू भन्छु भन्दा ओली बुढापछि परे र के .आई. सिंहको प्रकरण शुरू भयो ।

त्यसबेला काठमाडौंमा साठीहजार भारतीय फौज र दुईहजार दुईसयजति सी. आई. डि.छन् भन्ने सुनिन्थ्यो । ठूलो फौजले दरवार घेरेको थियो । के. आई. सिंहपनि आफ्नो सानो पल्टनसहित सिंहदरवार तोडेर सशस्त्र बाहिर निस्कदा उनलाई आक्रमण गर्ने कसैले हिम्मत गरेन । उनी सरासर निस्केर भद्रकाली हुँदै सानो साहूकोमा गएर रू. १२ हजार सापट मागी पछि तिर्छु भनी बेपत्ता भए । धेरैपछि आए । सो पैसा उनले फिर्ता पनि दिए । के. आई. सिंहलाई भैरहवाको एक ठूलो जमिन्दार रामनिवास शुक्लाले साथ, सहयोग दिएको थियो । भारतीय फौजले उनको छोरा गोरखपुरको तिनताका मेजिष्ट्रेटका ज्वाईलाई मट्टीतेल हाली जलाए । टंकप्रसादको प्रसंग कुन सालको कुरा हो मैले बिर्से । टंकप्रसाद आचार्य जेलमा थिए । बेला-बेलामा उनी र उनको १/२ जना साथीहरूलाई बोलाई जुद्धशम्सेर सोधपुछ गर्ने गर्थे । यसै सिलसिलामा टंकप्रसादजीसित भेटघाट गर्न गएको बेलामा उनका सहचरले एकदिनको यौटा घटना मलाई बताएका थिए । टंकप्रसाद र उनका साथीलाई जेलबाट ल्याई जुद्धशमसेरको दरवारको बैठकको चौडा वार्दली रूपको बाटोमा बैठकको झ्यालको सामुन्ने पारेर उभ्य्यो । "तेरो के विचार छ ए टंके ?" भनी जुद्धशम्सेरले सोधे । तिनताकका युवक टंकप्रसादले ओजश्वी शब्दमा भनेछन् - "सकेभने तपाईहरूलाई मेरो ठाउँमा र तपाईहरूको ठाउँमा जनताको प्रतिनिधिको रूपमा म आफैं बस्ने विचार छ ।" यो सुनी जुद्धशमसेर गललल हाँसेछन् । । त्यहाँ त्यसबखत मोहनशम्सेर आदि शीर्षस्थ राणाहरू नतमस्तक भई उपस्थित थिए । अर्को यसै सिलसिलामा टंकप्रसाद र उनका साथीलाई बाहिरै पटांगिनीमा उभ्याइएछ । त्यही बेलामा बैठकेले बिहानको नास्ता स्वरूप विभिन्न मिठाइका परिकार र अन्य व्यञ्जनहरू जुद्धशम्सेरकालागि सधैं झैं ल्याइएछ । केले हो एकछिन पर्न ढिला गर्दा सो किस्ती बोकी बैठकेले उभिइरहनुपरे छ । त्यही बीचमा आफू पनि उभिंदा-उभिंदा दिक्क आएका टंकप्रसाद आचार्यले खोई "पख-पख" भन्दै गएर किस्तीको रूमाल खोली रसवरी र केरा ख्वाप-ख्वाप खाएछन् । रिसले रन्थनिदै बैठकेले रसोइघरमा गई भान्से बाजेलाई अर्को किस्ती तयार गर्न लगाई लिएर आएछन् । सो किस्तीको दुधवरी र दूधमलाई टंकप्रसादले "हामीलाई पनि चाहिन्छ नि ।" भन्दै फेरि ख्वाप्प ख्वाप्प खाएछन् । नास्ता किन ढिला भयो" भनी भित्रबाट खबर आउँदा बैठकेले सबैकुरा जाहरे गरेछ । त्यसपछि जुद्धशम्सेरले हाँस्दै टंकप्रसाद र उनका साथीलाई भित्रै बोलाई स-सम्मान राम्रो खानापिना गराई मिठा

भलाकुसारी गरी पठाएछन् । त्यसपछि टंकप्रसादहरूलाई जेलमा पनि त्यसरी नै स्तरीय खानाको व्यवस्था भएछ । महिनौंसम्म त्यो घटना जेलभित्र यौटा रमाइलो गफगाफको रूपमा चलिरहेको थियो भन्ने सुनिन्थ्यो । मुख्य चर्चा के सुनिन्थ्यो भने मोहनशम्सेर लगायत अन्य भाइ भारदारहरू जुद्धशम्सेरले नास्ता गरेका वा खाना खाएका वा अन्य केही कुरा भनेका बेलामा नतमस्तक भई सावधानी साथ उभिनु पर्ने दरवारिया शिष्टाचार भएको त्यो अवस्थामा टंकप्रसादको यो चाला सरासर मृत्युको बाटो थियो साथै यो घटनाले श्री आचार्यको राजनैतिक अठोट, निडर क्रान्तिकारिता तथा हाँकदार व्यक्तित्वको झल्को दिन्छ । समाजसेवा गर्ने प्रेरणा कसरी कहाँबाट पाइयो भन्ने एक प्रश्नको जवाफमा उहाँले देशको बदलिदो परिस्थिति भारतीय समाजसेवीहरूका योगदानहरू (आँफै सहचर समित्रहरूका सन्दर्भहरू सुनाउनु भएको थियो । यहाँ शहर बजारमा यस्तै हो मान्छे हराइन्छ । गाउँ पाखामा गएर योगदान दिनु पर्छ भन्दै उहाँले आफ्नो डायरीबाट दुई वटा कोटेशन निकालेर सुनाउनु पनि भयो त्यो मैले यसरी टिपें-

"जब यो संसारबाट तिम्रो अस्तित्व मेटिइसकेको हुन्छ त्यसवेला पनि मानिसहरूको सेवा गर्दै जानु नै मानिसको श्रेष्ठत उद्देश्य हो ।" - निकोलाई आस्त्रोस्की अर्को चाहिं उक्ती केहीपछि प्राप्त गरेको कुरा बताउदै मलाई टिपाउनु भयो- "जनताका मर्म, व्यथाका भावनाहरूले हाम्रो साहित्यमा मुख्य स्थान पाउनु पर्छ ।जनताले बुझ्ने सरल भाषामा लेखिनु पर्छ । मजदुर किसान निम्न वर्गका जनताहरूतिर हामीले बढी ध्यान दिनु पर्छ ।" -देवीप्रसाद किसान ।

अन्त्यमा वहाँको महान आत्माको चिर शान्तिको कामना गर्दै उहाँका सदविचार र सद्कार्यबाट प्रेरणा लिन सकौं भन्ने धारणा राख्दै यी श्रद्धासुमन यही बेदीमा चढाउँछु ।

२०५३जेठ ५ गते

चावेल

□□□

एक सच्चा शिक्षाप्रेमी, समाजसेवीको स्मरण

- भीष्म प्रसाई

'समाजसेवा' यस पवित्र शब्दले सधैं मेरो बालमनलाई आकर्षित गर्ने गर्दथ्यो । म त्यसबेला १३/१४ वर्षको हुँदो हुँ र आदर्श विद्यामन्दिर हाइस्कूल धैलाडुब्बामा १० कक्षामा अध्ययनरत थिएँ । एकदिन म हजुरबबा स्व. देवीप्रसाद उप्रेती (स्व. देवीप्रसाद उप्रेती र मेरी हजुरआमा पवित्रादेवी प्रसाईं दिदी भाइ हुनुहुन्थ्यो ।) लाई भेट्न साझा दोकान गएँ । यो कुरो २०३१ साल मंसीरको जस्तो लाग्छ । म त्यहाँ पुग्दा हजुरबुबा, मदन सरसँग कुनै गहन विषयमा कुरा गरिरहनु भएको रहेछ । मदन सरलाई नमस्कार गरें । बुबालाई ढोगी दिएँ र हेराइले छेउमा बस्ने अनुमति पाएकोले खाटको छेउमा बसेर म कुरा सुन्न थालें । त्यहाँ कुरा हुँदै रहेछ समाजसेवा कै । हजुरबुबा भन्दै हुनुहुन्थ्यो-

"मदन सर के हाम्रो यस धरतीप्रति, देशप्रति कुनै कर्तव्य हुँदैन । जब म यस पृथ्वीमा जन्मन्छु के मैले मलाई चाहिने सबै चिज परिपूर्ण आफूसँग ल्याएको हुन्छु र ? जन्मना साथ मैले फेर्ने सास (हावा) प्रति म ऋणी छैन ? मैले पाइला सार्ने माटो, बस्ने घर र यस ब्रम्हाण्डका प्रत्येक चिज वस्तु जसको कारण मेरो जीवन यात्रा शुरु हुन्छ ।, हुर्कन्छ र विलीन हुन्छ । यो सबै प्राकृतिक तारतम्यप्रति मेरो कुनै कर्तव्य छैन ? यदि छ भने मानिस भएर जन्मेपछि मैले कमसेकम एउटा रुख मात्र भएपनि रोप्नु पर्दछ । ताकि २५ वर्षपछि म जस्तै केही व्यक्तिले त्यसको छाहारीमा बस्न पाउन्, त्यसका पातहरूले सृजना गरेको अक्सिजन लिएर बाच्न सकून मेरो दृष्टिमा यही नै हो 'समाजसेवा' । उहाँले थप्नु भयो- त्यसैले समाज सेवामा स्वार्थ हुनु हुन्न, सेवा भावना हुनु पर्दछ, आफ्नो कर्तव्यको बोध हुनु पर्दछ । ५० रुपैया दान गर्दा पनि आफ्नो नाम बोर्डमा लेखेर राख्नु पर्दछ भन्ने विचार भएको व्यक्ति समाजसेवी हुन सक्दैनन् यो त सेवाका नाममा व्यापार गरेको ठहर्छ, मेरो दृष्टिमा ।

यस बाहेक पनि धेरै कुराहरू भए त्यसदिन तर मेरो बालमनलाई छोएका शब्दहरू नै शायद अमिट भै मेरो मन मष्तिस्कमा बसेछन् क्यारे र आज वहाँलाई सम्झेर केही लेख्न बस्दा यही संवादको क्षण याद आयो र लेख्दै छु । यो एउटा वहाँको समाजप्रतिको उत्तरदायित्वपूर्ण भावनाको उद्गार मात्र हो । साच्चै भनुँ भने स्व. देवीप्रसाद उप्रेती आफैंमा एक समाजसेवाको उदाहरण हुनुहुन्थ्यो । वहाँले गरेका

अनगिन्ती समाजसेवाका कार्यहरू पूर्वाञ्चलभरि छरिएर रहेका छन् । तर कहीं पनि वहाँले आफ्नो नामको अवशेष छोडनु भएको छैन, यदि छ भने केवल भावनात्मक सुवास जो शायद पूर्वाञ्चलको कोही पनि शिक्षित समुदायले कदापि भुल्न सक्दैनन् ।

वहाँले आफ्नो व्यक्तिगत प्रयास र आर्थिक सहयोगमा (स्थानीय जनसहयोगको सामान्य मात्र परिचालन गरी) पूर्वाञ्चलमा एउटा कलेज, ५ वटा माध्यामिक विद्यालय, ३ वटा निम्नमाध्यामिक विद्यालय र ४ वटा प्राथमिक विद्यालय खोल्नु भयो, २ वटा श्री कृष्णप्रणामी मन्दिर बनाउनु भयो । तर कुनै पनि विद्यालय महाविद्यालयहरूमा वहाँ अथवा वहाँको परिवारको कुनै पनि सदस्यतको नाम छैन । यतिमात्र नभइ उक्त शिक्षालयहरूको स्थायी सञ्चालनको लागि आफ्नो व्यक्तिगत जमिन्दारीबाट १४०० (चौधसय) बिघा जग्गा झापा जिल्लामा दान दिनु भएको छ, जसको आम्दानी राम्ररी परिचालन गर्न सके सम्पूर्ण स्कूल राम्ररी चल्न सक्दछन् । मेरो जानकारीअनुसार यति ठूलो निस्वार्थ दान गर्ने दानी समाजसेवी नेपाल आमाले विरलै जन्माएकी होलिन् तर के आफ्नो प्रचार आफैं माइक लगाएर गर्नेको मात्र यस देशमा कदर हुने हो त ? के सतीको श्रापले देशका सपूतहरूलाई अझसम्म ग्रहण लगाई नै राखेको छ ? यो देशमा सधैं यस्तै नै चलिराख्ने हो ? कहिले सम्म ??? उपरोक्त प्रश्नहरू मेरो मानसपटलमा यदाकदा ज्यादै सशक्तभई जुर्मुराउछन् । साथै आफू कहिल्यै व्यक्तिगत स्वार्थ र समस्याबाट माथि उठी समाजतर्फ हेर्न सक्ने आजसम्म भएको छुइनँ । यस कुराले मेरो आत्मालाई बारम्बार चिमोट्ने गरेको छ ।

स्व. देवीप्रसाद उप्रेती जिम्मेवारीले जमिन्दार भए पनि आत्माले एक साधु हुनुहुन्थ्यो, वहाँले सम्पत्तीलाई कहिल्यै पनि महत्त्व दिनु भएन । वहांको घरबाट कोही खाली हात फिरेको छैन होला । दि ऊ केही अपेक्षा गरेर वहाँलाई भेट्न गएको भए । वहाँको व्यक्तित्व समुद्रजस्तो थियो जसले जत्रो र जस्तो भाँडो लिएर जान्थ्यो त्यो भाडो भरिएर नै आउँथ्यो ज्ञान-गुणको अभिलाशा लिएर जाने व्यक्तिले केही न केही सिक्ने अवसर पाउँथ्यो भने गरीवको पेट भरिन्थ्यो । के यही महान् व्यक्तित्वको परिचय हैन ? के यही सेवाभावना हैन । के यसैको नाम समाजसेवा हैन ?

स्व. देवीप्रसाद उप्रेतीले अफ्नो जीवनमा यति धेरै दुःख र संघर्ष गर्नु परेको थियो । सो सुन्दा जस्तै कठोर हृदय हुने व्यक्तिको आँखा पनि नरसाई रहन्न । जुन बखत झापा मोरडलाई कालापानी भनिन्थ्यो र केही आदिवासीबाहेक त्यो क्षेत्रमा कोही व्यक्ति पनि पहाडतिरबाट झरेर बसोवास गर्न सक्दैनथ्यो, त्यो बेलामा एक्लै आएर झोडा (एक प्रकारको बाक्लो जंगली घोस जसले तराईक्षेत्र ढाकेको हुन्थ्यो ।) फाँडेर बसोबास गर्नु आदिवासीको कोप सहनु, सानो साहस र परिश्रमले हुने कुरा थिएन तापनि गीताका अनन्य अनुयायी भएकाले "कर्मण्य वाधिकारस्ते माः फलेषु कदाचन" भन्ने परम आदर्श वाक्यलाई मननगर्दै कार्य गरेकाले त्यस क्षेत्रको सबैभन्दा ठूलो मौजा (१८ मौजा) का जिमिन्दार भएर तत्कालीन सरकार र आदिवासी जनता समेतको विश्वास पात्र भैं काम गर्नु भयो, त्यो नैं वहाँको कर्मवीर व्यक्तित्वको परिचय हो भन्न सकिन्छ ।

यो छोटो संस्मरणमा वहाँको बहुआयामिक व्यक्तित्वबारे चर्चा गर्नु त्यति संभव छैन तापनि यति भन्न सकिन्छ कि वहाँको जीवनप्रतिको दृष्टिकोण अत्यन्तै व्यावहारिक थियो । वहाँ सादा जीवन उच्च विचारमा विश्वास गर्नुहुन्थ्यो र तदनुरूप नै आजीवन जीवन यापन गर्नु भयो । वहाँ आफ्नो सानोतिनो काम सकेसम्म आफैं गर्न रुचाउनु हुन्थ्यो र हामीहरूलाई पनि स्वावलम्बी बन्ने सल्लाह दिनु हुन्थ्यो । वहाँ भन्ने गर्नुहुन्थ्यो- "नानी कर्मवीरको पाखुरामा भाग्य हुन्छ ।, तिमी जुन ठाउँमा जे काममा छौ, त्यसलाई आफ्नो मन- वचन- कर्मले पूर्ण विश्वास साथ गर, कुनै पनि कुरो असम्भव छैन । वहाँको त्यो शिक्षा मेरालागि जीवनको प्रेरणास्रोत बनेको छ र उक्त भनाइप्रति आजसम्म मेरो पूर्ण विश्वास र आस्था रही आएको छ, शायद आज म जे छु जहाँ छु त्यसको पछि वहाँको प्रेरणाले बिउको काम गरेको छ र भविष्यमा म जे जहाँ पुगौंला त्यसमा त्यही बिउले सतत काम गरको मैले ठान्ने छु किनकि बालमनमा परेको प्रभावले व्यक्तित्व निर्माणमा ज्यादै ठूलो असर पार्ने रहेछ । यसकारण पनि म वहाँलाई श्रद्धेय पुरुषको रूपमा सदासर्वदा पूजा गर्ने गर्दछु ।

स्व. देवीप्रसाद उप्रेती सायद मार्क्सवाद, गान्धी तथा टाल्सटायको फिलोसोफीबाट प्रभावित हुनुहुन्थ्यो होला, त्यसैले वहाँ समाजवादमा विश्वास गर्नुहुन्थ्यो र कहिल्यै कसैलाई धनी वा गरीव भनी भेदभावपूर्ण व्यवहार गरेको मैले पाइनँ ।

सम्पत्तिकाबारेमा वहाँ भन्नुहुन्थ्यो- पेट नभरिएको मानिसले धर्म गर्न सक्दैन त्यसैले पुरुषार्थ गरेर कसैलाई दुःख यातना नदिइ धन कमाउन सबैले प्रयास गर्नु पर्दछ, तर सम्पत्ति कमाउनुको उद्देश्य सामाजिक वा धार्मिक काममा यसको प्रयोग होस् भन्ने हुनु पर्दछ ताकि "सर्वे भवन्तु सुखिनः ...." को मर्म पूरा होस् मानिसको असली सम्पत्ति उसको शिक्षा र नैतिकता नै हो, त्यसैले आफ्नै खुट्टामा उभिने प्रयास सबैले गर्नु पर्दछ भन्ने मान्यता वहाँको थियो । वहाँले आफ्नो मान्यतालाई व्यवहारमा समेत उतार्नु भयो, जस्तैः वहाँले आफू बाचुन्जेल कुनै पनि छोराछोरी वा श्रीमतीलाई अंश दिनु भएन तर पढ्न चाहनेलाई जहाँ पठाउनु परे पनि खर्चको कहिल्यै परवाह गर्नु भएन । यसबाट पनि वहाँको मान्यतामा वहाँ कति व्यवहारिक र अडिग हुनुहुन्थ्यो भन्ने प्रमाणित हुन्छ ।

माथि केही सानातिना उदाहरणहरू उद्धृत गरेर मैले स्व. देवीप्रसाद उप्रेतीको व्यक्तित्वमाथि प्रकाश पार्ने सानो प्रयास गरें तर मलाई के लाग्छ भने यो प्रयास भनेको घामलाई देखाउन जुनकीरीले गरेको प्रयास सरह हो तापनि यस क्षणमा मेरा अति नै आदरणीय तथा प्रेरणाका स्रोत स्वर्गीय हजुरबुबाप्रति आत्मिक श्रद्धासुमन भन्नु नै केवल शब्द र भावना भएको हुँदा यो दुस्प्रयास गर्ने मैले धृष्टता गरेको छु । वहाँप्रति आत्मिक श्रद्धा भनेको चाहिं वहाँले देखाएको बाटोमा पूर्ण विश्वाससाथ हिड्नु नै हो जस्तो लाग्छ र यो बाटोलाई नै मैले मेरो जीवनको मूल बाटो ठानी हिडाइरहेको छु, हिडिरहने छु । मलाई विश्वास छ, वहाँ गलत हुनुहुन्न र वहाँले देखाएको सुन्दर बाटोमा आजीवन हिड्ने प्रेरणा र सदबुद्धि भगवान्ले मलाई दिऊन् यही मेरो अन्तरात्माको कामना छ ।

आज वहाँको सम्भनामा यति नै भनी वहाँकोंलागि श्रद्धापूर्वक २ थोपा आँसु चुहाउँदै कलम रोक्न चाहन्छु । वहाँको आत्मालाई सदा चिरशान्ति मिलोस् र यस्ता स्वच्छ र धार्मिक व्यक्तित्वका सकल परिवारलाई भगवान्ले सदा सद्बुद्धि दिन र सबैको उत्तरोत्तर प्रगति होस् भन्ने आन्तरिक हृदयदेखि नै कामना गर्दछु ।

अन्त्यमा स्व. देवीप्रसाद उप्रेतीको सम्भनास्वरूप वहाँप्रति श्रद्धा गरी एक संस्करण छाप्ने जुन प्रयास भएको छ ,यो अत्यन्तै सह्रानीय कार्य हो र यस्तो पुनित कार्यमा संलग्न सम्पूर्ण महानुभावमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

काठमाडौं

□□□

जिम्दार देवीप्रसाद उप्रेती : एक बहुआयामिक व्यक्तित्व :

- प्रेमदास उप्रेती "पीडित"

परमधामवासी जिम्दार देवीप्रसाद उप्रेतीलाई म २०१६ सालदेखि जान्दछु । उप्रेतीका आजसम्म पत्ता लागेका आद्यपूर्खा रघुनाथ शर्मा (शिव शर्मा) का छोरा भगीरथ थिए । यिनका जेठा छोरा भरत पण्डिततर्फ उनका आठौं पिंढीमा देवीप्रसाद पर्नु हुन्छ । भगीरथका साईँला छोरा भवदेवतर्फ उनका दशौं पिंढीमा म (प्रेमदास उप्रेती) पर्दछु । यसोहुँदा उहाँको र मेरो बाजे र नातिको साइनो पर्दथ्यो अर्थात् उहाँ मेरो बाजे (हजुरबा) पर्नुहुन्थ्यो । वंशावली २०२९ सालमा मात्र प्रकाशित भई त्यसपछि मात्रै वास्तविक साइनो पत्ता लागेको हो । तर हामी

भने पहिलो भेटघाटमै बाबु-छोरा र (बडाबाबु र भतिजा) भै सकेका थियौं । उहाँ मेरो बाबुभन्दा तीन वर्ष जेठा हुँदा म उहाँलाई 'बडाबा' (काठमाडौंतिर ठूला बुबा) भन्दथें । सम्बोधन गर्नुपर्दा चाहिं म उहाँलाई 'बुबा' मात्र भन्दथें र दर्शनगर्दा "प्रणाम" बोलेर हातमा ढोगिदिने गर्दथें । जहिले पनि दर्शन - प्रणाम हुने वित्तिकै "बसौं" भन्ने मीठो शब्दोचारण गरी आसन देखाउनु हुन्थ्यो ।

मैले जि. देवीप्रसादलाई पहिलो पल्ट तेह्रथुम आठराईको ईवा-सिम्लेमा २०१६ साल असार महिनामा उहाँका आफ्नै घरमा दर्शन गरेथें भने अन्तिम दर्शन २०४८ साल वैशाखमा झापा घैलाडुब्बामा उहाँकै घरमा भएको हो । यस बत्तीस वर्षका अन्तरालमा वर्षेनी ५/६ पल्ट हाम्रो भेटघाट हुने गर्दथ्यो । घरमा होस् वा बाहिर जहाँ जतिखेर भेट हुँदा पनि स्नेहसित शब्दले भलाकुसारी सोध्नु हुन्थ्यो । भलाकुसारी बताइसकेपछि "के काम परेर, कता हो ;" हो भनी उस्तै सुमधुर प्रश्न गर्दै घरबाट हिडेंको उद्देश्य सोध्नु हुन्थ्यो । सबै ठूलो मान्छेहरू साधरण व्यक्तिसित भेट भएपिच्छे यसरी सोध्दैनन् तर जिम्दार साहेबमा यो गुण थियो । उहाँलाई धेरै धेरैजसो मानिसहरू "जिम्दार साहेब" भनेर सम्बोधन गर्थे भने कोही-कोही उहाँको समकक्षका व्यक्तिहरू चाहिं 'बहिदार बाजे' भन्दथे । साधरणतया ब्राम्हणलाई 'बाजे' भनिन्छ । झापा जिल्लामा यस्ता धन, मान सबै कुराले माथिल्ला स्तरमा पुगेका ब्राम्हण वा बाजेहरू मैले जानेको तीन जना (त्रिबाजे, थिए । जस्तै (१) बहिदार बाजे - श्री देवीप्रसाद उप्रेती, (२) खरदार बाजे - श्री धर्मप्रसाद ढकाल र (३) सुब्बा बाजे -श्री भैरवप्रसाद आचार्य । यी त्रिबाजेहरू

एकार्कालाई उपयुक्त बमोजिम नै "फलाना बाजे" भनेर सम्बोधन गर्दथे । यस कलमीले पनि यी तीनै जना बाजेलाई देखेको हो र यिनको थोरबहुत बोली-व्यवहार पनि थाहा पाएको हो । बहिदार बाजे कुशाग्र बुद्धि भएका थिए र मीठो बोलीले मानिसलाई वशमा लिन्थे । खरदार बाजे दार्जिलिङ्गमा अंग्रेजी पढेर आएका सुन्दर र विद्वान थिए र उनको बोली-मीठो मसिनो नभए पनि स्वर राम्रो (मीठो) रेडियोको बोली जस्तै थियो । अनि सुब्बा बाजेको चाहिं "यथानामस्तथा गुण :" थियो । किनभने उनलाई देख्ने वित्तिकै मानिसलाई साँच्ची नै डर लाग्दथ्यो । अब हामी जि. देवीप्रसाद उप्रेती बहिदार बाजेतर्फ नै ध्यान केन्द्रीत गरौं ।

२००७ सालभन्दा अघि देवीप्रसादले मालको बहिदारको जागीर खानुभएको थियो । उहाँका अक्षर अति राम्रा, स्रेस्ता सम्बन्धी विशेषज्ञ र चतुऱ्याइँ भएको हुँदा कहिले-काँही उहाँको कलमले राण-शासनको विरूद्धमा पनि छेडछाड गरेछ र राणाहरूले उहाँको हातकलम (हस्ताक्षर नचल्ने) गरेछन् । त्यसपछि उहाँ दार्जीलिङतिर गएर बस्न थाल्नु भयो । उहाँले महाविद्यालयमा अध्ययन गरी उच्च शिक्षा हासिल गर्नु भएको थिएन तर पढ्न र जान्न भने केही बाँकी राख्नु भएको थिएन जस्तो लाग्दछ । उहाँका वासस्थानमा नेपाली, हिन्दी, अंग्रेजी, संस्कृत आदि भाषाहरूका गरी पुस्तकालयका जति पुस्तक पुस्तिकाहरू, धर्मग्रन्थहरू र पत्र-पत्रिकाहरू रहन्थे । उहाँ ती साहित्यहरूको अध्ययन गरी राम्ररी बुझ्नका लागि संग्रह गरेका हुन्थे । के हिन्दू, के मुसलमान, के बौद्ध, के इशाई, के सिख, के जैन ? सम्पूर्ण धर्मका ग्रन्थहरूको उहाँ गहिरो अध्ययन गर्नु हुन्थ्यो । यस्तै के मार्क्सवाद, के गान्धीवाद, के चार्वाकको सिद्धान्त ? सबैको राम्ररी अध्ययन गरी रहस्य बुझ्नु हुन्थ्यो । उहाँ विशेष गरी आचार्य रजनीशको दर्शन पढ्नु हुन्थ्यो र उनका साहित्यबाट प्रभावित पनि हुनुहुन्थ्यो । उहाँका घरमा जहिले जाँदा पनि एक्लै भए कि पढ्नमा कि गद्दीमा बसेर लेख्नमा व्यस्त देखिनुहुन्थ्यों । विहान सधैं धर्मग्रन्थ तारतम सागर (सिद्धान्त-ग्रन्थ) वा बीतक (जीवन-बृत्त) पाठ गर्नुहुन्थ्यो । उहाँ कविता पनि लेख्नुहुन्थ्यो । कविता वार्णिक, मात्रिक र लोक छन्द सबै छन्दमा रच्न सफल हुनुहुन्थ्यो । उहाँकै प्रेरणाबाट यस लेखकलाई पनि वार्णिक छन्दमा मोह बढ्न गएको हो र राम्रा अक्षर पार्न पनि उहाँनै बराबर सल्लाह दिनुहुन्थ्यो । यद्यपि उहाँका जस्ता सुन्दर अक्षर अझै बन्न सकेका छैनन् ।

जिम्दार साहेब श्रीकृष्ण प्रणामी धर्मका अनुयायी हुनुहुन्थ्यो । यस धर्मका आडम्बर, जातीय भेदभाव र अनावश्यक कर्मकाण्डको झमेला वा अन्धानुकरण छैन र सामाजिक लाञ्छना, ताड्ना वा बहिष्कृतिको भयले सामान्य कृष्ण प्रणामीजनहरू तिनबाटमुक्त हुन सकेका छैनन् भने यता देवीप्रसाद बाजेले चाहिं प्रजातन्त्र आगमन पश्चात् त्यस्ता आडम्बर र अन्धानुकरणलाई चट्ट त्यागेर शूद्रलाई निरामिष भोजी बनाई भान्से राख्नु भयो । उहाँले आमाका धामगमनमा (देहान्तमा) पनि आफू क्रियामा नबसी ब्राम्हणलाई बसाउनु भयो । यद्यपि कृष्ण प्रणामी धर्ममा यसो गर्ने विधान छैन, आमाका दश धारा दूधको भार आफै काष्ठिक खपेर क्रियामा बस्ता मात्र तिरिन्छ । साधरण जन भए यस विषयमा समाजले सामाजिक वहिष्कार गर्ने थियो तर उहाँलाई परोक्षमा मुर्मुरिनु

सिवाय सामु परेका कसैले केही भन्न र गर्न सकेनन् । कर्मकाण्डमा उस्तो कट्टर नभए पनि उहाँ प्रणामी धर्ममा भने कट्टर हुनुहुन्थ्यो । अघि २०१५ साल अगावै एकपल्ट उहाँ घैलाडुब्बाका घरमा आफ्नै मान्छेले उहाँको अनुपस्थितिमा मासु पकाएर खाएछन्, घर आएपछि यो कुरा थाहा पाएर उहाँ त्यो घर चट्टै त्यागेर सरासर शरणामती जानु भएछ । घर बनाउन थाल्नु भएछ । काठ कटाउँदै बनाउँदै, कटाँदै बनाउँदै एउटा विशाल, भव्य र दर्शनीय घर तयार पार्नु भएछ । भान्सा घरमा दैनिक १८, १९ घण्टा चाहिं भान्सेहरू खटिरहन्थे, भोजन टुट्तैन थियो । भोजन त्यसै (निःशुल्क) बाँडिन्थ्यो र बटुवाहरूलाई बोलाई-बोलाईकन पनि दाल, भात, तरकारी र कहिले काहीं दही, मोही ख्वाई तृप्त पारेर विदा गरिन्थ्यो । त्यसै भोजन-दानको अनुभव म आफैंले पनि २०१७ सालतिर प्राप्त गरेको हुँ । त्यसबेला उहाँलाई २२ मौजाका जिम्दार भनेर आफ्ना कारिन्दाहरू बाहेक अरू पनि धेरै जना "मालिक" भनेर पुकार्थे । शरणामतीको त्यो विचित्रको भवन २०२१ सालको बाढीले लगिदियो, मेटाइदियो ।

यहाँ उदारमा अति उदार हुनुहुन्थ्यो र विभिन्न धार्मिक संस्था प्रत्येकलाई सयदेखि हजार बिगाहसम्म भूमिदान गर्नु भएको छ । उहाँले दह्रो टेवा दिएका त्यस्ता संस्थाहरूबाट अलिहेसम्म लाखौं विद्यार्थीहरूले शिक्षा हासिल गरिसकेका छन् र हजारौं शिक्षकहरूले जागीर पाएका छन् । यद्यपि उहाँ देखावटी रूपमा धर्म गर्नु हुन्नथ्यो तर आफू दीक्षित भएका श्रीकृष्ण प्रणामी धर्ममा निकै कट्टर हुनुहुन्थ्यो र प्रचार प्रसारको भावना राख्नु हुन्थ्यो । उहाँले आफ्नो जन्मभूमि तेह्रथुम जिल्लाको आठराई ईवा-सिमलेमा "प्रणामी" नामबाट एउटा विद्यालय खोल्नु भयो, जुन प्रा.वि. र नि.मा.वि.का खुड्किला पार गर्दै आज माविमा पुगिसकेको छ । त्यस विद्यालय "श्री प्रणामी माध्यामिक विद्यालय" नामले नेपाल अधिराज्यको पहिलो हुने श्रेय पाएको छ । त्यस्तै झापा जिल्लाको घैलाडुब्बामा "प्रणामी विद्यामन्दिर" नामले माध्यमिक विद्यालय खोली निजी खर्चले चलाउने निश्चय गर्नु भएको थियो । त्यसै बेला (२०१६ सालतिरै) भाषाशास्त्री महानन्द सापकोटा घैलाडुब्बा आउनु भएछ र धार्मिक साम्प्रदायको नाम नराखी अर्कै नाम राख्ने सल्लाह दिनु भएछ । विद्वानहरूको कदर गर्ने उनीहरूको सल्लाह मान्ने उहाँको स्वभाव भएकोले पछि विद्यालयको नाम फेरेर "आदर्श विद्यामन्दिर-हाईस्कूल" राखिन गयो । सम्प्रदायको मुख्य ग्रन्थ "तारतम सागर" वा "स्वरूप साहेब" भनिन्छ । यो ग्रन्थ विश्वको अद्वितीय प्रकारको धर्म समन्वयकारी विश्वमानव धर्मको द्योतक "धर्मग्रन्थ" हो । जिमदार साहेब यस ग्रन्थको साह्रै मनोयोगले पाठ गर्नुहुन्थ्यो र आज यति चौपायदेखि यति चौपायसम्म यो प्रकरण पाठ गरें भन्ने किसिमको दैनिक अभिलेख राख्नुहुन्थ्यो । यस्ता ग्रन्थको पाठमात्र होइन उहाँ कुरा बुझ्ने उद्देश्यले अध्ययन गर्नु हुन्थ्यो । उहाँ एक महान दार्शनिक हुनुहुन्थ्यो भन्दा पनि अत्युक्ति हुँदैन । विश्व-रचना र संचालनको कुरा अथवा आध्यात्मिक र भौतिक जगतका कुरा कोट्याउनु मात्र पर्थ्यो त्यसको तर्कपूर्ण विवेचना गरी मानिसको चित्त बुझाइदिनु हुन्थ्यो ।

जि. देवीप्रसादका सान्निध्यमा याचना गर्ने - प्राथना गर्ने व्यक्तिहरू धेरै जसो कृतकृत्य भै उहाँको गुण सम्झेर जय मनाइरहेका छन् । उहाँसित जोरी खोज्नेहरूले

चाहिं खास प्रभाव पनि पार्न सकेनन् र अवस्था सुधार्न पनि सकेनन् । उहाँ सबै जना "गरी खाउँन्" भन्ने धारणा राख्नुहुन्थ्यो । उहाँले गरीबका गीत लेख्दै र गाउँदै आएका दीन-हीन अवस्थाका कवि गोकुलप्रसाद जोशीलाई पनि आफ्ना घरमा आश्रय दिएर अरू अरू लेख्ने प्रेरणा र प्रोत्साहन दिनु भएको थियो तर दुर्भाग्यवश कवि जोशीको घैलाडुबामै देहान्त भयो । नेपालका साहित्यिक तीन तारा "बालले" (बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पैडेल) र भारतीय नेपाली साहित्यिक त्रिमुर्ति "सुधपा" (सूर्यविक्रम ज्ञावाली, धरणीधर शर्मा कोइराला र पारसमणि प्रधान) जस्ता मूर्धन्य साहित्यकारहरू सित पनि उहाँको राम्रो बसउठ र विचार -विमर्श हुने गर्दथ्यो । त्यस्तै धार्मिक क्षेत्रका प्रसिद्ध व्यक्तिहरू जो नेपाली भैकन पनि विश्वप्रसिद्ध हुनुहुन्थ्यो । जस्तो (१) श्री १०८ धर्मदास महाराज घिमिरे (जामनगर), (२) श्री १०८ मंगलदास महाराज रिमाल (सुरत), (३) श्री १०८ मंगलदास महाराज सापकोटा (कालेबुङ) र श्री १०८ कृष्णमणि महाराज उप्रेती (सतना-साइनाले भाइ पर्ने) । यस्ता धर्म गुरूहरूसित पनि उहाँको सुमधुर सम्बन्ध थियो र उहाँहरूको प्रभाव उहाँमा परेको थियो भने उहाँको प्रभाव पनि उहाँहरूमा थोर-बहुत परेको थियो ।

कृष्ण प्रणामी धर्मानुयायी भएर पनि उहाँ कुनै किसिमको पूर्वाग्रह राख्नु हुन्नथ्यो । सबै धर्मावलम्बी र नास्तिक हुँ भन्नेहरू सित पनि उहाँ समान व्यवहार गर्नुहुन्थ्यो । उहाँ कसैलाई "यस धर्ममा लाग्नु पर्छ" भन्ने आग्रह गर्नु हुन्नथ्यो । "शाकाहारी हुनु, धुमपान -मद्यपानाधि दुर्व्यसन त्याग्नु राम्रो कुरा हो" चाहिं प्रसंगवशात् भनिदिनु हुन्थ्यो । धर्म भनेको मान्छेको नितान्त वैयक्ति विषय हो । उसका आत्मले नै खोजे मात्र प्राप्त गर्न सक्छ भन्ने उहाँको धारणा थियो । उहाँ कतिसम्म प्रजातान्त्रिक हुनुहुन्थ्यो भने आफ्नै परिवारका सदस्यहरू-पत्नी, छोरा-छोरीहरू कसैमा पनि आफ्नो विचार लाद्न चाहनुहुन्थ्यो । जो जुन धर्ममा लागोस, जुन पार्टीमा लागोस् र जुन जातिसित विवाह गरोस् । उहाँको एकमात्र जवाफ हुन्थ्यो - प्रजातन्त्र भनेको यही त हो ।"

जि. देवीप्रसाद र यस लेखकबीचका केही संस्मरणहरू पनि छन् । मैले २०२९-३० सालमा झापा कारागारमा लेखेको महाकाव्यको नाम "श्री कृष्ण प्रणामी धर्मदर्शन" राखेको थिएँ । पछि त्यो ग्रन्थ उहाँलाई देखाउदा "दर्शन भन्ने शव्द अत्यन्त गहन छ । बरू अर्को शब्द राखे राम्रो होला" भनी सुझाव दिनु भयो र मैले दर्शनका ठाउँमा "दर्पण" राखी ग्रन्थको नाम "श्री कृष्ण प्रणामी धर्म दर्पण" राखें । त्यो ग्रन्थ २०३३ सालमा जामनगर (गुजरात) बाट छापियो पनि र छपाउँन जाँदा उहाँले बाटाखर्च पनि दिनु भएको थियो । त्यस्तै २०४५ सालमा श्रीमद्भागवद् गीताको अनुवाद गरी देखाएँ र त्यसलाई पनि उहाँले अत्यन्त राम्रो मानेर रू. १००।- छाप्नलाई सहयोग प्रदान गर्नु भयो । पछि त्यो गीता पनि छापियो । उहाँको अन्तिम संस्मरण यस्तो छ- म जागीरमा पुनः वहाल भएर आदर्श विद्यामन्दिर घैलाडुब्बमा २०४८ वैशाख महिनामा आउँदा उहाँले "अन्यत्र डेरा गर्ने झमेला उठाउनु पर्दैन, यहीं सँगै बसौं खाऊँ, मलाई पनि यसो गफ गर्ने साथी चाहिएको छ ।" भन्नु भयो । त्यसो हुँदा करीव महिना दिनसम्म

बाजे नातिको सँगै बस्ने अवसर प्राप्त भएको थियो । त्यस अवसरमा विभिन्न प्रकारका गफ र दुःख सुखका अनेक वार्तालापहरू भए । जीवनका तीता-मीठा र दुःख - सुखका अनेक वार्तालापहरू भए । जीवनका तीता र मीठा धेरै अनुभवहरू मलाई सुनाउनु भयो । कुरा कुरैमा मैले पनि "हजुरबा त हुन् नि" ठानेर स्वाभिमानलाई अलिकति खुकुलो पारेर मुख फोरें "खोई बुबा ! हजुरको यत्रो सम्हाली नसक्नु सम्पत्ति छ । हजुरकै कृपाबाट केही नहुने र केही नाता नै नपर्नेको पनि आर्थिक अवस्थाको कायापलट भएको छ । धेरैको जीवन सुधिएको छ । म त एउटा धर्मको र नाताको पनि र केही नहेर्ने पनि हुँ । तैपनि हजुरबाट मैले चाहिं केही प्राप्त गर्न सकिनँ । यो कस्तो विडम्बना होला ?" मेरो कुरा सुन्ने वित्तिकै केही समय नै नलाई, पहिले नै तय गरेझैं गरी स्वाभाविक रूपमा भन्नुभयो "अँ, साँच्चि नानीलाई म सोच्दै थिएँ । त्यहाँ सुरूङ्गामा एक जना "सीताराम" भन्ने उप्रेती साधुले कुटी बनाएर बस्नलाई मागदा उनलाई एक विगाह भूमि दिएको थिएँ तर उनी आएर बसेनन् । अब नानीलाई त्यही जग्गा भयो । अब म त्यही जग्गा नानीका नाममा गराइ दिउँला" भन्नु भएको थियो । मैले पनि "त्यसो भएदेखि त मेरो पनि आर्थिक अवस्था सुधिन गै परिवारिक समस्याको पनि समाधान हुने थियो अनि आमरण निश्चित रूपमा सहित्यसाधनामा संलग्न हुने थिएँ ।" यति भनी सक्तानसक्ता मेरा आँखाबाट झन्नै झन्नै हर्षाश्रु झरेथे । उहाँले पुन : "हुन्छ, त्यो काम भै हाल्छ" भनेर अझ आश्वस्त पार्दा म गद्गद् भएको थिएँ । उही वार्तालापका दुई दिनपछि मेरो अर्को विद्यालयमा सरूवा भयो । यही विदा अन्तिम होला भन्ने मैले पनि सोँचेको थिइँन, आखिर नियतिको इच्छा नै यस्तै रहेछ । फेरि बाजे-नातिको भेट हुन पाएन - उहाँ श्री परमधाम गैसक्नु भएछ । म यता जिल्लाराम ।

वास्तवमा परमधामवासी देवीप्रसाद उप्रेती एक सादा जीवन र उच्च विचारका महापुरूष हुनुहुन्थ्यो । उहाँले कहिल्यै तडक भडक र धाक-रवाफ देखाउनु भएन । उहाँ शहरहरूमा आलीशान भवनहरू बनाएर फेरी-फेरी बस्न सक्नु हुन्थ्यो । कारमा घुमफिर गर्न सक्नु हुन्थ्यो, तर यी कुरा त परै जाऊन् उहाँले नाडीमा एउटा घडी बाँध्नु भएन, औंलामा एउटा औंठी पनि लाउनु भएन । उहाँ कुशाग्र बुद्धियुक्त दूरदर्शी र अनन्य शिक्षाप्रेमी हुनुहुन्थ्यो । उहाँका बारेमा जति लेखे पनि कमै हुन्छ र समग्रमा भन्नु पर्दा "जि. देवीप्रसाद उप्रेती एक बहुआयामिक व्यक्तित्त्व" हुनुहुन्थ्यो, उहाँका आत्माले चीर शान्ति पाओस् मेरो उहाँप्रति श्रद्धाञ्जलि समपर्ण । अस्तु ।

२०५३।११।१ -
वसन्त पञ्चमी

पथरी - ९ *मोरङ्ग*

महापुरूष परम्पराका कर्मठ प्रतिभा
देवीप्रसाद उप्रेती

- रमेश गोर्खाली

नेपालको पूर्वाञ्चलका थोरै विशिष्ट शिक्षाप्रेमी, समाजसेवी र चेतनशील पुरूषहरूबीच झापा निवासी देवीप्रसाद उप्रेतीको नाउँ स्मरणीय छ र उनको परिचय त्यस क्षेत्रमा भूमिपति एवं वैभवशाली व्यक्तिको रूपमा मिल्ने गरेको पनि देखिन्छ ।

किशोर कालमा देवीप्रसाद उप्रेतीको श्रद्धेय नाउँ मैले राष्ट्र भाषाका अनन्य सेवी अग्रज भवानी घिमिरेको मुखबाट सुनको हुँ । भानु साप्ताहिक पत्रिकाको गोकुल जोशी अंकको प्रकाशन पूर्व र पछि पछि पनि जनकवि लगायत सहयोगापेक्षी कतिपयलाई माया र भरणपोषण गर्ने संवेदनशील लोकसेवीको रूपमा उप्रेतीको चर्चा मैले अन्य अन्यबाट पनि जान्न र बुझ्न पाएको जस्तो अहिले मलाई लागेको छ । वस्तुपरक रूपमा उनको के कस्तो देन रह्यो त्यो मैले राम्ररी ठम्याउन पाएको छैन तर अधिकांशबाट उहाँको सुकिलो व्यक्तित्वको मुक्त कण्ठको प्रशंसा चाहिं मैले सुन्न पाएको छु । शिक्षा, साहित्य, बाटाघाटा, पुलपुलेसा, धर्मशाला, धारा, मठमन्दिर एवं अन्य विविध पक्षमा स्थानीय परिवेशको दृष्टिले देवीप्रसाद उप्रेतीबाट अनुपम मद्दत पुगेको वस्तुस्थिति विद्यमान छन् र त्यसलाई सबैले देखेका छन् ।

देवीप्रसाद उप्रेतीलाई मैले न कहिले देखें न भेटें । संचारका विविध माध्यमबाट प्रकाशित अन्तर्वार्ता कुराकानी र फोटाद्वारा उनको उच्च व्यक्तित्वलाई मैले नजिकबाट नियालेको हुँ र मलाई उनी कल्याणकारी र प्रजातान्त्रिक राज्य व्यवस्थाको चिन्तन गर्ने प्रबुद्ध कर्मयोगी लाग्ने गरेको तथ्य म प्रकट गर्न चाहन्छु ।

झापा, कवि गोकुल जोशी, विरिङ्ग खोला आदि शब्द सुन्दा म देवीप्रसाद उप्रेतीलाई पनि सम्झिने गर्दछु । यो कुरा निकटस्थ मित्रवर निर्मोही व्यासलाई मैले पटक पटक भनेको छु ।

केही ज्ञाताहरूको भनाइ अनुसार ज. सुवर्णसम्शेर ज.ब रा.ले थुप्रै राजनीतिज्ञ, कार्यकर्ता र व्यक्तिहरूलाई पालेझैं झापामा त्यस्तो महान कार्यमा अग्रणीमा प्रसाई र उप्रेती परिवार आदि प्रमुख हुन् । देवीप्रसादले पनि त्यस प्रजातन्त्रवादी र लक्ष्योन्मुख अभियानमा थोरै वन्दनीय व्यक्तिहरूले झैं ठूलो योगदान दिएको मानिन्छ ।

विदेशी सहायता, एन. जी.ओ. आदि र कालो आर्जनलाई सेतो पार्दै मरणोपरान्त पुग्ने कमाउने लालसा र उद्देश्यले नेपालमा कतिपय सामाजिक संघ संस्था र कप्टी सामाजसेवी देखिएका छन् र तिनको पनि बेलाबखत बखान हुने मैले पाएको छु । मेरो विचारमा कहिले काहींको भोज भन्दा खान खाँचोमा परकोलाई यी दीर्घकालीन रूपमा भोजन गराउने वा व्यवस्था गरिदिने व्यक्ति ठूला हुन् वा कवाफ र पुलाउ भन्दा नियामित दुई छाक अर्थात दुईरोटीको वस्दोवस्त गर्ने नितिमा जोतीने पुरुष स्तुत्य हुन । उत्तरवर्ती यस्तैकांकोटीमा कर्मठ र मर्मशील राष्ट्रिय व्यक्तित्व देवीप्रसाद उप्रेती परेका लाग्छन् ।

नेपालमा जनजागृति र समाजसेवाको इतिहास सुपाच्य र सर्वमान्य किसिमले लेखिएको भेटिदैन । सत्ता र ऐश्वर्यको छद्मावरणमा हठात अरूलाई लाभ हुने धेरै थोरै कुटिल गतिविधिलाई मात्र यस फाँटमा जोड्ने गरिन्छ र त्यसप्रति हजुरिया पद्धतिको जदौ गर्ने परिपाटी छ । देवीप्रसाद उप्रेती जस्ता निस्वार्थ भावले समाज र राष्ट्र सेवा गर्ने र राष्ट्रिय समुत्थानमा बल पुऱ्याउनेहरू चाहिं सिमित देखिन्छन् वा फेला पर्छन् ।

मेरो दृष्टिमा देवीप्रसाद उप्रेती एक जना प्रात : स्मरणीय राष्ट्रिय पुरूष हुन् । नेपाली महापुरूष परम्पराका एक उज्जवल नक्षत्र एवं नेपाल आमाका सपुतको संवत २०४९ मा असामयिक निधन भएको खबर समाचार पत्रहरूद्वारा ज्ञान हुँदा मलाई निक्कै दुःख लाग्यो र आफ्नो वार्षिक डायरीमा मैले उहाँको सुकीतिशील: जनाउँ टिपेको स्मरण हुन्छ । अस्तु ।

श्रीदेवीप्रसाद उप्रेतीज्यूको स्मृति

- ताराकुमार श्रेष्ठ



२००९ सालमा म करफोकमा शिक्षक तालिम लिदै थिएँ, त्यसताका श्री देवीप्रसाद उप्रेतीज्यू करफोक (इलाम) नेपाली भाषा प्रचारक संघको कोषाध्यक्ष हुनुहुदोरहेछ । म त्यसताका शिक्षक तालिम लिदै करफोक नेपाली भाषा प्रचारक संघको अफिसमा पनि हेर्थे । २००९ साल असारमा उहाँ करफोक पाल्नुभयो र त्यस अफिसमा के कति कस्तो सामानहरू छन् ? भनी त्यसको विवरण माग्नु भयो । मैले दिएँ । त्यसैबेलादेखि उहाँसँग मेरो परिचय भएको हो ।

जब मैले शिक्षक तालिम हासिल गरें । करफोककै सहयोगमा मैले झापा जिल्ला र हाल घैलाडुब्बा गाविस वार्ड-४ चम्पापुरमा स्कूल खोली चम्पापुर विद्यामन्दिर नामाङ्कन गरी चलाएँ । त्यो स्कूलको उद्घाटन महानन्द सापकोटाबाट २०१०।९।१५ मा भएको थियो । पछि एक वर्षसम्म जेनतेन मैले नाजुकस्थितिमा सो विद्यालय चलाएको देख्दा श्री देवीप्रसाद चम्पापुर आइपुग्नुभयो र समिति गठन गरी त्यसको अध्यक्ष श्री बुद्धिलाल खतिवडालाई बनाउनु भयो । मेरो तलब महिनावारी रू. ५० दिने, समितिले चन्दा उठाउने र स्कूल निःशुल्क सञ्चालन गर्ने निर्धाण भयो । यसरी नै विद्यालय २०११ साल माघदेखि २०१२ साल आषाढ मसान्तसम्म चल्यो । त्यसपछि विद्यालय चल्नै सकेन र म २०१२ साल भदौदेखि देवीप्रसादज्यूकै घर घैलाडुब्बामा बस्न लागें । जब म देवीप्रसादज्यूसँग बसें त्यसबेला सर्वप्रथम घैलाडुब्बा वा या टेकनारायण राजवंशीज्यूसँग स्कूल सम्बन्धी सल्लाहा गरी त्यहाँ स्कूल खोल्ने निर्णय भयो । स्कूलको नामाङ्कन घैलाडुब्बा आदर्श विद्यालय राखियो । त्यसैबेलादेखि मेरो देवीप्रसादज्यूसँग घनिष्ट सम्बन्ध भयो ।

त्यसबेला मेरो काम घैलाडुब्बा विद्यालयको भवन बनाउन काठ ल्याई चिर्ने व्यवस्था मिलाउने थियो । त्यो काम म गर्नथालें । उहाँ चाहिं जिमिन्दारी कामदेखि फुर्सद भएको मौकामा स्कूलमा आउनुहुन्थ्यो र विद्यालय र बाटोघाटो निर्माण सम्बन्धमा छलफल गर्नुहुन्थ्यो ।

स्कूलसम्बन्धी देवीप्रसादज्यूका दृष्टिकोण ज्यादै महत्त्वका हुन्थे र वहाँलाई प्रेरणा दिने प्रमुख व्यक्ति स्व. महानन्द सापकोटा हुनुहुन्थ्यो । उहाँ स्कूल चलाउने सम्बन्धमा सधैं नै चिन्तित हुनुहुन्थ्यो र त्यसबेला उहाँ बाइस मौजाको जिमिन्दार हुनुहुन्थ्यो र जनतामा वहाँ धेरै प्रभावशाली पनि हुनुहुन्थ्यो । उहाँले विभिन्न ठाउँमा

स्कूल खोल्न र सञ्चालन गर्न धेरै नै संघर्ष गर्नुपऱ्यो । स्कूल चलाउन त्यसताका सरकारबाट पनि त्यति सहयोग पाइदैनथ्यो र उहाँले आफ्नो स्कूल आफ्नो गाउँबाट सञ्चालन हुनुपर्छ भनी एउटा योजना बनाउनुभयो । उहाँका दृष्टिमा झापामा जग्गाबाट ठूलो आम्दानीको स्रोत भएकाले त्यसैको सानो अंश शिक्षामा खर्च गर्न सकिने थियो । धेरै जग्गा हुने जग्गाधनीले मोहीबाट कमाएको जग्गाको ठेक्का अधियाबालीको आम्दानीबाट आफ्ना छोराछोरी दार्जीलिङ, काठमाडौं पढाइ पठाउने जो कोही छ त्यसको छोराले भने पढ्न नपाउने यो ता साह्रै अन्याय भो भनी उहाँ मोहीको छोरा- छोरी पढाउन प्रत्येक जग्गाधनीले प्रत्येक १ बिघा जग्गाको एक कट्ठा स्कूललाई दान दिनुपर्छ भनी बिघट्टीको प्रथा चलाउन खोज्नु भयो । विद्यालय जुन क्षेत्रमा छ त्यस क्षेत्रको बिघाको एक कट्ठा त्यसै स्कूलको नाममा जग्गा दर्ता गराउनु पर्ने या जग्गाको आयस्ता बुझाउनु पर्ने भनी नियम लागू गर्नुभयो । यो नियम लागू गर्न उहाँलाई सल्लाह दिने मुख्यत देवीप्रसाद काफ्ले, मदन थापा, कृष्णबहादुर खत्री हुनुहुन्थ्यो । यो नियमअनुसार केही जग्गाधनीहरूले जग्गा स्कूलको नाममा दान लिएर दर्ता गराए, कतिले धान रूपियाँ बुझाए र धेरै जग्गा हुनेहरूले जस्तो कि १०० बिघा हुनेले ५ बिघा दिनु पर्ने, ४०० बिघा जग्गा हुनेले २५ बिघा जग्गा दिनुपर्ने भएकाले धेरै जग्गा हुने जग्गाधनीले यस प्रथाको विरोध गरे । त्यसताका राजा महेन्द्र वीरविक्रम समेतमा उजुर पऱ्यो । राजाबाट पूर्णत खवास अञ्चलाधिशलाई यस विषयमा समाधान गर्न पठाइ बक्सियो, पछि माथिबाट छात्र अनुपातमा बिघाप्रति केही उठाउन समेत आदेश भै झापा जिल्लाको घैलाडुब्बा सुरुङ्गा तुलसीबाडीमा स्कूल सञ्चालन भए । आज तिनै विद्यालय घैलाडुब्बा, सुरुङ्गा, शरणामती गाविसमा माध्यमिक स्कूल भै सञ्चालन भइरहेका छन् । यसरी त्यही आम्दानीबाट जामुनावाडी र शरणामतीमा पनि निःशुल्क प्राथमिक पाठशाला खोली सञ्चालन भयो ।

देवीप्रसादज्यूले आफ्नो जिमिन्दारी रहेको बेलामा स्कूलको लागि ऐलानी पर्ति झारी जग्गा आफ्नै आर्थिक स्रोतले आवाद गरी घैलाडुब्बा, तेह्रथुमको पोखरी मा.वि., प्रणामी मा.वि.लाई प्रशस्त जग्गा उपलब्ध गराउनु भयो ।

त्यस्तै झापाको मेची क्याम्पसलाई १२५ बिघा जग्गा दान दिनुभएको छ । त्यसको आम्दानी मेची क्याम्पसबाट पाइने रहेछ । यस किसिमले उहाँले झापा जिल्लामै शिक्षामा योगदान पुऱ्याउनु भै धेरैले शिक्षा हासिल गर्ने सुअवसर पाएका छन् ।

देवीप्रसादज्यूको जिमिन्दारी पालामा मालपोतको पाँच प्रतिशत रकम स्थानीय पञ्चायतले खर्च गर्ने गरी उठाएको थियो । सो रूपैयाँबाट शिवगंज सिमानादेखि घैलाडुब्बा जाने बाटो चारपाने मिलसम्म १० किलोमिटर बाटो, शिवगंज सिमनादेखि डाँगीबारी जाने बाटो करिव ५ किलोमिटर र शरणाम्ती गाविसदेखि सुरुङ्गा गाविस वार्ड नं. ७ सम्म ६ किलोमिटर, सुरुङ्गा गाविसबाट दहीझोडा पाराखोपी गाविस सिमानसम्म जामुनबाडी हुँदै जाने बाटो ६ किलोमिटर गरी जम्मा २६ किलोमिटर २५ फिट चौडा, डेड् फिट उचाइको बाटो तयार भयो । यसरी विद्यालय स्थापना गर्ने र बाटो निर्माण गर्ने व्यक्ति श्रीदेवीप्रसादज्यू आज हामी माझ नभएको हुँदा ठूलो अभावको अनुभव भइरहेको

छ र उहाँको सपनालाई साकार पार्न सबै मिली हरतरहले कोशिस गरौं भनी सबैलाई अनुरोध गर्दछु र उहाँको आत्माले चीरशान्ति पाओस् भनी श्री पशुपतिसँग प्राथना गर्दछु ।

चप्रामारी, शरणामती
झापा

□□□

स्व. देवीप्रसाद उप्रेतीको स्मृतिमा

- प्रा. देवेन्द्र क्षेत्री



यस स्मृति ग्रन्थमा स्व. देवीप्रसाद उप्रेतीबारे केही लेख्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। यसका निमित्त म यस स्मृति ग्रन्थ प्रकाशन समितिका सम्पूर्ण सदस्य महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु। पारिवारिक सम्बन्धमा उहाँ मेरो बुबा स्व. कृष्णबहादुर खत्रीको अभिन्न मित्र। उहाँहरूले वि.सं. १९९७ सालदेखि २०१२ सालसम्म एउटै परिवारमा रहेर जीवन निर्वाह गर्नु भयो। यो १६ वर्षको जीवन यात्रामा घटेका घटनाहरू हामीले उहाँहरूबाट सुन्ने मौका पायौं। यस संस्मरणमा प्रस्तुत गरिएका घटनाहरू संफनाका भरमा लेख्नु पर्दा साल र महिना घटबढ हुन सक्छन्। यसका निमित्त म क्षमाप्रार्थी छु।

रोजगारको खोजी

वि.सं. १९६९ साल आठराई, पल्लो किराँत, अन्तर्गत सिम्लें गाउँको (हाल तेह्रथुमको जिल्लाको इवा गाविस अन्तर्गत पर्ने) एउटा साधरण परिवारमा जन्मनु भएका देवीप्रसाद उप्रेती रोजगारको खोजीमा कलिलै उमेरमा झापा पस्नु भएछ। रोगजारको सिलसिलामा वि.सं. १९९० साल भने जस्तो लाग्छ, उहाँ जग्गा नाप्ने टोलिसित खटिएर झापा जिल्लाको भ्रमण गर्नु भई जग्गा जमिन सम्बन्धी विभिन्न पक्षको ज्ञान हासिल गर्न सफल हुनु भएछ। स्मरण रहोस उहाँ जग्गा जमिन सम्बन्धित कुराको ठूलो ज्ञाता मानिनुहुन्थ्यो। आसामबाट रोजगारका खोजीमा झापा पस्नु भएको अर्को व्यक्ति कृष्णबहादुर खत्रीसित उहाँको वि. सं. १९९५ सालमा झापा बजारमा भेट भएछ। यसपपछि उहाँ दुईको भेट बराबर भइरहेछ र आत्मियता पनि बढ्दै गएछ। फलस्वरूप वि.सं. १९९७ सालदेखि एउटै चुल्होमा पाकेको भोजन सँगै खाएर आफ्नो आफ्नो रोजगारीको पेशामा लाग्नु भएछ। देवीप्रसाद रोजगारका निमित्त जमिन्दार पेशा र कृष्णबहादुर ठेक्काको पेशा अपनाउनु भएछ।

त्यसताका जमिन्दारी चलाउनु ज्यादै असजिलो थियो अरे। मन्दिर, बजार भाउले गर्दा तिरो तिर्ने रकम नजुटेर व्यक्तिका जग्गा लिलाम हुने, जग्गाबाट तिरो नसधेर जमिन्दारी लिलाम हुने र कसैले पुरानो बाँकी बक्यौता सकारेर लिलामी जमिन्दारी नलिई बाँकी तिर्न पर्ने, जमिन्दार थुनामा बस्नुपर्ने जस्ता बाध्यताहरू त्यसताका साधरण थिए अरे। यस्तो परिस्थितिले गर्दा प्रत्येक वर्ष जस्तो पुरानो बाँकी बक्यौता सकार गर्ने नयाँ जमिन्दार खडा गराउँदै बडो चलाखी साथ देवीप्रसादले त्यसताका

जमिन्दारी चलाउनु भएछ यस सिलसिलामा वि.सं २००० सालमा उहाँले कृष्णबहादुरलाई जमिन्दार बन्न आग्रह गर्नु भएछ र यसै सालको जेष्ठ महिनादेखि कृष्णबहादुर जमिन्दार हुनु भएछ। यसको केही समय पश्चात वि. सं. २००१ साल भने जस्तो लाग्छ, दुर्भाग्यवश देवीप्रसादले नेपाल छाड्न पर्ने वाध्यता परेछ।

जग्गाको तिरो उठाउने कार्यमा कडा उपायहरू अपनाएका देवीप्रसादका विरूद्ध उजुरी पर्न गएछन्। राणाकालीन कड्डा शासनव्यवस्था नेपाल बस्दा ज्यानसम्म पनि जाने भएकाले झापाबाट भागेर उहाँ दार्जिलिङमा पुग्नु भयो। दार्जिलिङबाट वाहाँ २००७ सालको क्रान्तिपछि मात्र नेपाल फिर्नु भयो। ६/७ वर्षको दार्जिलिङ्ग बसाइमा उहाँले छोराछोरी भाञ्जा भाञ्जी र आफ्ना हितैषीका छोराछोरी समेत गरी १४/१५ जना केटाकेटीहरू आफ्नो संरक्षण हुर्काउने तथा पढाउने कार्यमा व्यस्त रहनु भयो। मेरी आमाको परलोक भएपछि मैले पनि बाल्याकालको दुई वर्ष उहाँको काखमा खेलेर बिताउने सौभाग्य पाएँ। केटाकेटीहरूलाई घरमा पढाउनका निमित्त उहँले स्व. पूर्णबहादुर मानवलाई नियुक्ति गर्नु भयो। विभिन्न दर्शन, कला, साहित्य र राजनीति बारेको ज्ञान उहाँले पूर्णबहादुर मानवबाट हासिल गर्नु भयो। स्मरणरहोस्, पूर्णबहादुर मानवलाई उहाँ आफ्नो गुरू मान्नु हुन्थ्यो। दार्जिलिङ्गमा बस्दा उहाँले विभिन्न मुलुकको भौगोलिक, राजनैतिक, आर्थिक तथा सामाजिक पक्षको पनि गहिरो अध्ययन गर्नु भयो। स्मरणरहोस्, उहाँ ज्ञानको पिपासु हुनुहुन्थ्यो दार्जिलिङ्गमा बस्दा उहाँको भेट स्व. विश्वेश्वरप्रसाद कोइराला र श्री गणेशमान सिंह जस्ता नेताहरूसित पनि भएको थियो।

२००७ सालको क्रान्तिपछि देवीप्रसाद नेपाल फिर्नु भयो र २००८ सालमा कृष्णबहादुर खत्रीको नामबाट जमिन्दारी आफ्नो नाममा सार्नु भयो। यसरी उहाँ पहिलो पटक आफू जमिन्दार हुनु भयो। यसपछि उहाँ आफ्नो जमिन्दारी भित्रको बाँझो पर्ति जग्गा आवाद गर्ने गराउने कार्यमा लाग्नु भयो। यस कार्यको नेतृत्व कृष्णबहादुरलाई सुम्पनु भयो र वि.सं. २००८ सालदेखि २०११ सालसम्म कृष्णबहादुर यस कार्यमा जुट्नु भयो। यस अवधिमा शरणामति र चप्रामारीमा गरी जम्मा अन्दाजी ४०० विगाह जग्गा आवाद भएछ।

शैक्षिक कार्य

२००७ सालपछि आठराईबाट झापा बसाइँ सर्ने प्रकृया शुरू भयो। अधिकांश बसाइँ सर्नेहरूका निमित्त जग्गाको चाँजो तथा अन्य सुविधा मिलाइदिने कार्यमा देवीप्रसाद पछि पर्नु भएन। आफ्नो जमिन्दारी भित्रको बाँझो पर्ति जग्गामा उहाँले कयौं परिवारको घर बसाइँदिनु भयो। यो बसाइँ सर्ने प्रकृयामा उहाँले खेल्नु भएको भूमिकाको मूल्यांकन गर्ने कार्य कसैका लागि गहकिला शेधकार्यको विषय बन्न सक्छ।

२००७ सालपछि देशमा शिक्षाको लहर आयो। यस लहरमा हेलिएर सर्वप्रथम घैलाडुब्बमा (उहाँको झापाको मुख्य वासस्थान) र सिम्लेमा विद्यालय स्थापना गर्ने गराउने कार्यमा देवीप्रसाद लाग्नु भयो। २००८ सालमा घैलाडुब्बामा स्थापना गरेको विद्यालय पटक पटक बन्द हुंदै चल्दै गरेर २०१४ सालदेखि अनवरत रुपमा श्री आदर्श विद्यामन्दिरका नामले चलिरहेछ। आफ्नो जन्मस्थलमा स्थापना गरेको विद्यालय श्री

प्रणामी विद्यामन्दिरका नामले वि.सं. २०१२ सालदेखि अनवरत रूपमा चलिरहेछ। म पनि कुनै समयमा त्यस विद्यालयको विद्यार्थी थिएँ।

२०१५ सालतिर जस्तो लाग्छ। देवीप्रसाद आफ्नो जन्मस्थलमा फिर्नु भयो। आफ्नो जन्मस्थल छेउछाउ माध्यामिक विद्यालय नभएकोले पोखरी गाविसमा एउटा माध्यामिक विद्यालय स्थापना गर्ने अठोट गर्नु भयो। दुई वर्षको कठोर संघर्षपछि पोखरी माध्यामिक विद्यालयको स्वरूप खडा भयो। विद्यालय स्थापना गर्दा उहाँले धरै बाधाहरूको सामना गर्नु परेता पनि उहाँ कहिल्यै हतोत्साहित हुनु भएन। विद्यालय स्थापन गर्ने कार्यमा २०१० सालदेखि २०२० सालसम्म स्व मदनकुमार थापाले देवीप्रसादसँग मिलेर खेलेको भूमिकालाई बिर्सनु हुँदैन। यस समयमा मदनकुमार थापाको वाकपटुता, संगठनात्मक कार्यशैली र उत्साहले विद्यालय स्थापना गर्ने ठूलो भूमिका खेल्यो। स्मरण रहोस्, मदनकुमार थापाको नाम देवीप्रसाद उप्रेतीले उच्चारण गर्दा पनि बडो आदरकासाथ गर्नु हुन्थ्यो।

विद्यालय स्थापना गरेरमात्र देवीप्रसाद चुप बस्नु भएन। उहाँले कैयौं विद्यालय र महाविद्यालयलाई चलअचल सम्पत्ति दान दिएर सहयोग पुऱ्याउनु भयो। कैयौं व्यक्तिलाई आर्थिक सहयोग गरेर मुलुकभित्र र बाहिर पढ्न पनि पठाउनु भयो। नारी शिक्षाको महत्वबारे प्रचरप्रसार गर्नु भयो। संक्षेपमा भन्नु पर्दा उहाँले पूर्वीय नेपालमा शैक्षिक जागरणको लहर ल्याउनु भयो। उहाँले संस्थानलाई पनि सहयोग प्रदान गर्नु भयो। उहाँले शैक्षिक तथा सामाजिक विकासमा पुऱ्याउनु भएको सहयोगको हिसाब किताब यस स्मृति ग्रन्थमा हुने नै छ भन्ने आशा गरेको छु। आफ्नो मृत्युपश्चात पनि शैक्षिक र सामाजिक विकासमा सहयोगको निरन्तरता रहिरहोस् भन्ने अभिप्रायले उहाँले दान गर्नु भएको सम्पूर्ण जग्गाको रेखदेख एउटा ट्रष्टलाई सुम्पन्न भयो। यसबारे पनि यस स्मृतिग्रन्थमा वर्णन गरिने नै छ भन्ने आशा गरेको छु।

पूर्वीय नेपालमा शैक्षिक जागरणको लहर ल्याउनमा देवीप्रसाद उप्रेतीले खेलेको भूमिका अविस्मरणीय रहनेछ। उहाँले ल्याएको शैक्षिक जागरणले आज तराईका २० जिल्लाहरूमध्ये सबैभन्दा बढी साक्षरताको दर भएको जिल्ला झापा बन्न पुगेको छ र पहाडका ५५ जिल्लाहरू मध्ये साक्षरताको दरमा काठमाडौं, ललितपुर, भक्तपुर र कास्की पछि तेह्रथुम जिल्लाको नाम आउँछ। झापा र तेह्रथुम जिल्लाका विद्यालय र महाविद्यालयले आज मुलुकको आवश्यक जनशक्ति उत्पादन गर्न खेलेको भूमिकाको बढी श्रेय हाम्रा शिक्षाप्रेमी देवप्रसादज्यूलाई जान्छ। झापा र तेह्रथुममा आएको शैक्षिक जागरण सँगसँगै राजनैतिक जागरण पनि आयो र त्यस क्षेत्रबाट सूत्रपात भएको राजनैतिक विचारधारा आज मुलुकको मूल प्रवाहमा बगिसक्यो। देवीप्रसाद उप्रेतीले पूर्वी नेपालामा ल्याउनु भएको शैक्षिक जागरण र त्यसले मुलुकको विभिन्न पक्षमा पारेको प्रभावको मूल्यांकन गर्ने कार्य कसैको लागि गहकिलो शोधकार्यको विषय बन्न सक्छ।

व्यक्तित्व

देवीप्रसाद उप्रेती अत्यन्त सरल व्यक्ति हुनुहुन्थ्यो। भेट गर्न आउने मानिसका निमित्त आफ्नो ढोका सधैं खुल्ला राख्नु भयो। भेट्न आउने व्यक्तिलाई बडो आदरसाथ

अभिवादन गरेर आफ्ना नगिचै राखेर बातचित शुरू गर्नु हुन्थ्यो । सानो ठूलो सबैका लागि ध्यानपूर्वक सुन्ने र आफू पनि बातचितको विषयवस्तुमा तुरून्त सरिक हुने उहाँको बानी थियो । मानिस भेट गर्न आएको उहाँलाई अत्यन्त मन पर्थ्यो । फुर्सतको समय उहाँ गहकिला पुस्तक पढेर वा चिन्तन मनन् गरेर बिताउनु हुन्थ्यो । देवीप्रसादले अत्यन्त सरल जीवन निर्वाह गर्नु भयो । साधरण सुतीका बस्त्र प्रयोग गर्नु हुन्थ्यो । प्रणामी धर्मका अनुयायी भएकाले उहाँ शाकाहारी खाना खानु हुन्थ्यो र डाइबिटिजका कारणले मिठो मसिनो खाना बन्देज थियो । पान, सिगरेट र मदिरादेखि धेरै टाढा बस्नु भयो । ऐस आराम कहिल्यै चाहनु भएन ।

केही व्यक्तिसितका सम्बन्धका कारणले देवीप्रसाद आफ्ना जीवन कालमा ठूलो वादविवादमा फस्नु भयो । अब त हामीले यी वादविवादलाई भुलेर एक जुट भएर देवीप्रसादले ईच्छा गरे बमोजिमका कार्य सफल पार्न भरमग्दुर कोशीश गर्नु पर्छ । यही नै हाम्रो उहाँ प्रतिको सबैभन्दा ठूलो श्रद्धाञ्जलि हुनेछ ।

उहाँ डाइबिटिजको बिरामी हुनुहुन्थ्यो । अन्तिम अन्तिम समयतिर उहाँलाई काठमाडौं ल्याइयो उपचारार्थ । यसैको केही समयपछि उपचारबाट पार नलाग्ने स्थितिमा पुग्नु भयो र अचानक २०४९ साल आषाढ ११ गते काठमाडौंको बानेश्वर डेरामा परलोक हुनुभयो । पार्थिव शरीरलाई धैलाडुब्बा पुऱ्याएर समाधिस्थ गरियो ।

विशाल दान क्षेत्रको मानचित्रभित्र शिक्षाप्रेमी देवीप्रसाद उप्रेती

– यज्ञराज प्रसाईं



पूर्वाञ्चलको आठराई तेह्रथुम निवासी शिक्षाप्रेमी स्व. श्री देवी प्रसाद उप्रेती एक अविस्मरणीय बिशिष्ट राष्ट्रिय प्रतिभा हुनुहुन्छ । विधुवा आको एक काँधे लालन पालनमा हुर्केका उहाँ आमा र घरको आर्थिक कन्तविजोगलाई समाधान गर्ने मकैको सातु बोकेर मधेरतिर सुटुक्क भाग्नु भएको थियो । यो वि.सं.१९८६ साल पौष महिना तिरको कुरा हो आफ्नो यस्तो चरम दैन्यताबाट उठेर उहाँ झापामा पुगी एक धनी जमिन्दार बन्नु होला भनेर कसले सोचेको थियो ? बुवा चित्तामणि उप्रेतीबाट वि.सं. १९७२-१९८४ सम्म हिउँदे पाठशालामा सिकेको कानूनी स्रेस्ता, हरहिसाब र स्वअध्यायको बलमा उहाँले सामान्य बहिदार जगिर खानु भयो र आफ्नै बुद्धि बलबगैतले २००७ साल तिर पुग्दा नपुग्दा हजारौं बिगाह जमिन तथा विपुल सम्पत्ति आर्जन गर्नुभयो छोटो समयमा उहाँ झापाको एक जमिन्दार बन्नुभयो । २०१३ साल र २०१६ साल तिर आइपुग्दा उहाँ नेपाल राष्ट्रकै विशिष्ट दानशील शिक्षाप्रेमी व्यक्तिको रूपमा देखा पर्नु भयो ।

हजारौं बिगाह जमीन आर्जन गरे एउटा जमिन्दारले आर्जनको क्रमका दाउपेच र धुमाउरो प्रक्रियाको प्रयोग गरेन होला भन्ने आशंकालाई ठ्याम्मै बिर्को लगाउन त नसकिएला । जिमिदारी संरचनात्मक घृणित खेल भित्र केही दाम र उत्पीडन का कथानकहरू हुन सक्छन् तर त्यसलाई जिमिदारी राज्यभित्रका नकारात्मक पक्ष मानिदिएर पछिल्ला दिनहरूमा त्यो व्यक्तिले गरेको सामाजिक योगदानले त्यो नकारात्मक पक्षलाई उछिनेको छ छैनको धरातलमा व्यक्तिलाई परख गर्नु पर्छ । जिमिदार देवी प्रसाद उप्रेतीको सिंगो जीवनलाई विश्लेषण गर्दा उहाँलाई दोष विहीन निष्कलंक सावित गरी फूलबुट्टा मात्र भर्ने पक्षमा म छैन । वास्तवमा मानिसका व्यक्तित्वका गुण-दोषका दुईपाटाहरू प्रष्ट नआएसम्म व्यक्तित्वको यथार्थ चित्र आउँदैन र हुनसक्छ कसैले यसलाई तीतो अनुभव गर्लान् । जिमिन्दार देवीप्रसाद उप्रेतीको जीवनको पनि गुण-दोषका दुई पाठाहरू अवश्य छन् । तर फरक यति हो उहाँ एउटा जमिन्दारले जमिन्दारीभित्र खेल्नु पर्ने घृणित खेलहरूभित्र लामो समयसम्म रूमलिनुभएन र त्यसलाई गौण खेल

मानेर जीवन, समाज र देशलाई हेर्न नयाँ दृष्टिकोणलाई मूल ध्येय बनाएर फडका मार्नु भयो । उहाँले आफ्नै बलवर्गतले आर्जन गरेको विपुल सम्पत्तिलाई आफ्नो जमिन्दारी ऐश आराममा खर्च गर्नु भएन बरू त्यो सम्पत्तिको बढी हिस्सा आफ्नो सेरोफेरोको समाज अझ सींगो राष्ट्रलाई ९०० बिगाह जमिन र लाखौंलाख चन्दा दिएर आफ्नो दान क्षेत्रको विस्तृत मान- चित्र तयार गर्नुभएको छ ।

मेरा गाउँले छिमेकी जि. देवीप्रसाद उप्रेतीलाई मेरो जीवनको लामो अन्तरालमा २०१२ साल २०१६ साल र २०२७ सालका तीन मोडहरूमा नजिकैबाट भेटेको छु ।

२०१२ सालतिरको कुरा हो शिक्षाप्रेमी देवीप्रसाद उप्रेतीले आठराई सिमले (उहाँको जन्म स्थान) को रिजाल डाँडामा 'प्रणामी प्राथमिक पाठशाला' स्थापना गर्नु भयो । म अहिले पनि सम्झिनछु खानीबाट ल्याएका ढुङ्गा माटोले बनेको पूर्व पश्चिम फर्केको भवन । भवन खाल्डोमा छ र पश्चिम पूर्वतिर आग्लो वारपार ढिस्को छ । विद्यालय भवन अगाडि एउटा बैंसको रूख हल्लिरहेको म अहिले पनि अनुभव गरिरहेको छु । त्यो बेला गङ्गाजी, म, नारायणदाई लगायत ७/८ बर्षका केटाहरू पोखरी, देउडी तथा ठुलो चौतारातिर गाईवस्तुहरू चराउदैथ्यौं । विद्यालयको अभावामा वस्तु चरनमा नै हाम्रो उमेर थाहै नपाई घर्किरहेको थियो । त्यही बेला त्यो विद्यालय स्थापनाले हाम्रा अभिभावकहरूको मनोस्थितिमा हलचल ल्यायो अब हामी उमेर छिपिएका लार्के केटाहरू विद्यालयमा क-ख- अध्ययन गर्न थाल्यौं । यही एउटा नयाँ घटना थियो जसले हाम्रो जीवनमा एउटा मोड ल्यायो र सिमले आसपासका गाउँहरू तिर शिक्षाको लहर फैलियो । त्यसबेला हाम्रो वाल मनोस्थितिमा जि. देवीप्रसादको अवस्थिति या अस्तित्व को सही मूल्यांकनको खाकासम्म थिएन ।

एकदिनको कुरा हो म लगायत केही साना फुच्चाहरू विद्यालयदेखि केही उत्तरतिर रहेको प्रणामी कृष्ण मन्दिर हेर्न गयौं । मन्दिरको केही पूर्व छेउमा एउटा फुसको दुईतले घर थियो । तल उदाङ्गो पटाङ्गिनी थियो । त्यहाँ एउटा ठुलो खाटमा ठूलो शरीर, ठूलो टाउको, फराकिलो निधार, निधारमा खत र उज्यालो अनुहार भएका एकजना व्यक्ति बसेका थिए । उनका वरिपरि ४०/५० जना व्यक्तिहरू भीड लागिरहेका थिए त्यहाँ रानो वरिपरि मौरीको भीडको आभास मलाई भएको थियो ।

त्यो बेला मैले थाहा पाएँ यी व्यक्ति धनी जमिन्दार देवीप्रसाद उप्रेती अरे र उनको मधेशमा सयौं बिगाहा जमिन छ रे । आर्थिक मापदण्डलाई आधार मानेर मान्छेको मूल्यांकन गर्ने त्यस परिपाटीमा ती धनी मान्छेलाई वाल आँखाभरि हालेर म बेलुका साँझ तिर झ्याउकिरी बास्दा घर मुनिको बासघारीको सलर्याङ सुर्लुङबाट तर्सिदै घर पुगें र आमालाई सम्पूर्ण कथा हाले । आमो भन्नुभयो-"पढेर त्यस्तै बन्नु पर्छ, धनी बन्नुपर्छ ।" त्यसबेला मेरो वाल आवोध मनोस्थितिले आफ्नो धनलाई सामाजिक रूपान्तरणमा सदुपयोग गर्न लागेका त्यस व्यक्तित्वको सही पहिचानलाई भने ठम्याउन सकेन ।

२०१६ साल तिर जि. देवीप्रसादले मेरै घर मास्तिर चुच्चे ढुङ्गा भन्ने थुम्कीमा एउटा बारी किन्नु भयो र घर बनाई सम्पूर्ण परिवार त्यही बस्न थाल्नुभयो । घरको

नाम गौरी कुञ्ज थियो र अहिले पनि त्यो घर त्यही अवस्थामा छ । त्यो पाखाको उत्तरतिर पोखरी र ठुलो चौतारातिर जाने बाटो छ । बाटो उत्तर करालो भिरमा डायाम्म भरिएका कुटुस घारी र उत्तिसका घना रूखहरूले मात्र जि. देवीप्रसादको घर र मेरा घरलाई छुट्टयाएको थियो । अब म आमाको माध्यमबाट त्यो घरमा आउने जाने र उहाँलाई नजिकैबाट मैले बुझ्ने अवसर पाएँ । वि.सं. २०१६ सालमा नै जि. देवीप्रसाद उप्रेतीले छाते ढुङ्गामा एउटा हाईस्कूल स्थापना गर्नुभयो र त्यस विद्यालयको नाम थियो पोखरी हाईस्कूल । पहाडको थुम्की (फुङनाम डाँडो) मा स्थापति त्यस बिद्यालयमा ३/३ पल्ट आगलागि भयो । शैक्षिक प्रचार प्रसार नचाहने रूढीग्रस्त केही व्यक्तिहरूले उहाँको डाहा गरे । तर उहाँ त्यतिले विचालित हुनुभएन र त्यसको पुनर्निर्माणमा प्रत्यके पटक जुटेनु भयो । आसपासका गाउँलेहरूमा शिक्षाको महत्व र त्यसले प्रदान गर्ने दुरगामी प्रभावबारे गाउँले भेलाहरू र बैठकहरूमा उहाँबाट व्यक्त मिठो र सरल अभिव्यक्तिहरूले २२ गाउँमा जनताहरू मुष्ठि दान अग्रसर बनेर पूर्वाञ्चलकै शायद सबैभन्दा ठुलो भवन त्यसबेला बन्यो । म त्यो बेला त्यही बिद्यालयमा कक्षा ६ मा पढ्दै थिएँ ममा चेतनाको विकास भइसकेकाले बेलुका एकपल्ट 'गौरी कुञ्ज' पुग्ने गर्थे । उहाँलाई मैले अघाउञ्जेल पढ्न थालें । आफ्नो लाखौं रूपैया लगाएर बनेका भवनहरू भष्मीभूत हुँदा पनि आफ्नो समाजमा शिक्षाको माध्यमद्धारा बैचारिक क्रान्ति ल्याउन खोज्ने उहाँको अठोटलाई मैले नजिकैबाट भेट्ने मौका पाएँ । दार्जिलिङ्गबाट ल्याइएका शिक्षाकहरूलाई आफैं भरण पोषण गरेर र तलब दिएर उहाँले त्यो बेला सिंगो समाज र राष्ट्रलाई गुण लगाउँदै गरेको मैले थाहा पाएँ । वास्तवमा शिक्षप्रेमी देवीप्रसाद उप्रेतीको अवस्थिति आठराईमा एउटा वैचारिक क्रान्ति थियो- नयाँ विचारको प्रवाह थियो ।

त्यसपछि तेस्रो मोड लामो अन्तराल पछि २०२७ सालमा म झापा धैलाडुब्वा आदर्श विद्या मन्दिरमा शिक्षक बन्नपुगे । शिक्षा प्रेमी देवीप्रसाद उप्रेती धैलाडुब्वामा आफ्नै घर खेतमा स्थायी रूपले बस्नु भएको थियो । उहाँ विद्यालय संचालक समितिको अध्यक्ष र समितिमा म शिक्षक प्रतिनिधि । त्यो बाहेक पहाडको पुरानो छिमेकीको हैसियतले उहँकोमा म पुगिरहन्थे । उहाँ आफ्नो तिव्र स्मरणशक्तिको आडमा विगतका राजनीतिक र सामाजिक परिघटनालाई मीठो शैलीमा सचित्र व्यक्त गर्नु हुन्थ्यो । जनकवि गोकुल जोशीलाई उहाँले संरक्षकत्व तथा प्रगाढ स्नेह दिनु भएकोले साहित्यिक पाठकको हैसियतले म उहाँबारे खोजतलास गर्न कहिले उहाँसँग घण्टौ चर्चा गर्न पुग्थें । कुराकानीकै क्रममा महाकवि देवकोटासँग २०,०५ सालतिर उहाँको दार्जिलिङ्गमा भेट भएपछि साहित्य पठन र लेखनमा अभिरूची बढेको थाहा लाग्यो ।

पूर्वाञ्चलका विभिन्न बिद्यालयहरूसँग सम्बद्ध मानिसहरू उहाँकोमा भिड् हुने क्रम प्रायश देखिन्थ्यो । विशेष झापा, इलाम र तेह्रथुममा उहाँले बिभिन्न विद्यालयहरू तथा मठ मन्दिरहरूलाई दान गरेर एउटा विस्तृत दान-क्षेत्रको मानचित्र तयार गर्नु भएको रहेछ ।

त्यहीबेला बि.सं. २०२६-२०२८ सालमा झापामा झापा - आन्दोलन या किसान

आन्दोलन शुरू भयो । जिल्लामा जमिन्दारहरू तथा पूँजीपतिहरू आन्दोलनको निशाना बने । अर्काको नाममा जमिन राखी आम्दानी खाने प्रवृत्ति भूमिसुधार लागू भएपछि हुर्किरहेको थियो । त्यो बेला झापा आन्दोलनलाई उठाउन घेलाडुवाका किसानहरू र म समेत एक छेउमा उभिएका थियौं भने उहाँ एक जमिन्दारको वर्गस्वार्थको रक्षाको संभावनाको किनारमा उभिनु भएको आभाषको ठहर मैले गरेको थिएँ । अब वर्गस्वार्थले हामी बीच अन्तरबिरोधको अवश्यम्भावी परिणामको खाका मैले खिचेको थिएँ । तर जि. देवीप्रसाद उप्रेतीले उठ्दैगरेको किसान आन्दोलनलाई आफूप्रति सोभि्कन नदिन नाममा राखिएका किसानहरूसँग आपसी संभौता गरी उनीहरूकै नाममा जमीन दर्ता गर्न शुरू गर्नुभयो । यसप्रकार उहाँ समय सपेक्ष व्यवहार कुशल देखा पर्नु भयो । २०२७-०२८ सालमा मेरो उहाँसँगको नजिकको भेटघाट र उहाँबारेको खोजीनीतिले राजनीतिक तथा सामाजिक परिवर्तनकोलागि उहाँले गरेका विगतका योगदानहरूलाई पहिचान गर्ने अवसर मैले पाएँ । मैले उहाँलाई विशिष्ट शिक्षाप्रेमी तथा शिक्षाविद्, समाज सुधारक, राजनीतिज्ञ, भौतिकवादी चिन्तक, साहित्यिक पाठक तथा स्रष्टा, कानूनबेत्ता तथा सहृदयी व्यवहारकुशल व्यक्तित्वको रूपमा पाएँ ।

२००७ सालमा राणा बिरोधी आन्दोलनमा उहाँको सक्रियता एक ऐतिहासिक घटनाकै रूपमा अंकित छ । राणा सेनालाई परास्तगरी झापा- इलामको अन्तरिम स्वायत्त सरकारको उहाँ कानून तथा न्यायमन्त्री बन्नु नै जनक्रान्तिको उहाँको भूमिकाको महत्त्व जाहेर गर्छ । दिल्ली संभौतामा उहाँको असन्तुष्टी थियो र आफ्नो राजनीतिक चेत सम्झौतापछि घाइते भएपछि भारत परस्त कांग्रेससँग रूष्ट भई उहाँले आफ्नो अठोटलाई शैक्षिक क्षेत्रमा कोल्टाउनु भयो । अब उहाँ उदारहृदयले पूर्वाञ्चलमा आफ्नो बिशाल दान- क्षेत्रको मानचित्र तयार गर्न थाल्नु भयो ।

२००७ सालको परिवर्तनपछि २०१७ साल पछिको क्रुर समयावधिमा उहाँलाई सधैं ओझेलमा राख्न नोकरशाहहरूले गरेको प्रयत्न तर समाजका विविध क्षेत्रमा परिवर्तन ल्याउन उहाँले गरेका सघन प्रयत्नहरू बीचको अन्तरद्वन्दको उतारचढावमा मान- सम्मानको अपेक्षा नगरी स्वाभिमान साथ उहाँले सिंङ्गो जीवन बिताउनु भयो र समाजको शैक्षिक तथा सांस्कृतिक क्षेत्रहरूमा नवीन मानवीय मूल्य र विचार प्रवाह स्थापित गर्नु प्रयत्न गर्नुभयो । उहाँको जीवनको अर्को पक्ष जातपातको घेरा तोडी समाजमा मानवीय मूल्य स्थापित गर्नु हो । रूढीग्रस्त तथा अन्ध परमम्पराले जकडिएको समाजमा विं सं. २०१२ सालतिरै अछुत भनिनेलाई चिया पकाउन लगाउनु र भुजेललाई भान्से राख्नु सिंगो समाजलाई परिवर्तनको लागि उहाँको एउटा प्रयोग थियो । जातपातमा बिभाजित त्यस अभिजात वर्गीय समाजमा उहाँ कडा वक्रदृष्टि तथा उपेक्षामा पर्नुभएको थियो । तर आफूप्रतिको वक्रदृष्टि र उपेक्षाहरूसंग आत्मसमपर्ण नगरी उहाँले आदर्श मानवीय मूल्य स्थापना गर्ने आफ्नो प्रयत्नलाई आफ्नो जीवनभर उठाइरहनु भयो ।

त्यस्तै उहाँ चिन्तक हुनुहुन्थ्यो । भूमि तथा शिक्षा सम्बन्धमा उहाँले व्यक्त गर्नुभएका विचारहरू आज हामीले ग्रहण गर्नु समयोचित देखिन्छ । उहाँले आफ्ना विचारहरू लिपिबद्ध गरेर हामीलाई मार्गदर्शन गर्नु भएको छ । आफ्नै वलवर्गतले सामान्य लेखपढ

गर्न सिक्नु भएका उहाँले विषद् साहित्यक भाषामा राजनीतिक, शैक्षिक तथा भूमि व्यवस्था सम्बन्धी संग्रहणीय लेखहरू लेख्नुभएको छ । यसबाट उहाँको साहित्यिक व्यक्तित्वको परिचय हामीलाई प्राप्त हुन्छ । देशभरका विशिष्ट पत्र पत्रिकाहरूको आजीवन संरक्षक तथा ग्रहक बन्नु उहाँको साहित्य प्रेमको द्योतक मान्नु पर्छ ।

मैले २०२७/०२८ सालमा र त्यहाँ यता समयखण्डले तयार गरेको मेरो जीवनको धरोहरबाट मैले उहाँको जीवन र योगदानलाई गहिरिएर अध्ययन गरें तथा उहाँलाई पूर्वाञ्चलकै परिवर्तनकारी कडीकोरूपमा पाएँ । उहाँको दानक्षेत्रको मानचित्रभित्र बास गर्ने म तथा सिङ्गै समाजले उहाँप्रति अनुगृहित रहेको महसूस गरेको छ । अहिलेको परिवर्तित राजनीतिक अवस्थामा पनि यस्ता राष्ट्रिय व्यक्तित्वलाई ओझेलमा राख्नाले समाजले गति लिन सक्दैन र उठ्दो विशद् र आदर्श चरित्रलाई थिची आफ्नो दुष्ट चरित्रलाई उजगार गर्ने नोकर शाहहरूलाई नै वढावा दिनु हो भन्ने मेरो या हाम्रो ठनाइ छ । जि. देवीप्रसादका जीवनका विविध पहलुलाई हेर्दा शिक्षाक्षेत्रसँग सम्बद्ध उहाँको लगाव नै सबैभन्दा प्रवल देखिन्छ र उहाँको व्यक्तित्वलाई वर्गीकरण गर्दा पहिलो नम्बरमा बिशिष्ट शिक्षा प्रेमीको रूपमा नै औंला भाँच्नु पर्छ । उहाँको शैक्षिक व्यक्तित्वलाई मैले तीन प्रक्षेपहरूमा राखेर पर्गेल्ने प्रयत्न गरेको छु :-

१. शिक्षा तथा शिक्षा-क्षेत्र प्रति उहाँलाई प्रेरणा ।
२. शिक्षा- क्षेत्रमा उहाँको दान वकस ।
३. शिक्षाप्रतिको उहाँको दृष्टिकोण ।

१ शिक्षा तथा शिक्षा क्षेत्रप्रति उहाँलाई प्रेरणा :-

शिक्षाप्रेमी देवीप्रसाद उप्रेती वि.सं. १९६९ साल वैशाख १ गते पहिलो सूर्योदयसँगै तेह्रथुम जिल्ला आठराईको इवा सिमले गाउँमा जन्मिनु भएको थियो । उहाँको बुवाको नाम स्व. चिन्तामणि उप्रेती र आमाको नाम लक्ष्मीवाई थियो । उहाँ जन्मेको परिवार विपन्न या निम्न वर्गीय थियो । तर बुवा हिउँदे पाठशाला संचालन गर्न सक्ने सामान्य लेखपढ भएको व्यक्ति हुनुहुन्थ्यो । त्यो बेला पढे लेखेका व्यक्तिहरू सिमित भएको हुनाले एउटै व्यक्तिले विभिन्न समयमा र स्थानहरूमा घुम्ती हिँउदे पाठशालाहरू संचालन गर्दै हिड्ने प्रचलन थियो । उहाँको बवा पनि नेसुमको गैह्री, मैयाखोला दोभान, चुहान्डाँडा तथा चैनपुर बजारतिर घुम्ती हिउँदे पाठशालाहरू संचालन गर्दै हिड्नु हुन्थ्यो । देवीप्रसाद उप्रेती पनि वि. सं. १९७२ तिर चार वर्षको भइसक्नु भएको थियो । त्यही सालको पौष महिनामा इवा गाउँको भुल्केबारीमा भकारीको बेरा लगाएर एउटा हिउँदे पाठशाला स्थापना भएको थियो । त्यसै पाठशालामा उहाँलाई उहाँकी दिदी पवित्रादेवीले पढ्न भर्ना गरिदिनु भयो । वि. सं-१९७२ - वि.सं. १९७६ सम्म बुवाले उहाँलाई विभिन्न घुम्ति पाठशालाहरूमा आफू सँगसँगै लगी पढाउनु भयो । तीक्ष्ण बुध्दि भएका देवीप्रसाद सानैमा होनहार प्रवृतिका हुनुहुन्थ्यो । छोटो अबधिमा नै उहाँले बुवाबाट धेरै कुरा सिक्नुभयो । समय समयमा बुवाले उहाँलाई सानो गुरू बनाई पढाउन लगाउनु हुन्थ्यो । उहाँ वि. सं. १९८४ सालसम्म आफ्नै बुवाको सम्पर्कमा रहनु भयो । गाँउले स्याहास्रेस्ता र हर-हिसाव सिक्नु भयो । यसप्रकार उहाँको शिक्षाप्रतिको

झुकाव र प्रेरणा आफ्नै बुवाबाट प्राप्त वरदान मान्न सकिन्छ । पठनपाठनमा उहाँको प्रेराणालाई प्रोत्साहित गर्न दिदी पवित्राको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

बिं सं १९८४ सालमा उहाँका बुवा बित्नुभयो । बुवाको मृत्युपछि आमा लक्ष्मीवाईसंग दुःख सुखसाथ बसी बि.सं. १९८६ साल पौष १७ गते मधेशतिर सुटुक्क लाग्नुभयो । मधेशमा केही समय बसेपछि घरफर्कन लाग्दा स्व.बद्रीप्रसाद थपलिया र स्व. जनार्दन सिटौला काठमाण्डौमा पढदै गरेको खबर सुनी उहाँको मनमा पढलेख गर्ने लालसा जागेर उठ्यो । घरमा आंई ब्रह्मलाल सिटौलासँग रू ५०/-(पचास रूपैया) दशमहिनाका लागि १५प्रतिशंत व्याज तिर्ने गरी काठमाडौं जाने खर्च ऋण लिनु भयो । काठमाडौं पुगेपछि आफूसँगै हिउँदे पाठशालामा पढेका सहपाठीहरू बद्रीप्रसाद थपलिया र जनार्दन सिटौला बसेकै डेरामा बसेर केही समय पढी निजामति प्रथम परीक्षामा सामेल हुनुभयो । प्रथम परीक्षाको चार बिषयमा उर्त्तीण भई उहाँले प्रमाण-पत्र लिनु भयो । तर पछिल्लो बर्षकोलागि खर्च जुटाउन नसकेर २३ दिनमा पहाड घर सिमलेमा पुग्नुभयो । आफ्नो उत्कट चाहना हुँदा हुदैपनि आर्थिक अभाबले गर्दा उहांले अध्ययनलाई अगाडि बढाउन सक्नु भएन । घरमा आफ्ना छोराछोरीहरू शिक्षाको अभावले अलपत्रै थिए । पहाड पुगेपछि केही समय बहिदारको जागीर खाई आपफ्ना छोराछोरी र आफन्तका सन्तानहरूको शिक्षाको व्यवस्थाकोलागि उहाँ दार्जिलिङ्ग पुग्नु भयो ।

शिक्षाको प्रचार प्रसारलाई पूर्ण निषेध गरिएको कुरा राणा शासनमा नेपालमा बिद्यालय नभएको र स्थापना पनि गर्न नपाइने भएकोले सन्तानको शिक्षाको चाँजोको लागि दार्जिलिङ्ग उपयुक्त ठाँउ ठहर गर्नुभयो। त्यहाँ उहाँको शिक्षाप्रेमी व्यक्तित्व पूर्णबहादुर मानवसँग सम्पर्क भयो। त्यसपछि आफ्ना र आफन्तका छोराछोरीलाई पूर्णबहादुर मानवद्वारा अध्ययन गर्ने चाँजो मिलाई उहाँ झापा र दार्जीलिङ्ग आवतजावत गर्दै रहनुभयो । दार्जिलिङ्गका पूर्णबहादुर मानब तथा अन्य दार्जिलिङ्गे शिक्षित व्यक्तित्वहरू र त्यहाँको शिक्षाप्रतिको जनचासोले देवीप्रसाद उप्रेतीलाई शिक्षा जगतप्रति नजाँनिदो किसिमले प्रेरणा जागिरहेको थियो । उहाँको मनमा पनि शिक्षा प्रचार प्रसारको लागि केही गर्न पाए हुन्थ्यो भन्ने चाहनाका लहरहरू उठ्न थाले ।

नेपालमा जनक्रान्ति भई प्रजानन्त्र स्थापना भइसकेको थियो । देशभित्र केही दानशील शिक्षा प्रेमीहरू शिक्षाको प्रचार प्रसारकोलागि मुष्टी दानकोलागि जुर्मुराउन थालेका थिए । भाषाशास्त्री महानन्द सापकोटा विद्यालयहरू स्थापनाकोलागि प्रेरणाहरू छर्दै पूर्वाञ्चलका भेगभेगमा दौडाहा गरिरहनु भएको थियो । जि. देवीप्रसाद उप्रेतीको "समाजको लागि केही गरौ" भन्ने मनको अभिलाषालाई देशको परिवर्तित राजनीतिक व्यवस्था र नयाँ वातावरणले थाँक्रो पुऱ्याइरहेको थियो । २००७ सालको क्रान्तिमा उहाँको सक्रियता परन्तु विना उपलब्धि दिल्ली सम्झौतामा टुङ्गिएको निष्कर्षले राजनीतिमा विरक्त भई आफ्नो सम्पूर्ण शक्ति लगाई शिक्षा क्षेत्रमा उत्रिने अठोट उहाँ भित्र उठिरहेको थियो । यस्तैमा उहाँकी आमा लक्ष्मीवाई २०१२ सालमा छोरालाई भेट्न दार्जिलिङ्ग पुग्नु भयो र त्यहा बस्न शुरू गर्नुभयो । एक दिन उहाँले आमासँग भन्नु भयो-"यहाँ दार्जिलिङ्गमा नै केही सामाजिक कार्य तथा शैक्षिक

संस्था स्थापना आदि कार्यको शुरूवात गर्नुपऱ्यो ।" तर आमाले त्यो आशयको प्रतिवाद गर्नु भयो । अर्काको देशमा विद्यालय स्थापना गरेर आफ्नो छरछिमेक र सरसमाजको कल्याण हुँदैन । आफ्नू गाउँठाउँ सिमलेमा एउटा विद्यालय छैन कोही पढ्न पाउँदैनन् । आमाको यो इच्छालाई ज्ञानी र नैतिकवान छोरा देवीप्रसादले शिरोधार्य गर्नुभयो । पछि त्यही सालको हिउँद महिनातिर उहाँ आमालाई पहाड घर सिमले पुऱ्याउन जानु भयो र आमाको इच्छालाई कार्यान्वयन गर्न जुट्नुभयो । त्यही २०१२ साल हिउँदमा रिजाल डाँडा (सिमले) मा उहाँले प्रणामी प्राथमिक विद्यालय स्थापना गर्नु भयो हुनत त्यो विद्यालय २००८ सालदेखि नै अव्यवस्थितरूपमा सानो छाप्रोमा संचालन हुदैथियो । तर आमाको इच्छा अभिव्यक्त भएपछि आफ्ना भाञ्जा गंगाप्रसाद प्रसाईं (भाञ्जा बाबु) सँगबाट त्यो रिजाल डाँडा दान पास गरी विद्यालयको नाममा दर्ता हुन आयो र ब्यवस्थित विद्यालयको नाम प्रणामी प्राथमिक विद्यालय रहन गयो । विद्यालयको शिक्षक शिक्षिकाहरूमा आफ्नै भाञ्जा रामप्रसाद प्रसाईं (स्वर्गीय) तथा भाञ्जीहरू लीलादेवी प्रसाईं (थपलिया) र शीलादेवी प्रसाई (शिवाकोटी) लाई नियुक्ति गरिएको थियो । त्यसपछि आदर्श विद्यामन्दिर हाईस्कूल घैलाडुबा, श्री पोखरी हाईस्कूल आठराई लगायत अन्य संस्थाहरू क्रमिकरूपले उहाँले स्थापना गुर्नभयो र विद्यालयहरूलाई स्थायी संचालनकोलागि उदार हृदयले भूमिदान गर्न शुरू गर्नुभयो । संस्थाहरूको संचालनमा सम्पूर्ण अभिभावकहरूको संलग्नता र सहभाभिता जुटाउन घैलाडुवा (झापा) मा बिगाहाहट्टीको नीति अगाडि ल्याउनु भयो ।

उहाँको शिक्षा-क्षेत्रमा झुकाव बढ्नमा शिक्षाप्रेमी तथा शिक्षाविद् पूर्णबहादुर मानवले उत्प्रेरक भूमिका खेल्नु भएको थियो । दार्जिलिङ्गमा दानशील व्यक्तिहरूले शिक्षामा गरेको लगानी र देशको परिवर्तित राजनीतिक वातावरणले उहाँको शिक्षा-क्षेत्र प्रतिको झुकावलाई लहरिन जमिन दिएको थियो । त्यस्तै उहाँको झुकावको पृष्ट प्रदेशमा आमा तथा दिदी पनि खडा हुनुहुन्थ्यो ।

२. शिक्षा-क्षेत्रमा उँहाको दान-बकसः-

शिक्षप्रेमी देवीप्रसाद उप्रेती पूर्वाञ्चलको मात्र होइन सिङ्गो नेपाल राष्ट्रकै विशिष्ट दानशील व्यक्तित्व हुनुहुन्छ । उहाँका दान-क्षेत्रको मानचित्र झापा, इलाम हुँदै तेह्रथुमसम्म कोरिएको छ । यो बाहेक राष्ट्रका विभिन्न संघ-संस्थाहरूले तथा जिल्ला र रष्ट्रियस्तरका पत्रपत्रिकाहरूले पनि उहाँको दह्रिलो आर्थिक सहयोगवाट बञ्चित रहनुपरेको छैन र दानक्षेत्रको धिमा रेखाङ्कन त राष्ट्र भर नै फैलिन पुगेको छ । आफू मृत्युशैयामा छटपटाई रहेको अवस्थामा पनि 'आफ्नो नाममा रहेको सम्पूर्ण सम्पत्ति शैक्षिक संस्थालाई नै दिइयोस्' भनी इच्छा व्यक्त गर्ने शिक्षाप्रेमी देवीप्रसाद उप्रेती शिक्षा-क्षेत्रका शिवी जस्तो लाग्नु हुन्छ । उहाँलाई शिक्षाप्रेमी षडानन्द, समाज सुधारक ज्ञानदिलदास तथा दानशील व्यक्तिहरू मदन जगदम्वा, रामस्वरूप सागर (धनुषा) को पंक्तिमा राख्दा अनुपयुक्त हुने छैन भन्ने मैले ठहर गरेको छु । शिक्षा-क्षेत्र तथा मठमन्दिरका लागि उहाँले दान बकस गर्नु भएका जमीनहरूको विवरणः-

(क) तेह्रथुम जिल्ला

क.सं.	संस्थाको नाम	दर्ता ज.बि	दर्ता बाँकी ज.बि.
१.	श्री पोखरी मा.वि., पोखरी, आठराई	१९१-६-५	०
२.	श्री सरस्वती प्रा.वि. ह्वाकु, आठराई	४-०-०	०
३.	श्री लक्ष्मी प्रा.वि. बिजौरे, ह्वाकु	५-०-०	०
४.	श्री भानु प्रा.वि. भदौरे, इवा	४-०-०	०
५.	श्री भगवती प्रा.वि, फुडसिङ	४-१२-८	०-७-१२
६.	श्री सरस्वती प्रा.वि.होडा, आठराई	७-४-.०	०
७.	श्री शारदा हाईस्कूल, चुहानडाँडा	३१-६-१०	०
८.	श्री शारदा पुस्तकालय, चुहानडाँडा	१०-०-०	०
९.	श्री त्रिमोहन हाईस्कूल, मुलपानी	५-११-१०	१४-१२-१०
१०.	श्री प्रणामी विद्यालय, ईवा आठराई	८२-७-५	०-८-६
	सिमलेको घरबारी खेत रोपनी	३२-१३-२	०
११	श्री जनकल्याण प्रा.वि. टुँडिखेल	४-१-०	०-१९-०
१२.	श्री जनता प्रावि. बरबोटे, ईवा	२-०-०	०
१३.	श्री भिंत्रिया प्रा.वि. भित्रिया	४-०-०	०
१४	श्री मूलपानी प्रा.वि., मूलपानी	४-०-०	०
१५.	श्री बीरेन्द्र इन्टर कलेज चुहानडाँडा	०	१५-०-०
	(ख) इलाम जिल्ला		
१६.	श्री साङरूम्वा विद्यालय, इलाम	३-०-०	०
१७.	श्री करफोक विद्यामन्दिर, करफोक	३०-६-१०	०
	(ग) झापा जिल्ला		
१८.	मेची महाविद्यालय, भद्रपुर (झापा)	१२०-३-५	०
१९.	श्री आदर्श विद्यामन्दिर मा.बि.,घैलाडुबा	९२-१०-११	६५-१-१९
२०.	श्री चारपाने नि.मा.वि,चारपाने	१०-०-०	०
२१.	श्री ग्रामीण विद्यामन्दिर शरणामती	२-९-०	८-१६-८
२२.	श्री अनिवार्य प्रा.वि. उलुघटु हाल नि.मा.बि. शरणमती, मदरगाछ	३-१९	०
२३.	श्री जनता प्रा.वि. वालुवाथान	९-०-०	०
२४.	श्री अनिवार्य निःशुल्क प्रा.वि.कुवाडी	१२-०-०	२-२-२
२५.	श्री सरस्वती विद्यालय,सुरूङ्गा	०	१०-०-०

२६.	श्री चकचकी विद्यालय, चकचकी	०	६-१३-९
२७.	श्री गौरीशंकर प्रा.वि.डाँगीवारी	०	१०-०-०
२८	श्री महेन्द्र प्रा.वि. गरामनी	०	१०-१०-०
२९.	श्री अनिवार्य निःशुल्क प्रा.वि.चम्फापुर	०	५-१०-०
३०.	वहाँको प्रेरणाले इष्ट मित्रबाट	४७-९-१३	०
३१.	उहाँको प्रेरणाले इष्टमित्रबाट रोपनी	२५४-८-०	०
		६३७-०८	१५१-०-११

यसप्रकार उहाँवाट विद्यलयहरूलाई दर्ता भएको ज.वि ६३७-०-८
रोपनी ३२-१३-५
विद्यालयलाई दान वकस गरेको तर दर्ता वाँकी ज.वि. १५१-०-११

मठ मन्दिरहरूलाई दात वकस

१) फुगुवा र सिमलेको प्रणामी मन्दिरलाई सिमलेको घरवारी र खेत ।

२) प्रणामी मन्दिर ,चारपाने	दर्ता ज.वि	९-१२-०	
३) प्रणामी मन्दिर, घैलडुव्वा	दर्ताज.वि	०-२-०	
४) सोमेश्वर शिव मन्दिर, चारपाने	दर्ता ज.वि	१-१५-०	
५) शिव मन्दिर , सुरूङ्गा	दर्ता ज.वि	१-०-०	
६) प्रणामी मन्दिर, शरणमती	दर्ता ज.वि	३-१०-०	
		१६-७-०	खेतवारी

माथि उल्लेखित दान-दातव्य वाहेक उहाँले वि.सं २०१२ सालदेखि वि.सं. २०१७ सालको समयावधिमा आफ्नो घरवाट भारू दश लाख दानदब्यमा खर्च गर्नु भएको विश्वस्त सूत्रवाट थाहा लागेको छ ।

शिक्षाप्रेमी देवीप्रसाद उप्रेती मृत्युशैय्या(वीरअस्पताल)मा आफूले दान दिएका जमीनको स्थायित्वको लागि निकै छटपटाउनु भयो । उहाँको भनाइ थियो- 'मेरो दान वकसको जमीन विकी नगरियोस् ।' त्यसको प्रत्याभूतिकोलागि तत्कालीन प्रधानमन्त्रीलाई आफू नजिक खोज्नुभयो । तर उहाँको छेउ प्रधान मन्त्रीका सल्लाहकार दीर्घराज कोरालामात्र पुग्नु भएकाले उहाँसमक्ष आफ्नो इच्छा विसाउनु भयो । त्यसपछि आफ्ना तीनवटा इच्छाहरू (क) कक्षा दशसम्म निःशुल्क गरिनु पर्ने (ख) आफ्नो दान वकसका जमीन बिक्री गरिनु नहुने (ग) सुरूङ्गा (झापा) मा विज्ञान क्याम्पस या प्राविधिक क्याम्पस स्थापना गरिनु पर्ने- आफ्नो क्षेत्रका नेताहरू सी.पी.मैनाली तथा आर.के मैनाली समक्ष राख्न खोज्नुभयो र दुवै नेताहरूले उहाँलाई मृत्यु शैय्यामा भेट पनि गर्नु भयो ।

३ शिक्षाप्रति उहाँको दृष्टिकोण-

दार्जिलिङ्का पूर्णवहादुर मानव तथा त्यहाँको शिक्षित समाजको बसउठ र आफ्नै

आमाको प्रेरणाले जि. देवीप्रसाद उप्रेतीको शिक्षा- क्षेत्रमा लगाव बढेको कुरा माथि नै चर्चा भइसकेको छ। विद्यालय स्थापनापछि उहाँ शिक्षा- जगत र त्यसका समस्याहरूभित्र प्रवेश गर्नुभयो। वर्षौं वर्ष उहाँ समस्याहरूको विश्लेषण र निराकरणमा लागि पर्नुभयो। हिन्दुस्तानमा निकै अगाडि बढेको मेकाले शिक्षा पद्धतिले ल्याएका विकृतिहरूलाई उहाँले नजिकबाट हेर्नु भएको थियो। यस्तै विभिन्नखाले परिस्थितिहरूलाई भोगेर उहाँको शिक्षाप्रतिको धारणामा खास निखार या निचोढ २०१७ साल पछिका उहाँका अभिव्यक्तिहरूमा पाउन सकिन्छ। उहाँको धारणा देखिन्छ -

१) शिक्षा सर्वसुलभ र सरल हुनुपर्छ।

२) शिक्षा प्रविधिमूलक हुनुपर्छ।

आफ्नो वाल्यकाल गरीबीमा बितेको र चाहना हुँदा हुदै पनि आर्थिक अभावले अध्ययन बढाउन नसकेको आन्तरिक चोट उहाँभित्र थियो। आफ्ना गाउँ ठाउँमा विद्यालय स्थापना नभएका र स्थापना गर्न पनि नपाउने राणाकालीन वातावरण थियो। त्यसैले छोरा छारीहरूलाई विदेश लगी पढाउनु पर्ने वाध्यता थियो र शिक्षा केही मानिसहरूकालागि मात्र थियो। २००७ सालको राजनीतिक परिवर्तन पछि उहाँ आफ्ना विगतका यिनै चोट र मर्मको क्षतिपूर्तिको रूपमा आफ्नै गाउँ ठाउँका असंख्य गरीव छिमेकीहरूलाई सरल र सुलभ शिक्षा दिलाउने प्रयत्नमा जुट्नुभयो। कमसेकम कक्षा १० सम्म शिक्षा निःशुल्क हुनुपर्छ भन्ने उहाँको धारणा थियो। २०१२ सालमा स्थापित प्रणामी विद्यालय शुरू देखिनै कक्षा ७ सम्म नै निःशुल्क थियो। पोखरी हाईस्कूल, आठराई २०१६ सालदेखि नै कक्षा ८ सम्म निःशुल्क थियो। आदर्श विद्यामन्दिर हाईस्कूल चैलाड्ब्बा नयाँ शिक्षा योजना (२०२८) लाग्दा सम्म कक्षा १० सम्म नै निःशुल्क थियो। २०४२ सालमा पोखरी हाईस्कूलको रजतजयन्तीमा उहाँ प्रमुख अतिथिकोरूपमा आमन्त्रित हुनुहुन्थ्यो र त्यो रमाइलो शैक्षिक पर्वमा उद्‌घाटन् भाषणको क्रममा उहाँले "यो मा. वि कक्षा दश सम्म क्रमशः निःशुल्क हुदै जानेछ" भन्ने कुरा प्रस्तावको रूपमा राख्नु भयो। सम्पूर्ण अभिभावकहरूले उहाँको अभिव्यक्तिमा हार्दिकता र खुशी व्यक्त गरे।

उहाँको धारणा थियो- शिक्षा समानता, नवीन मानवीय मूल्य मान्यतासँग गाँसिएको हुन्छ। शिक्षाले नयाँ विचार र प्रगति प्रवाहित गर्छ। शोषण र अत्याचार विरूद्ध लड्ने सामाजिक चेतनाको विकाश गर्छ र देश सबैको साझा हो भन्ने राष्ट्रिय चेतनाको जन्म हुन्छ। त्यसैले उहाँले सरल र सर्वसुलभ शिक्षा नीति लाई जोड दिनुभयो।

शिक्षा-नीतिलाई समय-सापेक्ष फेरवदल गर्दै लैजानुपर्छ, उहाँको सोचाइ थियो। भेटघाटको क्रममा विज्ञान क्यामपस, कृषि क्याम्पस तथा प्राविधिक क्याम्पसवारे कुरा उठाइरहनु हुन्थ्यो। शैक्षिक योग्यता पाएका वेरोजगारहरूको लामो पंक्ति र त्यसवाट जन्मिने भयावह परिणामलाई उहाँले धेरै पहिला नै देख्नुभएको थियो र प्राविधिक जनशक्ति तयार गर्नु पर्ने कुराप्रति उहाँ लक्षित हुनुहुन्थ्यो। सुरूङ्गा (झापा) मा आफ्नै लगानीमा साधन सम्पन्न विज्ञान- क्याम्पस बनाउने उहाँको भित्री इच्छा थियो। तर

मृत्युले इच्छा पूरा नहुँदै हामीबीचबाट उहाँलाई टिपेर लगिदियो। मृत्युले यसकुरामा हामीलाई ठगेको छ, बेइमानी गरेको छ।

मृत्युशैय्यामा छटपटाइरहेको समयमा पनि "आफ्नो नाममा रहेको सम्पत्ति शैक्षिक संस्थालाई दिइयोस्" भनी उहाँले आफ्नो इच्छा जाहेर गर्न भएको चर्चा छ। उहाँले आफ्ना इच्छाहरूको कार्यान्वनको लागि देशका नेताहरूलाई आफ्ना छेउमा ढाढसको रूपमा खोज्नु भयो। आफ्ना इच्छाहरू बिसाएपछि मात्र २०४८ असार ११ गते नेपाली शिक्षा- जगतका अविस्मरणीय नक्षत्र तथा नेपाली आमा[illegible] [illegible]र्मठ छोरा उहाँ सबै हामीलाई रूवाएर हामीवाट टाढा हुनुभयो।

अहिले देशमा परिवर्तित राजनीतिक अवस्था छ र [illegible] दशमा जनताको एमाले सरकार छ। देश र जनताका सेवकहरूलाई यसले उचित सम्मान दिई एउटा नयाँ सरकारको स्थापना गर्ने छ भन्ने सबैको ठहर छ। शिक्षाप्रेमी देवीप्रसाद उप्रेतीलाई हिजो ओझेलमा राखिएको थियो। हामी चाहन्छौं- उहाँको उचित सम्मान हुनुपर्छ। उहाँको सामाजिक, राजनीतिक तथा शैक्षिक व्यक्तित्वलाई पाठ्यक्रममा समावेश गरिनपर्छ र उहाँको नामबाट हुलाक टिकट प्रचलनमा ल्याइनुपर्छ।

परोपकार, कृष्णभक्ति र अहिंसाका त्रिवेणी : देवीप्रसाद उप्रेती

- कोमलप्रसाद पोखरेल

२०४७ साल पौष २३ गते कनकाई क्याम्पसको उद्घाटन समारोह सुसम्पन्न हुने कुरा निश्चित भएपछि संचालक समिति, चन्दादाता एवं अभिभावकहरूमा उदघाटन गर्ने व्यक्तित्वको छनौटसम्बन्धी विषयमा खुल्दुली हुन्छ । शिक्षामा अन्य योगदान पुऱ्याउने महानुभावबाट समुद्घाटन् गराइनु पर्ने सर्वसम्मत निर्णय पश्चात सबैमा उदय भएको उत्सुकताले " :यचल(ष्लन क्जयधक तजभ म्बथ " अंग्रेजी उक्ति सार्थक हुने लक्षण देखिन्छ ।

क्यामस समुद्घाटन कार्यक्रमको सिलसिलामा निमन्त्रणा पत्र लिएर उसैदिन बिहान ९ बजे म घैलाडुबातर्फ पाइला अघि बढाउँछु । मेरो यात्रा शुरू भएपछि म भित्रको कल्पनाकाशमा विभिन्न भावनामय सामुद्री लहरहरू पौर्णमासिक जवारभाटमा परिणत हुन थाल्छन् । भावगंगाको नातिशीतोष्णतामा डुबुल्की मार्दै माथि उत्रदैको द्वन्द्वमा सुरुङ्गा-लक्ष्मीपुर अनि लक्ष्मीपुर घैलाडुबाको यान परिवर्तन पनि म भित्रै एकत्व भएर समाहित हुन्छन् ।

"आइपुग्यो हजुर" भन्ने रिक्सा चालकको वाक्यबाट सहसा अवचेतन मनबाट चेतनमा फर्कदा आफूलाई अर्धमुदित नयनमा टोलाइरहेको पाउँछु । हिजोआज सबैका मुखबाट निस्कने गरेको "भारा" उसको हातमा थमाएर उप्रेती निवासतिर अघि बढ्दै "भाडा"बाट जनजिब्रो किन "भारा"तिर गयो होला भन्ने कुरालाई मस्तिष्कमा पर्गेल्न थाल्छु । साँच्चि नै अन्य यानबाट यात्रा गर्दा "भाडा"तिरे पनि गर्मीमा खलखल पसिना बगाएर रिक्सा तान्नेलाई"भारा" नै तिर्नु पर्ने रहेछ ।

घैलाडुबा बजारको पश्चिम दक्षिणमा रहेको उप्रेती निवासमा पुग्दा देवीप्रसाद उप्रेतीलाई स्नान पछिको तैलाभ्याङ्ग कार्यमा मस्त भएको पाउँछु । मेरो "प्रणाम !!!" को प्लुत स्वरसंगै मन्हासमा पञ्चम स्वरबाट "प्रणाम" को परावर्तन समयभित्र निमन्त्रण पत्र हस्तान्तरण भइसकेको हुन्छ । अब मभित्रको काल्पनिकता यथार्थतामा परिणत हुन लाग्दैछ भन्ने कुरा जि. देवीप्रसाद उप्रेतीका हावभावबाट मात्र हैन अपितु शब्दबाट पनि यसरी प्रकट हुन्छन् -"मैले धेरै वर्ष अघिदेखि देख्दै आएको सपना आज साकार हुन लाग्दैछ । त्यसकारण मलाई अहिले पटक्कै अस्वस्थता महसुस भएको छैन । मैले जसरी

भए पनि यो पुनीत कार्यमा पुग्नै पर्छ । ए कृष्ण ? एक्का तयार गर सुरूङ्गा जानका लागि ।"

केही व्यक्तिगत कुराकानी पछि उता उनी केही क्षणको निमित्त शयन कक्षमा प्रवेश गर्छन् भने यता म भावमग्न भएर सोच्न थाल्छु । नेपालका, विशेषगरी पूर्वाञ्चलका विद्यालय एवं महाविद्यालयहरूलाई सर्वोत्तम दान–भूमि दान-गरेर नेपालको शिक्षा विकासमा शततः सेवा गरी टेवा पुऱ्याउने उप्रेती बिसौं शताब्दीका कर्ण हुन् भन्दा अत्युक्ति नहोला । मेरा मानस पटमा उनको जीवनको प्रमुख उद्देश्य र अध्यात्म दर्शनबारे केही जानकारी लिन मेरा अन्तहृदयमा सुषुप्तावस्थामा रहेको इच्छा एका एक जागा हुन्छ । यसै बेला मेरा अगाडि एक हूल परेवा आएर आँगनमा छरिएका अन्नकणहरू टिप्न थाल्छन् । लाग्छ यी बुभुक्षित परेवाहरू झैं यस क्षेत्रका तमाम शिक्षार्थीहरू देवीप्रसादद्वारा देवीप्रसादका रूपमा छरिएका शिक्षान्न कणहरू बिनी-बिनी ग्रहण गर्दा हुन् । मलाई वर्तमान अवस्थामा भएको आत्मिक अनुभूतिले परमानन्द प्रदान गरेभन्दा अझै बढी हुँदो हो उनलाई । "परोपकारय सतां विभूतय" यो संस्कृत सदुक्तिबाट सुसंस्कृत मेरा मानसरोवरमा हेमन्तीय सूर्य उदाउँछ । म आनन्दानुभूतिले आफैंमा केही क्षण विलीन भएको अनुभव गर्छु ।

बाणिज्य बैंकबाट आएको घण्टीको ध्वनि एघारौं पटकमा बन्द भएपछि उप्रेती गृह उत्तर दिशातिर तयार गरिएको एकाश्वयानमा जि. देवीप्रसाद, भान्जाबाबु, कृष्ण, त्रिलोचन संग्रौला र म प्रवेश गर्छौं अनि खट्खट्को स्वरसँगै यान लक्षतिर अघिबढ्छ, शायद हाम्रो जीवन-यान पनि यसरी नै अग्ला होचा, सजिला अप्ठारा बाटाहरू पार गर्दै "नियति-चालक"को इच्छानुरूप अघि बढिरहेको छ । म उनका समीपमा बसेको हुन्छु, कहीं कतै जाँदा आफ्ना अभिभावकका छैवैमा बसेको केही जान्न उत्सुक अल्पज्ञ वालक झैं । महाभारत कालमा कृष्णले हाँकेको रथ झैं यो रथ पनि कृष्णद्वारा नै हाँकिएको छ । फरक यत्ति छ त्यहाँ कृष्णार्जुन संवाद थियो र अर्जुनको सन्देह कृष्णद्वारा निराकरण भएको थियो भने यहाँ कृष्णका पिता र मेरो सम्वाद हुँदैछ र मेरा जिज्ञासाहरू कृष्णपिताबाट समाधान हुँदैछन् । मलाई उनको अध्यात्म दर्शन सम्बन्धी पूर्व जिज्ञासाले आकृष्ट गर्छ । म आकृष्ट हुन्छु अनि एकाश्वयानको खटखटीकृत स्वराघातभित्र घैलाडुबा-सुरूङ्गाको यात्रामा व्यतीत समयमा वेदव्यासद्वारा प्रतिपादित परोपकार, कृष्णभक्ति र अहिंसाका त्रिवेणीमा सदा स्नान गर्न रूचाउने देवीप्रसाद उप्रेतीका आत्मस्वीकृतिहरू मेरा भावगंगामा मिसिएर यसरी बग्छन् –

पूर्वीय वाङ्मयका अग्रज मानिने वेदव्यासले "परोपकार पुण्याय पापाय परपीडनन्"लाई आफ्ना सबै पुराणादि ग्रन्थहरूको सारतत्वको रूपमा स्वीकारेका छन् । उनको यो दर्शन जति शाश्वत, सार्वभौमिक र सार्वजनीत छ त्यति नै सार्वकालिक पनि छ । यही सर्वमान्य दर्शनलाई आत्मसात गरेको पाइन्छ देवीप्रसाद उप्रेतीले । उनको भनाइअनुसार परोपकारमा दान र दानमा शिक्षादान नै सर्वोपरी मानिएका छन् । दानका प्रसङ्गमा "श्रीमद्‌भगवदीता"मा भनिएको छ –

दातव्यमिति यद्यानं दीयतते नपकारिणे ।

काले च पात्रे च तद्दानं सात्विकं स्मृतम् ॥१७२०

(अर्थात् देश, काल र पात्रभा परोपकारका निमित्त दिइएको दान नै सच्चा दान हो) वास्तवमा अन्धालाई आँखा दिनु बराबर पुण्य अरू कुन कुरामा होला र ? व्यासको यही "परोपकार" दर्शनलाई कर्मणा, मनसा, वाचा आफ्ना दैनिक जीवनमा उतारेर देश र जनताका निमित्त महत्वपूर्ण काम गर्नेहरूमा उप्रेतीको नाम अग्र पंक्तीमा छ । उप्रेतीले गरेका महापुण्यको फल बहुसंख्यक जनताले प्राप्त गर्दैछन् । त्यसैले त "परोपकार धर्म हो, परोपकार कर्म हो " भनेर गरी देखाउने व्यक्तिलाई सबैले गुणगान गर्छन् ।

उप्रेती नामले देवीप्रसाद भए तापनि कामले कष्णप्रसाद हुन् , किनभने उनले–

"सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।

अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि माशुच "

(गीता १८।६६) भन्ने श्री कृष्णको महान्वाणीलाई अन्तर्हृदयले स्वीकार गरी "कृष्ण प्रणामी नपुनर्भवाय" को चौघेरामा आफूलाई उभ्याएका छन् । सर्वान्तर्यामी परव्रम्ह परमात्माको अनुयायी बनेपछि अन्य धर्महरू "सूर्यको छेउमा बत्ती" हुन्छन् भन्ने ध्रुवसत्य तथ्यलाई पूरा विश्वास गर्छन् उनी । "कर्मण्येवाधिकारस्ते माफलेषु कदाचन" (अर्थात् फलको आशा नराखी कर्म गर) यो सदुक्तिलाई सदा मनन गर्ने एउटा कर्मयोगीका रूपमा प्रतिष्ठापित भएका छन् देवीप्रसाद उप्रेती । यस कुरालाई शरणामतीमा केही दशक पहिले बनेको उनको विशाल भवनलाई कनकाई नदीले बगाउँदा उनी यद् किञ्चित् हुन्छ र अस्ताउँदा पनि रातै वर्णको हुन्छ" भन्ने कुरा संपत्ति र विपत्तिमा हुने गरेका महापुरूषका कृयाकलापले पनि प्रमाणित गर्न सक्दो रहेछ ।

उप्रेतीबाट अनुशरण हुँदै आएको तेस्रो दर्शन हो "अहिंसा परमो धर्म" । यस दर्शनलाई पनि उनले हार्दिकताकासाथ जीवनमा उतारेको देखिन्छ । आज यो विश्वमा "बुद्ध धर्म," र "प्रणामी धर्म" को उत्थान प्रतिदिन हुँदै आएको प्रमुख कारण पनि "अहिंसा परमो धर्म" नै हो । काटमार, हत्या, परनिन्दा र परोपकार (पर+अपकार) आदिबाट सर्वथा अलग रहनु अहिंसा हो । आज शक्ति र स्वार्थको होडबाजीले ध्वंसात्मक कार्यमा संलग्न मानव समुदायलाई सुमार्गमा ल्याएर शान्तिको भागी बनाउने "अहिंसाको उपादेयतालाई हृदयङ्गम गरी तदनरूप पवित्र एवं स्वच्छ जीवन व्यतीत गर्ने यस्ता व्यक्तिलाई महान व्यक्ति भन्नु पर्छ । यसमा कुनै सन्देह छैन ।

यसरी घैलाडुबादेखि सुरूङ्गासम्मको एकाश्वयान-यात्रामा प्राप्त देवीप्रसाद उप्रेतीका आत्मस्वीकृतिहरूलाई समय सीमा भित्र सूत्रबद्ध गर्दा उनमा परोपकार, कष्णभक्ति र अहिंसाको संगम रहेको अनुभव हुन्छ ।

कनकाई क्याम्पस, सुरूङ्गा

हिलाको कमल

– तेजराज खतिवडा

समय अविरल बगिरहेको पहाडी खोलाको पानी जस्तो भए पनि मानिसको जिन्दगी -जीवन र इतिहास बुझ्नु पर्दा उसको लामो जीवन यात्राका पाइताला डोबहरू नजिकबाट फर्केर हेर्नु पर्ने कुरा आवश्यक हुदो रहेछ । म २८ वर्ष पछाडि फर्किरहेको छु- २०२४ सालको कुरा हो म त्यसवेला नेपाल कम्युनिष्ट पार्टीमा कार्यरत थिएँ । पार्टीको काम बाहेक- प्रगतिशील साहित्य लेखन र प्रकाशन गर्ने काममा लागि पर्थे । त्यसताका "पाउलो","आँखो", "फटारो" साहितियक पत्रिकाको संपादन र प्रकाशन गर्ने काममा चन्दा माग्दै झापामा हिड्ने गर्थे । जमिन्दार देवीप्रसाद उप्रेती निकै नाम चलेका मानिस थिए – त्यसबेला । तर मेरो देवीप्रसाद उप्रेतीप्रति मूल्यांन गर्ने दृष्टिकोण भनेको यिनी एक सामन्त शोषक हुन् भन्ने थियो । त्यसबेला २०२३-२४ सालतिर हामी युवाहरू राम्रो सफा लुगा लाउने, गाडी चढ्ने, उज्यालो राम्रो सफा ठूलो घरमा या चुना पोतेको घरमा बस्ने मानिसलाई बुर्जुवा सामन्त शोषक आदि ठान्थ्यौं । त्यस बेला उग्र चिन्तनको डरलाग्दो प्रभावबाट लक्ष्यहीन यात्रा गरिरहेका रहेछौं हामी । यस्तै विचार, चिन्तन र धारणा बोकेर त्यसबेला म झापाको शान्तिनगरबाट हडिया बुधवारे, शनिश्चरे हुँदै २ बजे दिउसो घैलाडुब्बा- देवीप्रसाद जिमिन्दारको घरमा पुगेको थिएँ ।

जमिन्दार देवीप्रसाद उप्रेतीलाई यस अधि कहिल्यै देखेको थिइन । ५-७ जना सधारण वेषभूषाका मानिस बाहिर पट्टि चट्टी ओछ्याएर विद्यालय सम्वन्धी चर्चा गरिरहेका थिए । म छेवैको हाता नभएको कुर्सीमा बसें र विचार गरें – जमिन्दार साहब भित्र कोठीमा कतै भव्य तरिकाले हुक्का खाइरहनु भएको होला– या सयन कक्षतिर घरमा काम गर्न भनेर राखेका ठिटीहरूसँग यौन उन्मादका रति क्रिडाहरूमा चुर्लुम्म डुवेर आनन्द लिइरहनु भएको होला । कल्पनामा उडिरहेको मेरो मनलाई झल्यास्स विउँझाउँदै मेरै छेउमा विद्यालय सम्बन्धी चर्चा गरिरहनु भएका साधारण मानिसमध्ये एक्लै मसँग परिचयको कुरा उठाउनु भयो । मैले देवीप्रसाद उप्रेतीलाई भेट्न आएको भनें । सँगै बसिरहनु भएका अर्को व्यक्तिले उहाँ नै हुनुहुन्छ तपाईंले खोज्नु भएको व्यक्ति भनेर मुसुक्क हाँस्नुभयो । नमस्कार गरें । पत्रिका निकाल्न पैसा नभएर चन्दा माग्दै हिंडेको चर्चा गरें । उहाँले खाता हेर्नुभयो । मेरा आदरणीय गुरूजी केदारमणि ढकालज्यूले १०।- रू दिनु भएको थियो । उहाँले नबोली २०।- दिनु भयो । र खाना खाने प्रसङ्ग पनि

उठाउनु भयो । सायद उहाँको घरमा मानिस आइरहने र मधेशमा दिउसो खाना खाने चलनले गर्दा पनि २ बजे खाना खान मलाई भन्नु भएको होला । म चिया मात्र पिई त्यहाँबाट हिडें । बाटामा एक्लै काँधमा झोला झुन्ड्याएर लुम्ब्रुङ लुम्ब्रुङ हिड्दै सोचें– "यी कस्ता जिमिन्दार हुन् जिमिन्दारमा हुने गुण नै नभएका, बोलाइमा नरम र मिठास छ । एउटा दार्शनिक झै लाग्छ । पानी झै पारदर्शक विचार बुझ्न कठिन छैन । रहन-सहन वेष-भूषा बसाइ उठाइमा एउटा साधारण किसान परिवारमा हुने लक्षण छ । मनमा शंका पनि उठ्यो कि म झुक्किएँ अर्कै मानिसलाई जमिन्दार देवीप्रसाद उप्रेती भन्-ठानेर, कस्ता मानिस यी २००० विगहा जमिन हुने महा सामन्तमा यो नरमी र साधारण चाल । हाम्रो परंपरामा त खान पुगेपछि धनको रागको मातले छोइसक्नै हुदैन । म मेरो १३ वर्ष उमेरको घटनातिर पछिफर्किएँ । या भनौं ३८ वर्ष पहिलेका थरी मुखियाका आचारणको पद चिन्न तिर । मलाई बाले थरी मुखिया मान्न दशैंमा सिसार पठाउदाका २०१५ सालका साना थरी मुखियाको धाक रवाफको सम्झना आयो । उनीहरूका बोलीका हुंकार; सिसार कम भयो भनेर हुत्याएको दृश्य र म भाग्दै घरतिर दौडिएको घटना । (यो घटना जमिन्दार देवीप्रसाद उप्रेतीलाई भेट्नु भन्दा ९ वर्ष पहिलेको हो) ती थरी मुखिया भन्दा त जमिन्दार देवीप्रसाद त धेरै गुणा धनी भएर पनि जनता विरोधी लक्षण पाइदैन । देवीप्रसाद उप्रेतीसँग भेट भएपछि उनीप्रति रहेको मेरो मनको विचारमा परिवर्तन आयो ।

घैलाडुब्बा र मेरो गाउँ शान्तिनगर भौगोलिकताकै कारणबाट पनि निकै फरक छ । झापाको गहिरो भागमा घैलाडुबा छ भने शान्तिगर झापाको सबैभन्दा उत्तरको उच्च भू भागमा । घैलाडुब्बा र शान्तिनगरका जनताको बजार फरक फरक पर्छ र भेट-घाट एकदम कम । यही कारण र पेशाको फरक कारणबाट पनि मेरो भेट जमिन्दारसँग भइरहेदैन । जमिन्दार उप्रेतीले शिक्षामा आफ्नो सम्पतिको ठूलो अंश योगदान गरेको सुन्थें । सयौं विगाहा जमिन क्याम्पस विद्यालयलाई दिई विद्यालय संचालनमा आर्थिक मेरूदण्डको गहन भूमिका निर्वाह गर्ने शिक्षा प्रेमीलाई सम्झदा मलाई अनौंठो पनि लाग्छ । २०२१ सालमा भूमिसुधार लागु भई बन्दी तोकिदा जमिन्दारहरूले जग्गा लुकाउन के पो गरेनन् र कुकुर बिरालाका नाउमा लुकाइएका जमिन विनावावुको छोरा झैं अझै पनि विवादास्पद अवस्थामा छन् । हदबन्दी छल्न अरू जमिन्दारहरूले चिया, उखु खेती या यस्तै योजनाद्वारा हद छल्न आफ्नो जमिन लुकाउन सफल भएको पाइन्छ । तर जमिन्दार देवीप्रसाद उप्रेतीले यसरी चिया, उखु, भुँइ कटहरका नाउमा जमिन लुकाएको पाइँदैन । बरू पूर्वी नेपालका कयौं विद्यालयहरूलाई जग्गा दान दिई हजारौं नेपाल आमाका छोरा–छोरीलाई शिक्षाको उज्यालो घामबाट राष्ट्र विकासमा ठूलो योगदान पुऱ्याएको पाइन्छ । जमिन्दार मात्र भनेर हुदोरहेनछ – कुनै कुनै जमिन्दार भित्र पनि मानवीयता, राष्ट्र जनताप्रतिको जिम्वेवारी हुदोरहेछ । उनी नेपालमा कहिल्यै नअस्ताउने प्रकाश पुन्ज भएर रहिरहने छन् ।

काम विशेषले मिति २०४९ साल वैशाख काठमाडौं गएको थिएँ । काठमाडौं जाने तर्खर झापाबाट हुन लागेपछि सर्वप्रथम म विद्वान मित्र गंगाप्रसाद उप्रेतीज्यूलाई

सम्झन लाग्छु । काठमाडौं पुगेपछि कि त म सिधै विश्वभाषा क्याम्पसमा गई उहाँसँग भेट गर्छु कि टेलिफोनबाट धित मर्ने गरी थप दस्तुर तिरीकन गफगाफ गर्छु । यही क्रममा काठमाडौ पुगेपछि टेलिफोनबाट गंगाजीसँग सम्पर्क गरें । मनका कुराहरू आदन प्रदान भए । उहाँले यसै क्रममा गम्भीर भावबाट जमिन्दार देवीप्रसाद उप्रेती बिरामी भएको कुरा उठाउनु भयो । उहाँलाई वीर अस्पतालको इमर्जेन्सी कक्षमा राखिएको कुरा पनि बताउनु भए पश्चात भेट गर्ने सल्लाह हुन्छ । म वीर अस्पतालमा उहाँलाई पर्खिएर उभिन्छु । उहाँ आइपुग्नुहुन्छ । सँगै अस्पताल भित्र पस्छौं । जमिन्दार रोगबाट आकान्त हुनुहुदोरहेछ । नमस्कार गरें । उहाँले चिन्नु भयो । " झापाबाट कहिले आएको" भनी सोध्नु भयो । डा. ले धेरै बोल्न रोक लगाएको रहेछ । हामी त्यहाँ उहाँका छोरा बुहारी सँग बिरामी सम्बन्धका चर्चा गरेर एक घण्टा बस्यौं । यो मेरो देवीप्रसाद उप्रेतीसँगको अन्तिम भेट थियो । यी महान् शिक्षाप्रेमी महापुरूषसँग अन्तिम भेट मित्र गंगाजीले गराइदिनु भएकोमा म उहाँप्रति आभारी छु । जमिन्दार परिवारको मानिस भएर पनि पूरानो जमिन्दारी सामन्ती परम्परालाई तोडी शिक्षाको ज्योति फैलाई जनता र राष्ट्रको सेवा गर्ने यी महान् व्यक्तित्वलाई म के भनौं – उहाँ हिलामा फुल्ने सुन्दर कमलको फूल (हिलाको कमल) हुनुहुदो रहेछ ।

धुलाबारी –४, झापा

जगु दाजुदेखि जिमिन्दार दाइसम्मका केही संस्मरणहरू

-रामप्रसाद मैनाली



सम्बन्धले मेरा भान्दाइ स्व. देवीप्रसाद उप्रेतीसँगका धेरै संस्मरणहरू मनभित्र थुनिएर रहेकाछन् । आफू लेखन वृत्तिमा अभ्यस्त नभएकाले ती सबैलाई प्रस्तुत गर्न असमर्थ छु तथापि उहाको स्मृति दिवसको उपलक्ष्यमा निस्कने "स्मृति ग्रन्थ' कालागि केही पुराना कुराहरू नखोतली रहन सक्तिन । उमेरले उहाँ म भन्दा धेरै ठूलो भए पनि हामी बाल्यकालमा गाईबस्तु चराउने काममा सहकर्मी थियौं । वि. सं. १९७८ को वैशाख महिनाको कुरा हो । तेह्रथुम जिल्लाको आठराई सिम्ले हाम्रो पैतृक गाउँमा आ-आफ्ना परिवारका गाईवस्तु चराउनु हाम्रो दिनचर्या नै थियो । सिमले गाउँ नजिकैको ढोड्यानी गाउँको अगराखे भन्ने बस्तु चरन पाखामा हामी दुवै आ-आफ्ना गाईवस्तु लिएर चराउन गएका थियौं । अगराखे पाखामा गाईवस्तु पुऱ्याएपछि दाजु देवीप्रसादले मलाई भन्नुभयो- ' हेर काँइला म एउटा काममा जान्छु, भरे फिर्दा ढिलो भयो भने मेरा गाईहरू पनि खेद्दै घर लैजानू । म फिरेर आउँदा तिमीलाई गाई चराउने राम्रो लौरो बनाएर ल्याइदिन्छु ।'

मैले पनि हुन्छ भनेपछि दाइ हिड्नुभयो । बेलुका घर फिर्ने बेला भयो । घाम डाँडामा बस्न लाग्दा पनि जगुदाइ फिर्नु भएन (देवीप्रसाद उप्रेतीलाई घरमा बोलाउँदा जगु भन्ने गरिन्थ्यो) अब के गर्ने म आत्तिएँ र रूँदै सबै गाई लिएर घर फिरें । घरमा मेरी फूपु जगुदाईकी आमा लीलावाईले 'खोइ जगु' भनी सोध्नुभयो । मैले रूँदै भएको कुरा भनिदिएँ । यसरी अगराखे पाखाबाट हराएको जगुदाइ करीब दुई वर्षसम्म बेखवर हुनुभयो ।

दुई वर्षपछि अर्थात १९८९ साल माघ ५ गतेको मिति भएको एक पत्र अकस्मात घरमा प्राप्त भयो । पत्रमा- 'म काठमाडौंमा पढ्दैछु ऐनको परीक्षा पास गरेपछि मात्र घर फिर्छु । मेरो सुर्ता नगर्नू' भन्ने लेखिएको थियो । आमाको मन न हो एउटा भएको छोरो अस्मात गाउँबाट बेपत्ता भएको दुई बर्षको बेखवरीपछि यसरी पत्र पाउँदा आमा मन कस्तो भयो होला ! आफ्ना छिमेकी दयालीदासलाई साथमा लिएर छोरा खोज्न लीलावाई काठमाडौं हिड्नुभयो । त्यतिबेला काठमाडौं आउँदा पैदलनै आउँनु पर्थ्यो । लगतार पन्ध्रदिन पैदल हिंडेर काठमाडौं पुग्नु भएकी लीलावाईले जगुदाजुलाई भेट्न

पन्ध्रादन लागेछ । 'जगु ! मेरो बाबू'भन्दै घर घर चाहार्दै जाँदा सानो गौचर छेउको एउटा घरमा छोरा देवीप्रसादलाई लीलावाइले फेला पार्नुभएछ ।

त्यतिबेला ६ महिनासम्म आँखाको विरामी भई देवीप्रसाद दाइका आँखा प्रायः बन्द भएका रहेछन् । त्यसैलाई आधार बनाई बीचको दुईवर्षमा घरमा चिठ्ठी पठाउन नसकेको कुरा देवीप्रसादले आमा लीलावाईलाई बताउनुभएछ । यसरी आँखा प्रायः बन्द हुन लागेको छोरालाई कतै डोऱ्याएर, कतै बोकाएर लीलावाईले आठराई ल्याएपछि मात्र मलाई राम्रो लौरो ल्याइदिने प्रलोभनमा गाईवस्तु जिम्मा लगाई चरनबाट भागेको जगुदाइ भनिने भान्दाइ देवीप्रसादसँग मेरा पुनर्मिलन भयो ।

काठमाडौंबाट सिमले आठराईमा ल्याइपुऱ्याइएका देवीप्रसादका आँखा साँच्चि नै बन्दप्राय थिए । त्यसको उपचारको लागि घरेलु औषधि प्रचलनमा ल्याउनु सिवाय अरू कुनै उपाय थिएन । गाउँमा एकजना तिमसिना पण्डितजी हुनुहुन्थ्यो । उहाँले तामाको भाँडामा ४/५ पाथी अमलाको रस पारेर पकाउनुभयो । त्यो रसको माडालाई अझ पकाई ठोस सक्खर जस्तो बनाएर मकैका दाना जस्ता डल्ला बनाई विहान बिहान एक डल्ला महमा घोलेर खाने व्यवस्था मिलाउनु भयो । यसरी नियमित रूपमा चार महिना जति यस्तो घरेलु औषधी सेवन गरेपछि उहाँका आँखा देखिए । त्यसपछि उहाँ फेरि काठमाडौं फिर्नुभई आपनो अध्ययन पूरा गर्न लाग्नुभयो । मलाई थाहा भएसम्म उहाँले श्रेस्ता पाठशालामा चारपासको परीक्षा दिनुभएको थियो । त्यतिबेला उहाँका सहपाठीहरूमा श्री विजय शमशेर पनि एक हुनुहुन्थ्यो । श्रेस्ता पाठशालाको अन्तिम परीक्षामा उहाँ प्रथम र बिजय शमशेर दोस्रो हुनुभएको कुराले उहाँको विद्यार्थी जीवनको जेहेन्दारपनलाई उजागर गर्दछ ।

आफ्नो पढाइ समाप्त भएपछि आफ्ना सहपाठीसँग उहाँ श्री ३ पद्मशमशेरका दरवारमा चाकरीमा जान थाल्नु भएछ र पद्मशमशेरले पनि उनको जहेन्दारपनलाई बुझेर १९९१ साल वैशाखदेखि लागू हुने गरी झापा जिल्लाको तत्कालीन मालमा नौसिन्दा बैदारको जागिर दिनुभएछ । तर नौसिन्दा मात्रै हुने हो भने चार भन्ज्याङ बाहिर जान्न भनी देवीप्रसादले भन्नुभएपछि ६ महिनापछि झापा गोश्वाराको हाकिम बनाउने आश्वासन उहाँले पाउनुभएछ । यही आश्वासनको भरमा झापा आएका देवीप्रसाद कर्मचारीतन्त्रको चंगुलमा परेर गोश्वाराको हाकिम हुनुको सट्टा ठूलो झमेलामा पर्नु भएछ । झापा अ॰.नीमा नौसिन्दा बैदार भएर काम गर्न थालेपछि त्यहाँका एक लप्टनले उहाँसँग वैरभाव राख्नु भएछ । फलस्वरूप उहाँको फाँटको एउटा मुद्दाको मिसिल एकाएक गायब भयो । लप्टनले मिसिल गायव गरी हाकिमलाई देवीप्रसादले मिसिल लुकायो भनी जाहेर गरेछ । त्यो झमेलाबाट बाँच्न देवीप्रसाद आफैं कुमारीचोक आई हराएको मिसिलको प्रतिलिपि सारी लानु भएछ । पछि लुकाएको मिसिल पुनः बाहिर ल्याई प्रतिलिपि बनाएको मिसिललाई किर्ते ठहऱ्याई उहाँको हात कलम भई दण्ड समेत भएछ । संभवतः यही कारणले उहाँको झापा गोश्वाराको हाकिम हुने स्वप्न भङ्ग भयो ।

सरकारी नोकरी गएपछि झापाको भद्रपुरका रामगोपाल मारवाडीको खाता पाता

मरेर उहाँले केही दिन बिताउनु भयो । सायद १९९२ र १९९३ सालको कुरा होला । त्यतिबेला दारी जुँङ्गा पालेर उहाँ साधु जस्तो देखिनु हुन्थ्यो । सरकारी रकम कलमको मुद्दा लागेकाले उहाँका पैतृक सम्पत्तिमा धेरैपटक (सायद तीन पल्ट) जैजात भयो । पहाडमा रहेको जग्गा मावली काशीनाथ मैनालीको नाममा भएको हुनाले सरकार लाग्न पाएन ।

झापाको सुरुङ्गा मौजाका जिमिन्दार इन्डिवर ओलीले आफ्नो मौजाको सरकारी तिरो तिर्न नसकी जेल परे । ५/७,वर्षको वक्यौतामा वि सं. १९९४ सालमा सो मौजा लिलाम हुने भयो । देवीप्रसादसँग जिमिन्दारी चलाउने बुद्धि र आँट थियो । तर सरकारी तवरबाट हात कलम बन्द रहेकोले उहाँले नाताले दाजु पर्ने स्व. प्रेमलाल उप्रेतीका छोरा विष्णुलाल उप्रेतीका नाममा डाक सकारी जिमिन्दारी शुरू गर्नुभयो । पछि छोरा निमित्त जिमिन्दार विष्णुलाललाई उनका बुबा प्रेमलाल उप्रेतीले पहाड बोलएपछि त्यो जिमिन्दारी नरपति उप्रेतीको नाममा रहयो । नरपतिलाई पनि उहाँका ससुरा काजीमान संग्रौलाले पहाड बोलाउनुभएपछि हरिप्रसाद उप्रेती (लम्बे) का नाममा सो जिमिन्दारी १९९७ सम्म चल्यो ।

१९९७ देखि २००२ सालसम्म सुवेदार रामप्रसाद शिवाकोटीलाई निमित्त जिमिन्दार बनाई आफ्नो जिमिन्दारी देवीप्रसादले चलाउनु भयो । एउटा सामान्य घटनाको याद आउँछ । विराटनगरमा झापाकै एक जिमिन्दारको मौजा लिलाम चढेको थियो । डाक वडावडका लागि आह्वान भयो । झापाबाट पद्मबहादुर गिरी डाक सकार्न गएका थिए । देवीप्रसादले पनि उनका विश्वस्त मित्र कृष्णबहादुर खत्रीलाई आफ्नो तर्फबाट डाक बोल्न पठाउनु भएको रहेछ । खामबन्दी बोलपत्रमा कृष्णबहादुरले रू ६ हजार एकसय कबोल गर्नु भएछ । पदमबहादुर गिरी त्यतिबेलाका ठूला जिमिन्दार भएकाले डाक बोल्दा उनले जिमिन्दारी लिए भन्ने हल्ला चल्यो । तर पछि मौजा लिन पुनः कार्यालयमा जाँदा गिरीले कवोल गरेको रू. १८००।- भन्दा कैयौं गुना बेसी अर्थात रू. ६,१००।- कृष्णबहादुरले कबोल गरेकोले जिमिन्दारी देवीप्रसादले पठाएका कृष्णबहादुर खत्रीको नाम गयो । यसरी आफ्नो बेइजत भएको ठानी पदमबहादुर गिरीले देवीप्रसादसँगै केही समय वैरभाव राखी केही मुद्दा चले तर पछि मिलापत्र भयो ।

२००८ सालसम्म देवीप्रसादको जिमिन्दारी अरूनै निमित्त जिमिन्दार खडा गरी संचालन भयो । सात सालको क्रान्ति सफल भई झापामा स्थानीय स्वायत्त सरकार बनेपछि उहाँ विरूद्धको अभियोग स्वत निष्कृय भयो । त्यस पछि अरूका नाममा चलाएको जिमिन्दारी उहाँले आफ्नो नाममा लिनु भयो । उहाँले २००८ सालमा राजाबाट बोलाएको जिमिन्दारहरूको सभामा झापाको ठूलो जिमिन्दारको हैसियतले भागलिनु भयो । त्यसपछि मात्र वैधानिक रूपमा उहाँल झापको प्रमुख जिमिन्दार ठहरिनु भयो । पहाडको जगु दाजुदेखि झापाको प्रख्यात जिमिन्दार दाइ सम्मका स्व. देवीप्रसादका कामलाई मैंले नजिकैबाट हेरें । आज उहाँ हुनुहुन्न तर उहाँसँग सहवासका रमाइला क्षणहरू मेरो स्मृतिमा अझैपनि रमाइलोसँग नाचिरहेछन् ।

(नोट : यो लेख लेखकले भने बमोजिम अनुरोधमा त्रिलोचन संग्रौलाले टिपी प्रा. गङ्गाप्रसाद उप्रेतीबाट परिष्कृत पारिएको हो ।)

मेरा मामा–देवीप्रसाद उप्रेती

- गंगाप्रसाद प्रसाई "भान्जाबाबू"



मेरा एकमात्र मामा जिमिदार देवीप्रसाद उप्रेतीज्यूको जीवनी बारेमा छोटकरीमा जाने बुझेका कुरा लेख्ने प्रयास गरेको छु । गल्ती भएमा क्षमा प्रार्थी छु ।

म गङ्गाप्रसाद प्रसाई दमको रोगको इलाज गराउन दक्षिण भारतको भेलोरमा आई भरत लजमा बसेका बेलामा मिति २०५२ साल बैशाख ४ गते लेख्न सुरू गरेको हुँ । पुराना कुरा सुनेका र संझिएका भरमा लेख्नु पर्ने हुँदा साल सम्वत् फरक परेमा "देवीप्रसाद स्मृति ग्रन्थ" समितिबाट सच्याई दिनु भएमा मेरो मन्जुर छ ।

चिन्तामणिका नाति रविलालका छोरा देवीप्रसाद उप्रेती र छोरी आमा पवित्रादेवी प्रसाई आमा लीलावाईको कोखबाट जन्मिएका २ मात्र सन्तान हुन् ।

पिता रविलाल उप्रेती भारतमा अंग्रेज सरकारको शासन कालमा फौजी डाक्टर काम गर्नु हुन्थ्यो । त्यसकारण उहाँलाई पछिसम्म डाक्टर उप्रेती भनी चिन्दथे । मेरी आमा पवित्रादेवीको जन्म देहरादून छाउनीमा नै भएको हो र मामा देवीप्रसादको जन्म जिल्ला तेह्रथुम ईवा गा.बि.स. को सिम्लेमा १९६९ साल बैशाख महिना १ गते ...... बार भएको हो ।

देवीप्रसाद उप्रेती १९८१ सालतिर घरबाट भागेर काठमाडौं जानु भएछ । त्यती बेला माध्यमिक शिक्षा पास नगरेकाले नेपालमा राम्रो जागिर नपाइने हुँदा माध्यमिक शिक्षा हासिल गर्न गएका साथीहरूमा बद्रीप्रसाद थपलिया, जनार्दन सिटौला(नेपाले कान्छा), लक्ष्मीप्रसाद राई र विश्वनाथ भण्डारी हुन् ।

१९८२ सालमा पहाड सिम्ले घरमा देवीप्रसाद काठमाडौंमा भएको र आँखा नदेख्ने रोग लागेको छ भन्ने खवर पुगेकाले आमा लिलावाई, मेरी आमा पवित्रादेवी र मेरा पिता मार्कण्ड (महालाल) प्रसाई खोज्न काठमाडौं जानु भएछ र देवीप्रसादज्यूलाई काठमाडौंमा भेटी पहाड हलेसीको बाटो गरी २०/२२ दिनमा आफ्नो घर सिम्ले पुग्नु भएछ । देवीप्रसादज्यूलाई रत्तुले भन्ने आँखाको रोग लागी सूर्यास्त पछि आँखा नदेख्ने हुँदा मेरा पिता महालालले बोकेर घर पुऱ्याउनु भएछ ।

त्यसपछि १ बर्ष जस्तो घरमा बसी फेरि काठमाडौं जानु भएछ र जागिर खान बद्रीप्रसाद थपलियासमेतले ऐन श्रेस्ता भूगोल आदिका ११ पासको जाँच दिएर पास

गर्नु भएछ ।

१९८५ सालतिर झापा आएर अदालतको बहिदार काम गर्नु भएछ । त्यसैले देवीप्रसादज्यूलाई सबैले बहिदार बाजे भन्न लागे । पछि ठूलो जिमिदार हुँदा पनि प्रायः सबैले बहिदारबाजे नै भन्ने गर्दथे

मेरा पिता मार्कण्ड प्रसाई पनि १९८६ सालमा पहाड आठराई भदौरेबाट झापा आई पहिले अमलडाँगी छेउको ढैनवालको २०/२५ बिगाहा जग्गा लिएर बस्नु भएछ । पछि कंकुवाली नदीले सो जग्गा कटान गरी लगेकोले १९८८ सालदेखि दुवै जना साला भिनाजुसँगै बसी केही जग्गा जमिन जोडी मामाज्यू अड्डा अदालतको काम गर्ने र मेरा पिता मार्कण्ड प्रसाई जग्गा जमिनतर्फको काम सम्हालेर बस्नु भएछ ।

त्यसपछि झापा आउनेहरूमा जिमिदार हरिप्रसाद उप्रेती (लम्बे), सुबिदार रामप्रसाद शिवाकोटी, लक्ष्मीप्रसाद उप्रेती, जेठा बाजे, चौकिदार काइला, बिष्णुप्रसाद शिवाकोटी र त्यसपछि आउनेहरूमा सुबिदार खगेश्वर उप्रेती, मुक्तिप्रसाद उप्रेती, पन्था पाण्डे, चौकिदार उप्रेती आदि धेरै मानिसहरू झापा आएकाले उहाँलाई जग्गाको बन्दोवस्त गरी थन्क्याउदै गर्नु भएको हो ।

पहिले देवीप्रसादज्यू र मेर पिता मार्कण्ड अनारमनिमा बस्नु भएको हो । जिमिदारी जोड्दै लगेपछि धैलाड्बामा सर्नु भएको हो । १९९० सालमा म गंगाप्रसाद १३ बर्षको हुँदा आठराई ईवा बाट झापा ल्याइएँ र निजामति पाढाई जागिर ख्वाउने विचारले काठमाडौंमा पढाइएँ । यो कुरा शहीद शुक्रराज शास्त्रीलाई राणाहरूले मारेका बखतको हो ।

१९९९ सालतिर हाल स्व. कृष्णबहादुर खत्री (तिमलसिना) आसाम (भारत) बाट झापाआई केही केटा-केटी भेला पारी क,ख पढाउन थाल्नु भएछ । सो कुरा देवीप्रसादज्यूले थाहापाई उहाँलाई आफ्ना साथमा राखी हरिप्रसाद उप्रेती र सुबिदार रामप्रसाद शिवाकोटीको जिमिदारी माष्टर कृष्णबहादुर खत्रीका नाममा सार्नु भयो ।

२००२ सालतिर जस्तो लाग्छ, झापामा गभिरजङ्ग थापाको दौडाहा भएछ । सो दौडाहाको १ विचारी भई सर्दार मेदिनीप्रसाद उप्रेतीका माइला छोरा गंगाप्रसाद उप्रेती आउनु भएको रहेछ । जि. देवीप्रसादज्यूलाई जालसाजीको मुद्दा उक्त दौडाहामा परेछ । उक्त मुद्दाको सुनुवाई झापा बजारमा वादी प्रतिवादी दुवैलाई हाजिर गराएर हुन थाले छ । विचारी गंगा प्रसादले आँखाको इशाराले भाग्ने संकेत दिएछन् । देवीप्रसादजीले इशारा त बुझ्नु भयो तर भाग्ने मौका परेनछ । सबै जना मुद्दाको सुनुवाइमा एकोहोरिएको मौका पारी आफ्नो छेउको समीको रूखमा चढ्न सफल हुनु भएछ । रूखमा चढेको कसैले चाल पाएनन् । मुद्दाको फैसलामा देवीप्रसादलाई ६ बर्ष कैद र निजले लेखेको लिखत अड्डा खानाले मान्यता नदिने भएछ । मुद्दाको सुनुवाइपछि देवीप्रसादको खोजी भयो । कतै भेटिएन । सो सबै व्यहोरा समीको रूखमा चढेका देवीप्रसादज्यूले सुनिरहनु भएको थियो । पछि सबैजना उठेर गए । देवीप्रसाद उप्रेती करिब राती ११ बजे तिर रूखबाट ओर्लेर झापा बजार उत्तरको खेतै खेत भाग्दै चकचकी रामलाल गणेश पटवारीको घर आई खाना खाएर त्यहीं बसी भोलिपल्ट राती धैलाडुवा घरमा आई

सोही रात नेपालको सिमाना पार गरी दार्जिलिङ जानु भयो । त्यसपछि उहाँको बसोवास दार्जिलिङमा नै हुन थाल्यो ।

दार्जिलिङमा बस्ता एक जना नेपाली कांग्रेसका बरिष्ठ प्रतिबन्धित नेता जो आफ्नो काठमाण्डौं क्षेत्रपाटीको घर छाडी ढुक्कै दार्जिलिङ बस्नु भएका अति उच्च बिचार भएका भद्र पुरूष पूर्णबहादुर श्रेष्ठ (जसको चल्तीको नाम पु.वा. मानव हो) सँग संगत भएछ । आफ्नी आमा लीलावाई र पू.वा. मानवको प्रेरणा र संगतले उहाँमा शिक्षाको ज्योति जगाउने हौसलाको जन्म भयो । अनि डा. भीष्म प्रसाई, रामप्रसाद प्रसाई, बमप्रसाद ओली आदि धेरै जनालाई दार्जिलिङमा आफ्नो संरक्षकत्वबाट शिक्षा प्रदान हुन थाल्यो । अनि आफूले पढ्न नपाएको हुँदा गरीबका छोराछोरीहरूले शिक्षा पाउन कसरी सक्लान् भन्ने तर्फ चिन्तन मनन् गर्न थाल्नुभयो ।

त्यसबेला मुग्लान गएका मानिसलाई जात दिने काममा दार्जिलिङ धीरधाममा बस्नु भएका पं. देवीप्रसाद काफ्ले गुरूजी सँग भेट संगत भयो । त्यहीं नेपाली कांग्रेसका नेताहरू विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, र गणेशमान सिंहहरूसँग भेट, परिचय र संगत भएको हो ।

फलस्वरूप २००७ सालमा राणा सरकार ढाल्न देवीप्रसाद उप्रेतीज्यू पनि झापा ओर्लिनु भयो । सुब्बा भैरवप्रसाद आचार्यको नेतृत्वमा देवीप्रसाद उप्रेती, धर्मप्रसाद ढकाल, नरेन्द्रनथ बाँसतोला, डिल्लीराज गणेश आदि धेरै जनाले क्रान्ति गरी झापा बजारमा रहेका सम्पूर्ण अड्डा कब्जा गरी भद्रपुरमा सत्यनारायण मारवाडीको बगैंचा घरमा सामुहिक सरकार गठन गरी संचालन शुरू भयो । २००७ सालको क्रान्तिमा १३ थुम जिल्लाबाट जिम्मावाल सुब्बा लिम्बुहरूबाट खेदिएका मानिसहरूलाई झापा बुधवारेको जंगल फडनी गरी चन्द्रप्रसाद प्रसाईलाई जिमिदार बनाई शरणर्थीहरूलाई नयाँ बसोवास गराउने प्रमुख भूमिका देवीप्रसाद ज्यूको नै हो ।

२००७ सालपछि देवीप्रसादज्यू स्थायी रूपले झापामा नै बस्न थाल्नु भयो र २२ मैजाको जिमिदारी आफ्ना नाममा सारेर जिमिदारी चलाएर बस्नु भयो ।

मेरा बैनीहरू लीलादेवी (थपलिया) र शीलादेवी (शिवाकोटी) दार्जिलिङबाट पढेर पहाड आठराई ईवा आएका बखत मैले शुरूमा रिजाल डाँडामा छाप्रो हाली गाउँका भूराभूरीलाई पढाउन शुरू गराएँ । रिजाल डाँडामा खेल मैदान नहुँदा पैले नै मैले किनि सकेको सिम्ले कामी गाउँ माथिको खेतमा छाप्रो हाली पढाइ शुरू गराईयो । त्यसपछि मामा देवीप्रसादज्यू पहाड गएको बेलामा सो जग्गा प्रणामी विद्यालयको नाममा मैले दिएको हुँ । पहाडमा प्रणामीहरूलाई त्यस ठाउँमा मानिसहरूले हीन दृष्टिले हेर्ने गरेकोले होला सो विद्यालयको नाम प्रणामी निम्न माध्यमिक विद्यालय देवीप्रसादज्यूले नामाकरण गर्नु भएको हो । उहाँ प्रणामी हुनु हुन्थ्यो । हाल सो विद्यालय प्रणामी माध्यमिक विद्यालय भएको छ ।

२००७ सालपछि जग्गा धनी बाट प्रति बिगहा १ कठ्ठा (५%) को आम्दानी विद्यालय कर उठाई प्राथमिक विद्यालयहरू झापामा सुरू गर्नु भयो ।

२०१५ साल फाल्गुनमा पहाड घरमा गएर हाल पोखरी मा.वि. गौरीकुञ्ज भएको जग्गा चतुरजंग, सेतुसुब्बा बाट लिएर छातेढुङ्गा डाँडामा पोखरी हाइस्कूल सुरू

गर्नु भयो । सो जग्गाको सट्टा भरना झापाको जलथलमा म गंगाप्रसादको नामको जग्गा दिइयो । पोखरी हाई स्कूल भवन तयार भै सके पछि त्यहाँका केही शिक्षा बिरोधी तत्वहरूले सो विद्यालयमा आगो लगाई भष्मपारी दिए तर उहाँले हिम्मत हार्नु भएन । फेरि स्कूल भवन निर्माण कार्य शुरू भयो तर जनताको समझदारीबाट साझेदारी भएपछि त्यसमा सबैको माया ममता रहन्छ भनेर ज-जसले जतिजति दिन सक्छ त्यति लिएर बिद्यालय भवन निर्माण गर्ने निधो भयो । सो कार्यमा म गंगाप्रसाद र विचारसिंह कन्दङ्वा खटियौं । उक्त कार्य १६ वटा गाउँलाई बाँडेर गाउँ गाउँले बनाउन शुरू गरियो । त्यसमा स्व. टीकाप्रसाद प्रसाईज्यू, स्व. रामप्रसाद ओली र धनपति संग्रौलाज्यू को ठूलो योगदान छ । यसप्रकार पोखरी मा.वि.को विशाल भवन तयार भयो । जुन भवन पहाडी क्षेत्रमा नमूनाको रूपमा छ । यो सबै देवीप्रसादज्यूको आइडिया र निर्देशनमा भएका हो । विद्यालयको छानोमा कर्कट पाता लगाउन काजिमान कन्दङ्वा मन्त्री भएका बखत निकाशा गराइयो । मन्त्रीको आदेशले १५० बण्डल कर्कट पाता तुरून्त जिम्मा बुझियो । केही दिनमा नै मन्त्रीजीले अवकाश पाउनु भयो । कर्कट पाता बुझाइ नसकेको भए नदिनु भन्ने केन्द्रको आदेश आयो तर हामीले पहिले नै बुझिसकेका थियौं । त्यही कर्कट पाताको छानो पोखरी मा.वि. र प्रणामी मा.वि.मा लगाइएको हो ।

शिक्षण संस्थाहरूमा देवीप्रसाद उप्रेतीज्यूलाई स्व. मदन थापाबाट ठूलो सहयोग पुगेको छ । पहिले प्रणामीमा अनि पोखरी मा.वि.मा र त्यसपछि आदर्श मा.वि. धैलाडुबा झापामा प्रधानाचार्य भै काम गर्नु भयो ।

देवीप्रसाद उप्रेतीज्यूलाई पूर्णरूपले सहयेग दिनेहरूमा म गंगाप्रसाद प्रसाई, मेदिनीप्रसाद उप्रेती, मुक्तिप्रसाद उप्रेती, कामेश्वरदत्त कायस्थ, हरिप्रसाद थपलिया, पूर्णकुमार प्रधान, रामप्रसाद प्रसाई, पुण्यप्रसाद मैनाली, कृष्णबहादुर खत्री, धनपति प्रसाई हुन् र पछि सहयोग गर्नेहरूमा गंगाप्रसाद उप्रेती (प्राध्यापक) र त्रिलोचन संग्रौला हुन् । शिक्षण संस्थातर्फ- मदन थापा, देवीप्रसाद काफ्ले ,बल्लभमणि दाहाल, काजीमान कन्दङ्वा र विचारसिंह कन्दङ्वाहरूको योगदान र सहयोग अविश्मरणीय छ । देवीप्रसाद उप्रेतीज्यूको स्मरणशक्ति अत्यन्त बलियो थियो । जग्गा जमिनको किचोला झगडा मिलाउन म जान्थें । मिलाएर आएपछि उहाँलाई सुनाउथे । त्यो जग्गाको हुलिया उहाँ बताउनु हन्थ्यो । मामाले त्यो जग्गा कहिल देख्नुभएको भन्दा - अघि १९९४ सालमा नापी गर्दा देखेको भन्नु हन्थ्यो ।

मामा देवीप्रसादज्यू धर्म सम्बन्धमा ज्यादै फराकिलो हुनु हन्थ्यो । उहाँ स्वयं प्रणामी धर्मावालम्वी हुनुहुन्थ्यो । उहाँले कहिल्यै अर्को धर्म मान्नेको निन्दा गर्नु भएन । उहाँको धार्मिक स्वतन्त्रतामा अटल विश्वास थियो । एक दिनको घटना हो - उहाँ घर घैलाडुबामा प्रणामीका गुरू बृजदास आउनु भएको थियो । त्यसैबेला कविवर महानन्द सापकोटा गुरू पनि हुनुहुन्थ्यो । कुरै कुरामा बृजदासजीले महानन्द गुरूलाई मासु किन खानु हुन्छ ? यस्तो बिद्वान मान्छे भएर भन्दा महानन्दजीले भन्ने भयो -"मासु खानु त राम्रो होइन तर के गर्नु सानै उमेरमा बाबु आमाले ख्वाइ हाल्नु भयो, खाने बानी लाग्यो, खाइयो ।" त्यसपछि बृजदासले भन्नु भयो -"मासु त स्याल कुकुरले मात्र खान्छ

र तपाई स्याल कुकुरको मासु पनि खानुहोस् ।" उहाँले यसो भन्दा महानन्दजीले झोकिएर भन्नुभयो -"मासु केले खाँदैन बुझेको छ तिमीले ? मासु गधाले खाँदैन, घोडाले खाँदैन, मासु नखाने गधा हो बुझ्यौ ?" यस प्रकार दुइजना गुरूहरूको विवाद शुरू भएपछि देवीप्रसादजी केही नबोली जुरूक्क उठेर बाहिर जानु भयो । धार्मिक विवादमा उहाँ कहिल्यै चासो लिनु हुन्नथ्यो । आफूले मानेको धर्म विनाहस्तक्षेप मान्न पाउनु पर्छ भन्ने उहाँको मान्यता थियो ।

जातपातको मान्यतालाई उहाँ अन्धविश्वास भन्नु हुन्थ्यो र खाने कुरामा प्राण हुन्छ जात हुँदैन भन्ने दृष्टान्त र उदाहरण उहाँले धेरै अघि नै देखाउनु भएको थियो । उहाँ आफूले धेरै नपढेको भएता पनि ज्यादै दूरदर्शी र प्रखर बुद्धिको धनी हुनु हुन्थ्यो । शिक्षामा अटल बिश्वास राख्ने, गरीवका छोराछोरीले शिक्षा पाउनु पर्छ भन्ने त्यस्तो महान् व्यक्तित्व मुलुकमा बिरलै पाईन्छ । अरू धनाढ्यहरूले उद्योग खोले तर उहाँले चै शिक्षाको उद्योग खोल्नु भयो । पहाडका विद्यालयहरू पोखरी मा.वि.छातेढुंगा र प्रणामी नि.मा.वि. सिमले आफैले जन्माएर प्रशस्त जग्गा जमिन ती विद्यालयहरूलाई दिनुभयो । त्यस्तै शारदा मा.वि. चुहानडाँडा, करफोक मा.वि करफोक, भानु प्रा.वि. भदौरे, भगवती प्रा.वि. फुङ्सिङ, त्रि-मोहन मा.वि. सक्रान्ती, मेची महाविद्यालय, आदर्श मा.वि. घैलाडुबा लगायत अन्य धेरै विद्यालयहरूलाई गरी करिव ९०० विगाहा जग्गा दान दिनु भएको छ । र धार्मिक संस्थाहरूलाई समेत ठूलो आर्थिक सहयोग दिनु भएको छ ।

आफूले बस्ने घर बनाउनलाई ठिक्क पारेका ढुंगा, इँटा र सिमेन्ट विद्यालयको घर नहुँदा मैले पक्की घरमा बसेको मूल्य हुन्छ र ! भनेर ती सबै सामग्रीहरू प्रयोग गरी आदर्श विद्यामन्दिर घैलाडुवाको भवन तयार भएको हो । उहाँले आफ्नो बस्ने दीगो घर कहिल्यै बनाउनु भएन र विद्यालयका दिगो घरहरू भने धेरै ठाउँमा बनाई दिनु भयो ।

मसँग कुरा गर्दा धेरै पटक भन्नु भयो,- "छोराहरूले आफै कमाएर खानु पर्छ म एक पैसा नलिई आएको अनपढ मानिसले यति कमाएँ भन्ने उनीहरूले पनि आफै कमाउनु पर्दछ । अहिलेसम्म झापामा र पहाडमा जोडेका जग्गाहरूको एक 'ट्रष्ट' बनाउनु पर्छ र सोही ट्रष्ट मार्फत विद्यालयहरू संचालन गर्नुपर्छ ।" भन्नु हुन्थ्यो । अहिले छोराहरूले जे जति पाएका छन् मेरै जोड्ले मात्र पाएका हुन् ।

देवीप्रसाद उप्रेतीज्यूको झापामा एउटा बिज्ञान क्याम्पस खोलिनु पर्छ भन्ने दृढ विचार थियो । त्यसका लागि उहाँले धेरै प्रयत्न लेखापढी र दौडधूप गर्नु भयो तर त्यो सफल भएन । त्यसमा उहाँ ज्यादै चिन्तित हुनुहुन्थ्यो । पहाड तेह्रथुम जिल्ला ईवामा पनि एउटा विज्ञान क्याम्पस खोल्ने उहाँको इच्छा भएकोले दान दिएको जग्गाहरूको ट्रष्ट खडागरी त्यसबाट एक "निजानन्द आश्रम" खोल्ने र सो निजानन्द आश्रम मार्फत विद्यालयहरू र विज्ञान क्याम्पस संचालन गर्नु भनी ईवामा बिशाल भवनको जग तयार पार्नु भयो तर त्यो पनि असफल भयो ।

विद्यालयहरूलाई दान दिएको जग्गाहरूको आम्दानी सदुपयोग नभएको र पोखरी मा.वि.ले दानपत्र अनुसार कार्य नगरेकोले ट्रष्ट रजिष्टर्ड गर्न पञ्चायत कालमा श्री ५ महाराजाधिराज सरकार , मन्त्री र मन्त्रालयहरूमा समेत आफै गई कार्य स-सम्पन्न

गराउन प्रयास गर्नु भयो तर असफल । त्यसपछि झापामा नेपाली काँग्रेसको महासम्मेलन २०४८ साल फाल्गुनमा भएको बखत पहाडबाट बोकिएर आई तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूलाई भेटी सबै बृतान्त सुनाउनु भयो र प्रधानमन्त्रीज्यूले उहाँको इच्छा पूरा गरिदिने बचन् दिनु भयो । त्यसै सन्दर्भमा देवीप्रसादज्यू काठमाडौं जानु भयो ।उहाँलाई डाइबेटिजको विमार थियो र दुवै किड्नी (मृगौंला) हरू पूर्ण रूपले बिग्रि सकेका थिए । औषधि उपचार पनि गर्ने र ट्रष्ट सम्बन्धी कार्यवाही पनि गर्ने भनी काठमाडौं बस्नु भयो । २०४९ साल आषाढ ११ गते बिहिवारका दिन प्रधानमन्त्रीज्यूका निजि सचिव श्री दीर्घराज कोइरालाज्यू उहाँको डेरामा आउनु भयो र प्रधानमन्त्रीज्यू बिशेष कामहरूले गर्दा यहाँ आउन भ्याउनु भएन तसर्थ उहाँले मलाई तपाईबाट सबैकुरा बुझी तपाईको इच्छा पूरा गरिदिने भनी पठाएको भन्दा देवीप्रसादज्यूले बिरामी भएता पनि सबैकुरा सुनाउनु भयो । प्राध्यापक गंगाप्रसाद उप्रेतीजीले तत्सम्बधी फाइल सबै देखाई सुनाई अवगत गराउनु भयो । देवीप्रसादज्यूले सचिवज्यूसँग "सबै कुरा बुझ्नु भयो" भनी सोध्दा सचिवज्यूले "मैले सबै कुरा राम्रोसँग बुझें, तपाईका विचार बमोजिम तपाईंको इच्छा आकांक्षा मंत्रालय सम्बन्धी सबैकाम पूरा गर्ने म जिम्मा लिन्छु " भन्नु भए पछि "पक्का गराइदिनु हुन्छ ?" भनी ३ पटकसम्म सोध्नु भयो र सचिवज्यूले "पक्का गराइदिन्छु" भनी पूर्णआश्वासन र बचन दिएपछि "त्यसो भए म ढुक्क भएँ फरक नपरोस्" भन्नुभयो र देवीप्रसादज्यूको जीवनको अन्तिम वाक्य त्यही थियो । त्यसपछि सचिवज्यूले नमस्कार गर्दै बिदा माग्नु भयो । तर मामाको हात उठेनन् । हेरी मात्र रहनु भयो । त्यसै बेलानै उहाँको मूलप्राण उडिसकेछ । सचिवजी बिदा भएर गएको १० मिनेट पछाडि ०४९।३।११।५ का दिन दिउँसो ११ बजेर ५५ मिनेट जाँदा यस देशका एकजना शिक्षाप्रेमी, महान दाता, बुद्धिजीवी र कर्मठ कर्मयोगी प्रातःस्मरणीय मेरा मामा जि. देवीप्रसाद उप्रेतीज्यूले हामी सबैलाई टुहुरो पारी ८१ बर्षको उमेरमा स्वर्गधाम जानु भयो ।

काठमाण्डौं पुरानो बानेश्वरमा बिष्णु खड्काको घरमा उहाँले देहत्याग गर्नुभयो । त्यसबेला साथमा उहाँकी साईली श्रीमती नर्मदादेवी उप्रेती, माइला छोरा डिल्लीप्रसाद उप्रेती, काइला छोरा दुर्गाप्रसाद उप्रेती, म गंगाप्रसाद प्रसाई, सांसद सी.पी. मैनाली, प्राध्यापक गङ्गाप्रसाद उप्रेती, त्रिलोचन संग्रौला, कूलप्रसाद मैनाली, हरिमाया मैनाली, सुष्मा मैनाली, मालीराम सतार र मालीरामको छोरा समेत १२ जना थियौं ।

श्री देवीप्रसाद उप्रेतीज्यूको इच्छा पहाडमा आफ्नै जन्मस्थलमा देह त्याग गर्ने र त्यही नै समाधिस्थ हुने थियो तर शिक्षाको ट्रष्टको प्रयत्नमा लगिपर्दा सो पूरा हुन सकेन र उहाँको पार्थिव शरीरलाई बाटोको अति दुर्गमताका कारणले गर्दा जन्मस्थल तेह्रथुमको ईवाको सिमलेमा पुर्‍याउन नसक्दा २०४९ बैशाख १२ गते झापाको घैलाडुवा गा. वि. स. वार्ड नं. ६ मा उहाँले निर्माण गर्नु भएको श्रीकृष्ण प्रणामी मन्दिरको छेउमा हजारौ शोकाकूल नरनारीहरूको उपस्थितिमा उहाँको पार्थिव शरीरलाई समाधिस्थ गराइयो । उहाँको पवित्र आत्माले चीर शान्ति पाओस्, यही छ मेरो कामना !

घैलाडुवा, झापा ।

दानवीर र कर्मवीर देवीप्रसाद उप्रेती

- धनपति संग्रौला



जननी पृथ्वीमाताको छातीमा सनातनदेखि अननन्तकोटी जीवहरू आए गए, आउँदैछन्-जादैछन् । यो प्रकृया निरन्तर सनातनी भए पनि जीवहरू भ्रमवस, आफैलाई मात्र सर्वगुणी ठान्दछन् । जस्तो "म" भन्ने अक्षरले राम्रो "म" भनेर संकेत गर्छ त्यसरी नै जगतका हरेक प्राणीले त्यसमा पनि मानिसले आफूलाई असल वा राम्रो ठानी आफ्नै पक्षमा मात्र बहस गर्दछ । यो प्रकृतिगत विषय हो र जीवात्माहरू योग माया (प्रकृतिका) अंश भएकोले आफुले आफ्नो चिनारी दिनु स्वभाविकै हो । यहाँ सम्पूण जीवनमा भन्दा पनि आजको भौतिक युगमा मानिसहरू निश्चय पनि लाखौमा एक हुन्छन् । भौतिकरूपमा आफ्नो अस्तित्व नरहे पनि उनीहरूको लोकोपकारी भावनाले भने जीवन्तता पाइरहेकै हुन्छ । त्यस्तै एक व्यक्तित्व हुन देवीप्रसाद उप्रेती एउटा विर्सन नसकिने अनुहार जो आज यस संसारमा शारीरिक रूपमा हामी माझ हुनुहुन्न तथापि उहाँको लोक कल्याणप्रतिको भावना हामी माझ जीवन्त छ ।

आखिर को थिए त देवीप्रसाद ? वि. सं १९६९ सालमा आठराई तेह्रथुम सिम्लेमा जन्मनु भएको देवीप्रसाद आफुसँग अथाहा सम्पत्ति भएर पनि आफूसधै अपरिग्रही तथा मितव्ययी रहनु भयो । यो कार्यको संमायोजन गर्ने चानचुने मथिङ्गलको काम हैन । उहाँ आफ्नो अधिकांश श्रीसम्पती त्यसबेलाको महत्वपूर्ण शिक्षाको चुनौतीका लागि खर्च गर्नु भयो । नेपालमा २००७ सालको क्रान्तिपछि जनतामा एक्कासी शिक्षाको महत्व वोध भएको थियो । त्यसमा पनि नेपालको पूर्वाञ्चल मध्येको मेची र कोशीमा त यो अवस्था उझ बढी थियो । त्यसबेला धेरै धनरासी खर्च गरी स्कूल पाठशालाहरू बनाउनु पर्ने बाध्यताले समाज ग्रसित थियो । सरकरसँग पनि सामार्थ्यको अभाव भएको वेला दानवीर र कर्मबीर देवीप्रसादज्यूले त्यो चुतौतीलाई स्वीकार्नु भयो । र आफ्नो सारा तन, मन, धन यसै क्षेत्रमा ठूला-ठूला स्कूलहरू बनाएर तिनीहरूको संचालन र समर्थन गर्नको लागि अर्पण गर्नु भयो। आफ्नो सारा जीवन अवधि लोककल्याणका लागि दिने देवीप्रसाद उप्रेतीज्यू एक समाजवादी चिन्तक हुनुहुन्थ्यो । आजको समयमा देवीप्रसाद जस्ता उदाहरणहरू भेटिन निकै दुर्लभ छ । उहाँले बनाउनु भएको पोखरी हाई स्कूलमा २०१६ सालतिर आगो लागी स्कूल पुनः निर्माण गर्नु पर्ने भए पनि त्यस्का लागि उहाँले त्यो काम म समेतका त्यस क्षेत्रका समाजसेवीलाई जिम्मा लाउनु भयो । त्यस पछि म समेत खटिई उक्त स्कूल पुन निर्माण गरियो ।

देवीप्रसादज्यू नातामा मेरो मामा हुनु हुनुहुन्थ्यो । २००८ सालदेखि उहाँको र मेरो धेरै घनिष्टता भई व्यवहार चल्यो । म उहाँबाट सानैदेखि अति नै प्रभावित थिएँ ।

उहाँले तेह्रथुमको आठराई पोखरी स्कूलपछि झापाको घैलाडुब्बा आर्दश माध्यमिक विद्यालय (सम्भवत झापा कै सवैभन्दा ठूलो र धनी स्कूल होला) आफ्नो खर्चमा बनाई उक्त स्कूलको संचालनार्थ धेरै जग्गा पनि प्रदान गर्नु भयो । त्यस्तै करफोक स्कूलको लागि पनि उहाँले सहयोग गर्नु भएको मलाई जानकारी छ । आजका राष्ट्रिय स्तरका हजारौं राजनीतिज्ञ, प्रोफेसर, वकिल, डाक्टर, पत्रकार, कविहरू उहाँले बनाइ दीएको स्कूला बाट ज्ञान आर्जन गरी आफ्नो भविष्य उज्वल बनाउने मौका पाएका हुन् । र निरन्तर यो गति चलि रहेको छ । भोलि उहाँ प्रति भावविभोर हुनेको संख्या लाखौबाट उकालो लाग्छ । म त उहाँको जीवनबाट अति नै प्रभावित भएको छु ।

नेपालमा २०२१ सालदेखि लागु भएको भूमिसुधारपछि उहाँको जिमिदारी सकियो तर पनि धेरै यस्ता झापाली कृषक परिवार हुन् जस्ले देवीप्रसादलाई श्रद्धाभाव प्रकट नगरी आफूलाई वेचैन संझन्छन् । यस्ता हजारौं कृषक परिवार, लाखौं विद्यार्थी, प्रोफेसर, हजारौं उहाँका शुभ चिन्तकहरू उहाँबाट कृतज्ञ भएका छन् । सच्चा हृदयबाट अभिप्रेरित भई प्रवाह गरिएको दान अझ प्रज्वलित भइसदा सर्वदा अक्षय रहन्छ । यस्ता अक्षयदाता देवीप्रसादज्यूप्रति उहाँको भावनालाई एकफेर उहाँकै निर्देशित बाटो अवलम्वन गर्न सके आजको समाजले उहाँप्रति अर्पण गरेको श्रद्धामय श्रद्धाञ्जील हुनेछ भन्ने मैले ठानेको छु । हरि ॐ तत् सत् ।

दमक, झापा ।

सम्झनाका कुरा: देवीप्रसाद उप्रेती

– दान खालिङ

सम्झनाका कुरा लेख्नु पनि रोम्यान्टिक हुनु हो । कसो भनिन्छ भने मान्छे आफू भएको देश-कालबाट आफैलाई फिर्ता लिएर बितेको समय र ठाउँमा पुग्छ तर मलाई चाहिँ कस्तो लाग्छ भने त्यस बितेको समय र त्यस बितेको देशबाट मान्छेले नबिर्सेका कुरा हजारमा एक वा त्यसभन्दा पनि थोरै हुन्छ, अझ भन्न मन लाग्छ लाखमा एक, आज देवीप्रसाद उप्रेतीबारे फर्केर सम्झदा म के पाउँछु भने सबै-सबै-सबै लुप्त भइसकेका छन् । फटाक-फुटुक, झल्याक-झुलुक केही देखिन्छन् तर तिनको लामो बयान कतै हराइसकेको छ । मान्छे वर्तमानमा यति फँसेको हुँदो रहेछ र भविष्यताको आशा यति धेरै गर्दो रहेछ, त्यसैले उसको अतीत अन्तर- कुन्तरमा पसेर जाँदो रहेछ र त्यस अँध्यारोबाट अतीतलाई निकाल्न गाह्रो हुँदो रहेछ । हो, सम्झनाको अन्तरालमा एउटा-दुइटा घटना टाठो रहन्छन् र तिनै सामल होलान् जीवन-यात्राको । यसरी टाठा रहेका कुरा बिशेष भएका हुनाले नै हामी ती कुरा केही धेर सम्झन्छौ ।

मैले उप्रेतीजीलाई देखेको र उनीबारे सुनेको सात कक्षातिर पढ्दाखेरि हो । यो म निश्चित भन्नसक्छु किनभने मेरा कुनै जो साथी दार्जिलिङको रोवर्टसन् रोड्को मेडेन्नेर कतै बस्थे, तिनको नाम बिर्सिसकेछु, यो कुरा आज भन्दा प्राय: ५४ बर्ष अघिको हो । एकजना बलिया मोटाघाटा, काला- काला बर्णका मान्छेलाई देखाएर ती साथीले भनेका थिए - “यो मान्छे नेपालको हो, भागेर आएको अरे, यहाँ नेपालका केटाहरूको पढ्ने बन्दोवस्त गरिदिन्छ रे ।” तिनै व्यक्ति देवीप्रसाद उप्रेती थिए तर मैले पछि जानें देवीप्रसाद उप्रेतीले पू.बा.नेवा(पूर्णबहादुर नेवा) लाई समेत आश्रय दिनु भएको थियो । पू.वा.जी सम्पूर्ण राजनीतिजीवी थिए र उनी नेपालबाट दार्जिलिङ पुगेका युवामा राजनीतिक चेतना भर्थे राणा-बिरोधी । यति कुरो जान्दा जान्दै सन् १९४२ को बंगालका मान्छेले रचेको अनिकालले प्रत्येक घरलाई भाँडो घोप्टाएर छोपे जस्तो छोप्यो- अन्योल, कालो, निराश र अँध्यारो । त्यस अनिकालमा पैतीस लाख मान्छे मरे र अनिकालपछि रोग-व्याधीले अर्को चालीस लाख मरे । यस अनिकालको समयमा भारतीय राष्ट्रिय कांग्रेसका सारा नेता र कार्यकर्ता “भारत छोड” आन्दोलनको परिणाममा थुनिएका थिए र भारतीय गोर्खा लीगको जन्म भएकै थिएन । यस कारण रसिया हिटलरबाट धोका खाएको हुनाले, मित्रराष्ट्रसित लागेको हुनाले भारतीय कम्युनिष्ट पार्टीले दोस्रो महासमरलाई

"जनयुद्ध" घोषणा गरेको थियो । यसै कारण भारतीय मैदान कम्युनिष्ट पार्टीको निमित्त प्रचार, प्रसार र संगठन गर्नका लागि खुला थियो । यही अवस्थामा दार्जिलिङमा कम्युनिष्ट पार्टी अनिकालसम्बन्धी काममा क्रियाशील भएर उठ्यो र म र मेरा केही साथी-संगी कम्युनिष्ट पार्टीको काममा सघाउ पुऱ्याउन लाग्यौं । स्टुडेन्ट्स फेडरेशन अफ इण्डियाका सदस्य हुन पुग्यौं । अनिकालपछि फेरि जीवनमा जाग्दा कम्युनिष्ट पार्टीसित संलग्न हुँदा हुँदै श्री विश्वेश्वरप्रसाद कोइरालाले आकर्षण गर्न थालिसकेका थिए । यसको पनि कारण छ; गुरु पारसमणि प्रधान नेपाली भाषाप्रति सबै छात्रको चाहा सजिलै जगाउन सक्नु हुन्थ्यो भने गुरु सूर्यविक्रम ज्ञवाली उनका रचनाद्वारा नेपाली नागरिकमा नेपाली राष्ट्रियता भर्थे भने गुरु धरणीधर शर्मा कोइराला नैवेद्यका कविता पढाउँदा छात्रहरूलाई नेपाल प्रति सचेत गराउँथे । यसको परिणाम के भयो भने हामी केही ठेट्ना नेपाली काँग्रेसलाई सघाउने भयौं । जे भयो भयो, तर मेरो कम्युनिष्ट पार्टीसितको सम्बन्ध साह्रै लाभदायक भयो; पार्टीले चलाएका क्लासमा जानाले र खटाइएका किताव पढ्नाले मेरो मन् राजनीति-बोधको दिशातिर जति जाग्यो त्यति जाग्रत मलाई अरू कुनै कुराले बनाउन सकेको होइन ।

यसमाथि भएको अनुच्छेदले म एउटै कुरो के भन्न चाहन्छु भने मैले केही वर्ष देवीप्रसाद उप्रेतीलाई बिर्सें तर मलाई थाहा छ उनीहरूले गोर्खालीगको सघाऊ पाएनन् किनभने त्यो संगठन राणापक्षको थियो ।

त्यसपछि एकैचोटि म देवीप्रसादजीलाई झापाको मोर्चामा भेट्छु । त्यसपछि झापाको पतन भयो र सामयिक सरकार बन्यो । उनी भए न्याय कानून मन्त्री अनि हाम्रो सम्बन्ध नजिकिदै गयो । म विराटनगरबाट झापा पुगेको थिएँ र स्वयंसेवकको रेखदेखको लागि भद्रपुर पुऱ्याइएको थिएँ । सामयिक सरकारको अड्डा भद्रपुरमा राखियो । त्यहाँ थिए गवर्नरको अड्डा, पुलिस इन्स्पेक्टरको अड्डा, माल अड्डा । सर्स्याई अड्डा, अमिनी र नाम बिनाको मेरो अड्डा तर त्यहीं थियो अड्डाहरूको सामूहिक रूप । तीमध्ये केही अड्डाका प्रमुखका नाम अझ सम्झना रहेछ, ती हुन्- गवर्नरको अड्डाका प्रमुख सु. रूद्रबहादुर (कार्की?), सर्स्याईका श्री सूर्यराज मिश्र, पुलिस प्रमुख श्री सीताराम भट्टराई र अमिनीका प्रमुख शारदाप्रसाद (?) ।

देवीप्रसाद उप्रेतीजीलाई सबै 'बिचारी बाजे' भन्थे तर म निश्चयका साथ भन्छु उनी शिक्षाका अत्यन्त आग्रही हुनुहुन्थ्यो । शिक्षामन्त्री श्री महानन्द सापकोटाले सबै मन्त्रीबाट पुग्दोसहायता पाएका हुन् र देवीप्रसाद उप्रेतीबाट निरन्तर सल्लाह र सहायता पाएका हुन् । एकपल्ट महानन्द गुरुसित लामो सर सल्लाहपछि उनले मसित सोध्नु भएको थियो - 'खालिङ' हाल नेपाललाई के चाहिएको छ ?' मैले एक छिन गमेर भनेको थिएँ, - "बाजे नेपालको आवश्यकताको फिरिस्तमा केलाई प्राथमिता दिने हो त्यो त म भन्न सक्तिनं तर मलाई लाग्छ स्थानीय तहमा आर्थिक विकासगर्दा ठूलो सपना देख्नु हुदैन । आर्थिक विकास सबैभन्दा ठूलो समस्या हो र शिक्षा सबैभन्दा ठूलो खाँचो । उहाँले अनुहार अलि उज्यालो पारेर प्रश्न थप्नु भयो, "शिक्षा किन ?" मैले सजिलै भनें- "वास्तविक प्रजातन्त्र आउन अझ बाँकी नै छ र त्यस पछि त्यसको रक्षा गर्न शिक्षाको

खाँचो छ । नयाँ पींढीलाई शिक्षा दिनसक्नुपर्छ र पुरानो पींढीलाई बहुमत बनाउन सक्नु पर्छ , नयाँ विचार छर्न सक्नु पर्छ । नयाँ जमाना आयो यस कारण नयाँ सकारात्मक र सापेक्ष विचार चाडै फैलनु पर्छ । " उहाको आखिरी भनाइ थियो - 'गुरुजीको, तपाईको र मेरो विचार मिल्दो रहेछ । अहिले गुरुजीसित यस्तै कुराकानी भयो । ' तर उहाँ न्याय-कानूनमन्त्री हुनुहुन्थ्यो त्यसबेला । शिक्षातिरको उहाँको लागि लगाउ त झापाका कतिपय स्कूल र पहाडका स्कूललाई उहाँले एक्लै दिनु भएको जमिन-दान ले प्रष्ट पार्छ । सात सालको सशस्त्र आन्दोलनपछि अरू झापाली क्रान्तिनेता कोही कुर्सी खोज्न लागे, कोही यताउति लागे तर देवीप्रसाद उप्रेती समूहमा र एक्लै अलग्ग बसेर पनि शिक्षा प्रसारमा अन्त्यसम्म लागिरहनु भयो ।

त्यस बेला गवर्नर र मन्त्रीहरू पहाडको समस्याले उद्बीन थिए र उनीहरू थोरै मात्र इलामबाट झापा ओर्लन्थे, कुनै कुनै मन्त्री त त्यस समस्यामा यति होमिएका थिए कि सामयिक सरकार रहिन्जेल उनीहरूले झापा झर्ने समयसम्म पनि पाएका होइनन् तर देवीप्रसादजी समय-समयमा झापा आइपुग्थे । यसरी आउँदा उहाँ राम्ररी काम गर्ने गराउने बानीले नै हो अमिनीको काम राम्ररी जाँच-बुझ गर्नु हुन्थ्यो । एकदिन यस्तै मौकामा अमिनीको जाँच-बुझ गरिसकेपछि, शारदाजी निकै ल्कान्त थिए । देवीप्रसाद उप्रेतीजी मेरो अड्डामा पस्नु भयो र मलाई भन्नुभयो -'खालिङजी मैले,दुई वटा मुद्दा चाहिं तपाईको रोहवरमा फैसला गर्नु भनी शारदाजीलाई अह्राएको छु , तपाईलाई बोलाउँछन् , गएर विचार गरिदिनु होला' । मैले भनें -"मलाई त कानूनको ज्ञान पटक्कै छैन; हालै मात्र पाँच भाग मुलुकी ऐनको एक-दुइटा महल हेरें, मैले के गर्ने अमिनी गएर ? " उहाँले दृढतापूर्वक भन्नुभयो - दुईवटा कारण छन् पहिलो त तपाई कानून जान्ने मान्छेले गर्ने दाउ-पेच जान्नु हुन्न र अर्को तपाईलाई कानूनका दफाले अन्योलमा पार्दैन किनभने तपाई कुनै पक्षलाई अन्याय भयो कि भएन त्यति मात्र हेर्नु हुन्छ । तपाईको चित्त बुझे 'ठीक छ' भनिदिनु होस्, मेरो लागि सदर हुन्छ ।"

अर्को एउटा कुरा लेख्न साह्रै आवश्यक छ: उहाँ पुरानो जंगबहादुरे कानूनमा धेरै अन्याय देख्नुहुन्थ्यो र बर -बन्दोवस्तका नयाँ रुपरेखा सुब्बा रुद्रबहादुरजीलाई दिनु हुन्थ्यो र आदेश हुन्थ्यो -'मस्यौदा तयार गरी खालीङजीलाई देखाउनु होला, उहाँले सदर गरे लागू गर्नुहोस्, उहाँ कुनै कुरो बदनियतले हेर्नुहुन्न ।'

त्यस्तै क्रान्तिकालमा हतार-हतार भद्रपुरमा राखिएको जिल्ला सदरमुकाम चन्द्रगढीमा सार्ने पहिलो सल्लाह देवीप्रसादजी, सु. रुद्रबहादुर र मेरो बीचमा भएको थियो । सदरमुकाम सिमानाको साह्रै नजिक भयो । झापा लगभग जिल्लाको बिचमा परे ता पनि साह्रै अभेग भयो । सुहाउँदो ठाउँ बिर्ता बजार भए तापनि मोहन शमशेरको निजी बिर्ता भएकोले त्यस बेलाको पर्ती मैदानमा सार्नु नै असल हो भन्ने सुझाउ हाम्रो भयो ।

क्रान्तिकालको सम्झनाले होला उहाँ पछि पनि मलाई सम्झनु हुन्थ्यो । २०१६ सालको साउनमा म काठमाडौं नगएसम्म । क्रान्तिपछि तुरुन्त मलाई सुकेनास भयो र म दार्जिलिङमा कार्ल्क ट्यूबरकुलेसिस अस्पतालमा भर्ना भएर बसें । डाक्टरको ओखती- मुलोले कुनै असर नगरेको देखेर 'ग्यालोपिङ टि.बि.' भनेका रहेछन् अर्थात

छिट्टै मर्छ भन्ने निश्चय नै रहेछ। तीन महिनापछि औलो फुट्यो, त्यसैले ओखती लागेको रहेनछ। एक किसिमले मैले पनि बुझेको थिएँ म थोरै दिनको पाहुना मात्र हुँ। त्यस अवस्थामा र त्यस अवधिमा नेपालबाट मलाई हेर्न आउने दुईजना व्यक्ति मात्र थिए। पहिलो, सुब्बा रूद्रबहादुर र दोस्रो, देवीप्रसाद उप्रेती ।उहाँ कुनै विशेष कामले दार्जिलिङ आउनु भएको रहेछ, एक दिन त्यहीं थप बसेर मलाई भेट्न आउनु भएको रहेछ।

उहाँ आफ्नो शरणामतीको घर खोलो लागेर नलगिन्जेल समय- समयमा घोडा पठाएर मलाई भद्रपुरबाट झिकाउनु हुन्थ्यो। बाटामा मलाई घोडाका साथमा आएका मानिसले भनेको कुरा मैले बिर्सेको छैन। "भद्रपुरदेखि मालिकको घर जाँदा जमिन्दार साहेव मालिककै मात्र जमिनमा टेकेर पुग्न सकिन्छ।" हो पनि किनभने कुनै छुट परेको अथवा दर्ता नभएको जमिन जहाँ परे पनि त्यो छुट अनारमनी हुन्थ्यो र सँधै छुट अनारमनीका जमिन्दार उहाँ नै हुनुहुन्थ्यो।

म २०१२ साल देखि १६ सम्ममा लगभग नौ पटक गरामनी गएको हुँला। अरू बेलाको भेटघाटलाई म त्यति प्रमुखता दिन्न तथा मैले ती भेटमा भएका कुराकानी पनि बिर्सिसकेछु। तर उहाँसितको एउटा भेट म कहिल्यै बिर्सिन्न। बेलुकीको खानपान भएपछि उहाँले आफू सुत्नेकोठा,.घरको सबैभन्दा माथिल्लो तलामा मलाई साथै लिएर जानु हुन्थ्यो। त्यस दिन पनि त्यस्तै भयो। बसेपछि उहाँले भन्नु भयो- 'खालिङजी हालै मात्र मैले एउटा कुरो थाहा पाएँ, नाफा र सुद व्यक्तिले पाउनु हुन्न, राष्ट्रले पाउनु पर्छ। नाफा र सुद व्यक्ति व्यक्तिले गुट्मुट्याएपछि हाम्रो राष्ट्र सधै यस्तै रहन्छ र व्यक्तिले अत्याचार षड्यन्त्र गर्ने साहस पाउँछ तर के गर्नु हाम्रा मान्छेलाई अत्याचार नै राम्रो लाग्छ।'

'कसरी बाजे ?' मैले सोधें ।

"मसित पनि मान्छे पैसा माग्न आउँछन्। म सरकारको दरभन्दा एक पैसा पनि धेर सुद लिन्नँ तर ऋण लाने मान्छेले म्यादमा पैसा बुझाउनु पर्छ, म ताकेता गर्छु । ताकेता किन गर्छु भने ऋणीले पैसा फिर्ता गर्न अबेर गरे पैसा त बढी नै रहन्छ, अन्त्यमा त्यो धोती न टोपी हुन्छ। ताकेता गर्ने भएकोले मान्छे मसित पैसा लिदैंनन् र अरू साहुकारसित सैंकडा पच्चीस-तीस ऋण लिन्छन्। ती साहुकार चुपो लागेर बस्छन् र अन्त्यमा घर जमिन नै हडप्छन्। हेर्नुहोस् त हामी कस्ता मान्छे हौं ? घर जमिनको माया गर्न नसक्ने मान्छेले देशको के माया गर्ला। अर्कोतिर, अर्काको घर जग्गामा आँखा गाड्ने मान्छे देशै कजाउन पाए खुशी हुन्छ। सम्पत्ती भएको मान्छे, पैसा भएको मान्छे र अधिकार भएको मान्छेले देशभक्त, जनभक्त, राजभक्त हुन साह्रै गाह्रो काम रहेछ। ती त पेटभरि खाएर पनि कहिल्यै नअघाउने 'खाइ देउँ' मात्र हुन्- राक्षस। अधिकार, सम्पत्ती र पैसाको भोको मान्छे कहिल्यै अघाउँदैन। समाजका लागि देशका लागि, राष्ट्रको र विश्वासकोलागि व्यक्तिगत स्वार्थ दवाएर केही गर्ने संस्कृति पैतृक सम्पत्ति हाम्रो पनि थियो, हेर्नोस् अमरसिंह, भक्ति थापा, बलभद्र तर त्यो गुण आज लोप भयो ।"

यी माथि लेखिएका वाक्य उहाँले भन्नु भएको कुरो जस्ताको तस्तै लेखिएका होइनन्। यी हुन् मैले त्यस बेला जे बुझें र आजसम्म मैले जे सम्झिराखेको छु ती मात्र हुन्। यस कारण यो लेखाई साह्रै संक्षिप्त भएको छ, यसबारेमा उहाँले त चालीस-पैंतालीस मिनेट बोल्नु भएको थियो। त्यस रात म नयाँ ओछ्यान भएर मात्र होइन, उहाँको बिचारको रनाहाले दुइ बजे पछि मात्र निदाएँ।

त्यसपछि मलाई अर्को एकपल्ट उहाँसित भएको भेटको सम्झना छ। जुन भेटबारे म उदाङ्ग खुलेर लेख्न चाहन्न तर त्यसबारे मात्रा तोकी लेखेर म के गर्न चाहन्छु भने यसमा पाठकका जिज्ञासा जागोस् र यति पढेर मैले इङ्गित गरेको कुरो स्वयं बुझून्।

२०३७ सालको असार-साउनको कुरा हो, उहाँ र अरू तीन जना मानिस गएर सिलगढीको प्रणामी मन्दिरमा बसेर उहाँले मलाई खोज्न मान्छे पठाउनु भएछ। समाचार पाएर म भेट गर्न गएँ, त्यस भेटमा उहाँभन्दा धेर उहाँका साथमा भएका अरू मानिस धेरै आग्रही देखिन्थे - एउटा बिशेष राजनीतिक उद्देश्यले त्यहाँ पुगेका रहेछन्, सबै पञ्चायत व्यवस्थाबाट वाक्क थिए, भन्थे -पञ्चायत व्यवस्था भनेको राणातन्त्रको संशोधित रूप। त्यस बातचितको विषय थियो : नेपाल -भारत सम्वन्ध । उहाँहरूको कुरा सुनेर म तुरुन्त जवाफ दिन सक्ने अवस्थामा हुन सकिंन । जवाफ दिनका। लागि एक रातको समय मागेर म घर फर्कें, म विचारको हुण्डरीमा परिसकेको थिएँ । घरमा एक्लै वस्थें, त्यस दिन म एकाग्र भएर विचार गर्न बसें, पक्ष र विपक्षका तर्कका बुँदा लेखेर तयार गरें, आन्तरिक छलफल गरें । यसकारण अर्को दिन एघार बजेतिर म फेरि प्रणामी मन्दिर पुगें र स्पस्ट शब्दमा सघाउन नसक्ने भएको सुनाएं।

त्यसपछि म फिर्न लाग्दा उहाँ मसित बाहिरसम्म आउनु भयो ।मैले अडिएर सोधें, "बाजे तपाईले आफै मनमा राम्रो तर्क वितर्क गरेर यो कुरा भन्नु भएको हो ?" उहाँले गम्भीरतापूर्वक भन्नुभयो -"तपाईले भन्नु भएको कुरा ठीक हो खालिङजी ! म यहाँ आउनाको कारण नै तपाईले के भन्नुहुन्छ त्यो जान्नु थियो। तपाईले ठीक भन्नुभएको भए म फेरि विचार गर्थें अब त नठीक भन्ने कुरामा टुंगो लाग्यो। तपाई ढुक्क भएर जानुहोस् " मेरो आखिरी भनाइ थियो," पञ्चायत व्यवस्था ढल्छ- ढल्छ, त्यसपछिका पींढिले यस्तै विचार गरेछ भने त्यस्तै हुन्छ हामीले हतारिनु छैन। यसबारेमा तराईका नेपालीको प्रश्न नगरौं पहाडे नेपाली नै प्रश्न भएर उभिन्छन्। "

त्यस दिन घर फर्केपछि म काममा लाग्नै सकिंनँ, त्यसै त्यसै समय बित्यो। एउटै कुरो मेरो सामुन्ने स्पष्ट भयो, ५/१० बर्षमा पञ्चायत व्यवस्था ढलेन र प्रजातन्त्र आएन भने नेपाल नै नेपाल रहने छैन। अलिकति मात्र विचारशील मान्छे पनि पञ्चायत व्यवस्थाबाट आजित भइसकेका थिए। त्यसबेला मेरो सम्झनामा के चाहिँ आलै थियो भने गाउँ पञ्चायतका प्रधान मात्र होइनन् नेपालका सबै नार्गारिक, कर्मचारी र राजनीतिक अधिकार पाएका मानिसहरू समेत कुरै कुरामा एकअर्कासित सोध्थे - 'हैन यो पञ्चायत व्यवस्था कहिले फेरिन्छ ?' पञ्चायत व्यवस्था आफै आफ्नोलागि अजंगको समस्या भइसकेको थियो

स्व.देवीप्रसाद उप्रेतीको जीवनी म जान्दिनँ। उहाँलाई मैले २००७ सालमा चिनें

र जानें । परिणाममा मैले उहाँको यो चित्रण उतारें । मलाई कसैको नलेखिएको जीवनी कोट्याउने चाहा पनि छैन । म के ठान्छु भने जीवन विकासशील हुन्छ, अत्यन्त कच्चा अपरिपक्व, अप्रोधित अवस्थाबाट मान्छे भऱ्याङ उक्लेर परिपक्व र परिशोधित हुदै जान्छ र जीवनको आखिरी पक्षमा ऊ जे हुन्छ त्यही मान्छे हो ।

देवीप्रसाद उप्रेतीलाई उहाँको जीवनमा अनेक काम गर्ने अवसर मिल्यो तर बुढेसकालमा उहाँ गम्भीर विचारक हुनु भयो, यो मेरो बोध हो । उहाँका जीवनका धेरै पक्ष हुनन् तर मैले उहाँले मलाई पार्नु भएको छापको छोटो विवरण लेखेको हुँ ।

अन्त्यमा म के लेख्न चाहन्छु भने उहाँले दान गर्नु भएको जमिन -पैसा बेवारिस नपरून् । तिनको ठीक प्रयोग गरी उहाँको कृति बचाइराख्नु नै उहाँको सबैभन्दा ठूलो सम्झनाको चिन्ह हुने छ ।

मेरो सहपाठी गुरुपुत्र- देवीप्रसाद उप्रेती

- भोलामान श्रेष्ठ

वि. सं. १९७७ सालको कुरा हो । त्यवेला आज जस्तो विद्या आर्जन गर्ने विद्यालयहरू थिएनन् । हुनेखानेहरूले गाउँमा कुनै शिक्षकलाई बोलाएर हिउँदे पाठशालाहरू खोली आफ्ना सन्तानहरू पढाउने व्यवस्था मिलाउँथे । यस्ता पाठशालाहरू हिउँदभरिका लागि अस्थायी रूपमा खोलिएका हुन्थे । मेरो पिताले पनि म लगायत मेरा समकालीन गाउँले दौतरीहरूलाई पढाउन चैनपुरमा यस्तै एउटा अस्थायी पाठशाला खोल्नु भएको थियो । भकारीको छानो, चित्रा र मान्द्रोका बांर भएको त्यो पाठशालामा पाटीमा धुलो राखी बाँसको डिकोले लेखी पढ्न लेख्न सिक्नु पर्थ्यो । मेरा पिताले हिउँद हिउँदमा पढाइहुने गरी खोल्नु भएको यो विद्यालय चैनपुर क्षेत्र भरिकै लागि आकर्षणको केन्द्र थियो । यस पाठशालका गुरुजी हुनुहुन्थ्यो -पूर्व तमोर नदीको किनारमा रहेको आठराई इवाका रविलाल उप्रेती । उहाँ सधैं हिउँदमा चैनपुरमा हामीलाई पढाउन आउनु हुन्थ्यो । र वर्षा लागेपछि आफ्नै गाउँमा फिर्नु हुन्थ्यो । १९७७ सालमा उहाँसँग उहाँका छोरा देवीप्रसाद उप्रेती पनि आउनु भएको थियो । उमेरले आठ वर्षका देवीप्रसाद आफ्ना बाबुलाई खाना बनाउन सहयोग गर्दै हामीसँगै पढ्नु हुन्थ्यो । यसरी सहपाठीको रूपमा गुरुपुत्र देवीप्रसाद उप्रेतीसँग मेरो पहिलो भेटघाट र परिचय भएको थियो ।

मेरो जन्म वि. सं. १९६९ सालमा भएको हो । मित्र देवीप्रसाद उप्रेती सोही साल जन्मनु भएको हो । एकै सालको जन्म भएको कारणले पनि हामी दौंतरी अरू घनिष्ट थियौं । उहाँ पढाइमा अत्यन्तै तेज हुनुहुन्थ्यो । कुशाग्र बुद्धि भएकोले अरू सहपाठी भन्दा उहाँलाई प्रत्येक कुरा छिटो आउँथ्यो । त्यसकारण गुरुजी विरामी हुँदा वा गुरुजीले नभ्याउँदा कहिले कहिले हामी सहपाठीहरूलाई देवीप्रसादले पनि सिकाउनु हुन्थ्यो । आफ्नै सहपाठीहरूलाई सिकाउनु हुन्थ्यो । आफ्नै सहपाठीहरुलाई सिकाउने क्षमता उहाँमा थियो । त्यसैले सहपाठी भएर पनि ज्ञान प्राप्तिमा उहाँ हामीभन्दा अघि हुनुहुन्थ्यो ।

गुरु रविलालले हामीलाई दुई वर्षसम्म चैनपुरमा पडाउनु भयो । यही दुई वर्ष नै देवीप्रसाद सँगैका सहवासको रमाइलो अवधि थियो । एउटै वर्षको जन्म, झण्डै झण्डै

एउटै स्वभावका, उहाँ गुरुपुत्र, म पाठशाला संस्थापकको छोरो यस्तै यस्तै कुन कुन कारणले हो, अन्य सहपाठी मध्ये मेरो र उहाँको बीचमा घनिष्ठ मित्रता थियो । यही मित्रतालाई चीरस्थायी बनाउन नैतिक बन्धन कायम गर्ने हेतुले हाम्रा पिताज्यूले हामीहरूबीच 'मित' को सम्बन्ध कायम गरिदिनु भएको थियो । हाम्रा संस्कृतिमा विशेष धार्मिक कर्मकाण्ड गरी 'मित' को सम्बन्ध कायम गरिदिनु भएको थियो । हाम्रो संस्कृतिमा विशेष धार्मिक कर्मकाण्ड गरी 'मित' लगाउने चलन अहिले पनि गाउँ घरमा प्रचलित छ । गुरु पुत्र देवीप्रसाद र मेरा बीचको मित्रतालाई यो मितेरी सम्बन्धले जीवनभर अरू मजबुत बनाउन मद्दत पुऱ्याएको मलाई महसुस हुन्छ ।

यो दुई वर्षको सहपठन र त्यतिबेला कायम गरिएको मितेरी सम्बन्धले हामी दुई बीच घनिष्टता बढाएर पनि त्यसपछिको हाम्रो चिठ्ठीपत्रमामात्र सीमित रह्यो । उहाँ पनि आफ्नै व्यवहारको जालोमा अल्भिएर झापातिरै अल्मलिनुभयो । म पनि चैनपुर र धरान गर्दै आफ्नै घर व्यवहारमा व्यस्त रहें । आज जस्तो यातायतको सुविधा हुँदो हो त बीच बीचमा हाम्रो भेट हुँदो हो । तर त्यतिबेला चैनपुरबाट झापा जान १५ दिनको समय निकाल्नु पर्थ्यो ।

मेरो सम्वन्धका कारणले मेरा भतिजा ताराकुमार श्रेष्ठलाई उहाँले झापामा बोलाउनुभयो । उनको तमाम पारिवारिक बन्दोवस्त, जग्गा जेथा मिलाउन उहाँले नै मद्दत गर्नुभयो । अहिले ऊ झापामा सम्पन्न भएर बसेको छ । ऊ मार्फत पनि हामी बीचको भिमत्रताले अरू सुदृढ हुने मौका पायो ।

जवान भएपछि देवीप्रसादले धेरै महत्वपूर्ण काम गर्नु भएको कुरा अरू देशवासीजस्तै मैले पनि सुनें । २००७ सालको क्रान्तिपछि पूर्व झापामा गठन भएको सामयिक सरकारमा उहाँ सहभागी भएको, त्यसपछि पूर्वाञ्चलमा स्कूलहरू खोल्न व्यवस्था रहेको र स्कूल कलेजलाई आफूले आर्जन गरेको धेरै सम्पति चन्दा स्वरुप दान दिएको कुरा चिठ्ठीपत्र र साथीभाइबाट सुनें । उहाँबाटै प्रेरित भएर म र मेरा परिवारले पनि चैनपुरमा सामाजिक सेवामा केही आर्थिक लगानी गरेका छौं ।

देवीप्रसादले आठराईतिर धेरै स्कूल खोल्नु भएछ । आठराई जस्तो ठाउँमा ०१७ सालमा नै कलेज खोलेपछि हामीलेपनि चैनपुरमा कलेज खोल्यौं । त्यसबेला चैनपुरमा खोलीएको 'भोला कलेज' मा कुलचन्द्र श्रेष्ठ र कृष्णमोहन श्रेष्ठ । (हाल ए.आई. जि. पी.) ले पनि केही दिन त्यो कलेजमा पढाएका थिए ।

पूर्वमा आठराई नेपालको नेतृत्वदायी ठाउँ हो । अहिले नाम विर्से- कुनै एक जना आठराईका व्यक्ति कर्मचारी भएर चैनपुर आए । निकै पढालेखा ती व्यक्तिसँगै हाम्रो परिवारिक सम्वन्ध राम्रो थियो । उनले आठराई क्षेत्रका व्यक्तिहरूले शिक्षा तथा समाजका अन्य क्षेत्रमा निजी लगानीमा धेरै काम गरेको कुरा हामीलाई बताए । उनको कुराले हामीलाई विशेष गरी हाम्रो परिवारलाई धेरै प्रभावित पाऱ्यो । त्यसकारण हामी दाजुभाइ कृष्णमान, चन्द्रबहादुर र म भोलामान समेतको सल्लाह र सहयोगमा २०२६ साल चैनपुरमा सरस्वती हाई स्कूलको स्थापना गऱ्यौं । पछि त्यसक्षेत्रका सक्रिय युवा स्व. गोविन्दमानसिंह अधिकारीको सक्रियता र सल्लाहमा हामीले चैनपुरमा वालमन्दिर,

कलेज निर्माण गर्न उल्लेखनीय सहयोग पुऱ्यायौं । चैनपुरमा अस्पतालको निकै ठूलो खाँचो थियो । हामी दाजुभाइले सल्लाह गऱ्यौं । हामी मध्ये भाइ शेरबहादुरको सक्रियता र म भोलामान र भाइ काजीमानको सहमतिमा चैनपुरको निजी जग्गा दान दिई चैनपुर अस्पताल स्थापना गरेका छौं ।

यसरी विं सं. १९७९ पछि चिठ्ठी पत्रमा मात्र सम्पर्कमा रहेको मित्र देवीप्रसादका कामहरूबाट प्रेरणा पाएर नै सामाजिक क्षेत्रमा मैले पनि केही लगानी गरेको हुँ । यस्ता महत्वपूर्ण मेरो मित्रको देशवासार्न भएको कुरा देहवासन भएपछि मात्र मैले चाल पाएँ । गुरु पुत्र मेरो मित्र देवीप्रसाद मेरा मात्र मित्र रहेनन् पूर्वका सम्पूर्ण मान्छेका मित्र रहे । उनका कृति तथा उनका बारेमा लेखिएका स्मृतिहरूको संग्रह मार्फत हार्दिक श्रद्धान्जली अर्पण गर्दै म उहाँप्रति सद्भाव व्यक्त गर्दछु ।

मेरा प्रेरणाका स्रोत स्व. देवीप्रसाद उप्रेतीज्यू

- नरहरि संग्रौला



यो संसारमा मानिसको भोग दाना-दानाको सिद्धान्तमा चल्दछ भने झैं स्व. देवीप्रसाद उप्रेतीज्यूको स्मृति ग्रन्थमा दुई शब्द उहाँप्रति अभिव्यक्त गर्न पाउनु मेरो अहोभाग्य सम्झन्छु । मेरो बाल्य उमेरदेखि जब मैले समाजबारे केही सोचविचार गर्न थालें त्यस समयदेखि नै स्व. देवीप्रसाद उप्रेतीज्यू मेरो प्रेरणाको स्रोत बन्न पुग्नु भयो ।

उहाँले खोल्नु भएको श्री प्रणामी विद्यालय सिम्लेमा मैले कक्षा सातसम्म पढ्ने मौका पाएँ । उक्त प्रणामी स्कूल सवल नभएसम्म निःशुल्क सेवा गर्नु भएको म कहिल्यै बिर्सन सक्दिन । हुनत पछि बी.ए. परीक्षा दिएर मैले पनि उक्त प्रणामी स्कूलमा १ बर्ष पढाउने काम गरेको थिएँ । त्यसबेला स्कूलको आर्थिक स्थितिलाई मजबुत बनाउन हामीले तिहारमा द्यौसी खेली रकम संकलन गरी स्कूलका अतिरिक्त क्रियाकलापहरूमा आर्थिक संकलन गरी मद्दत गर्ने मौकासमेत मैले पाएँको थिएँ । त्यस पछि पनि उहाँले नै खोल्नु भएको स्कूल पोखरी मा.वि.मा अध्ययन गर्ने मौका पाएँ । यो नै मेरो प्रमुख प्रेरणाको विषय बन्न पुग्यो ।

२०२७ साल, पौष २८ गतेदेखि आफू प्रहरी सेवामा संलग्न भई काम गर्ने मौका पाएँ । २०२९ सालको कुरा हो, तत्कालीन प्रहरी महानिरीक्षक डी.बी. लामाको समयमा प्रहरी बिभागले प्रहरीका बाल बच्चाहरूलाई गुणस्तरीय शिक्षा दिने उद्देश्यले काभ्रे जिल्लाको साँगामा दीपेन्द्र प्रहरी आवासीय मा.बि. बनाउने नीति अनुरूप उक्त स्कूल बनाउनमा प्रहरी बिभागबाट म पनि खटिएको थिएँ । निर्माण स्थलमा गई शुरूमा हामी पाल टाँगी बस्यौ । जब निर्माण कार्य पूरा भई उद्घाटन सम्पन्न भयो । त्यसपछि मैले देवीप्रसाद उप्रेतीज्यूलाई भेटें । हजुरको प्रेरणाबाट अभिप्रेरित भई प्रहरी विभागले बनाएको उक्त स्कूलमा केही आफ्नो शारीरिक तथा मानसिक योगदान पुऱ्याउन सकेको हुँ भनी उहाँलाई मैले भन्दा उहाँ मप्रति अझ उत्सुक हुनुभयो ।

केही समयपछि उहाँ काठमाडौं आउनु भयो । उक्त स्कूल हेर्न मैले उहाँलाई साँगा लिएर गएँ । उहाँले घुमि घुमी उत्सुकतापूर्वक हेर्नु भयो । त्यसपछि तत्कालिन प्रहरी महानिरीक्षक डी.बी. लामासंग भेट गर्नु भई सो उत्साहजनक कार्यप्रति प्रहरी बिभागलाई धन्यवाद पनि दिनु भयो । अंचल अंचलमा समेत यस्ता स्कूल पुऱ्याउनु पर्ने कुरा उहाँले त्यस अवसरमा बताउनु भएको थियो ।

समय आफ्नै गतीमा अनबरत छँदै थियो । उहाँको जीवन उत्तरार्द्धका अन्तिम घडीमा जब उहाँ अस्पतालको शैय्यामा हुनुहुन्थ्यो । त्यससमय त्यस्ता महान् अदर्श पुरूषप्रति सानो सेवा गर्ने मौका मलाई पनि प्राप्त भयो । त्यस छोटो सत्संगमां अस्पतालको शैय्याबाट नै मलाई भन्नु भएको उद्गार मलाई सदासर्बदा याद आईरहन्छ । कुरो के भने आफूले जीवनमा आर्जन् गरेको श्रीसम्पत्तिको केही न केही अंश जन्मस्थानमा शिक्षाको लागि खर्च गर्नु हाम्रो कर्तव्य हो भनिरहनुहुन्थ्यो । आज हामी माझ यस्ता शिक्षा अनुरागी प्रेरणको श्रोत शारीरिक रूपमा हुनुहुन्न ता पनि मेरो काममा उहाँबाट अभिव्यक्त वचन गुन्जिरहेका छन् ।

यसरी मेरो जीवनको बाल्यअवस्थादेखि प्रेरणाको स्रोत बन्न पुग्नु भएका स्व. देवीप्रसाद उप्रेतीज्यूको शिक्षाप्रतिको उच्च आदर्श र त्यागले मलाई प्रभावित बनाइरहेको छ । यस स्मृति ग्रन्थमार्फत म उहाँप्रति भावबिभोर हुँदै हार्दिक श्रद्धाञ्जलि अपर्ण गर्दछु । उहाँका वचनको पालना गर्न सकुँ यही नै मेरो लागि उहाँ प्रतिको आदर सम्मान हुँनेछ भन्ने मैले ठानेको छु

बिशालनगर, काठमाडौं

देवीप्रसाद उप्रेती र धर्म

- चन्द्रप्रसाद मैनाली

"देवीप्रसाद उप्रेती र धर्म" शीर्षकमा लेख तयार गर्नको लागि देवीप्रसाद स्मृति ग्रन्थ प्रकाशन समितिले जिम्मा दियो । साहित्यिक क्षेत्रमा कलम नचलाएकोले धार्मिक पक्षमा भए पनि लेख तयार गर्न निकै कठिनाइ भएको छ । जुन अवस्थामा यो लेख तयार हुनु पर्दथ्यो त्यो हुन सकेको छैन । प्राप्त थोरै जानकारीको आधारमा यसलाई तयार गरिएको छ । यसको प्रमुख कारणमा अनुसन्धानको कमी र आवश्यक सामग्रीको अभाव पर्दछन् ।

देवीप्रसाद उप्रेतीको जन्म बिक्रम संबत १९६९ साल बैशाख १ गते तेह्रथुम जिल्लाको आठराई सिम्ले (हाल इवा गाउँ बिकास समिति वार्ड नं. २) मा भएको हो । उहाँका पिताको नाम रविलाल र माताको नाम लीलावाई हो । पिता रविलालका ससुराली आठराई इवा सिम्लेका मैनालीहरू भएको हुनाले उहाँ पनि त्यही ठाउँमा नै आएर बसोवास गर्न थाल्नु भयो । श्रीमती लगायत रविलालका सबै ससुरालीहरू श्रीकृण प्रणामी धर्म ग्रहण गर्नु भएको कुरा स्पष्ट हुन्छ ।

श्रीकृष्ण प्रणामी धर्मको चर्चा गर्दा त्यस समयमा पनि सो धर्म त्यस ठाउँमा कसरी पुग्यो भन्ने सम्बन्धमा केही लेख्न सान्दर्भिक ठहर्छ ।

कानपुरबाट तेह्रथुम आठराईको सिम्लेमा सर्वप्रथम पदार्पण गर्ने व्यक्ति मैनाली बलभद्र हुन । बलभद्रकी छोरी लक्ष्मीबाई अल्पायुमा नै बिधवा भइन् र उनी आत्मा शान्तिको लागि भौंतारिदै भारतको विभिन्न स्थानमा गइन् । त्यहाँ उनको श्रीकृष्ण प्रणामी संप्रदायका सन्तमहन्तसंग सम्पर्क भयो । जसको फलस्वरूप उनले आफूलाई श्रीकृष्ण प्रणामी धर्ममा समाहित गराइन् । त्यसपछि नेपालको चतरामा आएर बसोवास गर्न थालिन् । लक्ष्मीबाईका भाइहरू उनलाई खोज्दै त्यस ठाउँमा पुगे । दिदीलाई आफ्नो बासस्थानतिर फर्कन आग्रह गरे तर उनले स्पष्ट रूपमा भनिन् - मैले श्रीकृष्ण प्रणामी धर्म ग्रहण गरी अहिंसाव्रत लिएकी छु । तपाईहरू मांसहारी एवं हिंस्रक हुनुहुन्छ । त्यसकारण म जान्न । अनि भाइहरूले - "हामी पनि अबदेखि मासु खाने छैनौं" भनी दिदीलाई विश्वास दिलाएको हुँदा दिदी लक्ष्मीबाई पनि भाइहरूसंगै आठराईको सिम्लेमा गइन् । त्यस ठाउँमा एउटा श्रीकृष्ण प्रणामी मन्दिरको स्थापना गर्नुको साथै एउटा निश्चित क्षेत्रमा काटमार गर्न निषेध गरिन् । उनले "यस क्षेत्रमा काटमार गर्नेको कहिल्यै भलो नहोस्" भन्ने श्राप वचन व्यक्त गरेकी हुनाले आजसम्म पनि त्यस

ठाउँमा त्यस्तो कुनै किसिमको काटमार गरिएको छैन पनि । आठराईको सिम्लेमा लक्ष्मीवाईले स्थापना गरेको "श्रीकृष्ण प्रणामी मन्दिर" नै नेपालको सबै भन्दा पहिलो र पुरानो मन्दिर पनि हो ।

पिता माता र मावली सबै प्रणामी सम्प्रदायका अनुयायी भएकाले देवीप्रसाद उप्रेतीले पनि श्रीकृष्ण प्रणामी धर्म ग्रहण गर्नु भयो । यस धर्म सम्बन्धमा अझ बढी प्रेरणा त उहाँले आफ्नी आमा लीलावाईबाट नै पाउनु भएको थियो । यसकारण पनि देवीप्रसाद उप्रेती श्रीकृष्ण प्रणामी धर्मको कट्टर अनुयायी बन्न पुग्नु भएको हो । प्रणामी धर्मानुयायी भएको भए पनि उहाँ अरू धर्मलाई पनि समान आदर गर्नु हुन्थ्यो ।

देवीप्रसाद उप्रेती जुन सुकै ठाउँमा गएर बसोबास गरे पनि कसैले जानेर होस् वा नजानेर होस त्यस घरमा माछा-मासु ल्याएको थाहा पाएमा त्यो घर, ठाउँ छोडेर अन्त नै जानु हुन्थ्यो । या त त्यस घरलाई भत्काएर अर्को बनाउनु हुन्थ्यो । यसबाट उहाँको अहिंसावादिता र प्रणामी धर्मप्रतिको गहिरो आस्था प्रकट हुन्छ । प्रणामी धर्मालम्वी भएता पनि उप्रेती जातीय भेदभावको कट्टर बिरोधी पनि हुनुहुन्थ्यो भन्ने कुरा उहाँका घरमा राखिएको भान्से र अन्य कामदार तल्लो वर्गका कामी, दमाई भूजेल आदि भएबाट स्पष्ट हुन्छ । यसै सन्दर्भमा दार्जिलिङ्गको एउटा घटनालाई लिन सकिन्छ - २००७ सालको क्रान्तिभन्दा अगाडि दार्जिलिङ्ग बसोवासको समयमा धेरै बिद्वान् एवं राजनीतिज्ञहरूसँग बिभिन्न बिषयमा छलफल हुने गर्दथ्यो । छलफलको क्रमका जनै लगाउने र नलगाउने सम्बन्धमा बहस भयो । "मानिस सबै एकै हुन् कुनै भेदभाव रहदैन" भन्ने टुंगो लागे पनि उहाँले कहिल्यै जनै लगाउनु भएन ।

देवीप्रसाद उप्रेतीमा सामाजिक भावना जस्तै धार्मिक प्रवृत्ति भएकोले विभिन्न धार्मिक सम्प्रादायको लागि उहाँले जग्गा र नगद दान दिनु भएको छ । आठराईको इवा सिम्लेमा रहेको फुगुवा मन्दिरलाई त्यस ठाउँको आफ्नो घरवारी र खेत दिनु भएको छ भने श्री कृष्ण प्रणामी मन्दिर चारपानेलाई नौ बिगाह दश कट्ठा, झापा शिवालयला दुई बिगाह, शारदेश्वर शिवालयलाई एक बिगाह बाह्र कट्ठा र सुरूङ्गा शिवालयलाई एक बिगाह जग्गा दान दिनु भएको छ । त्यस्तै कालिङपुङ, सतना (भारत) इटहरी (नेपाल) आदि स्थानमा रहेका मन्दिरलाई सालै पिच्छे नगद दान दिने गर्नु भएको कुरा पनि कसैबाट छिपेको छैन ।

उहाँले आफ्नो जन्मस्थल तेह्रथुम आठराइको इवा सिमलेमा जीवनको अन्तिम यात्रामा निजानन्द आश्रम बनाउनें शुरू गर्नु भएको कार्य हाल अधुरो अवस्थामा छ । निजान्द आश्रमले विज्ञान क्याम्पस चलाओस् भन्ने उहाँको अन्तिम इच्छा थियो । यो कुरा भान्जाबाबू श्री गंगाप्रसाद प्रसाईलाई वीर हस्पिटल काठमाडौंबाट उहाँले लेखेको पत्रबाट स्पस्ट हुन्छ । पत्रको एक अंश यस प्रकार छ -

जन्मेको ठाउँमा गर्न थालेको काम अधुरै रहला । श्री निजानन्द आश्रमको स्थापना भएको छ । आश्रमले विज्ञान क्याम्पस चलाओस् भन्ने मेरो इच्छा । चाँजो मिलाउत्त समय लाग्ने । कालले उछिन्ने हो कि ? कार्यवाहीले समयले बताउला।

देवीप्रसाद उप्रेतीले धर्म सम्वन्धी प्रसस्त लेख, भजन आदि लेख्नु भएको छ । तर ती सबै अप्रकाशित छन् । कुनै पनि लेख, निबन्ध, कथा, कविता, भजन र चिठीहरू लेख्न श्री गणेश गर्नुभन्दा पहिले 'श्री परम आत्मा परम नमः' लेख्ने गर्नु हुन्थ्यो भन्ने कुरा उहाँको निजी डायरी लेखिएका लेख र चिठी पत्रादिबाट थाहा हुन्छ । "श्री कृष्ण प्रणामी धर्म" सम्वन्धी लेखिएका भजनहरूको केही अंश:

"हामी प्रणामी, हामी प्रणामी !!
हाम्रो धर्म प्रणामी, हाम्रो धर्म, प्रणामी !!
हामी प्रणामी, हाम्रो कर्म प्रणामी
मनुष्यको सेवा गर्नु हाम्रो धर्म हो
सेवा गर्ने सिकाउँछ हाम्रो धर्मले
मनुष्यको भेदभाव राख्नु हुँदैन
भेदभाव राख्यो भने त्यो प्रणामी होइन ।
मनुष्यको आचरण शुद्धमात्र होइन,
पवित्रता हुनु पर्छ आचरण भित्र,"

३३ क ९४३।९।१०।५ को राति १ बजे ।

यस्तै अर्को भजनको एक अंश:
साँचा सत्य अँगाल्न भाइ
परम तत्व त्यो मनमा राख
छुट्न नदेऊँ कृष्ण करिम

२०४४।२।५।२ मा

यसरी देवीप्रसाद उप्रेतीले एकातिर कृष्ण प्रणामी धर्म सम्वन्धी प्रशस्त लेख्नु भएको छ । अर्कोतिर उहाँ प्रणामी धर्मका धर्म ग्रन्थ "वितक स्वरूप" का गहन अध्येयताका रूपमा पनि हुनुहुन्थ्यो । अध्ययनका क्रममा उहाँले कठिन शब्दको अर्थ लेखि शब्द भण्डार तयार गर्न थाल्नु भएको थियो ।

समग्र रूपमा देवीप्रसाद उप्रेती सामाजिक राजनैतिक एवं साहित्यिक व्यक्तित्वका रूपमा जति अग्रणी हुनुहुन्छ, धार्मिक व्यक्तित्वका रूपमा पनि त्यति नै परिचित हुनुहुन्छ ।

सुरुङ्गा -९ झापा

देवीप्रसाद उप्रेतीसँग नजिक बस्ता

- त्रिलोचन संग्रौला



देवीप्रसाद उप्रेतीको नाम २०१६ सालतिर सुनेको । उहाँ बस्नु भएको स्थानभन्दा अलिक टाढा होडा गाउँमा आफ्नो घर भएकाले प्रत्यक्ष सम्पर्क हुन सकेन । आफ्नो बाल्य अवस्थाको कारण र देवीप्रसादज्यूले निर्माण गरेका विद्यालयमा पठन-पाठन गर्न गरीबीको कारण इत्यादि अप्ठ्याराहरूबाट प्रत्यक्ष सर्म्पक हुन नसके पनि श्री पोखरी हाइस्कूल निर्माण गर्न ठूला शिक्षासेवी देवीप्रसाद उप्रेती आउनु भएको छ भनेर अरू इस्टमित्रहरूले कुरा गरेको सुन्न पाइरहिन्थ्यो । २०१६ सालतिर नै हो महिना गते याद आउन सकेन । बिहान उठेर बारीतिर घाँस काट्न जाँदा मेरा बारीकै छेउमा तीनघरे भन्ने चौतारो र त्यसैको छेउमा पानीको कुवा थियो । त्यो कुवामा बिहानै गाउँघरबाट पानी लिन डोकामा र काखीमा गाग्रा बोकी जम्मा हुनुभएका गाउँघरका आमा दिदीहरू निकै ठूलो स्वरमा बोलेको सुनें । त्यसपछि के रहेछ भनेर म पनि पँधेरातर्फ लाग्दा आज पोखरी स्कूल आगो लागी भएर सबै समाप्त भयो रे । कसले डढायो थाहा छैन । त्यत्रो त्यती राम्रो स्कूल कुन अपराधीले आगो लगाई दियो हामी गरीबका छोराछोरी पढ्न पाउने थियौं । नाश भयो भनी पँधेरामा जम्मा भएका आमा दिदीहरूले सुनेपछि आफूलाई पनि सारै दुःख लाग्यो र पनि आफ्नो बाल्य अवस्थाले गर्दा सबै कुरा बुझ्न सकिएन । त्यसपछि कुरा सुनिदै गयो । पोखरी स्कूल त देवीप्रसाद उप्रेतीले दार्जिलिङ्गदेखिका मिस्त्री लगाई झन् राम्रो बनाउन सुरू गर्नु भयो । स्कूल तैयार भएपछि हेर्न जाँदा त अतिराम्रो काठको स्कूल भवन खरले छाएको हेरिरहौंजस्तो आकर्षक भवन देख्न पाइयो । आफ्नु मन ज्यादै हर्षित भयो । पछि गएर सोही भवन पनि आगोलागी भएर नस्ट भएको खबर सुनियो यस्तो खबर सुनेपछि सबै गाउँघरका सबै साधारण मानिसका आँखाबाट आँसु झरे । मलाई पनि अति दुःख लाग्यो । त्यसपछि देवीप्रसादज्यू बस्नु भएको गौरीकुञ्जको लामो कोठै कोठा भएको भुँई घर पनि आगलागी भयो । यसरी लगातार ३ पटक आगो लाग्दा पनि कति विचलित नभै त्यस क्षेत्रका सबै साना ठूला गरीब धनी जन समुदायको सहयोगबाट ठूलो धनराशी आफूले पनि खर्च गरी आफ्नु जग्गा जेथा दिएर त्यस ठाउँमा ठूलो भवन पुनः निर्माण गर्नु भयो । देवीप्रसाद उप्रेतीज्यूको भावना साना ठूला सबै एकै हुन्, सबैका छोरा छोरीले उचित शिक्षा पाउनु पर्छ । शिक्षा व्यवसायमूलक हुनुपर्छ जस्ता कुराले प्रेरित हुनुहुन्थ्यो । म पनि घरको अवस्थाले गर्दा त्यसै घर गाउँमा अलमलिरहेको

थिएँ । २०२५ सालको हिउँदमा मैले श्री सरस्वती प्रा.वि. होडाको शिंक्षक पदमा नियुक्ति पाएँ । यसरी आफू पनि शिक्षा क्षेत्रमा संलग्न हुँदा अझ शिक्षामा योगदान दिने व्यक्तिको जानकारी हुन आउने नै भयो । अनि थाहा भयो । त्यस प्रा.वि.लाई पनि ५-बिगाहा जग्गा दान दिनुभएको छ अरे झापामा भन्ने सुनें । तर त्यसको व्यवस्था राम्रो नभएको भन्ने पनि जानकारी हुन आयो । देवीप्रसाद उप्रेतीले धेरै स्कूलहरू निःशुल्क हाल मा.वि. घैलाडुब्बा झापा श्री पोखरी हाईस्कूल कक्षा पाँचसम्म निःशुल्क श्री प्रणामी विद्यालय सिम्ले इवा आठराई हाल प्रणामी मा.वि कक्षा सातसम्म निशुल्क चलाएको कुरा सुनेको थिएँ ।

त्यसबखत म आफूले पढाउने सरस्वती प्रा.वि होडा कक्षा२ सम्म निःशुल्क कक्षा तीनदेखि पाँचसम्म फि लाग्ने थियो भने देवीप्रसादज्यूका शिक्षाप्रतिको प्रेरणाले म आफूलाई पनि घचघच्यायो । त्यसै बेला सञ्चालक समितिको गठन हुँदा समितिको सचिव म आफू बनें । त्यसपछि जिम्मेवारी आफूलाई बढेको हुँदा देवीप्रसादज्यूले दान दिएका जग्गाको आयस्ता संगाल्दा र केही आर्थिक (चन्दा) संकलन गर्न म झापा झरें । सबै विस्तार गरेपछि स्कूल निःशुल्क चलाउने कुरामा सारै खुशी हुनु भयो र भन्नु भयो - मैले दिएको जग्गा डाँगीबारी तिन मा पर्छ । प्रधानपञ्चहरू सुरुङ्गा र डाँगीबारीका भेला गर्नु अनि जग्गा छुट्याउँला भन्नु भयो । यसो भन्नु भएपछि सोहीअनुसार गरी दुवै गा.पं.का प्रधानपञ्च बोलाएर डाँगी बारी तिनमा देवीप्रसादज्यू समेत भद्र भलाद्मी भेला हुनु भयो । यो २०२८ साल माघ महिनाको कुरा हो । संयोगबस त्यस दिन राजा महेन्द्र स्वर्गारोहण भएको दिन परेछ । आज नगरौं भनेर श्री देवीप्रसाद उप्रेतीज्यू उठेर घोडा चढी घरतर्फ फर्कनु भयो । त्यसपछि हामी पनि आ-आफ्ना बासतर्फ लाग्यौं । पछि जग्गा छुट्याई आर्थिक संकलन गरी सो प्रा.वि. निःशुल्क सञ्चालन गरियो । त्यस समयदेखि देवीप्रसादज्यूसँग नजिक हुँदै जाँदा २०२९ सालदेखि म श्री पोखरी हाइस्कूल आठराईको शिक्षक हुन पुगें । देवीप्रसाद उप्रेतीज्यूले दान दिनुभएका जग्गाहरूको २०२९ सालको आयस्ता लिन त्यस बखतका सेक्रेटरी तथा शिक्षक श्री कृष्णप्रसाद ओलीजी र मलाई विद्यालयले झापा खटायो । आयस्ता लिन आए र कुरा गरिसकेपछि आठराई तिरैबाट केही मित्रहरू आई देवीप्रसाद उप्रेती ज्यूलाई भनेछन् । पञ्चायत व्यवस्था समाप्त पारेर आफ्नु सरकार स्थापना गर्नुपर्छ भन्नेमा छन् । स्कूलमा भएका अन्य शिक्षकहरूलाई पनि वारेन्ट छ । यस्तो सुनेपछि देवीप्रसादज्यूले आयस्ता तत्काल दिन इन्कार गर्नु भयो । हामीलाई पैला नै थाहा थियो । प्र.अ. सूर्य कन्दङ्वा र म कृष्ण ओली, रामचन्द्र मैनाली, गंगा प्रसाद उप्रेती, तेजबहादुर कन्दङ्वा तत्कालीन प्रधानपञ्च भीमराज कन्दङ्वा लगायतका अन्य साथीहरूलाई वारेन्ट भएको । यसपछि आठराईका हामी सबै ३२ जना साथीहरू तितर बितर भयौं । यसरी भूमिगत र जेल यातना भोगिसकेर बाहिर आएपछि विद्यालयकै कामले पुनः २०३३ सालदेखि देवीप्रसाद ज्यूसँग नजिक बस्ने अवसर प्राप्त भयो । देवीप्रसाद उप्रेतीज्यूले दानदिनु भएका १३ थुम जिल्ला, इलाम र झापा जिल्लाका गरी २९ वटा विद्यालयहरूलाई जग्गा दान दिएर समाजसेवामा ठूलो योगदान दिनु भएको र अन्य मठ मन्दिरहरूलाई पनि जग्गा दान

दिनुका साथै धेरै नगद दिनुभएको कुरा बुझ्ने मौका मिल्यो । देवीप्रसादज्यूले आदर्श विद्यामन्दिर मा.वि घैलाडुवा कक्षा १० सम्म आफ्नो र केही इस्टमित्रको थोर बहुत सहयोगबाट निःशुल्क सञ्चालन गर्नुभएको श्री पोखरी हाइस्कूल आठराई दशलाख जति भारु रकम २०१६ सालदेखि २०२१ सालको बीचमा खर्च गरी जमिन २१३-६-५ मध्ये २२ बिगाहा आफ्नै भान्जा र सहयोगी साथीबाट दान गराई त्यस क्षेत्रको शिक्षा विकासमा ठूलो योगदान गर्नु भयो । आफ्नु जन्म घर आठराई सिम्लेमा प्रणामी विद्यालय (हाल मा.वि) निःशुल्क स्थापना गरी सञ्चालन गर्नु भयो । त्यस्तै करफोक विद्यामन्दिर, मेची क्याम्पस लगायतका उनन्तीस संस्थालाई आफ्ना परिवारको जग्गा बिगाहा ८५४-४-० जग्गा दानस्वरूप दिनुभयो । पहाड सिम्ले घरखेत प्रणामी विद्यालयलाई र फुँगुवा कृष्ण मन्दिर, चारपाने कृष्ण मन्दिर, झापा शिवालय, सुरुङ्गा शिवालय, र शारदेश्वर शिवालय समेतलाई जग्गा बिगाहा १५-०-० दान दिनु भयो । अन्य धार्मिक संस्थाहरूलाई धेरै धेरै नगद दान दिनु भयो ।

यसरी पूर्वाञ्चलकै एउटा दानबीर कै रूपमा स्थापित हुनुभएका श्री उप्रेती यो काम मैले गरेको भनी जस लिन कहिल्यै अघि सर्नु भएन । पदलोलुपतातिर कहिल्यै लाग्नु भएन । यसरी काम गर्ने सामाजिक व्यक्तित्वलाई २०३५ सालतिर सरकार को विरोध गऱ्यो, त्यस्ता कामका सहयोगी यिनीहरू पनि हुन् भनी म समेतलाई राजनीतिक आरोप आयो । उजुरी राजाकोमा परेछ । त्यो अवधिमा उहाँले दान दिएका जग्गाहरू केही दर्ता हुन रहेकोले म तेह्रथुम जिल्लाका शिक्षण संस्थाका नाममा उहाँले दान दिनु भएको जग्गा ती संस्थाका नाममा मैले दर्ता गराउन लागेको जग्गा बिगाहा १५०-०-० दर्ता गराई शिक्षण संस्थालाई बलियो बनाउने काम पनि भैरहेको अवस्थामा दातासँग बढी सम्पर्क हुने काम भएकोले तत्कालको व्यवस्थाको बिरुद्धमा मेरो नाम समेत समावेश गरेका होलान् । तर उप्रेतीज्यू जस्तोसुकै समस्या आइ परे पनि कहिल्यै पछि नसर्ने उहाँको साहस थियो । देवीप्रसाद उप्रेतीज्यूबाट जति शिक्षण संस्थालाई जग्गा जमिन दान भयो ती सबै जमिनको दान-पत्र ससर्त भएको हुनाले शिक्षण संस्थाहरूले सर्तअनुसार काम गरून् भन्दा केही संस्थाले ठीकै स्वीकार गरे । केहीले अस्वीकार गरे तर सर्त नराम्रो चैं पक्कै होइन । जग्गाबाट प्राप्त आम्दानी बैंक मुद्दती खातामा विद्यालयकै नाममा अक्षय कोषमा राखी सोको ब्याजबाट भौतिक विकास निर्माण गर्नु सावा नमास्नु पछि गएर साल सालको आयस्ता जम्मा भई ठूलो धनराशी विद्यालयलाई प्राप्त हुन सक्छ । यसबाट विद्यालयको अन्य प्रगतिहरूमा चिसोपन पनि आयो । यही चिसोपनको फलस्वरूप २०४४ सालमा राजाको पूर्वाञ्चल सवारीमा सबैभन्दा बढी जग्गा दान पाउने संस्था श्री पोखरी हाइस्कूलका त्यस बखतका निंरकुश शासन पञ्चायतका हिमायती हुँ भन्ने पञ्चको उच्च पदहरू समालेका मित्रहरूबाट सवारी शिविरमा उजुरी गर्नुभएछ । झापाको स्कूलको जग्गाको आयस्ता पञ्चायत समर्थक शिक्षकलाई नदिई बामपंथी शिक्षकहरूलाई मात्र दिएर झापाको आयस्ताले आठराईमा बामपन्थी राजनीति शुरू गरेका छन् भनी दाता उप्रेती र मलाई पनि उजुर पारेछन् । मलाई पन्ध्र महिना ४ जिल्लामा वारेण्ट काटियो । घर छाडी भूमिगत हुन

बाध्य हुनु पऱ्यो । जग्गा दाता समस्यासँग जुधिरहनु भयो । त्योभन्दा अलिक अगाडि पनि २०४२ सालमा पोखरी मा.वि. आठराईको रजत जयन्ती समारोहमा जाँदा सोही किसिमको उजुरी भएछ । देवीप्रसाद उप्रेतीज्यू, मदनकुमार थापाज्यू, जसमा पोखरी हाइस्कूलका संस्थापक प्र.अ लाई, प्राध्यापक श्री गंगाप्रसाद उप्रेतीजी र मलाई प्रहरीले पक्राउ गरी आठराईका थानामा सी.डी.ओ.को सामु पुऱ्यायो । जसमा आरोपहरू झापाबाट आएर आठराईमा राजनीति गरे भन्ने रहेछ । यस किसिमका सजिला अप्ठ्यारा पार गर्दै मैले पूर्णरूपमा सहयोग गरें । मैले गरेको सहयोग भनेको उहाँको व्यक्तिगत व्यवहारलाई नभै शिक्षासेवी समाजसेवी ठूला दानवीर भनेर उहाँबाट दान पाउने शिक्षण संस्थाको लागि गरेको हुँ - उहाँ भन्ने गर्नुहुन्थ्यो । धनी गरीब समान बनाउने बाटो व्यवसाय मूलक शिक्षाबाटै हुन्छ । जसमा निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्छ र मात्र गरीबका छोरा- छोरीले पढ्न पाउछन् । उप्रेतीज्यूको सो भावनाबाट प्रेरित भई शिक्षा क्षेत्रमा सहयोग गरेको छु । त्यस ठाउँका जनविरोधीहरूले त्यस बखत जेजस्तो व्यवहार गरे पनि कत्तिपछि नसरी देवीप्रसाद उप्रेतीज्यूले आफूलाई जीवन भर सामाजिक सेवामा समर्पित गरिरहनु भयो । त्यसैले उहाँ आफ्नो समयका अत्यन्त उच्च आदर्श र बिचार भएका एक महान् शिक्षासेवी तथा जनप्रीय प्रतिभा हुनुहुन्थ्यो । भन्ने कुरा उहाँ र उहाँका योगदानलाई जान्ने सबैलाई विदितै छ । उहाँको अन्तिम अवस्था जसमा बोली राम्रो नबुझिने बेलामा १०४९ आषाढ ११ गते दिनको पौने एक बजे उहाँका साथमा म प्राध्यापक गंगाप्रसाद उप्रेती, सांसद सी.पी.मैनाली, दीर्घराज कोइराला, कुलप्रसाद मैनाली , श्रीमती, कुलप्रसाद मैनालीकी छोरी समेत र उहाँका परिवार श्रीमती नर्मदा उप्रेती छोरा डिल्लीप्रसाद उप्रेती, दुर्गाप्रसाद उप्रेती सेवा गर्ने मालिराम दास र सानो मालीरामको छोरा उहाँका भान्जा समेत हुनुहुन्थ्यो । मृत्युले लान घण्टी बजाइरहेको अवस्थामा पनि उहाँ भन्नु हुन्थ्यो - मैले दान दिएका शिक्षण संस्थाको जग्गा जेथा राम्रोसँगले सुरक्षित होओस् । नियम कानून बनोस्, मेरो जन्म ठाउँ सिम्ले आठराईमा पनि मैले थालेको काम पुराहवस्, त्यो काम भनेको शिक्षासम्बन्धी काम नै थियो । मेरा सामाजिक काम तपाईहरूका जिम्मा भन्दाभन्दै सबै काम हुन्छन् । प्रधानमन्त्रीले गरिदिनु हुन्छ । फिक्री नगर्नु होस् भनी दीर्घराज कोइराला विदा हुनुभयो । अरू हामी त्यहाँ छेउमा कुरा गर्दै थियौं । एकै छिनपछि एक बज्न ५ मिनेट बाँकी छँदा बोल्दाबोल्दै पूर्वाञ्चलका एउटा उज्यालो तारा अस्ताए ।

आठराई
हाल घैलाडुबा झापा

देवीप्रसाद उप्रेती - समाजसेवा र सामाजिक दायित्व

बन्दना उप्रेती

मेरो प्यारो बुबाज्यूको संझनामा आज जुन कुराहरू देखें, बुझे ती संझनाहरू कागजमा लेखिरहेकी छु । लेख्ने अभ्यास नभएकाले शैली नमिल्न सक्ला तैपनि मैले बुबाज्यूले गर्नु भएको कामको मूल्यांङकनर यो समाजले उहाँप्रति गरेको दायित्व संझदा समाजसेवा गर्नु ठीक हो वा होइन छुट्याउन सकिरहेकी छैन ।

मेरो बाल्यकालमा देवीप्रसाद उप्रेतीले समाजमा चलेका कुरीति, कुसंस्कार आदिको विरोधमा जुन पाराले काम गर्नुहुन्थ्यो त्यो हेर्दा सामाजिक सेवा होइन समाज विरोधी काम गरेको भान हुन्थ्यो । हाम्रो समाजमा जातपात छुवाछुतको जुन परम्परा आहिलेसम्म विद्यमान छ त्यसको विरोधमा उहाँको भान्सामा भान्से कामीरहन्थ्यो । जमिन्दारको घरमा आएका पाहुनाले खान बाध्य हुनुपर्थ्यो । त्यसबेलार हाल पनि यो समाजले त्यो कुरा स्वीकार्दैन भने उहाँ समाजविरोधी या समाजसेवी ?

त्यसबेला समाजका ठालू भनेका धनीमानी मानिस जसको बोलबाला हुन्थ्यो तिनीहरूको थिचोमिचो हुन्थ्यो, तिनीहरूको विरुद्धमा आफ्नो पैसा खर्च गरेर स्कुल आदि संचालन गरी निःशुल्क शिक्षा दिएर ती तल थिचिएका मानिसलाई आँखा देख्ने बनाएर थिचोमिचोबाट जोगिन सक्ने बनाउने ती ठालूहरूका निम्ति अर्थात त्यसबेलाका समाजका निम्ति समाज विरोधी काम नै हुन्थ्यो भने त्यो समाजसेवा या विरोध ?

मैले बुझेसम्म देवीप्रसाद उप्रेतीले सामाजिक सेवा निःस्वार्थ भावनाले गरेको देखेकी छुर उहाँ भन्ने गर्नुहुन्थ्यो- "स्वार्थ सहितको सेवा सेवा होइन ।" उहाँले जति काम सामाजिक सेवाका नाममा गर्नुभयो, त्यो आफ्नो नाम कमाउने आंकाक्षाले होइन । जसरी आज आफ्नो नाम कमाउन आफ्ना नामबाट पुरस्कारको घोषणा गरिन्छ त्यो सेवा होइन सायद देवीप्रसादको यो पनि गल्ती होला त्यसैले समाजले देवीप्रसादले गरेको सेवा स्वीकारेको छैन कि ?

शिक्षाका क्षेत्रमा मलाई थाहा भएसम्म देवीप्रसाद उप्रेतीले गरेको लगानी पूर्वाञ्चलमा ज्यादै ठूलो मानिन्छ । त्यही परिवारको सदस्य भएको नाताले म के देखिरहेकी छु भने सायद यसरी सेवा गर्नु देवीप्रसादको भूल हो कि किनभने जुन समयर सम्पत्ति यो समाजमा सामाजिक कामका लागि देवीप्रसादले दान गर्नु भएको थियो एउटा सफार स्वच्छ उद्देश्यराखेर जुन कुरा उहाँले आफ्नो दान पत्रमा स्पष्ट उल्लेख गर्नुभएको छ ती कुनै कुराको पालना भएको मलाई थाहा छैन । विभिन्न शिक्षण संस्थाका सम्पत्ति हिनामिना भएका छन्, दुरूपयोग भएका छन् । त्यसकोरेखदेख अब कसले गरिदिने ?

या हामी पर्खेर बसौं या फेरि अर्को देवीप्रसाद जन्मन्छर त्यसलाई सम्हालेर लान्छ । त्यो सम्पत्तिको संरक्षण गर्न श्री ५ को सरकारलाई (हिजोको अवस्थामा श्री ५ महाराजाधिरजलाई समेत)र हिजोको सरकारर आजको सरकार सबैलाई सम्हाली दिनुहोस् भन्दा पनि आजसम्म कुनै सुनुवाई भएको छैन, सायद भिख माग्ने बानी परेको मान्छेले आफूले आफ्नो सम्पत्ति सम्हाल्नै जान्दैनर हो कि ?

सतीको श्राप परेको देशमा समाजसेवा पनि अभिशापभित्रै पर्छ कि। यति हुँदा हुँदै पनि सायद मेरो बुबाज्यूको प्रेरणाले सामाजिक सेवा गर्ने प्रेरणा मलाई पनि जागेर आउँछ तर यो ठीक हो वा होइन, मैले आफैंले छुट्याउन सकेकी छैन ।

परमआदरणीय बुबा श्री देवीप्रसाद उप्रेतीज्यूको संझनामा

- चन्द्रा राई

म आज जुन ज्ञानको उच्चतामा छु त्यहाँ पुग्न उपदेश दिने ज्ञानको मार्गमा डोऱ्याउने पुजनीय स्वर्गीय श्री देवीप्रसाद उप्रेतीज्यू हुनुहुन्छ । उहाँको स्मृति ग्रन्थको प्रकाशनका अवसरमा आफ्ना दुई शब्दले आत्माविभोर गर्न ज्ञान, दर्शन, चिन्तन र प्रेरणाहरूलाई हृयदगम गरी उहाँको समाजसेवी स्वतन्त्रताप्रेमी, शिक्षाबिद् र सामाजिक अगुवाको रूपको उहाँको ब्यक्तित्वलाई सहज भूल्न नहुने कुरा सबै प्रियजनलाई अवगत गराउन चाहन्छु ।

हाम्रो सामु उहाँ हुनुहुन्न तर "ज्यान मर्छ व्यक्तित्व मर्दैन" भन्ने कुरा स्मरण गर्दै सत्कर्म, कर्मनिष्ठता, सहज, सरल र कोमल सहृदयको पुञ्ज उहाँको आत्माको चीर शान्तिको कामना गर्दै पुजनीय श्री देवीप्रसाद उप्रेतीज्यूको गोरेटोमा अरू पनि देखापरून् र जनपथ बन्दै राजमार्ग बनोस् भन्ने कामना व्यक्त गर्दछु ।

वीरेन्द्र अस्पताल
छाउनी, काठमाडौं ।

श्रद्धान्जली

मित्रप्रसाद उप्रेती

हिमालको उ वेग हो, मदेशको उ फाँट हो,
पहाडको उ गीत हो, स्वदेशको उ आँट हो,
उ विश्व हो, उ पुष्प हो, मदेशको उ दान हो ।
यो गीत आज सुन्छ को ?सुनेर बुझ्छ,रुन्छ को ?

२०४०।१४।४
उप्रेती निवास
बूढानिलकण्ठ

कालमाथि रहन्छ त्यो

(स्व. देवीप्रसाद उप्रेतीप्रति श्रद्धान्जलि)

मुकुन्दप्रसाद शर्मा

वर्लिदा रविको ज्योति कोशीको कूल कूलमा
छरियो नव आलोक हरियो वन फूलमा
कुनै पहाड थुममा सच्चा सन्तान जन्मियौ
सबै सुतिरहेकैमा तिमी बेहान जन्मियौ

हुरीमा नडगी बस्ने खरको झन् धुरी भयौ
गाउँले जनको प्यारो घरको माधुरी भयौ
कतै मुठी, कतै मानो, कतै पाथी, मुरी भयौ
झापामा भैदियौ पापा, पेट पेट पुरी भयौ

ज्ञान हो मनको अन्न, देहको अन्न धान हो
जसको पनि यो ज्यूनू जान्न हो अनि खान हो
भित्र बाहिरका ध्येय परिपूर्ण गराउने
मान्छेलाई दियौ पंख भए आकाश धाउने

ममताका तिमी माता, समताका पिता तिमी
नव सिर्जनका नाता यी राम रमिता तिमी
आजीवन हुँदै पानी मैला धब्बा धुँदै गयौ
मट्टीको कविता छानी धैलाडुब्बा हुँदै गयौ

ठूलो जहानका स्वामी, ठूलो जहाजका धनी
धेरै आधारका दानी थुप्रै आभारका मुनि
कैयौं रहस्यका खानी सयौं संभव -स्वीकृति
पहिचान नभै किन्तु सधैं धूमिल आकृति !

परिवर्तनको आशा उनको मनमा थियो
त्यसैको पूर्ण संकेत स्वयं जीवनमा थियो
यथार्थभित्र आदर्श फूलभित्र पराग झैं
नचिन्नु नामको दोष मेरो निम्ति छ दाग झैं

तिमीले नै बनाएका ज्ञानको यज्ञका थला
हेर्दछन् अल्मलाएर संध्यामा फूल-कुड्मला
सुगन्ध तर मर्दैन सृष्टिभित्रै बहन्छ त्यो
कमाल भै काष्ठा र कालमाथि रहन्छ त्यो

मेरो जिन्दगीमा टाँसिएका देवीप्रसाद उप्रेती

- भवानी घिमिरे



अनेक चित्रहरू सलवलाउँछन् , मनमा यस घडी । जिन्दगीको मेला कति व्यक्ति आए गए, इन्तुचिन्तु केही भएन । कतिले चाहिं जिन्दगीलाई अलिकति छोएर गए, छोए मात्र । कति चाहिं टाँसिएका छन् जिन्दगीमा, ती सायद जीवन पर्यन्त टाँसिन्छन् । यसरी जीवन पर्यन्त टाँसिनेमा एकजना हुन् देवीप्रसाद उप्रेती । देवीप्रसाद ठूला विद्वान थिएनन्, उनी ठूला साहित्यकार पनि होइनन्, उनलाई अजङ्गको राजनेता पनि भन्न मिल्दैन । उनी स्वनिर्मित (Self made) मान्छे हुन् । उनी व्यवहारिक थिए त्यत्तिकै -जग्गा जमीन, जायजेथा, खेत खलियान, लेनदेन सबैथोक भएका तर निस्पृय उत्तिकै । उनलाई प्रजातन्त्र नभै भएन र राणा निरंकुशताको विरोधमा लागे, त्यसका निम्ति निर्वासन पनि भोगे - दार्जीलिङमा । उनले चिताएको पुग्यो, क्रान्तिको फत्ते भयो -फत्तेबहादुर, मानबहादुर र अरू बहादुरहरू पनि थिए । क्रान्तिको नाममा कत्तिका सिलिगुडी र दार्जीलिङमा घर ठडिए तर देवीप्रसादले क्रान्तिलाई नीजी लाभमा परिणत गर्नु गरेको थाहा भएन । बरू क्रान्तिको उद्देश्य पूरा नभएकोमा खिन्न भएर उनी शिक्षा प्रचारमा पूरै संलग्न भए । करफोक विद्यामन्दिरको स्थापनाका निम्ति महानन्द र नरेन्द्र बाँस्तोलालाई सहयोग गर्न अग्रसर भए । पोखरी हाईस्कूललाई सक्तो टेवा दिएर काँध थामे । घैलाडुवा हाईस्कूल निर्माण र संचालनका निम्ति लागि परे । भद्रपुरमा मेची महाविद्यालय शुरू गर्दाको ताका म र डा. हृषीकेश उपाध्याय गएर सहयोगको माँग गर्दा हामीलाई ठूलो हौसला दिएको प्रसंग स्मरण योग्य छ ।

मेची महाविद्यालयले पनि उनीबाट प्रशस्त टेवा पायो । उनले दिएको जग्गा अहिले मेची क्याम्पसको आयस्रोतको आधार भएको छ । देवीप्रसाद स्वाभिमानी, विचारशील र विवेकी मान्छेका रूपमा मेरो मनमा टाँसिएका छन्, टाँसिएर रहने छन् - जीवन पर्यन्त । सबैले खान लाउन र पढ्न पाउनु पर्छ भन्ने उनको धारण थियो । यही धारणाले नै घैलाडुवा स्कूलको स्थापना भएको हो । सो विद्यालयमा एस. एल. सी. सम्म निशुल्क पढ्न पाउने व्यवस्था गरिएको थियो । जग्गाको आधारमा अर्थ संकलन गरेर निशुल्क शिक्षाको व्यवस्था गर्ने पक्षमा चट्टान झै उभिए देवीप्रसाद र यसको विपक्षमा थिए उनका दाजु मेदिनीप्रसाद । यो कुराले आन्दोलनको रूप लियो । भाषाण, नारा, जुलुस र पर्चाबाजी भए । म यसमा पुरै संलग्न भएँ र केही पश्चात नै मेरो

र मदन थापाको नाममा वारेन्ट जारी भयो । म त्यतै गाउँतिर भूमिगत भएँ । यस कुराको तानातान निकै लामो समयसम्म चलिरह्यो । राजा महेन्द्रको सवारी रोकेर पनि निरीक्षण गराउने काम भयो । कसैको केही लागेन । राम्रै काम गरेको ठहरियो । देवीप्रसाद उप्रेतीजीको अग्रसरतामा यो काम सफल भयो । आफ्नो अडानमा टिक्न सक्ने जस्तै परिस्थितिमा पनि खुट्टा नलक्पकाउने र सबैसंग सरसल्लाह लिंदै काम गर्ने उहाँको स्वभावको जति प्रशंशा गरे पनि थोरै हुन्छ ।

त्यस्तै कवि गोकुल जोशीका बारेमा केही गर्नुपर्छ भन्ने हाम्रो सल्लाह भयो । मैले गोकुलको सालिक घैलाडुवामा राख्नुपर्छ भनी प्रस्ताव राखेको थिएँ । प्रस्तावलाई सहर्ष स्वीकार गर्दै देवीप्रसादको प्रतिउत्तर थियो - "कुरा त राम्रो हो तर शासन व्यवस्था सान्है असहिष्णु छ, प्रयत्न चाहिं गर्दै जाऔं ।" गोकुल जोशीको प्रतिमा बनाउने निश्चय त गरियो, तर काम भन्दा कुराको खैलाबैला बढी भयो । देवीप्रसादलाई प्रशासनले समातेर लग्यो । हामी चाहिं भागाभाग पऱ्यौं ।

देवीप्रसाद, शान्त, स्थीर, स्वाभिमानी, सरल र सालिन प्रकृतिका मानिस हुन् । धनसम्पत्ति भएर पनि अहंकार थिएन उनमा । कुनै कुरा पनि विचार गरेर, गमेर बोल्ने बानी थियो उनको । हतारमा काम गर्ने अनि फूर्सतमा पछुताउने उनको स्वभाव थिएन । कवि, लेखक, साहित्यकार र विद्वान विदुषीप्रति उनमा सम्मान र आदरभाव पाइन्थ्यो । गोकुल जोशीले एक दुई सवाल जवाफ गर्दा पनि देवीप्रसाद उत्तेजित भएको मैले देखिन ।

"भानु" को प्रकाशन शुरू गर्दा होस्, घैलाडुवा स्कूलको संघर्ष कालमा होस्, गोकुल जोशीका सर्न्दभमा होस् देवीप्रसादजी मेरो मनमा सदा सदाको लागि टाँसिएका छन्, जीवन पर्यन्त टाँसिएरै रहनेछन् । झापाको जिल्ला विकास सम्मेलनमा तथाकथित व्यवस्थावादीले म उपर शब्द प्रहार गर्दा होस्, प्रहरी, प्रशासनको डरधाक तेर्साउँदा होस् मलाई घरैमा पुगेर सान्तवना र साहस दिन्थे देवीप्रसाद । उनी दुई जिब्रे थिएनन् । उनी प्रशासनका अगाडि पनि खुलस्त भन्दथे - "यत्तिका बुद्धिजीवीको कुरा सुन्नुपर्छ हामीले ।"

भोलिका सन्ततिले एकादेशको कथा हालेर भन्नेछन् "एकादेशमा देवीप्रसाद उप्रेती भन्ने मानिस थिए, जो आफ्नो घर फुकेर पनि स्कूल चलाउँथे, जो आस्थाका मानिसलाई श्रद्धा गर्दथे । जो समाजको बेथिति माथि घोरिएर असमर्थहरूलाई समर्थ बनाउनु पर्छ भन्थे । जो महानन्द र गोकुललाई माया गर्थे । जो सातसालको क्रान्तिका योद्धा थिए, सायत उनी आगामी क्रान्तिका उपासक पनि थिए ।"

२०५४।१०।२७

कृति खण्ड

२००७ सालको क्रान्तिको सम्झना

साथी श्री एस. एल. शर्मा, भद्रपुरले ५/७ वर्षदेखि भेट हुँदा बारम्बार '२००७ सालको क्रान्तिको इतिहास लोप हुन लाग्यो, क्रान्तिमा संलग्न व्यक्तिको लेखाइले हामीलाई प्रेरणा मिल्छ' भनी घचघच्याई रहनुहुन्थ्यो ।

श्री वासुशशी, संचयका सम्पादक, काठमाडौंले पनि - "मेची विशेषांकको निम्ति, २००७ सालको क्रान्ति र त्यस क्रान्तिकालमा गठित 'सामयिक सरकार' का सम्बन्धमा केही लेखिदिनु पर्‍यो" भन्नु भएको थियो, म काठमाडौं गएको अवस्था २०४१ साल जेष्ठमा ।

लेख्ने कामलाई शान्त वातावरण र प्रफुल्ल चित्तको ज्यादै आवश्यकता पर्ने; त्यस्तो अनुकुल वातावरण जुटाउन सकिएन । लेख्न नथालेसम्म परिस्थिति आफैं मिल्न पनि नआउने र आज लेख्न बसें अनि सोच्न थालें ।

'२००७ सालको क्रान्ति' भन्ने बित्तिकै क्रान्तिसित गाँसिएका विभिन्न पक्षका तथ्यहरू आँखाअघि घुम्न थाले । लेख्न कहाँबाट सुरु गर्ने ? क्रान्ति सम्बन्धी विवरण ज्यादै लामो होला र क्रान्तिको सबै पक्षको सम्पूर्ण ज्ञानमा अपर्याप्त होला । यसैले संक्षेपमा लेख्ने प्रयास गरेको छु, लामो अवधि, झण्डै ३४ वर्षपछि । अझ त्यसभन्दा पनि अघिका घटनाक्रम सम्झनाका भरमा लेखिएको, कति कुरा बिर्सिएको पनि हुन सक्छ । त्रुटी भएकोमा क्रान्तिसित सम्बन्धित सज्जनहरूले सच्याउनु हुने र भूल भए क्षमा प्रदान गर्नु हुने आशा राख्तछु ।

राणाकालको एकतंत्री हुकुमी शासनले जनता र राजालाई कत्तिको पिरोलेको र बिरोलेको थियो भन्ने कुरा संक्षेपमा उल्लेख गर्नु अप्रासंगिक नहोला । नेपालभित्र नेपाली जनतालाई कुनै संघ-संस्था खोल्ने प्रजातान्त्रिक परिपाटीका कुरा त परै रहोस्, ठूलो हिम्मत गरेर सानो विद्यालय चाहिन्छ भनियो भन्ने पनि त्यो भनाइले राजद्रोहको संज्ञा पाउँथ्यो । जनतामा चेतना आएपछि एकतन्त्री शासन चलाउन पाइँदैन । यो त्रासले प्राथमिक शिक्षासम्म पनि बालक बालिकाले पाउने व्यवस्था मिलाउनु दण्डनीय थियो । जीविकाको निम्ति कुनै उद्योग धन्धा, कलकारखाना थिएन । रोजगारका नाममा २/४ पैसा जम्मा गर्न सक्ने र कठोर हृदय भएको व्यक्तिले लगानी गर्थ्यो । धनी झन् धनी बन्दै जाने र गरीब झन गरीब बन्दै सुकुम्बासी बनाउने, आर्थिक असमानताको खाडल झन् झन् फराकिलो पार्दै लैजाने यो एउटा मुख्य पेशा हो नेपालीको ।

देशभित्र रोजगार नपाएका नेपालीहरू प्रत्येक साल मंसिर लागेपछि वा दशैंपछि लगत्तै जीविका खोज्न भारतको आलमोडा, देहरादुन, लखनउ, दरभंगा, पटना, कलकत्ता आदि ठाउँमा कुल्लिगिरी गर्न र होटलको कान्छाबहादुर बन्न र दार्जीलिङ, आसामका चिया कमानमा कलम काट्न, चोइला काट्न, छुरी, फरूवा, बञ्चरो चलाउन जानु पर्ने बाध्यताले अंगालेको जीवन खेपेर जडाउरी बदल्ने, सरकारलाई तिरो तिर्ने पैसा जुटाउनु

पर्थ्यो । त्यसरी पनि गुजारा नचलेपछि बर्माको घनघोर जंगल फाँडेर जीविका चलाउन, प्राण रक्षा खातिर विदेशिएका नेपालीहरूको कहानी अलग्गै छ । जीविका खातिर बृटिश गोरखा फौजमा भरना हुन पाउनु त नेपालीको अहोभाग्य नै सम्झनु पर्छ । थिया कमानका निम्ति कुल्ली र गोरखा पल्टनका सिपाहीहरू गोटागन्ती कमिसनमा बेचिएका सरकारद्वारा । त्यसको कथा र व्यथा अझ व्यापक र छुट्टै छ । गोरखा पल्टनमा उन्नति गरेर धन सम्पत्ति र मान मर्यादा कमाउँन पाए भने उनीहरूमा चेतना आँउछ र सरकारको थिचोमिचो अन्याय र अत्याचार बुझ्न सक्ने हुन्छन् । अनि आफ्ना उपर आइलाग्न सक्ने छन् भन्ने त्रासले गोरखा पल्टनमा सुबेदारभन्दा माथिको दर्जा दिन नपाउँने बन्देज राणा सरकारले लगाएको । सुबेदार मेजर र लेफ्टिनेन्ट चाहिं अनरेरी दिइन्थ्यो, पैसा बिनाको (इज्जत) रित्तो- झोको ।

नेपालभित्र राणा बाहेक अरूले जंगीमा जनरल पदवी नपाउँने राणाले चाहिं जन्मने बित्तिकै जनरल् पदवी र खानकी, भत्ता पाउने । निजामति तर्फ डाइरेक्टरसम्म पनि राणाले नै हुनुपर्ने अरूले नपाउँने कानुनी छेकबार लगाएको थियो र कानुन चाहिं श्री ३ महाराजाधिराजका इच्छाधिनको म्याट्रिकसम्मको पढाइको हाईस्कुलका नाममा राणाका सन्तानमात्र पढाउँने दरबार स्कुल एउटैमात्र थियो - पटना युनिभरसिटीद्वारा परीक्षा कन्ट्रोल गरिएको । पछि श्री ३ महाराज चन्द्र शमशेरले त्रि-चन्द्र कलेज खोल्दा उद्घाटन पछि "आज राणा वंशवृक्षमा कुठाराघात गरियो" भनी राणा समुहमा खिन्नता व्यक्त गरिएको थियो रे । जागिरको ग्यारेन्टि त कसैको पनि छँदै थिएन । प्रधानमन्त्री श्री ३ महाराजलाई मन परेन कि जागिर खोसिनु मात्र होइन, सर्वस्व गरी माग्नु, देश निकाला हुनु र ५/१० वर्ष कैद हुनु साधारण कुरा जत्तिकै थियो । म सम्झन्छु - श्री राममणि, श्री भरतमणि आ.दी.हरूको बिल्लिवाठ भएका यस्ता घटना कति हुन् कति !

एकतन्त्री शासन पद्धतिमा जनपक्ष बलियो हुन नदिनु, जनजागृति रोक्नु, स्वतन्त्र संघ-संस्था खडा गर्न नदिनु, स्वतन्त्र विचारको अदानप्रदान हुन नपाउने गराउनु, राजनैतिक, आर्थिक अधिकार आफन्तले एकलौटी पाउने गर्नु, पारिवारिक अत्याचारको दोष सेवकहरू माथि थोपर्नु र उनीहरूलाई दण्ड दिनु, अधिकतम सुविधा चाटुकारहरूले पाउनु इत्यादि हुन्छ नै । जनताले यस्तो परिपाटीको राजकाजलाई जतिसुकै अवाञ्छनीय र निन्दनीय ठाने तापनि पारिवारिक एकतन्त्री जहानियाँ शासकले रूचाएको आवश्यकीय गुण त्यो ठहरिन्छ- शासकका दृष्टिमा र सामन्ती पद्धतिमा ।

जीविकाको खोजीमा भौतारिएर देश-विदेश चाहर्नु भन्दा पैताला चाटेर गुजारा चलाउँनु धेरै सुविधा ठहर्छ र त्यतापट्टि लागेर गुजारा गर्न बाध्य तुल्याइन्छ । अनि, चाटुकारहरूले त्यो परिपाटी देश र बेलाबखत, माटो सुहाउँदो ठीक छ भनेर अलाप्छन् नै । संघबद्ध बिनाको एक्लो अशक्तले यस्तोमा गुनासो पोख्नुबाहेक अरू के नै गर्न सक्छ र ? "संघे शक्ति कलौ युगे" भनेर ऋषिले बुझाएको बुझ्ने क्षमताको चेतना पल्टाउने बाटो नपाएपछि थिचोमिचोमा पर्नु स्वाभाविकै नै थियो । अत: यस्तै यस्तै अनैकौं अन्याय र अत्याचारको लामो मारमा परेर त्यसको स्पष्टबोध भएको व्यक्तिले आफ्नो असन्तोष-उद्गार पोखेर व्यक्त गरिएको भावना राजद्रोह ठहरिने नै भयो - यस्तो

परम्परा बसेका देशमा । यस्तै अत्याचारको चापको एउटा बिजाङ्कुर हो, श्रीखण्डमान सिंह, श्री खड्गमान सिंह, श्री मैनाबहादुर आदि युवकहरूले खडा गरेको "प्रचण्ड गोर्खा" जस्तो संस्था विक्रम सम्वत १९८७ सालतिर ।

जनजागृति पलाएको र जनअसन्तोष बढेको फलस्वरूप नै वि.सं १९९५ सालमा युवक टंकप्रसाद आचार्यको अध्यक्षतामा "प्रजा परिषद" ले जन्म पायो । क्रूर राणा शासकको क्रोधाग्निमा पोलिएर अमर शहीद बन्न पुग्नु पऱ्यो- वीर दशरथ चन्द, धर्मभक्त, गंगालाल र शुक्रराज शास्त्रीले । दामल, जन्म कैद, नेल-गलफन्दी समेतका यातनामा कठोर काराबास भोग्नु पऱ्यो - श्री टंकप्रसाद आचार्य, श्रीगणेशमान सिंह समेत धेरै सज्जनहरूले । नामावली कति लम्याउं ? यातना भोगेरै सयकडौं व्यक्तिले तकलिफ सहनु पऱ्यो । शासन सत्तामा समझदार व्यक्ति भइदिएन भने अर्थको अनर्थ हुन जान्छ । शासन हात लाग्ने बित्तिकै शासकले "मैले जे भने गरे पनि हुन्छ" भन्ने सम्झिदिन्छ । 'शासन पद्धति भनेको जनताको नासो हो' भन्ने कुरा पटक्कै सम्झिदिँदैन, भुसुक्कै बिर्सिदिन्छ । सचेत नागरिकले चाहिं "हाम्रो साझा सम्पत्ति (शासन पद्धति) धरौटको रूपमा शासकका जिम्मा नासो रहको छ" भन्ने कुरा जपिरहन्छ, बिर्सन सक्तैन - मान्दैन ।

दुई वर्षको अल्पकाल वि.सं. १९९७ सालमा प्रजा परिषदको अन्त्य गरियो भन्ने धारणा बनाएर राणा शासन निश्चिन्त रह्यो । समय बित्तै गयो । त्यस्तैमा आजन्म कैद गरिएका मध्ये गणेशमान सिंह (हीराकाजी) जेलबाट उम्केर बाहिर जानुभयो - ठूलो हिम्मत र साहसका साथ - प्रजा परिषदलाई संजिवनी पियाउन । त्यसताकाको सन्धि अनुरूप राणा शासकहरूका अनुरोधमा बृटिश भारतमा वारेन्ट भयो श्री सिंहलाई । कतै पनि बस्न सुरक्षा मिलेन । आफन्तले सिंहलाई चिनेन बिर्सिदियो । त्यसबेला - कृष्णबहादुर श्रेष्ठ उपनामले सिक्किमको पहाडी इलाकामा वरिष्ठ जमिन्दार श्री बाबुराम प्रधानका जिमिनदारीभित्र गाउँमा गुप्त भेषमा शिक्षक पेशा लिएर काल क्षेपण गर्दै रहनु पऱ्यो श्री सिंहले ।

विक्रम संम्बत २००१ सालतिरको कुरा हो । स्व. पूर्णबहादुर मानव (सम्मानीय राज सभासद) त्यतिबेला 'पू. बा. नेवा' नामले भारत दार्जीलिङको चाँदमारी टोलमा बस्नुहुँदोरहेछ - आर्य समाजी श्री कृष्ण प्रधानका आश्रयमा । मेरो पनि डेरा चाँदमारी टोलमा नै थियो - ७ रुपैयाँ मासिक किरायाको जीर्ण घरमा । मेरो त्यतिबेला त्यहाँ बस्नुको कारण साना नाबालक २ वटा छोरा मित्र र मणिलाई झापाको औलोबाट जोगाउनु र मेरा आश्रयमा रहने विद्यार्थीहरू श्री रामप्रसाद प्रसाईं, श्री हरिध्वज खत्री, श्री विमलध्वज खत्री, श्री चन्द्रप्रसाद उप्रेती, श्री हरिलाल उप्रेती यति ५ जनालाई प्राईभेट अध्ययन गराउँनु ।

समय र आफ्नो आर्थिक स्थिति सुहाउँदो विद्यार्थी पिच्छे भा.रु. २ मासिक दिने सर्तमा विद्यार्थीसंग बस्ने खाने गरी श्री पू. बा. नेवा नियुक्त हुनुभयो । उहाँका सहयोगी पहलमान (बलियो व्यक्ति) साथी लिएर । रहँदा बस्ता श्री पू. बा. नेवाज्यूको राजनैतिक विचारधाराको जानकारी हुन आयो - राष्ट्रियताले ओतप्रोत भएको । केही

मात्रामा उहाँको विचार मलाई पनि मन पर्‍यो । " .... १०० विद्यार्थीलाई मैले यहाँ तालिम गर्न पाएँ भने त्यसपछि ती विद्यार्थी लिएर म नेपाल पस्ने छु - राणाशाही खलबल्याउँन ...."भन्ने उहाँको जोशिलो उद्गार सुन्न पाइन्थ्यो । श्री नेवाजीका ३०/३५ विद्यार्थी पुग्दा २००७ साल आइहाल्यो ।

श्री कृष्णबहादुर श्रेष्ठ त्यतिबेला (२००१ सालतिर) राती हाम्रो डेरा चाँदमारीमा पुग्नु हुन्थ्यो - ढोका ढक ढक्याउँन । र, उज्यालो रिमरिम हुँदा फर्कनु हुन्थ्यो । २/४ दिन बस्नेगरी आउनु हुँदा विहानै चिया खाएर एउटा कम्मल अनि २/४ पुस्तक बोकेर फूलबारी (भिक्टोरीया गार्डेन) मा गएर एउटा जंगल कुना पटिको बगैंचामा, जंगलपटि मोहोडा पारेर दिन बिताउनु हुन्थ्यो - पुस्तक हेरेर नै । विहानको खाना विद्यार्थीले फूलबारीमा नै लगिदिन्थे । बेलुका रात परेपछि फिर्नुहुन्थ्यो । तीन वर्षभित्र चाहिं बीच बीचमा बखत बखत आवत जावत गर्दा यस्तै दिनचर्याले अध्ययनरत हुनुहुन्थ्यो - हीराकाजी ।

पू. बा. नेवा र हीराकाजी राणा शासन व्यवस्था पल्टाउने आयोजनाको छलफलमा लाग्नुहुन्थ्यो भने म चाहीं मूक दर्शकको रूपमा कुराकानी सुनिरहन्थें । क्रान्तिको मार्ग दर्शनका निम्ति, महात्मा गान्धीसँग भेट गर्न जाने कुरा चल्यो । श्री गणेशमान सिंहजी भेट गर्न जानुभयो कृष्णबहादुर श्रेष्ठ उपनामले । राणाको पक्ष लिनु भएको आरोप लगाउँदै महात्मा गान्धीसँग राणाको क्रूर शासन सम्बन्धी चर्चा चलाउँदा महात्मा गान्धीबाट "नेपाल बर्बर देश है । भीतर नही जाना चाहीए । किनारेसे आगुन सुलगाओ" भन्ने मंन्त्र लिएर श्री गणेशमान सिंह फर्किनु भयो । अब किनाराबाट आगो कसले लगाउने ? कसरी लगाउने ? कुराहरू चले । सचेत व्यक्तिको जमघटनै कार्यसम्पादनका लागि रूपरेखा कसरी कोरिने ? यस्तै चर्चा परिचर्चा चल्दै रहन्थ्यो । क्रमशः काठमाडौंबाट श्री कृष्णबहादुर श्रेष्ठलाई खोज गर्दै भेट्न दार्जीलिङ्ग आउन लाग्नुभयो राणा विरुद्ध विचारधारा बोकेका सज्जनहरू श्री टंकविलाश, श्री होराप्रसाद, सूर्यबहादुर भारद्वाज यस्तै थोरै नामको याद आउँछ, धेरैको नाम याद रहेन । नानीहरू पढाउँदै १/२ महिना बस्तै फिर्दै गर्नुहुन्थ्यो हीराकाजीका साथीहरू ।

विक्रम संवत् २००२ सालतिर भारतले बृटिश साम्राज्यबाट अलग हुने चाँजो मिलाउन लागेपछि श्री गणेशमान सिंहको वारेन्ट पनि अलि खुकुलो भयो । त्यतिबेला श्री विश्वेश्वरप्रसाद कोइरालासंग भेट गर्न श्री गणेशमान सिंह कलकत्ता जानुभयो र पार्टीको जग बसाउन कुराकानी मिलाउनु भयो । त्यसपछि श्री बी. पी. बाबू दार्जीलिङ्ग आउनु भयो । पछिल्लो पटक आउनु हुँदा साथमा मातृका बाबू, श्री बालचन्द्र शर्मा, श्री कृष्णप्रसाद भट्टराई पनि हुनुहुन्थ्यो । श्री पू. बा. नेवा, श्री गणेशमान सिंह, श्री पं. धरणीधर, श्री सूर्यविक्रम, श्री हरिप्रसाद प्रधान आदि सचेत वर्गसंग भेट गरी राजनैतिक संगठनको आवश्यकता माथि बल दिइयो । कालिम्पोङमा गोर्खा लिगका नेता श्री डम्बरसिंह गुरुङ्ग, श्री रणधीर सुब्बा आदिसंग श्री वी.पी. बाबू समेतको भेटघाट भयो । क्रान्तिकारी संगठन बनाउन गोर्खा लिग सहमत भएन । गोर्खा लिग राणा पक्षमा ढल्किएको झल्क्यो ।

पार्टी गठन गर्ने क्रम आयो । श्री गणेशमान सिंह, प्रज्ञा परिषदको वर्किङ कमिटीको सदस्यको नाता र जेलमा रहनु भएका अरू सदस्य साथीहरू, अमर शहीद साथीहरू समेत पार्टीको कृयाकलाप जनमानसमा पुर्‍याई प्रजापरिषदलाई पुनः जिवित गराउने उद्देश्यले काठमाडौं जेलमा रहनु भएका श्री टंकप्रसाद आचार्यलाई अध्यक्ष मुकर्रर गराए र स्थानापन्न अध्यक्ष पदमा श्री विश्वेश्वरप्रसाद कोइरालाई आशन ग्रहण गराई, सर्वप्रथम नेपाली राष्ट्रिय कांग्रेसको जन्म भयो - बनारस यू.पी. भारतमा । त्यतिबेलाको आर्थिकभार कामाण्डर श्री गणेशमान सिंहले बोक्नु भएको थियो ।

त्यसपछि जनआन्दोलनको सन्दर्भमा श्री जयप्रकाश नारायण (भारतीय नेता) को मध्यस्थतामा श्री महावीर शमशेर राणाको आर्थिक अनुदानको भरमा मिलका कार्यकर्ता श्री मनमोहन अधिकारी लगायतका साथीहरूका सहयोगले श्री विश्वेश्वरप्रसाद कोइरालालाई अघि लाएर विराटनगर जुट मिलमा हडताल गराउन पुग्यो - नेपाली राष्ट्रिय कांग्रेस, २००२ साल हिउँदमा ।

श्री बी. पी. पक्राउ पर्नुभयो । साथै अनेक सहयोगी पनि । त्यस अवस्थमा नेपाली राष्ट्रिय कांग्रेसको अध्यक्षको स्थानापन्नता श्री मातृकाप्रसाद कोइरालाले डोर्‍याउनु भयो । उहाँलाई पनि नेपालको अनुरोधमा बृटिश भारतले पक्राउ गर्ने अवस्था आएकोले त्यो भार उहाँले त्यागिदिनु भयो । त्यसपछि नेपाली राष्ट्रिय कांग्रेसको स्थानापन्न अध्यक्षमा श्री डिल्लीरमण रेग्मी आउनु भयो र सचिवमा श्री प्रेमबहादुर कंसाकार ।

जेल मुक्त भएर आउनु भएका श्री बी.पी. बाबू र स्थानापन्न अध्यक्ष डिल्लीरमण रेग्मीका बीच अध्यक्ष पदका लागि तानातान भएर निकै संघर्ष चल्यो । श्री बी.पी. बाबूलाई अध्यक्ष पद दिलाउने कार्यक्रममा श्री गणेशमान सिंहले धेरै वकालत गर्नुभयो । दुबैलाई मिलाउने उद्देश्यले श्री केदारमान व्यथित र श्री पुष्पलाल दार्जीलिङ्ग आउनु भयो । 'बी.पी. बाबू र श्री डिल्लीरमण रेग्मीजीको मेलमिलाप नभएसम्म आमरण अनसन गर्ने' भनेर पर्चाहरू निकाली एक महिनासम्म हाम्रो डेरा रोवर्टसन रोड दिलकुशा हाउस दार्जीलिङ्गमा बस्नुभयो । तर अनसन गर्नु भएन । उहाँहरूको मेलमिलाप पनि भएन । त्यसपछि कांग्रेस पार्टीबाट विरक्त भएर श्री पुष्पलालजी श्री सुशील च्याटर्जीसंग दीक्षित भै कम्युनिष्ट पार्टीमा सामेल हुनुभयो । श्री केदारमान व्यथितजी वाराणसीतिर लाग्नुभयो । यो २००५ वा २००६ साल वर्षा कालको कुरा जस्तो लाग्छ । त्यति बेला श्री डिल्लीरमण रेग्मीजी र विश्वेश्वरप्रसाद कोइरालाजी दुवै नेपाली राष्ट्रिय कांग्रेसको अध्यक्ष हुनुभयो । पार्टी दुई भागमा बाँडियो । तापनि श्री डिल्लीरमण ग्रुप थोरै साथी लिएर बस्यो । श्री रेग्मीजी पनि प्रचारको सिलसिलामा एकपटक दार्जीलिङ्ग आउनु भै विचारको आदान प्रदान गर्नुभयो ।

नेपाली राष्ट्रिय कांग्रेसको जन्मभन्दा कहीं पछि श्री सुवर्णशमसेर राणा, श्री सूर्यप्रसाद उपाध्याय, श्री महेन्द्रविक्रम शाह (जुम्ली राजकुमार) आदि मिलेर 'नेपाली प्रजातन्त्र कांग्रेस' पैदा गराउनु भयो - भारतको कलकत्तामा । दुवै वा तीनै पार्टीले राजनैतिक गतिविधिलाई क्रमशः अघि बढाउदै ५ वर्ष बित्यो । तर क्रान्तिमा भने जस्तो प्रगति भएन ।

यसैबीच नेपाल र अमेरिका सरकारहरूको गुप्त सन्धि भै अमेरिकी फौज पोखरामा रहने कुराको सुइको श्री डिल्लीरमण रेग्मीद्वारा बाहिर आएपछि भारतीय नेताहरूका प्रयासले नेपाली राष्ट्रिय कांग्रेस (बी.पी.ग्रुप) र नेपाली प्रजातन्त्र कांग्रेसलाई सम्झौता गराई मिलाउदा 'राष्ट्रिय' र 'प्रजातन्त्र' वाक्यांश हटाएर, 'नेपाली कांग्रेसको' जन्म भयो - २००७ साल सुरुमा । सायद जनताको परम आवश्यक र देशको मुख्य अंग 'राष्ट्रिय' र 'प्रजातन्त्र' दुवै वाक्यांश हटाइएकोले होला नेपालमा अहिलेसम्म नत राष्ट्रियताको जग नै बस्यो न त प्रजातन्त्रको नै ।

दुवै राजनैतिक पार्टीलाई मिलाउँदा, नेपाली प्रजातन्त्र कांग्रेसको रातो भुईंमा सेता ४ तारा अंकित रातो झण्डा 'नेपाली कांग्रेसको झण्डा' स्वीकारियो । र नेपाली कांग्रेसको प्रेसिडेन्टमा ,नेपाली राष्ट्रिय कांग्रेसका भूतपूर्व स्थानापन्न अध्यक्ष श्री मातृकाप्रसाद कोइरालालाई अघि सारियो, श्री विश्वेश्वरप्रसाद कोइरालालाई स्वीकारिएन । त्यसरी नयाँ रूपमा नेपाली कांग्रेसको गठन भएपछि क्रान्तिमा पाइला चाल्ने साइत नजिकै आएको महसुस गरी बयरगनिया (भारत,विहार, दरभंगा जिल्लाको एउटा रेल वे स्टेसनको नेपाल सिमाना छेउको बजार) मा क्रान्तिमा चाख राख्ने राणा शासन विरोधी सबै पक्ष बोलाइयो । सभाभेलामा नेपाली कांग्रेसले निर्णय गऱ्यो - "सशस्त्र क्रान्तिद्वारा अन्तिम अवस्थासम्म लडाइँ लडेर नै हार जीतको निर्णय लिने, बीचमा राणा सरकारसंग सम्झौता नगर्ने ..." भनी राणा शासन विरुद्ध नेपालमा सशस्त्र क्रान्ति गर्न गराउन पार्टीको सञ्चालक समिति विघटन गरी, पार्टी प्रेसिडेन्टमा श्री मातृकाप्रसाद कोइरालालाई सभाले एकाधिकार (अधिनायकत्व) सौंपियो ।

त्यसपछि शसस्त्र क्रान्ति सुरु भयो वीरगंजवाट - आई.एन.ए.का भूतपूर्व क्याप्टन, लिबरेसन आर्मीका सेनापति श्री पूर्णसिंहका कमाण्डमा । लडाइँ घमासान भयो । एक पटक सरकारी सेनाको व्यारेकमा हलचल मच्चियो । तर परिपक्व लडाका सिपाहीले धैर्यसँग काम लिए । क्रान्तिकारी नयाँ रिक्रुटको अपरिक्वता र असावधानीको कारणले गर्दा कतिपय जवानहरू साथै सेनानी श्री थीरबम मल्लले वीरगति प्राप्त गर्नुभएपछि त्यो मोर्चाबाट क्रान्तिकारी पछि हटेर कदम बदले । अनि विभिन्न अफिसरहरूका कमाण्डमा नेपाल तराईका जिल्लाहरूमा फैलिए ।

भैरहवा बुटवलमा श्री कुँवर इन्द्रजीतसिंहका नेतृत्वमा श्री बालचन्द्र शर्मा समेत सहयोगी भएको एउटा मोर्चा कायम गरी क्रान्तिकारीहरू अघि बढे । नेपालगंज नयाँ मुलुकमा श्री सी.बी. सिंहको नेतृत्वमा अर्को मोर्चा खडा गरी लडाइँ सुरु भयो । मोरंग विराटनगरमा श्री विश्वेश्परप्रसाद कोइरालाका नेतृत्वमा सेनापति श्री रोमबहादुर थापाको कमाण्डमा संघर्ष सुरुभयो । विराटनगरलाई हेड क्वार्टर कायम गरी नेपालभरिका विभिन्न जिल्लाहरूमा मोर्चा खडागरी संघर्ष संचालन गरिए । झापामा श्री भैरवप्रसाद आचार्यका नेतृत्वमा सेनापति श्री बलबहादुर चेमजोङको कमाण्डरमा सशस्त्र क्रान्ति संचालन भयो । लामो अवधिपछि संझनाका भरमा लेख्नु परेको र सबै मोर्चामा आफू पुग्न पनि नसकेको, अनि त्यति बेला सञ्चार साधन पनि शुलभ नभएकोले धेरै मोर्चाहरूको वर्णन गर्न संभव भएन ।

यहाँसम्म लेखियो क्रान्तिकारीहरूको राणा शासन विरुद्ध संघर्ष चलाएको विवरण । अब मेची अंचलमा भएको संघर्षको वर्णन सुरु गरौं । त्यति बेला मेची वा अरू कुनै अचलले कानुनी मान्यता ग्रहण गरेर जन्म लिएको थिएन । झापा जिल्लामा नेपाली कोंग्रेसका क्रान्तिकारी योद्धाहरूको क्रान्तिकारीता, सबभन्दा पहिला झापा जिल्लाको सदरमुकाम झापा बजार (पुरानो प्रचलित नाउँ झापा झिलमिलिया) मा, सरकारी अड्डाखानाहरू–झापा गोश्वारा कचहरी -१ (प्रमुख जिल्ला अधिकारीको कार्यालय), झापा माल अड्डा -१, (मालपोत कार्यालय) झापा अमिनी - १ (झापा जिल्ला अदालत), झापा हुलाक-१ र ४०० शाही सेनाका जवान, कप्तान श्री देवीबहादुर भण्डारीले हाक्नु भएको ब्यारेक - १ पुलिस (प्रहरी) को छुट्टै अस्तित्व कायम गरिएको थिएन । रामदल पल्टनका सिपाही अफिसरहरूलाई झापा अमिनीका मातहतमा अमिनीका हाकिम लेप्टेनले हाक्नुहुन्थ्यो - पुलिस थाना चौकीहरू जस्तो लाग्छ । बजार अड्डा (मूल भन्सार) र वनजाँच अड्डा (वनविभाग) को सदरमुकाम भद्रपुरमा थियो । पहिले ८७ सालमा खडा भएको तेजारथ अड्डा (रुपैयाँ लगानी गर्ने) खारेज भई लहना बाँकी अमानतबाट असुल गर्ने गरी माल अड्डामा गाभिएको थियो । ब्यारेक त क्रान्तिका त्रासले भरखरै आएको । उसको छुट्टै कार्यालय क्याम्प थिएन । काम चलाउ छाप्रा र तम्बु टाँगेर काम चलाइएको थियो । माल अड्डालाई चारैतिर १/२ फिट गहिरो, ६ फिट चौडा खाडी खनेर त्यसका बाहिर पट्टी डिलमा बालुवा भरेका बोराको पर्खाल लागाएका थिए - बाहिरबाट आउने गोली रोक्न । खाडलभित्र मादल बजाएर र नाच गान गर्दै पहरा दिइरहका थिए सेनाका जवानहरू ।

युवाहरूमा होश हुदैन, जोश प्रशस्त हुन्छ । परिपक्व अभिभावक वा नेताले होश जगेडा राख्न लगाएर जोशलाई सदुपयोग गर्नु पर्ने । नजानिएका र जानिकन पनि नगरिएका काम कुरा कति छन् कति ? समय बित्तै जान्छ - थाहा नापइकन ! झापामा सशस्त्र क्रान्ति गरी अड्डाखाना कब्जा गर्न श्री विश्वबन्धु थापा, (भूतपूर्व रा. अध्यक्ष) श्री सीताराम भट्टराई, शाही सेनाबाट विद्रोह गरी निस्केका हवल्दार-१ र अर्को एक जवान (हबल्दार र अर्को एक जनाको नाम याद आएन)विद्रोही हबल्दारद्वारा संकलित मार्का थ्री राईफल ४ र आवश्यक गोली गट्ठा बोकेर झापा माल अड्डाभन्दा दक्षिणपट्टी अग्लो डिल आली (अर्दाङ) ले छेलिएर बस्नु भएछ सानो मोर्चा सम्हेर जुनेली रातमा । ३/४ पटक फायरको आदान प्रदान भयो । त्यसपछि शाही सेनाका तर्फबाट फायर भएन । क्रान्तिकारीहरूबाट फायरिङ हुँदै रह्यो । १०/११ पटक बिसाई बिसाई फायर गरिसकेपछि जवाफमा फायर नहुँदा टाउको उठाएर हेर्ने सल्लाह भएछ । क्रान्तिका निम्ति देशको माटोमा बलिदान हुन तत्पर भएका हवल्दारले आली डिलबाट टाउको उठाएर ब्यारेक ट्रेन्चतिर हेर्नु भएछ । सिद्धहस्त सेनाका जवानले निशाना साध्यो । शिरमा तातो गोली लागेर क्रान्तिकारी साहसी हवल्दार तुरून्तै वीरगति प्राप्त गर्नुभएछ । साथीको लाश सम्हाल्नै होश र मौका नामिलेर हबल्दारले लिनु भएको राईफल र गोली गट्ठासम्म हात लिई, क्रान्तिकारी साथीहरू वापस विराटनगर फर्किनु भयो । झापाको क्रान्तिको पहिलो दौड समाप्त भयो ।

उपरोक्त घटनाका निकै पछि भारत विहारको पूर्वी किनार गलगलिया रेल वे स्टेसनमा हतियार प्राप्त हुने चाँजो मिल्यो । केन्द्रीय क्रान्तिकारी संचालकद्वारा बाक्ला बन्दी हतियारहरू पठाइए । श्री वलबहादुर चेम्जोङ, श्री विक्रम लामा, श्री फत्यबहादुर बुढाथोकी, श्री सीताराम भट्टराई आदि साथीहरूले हातहतियार, गोली गठ्ठाले भरिभराउ बाक्साहरू बैल गाडामा लदाएर पूर्व तर्फबाट नेपाल झापामा प्रवेश गऱ्यो क्रान्तिकारी दफाले । हतियार पाएपछि श्री भैरवप्रसाद आचार्य, श्री नरेन्द्रनाथ बास्तोला, श्री महानन्द सापकोटा, श्री मानबहादुर रंजीतकार समेतका साथीहरूले पहिला भारत सिमाना छेउका छोटी भन्सार अड्डाहरू, पुलिस थाना चौकीहरू, वन रेन्ज कार्यालय आदि विना रक्तपात कब्जा गर्दै राणा शासन अन्तरगतका कर्मचारी हटाएर क्रान्तिकारीद्वारा कर्मचारीहरू भर्ना गरी नेपाली कांग्रेसका नामबाट भन्सार महसुल, ट्याक्स आदि असुल हुन थाल्यो । मेची नदीको शिर भागमा अवस्थित बाहुनडाँगी चौकीदेखि लिएर दक्षिण पश्चिम हुदै मोरंग सिमानासँग जोडिने रतुवा नदीसम्म भारत सिमाना छेउका चौकीहरू समस्त कब्जामा आए । र कांग्रेस अधिनस्थ गरिए । झापा जिल्लाको उत्तरी भेग पहाडका फेदीतिर अवस्थित प्रहरी चौकी थाना र वन रेन्ज कार्यालय पनि सदरमुकाम छोडेर प्रायः सबै सरकारी इकाइहरू नेपाली कांग्रेसका चार तारे रातो झण्डा मुनि आए । त्यहाँका हातहतियार पनि क्रान्तिकारीहरूका हातमा एकत्र भए ।

त्यतिबेला राणा प्रधानमन्त्री श्री ३ महाराज मोहनशमशेरको विर्ता, अनारमनी को विर्तामाल तथा काठमहल अड्डाका हाकिम कप्तान श्री भूपालमानसिंह कार्की (वर्तमान राजसभा स्थायी समितिका सम्माननीय सभापति) र उहाँका मातहतका कर्मचारी, अफिसर, सिपाही सबै गिरफ्तार गरिनुभयो- देखावटी हिसाबले । विर्तामाल कब्जा गर्नुअघि केहीबेर बन्दुक फायरको आदन प्रदान पनि भयो - वीर्ता मालका जवानहरू र क्रान्तिकारीहरूबीच । श्री भूपालमानसिंह कार्कीज्यूले त्यतिबेला उहाँको विचारमा बडो बुद्धिमत्तापूर्ण ढंगले व्यवहार गर्नुभयो - दोहरा चाल चलेर । उता राणा सरकारको खबर शाही सेनाको ब्यारेकसम्म पुऱ्याइदिनुमात्र होइन, यता क्रान्तिकारीहरूलाई पनि प्रोत्साहन दिन पछि पर्नुभएन । क्रान्तिकारीहरूको गतिविधि, ब्यारेकसम्म पुऱ्याएर ब्यारेकको अफिसरलाई हतोत्साह नहुन र दिल्ली सम्झौता नभएसम्म ब्यारेकका जवानलाई आत्मसमर्पण नगर्ने सल्लाह दिँदै रहनुभयो । जुन कुरा नेपाली कांग्रेसका गुप्तचरद्वारा त्यतिबेला आएको खबर रिकर्ड गरिन्थ्यो । बाहिर खस्याक खुसुक चर्चा चल्दै गर्थ्यो त्यसबारे । र, श्री कार्कीज्यूको आत्मरक्षार्थ पालो पहराको व्यवस्था पनि मिलाउनु पऱ्यो क्रान्तिकारीहरूका नायकले । यसै सम्बन्धलाई लिएर झापा ब्यारेकलाई घेरा हालिएको फ्रन्टमा एकजना क्रान्तिकारी वीरको हत्या पनि भयो । जसको फलस्वरूप लिबरेशन आर्मीका जवानहरूमा असन्तोषको लहर दौड्यो र झण्डै झन्डै फौजी विद्रोह हुन लागेको स्थितिलाई दक्ष क्रान्ति संचालक श्री भैरवप्रसाद आचार्य र श्री बी.बी. चेम्जोङको प्रयासले विद्रोह हुन पाएन । तै पनि नर्सिङ द्वाकले रल्लु भएका बखत सिपाहीहरूको त्यस घटनाको स्मृति स्वरूप - प्रलाप बाहिर आउँथ्यो ।

जिल्लाको केन्द्र झापा बजारमा रहेका अड्डाखाना कब्जा गर्न श्री भैरवप्रसाद

आचार्यको नेतृत्वमा सेनापति बी.बी. चेम्जोङको कमाण्डमा करिब ५०० जवान्को सशस्त्र जत्थाले घेरा हाल्यो । झापाको रूहीमारी गाउँ श्री डिल्लीराज गणेशका घरमा र टाघनडुवा गाउँ श्री महादेवप्रसाद चौधरीका घर गाउँमा बेस क्याम्प खडा गरिएको थियो र, श्री डिल्लीराज गणेशले निर्भिकता पूर्वक क्रान्तिमा ठूलो सघाउ पुऱ्याउनु भएको थियो ।

त्यतिबेला झापा गोश्वाराका बडाहाकिम श्री अनिरुद्रप्रसाद सिंह (वर्तमान सम्माननीय अध्यक्ष अख्तियार दुरुपयोग निवारण आयोग) हुनुहुन्थ्यो । क्रान्तिकारीहरूका निर्णयमा जिल्लाका प्रायः सबै भाग परिसकेको र अड्डाखानामा पनि मालअड्डा सरकारी ब्यारेकले घेरेर बसेको (कारण माल अड्डामा सरकारी खजाना भा.रु. साढे चार लाख त्यतिबेला मौजदात थियो र त्यै रक्षागर्नु मात्र ब्यारेकको काम थियो) ले, 'जिल्ला तपाईंहरूका नियन्त्रणमा छ, म यसै किन बसिरहुँ ?' भनेर बडाहाकिम श्री अनिरुद्रप्रसाद सिंहले क्रान्तिका नेता श्री भैरवप्रसाद आर्चायसँग मैत्री भावले बिदा लिएर काठमाडौंका निम्ति प्रस्थान गर्नुभयो । यहाँनेर सम्झनु पर्ने कुरा के छ भने २००२ सालमा झापा मालको हाकिम सुब्बा श्री भैरवप्रसाद आर्चायले राजीनामा गर्नु भै खालिमा श्री अनिरुद्धप्रसाद सिंह झापा मालको हाकिम सुब्बामा बहाल हुनु भएको साविक र हालका हाकिमहरू हुनहुन्थ्यो विगत कालका ।

झापाको मोर्चा प्रायः ३ महिनाको घेराबन्दीका साथै कयौं संघर्षपछि मात्र बल्ल शाही सेनाका तर्फबाट सेतो झण्डा देखाई ब्यारेकका कमाण्डर कप्तान श्री देवीबहादुर भण्डारी समेत सम्पूर्ण जवानले क्रमशः हात हतियार जिम्मा दिई आत्मसमर्पण गर्नु परेको थियो । झापाको ब्यारेक क्रान्तिकारीहरूका हातमा पर्नासाथ श्री जी. बी. याकथुम्बा र श्री गिरीजाप्रसाद कोइराला मार्फत झापा मालको भा.रु. साढे चार लाख रुपैयाँ, नेपाली कांग्रेसको हेड क्वार्टर विराटनगरमा पुऱ्याइयो । अनि झापा मालको ब्यारेकबाट अनारमनी वीर्तामाल कचहरीमा शाही सेनाका सबै जवान, सिपाही अफिसर समेत बन्दीको रूपमा ल्याइयो । घेराभित्र खाडलमा ५ महिनासम्म बसी पालो पहरा दिई रहँदा बिरामी परेकालाई औषधी उपचार गराई छोड पुर्जीसाथ १५ दिनपछि निहथ्था जवान बिदा गरियो । हात हतियार सबै नेपाली कांग्रेसका जिम्मा आए । स्मरण रहोस् श्री भूपालमान सिंहज्यूले यी फौजी जवानको आत्मसमर्पण गराउनमा पनि कलापूर्ण भूमिका खेल्नु भएको थियो ।

अनि पछि इलाम जिल्लाको सदरमुकाम कब्जा गर्न जाने तरखर भयो । बेस क्याम्प झापा रूहीमारीबाट उठ्यो र शनिश्चरे कप्तानबारीमा सऱ्यो । दुई रात त्यहाँ विश्राम गरेर इलामका लागि प्रस्थान गर्ने सल्लाह भयो । इलाममा सेना जानुअघि इलाका बडाहाकिम सायद विज्ञानशमशेर राणासँग शनिश्चरे निवासी रघुवीर बुढाथोकीलाई 'क्रान्तिकारीहरू इलाम कब्जा गर्न आउनेवाला छन्' भन्ने खबर सुनाउन पठायो । र उहाँले पनि मध्यस्थता गर्ने पाराले विवरण अवगत गराउँदा श्री बडाहाकिमले पनि त्यतिबेलाको वातावरणलाई अनुमान गरेर 'क्रान्तिलाई स्वागत छ' भन्ने आशय व्यक्त गर्नु भएको खबरसाथ श्री रघुवीर बुढाथोकीज्यू फर्कनु भयो ।

यता राणाशाही हटी, नेपाली कांग्रेसका कब्जामा आएका क्षेत्रको प्रशासनिक व्यवस्था मिलाउनु अनिवार्य हुन आयो । लिबरेसन आर्मीका अफिसरहरू हेडक्वाटरबाट बाहिर निस्कन थाले । गाउँ देहातमा आफू आफूलाई प्रायः सबैले 'जनरल' घोषित गर्न लागे । क्रान्ति सन्चालनका निम्ति संकलन गराएको थोर बहुत आय रकम आफूखुसी हुन थाल्यो । झण्डै झण्डै अनियन्त्रित अवस्था सुरु हुन लागेको महसुस भयो । जथाभावि गर्न खोज्नेहरूमा हतियारबन्द व्यक्तिनै पहिलो पंक्तिमा देखिने अउन थाले । प्रशासनिक व्यवस्था सबभन्दा पहिले लिबरेसन आर्मीको व्यवस्थित रूपले व्यारेक कायम गरी आर्थिक चाँजो मिलाई नियन्त्रित रूपमा राख्नुपर्ने स्थितिको महसुस भयो । र कसले अड्नखटन गर्ने इत्यादि विषयलाई लिएर झापा र इलामका जनता भेला हुन सुविधा पर्ने ठाउँ झापाको शनिश्चरे बजारमा आमसभा बोलाइयो ।

सभाको सभापतित्व सायद कप्तान श्री गञ्जबहादुर कार्कीज्यूले गर्नुभए जस्तो लाग्दछ । सभा आरम्भ भयो । सभामा राज्य संचालन गर्ने कुरालाई लिएर श्री महानन्द सापकोटा गुरुले भन्नुभयो - 'क्रान्तिद्वारा राणा पल्टाइयो । क्रान्तिकारीहरूका हातमा शासन आयो । अब हाम्रो पहिलो काम, आफ्ना नियन्त्रणमा आएको क्षेत्रमा अमनचैन कायम राख्न जनताको दैनिक व्यवहार सुचारु रूपले संचालन नरोकिने गरी प्रशासनिक इकाईहरूको स्थापना गर्नलाई सर्वप्रथम नेपाली कांग्रेसले 'सामयिक सरकार' को स्थापना गर्नु पर्ने छ । र त्यो सरकारले राज्य संचालन गर्ने आफ्नो मूल नीतिको घोषणा-पत्र जारी गर्दछ । अनि त्यो सरकारले पार्टीको नीति अनुरूप घोषणा-पत्रको आधारमा अगाडिको कार्यक्रम बनाउदै संचालन गर्दै लाने छ' भनेर आफ्नो कुरा टुंग्याउनु भयो । उहाँका पछि श्री भैरवप्रसाद आचार्य, श्री धर्मप्रसाद ढकाल, श्री नरेन्द्रनाथ बास्तोला, श्री फत्यबहादुर बुढाथोकी, श्री बी. बी. चेमजोङ, श्री मानबहादुर रन्जितकार आदि धेरै नेताहरूले क्रमशः आफ्नो आफ्नो मन्तव्य दिइसक्नु भएपछि विचारमा मत विभिन्नता नआई मतैक्य भएकोले सरकारको गठन गर्ने निधो भयो र राज्य प्रमुखको निर्वाचन गर्ने कार्यक्रम थालियो ।

सभाले बैठकको रूप लियो, निकै लामो समयको छलफल, वाद विवाद पाछि सभामा भेला भएका कांग्रेसी, गैर कांग्रेसी सबैको सर्वसम्मति हस्ताक्षरद्वारा क्रान्ति संचालक श्री भैरवप्रसाद आचार्यलाई नेपाली कांग्रेसद्वारा सन्चालित क्रान्तिका क्रान्तिकारी लिबरेसन आर्मीको मिलिटरी गर्भनर जनरल (सैनिक शासक)को उपाधि अर्पण गऱ्यो र गठित राज्यप्रमुख पनि घोषित गऱ्यो ।

त्यति भएपछि फूल माला पहिराए उप्रान्त सैनिक शासक श्री भैरवप्रसाद आचार्यले - नेपाली कांग्रेसका नियन्त्रणमा आइसकेको र पछि कब्जा हुन आउने क्षेत्रमा समेत राज्य व्यवस्था मिलाउन 'नेपाल प्रजातन्त्र सामुयिक सरकार' को गठन गर्ने घोषणा गर्नुभयो । घोषणा पछि 'नेपाल प्रजातन्त्र सामयिक सरकार'को गठन निम्न प्रकारले गऱ्यो र तत्कालै कार्यविभाजन पनि निम्न प्रकारले गऱ्यो । (प्रमाणपत्रको प्रतिलिपिको आधारमा)

श्री नेपाल प्रजातन्त्र सामयिक सरकार

झापा

झापा र इलामका मुक्त क्षेत्रका जनप्रतिनिधिद्वारा सामयिक सरकार संचानलका निम्ति नियुक्त भएको म श्री भैरवप्रसाद आचार्यले तपाईं निम्न लिखित सज्जनहरूलाई सो शासन संचानलका निमित्त तपाईंहरूका रायबाट कार्य विभाजन गरी सन्चालक मण्डलमा नियुक्त गरें । तपाईहरूले यो कार्य सन्चालन मा देशको हित सामु राखी मलाई हर तरहबाट सहायता सल्लाहसाथ योग्यता पूर्वक काम चलाई दिनुहोला भन्ने पूर्ण आशा राख्तछु । तपाईंहरू र अरू जनप्रतिनिधिले विश्वास गरी यो महान कार्यभार सुम्पेकोमा तपाईंहरूलाई कृतज्ञता जनाउँदै पूर्ण सहयोगको आशा राख्तछु ।

नामावली

१) श्री सैनिक शासकको जिम्मा क) वन विभाग - सेक्रेटरी मानबहादुर रन्जितकार ख) न्याय विभाग - सेक्रेटरी श्री देवीप्रसाद उप्रेती ।

२) श्री बी. बी. चेमजोङ जिम्मा - सैनिक विभाग - सेक्रेटरी

३) श्री धर्मप्रसाद ढकालको जिम्मा क) अर्थ विभाग - सेक्रेटरी ख) उद्योग विभाग - सेक्रेटरी

४) श्री नरेन्द्रनाथ बास्तोलाको जिम्मा क) यातायत विभाग - सेक्रेटरी ख) सप्लाई विभाग - सेक्रेटरी

५) गोविन्दप्रसाद खत्रीको जिम्मा - . स्वास्थ विभाग

६) श्री महानन्द सापकोटाको जिम्मा- क) शिक्षा विभाग -सेक्रेटरी ख) प्रचार विभाग -

७) फत्यबहादुर बुढाथोकी -पुलिस विभाग

८) श्री सुन्दरलाल राजवंशीको जिम्मा - कृषि विभाग

९) भैरवबहादुर श्रेष्ठको जिम्मा - वाणिज्य विभाग

प्रमाणपत्रको प्रतिलिपि-

श्री देवीप्रसाद उप्रेतीको सेवामा

(श्री भैरवप्रसाद आचार्य)
सैनिक शासक,
श्री नेपाल प्रजातन्त्र सामयिक सरकार
झापा ।

सम्वत् २००७ साल माघ १४ गते रोज ७ ।

श्री नेपाल प्रजातन्त्र सामयिक सरकाको गठन यस प्रकार भइसकेपछि पारित प्रस्तावहरू सुनाइयो र त्यसपछि उपस्थित सबैलाई धन्यवाद दिदै सभापतिज्यूबाट सभा विसर्जन गरियो ।

श्री भूपालमानसिंह कार्कीज्यूले उक्त सामयिक सरकारभित्र आफ्नो नाम राख्न

अप्ठ्यारो मान्नुभयो र उहाँको भनाइ अनुसार उहाँकै मातहतका विर्तामालका कर्मचारी श्री भैरवबहादुर श्रेष्ठको जिम्मा वाणिज्य विभाग सौंपियो । व्यवहारमा भने श्री भूपालमान सिंहज्यूको विभाग भनेर चर्चा र सर सल्लाह हुन्थ्यो । हस्ताक्षर चाहीं श्री भैरवबहादर श्रेष्ठको ।

त्यसपछि त्यसै दिन सामयिक सरकारको पहिलो बैठक बस्यो र घोषणापत्रको मस्यौदा गर्न लाग्यो । श्री दान खालिङ्ले खेस्रा गर्नुभएछ- "श्री ५ महाराजाधिराजको अधिनायकत्वमा केन्द्रको अधिनमा रही स्वायत्त शासन व्यवस्था मिलाउने ....." इत्यादि । श्री महानन्दगुरुजीले केही वाक्यांशको व्याख्या गर्दै- "अधिनायकत्व होइन, श्री ५ महाराजाधिराजका वैधानिक नायकत्वमा केन्द्रका अधिनमा रही...." भनेर सच्याई दिनुभयो । मस्यैदाको अर्को ठाउँमा "आफ्ना पसिनाको कमाई आफैंले भोग गर्न पाउने गरी ...." लेखिएको रहेछ । त्यस वाक्यलाई श्री धर्मप्रसाद ढकालज्यूले यसरी सच्याइदिनुभयो- "देशको उत्पादन न्यायोचित ढंगले वितरण हुने गरी उपभोग गर्न पाउने ..." इत्यादि ।

म एउटा कोरो व्यक्ति, श्री महान्द गुरुज्यूबाट - अधिनायकत्व र वैधानिक नायकत्व वाक्यांशको भेद पाएँ । र रमाएँ । अनि श्री ढकालज्यूको संशोधन - "आफ्नो पसिनाको कमाई आफैंले भोग गर्न पाउने" वाक्यको सट्टा - "देशको उत्पादन न्यायोचित ढंगले वितरण हुने गरी उपभोग गर्न पाउने ...." इत्यादि ।

उक्त मस्यौदा र संशोधन दुवैको चर्चा हुँदा पहिलो स्पष्टसँग बुझें, दोस्रो संशोधित विवरण राम्रो नबुझिएर म अल्मलिएँ । न्याय भनेको के ? उचित भनेको कस्तो ? म शब्द केलाउन थालें । व्यक्ति व्यक्ति वा समुह समुहले मेल जोल राखी बाँच्ने प्रक्रियाको लागि कुनै विवादमा - अंशबण्डामा, हिस्सा भाग दिनु लिनुमा, उत्पादित माल बाँड्नुमा न्यायको आवश्यकता पर्छ । शासन प्रणाली वा जनताको जीवन व्यवहार सुचारु रूपले चलाउन विज्ञहरूबाट नीति नियम बनाइन्छ । त्यो बनेको नीति बमोजिम निर्णय दिनुलाई न्याय र नीतिभन्दा बाहिर गएर निर्णय दिनुलाई अन्याय । अनि उचित के हो ? अनुचित के हो ? यसको परिभाषा मैले भेटिन । सायद स्वविवेकले दिएको निर्णय हो कि ? म अल्मलिएँ । सोझो भाषामा - आफ्ना पसिनाको कमाई आफैंले भोग गर्न पाउने, यति स्पष्ट कुरालाई - देशको उत्पादनसँग न्यायोचित ढंगले वितरण हुने गरी उपभोग गर्न पाउने भनिएको घुमाउरो कुराले यति बेला एउटाको पसिनाको कमाई अर्काले बाँडेर लिन पाउने नीति बनाउनुपर्ने रहेछ क्यार भन्ने मैले बुझें । बनेको नीति अनुरूप ठीकसँग बाँडियो बाँडिएन ? बुझाउने तात्पर्यको लागि न्यायोचित ढंगले भन्ने शब्द समावेश भएछन् । अनि 'भोग' शब्दले आफ्नो कमाई आफैंले भोग गर्ने र 'उपभोग' शब्दले एकाको पसिनाको कमाई अर्काले बाँडी खान पाउने प्रथालाई बुझाएको हो कि भन्ने मैले अड्कल काटें । शब्दकोपले के बताउँछ ? त्यो ज्ञान ममा शून्य छ ।

घोषणा-पत्र तयार भयो र घोषणा गरियो, (सुनाइयो) अनि त्यो घोषणापत्रका

हजारौं प्रति तैयार गरेर प्रचारमा ल्याइयो, वितरण गरियो । तत्कालीन त्यो घोषणा-पत्र अहिले प्राप्त हुन सकेन र प्रतिलिपि देखाउन पाइएन ।

झापा जिल्लाको प्रशासनिक अभिभारा श्री देवीप्रसाद उप्रेती र श्री दान खालिङ जिम्मा सौंपी, शनिश्चरे बजारमा झापा जिल्लाको सदरमुकाम कायम गरी, श्री आचार्यज्यू साथीहरू र फौजी जवानहरू अघि लगाई इलाम कब्जा गर्न प्रस्थान गर्नु भएपछि झापा शनिश्चरे बजारमा जमिनदारी उन्मूलन सम्बन्धमा झापा जिल्ला भरिका ६० जना जति जिमिन्दार पटवारीहरू भेला पारी सभा गरियो । सभामा प्रायः सबै जसो जिमिनदार-पटवारीहरू उपस्थित हुनुभयो । प्रस्ताव यस प्रकार थियो- जिमिनदारको सिरजीरायत जग्गा जिमिनदारका नाम नम्बरी गरिदिने, जिमिनदारी (असुल तहसिल श्रेस्ताको काम) चाहिं सरकारले जिम्मा लिने । जीरायत जग्गा बिक्री गर्न जिमिनदारले नपाउने कानुन थियो त्यतिबेला ।

यतिबेला आएर विचार गर्दा पो त्यति बेलाको कुरा बुझिंदो रहेछ । अनियंत्रित तौर तरिकाले हात हतियार लिएका, हिजो अस्तिसम्म उपद्रवी, राजद्रोही भनी प्रचारमा आएका आजका कांग्रेसी सरकारको प्रस्तावलाई कुन आँटले नामञ्जुर गर्नु ? उपस्थित सबै जिमिनदारहरूले मंजुर गरी प्रस्ताव पारित गर्ने भए । जिल्ला भरिका प्रतिष्ठित जिमिनदार लेप्टेन श्री देवीप्रसाद प्रसाईंले पनि मञ्जुरीको स्वीकृति दिनु भएकोले प्रायः सबैको एकमत जस्तै भयो । प्रस्तावक कांग्रेसी खुशी पनि भए । त्यसैबीच प्रतिष्ठित जिमिनदार श्री जितनलाल राजवंशीले स्थानीय राजवंशी भाषामा भन्नुभयो -, "राणा कालेर जिमिन्दारी देखि फिलानु, कांग्रेसेर पालाओ देखितो केमन चोलेछे ? कनेक रहवा दो तो, जिमिनदारी थोरेक दिन देखि फिलाई" भन्दै विनम्रता देखाउँदै जिमिनदारी थाम्ने आग्रह पेश गर्नुभयो । हावा तुरन्तै बदलियो । पुनः त्यै आग्रहलाई सबै जिमिनदारहरूले एकमतले अनुमोदन गर्नुभयो । त्यति भएपछि त्यो सभाले जिमिनदारी उनमूलन गर्ने प्रस्ताव स्थगित गरी समसामयिक सरकारको पूर्ण बैठकमा पेश गर्ने निर्णय गरी सभा विर्सजन गरियो ।

झापा जिल्लामा रहेका करिब १०० जति आर्मीका जवान र अरू स्टाफको खर्च चल्न गाह्रो परिरहेछ । आर्मीका जवान प्रतिदिन बढाइँदै छ । इलाम गौडामा रहेका १००० (एकहजार) आर्मीका जवान अफिसरहरू र यावत अड्डाखानाका कर्मचारीहरूको खर्च झापाले व्यहोर्नु परेको छ । मासिक ४ लाख रुपैयाँ भन्दा पनि बढी खर्चको लागत भैसक्यो । शनिश्चरे बजारमा जिल्लाको सदरमुकाम कुरेर आफू बस्नु परिरहेछ । आयस्ताको बाटो शनिश्चरेमा छैन । भारतीय सिमाना बगलमा निकासी पैठारीको कामले केही आय संकलन हुन्थ्यो त्यहाँ दृष्टि पुग्न टाढा पर्छ । त्यति बेला यातायातको सबभन्दा सुविधाको साधन घोडा मात्र थियो । त्यसपछि बयलगाडासम्म । यो यातायातको असुविधाले सरकार संचालन गर्न पैसा जुटाउन निकै नै अप्ठ्यारो पऱ्यो । शनिश्चरे बसेर चलाउन नसकिने ठहर लाग्यो । साथीहरू इलाम हान्न गएका फर्केर आउने निधो छैन । प्रत्येक दिन बेलुका 'यति पैसा चाहियो पठाइदिनु' भन्ने आदेश इलामबाट आउँछ । नपठाई पनि हुँदैन । यो अप्ठ्यारोलाई सजिलो पार्ने गर्न श्री खालिङजी र मैले

(देवीप्रसाद) सल्लाह गर्‍यौं र जिल्लाको सदरमुकाम भद्रपुर बजारमा स्थानीय मिल मालिक प्रतिष्ठित व्यक्ति मुखिया श्री ब्रह्मलाल श्रेष्ठको श्री बुद्धमन्दिर बगैंचाको धर्मशालामा सार्‍यौं । यस प्रकारले त्यस अवस्थाको क्षणिक आवेश र गल्तीले झापा जिल्लाको सदरमुकाम जिल्लाको पूर्व दक्षिण कुनामा पुर्‍याएर जिल्लाबासीलाई सदा काल आवत जावत गर्नका निम्ति दुःख र कष्ट पुर्‍याउने कार्य गरिएछ - नजानिकनै । अपशोच ! दुःख पाउने जिल्ला भरिका जनतासँग गल्तीको लागि क्षमा याचना गर्नु बाहेक हाललाई अरू के नै गर्न सकिन्छ र ? । अतः गल्तीका लागि सबैसँग सविनय क्षमा याचानको प्रार्थना गर्दछु ।

उता श्री रघुवीर बुढाथोकीज्यूबाट इलामको शुभसूचक खबर दोस्रा दिन बेलुका पाएपछि, झापा शनिश्चरेको कप्तानबारी बेस क्याम्पमा दुई दिन आराम गरेका जवानहरूलाई अघि बढाई तेस्रा दिन बिहानै श्री भैरवप्रसाद आचार्य लगायत सम्पूर्ण नेता गएर इलाम जिल्ला कब्जा गर्न प्रस्थान गर्नुभयो । प्रस्थान गर्नुभएका दिन बीचमा बास पर्‍यो । दोस्रा दिन बिहान राती नै इलाम बजार पुग्नुभन्दा पहिले बजार सहित अड्डाखाना, इलाम दरबार समेतलाई चारैतिर टाढैबाट कांग्रेसका फौजी जवानहरूको घेरा बसी सकेपछि दरबारमा खबर पठाइयो । इलामका बडाहाकिम समझदार व्यक्ति हुनुहुँदो रहेछ । बजारमा भेला हुने सल्लाह पाएपछि श्री बडाहाकिमसँग राणा सरकारका शाही सेनाका अफिसर समेतका जवान अड्डाखानाका हाकिम, कर्मचारी र स्थानीय जनताको भेलामा परस्पर कुराकानी भै सम्पूर्ण हात हतियार समेतको जिल्लाको शासन भार कांग्रेसी नेता श्री भैरवप्रसद आचार्य, श्री नरेन्द्रनाथ बास्तोला समेतका जिम्मादिने लिने निणर्य भयो । र क्रमैसँग आर्मीका हातहतियारहरू कांग्रेसलाई जिम्मा दिने काम पूरा भयो । हातहतियार गोली गट्ठा र जिल्लाको शासन भार कांग्रेसी नेता जिम्मा दिइसकेपछि हतियार रहित करिब ४०० जवान सिपाही र अफिसरहरू साथ लिई बडाहाकिम श्री विज्ञानशमशेर राणा काठमाडौंका लागि इलामबाट प्रस्थान गर्नुभयो । हातहतियार कांग्रेसी फौजका कमाण्डर श्री बी.बी. चेमजोङले समाल्नु भयो । त्यति भएपछि इलाम जिल्लाको शासन प्रबन्ध नेपाली कांग्रेसका हातमा आयो । जिल्लाको दैनिक सरकारी काम काज नरोकिने गरी सुचारु रूपले चलाउँने चाजो मिलाई जनमुक्ति सेनाको हेडक्वाटर इलाम दरबारमा कायम गरी ताप्लेजुङ, आठराई, फिदिम क्षेत्रमा क्रान्तिकालमा गएको ग्रामिण अशान्त वातावरणलाई शान्ति र सुव्यवस्था मिलाउन आवश्यकीय सेना र अफिसरहरू खटाई, श्री नेरन्द्रनाथ बास्तोलालाई इलाम जिल्लाको समेत पहाडी क्षेत्रका निम्ति सहायक शासक निर्धारित गरेर इलाम जिल्लाको क्रान्तिपछिको नयाँ व्यवस्थाको सुरुवात भयो । त्यताको व्यवस्था सम्पन्न गरेर आर्मी जवान अफिसरहरू बाहेक, अरू साथीहरू साथ लिई सैनिक शासक श्री भैरवप्रसाद आचार्य झापा फर्किनुभयो । त्यति बेला राणा- कांग्रेस दिल्ली संझौताको विवरण प्रचारमा आयो ।

"सशस्त्र क्रान्ति गरिंदा, आखिरीसम्म लडाइँ जारी राख्नु पर्छ, हारजीतको निर्णय क्रान्तिले नै गर्ने छ । बीचमा सम्झौता गर्न हुन्न भनी बयरगनियाको सभामा प्रण गरी क्रान्तिको प्रज्वलित यज्ञाग्निमा वली आहुती हुन अघि बढेर कार्य क्षेत्रमा सम्लग्न

मोर्चाका कर्मठ क्रान्तिकारी सहयोगी नेताहरूको चित्त बुझेन । क्रान्ति बीचैमा रोकियो, अधुरो रह्यो ।

क्रान्ति सुरु हुनअघि पार्टीको संचालक समिति विघटन गरी क्रान्ति संचालन गर्ने एकाधिकार जिम्मा लिई क्रान्ति संचालन गरिहनुभएका नेपाली कांग्रेसका प्रेसिडेन्ट श्री मातृकाप्रसाद कोइराला (बास्तविक प्रेसिडेन्ट श्री विश्वेश्वरप्रसाद कोइराला) बन्धुहरूको मिलिमतोका कुरा बुझ्न असमर्थ, राजनैतिक धैर्यहीन साथीहरू समेत औसरवादिता र पद लोलुपताका कारणले गर्दा क्रान्तिसित खेलबाड र क्रान्तिकारीहरूमाथि विश्वासघात भयो । क्रान्ति अधुरो रह्यो । सबै मोर्चाका क्रान्तिमा सम्लग्न साथीहरूको राय लिएर कुरा टुंग्याउन खोजिएको भए क्रान्ति अधुरो रहने थिएन । विशेष गरेर कोइराला बन्धुहरूका स्वार्थपरायणताले क्रान्तिलाई अलग राखेर राणाहरूसँग सम्झौता भएकोले तमाम नेपाली जनताले आफ्नो मौलिक अधिकारबाट लामो अवधिका लागि बञ्चित हुनु परिरहेको छ । नेताले विश्वासघात गर्दा यति ठूलो बज्रपात पर्न गएको कुरा, अलिकति पनि गिदीमा चिप्लो हुने सचेत व्यक्तिले अवश्य पनि बिर्सने छैन । नेपाली कांग्रेसका श्रीमान् प्रेसिडेन्टलाई सम्झौता गर्ने अधिकार दिएको थिएन ।

सम्झौताको फलस्वरूप श्री ३ महाराज मोहनशमशेरको प्रधानमन्त्रीत्वमा ५ जना राणा पक्षका र श्री विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्रीको मातहतमा ५ जना कांग्रेसी पक्षका मन्त्री हुनुभै १० जनाको संयुक्त मन्त्रीमण्डल बन्यो र ९ महिनाको शासन चलाई २००८ साल कार्तिक मसान्तका दिन कांग्रेसी पक्षले राजीनामा दिंदा राणा पक्ष स्वतः विघटन भए र राणा शासनको (राणा शासन पद्धतिको नै) अपमानजनक अन्त्य भयो । तर, प्रस्तावित प्रजातन्त्रको विजाङ्कुर पल्लवित हुन पाएन, मुर्झायो - टाक्सियो ।

दिल्ली सम्झौता नरूचाउने प्रायः सबै नै मोर्चाका साथीहरू हुनुहुन्थ्यो तर स्पष्ट देखापर्नेहरूमा श्री डा. के. आई. सिंह ग्रुप बुटवल - १, श्री नारदमुनि थुलुङ ग्रुप भोजपुर - १, श्री भैरवप्रसाद आचार्य ग्रुप झापा-इलाम - १, यतिले आखिरीसम्म वैधानिक विरोध गर्दै रहेको तथ्य लुकेर बसेन ।

राणा-कांग्रेस सम्झौताका चित्त नबुझे जति कुरामा विरोध जनाउँदै झापा-इलाममा श्री भैरवप्रसाद आचार्यको अध्यक्षतामा सञ्चालित 'सामयिक सरकार'ले आफनो अधिनस्थ क्षेत्रमा शान्ति र सुव्यवस्था मिलाउन हर सम्भव प्रयास गर्दै रह्यो । मुख्यतया जन चेतना नभई प्रजातान्त्रिक विचारधारा मौलाउन सक्तैन भन्ने निर्णयानुसार झापा जिल्लामा २००, इलाम जिल्लामा १५०, ताप्लेजुङ्ग जिल्ला, आठराई समेतमा १०० प्राथमिक विद्यालय स्थापना गर्ने योजना अनुरूप विशेष गरेर श्री महानन्द सापकोटा गुरुजीका उत्साह प्रयासमा कार्य संचालन हुन थाल्यो र क्रमिक रूपमा बढ्दै गयो । झापा र इलाममा शिक्षा विस्तारका लागि जिल्ला शिक्षा समितिको स्थापना गरियो । सायद नेपाल अधिराज्यमा जिल्ला शिक्षा समितिको स्थापना यो पहिलो हुनसक्छ । त्यसपछि आठराईमा २०१३ सालमा शिक्षा समितिको स्थापना भएको थियो ।

२००७ साल माघमा झापा जिल्ला भरिमा १० गाउँ पञ्चायतको गठन गरियो ।

इलाम जिल्ला भरिमा पनि १५ गाउँ पञ्चायत गठन भए जस्तो लाग्छ । पञ्चायतको नाम याद रहेन । (यद्यपि ०१७ सालपछि नयाँ परिपाटीले पञ्चायत थप घट भए तापनि) त्यति बेला झापा जिल्लामा गठन गरिएका गाउँ पञ्चायतहरू - भद्रपुर गाउँ पञ्चायत १, धुलाबारी गाउँ पञ्चायत १, शनिश्चरे गाउँ पञ्चायत १, नकलबन्दा गाउँ पञ्चायत १, चकचकी गाउँ पञ्चायत १, झापा रूहिमारी गाउँ पञ्चायत १, पाँचगाछी गाउँ पञ्चायत १, आठमौजा गाउँ पञ्चायत १, दमक गाउँ पञ्चायत १, बालुवाडी केचना गाउँ पञ्चायत १, यति १० गाउँ पञ्चायत अटूट रूपले अद्यावधी चलिआएकै छन् । यद्यपि २०१७ सालपछि केही रूपान्तरित भए तापनि केन्द्रीय सरकारले २००८ सालमा मान्यता प्रदान गरेपछि पुनः चुनाव गराउनका निम्ति झापामा श्री मानबहादुर रन्जितकार, इलाममा श्री शेरबहादुर पराजुली, चैनपुरमा श्री मदनकुमार श्रेष्ठहरूलाई पञ्चायत सुपरभाईजरमा नियुक्त गरी पठाएको र उहाँहरूले गाउँ पंचायतहरूको चुनाव गरी-गराई त्यसको रिकर्ड केन्द्रमा पठाउनु भई जिल्ला - केन्द्रको सम्बन्ध स्थापित गराउनुभएको थियो । भद्रपुर नगरपालिका पनि सामयिक सरकारको समयमा स्थापना गरी जेनरेटरबाट बिजुली उत्पादन गरी बजार शिर पुछार उज्यालो पारिएको थियो ।

'सामयिक सरकार' गठन भएपछि सर्वप्रथम जिल्लाको पूर्ववत, व्यवस्थित अवस्था कायम गर्न उनै उनै निकायहरूको स्थापना गरियो, जुन राणाकालमा चलिआएका थिए । जस्तै - माल अड्डा, अमिनी कचहरी, बजार अड्डा, र त्यसका छोटी भन्सार शाखाहरू, जेल, थप जिल्ला पुलिस अफिस, गभर्नर जनरलको कार्यालय र त्यसद्वारा संचालित मिलिटरी ब्यारेक, हुलाक, यति कार्यालयहरू झापामा र इलाम जिल्लामा पनि स्थापना गरी सञ्चालन गरिए । र, आठराईको संक्रान्ति बजारमा पुलिस थाना १, इलाम जिल्लाकै मातहतमा राखी इन्सपेक्टर श्री लक्ष्मीप्रसाद भट्टराईलाई प्रहरी जवानहरूका साथ पठाई जिल्लामा शान्ति र अमनचैन कायम गर्न ठूलो सहायता पुगेको थियो ।

झापामा क्रान्ति सुरु नहुँदै सरकारी ओहदाबाट विद्रोहगरी क्रान्तिमा संलग्न हुन आउनु भएका झापा अमिनीका विचारी श्री शारदाप्रसाद उपाध्याय , झापा पुलिसका हबलदार श्री सीताराम भट्टराई, शनिश्चरे पुलिस थानाका सुबेदार श्री विष्णुप्रसाद मिश्र आदि प्रशासनिक क्रान्तिकारी साथीहरू हुनुहुन्थ्यो - हतियार उठाउनेहरूमा । क्रान्तिका दौरान रात दिनको दौडधुप गरी राम्रो काम गर्नुभएको हुनाले श्री विष्णुप्रसाद मिश्रलाई जिल्ला पुलिस इन्स्पेक्टरको पदमा प्रमोसन गरिएको थियो । शीतज्वरको प्रक्रियाले निमोनिया भएर जिल्ला पुलिस इन्स्पेक्टर श्री विष्णुप्रसाद मिश्रको असामयिक निधन भयो - सिलिगुडी हस्पिटल भारतमा । गाडीबाट उहाँको पार्थिव शरीरलाई ल्याइयो । नेताहरू सहित लिबरेसन आर्मीका अधिकृत समेतका जवानहरूद्वारा राजकीय सम्मानका साथ कन्काई नदी किनार झापामा उहाँको अग्नि संस्कारको अन्त्येष्टि गरियो ।

'सामयिक सरकार' अन्तरगत झापा जिल्लाको प्रशासनिक ओहदामा बसी सेवा गर्नुहुनेहरूमा जिल्ला प्रशासनमा श्री सुब्बा रुद्रबहादुर खत्री, श्री सुब्बा पुरणप्रसाद भूर्तेल मालको हाकिममा श्री सुब्बा भद्रकालीप्रसाद ढकाल, अमिनीका हाकिम न्यायाधीश श्री सुब्बा भगिरथ उपाध्याय, असिष्टेन्ट न्यायाधीश श्री शारदाप्रसाद उपाध्याय, जिल्ला

पुलिस इन्स्पेक्टरमा श्री सीताराम भट्टराई आदि हुनुहुन्थ्यो । इलाममा म कम मात्रामा गएकोले त्यहाँका अड्डाखानाका हकिम कर्मचारीहरूको नाम भुलिएछ, याद आएन । सामयिक सरकारको केन्द्र झापालाई मानिएको हुनाले झापा, इलाम, संक्रान्ति थाना समेत निजामति तर्फको र जङ्गी तर्फ जनमुक्ति सेनाका आर्मीको दरज्यानी रिकर्ड, दरबन्दी केन्द्र झापामा सैनिक शासकको कार्यालयमा थियो । तत्कालीन कागजात हेर्न पाउँदा स्पष्ट देखिने छ । बाहिरका साथीहरूमा श्री थियोडर मेननले क्रान्तिमा सक्रिय भाग लिनुभएको थियो । श्री दार्न खालिङले क्रान्तिकाल सुरुदेखि लामो अवधिसम्म सेवा गर्नुभएको विशेष शैक्षिक क्षेत्रमा सचेत व्यक्तित्व दर्शाएर । धेरै पहिले देखिनै गाउँ गाउँ भूमिगत हिसावले घुमी घुमी प्रचार प्रसार गर्दै क्रन्तिकालमा पनि सक्रिय भाग लिनु हुने श्री नारायण ओली मोर्चा चहारेर खबरको आदान-प्रदान गरेर विशेष सेवा पुऱ्याउनु भएको थियो । श्री एस.एल. शर्माज्यूले बाहिरको इन्टेलिजेन्टसंग सम्पर्क राखी बाहिरी खबरको आदन प्रदान गर्न र भित्र प्रचार प्रसार कार्यमा महत्वपूर्ण भूमिका खेल्नु भएको थियो । यस्तै अरू अरू पनि धेरै साथीहरूले गर्नुभएको सेवा नाम याद गरेर बिस्तार गर्न पाइँन । श्री स्वयम्भूलाल श्रेष्ठ, श्री श्यामकृष्ण शर्मा आदि युवकहरूले पनि सक्दो चाख लिएर क्रान्तिमा भाग लिनुभएको कुरा आँखा अघि घुमिरहेकै छ । धेरै धेरै कर्मठ साथीहरूको नाम भुले क्षमा गर्नु हुनेछ । सबैको संयुक्त प्रयासले नै क्रान्तिमा सफलता मिलेको हो । मारवाडी समाजमा श्री सूर्यमल सराबगीले ज्यादै दिल दिएर सहयोग गर्नुभएको थियो । अपशोच ! पार्टीको कार्यकलापमा नै काठमाडौं जाँदा साथी श्री सूर्यमल सराबगी र साथी श्री राजदास श्रेष्ठ (बनेपा निवासी) हवाई दुर्घटनामा परेर अकालमा उहाँहरूको निधन भयो । पार्टीले उहाँहरूको निधनमा धेरै दुःख प्रकट गर्दै दिवंगत आत्माको चिर शान्ति र शोक सन्तप्त परिवारप्रति समवेदनान प्रकट गऱ्यो ।

क्रान्तिकालमा अराजकता फैलिई लुटपाट भई बस्न नसकी घर छाडी पल्लो किराँतबाट भागी आएका शरणार्थीको डरलाग्दो समस्या सामु आयो । हजारौं व्यक्ति परिवारका बालबच्चा, बूढा - बूढी, जवान सबै ठाउँ ठाउँमा झुण्डका झुण्ड रूख मुनि बस्न थाले । पुस महिनाको शीतले औले ज्वरो आई बेरामी हुन थाले । कतै सुत्केरी हुन थाले, कतै देहान्त हुन थाले अकालमा बिपत्ति थापिँदै गयो । यो घटनाको हाहाकार चारैतिर फैलियो । त्यतिबेला सामयिक सरकारले रमिता हेरी बस्न सकेन र व्यवस्था मिलाउनु अति आवश्यक ठान्यो । जिल्ला भित्रका ऐलानी, मुद्दती, पर्ती जग्गामा ठाउँ ठाउँ शरणार्थीलाई जग्गा दिई बसाउने चाँजो मिलायो । त्यतिले नपुगेर शरणार्थी शिविर शनिश्चरे बजारमा खडा गर्नुपऱ्यो । झापा बुधबारेको जंगल प्रायः कुकाठ मात्र भएको, ठूला रूख नभएको हुनाले आवाद गराउन सजिलो देखियो । १६०० विगाह जंगल जग्गामा ३२० घर शरणार्थीलाई, ५ विगाह प्रत्येक परिवारलाई बराबर दरले दिने गरी जग्गा साथै प्रमाणित लिखत बाँडियो । आफ्ना आफ्ना सिट समाए र जग्गा पाउने परिवार बसे । त्यतिबेला तुरुन्तै प्राण धान्न र जग्गा आवाद गराउँनलाई हलो, फाली, काँटा,कुटो,कोदाली, बञ्चरो, हँसिया, खुकुरी, खुर्पा आदि सामान र प्रत्येक वयस्क व्यक्तिले महिना १ को धान मन १, नुन, तेल, दाल, तरकारीका लागि भा.रु. १० दश

फिर्ता नगर्ने गरी पाउँने व्यवास्था थियो । लगाएको बाली पाकी तयार नहोउनज्याल सम्मलाई । र, बेरामीमा औषधी मुलो, सुत्केरी खर्च, मर्दा कृया खर्च समेतको दरबन्दी कायम गरी प्रत्येकले पाउँने व्यवस्था थियो । यो शरणार्थी शिविरका प्रमुख श्री मेदिनीप्रसाद उप्रेती र उहाँका सहयोगीहरूले महत्वपूर्ण उत्तरदायित्व कुशलताका साथ बहन गर्नुभएको काम ज्यादै प्रशंसनीय थियो । उक्त १६०० विगाह जग्गाको पछिसम्म व्यवस्थित चाँजो मिलाउन श्री चन्द्रप्रसाद प्रसाईं १, शिवप्रसाद उपाध्याय १ लाई संयुक्त जिमनदार र श्री हरिनन्दनदत्त कायस्थलाई पटुवारी नियुक्त गरी उहाँहरूबाट जग्गा नापी गराई दर्ता श्रेस्ता मोठ कायम गरी , बुधबारे नामको नयाँ मौजा खडा गरी त्यसको मालपोत साल बसाल माल दाखिल हुने गराइयो । यो व्यवस्था मिलाउँने काममा स्वर्गीय धर्मप्रसाद ढकालज्यूले त्यतिबेला प्रशस्त ध्यान दिनु भई सघाउ पुऱ्याउनु भएको थियो ।

पछिल्लो समय २००८ साल भदौसम्म प्रायः ९ महिना नेपाली कांग्रेसको तत्वावधानमा गठित 'नेपाल प्रजातन्त्र सामयिक सरकार' ले केन्द्रका अधिनमा रही राजाको वैधानिक नायकत्वमा साधारण नियम कानुन मिलेसम्म त्यतिबेला प्रचलित मुलकी ऐन, माल गोश्वाराका नाउँको सवाल, अमिनी जाफता आदि नियमका आधारमा प्रशासन चलाएको थियो । भइरहेका कानुन नियमहरू प्रयाप्त नभएको महसुस भएमा सामयिक सरकारको क्याविनेटको निर्णय मुताविक नयाँ नियम कानुन बनाई लागूगरी राज्य व्यवस्था सुचारु रूपले स्वायत्त शासन सन्चालन भएको थियो । यद्यपि केन्द्रसंग पूर्णतया सम्बन्ध स्थपित भइसकेको थिएन र राणा कांग्रेस सम्झौताका आधारमा गठित केन्द्रीय नेपाल सरकारसंग नेपाली कांग्रेसको क्रान्तिका दौरान, क्रान्तिकारीहरूले तात्कालीन रिक्तता पूरा गर्न आफूले कब्जा गरेका क्षेत्रमा खडा गरेको क्रान्तिकारीहरूको सामयिक सरकारले केन्द्रसंग पूर्ण सम्बन्ध स्थापना गर्नु पर्ने आवश्यकता पनि थिएन ।

केन्द्र काठमाडौंबाट शासनभार सम्हाल्नलाई प्रतिनिधि स्वरूप, जनमुक्ति सेनाका जनरल श्री जी.बी. याकथुम्बा आउनु भएपछि क्रान्तिकालको आय-व्यय मिलिटरी गभरनर जनरल श्री भैरवप्रसाद आचार्य जिम्मा भएको क्रान्तिकालको आय-व्यय लेखा गरिरहनु नपर्ने नियम मुताबिक उहाँले कांग्रेस हाइकमाण्डबाट ठाडो फारख पाउँनु भयो । क्रान्तिकालपछि 'नेपाल प्रजातन्त्र सामयिक सरकार' ले उपरोक्त ९ महिनासम्म गरेको कार्य व्यवस्था भित्र ४५ पैंतालीस लाख चानचुन भारतीय रुपैयाँको आय-व्ययको अर्थ विभागको श्रेस्ता र बाँकी तहविल मौजदात भा.रु. एक लाख पच्चीस हजार रुपैयाँ (त्यतिबेला नेपाल तराई भरिमा र पहाड पल्लो किराँत, इलाममा भा.रु. चल्थ्यो; नेरु. चल्दैनथ्यो) नेपाली कांग्रेसका प्रेसिडेन्ट श्री मातृकाप्रसाद कोइराला जिम्मा अर्थमन्त्री श्री धर्मप्रसाद ढकालद्वारा नेपाली कांग्रेसको प्रेसिडेन्सियल फण्डमा जम्मा गराइयो । र श्रेस्ता चाहिँ नेपाल सरकारको अर्थ विभागमा बुझाउँन लगाइयो । (त्यतिबेलासम्म श्री ५ को सरकार लेख्ने व्यवस्था थिएन) अनि अर्थ विभाग मार्फत एकाउन्टेन्ट जनरलले श्रेस्ता जाँचबुझ गर्दा भा.रु. १० हजार रुपैयाँ बेरुजु निस्केको रकम अर्थमन्त्री श्री धर्मप्रसाद ढकालले घर घरानाबाट तिर्नु भै फरफारख पाउँनुभयो ।

श्री भैरवप्रसाद आचार्य ग्रुपले केन्द्रीय नेपाल सरकारको आदेशको पालना नगरेको,

छुटै स्वतन्त्र राज्य खडा गर्न लागेको .... इत्यादि आरोप लगाई वारेन्ट जारी गरी पठाउँदा सामयिक सरकारका अध्यक्ष लगायत सदस्यगण २००८ साल अश्विनमा काठमाडौं गएर आरोपको निराकरण गर्ने मौका खोजे । ममिला केलाउँन श्री महावीरशमशेर राणाका दरबारमा श्री विश्वेश्वरप्रसाद कोइराला, श्री सूर्यप्रसाद उपाध्याय, श्री सुवर्णशमशेर राणा आदि त्यतिबेला केन्द्रीय नेपाल सरकारका मन्त्रीहरू पक्ष र सामयिक सरकारका अध्यक्ष श्री भैरवप्रसाद आचार्य र श्री नरेन्द्रनाथ बास्तोला, श्री धर्मप्रसाद ढकाल, श्री देवीप्रसाद उप्रेती आदि विपक्ष भै नेपाली कांग्रेसका प्रेसिडेन्ट श्री मातृकाप्रसाद कोइरालाका अध्यक्षतामा छलफल चल्यो । केन्द्रीय नेपाल सरकार र सामयिक सरकार झापा-इलामका बीच लेखापढी भएका कागजात फायलहरू केलाइए । विभिन्न वाद विवाद र आरोप प्रत्यारोपको खण्डन भयो । ४ घण्टासम्म लामो बहस र छलफलपछि आरोपमुक्त भई सामयिक सरकारले सफाई पायो । मूल बुँदा केन्द्रबाट खटिई आउने व्यक्तिलाई शासनभार जिम्मा दिई तपाईंहरू काठमाडौं आउनुहोला भन्ने केन्द्रीय गृहमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाका अनेकन पत्रहरू । झापा र इलाम ब्यारेकमा रहेका जनमुक्ति सेनाका सिपाही अफिसर २२०० (बाइससय) जवानको पहिलो व्यवस्था हुनुपर्छ । त्यसपछि हामी तुरुन्त आउँछौं । आर्मीको टुंगो नलाई हामीले आउँन मिल्दैन, अप्ठ्यारो पर्छ भन्ने सामयिक सरकारका सैनिक शासक श्री भैरवप्रसाद आचार्यका प्रतिउत्तर पत्रहरू । यस्तै यस्तै पत्राचार निकै पटक भइसकेका पत्राचार आदान प्रदान गराउँने श्री धर्मप्रसाद ढकाल र श्री देवीप्रसाद उप्रेती । दुवै पक्षका कागजातका प्रमाणले केन्द्रीय नेपाल सरकारको आदेश-झापा इलामको सामयिक सरकारले प्रतिपालना नगरेको पनि ठहरिएन, गर्नुपर्ने पनि ठहरिएन । 'सामयिक सरकार' केन्द्रीय 'नेपाल सरकार'को अधिनस्थ गठन भएको नभई नेपाली कांग्रेसप्रति पार्टीद्वारा क्रान्ति कालमा गठित 'सामयिक सरकार' नेपाली कांग्रेसप्रति उत्तरदायित्व बहन गर्छ , नेपाल सरकारप्रति होइन भन्ने निष्कर्ष निस्कन गयो ।

त्यति भएपछि 'श्री नेपाल प्रजातन्त्र सामयिक सरकार' झापा-इलामको उत्तरदायित्वको भारी बिसाइयो । अनि देशमा वर्तमान खाँचोको महसुस गरी श्री महानन्द सापकोटा गुरुजीको विचारलाई अंगाल्दै २००८ सालको विजया दशमीका दिन करिब २ बजे पुतलीसडक पश्चिम लाइनको एउटा घरको दोश्रो तलामा भरखर त्यतिखेरै जन्मेको 'श्री नेपाली भाषा प्रचारक संघ' को जन्मोत्सव मनाउँन लाग्यौं । इति ।

धेरै धेरै सहयोगी साथीहरूका नाम र महत्वपूर्ण घटना कामका विवरण पनि छुटे हुनन् । कतै समय पनि अघि पछि पऱ्यो होला । संझनाका भरमा क्रान्तिका सिपाहीको ठाडो भाषामा यति लेख्ने प्रयास गरें – साथी श्री शम्भुलाल शर्मा र श्री वासुशशीका आग्रहमा एक एक प्रति दुवै मित्रलाई सौंपेको छु ।

सदा सेवामा तत्पर, सदा सहयोगी देवीप्रसाद उप्रेती

मिति २०४१ ।७।११।७ मा

घैलाडुबा- ६, झापा, मेची, नेपाल ।

तोल्सोतोइका बारेमा केही शब्द

हाम्रो सामाजिक चिन्तनमा लेभ तोल्सतोइले जुन भूमिका खेलेका छन् त्यसबारे रुसी लेखकहरूले बारम्बार जोड दिँदै आएका छन् । तोल्सतोइको देहान्त हुनुभन्दा दश वर्षपहिले आन्तोन चेखोभले याल्ताबाट लेखेका थिए: " ...... तोल्सतोइको मृत्युको कल्पना गर्दानै डर लागेर आउँछ । कथंकदाचित् उनको निधन हुन गयो भने मेरो जीवनमा एउटा ठूलो खाडल देखा पर्नेछ । ..... उनको अनुपस्थितिमा हाम्रो साहित्य त गोठालो नभएको बथान जस्तै बन्न पुग्नेछ .... ।" यसभन्दा बीस वर्षअगाडि इभान तुर्गेनेभले पनि यस्तै विचार प्रकट गरेका थिए । तोल्सतोइको देहावसान हुनुभन्दा दुई वर्षअघि यस्तै विचार अलेक्सान्द्र ब्लोकले पनि पोखेका थिए । तोल्सतोइको मृत्युबाट प्रगतिशील बुद्धिजिबीहरूले मात्र आफू टुहुरो बनेको वा नेताहीन हुन गएको अनुभव गरेनन्, बरु रुसका सबैसाधरण जनतालाई पनि यस अपूरणीय क्षतिको यस्तै अनुभूति भएको थियो ....। हुन त त्यस समयको परिस्थितिमा अतिप्रसिद्ध साहित्यिक कृतिहरू समेत ज्यादै लामो र बाङ्गोटिङ्गो बाटो पार गरेर मात्रै जनसमुदायसम्म पुग्ने गर्दथे । जीवित लेखकको बारेमा जनसाधारणले आफ्नो धारणा अक्सर उनको सामाजिक आचरण सम्बन्धि हल्लाहरूको आफ्नो धारणा नै बनाउने गर्थे । किन्तु तोल्सतोइको सारा जीवन कुनै छलकपटबेगर खुला रूपमा नै जनताकै सामुन्ने बितेको थियो । उनले कहिले आफ्नै नाउँबाट त कहिले चाहिं ओलेनिन, लेभिन वा नेख्ल्यूदोभ भन्ने छन्दनामबाट आफ्नो अन्तरात्माको भित्री तहसम्म पनि उनीहरूको अगाडि खोतलेर राखिदिने गरेको थिए । उनी सदैव नै हवाको मूल प्रवाह र प्रचलित धाराहरूको प्रतिकूल हिड्दैरहे । उनले अन्यायद्वारा आर्जित धनसम्पत्ति, अकर्मण्यता एवं थिचोमिचोको विरुद्ध र जर्जर भैसकेको सभ्यताका तमाम विकृतिहरूको विरुद्ध सदैव नै डटेर संघर्ष गरे । तोल्सतोइले दीर्घजीवन पाएका थिए, तसर्थ निम्न वर्गबाट आएका प्रगतिशील मान्छेहरूले ढुक्क भएर कस्तो विचार गर्ने बानी नै बसिलसकेका थिए भने कतै नजिकै एक यस्तो हृदयको धुकधुकी चलिरहेको छ जसलाई कुनै प्रलोभन देखाएर किन्न सकिंदैन, एक जोर सजग आँखाले उनीहरूको असहनीय परिश्रम र अभावहरू पनि लेख्नेगरेको छ, एक जोडी सतर्क कानले उनीहरूको मार्मिक सुस्केरा र गीतहरू पनि सुनिरहेको छ र यसैले गर्दा यो सब कुरा अन्ततोगत्त्वा भविष्यको नयाँ संसारको साझा ढुकढुकीमा नम्बरी सुन बनेर सञ्चित हुन जानेछ ।

युगको चिन्तन र प्रेरणा, आशा र विजित सन्देह नै साहित्यको स्वर्णकोष हो र त्यसमा समकालीनहरूको ऐतिहासिक अनुभवलाई कतिसम्म स्थान दिएका छ भन्ने कुरामा नै त्यसको जीवनशक्ति पनि पूर्णतः निर्भर हुन्छ । ..... छोटकरीमा भन्ने हो भने यस्तै साहित्यिक सुन नै समयको कसीमा घोटिंदा खरो निस्कनेगर्छ । तोल्सतोइका

कृतिहरू पनि तिनै अल्पसंख्यक रचनाहरू भित्र पर्दछन् जो समयको गर्भमा विलुप्त भएर जानेछैनन् ।

पुश्किनले जुन किसिमबाट हामीलाई रुसी भाषाको चमत्कारपूर्ण संगीतको रसास्वाद गराएका थिए त्यसै गरी तोल्सतोइले यसै भाषाको माध्यमद्वारा रुसीहरूका मनोभिलाषित कार्य तथा उनीहरूको सुखःदुख मात्र नभएर नेपोलियनको प्रभुत्वमा रहेको बहुभाषी यूरोपसित उनीहरूको अतिवीरतापूर्ण युद्धको पनि अनुपम ढंगबाट् अभिव्यक्ति गरिदिएका थिए र ऐतिहासिक उदाहरणहरूको आधारमा न्यायपूर्ण उद्देश्यको लागि गरिएको संघर्षको निम्ति उनीहरूको त्यस वीरतापूर्ण कायाकल्पलाई पनि छर्लङ्ग पारिदिएका थिए जुन राष्ट्रहरू तथा पृथक् पृथक शान्तिपूर्ण आत्माहरूमा भएको थियो र जसको अहिलेसम्म कैयौंपल्ट पारख समेत गरिइसकिएको छ । "युद्ध र शान्ति" (वस्तुतः "संग्राम र समाज"-अनु.) "कज्जाक", "आन्ना कोरेनीना" र "पुनर्जन्म" आदिका स्रष्टालाई सबै कुरा छर्लङ्ग देखा पर्ने गर्थ्यो - चाहे घन घोर आँधीवेरी चलेको होस् या अस्पर्श मन्द बतास्, चाहे यस्तो बिराट् बस्तु होस् जुन सामान्य दृष्टिगोचरभन्दा बाहिर पर्छ या यस्तो सूक्ष्म कुरा जसमा अक्सर नजर नै पर्दैन, चाहे मानवीय व्यक्तित्वको मध्यान्हमा चम्कँदो प्रचण्ड सूर्यको गरिमा होस् या त्यसको सन्ध्या । यति मात्र होइन, तोल्सतोइको असंगतिपूर्ण एवं जटिल जीवनले उनलाई मानव जीवनका एकदम अप्रत्यासित उत्थान र पतनको चित्रण गर्नमा खास मद्दत पुऱ्यायो । निसन्देह नै रुसोका उत्तरवर्ती अरू कुनै पनि लेखकले तोल्सतोइले झैं मानव अंन्तरात्मालाई यति हदसम्म खुल्ला रूपमा पाठकहरू समक्ष प्रस्तुत गर्न सकेको थिएन । तोल्सतोइको देहावसान भएको यतिका वर्ष बितेर गईसकेपछि आज कुनै किसिमका प्रकारको सहायता बेगर नै उनका उपलब्धिहरूको विराट रूप मात्र होइन, अपितु उनी धरमर उनको अतिशयता र उनका भ्रमहरू पनि हाम्रो समक्ष स्पष्ट नै छन् । हुन पनि सत्यको अन्वेषण गर्ने व्यक्तिको निम्ति यस्तो धरमर भ्रम अनिवार्य नै हुन्छ, किनभने सत्यलाई आजसम्म कसैले पनि त्यसको विशुद्ध रूपमा भेटाउन सकेको छैन ।

तोल्सतोइको व्यक्तित्व सुप्रतिष्ठित साहित्यिक महारथीहरूको परिधिभित्र पनि अटाउँदैन । बेलेन्स्कीले पुश्किनको विषयमा भने झैं साधारण गद्यमा उनको चर्चा गर्दा लाज समेत लागेछ । यसैगरी हाम्रो समयमा तोल्सतोइको नामले उत्सवीय शब्दहरूको अलंकारयुक्त रेखाधनको माग गर्छ । प्राचीन कालदेखि अहिलेसम्म नै संस्कृतिको इतिहासमा महानतम लेखकहरूको एक दर्जन जति नामाङ्कित जुन सूचि छ त्यसमा यो नाम पनि समावेश छ । तोल्सतोइको साहित्य साधना वास्तवमा नै हर्कुलसको वीरताको द्योतक झैं लाग्छ । प्रगतिको मूल बाटोमा उनी त्यस पर्वत झैं छन् जसको शिखरबाट मानवीय चिन्तनका युगानुयुग पुराना दूरगामी गोरेटोहरूको झलक पाउन सकिन्छ ....।

लेओनिद लेओनोभ

लेभ निकोलाएमिच तोल्सतोइको मृत्युको पचासौं स्मृति दिवसको सन्दर्भमा सन् १९६० को १९ नोभेम्बरका दिन बलटोय थिएटरमा आयोजित सभामा सोभियत लेखक लेओनिद लेओनोभबद्वारा दिइएको भाषाणबाट उद्धृत । अनु.- *देवीप्रसाद उप्रेती*

जनकवि गोकुलप्रसाद जोशीसँगका केही समयहरू

विक्रम सम्बत् २०१३ सालको वर्षायाम थियो, सायद असार महिना हो कि ? श्री टंकप्रसाद आचार्यज्यूको नेपालको प्रधानमन्त्रीत्व काल । वहाँले आफ्नो पार्टी प्रजापरिषद्को महाधिवेशन बोलाउनु भएको रहेछ- वीरगन्जमा । निमन्त्रणा पाएर झापाली निकैजना आयौं । बजारभन्दा उत्तर सडक किनाराको एउटा पुरानो खाली दरबारमा प्रतिनिधिहरूको गाँस-बासको व्यवस्था । करिब ५०० व्यक्ति एकत्र भएर ४/५ दिन कति हो त्यहाँ बसियो प्रायः सबै जिल्लाका प्रतिनिधिहरू ।

त्यसैबीच एकदिन बिहान जुँगा रेखी राम्रो बसेको, दाडी नआएको, गोरो अनुहार, गाला स्याप्प, नाक अलि चुच्चो, जिउ पातलो, अलि होचो कदको उमेर २२/२४ वर्ष जस्तो सुरिलो गलाले व्यक्ति समूहबीच बसेर गीत गाइरहेको देखेर साथी विष्णुप्रसाद पोखरेलज्यूले बोलाएर ल्याउनुभयो । हाम्रो डफ्फाबीच पनि बसेर गीत गाउन लाग्नुभयो । मीठो गलाले चाख मान्नेलाई आकर्षित गरायो । गाइसकेपछि परिचय माग्दा गायकले भन्नुभयो- "मेरो नाम गोकुलप्रसाद जोशी भन्छन्, घर पश्चिम बाग्लुङ जिल्लातिर हो । यस्तै गीत कविता लेखेर सुनाउँदै हिड्छु, सुनिदिने मनिस हुँदैनन्" । कुरा मीठा र रसिला लागे । उहाँले भन्नुभयो- "आफ्ना रचना छपाउन मनलाग्छ, सामर्थ्य पुग्दैन ....।" मैले सोचें १०।२० चन्दा संकलन गरेर छपाउँदा पनि हुन्थ्यो होला, तर उहाँले त्यस्तो विचार व्यक्त गर्नु भएन र हाम्रो झापा भद्रपुरमा श्री महानन्द सापकोटा गुरुजीले २००७ सालको क्रान्ति टायममा पर्टीमार्फत खरिद गराउनु भएको पूर्वाञ्चल प्रेस, क्रान्तिपछि श्री नेपाली भाषा प्रचारक संघ करफोक, इलामलाई पर्टीले दान दिएको, साथी दान खालिङज्यूले संचालन गरिरहनु भएको थियो । त्यसैमा कम्पोजिटरमा काम गर्नसके रोजगारी पनि हुने, क्रमशः गीत कविताहरू छपाउँन पनि सकिंदो हो भन्ने विचारले मैले प्रस्ताव राखें- कवि गोकुलजीलाई । वहाँले सहर्ष स्वीकार गर्नुभयो । जौं त संगै झापा भनेपछि वहाँले एकछिन सोचेर भन्नुभयो- "हुन त अहिले नै जाँदा पनि हुने हो तर एउटा अलि कति काम थियो" भनी अलि संकोच माने झैं गर्नुभयो । के काम छ भन्नुहोस् न संकोच नमानी; हुने भए गरिहालौं- मैले भनें । "घर जाने मानिस काठमाडौंमा छन् महतारीसंग भेट नभएको धेरै भयो, घरमा एक्लै हुनुहुन्छ । आमाको माया, केही हातमा भए किनेर आमालाई पठाउन मन थियो, गाउँका मानिसका हात र त्यसपछि आउने थिएँ झापामा" मैले सोचें- कुरा ठिकै जस्तो पनि छ, बेठीक हुन पनि सक्छ, तर जे होस् गायक पनि लेखक पनि हुनाले ठीकै होला भन्ने विचार गरेर हुन्छ लौ लिनोस् भन्दै केही मैले र केही विष्णुप्रसादजीले सहयोग दिएपछि कवि गोकुलजी काठमाडौं जानुभयो ।

अधिवेशन समाप्त भएपछि हामीहरू भारतको बाटो रेल चढेर झापा गयौं । एक

सातापछि जोशीजी एक्लै एउटा सानो पोको बोकेर घैलाडुबा भएको ठाउँमा आइपुग्नु भयो । दोस्रो दिन भद्रपुरको प्रेसमा पठाइयो । ३-४ दिन बसेपछि कविजीबाट प्रेसको काम नचल्ने खबर खालिङजीले मलाई पठाउनु भयो । अनि म आफैं भद्रपुर गएर जोशीजीलाई लिएर घर फर्कें ।

घैलाडुबा बजार सानो, भरखर सुरुभएको, १५/२० घर टहरा । दिनमा कहिलेकाहीं बजारतिर गएर कविजी साधारण गफगाफ गरेर आउनुहुन्थ्यो । तिनताक त्यस्तो गाउँमा कविजीको कुरा बुझिदिने व्यक्ति प्रायः थिएन र गानाको राग, लय मात्र मनपराउथे- शब्दको भावविनाको । घरमा बस्ता कविजी केही लेखिरहनु हुन्थ्यो । आफ्नै रचना हेरर बस्नुहुन्थ्यो । कहिले मलाई गएर सुनाउनु हुन्थ्यो । त्यतिबेला म पनि सुरिलो गलाले गाएको मात्र मन पराएर मख्ख पर्थें । त्यो गीत कविताले के पुकारा गरिरहेछ ? त्यतापट्टि ज्यादै कम मात्रामा बुझ्ने कोसिस हुँदो रहेछ आज विचार गर्दा । वहाँले ३ नम्बर अभ्यास कापी ४० थान जति लेखिसकेका पोको पारेर राख्नु भएको थियो ।

मेरो घर व्यवहारमा घरका सबै सदस्य र काम गर्ने व्यक्तिको खानामा भिन्नता थिएन । चौकामा जे जस्तो तयार हुन्छ, सबै एकैबाजी बसेर खाने गरेको कविजीलाई राम्रो लागेछ र हामी सधै संगै बसरे खाने गर्थ्यौं । एक महिनापछि "मलाई अलि एकान्त ठाउँ चाहियो, म लेख्ने गर्छु" भन्नु भएकाले घर छेउको केरा बगैंचामा एउटा छाप्रो निर्माण गराएर त्यसमा एउटा खाट र खाटमा बिछ्यौना लगाइदिएपछि कविजी त्यसैमा बसेर लेख्ने, पढ्ने, दिउसो आराम गर्ने कहिलेकाहीं खाजा पनि त्यहीं खाने गर्नुहुन्थ्यो । सुत्नचाहिँ राती घरैमा आउनुहुन्थ्यो । फुर्सदमा कहिलेकाहीं म पनि बगैंचाको छाप्रोमा बसेर संगै कुराकानी गर्थें । आठ पाँच कहिलेकाहीं विष्णुप्रसादजी पनि कुरा गर्न आउनुहुथ्यो ।

कविजीको स्वभाव 'सत्य अंगालेर अघि बढ्नु पर्छ, बुझ पचाएर कुरा गर्नु हुँदैन' भन्ने पाराले वार्ता गर्ने, चित्त नबुझेका काम कुरा, आज अहिले नै निरक्यौल हुनुपर्छ भनी जिद्दी गर्ने तर हाम्रो सामाजिक परिवेश, देशको अर्थतन्त्र, नीति-नियमभित्र रहेर व्यवहार धान्नु पर्छ भन्ने वस्तुस्थिति दर्साएर प्रश्नका उत्तर दिंदा, "चित्त बुझ्ने त हैन, तर बाध्यताले सन्तोष लिनु पर्ने" भनेर चुप लाग्नुहुन्थ्यो । ज्यादा गरेर प्रचलित परिपाटीमा समाजको अवस्था हेरेर आक्रोश बोकेर वहाँ लेख्न थाल्नुहुन्थ्यो ।

एवं रीतले ५ महिना जति बित्यो, दशैं मानियो, साधारण लुगाफाटा फेरियो । स्नान गर्न सजिलोको खातिर कविजी धोती र कुर्ता पायजामामा रहन लाग्नुभयो । कार्तिक आखिरीतिर म पहाडको घर तेह्रथुम जिल्ला आठराई [illegible]वाको सिमले गाउँमा अघिल्लो वर्ष २०१२ सालमा स्थापना गरिएको श्री प्रणामी विद्यालय अधकल्चो रहेको पूरा गराउन जानुपर्दा कविजीलाई खान बस्न घरमा म नहुँदा असजिलो होला, नमिल्ने वातावरण बन्ला भन्ने संझेर भद्रपुरमा श्री भवानीशंकर राइस मिलमा मेरो सम्पर्क भएकाले खाने बस्ने सुविधा दिलाई मिलको मेसमा खाने, मिलको गद्दीमा सुत्ने-बस्ने गरी म फर्की नआएसम्मलाई चाँजो मिलाएर म पहाड गएँ ।

दुई महिनापछि म पहाडबाट आउँदा कविजी भद्रपुरमै हुनुहुँदो रेहछ तर काममा साथी नभएकाले र संगत पनि बाहिर त्यस्तै परेकोले अध्ययन छुटेछ र अलि बरालिन

लाग्नुभएछ । मिलका कुल्ली पनि संगठित गरेर झण्डै विद्रोहको तैयारी पार्नुभएछ । मिलवालाले दुःख मनाउ गर्नुभयो । मैले सान्त्वना दिएँ र कविजीलाई लिएर घर घैलाडुबामा आएँ ।

२०१३ साल पौषदेखि कविजीको दिनचर्या फेरि नियमित भयो । दिनभरि बगैंचाको छाप्रोमा बसेर लेख्ने, पढ्ने, चिन्तन गर्ने । त्यहाँ पट्चार लागेका बेला बजार घुम्ने । खाजा खाने समयमा मसंगै खाने र बिहान बेलुका मसंगै भोजन गर्ने, राती मेरै घरको एउटा कोठामा आराम गर्ने सुत्ने । त्यहाँ मसँग बसुन्जेल अरू कसैको घरमा गएर बस्नु भएन । कारण वहाँका कुरा सुनिदिने र बुझिदिने प्रयास गर्ने म एकजना र विष्णुप्रसाद पोखरेलजी मात्र भयौं । त्यो ठाउँमा घर पनि त्यतिबेला थोरै ।

माघ महिनामा एकदिन झापा मालका हाकिम सुब्बा माधवप्रसाद उपाध्याय ढुंगेलज्यू आउनु भयो- सरकारी कुनै काम वास्ताले र बास मेरै घरमा बस्नुभयो । कविजीले तर्क गर्ने व्यक्ति पाउनु भयो । वहाँले कुरा सुनिदिनु भयो, यथाशक्य जवाफ पनि दिनुभयो । तर एउटा जनचेतनाको बीज बोकेको कवि र राणाकालीन हाकिम सोर्स फोर्सले बहाल रहेकै, बीचमा कसरी कुरा भेट खान्थ्यो ? पछिबाट हाकिमले मलाई भन्नुभयो- "यी व्यक्ति ठीक रहेनछन् । यिनको कुरा मलाई अचाक्ली लाग्यो" । मैले भनें- व्यक्ति-व्यक्तिको विचार भिन्न भिन्न हुन्छ, सबै आफ्ना-आफ्ना विचार व्यक्त गर्छन् । आफूलाई मन नपरेका विचार स्वीकार गर्नैपर्ने बाध्यता पनि त छैन । तर भनाइमा सत्यता कति छ ? त्यसले चाहिँ मर्यादा पाउनु पर्छ । हाकिम साहब चित्त नबुझाएरै आफ्नु कार्यालयतिर जानुभयो । पछि कविजीले भन्नुभयो- "लामो संस्कारले थिचिएका यी बूढा ब्राह्मण हाकिमले मेरा जनपक्षीय कुराकानी किन मन पराउनु हुन्थ्यो ? तर यस्तालाई मन पर्ने कुरा गर्ने मेरो कर्तव्य पनि त होइन । तपाईं कहाँ म खाएर बास बस्दछु; चित्त नबुझे जति तपाईंका कुरा म दिन दिनै काट्तै छु, कि मैले गल्ती गरें त ?" म भन्ने गर्थें- सत्य र साँचो हो भन्ने आफूलाई लागेको कुरा व्यक्त गर्नैपर्छ । अर्कालाई मन पराउने कुरा गर्ने त होइन त । तपाईंको स्वभाव धेरैलाई अहिले सब नपर्न सक्छ- यहाँ म कहाँ आउनेहरूमा । तर मलाई तपाईं एकजना आँखा उघ्रेको व्यक्ति संझेर बराबर वार्ता गरिरहन मन लाग्छ । तपाईंका र मेरा सबै विचारहरू नमिल्न सक्छन् । कवि जोशीजी भन्ने गर्नुहुन्थ्यो-"भोको भन्छ डाँडा वारी खाऊँ, अघाएको भन्छ डाँडा पारी खाऊँ" यस्तै पाराले हाम्रो समय बित्तै गयो ।

दशैंभन्दा निकैअघि १ दिन कविजीले ८ लाइन कविता वार्णिक छन्दमा लेखेर मलाई देखाउनु भयो र भन्नुभयो "यसमा के कति अशुद्धि छ ? शुद्धयाइदिनुहोस्, म पारसमणि प्रधानजी कहाँ छपाउन पठाउँछु ।" मैले कविता हेरें र मलाई ज्ञान भएसम्म शब्दको छन्द मिलाउन चाहिने ह्रस्व दीर्घसम्म छुटयाउन रातो मसीले शुद्धयाएँ । शब्द मात्र रातो नलागेको बाँकी रहेछ । त्यो हेरेर कविजीले यो मलाई पठाइदिनु भन्नुभयो । मैले भनें- वार्णिक छन्द अलि अप्ठ्यारो हुन्छ, मात्रिक छन्दमा अझै झ्याउरे मात्र लेख्नु भए अझ बेश, किनभने भाव स्पष्ट हुन्छ, कुरा बुझाउन गह्रोरो पर्दैन ।

यस्तै वार्ताक्रममा एक दिन कविजीको विवाहको कुरा उठ्यो । गर्ने भए विवाह गर्नुहोस् कविजी हामी कन्या खोजौंला, आदि कुरा चल्यो । कविजीले पनि यस्तै पाराले भन्नुभयो "लौ भएछ रे मेरो विवाह त, तपाईंहरू गराइदिनु होला तर म जस्ता नेपाली कति

छन् आफ्नो घरजम गर्न नसकेर रोजीरोटीका खोजिमा हिंडेका ? के ती सबैको विवाह घरजम गराइदिनु होला ?" जवाफमा अरूले भन्ने कुरा आएन । कविजीको विचार दिन परदिन चौडा हुँदै गएको अहिले महसुस गरिदैछ, त्यतिखेर ती कुरा दिल्लगी जस्तै संझियो ।

कविजीले उपरोक्त ८ लाइन कविता छपाउन नपठाएर अरू अझ राम्रो लेख्दै जाने उहाँको उत्सुकता देखेर मलाई पनि लेख्न रहर लाग्यो । २०१३ सालको विजया दशमीका दिनदेखि प्रत्येक दिन २।४ लाइन लेख्ने अभ्यास गरें तर मेरो अभ्यास पूरा भएन । काम लाग्दा कुरा लेखिए जस्तो लागेन र प्रकाशनमा पनि ल्याइएन । तैपनि अझै कहिलेकाहीं लेख्ने गर्दैछु र लेख्तै छु- जनकवि गुरु गोकुलप्रसाद जोशीज्यूबाट पाएको प्रेरणाको प्रसाद स्वरूप ।

रहँदा बस्ता १०१४ साल लागेपछि जस्तो लाग्छ, मिति राम्रो याद रहेन । जनकवि गोकुलप्रसाद जोशीज्यू मसंग बिदा भएर जान लाग्नु भएछ र मान्छे अनुसारका कुरा गर्नुभएछ । म क्रान्तिकारी कुरा राम्रो नबुझ्ने, खेतिपाती, बन्द बेपार गरेर जीविका चलाउनु पर्छ भन्ने हुनाले 'म एउटा सानो दोकान गर्नुपर्‍यो, अलिकति पुँजी चाहियो' भन्नुभयो । म सोझा घतको व्यक्ति के कस्तो व्यापार गर्नुहुन्छ भनें । 'पान दोकान गर्छु, आफ्नो लेख्ने काम पनि गर्दै गर्छु' भन्नुभयो । झण्डै पत्यार नै लाग्यो र विष्णुप्रसादजी र म भएर दोकानका निम्ति उहाँले भन्नुभए जस्तै पुँजीको रूपमा सहयोग गरेर बिदा दिइयो । कविजी अलि ठूलो ठाउँमा गएर व्यापार गर्छु भन्नुहुन्थ्यो, भारतमा गएर । 'बाँच र बाँच्न देऊ' छपाउनु भएछ । कविज्यूलाई हामीले नचिनेकाले वहाँको भाषा पनि हामीले बुझेनछौं । वहाँले साच्चैको पसल थापेको रहेछ- जनमानसको, चेतना औषधीको । यतिबेला पो वहाँको भनाइ बुझियो । वहाँ बिदा भएर घैलाडुबाबाट हिड्दा १० सेर जति गह्रौं कापीको पोको लैजानु भयो- वहाँका आफ्ना संग्रहको ।

कति महिनापछि आउनु भएछ तर मसंग भेट गर्नु भएन । 'बाँच र बाँच्न देऊ' ३०।४० पेज जतिको पाकेट बुक साइजको केही पहेंलो रंगको पातलो कागतमा छापिएको सानो पुस्तक मलाई पठाइदिनु भएछ । हेरें; राम्रो लाग्यो र त्यसैको कबर पेजको पछिल्लो भागमा व्यापार पुँजीको जम्मा खर्च आयं-व्यय विवरण छपाउनु भएको रहेछ हिसाब यहाँ हेर भने झैं गरेर ।

जतिबेला जे काम गरिन्छ अनजान मै गरिंदो रहेछ । कवि गोकुलज्यूका कविता गीत, त्यति अर्थपूर्ण छन् भन्ने कुरा त्यतिबेला मैले पटक्कै बुझिंन । त्यतिबेला बुझ्न सकेको भए ! बितेको कुरा, औसर यसरी नै बित्छ । मेरो सम्पर्कमा आउने कवि कलाकार आफूले थाहै, पत्तै नपाई कति गुज्रेर गए हुनन् ?

--- --- ---

कवि गोकुलप्रसाद जोशीज्यूले बताउनु भएको उहाँको आफ्नो जीवन गाथा- पिता सानैमा परलोक हुनुभयो । दाज्यू भारतमा जागीर खान जानुभयो । आमा छोरा घरमा बस्ने । पहाडको दुःख, जग्गा जमिन थोरै । बाखा, गाई चराउनु, घाँस काटनु, मेला पात जानु, अन्नले खान नपुग्ने । सबै डुल्न जान्छन्, लाहुरे हुन लाहुर जान्छन्, म मात्रै किन बसिरहुँ भनेर गाउँका मोतिएका साथमा हिंडे, नेपाल जानु पर्छ भनेर संगसंगै आउँदा नेपाल

आइपुगिएछ । अहिले पो काठमाडौं भन्न थालेको त । एक साता जति त्यहाँ बसेर मुगलान जाने हुलसंग म पनि मुगलान पसें ।

"केही समयपछि दाज्यू बसेको ठाउँ सिलाङमा पुगें । दाज्यू स्टेट बैंकको चौकीदार । एक महिना जति दाज्यूसंगै बसें । त्यसपछि एउटा होटलमा काम गर्न लागें । होटलमा काम गर्दा एकजना बंगालीसंग भेट भयो । रहँदा बस्दा बंगाली साथीले ठाउँ ठाउँका कुरा सुनायो । कलकत्तामा ठूला कल कारखाना छन् । त्यहाँ धेरै काम पाइन्छ । पैसा पनि पाइन्छ । मेरा आफ्ना मानिस पनि छन् भनेर दिन दिन कुरा गर्न लागेकोले देश हेर्न पनि पाइने, पैसा कमाउन पनि पाइने राम्रै होला भनेर बंगाली साथी र म सिलाङबाट हिड्यौं र केही समयपछि हामी कलकत्ता पुगेर एउटा औषधी पसलमा काम गरेर बस्यौं ।

एक वर्ष जति कलकत्ता बस्ता फौजी भर्तीको क्याम्पमा पनि पुगियो र गोर्खा फौजमा जाने कुरा मिल्यो । फौजी मद्रास जाने रहेछ र मद्रास पुगेपछि पियनमा भर्ना गरिदिए । त्यहाँ तालिम पाएकाले, खान बस्न पनि सुविधा भएकाले स्वास्थ्य केही राम्रो भयो । अलि अलि पढ्न पनि पाइएकोले मन खुशीनै थियो र दिन दिन फौजी अखबार हेर्न पाउँदा अलि केही ज्ञान पनि बढ्यो । र बाहिर बजारमा जाँदा अरू-अरू पनि राखेर १।२ अखबार ल्याउने गरें । विभिन्न अखबार ल्याएर पढ्ने गरेपछि बाहिरको कुरा पनि अलि बुझियो तर हिन्दीका अखबार बल्ल बल्ल पाइने । ती अखबारमा ठाउँ-ठाउँ हडताल भएको, पार्टीको मिटिङ भएको कुराहरू हेर्दा त ज्यादै चाख लाग्यो र दिन दिनै अखबार खोजेर ल्याएर पढ्ने गरें र आफ्ना विचारका कुरा १/२ पाना लेख्ने पनि गरें । अनि सिपाहीहरूसंग अलि अलि छलफल पनि गर्न थालेको त कुरा बढ्दै गएछ । नतोकिएका अखबार क्याम्पभित्र ल्याउनै मनाही रहेछ । मलाई के थाहा । एकै बाजी ठूला अफिसरका अगाडि लगेर अखबार हेरेवापत खेरखार गर्दा पो मैले विराम गरेंछु कि त भन्ने लाग्यो । भएजति सबै कागत पत्र खान तलासी गरियो र थुनामा बस्नुपर्‍यो । मैले यी अखबार कि पढ्न नपाउनु ? अखबार हेर्दा मेरो के विराम भो ? आफ्ना मनका कुरा लेखेर राख्ता मेरो के अपराध भयो ? भनेर मैले मेरो कुरा बिसाएँ, तर जवाफ पाइन । पछि फेरि थुनाबाट झिकेर के के हो कागत लेखाएर तँ यहाँ बस्न पाउदैनस् जा भनेर मेरो तलब हर हिसाब गरेर बिदा गरिदिए । अनि आफ्नो बेडिङ, विस्तारा, बाक्सा सबै लिएर म मद्रासबाट बम्बै जान्छु भनेर हिडें । रेल चढेर बङ्गलोर पुगेंछु । त्यताबाट पनि जाँदै गर्दा एउटा स्टेसनमा पुग्दा निन्द्रा परेछ । बेडिङ् र बाक्सा छैन । पैसा पनि बाक्सामै । छक्क परें । टिकटचाहिँ पाकेटमा रहेछ ।

अनि साथमा केही पनि नहुँदा खुला भएँछु । जहाँ पुगिन्छ पुगियोस् भनेर जाँदा जाँदा बम्बईमा पुगेर रेल थामियो । नखाएको २४ घण्टा नाघिसकेकोले भोकले ज्यादै सतायो । एउटा होटलमा गएर सिटमा बसें र खाना मगाएँ, पेटभरि खाएँ अनि जुठा प्लेट बोकेर बर्तन मल्ने ठाउँमा गएर मल्न लागें र भनें मसंग पैसा छैन, म काम गर्छु । कसैले केही भनेन वर्तन मलिरहें । होटल मालिकले बोलाएर परिचय माग्यो; आफ्नो विवरण बताएँ । अनि वर्तन मल्नेमा होटल ब्वाय भएर बसें ।

'त्यहाँ झण्डै एक महिना बसेर बाहिरको काम खोज्दा जहाजमा रंग लगाउने काम

पाइयो । अनि जहाजमा काम गर्न लागें । त्यहाँ पनि रमाइलो नै थियो । गरीब दुःखी नेपालीलाई जहाँ पेट भर्न पायो त्यै रमाइलो, चेतना छैन ।

त्यहाँ जहाजका कुल्लीको दुःख र थिचो-मिचो देखेर सल्लाह गर्न मन लाग्यो । सल्लाह गर्न त पल्टने सिपाहीसंग पनि गरी हेरें तर त्यहाँका मानिस कुरा नसुन्ने । जहाजका कुल्लीको संगठन रहेछ । त्यै संगठनमा म पनि भएँ र पछि हडताल गर्ने काम आरंभ भयो । केही दिनको हडतालपछि हडताल समाप्त भएको फलस्वरूप मेरो कुल्लीगिरी समाप्त भयो ।

जहाजको कुल्लीगिरीमा छँदै, आफूलाई २/४ अक्षर जान्न इच्छा लागेकोले फौजमा बस्ता रोमन लिपि लेख्न सिकाएको परिणाम एउटा मिसनरी रात्री स्कूलमा भर्ना भएँ र पढ्न लागें । दिउँसो जहाजमा रंग लगायो, राती स्कूलमा गयो गर्दै ६ महिना अध्ययन छुटाइनँ । होटलमा दिउँसो काम गर्दै राती स्कूल जाँदै गरें ।

नेपालमा प्रजातन्त्र आयो, राणा शासन हट्यो इत्यादि रेडियो प्रचार बराबर सुन्ने गर्थें र अब त नेपालमा पनि राम्रो भएछ भन्ने लाग्यो । २००८ साल मंसिरमा काठमाडौं आएँ तर काठमाडौंमा त पुरानै परिपाटी ज्यूँ का त्यूँ रहेछ । न कहीं बस्ने व्यवस्था छ, न खाने । २।४ दिन होटलतिरै खाँदै घुम्दै प्रजापरिषद्का श्री टंकप्रसाद आचार्यज्यू भएमा पुगी बिस्तार लगाउँदा श्री रामहरिज्यूले साधारण खाने चाँजो दिलाई दिनुभयो । एक महिनापछि गौचर हवाई अड्डामा स्टोर किपरको काम पाएँ । ६ महिना जति काम चल्यो तर इण्डियनहरूको थिचोमिचो सहन सकिनँ । कुल्ली, ज्यामी एक गरेर सहुलियत दिलाउन कोसिस गरेको त आफ्नू भाँडो रित्तै ।

त्यसपछि झोली तुम्बा लिएर प्रजा परिषद्लाई पछ्याउन पुगें तर मलाई सहारा मिलेन । त्यतिबेला डा. के. आई. सिंहको गुणगान गर्न धर्मराज थापा लाग्नु भएको रहेछ, उहाँकै साथमा लागी भूगोलपार्कमा र सडक पेटीमा के. आई. सिंहका गीत गाउँदै गर्दा धर्मराज थापाज्यूलाई सरकारले पक्राउ गरी थुन्यो र मलाई पनि थानामा लगी हप्काएर छाडिदियो ।

त्यसपछि पनि के. आई. सिंहज्यूको गीत गाउँदै प्रचार गर्दै रहें । पछि धर्मराज थापाज्यू थुनाबाट छुटेपछि उहाँलाई पनि विरक्ति आएछ र भारततिर भ्रमण गर्न जाने कुरा गर्नुभयो । थापाज्यू भारत कहिल्यै प्रवेश नगर्नु भएकाले मेरो सहायता उहाँलाई आवश्यक भएछ ।

काठमाडौंबाट हिडेर रक्सौल पुग्यौं, त्यहाँ लक्ष्मीरञ्जन जोशीज्यूका भाइ हुनुहुँदो रहेछ । (वहाँको नाम भन्नु भएको थियो मैले बिर्सें) नेपाली बसोबास भएको भारतमा घुम्ने इच्छा गर्दा उहाँले कलकत्तासम्म पुग्ने टिकटको व्यवस्था गरिदिनु भयो । कलकत्ता लक्ष्मीरञ्जन जोशीज्यू भएमा पुगेपछि उहाँले राम्रो आगत स्वागत गरी भोलिपल्ट भा.रु. १०० बाटाखर्च दिनुभयो र देहरादुनमा चिठी पनि लेखिदिनु भयो । (मैले संस्थाको नाम बिर्सें, लक्ष्मीरञ्जन जोशीज्यू कुनै गोर्खा संस्थामा हुनुहुन्छ, सायद गोर्खा एसोसिएसन ?

कलाकत्ताबाट देहरादुन, नैनीताल, मसुरी, धर्मशाला, भाक्सु आदि नेपाली बस्ती भएका ठाउँमा पुग्यौं । जहाँ जहाँ पुग्यौं, सबै ठाउँमा राम्रो आगत स्वागत भयो । गीत,

कविता आफू आफूले सुनायौं । संयुक्त रूपले बिदाइ गरियो । धर्मशालासम्म धर्मराजज्यूले बराबरीको नाता राख्नु भएकै थियो, त्यसपछि देखि क्रमशः परिचयदिंदा कवि गोकुलजी नभनेर मेरो मान्छे, साथै आएको .... इत्यादि हावभावमा र कुरा गराइमा नोकर ल्याएको भन्ने भाव झल्किने व्यवहार गर्दै लानुभयो र सिलिगुडी, खरसाङ, दार्जीलिङ, कालेबुङ जाँदा गीत कविता आदि त बराबर सुनाइयो तर म उहाँको झोला बोक्ने आश्रित व्यक्ति नै दर्सिएँ र कलकत्ता पुगेपछि उहाँले आफ्ना गीतको रिकर्ड भराउनु भयो, तर मेरो गीतको वास्ता भएन । गीतको रिकर्ड भराउने मेरो पनि अभिलाषा थियो तर मेरो आकांक्षा पूरा भएन र आम्दानी पनि 'यतिनज्याल पेट पालियो, रेल भाडा तिरियो' यति नै भयो भनेर चित्त बुझाउन खोज्नुभयो, मेरो चित्त बुझेन । अब आसामतिर संगै जाउँ भन्नु भएको थियो तर मैले इन्कार गरें र भने पनि तपाईंको नोकर होइन । म आफ्नो बाटो लाग्छु ।

त्यसपछि उहाँ कता लाग्नुभयो ? म फर्केर यता उता घुमफिर गर्दै काठमाडौं आएँ । काठमाडौं आएँ मात्रै तर त्यहाँ पनि पेटपाल्ने उपाय थिएन । प्रजापरिषद्संग पनि नाता टुट्यो । २/४ दिन रल्लिदै जाँदा श्यामप्रसादज्यूसंग भेट भयो र उहाँसंगै वीरगंजमा आएँ । वीरगंजमा श्यामप्रसादज्यूसंग ३ महिना बसेपछि अनि कम्युनिष्ट पार्टीमा काम गर्न खटाउन लाग्नुभयो । ३ महिनासम्म मेरो परीक्षणकाल रहेछ । पार्टीको अनुशासनमा रही रौतहट, जनकपुर, राजविराज हुँदै विराटनगरसम्म आएँ र एक वर्ष जति पार्टीमा गुजारें तर पछिबाट के लाग्यो भने यहाँ पनि स्वतन्त्रतापूर्वक लेख्न पाइएन । यो पनि एउटा जुवामा हारिए जस्तै रहेछ । म आफ्नो विचार स्वतन्त्रतापूर्वक पोख्न खोज्ने व्यक्ति, कम्युनिष्ट पार्टी छाडेर नेपाल राजभरि पैदल हिड्नु पर्‍यो भनेर अर्को एक जना साथी लिएर विराटनगरबाट हिडें, भद्रपुरमा तपाई (देबीप्रसाद उप्रेती)संग भेटभयो र तपाईंले केही मद्दत गर्नुभयो र अनि नेपाल भ्रमणमा म हिडें । नेपाल पैदल भ्रमण गरिसकेपछि फेरि काठमाडौं गएँ । काठमाडौंमा १/२ महिना बिताएपछि वीरगंजको प्रजापरिषद्को अधिवेशनमा तपाईंहरूसंग भेट भएर यहाँ आएको हुँ, घैलाडुबा आइपुग्नु अघिको वृत्तान्त यति नै हो ।"

जनकवि गोकुलप्रसाद जोशीज्यूले मलाई बताउनु भएको विवरण मैले संझनामा बोक्न सकेसम्म यति नै हो । समय र उहाँको भ्रमण परिपाटीको विवरणमा केही अघिपछि पनि पर्‍यो होला त्यस्तो गल्तीको लागि क्षमा प्रार्थी छु ।

मलाई लाग्छ श्यामप्रसादज्यूसंग उहाँको अलि लामो सम्पर्क भएकोले कविजीको विषयमा उहाँलाई बढी ज्ञान होला । कवि गोकुलप्रसादज्यू 'बाँच र बाच्न देऊ' छापेर फर्की आएपछि म भएमा नआएर अनारमनीमा बस्नुभयो । २०१४ साल माघतिर झापा शरणामतीको मदरगाछीमा घर बनाउँदै गरेको अवस्थामा म भएमा एक रात बस्न आउनुभयो राती, तर विहानै उठेर गैहाल्नु भएछ, कुराकानी भएन, त्यसपछि उहाँसंग साक्षात्कार भएन ।

२०१५ सालाको आम चुनावमा डा. के. आई. सिंहज्यूको एजेन्ट भएर अनारमनी निबासी श्री प्रचण्डलाल मास्केज्यूले प्रचार प्रसार गर्नु हुँदा कवि जोशीज्यू पनि साथै प्रचारमा भागलिदै हुनुहुन्छ भन्ने त्यतिबेला सुनेको थिएँ । १०१५ सालको चुनावमा म बीच बाटैमा परें । पहाड घर जान हिडेको, पुग्दा उता चुनाव सकिएछ । २०१७ साल मंसिरमा पहाडबाट मधेश झरें र शरणामती मदरगाछीका घरमा बसे, किनभने घैलाडुबाको मेरो

घरद्वारमा २०१४ साल चैत्र १ गतेदेखि श्री आदर्श विद्या मन्दिर निःशुल्क हाइस्कूल संचालन भैरहेकोले त्यहाँ एउटा टहरामा त्यहाँको बोट विरुवा रुँग्ने एकजना व्यक्ति मात्र रहन्थ्यो ।

मबाट विदा भै जानु भएपछि २०१४ सालदेखि २०१८ सालसम्मको अवधिमा कवि गोकुलज्यू कहाँ कहाँ भ्रमण गर्नुभयो, के कति गर्नुभयो, के के दुःख भोग्नुभयो, मलाई केही थाहा पत्तो भएन । २०१८ सालमा घैलाडुबाको हाम्रो घरमा कहिलेदेखि आएर बस्नुभएको थियो, स्वास्थ्य कस्तो थियो मलाई बिलकुल जानकारी भएन । वहाँ परलोक हुनु भएपछि मलाई बताइएको खबर यस प्रकार छ –

<u>२०१८ ।३।१०।७ मा</u>

१- जनकवि गोकुलप्रसाद जोशी (पोखरेल) जी २०१८ साल असार ४ गते आइतवार दिनको ४ बजे देहान्त हुनुभयो । उहाँको स्वास्थ्य केही समयदेखि ठीक थिएन । विक्षिप्त अवस्थामा निकै दिनदेखि हुनुहुन्थ्यो । गोवरको मूर्ति बनाएर एक हप्तादेखि पूजा गर्नुहुन्थ्यो । हृदयको गति बन्द भएर घैलाडुबाको हाम्रो दो महल्ला घरमा (पुरानो दो महल्ला इनार छेउको) देहान्त हुनुभयो । श्री आदर्श विद्या मन्दिरका प्रधानाध्यापक हरिध्वज खत्री समेत भै विरिङ नदीको किनारमा अन्तिम संस्कार गरिदिनु भयो ।

- रिपोर्टर-हरिध्वज खत्री ।

उपरोक्त विवरण मेरो बहीमा हरिध्वज खत्रीज्यूले टिपाइदिनु भए बमोजिम मैले यहाँ सारेको छु । कवि गोकुलज्यूका सम्बन्धमा श्री भवानी घिमिरेज्यूले २०३० सालमा 'भानु'मा प्रकाशनार्थ मसंग अन्तर्वाता लिनुभएको थियो । विवरणमा केही फरक पनि पर्नसक्ला सम्झनाका भरमा लेखिएका कुराहरू । कवि गोकुलजीको ठेगाना कहीं जानकारी नहुनाले कविजीको देहान्त भएको कतिपछि हो श्री शिवलाल जोशी, स्टेट बैंक अफ इण्डिया, सिलाङ, आसामबाट पत्र आएपछि मेरो बहीमा टिपी राखें र उपरोक्त मिति समेतको कवि जोशीज्यूको देहान्त भएको विवरणात्मक चिठी, श्री शिवलालज्यूलाई पठाएको थिएँ ।

अपशोचको कुरा- कवि जोशीज्यूलाई नत अन्त्य अवस्थामा भेट गर्न पाइयो, नत स्वास्थ्योपचार नै । जे होस्, वहाँले समाजका निम्ति गर्ने जति आफूले सक्दो गरेर जानुभयो । हामीले जीवितकालमा वहाँका निम्ति केही गर्न सकेनौं भन्ने कुरा समाजमा देखाउनु मात्र हाम्रो कर्तव्य हामी संझन लाग्यौं । हामी यस्तै छौं । हाम्रो समाज यस्तै छ । झण्डै मानव समुदायनै यस्तै हो कि ? बाचुनज्याल वास्ता गरिदैन, शेषपछि पितृ उद्धार भनेर तृप्ति पार्न श्राद्ध तर्पण गर्छौं, पायश चढाउछौं । उहाँका निम्ति हामी त्यै गरिरहेछौं ।

तर नेपालीले दुःख पाएको देखेर र सुनेर साथै आफैंले त्यो कष्ट बाचुनज्याल भोगेर ती करूण कहानी र ज्वालामुखी जस्ता विष्फोटक वर्णन देशको अवस्थाको भुक्तभोगी कवि गोकुलप्रसाद जोशीज्यू जस्तो अर्को व्यक्ति मैले देखेको छैन । आत्मा अमर हुन्छ भने वहाँको आत्माले चिर शान्ति पाओस् हाम्रा भावी सन्तानले वहाँको स्वप्न साकार बनाउन् । सबै नेपालीले खुशी र सुखी भै बाच्न पाउन् । काम नगर्नेका कुरा धेरै हुन्छन् । यो भावनात्मक प्रलाप नै त हो । इति ।

घैलाडुबा- ६ झापा

२०४०।१२।१३।२

साभारः भारद्वाज द्वैमासिक , वर्ष-१ अङ्क -३ फाल्गुण-चैत्र २०४०

जनार्दन सिटौलाको सम्झनामा

आज बिहानै करिब ३ बजे जनार्दन सिटौला परलोक भए भन्ने खबर ८ बजेतिर मैले सुनें । मेरो होशले काम गरेन । शिरमा चक्कर लाग्यो र मलाई भाउन्न भयो । १५/२० मिनेटपछि म सम्हालिएँ र अतीतलाई संझिएर लेख्न थालें – अहिले म बिरामी अवस्थामा छु । म मलामी जान सकिनँ । पहिले बिरामीको खबर आउँदा पनि हेर्न जान सकिनँ । मनमा छटपटी लाग्यो । भेट गरेर दुःख सुखका दुईचार कुरा गर्ने इच्छा थियो । मेरो इच्छा अब मेरो जीवनभरका लागि अधुरो नै रह्यो ।

मभन्दा एक वर्ष, सात महिना र एक दिनले जेठा थिए-जनार्दन उमेरमा । म संझन्छु- गोरो, हँसिलो चेहरा, पातलो जीउ शरीर, हिस्सी परेको अनुहार, २० वर्ष पनि पूरा भैनसकेको उमेरमा सुहाउँदिला जुँगाका रेखी, खतना पतना नउम्रेका, जनार्दन काठमाडौं नक्सालको सानो घरमा मेरो जीवनमा झुल्किएका हुन् । त्यो घर गौचरपूर्व तल गहिरामा मालिगाउँ जाने बाटाको मोडमा, धोवीखोला-कालोपुल जाने सडकको उत्तरपट्टिको लाइनमा थियो । सानो, अग्लो, बुइँगल समेत चार तला भएको श्री टीकादत्त बाजेको घर थियो त्यो । त्यसको तेस्रो तलामा बस्ने कोठा, चौथो तला बुइँगलमा भान्सा घर गरेर बस्थे जनार्दन सिटौला । उनी, बद्रीप्रसाद थपलिया समेत ८ जनाको एउटै डेरा थियो । विक्रम सम्वत् १९८७ साल असार मसान्तका दिनको राती करिब साढे नौ बजेतिर, माझ किराँत, पूर्व ४ नं. भोजपुर निवासी, काठमाडौंमा अध्ययनरत विद्यार्थी श्री मित्रबहादुर बस्नेतले मलाई डोऱ्याएर त्यहाँ पुऱ्याएका थिए । मटानमा उभ्याएर उनले भने- "मैले तपाईंहरूको मानिस ल्याइदिएकोछु, लौ जिम्मा लिनुहोस् ।" जनार्दन सिटौला र बद्रीप्रसाद थपलिया उठेर परिचय लिए । बद्रीप्रसादसँग त सम्वत् १९७५ सालको हिउँदमा चौहानडाँडामा हिउँदे स्कूलमा पढ्दा सहपाठी भएकाले मैले पहिचान गर्न सकें । जनार्दनलाई चाहिँ मैले देखेको पहिलोपल्ट यही थियो । परिचय पाएपछि आगत, स्वागत, स्नेह, खातिरजामा भए र भोलिपल्ट श्रावण १ गतेदेखि मैले पनि अध्ययन सुरु गरें । निजामति प्रथम परीक्षाको प्रणाली सिकाउने पहिला गुरुहरू जनार्दन सिटौला र श्री बद्रीप्रसाद थपलिया नै भए । आज यी दुवैजना हाम्राबीच छैनन् ।

केही समयपछि, भान्सा ठूलो भयो र छुट्याउने सुर कसियो । जनार्दन सिटौला, कृष्णलाल थपलिया र म हाँडीगाउँमा डेरा सऱ्यौं । हामी दुईजना विद्यार्थी थियौं । कृष्णलाल थपलिया चाहिँ झगडा मुद्दाको तारेख खेप्थे ।

सम्वत् १९८७ साल असार मसान्तदेखि,

१९८९ साल मंसिरसम्म काठमाडौं रहेका अवस्थामा यो देवीप्रसाद र जनार्दन एउटै डेरामा बसेर, एउटै भान्सामा खाएर, एउटै बिछ्यौनामा सुतेर अध्ययनक्रम चालु राखेका हौं । निजामति प्रथम परीक्षाको चार विषय उत्तीर्ण भएर प्रमाणपत्र पाएपछि अलपत्र परेर बसेका अवस्थामा म बिरामी परें । जनार्दनले मलाई वीर अस्पताल पुऱ्याए । त्यहाँ भर्ना

भएपछि एक महिनामा म अलि जाति भएँ । अनि फेरि म उनकै डेरामा फर्कें । पछिल्लो वर्ष मैले खर्च जुटाउन सकिनँ । ८ महिनासम्म पूरै जनार्दनले मेरो भरण पोषण गरे- आफ्नो खर्च उभारेर । यसका लागि म चिर-ऋणी रहेको छु । उनको मद्दतले नै मैले आफ्नो अध्ययनक्रम पूरा गर्न पाएँ र जीवनका दौडमा मलाई यहाँसम्म पुऱ्याउने थालनीको श्रेय, सौजन्यता उनैको हो ।

त्यो म बिरामी परेको खबर पाएर बालाचतुर्दशीको पर्वमा आमा, दिदी, भिनाजु मलाई लिन आउनुभएकाले म जनार्दनसँग बिदा भएर पहाडको बाटो लागें । त्यसबेला यातायातको अभाव भएकाले नेपालबाट २३ दिनमा घर पहाड आठराईको ईवा-सिमले गाउँमा आइपुगका हौं । अलि स्वस्थ भएपछि रोजगार खातिर म मधेशतिर झरें ।

जनार्दन पनि केही समयपश्चात् पहाड घर आठराईको मूलपानी गएछन् र घर-व्यवहारको धन्दामा लागेछन् । उनले विद्यार्थी जीवनकालमा नै हिंवाघाट नदीमा पुल हाल्ने निकासा गराइसकेका थिए । त्यो काम छँदै थियो । थप त्यतिबेला मूलपानीमा पाठशाला स्थापनाको स्वीकृत पनि गराई उनले पाठशाला पनि चालू गराए । त्यसपछि २००६ सालतिर चलेको शिक्षाको लहरले गर्दा शिक्षण संस्थातर्फ चासो बढेर श्री त्रिमोहन हाइस्कूलको स्थापना र त्यसपछि आठराई शिक्षा समिति, अस्पताल, छात्रावास, अतिथि भवन, वर-पीपल चौतारा आदि निर्माण कार्यमा संलग्न रही सामाजिक काममा कतै सचिव, कतै अध्यक्ष, कतै सदस्य आदि पद वहन गर्दै पूरा जीवन नै सामाजिक कार्यमा बिताउने श्री जनार्दन सिटौला आजीवन समाज-सेवी भै संलग्न रहे । विक्रम सम्वत् १९६७ साल भाद्र ३१ गते अवतीर्ण भएका, उनी विक्रम सम्वत् २०४७ साल (भाद्र) ? ११ गते आज ७९ वर्ष, ११ महिना र ११ दिनमा यो संसारमा सांसारिक मानवीय खेल खेलिसकेर निर्वाण भए । म एक्लो भएँ ।

यो निर्वाणपथमा सबै प्राणीले अघि बढ्नु पर्ने साझा बाटो मूल सडक । यो सडकलाई पक्रेर सरासर अघि बढ्नु प्रत्येक प्राणीले आफ्नो कर्तव्य संझिन्छ र उसको अधिकार पनि हो । यो अनिवार्य नियमलाई प्रतिपालन गर्दै, यो संसारका सारा- आफ्ना-विराना, इष्ट-दुष्ट, नाता-कुटुम्ब, जहान-परिवार, शाखा- सन्तान, सबैलाई चटक्क छाडेर माया र ममता, मोहलाई त्यागेर बाँच्नेका सम्झनामा आफ्ना कीर्तिलाई छाडिराखेर निर्वाणपथ ग्रहण गरे जर्नादन सिटौलाले । हामी मायाका जीव, शोक मनाउँछौं, पछुताउछौं, विलौना गर्दछौं चलनअनुसार । उनको आ .ाले शान्ति पाओस् र शोक-सन्तप्त परिवारलाई यो दुःख सहन सक्ने बल प्राप्त होस्- परमपिता परमआत्माबाट । यति आकांक्षा राख्तै हार्दिक समवेदनासहित अश्रुपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । इति ।

(यस लेखमा लेखकले प्रयोग गरेको सबै 'तपाईं' लाई हामीले हाम्रो नियमअनुसार 'तिमी' पारेका छौं । क्षमा रहोस् -

साभार : 'नेपाली' त्रैमासिक पूर्णाङ्क–१२५
२०४७।५।११।२

मेरो स्मृतिमा महानन्द गुरुज्यू

(तेह्रथुम जिल्ला आठराई ईवाको सिम्ले गाउँमा जन्मनु भई हाल झापा जिल्ला घैलाडुबामा बसोबास गर्ने देवीप्रसाद उप्रेतीज्यू पूर्वाञ्चल क्षेत्रका चिरपरिचित समाजसेवी हुनुहुन्छ। पूर्वाञ्चलका विशेष गरी तेह्रथुम, इलाम र झापा जिल्लामा शैक्षिक जागरण ल्याउन उहाँको विशेष योगदान रहेको छ। २००७ सालको क्रान्तिमा प्रत्यक्षरूपमा सलग्न भएका वयोबृद्ध उप्रेतीज्यू स्व. महानन्द सापकोटाका मित्र एवं सहयोगी हुनुहुन्छ। महानन्द गुरुको सम्पर्कबाट उहाँले बनाउनुँ भएको दृष्टिकोणको आधारमा तयार पारिएको प्रस्तुत स्मरणले स्व. सापकोटाको व्यक्तित्वका केही नयाँ आयामहरू पाठक समक्ष प्रस्तुत गर्ने छ भन्ने हाम्रो आशा छ - सम्पादक)

त्यसताक नेपालमा पठन-पाठनको सुविधा नभएकाले आफ्ना नानीहरूलाई पढाउनका लागि म दार्जीलिङमा बसेको थिएँ। देश बाहिर बसेर पढाउनुभन्दा नेपालभित्रै आफ्नो पहाडको घर गाउँ आठराई (तेह्रथुम जिल्ला) मा एक जना शिक्षक राख्न पाए आफ्ना नानीहरूलाई र गाउँ छिमेकका नानीहरूलाई पनि पढाउन राम्रो जस्तो लाग्यो। थोरै खर्चले धेरै काम हुने सम्झी शिक्षकको तलास गर्दा काठमाडौं रहनु भएका भतिजा गंगाप्रसाद उप्रेती (हाल सर्वोच्च अदालतका अधिवक्ता, घर हाँडीगाउँ) बाट महानन्दज्यूको नाम सुन्न पाएँ र मैले उहाँलाई चिट्ठी लेखें। चिट्ठीमा मासिक रु. ५० र खाने व्यवस्था दिलाई दिने कुरा लेखेको थिएँ। महानन्दज्यूबाट यस्तो जवाफ पाएँ- 'संसारभरि नै खान र लाउनका लागि काटाकाट, मारामार, युद्ध, लडाइँ झगडा भइरहेको छ भने मैले खान र महिनाबारी रु. ५० समेत पाउँने हुँदा नमान्ने त कुरै भएन। तर परिवार सहित मलाई वर्ष एकको लागि ३६ मुरी धानले खान पुग्छ। त्यति दिन सक्नु हुन्छ भने म आउँछु, नानीहरू पनि बोक्नु पर्ने छ। ५ जना भरिया धरानमा पठाइदिनू।' यो पत्र पाएपछि मैले आशा लागेका आठराईका सज्जनहरूसँग सल्लाह गर्दा सहयोग पाउने आशा भएन। एक्लै आफूले ३६ मुरी धान जुटाउन पनि नसक्ने अवस्था थियो र महानन्दज्यूसँग फेरि पत्र व्यवहार गरिन, चुप लागेर बसें। यो थियो वि.सं. २००१ साल हिउँदतिरको कुरा। त्यसपछि महानन्दज्यू कता जानु भयो के गर्नुभयो मलाई थाहा भएन।

वि. सं. २००७ साल मंसिरमा नेपाली कांग्रेसको तत्वावधानमा जनक्रान्ति छेडियो र आफू पनि त्यसमा सामेल हुन पुगेछु। झापा जिल्लामा मन्त्रणा दिई क्रान्ति संचालन गराउने गुरु महानन्दज्यू नै हुनुहुँदो रहेछ। २००७ साल मंसिरमा झापा जिल्लाको शरणामती स्थित डिल्लीराज गणेशका घरमा क्रान्तिकारीहरूको 'बेस क्याम्प' मा उहाँसँग भेटघाट र परिचय पनि भयो। अनि त्यसपछि कुराकानी हुँदा पो थाहा पाइयो- उहाँ नेपाल प्रजातन्त्र कांग्रेसका तर्फबाट दुई वर्ष पहिलेदेखि सिमाना पारी बसरेर पार्टीको प्रचार प्रसार कार्य गर्दै रहनु भएको रहेछ।

क्रान्ति सफल भयो र राणा शासन टुटेपछि जिल्लामा क्रान्तिकारीहरूको हातमा शासन आयो। शासन हातमा आउने बित्तिकै 'अधिकार प्राप्त क्षेत्रहरूमा शासन व्यवस्था मिलाउनु, घोषणा-पत्र ननिकाली शासन व्यवस्था मिलाउनु हुन्न' भनी महानन्द गुरुले भन्नुभयो र राजाको वैधानिक नायकत्वमा केन्द्रको अधिनमा रही शान्ति र सुव्यवस्था मिलाउने.......' इत्यादि घोषणा निकालियो। श्री भैरवप्रसाद आचार्यज्यूको अध्यक्षता सरकार गठन भै शासन सञ्चालन भयो। गुरु महानन्दलाई शिक्षा विभाग सुम्पियो र २००७ साल पौषदेखि २००८ साल भाद्रसम्म ९ महिनाको शासन कालमा झापा जिल्लामा २०० जति शिक्षण संस्था खोल्ने योजना भई ७ निम्न माध्यमिक र १३० प्राथमिक स्कुल स्थापना गर्नु गराउनु भयो।

पूर्वाञ्चल झापा, इलामा आदी क्षेत्रका क्रान्तिका क्षेत्रीय नेता श्री भैरवप्रसाद आचार्यज्यूका साथमा महानन्द गरुजी समेतको डफफा काठमाडौं पुग्यो र स्थानीय रूपमा रहेको शासनभार केन्द्रलाई सुम्पियो। केन्द्रीले शासन भार जिम्मा लिएपछि क्रान्तिकारीहरूले फर्सद पाए। क्रान्तिकारीको एउटा अध्याय पुरा भयो अनि दुरुस्त गरि भावी कार्यक्रम सोच्न महानन्द गुरुजी व्यस्त रहनुभयो। 'अहिले सारा नेपालमा राजनैतक चेतना भएका व्यक्ति एकसय पनि रहेनछन्, लहैलहैमा लाग्ने हुल्लडदबाज मात्र धेरै देखिए। त्यसो हुनाले अब जनतामा राजनीतिक चेतना जगाउने कार्य गर्नु पर्‍यो। राजनैतिक स्कूल खोल्नु पर्‍यो। उहाँ भनने गर्नु हुन्थ्यो कार्यकर्ता जन्माउनु पर्‍यो, राजनैतिक स्कू खोलनु पर्‍यो, राष्ट्रिय चेतनाले भरिएका देशभक्त विदार्थी तालिम गर्नुपर्‍यो।' यो उद्देश्य पूर्तिका लागि संस्था चाहियो, समितिले भएन संघ चाहियो भनेर दोर्‍याइ रहनु हुन्थ्यो।

२००८ साल विजया दशमीको नि दिउँसो प्राय सवै व्यक्ति बाहिर टीका लाउने क्रममा जानु भए छ। पुतली सडकको हाम्रो डेरा घरको लामो हलमा श्री महानन्द गुरूजी, श्री धर्मप्रसाद ढकालज्यू र म (देवीप्रसाद उप्रेती) तीन जना मात्र डेरामा थियौं छेवैको होटलमा बस्नु भएका माझकिराँत भोजपुरका क्रान्तिसंचालक श्री नारदमुनि थुलुङज्यू (भू.पू. मन्त्री) पनि आउनुभयो र त्यति बेलानै श्री पूर्णबहादुर मानवज्यू (स्व. पूर्णबहादुर मानव राज्य सभ स्थायी समितिका सदस्य) पनि आउनु भएको थियो। पाँच व्यक्ति जममा भयौं महानन्द गरुजीले उपर्युक्त लक्ष्य पूतिका लागि संघ स्थापना गर्ने कुरा उठाउँदै राजनीतिक चेतना र राष्ट्रियताको महत्वबारे एक घण्टा जति छलफल चाउनु भयो। समयले पर्खिदैन काम शुरु गरि हाल्नु पर्छ, थालौं भनेर मानवजीले पनि तत्परता देखानउ भयो र सबैको उत्सुकता भेला भयो। अनि गुरुजीले भन्दैजानुभयो म लेख्दै गएँ। एक पेज जति लामो बेहोरा लेखियो। त्यो लिखतलार्य 'झोली' शीर्षक राखी पर्चाको रूपमा निकल्ने निधो भयो। पर्चामा नेपाली भाषा प्रचारक संघ नामक संस्था खोल्ने अठोट थियो। नेपाल र नेपाल बाहिर तिब्बत, ररत, वर्मा, मलया, हङकङ आदी नेपालीहरू बसोबास गर्ते ठाउँमा सघका सदस्यहरू एक वर्ष भित्र भाषा प्रचार र प्रसार गर्न गराउनु घुमि सक्ने, नेपालमा जित्ला पिच्छे १/१ गरी चालीस ओटा र बाहिर १० ओटा गरी ५० ओटा नेपाली भाषाका पुस्तकालय खोल्ने, नेपाली भाषाको माध्यममा

शिक्षा प्रदान गराउने, नेपाल बाहिर पनि नेपाली भाषाको माध्यमले पठन पाठन गराउने र नेपाली भाषामा पाठ्पुस्तक तयार पार्ने आदी कामको निम्ति शुरूमा दुई लाख जति रूपयाँ पनि उठाने कुरा त्यही भेलामा उल्लेख भयो। माथि भनिएका कामहरू प्रथम वष)मा सकिए पछि मात्र उहाँकै शब्दमा नेता जन्माउने स्कूल खोल्ने अत्यादी कुरा उल्लेख भएको प्रएस्तावनाको मस्यौदा तयार भयो। त्यसै रात बेलुका सबै साथीहरू भेला भए पछि छफल भई सर्वसम्मतिले महानन्द गुरुजीके अध्यक्षतामा नेपाली भाषा प्रद्वारक संघको जन्म भइयो। यो घटना भएको थियो २००८ सालको विजया दशमीका दिनु बेलुका राती ८ बजे काठमाडौं पुतली सडकमा। उक्त संस्थाको सचिवमा श्री नरेन्द्रनाथ बाँस्तोलाज्यू र कोषाध्यक्षमा श्री धर्मैप्रसाद ढकालज्यू (स्व.) र सदस्यमा श्री भैरवप्रसाद आचार्यज्यू (स्व.) समेत धेरै साथीहरू र सतत्कालीन ठूलाबडा संफ्रिइएका केही व्यक्तिहरू रहनु भएको थियो।

त्यसपछि रकम संकलनमा पहिले श्री ५ त्रिभूवनका जुनाफमा जुरुजीकै अगुवाईमा हाम्रो दल पुग्यो। राजका अति सरल र हार्दिक स्नेहले भरिएको स्वागत सत्कार संघले पायो। दर्शन टमा औपारिक वार्ता भए पछि गुरुजीले संघका उद्देश्य र कार्यक्रम बारेमा विस्तृत चिन्ति चढाउनु भयो। त्यसपछि राजाबाट हुकुम भयो।-' अब मैले यसमा के गर्नु पर्‍यो ?'

हाम्रा तर्फबाट गुरुरुजीले रकमको अवश्यकता सूचक शब्दले विन्ती चढाएपछि अहिले काम शुरु गर्न भनी क. रु. १२,०००।- बार हजार तत्कालै पाउने वचन राजाबाट संघले पायो र पछि रकम पनि प्राप्त भयो। त्यसपछि काठमाडौंमा दुई महिना जस्तो दौडधुप गरी करिब दुई लाख जति रकम जम्मा गराउनुभयो। यो अभियनानमा सबैभन्दा ध.रै दोडधूप गर्नेमा गुरुजी महानन्द सापकोटा र श्री नरेन्द्रनाथ बाँस्तोलाज्यू हुनुहुन्थ्यो। अरू साथीहरूले पनि बेला बलखतमा साथ दिदै रहनु भयो। संघको प्रधान कार्यलय काठमाडौं, बीरगंज, पाल्पामा राख्ने भन्दा भन्दै इलामको करफोकमा राख्ने निर्णय भयो। पुस महिना लागेपछि प्रस्तावित पुस्तकालयहरूका लागि काठमडौंमा प्राप्त भएसम्म नेपाली भाषाका २५० प्रकारका दस/दस थान गरी जम्मा २५०० जति पुस्तक जम्मा गरिए त्यसपछि पुस्तक सहित् आफ्नो दलबल लिएर उहाँ मधेश झापामा ओर्लिनु भयो।

इलामको करफोक डाँडामा करिब ३०० रोपनी जग्गा मौखिक दानमा प्राप्त गरेर स्वामी सोमेश्वरानन्दज्यूले दुई सय भन्दा बढी गाई पाल्नु भएको रहेछ। जीवनभरि संस्कृत आदि विद्याको प्रचार प्रसार र योगाभ्यास गराउँदै उहाँको देहान्त भएछ। उत्तराधिकारी शिष्य कोही रहेनछन्। यसरी सो जग्गा समेत विल्लिबाठ परेछ।

यही मौका छोपी छिमेकी संधियारहरूले आश्रमको जमिनमाथि क्रमशः अतिक्रमण गर्न लागेछन्। त्यसपछि (कति समयपछि हो कुन्नि ?) २००७ सालको क्रान्ति आइपुगेछ। क्रान्तिपछि स्वामीजीका आश्रमका खाली घरहरूमा क्रान्तिकारीहरूले एक विद्यालय संचालन गर्ने विचार गरेछन्। फलस्वरूप एउटा माध्यमिक विद्यालय (सात कक्षासम्म पढाइ हुने) खोलिएको रहेछ। विद्यालयका प्रधानाध्यापक कमलप्रसाद

पराजुली हुनुहुँदो रहेछ। त्यही नै कुटीमा प्रवेश गर्नुभयो गुरु महानन्द- प्रशिक्षण केन्द्र खोल्नका निमित्त। यो समय थियो- वि. सं. २००८ साल माघ महिना। सो प्रशिक्षण केन्द्र संचालन गर्न सर्वप्रथम श्री भूपालमानसिंह कार्कीज्यू (हाल राजसभा स्थायी समितिका सभापति) ले एकमुष्ठ धान मन एक सय प्रदान गर्नुभयो र अरू केही सज्जनबाट पनि चामल आदिको सहयोग प्राप्त भई प्रशिक्षण केन्द्र संचालन हुन थाल्यो। यसरी नै एक वर्ष बित्यो। एक वर्षपछि केही प्रशिक्षार्थीहरू लिएर गुरुजी फेरि झापामा झर्नुभयो। यो समय थियो- २००९ साल पौष महिना।

झापामा आएर नेपाली भाषा प्रचारक संघकै तत्वावधानमा नेपाली भाषाकै माध्यमबाट शिक्षा दिलाउन झापा जिल्लाको सुरुङ्गा गाउँको चम्मापुर भन्ने ठाउँमा एउटा प्राथमिक विद्यालयको स्थापना भयो। यस विद्यालयका प्रधान शिक्षक प्रशिक्षार्थी ताराकुमार श्रेष्ठ नियुक्त गरिनु भयो। यस्तै अर्को प्राथमिक विद्यालय झापाकै गारामुनि बजारमा खोलियो। यसका प्रधान शिक्षक रेवानन्द बाबा प्रधान नियुक्त हुनुभयो।

त्यसपछि एक महिना जति झापा जिल्लामा संघको निम्ति जेथा संकलन गरी गुरुजी वापस जानुभयो। जेथा संकलनकै क्रममा नेपाली कांग्रेस पार्टीबाट भद्रपुरमा रहेको चालु अवस्थाको पूर्वाञ्चल प्रेस (छापाखाना) पनि संघले पायो।

अर्को वर्ष करफोकमा नै संघको कार्यालय र विद्यालयका भवन निर्माण गर्ने योजना बनाई तत्कालीन श्री ५ युवराजाधिकार (स्व. श्री ५ महेन्द्र) बाट शिलान्यास गराइयो। अर्को हिउँदमा भवन निर्माण कार्य समाप्त गरी स्व. श्री ५ महेन्द्र (तत्कालीन युवराजाधिकार) बाट नै करफोक विद्या मन्दिरको उद्घाटन सम्पन्न भयो। सोही अवसरमा नेपाल र भारतका विभिन्न विद्वान् वर्गहरूलाई सामेल गराई एउटा बृहत् कवि सम्मेलन गराइयो। सम्मेलनमा उपस्थित सबै अतिथीहरूको आउने जाने खर्च समेत संघबाट नै बेहोरिएको थियो। सायद राजधानी बाहिर नेपालमा सम्पन्न भएको प्रथम कवि सम्मेलन हो कि ! विद्यालय नजिकै छात्राबासका भवनहरू निर्माण गर्न बुढाथोकी बन्धु, प्रसाई बन्धु, बाँस्तोला बन्धु तथा ढकाल बन्धुहरूले धेरै मद्दत गर्नु भएको हो।

करफोकमा स्थापना भएको विद्यालयका निम्न उद्देश्य थिए- नेपाली युवकलाई समसामयिक राजनैतिक चेतना दिलाउने क्रममा नेपाली, संस्कृत हिन्दी बंगाली, उर्दू, चिनियाँ र अंग्रेजी भाषाको अध्ययन गराई विश्वका विभिन्न राजनैतिक व्यवस्थको ज्ञान आर्जन गराउने.... आदि। उद्देश्य अनुसार काम हुनै सकेन। आखिरमा गएर नेपाली भाषा प्रचारक संघ करफोक विद्या मन्दिर (एउटा हाइस्कुलसम्म) पुगेर सीमित भयो। पुस्तकालयको स्थापनाको अभियान अन्तर्गत भारतको दार्जीलिङस्थित गोरखा दुःख निवारक संघको भवनको तलामाथि एउटा दराजमा नेपाली पुस्तकालय स्थापना भयो। मेरो सम्झनामा यति मात्र छ, अन्यत्र पनि पुस्तकालय स्थापना भए होलान् किन पचास स्थानका लागि माथि भने बमोजिमले संकलन गरिएका पुस्तकहरू बाकसमा बन्द गरी राखिएका थिए।

२००७ सालको परिवर्तनपछि पनि नेपालका विद्यालयहरूमा नेपाली भाषाको

माध्यमले पठनपाठन गर्ने परिपाटी थिएन । माध्यमको प्रश्नलाई नेपाली भाषा प्रचारक संघले धेरै ठाउँमा उठाई गुन्जायमान पारेको थियो । यसैको फलस्वरूप डा. के.आई. सिंहको मन्त्रिमण्डलमा महाकवि लक्ष्मीप्रसाद देवकोटा शिक्षामन्त्री हुनु हुँदा नेपालमा शिक्षा कार्यमा नेपाली भाषाको माध्यमले बैधानिकता पायो र त्यही परम्परा चलिरहेछ आजसम्म ।

तीन वर्ष जस्तो करफोकमा बसेपछि सायद २०१३ सालतिर होला माहनन्द गुरु झापाको भद्रपुरमा आउनुभयो । त्यहाँ उहाँले ने.भा.प्र. संघको पूर्वाञ्चल प्रेस संचालन गरेर बस्नुभयो । त्यसबेला त्यो प्रेसबाट भद्रपुरका उत्साही युवकहरू श्यामकृष्ण शर्मा, स्वयम्भूलाल श्रेष्ठहरूले 'केटो' र 'युवक' पत्रिका निकाल्नु हुन्थ्यो । महानन्द गुरु प्रेसमा आएपछि 'हाम्रो नेपाल' नामक मासिक पत्रिका प्रकाशन गर्न थालियो । तर उत्साहीको सहयोग नपाएर नै होला ४/५ अंक जस्तो (!) निस्केर 'हाम्रो नेपाल'को प्रकाशन बन्द भयो । भद्रपुर बस्ता महानन्द गुरुका सहयोगीमध्ये प्रमुखमा दान खालिङ हुनुहुन्थ्यो । भद्रपुरमा रहेर खालिङले म, महानन्द गुरु र समाजलाई समेत धेरै गुन हुने सहयोग गर्नुभएको छ ।

एक वर्ष भद्रपुर बसेपछि गुरुजीले मोरङतिर सर्ने विचार गर्नुभयो । ००७ सालदेखि ०१४ सालको बीचमा स-साना पुस्तक र निकै फुटकर कविताहरू गुरुजीले लेख्नु भयो निकै रोचक र शिक्षाप्रद । मोरङमा रहँदा 'नेपाली शब्द परिचय' का शब्द संकलनमा व्यस्त रहनुहुन्थ्यो । वर्ष दिनमा १/२ पल्ट म बसेको ठाउँ (झापा) मा नियमित रूपमा जस्तै आई गुरुजी दर्शन दिनुहुन्थ्यो । बीचमा गरेका कामको अलि अलि बर्णन पनि सुनाउनु हुन्थ्यो । म चाहिं सुन्थें केही बुझ्थें, केही बुझ्दैनथें ।

श्री सूर्यबहादुर थापाज्यू (भू.पू. प्रधानमन्त्री) ले धनकुटाको मुगामा लगेर केही समय गुरुजीको स्वास्थ्य लाभ गराउनु भएको कुरा पछि सुनें । श्री ५ को सरकारबाट उहाँले केही मासिक भत्ता पनि गुरुजीलाई दिलाउन मद्दत गर्नुभएको थियो त्यसैबीचमा गुरुले निकै पुरस्कार, मान, पदवी पाउनु भएको कुरा मैले सुनें । तर भेटघाटमा न त यसबारे गुरुजीले नै केही बताउनु भयो त न मैले नै सोधें ।

गुरुजीलाई क्यान्सर भएर दुई पटक अपरेसन भएको कुरा पछि गुरुजीबाटै सुनें । आफूले प्रकाशित गरेका पुस्तकहरू बखत बखतमा पठाइदिनु हुन्यो, म पढ्थें ।

महानन्दगुरुजीका संगतले उहाँका अर्ति उपदेशले मैले निकै कुरा जान्न पाएँ र धेरै कामलाग्दा विचार गुरुजीबाट लिएँ । ०३४ सालको हिउँदमा गुरुजी म बसेको ठाउँमा आई ९ दिन बस्नु भएथ्यो । त्यसपछि ०३५ सालमा आउँदा 'नेपाली शब्द परिचय' को उपहार लिएर आउनुभयो । त्यसपटक चार दिन मात्र बसेर फिरे जस्तो लाग्छ । त्यतिबेला पनि केही लेख्दै हुनुहुन्थ्यो- शब्द परिचयमा छुटेका शब्द टिप्दै भन्नुहुन्थ्यो । फेरि यो साल बर्षायाममा चार महिना म कहाँ नै बिताउने कुरा गर्नु भएर जानु भएथ्यो । तर समयले साथ दिएन । त्यो बृद्धावस्था, हिंड्दा खुट्टा काप्ने त्यस्तो अवस्थामा पनि लगनशीलता- ज्यादै अनुकरणीय स्वभाव थियो गुरुजीको । उहाँका विशिष्ठ स्वभावमा कसैले कुनै कुरा सुनाउँदा सुनाउनेको कुरा भनी नसकी बीचैमा प्रतिक्रिया

जनाउने, सुनेका कुराबाटै तुरून्त रिसाउने वा खुसाउने, आफ्नो गल्ति महसुस हुनासाथ भूल स्वीकार गरिहाल्ने, आफ्नो विचारमा दृढ रहने र विधि नियम नमिल्ने भए पनि आफ्नो दृढता (जिद्दी) नछोड्ने आदि प्रमुख थिए ।

उहाँका कृति कति छन् सबै मैले हेरेको पनि छैन होला । कृतिको आधारमा उहाँको विश्लेषण गर्ने काम मेरो होइन, सम्बन्धित विद्वान्‌हरूको हो । उहाँको रचनामा 'जनजिब्रो' मलाई ज्यादै मन पर्छ । गुरुजीका संगतले पाएका ज्ञानप्रति म ऋणी छु । उहाँको दिवंगत आत्मालाई चिर शान्ति मिलोस् भन्ने कामना गर्दै यो स्मरण यहीं टुङ्ग्याउँछु । धेरै पुराना घटनाक्रम मध्ये कति छुटे होलान् कतिको समयक्रम अघिपछि पनि पऱ्यो कि ! धेरै सहयोगी साथीका नामहरू पनि छुटे कि ! भूलमा क्षमाप्रार्थी छु ।

शरणामती- ५ ,झापा
२०३६।८।१८।३

साभार- भारद्वाज, वर्ष १ अंक २, पुस-माघ २०४०

स्व. कृष्णबहादुर खत्रीको सम्झनामा

देवीप्रसाद उप्रेती

आज २०४६ साल ज्येष्ठ ११ गते बुधवारका दिन दिउँसो करिब २ बजेतिर श्री पोष्टप्रसाद भट्टराईज्यूले सुनाउनुभयो "माष्टर कष्णबहादुरजी जानु भएछ" भनेर । मैले कुरा बुझिन । कतै जानुभयो होला भन्ने संझेर कुराको विषय अर्कोतिर मोडियो । एकछिन पछि उहाँले पुन: त्यही कुरा दोहोऱ्याउनु भयो । "कता जानु भएछ ?" मैले सोधें । उहाँ भन्नुभयो- "होइन उहाँ त बेरामी भएर काठमाडौं जानुभएको, वहीं परलोक हुनु भएछ- गत सोमवार । आज तीनदिन भएछ उप-प्रधान लालराजले बताउनु भएको, छोराहरू सबै घरमा भेला भएका रे" । म झसङ्ग भएँ । सपनाबाट ब्युँझिए जस्तो । मैले कुरा गर्न बिर्सें । चुपचाप पर आकाश किनारा हेर्न लागें । अतीतमा डुल्न पुगें । निकैबेरपछि झल्याँस्स भएँछु । छोरा सुरेन्द्र आइपुगेछन् । सबै भाइ भेला भएर जामुनवाडी जानु भनेर अह्राएँ । दुर्गा छोरा पनि आइपुगेछन् । उनलाई पनि खबर सुनाएँ र जानु चाँडै भने अचानक यस्तो दैवी घटना सुन्नु परेकोले के गर्नु पर्ने ? कसो गर्नु पर्ने ? होसले काम गरेन । एक घण्टा जति अलमल्ल परेर बसेंछु । पोष्टप्रसादजी कतिबेला जाइसक्नु भएछ ? मलाई पत्तो भएन । मानवीय चोला ! अनित्य शरीर कतिबेला जानु पर्ने हो ? कोसँग सोध्ने ? मेरो मगजले काम गरेन ।

म 'हाम्रो चामल र तेल मिलको उत्तरपट्टिको बरण्डामा डेरा गरी बसेको, मिलको कुक् कुक् आवजले अविरल गति पक्रिरहेछ । उसलाई मानवी लीलासँग के वास्ता ? मेरो मन अतीतका घटनाक्रमलाई सम्झन लाग्यो । माष्टर कष्णबहादुर खत्री मेरा अभिन्न मित्र र परम सहयोगी व्यक्ति । हामी हाम्रो जीवन-यात्रामा १६ वर्षसम्म एउटै ओतमुनि, एउटै चुल्हामा पाकेको भोजन सँगै खाएर बितायौं । श्री विक्रम सम्बत् १९९७ साल सुरुदेखि २०१२ सालको आखिरीसम्म पहिलो भेटपछि जीवन निर्वाहको प्रसङ्गमा मैले भनेको थिएँ "मसँग धन छैन, दु:ख छ, यही दु:ख बाँडेर जीविका गर्दै जान सक्नुहोला ? उहाँले स्वीकार गर्नुभयो र, त्यो मेरो दु:ख बाँडेर हामी कार्य क्षेत्रमा उत्रियौं ।

मलाई उहाँका जीवन-यात्राका धेरै घटनाहरू अंकित गर्न मन लाग्छ । सम्झनाका भरमा कतिसम्म लेख्न भ्याउँछु ? आफ्ना समवयस्क सहयोगी धमाधम विश्व रंगमञ्चको खेल समाप्त गरेर आफ्नो पार्ट अदा गरेर अन्तर्ध्यान हुनु भएकोले मलाई धेरै चिन्तित तुल्याई रहेछ । चिन्ता लिनु पर्ने विषय त होइन । सबैभन्दा सत्य र प्रत्यक्षमा मनुष्यको वा इतर प्राणीको चैतन्य शक्ति लुप्त भएको पाइन्छ । साधारण प्राकृतिक नियमभन्दा बाहिरको कुरा होइन । तर पनि सांसारिक खेलका संगी साथी खेल छोडेर जान रुचाउँदैनन् तापनि बाध्य र विवश भएर यो खेल छाड्नु पर्छ पर्छ । मलाई विश्वास लागेको छैन । बल गरेर विश्वासमा लाग्नु परिरहेछ । त्यो हँसिलो चेह

रा, ती सेता हार मिलेका दाँत, 'मीठो तर्कारी बनाउने बहादुर कता छ ?' भनेर सोध्नु भएको अहिले जस्तो लाग्छ । मेरो मुटुमा भक्कानो परेर आयो । मेरा आँशुले मलाई आँखा हेर्न दिएनन् । कलम अब यो भन्दा अघि बढाउन नसक्ने स्थिति सिर्जना भयो । मेरो मनले अह्रन खटन गर्न छाड्यो । दिनको ४ बजेछ ।

मैले नाम भूलेको छैन भने श्री कुश्माखर उपाध्यय (कुशुमाकर ?) को नाति पदमसिंह खत्रीको छोरा कृष्णबहादुर खत्री । विक्रम सम्बत १९६९ साल मंसिरमा भारत, आसामको शिवसागर वा जोरहाट जिल्लामा जन्मन भएको । पिता पदमसिंह नेपाल पूर्व ६ नं. चैनपुरको मादीमा जन्मन भएको रे । त्यहाँको जग्गा जेथा साहूलाई सुम्पेर जीविका गर्न आसाम पस्नु भएको । कृष्णबहादुरजीका मावली को हुन् ? जानकारी भएन । महतारी कहिले परलोक हुनुभयो ? त्यो पनि जानिएन । सायद सानै उमेरमा महतारी परलोक हुनुभयो क्यार ।

विक्रम सम्वत १९७९।८० सालतिर सानो छोरो साथ लिएर पदमसिंह नेपाल पहाड जन्मभूमि फर्किनु भएछ । त्यतिबेला तमर नदीको मूलधारमा सरकारले झोलुङ्गे पुल हाल्ने भएछ र पुलका चरको गह्रो लगाउँन चाँहिने ढुंगा जम्मा गर्ने क्रममा पदमसिंह र बालक कृष्णबहादुरलाई ३ घण्टा जति ढुंगा बोकाएर छुट्टि दिएछन् ।

जन्मभूमि मादी पुगेर एउटा घर खायल किन्नु भएछ पदमसिंहले र धररुङ्न नातेदारलाई राखेर तीन महिनापछि छोरो लिएर आसाम फर्किनु भएछ । १९८८ सालतिर होकि ? पदमसिंह परलोक हुनु भएपछि एकजना आफन्त सज्जनले पहाडको घर खायल बेच्ने सल्लाह दिनु भएछ । ८९ सालको हिउँदमा पहाड जानु भएछ र घर खायल बिक्री भएछ । दाम कं. रु. ५००।- (त्यतिबेला कं.रु. को चलन थियो त्यहाँ) र एउटा घोडा मिलेछ । घोडा मद्दतगार इष्टमित्र सज्जनले राख्नु भएछ । उक्त सज्जनका साथ आसाम फर्किनु भएछ कृष्णबहादुर जी । रुपियाँ भलादमी कै हातमा रह्यो, कृष्णबहादुरका हात परेन । आसाम पुगेपछि उक्त सज्जनले बस्नेतकि छोरी मागेर विवाह गराई दिनु भयो कृष्णबहादुरजीको । पैत्रिक सम्पत्ति पहाडको घर खायल बेचेकोले विवाह खर्च चल्यो, के कति खर्च लाग्यो, भलादमीले हिसाब दिने लेठो गर्नु भएन । घोडाको पनि दर दाम भएको थिएन, वहाँकै जिम्मा थियो । विवाह सम्पन्न गराएर भलादमी नेपाल फर्किनु भयो । मोरङ, झापातिर बस्ने कुरा गर्नुहुन्थ्यो रे । नाम थर के थियो ? मैले सोधिनँ र जानकारी पाइन । रुपियाँ फिर्ता गर्ने कुरा थियो रे भलादमीको ।

विवाह भएपछि दुलही लिएर कृष्णबहादुरजी शिवसागर वा जोरहाट धर फिर्नु भयो । १९९४ सालसम्म उखुको खेती गरेर जीवन-यात्रा चलाउनु भयो । त्यतिबेलाको मन्दि बजार १२, १४ आदा टिन सख्खर, र ५,६ आना टिन खुदो बेच्नु पर्ने । वर्षाभरि मारवाडी साहूको ऋण ल्याएर खेती गऱ्यो । साल भरमा हर हिसाब गरेर तिर्दा ब्याजले नै धेरै अंश लागिहाल्छ, सावाँ आधा पनि घट्दैन । एवं रीतले पाँचवर्ष बिते ऋण टुङ्गिदैन । जो भएको जेथा एक हल राँगा र गाडी घरद्वार जग्गा साहूका जिम्मा गरेर १९९४ सालको हिउँदमा छोरा हरिध्वज र विमलध्वज सहित श्रीमतीलाई माइती बस्नेतजीका जिम्मा गरेर कृष्णबहादुरजी, आफ्ना पुराना हितैषीले त्यो घरद्वार बिक्रीको

कं.रु. ५०० र घोडाको दाम पनि दिन्छन् कि भनेर तिनका तलासमा झापा मोरङ चहार्नु भएछ । कतै पत्तो फाँट नपाएर कता जाउँ र के गरूँ ? भन्दै १९९५ साल बैशाखमा झापा बजारमा आउनु भएछ ।

मधेशमा सितिकसा बयल-गाडी राँगा-गाडी चलेको देखेर यी गाडीमा टेक्स लगाएर लिने ठेक्कापट्टा सरकारबाट पाए त जीविका चलाउन अलि सजिलो पर्दो हो कि भन्ने सोचेर त्यस्तो बिन्तिपत्र राजाकहाँ चढाउने मस्यौदा गराइमाग्न कृष्णबहादुरजी देवीप्रसाद उप्रेती भएका झापा बजारमा पुग्नु भएछ । म त्यतिबेला, झापा बजार गएका बेला रामगोपाल मित्रुकाको दोकान अगाडि बरण्डामा बास बस्ने गर्थें । ठेक्का लिने चाँजो मिलाउने उपरोक्त कुराको बेली बिस्तार गर्नुभयो कृष्णबहादुरजीले ।

म देवीप्रसाद उप्रेती र मेरा हितैषी लक्ष्मीप्रसाद देवान राईले विक्रम सम्बत १९९३ सालमा महाकालीदेखि मेचीसम्मका समस्त तराईमा गाडा र एक्काको टेक्स प्रतिगाडा .।०४ का दरले प्रत्येक हाट हाटमा उठाउने अधिकारको ठेक्का पाए । वर्ष १ को १ लाख कम्पनि रुपियाँका हिसाबले ३ वर्षमा ३ लाख रुपियाँ बुझाउछौं ठेक्का पाउँ भन्ने बिन्तिपत्र श्री ३ जुद्धमा सरदार भूपध्वज कार्की मार्फत चढाएर असफल मनोरथ फर्केको कुरा अवगत गराएर मैले कृष्णबहादुरजीको आकांक्षालाई प्रोत्साहन दिइन, हतोत्साह गराएछु। त्यसपछि वहाँ कता जानुभयो ? मलाई पत्ता भएन ।

दुःख परेको बेला जे जसरी भए पनि प्राण रक्षा गर्नु पर्ने । १९९५ सालको वर्षा, तुलसीबारी, झापा बस्ने बाबरी झुज्जा राजवंशीको, खेती गरेर काट्नु भएछ । हिउँद लागेपछि तुलसीबारीका गोपीलाल रेग्मीका घरमा वहाँका छोराहरूलाई कखरा सिकाउने काम पाएपछि मास्टरको खिताब पनि साथै आयो । काठ बनाउने मिस्त्री काम पनि कृष्णबहादुरजीलाई निकै आँउदो रहेछ । गोपीलालजीको धानको भकारी (ढिकुटी) बनाई दिनु भएपछि गोपीलालका छोरा जेठासंग मित पनि लगाइदिनु भएछ र मितबाबु कहाँ नानीहरू पढाएर मास्टर भएर बस्ने सुविधा सिर्जना भयो ।

सम्बत १९९६ सालको बर्षा, गोपीलालकै खेती गरेर १७ मन पाटा निजा पार्नु भएछ । १९९६ सालको दशैंमा रामगोपाल मित्रुकाको कपडा दोकान झापाबाट उधारो कं. रु. ६०।- को कपडा ल्याउनु भएछ । पाटाको दान प्रतिमन कं.रु. ३।- मात्रै थियो । पाटाले ऋण तिरिएन ।

त्योबेला मलाई तखताको खाट बनाउने जरूरत परेछ मिस्त्री खोज्दा कृष्णबहादुरजी एक बाक्साभरि सामान लिएर आउनु भयो- घैलाडुबामा विक्रम सम्बत १९९६ सालको चैतमा । कानी नखाई एकदिन पनि काट्न नसक्ने बानी परिसकेको रहेछ । कानीकै नाताले गोपीलाल रेग्मीसंग बस उठ भएको रहेछ । कानी खाने खर्चका लागि कं. रू. २० मा मिस्त्री कामका आधा सामान साहूलाई बन्धकी दिनु भएको रहेछ । त्यो कुरा अर्कै व्यक्तिद्वारा मैले चाल पाएपछि, मैले त्यो कं. रू. २०।- बीस तिरी दिएर माल वापस ल्याइदिएँ । त्यसैले मप्रति कृष्णबहादुरजी अलि आकर्षित हुनु भएछ ।

१०।१५ दिनमा मिस्त्री काम सकियो । १९९७ साल लाग्यो । त्यतिबेला पैसा कमाउनु पर्छ भन्ने धुनमा श्री भूपालमानसिंह कार्की (अनारमनी बिर्ता मालका हाकिम

लेफ्टिनेन्ट) ले बेसार रोप्ने प्लान निकाल्नु भएको थियो । धुला बसार २० रुपया। मन बिक्री हुन्थ्यो- माटिगढा हाट (सिलिगुडी छेउ) मा त्यतिबेला । मैले एक बिघा जमिन छुट्याई दिएँ । खाने खर्च मैले दिने । कृष्णबहादुरजी हर्दी रोप्ने । काम सुरु भयो । सिमलका ठूला ठूला रूख हाम्रो घैलाडुबाको खेतमा १५० गाछ जति थिए । सिमल काट्न खुला थियो । आराले मुढा गिंढेर तिनै मुढा ठड्याएर त्यसमाथि टाँड छापेर तल गोरु बाँध्ने, माथि मान्छे बस्ने, भात पकाउने गरी घर तयार गर्नुभयो । कानीका सूरमा कति खन्नु भयो ? कति जोत्नु भयो ? थकाई नलाग्ने, बिसाउनु नपर्ने । त्यति परिश्रम, मान्छेले गरेको मेरा आँखाले देख्न पाएको त्यो पहिलो अवसर थियो । यद्यपि म पनि शारीरिक परिश्रमद्वारा नै हुर्के बढेको थिएँ । उहाँको परिश्रम गराई र कामको सुझ-बुझले म पनि निक्कै प्रभावित भएँ । मलाई त्यतिबेला कालो ज्वरो आउँथ्यो, भात खान नहुने, आँटाको रोटी खानु पर्ने । आटाको सुख्खा रोटी बनाउने, नेपाली देहात गाउँमा पाउँनु दुर्लभ । कृष्णबहादुरजी आफैं भान्सा बनाउने कलामा पनि निकै सिपालु । १९९७ सालको दशैंपछि देखि एउटै भान्सामा सामेल भएर सुखा रोटी बनाएर मलाई खुवाउने कामबाट आत्मीयता सुरु भयो ।

हिउँद लागेपछि छुट्टै रोजगार गर्न कं. रु. ५००।– पुँजीको व्यवस्था मिलाइयो । एकहल गोरु र एउटा गाडा पनि किराना माल हाट हाटमा लगेर बिक्री गर्ने कार्य प्रारम्भ भयो । बाल बच्चाको हाल खबर पत्तो छैन । भात भान्साचाहिं एकै ठाउँ जोडिएकै छ ।

(मसी सकिएछ लेखनी रोकियो)

भोलि पल्ट २०४६।२।२५ मा–

व्यापारिक रोजगारमा लागेपछि कानी खाने लत पनि क्रमशः छुट्दै गयो । कारोवारमा लागेपछि ३।४ पैसा हातमा पर्ने, खेलाउन पाउने अवस्थाको सिर्जना भयो र अलि शान्तिको सास फेर्न सकिने परिपाटी मिल्यो तर ज्यादै परिश्रमका आधारमा । १९९७ साल त, हर्दी खेतीकै धुनमा बितेको थियो । हर्दी बिकेन । दुःख मात्र गरेर समय बित्यो र १९९८ साल लागेपछि उपरोक्त किराना व्यापार सुरु भएको हो । व्यापार त चल्दै नै गयो तर प्रगति हुन सकेन । कारण त्यो सानो पुँजीबाट हाट हाट खेपेर गर्नु पर्ने खुद्रे व्यपारले आर्जन गर्नुभन्दा घर खर्चमा नै सामान खपत हुन लाग्यो र आखिर त त्यो रोजगार पनि फलिफाप भएन ।

विक्रम सम्बत १९९९ सालतिर जस्तो लाग्छ, मेरा अर्का सहयोगी जेठा बाजे लक्ष्मीप्रसाद उप्रेती अलग्ग आफ्नो रोजगार गर्ने हुनुभयो । पुँजी छैन । झापा जिल्लामा सरकारी बाटोमा पर्ने नदी नालामा वर्षा याममा हुलाक तार्नु पर्ने कामका लागि मेचीदेखि रतुवा नदीसम्मका मेची, राधानगर कन्काई, कुमरखोद कन्काई, तुलसीबारी कन्काई, किस्नीघाट र रतुवा नदीमा, आफूले आफ्ना तर्फबाट नाऊ राखेर बाटो हिंड्ने बटुवासंग खेवा लिएर सरकारी हुलाक बिना मूल्यमा पार गराउनु पर्ने कामको रकमलाई 'तारघार रकम' भनिन्थ्यो । त्यस्तै मुग्लानबाट (भारत) भैंसीका हन्जा (बथान) गोठका

गोठ नेपालका तराईमा हिउँदमा आउने गर्थे । ती गोठालाहरूसंग भैंसीको पुच्छर गन्ति चार आना पैसा 'चरी रकम' भनेर ठेकदारले लिन पाउने कानुन थियो । तिनै भैंसी चार कोशको झाडी (जंगल) मा चराउन लैजाँदा जंगलमा, भैंसी धपाउने लौरो काटे बापत लौरी रकम भनेर केही पैसा ठेकेदारले लिन पाउँथ्यो ।

त्यस अतिरिक्त झापा जिल्ला भरिका आवादी र जंगलका रूखहरूमा वन मौरी (खागो) ले मह लगाएकोलाई ठेकेदारले एकलौटी मह काढेर मह र मइन बेच्न पाउने कामलाई 'मह-मइन रकम' भनिन्थ्यो । ती सबै रकमहरू झापा जिल्लाको त्यतिबेलाको वन जाँच (वन डिभिजन) अड्डाले ठेक्का बन्दोवस्त गर्दो रहेछ । तारघाट रकम १, चरिचराई रकम १, लौरी रकम १, मह -मइन रकम १ समेत यति चारोटा रकमको ठेक्का झापा वन जाँच अड्डाबाट डाक बढाबढ गराउँदा वर्ष १ को कं. रु ३०००।- (तीन हजार) तिर्ने गरी तीन वर्षका लागि म देवीप्रसाद उप्रेतीले डाक बोलें - लक्ष्मीप्रसाद उप्रेती (जेठा बाजेका) रोजगारका निमित्त । जेठा बाजे आफ्नै नाममा रकम कलम लिन मंजुर नगर्ने - पछि नोक्सान परे आफू फेला परिन्छ भनेर । माष्टर दाइका नामबाट डाक सकार गराउने मन गरें । त्यतिबेला जेठा बाजे पनि माष्टर दाइ पनि मसंग हुनुहुन्न । झापामा (सदरमुकाम झापा) म एक्लै कुनै काममा गएको संयोग पऱ्यो त्यस्तो रकम ठेक्का लिने । माष्टर दाइको नाम मलाई याद भएन, बिर्सिएछ । एउटा नाम चाहिने त हो नि भने 'कृष्णबहादुर खत्री ' परिकल्पना गरेर ५ प्रतिशत डिपोजिट राखी हुलाकबाट डाक बढाबढमा दरखास्त पुऱ्याएँ । ठेक्का सदर भयो । अर्को बढी कबुल गर्ने निस्केन । घर आएर कुराकानी गर्दा त नाम रहेछ "हर्षबहादुर" । त्यसरी ठेक्का लिने क्रममा उहाँको नामाकरण हुन आयो -"कृष्णबहादुर" र उहाँ गएर कबुलियत गरेर, ठेक्काको बहाली पद लिएर ठेकेदार बनेर आउनु भयो -जेठा बाजे लक्ष्मीप्रसादका रोजगारका लागि ।

जेठा बाजे लक्ष्मीप्रसाद उप्रेती, ठेकेदार कृष्णबहादुर खत्रीको दाम काम गर्ने भएर जानु भयो मेची घाट भद्रपुरमा । पैसा छैन । नाऊ किरायमा लिनु पर्छ । नाऊ खियाउने माझी तलबमा राख्नुपर्छ । पन्ध्र दिन जतिको प्रयासमा जेठा बाजे, तार घाट चलाउने असमर्थ भएर खुइया गर्दै घुलाडुबा घरमा आइपरनु भयो । पानी परेर जलथल एक भैरहेछ । हुलाक रोकियो भने ठेकेदार जेल जानु पर्छ । श्रावण १ गतेदेखि लाई ठेक्का बन्दोबस्त । असार बित्न लाग्यो साविक ठेकेदारले चलाइराखेको तार घाट जेठा बाजेले चलाउने चाँजो मिलाउन नसक्नु भएपछि मैले भन्नै पऱ्यो - माष्टर दाइ आफैं गएर चलाउनु पर्ने भयो '। माष्टर दाइ जानु भयो । भद्रपुर गएर मुखिया ब्रम्हलाल श्रेष्ठको नाऊ किरायमा लिएर भद्रपुरको मेची (धुपगाछी) घाट चालु गराएर घर आउनु भयो । तर मुख्य घाट कन्काई नदी कुमरखोदको । त्यसमा नाऊ छैन । असारको जलामय समयमा गाडा चल्दैन । नाऊ भद्रपुरमा जगेडा छ । खुस्किको बाटो भएर कुमरखोद कन्काईमा कसरी पुऱ्याउने ? नपुऱ्याए जेल जाने बेला नजिकै आइपुग्यो राणाकालीन कडा शासन व्यवस्था । मैले मेरो लाटो बुद्धिले सोचेंर सल्लाह दिएँ - मेची नदी र कन्काई नदी तल

कहीं गएर त मिसिएका होलान्, त्यो कुरा सोधखोज गरेर पत्ता लगाएर मेचीमा रहेको जगेडा नाऊ मेची खोलै खोला बगाएर लगेर कन्काईसंग भेला भएका ठाउँमा पुऱ्याएर उकालो ल्याउनु पऱ्यो कन्काई घाटमा । उपाय अर्को नहुनाले संकट कालमा माष्टर दाइले त्यो कुरा मंजुर गर्नुभयो । कारण उहाँ आसामको ब्रम्हपुत्र नदी किनारमा जन्मेर बाल्यकालदेखि नै तराकी जिन्दगी खेप्न पारंगत हुनुहुँदो रहेछ र नदी नालामा कुद्न. उहाँलाई बराबर उत्साह आउने गर्थ्यो ।

दशजना नाविक सहयोगी रोजीमा लिएर असारको २०।२१ गतेतिर मेची नदीबाट एउटा ठूलो नाऊ लिएर बहिता लाग्नु भयो–खानेपिने सातु सामल, त्रिपाल, भाँडाकुँडा यावत् सामाग्री बोकाएर । ओह्रालो बग्न सजिलो तरै पनि एक रातबीचमा बास बसेर भोलिपल्ट बहादुरगंज नजिक मेची नदी मिसिएको ठाउँमा पुगेर महानदी नै नदी नाऊ बगाउँदै लैजादा पत्ता पाइयो कि कन्काई नदी र महानदीको भेट घाटै हुँदो रहेनछ । बारसोई रेल-वे स्टेसन पश्चिमपट्टि नजिक नजिकै २ वटा पुलहरू आउँछन्, एउटा पहिलो महानदीको पुल र दोश्रो कन्काई नदीको पुल । महानदी र कन्काई भेटघाट नगरिकन एक्लाएक्लै गंगाजीमा गएर पो मिल्दा रहेछन् । त्यो कुरो थाहा पएिपछि कृष्णबहादुरजीको यात्रा रोकियो । मैले दिएको सल्लाह निरर्थक भयो र अर्को उपाय सोच्न विवश हुनुभयो । महानदी पार गरेर किसनगंज जाने घाटमा आफ्नो नाऊ बाँधेर उपाय सोच्दै बहादुरगंज थाना-बजार पुग्नु भयो । किसनगंज जाने महानदी घाटबाट बहादुरगंज हुँदै नटुवापाडा जाने बयलगाडीको बाटो रहेछ । त्यही बाटोबाट किरायमा बयलगाडीमाथि नाऊ लादेर बेलुका बहादुरगंजमा बास बस्नु भयो । तेस्रो दिन नटुवापाडा नदी (नेपालपट्टि राधानगर कन्काई) मा नाऊ, गाडाबाट ओह्राल्नु भयो । अब वर्षाको बाढीले असमेल नदीमा उकालो नाऊ खियाउनु पऱ्यो । खियाउनु भन्नु त नाम मात्रै हो । नदीका दुवै किनारामा २।३ सय फिटभन्दा बढी जग्गामा काँश र पट्टेर उम्रेर हात्ती डुब्ने जंगल छ । त्यो जंगलभन्दा परको आवादीबाट मानिसले डोरी लगाएर नाऊ तान्नु पऱ्यो । नटुवापाडा घाट (भारत)बाट राधानगर कन्काई घाट (नेपाल) मा आइपुग्न पैदल मानिस सरासर हिंड्यो भने ५ घ्रण्टा जति मात्र लाग्दो हो । तर हाम्रा बहादुर नाविक कृणबहादुर खत्रीज्यूलाई, आफ्ना साथमा ल्याएका १० जना सहयोगीहरूले नपुगेर अरू १० जना युवकहरूको सहायताद्वारा चार दिनसम्म लाग्यो । लगातार दिनभरि उकालो नाऊ खियायो रात परेपछि नजिकको ठूलो रूखमा नाऊ बाध्यो र गाउँमा गएर बास बस्यो, गरेर सातौं दिनको बेलुका राधानगर कन्काई घाट (नेपाल) मा नाऊ पुऱ्याउनु भयो । अनि त्यताबाट राँगा गाडामा नाऊ चढाएर झापा बजार (जिल्ला सदरमुकाम) हुँदै आठौं दिनका दिन बेलेका कुमरखोद कन्काई घाटमा नाऊ पुऱ्याएर नाविकका जिम्मा लगाउनु भयो । त्यताबाट तुल्सीबारी घाट, किली घाट, रतुवा घाट र राधानगर घाटमा नाऊ बन्दोबस्त गरी नाऊ खियाउने माझीहरूलाई कतै तलब दरमाहमा र कतै कमिसनमा बन्दोबस्त गरी त्यो साल वर्षा यामभरि नाऊ चल्ने, तार घाट नरोकिने चाँजो मिलाएर १५ दिनका दिन बेलुका एक्लै ठेकेदार कृष्णबहादुर खत्रीज्यू पैदल लामो बाँसको टाँगो टेकेर एउटा सानो झोला बोकेर गंजी

र कट्टु मात्र लगाएर हाँस्तैं आगनबाट घरमा प्रवश गर्नु भयो ।

केही समय थकाई मारेर स्नान गरिसकेपछि वार्ता चल्यो र २ घण्टा जतिमा सबिस्तार आद्योपान्त जलयात्राको वर्णन सुनाउनु भयो । उहाँको साहस, धैर्य लगनशीलता र कार्यकुशलताको जति नै प्रशंसा गरे पनि थोरै नै हुन्छ । यतिबेला आँसुले मेरो कलम रोकियो ।

दश मिनटपछि आँशु पुछेर म लेख्न थालें:–

उपरोक्त तारघाट रकम तीन वर्ष चलाउदा ठेक्का तिरेर खर्च कटाएर तीन हजार रुपियाँ जति बाँचेको मलाई संभनाले बताएको । खाता वहीं हेरे उसले पनि बताउँदो हो । त्यसपछि पुन: अर्को तीन वर्षलाई पनि सो ठेक्का कृष्णबहादुरजीले सकार गरी लिनुभयो । पछिल्लो तीन वर्षमा पनि त्यस्तै नै रह्यो । तीन हजार चानचुन बाँचेको याद आउँछ ।

ठेक्कामा लिएको तारघाट रकमको सुरु गर्न संचालन गर्न परेको असजिलो माथि उल्लेख गरियो । मह-मइन रकमको ठेक्कातर्फ पनि हिउँद लागेपछि करिब १० जना जति साथ लिएर रूख चढ्ने र मह काढ्ने अभ्यास भएका त्यस कामका विशेषज्ञ खोजेर मंसिरदेखि वैशाखसम्म वन जंगल, भीर पाखा, आवादी जहाँ जहाँ खागो (वन मौरी) ले चाको लगाएको छ, त्यहाँ गएर मह-मइन संकलन गर्ने कामको दु:ख, खागाले चिलेर प्राणान्त गर्ला भन्ने डर भए यस्ता अप्ठ्यारा काम सबै नै सहर्ष कृष्णबहादुरजीले खेपेर पार लगाउनु भयो । यो काममा ठेकदारले कड्केन्दार (उप-ठेकदार) लगाएर पनि काम चलाइएको थियो कतिपय क्षेत्रमा ।

नाऊ चलाउने काममा अरू घाट ठेकेदारले कड्केन्दार लगाएर चलाइयो । मेची घाटमा कृष्णबहादुरजी स्वयं बस्नु भयो । यसैबेला द्वितीय विश्व युद्धको घच्चि घमासान थियो । बर्मा, हिन्द चीनतिर जापानी हमलाले कब्जा जमाउँदै थियो र त्यही सिलसिलामा खाद्यान्न जम्मा गर्ने सरकारी नीति अन्तरगत ब्रिटिस-इण्डियाले नेपालको धान खरिद गर्ने भयो । एजेन्टमा कटिहार जुट मिल्सका प्रोपाइटर श्री राधाकृष्ण चमरिया नियुक्त हुनु भएछ र उहाँका कर्मचारी भद्रपुर आए । त्यतिबेला अलि हेर्न लायक घर भनेको रामगोपाल मित्तुकाको काठको घर थियो । त्यही घरमा धान खरिद गर्ने एजेन्टको अफिस बस्यो । रामगोपालजीले त्यो चाँजो मिलाएर काममा सहयोग गर्ने गरी केही प्रतिशत कमिसन पाउने हुनुभयो । काम गर्नुपर्ने भयो कटिहार जुट मिलबाट नोट ओसार्ने । नेपाल सरकारले धान प्रति मन कं. रु. ८ को दर तोकिदियो र काम गर्नमा रामगोपालजीले मलाई बोलाएर १।२ पैसा कतिमा हो ? भागिदार बनाउनु भयो । मैले कार्यकर्तामा माष्टर दाइ कृष्णबहादुरजीलाई नियुक्ति गर्न सल्लाह दिएँ । त्यै अनुरूप कृष्णबहादुरजी गलगले स्टेसनको पी. एच. रेल-वेद्वारा प्रतिदिन किसनगंज हुँदै कटिहार जाने, उताबाट बेडिङ भित्र नोट ल्याउने । भद्रपुर अफिसमा जिम्मा दिएर पुन: प्रस्थान गर्ने । भद्रपुरको प्रत्येक हाट बुध र शनिवार नोट ल्याइपुऱ्याउनु पर्ने काममा पूरै एक हिउँद खट्नु भयो । ५।७ लाख मन धान के कति खरिद भयो ? त्यो जम्मैको भुक्तानी रकम जुटाउने काम कृष्णबहादुरजीले पूरा गर्नु भयो ।

झापा जिल्लामा मात्र होइन, नेपालभित्र मात्रै पनि होइन । सारा विश्व संसारभरिकै मन्दी बजार भाउले गर्दा नेपाल तराईका जमिन्दारीहरू आफल ताफल थिए । कतै रोजगार नपाउनेले 'लखन थापाका जन्त' भनेझैं मात्र जिमिन्दारी रोजगार पक्रने चलन थियो । अनाजको भाउ मन्दी भएकोले तिरो तिर्ने रकम नजुटेर जग्गा लिलाम हुन्थे । जग्गाबाट तिरो नसधेर जिमिन्दारी, बाँकीमा लिलाम हुन्थें । यो क्रम १९८५ सालदेखि सुरु भएको हो । त्यतिबेला भाउ घटेर १२ आना मन धान बिकेको । जिमिन्दारी चलाउन ज्यादै असजिलो थियो । रोजगार केही नपाएर मैले त्यस्तै रोजगार सुरु गरेको । जिमिन्दारले बाँकी तिर्न नसके थुनामा बस्नु पर्ने । जिमिन्दार थुनामा बसेपछि अर्को कस्ले बाँकीको रकम जुटाएर जेलबाट जिमिन्दारलाई निकाल्ने ? यो अप्ठ्यारोले गर्दा एकजना जिमिन्दार एकजना जमानी मिलेर चलाउनु पर्ने परिस्थितिभित्र कृष्णबहादुरजीको र मेरो परस्पर सहयोगको बन्धनमा जेलिने परिपाटी बन्न गएको पनि थोरै नै हुन्छ । निकाल्ने ? यो अप्ठ्यारोले गर्दा एकजना जिमिन्दार, एकजना जमानी मिलेर चलाउनु पर्ने परिस्थिति भित्र कृष्णबहादुरजीको र मेरो परस्पर सहयोगको बन्धनमा जेलिने परिपाटी बन्न गएको । सम्बत २००० सालतिर हो क्यार ज्येष्ठ २२ गते, नियम बमोजिम जिमिन्दारी लिलाम भए । म देवीप्रसाद उप्रेती जमानी (धन जमानी) बसें र कृष्णबहादुरजीले डाक बोल्नुभयो । पुरानो बाँकी बक्यौता सबै सकार गरेकाले उहाँको डाक सदर भयो । कृष्णबहादुरजी घैलाडुबा समेत १२ मौजको जिमिन्दार बन्नुभयो । त्यो जिमिन्दारी कार्यभार २००८ सालसम्म उहाँले बहन गर्नुभयो ।

विक्रम सम्बत २००० सालको कुन महिनामा हो ? कृष्णबहादुरजीले आफ्ना लालाबालाको याद गर्न सक्ने अवस्थाको महसुस गर्नु भयो र आसाम ससुरालीबाट श्रीमती र छोरा हरिध्वज, विमलध्वजलाई ल्याउनु भयो । केही समय घैलाडुबामा बसेर २००१ सालदेखि स्व. पूर्णबहादुर मानवको अध्यापनमा दार्जीलिंग चाँन्दमारी डेरामा नानीहरू पुऱ्याउनु भयो । समय बित्तै गयो । नानीहरू पढ्दै गए, बढ्दै गए ।

सम्बत २००५ सालतिर जस्तो लाग्छ, कृष्णबहादुरजी कि श्रीमती बेरामी पर्नु भयो । भिक्टोरिया हस्पिटल दार्जीलिङ्गमा २ महिना जति राखियो, स्वास्थ्य लाभ भएन । आखिर पाँच भाइ छोरामा कान्छो कुमारबहादुरको जन्म भयो र सानो शिशुलाई छाडेर परलोक गमन गर्नुभयो- पाँचवटा लालाबालालाई टुहुरा पारेर । हामी रमिते मात्र भयौं । हाम्रो केही जोड चलेन । केही समय मेरी श्रीमती नर्मदादेवीले सानो शिशु कुमारलाई आफ्नो बुबु चुसाएर लालन पालन गर्नुभयो । केही समयपछि बृद्धा महतारीले छोरी परलोक गए पनि नाति म पाल्छु, छोरीको माया बिर्सन वा संभन भनेर कान्छो सानो शिशु कुमार र काहिंलो ठाकुर (नरेश) लाई लिएर आसाम जानुभयो । पुऱ्याउन कृष्णबहादुरजी आफैं जानु भए जस्तो लाग्छ ।

कृष्णबहादुरजी विधुर (अर्धो) भएर रहनु भएपछि विवाहको प्रसंग आयो । आइमाई विधवा भएकीलाई पुन: विवाहको प्रसंग आउदैनथ्यो । पुरुष प्रधान समाजमा नारीको दुर्गति वाणीले नभ्याउने दर्दनाक कहानी बनेर रहेको पाइन्छ । सम्बत २००६ सालमा जस्तो लाग्छ, झापा सुरुंगा जामुनबाडी निवासी स्व. अहिमानसिंह राउतकी ठूली छोरी

मागेर विवाहको कार्यक्रम पूरा भयो- घैलाडुबा घरबाट । समयका साथसाथ उमेर बढ्दै र आयु घट्दै गयो । देशमा अशान्त वातावरण फैलियो । २००७ सालको क्रान्ति आयो र गयो पनि ।

कृष्णबहादुरजीसंग मैले सुरुमा दुःख बाँडेर बसौं भनेको थिएँ त्यस्तैनै भयो । दुःख धेर थोर बाँडियो तर सुख-सुविधा भेटिएन । दुःखको परिश्रमभित्र एक छिन सुस्ताउनु, थकाई मार्नुमा भेटिने आनन्दको अनुभवको नाम मात्र पो रहेछ- सुख भनेको त ।

आफ्ना जिमिन्दारीभित्र नदी किनारमा बाँझो पर्ति जग्गा धेरै थियो । यो जिल्लाको जनसंख्या २००८ सालको जनगणनानुसार ९५,००० (पन्चानब्बे हजार) पुगेको थियो । औलो ज्वरो र कालो ज्वरो होडबाजी गरेर आउने गर्थे । पालैपालो वा संयुक्त रूपमा जसरी आए पनि कुस्ती खेल्नु पर्छ पर्छ । त्यसै धेरै पाइन्न र पनि बाँच्नुको बाध्यताले जीविका खातिर केही न केही गर्दै रहनु पर्ने । मेसिनद्वारा बाँझो जमिन आबाद गराउने कुरा चल्यो- २००८ साल वैशाख जेठतिर । भद्रौमा भवानीशंकर मित्रुकाले सभियारीमा जग्गा आबाद गराउने काममा मंजुरी दिनु भएकोले हेनरी फोर्ड कम्पनीको एउटा हाफ चेन ट्रयाक्टर ल्याएर शरणामती, झापाको पुरानो <u>माराघार</u> कन्काई नदी किनारको जग्गा कृष्णबहादुरजी जोत्न लाग्नुभयो ।

कान्छीपट्टिको जेठो छोरा टेकनारायण घैलाडुबामा नै जन्मे जस्तो लाग्छ । त्यसपछिका दुई छेरीहरू अम्बिकादेवी र गोमादेवी शरणामतीको ट्रयाक्टर फार्ममा । त्यतिबेला त्यहाँ जंगल प्रचूर मात्रामा थियो । घोडा, गधा भन्ने जन्तु १०।२०।३० को बथान चउरमा बराबर दौडेको देख्न पाइन्थ्यो । सम्बत २००९ सालको वर्षामा म पनि त्यहाँ गएर बसें । दोमहल्ला घर, तीन कोठा, ठूलो वारपार बरण्डा भएको, फूस (खर) को छाना राखिएको, निकै सुन्दर घरमा हामी संयुक्त परिवार बस्तथ्यौं । त्यतिबेला शरणामतीमा करिब २००–०–० विघा र त्यस अतिरिक्त सुरुंगा, चपरामारीमा आफ्नो र अर्काको गरी करिब १५०–०–० विघा जग्गा ट्रयाक्टरले जोतेर जमिन आबाद लायक बनाउनु भयो । त्यतिबेला कृष्णबहादुरजी आफैं ट्रयाक्टर चलाउनु हुन्थ्यो । पछि गएर ड्राइभर राख्नुभयो पचासौं व्यक्ति उहाँका सातहतमा हमेसा लागिरहन्थे । ट्रयाक्टरको ड्राइभर पनि आफैं, मेकानिक्स पनि आफैं, मालिक पनि आफैं, मैनेजर पनि आफैं, एकाउन्टेन्ट पनि आफैं, म कतितिर भ्याउँ ? भनेर मलाई घैलाडुबामा सूचित गर्नुहुन्थ्यो । त्यसपछि दाइ मेदिनीप्रसाद उप्रेती र भाइ सुबे. खगेश्वर उप्रेती मदतगार थपिनु भयो । कति उत्साह र उमंग बटुलेर व्यवहार चलाउनु हुन्थ्यो ? पछि २०२०।०२१ सालतिर 'मेरो कामको चाँजो मिलेन' मैलेभन्दा मेदिनीप्रसाद र कृष्णबहादुर जस्ता साथी हुँदा त मिल्न नसकेको चाँजो अब कसरी मिल्छ र ? भन्नु भएको कृष्णबहादुरजीको भनाई मलाई बराबर याद आइरहन्छ ।

ट्रयाक्टर फार्ममा रहँदा तीन वर्षको अन्तरमा चौध ओटा साना ठूला गरी बाघको शिकार गर्नु भएछ कृष्णबहादुरजीले । <u>**शिंएर**</u> बसेका हात निसाना नचुक्ने । पानी ल्याउनु पर्ने जंगलका झोराबाट, कुलो खनाउनु, बाँध बँधाउनु कति हो कति काम गरे गराएको । तर अर्काको रकम ल्याएर थालिएको काम धेरै लाभप्रद ठहरेन । जंगल

फाँडेर आबाद गरियो । ९४,०००।– कम्पनी रूपमा लागेछ खर्च, अर्काको रुपैया । तिर्नु पर्दा २०१२ साल हिउँदमा गरामनी (गा. पं. अन्तरगत हाल) को ज. व. ९०–०–० थान चुनले कं. रु. ६०,०००।– मात्र छिनेछ । ट्रयाक्टर लिलामी दाममा दिएर नगदी धान इत्यादि बुझाएर बल्ल <u>**उऋण**</u> हुन पाइयो ।

जहान बढ्दै गए । आ-आफ्नो व्यक्तिगत व्यवहार चलाउने आकांक्षा प्रत्येकले राख्नु स्वाभाविक पनि हो । २०१२ सालको हिउँदमा छुट्टिएर अलग हुनुभयो । माष्टर दाइ र जामुनवाडी गएर बस्नुभयो । जामुनवाडीमा पहिले नै १५–०–० विघा जग्गा खरिद गरेको थियो । त्यसैमा घरँद्वार खडा गरेर जीवन-यात्रा अघि बढाउनु भयो । जामुनवाडी गएर पनि सामूहिक काम गर्नु पर्दा पछि पर्नु भएन । २००७ साल पछि देशमा शिक्षाको लहर आयो । २००८ सालमा स्थापना गरेको घैलाडुबा बजारको स्कुल, २ पटक बन्द हुँदै चल्दै गरेर २०१४ साल चैत्र १ गतेदेखि अनवरत अद्यावधी चल्दैछ- श्री आदर्श विद्यामन्दिर मा. वि. । जसको संचलाक समितिको पहिलो सचिव कृष्णबहादुर खत्रीजी । चन्दा, दान, माङजुङ, विभिन्न पाराले भवन आधा पारियो । विद्यालयको तलो छाप्न सकिएन । २०२० सालमा स्कुल भवनले अहिलेको रूप लिन सफल भयो ।

२०१७ सालपछि पञ्चायती व्यवस्थाको प्रारम्भ भयो । आफू बसेको गाउँ सुरुंगा पञ्चायतको पहिलो प्रधानपंच कृष्णबहादुर खत्रीजी । पहाड, तेह्रथुम जिल्ला र झापा जिल्लाका जमिन दान पाउने विद्यालयहरूका झापा जिल्लामा रहेका जग्गा जमिनको चाँजो मिलाउन २०२०।०२१ सालतिर एउटा संयुक्त स्कुल समिति नामक संस्था खडा गरियो जसमा झापा जिल्लाका सुरुंगा गा. पं. का प्रधानपंच कृष्णबहादुर खत्री १, घैलाडुबा गा. पं. का प्रधानपंच टेकनारायण राजवंशी १, डाँगीबारी गा. पं. का प्रधानपंच हंशनारायण चौधरी १, शरणामती गा. पं. का प्रधानपंच गंगाप्रसाद प्रसाई १, तेह्रथुम जिल्ला पोखरी गा. पं. का प्रधानपंच भीमराज कन्दंवा १ र ईवा गा. पं. का प्रधानपंच धनपति संग्रौला १, यति छ पंचायतका प्रधानपंच विद्यालयहरूका प्रतिनिधिको रूपमा संयुक्त स्कुल समितिका सदस्य हुनुभयो । त्यो संस्थाको पहिलो अध्यक्षमा कृष्णबहादुर खत्री रहनु भयो र जग्गा जमिनको राम्रो चाँजो मिलाउनु भयो ।

२०२० साल माघमा स्वर्गीय श्री ५ महेन्द्र घैलाडुबा विरीङ् नदी किनारमा ४ दिन राज होइबक्सिदा सवारीका साधन ओसार पसारको काम, क्याम्पको सिर्जना र दाउरा जर्नाको बन्दोबस्त कृष्णबहादुरजीले गर्नु भै सहयोग पुऱ्याउनु भयो । सवारीमा राम्रो सेवा सहयोग पुऱ्याए वापत बक्स पाउने क्रममा उहाँले प्रधानपंच हुँदा स्थापना गर्नु भएको जामुनवाडी प्रा. वि. को छानु लगाउन कर्कट पाता (टिन) माग्नु भयो र सरकारबाट पाएको टिनले त्यो विद्यालय ओतियो । आफ्ना निम्ति केही माग्नु भएन ।

त्यसपछिका समय गुज्रने क्रममा मैले सहयोग गर्न सकिने र एक्ला एक्लै दौडने परिपाटी बमोजिम पारिवारिक स्थिति कृष्णबहादुरजीले धेर थोर सुधार्दै लैजानु भयो । छोराहरू हरिध्वज बि. ए., देवेन्द्रबहादुर पि. एच. डी., नरेश र कुमार सायद बि. ए., टेकनारायण आई. ए., दीपक एम. ए., अर्जुन टेली कम्युनिकेसनतर्फ हो कि टेक्निसियन,

र भरत एम. कम. अध्ययनरत मैले सुनेसम्म र छोरीहरू चारै जनाको अध्ययन कहाँ पुग्यो, मलाई ज्ञात छैन । मलाई एउटा कुरा साह्रै खट्केको, परम्परागत रूढीको जालमा जेलिएर, संस्कार, संस्कृति जोगाउनेभन्दै आफू स्वयं परमहंश स्वामी दयानन्द सरस्वतीको अनन्य भक्त अनुयायी भएर पनि नारी शिक्षामा जोड दिनु भएन र छोरीहरू चारै जनाको अध्ययन क्रम रोकियो । इच्छा वा अनिच्छापूर्वक विवाह बन्धनमा बाँधिएर ज्ञानार्जनको क्रममा पुरुष प्रधानताले थिचिएका नारी जाति पछि परेका परेकै भए ।

कृष्णबहादुरजीका आठ छोरा र चार छोरीमा छोरी सबैको नै विवाह दान भैसकेको खबर मैले सुनें, सन्तोष लाग्यो । छोराहरूमा अर्जुन र भरतको सायद विवाह हुन बाँकी छ । म अलि रोगग्रस्त भएकोले निकै वर्षदेखि उहाँको निवासस्थान पुगेको छैन । २ वर्ष पहिले सूर्यमुखी फूलको खेती गर्ने क्रम लिएर म भएमा आउनु भयो । तत्सम्बन्धी धेरै कुराहरू भए । अलिकति सूर्यमुखी फूलको बीउ पनि मलाई दिनुभयो । उहाँले सूर्यमुखी फूलको खेतीमा के कति उपलब्धि गर्नु वा गराउनु भयो जानकारी छैन । मैले त फूलको बीउ पनि जमिनमा खसालिन । सस्तोमा जापानी ट्र्याक्टर सरकारी प्रबन्धबाट लिने क्रममा परेको अप्ठ्यारो र बल्ल बल्ल प्राप्त गरिएको लामो विवरणात्मक पत्र पठाउनु भएको थियो । त्यसपछि सायद पत्राचार नभए जस्तो लाग्छ । एक महिना पहिले होला हरिध्वजजी कि छोरी (नातिनी) को विवाहको निमन्त्रणा पत्र आयो । काठमाडौंमा नै वैवाहिक कार्यक्रम अंकित देखें । उहाँसम्म जान म सकिंन । डाइबिटिज बढेर उपचारार्थ २ महिनादलेखि काठमाडौं हुनुहुन्छ भन्नेसम्म कुराको चर्चा सुनेको थिएँ ।

जीवनका घटना कति हुन् कति । समग्र लेख्नलाई त त्यति नै समय खर्च गर्नुपर्दो हो । त्यो आफ्ना उमेरले नभ्याउला । बिर्सन खोज्दा संझना झरिलो भएर आउने गर्छ । आँशुले आँखा थुन्दछ । जाने गए पनि बस्नेले नै सबै खेप्नु पर्ने । अलमल्याउने स्थिति रीति । नबुझी सक्नु संसारको गति । हामी यतै अलमलिएका छौं । उहाँ अघि गैसक्नु भयो । अलि पछि परियो र पनि अवश्यमेव जाइन्छ, जाइन्छ भन्ने ढुक्कले समय पर्खेर बस्नु परिरहेछ । अमर आत्माले दुःख सुख व्यहोर्ने लेठो गर्दैन रे । त्यो व्यवहारमा मुछिने जीवात्मा रे जसका लागि हामी सम्बन्ध राख्छौं, आत्मीयता गाँस्तछौं, त्यो चैतन्य शक्ति, हाम्रा प्रियपात्र अभिन्न साथी कृष्णबहादुरजीको पाञ्चभौतिक कलेवरबाट विदा भएर कहाँ पुगेको छ ? उसले चिरकालसम्म शान्ति पाओस् । शोक सन्तप्त परिवारले यो विछोडको बेदना सहन गर्न सक्ने सामर्थ्य जुटाउन सकोस्को कामनासाथ श्रद्धाञ्जलिको रूपमा यी शब्द सुमन चढाउँछु । इति ।

–देवीप्रसाद उप्रेती, चैलाडुबा-६, झापा, (वर्ष–७७।१।११॥ मेची, नेपाल ।
मिति–२०४६।२।१२।५ मा तदनुसार ता. २५ मई, १९८५ ई. दिनको ४ बजे ।

नोटः–

स्व. कृष्णबहादुर खत्रीज्यूले मलाई सुनाउनु भएको कुरा मैले संझेसम्म माथि उल्लेख गरेको र व्यवहारमा सधैंसंगै भोगेको दुःख सुखका घटना पनि ।

पढ्ने र पढाउने काम गर्दाको सम्झना

श्री विक्रम सम्बत् १९६९ साल वैशाख १ गतेको मेरो जन्म । १९७२ साल असौज दशैंभन्दा माथिल्लो खाएलको भलेटाको चुवाको रूखमा साना बालक बालिकाको लागि डोरीको पिङ हालेको रहेछ । दिदीज्यूले मलाई डोऱ्याएर लैजानु भयो । ३ वर्ष ५ महिना र केही दिन मेरो उमेरले गन्तीमा समेटेको थियो होला । त्यति बेलादेखिका कुरा मलाई याद आउँछ । रामचन्द्र भन्ने केटो मभन्दा अलि जेठो थियो । उसले पिङ खेलिरह्यो, मलाई खेल्न दिएन । उसको रहर पुगिसकेपछि मलाई पिङको काम्रोमा बसाएर दिदीज्यूले हल्लाई दिनु भयो । पिङ खोल्ने रहर पुगेपछि मनरथ ज्योतिषी शिवाकोटीका घर गयौं । अगाडि पाली गाँसेर सिकुवा बढाएको, पालीका दुईपट्टि अल्लो आटमा मानिस बस्ने गरेका । त्यहाँ केही बेर बसेर अलि मास्तिर भागीरथ शिवाकोटीका घरमा गयौं । त्यसै हिउँदमा दुवैघर शिवाकोटीहरू आसाम बसाईं गए । मनरथको खाएल मामा श्रीवेलाशले र भगीरथको खाएल पिताजीले किनेर लिनु भएको मैले कुरा सुनें । पिताजीले हिउँदे स्कुल खोल्ने र पुष, माघ, फागुन यति तीनमहिना बालक बालिका पढाउने गर्नु भएको मैले संझेको छु ।

१९७२ सालको पुसमा इवा गाँउको भुल्केबारीमा भकारीका कटेरा हालेर स्कुल थपना भयो, त्यसैमा पढ्न दिदीज्यूले मलाई पुऱ्याइदिनु भयो । स्कुलमुनि भिरालो पाखो, १/२ सल्लाका अग्ला रूख, अरू मसिना चिलाउनेका बिरुवा संझनामा आउँछ ।

१९७३ सालको पुसमा चाँगे नेशुमको गैरीगाउँमा श्री गजाधर चुडालको खेतमा भकारीको कटेरोले स्कुल बनाएको । कसौंडीमा दाल पकाउँदा कसौंडीका मुखमा अर्को भाडो राखेर भाडामा पानी भरेको, वाफले दालको कसौडी समेत आकाशिएर उडेको सय हात पर खसेको संझना आउँछ ।

१९७४ साल पुसमा मैवा दोभानमा सुवेदार पृथ्वीमान श्रेष्ठले बोलाएर लौजानु भएको, केहीदिन याङ्मने पाटीमा, अनिपछि पाटीभन्दा माथिको खेतको खलेगरामा भकारी हालेर स्कुल बारेको, त्यहाँ पढ्ने साथी मभन्दा ठूला उमेरका ओलाङचुङ्गोलाको विचारीका छोरा तीन धर्के, मितलुङका रत्नकुमार साहूको छोरा लालबहादुर श्रेष्ठ (पछि मदनकुमार श्रेष्ठ रतवा नदी छेउ), सुबेदार पृथ्वीमानका छोरा जयबहादुर, ज्ञानबहादुर, आदि साथीहरूको संझना आउँछ । दिउँसो खाजा खाने छुट्टीमा म, एक्लै खेतका आलीमुनिको मूसाको माटोमा घर बनाई खेल्ने गरेको संझन्छु ।

१९७५ सालको पुसमा चौहानडाँडा ख. अविचन्द्र उप्रेतीको वरका रूख छेउको लामो वर्षे कटेरो गुहाली सफा गरेर त्यसैमा स्कुल कार्य गरेर बालकहरू पढ्ने गरेकौं ! पढ्ने साथीहरूमा जेठा मुखिया देवीप्रसाद थपलियाका छोरा भोलानाथ थपलिया, ले. हरिलाल थपलियाका छोरा बद्रीप्रसाद थपलिया, ख. अविचन्द्र उप्रेतीका छोरा प्रेमप्रसाद

उप्रेती, श्रीकान्त उप्रेतीका छोरा पाण्डवलाल, भोलानाथ उप्रेती, द्रोणाचार सिटौलाका छोरा वेदचार सिटौला, भतिजा कृष्णप्रसाद सिटौला आदि संझनामा आउँछन्।

१९७६ साल जेठमा चैनपुर बजारका श्री डिल्लीमान साहूले बोलाउनु भएकोले चैनपुर गोलाबजारको भीमसेनथान पाटीमा जेठदेखि कात्तिकसम्म र मंसिर लागेपछि जीतेधारा छेउको तोरीबारीमा भकारीको लामो कटेरो हालेर त्यसैमा पढ्ने गरियो। चैनपुरका विद्यार्थी साथीहरूमा रत्नमान साहूका छोरा इन्द्रमान, सूर्यमान श्रेष्ठ, डिल्लीमान साहूका छोरा अनकमान, भोलामान र शेरबहादुर, गञ्जमान साहूका छोरा देवीबहादुर, चन्द्रबहादुर, फत्त्यमान साहूका छोरा हरिप्रसाद, चन्द्रप्रसाद, छोरी चण्डिका र दुर्गा, ले. लेकमानका छोरा जेठा उदयमान र गोरखमान, जोशी सुबेदारका छोरा पञ्चबहादुर जोशी, जीतबहादुर, क्षेमाने साहूका छोरा गंगाबहादुर, धनकुटा भीमबहादुर साहूका छोरा नरेन्द्रबहादुर, नरमान साहूका भाइ मनिमान, पिताको नाम याद रहेन, कृष्णप्रसाद श्रेष्ठ, राम, लक्ष्मण र महेन्द्रप्रसाद, साहू टीकाराम बाँडाका छोराहरू, टमटहरू, खाराडे केटाहरू, खत्रीगाउँका केटाहरू, डाँगी गाउँका केटाहरू, मकरध्वज अधिकारीका छोरा जयबहादुर, वीरध्वज अधिकारीका नाति तेजबहादुर अधिकारी, भोजपुर कालिकोटका बस्नेतहरू आदि साथीहरूको याद ताजै छ। १९७६ साल वैशाख १ गते ७ वर्ष पूरा गरेर ८ वर्षमा हिड्दै गरेको उमेरको मेरो याददास्त।

१९७६ साल भदौमा, ठूला उमेर भएका विवाहित युवकहरूलाई स्कुलमा सामेल भएर पढ्न लाज लाग्यो भनेर मलाई आफ्ना घरमा लगे। डाँगीगाउँ होकि खत्री गाउँ हो? नाम याद भएन। ठाउँको ठूलो भएका एकजना बस्नेतजी २२/२४ को उमेरको जस्तो लाग्छ, वाहाँका घरमा डेरा पनि स्कुल पनि कायम गरेर मलाई गुरुबाबु बनाएर राखियो। पिताजीलाई ठूलो गुरु र मलाई सानो गुरु भन्ने गरियो। मेरो ६ वर्षको उमेरमा ब्रतबन्ध गरिएको थियो। त्यतबेलाको चलन अनुसार आफैंले भात पकाएर खानुपर्ने। ७ वर्ष र ५/६ महिना उमेरको बालकले गुरुबाबुको उत्तरदायित्व वहन गर्नु परेको। भित्र अध्याना छेउको ओछ्यानमा गुन्द्री उठाएर पोतेर ओदानमा भाँडो बसाएर भात पकाउनु परेको थियो। तरकारी, दाल पकाइएन। दही, दूध र घिउ नै खाएर नसकिने ठाउँमा भान्सा नरमाइलो भएन। सायद म मंसिर लाग्दासम्म त्यहाँ एक्लै क्लास चलाएर बसें। २५/३० जना बूढा विद्यार्थीलाई अदप गरिदिने एकजना ३५ वर्षजतिको विद्यार्थी नै मानिटर भएर काम गर्नुहुन्थ्यो। सबै विद्यार्थीलाई हस्ताक्षर राम्रा पार्न र हिसाब गर्न मात्र सिकाउनु पर्थ्यो। सयसम्म अंक, जोड्न, असुल बाँकी गर्न, गुणा गर्न, भाग लिन र एकाई-दाही छुट्याउन अनि रुपियाँको ब्याज हिसाब गर्न यति नै थियो सिकाउनु पर्ने मुख्य विषय। दशैंमा १० दिनजति पिताजी भएमा आएँ र पुनः आफ्नो स्कुलमा गएँ। मंसिर लागेपछि मेरा सबै विद्यार्थी र म समेत पिताजी हुनु भएको स्कुल जीतेधारा छेउमा फर्कर आयौं।

डिल्लीमा न साहूकी छोरी काशी नाम गरेकी उमेर जवान भैसकेकीले स्कुलमा पढ्न पठाउन असजिलो मानेर वहाँका घरैमा बजारमा, म जीतेधारा स्कुलबाट बेलुका आएर राती २/३ घण्टा पढाएँ र राती साहूजीकै घरमा सुत्ने गरेको संझना आउँछ।

राती पढाउदै उङ लागेर उङ्न लाग्दा, विद्यार्थी काशीजीले सुन्तलाका बोक्राको राग आँखामा हालिदिएर मेरो निद्रालाई भगाइदिनु भएको स्मृति अझै ताजा छ।

१९७६ साल फागुनसम्म स्कुल चालु भयो। १०० देखि १२५।१३० सम्म विद्यार्थी भएको संझना आउँछ। चैत लागेपछि स्कुल उठाएर घर फर्क्यौं। चितलाङमा आइपुग्दा बाटामुनि, श्री कर्णेल कीर्तिमान सुवेदी खत्रीको दौडाहाको बिहानको भान्साको मुकाम रहेछ। त्यताबाट सरासर नुन ढाकिको उकालो पार गरेर मिल्केको लेक उक्लदै घर पुगेको याद आउँछ।

१९७७ साल पौषमा सुभाङमा जन्तरे चन्द्रप्रसाद र कान्छा जयप्रसाद संग्रौलाहरूको निमंत्रणामा वहाँहरूको घरभन्दा अलि परँक खोल्सी पारीको खेतको खलेगरामा भकारीको स्कुल खडा गरेर पिताजीले हिउँदे स्कुल चलाउँदा पनि म साथै छु र सहपाठी साथीहरूमा चन्द्रप्रसाद संग्रौलाका छोरा मेदिनीप्रसाद, सिमलेमा रामप्रसाद संग्रौलाका छोरा त्रिलोचन, माहिला पुष्पलाल र हरिप्रसाद, थेचम्बुका माइलामा खरेलका छोरा जेठाको संझना आउँछ चैत लागेपछि स्कुल उठ्यो म चन्द्रलाल उप्रेतीका छोरा जेठासंग उनका घर १/२ दिन बसें त्यताबाट थेचम्बु माइला, काइँला मामाहरू, माताजीका मामा रामलाल खरेलका घर गएर एकमहिना जति घरमा र गोठमा गरेर बसें त्यसपछि सायद ७८ साल वैशाखमा घर गए। पिताजी सुभाङबाट सोझै घर पाल्नु भएको थियो चैत लाग्दै।

१९७९ सालका हिउँदमा पौष लागेपछि सिमलेमानै हाम्रै माथिल्लो बारीको एउटा बाटोमा जसलाई अहिले स्कुले पाटो भनिन्छ। भकारीको हिउँदे स्कुल खडा गरेर साउनसम्म गाउँका साना ठूला विद्यार्थी जम्मा गरेर पिताजीले अध्यपन गर्नुभयो म पनि साथ साथै सिक्ने र सिकाउने काम गरिरहेको थिए।

१९७८ सालका पौषमा सिमलेको फुगुवा मन्दिर बनाउने काममा चन्दा संलग्न गर्न श्री दमालडाम पौडेललाई साथमा लिएर पिताजी दार्जीलिङको लेफुङ्ग, डुबर्स, आसाम जानुभयो म घरै बसें।

२०४७।६।२।३

वंशक्रममा गाँसिएको आफ्नो इतिवृति

देवीप्रसाद उप्रेती
घैलाडुबा ६
झापा - मेची

(१)

२०४५।७।४५ विजयादशमी

गोरखा शाहवंशमा द्रव्यशाहको समयको हाराहारी वा केही अघि हो श्री शिवशंकर उप्रेती मूल स्थान उप्राडा (उप्रेत्यूडा) गाउँ छाडेर चार भाइ छोराहरू मध्ये ज्येठा श्री रघुनाथ उप्रेतीलाई साथ लिएर नेपाल पूर्व पलाञ्चोक पिपलटाहारमा बस्नु भएछ । माहिला छोरा श्री रामेश्वर उप्रेती (कुञ्जनपुर) गंगोलीहाट (पिथौरागढ) मा रहनु भएछ । कान्छा छोराको नाम लेखिएको छैन । कुञ्जनपुरमा २०३५ सालसम्म ५० घर जति उप्रेती बन्धुहरू हुनुहुन्छ रे ।

शिवशंकर र वहाँका छोराहरूको विवरण, श्री राधावल्लभ उप्रेती, कुञ्जनपुर, गंगोलीहाट, पिथौरागढले लेखिदिनु भएको टिपोट, श्री सोमानन्द (सीताराम उप्रेती) ब्रम्हाचारीले २०३५।६।८।१ मा ल्याउनु भएको टिपोटका आधारमा लेखिएको हो । टिपोट यस प्रकार छ :-

"(१) "श्री शिवशंकर कूं उप्रेती"

।

।　　　　।　　　　।　　　　।
१　　　　२　　　　३　　　　४

(२) रघुनाथ (नेपाल) रामेश्वर (अलमोडा) विश्वेश्वर (कुञ्जनगर)

(३) भोगिरथ

"गंगोलीहाट स्थित मणकोट राजाका निवास जो करिव ५०० साल से बंजर पडा है ।"

"चौदहविं सताब्दिके वाद नारायणचन्द राजा यहाँ छोडकर नेपाल चले गए । उनके प्रधानमन्त्री उप्रेती थे । उपने साथ कई उप्रेतीयोंको ले गये. । जो उप्रेती यहाँ रहे वे उप्राडा (उप्रेत्यूडा) ग्राम छोडकर इधर चले गये । मूल निवासी कूं उप्रेती (कुञ्जनपुर) में बस गए । उनके विरादर खतेडा, नैनौली, नगौर, खेती अलमोडा आदि स्थानों में अपनी सुविधानुसार चले गये । स्थान उपयोगिता, शिक्षा, उपजाऊ भूमि आदि सम्पन्नताके अनुसार बडे छोटे यी माने

जाने लगे । इतिहासकारों ने अलग अलग भी बताये लेकिन अफने स्वार्थ सिद्ध हेतु अपने रितेदारौं को ऊंचा तथा अन्य लोगोंको नीचा भी लिखडाला लेकिन सत्यता से मूलस्थान उप्राडा ग्राम है, जहाँ से मूल स्थान कूउप्रेती मे बसे । वहीं से इधर उधर गये । श्री बासुदेव सुब्बाजीको अपना विरादर मानते हैं । "

"(कुञ्जनपुर) कूंउप्रेती करिब ५० भवासे उप्रेती निवास करते हैं । अलमोडे में स्व. रेवाधर उप्रेती रानीधारा रोड पोखरखाली में निवास करते थे । उनके पोत्र मोहन उप्रेती कुमाऊ कलचर के डाइरेक्टर हैं । उनके घरमें कुछ प्राचीन बंशावली के लेख हैं ।"

पिपलटाहार पलाञ्चोक वीरता, भादगाउँले मल्ल राजाबाट प्राप्त गर्नु भएको रे श्री शिवशंकर वा श्री रघुनाथ उप्रेतीले र त्यहीं बसो बासो जमाउनु भएको हुनाले वहाँका सन्तती अझैपनि त्यही ठाउँमा हुनुहुन्छ भने त्यहा नअटाएर धेरै धेरै अनेत्र फैलिएका पनि छन् ।

२०४५।७५।६ मा

हाम्रो घर (शिमले, इवा, आठराई, पल्लोकिरात) मा रहेको पुरानो टिपोट कागतबाट पुर्खाको पुर्खौली तल लेखे बमोजिम देखिन्छ ।

कुमामबाट आडन्या सिबर सर्म पलामा बस्या :

(३) भगिरथ उप्रेती ज्यू		१
(४) निजका छोरा भरथ पण्डित		१
(५) निजका छोरा धरणी		१
(६) निजका छोरा धनञ्जय	जेठा	१
(६) पण्डित हरिदेउ	माइला	१
(६) नारान उप्रेती	साइला	१
(६) संषर	काहिंला	१
(६) तुलाराम उप्रेती	कान्छा	१
निज धनञ्जयका छोरा		५
(७) जनमेजय	जेठा	१
(७) लछिमी नारान्	माइला	१
(७) मनरथ	साइला	१
(७) देउनारान	काइला	१
(७) विवलानन्द	कान्छा	१
निजका जनमेजयका छोरा		७
(८) रामिद्र	जेठा	१
(८) गौरीसंषर	माइला	१

(८) जन्तरेलाई बालक अवस्थामा नै गोठ धुप गरेको ठाउँ व्यासीमा दिउसै बाघले खायो र त्यसैले होला यहाँ नाम नपरेको । र त्यहाँ उप्रान्त गोठ धुप नगर्ने चलन चल्यो र हाम्रो तर्फ (यो माताजी बाट आज्ञा भएको सुनेको)

(८) शिव नारान्	साइला	१
(८) नैनान्द	काइला	१
(८) महेसोर	अन्तरे	१
(८) सदानन्द	कान्छा	१
निज सदानन्दको छोरा		३
(९) चिन्तामणि	जेठा	१
(९) दामधर	माइला	१
(९) गोकूल उप्रेती	कान्छा	१

<u>नोट</u> : १. ब्राकेटको अंकले पुस्ता जनाउँछ, यो अहिले राखिएको हो । टिपोटमा यो अंक छैन ।

२. अरू जस्ताको तस्तै सारियो शुद्धाशुद्धी गर्नु ठिक लागेन । सदानन्दका दाज्यू र बाघले खाएको हो नाम परेन । वंशावलीमा धेरै स्पष्टसंग लेखिएको छ भने सङ्कलन गर्न छुटका हजारौं बन्धू बान्धवहरूको नाम नामेसी नलेखिएको पनि प्रसस्तै छ । पछि लेख्नेले छुटेको खोजी गरी थप्नु हुनेछ ।

आठौं पुस्ता भनी जनाइएका हाम्रा पुर्खा, भाइ मध्येका कान्छा सदानन्द उप्रेती, आफ्ना दाज्यूका छोरा भतिजालाई साथ लिएर पलानचोक| पिपलटार घरमा एउटी छोरीलाई घर रूँगालो राखेर नेपाल पूर्व जिल्ला पल्लोकिरात थुम आठराईको इवाको शिमले भन्ने गाउँमा बसैं सरी आउनु भएछ । सायद विक्रम सम्वत १९०० सालको पहिलो दशक भित्र जस्तो अड्कल गर्न सकिन्छ ।

नेपाल पूर्व १ नम्बर जिल्ला (त्यतिबेला) पलानचोक भित्रै होकि ? कानपूर भन्ने बाक्लो बस्ति भएको, मैनालीथर भएका सज्जनहरूमा श्री बलभद्र मैनालीका छोरा कान्छा दुवल मैनालीलाई सदानन्द उप्रेतीले छोरी विवाह गरी दिनु भएको रहेछ । शाखा सन्तान बढ्दै गएपछि जीविकाको बाटो सजिलो खोज्न हिड्नु पर्ने हुन्छ नै । अत: श्री बलभद्र मैनाली आफ्ना दुइटी पत्नी सहित वसाई आउनु भएछ सपरिवार र आठराई इवाको पोखरी भन्दा मुनि पाखावारी भन्ने खाएल (अहिले धर्मानन्द खाएले भनिने वारी) मा २ वर्ष बस्नु भयो रे । त्यसपछि बलभद्रकी ज्येठी श्रीमती छोरा विद्यापति, लक्ष्मण र दुवललाई लिएर शिमले गाउमा सर्नु भएछ । कान्छी श्रीमती छोरा शिवनाथलाई लिएर होडा गाउँमा सर्नु भएछ । माइती शिवाकोटीहरू शिमलेमा र होडामा रहेछन् । त्यसो हुनाले आ -आफ्ना माइतिका छेउमा सर्नु भएको रे सायद बलभद्र परलोक हुनु भएपछि होकि ?

आफ्ना छोरी जुवाई शिमले गाउँमा भएकाले हाम्रा पुर्खा सदानन्द उप्रेती पनि शिमलेमा अलि पछि आउनु भएको रे । सिमले गाउँमा अहिले अरिमर्दन कार्कीको बसोबासो भएको खायलमा सदानन्द उप्रेती सपरिवार आउनु

भएको । त्यसै घरखायलमा बसेर माहिला छोरा दामोदरको विवाह याङरूप धुसेनीमा श्री गोविन्द थपलियाकी बहिनी वा छोरीसंग सम्पन्न भएको रे । त्यसपछि कान्छा छोरा गोकूल उप्रेतीको विवाह आठराई चौहानडाँडा सायद श्री प्रेमलाल थपलियाकी छोरी ? डिष्ठा कालिदास थपलियाकी दिदी वा वहिनीसंग सम्पन्न भएको । विवाह भै सकेपछि श्री गोकूल उप्रेती ससुरालीका नजदिकमा चौहानडाँडामा शिमलेबाट बसाई सरी जानु भएको ।

०४५।७६।७ मा

ज्येठा चिन्तामणि उप्रेती नेपालको श्री भावनी बक्स कम्पनि पल्टनको अजिटन दर्जाको जागिर छाडेर आफ्नो ल्याइते श्रीमती अधिकारीकी छोरी लिएर मातापिता भएको ठाउँ आठराई इवाको शिनले गाउँमा आउनु भएको । सम्वत १९१३ साल तिर हुन सक्छ ।

विक्रम सम्वत १९०६ र १९०७ साल मिति शुद्ध बैशाख सुदि १५ रोज ७ सम्म श्री भवानी बक्स कम्पनीको दफतरका अफिसर कपतान शम्शेर जङ्खत्रीका मातहतमा दैलेख जिल्लामा जागिरदारको खानगी उठाउने र पंचखत समेतका मुद्दा मामिला हेर्ने ईत्यादि काममा अजिटन चिन्तामणि उप्रेती रहनु भएको, उहाँले खानगी बाली उठाई दफतरमा बुझाएका भरपाई र आदेशहरूबाट देखिएको हुनाले त्यो समय भन्दा पछि मात्र जागिर छाडेर पिता सदानन्द उप्रेती रहनु भएको घर आठराई इवाको शिमले गाउँमा आउनु भएको रहेछ भन्ने कागजी आधारमा अनुमान लगाउँन सकिन्छ ।

आधिकारीकी छोरी ल्याइते हुनाले चलन अनुसार बैदिक रीतिले कन्याकेटी मागेर विवाह गर्नु पर्ने भयो र भाइ माहिला दामोदरकी साली मागेर शिमलेको घरबाट अजिटन चिन्तामणि उप्रेतीको विवाह श्री गोविन्द थपलियाकी छोरी वा बहिनीसंग सम्पन्न भयो ।

सदानन्द उप्रेतीका भतिजा पनि साथै आउनु भएको भनेर पहिले नै उल्लेख गरियो । अब परिवार बढ्दै गएको हुनाले शिमले गाउँको घरखाएलको आयस्ताले जीविका चलाउन असजिलो पर्दै आयो । यसै बीचमा श्री सदानन्द उप्रेती र वहाँका श्रीमती पनि शिमले गाउँकै घरमा देहान्त हुनु भयो । बुढाबुढीले सम्हालेर चलाएको घर व्यवहार बुढाबुढी घरमा नहुँदा एकासगोलमा चलाउन सजिलो भएन त्यसकारण सदानन्दका भतिजालाई शिमले गाउँको खाइनपाइन जिम्मा दिएर चिन्तामणि उप्रेती र दामोदर उप्रेती, आठराई चाँगेको सोभुवा गोर्जा गाउँमा बसाई सर्नु भयो । शिमले गाउँमा बस्तै दामोदर उप्रेतीका शिवलाल ज्येठा र श्रीकृष्ण कान्छा छोरा २ भाइ हुनु हुन्थ्यो । चिन्तामणिका ज्येठी माहिली र कान्छी छोरी, अनि क्रमश: जेठा, माहिला, साहिला, काहिला र कान्छा ५ भाइ छोरा भए । छोरी ३ बहिनी र माहिला छोरा रविलाल शिमलेमा जन्मनु भयो भने साहिला, काहिला र कान्छा छोरा आठराई चाँगेको सोभूवा गोर्जागाउँमा बसाइ सार्नु भयो । शिमले गाउँमा बस्तै

दामोदर उप्रेतीका शिवलाल जेठा, श्रीकृष्ण कान्छा गरी दुई छोरा काहिला र कान्छा गरी पाँच छोरा भए । तीन छोरी र माहिला छोरा रविलाल शिमलेमा जन्मनु भयो भने साहिला, काहिला र कान्छा छोराहरू आठराई चाँगेको सोभुवा गोर्जा गाउँको घरमा जन्मनु भएको हो ।

श्री चिन्तामणि उप्रेतीको जन्म विक्रम सम्वत १८७८ सालमा पलानचोक पिपलटारमा भएको थियो भने पल्टनमा जागिर १८९८ सालमा काठमाडौमा खानु भयो । जागिर छाडेर आठराई इवाको शिमले गाउँमा वि. स. १९१४ सालमा ३६ वर्षको उमेरमा थपलियाकी छोरीसंग विवाह सम्पन्न भएको थियो । त्यस पछि क्रमशः जेठी छोरी नरवदाको जन्म १९१६ सालमा, माहिली छोरीको जन्म १९१८ सालमा, कान्छी छोरीको जन्म १९२१ सालमा र जेठा छोरा छविलालको जन्म १९२४ सालमा, माहिला छोरा रविलाल उप्रेतीको जन्म १९२७ साल बैशाख १५ गतेमा समेत पाँचोटा छोरा छोरीको जन्म शिमले गाउँमा भएको थियो भने साहिला छोरा (नाम याद भएन) १९२९ सालमा काहिला छोरा चन्द्रलालको जन्म १९३२ सालमा र कान्छा छोरा गजाधरको जन्म १९३४ सालमा गरी यति ३ मात्रै छोराहरू आठराई चाँगेको सोभुवा गोर्जागाउँको घरमा जन्मनु भएको हो ।

'विक्रम सम्वत १९३१ साल' मिति श्रावण वदि ६ रोज २ मा हेमलाल पाध्या निरौलाले मालती भान्याकी जीय १ सितली छौडी जीय १ जम्मा जीय २ को मोल २२ गण्डी रुपत्रा २०० गौराई रू २ जम्मा रू २०२ मा मैले व्यर्च्या सोही ठाउ सबै बस्या चिन्तमणि उप्रेतीले किन्या, भन्ने मानिस किन बेचेको परम भटार (परमपटा कागत) देखिन्छ । त्यसबाट त्यतिबेला चिन्तामणि उप्रेती सोभूवा (सोबै) मा रहनु भएको प्रतित हुन्छ ।

सम्वत १९३८ सालमा ११ वर्षको उमेरमा रविलाल उप्रेती घरबाट भर्ति जाने सिपाहीको हुलमा भागेर हिड्नु भएको कतै खोज्दा पनि पत्ता लागेन । पिता चिँन्तामणि उप्रेती, छोरो खोज्न निकै वर्ष भारतको नेपाली बसेको ठाउँमा घुम्नु भयो कतैपनि पत्ता लागेन । कालिङपोङमा मिसनरी स्कूलमा हुनु हुदोरहेछ र १९४३ साल फागुनमा पत्ता पाउनु भयो । तर होनहार भवितव्य छोरो लिएर घर आईपुग्न पाउनु भएन । कालिङपोङ मिठाई डाँडा गाउँमा एउटा ब्राम्हणका घर राति बास बस्नु भएको । हैजाको व्यथाले उज्यालो नहुदै परलोक हुनु भएछ । जेठा र माहिला छोरा अलि माथि हुनुहुन्थ्यो रे । विहान खवर आयो र दुई भाइ छोराले अनि गाउँका इष्टमित्र समेत भै तिष्टा नदिमा लगेर अन्तिम संस्कार गरेर फर्किनु भो र अनि पहाड घर आठराई छिन्ताङको रमितेमा काज कृया पूरा गर्नु भयो रे । १९४३ साल फागुनमा ६५ वर्षको उमेरमा चिन्तामणि उप्रेतीको देहान्त भयो । पिताको देहान्त हुंदा रविलाल उप्रेती १६ वर्षको हुनुहुन्थ्यो रे ।

सदानन्द उप्रेतीका भतिजाको नाम जानिएन । वहाँका छोरा भएका सानैमा विग्रे । छोरी ३ बहिनीमा जेठी कस्लाई दिएको ? ज्ञात भएन । जेठी छोरीकी छोरी माया चुडालनी । धर्मानन्द चुडालनी आमा माहिली छोरी

थपलियालाई दिएको । माहिली छोरीका छोरा भगिरथ थपलिया - खोलापारी रामप्रसाद थपलियाका पिता । कान्छी छोरी वाराकोटीलाई दिएको बाबु /आमा पाल्ने कोही नहुंदा जुवाई बारकोटी र छोरी कान्छी सेती बारकोटीनी बाबुकै घर सिमलेमा बसी बाबु आमाको अन्त्य पछि त्यो खाइन पाइन सेती वाराकोटीनीले ने चर्चिनु भयो । सेतीबारकोटीनीका ३ भाइ छोरामा जेठा, माहिला अघिनै परलोक भएछन्, सन्तान थिएनन् । कान्छा शशीधर बाराकोटी आमा सेतीबाराकोटिनीको शेषपछि १९८३ सालमा जस्तो लाग्छ विरामी भएर हेरचाह गर्ने नहुदा आउनु भएको हाम्रो शिमलेको अहिलेको घरमा बाहिर सिकुवामा परलोक हुनु भयो । म मलामी पनि गएको छु । शशिधरका सन्तान भएनन् । हकदार गोगटेनीका वारकोटीले घर खायल विक्री गरे । पछि शशीधरकी पत्नी आसाम गइन् । अहिले अरिमर्दन कार्कीका हातमा आएको छ मेरा पिता पुर्खाको जन्म मृत्युको त्यो खायल बारी र खेत ।

२०४५।७।११ मा

पिता चिन्तामणि उप्रेती परलोक हुनु भएको १ वर्ष पछि १९४४ साल फागुनमा रविलाल उप्रेतीको विवाह बलभद्र मैनालीकी पनातिनी, लक्ष्मण मैनालीकी नातिनी, काशिनाथ मैनालीकी छोरी रामलाल खरेलकी भान्जी लिलावतीबाईसंग सम्पन्न भयो । काशीनाथ मैनालीका छोरा नभएका, जेठी छोरी भित्रियमा पकुवालसंग विवाह भैसकेकोले कान्छी छोरी लिलावतीले पैतृक सम्पत्ति उपभोग गर्नु पर्दा रविलाल उप्रेतीले ससुराली घरमा नै बसेर व्यवहार चलाउनु पर्ने स्थिति पर्न गएको । लीलावती ११ वर्षको उमेरमा रविलाल उप्रेतीसंग विवाह बन्धनमा बाँधिए तापनि घरमा फूपू पद्मवती प्रसाईनी (भगिरथ प्रसाईकी श्रीमती भानुलाल प्रसाईकी सौतेनी आमा) माइतमानै बसेर घर धानेकोले रविलाल उप्रेतीले ससुरालीपट्टीको घर धान्नु पर्ने अवस्था परेको थिएन र आफ्नो घर छिन्ताङ रमितेमा महतारी १९४६ सालमा परलोक हुनु भएकोले अव आफ्नो घर लथालिङ्ग भयो ।

काहिलो भाइ र कान्छो भाइ क्रमशः चन्द्रलाल गजाधर उमेर पुगी नसकेकाले र जेठा दाज्यू छविलाल रोजगार खातिर बाहिर भारततिर रहनु भएकोले घरको सबै अभिभारा रविलाल उप्रेतीका शीरमा पर्न आयो । पल्लोकिरात लिम्बुआनको स्थिति किपट जग्गा छिन्त राजिनामा नहुने । भोग बन्धकीमा थोरै पैसाले पनि निकै धान हुने जग्गा लिन पाइने । छिन्ताङ रमिते शिमले बासीको खेत १०० मुरी उव्जाउ हुने रू ३००। मा र रू १००। मा ४० मुरी उव्जाउ हुने, २ वटा खेत बन्धकी लिएर कमाउने गरेको । थैली वापस आउदा कमाई खाने खेत सकियो । बारीमा ५।७ मुरी मकैले खान लाउन पुग्ने कुरै आएन र अव जो भएको बाडचुड गरी जीविका चलाउन लाखापाखा लाग्नु पर्छ भन्ने सल्लाह भएछ र आमाका शेखापछि जेठा दाज्यू छविलाल उप्रेती घर नहुंदा आठराई छिन्ताङको रमिते बस्ने, रविलाल, चन्द्रलाल

र गजाधर उप्रेती ३ भाईले दाज्यूको अंश परसारी आ -आफ्नो भाग अंश बिक्रम सम्वत १९४९ साल मिति फागुन सुदी १४ रोज ५ मा बण्डापत्र गरी लिए दिएको । वण्डापत्रमा चिन्तामणिका छोरा ४ भाइ भन्ने उल्लेख भएको । साहिला छोरा सानैमा परलोक हुनु भएकोले वण्डापत्रमा ५ भाइ उल्लेख नगरेको होला ।

विक्रम सम्वत १९४१ सालमा मिति पौष वदि ११ रोज १ मा आठराईको सोभूवा बस्ने माहिला बाबु दामोदर उप्रेती र भतिजा छविलाल उप्रेतीले अंश वण्डापत्र गरेको । वण्डापत्रमा दाज्यू चिंन्तामणिले अधिकारीकी छोरी ल्याएको , निजको पेवा बाडिनु पर्ने चर्चा भएको पाइन्छ । तर पाखुरे साहु छविलालले तिर्नू । पेवा भनेको रूपैया पनि एकलौटी छविलालले नै खानू । दमोदरले पेवा तर्फको रूपैया नखोज्नू भन्ने उल्लेख भएको पाइन्छ । यसबाट त्यो मिति भन्दा अघावै चिन्तामणि उप्रेती परदेश जानु भएको घरमा नरहनु भएको हुनाले काका भतिजाको अंशबण्डा १९४१ सालमा भएको अनुमान हुन आउँछ ।

१९४१ सलमा अंशवण्डा गरेर सोभूवाको घर खायल विक्री गरेर दामोदर उप्रेतीले आठराई निगुरादिनको फोक्तान भन्ने ठाउँमा घर खायल लिएर बस्नु भएछ । छविलाल उप्रेतीले आठराई छिन्ताङको रमिते गाउमा शिमले व्यासीको पश्चिमपट्टी बाटामाथिको पाखो घरबारी किनेर भाइहरू र माताजीलाई पालेर बस्नु भएछ । १९४१ साल पौषमा वण्डापत्र भएको देखिदा वण्डापत्र गरेर सोभूवाको घर खायल विक्री गरेको अनुमान हुन्छ ।

२०४५।७८।२ मा

विक्रम सम्वत १९४९ साल फागुनमा अंशवण्डापत्र भएपछि काहिला चन्द्रलाल विवाहित पत्नी माइतीमा छोडेर रोजगार खातिर आसाम जानु भएको जेठा छविलाल परदेशमा भएकोले भाउज्यूहरू २ टी र जेठाका छोरा कपिलमुनी उप्रेती १ मनरथ उप्रेती १ छोरी माया समेतलाई छिन्ताङ रमितेको घरद्वार सुम्पिएको रे । कालान्तरमा क्रमश: छविलाल उप्रेती, वहाँका २ भाइ छोरा कपिलमुनि र मनरथ अनि छविलालका श्रीमतीहरू परलोक हुनु भएछ र त्यतापट्टीको हांगो सुक्यो । अपुताली पऱ्यो । घर खाएल विक्री भयो । छविलालको छोरीको नाम माया हो । बोलाउंदा धपी भन्ने गरेको थियो । छिन्ताङमा शिमले व्यासी भन्दा पूर्वपट्टी सीटौलासंग विवाह भएको रहेछ । पछि भापा शरणामति गा.वि.स. वडा नं ८ मा बसैंसरी आउनु भयो । दिदी धपी र भिनाज्यू सिटौला त्यही परलोक हुनु भयो । दिदीको छोरा भानिज शिटौला पनि त्यही परलोक हुनु भयो । भानिजको छोरा एउटा शिटौला छन् । (ज्योतिषि श्यामदाश मैनालीकी छोरी कान्छी तर्फका छोरा) जसलाई खाइजीविका शरणमति ९ को ज. वि. १ ० ० मैले वहाँकै नाममा पास दर्ता गराई दिएको छु । अरू जेथा छैन ।

कान्छा गजाधर उप्रेतीको विवाह छिन्ताङको निगुरादिनका संग्रौलाकी छोरीसंग विवाह भएको रहेछ र गजाधर पनि ससुराली घरमा जानु भयो रे । माहिला रविलाल पनि ससुराली घर शिमले गाउँमा जानु भएछ ।

१९५० सालका हिउदमा कान्छा गजाधरलाई शिमलेको ससुराली घरमा घरको देखरेख गर्न राखेर रविलाल उप्रेती पुरानो मिसनरी स्कूल पछ्याउदै रोजगार खातीर कालिङपोङ जानु भएछ । यतापटि गजाधर २ वर्ष शिमलेमा बसेर त्यसपछि भारततिर पाल्नु भएछ । रविलाल कालिङपोङबाट कलकत्ता गई कलकत्ताको मिसनरी स्कूलमा ३ वर्ष बस्नु भएछ । त्यसपछि चेरापुंजी भन्ने ठाउमा बृटिश लडाईमा फौजी भर्तिमा जानु भएछ । ३ वर्ष त्यहाँ लडाइको काम सकेपछि बृटिश कम्नीले आसामको सिलाङ हस्पिटलमा पठाएछ । सम्वत १९५८ सालमा श्रीमती लीलावतीबाई रविलालकी पत्नीलाई माइती बन्धुहरूले सिलाङ हस्पिटलमा पुऱ्याएछन् । ५९ सालमा एउटा छोरो जन्मेको केही समयपछि परलोक भएछन् । १९६१ साल भदौमा छोरी पवित्रादेवीको जन्म भएछ । १९६२ सालमा सिलाङ हस्पिटलको नोकरी छाडेर भैसीगोठ पाल्ने गर्नु भएछ- सिलाङको जंगल इलाका तर्फ । १ वर्ष बसेपछि त्यो भैसी गोठ पनि बेचेर पहाडको घर इवाको शिमलेमा १९६३ सालको हिउद महिनामा आउनु भएछ श्रीमती र छोरी लिएर रविलाल उप्रेती ।

सम्वत १९३८ सालमा कालिङपोङको मिसनरी स्कूलमा भर्ना हुंदा बेवारीसी नावालक लाई कृश्चियन धर्म ग्रहण गराई अध्ययन गराउने परिपाटी मुतविक रविलाल उप्रेती कृश्चियन धर्ममा शिक्षित हुनु भएछ । १९४३ साल आखिरमा आठराईमा आएको अवस्थामा प्रायश्चित गराई हिन्दु बनाइएता पनि पुन: १९५० सालमा मिसनरी स्कूलमा प्रवेश भएपछि कृश्चियन धर्म पनि संगसंगै पछ्याउदै आएर त्यतिबेला कृश्चियन धर्मग्रन्थहरू अध्ययन गर्नु भएछ र १९६१ सालसम्म कृश्चियन धर्मको प्रतिपालना गर्नु भएछ । १९६२ साल भैसीगोठ पाल्न जांदा कविर सम्प्रदायको संगत भएछ । त्यतिबेला कविर सम्प्रदायबाट शिक्षित हुनु भएछ । १९६३ सालमा आठराई इवाको शिमले गाउंमा आई पुगेपछि शिमलेको फुंगुवा मन्दिरमा प्रणामी धर्ममा शिक्षित भएर जीवन पर्यन्त प्रणामी धर्मानुयायी भएर जीवन यापन गर्नु भएछ । शिमलेमा आउंदा हस्पिटलको सरसामान औजार औषधिका शिशी आदि एउटा ठूलो दराज गरी र अर्को दराजमा बाईवलका थुप्रै प्रति र विभिन्न इङलिस बुकहरू भएको मैले चाल पाउन लागेपछि देखेको हुं । घरैमा पछिसम्म थिए । २००७ सालको लुटपाटमा सबैचीज हराए बेपत्ता भए ।

(२)

वि. सं १९६९ साल बैशाख १ गतेको विहान उज्यालो नहुदै भालेको दोश्रो डाकमा ब्राम्हमुहुर्तको उषा कालमा पिता रविलाल उप्रेती, माता लिलावती

बाईको तृतीय सन्तान दोस्रो छोराको रूपमा देवीप्रसाद उप्रेतीले शिमले गाउको घरमा जन्म लिएको रे । त्यतिबेला माथिल्लो घरबारी पश्चिमको भाग कुश्माखर शिवाकोटीको र पूर्वको भाग भगिरथ शिवाकोटीको थियो । पछि पश्चिमको भाग जयनारायण कालीदाश मैनालीले र पूर्वको भाग रविलाल उप्रेतीले लिनुभयो । शिवाकोटीहरू त्यहाँ बसेको बेला सम्वत १९७१ सालको दशैंमा हो क्यार दिदीज्यू पवित्रादेवीका साथ लागेर म (देवीप्रसाद उप्रती) पनि गएं ज्योतिषी शिवाकोटीका घर । घर पूर्व फर्केको, एकतलो मात्र छापेको, पाली गांसेर सिकुवा बढाएको, पाली सिकुवाको दुवैपटि बस्न हुने गरी आठ उठाएकोमा बस्यौं । पूर्वी र रामचन्द्र भन्ने म भन्दा अलि ठूला उमेरका साथी थिए । म भन्दा अलि ठुला अरू पनि ३ । ४ जना साथी थिए नाम याद रहेन । घरभन्दा पूर्व जाने बाटोमा भलेटाको माथि एउटा चुवा फूलको रूख तेर्सो परेर ढल्केको, त्यसै रूखमा डोरीको पीङ हालेको, त्यै पिङमा आलोपालो गरी केटाकेटी पिङ खेली रहेका । मलाई भने पिङ नखेलाएका । पिङ खेल्ने रहरले टिठ लाग्दो गरेर म हेरिरहेको दृश्यको संझना आउंछ ।

समय वित्तै गयो । शिवाकोटीहरू दुवै घर बसाईं गए । वहाँहरूको घरखायल मैनालीको र उप्रेतीको हुन आयो । पिताज्यू रविलाल उप्रेतीको डाक्टरी पेशा त खैरातमा अलि अलि चल्थ्यो । झाँक्रीको प्रवलता भएको ठाउँमा डाक्टर बैद्यको त्यति मूल्य थिएन क्यार । जीविका चलाउने आर्जन बढाउन पिताजी रविलाल उप्रेती १९७० सालको हिउदमा मानगढ बीर्ता, कमलपुर, मोरङ जानु भएछ । काठमाडौंका राणा परिवारको शासन प्रवन्धको नेपाल, त्यतिबेला प्रधानमन्त्री वीर शम्शेरका छोरा जनरल तेज शम्शेरको मानगढ विर्तामालको हाकिममा खरिदार अविचन्द्र उप्रेती रहनु भएको थियो । काका गोकूल उप्रेतीका छोरा भाइ अविचन्द्र हाकिम भएको ठाउमा प्राक्टिस चल्ला भनेर पिता रविलाल उप्रेती जानु भएको । अलि अलि चल्यो चलेन, २ वर्ष नपुग्दै १९७२ साल भदौ महिनामा कम्पनी रू ४००। चारसय आर्जन गरेर रविलाल उप्रेती शिमलेको घरमा आइपुग्नु भएछ ।

उपरोक्त ४००। रूपैया मध्येकै रू ३६०। मा सुव्वा उजिराले लिम्बुको ६०।३० को कम्पनी रू ८ आठ तिरो लाग्ने पंखारे भन्ने रैकर खेत धान उव्जा मुरी ३० देखि ४० सम्म हुने छिन्ती राजिनामा गराई दिनु भएछ रविलाल उप्रेतीले १९७२ सालमा । १९९५ सालको सर्वे नापी टाएममा म झापामा हुनाले आफू जान सकिन । जान्ने सुन्ने भलादमी दाज्यू मेदिनीप्रसाद उप्रेती (अविचन्द्रका छोरा) लाई अधिकार सौंपेर कागात पठाएँ । समय गिरेको, जग्गाको महत्व नभएको ८ आठ रूपैया तिरो कसरी तिर्नु भनेर राजिनामा च्यातल गराएर जग्गा दर्ता सुव्वा चतुर्जङका नाममा र भोगवन्धकी तमसुकहरू ३६० को देवीप्रसाद उप्रेतीको नाममा भएछ । राजिनामा च्यातल भै हाल्यो, घरसारको राजिनामा (१९७९ साल भन्दा अघि रजिष्ट्रेसन गर्ने कानून थिएन) को थैली पछि पाइयो, जग्गा त गयो नै ।

मोरङबाट फर्केपछि पिताजीको प्राक्टिस नाममात्रको पनि रहन छाड्यो । र पेशा अपनाउनु भएछ, गाउका बालकहरूलाई साक्षर गराउने । बालिकाले पढ्ने त त्यति बेला प्रथा चलेकै थिएन । घरैमा मेहनत गरेर माताजीले साधारण चिठ्ठीसम्म लेख्ने र पढ्ने गर्नु भएको पछि मैले देखें । हिउंद ३ महिना पौष, माघ, फागुन र चैत्र १० दिन जति । १०० दिन पढन लेख्न सिकाउने । त्यतिमा कखराबाट थालेर चिठ्ठीपत्र तर तमसुक लेख्न सक्ने र अङ्क १०० सम्म भन्न र लेख्नं सक्ने, यस्तै साक्षरताको अभियान थालनी भएछ प्रत्येक हिउंद हिउंदमा । वर्षामा फेरि घर आयो अफ्नो हलो, कोदालो, गाई भैसी, छदैछ । हिउदे पाठशाला तल लेखिए बमोजिम चलेछ, त्यसमा मेरो पनि अध्ययन सुरू भयो :

१. वि.सं १९७२ साल पौष १ गते इवा गाउँको भूल्केबारीमा स्कूल थापेको देवीप्रसाद उप्रेतीको उमेर -- ३ वर्ष ८ महिना ।

२. १९७३ साल पौष १ गते चांगेको नेसुम गैरीगाउंमा खेतमा स्कूल थापेको देवीप्रसादको उमेर ---४ वर्ष ८ महिना ।

३. १९७४ साल पौष १ गते मैवादोभान याङमने पाटी भन्दा माथिको खेतको खले गरामा स्कूल थापेको देवीप्रसादको उमेर ---------------५ वर्ष ८ महिना ।

४. १९७५ साल पौष १ गते चौहानडाँडामा बरको चौतारा छेउको ख. अविचन्द्र उप्रेतीको लामो गाई गुहालीमा स्कूल थापेको देवीप्रसादको उमेर --६ वर्ष ८ महिना ।

५. १९७६ साले ज्येष्ठ १ गते चैनपुर बजारको भिसमेन पाटीमा र मंसिर १ गते देखि फागुन मसान्त सम्म जीतेधारा छेउको टारबारीमा स्कूल थापेको देवीप्रसादको उमेर ---७ वर्ष १ महिना ।

(क) श्रावण, भदौ र आश्विन ३ महिना देवीप्रसादलाई मात्र बोकेर लगेर खत्रीगाउँमा बस्नेतका घरमा ठूला ठूला उमेरका ३० जना विद्यार्थी जम्मा गराएर पढाउन सिकाउन लगाईएको । ६ वर्षको उमेरमा ब्रतबन्ध भैसकेकोले क्षेत्रीका घरमा ओछ्यान ओछ्यानमा आफैले भात पकाएर खानु पर्थ्यो ।

(ख) श्री वलभद्र थपलियाको नाती अनिरूद्र थपलिया (पछि ठानेदार) भान्सेमा र पढ्ने काममा जानु भएको ।

६. १९७७ साल पौष १ गते शुभाङमा जन्तरे संग्रौलाका घरपटि खोलसा पारीको खेतको खलेगरामा स्कूल थापेको देवीप्रसादको उमेर-८ वर्ष ८ महिना ।

७. १९७८ सालमा स्कूल चलाइएन, शिमलेको श्री प्रणामी मन्दिर बनाउन दान चन्दा संकलनार्थ पिता रविलाल उप्रेती आसाम जानु भएको । चैत्र १ गतेमा देवीप्रसादको उमेर ---९ वर्ष ८ महिना ।

८. १९७९ साल पौष १ गते शिमलेको घरमाथि जसलाई स्कूले पाटोबारी भनिन्छ, मा स्कूल थापेको देवीप्रसादको उमेर-------------------१० वर्ष ८महिना ।

(क) १९७९ साल बैशाख १ गते देवीप्रसाद उप्रेतीको जमुनादेवी शिवाकोटीसंग प्रथम विवाह भएको उमेर -------१० । (११ वर्ष लागेपछि)

(ख) १९७९ साल कात्तिकदेखि शिमलेको श्रीकृष्ण प्रणामी मन्दिर बनाउन थालिएको र १९८० साल बैशाखमा पूरा गरिएको छ पाटे मन्दिर ।

९. १९८० साल पौष १ गते चैनपुर बजार भन्दा पश्चिम बरको रूख माथि खेतमा स्कूल थापेको, भान्से र पढ्ने काममा धर्मदत्त प्रसाईका छोरा साथै जानु भएको देवीप्रसाद उप्रेतीको उमेर --------------------------(११ वर्ष ८महिना ।

१०. १९८१ साल पौष १ गते चाँगेको फट्याङ्गे गाउँको खेतमा स्कूल थापी पिताजीले र मैवा दोभानमा देवीप्रसाद उप्रेतीले स्कूल थापी चलाएको त्यतिबेला भान्से र पढ्ने विद्यार्थी पनि चन्द्रलाल उप्रेतीका छोरा ज्येठा (सुरूङ्गे माहिलाका दाज्यू) थिए देवीप्रसादको उमेर --------------------------------१२ वर्ष ८महिना ।

११. १९८२ सालमा स्कूल चलाइएन । घरमाथि बारीको गोठमा टेकबहादुर, रामकर्ण र अर्को विद्यार्थीको नाम भूलें ३ जनालाई देवीप्रसादले पढाउने गरेको, पौष १ गते देखि देवीप्रसादको उमेर ---------------------------१३ वर्ष ८महिना ।

(क) मालती कमारीको मोल सरकारले कंरू १२०। ताप्लेजुङ्गमा बुझाएर फागुनमा छुट्टी भैगएकी ।

(ख) १९८१ सालका हिउंदमा धरणिदास उप्रेतीका साथ लागि तेरहथुम मालमा गएर कमारी दर्ता गरेको । देवीप्रसाद उप्रेतीले ।

१२. १९८३ साल कात्तिकदेखि पिताजी रविलाल उप्रेती चियावगान घुमेर आउनु भै पौष १ गते चाँगेमा सुव्वा गजलाल लिम्बुका खेतमा स्कूल थापी पिताजीले मात्र अध्यापन गर्नु भएको देवीप्रसाद अध्ययनार्थ नगएको ....

(क) १९८३ साल फागुनमा पिताजीको अनुपस्थितिमा देवीप्रसाद उप्रेतीको कुन्तिदेवी सिटौलासंग द्वितिय विवाह भएको देवीप्रसाद उप्रतीको उमेर --१४वर्ष १०महिना

१३. १९८४ साल पौषमा पिताजी रविलाल उप्रेती चियावगान, मोरङ, झापातिर घुमफिर गरी फागुनमा घर शिमलेमा आईपुग्नु भयो र चैत्र महिनामा श्री रामनवमीका दिन १२ बजे, १३ दिन बेथा लागेर सूलको बेथाले परलोक हुनु भएको देवीप्रसाद उप्रेतीको उमेर -------------------------------१५वर्ष ११ महिना ।

१४. १९८५ साल पौष १ गते चाँगेमा सुव्वा गजलाल लिम्बुका खेतमा २ ठाउँ गरी माघ मसान्त सम्म र फागुन १ गते देखि चैत्र १५ गते सम्म मैवा दोभानमा देवीप्रसाद उप्रेती एक्लैले अध्यापन गरेको, भान्से सहयोगी र विद्यार्थीको रूपमा मोहनलाल मैनालीले अध्ययन गरेको देवीप्रसाद उप्रेतीको उमेर --१६ वर्ष ८ महिना ।

१५. १९८६ साल पौष १७ गते गाउँबाट परदेश प्रस्थान गरें । २३ गते विहान १० बजे शनिश्चरेको पाराखोपीमा आइपुगेको देवीप्रसाद उप्रेती,

मु. भानुलाल प्रसाई र महालाल प्रसाईका साथ लागेर । ठूलिआमाका छोरा कान्छा कृपानिधि पकुवालका घरमा १५ दिन बसी आसाम गुवालपाडा जिल्ला लालखुरा गाउंमा ठूली आमाको छोरा माहिला लक्ष्मीदास पकुवालका घर एक महिना बसी दुर्गादास मैनाली, टिकाराम मैनाली, (मैनाली धामी दाजुभाई) पदमलाल प्रसाईहरूसंग भेटघाट गरी चियावगान डुवर्समा मालबजार, साइलीकमानमा सर्दार मनहरीदास' (मानवीर) विश्वकर्मालाई भेटी पाउनाकं रू ४०। दिन् भएकाले लिएर फर्के । पाराखोपीमा दाज्यू कृपानिधि कहाँ १ साता बसेर इलामको बाटो गरी फागुनको आखिरी हप्तामा घर शिमलेमा पूजनिया माताज्यूको दर्शनमा उपस्थित हुन पुगें देवीप्रसादको उमेर

---१७ वर्ष ८ महिना १६ दिन ।

१६. १९८७ साल अषाढ ८ गते भूमिरजका दिन अध्ययनार्थ मध्येश शनिश्चरेको बाटो गरी काठमाडौ जान घरबाट हिडेको देवीप्रसाद उप्रेतीको उमेर

---१८ वर्ष २ महिना ७ दिन ।

म आफू पनि सामेल भएका ठाउंको र कामको विवरण माथि १६ दफा सम्म लेखियो । सम्बत १९६४ साल देखि१९६९ सालसम्म पनि मेरा पिताज्यूले स्कूल थापेर हिउंद हिउंदमा विद्यार्थीहरूलाई साक्षर गराउने गर्नु भएको मैले सुनेको थिएँ ।

भित्रिया फूडनाम गाउँमा स्कूल चलाउंदा सुब्बा सेतुहाङ, चतुरजङ, अकलबहादुर आदिले शिक्षा पाउनु भएको रहेछ । गुरुबाबू भनेर सम्वोधन गरेको मैले सुनेको छु । हाङपाङमा पनि स्कूल चलाउनु भएको थियो कि धर्मदत्त प्रसाई र गजाधर प्रसाईले गुरुबावूले हामीलाई ज्ञान दिलाएको भनेर पिताजीसंगै चर्चा गरेको पनि सुनेको छु ।

१९६९ सालको कार्त्तिकदेखि चैत्रसम्म मेरो जन्म भएको घर पुरानो भयो भनेर नयां घर जो अहिले छ, पिताजीले बनाउनु भएको भन्ने चर्चा माताजीबाट बराबर मैले सुन्ने गरेको थिएं ।

जीवनका दु:ख सुखका घटनाहरू सबैनै लेखेर त सकिदैन पनि होला । लेखि राख्नु पर्छ भन्ने आफन्तको आग्रह देहोरिने गरेकोले लेख्न थालेको । डायरी राख्ने चलन गरिएछ । गल्ति यतिखेर याद आउंछ । संझनाका भरमा र माताजीबाट चर्चा चलाएको सुनेका आधारमा घटनाक्रम अंकित गरेको छु । २।४ कागजातबाट पनि अलि मदत पाएको छु । र कतिकुरा अनुमानका भरपनि पर्नु परेको छ ।

पिताजीको अन्तिम अवस्थाको वाक्य 'मैले छोरा पढाउन पाइननी ' भन्ने निस्क्यो । माताजीले म छोरा पढाई दिउंला फिक्री नलिकन परमधाम जानु भन्ने बचन आँखाभरी आँशु र अबरूद्ध गलाबाट निस्केको मैले सुनी देखि र हेरिरहेको थिएँ ।

मलाई त्यतिबेला माया दया र शोक केही पनि थिएन हाँसिखुशी पनि थिइन । पिताजी शुकला भएको विछौना उत्तर सिरान भएकै थियो । माताजीका काखमा बसिरहेको अवस्थामा पिताजीको प्राण विसर्जन भयो । आँखाबाट प्राण

बाहिर गयो भने उपस्थित जानिफकारले । त्यो मैले चाल पाउन सकिनँ । होला भनें ।

अन्त्यकाल भएको खवर दौड्यो । लास बासी गराएर रात राख्न हुन्न भन्ने चलनले उसैदिन घाट पुऱ्याउनु पर्ने भयो । छरछिमेकी भेला भएर २ बजे लास उठाइयो । मैले र दिदीज्यूले पहिले काधिकाठ गऱ्यौं । अनि क्रमश: मलामीको आलो पाजोले सागर पुऱ्याइयो । टाढाटाढा घर हुने बन्धुहरू आइपुग्न भ्याएनन् । पारापूर्वको चलन अनुसार परम बैष्णव विधिको आधारमा महि संस्कारद्वारा समाधिस्थ गराइयो । खल्को, मुण्डन आदि कृया सकेर धूप हालेर बाटामा काँडा लगाएर उकालो लाग्यौं । तमर नदिको दाहिने किनारमा ढुङ्गे बगर भन्ने ठाउँलाई स्मसानघाट रोजिएको रहेछ । पुर्खाका पालादेखि ।

मेरा कान्छा काका गजाधर (प्रेमदास) उप्रेती १९८३ साल माघ कृष्ण १४ चर्तुदशी (बसन्त पंचमी भन्दा ७ दिन पहिले) का दिन परलोक हुनु भएको रहेछ । आसाम विहालीको राँगसाली दलेनी गाउँ (जिल्ला दरङ्ग) मा दोश्रो विवाह गरेर गृहस्थ जीवन चलाउनु भएको । निकै लामो समय झन्डै २० वर्ष जति बैराग्य धारणा गरेर बाबाजी जीवन विताए उप्रान्त सम्वत १९७१ सालमा विवाह गर्नु भएर कृष्णमणि उप्रेती १ नारदमुनि उप्रेती १ यी २ भाई छोरा र चन्द्रकला छोरी १ यति ३ जना सन्तान, आफ्नी श्रीमती राधाबाई (कान्छी काकी) का जिम्मा छाडेर परमधाम दिव्याधाम जानुभएको । पहिली श्रीमती संग्रौलाकी छोरी, सन्तान विहिन अझ जिवितै हुनुहुदो रहेछ । वहाँले आफ्ना पति गजाधरको काजकृया गर्ने सुयोग पाउनुनै भएको रहेनछ । खवर कस्ले देवस् ।

मलामीबाट फर्केपछि माताजीले आज्ञा भयो कान्छी देवरानी संग्रौलाकी छोरीले पतिको काज कृया गर्ने अवसर पाउनु भएको छैन, बोलाउन पठाउनु पऱ्यो र एकै ठाउँमा दुवै दाज्यू भाइको काजकाम सक्नु राम्रो होला बोलाउन मानिस पठाइयो । भोलिपल्ट आउनु भयो र चलन रिति अनुसार १३ दिनको कामकाज कृयाकर्म सबै मिलेर गऱ्यौं ।

यतिबेला भन्दा अघिनै काकी आमा राधाबाई २०२३ साल माघ २८ गते ६ का दिन माघ शुक्ल प्रतिपदाका दिनको १ बजे पटनाको एउटा नरसिङहोममा परलोक हुनु भयो । दुबै भाइ छोराका रोहवरमा उहाँका इच्छा अनुसार गङ्गाजीको बीच प्रवाहमा लाश हवन गरी छाडियो । माछाले खाउन भन्ने उहाँको ईच्छा रे । भाइ कृष्णमणि उप्रेती सतना प्रणामी मन्दिर (रिवा) को महन्त हुनु भयो । उहाँ सम्वत २०३९ साल तदनुसार ता. १५ सितम्बर १९७२ का दिन शुक्रबार उजेली पक्ष राधाअष्टमीका अघिल्ला दिन ७ सप्तमी तिथी राति ११ बजे रिवा अस्पतालमा देहावसन भएको भोलिपल्ट पन्नामाधाम विषया नदि किनारमा गुरु श्री दयालदाशज्यूका समिधिकु सामू अगाडि समाधिस्थ गरिएको । बहिनी चन्द्रकला झापा चारपाने गा.वि.स. वडा नं ६ को आफ्नै घरमा चिनी रोगले परलोक हुनु भयो र सुरूङ्गा कनकाई नजिकमा समाधिस्थ गरियो । भाइ नारदमुनी उप्रेती सम्वत २०४४ साल मंसीर १० गते झापा

चारपाने गा.वि.स. वडा नं ५ को आफ्नै घरमा देहान्त भयोरे ११ गते । सुरूङ्गा गा.वि.स. कनकाई नजिक समाधिस्थ गरियो ।

पिताजी रविलाल उप्रेती र मामा बनवालीदास मैनाली सम्वत १९६५ सालमा कुसियार खेती गर्ने धुनमा आसाम तेजपुरमा गएर १ वर्ष खेती गर्नु भयो रे । पछि खेती बेचेर मामाघर आउनु भयोरे , पिताजीले पन्नाधाम गएर साना साना हिरा जवहरात खरिद गरेर ल्याउनु भयो रे । केही आसामतिर र पछि ओलाङचुङगोला पनि लगेर बेच्नु भयो रे । पुँजी थोरैका कारवारमा केही फाइदा भएको थियो रे । करू २०। मोलिने सेतो एउटा महतारीको बुलाकीमा र एउटा दिदीज्यूको बुलाकीमा पछिसम्मनै थियो सेता हिरा सरसर्ती राती अध्यारामा टल्कने ।

सम्वत १९७१ सालमा मेरी बहिनी मनमाया जन्मेकी, १० महिना जीवित रहेर परलोक हुनु भयो । विरामी थिग्रीएर उभिएको अलि अलि हिडेको मलाई याद आउँछ । १९७३ सालमा एउटा भाइ पनि पैदा भए गोरो, राम्रो, निकै मोटो तर तुरून्तै परलोक भैहालेकोले पिताज्यूले लास उठाएर बारीमा लैजानु भयो । म पनि पछिपछि गएँ । घरमुनी बारीमा टाकीको रूखका फेदमा समाधिस्थ गराइयो । म सबै कृयकलाप हेरिरहें ।

विक्रम सम्वत १९८६ साल पौष १७ गते घरबाट प्रस्थान गरें । श्री मु. भानुलाल प्रसाई, श्री प्रतिमन प्रसाई, श्री मारकण्ड प्रसाई, श्री तिलबहादुर प्रसाई, भानुलाल प्रसाईकी भान्जी पौडेलनी र पौडेलनीका छोरा दिल्लु अनि देवीप्रसाद उप्रेती । यति ७ जना एउटै भान्सा गर्दै पहिलो बास होडामा खेतमा ठूलो कालोढुंगा मुनी भान्सा गरेर आमगाछिमुनि सुत्यौं ।

दोश्रोबास १८ गते फिदिम टाहारमा बैदार मगरका बाबुका घर । तेश्रोबास १९ गते भैसेझोडीमा, चौथो बास २० गते बेलुका भुत्रेखोला माथि बहिदार घिमिरेका घर पाचौंबास २१ गते बेलुका माई तरेर दानबारीमा, छैटौं बास २२ गते बेलुका गरूवा खोलो नतरेरै वरका रूख पट्टीको सालघारीमा र सातौं दिन २३ गते ११ बजे शनिश्चरे पाराखोपीमा दाज्यू कृपानिधि पकुवालका घर ।

विक्रम सम्वत १९८७ साल असार ८ तगे भूमिराजका दिन १० बजे घरबाट एक्लै हिडेको फिदिमटार सिराननतिर बासकोटाका घर बास बसियो । ९ गतेको बास झुत्रे खोला माथि बहिदार घिमिरेको घरमा १० गते विहान इलाममा मामा गोपिलाल मैनालीका घर भान्सा गरेर बेलुका बईमा ठकुरीका घरमा रात बसियो । ११ गते विहान विरिङको बाढीमा डुव्दै उभिदै गरेर बल्लबल्ल भैसीको बथानका सहाराले तरेर ११ बजेतिर दाज्यू कृपानिधिका घर पुगें । १६।१७ दिन त्यहाँ बसेर अनि काठमाडौंका निम्ति दिनको १० बजेतिर प्रस्थान गरे । गरामनी गा.वि.स. भद्रपुर जाने सडकमा अहिलेको नारदमुनी उप्रेतीका मिलघर भन्दा पूर्व दक्षिणमा त्यतिबेलाका सखुवाका रूख अहिले पनि छन् । तिनै सखुवाका फेदमा दिनको १ बजेको हुंदो हो सुतें ज्वरो आएकोले । निदाएछु । पसिना लपक्क हुनेगरी आएछ, विउझें । ज्वरो छुटेछ । करिव ४

बजेको हुंदो हो, हिडें । बेलुका साँझ पर्ने बेलामा भद्रपुरमा मु. ब्रम्हलाल श्रेष्ठका घर पुगें । वहाँले १९८५ सालमा भने जस्तो लाग्छ ठूलो राइस मिल खोल्नु भएको रे । बौद्ध धर्माबलम्बी शााकाहारी भोजनको व्यवस्था रहेछ । भान्से ब्राम्हण सोध खोज गरेर आफ्नो अनुकूल वातावरण पाएर धोतीपाटा फेरेर भांसामा गएँ । दिउंसो ज्वरो आएको बताएँ । गाईको दूध भात खान पाएँ पाकेको आँप पनि ३।४ दाना भातसंग खाएँ । राति ठूलो गद्दीमा सुतें । तेत्रो गद्दी मैले देखेको पहिलो पल्ट हो ।

भोलिपल्ट विहानै उठेर गद्दीमा जो थियो उसैसंग विदा भएर बाटो लागें । २९ वा ३० गतेको दिन हो क्यार । मेची घाटमा नाउ तरें २ पैसा खेवा तिरेर । गलगलिया रेल्वे स्टेशनमा पुगें करिव साढेचार रूपैया जस्तो लाग्छ तिरेर रक्सौलको टीकट काटें थर्डक्लासको । रेलमा बाटोभरी केही खाइएन दरभंगामा फर्से आँप १ सेर जत्तिकै होलान् आना गोटा जस्तो लाग्छ , ४ दान किनें, १ दाना त्यही खाएँ । ३ दाना बोकें तेश्रो दिन रक्सौल पुगें । नेपाली रेल चढेर वीरगंज , अनि अमलेखगंज त्यहाँबाट ट्रकमा भिमफेदी पुगेर उकालो लागियो पैदल । चिसापानी गढीमा सोधपुछ, पोकापन्तरा जँचाएर बेलुका कुलेखानी पाटीमा बास बसियो । विहान उठेर खोलो वारी र पारी गर्दै मार्खु, चित्लाङ काटेर चन्द्रगिरी भञ्ज्याङमा पुगेर कान्तिपुरी नगरीको ठाडो दर्शन गरियो । ओरालो झरेर थानकोट । त्यहाँबाट २५ पैसा तिरेर कालिमाटी आइयो । उत्रेर विष्णुमती पूल नतरेरै भिमसेनथान, हनुमानढोका हुँदै इन्द्रचोक अनि असन । पहाडमा झैं मानिस भेटेपिच्छे सोधने गर्छु, जवाफ कसैले दिँदैन । एकजनालाई सोधें , कहाँ बस्ने ? जवाफ पाएँ, नक्साल, त्यो भनेको कहाँ हो ? सोधें । जवाफ पाएँ । सिलिगढी परतिर । अनि अघिबढें घण्टाघर छेउ भएर नक्साल अनि भगवतीबहाल । यता र उता घुमेर सोद्धा सोद्धै रात पऱ्यो । ज्वरो आयो । साँनो गौचरसम्म पनि पुगें । बास नपाएर फिर्कें । साँझ परेकोले बास खोजी हिड्छु १५।१६ घर जति चाहारें तर कतै बास पाइएन । पाइयो ठाडो जवाफ मात्र बास पाइदैन भन्ने । बत्ति बल्यो, घुमेर पुन भगवती मन्दिरमा पुगें । संख, घण्टा, आरती, स्तुती, गान बजान, त्यही छेउमा म पनि बसें । ज्वरोले काम्दैछु । सुकुल बिच्छाएको त्यसैमा १ सरो धोती दोवारी पारेर ओडेर् लमतन्न भएँ । पूजा आजा सकियो, भक्त मण्डली विदा भए । मैले सुत्न पाएँ भनेर म मख्ख परेर गुटुमुटु भएको बेला एउटा पुलिस आयो । को हो ? सोध्यो, मैले खस्रो जवाफ दिएँ , मान्छे हो । सबै विवरण बता नत्र तुरूङमा हाल्छुनी भन्यो । त्यस्तै खश्रो मसिनो भइनै रह्यो । उसले स्पष्ट जनायो । १० बजे पछि तोप लाग्छ अनि यहाँ बस्न पाईदैन । तुरूङमा बस्नु पर्छ । विहान ४ बजे तोपलाग्छ ।, अनि तुरूङमा छोडिन्छ । म-मैरै तालले के के फतफताउदै थिएँ, ज्वरोका सुरमा । त्यहीबेला एकजना भलादमी आयो र भगवतीको प्रदक्षिणा गरी फर्केर सोध्यो, 'को हो ? कहाँ हो घर ?, मैले ठाडो जवाफ दिए, मेरो ठेगाना जानेर के गर्छौ ? मलाई अहिले घर जानु छैन ।, दोहोऱ्यायो, कहाँ जाने ? 'मैले भने, थाहा पाएर के गर्छौ ?, उसले भन्यो '

तै टुंगालाउन सक्छु कि ? मैले भने ऊ त्यहाँ हो भनेर अम्लाले देखाएर छोड्यौ भने म पुग्न सक्दिन । मैले जाने ठाऊँमा पुऱ्याएर घरभित्र सम्म लैजान सक्छौ भने भनुँला ।, उसले आग्रह गऱ्यो, मैले भने श्री बदीप्रसाद थपलियार श्री जनादेन सिटौला भएमा जान हिडेको । वहाँहरूको ठेगाना मसंग छैन । उनले भने म राम्ररी चिन्दछु । घरडेरा पनि देखेको छु । डेरामा कोठाभित्रै पुऱ्याएर जिम्मा दिउंला भएन ? मेरो चित्त बुझ्यो । ज्वरो पनि अलि कम भएछ । म पछि लागें । ज्ञानेश्वरमा कालोपुलको सडकमा मालिगाउँ जाने बाटाका मुखमा ४ तले घर रहेछ । श्री टिकादत्त बाजेको त्यसै घरको तेश्रो तलामा डेरा, चौथोतलामा भान्सा रहेछ । मलाई कोठा भित्रै पुऱ्याई दिएर भन्नु भयो लौ तपाईहरूको मानिस मैले ल्याई दिएको छु । ' मुख हेराहेर भयो अनुहार चिनेकै छैन । पैतृक नामगाम ठेगाना बताएर परिचय लिनु दिनु गरियो । १९८७ साल असार मसान्तका दिनको राती ८:३० बजे टुंगो लागेर विश्राम गर्न पाएँ । मलाई डोऱ्याएर ल्याइदिने सज्जन हुनुहुदो रहेछ -श्री मित्र बहादुर बस्नेत, पूर्व ४ नम्वर भोजपुर निवासी, त्यतिबेला विद्यार्थी जीवनको व्यक्ति । पछि झापा अमिनि (जिल्ला न्यायलय)को हाकिम लेफ्टीनेन्ट ।

त्यो डेरमा श्री बद्रीप्रसाद थपलिया १ श्री जनार्दन शिटौला १ श्री उमानाथ भण्डारी १ श्री भानुभक्त भट्टराई चांगेका १ र देवीप्रसाद उप्रेती १ समेत जम्मां ५ जना भयौं । धन्दा गर्ने १ जना राई र भान्सा बनाउने १ जना मूलपानीका तुलसीराम पण्डितका दाज्यू काफ्ले पण्डित । केही दिनपछि सुवे कृष्णलाल थपलिया र श्री विश्वनाथ भण्डारी थपिनु भयो । र ९ जनाको भान्सा चल्यो ।

१९८७ साल श्रावण १ गतेदेखि साथीहरूका साथ मेरो पनि अध्ययन चालु भयो । निजामति परिक्षाको निम्ति नेपाली भाषा । २ दिनपछि श्रेस्तापाठशाला रानीपोखरी हेर्न गएँ साथीहरू साथै ·। हिसावका असल बाहुन गुरु हुनुहुदो रहेछ पाउमा दण्डवत प्रणामद्वारा दर्शन गऱ्यौं । म श्रेस्ता पाठशाला गएको पनि त्यतिनै हो । बाजे गुरुलाई ढोग दिएको पनि त्यति एकपटक मात्र हो ।

डेरामा बसेर श्री बद्रीप्रसाद र श्री जनार्दनका सहयोगीबाट अध्ययन चालू गरियो । दिनको १०।१२ घण्टा अटुट चालु थियो पठन पाठन । आफ्नै प्रेरणाले जान्न सुन्न गएको । ज्वरो भने प्रत्येक दिन २ । २ घण्टा सिरक खापेर सुत्नु पर्ने गरी आउथ्यो । खानेकुरामा स्वाद कहिल्यै छिरेन ।

२०४५।७९।३
झापा

(नोट : देवीप्रसादज्यूले आफ्नो डायरीमा औपचारिक शिक्षाको शुरु काठमाडौंमा पुगी गरेकोसम्म उल्लेख गर्न भ्याउनु भयो । त्यसपछि उहाँको अध्यपन कसरी चल्यो आदि बारे लेख्न भ्याउनु भएन र यो डायरी यहीं सकियो ।)
-सम्पादक

जनसंख्या बृद्धिको समस्या समाधान बारे ।

नेपालमा जनसंख्या बृद्धिको समस्या केलाई समाधानको खोजी गर्न जनसंख्या परामर्शदात्री समितिले विविध विचार राख्ने सम्पूर्ण राष्ट्रिय शक्तिलाई एकै भेलामा समावेश गराई आयोजना गरेको यो विचार गोष्ठीले राष्ट्रिय महत्वका अति सम्वेदनशील समस्याहरूको खोजी गर्न एक सभ्य परम्पराको सुरु गरेको छ । यस्तो परम्परालाई राष्ट्रका अरू जल्दा बल्दा समस्याहरूको खोजी गर्ने क्रममा पनि अपनाइएला भन्ने आंशा गर्दै सर्वप्रथम यो परम्पराको विजारोपण गर्ने आयोजक संस्थालाई धन्यवाद दिन चाहन्छु ।

विचार गोष्ठी केन्द्रित भएको छ - नेपालमा जनसंख्या बृद्धिको समस्या केलाउँदै समाधानको बाटो पत्तालगाउनेमा । त्यसैले तत् सम्बन्धमा नै आफ्नो भनाइलाइ केन्द्रित गर्न आवश्यक ठान्दछु ।

जनसंख्या बृद्धिको समस्या यस शताब्दीमा सबै विकसित, अविकसित र अल्पविकसित मुलुकहरूले समान रूपले भोग्नुपरेको सर्वदेशीय समस्या हो । त्यसमा पनि अर्थतन्त्रको जग के हो ? त्यसको नै टुङ्गा नगरेको अविकसित मुलुकहरूका लागि त यो समस्या अरू चुनौतीपूर्ण रूपमा छ । हामी पनि अल्पविकसित मुलुकहरूको त्यस्तै लाममा रहेका हुनाले यस समस्याले हामीलाई आज भन्दा भोलि क्रमशः अरू पिरोल्दै लैजाने छ । त्यसैले यस बारे समयमा नै उचित दृष्टिकोण पुऱ्याउँनु बुद्धिमानीं हो ।

विशेषज्ञहरूले हेरी खोजी प्रस्तुत गरेका तथ्यांकहरूको आधारमा हाम्रो जनसंख्याको समस्यालाई केलाउँदा नेपालमा जनसंख्या बृद्धिको समस्या उत्पन्न गर्न प्रमुख दुई तत्वहरू सक्रिय रहेको देखिन्छ । ती दुई तत्वहरू हुन् (१) प्रजनन प्रक्रिया अनियन्त्रित अवस्था र (२) बसाई सराइको स्थिति । यी दुई तत्वलाई नै विध्यमान समस्याका दुई कोण ठानी तिनको भरपर्दो समाधान खोजिनु सामयिक एवम् युक्ति संगत होला जस्तो मलाई लागेको छ ।

प्रजनन प्रक्रियाको अनियन्त्रित एवम् अव्यवस्थित स्थिति निश्चय पनि हाम्रो मुलुकमा जनसंख्या बृद्धि गर्ने एउटा कारण हो । तर यस कारणलाई जनसंख्या बृद्धिको समस्या उठाउँन जसरी हाम्रो सरकारले गएका दशक देखिनै प्रमुख कारणको रूपमा मान्दै आएको छ त्यसमा मेरो सहमति छैन । अनियन्त्रित प्रजनन प्रक्रियाले निश्चय नै जनसंख्याको भेललाई उराल्ने छ तर उचित व्यवस्थापन हुन सकेमा अझै प्रसस्त रोजगारका संभावना हुन सक्ने हाम्रो जस्तो मुलुकमा हाल प्रजनन दरको स्थितिले त्यति आत्तिनु पर्ने स्थिति देखिन्न । हाम्रा छिमेकी मित्रहरू भारत र चीनमा जस्तो प्रजनन स्थितिकै कारणले हामीले यहाँ आत्तिनु पर्ने कारण देखिन्न । किनभने रोजगार र जीवन निर्वाहको समान अवसर नेपालको विभिन्न भूभागमा बस्ने निवासीले पाउँने हो भने अझै पनि हाम्रो भूक्षमतालाई नाध्ने जनसंख्याको बनौट देखिन्न ।

यसको अर्थ प्रजनन प्रक्रियाले जनसंख्या बृद्धिमा पार्ने असर केही होइन भन्ने मेरो आसय होइन । तर विदेशी सहयोगमा प्रसस्त रकम परिवार नियोजनमा खर्च गर्ने बानी बसेको हाम्रो सरकारले प्रजननको स्थितिलाई जति खतराजनक बताउँने गरेको छ त्यो भन्दा खतराजनक समस्याको अर्को पक्ष छ भन्ने मात्र हो ।

परिवार नियोजन कार्यक्रमलाई जति सुकै प्राथमिकता दिएर प्रचार प्रसार गरिए पनि यसको खास प्रभाव निम्न वर्गमा परेको देखिन्न । परिवार नियोजनको साधनको प्रयोग र प्रचलन त हाल मध्यम वर्गीय टाठा बाठाहरूका सुविधाका विषय मात्र हुन सकेको छ । यसको मुख्य कारण हाम्रो संस्कार ग्रस्त मनस्थिति हो । यो मनस्थितिलाई बदल्ने जवसम्म दीर्घकालीन कार्यक्रम संचालन गरिन्न तवसम्म हाल खर्च गरिने सुविधाको विदेशी सहयोगको निर्णायक प्राप्ति मिल्ने छैन । परिवार नियोजनको सामाग्री वितरणमा नै सिमित रहन, यहाँ व्यक्त गर्न खोजिएको दीर्घकालीन कार्यक्रमको अभिप्राय होइन । दीर्घकालीन कार्यक्रमको लक्ष्य संस्कारग्रस्त मनोबृतिलाई परिमार्जन गरी सचेत बनाउँने हुनुपर्छ । यसो गर्न शैक्षिक जागरणनै अति आवश्यक देखिन्छ ।

आज देशको शिक्षा व्यवस्था पनि निश्चित वर्गका उपभोगको पेवा बस्तु मात्र भइरहेछ । साक्षरताको बृद्धिको प्रतिशत सरकारले जसरी नै देखाए पनि शिक्षाको प्रत्यक्ष उपभोग निम्न वर्गले गर्ने अवसर प्राप्त गरेका छैनन् । यसका लागि माध्यामिकस्तर सम्म अनिवार्य र निःशुल्क शिक्षा प्रदान गरिनु आवश्यक छ । यसमा पर्ने व्यय भारले सरकारले आत्तिनु पर्ने स्थिति देखिन्न । शिक्षण संस्थाका लागि प्राप्त हुने जनसहभागिताको ढोका खोल्दै जनताबाट प्राप्त दातव्यलाई संरक्षण र सदुपयोग मात्र गरे पनि यो व्यय भारबाट सरकारलाई त्यत्रो बोझ हुने छैन । शैक्षिक स्तर उक्सेका नागरिकले सामयिक आर्थिक चुनौति सामना गर्ने क्रममा आफैं परिवार नियोजन तर्फ सचेत रहने छन् ।

हाल परिवार नियोजनलाई जसरी प्रचार र प्रचलन गरिंदैछ, त्यसमा सरकारी दृष्टिकोण दूरदर्शी छैन । परिवार नियोजन गरिने नागरिकलाई सचेत गराउँदा उनीहरूका सन्तानको स्वास्थ्य उपचारको ग्यारेन्टी पनि गरिनु पर्छ । अझ पनि मुलुकमा अधिकांश क्षेत्रमा महामारीको समयमा ईश्वरीय अर्चनामा सीमित रहने मध्ययुगीन परिस्थिति छ हाम्रो सामु । नागरिकको स्वास्थ्यमा ध्यान नदिई परिवार नियोजनमा जोड दिनु केवल कोरा भावुकता मात्र हो । यसले समयमा मुलुकको जनशक्तिको बनौटलाई नै हानि गर्न सक्ने छ । यसका अतिरिक्त परिवार नियोजनका कार्यक्रम संचालन गर्दा हिन्दू राज्यमा रहेको इस्लाम जनसंख्यालाई पनि ख्याल गर्नु अत्यावश्यक छ । जसको धार्मिक नियमले नै परिवार नियोजन गर्नु अपराध ठान्दछ । त्यसैले यस्ता कार्यक्रमले आज रहेको धार्मिक समुहको जनसंख्या बनोटको सन्तुलन नखलवल्याई अरू पूर्व शर्त पूरा गरेमा मात्र परिवार नियोजन कार्यक्रम प्रभावकारी हुन सक्छ ।

जनसंख्याको वितरणमा क्षेत्रीय असन्तुलन ल्याउँदै जनसंख्याको चाप बढाउँने ज्यादै महत्वपूर्ण पक्ष बसाईं सराइको पक्ष हो । यस पक्षलाई पहिलेका दशकहरूमा वेवास्ता गरिंदा नै अहिले हामीले जनसंख्याको चापको यो स्थिति भोग्नु परेको हो । जेहोस् अब आएर यसलाई समस्याको रूपमा हेरिंदै छ, यो राम्रै लक्षण हो । जनसंख्या आयोगले हालै प्रस्तुत गरेको जनसंख्याको बृद्धि सम्बन्धी तथ्यांक र भौगोलिक रूपमा देखिएको जनसंख्याको असन्तुलित वितरणको मूल कारण नै बसाई सराइको बढ्दो प्रवृति हो । बसाईं सराइका पनि दुई पक्ष छन् आन्तरिक र वाह्य । हाल यी दुई पक्षलाई विभिन्न पक्षबाट जुन

प्राथमिकताको आधारमा प्रस्तुत गरिए पनि दुवै पक्षले मुलुकमा अतिनै गंभीर समस्याहरू जन्माउँदै गएका छन् । त्यसैले यी दुवै पक्षहरूको विश्लेषण गरी तिनलाई निरूत्साहित गर्न सक्न कार्यक्रम संचालन गर्ने आँट सरकारमा हुनुपऱ्यो । यदि यस्तो आँटने सरकारमा रहन सक्दैन भने यस्ता गोष्ठी र चर्चाले सकारात्मक फाइदा दिनुको सट्टा नागरिक नागरिकमा अविश्वास र खिचोला गराई अरू मनोमालिन्य मात्र बढाउँने छ ।

प्रकाशित तथ्यांकले विशेष गरी नेपालको तराई क्षेत्रमा र अन्य सहरी क्षेत्रमा अत्यन्तै अप्रत्यासित रूपमा जनसंख्या बृद्धि भएको देखिएको छ । यो सबको मूल कारण बाह्य भन्दा आन्तरिक बसाईं सराइको प्रवृति हो । यो प्रबृतिले एक किसिमले पंचायती कालको आर्थिक व्यवस्थापनको असफलतालाई संकेत गर्दछ । विशेष गरी पहाड र गाउँ बस्ने नेपालीहरू रोजगार र जीवन निर्वाहका अधिकतम सुविधाहरूको लागि तराइ र सहर पस्ने गर्दछन् । पंचायती कालमा आर्थिक वितरण एवम् सामान्य नागरिकले प्राप्त गर्नु पर्ने सुविधा भोगमा अत्यन्तै असन्तुलन र अविवेकीपन बढेको छ । कृषि क्षेत्रमा आधारित हाम्रो अर्थतन्त्रको भूस्वामित्वकै स्थितिलाई मूल्यांकन गर्ने हो भने मनाङ बस्ने नागरिकले पाउने ९६ रोपनी जग्गाको मूल्यांकनलाई काठमाण्डुमा पाउने ५८ रोपनी जग्गाको मूल्य संग दाँजी यी दुईठाउँका नागरिकले उपभोग गर्न पाउने सुविधालाई तुलना गरेमा मैले भन्न खोजेको असन्तुलनको अभिप्राय प्रष्टिने छ । यस्ता उदाहरण अनेकौं छन् । यस्तो अविवेकी र अव्यवस्था भएको ठाउँमा रहने नागरिक अवसरको खोजमा बसाईं किन नसरून् ?

यस्तो आन्तरिक बसाईं सराइले सहरी जीवन पद्धतिमा पनि जरूर नकारात्मक असर पारेको छ भने मधेशको ग्रामिण जीवन पद्धति र अर्थव्यवस्थामा त ज्यादै नराम्रो असर पारेको छ । आज तराइबासी हाम्रा दाजुभाइहरू आफूसबै किसिमले ठगिएको कुरा गर्छन्, के उनीहरूको गुनासोमा कुनै सत्य छैन ? यसमा उत्तरदायी पक्षले कहिल्यै सहानुभूतिको सोचाइ राखेको छ ? तराईका आदिवासीहरूका यस्ता पिडालाई मात्र झापा जिल्लामा त्यहाँका आदिबासी उपर एक दशक भित्र भएको ज्यादातिले व्यक्त गर्दछ । एक दशक अघिका जग्गाधनी राजवंशी आदि आज दाउरा बेची खाने सुकुमबासीमा परिणत भएका छन् अरू सतार जस्ता आदिबासी त अव नृवंशशास्त्रका विद्यार्थीका शोधका विषय भएका छन् । यो सवका लागि उत्तरदायी को ? सरकार कि बसाई सरी आउनेहरू ? यस्तै दयनीय स्थिति अरू जिल्लाका आदिबासीको पनि छ ।

त्यसैले बसाई सराइको चर्चा गर्दा आदिबासीको सम्वेदनशीलतालाई ज्यादा ख्याल गरिनुपर्छ । नत्रभने यसले राष्ट्रमा ज्यादै घातक परिणाम जन्माउनेछ । बसाई सराइको आन्तरिक पक्षको यो चुनौतिलाई बडो सावधानी र सर्वसम्मतिको वातावरण तयार पारी सामना गरिनुपर्छ । यसका लागि सरकारले आफ्नो आर्थिक नीतिलाई जनमुखी पार्दै विभिन्न कार्यक्रमद्वारा यसरी बसाईं सर्ने प्रबृतिलाई निरूत्साहित गर्नु पर्छ ।

आन्तरिक बसाईं सराइलाई निरूत्साहित गर्ने काम डन्ठाले होइन, कार्यक्रमले सकिने छ । यसका लागि पहाडी क्षेत्रलाई आर्थिक रूपले आकर्षित बनाउँनु पऱ्यो । आज हाम्रो अधिकांश पहाडी भागको अवाद योग्य भूमि पनि त्यसै रहेको छ । अवाद भूमि पनि खेतीको विशिष्ठीकरण नगरिई अनुत्पादक छ । यस तथ्यलाई ख्याल गरी तमाम पहाडी क्षेत्रलाई त्यहाँको माटोको उत्पादन प्रकृतिका आधारमा कृषिमा आधारित उद्योगमा प्रयोग गरिनु पर्छ । खाली खालसा रहेका ती डाँडा काँडाहरूलाई सरकार र त्यहाँका बासिन्दाको साझेदारीमा विभिन्न उद्योगमा बदल्न सकिनेछ । मेरो अभिप्रायलाई दार्जिलिङ्ग जिल्ला भारतको अनुत्पादक डाँडा पहाडका पाखा पखेराको सदुपयोगले अरू पष्ट पार्नेछ । यसका अतिरिक्त कृषियोग्य भूमि कम भएका पश्चिमी पहाडहरूमा पनि आर्थिक जीवनमा प्रत्यक्ष

असर पार्ने उद्योगहरूको स्थापना गरी आकर्षक पार्न सकिन्छ । यसका लागि चाहिने व्यय भार जनसहभागिता एवम् आजसम्म अनुत्पादक क्षेत्रमा गरिएका विदेशी सहयोगको लगानीको मोटो रकमबाट बहन गर्न सकिने छ । तर कति भने अनिवार्य वचतको रूपमा लिएको जनताको नासोलाई हिनामिना गरी अविश्वसनीय भएको आजको सरकारले अव जनविश्वास प्राप्त गर्न आर्थिक अनुशासन कट्टर रूपमा पालन गर्नु पऱ्यो । यस किसिमले पहाडलाई आकर्षक बनाउन सकेमा हाम्रा तराईका दाजुभाइ समेत पहाडतिर उक्लने छन् । पहाडियाहरू मधेश झर्ने क्रम त झन् रोकिने नै छ । यसका अतिरिक्त अन्तरिमकालका लागि तराइका आदिबासीको जग्गा जमिन छित्ती विक्री राजीनामा गर्ने क्रम पूर्ण रोकी आवश्यक स्थितिमा जग्गा भोग बन्दकी मात्र राखी काम चलाउन पाउने व्यवस्था लागू हुनुपर्छ । यसो भएमा आज सतार, राजवंशी, थारू आदि जातिले भोग्नु परेको स्थितिको पूनरावृति हुने छैन । यसका साथै आदिबासीका लागि रोजगारका अवसरहरू अझ फराक पारिनु पर्छ ।

मुलुकको जनसंख्याको समस्यालाई अरू बढाउने अर्को कारण अन्तरराष्ट्रिय आप्रवासन हो । आप्रवासनको यो बुँदा जति गंभीर छ उत्तिकै सम्वेदनशील पनि छ । आप्रवासीको बारेमा हाल भएका शोधखोज र तथ्यांकको पक्ष विपक्षमा मेरो केही भन्नु छैन । तथ्यांक तलमाथि जे होस् यो समस्या एउटा गंभीर समस्या हो । यसको समाधानको खोज गर्न निकै ढिलो भै सकेपनि अति आवश्यक छ । हाम्रा दक्षिणका छिमेकीहरू पनि आज यही समस्याले आक्रान्त छन् । कतिपय छिमेकी मुलुकहरूमा त यो समस्याले राष्ट्रिय संकट समेत उत्पन्न पर्दैछ । आज समयमानै यो समस्या समाधान नगरे हामीमा पनि त्यो स्थिति नआउला भन्न सकिन्न ।

आप्रवासनको समस्या पूर्णत: हाम्रो आफ्नो समस्या हो तापनि हाम्रा सिमाना जोडिएका छिमेकीहरूको मनोविज्ञानमा समाधान पक्षले केही असर पारी छाड्ने छ । यसका अतिरिक्त विभिन्न कारणले विदेशमा पुगेका विदेशी नेपाली र तराइक्षेत्रमा बसोबासो गर्ने हाम्रा बन्धुहरूको जीवन पद्धतिमा पनि हामीले अपनाउने समाधानको तरिकाले केही असर पार्ने नै छ । त्यसैले यो समस्या जति डरलाग्दो छ उति नै जटिल र सम्वेदनशील पनि छ । यसकारण यसको समाधान पक्ष खोज्नु प्रत्येक नेपाली र सरकार समेतले बढी सावधानी रहनु आवश्यक छ ।

नेपाल स्वतन्त्र राष्ट्र हो । त्यसैले एउटा स्वतन्त्र राष्ट्रले आफ्नो राष्ट्रिय हित र स्वार्थको संरक्षण गर्ने कुरामा स्वाभिमानी अडान लिनुपऱ्यो । गएका दशकहरूमा सजिला परिस्थितिमा हाम्रा छिमेकीसंग भएका संझौता र समझदारीले आज हामी र छिमेकी समेतलाई समस्या जन्माउछन् भने त्यस्ता स्थितिलाई युगानुकूल परिवतर्न गर्नु आवश्यक छ । आप्रवासीको समस्यामा हामी भन्दा हाम्रा छिमेकीहरू जकडिएका छन् । त्यस माथि झन निकटतम छिमेकी राष्ट्र भारत त ज्यादै आक्रान्त छ । त्यसैले हाम्रो मर्मको अनुभव उनीहरूलाई

पर्ने छ । यस स्थितिमा आप्रवासन सम्वन्धी समस्याका हाम्रा समाधानका प्रक्रियाले हाम्रा छिमेकीको मनोविज्ञान नविग्रियोस् ।

यस बारे सर्वप्रथम नेपालमा खास बसोबासो गर्ने नेपालीको बैज्ञानिक लगत तयार पारी परिचयपत्र दिने काम गर्नुपर्‍यो । यसपछि खुल्ला सिमानाका आवश्यक प्रवेशद्वारहरूमा व्यवस्थित रूपमा आवत जावत गर्ने सुझाउ बैज्ञानिक नै छ । यसो गर्दा तराईका हाम्रा नेपालीहरूको भारतीयहरूसँगको साँस्कृतिक सम्वन्धलाई पनि विर्सनु हुन्न । स्वास्थ्य उपचार र जीवनका अत्यावश्यक बस्तु खरिद विक्री गर्ने यताउता दुवैतिरका बजारहरू व्यवस्थित नगरिन्जेल, सिमनाको १५।२० माईल सम्म प्रवेशद्वारमा सामान्य नाम लेखाएर आवत जावत गर्ने परिपाटी बसाल्नु आवश्यक होला । यस्तो आवत जावतको अवधि छोटो हुनुपर्छ । कामका खोजमा र अरू कारणले १५ दिन भन्दा बेसीका लागि आवत जावत गर्नका निम्ति प्रवेश टीकट (हाल दार्जिलिङ्ग आदि ठाउँमा जाने नेपालीलाई भारत सरकारले गर्ने गरेको) लिने व्यवस्था गरिनु पर्छ । यो प्रवेश टीकट तराइ क्षेत्रभरी हिडडुल गर्न मात्र सिमित हुनुपर्छ । यस्तो स्थितिमा पाइए सम्मका क्षेत्रमा स्वदेशी कामदारले काम गर्ने र विदेशी कामदारहरूका हकमा निश्चित अवधिका लागि काम गर्ने इजाजत (वर्क परमिट) हुनुपर्छ । तराई बाहेक अरू क्षेत्रलाई विशेष क्षेत्र भनी राहदानीले आवत जावत गर्ने परिपाटीको विकास गर्दै जानुपर्छ ।

नेपाल स्वतन्त्र राष्ट्रले अन्त्यमा गएर अन्य छिमेकी राष्ट्रसंग समझदारीपूर्ण सम्वन्ध विकसित गराउँन पनि अन्त्यमा राहदानी प्रथा प्रचलन गर्न आवश्यक छ । यसमा कसैले विरोध जनाउँने कुनै कारण देखिन्न । परिचयपत्र, प्रवेश टीकट र काम गर्ने इजाजत वितरण गर्ने व्यवस्था विकेन्द्रीकित एवम् स्थलगत हुनुपर्छ भने राहदानी वितरण गर्ने प्रक्रिया सरल हुनुपर्नेछ ।

अन्तरराष्ट्रिय आप्रवासको सवाल ज्यादै सम्वेदनशील सवाल हो । यस्तो राष्ट्रिय महत्वको सवालमा सर्वसम्मतिको वातावरण तयार हुने गरी सुझाउ पेस गर्न जनसंख्या परामर्शदात्री समिति सफल होस्, ती सुझाउहरूलाई कार्यान्यवन गर्न सरकारले तत्परता देखाओस् भन्ने शुभकामना व्यक्त गर्दै आफ्ना विचार राख्ने अवसर प्रदान गर्नु भएकोमा म आयोजकहरूलाई पून: धन्यवाद टक्रयाउँदै आफ्नो भनाइ टुंग्याउँछु ।

घैलाडुबा ६, झापा मेची, नेपाल ।
मिंति : २०४१।२।६।७ दिनको ५ बजे

२०४१ साल जेठमा राष्ट्रिय जनसंख्या आयोगद्वारा आयोजित *"नेपालमा जनसंख्या बृद्धिको समस्या: समाधानको खोजी"* भन्ने विषयमा *"राष्ट्रिय विचार गोष्ठीमा"* सहभागिको तर्फबाट श्री उप्रेतीबाट व्यक्त विचारलाई यहाँ लेखको रूपमा प्रस्तुत गरिएको छ ।

-सम्पादक

हाम्रो सोधाइ देवीप्रसाद उप्रेतीज्यूको भनाइ

(कवि गोकुल झण्डै डेढ वर्ष जति झापाको घैलाडुबा निवासी श्री देवीप्रसाद उप्रेतीज्यूको घरमा बस्नु भएको थियो । घुम्दै फिर्दै पछि पनि उहाँ त्यहीं आइपुग्नु भयो र उहाँको निधन पनि सोही ठाउँमा भयो । आफ्ना पाठकहरुलाई गोकुल जोशीका सम्बन्धमा बढीभन्दा बढी जानकारी दिने हेतुले हामीले यहाँ श्री उप्रेतीको अन्तर्वार्ता प्रस्तुत गरेका छौं । कवि गोकुल जोशीबारे कतिपय तथ्यमा यस अर्न्वार्ताले राम्रो प्रकाश पार्नेछ भन्ने हाम्रो धारणा छ- सं)

भानु - यहाँले कवि गोकुललांई कहिलेदेखि चिन्नु भएको हो ? कवि गोकुल कुन सम्पर्कले घैलाडुबा (झापा) पुग्नु भयो ?

दे.प्र.उ. -नेपाल प्रजापरिषदको सम्मेलन वीरगंजमा डाकिएको थियो । २०१३ सालको कुरा जस्तो लाग्छ । त्यही सम्मेलनमा पहिलो पटक गोकुल जोशीसंग मेरो चिनजान भयो । त्यहीं उहाँका कविताहरू सुन्ने सुयोग मिल्यो । केही चन्दा संकलन गरेर किताब छपाउने कुरा पनि चलेको थियो । तर उहाँले चन्दा उठाउने कुरामा सारै मन लगाउनु भएन । कुरैकुरामा 'प्रेसमा काम गर्नु हुन्छ कि '? भन्ने मेरो प्रस्तावमा उहाँले अभिरूचि देखाउनु भयो । 'उसो भए मसंग भद्रपुर हिड्नुस् त ' (त्यसबेला भद्रपुरमा नेपाली भाषा प्रचारक संघ अन्तर्गत ' पूर्वाञ्चल प्रेस,' थियो जो हाल करफोक विद्यामन्दिर अन्तर्गत शनिश्चरेमा सरेको छ ।) मेरो आग्रहमा उहाँले खर्चवर्चको कुरा झिक्नु भयो । " खर्चवर्च पाए म महिनादिन भित्रै आइपुग्ने थिएँ " भन्ने उहाँको भनाइका आधारमा भा. रू २५। - दिइयो (अहिले प्रसंगवश मात्र यसको उल्लेख गर्नु परेको हो अन्यथा यो कुनै उल्लेखनीय सहयोग ठानेको छैन ।) नभन्दै झण्डै महिना दिन पछि कवि गोकुल झापा पुग्नु भयो । मसंग उहाँको सम्पर्कक यसरी नै हुन गएको हो ।

भानु- कवि गोकुलको नातागोता र परिवारबारे यहाँलाई केही थाहा छ कि ?

दे.प्र.उ.- उहाँकी आमा हुनुहन्थ्यो भन्ने कुरा उहाँकै मुखबाट सुनेको हुँ दाजु (शिवलाल जोशी) शिलाङ्गको स्टेट बैंक अफ इण्डियामा काम गर्दै हुनुहुन्छ भन्ने कुरा पनि कवि गोकुलबाटै थाहा भएको हो । अरू उहाँका नातागोता र परिवारबारे मलाई केही थाहा भएन ।

भानु- यहाँसंग कवि गोकुलका केही रचनाहरू छन कि ? कं उहारूको देहान्त पश्चात उहाँका चीजवीजहरू (खासगरी उहाँका रचनाहरू तर्फ हाम्रो संकेत छ) फेला परेनन् ?

दे.प्र.उ.- कवि गोकुलको देहान्त हुँदा म मदारगाछीको घरमा थिएँ । (मदारगाछी घैलाडुबाबाट आठ माइल टाढा दक्षिणतर्फ पर्दछ ।) देहान्त हुनुभन्दा ८ / १० दिन अघि मात्र निकै विक्षिप्त अवस्थामा घैलाडुबाको मेरो घरमा पुग्नु भएछ । त्यस बखत मेरो घरमा आर्दश विद्या मन्दिरको संचालन भैरहेको थियो र मेरो परिवारका मानिस त्यहाँ

कोही थिएनन् । त्यसबेला मेरो घर रेखदेख गर्ने मानिस र सोही घरमा बसेका शिक्षक र विद्यार्थीका साथ बस्नु भएछ । त्यस पश्चात् एकै पटक २०१८ साल आषाढ ४ गते आइतबारका दिन ४ बजे उहाँको देहान्त भएको समाचार घैलाडुबा हाइस्कुलका तात्कालीन प्रधानाअध्यापक हरिध्वज खत्रीले भोलिपल्टै मलाई लेखी पठाउनु भएको हुँदा मात्र मलाई थाहा भयो ।

हरिध्वज खत्रीकै रिपोर्टको आधारमा मैले आफ्नो डायरीमा त्यसबेला यत्ति कुरा लेखेको रहेछु - "जनकवि गोकुलप्रसाद जोशीजी (पोखरेल) २०१८ साल आषाढ ४ गते आइतबारका दिनको ४ बजे देहान्त हुनु भयो । उहाँको स्वास्थ्य केही समयदेखि ठीक थिएन ।

विक्षिप्त अवस्थामा उहाँ निकै दिनदेखि हुनुहुन्थ्यो । गोबरको मूर्ति बनाएर पूजा गर्नुहुन्थ्यो । (मेरा विचारमा यो मूर्ति पूजाप्रति व्यंग्य हुन सक्छ । - दे.प्र.उ.) हृदयको गति बन्द भएर देहान्त हुनुभयो । श्री आदर्श विद्यामन्दिर घैलाडुबाका प्रधानाअध्यापक हरिध्वज खत्री समेत भै विरीङ्ग नदीका किनारमा अन्तिम संस्कार गरिदिनु भएछ । (उक्त व्यहोरा मैले देवीप्रसाद उप्रेतीज्यूको पुरानो डायरीबाट जस्ताका त्यस्तै उतारको हुँ- भ.प्र.घि.) मृत्यु अवस्थामा उहाँसंग कुनै रचना वा कृतिहरू भएन भएको मलाई केही थाहा भएन । भएका लुगाफाटा इत्यादि उहाँको दाह संस्कारका समयमा विरीङ्गमा बगाइएछ भन्ने थाहा भयो । उहाँका कागजपत्रहरू रचना वा कृतिहरूका सम्बन्धमा हरिध्वज खत्री र उहाँका दाजु शिवलाल जोशीसंग सोधी खोजी गर्नु राम्रो होला भन्ने ठान्दछु ।

भानु - याहाँको घरमा बस्दा विशेषतः घैलाडुबा आवासकालमा कवि गोकुलको दैनिक चर्या कस्तो हुन्थ्यो ?

दे.प्र.उ.- वीरगंजमा कुराकानी भएअनुसार उहाँ घैलाडुबा त आइपुग्नु भयो तर भद्रपुरमा बसी प्रेसको काम गर्ने कुरमा चाखलिनु भएन । शान्त वातावरणमा बसी केही लेख्ने इच्छा गर्नु भएअनुसार मेरो घैलाडुबाकै घरमा बस्न थाल्नु भयो । उहाँका उपर कसैंको करकाप चल्नैनथ्यो, मनलागेका बेलामा लेख्नु हुन्थ्यो, कुनैबेला प्रसन्न मुद्रामा आफ्ना रचनाहरू गाएर सुनाउनु हुन्थ्यो । कोही मन मिलेको मानिस पाउनु हुँदा खूब कुराकानी गर्नुहुन्थ्यो । बिहानै उठ्नु हुन्थ्यो, नुहाउने नियमितता थिएन । उहाँले दिउँसो सुतेको थाहा भएन । मनपर्दो मानिस संगत पाउनु भएन भने एकान्तमा घोत्लिएर सोचिरहनु हुन्थ्यो । लेख्ने पढ्नेमा दैनिक नियमितता थियो । लेख्ने काम बढी राती नै गर्नु हुन्थ्यो । राती लेखेको रचना बिहान चियाखाने बेलामा कहिलेकाहीं मलाई सुनाउनु हुन्थ्यो । उहाँका धेरजसो रचना मात्रिक छन्द र झ्याउरे लयमा हुन्थे । वार्णिक छन्द उहाँलाई आउँदैनथ्यो ।

भानु- कवि गोकुलको जीवनका केही सबल र निर्बल पक्षबारे प्रकाश पार्नु हुन्थ्यो कि ?

दे.प्र.उ. - चरित्र र विचार निष्ठामा कवि गोकुलजी अत्यन्त सबल हुनुहुन्थ्यो । मानव हितका कुरालाई उहाँ सदैव सर्वोपरी महत्व दिनु हुन्थ्यो । साँच्चि भन्ने हो भने

उहाँलाई एउटा निष्काम योगीभन्दा अत्युक्ति नहोला भन्ने ठान्दछु । थोरै शिक्षा-दीक्षा भएर पनि युगानुकूल विचारलाई समात्न सक्ने, सदैव महान् लक्ष्यलाई अघि राखेर हिड्ने, आफ्ना व्यक्तिगत महत्वाकांक्षालाई तिलाञ्जलि दिएर मानव सेवामा निरन्तर अग्रसर भैरहने कवि गोकुल जस्ता मानिस हम्मेसी पाउन सकिदैन । एकपल्टको कुराकानीको प्रसंग मलाई सम्झना हुन्छ । उहाँले आफ्ना वृद्धा माताको दर्शन गर्ने ठूलो इच्छा व्यक्त गर्नुभयो । तर तुरुन्तै "मेरी आमा जस्ता दुःख पाउने लाखौं आमाहरू छन्, मैले कस्को दर्शन गरेर चित्त बुझाउने ?" भन्ने उच्चारण गर्नुभयो । विहेवारी र घरगृहस्थीको कुरा चलाउँदा उहाँले एकछिन घोरिएर भन्नु भएको थियो - "म जस्ता घरवार विहीन दुःख पाउने असंख्य नेपालीहरू छन् । म एउटाको चाँजो मिलाएर समस्याको समाधान हुने होइन, फेरि घरगृहस्थीपट्टि लागें भने गृहस्थी जमाउने मैले पनि अरूकै जस्तो ज्यादै स्वार्थी नभै धर छैन" इत्यादि ।

यी सबै कुरामा अहिले विचार गर्दा र स्वार्थले भरिएको संसारको क्रियाकलाप र उपर दृष्टि दिंदा कवि गोकुल नेपालका एकजना स्वार्थत्यागी, निष्ठावान् र आफ्नो विचारमा सच्चा अनुगामी हुनुहुन्थ्यो भन्ने कुरामा कुनै शंका हुँदैन । उहाँको निर्बल पक्षमा मलाई लागेको के भने उहाँ अलिक चाँडो आवेशमा आउनु हुन्थ्यो, अरूलाई भन्नु पर्दा अति कटु शब्दमा भन्नुहुन्थ्यो । आफ्नै हित चिताउनेहरूसंग पनि एकनाशसंग हेलमेल राख्न सक्नु हुन्नथ्यो ।

भानु - कवि गोकुलको जीवनीबारे यहाँलाई कतिसम्म थाहा छ ?

दे.प्र.उ. - उहाँ जन्मेको साल सम्बत र पिताजीको नाउँ समेत मलाई थाहा हुन सकेन । उहाँका दाजु शिलाङ्ग निवासी श्री शिवलाल जोशीसंग सम्पर्क राखेमा गोकुलज्यूको जीवनीका सम्बन्धमा धेरै कुरा थाहा हुन सक्ने छ । उहाँको जन्म थालोचाहिं पश्चिम स्याङ्जा, नुवाकोट र बाग्लुङ जिल्लाको सीमाना पर्छ भन्ने कुरा उहाँबाटै थाहा पाएको हुँ । मृत्यु समयमा उहाँको उमेर अन्दाजी २९ वर्षको थियो ।

यसै सन्र्भमा कवि गोकुलको जीवन संघर्षको कथा उल्लेख गर्नु अप्रासंगिक होवैन ।

२००३/४ सालतिर हिउँदमा उहाँ आफ्ना दाजु शिवलाल भाटमा शिलाङ्ग पुग्नु भएछ । दाजुसंग एक महिना बसेपछि एउटा होटलमा काम गर्न थाल्नु भएछ । तीन महिना बसेपछि एकजना बंगाली सज्जनसंग घनिष्टता भएछ । निज बंगाली सज्जन राजनीतिक कार्यकर्ता रहेछन् । उनै सज्जनसंग कवि गोकुल कलकत्ता पुग्नु भएछ र बंगाली महोदय कै औषधी बनाउने पसलमा काम गर्न थाल्नु भएछ । ४/५ महिना त्यहाँ बसेपछि मिलिटरीमा पिउनमा भर्ना हुनु भएछ । पछि त्यो पल्टन कलकत्ताबाट मद्रास सरुवा भएपछि उहाँ पनि पल्टनसंगै मद्रास जानु भएछ, त्यसैबेला उहाँलाई थोरबहुत अध्ययन र लेखनको सुयोग प्राप्त भएछ । डेढ वर्षपछि उहाँको काम कार्यवाही मिलिटरी हाकिमहरूले मन पराएनछन् र उहाँलाई छुट्टी पनि दिएछन् । मिलिटरीमा छँदा उहाले कोर्ट मार्सलसम्मको अवस्था भोग्नु परेछ । मद्रासबाट उहाँ बम्बईका लागि हिड्नु भएछ तर दुर्भाग्यवश बम्बई नपुग्दै बाटैमा उहाँको जेथाफिटी चोरिएछ ।

बम्बईमा पनि होटल मै काम धन्धा सुरु भएछ । बम्बईको होटलमा काम सुरु गरेको रमाइलो प्रसंग कस्तो छ भने बाटोमा जेथा चोरिएको हुँदा उहाँ बिल्लीबाठमा पर्नु भएछ तसर्थ एउटा होटलमा गएर पहिले भक्कुमार खाएपछि मसंग पैसा छैन नोकरी गरेर सधाउँछु भनेर काम गर्न थाल्नु भएछ । त्यसको झण्डै महिना दिनपछि पानीजहाज कम्पनीमा काम मिलेछ । काम थियो जहाज सफा गर्ने र रंग लगाउने । बम्बई कै एउटा रात्रि स्कुल (मिसनरी) मा पढ्ने काम पनि थालिएछ । त्यहाँ बसेर उहाँले चौथो कक्षासम्म पढ्नु भएछ । जहाजमा काम गर्दा गर्दै डेढ वर्षपछि मजदुर युनियनको हडतालमा भाग लिनु भएको हुँदा नोकरीबाट हटाइनु भएछ । यो २००७ साल मंसिरतिरको कुरा हो । ५/६ महिना जसो तसो त्यहीं बसेर गुज्रान गर्नु भएछ र अध्ययन जारी नै राख्नु भएछ । सात सालको क्रान्ति पश्चात रेडियोबाट अनेक समाचार सुनेपछि उहाँको मन प्रफुल्ल हुदै आएछ र अब त नेपाल मै काम र मामको बन्दोबस्त भै हाल्छ, किन विदेश कुर्नु भन्ठानेर २००८ को जेठतिर काठमाडौं आउनु भएछ । काठमाडौं आएपछि यताउति भौतारिंदा प्रजापरिषदका तात्कालीन महामन्त्री रामहरि शर्मासंग भेट भएछ । उहाँले नै कवि गोकुललाई प्रजापरिषद तर्फ आकर्षित गराउनु भएछ र खानपिनको व्यवस्था समेत मिलाइदिनु भएछ । त्यसको केही दिन पश्चात नै गौचर हवाई अड्डा बनाउने काममा स्टोरकिपरमा रामहरिज्यू प्रजापरिषद कै सूत्रबाट भर्ना हुनु भएछ । त्यहाँ मजदुरहरू जम्मा गराएर हडताल गराएको हुँदा जागिरबाट हटाइनु भएछ । यसपछि विभिन्न ठाउँको भ्रमण गरी लोकगीत प्रचार र लेखनपट्टि ध्यान दिएको बुझिन्छ । यसै सिलसिलामा केही दिन धर्मराज थापाको साथ लागेर प्रवासका विभिन्न ठाउँ घुम्नु भएछ । तर उहाँ कै कथनानुसार नोकरका रूपमा ठाउँ ठाउँमा परिचय दिएको र त्यत्रो साथ लाग्दा पनि एउटा गीतसम्म रेकर्डको व्यवस्था नगरिदिएको खालि आफैं मात्रै उठ्न चाहने भन्ने बुझी पछिल्लोबाजी कलकत्ताबाट धर्मराजको साथ छोड्नु भएछ । फेरि काठमाडौं आउनु भएछ । श्यामप्रसादबारे थाहा भएपछि वीरगंज जानु भएछ र सोही बेलादेखि कम्युनिष्ट पार्टीसंग उहाको सम्पर्क प्रारम्भ भएछ । रौतहट, जनकपुर, विराटनगर इत्यादि ठाउँमा पनि केही समय बिताउनु भएको थाहा हुन्छ यसै सन्दर्भमा नेपालव्यापी भ्रमण गर्नु भएको कुरा उल्लेखनीय छ । विराटनगरमा घिमिरे बन्धु कमल घिमिरे र भवानी घिमिरेको सहयोगले पुस्तक दोकान गर्नु भएको तथा बालकृण पोखरेल काहाँ बस्नु भएको कुरा पछि मैले थाहा पाएँ ।

भानु - कवि गोकुल विक्षिप्त हुनु पर्ने केही व्यक्तिगत वा सामाजिक कारण छन् कि ?

दे.प्र.उ. - कवि गोकुलको विचार समाजलाई आमूल परिवर्तन गरेर प्रगतिको बाटोमा डोऱ्याउने खालको थियो । उहाँ मानव समाजलाई शोषणबाट मुक्त भएको तथा समान आधारमा सुखी भएर बाँचेको हेर्न चाहनुहुन्थ्यो । यही उद्देश्यमा तल्लीन भएर उहाँले आफ्नो चेतना उपयोग गर्नुभयो र यसकै निम्ति लेखनी चलाउने भयो तर आफ्नो सपना साकार हुने जस्तो नदेख्दा झण्डै १४/१४ वर्षसम्मको आफ्नो अनवरत

संघर्षले बिथोलिएर उहाँ विक्षिप्त आवस्थामा पुग्नु भएको हो कि भन्ने मलाई लागेको छ । कवि गोकुल विक्षिप्त हुनुपर्ने मूलतः सामाजिक कारण नै हो ।

भानु - यहाँको अन्तवार्ताले कवि गोकुलबारे कतिपय नौलो तथ्यमा प्रकाश पारेको छ । हाम्रो आग्रहलाई स्वीकार गरी हाम्रा पाठकहरूलाई कवि गोकुलबारे बढी जनकारी दिन हामीलाई सघाउ पुऱ्याउनु भएकोमा 'भानु' का पाठकहरूका तर्फबाट हार्दिक धन्यवाद स्वीकार गर्न अनुरोध गर्दछु ।

दे.प्र.उ. - 'भानु' गोकुल जोशी स्मृति अङ्क प्रकाशित गर्ने कुरा सुनेर मलाई पनि औधि खुशी लागको छ । यस कामका लागि भानु परिवारलाई धन्य भन्दछु ।

प्रस्तोताः भवानी घिमिरे

साभार - 'भानु' गोकुल जोशी अंक

अन्तर्वार्ता

समाजसेवा भनेको एउटा पवित्र धार्मिक कृत्य हो ।

-- *देवीप्रसाद उप्रेती*

(पूर्वाञ्चल भेगतिर देवीप्रसाद उप्रेतीको नाम सुन्न सजिलो पर्छ । खासगरी शिक्षण संस्थासँग सम्बन्धित र त्यसतर्फ दिलचस्पी राख्ने कुनैपनि व्यक्तिले उहाँलाई तारिफ गरेको सुनिन्छ । अहिलेसम्म उहाँले २९ वटा जति शिक्षण संस्थालाई निक्कै सहयोग प्रदान गर्नु भएको छ । मेची र कोशी अञ्चलका ती संस्थालाई नगद र जग्गा जमीनबाट प्रोत्साहन दिने श्री उप्रेतीले अन्य सामामजिक संघ सस्थालाई सहयोग गरेका पनि धमाधम प्रमाण फेला पर्दैछन् । समाजसेवाका क्षेत्रमा देवीप्रसाद उप्रेतीको नाम प्रेरणा र जागरणको प्रतिक नै भएको छ । उहाँको जीवन समाजसेवाको उदाहरण हो ।

उहाँले झापा, इलाम र तेह्रथुमका शिक्षण संस्थाहरूलाई ८५४ बिघा झापा जिल्लामा रहेको जग्गा दानस्वरुप दिनुभएको छ भने तेह्रथुम र झापाका शिक्षण संस्थालाई ३ लाख ५४ हजार रूपैयाँ चन्दा दिइसक्नुभएको छ । उहाँ र उहाँका परिवारमा रहेका पहाडका जग्गा (तेह्रथुमको जग्गा) ३१९ रोपनी पनि दानकै रूपमा शैक्षिक विकासमा प्रदान भैसकेका छन् । त्यस्तै त्यस ठाउँका विभिन्न धार्मिक संस्थाहरूलाई पनि उहाँबाट यथेष्ट सहयोग भएका छन् ।

हाम्रा समस्त बन्धुबान्धव शतप्रतिशत साक्षर गराउन र युवा पुस्तालाई रोजगारमूलक शीप, शिक्षा दिलाउने विशेष इच्छा रहेको बताउने श्री उप्रेतीको मन पर्ने विषय वस्तु चाहि लेख्नु, पढ्नु र ढकमक्क फुलेको फूलबारी हेर्नु मानिन्छ । झूटो कुरा गर्ने मान्छेबाट अलग्गै बस्न रूचाउने उहाँ व्यवहारमा सरल, मृदु र मिष्टभाषी हुनुहुन्छ ।

श्री देवीप्रसाद उप्रेतीको जन्म वि.सं १९६९ बैशाख १ गते ब्राह्म मुहूर्तमा उषासँगै कोशी अञ्चल तेह्रथुमको ईवा गा. व. स. सिम्लेमा भएको हो । उहाँले काठमाडौंको रानीपोखरी श्रेस्ता पाठशालाबाट निजामति प्रथम परीक्षा उतीर्ण गर्नुभएको छ ।

श्रीमती, आठ छोरा र चार छोरीको संयुक्त परिवारमा रहेका उहाँ शिक्षा विकासका लागि निरन्तर खट्नु, चिन्तन गर्नु र असहाय, निर्धनको सेवा गर्नु नै जीवनको पहिलो प्राथमिकता मान्दै यसमा समर्पित हुन मन पराउनुभएको देखिन्छ ।

शिक्षण संस्थामा उहाँबाट भएको लागनीलाई भुल्न नसकेर सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्का सदस्य डा. तारानाथ शर्मा र भ (उपकार कोष

प्रबन्ध समितिको सदस्य तथा उपकारको कार्यकारी सम्पादक नरेन्द्रराज प्रसाई) उहाँलाई भेट्न झापाको घैलाडुबा स्थित उहाँको निवासस्थानमा २०४४ पुस १९ गते गई उहाँसंग लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।)

समाज सेवाका विराट् फाँटमा के के गर्नुभएको छ ?

१. प्रवासकालमा दार्जीलिङ भारतमा स्व. पूर्णबहादुर मानव (पछि राजसभासद) को प्रधान अध्यापकत्वमा, नेपालमा शिक्षाको प्रबन्ध नभएका क्षेत्रमा विद्यार्थीहरूलाई विक्रम सम्वत् १९९९ सालदेखि २००७ सालतक ९ वर्ष जति, शिक्षा दिलाउने कामको चाँजो मिलाइयो, शिक्षा दिलाइयो ।

२. २००७ सालको राजनीतिक परिवर्तन पछि स्व. महानन्द सापकोटा गुरुजीको राय मुताबिक शिक्षण संस्था संचालन गर्ने र गाउँ पञ्चायतको गठन गर्ने अभिभारा मलाई सुम्पिएकोले झापा, इलाम र आठराईमा शिक्षाको विस्तार गर्ने रूपरेखासम्म तयार भयो । अनि प्राथमिक विद्यालयहरूको सुरुवात पनि झापा र इलाममा गराइयो । २००७ साल माघ १५ गतेदेखि झापा जिल्लामा १० गाउँ पञ्चायतहरूको स्थापना गराइयो ।

३. २००७ सालको जनक्रान्तिमा बिचल्लीमा परेका १० हजार जति जनताको बसोबासका लागि कुकाठको जंगल फँडानी गराएर बुधबारे भन्ने नयाँ मौजा कायम गरी १६५० बिघा जग्गामा प्रति परिवार ५ बिघाको दरले खाने रासन, कुटो कोदालो, वनचरो, खुर्पा, फरुवा आदि विना मूल्यमा दिएर दिलाएर ३३० घर बसोबास गराइयो । अहिलेको बुधबारे गा. वि. स. त्यही शरणार्थी - निवास गाउँ हो ।

४. २००८ सालको विजया दशमीका दिन स्व. महानन्द सापकोटा गुरुजीका अध्यक्षतामा काठमाडौंको पुतली सडकको एउटा घरको तलामाथि स्व. पूर्णबहादुर मानव, देवीप्रसाद उप्रेती (म आफू) समेतबाट थालनी गरिएको नेपाली भाषा प्रचारक संघको कार्य अघि बढाउने क्रमभा स्व. श्री ५ त्रिभुवनबाट दर्शनभेट बक्सी, प्रफुल्ल हृदयले निर्देशनसाथ प्रोत्साहनकोरूपमा रू १२०००। (बाह्र हजार) बक्स भै शुभारम्भ भएको संस्था, इलाम जिल्लाको करीब ६ हजार फुट उचाईको करफोक डाँडामा स्थापित गरियो । सो संस्था कार्य संचालन हुँदै जाँदा अर्को दुई वर्षपछि तत्कालीन युवराजधिराज (स्व. श्री ५ महेन्द्र) बाट, नेपालभित्र र बाहिरका प्रायः तमाम कविहरूको सम्मेलनका माझ, उक्त संस्थाको उद्घाटन गरिबक्स्यो । महान उद्देश्य बोकेर उभिएको सो संस्थाले चिताए जति उन्नति र प्रगति गर्न सकेन । भाषाविद स्व. महानन्द गुरुजीको सहयोगीको रूपमा केही समयसम्म उक्त संस्थामा रही, नेपाली भाषा प्रचारको लागि काम गरें । पछि नेपाली भाषा प्रचारक संघ, अल्पकालमा नै निकै काम गरेर विलीन भयो र अहिले अवशेष स्वरूप स्मृति चिन्ह सन्ततिको रूपमा हाल सो ठाउँमा श्री करफोक विद्या मन्दिर मा. वि. कायम छ । स्वामी श्री स्व. सोमेश्वरानन्दको जेथा मध्ये करफोक डाँडा खोलाको छिमेकीले मिचेर बाँकी रहेको अनुमानित ३०० रोपनी दर्ता तिरोको जग्गा श्री करफोक विद्यामन्दिरले

पाइरहेछ । एक वर्षमा ६० । ७० हजार रुपैयाको आय सो विद्यामन्दिरले प्राप्त गर्दैछ । त्यसै महायज्ञमा मैले पनि थोरै चरू झापा जिल्ला सुरूंगा गा. पं को ३० विघा जग्गा हवन गरेको छु । तर अझै उद्देश्यनुकूल कानूनी व्यवस्था मिलाउन सकेको छुइन । स्वामी श्री स्व. सोमेश्वरानन्दको निवास गृह महात्माहरूको समाधि आदि स्मारकको जगेरा गर्नु नितान्त आवश्यक छ । मरम्मत, सम्भार भएको छैन ।

शिक्षा विकासमा काम गर्दा कति दु:ख भोग्नु भयो ?

काम गर्दा सामाजिक सेवा कार्यमा स्वभावत: दु:ख हुन्छ नै तर २००७ साल पछिको स्वतन्त्र वातावरणले शिक्षा सम्बन्धी काम गर्ने उत्साह र प्रेरणा प्रदान गरेकोले खुशियालीका साथ म आफ्नो कर्तव्य कर्म गरिरहेको छु भन्ने भावनाले मलाई आजसम्म आत्मसन्तुष्टि भइरहेको छ । यसो त आठराईको पोखरी हाई स्कूल निर्माण कालमा प्रगति र शिक्षाविरोधी तत्वले दुई पटक विद्यालय भवनमा आगो लगाई नष्ट गरिदिए र पनि हतोत्साह भइएन । लाखौं खर्च लगाएर आफूले प्रारम्भ गरेको जग्गामा स्थानीय उन्नाइस सुब्बा वाईस सुब्बा (जिम्मवाल) र छ थरी (तालुकदार) मिलेको समूहले छ बण्डा लगाएर पहाडी इलाकामा यस किसिमको यति ठूलो विद्यालय अन्यत्र सायदै बनेको होला ।

समाज सेवाको विषयमा काम गर्दै जाँदा कार्यक्रम अथवा योजना तर्जुमा या सहयोगमा केही अपुग खट्किएको महसुस छ ?

अपुग र अप्ठ्यारो त कति हो कति मधेशको कुरा विद्यालय चाहियो भनेर महसुस गरियो, सहयोगी साथि पाइयो, शिक्षक छैन । खोज्नु पर्छ भारतमा । विद्यार्थी विद्यालयमा आउन मान्दैनन् । विद्यार्थीलाई प्रतिदिन मिठाई बाँडेर पल्काउनुपर्छ । त्यति मात्र होइन, विद्यालय नि:शुल्क चलाउनु पर्छ । शुल्क तिर्ने त कुरै उठाउनु भएन । केही सुरतले विद्यालय चालू गर्न शुरु गरियो, शिक्षा सम्बन्धी विधि विधान केही पनि थिएन । आफूले जे जस्तो जानियो, जे जस्तो बुद्धि विवेकमा आयो त्यत्तिकै भरमा विद्यालयहरूमा संचालक समिति गठन गरियो । मबाट जग्गा दान पाउने उनन्तीस शिक्षण संस्थाका झापा जिल्लामा रहेका जग्गा जमीन चलाउन, आयस्ता उठाउन उत्तरदायित्व विहीन हाम्रो अधिकांश समाज भइदिएकोले ज्यादै अप्ठ्यारो पऱ्यो र संस्थागत व्यवस्था मिलाउनु बाञ्छनीय हुन आयो । शिक्षण संस्थाका जग्गा जमीनको चाँजो मिलाउन, तत् तत् संस्थाका प्रतिनिधि भएको एउटा संयुक्त स्कूल समिति नामक संस्था कायम गरी २०२० देखि २०२९ सालसम्म (नयाँ शिक्षा योजना लागू नभएसम्म) जग्गाको आयस्ता उठाई मालपोत तिरी प्रत्येक शिक्षण संस्थालाई जग्गाको आयस्ता सालसालै बाँड्ने गरिएको थियो । नयाँ शिक्षा योजना लागू भएपछि संयुक्त स्कूल समिति नामक संस्था स्वत: विघटन भयो । श्री ५ को सरकारले विद्यालय संचालनको अभिभारा र विद्यालयको जग्गा जेथा

आफ्ना अधिकारमा लियो । त्यसपछि शिक्षण संस्थाका जग्गाजेथाको आयस्ता हिनामिना हुन लाग्यो । कागतपत्र बेपत्ता भए ।

त्यस पछि २०३३ सालदेखि तेह्रथुम जिल्लाको १५ विद्यालयहरूको झापा जिल्लाको नम्बरी ४२५ बिघा जग्गा समेत चलाउन तेह्रथुम जिल्ला शिक्षा समितिद्वारा शिक्षण संस्थाको जग्गा व्यवस्था प्रतिनिधि नियुक्त गरेपछि अहिलेसम्म व्यवस्थित रूपले आयस्ता संकलन भइसकेको छ ।

झापा जिल्ला र इलाम जिल्लाका शिक्षण संस्था १४ को, झापा जिल्लामा रहेका जग्गाको आयस्ता अझै व्यवस्थित रूपले संकलन हुन सकिरहेको छैन । कार्यवाहीको अंग पुगेको ११३ बिघा आवादी जग्गा अझै दर्ता हुन बाँकी छ । आयस्ता कसैले खाइरहेछ, विद्यालयले पाउँदैन । माफी बिर्ता पाए जत्तिकै छ । मालपोत विद्यालयहरूले नतिरेरै अहिलेसम्म थेगेको छ । जग्गा व्यवस्था प्रतिनिधि नराखिएकोले काममा हेलचक्र्याइँ बढेर गएको मैले महसुस गरेको छु ।

अधिराज्य भरिका दान प्राप्त गर्ने शिक्षण संस्थाको जग्गा जेथाको व्यवस्था मिलाउन छुट्टै कानूनको आवश्यकता महसुस हुन आयो । विशेष गरेर श्री ५ को सरकारले अर्थ विभाग मातहतको सम्पत्ती राजस्वलाई जुन दृष्टिकोणले सुरक्षित राख्ने नियम कानून छ शिक्षा विभाग मातहतको सम्पत्तीलाई त्यसै दृष्टिकोणले हेरिने नियम, कानून भइदिएन । राजस्व हिनामनिा गर्ने व्यक्तिलाई जब प्रहरीद्वारा ठाडै पक्राउ गरी असुल उपर गरिन्छ (गरिनुपर्छ) भने शिक्षा विभाग मताहतको सम्पत्ती हिनामिना गर्ने व्यक्तिलाई व्यक्ति व्यक्तिको सम्पत्ति झैं कार्यवाही गरी माग्न अदालतको शरणमा जानुपर्ने हुन्छ । फिस तिरेर निजी वकिल राख्नुपर्छ । प्रधानाध्यापक वा क्याम्पस प्रमुखले दायाँ बाँया ल्याप्चे सहीछाप गरेर वारेस दिनुपर्छ वा आफैले तारिखमा बस्नुपर्छ । अध्यापन गर्नु कि अदालतमा तारिखमा जानु ? शिक्षण संस्थाको सम्पत्ती यति अपहेलित किन ? यी सब कुराले अधिराज्यभरिका शिक्षण संस्थाका जग्गा जमीनका सम्बन्धमा अप्ठ्यारो परेजस्तै माथि उल्लेखित दान प्राप्त गर्ने उनन्तीस शिक्षण संस्थालाई पनि पिरलो पऱ्यो । आफूले दान स्वरूप दिएको सम्पत्ती हिनामिना भएको देख्दा मलाई अझ बढ्ता पीर लागेको छ ।

यहाँको विचारमा समाजसेवा कस्तो हुनुपर्छ ?

मेरो विचारमा समाजसेवा गर्ने इच्छुक व्यक्तिको जीवनक्रममा सामाजिक कामले प्राथमिक र व्यक्तिगत कामले द्वितीय स्थान पाउनु श्रेष्ठतर र हितकर हुन्छ ।

यहाँ यस क्षेत्रमा यसरी योगदान दिँदै हुनुहुन्छ, यसको मूल कारण के हो ?

मेरा विचारमा शिक्षाको वा सामाजिक क्षेत्रमा योगदान दिनुको कुनै पनि कारण हुन सक्तैन । हृदयको बनोट नै त्यस्तै हुन्छ होला फरक किसिमको । अनि, वातावरणको प्रभाव पनि पर्न सक्दो हो । यस्ता कामको लागि उपलब्धि

खोज्नु मूर्खतापूर्ण हुन्छ । जसले यस्तो कामको कारण खोज्छ वा बताउँछ ती निजी स्वार्थान्ध पीडित हुन सक्लान् जस्तो मलाई लाग्छ ।

मरूभूमिमा एउटा मात्र वृक्ष छ भने छाया त हुन्छ नै तर त्यसले आम जनतालाई कल्याण पुग्न सकोइन । आम जनताको कल्याणका लागि त यो मरुभूमिमा हरियाली छाउने व्यवस्था हुनु पर्दो हो । मगन्तालाई दिनु समस्या समाधान होइन, बरू समस्या मात्र बढाउनु हो । भगवान् बुद्धले दु:खको कारण पत्ता लागाउनु भए झैं हरेक व्यक्तिलाई आँखा देखाउन (उघारिदिन) सक्यो भने दु:को कारण उसले आँफै बुझ्न सक्छ । दु:ख पाउनुको कारण ठम्याउन सक्छ । त्यसो हुनाले शिक्षाको उज्यालो ज्योतिद्वारा तमाम बन्धुबान्धवको आँखा खोल्नु परम कर्तव्य सम्झेर शिक्षा दिलाउने तर्फ दिलचस्पी लिएको हुँ । फलको आशा नराखेर कर्म गर्नु (कार्य गर्नु) भनेर हामीलाई हाम्रो हिन्दू धर्मशास्त्रले बताए सिकाए अनुसार काम गर्दै आएको छु ।

हाम्रो समाज कस्तो हुनुपर्ने तथ्य माथि जोड दिनुपर्छ ?

आचरण, पवित्र, विचार फराकिलो एवं रहन -सहन सरल हुनुपर्ने भनेर भन्न सकिन्छ , जुन कुरा गरी पुऱ्याउन निक्कै असजिलो हुन्छ ।

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापना भएदेखि संस्थागत रूपमा समाज सेवाको के कस्तो विकास भएको महसुस गर्न भएको छ र यसमा कति सन्तुष्ट हुनुहुन्छ ?

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापना हुनु एउटा उत्तम कुरा हो । यसबाट म जस्ता लाखौंलाख व्यक्ति संतुष्ट छन् । देवतै देवताले भरिएको हाम्रो देश नेपालमा हजारौं देव-मन्दिर गुठी आदि संस्थान छन् । देशमा अधिकृत संघ संस्था मन्दिर बिहार आदि के कति छन् त्यसको सूचनामा उल्लेख भएको देख्न पाउनुपर्ने महसूस गरेको छु । राजमहिषी श्री ५ बडामहारानी सरकारको प्रत्यक्ष नेतृत्व तथा अध्यक्षता प्राप्त सामाजिक सेवा संस्थागत रूपले थालनी भएको हुनाले क्रमश: देशव्यापी हुँदै फैलिदै जाला भन्ने आशा मात्र होइन विश्वास पनि लिएको छु ।

के धनका असम्पन्न व्यक्तिहरुबाट पनि समाजसेवाको अपेक्षा गर्नुहुन्छ ?

समाज सेवा भन्ने बित्तिकै सेवा शब्दले धन सम्पत्तीलाई इङ्गित गरे जस्तो लाग्दैन । मन जसको जति चौडा र फराकिलो छ, त्यसले त्यत्रि नै बढी मात्रामा समाज सेवामा मन पुऱ्याउन समर्थ हुन्छ जस्तो मलाई लाग्छ ।

यहाँलाई अभिव्यक्त गर्न मन लागेका अरू विषय केही भए ?

जन्मेपछि नामाकरण एक पटक हुन्छ । विद्यालयको पनि जन्मकालमा एकपल्ट न्वारन हुन्छ र नामकरण गरिन्छ । त्यो बदल्ने चलन राम्रो पनि होइन र हितकर पनि हुँदैन । त्यस्तो बानी बसाल्नाले आस्था र विश्वासको ह्रास हुने गर्छ, कीर्ति लोप हुने हुन्छ । अत: स्थापनाकाल अथवा जन्मकालमा राखिएको विद्यालय वा धार्मिक देव मन्दिर विहार आदिको नाम बदल्न नहुने कानूनी व्यवस्था हुनु पर्ने हो ।

समाज सेवा भनेको एउटा पवित्र धार्मिक कृत्य हो । यसको आफ्नै पवित्र र व्यापक क्षेत्र हुन्छ । मानवता यसलाई जोड्ने तन्तु हो । समाज सेवीलाई सामान्य रूपले कर्मचारीकरण गरिइनु हुन्न, उसको आफ्नै संसार हुन्छ र निष्काम उसको भावना हुन्छ र हुनु पनि पर्छ ।

साभार :- उपकार वैशाख -२०४५

जनकवि गोकुल: पीडित र दु:खी नेपालीका प्रतिनिधि

वि.सं. १९८७ जेठ ८ गते तनहुँ जिल्लाको राईपुर खोलाखेतमा जन्मनु भएका जनकवि गोकुल जोशीको वि. सं २०१८ असार ४ गते झापा जिल्लाको घैलाडुवा गाँउमा निधन हुन्छ । २०१३ सालदेखि कवि जोशीको व्यक्तित्वसंग परिचित श्री देवीप्रसाद उप्रेतीज्यूकै घैलाडुबाको घर आंगनमा कवि जोशीको निधन हुनुले जब जब गोकुल जोशीको प्रसङ्ग उठ्तछन् तब तब उप्रेतीज्यूको नाम पनि नाम आउने गर्छ । सुरूका वर्षहरुमा कवि जोशीलाई पुस्तक छपाउने र उहाँलाई विवाह गरिदिन, घरजम जोरिदिन खोज्नु भएका घटनाले पनि कवि जोशीप्रतिको उप्रेतीज्यूको उदारताको छनक मिल्छ ।

कवि गोकुल जोशीको जीवनी तयार पार्ने , उहाँका प्रकाशित अप्रकाशित कृतिको खोजी गर्ने र उहाँको जन्मथलों र निधन भएको ठाउँमा उहाँको प्रतिमा स्थापना गर्ने जस्ता समसामयिक महत्वका विषयमा उहाँसंग भेट गर्न पाउँदा एउटा सन्तोषजनक उपलब्धि मिल्न सक्छ भन्ने उत्कण्ठाले झापाको घैलाडुबा जाने तरखरमा जमर्को चल्दै थियो । उप्रेतीज्यू काठमाडौंमा आइपुग्नु भएको र प्रा. गङ्गाप्रसाद उप्रेतीज्यू कहाँ बस्नु भएको जानकांरीका साथै भेटघाटका लागि उत्सुक रहनु भएको कुरा विद्वान समालोचक गोविन्द भट्टज्यूबाट थाहा पाई यस्तै उत्कण्ठा र आत्मविश्वासका योजना र कार्यक्रम बोकी एकदिन बेलुकी जनकप्रसाद हुमागाई उहाँ बस्नु भएको निवासमा पुग्नुहुन्छ । साथमा श्रृंखलाका संयोजक हास्यव्यङ्ग जगतका सुप्रसिद्ध कलाकार गोपालराज मैनाली पनि जानुहुन्छ । प्रस्तुत भेटवार्ता २०४० सात चैत्र १५ गते बुधबार बेलुकीको त्यसै भेटघाटको एक मधुर सम्झनाको प्रतीक हो । आशा छ, यो भेटवार्ता यस दिशामा एक दिन सार्थक सिद्ध हुन पाउने छ, जुन दिन झापाको घैलाडुबामा कवि जोशीको प्रतिमा स्थापना हुन्छ । - सम्पादक)

प्र- कवि गोकुल जोशी र यहाँका बीच कसरी सम्पर्क स्थापित भयो ?

उ- २०१३ सालको वर्षा कालमा श्री टंकप्रसाद आचार्यज्यू नेपालको प्रधानमन्त्री हुनुभएको बेला वीरगंजमा उहाँको पार्टी प्रजा परिषद्का अधिवेशनमा आन्त्रित भै भएको बेला युवक कवि गोकुलप्रसादजीले गाना गाउनु भएकोले त्यै गानाले आकर्षित भएर सम्पर्क स्थापित भएको थियो ।

प्र- कवि गोकुल यहाँको सम्पर्कमा कहिलेदेखि कहिलेसम्मरहनु भयो ?

उ- कवि गोकुलप्रसादजीसंग २०१३ सालको बर्षदेखि २०१४ साल वैशाखसम्म संगै बसिएको हो ।

प्र- यहाँसंग रहँदा कवि जोशी र यहाँको बीच के कस्ता विषयमा खास छलफल हुने गर्थ्यो ? यसरी भएका छलफलमा यहाँहरूको के कस्ता विषयमा मत भिन्नता हुन्थ्यो ?

उ- कवि गोकुलजी प्रखर चेतना जागृत व्यक्ति हुनुहुन्थ्यो र नेपालीको दारिद्रय जीवन देखेर क्षुब्ध हृदयले कविजी आक्रोश व्यक्त गर्नुहुन्थ्यो । म अर्काको विचारमा प्राय: प्रतिवाद नगर्ने हुनाले मत भिन्नता देखापर्दैनथ्यो । यद्यपि विचारको साम्यता नभए पनि ।

प्र- यहाँलाई मन परेका कवि गोकुलका खास खास पक्षहरू ?

उ- कवि गोकुलको प्रखर चेतना नै खास मन पर्ने पक्ष हो ।

प्र- त्यस बखतको नेपाल र कवि जोशीको पारिवारिक, आर्थिक स्थिति तथा त्यस स्थितिमा उहाँले देखाउनु भएको त्याग तथा गर्नु भएको साहसको बारेमा यहाँको विचार ?

उ- त्यस बखत र यस बखतको नेपालमा मनाक भिन्नता देखिन्न । कवि जोशीजीको पारिवारिक आर्थिक स्थिति त मलाई त्यति ज्ञान भएन । उहाँको त्याग त जीवन नै समर्पण गर्नुभएको जनजागृतिका निम्ति । समाजको तुरून्त कायापलट भएको हेर्ने उहाँको प्रबल इच्छा भएको म महसुस गर्थे ।

प्र- त्यस बखतका अन्य समाजसेवी, बुद्धिजीवी, साहित्यकार तथा युवाहरूको तुलानामा कवि जोशीको मूल्याङ्कन ?

उ- त्यस बखतका समाजसेवी, बुद्धिजीवी, साहित्यकार तथा युवाहरूसंग गोकुलको तुलना गर्नु युक्तिसङ्गत हवैन । उहाँ एक्लै आफू जस्तै हुनुहुन्थ्यो ।

प्र- कवि जोशीका समकालीन साथीहरू र कवि जोशीमा पाइने विचार, व्यवहार र अन्य पक्षबारे पाइने खास भिन्नता ?

उ- त्यस अवस्थामा कवि जोशी एक्लो र अनौठो हुनुहुन्थ्यो, प्रचलित व्यवहारिकता भन्दा अलि सोच्ने उहाँको विशेषता ।

प्र- तत्कालीन धर्मराज थापा र कवि जोशीका बारेमा पाइने एकरूपता, भिन्नता र अन्य केही वास्तविकता ?

उ- धर्मराज थापाज्यूसंग मेरो नजिक सम्पर्क नभएकोले कवि जोशीसंगको भिन्नताममा ज्ञात भएन । संगै बाहिर भारत भ्रमण गर्नु भएका कुरा गोकुलजीबाट सुनेकोसम्म हुँ ।

प्र- बालकृष्ण पोखरेल र कवि जोशी ?

उ- बालकृष्ण पोखरेलजीसंग परिचय छैन ।

प्र- भवानी घिमिरे र कवि जोशी ?

उ- भवानीजी र जोशीजीको बीचको सम्पर्क कस्तो थियो, राम्रो जानकारी भएन ।

प्र- श्यामप्रसाद र कवि जोशी ?

उ- श्यामप्रसादजीले कवि जोशीजीलाई एक वर्ष आफ्नो पार्टीमा राखेर काम गराएको भन्ने कुरा गोकुलजीले भन्नुभयो ।

प्र- डा. के. आई. सिंह र कवि जोशी ?

उ- डा. के. आई. सिंह देश बाहिर जाँदा उहाँलाई नेपाल फर्काउन धर्मराज थापा र उहाँ मिलेर गीत गाउनु भएको कुरा गोकुलजीले गर्नुहुन्थ्यो । डा. के. आई. सिंहज्यूसंग उहाँको अति घनिष्ठता भएको महसुस भएको हो । ०१५ सालको चुनावमा उहाँले डा.• के. आई. सिंहको पक्षमा प्रचार गर्नुहुन्थ्यो भन्ने सुनेको थिएँ ।

प्र- टंकप्रसाद आचार्य (प्रजापरिषद् र कवि जोशी ………… ?

उ-श्री टंकप्रसाद आचार्यज्यूको प्रजापरिषदमा कविजी काठमाडौं आइपुगेका बेला २००८ मा आश्रय पाएको कुरा कविजी बताउनु हुन्थ्यो तर त्यो आश्रय ८ /१० महिनाको भयो भन्नुहुन्थ्यो ।

प्र- चन्द्रधर उप्रेती र कवि जोशीका बीचको सम्बन्ध …………. ?

उ- यो जानकारी भएन ।

प्र- मेची अञ्चलका साथी सहयोगीहरूमध्ये कवि जोशीका प्रमुख साथी सहयोगीमा को को हुनुहुन्थ्यो ? उहाँहरूमध्ये सबभन्दा बढी मन परेको उहाँको साथी को हुनुहुन्थ्यो ?

उ- गोकुलजीका साथीहरू त्यति जानिएन । घैलाडुबाका विष्णुप्रसाद पोखरेल र अनारमनीका प्रचण्डराज मास्केसंग केही घनिष्ठता भएको जस्तो मलाई लाग्यो ।

प्र- यहाँसंग कवि जोशी खास गरी के कस्तो सहयोगको आशा राख्नु हुन्थ्यो र यहाँ के कस्तो सहयोग गर्न आवश्यक ठान्नु हुन्थ्यो र यहाँले गर्नु भएका केही सहयोगहरू ? यहाँप्रति कवि जोशीको दृष्टिकोण ?

उ- कविजीले मसंग कुनै सहयोगको आशाको कुरा गर्नु भएन, प्रायः कसैसंग पनि आशा नराख्ने स्वभाव । मसंग विभिन्न व्यक्तिहरू आइरहने हुनाले कविजी पनि त्यस्तै एकजना आउनुभयो भन्ने मैले सम्झें । कविजीको मप्रतिको दृष्टिकोण कस्तो थियो ? मैले अन्दाज गर्ने कोसिस गरिनँ । मैले कवि सुहाउँदो सहयोग गरिनँ जस्तो लाग्छ ।

प्र- झापा निवासी बूढाबूढी, केटाकेटी, समाजसेवी, बुद्धिजीवी आदिका दृष्टिमा कवि जोशी कस्तो हुनुहुन्थ्यो ? हाल उहाँका बारेमा त्यस भेगमा के कस्तो प्रभाव छ ?

उ- कविजीको सम्बन्धमा झापा निवासी धेरैलाई थाहा छैन । साहित्यिक वर्गमा उहाँको छाप परेको छ ।

प्र- खुद यहाँको दृष्टिमा कवि जोशी ……….. ?

उ- जनकवि गोकुलप्रसाद जोशीजी मेरो दृष्टिमा पीडित र दुःखी नेपालीको एक्लो प्रतिनिधि जस्तो ।

प्र- कवि जोशीका प्रकाशित अप्रकाशित कृतिहरु यहाँसंग पनि हुन सक्छन् भन्ने धेरैको आशा छ, फोटो पनि होला कि ? चिठ्ठीपत्रहरू पनि छन् कि ?

उ- कविजीसंग पत्राचार भएन । फोटो पनि छैन । उहाँका कृतिहरू पनि मसंग छैनन् । विदा हुने बेलामा १० सेर जति पुस्तक, कापी लिएर जानुभयो । उहाँका गीत, कविता आदि राखेर जान मान्नु भएन ।

प्र- कवि जोशी बितु भएपछि यहाँले कवि जोशीका बारेमा कस्तो सोच्नु भएको छ ? बितुअघि के कस्तो विचार गर्नु भएको थियो ।

उ- कवि जोशीजीको अन्त्यपछि उहाँको कामको खोज खवर हुनुपर्ने जस्तो लाग्थ्यो उसबेला ।

प्र- उहाँलाई विहेवारी र घरजमको प्रबन्ध मिलाइदिन्छु भन्नु भएको थियो, यहाँको यो प्रस्ताव उहाँले मन्जुर गर्नु भएन भन्ने सुन्छौं, यो कुरा साँचो हो ? हो भने किन मान्नु भएन ?

उ- कविजीको विहेवारीको कुरा प्रसंगवस एकदिन चलेको, तर उहाँले मजस्ता घरवार विहीन सबैको विहेवारी होला ? भन्ने प्रश्न गर्नु भएपछि कुरा थन्कियो ।

प्र- अब पनि उहाँको सम्झनामा केही गरिदिने योजना बनाउन भएको छ कि ?

उ- यस्ता समाजका आँखालाई सुरक्षित राख्नु पर्ने भन्ने लाग्छ तर सामर्थ्य सीमित भएर मनका भावना ओइलाउँछन् ।

प्र- उहाँका प्रकाशित अप्रकाशित कृतिको खोजी गर्ने र तिनलाई प्रकाशनमा ल्याउने विषयमा धेरैको विचार छ, यस बारेमा यहाँको के कस्तो विचार छ ?

उ- यो विचारमा म पनि सहमत छु ।

प्र- उहाँको जन्मथलो र निधन भएको ठाउँमा उहाँको प्रतिमा स्थापना गर्नेबारे पनि धेरैले जोड दिन थालेका छन्, त्यस्तै उहाँको एउटा स्मृतिग्रन्थ र जीवनी तयार पार्नु पनि आवश्यक हुन आएको छ । यस्ता विषयमध्ये कुन कुनलाई कसरी विचार गर्नु पर्ला ? यस्ता विषयमा खर्चको प्रबन्ध मिलाउन निकै कठिनाइ पर्छ । जो यहाँलाई पनि विदितै छ । यसबारे यहाँसंग भेट्न पाए सल्लाह गरी एउटा योजना बनाउन सकिन्थ्यो कि भन्नेबारे ठूलो धोको थियो । यस्तो विचार अरू मित्रहरूबाट पनि पाएको छु । यहाँसंग भेट्न पाएर साह्रै खुशी भएको छु । यसबारे हामी केही विचार गर्न सक्छौं होला ।

उ- कविजीको स्मृति सम्बन्धमा अहिलेलाई स्मृति ग्रन्थ नै तयार गर्नु ठीक पर्ला जीवनी सहितको । यस अतिरिक्त गर्नु पर्ने त धेरै कुरा हुन्छन् । तर आर्थिक स्थितिले अरू सोच्न नदेला कि ?

प्र- कवि जोशीको निधन यहाँको गाउँघरमा भएकोले उहाँको निधन के कसरी हुन गयो, उहाँलाई बचाउन के कस्ता प्रयासहरू भएका थिए र उहाँ कुन रोग वा कुन स्थितिले अल्पायुमै बितु भयो ? यसबारे यहाँको विचार ?

उ- कवि जोशीजी मेरो घर घैलाडुबामा कहिले आउनुभयो, ०१८ सालमा ? त्यो मलाई जानकारी भएन । म त्यहाँभन्दा ५ कोश दक्षिण मदारगाछीको घरमा बसेको थिएँ र आदर्श विद्यान्दिरका प्र. अ. हरिध्वज खत्रीज्यूले २०१८।३।१०।७

मा म भएको ठाउँमा गई भन्नुभएकोले मात्र जानकारी भयो - २०१८।३।४।१ को दिन ४ बजे परलोक हुनु भएछ ।

प्र- कवि जोशीले साहित्य लेख्ने, फिजाउँने र ठाउँ ठाउँका जनताको घरदैलोमा पुग्ने मात्र होइन समाजसेवाका विभिन्न कार्यहरूमा पनि हात हाल्ने गर्नुहुन्थ्यो भन्ने सुन्दछौं । यस्ता पक्षमा यहाँलाई थाहा भएका केही कुराहरू ?

उ- कवि जोशीले मुख्य काम लेख्ने गर्नु भयो र अरू काम अवस्थानुसार अरूलाई साथ दिने पाराले गर्न अघि बढ्नु हुन्थ्यो, जहाँ-जहाँ सामाजिक कामहरू थालिएका छन् ।

प्र- कवि गोकुल जोशीको ठूलो इच्छा के थियो ?

उ- गोकुल जोशीको एकमात्र इच्छा थियो समाजबाट दारिद्रय, दु:ख हटाउने र सुखी नेपालको परिकल्पना ।

प्र- उहाँलाई हामीले कसरी हेर्नु उचित पर्ला ?

उ- उहाँलाई आफ्ना आफ्ना दृष्टिकोण अनुसार हेरिनेछ ।

प्र- उहाँका विभिन्न सन्दर्भका महत्वपूर्ण घटनाहरु .... ?

उ- उहाँको जीवनको महत्वपूर्ण घटना फौजमा मार्सल ल अन्तरगत चलाइएको मामिला र त्यसको परिणामले दिएको चेतना ।

प्र- उहाँका सन्दर्भमा आम जनतामा चलेका चर्चाहरू .... ?

उ- कवि जोशीको चर्चा आम जनतामा पुगिसकेको छैन होला ।

प्र- उहाँका सम्बन्धमा भन्न मन लागेका थप कुराहरू केही भए .... ?

उ- कवि जोशीका विषयमा अलि बढ्ता कुरा लेखिसकियो, कतै भूल र वर्ता पनि भयो कि ?

यहाँसंग भेटवार्ता गर्न पायौं । धन्यवाद !

साभार:- श्रृङ्खला
गोकुल जोशी अङ्क
बैशाख ०४२

'चिन्तन-मनन'
(खण्ड)

धनी र गरीब बन्दै जाने प्रचलन

मानव समुदाय धनी बन्दै जाने र गरीब बन्दै जाने प्रचलन आउन मुख्यतया जग्गा जमिनसंग सम्बन्ध भए जस्तो लाग्यो। जग्गा जमिन व्यक्ति विशेषको मात्र नभएर तमाम प्राणीको जीवन यापन गर्ने साधन भइदिएकोले त्यसलाई व्यक्ति विशेषको सम्पत्तिमा गणना गर्ने नियम-नीति भइदिनाले जग्गा जमिन बेच्ने र किन्ने कानुनी सुविधा हामीले पायौं। त्यसकारण सम्पत्ति कमाउने होडबाजीमा हामी लाग्यौं र जग्गा जमिन किन्न लाग्यौं। जग्गा जमिन नभै गुजारा चल्दैन, जीवन धान्न सकिदैन, गाँस र बास भनेकै जग्गा जमिनमा निर्भर गर्छ भन्ने कुरा हामी अधिकांशले नबुझेर थात बास बेच्न लाग्यौं। भरसक आफूले अर्जेको होइन होला पुर्ख्यौली जेथा जग्गा सन्तानले बेच्तै लगे र आज सुकुम्बासी (सिक्किमबासी ?) बन्न पुग्यौं।

जग्गा जमिन धेरै एकलौटी पार्न हुन्न भन्ने ज्ञान भएर नै अहिले आएर कानुनले हदबन्दी तोक्यो तापनि जग्गा जोत्ने एउटा, जमिनको धनी अर्को हुने प्राणालीले गर्दा जग्गाधनी काम नगरेर निष्कृय अल्छी जीवन बिताउने पारामा बाँच्न खोज्छ भने जग्गा जोत्ने आफ्नो दश नङ्ग्रीको कमाइका आधारमा उब्जाको आधा भाग मात्र आफूले लिएर जीवन धान्न बाध्य र विवश भएको छ – कानुनद्वारा।

यसमा मैले व्यक्त्याउन खोजेको चाहिं जग्गा जमिन कानुनन् जग्गा जोत्नेका हात पुऱ्याएर जग्गा जोत्नेले पनि किन्न र बेच्न नपाउने गर्दा मात्रै जोत्नेका हातमा जमिन रहँदो हो कि जस्तो लाग्यो र यति लेख्ने प्रयाश गरेको; नमिल्दा कुरा त कति हो कति ?

२०४७।१।७६

प्रजातन्त्र

विक्रम सम्बत् २००७ सालको जनक्रान्तिद्वारा प्राप्त गरिएको नेपालको प्रजातत्र २००७ साल फागुन ७ गतेदेखि लागू गरिएको थियो । कालक्रमले २०१७ साल पौष १ गते त्यसको अन्त्य भयो । मात्र ९ वर्ष ९ महिना र २४ दिन जीवित रहन सक्यो प्रजातन्त्र । यता आएर २०४६ साल चैत्र २६ गतेको राती ११ बजे र १६ मिनेट जाँदा राजनैतिक पार्टीहरूलाई लागेको प्रतिबन्ध हट्यो । परीक्षण काल भन्ने गरिएको पंचायती व्यवस्थाले २९ वर्ष ३ महिना र २५ दिन अलमल्याएर समय पर सार्ने काम गऱ्यो । यति लामो समयसम्म नेपालमा हुकुमी शासन चल्यो, पुलिसराज कायम भयो । हुकुमको पनि सीमा साँधि रहेन । झण्डै झण्डै यत्रतत्र सर्वत्र भनेझैं हुकुम बाँडियो । राणाकालमा हुकुम शब्दलाई यति बढी व्यक्तिले खेलाउन पाउने प्रचलन थिएन । एउटा प्राइमिनिष्टरले मात्र प्रयोग गर्ने अधिकार पाएको शब्द, यता आएर राणा कालपछि धेरैले प्रयोग गर्न पाउने प्रचलन चल्यो ।

अहिले फिर्ता आएको प्रजातन्त्रलाई पनि बी.पी. प्रधानमन्त्री भएका अवस्थामा झैं 'शान्ति सुरक्षा भएन, राजसत्तामा आँच आउने कार्यवाही चल्न लाग्यो' भन्ने आरोपले प्रश्रय पायो । २०१७ साल पौष १ गते, चुनावद्वारा स्थापित नेपाली कांग्रेसको सरकार तोडियो अफापसिद्ध भयो भनी जागीरदारी प्रथा ल्याएर पंचायत नामकरण गरियो । एकदलीय व्यवस्था ल्याइयो र त्यसलाई विकल्प रहित भनियो । अहिले त्यसको पनि अन्त्य भयो तर, पुनः २०१७ साल पौष १ गते दोहोऱ्याउने दाउमा लागिरहेकै छन्, होस पुगेन भने दोहोरिन असंम्भव छैन । त्यतिबेलाको परिस्थितिलाई अहिलेनै हृदयङ्गम गर्नु पर्नेछ अनुमानका भरमा । इति ।

२०४७।१।९।१

□□

आर्जनका कुरा

जीवन निर्वाह खातिर आर्जन गर्ने क्रममा मैले, जे जति व्यक्तिलाई पीर मर्का पारेर ज्येथा आर्जन गरें, त्योभन्दा अलि वर्ता, अझै निकै वर्ता पीरमर्का पारेर मेरा समयका सज्जनहरूले अर्थोपार्जन गरेको मैले जाने सुनेको कुरा हो । तर, मैले आज संझदा, 'अर्कालाई पीर पारेर आर्जन गरें' भन्ने मैले पूरा पूरा महसुस गरें र यस्तो परम्परा उपर घृणा लागेर पनि आयो । तर, मभन्दा बढी थिचोमिचो गरी ज्येथा आर्जन गर्ने सज्जनहरूले सायद आफूले गरेको थिचोमिचोलाई आफ्नो पुरुषार्थ संझेर गर्व गर्ने गर्नु भएको मैले सुन्ने गरेको छु । चतुर चङ्ख जसलाई भनिन्छ, त्यो श्रेणीमा आउने सबै नै प्रायः दुःखको कुम्लो बोकिराख्ने महानुभावहरू हुनुहुन्छ क्यार सट्टा-पट्टा खातिर । जब जब मौका पर्छ आफ्नो कुम्लोबाट खुसुक्क झिकेर अर्काका जिम्मा लगाउने र उसको जगेराको सुख चाहिं, सट्टामा आफूले लिने प्रयासमा प्रायः संसार भरिकै चङ्खे, चतुरेहरू लागिरहे जस्तो मलाई लाग्यो । म आफूप्रति त्यसै लाइनमा कतार लागेर खडा भएको महसुस गर्छु तर, अलि भीरू स्वभावको, फरक त्यतिमात्र आज यति नै । इति ।

२०४७ । १ । ११ । ३

इमानदारी

जुन काम कुराको व्यवहारमा आफूले प्रतिपालन गर्न सकिदैन त्यस्ता काम कुराको सिद्धान्तका रूपमा प्रतिपादन गर्नुले इमानदारीलाई प्रतिपालना नगरेको प्रतीत गराउँछ । इमानदारी भनेको लाटो पाराले भन्नुपर्दा नढाँट्नु पनि एउटा इमानदारीपन हो । ढाँट्नु भन्नाले झुट्टा कुरालाई सद्दे, साँचो जस्तै प्रतीत गराउन गरिने वार्ता हो । असलमा इमानदारी भनेको अर्काका निम्ति होइन । आफ्ना निम्ति इमानदारी हुनुपर्छ । अर्थात आफूले आफूलाई नढाट्नु इमान्दारी हो । अर्कालाई ढाँट्नु र नढाट्नुको तात्पर्य फरक भए तापनि त्यसले आफूलाई सुख, सन्तोष, शान्ति र आनन्दलाई यदि बोलाउनु छ भने आफूप्रति आफू इमानदार बन्नुपर्छ, आफूले आफूलाई ढाँट्न छल्न हुन्न । आफूबाट अर्को त सदाकाल ढाँटिएकै छ, छलिएकै छ । यदि आफूले आफूलाई ढाँट्ने, छल्ने हो भने व्यक्तिले इमानदार बन्नु पहिलो धर्म वा कर्तव्य हो । इति ।

२०४७।१।२२।७

□□

मान्छेले अर्कालाई दुःख दिन्छ

पशु पक्षीहरूलाई लुगा लाउनु नपर्ने। लुगाको सट्टा प्रकृतिले नै शरीर भरि रौं उमारिदिएर जाडोले नभेट्ने पारिदिएको। मुनष्य, सबै प्राणीभन्दा चेतनशील, बढी बुद्धि र बुद्धिलाई धैर्यपूर्वक व्यवहारमा ल्याउन विवेकको कन्तुर समेत भेट्टाएर आफूलाई सबैभन्दा श्रेष्ठ प्राणीमा गणना गर्ने गरेको सुन्नमा आउँछ। तर, ऊ नाङ्गो छ शरीरमा नाम मात्र भुत्ला छन्। जाडो थेग्न सक्तैन, घाम पानी सहन सक्तैन। सबै प्राणीभन्दा कमजोर प्रायः देखिन्छ, तर, उसैले दावी गर्छ सर्वश्रेष्ठताको। उसले जति अर्कालाई दुःख दिएको सायदै अरू कुनै प्राणीले होला। श्रेष्ठताको माने अरूलाई दुःख दिनु नै हो त ? अर्कालाई दुःख क्षति पुऱ्याउँन सक्ने हुनाले नै सिंहलाई अलि मर्यादा गरेको देखिन्छ। मनुष्यले पनि आफ्नो नामका पछाडि अन्त्यमा 'सिंह'को फुर्को लाउने गरेको अक्सर हामी पाउँछौं। यति खेर मलाई देवकोटा गुरुको निबन्ध 'मान्छे ठूलो कि हात्ती' भन्न मन लागेको विवरण सम्झन्छु। ठूलो सानोको पनि आ - आफ्नै व्याख्या परिभाषा हुने गर्दोरहेछ। र, मलाई पनि मान्छेभन्दा हात्ती नै ठूलो भन्न मन लाग्यो। मान्छेले जति धेरै दुःख अर्कालाई दिन हात्तीले सक्तैन। हात्तीसंग यति धेरै दुःख छँदै छैन, के देओस् अरूलाई। मान्छेले ठूलो दुःखको पहाडै बोकेको छ। उसले दुःख बाँडेरै सक्तैन। बराबर-बारबर अफ्नो दुःख अरूलाई दिँदै गर्छ। दुःखको धनी मानव ! तँ धन्य छस्।

२०४५ ।१।२६।४

□□

बुढेसकालको होश, जाँगर र जोशलाई सम्भदा

आज म ७८ वर्ष ३ महिना र २१ दिनलाई उछिनेर २२ सौं दिनमा भ्रमण गर्दैछु। आज मसंग झ्याम्मिन आएको होश र जाँगर अनि जोश १६।१८ वर्षको उमेरमा आइदिएको भए म एक्लैले पनि दश हजार व्यक्तिले गर्नेभन्दा पनि बढी काम गर्न सक्ने थिए हुँला। मैले गर्न सक्ने संभावनाको लेखा जोखा गर्नेसम्म पनि आज म भ्याउँदिन। विचार कति धेरै र कति प्रचूरता लिएर मडारिदै आउने गर्छ। विचारलाई प्रसार गर्ने क्षेत्र साँघुरो भैदिन्छ। जे पनि गर्न बाँकी नै छ जति पनि गर्न सकिने काम नगरिएर अलपत्र छ। जे संफेर जता फर्कर जेमा हात लाउन थाल्यो त्यो त्यतै बिते बिग्रेको झल्झल्ती आँखासामु घुम्ने गर्छ। कुन विषयलाई अगालौं ? कुन पारा अपनाउँ ? समाज, गरीबी, अशिक्षा, अनिकाल, शिक्षा, राजकाज, प्रशासन, उद्योगधन्दा, बन्दव्यापार, कृषिजन्य उद्योग पशुपालन, बागबानी, जे पनि तुरुन्त तुरुन्त गरिहाल्नु पर्ने महसुस हुन्छ तर गरिएको चाहिं केही पनि छैन। उमेरले डाँडाबाट रमिता हेर्न लागेपछि यसरी नजरमा चढ्दो रहेछ - विस्तृत संभावनाका मैदान पहाड र नदीनाला।

तर अब गर्ने बेला मेरो रहेन। हात पाउ चल्न छाडे। बसेका ठाउँबाट अर्कले उठाइदिनुपर्छ। कसो के भए र हो ? हातले कलम समातेपछि लेख्ने कलाले भने मलाई त्यागिहालेकी छैनन्। यिनैले हुर्मत बँचाउदै छन् कि हुर्मत लिदैछन् ? मैले भने पत्तो पाएको छैन। मैले लेख्ने गरेको अक्षर फूलबुट्टा मात्रै बन्दैछ कि कुराकानी पनि यसो बताउने गर्छ ? म आफूचाहिँ बुझ्न छाडें। अर्को हेरिदिने संगी पनि छैन। लेख्नुपर्छको भावनाले भने कुत्कुत्याउने गर्छ र यसो लेखिटोपल्छु कुरो त्यति अर्थ लाउने गरी बोले जस्तो लाग्दैन। मैले सोचेका कुरामध्ये एउटाले पनि परिपाठ नभेट्टाउनु यो पनि विधिको एउटा विडम्बना नै हो क्यार, आफूले सोच्दा राम्रो, कामलाग्दो, आवश्यक जस्तो लाग्छ, कसैलाई पनि रुचिकर भएको ठान्दिन। संसार आ- आफ्ना धुनमा दौडिरहेछ, दौडिरहेछ। अर्काको गन्थन सुन्ने फुर्सद कसलाई पो मिल्न सकेको छ र ? के मैले अर्काको बेलिबिस्तारलाई ध्यान दिएर सुन्ने गरको थिएँ र ? सबै आ-आफ्ना धुनमा, आ-आफ्ना मग्न मस्तिमा, आ-आफ्ना चाहना बोकेर बटुलेर काल तोडेकाछन्। यसरी अनवरत सृष्टिचक्र घुमाउन प्रकृतिलाई कम धौ परेको होला त ? मलाईचाहिं मेरै मात्र बितेको रे। सबैको म उत्तिकै हो नि ! भोलि अर्को झारा टार्नेछु। आजलाई विदाइ।

२०४७।४।२२।२

□□

नबुझेको कुरा

'श्रीकृष्ण सच्चिदानन्द परंब्रह्म पूर्ण परमआत्मा' इसी नामको भज भजके सुख लेऊ हे ! आत्मा । यी वाक्य समूहलाई साँझ सबेर नै भक्तले दोहोऱ्याउने गरेको पाइन्छ- मठ मन्दिर सतसंग भेलामा ।

श्री भन्नाले सम्पन्नता बुझाउँछ भन्ने मैले सुनेको छु । कृष्ण भन्नाले के अर्थ बोध हुन्छ ? त्यो मलाई ज्ञान छैन । कृष्ण, वासुदेवका छोरा, नन्दले पालेका, गोठाले जीवन बिताएका, मामा कंशलाई मारेका, जरासन्धसंग १७ पटक लडाइँमा हारेका र मथुराबाट भागेर द्वारका टापुमा बसाइँ सरेका, पाँच पाण्डवका संगतमा परेर बुद्धि खेलाउने मौका पाउँदा मन्त्रणा गर्न सिपालु बनेका कल, छल, बल जसरी मौका लाग्छ, त्यसरी सत्रु विजयी बन्ने कलामा पारंगत हुनाले पाण्डव कौरवका अंश मुद्दामा पाण्डव पक्ष लागेर अंश दिलाउन बल गरेका, अंश दिलाउन नसक्ता महाभारतको लडाइँ गरेर दुवै पक्षका लडाका वीर योद्धाहरू समाप्त पारेर पाण्डवमा ज्येष्ठ युधिष्ठिरलाई राज्य दिलाएका । अन्त्यमा आफ्नै वंश यदुकुलको घर झगडामा सबै नरसंहार गराएर एक्लै विरक्त भएर,. थकाइ लागेर जंगलमा पिपलका रूखमुनि छायाँमा उपरखुट्टी लगाएर उत्तानो सुतेका बेला निद्रा नपर्दै परबाट व्याधा शिकारीले बाण हानेर हत्या गरेपछि इहलीला समाप्त गरेका । ऐतिहासिक जस्तै तथ्यले यस्तो बनाउँछ । गोष्ठीले जीवनबाट त्यहाँसम्म पुग्नु प्राप्ति गरेकै भन्नुपर्छ । आध्यात्मिक दृष्टिले त कल्पनाको लहर जता लग्यो उतै जान्छ, सीमारहित ।

सच्चिदानन्दको पनि अर्थ ज्ञान छैन । मेरो लाटो अर्थ सत्- साँचो, चित्- चिता, आनन्द- मनमोज, रमाउनु । साँचो चिता र त्यसैमा रमा ।

परब्रह्म, परं भन्नाले समुद्र पारि, सागर पारि इत्यादि बुझाउदोहो र ब्रह्मको अर्थ ज्ञान छैन । मूल पुरुष, पहिलो पुर्खा अर्थात् यताको होइन, उताको । ब्रह्मलाई सृष्टिको तत्त्व सार बस्तु पनि भनिन्छ ।

संस्कृत भाषामा परम् र चरम् शब्द छन् रे जसमा विशेषण लाग्दैन रे । पूर्ण भन्नाले अपूरो होइन, पुरो, भरी, झुसी बताउँछ । पूर्ण परम् आत्माभन्दा अर्थ अधि स्पष्टिएन क्यार । पूर्ण अलग्गै शब्द हो । परमआत्मा भन्नाले आत्मा कै अनन्तरूप बुझाउन बल गर्दो हो । अन्ततः आत्मालाई परमआत्मा भनियो क्यार ।

शब्दातीत, बेहद, कल्पनातीत, वर्णनातीत , अक्षरातीत, अनन्त, अखण्ड, इत्यादि उपसर्गले जेलिएका वाक्यांशद्वारा बनाउन खोजिएको प्रतीत हुन्छ- त्यो मूल तत्त्वलाई ।

श्री, कृष्ण, सत्, चित्, आनन्द, परब्रह्म, पूर्ण परमआत्मा, यति शब्दलाई 'नाम' भनिएको छ । मसिनु केलाउने ढंग पुग्दैन । पुगेजति ढंगले केलाउन लाग्दा उपयुक्त शब्दहरूले नाम बने जस्तो लाग्दैन । भन्नुको अर्थ के होला ? स्पष्ट ज्ञात छैन । भन्नुको

अर्थ दोहोऱ्याउनु, तेहोऱ्याउनु हो ? कुनै शब्दलाई बारम्बार उच्चारण गर्नाले त्या मुखस्थ वा कण्ठस्थ हुनसक्छ । त्यो त्यस्तो उच्चारणबाट 'सुख लेऊ' भनिएको छ । एउटा शब्द वा शब्दसमूह अथवा वाक्यांश वा वाक्यसमूह दोहोऱ्याइरहँदा त्यो शब्द दोहोऱ्याउने व्यक्तिलाई कस्तो सुख हुन्छ ? अनि सुखको व्याख्या नि ? सुखको परिभाषा के ? मूलरूपमा व्यक्ति सुख चाहदो रहेछ भन्ने बुझिन, बुझाउन खोजे जस्तो मेरो लाटो घटले ठहऱ्यायो । लाटाको ठहर टाठाबाठालाई चित्त बुझ्दो हुन्छ र ? नामको महिमा किन गाउन थालियो होला ? यहाँ व्यवहारमा पनि साधारण व्यक्ति आफ्नो प्रशंसा चाहने गर्छ क्यार ! उसको नाम मर्यादित पाराले उच्चारण गरेको मनपराउँछ क्यार ! त्यै नाम अवहेलिता पाराले सम्बोधन गर्दा उसलाई रनाहा छुट्ने गर्छ । हेर यहाँ शब्दले व्यक्तिलाई नचाएको र अनि लेख्नेको कलम नाचेको पनि त देखिएला नि । के सोचेर लेख्न थालें ? बिट मारिएन । प्रश्नको लठारो बाटियो क्यार । अब थन्क्याउँ लौं । इति ।

२०४७।४।२३।३

मानव इच्छाको स्थान

मानव मनमा इच्छाको सर्वोपरि स्थान छ क्यार । व्यक्तिलाई आफ्नो इच्छा पूर्तिको चासो जति महत्वपूर्ण कुरा अरू नलाग्न सक्छ । इच्छा पूर्तिका लागि जे पनि गर्न तत्पर रहने मानव स्वभावले इच्छाधीन भएर विभिन्न कार्य सम्पादन गर्न सक्षम बन्ने गर्छ । असल असल मात्र छान्न भ्याउन्न । तरङ्ग कतापटी बहने गरेको छ ? त्यही नै उसको आधार बन्न जान्छ । असल, शुभ, निर्माण, आदि लहरमा यदि इच्छाको जागृति भए त्यतैतर्फ अनि राग, द्वेष, कलह, विग्रहको लहरले तरंग छाडेको मौका पायो भने ध्वंसात्मक वातावरण बढाउनेकलामा प्रेरित भएर इच्छा दौडने गर्छिन् । असलमा इच्छा खेतालो मात्र ठहर्ने गरेको पाइँदोरहेछ । मावन मनको दौड कुन मोड र मुढमा बहन थाल्छ त्यसको सहयोगका लागि आशा, इच्छा, आकांक्षा, उत्साह, बुद्धि सबैका सबै पछि लाग्ने गरेको मैले चाल पाएँ ? यो चाल पाउने 'म' को हुँ ? वास्तवमा म पो पत्ता लाग्न नसक्ने वस्तु हुँ क्यार । खेताला धुरिएर घरमा विभिन्न मनलागि काम गर्छन् । जस र अवजसको भागी मैले बन्नु पर्ने रे । रिसराग, अहङ्कार, काम, क्रोध, लोभ, मोह, सबै कता लुक्छन् कता ? पछिबाट घर समाल्नु पर्ने मैले रे । 'म' को हुँ यतिका ध्वंश विध्वंशकारीहरूको उपद्रवको उत्तरदायित्व यिनीहरूले नबोकेर मैलेनै बोक्नुपर्ने ? कस्तो बेढंगे नियम बनाएको ए प्रकृति ! तिमीले ? मेरो टाउकामा गिर खेलाएर बाजी जित्ने तिमी ? मैले यो खेलको छेउभेउ पाइँन । सबलाई बिदा गरेर एक्लै बस्नु पो पर्छ क्यार । भोलि अरू थपौं ल ? इति ।

२०४७।४।२३।३

शिक्षण संस्थाको कुरा

शिक्षण संस्था ज-जसले स्थापना गरे,- नगदी पैसा दिएर वा जग्गा जमिन दिएर वा बेदाममा परिश्रम दिएर अथवा निःशुल्क शिक्षा दिएर- शिक्षण संस्थाको स्थापनाको लागि अघि सर्ने सबैका सबै नै संस्थापक सदस्यहरू हुन । शिक्षण संस्थाको सम्बन्धी सम्पत्तिका बारेमा अथवा शिक्षाको बारेमा संस्थापक सदस्यको जीन्दगीभर पनि सन्ताहरू सन्तोनसम्म पनि अधिकार रहन्छ- बोल्न व्यवस्था मिलाउन अदालतका शरण पर्नु पर्ने अवस्था सिर्जना भएमा अदालत गुहार्न, श्री ५ को सरकार गुहार्नु परे श्री ५ को सरकार गुहार्न- शिक्षण संस्था सार्वजनिक हो यदि भने । कुनै पनि संस्थापक सदस्यले सरकार गुहार्न वा अदालत गुहार्न पाउने कानुन चाहियो ।

शिक्षण संस्थाको मुख्य अध्यापक वा प्रधानअध्यापक अथवा क्याम्पस प्रमुखहरूले शिक्षण संस्थाको सम्पत्ति हिनामिना नगर्ने बिरलै भेटिएलान् । त्यस्तो हिनामिनाको हाचुवा अड्कल होइन धेरै ठाउँको रकमको अंक पनि धेरैलाई याद छ । अडिटले जाँचेर यति बेरुजू बाँकी भनेर निकाल्यो तर प्रधानाध्यापक पनि आफैं सदस्यसचिव पनि आफैं भएको त्यस्तो बेरुजू मुलतबी रहेको रहेकै छ । असुल गर्नुपर्ने भनी लगत किताबमा सम्म चढेन । कसैको लगतमा सम्म चढे पनि असुल गर्ने भएन । शिक्षण संस्थाको हकदार को हो ?

संचालक समिति समय तोकिएको म्यादी हुन्छ । ऊ तलब दरमाह पाउने कर्मचारी होइन । पाए उसैले पनि हात लम्काउने परिपाटी पंचायती राजमा नचलेको थिएन । शिक्षण संस्थाको भए पनि, गुठी संस्थानको भए पनि, श्री ५ को सरकाको भए पनि सम्पत्ति भेटेसम्म आफ्नो पार्ने चलन चल्यो, बानी बस्यो । बसेको बानी उठ्न मान्दैन । यस्तो अपवित्र परम्परा कायम भैरहको वर्तमान अवस्थामा सार्वजनिक सम्पत्तिको सुरक्षा कसरी गर्ने ? यो जटिल प्रश्न छ ।

मेरो लाटो विचारमा शिक्षण संस्थाको संस्थापक सदस्य वा उसको हकदारले अन्याय परेको सार्वजनिक सम्पत्तिका बारेमा अदालत वा श्री ५ को सरकार गुहार्ने अधिकार कानुले सुरक्षित राखिदिनुपर्छ र संचालक समिति उपर पनि संस्थापक सदस्यले श्री ५ को सरकार वा अदालत गुहार्न पाउनुपर्छ र त्यस्तो उजुरी पर्न आएमा सरकारवादी भै हेरिने कानुन चाहियो । नत्र आचार भ्रष्टताले मर्यादा पाउने गरेको पंचायतीकालको कार्यकर्तामा बसेको बानी उठ्दैन , स्थायी हुनै बल गर्छ गर्छ । त्यसकारण यथाशीघ्र उपरोक्त कानुनको व्यवस्था गरी पाउना निमित्त यो सुझाव पेश गरेको छु । इति

२०४७।४।२३।३

□□

छट्टूको संसार

'आफ्ना आङको भैसी नदेख्ने अर्काको आङको जुम्रा' यो उखान कति घतलाग्दो छ र आफैंमा लाग्दो रहेछ ! व्यक्तिले यसो गरेन । संस्थाले यसो गल्ती गर्‍यो, सरकाले यति ढङ्ग पुर्‍याएन इत्यादि लेख्न मन लाग्छ । आफूले आफ्नालागि नै सम्म पनि ढङ्ग पुर्‍याउन सकेको छैन, चाँजो मिलाउन जानेको छैन, घर गृहस्थी चलेको छैन, खाने बेलामा सातु-सामल छैन, घरद्वारको पत्तो छैन, सत्तलको बसाइँ छ, विश्व ब्रम्हाण्डका रेखा गनेर पृथ्वी खुम्चिदै गरेको र सेलाउदै गएका उखानका बखान गर्ने गरेको छ । यति विघ्न लाजलाग्दो अवस्था अन्यत्र सिर्जना होला र ?

वर्तमानमा बाँच्नु पर्छ । वर्तमानसंग घनिष्टता छ । भूत भिविष्य त समय कटाउने, मनोरञ्जनका र फुर्सदमा सम्झनाले डोर्‍याउने विषय पो त । आफू आफ्नालागि बाँचेको भन्नेसम्म ज्ञान पनि पलाएन त ? असलमा आफू आफ्ना लागि नै जन्मेको- यद्यपि थाहा पत्ता नपाइए तापनि आफ्ना लागि नै बाँचेको र आफ्नै लागि नाचेको पनि ।

छट्टूको संसार भैदिन पुग्यो छट्टेलका हातमा शासनको बागडोर परे उप्रान्त । अनि पराजयी अवस्थाका अप्ठ्यारामा संघर्ष गर्न बुता नपुग्ने र मेसो नपाउने सज्जनको साधुशील स्वभाव र विचारले शास्त्रको रचना गर्न थाले जसले आम जनतालाई विश्वासमा बाँधेर डोर्‍याइरहेछ, डोर्‍याइरहेछ । छट्टेल शासकलाई प्रत्यक्ष भन्न सक्ने अब स्थान भएन, शक्तिको मारबाट बाँच्न कुरा घुमाउनु पर्‍यो । स्वर्गको सुखको वर्णन गर्नुपर्‍यो, छद्मनामले विचार व्यक्त गर्नुपर्‍यो, पक्राउ पर्‍यो भने मृत्युदण्ड भोग्नु पर्‍यो- शक्तिमा खलबल पारेको ढुंगा खलबल्याएको अपराध भनेर ।

वास्तवमा सरासर सरासर आफूखुशी चलिरहेको संसारलाई, सुरक्षित र सुव्यवस्थित गराउने भन्ने कथित नामले छट्टेलहरूले एकछत्र डकैती सफल भए उप्रान्त शासन व्यवस्था भनेर मनलाग्दो परिपाटी बसाले । त्यो परिपाटी लाटा, सोझा, निमुखा आमजनताले मंजुर गर्नुपर्‍यो, आफ्नो इच्छा र अकांक्षालाई तिलाञ्जलि दिएर । यसै चक्करमा हामी स्वउपकार गर्न असमर्थ, परोपकारमा लाग्न रुचाउँछौं । अब गफ नगरौं ।

२०४७।४।८।५

□□

रहरको घुइँचो

मलाई धेरै धेरै रहर लाग्छ। मलाई जति रहर लाग्ने सायदै अर्को कुनै व्यक्ति होला। तर मेरो रहर रहरसंगै खेल्छ र खेल्दा खेल्दै थाकेर निदाउन पुग्छ। जेमा पनि रहर लाग्छ, जेको पनि रहर लाग्छ। एउटा पनि रहर पुगेको छैन, अर्को रहर आइहाल्छ, लागिहाल्छ। रहरको पालो कहिले र कसरी पुऱ्याउने ? र उसको रउस पुगोस् न रहर मेटियोस्। रहर किन लागेको ? रहर लाग्नुपर्ने कारण के हो ? मैले यसको पत्ता पाउन सकिरहेको छैन। तर रहर भने लाग्छ लाग्छ। व्यक्तिलाई रहर लाग्नुपर्ने कारण खोजेर पत्ता लागाउनु पर्ला।

मलाई रहर लागेको, झापा घैलाडुबा-६ मा एउटा छापाकल (प्रेस) राख्न। प्रेस मेसिन कहाँ पाइन्छ ? कति पर्ला ? मलाई ज्ञान छैन। २००७ सालमा श्री महानन्द गुरुजीका प्रेरणाले कलकत्ताबाट कम्पनी रु. २०,०००।- (बीस हजार) मा एउटा प्रेस भद्रपुरमा ल्याइएको थियो। पूर्वाञ्चल प्रेस नामले स्थापित भयो। सामयिक सरकारका बेला ल्याइएको पछि विश्वेश्वर बाबुका आदेशले नेपाली कांग्रेसलाई दिइयो। त्यसपछि नेपाली कांग्रेससंग पनि नाता नसंप्रेकोले नेपाली भाषा प्रचारक संघ करफोक इलामलाई दान गरियो- कांग्रेस कमिटीद्वारा। त्यसपछि शनिश्चरेमा ढकाल बन्धुहरूले लैजानु भए जस्तो लाग्छ- करफोककै खातिर। त्यसपछि त्यो प्रेस कता दगुऱ्यो पत्ता छैन। त्यो सार्वजनिक सम्पत्तिहो सरकारवादी भई खोजी हुनुपर्छ। सामाजिक सम्पत्ति, शिक्षण संस्थाको आयस्ता बिर्ता पाए जस्तै गरेर खाने, आफ्नो पार्ने चलन, चल्ती-फिर्तीमा बराबर आउन रुचाएको देखिन्छ। यस्तो चलनलाई कारागारमा पठाउने वातावरण तैयार गर्नु पर्ने भयो। हेडमास्टरको पगरी गुथ्नेले २०/४० हजारको शिक्षण संस्थाको रकम नखाएको बिरलै पाइएला। मेरो रहर दगुरेर हेडमाष्टरका टाउकामा ठक्कर खान पुगेछ। रहरको आदत पनि अनौठो नै हुँदो रहेछ।   आज हिजोको दरभाउ मंहगीमा एउटा हैन्डप्रेस भा.रु. ८०/९० हजारसम्ममा त पाइनुपर्ने। ल्याउन र स्थापित गर्न, जसका लागि घरद्वार चाहियो र अनि कार्य सञ्चालनमा सुरुमा अलिकति पुँजी पनि चाहिने मात्र हो। जसकालागि कमसेकम नेपाली रुपियाँ १ लाखदेखि २ लाखसम्म चाहिने गर्ला कि ? यो मेरो पाखे आडकल; प्रेसवालासंग बुझ्दा पनि अलि स्पष्ट त बुझ्न सकिंदो हो। मनको लहड कागतमा कुद्यो। कार्यान्वयन हुन त काल्पनिक संसारमा मात्रै सरल होला। म यसैगरी बराबर बराबर मेरो रहरलाई वर ल्याउने र पर पुऱ्याउने गर्छु, रहर थाकेर भुसुकक निदाइहाल्छ, अनि म फुर्सद।

२०४७।४।२१।१

□□

मानव स्वभाव

मानव स्वभाव लुक्न चाँहदैन, देखिन चाहन्छ। आफू त जन्मेपछि सबैले नै देख्छन्। पृथ्वीमा पैदा भएपछि नदेख्ने नदेखिने भन्ने कुरो गौण हुन जान्छ। जसका आँखा छन् उसले देख्छ देख्छ। धेरै पटक देख्नु र थोरै पटक देख्नुको भेद हुन सक्ला तर, अवश्य देखिन्छ। स्वभावगत कुनै व्यक्ति नदेखिन रुचाउने पनि हुँदो हो। त्यस्तो बहुत कम यदाकदा सुन्नसम्म पार्नेन गर्दो हो ।

यो, मनुष्यले आफू धेरै देखिन खोज्ने प्रवृत्ति केले पैदा गराउँछ ? साधारणतया व्यक्ति चाड-बाड, काज कल्याण, विहाबारी, कथा, पुराण आदि उत्सवीय पर्वमा एकत्र हुने गर्छन्। त्यहाँ नयाँ नयाँ चेहराको प्रदर्शनी नै हुन्छ। प्रदर्शन गर्नु र प्रदर्शित हुनु दुवै कुरा पाइन्छ। सायद त्यसैले कुतुहल पैदा गर्छ क्यार। विचारका आदान प्रदानले पनि जमघटमा मौका भेट्टाउन सुगम पर्ने गर्दो हो। एक्लै बसिरहन नचाहने मानव स्वभाव परिबन्दमा परेर गृहबन्धनले जेलिंदा बाध्य भएर परिवार थेग्ने काममा प्रायः एक्लै जस्तै बन्नु पर्ने हुन्छ। जमघटमा रम्ने मौका उसका लागि मनोरञ्जनको साधन नै भैदिने गर्छ। जीवन धान्न धौ धौ पर्ने अवस्थाको व्यक्ति पनि लाज गाल सामाजिक बन्धनले डोऱ्याएको अनुभव नगर्दा नगर्दै पनि उत्सवीय पर्वमा सामेल हुन पुग्ने गर्छ। उसले यदि सम्पन्नता हात लगाउन भेट्टायो भने त उसले आफ्नो चेहराको प्रदर्शनले मात्र सन्तुष्टि लिएर बस्न रुचाउंन छाड्छ र उसको नामको प्रदर्शन गर्ने लालसा भित्र पनि ऊ मुछिन पुग्छ। आफू धेरै देखिन खोज्ने प्रवृत्ति भित्र त्यो लालसा पनि पार्न जान्छ। जीवन निर्वाह गर्न चाहिनेभन्दा बढी आवश्यकताको ऊ महसुस गर्न थाल्छ। जीवनमा आवश्यकताको सीमा साँध छैन। मेरो लठेप्रो सोचाईमा आफू देखिंन खोज्नु, प्रदर्शित हुन चाहनु, आफू प्रदर्शित भए उप्रान्त आफ्नो नाम उफार्न खोज्नु आदि बानी बेहोराले राइफाँडो मच्चाउने, दाँही गर्ने, रजाईं गर्ने प्रकृतिको जन्मदिन्छ जस्तो लाग्यो। मेरो निष्कर्ष सबैलाई ठीक नलाग्न सक्छ। आज यति नै।

२०४७।४।१०।४।

□□

मेरो कलम

मेरो हातको कलमद्वारा सरसता कम मात्रामा प्रदान हुने गर्छ जस्तो म महसुस गर्छु । सरलता त पाइने गर्दो हो । लामो परिवेशको चित्रण गर्ने कार्य मेरो कलमले गर्न नभ्याउने गर्छ क्यार । समाजकाे बनौट बाच्ने पद्धतिमा आइपर्ने असजिला पाटाहरू चरित्रिक अवधारणा आदि मूर्त्याउने कलाले मलाई त्यति मन पराए जस्तो लाग्दैन । इच्छा भने लेख्ने काममा मद्दत गर्न सदा तम्सिने गर्छिन् । तर आशाले त्यति वर्ता रुचाए जस्तो लाग्दैन इच्छालाई । म मेरो यति धेरै परिवार भैकन पनि एक्लो व्यक्ति । परिवारको मेलो मेसो एकापट्टी आफ्नो सुरसार अर्कापट्टी । विचारले साथ दिएन यदि भने गजमौरो, गञ्जागोल जमात भित्र बसे पनि आफू एक्लाको एक्लै ।

आफ्नो विचारको परिधि फराकिलो पारेर चिन्तन अघि बढाउने क्रममा भने एक्लो जीवन र एकान्तपना धेरै लाभदायक ठहर्न जाला । तर मेरो चिन्तनले वर्तमान समाजलाई काम नदेला । सोच्न त समाज कल्याणकै लागि भनेर सोचिने गर्छ । तर मेरो सोचाईलाई अव्यवहारिक भन्ने विशेषण जड्ने गरिन्छ । परिवर्तन ल्याइनु भनेको चलनचल्तीको व्यवहारभित्र हार लागेर उभिन नसक्ने परिपटी नै हुनेगर्छ । परिवर्तित अवस्थाको कल्पना गरिन्छ । उसले समाजलाई के कति फाइदा पुग्न सक्ला ? त्यसको अनुमान गरिन्छ । यस्तै अनुमानको भरमा अनुभव प्राप्त गर्न पनि सकिन्छ । कार्यान्वयन गर्न नसकिने चिन्तन कल्पना भएर रहने गर्छ । पराजयी समाजका चिन्तकको विचार अलपत्र परेर नै बस्ने गर्छ- क्रान्तिकारी परिर्वतन नआएसम्म । क्रान्तिकारी परिवर्तन भन्ने कुरा हरहिसाब भित्र पर्न सक्तैन । समय, अवस्था र परिस्थितिका चपेटामा पर्ने खण्ड आउँदा धेरै परिवर्तनहरू हुने गर्दछन् । उपाय पत्ता लाउन नसकेर लामो अवधिसम्म मुलतवि रहने गरेका समस्याहरू जनआन्दोलनका समयमा आफ आफैं हल भएको सहसुस गर्न सकिन्छ । बुद्धि र विवेकले साथ नदिएको लेख झाराको खेतालो बन्ने गर्छ । आज पनि नागा परिएन । हाजीर भैएन त । अरू भोलि ।

२०४७।४।१०।४।

अरूलाई सुख सुविधा पुऱ्याउने मानव

आफूले दुःख खेपेर अरूलाई सुख सुविधा पुऱ्याउने प्रयासमा निरन्तर लागिरहने मानव समुदाय तपाईले देख्नुभएको छ ? भनेर मलाई प्रश्न गर्न मन लाग्यो । यस्ता कुराको प्रतिउत्तर तपाईंबाट यथाशीघ्र पाउने आशालाई पर्खेर म कुरिरहुँ ? यो प्रश्न कतिबेर तपाईका हात पर्ला ? र अनि यस्ता कुराको जवाफ फर्काउन तपाईंलाई कहिले मनभित्र चासो लागेर आउला ? ......

प्रतिक्षाले काम नदिने संझें र म यसो लेख्न थाले । मेरा नजरमा त शतप्रतिशत मानव समूदाय आफूले खाई नखाई पटुका कम्बरमा बलियो कसेर भोकलाई उचालिन नदिएर अर्केका लागि सिर्फ अर्काकै लागि रात दिन मरिमेटेर दुःख गरिरहेछन् गरिरहेछन् । किन यति साह्रो दुःख खेपेको ? उसलाई पत्तो छैन । उसले जानेको यत्ति छ कि उसले मेहनत गरेर केही कामाउनुछ, केही जोड्नुछ । कसका लागि ? उसलाई सोध्यो भने उसले बताउन नसक्ला । तर ऊ रात दिन खटिरहेछ, खटिरहेछ । पसिनाका बलिन्द्रधारा नाकका डाँडीबाट ओरालो लाएर ऊ काम गर्छ । एक दिन विश्राम लिन पनि उसलाई फुर्सद छैन । सधैंको हतार, सधैंको कामको चपेटा । यो कस्तो जिन्दगी हो ? किन ऊ मरिमेट्न खोज्छ ? यस्तो कठोर परिश्रमको फलको उसले कस्तो आशालाई अँगालेको होला ? रमिता हेर्नेलाई के पत्ता ? तर, म झलझली आँखाले देखिरहेछु, प्रकृतिमाताले यस्तो खेल रचेर मानव समूदायलाई काममा जोताएको खेल्न लगाएको छ, उसले अत्तोपत्तो पाउँदैन र ऊ ज्यूज्यानले भेटेसम्म मेहनत गरेर सृष्टिचक्र धुमाउन तल्लीन भैरहेछ, भैरहेछ । लालाबालाका निम्ति उसले सोच्ने फूर्सद पनि पाएको छैन, थाहा नपाई ऊ बन्धनमा परिसक्यो । अब ऊ उम्किन सक्तैन पारिवारिक जीवनले यसरी कज्याउँछ व्यक्तिलाई अब भो ।

२०४७।४।७।१।

छ र छैनको बेठेगान

म आज लेख्न बसेको प्रायः ३ घण्टा भैसक्न लाग्यो । यतिखेर बल्ल कागत कोर्न लागें । मनले अठोट गर्न सक्न छाड्यो क्यार । कुरा सबै बेपत्ता । लेखनलाई त कुरा पो आउने गर्नुपर्छ त । कागतमा कुरा टाँसेर बोल्न लगाउनु पर्ने । कुरा नै नआएपछि केलाई सम्बोधन गर्नु ? केलाई बोल्लाउनु ? छ भने छ को बोलिबिस्तार लाउनु पर्छ, छैन भने छैनको । छ र छैनको निर्णय हुन नसकेपछि बेलिबिस्तार नै टुङ्गिएन अब ? म सोच्ने गर्छु- समाजका होची अर्गेली, उच्चो, निच्चो, पुग नपुग, दुःख सुख, गरीबीको रेखा, रेखा मुनि र माथि बस्ने बन्धु बान्धवहरू धनाढ्य, नव धनाढ्य, जागिरको होडबाजी, विद्यार्थीको भरमार घुइँचो, शिक्षकहरूको तानातान, शिक्षित बेरोजगार भन्ने वाक्यले थातबास पाउन लागेको, राजनीतिका महलहरू धमाधम थपिन लागेका, गरीबका नाउँले भाउ बिक्री पाउने गरेको यी र यस्तै यस्ता कुरा बोकेर मेरो मनले मलाई सुनाउनेगर्छ । यो पनि मेरो सोचाई हो र ? मनले मलाई सुनाएका कुरा पो त । यतिबेला मेरा जहान परिवार अनेत्रै सरे जस्तो छ- रमिता हेर्न । मात्र लेखनीले मलाई मद्दत गरेकी छन् । मनले सुनाएका कुरा पर्गेल्न र प्रत्युत्तर दिन मैले सकिन । इच्छा, आकांक्षा, आशा, उत्साह आदि सबैले साथ दिने गरे कस्तो रमाइलो हुने थियो । तर, के गर्नु ? आफू त एक्लो वृहस्पति, झारा तिर्न आएको, तिरियो होला अब नलोखौं ल । इति ।

२०४७।४।८।२।

□□

लेख्ने कला

व्यक्तिले आफ्नो विचार व्यक्त गर्नुपर्ने आफ्ना निम्ति हो कि अरूका निम्ति ? यो मैले ठम्याउन सकिन । सर्वप्रथम त आफूले आफ्ना निम्तिमा नै आफ्नो विचारलाई मनमा खेलाउने गरिन्छ । त्यो विचार आफूलाई ठीक जस्तो लाग्यो भने भोलि बिर्सिएला भनेर लिपिबद्ध गर्न मन लाग्छ । त्यसरी लिपिबद्ध गरिएकोलाई भविष्यसम्म आफूले हेर्न, दोहोऱ्याउन, ठीक, बेठीक के छ ? जाच्न पनि पाइँने भयो । अरू त नजर परे रुचिकर ठहरे अर्कालाई पनि हेर्ने मन बहलाउनसम्म त काम लाग्ने नै भयो । यसकारण व्यक्त गरिएका विचारहरू आफ्ना र अरूका सबैका लागि काम लाग्ने नै रहेछ भन्ने निष्कर्षमा पुगियो ।

म प्रतिदिन एक दुई पेज लेख्ने गर्छु- जाँगर चलेका दिन । जतिबेला मनमा जे जस्तो सुर आउछ त्यति बेला त्यस्तै कुराको टिपोट गर्ने गर्छु । भोलि काम लाग्छ लाग्दैन ? भन्ने कुरा सोच्नेपटी म लाग्दिन । लेख्नुचाहिं अनिवार्य जस्तो म ठान्ने गर्छु । अनिवार्य ठानेर लेख्ने गर्छु भन्न पनि पत्यारपर्दो हुन आउँदैन । किनभने एक वर्षका ३६५ दिनमा त्यसको आधा समयलाई पनि आजसम्म मेरो कलमले छुन भ्याइरहेको छैन । मनमा भने लगातार निरन्तर यी दुईटा शब्दलाई बराबर संझने गर्छु- भक्तले इष्ट देवाताको नाम जपे जस्तो । अनि समाजमा घटेका घटनाक्रमको वा परिस्थितिको विवरणात्मक लेख भने मैले सायद आजसम्म जोड्न सकेको छैन क्यार । मनमा त आउँछ- कुनै कथा लेखू, कहानी लेखू, निबन्ध बाधौं तर मनको भावना मात्रै । एक पेजभन्दा बढी थोरै मात्रामा मात्र लेखेको याद आउँछ । कुरा भने मनमा रातभरि, दिनभरि आइरहन्छन्, आइरहन्छन् । तिनै कुरा खुरु खुरु सार्न कस्तो नसकेको ? विचारलाई लेख्ने कलाले नपछ्याएको हो क्यार । आज यति नै ।

२०४७।४।५।६।

□□

"पाप धर्म"का कुरा

धर्मशास्त्रको चर्चा जताततै ज्यादै सुन्न पाइन्छ । तर मैले आजसम्म कुनै र कस्तै प्रसंगमा पनि 'पाप' शास्त्रको नाम सुन्ने मौका पाएको रहेनछु । यदि पाप नभइदिएको भए सायद धर्मको जन्म हुने पनि थियो कि थिएन ? म खुट्याएर भन्न सक्दिन । मलाई लाग्छ 'पाप' जेठो हो, त्यसपछिको रोलक्रमले मात्र धर्मको अवतार भएको हुनसक्छ । अतः 'पाप' जेठो हो, जानिफकार पनि हो । त्यसकारण धर्मले आफ्नो जेठो दाज्यू पापका चरणमा शरण पर्नुपर्छ क्यार पहिले । अनि पछि त क्रमशः धर्मले पनि रोल भेट्टाउँदै लैजाला तर कहिले पनि कुनै हालतमा पनि धर्मले आफ्नो सहोदर दाज्यू पापलाई बिर्सन हुन्न र बिर्सदैन पनि । यो पाप र धर्म सम्वन्धी गाँठी कुरा हो । पाप बडो लचिलो गिलो छ जता फर्क्यो त्यतै लागिहाल्छ । धर्म त्यति गोलो फितलो छैन । पापका झैं धर्म जतासुकै लाग्दैन, टाँसिदैन । धर्म बडो कडा हुन्छ साह्रो हुन्छ । धर्म ज्यादै कठोर हुने गर्छ । वास्तवमा त धर्म त्यति कडा नहुनु पर्ने र बरू पाप पो कडा हुन पर्ने तर, त्यसो भैदिदैन । उल्टो गति चल्छ । यी 'पाप' र 'धर्म' भन्ने दुवै दाज्यु-भाइ नर्क र स्वर्ग देखाउने अगुवाहरू हुन् क्यार । न नर्क सकिन्छ, न त स्वर्ग नै देखिन्छ न पाप मासिन्छ, न त धर्म नै मासिन्छ । आ-आफ्ना समाजका अवधारणाका गतिविधि समाजसंगै मौलाउने, फैलाउने र ओइलाउने, खुइलिने गर्छन् । आजको झारा तिरिएन त । अरू भोलिपर्सि ।

२०४७।४।६।७

□□

अर्घेलो को ?

समाज अर्घेलो हो कि म अर्घेलो हुँ ? मैले ठम्याउँन सकिन । समाजमा चलेका चलन चाँजाहरू ज्यादै अनावश्यक जस्तो लग्न थाल्यो- कतिपय चलन चाहिँ । बाबु-आमा, दाजु-भाइ इत्यादि नातेदारले कलेवर बदल्यो । त्यो आफ्नो प्यारो सम्वन्धी व्यक्ति, श्रद्धा-पूजा गर्ने गरी आएको उसको प्राणले राम्रोसंग विदा लिई सकेको छ कि छैन, तात्तातै घाटमा पुऱ्याउँछौं । अब फेरी उसलाई कहाँ भेट्टाउनु ? मृत शरीरलाई कमसेकम ७२ घण्टासम्म इष्टमित्र नातेदार सबैले मुख हेर्ने मौका पाउन् भन्न खातिर लाश रुँगेर राखिछाड्नु उपयुक्त होला जस्तो म ठहऱ्याउँछु । मुखसम्म देख्न पनि पाइएन भन्ने पछुतो रहन्छ- मुख देख्न नपाउनेलाई अन्त्य अवस्थमा । मृतकको मुख देख्न नपाएर डाँको छोडेर रूवाबासी गरेको हामीले प्रसस्त देखेका छौं । मृतकको मुख अन्त्यमा धीत मरूञ्जेल सबैले हेरुन् भन्ने दयाभाव हामीमा कस्तो नपाइएको ? तीन रात संगै रुँगेर राख्ता के विपरित परिहाल्दो हो त ? कहिले मर्ला र हत्त पत्त फालुँला भने झैं हतार किन लागेको ? सबै त मरिन्छ नै एक दिन । यस्तो अकाट्य सत्य फेरि कहिले भेट्टाउनु त्यो मृत व्यक्तिले । र त्यस्तो राम्रो मानव शरीर प्रकृतिका रचनामध्ये सर्वश्रेष्ठ भनेर सम्बोधन गर्ने गरिआएको तनलाई जस्ताको तस्तै रहन दिनु परम कर्तव्य र परम धर्म हो भन्ने म अठोट गर्छु । जुन कुरा बनाउन सकिदैन त्यो बिगार्नाले पाप लाग्छ भन्न मन लाग्छ । त्यस्तो सुन्दर कलेवर प्रकृतिका नियमै संग गाज्दै जान्छ वा रहिरहन्छ ? प्रकृतिका नै जिम्मा दिएर राख्नु पर्ने । मिश्र देशमा ६००० वर्ष पुराना परिमीडवाट जस्ताको तस्तै ममी (मानव शरीर) अहिले पनि निस्कने गरेको खबर सञ्चार माध्यमले बताउँछ । हामी चाहिँ हत्तपत्त तात्तातै आगो लगाएर भष्मीभूत गराएर र चीहिसमेत पखालेर काँडाको बार लगाएर घर फिर्छौं - हामीले कर्तव्य पूरा गरेको रे झारा टारेर । धन्य मानव बुद्धि ! इति ।

ता. १४ जुलाई १९९० ई.

□□

"कथापरायण" का कुरा

मन्दिरमा वितक कथा पारायण हुँदैछ २०४७।३।२९।६ तदनुसार ०४७ श्रावण कृष्ण पञ्चमीदेखि । म नित्य श्रवणार्थ उपस्थित रहन्छु- मन्दिरमा कथा चालु रहेसम्म । श्री धनीदेव चन्दजी, श्री मेहराज ठाकुर- श्री प्राणनाथजीको जीवन गाथासंग संलग्न श्री कृष्ण प्रणामी धर्मको इतिहास । जन्मवृतान्त, खोजतलास नियम, संयम, निष्ठाबन्ध, धर्मको मूल तत्व, धर्म प्रचार प्रसारमा आइपरेका कठिनाइ आदि, इत्यादि विवेचनापूर्ण रोचक वर्णन सुन्न पाइन्छ । यदि पुस्तकमा अंकित वर्णनको सटिक व्याख्या भैदिन सकेका खण्डमा । तिथि मिति समेतको यात्रा वर्णन,यात्रामा जागनीको क्रम, खण्डन मण्डन प्रवाह ज्यादै रोचक र ज्ञान आर्जन गर्न पनि, भक्ति बढाउन पनि अलग अलग श्रोताका धारणानुरूप वर्णन गरिएका श्री लालदास महाराजका सुमधुर वाणीमा उर्दूशब्द ज्यादा मिसिएका हुनाले बुझ्न भने अलि कठिन पर्छ- उर्दू भाषाको ज्ञान नहुने श्रोतालाई । तर पनि धार्मिक इतिहास,ग्रन्थ यसरी समय क्रम मिलाएर तिथि, मिति, बार अझ घडी पला समेत तोकेर लेखिएको यस्तो ग्रन्थ बिरलै पाइएला । राम्रो बुझ्न कोसिस गरेर अध्ययन मनन गर्ने गर्‍यो भने प्रणामी धर्म के का लागि र किन सुरु भएछ ? अनि उसको दर्शनले औंल्याएको विषय वस्तु के हो ? भन्ने कुरा सजिलोसंग बुझ्न बुझाउन मद्दत पुग्नेछ । तर अपशोचको कुरा त के भैदिएको छ भने कथा वाचक पण्डितजीहरूले लेखको विचारलाई आफ्नो पक्कडमा ल्याउन नसेकर आफैं अलमल्ल परेका अवस्थामा कथावाचक पण्डितजीहरूले लेखकको विचारलाई आफ्नो पकडमा ल्याउन नसकेर आफैं अलमल्ल परेका अवस्थामा कथा वाचन चालु राख्नु पर्दा पुस्तक बाहिर गएर नाना प्रकारका मनकथाहरूको व्यख्याले सिधा सादा भक्त गणमा रोचकता पैदा गर्न प्रयास गरिन्छ । मनकथा प्राय: दन्त्य कथामा आधारित हुन्छ । इति ।

२०४७।४।१।२

प्रणामी धर्मका १२ मेला

आज २०४७ साल अषाढ २८ गते वृहस्पतिवार । तदनुसार श्रावण कृष्ण चौथी तिथि, श्री मेहेराज ठाकुर (श्री प्राणनाथजी) को धाम गमनको २९७ औं तिथि हो र साल १६७५ ले ३७३ रौं जयन्ती पनि हो । जयन्ती जन्म तिथिका आधारमा मनाउनु पर्ने । जन्म तिथि सायद भाद्र शुक्ल चर्तुदशी हो कि ? जयन्ती मनाउनेभन्दा निधन तिथिलाई प्राथमिकता दिने चलन चल्तीमा आए जस्तो छ ।

श्री कृष्ण प्रणामी धर्ममा वर्षका १२ मेला प्रख्यात छन् भनेर अघि अघि भन्ने गरेको सुन्न पाइन्थ्यो । अब ती १२ मेला (पर्व) को नाम सुन्न पाइन छाड्यो । सोझै कण्ठस्थ वा मुखस्थ आउन पनि छाड्यो । सांस्कृतिक परम्पराले जीवित राख्ने गर्छ-कुनै पनि पद्धतिको समाजलाई । सामाजिक रीतिरिवाज, चलन चाँजोहरूले बचाई राख्ने गर्छ त्यो समाजलाई । ती रीतिरिवाज, मेला, पर्व, उत्सव आदि हामीले बिर्संदै गयौं क्यार ।

अध्यात्मित्क दर्शनको मूलमा जीवनसंग सम्बन्ध कम भएर मृत्यु पश्चातको जीवनका परिकल्पनाले ओतप्रोत भएको पाइने गर्छ । प्राणी बाँच्न चाहन्छ । बाँच्नुसँग, बाचुञ्जेलको जीवनसँग बाँच्ने क्रममा अध्यात्मवादले कतिसम्म मद्दत गरेको छ ? यो कुरा राम्रोसंग केलाएर परगेल्नु पर्ने हुन्छ । प्रत्यक्ष जीवन र जगतसंगको सम्बन्ध अध्यात्मवादमा विद्यमान भए तापनि बाचुनज्यालको भन्दा मृत्यु पश्चातको जीवनसंग घनिष्टता बढाउने गरेको हुनाले जगतमा बाँच्न चाहेने युवा समूहले अध्यात्मवादतिर चाख नबढाएको प्रतीत हुन आउँछ ।

शान्ति र सुव्यवस्था ल्याउन, भाइचाराको नाता बढाउन, हिंसात्मक प्रवृत्ति नरूचाएर अहिंसामा विश्वास राख्न, सात्विक प्रकृतिमा जीवन धान्न अध्यात्मवादले नसिकाएको होइन । साधुशीलता बढाउन प्रशस्त मद्दत गरेको छ- अध्यात्मवादले । तर, साधु र सज्जनको मात्र पेवा संसार होइन । धूर्त, दुर्जन र छट्टूको पनि बासस्थान यहि नै हो । साधुको सज्जनताको मौका छोपेर धूर्त, छट्टू र दुर्जनले जीविकाका साधन एकलौटी पारेर लगिहाल्छ । साधु सज्जन हरैको हरेकै खालिहात लिएर भोकै बस्न बाध्य र विवश भै हाल्छन् । अनि साधुशीलता भनेको त छट्टूलाई मौका छोप्न दिने बाटो पो बन्दोरहेछ । त्यसकारण आँखा खुलेको युवा समुह अध्यात्मवादका पछिलाग्न छाड्यो र यथार्थतिर लम्किरहेछ, आजभोलि ।

२०४७।३।२८।५।

युवा अवस्था र जोश

युवा अवस्थामा जोश प्रशस्त आउँछ । युवा समूहमा जोश आउनु परम आवश्यक पनि हो । युवक युवतीमा जोश आएन भने संसारचक्र कसरी घुम्न सक्छ र ? संसारचक्र चालु गराई राख्ने उत्तरदायित्व युवक युवतीकै काँधमा त सुम्पिएको छ- प्रकृति माताले । प्रकृतिको बगैंचा सुरम्य गराएर खुस्बूदार फूलको झिलिमिली सजावटका लागि युवक युवती नभएर अर्को कस्तो माली भेटिएला र ? यो सबै तारतम्य मिलाएर मनमोहक सृष्टि गर्ने अभिभारा युवा समूहमा जिम्मा लगाएर आफू अलग्ग भै रमिता हेर्न लाग्नु भएको भान हुन्छ- माता प्रकृतिले ।

तर, एउटा कुरा यहाँनेर थप्न मन लाग्यो मलाई । जोशिला युवक युवतीहरू, होश भने अलि पर पन्साएर जोशका साथमा पाशविक बल पनि थपथाप पारेर अघि बढ्ने प्रयासमा द्वन्द्वयुद्धले प्रश्रय पाउने गरेको यदाकदा देख्न वा सुन्न पाइनुले मानव सभ्यतालाई बिर्सन पुगे जस्तो महसुस गर्न बाध्य हुनुपर्दो रहेछ ।

निरंकुशतालाई परास्त गर्न त संघर्षको आवश्यकता परेकै देखिन्छ तर, कहाँनेर संघर्षरत हुनुपर्ने ? कहाँनेर शान्तिप्रियताको वार्तालाप गर्नुपर्ने ? यो भेद छुट्याउन र खुट्याउन नसक्दा बाटो अलमिलएर, संघर्षमा बानी परेका युवा समूह पुनः पुनः संघर्षमा दिलचस्पि राखेर अघि बढ्न तमतमाएको र जमजमाएकको देख्न पाइने गर्छ । नेतागिरी गर्न जोसुकैले सक्तैन । नेताको नेतृत्व विना जोशमा उर्लेको युवा समूह चुपलागेर बस्न नसक्नु स्वाभाविक पनि हो । युवा समूहमा स्वाभाविक जोश बाहेक राजनैतिक जोश भरिने गर्छ- राजकाज चलाउने दृष्टिकोण राखेर राजनैतिक पार्टीद्वारा । त्यस्तो जोश नेतृत्व विहिन भैदियो भने नसोचेको र कल्पना नगरिएका परिस्थितिहरू सिर्जना भएर समाज लथालिङ्ग भएको पनि देख्न सुन्नं पाइने गर्दो रहेछ । अतः नेताले नतृत्वको संचालन गर्दा मिलिटरी पाराले जत्था जत्था बनाएर हाँक्नु पर्ने जस्तो लाग्यो । अफिसर बिनाको फौज, भाँड भैलो गर्न लाग्न नपावस् । इति ।

२०४७।३।२१।६।

□□

हाम्रो संस्कार र त्यसको प्रभाव

हाम्रो संस्कार ! हाम्रो मात्र होइन, मानव समूदायको संस्कार बालक कालमा जम्ने गर्छ । अझ हाम्रो पौराणिक गाथाले त 'गर्भाधान समयदेखि नै संस्कार जम्न थाल्छ' भनेर बताउने गरेको छ । मलाई उक्त कथन साँचो हो भन्ने लाग्छ । संस्कार जम्न सुरु हुन्छ मांशपिण्डले चेतना प्राप्त गर्न थालेपछि र जन्मेपछि त प्रत्यक्ष नै संस्कार जम्नमा बढी मद्दत गर्छ । यो कुरा सायद निर्विवाद नै हुन सक्ला । तर, प्रश्न खडा गर्न इच्छालाई काउकुती लागेर आउँछ । संस्कार के हो ? मलाई लाग्छ संस्कार भनेको परिष्कार हो । परिष्कार कुन अर्थमा ? मैला लागेकोलाई धुनु, सफा गर्नु परिष्कृत गरियो भन्न मिल्ला कि ? संस्कार र परिष्कारकको माने एउटै हुन सकोइन । संस्कार राम्रो पनि हुन सक्छ र नराम्रो पनि । अझ स्पष्ट बुझाउन बल गर्दा संस्कारलाई बानी भन्न पनि सकिन्छ कि ? बानी जस्तो पनि लाग्न सक्छ । वातावरण उपर निर्भर गर्छ । छरछिमेक, सरसंगत, चालचलन, उठबस, बोलचाल, हावभाव, सबैको आ-आफ्ना ढंगले प्रभाव पार्ने गर्छ- बालक बालिकामा । अनुकरण गर्ने स्वाभाव स्वतः पैदा भएको हुन्छ; प्रकृतिका नियमैले । ऊ जान्न चाहन्छ, सिक्न चाहन्छ । शिक्षा दिन कागज, कलम, मसी, स्लेट, पेन्सिल दिनुभन्दा उसका दिमागले टिप्न सक्ने वातावरण तयार गरिदिन सक्यो भने प्रशस्त ज्ञान आर्जन गर्न सक्षम हुने गर्छन्- बालक बालिकहरू र मलाई लाग्ने २/३ वर्षका उमेरदेखि नै बालक बालिकालाई खेलाउन एउटा कुशल प्रौढ शिक्षकको जरूरत पर्ने हुन्छ । सभ्य र सुसंस्कृत, परिश्रमी र लगनशील बनाउने गर्न । नानी खेलाउने बालबच्चा र स्याहारने शिक्षक शिक्षिका उपर पूर्ण जिम्मेवारी रहन्छ । कति बालक बालिकाहरू पछि गएर उच्च शिक्षामा पुग्छन र कति ब्याचलर बन्छन्, अनि कति म्याट्रिक पुग्न नसकेर तलै गर्खो लाग्छन् । मुख्य सोच्नु पर्ने यहिंनेर छ जेहनदार, होनहार व्यक्ति आफ्नो लक्षमा पुगिरहन्छ; मान, इज्जत, प्रतिष्ठा आदि कमाउँछ । बीचमा पुग्नेहरूले पनि साधारण आफ्नो जीविकाको बाटो जेन तेन परिल्याउन सक्छन् तर म्याट्रिकसम्म उत्तीर्ण हुन पनि नसक्नेले के गर्छ ? प्रतिशत निकाल्यो भने विद्यार्थी संख्याको १ प्रतिशत पनि उच्च शिक्षामा पुग्न सक्तैन । बीचमा पुग्नेहरू ३ प्रतिशतसम्म भन्न मिल्ला । बाँकी ९७ प्रतिशतको बाटो खोई जीवका चलाउने ? यसैकारण खास सोच्नु पर्ने नै त्यो ९७ प्रतिशतका लगि हो र ती अनुत्तीर्णका लागि सुरुदेखि नै श्रमसाध्य, सीपमुलक शिक्षा दिनु उपयोगी ठहर्ने छ ।

२०४७।३।२६।३।

□□

सम्पत्तिसम्बन्धी अधिकारका कुरा

जनताको सम्पत्तिमा हदबन्दी लगाउनुले प्रशासकीय दक्षतामा दिवालियापनको द्योतक प्रमाणित हुन जान्छ। प्रत्येक बन्देजले व्यक्ति विशेषको उत्साहमा ह्रास पैदा गराउँछ। प्रत्यक्ष बन्देज नलगाएर आफूखुसी सम्पत्तिको उपयोगिता र आर्जनको तरिका पत्ता लगाउने चेतना जनतामा भर्नु सरकारको काम हुनुपर्छ। यद्यपि कानुनको मर्यादा बाहिर गएर आर्जन गर्ने प्रणाली 'बढी कमाऊ' सिद्धान्तले ल्याउने गर्छ र गरिरहेको छ। त्यस्तो मनोभावनालाई बदल्ने परिपाटीको अर्थतन्त्र देशमा चाहिन्छ र वातावरण पनि त्यही अनुरूप तयार पारिनुपर्छ। प्रत्येक चीज वस्तुको अधिकार निरुपण गर्दा व्यक्ति विशेषले एकाधिकार लिन पाउने परिपाटी बन्नु हुन्न। व्यक्तिले स्वतन्त्ररूपले आर्जन र भोग गर्न पाउनु पर्छ- आफ्ना श्रम शक्तिका भरमा। अर्काका पसिनामा लालचा गर्नाले शान्तिलाई परदेश पठाउने काम हुन जान्छ। शान्ति बिना एक्लै बाच्न धेरै नै मुस्किल पर्ने हुन्छ। व्यवस्था मिलाउँदा व्यक्तिको अधिकार स्पष्टिने हुनुपर्छ। एकाधिकार चाहिने अवस्थामा जनाताको साझा फार्मद्वारा संचालन हुनुपर्छ। जसमा उतपादित वस्तु वितरण हुन सहुलियत मिल्न सकोस्, तानातान गर्नु नपरोस्। यति छोटो लेखाईमा स्पष्ट बुझाउन सकिने यो विषय होइन तापनि बाटो पहिल्याउन यतिले पनि केही मद्दत गर्ला नै।

२०४७।३।२७।४।

□□

लोभ केलाई भन्छन् ?

"लोभ पापस्य कारणम्" लोभ पापको कारण हो भनियो। लोभको अर्थ के हो ? लोभ केलाई भन्दछन् ? आफ्नो भन्ने गरिएको पदार्थ वस्तुको जतन जगेडा गर्नु लोभ हो कि होइन ? 'धेरै लोभ नगर' भन्ने चलन छ। धेरै लोभ नगर भन्दा थोरै लोभचाहिं भन्ने अर्थ लाग्छ। लोभ भनेको प्राप्त नभएको वस्तु प्राप्त गर्न खोज्नु हो ? अर्कालाई नदिएर आफैं मात्रै खानेलाई लोभी भन्ने चलन छ। पुगेसम्म बाँडीचुँडी खाने गर्दा लोभी विशेषण लाग्न आउँदैन क्यार। एक्लै नखाऊ, पुगेसम्म बाँडीचुँडी खाऊ। यो भनाइले व्यक्तिवादी व्यवस्थालाई पुष्टि गर्दैन क्यार। पुगेसम्म सबैले नै बाँडी चुँडी खानुले समाजवादी व्यवस्थातिर इङ्गित गर्छ जस्तो लाग्यो। तर, यी भनाइहरू समाजवादी देशका नभएर हामीले भोगिआएको हाम्रो आफ्नै देशको व्यक्तिवादी व्यवस्था भित्रका चलन चाँजाका कुरा हुन्। व्यक्तिवादी व्यवस्था भएका देशका यी भनाईहरू उदारताको भावना व्यक्त्याउने गरे जस्तो पनि लाग्यो। उदारता भन्नु अनुदारता भित्रैको एउटा पक्ष मात्र हो। समाजवाद भन्नु र व्यक्तिवाद भन्नुमा धेरै लामो अन्तर छ जस्तो मलाई लाग्ने गर्छ। हुन त मैले न त समाजवाद नै बुझेको छु न त व्यक्तिवाद नै। मेरो अफ्नो मनोगीताले बताउने गरेको व्यक्तिवाद पनि समाजवाद पनि, अलग्गै मेरै ढंगको मैले महसुंस गर्ने गरेको छु। शास्त्रीयवाद र विवाद मलाई आउँदैन। लोभको मैले टुंगो लगाउन सकिरहेको छैन। जीविकाको चाँजो सबैका सबैले मिलाउन सुगम पर्ने देशको अर्थतन्त्र भैदिएपछि मात्र कुरा बुझ्न सजिलो पर्छ क्यार। खुलारूपमा स्पष्ट बोल्न मुखमा तगारो लागेको अवस्थाका भनाइहरू हुन् क्यार, सजिलो पाराले कुरा बुझ्न बुझाउन सकिएन। धेरै अंशमा त आफ्नो ज्ञानको कमीले पनि यसो भएको हुन सक्ला

२०४७।३।२२।६।

□□

सम्पन्न घरद्वार

छरछिमेकमा धेरै गरीबै गरीब छन् । त्यसमा एउटा अलि सम्पन्न घरद्वार छ । त्यो सम्पन्न बन्नुमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा ती छिमेकी गरीब कै प्रमुख हात रहेको छ तापनि देशको अर्थतन्त्र व्यवस्थित पार्ने भनिने नीति कानुनले पनि सम्पन्नता हासिल गर्न ठूलो मद्दत गरेको हुन्छ । आफैंले त्यो दिशातर्फ सम्पन्ता सिर्जने लक्ष लिएर त्यसका ताकमा सम्पन्नता हासिल गर्न चाहने व्यक्तिले गरेको परिश्रमको फल त घरद्वार सम्पन्नताले बताइरहेकै छ ।

मनमा कुन जोश र उत्साह पलाएर गरीबै गरीब गाउँको एउटा व्यक्तिले सम्पन्नता प्राप्त गर्ने प्रयास गऱ्यो । प्रयास गरे मुताविक सम्पन्नता पनि हासिल गऱ्यो । ऊ निरन्तर परिश्रम गर्दो हो, कानुनी चाल पनि चल्दो हो । उसले हर तरहले सुसम्पन्नता भित्र्यायो । दुःख पाउने धेरैको चित्त नबुझे पनि उसका घर जहानको चित्त बुझेकै थियो । तर उसले छोराछोरी पढाउन भने सकेको थिएन । छोराछोरी केही काम नगरी भात खान पाउँथे । गाउँका गरीबका छोराछोरीका सामु सम्पन्नताको प्रदर्शन गरेर आफू सुखी भएको अनुभव गर्थे । क्रमशः गरीबले नै घेरिइरहने सम्पन्न बालक बालिकाले दुःख बुझेनन् र काम गर्ने बानी बसालेनन् । बाबु आमा परलोक भएपछि मात्र वरपर हिंड्दा बुझे - धेरै धेरै धनी व्यक्तिहरू, धेरैलाई देख्ता - हामी पनि गरीब नै पो रहेछौं त ।

२०४७।२।१।३।

◻◻

शिक्षा नीतिका कुरा

शिक्षामा सरकारले हस्तक्षेप गर्न हुन्न । शिक्षा वास्तवमा सरकारले जिम्मा लिनु पर्ने विषय होइन । दलगत भावनाको जन्म हुन नदिनका लागि नै सरकारले २०२८ सालदेखि नयाँ शिक्षा योजना तयार गरेर शिक्षानीति नियोजन गरिएकोलाई नियोजन होइन, प्रयोजन भनियो । वास्तवमा नियोजन गरियो । पंचायत इतर राजनैतिक विचारधारा प्रवेश गर्न नदिन नियोजन गरिएको थियो- शिक्षामा । अब दलगत राजनीतिले कानुनी मान्यता पाएपछि र पंचायतको मान्यता लोप भएपछि सरकाले शिक्षामा चासो लिनु पर्दैन । श्री ५ को सरकाले शिक्षामा गर्ने लगानी एकमुष्ट विश्व विद्यालयका जिम्मा दिंदा विश्व विद्यालयले जनताका जिम्मा लगाउने प्रणाली बसायो भने जनताको चासोको विषय बन्न जान्छ शिक्षा । जनताको चासोको विषय नबनेसम्म उचित शिक्षा (आम जनतालाई चासो पर्ने जीविका खातिर) जनसाधारणमा पुग्न विश्व विद्यालयको कुलपति राजाले हैन, योग्य विद्वान् प्राज्ञले बन्नुपर्छ ।

सरकारले शिक्षा जिम्मा लिएर हाइस्कुलसम्मको शिक्षामा विद्यार्थी उत्तीर्ण हुन नसक्ने प्रणाली अप्रत्यक्ष रूपमा बसाएर सर्वसाधारण ले एस.एल.सी. सम्म पनि उत्तीर्ण हुन नपाउने क्षेकाबार लगाइयो अप्रत्यक्षतः । ठूला ठालुका सन्ततिलाई निजी बोडिङ इङ्गलिस स्कुल चलाइयो । हाइस्कुल, सरकारी हस्तक्षेपले विद्यार्थी उत्तीर्ण हुन नसक्ने, समय बरबाद गराउने चलन नजानिकन हैन, जानी बुझिकन बसालियो र माथिल्ला तहका सम्पन्न व्यक्तिका लागि बूढानीलकण्ठ जस्ता इङ्गलिस स्कुल चलाइयो । शिक्षामा वर्गीकरण भएपछि वर्ग संघर्ष गर्ने प्रणाली स्वतः आउँदैन र ? उत्तीर्ण नहुने विद्यार्थी नै त हो भोलि बेरोजगार भएर विद्रोह गर्न बाध्य भएर अघिसर्ने । आर्थिक असमानता त छँदैछ । यस्तो साधारण गतिले आर्थिक परिवर्तन आउन सम्भव नहुन सक्छ । शिक्षामा समान अवसर दिने प्रणाली बसाउन अहिलेको शिक्षा प्रणालीले सक्ला जस्तो लागेन ।

अब उप्रान्त सरकाले शिक्षालाई विश्व विद्यालय मार्फत जनताका जिम्मा दिनु प्रगतिमा सघाउ पुग्ने हुन जान्छ ।

प्राथमिकदेखि दशौं कक्षासम्म चलाउन गाउँका ५० देखि १०० सम्म व्यक्तिको महासमिति बन्नुपर्छ विद्यालय इलाकाका आम जनताबाट । महासमितिबाट कार्यकारिणीमा ११ देखि १५ व्यक्तिसम्म छानिनु पर्छ- ५ वर्षका लागि । अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव कार्यकारी मध्येबाट महासभाले छान्नेछ । आर्थिक जिम्मेवारी संचालक समितिको रहनेछ ।

शैक्षणिक उत्तरदायित्व प्रधानअध्यापकमा रहने छ र विषय शिक्षकमा पनि आफ्नो विषयका लागि पूरा उत्तरदायित्व रहनेछ । एक जना तलबी कर्मचारी जीवनभर अथवा सेवा पर्यन्त नबदलिने गरी रहनु पर्नेछ - सहसचिवको रूपमा । जसको काम - कागज

पत्र, घर-द्वार, जग्गा-जेथा, मालसामान सम्पूर्ण, विद्यालयको हिफाजतको उत्तरदायित्व बहन गर्ने रहनु पर्दछ । बदलिई रहने संचालक समितिले पूर्ण जिम्मेवारी बहन गर्ने भए तापनि कच्चावार विषय बस्तुको सुरक्षा गर्न असमर्थ रहने हुनाले प्रत्येक विद्यालयमा एउटा जिम्मेवार अधिकृतको अनिवार्यता रहन्छ ।

जनता उपर विश्वास गरेर शिक्षाको सम्पूर्ण अभिभारा विश्वविद्यालय मार्फत जन समक्ष आयो भने कस्तो शिक्षा दिनुर्पछ ? कसरी जनताको कल्याण हुन्छ ? भन्ने कुरा स्थानीय व्यक्ति समूहले आ-आफ्नो तरिकाले सोच्न सक्नेछन् । पाठ्यपुस्तक सरकारले बनाउन हुन्न । जुन काममा सरकारले हात हाल्ने गर्छ, त्यो काम फलिफाप भएको देखिदैन ।

विद्यालयलाई जेथा दान दिने दाताको जेथा, सुरक्षाका लागि पूर्ण अधिकार कानुनद्वारा सुरक्षित रहनु पर्छ । यो एउटा विचार हो । आज यति नै । इति ।

२०४७।३।२१।५

□□

काठमाडौं यात्राको संझना

भई चलिरहेको परिपाटी र घर व्यवहारको चलन चाँजोले सन्तुष्टी लिन नसक्ता युवा अवस्थामा आफूले उन्नति गर्न सोकिंदोरहेछ क्यार । घरमा खान र लाउन पुगेको थियो । १९८४ साल चैत्र श्री रामनवमीका दिन पिताजीको देहान्त भएपछि उब्रेका जहान माताजी र म दुईजना मात्र । दुःख सुख जीवन यापन गर्दै लगियो । ८६ साल बैशाखमा श्रीमतीजी पनि माइतबाट आउनु भएपछि हामी तीनजनाको जहान भयौं । १९८६ साल पौष १७ गते मधेश डुल्न, हेर्न, देख्न, जान्न मलाई माताजीबाट आज्ञा पाएकोले म हिंडे । आसामसम्म पनि पुगें र फागुन आखिरी तिर घर फर्किएँ । त्यसताका श्री बद्रीप्रसाद थपलिया र श्री जनार्दन सिटौला काठमाडौंमा अध्ययनरत हुनुभएको मैले खबर सुने । जनार्दनज्यूसँग त परिचय थिएन, बद्रीप्रसादज्यू हिउँदे स्कुलको सहपाठी । मलाई पनि उहाँहरूले जस्तै अध्ययन गर्न रहर लाग्यो । रहर लागेर मात्र के गर्नु ? लागेको रहर पुऱ्याउनु कसरी ? मनमा सोच विचार दौडन थाल्यो । सोपुछ गरे । काठमाडौं पुग्न खर्च कति लाग्ला ? त्यतिबेला ५।७ रुपैयाँले रेल भाडा पुग्दो रहेछ ।

मामाकी छोरी दिदीको विवाह गाउँ ठाउँका साहू ब्रह्मलाल सिटौलालाई दिएकोले दिदी लिन पुऱ्याउन १।२ पटक जाँदा परिचय भएको । उहाँसँग ऋण काढ्ने अठोट गरें । १० महिनामा १५ प्रतिशत ब्याज तिर्ने सर्तमा रु. ५० तमसुक लेखेर कर्जा लिएँ । समय किति सस्तो ? रुपियाँ कति महगो ? आठाना मात्रको सलिताको मयलपोस सुरवाल, बाह्रआना गजको ढसर चेकको दुईटा कोट बनाएँ र एक जोडा १० हाते धोती पनि किनें ।

भान्सा गरिसकेपछि माताजी गाई हेर्न जानु भएको मौका पारें । श्रीमतीजी र सुन्दरी नाम गरेकी घर्तीनी उखुबारीमा उखु गोड्दै गरेका बेला म छाता ओडेर बाटो लागें - देखी देखी तर कसैले थाहा नपाई भागें र आजैका दिन आज भन्दा ६० वर्ष पहिले १९८७ साल अषढ ८ गते भूमिरजका दिन ।

२०४७।३।८।६

□□

इमानदार बन्ने कुरा

संसारमा इमानदारीभन्दा पवित्र र महंगो अनि सजिलो र सस्तो विचार वा स्वभाव अर्को नपाइएला। तर, इमानदारी भनेको अर्कालाई देखाउने चीज होइन। आफूले आफूलाई नढाट्नुलाई पूरा इमानदारी भन्न मिल्दो हो। अर्कालाई नढाट्नुभन्दा त्यति बर्ता अर्थ नलाग्दो हो। आफूले आफूलाई नढाट्दा व्यक्ति अन्त्यन्त प्रफुल्ल रहनसक्छ। इमानलाई दृढ प्रतिज्ञा पनि भन्न सकिएला। इमान भनेको जमानमा भर पर्ने कुरा होला - म विश्वास गर्छु। इमानदार व्यक्तिको छाती बलियो हुन्छ। उसलाई कहिल्यै पनि क्षय रोगले भेट्दैन, इमानदार व्यक्तिलाई क्यान्सर जस्ती रोगले आक्रमण गर्न पनि सक्तैन।

मनुष्यको स्वास्थ्यमा मनको ठूलो प्रभाव पर्छ। रोग लाग्नु र नलाग्नुमा मानसिक कृपाले ठूलो भूमिका खेलेका हुन्छ। हमेसा हमेसा मन र मस्तिष्कलाई प्रफुल्ल राख्नसक्यो भने धेरै प्रकारका रोग नलाग्न सक्छन्। लागेका रोगहरू प्रफुल्ल चित्तले हटाउन सक्छ। मनुष्य प्रफुल्ल रहनलाई सबैभन्दा बढ्ता इमानदारीको खाँचो हुन्छ। इमानको प्रतिपालन गर्नुलाई सत्यताको पूरा आवश्यक हुन्छ। झूठोबाट बच्नु र सत्यको पालना गर्न सक्यो भने इमानदार बन्न असजिलो छैन।

तर यी माथि उल्लेख गरिएका कुराहरू साधु शील स्वभावका परिचय हुन्। संसार साधु र सज्जनले मात्र भरिभराउ छैन। अझ साँचो भन्ने हो भने संसार छट्टको मात्र हो भन्दा बढी अर्थदायक हुन पुग्ला। त्यसो भनेर साधु सज्जनको निमिट्यान्न भएको भन्न खोजिएको पनि होइन। साधु र सज्जन धेरै धेरै बढी छन्। दुर्जन र छट्ट थोरै नै छन्। तर मानव जातिको जीविकाको माध्यम चाहिँ दुर्जन र छट्टले एकाधिकार प्रणाली बनाएर लगि दिंदा साधु र सज्जनलाई बाँच्न नै धौ- धौ परेकोले जीविका खातिर सबैका सबै नै बेइमानी हुन बाध्य र विवश भएका स्पष्ट देख्न सकिन्छ। मनुष्य स्वभाव बिगार्नको मूलमा, देशको अर्थतन्त्र जिम्मेवार रहेको महसुस हुन्छ। यो शास्त्रीय विचार होइन लेखकको अड्कल मात्र। इति।

२०४७।३।९।७

□□

शिक्षाको अर्थ

शिक्षाले ज्ञान आर्जन गर्नु बुझाउँछ। ज्ञानले जान्नु बुझाउँछ। जान्नु शब्दले बौद्धिक क्षेत्रलाई मात्र औँगालेको छैन, सबै क्षेत्रमा जान्नु शब्दले बास पाएको छ। यथामति बुद्धि अनुसार सबैका सबैले नै जान्न पाउनु पर्छ आ-आफ्ना ल्याकत र ताकत अनुसार। घन घसी बञ्चरो बनाउन लाग्नु भन्दा बञ्चरो नै बनाएर बञ्चरोको काम लिनु र घन नै बनाएर घनको काम लिनु सजिलो पर्ला। काम त अलग अलग हुन्छ नै।

अहिलेसम्मको शिक्षा पद्धतिले कुरा गर्न खुबै सिकायो। कुरा पनि गर्नु पर्ने हो। कुरा गर्न जान्नेले गरिएका कुराले बताउने गरेको काम पनि गर्न जान्नुले मात्र विकासमा सघाउ पुऱ्याउला, जीविकामा मद्दत गर्ला।

असलमा सीपमूलक शिक्षा भएन। विद्यालयको विद्यार्थी संख्यामा १० प्रतिशत पनि म्याट्रिक पास गर्न सकिरहेका छैनन्। ९० प्रतिशतभन्दा पनि बढी जनसमूह युवा पिंढीले अनुत्तीर्ण भएर घर बस्नु परिरहेछ। अहिलेसम्मको शिक्षाले उक्त १० प्रतिशतको मात्र मद्दत गर्न सक्यो। भोलि गएर ती १० प्रतिशत मध्येबाटै 'शिक्षित बेरोजगार' भन्ने खिताब ग्रहण गरेर लगतमा नाम चढाई माग्न आउने छन्। पछि छाडिएका ९० प्रतिशतको त आजसम्म कसैले वास्ता गरे जस्तो लाग्दैन। ती ९० प्रतिशतका लागि क्याम्पसहरू, विश्वविद्यालय चाहिएको छैन। उसको त्यहाँ प्रवेश गर्ने बाटामा काँडा लागिसकेको छ। र ऊ अब कसरी जीवन निर्वाह गर्न तम्सिन्छ? प्राकृत नियम नै हो सृष्टिक्रमको- विवाह गर्नु र सन्तति बढाउनु पनि। आफैँ पालिने चाँजो मिल्न सकेको छैन, अझ सन्तान कसरी पाल्छ?

शिक्षा, सीपमुलक भएन भन्ने कुरा दर्शाउन उपरोक्त कथनलाई उभ्याइएको हो। शिक्षामा अलि सुधार चाहियो भन्न मैले कोसिस गरेको मेरो एक्लो विचारले उक्त ९० प्रतिशतका लागि भनौं भोलि खडाहुन आउने ९० प्रतिशतको सरोकारका लागि शिक्षामा निम्न प्रकारको सुधार भए मद्दत पुग्दो हो जस्तो लाग्छ- अनुत्तीर्ण ९० प्रतिशतका लागि।

शिक्षापद्धतिमा सुधार

१. बी. ए. वा सो सरहले मात्र गुरु-बाबु पद ओगट्न पाइने त्यति योग्यता नभै शिक्षकमा उम्मेदवार हुन नसक्ने। कमसे कम त्यति। २. शिक्षकमा भरना हुने वा भरना भएर काम गरिरहेका शिक्षकले एक वर्षदेखि २ वर्षसम्म काममा तालिम पाउनु पर्ने, श्रममुलक सीपको काम गर्न सक्ने बन्नेलाई भनेर सिकाउने होइन, गरेर देखाउने हुनपर्छ।

३. श्रममुलक सीप विभिन्न प्रकारका होलान् मलाई त्यति ज्ञान छैन । मैले देखेका सीपहरू साधारण- इँटा पार्ने, इँट पोल्ने, चुना पोल्ने, ढंगा कुट्ने, ढुंगा चिल्याउने, गाह्रो लगाउने, सिमेन्ट-मसाला तयार पार्ने, रोडा कुट्ने, काठ आरा लगाउने, रण्डा लगाउने, बञ्चरो चलाउने, राँभो-बसिला चलाउने, पालिस बनाउने, पालिस लगाउने, रुई फड्किने, कवास उइटिने, धागो राख्ने कपडा बुन्ने, बारीमा साग तरकारी लगाउने, बर बगैचामा विरुवा लगाउने, चियाका विरुवा रोप्ने, कफीका विरुवा रोप्ने, सत्तालाको दल राख्ने सीपको एउटा छेउ पनि बताउन सकिएन । यावत जीविका खातिर जे जति बन्न र बनाउन सकिन्छ त्यो हाम्रा विद्यार्थीलाई सिकाउन गुरुवाबुहरूले जान्नु पऱ्यो । थ्यौरी सिकाउने हैन; जुन सीप सिकाइन्छ त्यसको उत्पादन बजारमा बिक्री हुनुपऱ्यो र त्यो बिक्रीबाट उत्पादक गुरुबाबु र विद्यार्थीले बाँडेर लिन पाउनु पऱ्यो आयस्ता । देशमा बिजुलीबाट उत्पादन गर्न सकिने, पानीबाट उत्पादन गर्न सकिने, हावाबाट उत्पादन गर्न सकिने कति हो कति होलान्, ममा त्यसको ज्ञान छैन तर, त्यसको ज्ञान प्राप्त विद्वान हामी काहाँ छैनन् त ? प्रशस्त छन् जस्तो लाग्छ मलाई ।

४. नयाँ शिक्षा योजनाताक थ्यौरिटिकल सीपमूलक शिक्षाको चलन नआएको होइन, तर मैले भन्न लागकोको चाहिं त्यो थ्यौरीलाई प्राक्टिकल बेसिसमा लैजानु व्यवसायमूलुक बनाएर । हामीलाई जति चाहिन्छ (सारानेपालीलाई) त्यति डोका र घुम, मुढा, डोरी, दाम्ला यस्ता साधारण कुरा विद्यार्थीले तयार गरिदिने चाँजो हामीले मिलाउन सक्दा के बिगार पर्दो होला त ?

५. एउटा माध्यमिक विद्यालयका लागि २५ विघा, निम्न माध्यिमक विद्यालयका लागि १० विघा र प्राथमिक विद्यालयका लागि ५ विघा जग्गा अनिवार्य हुनुपर्छ । त्यो कानुन भएपछि जनताले जुटाउने जनताले जुटाउँछन् । विद्यालय चाहिन्छ भने त्यति जुटाउन ठूलो कुरा मानिदैन ।

६. सबै विद्यार्थीहरूलाई श्रममा जोताएर उच्च शिक्षाको बाटो रोक्न खोजेको त हैन भन्ने तर्क भिकेर आरोप लगाउन सकिन्छ । सुरुमा सबै विद्यार्थीले एउटा न एउटा सीपमूलक शिक्षामा उत्तीर्ण हुनै पर्छ । म्याट्रिक पास गरेर उभो लाग्नेले पनि १/२ सीपमूलक शिक्षामा उत्तीर्ण हुँदा माथि जान रोकिने छैन । पहिले नै माथि जाने र तल बस्ने छुट्याउन नसकिने हुनाले सबैलाई सीपमूलक शिक्षामा उत्तीर्ण गराउनु पर्छ भनिएको हो । सीपमूलक शिक्षा पनि अहिलेको बैज्ञानिक युगमा विभिन्न बैज्ञानिक टेक्नीकहरू अपनाउने परिपाटीका होलान्, त्यसको ममा ज्ञान भएन भनेर शिक्षानीति निर्माताले अवश्य चुप लागेर नबस्लान् ।

७. मा. वि. भन्दा माथिला तहमा सीपमूलक शिक्षाको कति आवश्यक पर्छ त्यो मलाई जानकारी छैन । मा.वि. सम्म चाहिं मैले सोचेको एक घण्टा कुरा सिकाइन्छ भने दुई घण्टा काम, २ घण्टा लेखापढी ।

८. मेरो मोटो बुद्धिले शिक्षित र विद्वान् वर्गमा कुरा बुझाउन नसक्दो हो । किताबी ज्ञान होइन, व्यवहारिक अड्कल । आज यति नै । इति

२०४७।४।३।२।

जोगी तिउन

'कथा' भन्नाले कथ्यकले तर्जुमा गरेर साकार पुस्तकाकार रूपमा खडा गरेको लिपिबद्ध काहनीलाई बुझाउन खोज्दो हो । विभिन्न लेखाइका परिकार छुट्याउने ज्ञानले मलाई साथ दिन रुचाएन । त्यसकारण मैले जे जति लेख्तै लगें जोगी तिहुन जस्तो भयो होला अथवा खिचडी वा क्वाँटी भन्न पनि सकिंदो हो । रोजै त्यस्तो खाद्य सामाग्रीले जीवन चलाउन त ठीक मानिदैन होला- यदि पुगिसरी आएका खण्डमा । कहिलेकाहीं मुख फेर्न वा बदल्न भने स्वादिलै लाग्ने गर्दो हो ।

कारोबार गर्ने अर्थसंचयीले एउटै कुरामा ध्यान दिने गर्नु पर्दछ रे जेको कारोकबार गरे पनि त्यसको ज्ञाता बन्नुपर्छ रे । यो मैले सुनेका कुरा; आफैंले अनुभव वा ज्ञान आर्जन गरेको चाहिं होइन । मैले सुनेका कुराभित्र पनि केही सार तत्व छ यदि भने म पनि जोगी तिहुन वा क्वाँटी अथवा खिचडीको पेशेवार व्यापारी बन्न नसकुँला त ? यदि यसै पेशालाई अघि सार्दै लगातार र निरन्तर पसलमा ढुक्क भएर बस्न र माल जुटाउन सकें भने ? तर मेरो कल्पना सदा कल्पनामात्रै नै बन्ने गरेको म पाउँछु । कार्यान्वियन भएको सायदै कुनै काम होला ।

लेख्ने कुरा अरू कामभन्दा सजिलो जस्तो लाग्यो । हाताहाती भने कुनै पनि माल नबिकेको महसुस गर्छु । अर्काको पसिनामा पौरी खेल्न रुचाउनेलाई हातहाती नै किन चाहियो र ? हात्तीको देखाउने दाँत जस्तो न हो । देखिने दाँतले चपाउने काम गर्छ र ? आफू चोखो र पवित्र देखाउने संसारको रीत म भने संसारदेखि विरक्त भएको व्यक्ति, किन दूधले स्नान गरौं ? पानी भेट्नै दुर्लभ छ ।

२०४७ । ४। २ । ३।

□□

बालबालिकाको जीवन र शिक्षा

यी साना बालक बालिकहरू उफ्रेर दिनभर खेलिरहेछन्- खेलिरहेछन्। यसरी अनवरतरूपले चकचक गरिरहने, 'खेलिरहने प्रेरणा यिनीहरूले कताबाट पाउने गर्छन् ? यो प्रेरणाको मुहान कहाँ छ ? बालक बालिकाहरूमा यो अदम्य शक्ति कताबाट आउँछ ? यस्तो अद्वितीय र अतुलनीय शक्तिलाई यसो लाइन दिनेसम्म काम गर्न सके यिनीहरूको भविष्य कति उज्ज्वल बन्ने थियो होला ? तर के गर्नु र ? मनमा सोच्यो, कागतमा लेख्यो, कार्यान्वयन गराउने क्षमताको जगेर्ना गर्न आफूले सकिएन।

संसारचक्र घुमिरहेछ-घुमिरेहछ, यसलाई रिंगटा लाग्दैन। यो घुम्ने गरेको चक्र हेरेर- भित्री आँखाले हेरेर रिंगटा लाउन थाल्यो। न यसको आदि जानकारीमा आउँछ न त यसको अन्त्य नै पत्ता लाउन सकिन्छ। बराबर बराबर उत्पादन भइरहने यी मानव विरुवालाई यिनको शक्तिको पारख गरेर एउटा धारमा त्यो शक्ति बहाउन सक्यो भने त्यो धारा प्रवाहले यो सारा संसार नै रसिलो, भरिलो, मलिलो र हँसिलो बनाउन सुगम पर्ने थियो। अपशोच ! त्यों बाल समूहको अदम्य प्रेरणादायी शक्तिको पहिचान गर्न हामीले सकेनौं।

हामी काम नपाएर भौतारिन्छौं। काम देख्ने आँखा हामीसंग छैन र 'शिक्षित बेरोजगार'को उपाधि धारणा गरेर आवारागिरी गर्दै घुमिरहने गर्छौं। त्यो बाल सुलभ प्रेरणा युवावस्थामा आइपुगेर कसरी कता हरायो ? जवानीको जोशमा अझ बढी उमंग र उत्साहले पो साथ दिनु पर्ने थियो। यो सबै कुरामा उत्पादन मूलक शिक्षा नभएर नोकर चाकर प्रवृत्तिको जागिर खाने लाइनको शिक्षा पद्धतिले पैदा गरेको बेरोजगार भनाउने प्रणाली अँगालिएर प्राप्त भए जस्तो लाग्यो। हाम्रो बालक बालिकक्काको जीवन यात्रा अलमलियो। बाटो देखाउने अगुवा भइदिएन। आफैं अगुवा हुन पनि सकिएन। आफू न मरी स्वर्ग देखिदैन रे। अर्काका भरोसाले संसारमा कुन काम पो चल्छ र ?

२०४७।३।२६।३

□□

पुँजीवाद के हो ?

पुँजीवाद के हो ? मलाई स्पष्ट ज्ञात छैन। भारतमा चलेको लोकतन्त्रात्मक ढाँचाले बनिएको राजनीतिका आधारमा हाकिएको देशको मिश्रित अर्थतन्त्र भन्ने सुनेको छु। समाजवादी परिपाटीको कुरा पनि सुन्नमा आउँछ। समाजवाद त झनै पक्कै बुझेको छैन। प्रत्येक परिपाटीहरू बुझेबुझे जस्तो आभास मात्र पाउँछु। स्पष्टसंग बुझेको हुन्न। यस्तो अवस्थामा हाम्रो देशको अर्थतन्त्र उपर विचार गर्न इच्छालाई कुतकुती लागेर आउँछ। शास्त्रीय ढाँचा नबुझिएको होला, वाद विवादका आर्थिक पहलुको ज्ञान नहोला, तर पनि अन्दाजका भरमा कुतकुती मेट्न मन लाग्छ र आफ्नो गँवारा विचारलाई अघिसार्न कोशिस गरिरहेछु।

यो सम्पत्तिमा हदबन्दी लगाउने प्रणालीले व्यक्तिको उत्साह वैलाउँछ। हदबन्दी लाग्नु हुन्न। जग्गा जमिनलाई पनि सम्पत्तिमा गणना गरिन्छ। यदि जग्गा जमिन पनि सम्पत्ति हो भने व्यक्ति उपर हदबन्दी लगाइनु हुन्न, जग्गा जमिनको। प्रत्येक व्यक्तिले वा व्यक्ति समुहले जत्ति पनि जमिन राख्न पाउनु पर्छ। यदि उसले आफूले आवाद गर्ने क्षमता पुग्छ भने। मेसिन राखेर जोताउन पनि सक्छ। आफैंले हलो चलाएर जोत्न आबाद गराउन पनि सक्छ तर ठेक्का, अधियाँ, बटैया लगाउन भन्ने हुन्न । अधियाँ, बेटैया, कूत तिरेन भन्ने उजुरी अदालतले सुन्दैन भने कानुनले मद्दत गरेको हुनुपर्छ। त्यति भएपछि प्रत्येक व्यक्ति आफू खुसी आर्जन गर्न फुक्का हुन्छ। मोहियानीको प्रथा खारेज गरिनु पर्छ र जग्गामा मोही र जग्गा धनी बन्न पाउनु हुन्न।

जग्गा धनीले आफूले जोत्न नसकेको जग्गा सरकारले किनिदिनुपर्छ। अधिराज्य भरिको जग्गाको एउटा दर कायम गरेर किन्नुपर्छ। अनि जग्गा जमिन नहुनेलाई बन्दोबस्त गरी थन्क्याउनु पर्छ। प्रत्येक परिवारलाई ३ विघादेखि ५ विघासम्म परिवार संख्या हेरेर। ३ विघाभन्दा घटी जग्गा एउटा परिवारलाई दिंदा उसको जीविका चल्दैन। जीविका नचल्ने पाराले व्यक्तिलाई जमिनमा अल्झाउनु हुन्न। नेपाली साराका सारा, हली र गोठालाका सन्तान भन्न प्रायः सकिन्छ। राजधानीको पेशा जागिरे र ढाके। ढाके पेशा यातायातका सुविधाले घट्तै गइरहेछ। जागिरे पेशा बढ्दै गएर आवश्यक अनावश्यक सोचिएन, जागिरको बाढी ल्याइयो। जागिर खाने व्यक्तिको उत्पादन ज्ञान हटाउने गर्छ। ऊ, अल्छी बन्दै जान्छ। जागिरदार बढाउने प्रणाली साम्यवादका नजिक पुऱ्याउन खोज्ने जस्तो लाग्छ। हुन त साम्यवाद पनि मैले बुझेको छैन। तर सुन्ने गरेकोछु - साम्यवादमा व्यक्तिले प्रेरणा पाउँदैन रे, आर्जन गर्ने काममा। यो नजानेका कुराको टकिटिप्पणी मात्र हो।

आवाद गर्ने, उब्जा बाली लगाउने जमिनको मूल्य सरकारले तोक्नुपर्छ। त्यो तोकाइमा चलन चल्तीका मोलका भरमा दाम राखिनु हुन्न। एकरूपता ल्याउने क्रममा

प्रत्येक विघा रु. पचास हजार दाम कायम गर्नु सरकारले थेग्न सक्ने होला ।

जग्गा नहुनेलाई जोत्न जग्गा वितरण गर्दा दिइने जग्गाको मूल्य सरकारले लिन हुन्न । बिना मूल्यमा जग्गा नहुनेले पाउनु पर्छ । ढाँटी, छली लिएको रहेछ भने उसको पहिलेको जेथा सर्वस्व गरी पाँच वर्षसम्म कैदको सजाय पनि पाउने व्यवस्था हुनुपर्छ - ढाँट छल गर्नेलाई ।

जोत्न र खन्न बाहेक हामीले जानेनौं । एक हल गोरु र एउटा सानो जमिनको टुक्राभन्दा अर्को रोजगार हामीले बुझेनौं । बुद्धिले नभ्याउने, श्रमशक्तिका भर पर्नु पर्ने व्यक्तिका लागि एक हल गोरु र एउटा जमिनको टुक्रा ठीक छ । तर बुद्धिको परिचलान गर्न सक्ने क्षमता भएका व्यक्तिले रोजगार हामीले पहिल्याउन सकेनौं- जमिन छेक्ने कानुनी मान्यता पाएको हुनाले । आफ्नो परिश्रमले मात्र जमिन आबाद गराउन पाउने अर्काको परिश्रमको अधियाँ, बटैया, कूत लिन नपाउने कानुन भयो भने जमिन सम्पत्ति बढाउने रहर पुगिहाल्छ । जग्गाजेथालाई जेथामा गणना गरेर जीविका खातिर मात्र काममा लाउने प्रणलीले मद्दत गर्दो हो जमिन सामस्या हल गर्नलाई । जिल्लापिच्छे आवश्यक उत्पादनका लागि ५/१० कल कारखाना चलाउने गर्दा जमिन नपुग्नेलाई पनि रोजगार पुग्न सक्छ । पहिलो कुरा त श्रमजीवीहरूमा एकै प्रकारको विचार हुदैन । किसान, प्रकृतिले माटोमा मिलेर काम गर्छ, महिनामा एकपटक लुगा धुन्छ, बेच्नेमाल आफूसंग न भै हाट बजार जादैन । मजदुर प्रवृत्तिले लुगा सुकिला लाउन खोज्छ । काम नभए पनि हाट बजार पुग्छ । बजारमा बसेर १/२ कप चिया खान्छ, र अलि कति पैसा खर्च गरेर बेलुका रित्तै घर फर्किन्छ । किसान प्रवृत्तिलाई जमिन चाहिन्छ । मजदुर प्रकृतिलाई कलकारखाना चाहिन्छ । सरकारले यस्ता कुरामा ध्यान दिएर उद्योग धन्दामा व्यक्तिले प्रोत्साहन पायोभने किसान र मजदुरका समस्या हल गर्न त्यति असजिलो परोइन । कार्य सम्पादनमा असजिलो त पर्छ नै, कुरा गर्न जस्तो सजिलो काम गर्न अवश्य पनि हुँदैन । तर, दृढ निश्चयी व्यक्तिले काममा लागिपरेपछि पार नलाग्ने कुरा नै के पो हुन्छ र ? अन्दाजको भरको लेखाई अलिकति काम लागे राम्रै हो । नलागे पनि ठिकैछ भन्नुपर्छ- अरू उपाय के छर ? इति ।

२०४७।३।२६।३।

□□

लेनदेन व्यवहार

म जति जति लेनदेन व्यवहार सफा राखौं भनेर प्रयास गर्छु, त्यति त्यति नै बढी सफा नभएर मैला जम्दै जाने गर्छ । आफूले पाउने ठाउँमा तागेता गर्दा व्यक्ति रिसाउँछ । दिने ठाउँमा दिन सकिदैन र दिनु पर्ने साहू पनि रिसाउँछ । यसबाट के कुरा बुझ्न पाइयो भने व्यक्ति वा व्यक्ति समूह वा कुनै संघ संस्थासंग रकम कलम नगरी जिन्सी लिनु पनि हुँदैन र दिने गर्नु पनि हुँदैन फिर्ता गर्ने सर्तमा ।

सम्बन्ध, व्यक्ति विशेषसंग नै पर्छ । कारोकाबरमा सम्बन्ध लिनु र दिनुको नै हुन्छ । आफैं हलो कोदालो वा यस्तै शरीरिक परिश्रम गर्न असमर्थ व्यक्ति म जस्ताले अलि अलि नगदी रकम जम्मा गरेर आफ्नै घर गोदाम, चलन चल्तीमा आउने जिन्सी मात्र किनेर राख्नसक्ता बजारको दर भाउ सस्तो मंहगो हेरेर किनेको भन्दा अलि उचोदरमा बेच्ने गऱ्यो भने थुरै रकम बचत हुन आउँछ । यसमा पनि व्यक्ति विशेषसंग सम्बन्ध नै नरहने त हैन तर, सम्बन्ध रहँदा राख्ता पनि उधारो-पुधारो नगरेर नगदीमा दिनु लिनु गर्दा त्यति बर्ता तानातान नपर्ने रहेछ । जोख तौलका कुरा निष्पक्षसंग काँटा तराजुले बताई दिएका आधारमा काम गर्दा खिचोलो पैदा नहुने देखिन्छ । तर यसमा पनि माल राम्रो नराम्रो मिसाहा, मक्याहा, मट्याहा इत्यादि त हुन्छ नै ।

सबैभन्दा सजिलो त बैंकिङ्ग गर्दा थोरै भए पनि ब्याज आउँछ तर निकै धेरै मूल पुँजी हुँदा मात्रै गुजारा चल्ने हुन्छ र साधारण ८/१० जनाको परिवार पालिनु पर्दा महिनाको ५०००।- रुपियाँले पुग्न धौ धौ पर्छ भान्सा खुराकी मात्र । लुगाफाटो औषधिमूलो आदि विभिन्न काममा त्यतिनै । महिना महिनामा थप खर्च जोडिन्छ । एक वर्षमा साधारणा पनि १,२०,०००।- (एकलाख बीसहजार) खर्चको बजेट निस्कन्छ । त्यति रकम बैंकबाट पाउने गर्नलाई रु.१०,००,०००।- (दशलाख) बैंकमा मुद्दती खातामा राख्नु पर्ने हुन्छ ।

यता कारोबार गर्ने व्यक्तिहरूले एकलाख रुपियाँ पुंजी लगाएर काम थाल्यो भने एक वर्षमा दुईलाख रुपियाँ बनाउने गरेको व्यापारी चर्चा बराबर सुनिने गर्छ । प्रायः चीज वस्तु महंगो भैदिनाले रुपियाँको मूल्य पैसाभन्दा पनि तल झरिसक्यो । र जीवन निर्वाह गर्न हम्मे हम्मे पर्न लाग्यो र सोचमा डुब्नु पर्दा यति लेख्ने प्रयास भएछ । अँ आफू लेख्न बाहेक अरू क्यै गर्नै सत्तिन । एकमुष्ट रकम हात पार्ने चाँजो पनि मिलाउन सक्तिन । अर्काको पसिनामा बाँच्ने प्रणाली भित्र परेर यो अप्ठ्यारो महसुस भएको हो । दाउराको भारी बोकेर गुजरान गर्नु परे याद हुने थियो । इति ।

२०४७।३।२७।४।

□□

कल्पनाको प्रश्न

कल्पना गर्नु राम्रो हो कि होइन ? मैले निर्णय लिन सकिन एक्लै बस्नु पर्दा साथीको दरकार पर्दो रहेछ। संगै बस्ने विचार मिल्दो वा नमिल्दो साथीले मलाई पछ्याउने गर्न छाडे जस्तो छ। घरमा २/४ जना त हुन्छन् नै। कोही पनि नभएर निमिटयान्न एक्लो त छैन, तर आफूसंग बसिदिने कोही पनि हुदैनन्। आ-आफ्ना लगापात काम काजमा व्यस्त कता कता रहने गर्छन, आफू सदा एक्लै। अनि यस्तो एक्लो अवस्थामा कुरा गर्ने साथी कल्पनालाई बोलाएर लहड दौडाउने गर्छु, अलमलिने त सजिलै पर्दोरहेछ। त्यति धेरै न्यास्रो पनि नलाग्दो रहेछ। तर कल्पनाको सिङ न पुच्छर, न उस्ले हान्छ न त हम्काउछ नै। कल्पनालाई मूर्त साकार गराउन सके त त्यो पनि बोल्ने बातमार्ने संगी वा संगिनी बन्ने गर्थ्यो क्यार। त्यो त्यस्तो कल्पनालाई बोलाउने पाराको मूर्तरूप दिन पनि सकेको छैन। मनमनै कल्पनाको लहर चाहिं विराट् पथ प्रर्दशन गर्न तम्सिने गर्छ। उसको लहर पक्रन खोज्दा आफैं लहरीमा गहरी खेल्दै हुत्तिएर जाने तरखरमा लागे जस्तो भान पर्न थाल्छ। मेरा मनमा खेल्न आउने कल्पनाका तरंगलाई बग्न नदिएर संठिन सके एउटा बृहत् ताल बन्न सक्तो हो। तर ज्यादै अपशोचको कुरा के भैदियो भने कल्पनाले जसरी तरंग प्रवाहित गर्न सक्ने गर्छ, ती तरंग लहरी पक्रन, सम्ठन, जम्मा गर्न भने म असमर्थ नै भै रहेछु। खुला बगिरहेछन् बगिरहेछन्। तरंग लहरीले गोल गोल चक्र बनाउदै बगिरहेछन् बगिरहेछन्। म त रमिता हेर्ने पो भैदिएछु - कल्पना सागरका किनारामा उभिएर। सबै सबै कल्पनाका लहर तरंगहरूलाई एकत्र गरेर थुपार्न पनि लोक लाज, कुल, वेद मर्यादा आदिले छेकावार लागेर थुन्ने छेक्ने गर्न लागेको सुइँको मैले पाउन थालेको छु। जीवनका अप्ठ्याराहरू कहिले भोगेर सकिएला र ? सजिलाका पछि लाग्ने संसार। म मात्रै असजिला र उबड खाबड बाटोमा कति चक्कर लागइरहूँ ? कल्पना साथी नपाउने जीवन कस्तो नीरस र जर्जर हुँदो होला ?

२०४७।४।२१।१

गल्तीको खोजी

म के गल्ती गर्दै छु र व्यवहारमा आर्थिक दृष्टिले पछि परिरहेको छु ? यसको मूल कारणमा, म जुन काम कुरा थाल्छु, त्यसको म्यानेजमेन्ट गर्न नसक्नु -१ र थालेको कामलाई खर्च बढी लागेको महसुस गरेर काम बन्द गर्नु अथवा काम गर्ने व्यक्तिलाई आफूले काममा प्रयोग गर्न नसेकेर छुट्टी दिनु अथवा व्यवस्थालाई नयाँ नयाँ पाराले चलाउने उद्देश्यले चालु व्यवस्था तोड्नु, काममा दृढ निश्चय नहुनु, भावनामा बग्नु इत्यादि।

कुनै पनि काम गर्ने व्यक्तिमा कुशाग्र बुद्धिको त्यति बढी दरकार पर्दैन, जति बढी दृढ निश्चयी व्यक्तिको दरकार पर्ने गर्छ। लाटो सोझो पाराले पनि, थालेको काम लगातार गरिरहेको खण्डमा क्रमशः कामको मेसो अघि बढ्छ नै।

'काममा आसन थिर गर्नुपर्छ, डेगसंग काम गर्नुपर्छ' यस्ता कुरा मैले बेला बखत सुन्ने गरेको थिएँ। आसन थिर गुर्नपर्छ। म पनि भन्ने गर्छु। तर, यही आसन स्थिर नभएर नै म व्यावहारमा विशेष गरेर आर्थिक क्षेत्रमा, आफू बराबरका साथीहरूमा पछि परेको रहेछु। यस्तो बानी नै बसिसक्यो। आज ७८ वर्ष १ महिना र १८ दिन बिताइसके र १९ सौं दिनमा कुद्दैछु। यति लामो अवधिसम्म बसेको बानी अब उठ्न माल्ला त ?

०४७।२।१९।७

समाज कल्याणका कुरा

समाज कल्याणका कुराहरू सोचिन्छन् । राजनीतिका कुराहरू गरिन्छन् । आफ्नो घर व्यवहार कसरी चलाउने ? त्यो सोचिदैन । त्यसको कुराकानी पनि गरिदैन । घर व्यवहार त चलेकै छ, राम्रो - नराम्रो, सजिलो - अप्ठ्यारो यस्तै पाराले । त्यसै हो भने समाज कल्याण पनि भइरहेकै छ, राजकाज पनि चलिरहेकै छ । यो सोचाइ र कुरा गराइ फाल्तु परेन र ? सुचारु रूपले, दक्ष पाराले आ - आफ्नो घर - व्यवहार चलाउन पो सोच्नु पर्ने कुरा गर्नु पर्ने । त्यो गरिदैन । अनि जुन काम कुरा आफ्ना क्षेत्रभित्र पर्दैन आफ्ना अधिकारमा छैन, त्यस्तो विषयमा सोचिन्छ, कुरा गरिन्छ , रेडियो सुनिन्छ, अखबार हेरिन्छ । यो व्यसन जस्तो फेसन भयो । आफ्नो जीविकासंग सम्बन्ध राख्ने विषयमा पो चासो राख्नु पर्छ । त्यसो नगरेर कुनै नेताले गरेका चर्चा, वार्ता सुनेर हमी तमाम जनता नेताको नक्कल गर्न लागेछौं । नेतागिरी गर्नेको त पेशा नै त्यै हो । उसले कुरा गरेर मान्छे एकोहोऱ्याउनुपर्छ, नभएको र नहुने कुरालाई पनि भएको र हुने भ्रम उत्पन्न गराएर मान्छेमा झुट्टो विश्वास जमाउनुपर्छ - आफ्नो रोजी रोटीका लागि । उसको जीविकाको कुरा नबुझेर उसका कुरा साँचो सत्य मानेर हामी पछि लाग्छौं मात्र होइन नक्कल पनि गर्न थाल्छौं, उस्तै बन्न खोज्छौं । यस्तो मुर्ख्याईं गर्न नलागेर आ आफ्नो जीविकाको बाटोमा सोच्नु, कुरा गर्ने बानी बसाल्नु राम्रो होला ।

२०४५।१।२३।१

जीवनपद्धतिका कुरा

मलाई अनौठो लागेर आउँछ, हाम्रो जागिरदारको बाहिरी आम्दानी भने आफ्नै जीवनपद्धतिलाई हेरेर । मेरा एक जना हितैषी सज्जन मित्र हुनुहुन्थ्यो, उमेरमा मभन्दा १० /१२ वर्ष पहिले अवतरित हुनुभएको । जीवन यात्रा दुवैजनाको एक जिल्लामा र पेशा पनि एउटै पाराको । लगानी गर्ने पेशा साइड बिजिनेस जस्तो देखिए तापनि क्रमशः गतिशील बन्दै गएर प्राथमिकता पाएका भने जस्तो ।

जागिरदारको अपवाद स्वरूप १/२ लाई छाडेर प्रायः जम्मैका जम्मै जसोको बाहिरी आम्दानीउपर जीवन परिवार थेगिएको हुन्छ । जागिरदारको बाहिरी आय घटबड भइरहन्छ, कहिले खडेरी परेर सुखा जर्ता पर्न जान्छ त कहिले रसदार भएर वर्सने गर्छ, तर मेरा मित्रको त 'दिन दुगुना रात चौगुना 'भने झै बढेको बेढेकै हुने गरेको मैले देखे, सुने, जानेको र भोगेको पनि । लागनीको पेशाभन्दा सजिलो र खर्च बेगर बढी आम्दानी हुने अर्को रोजागर नै हुँदैन रे । योचाहिं मैले सुनेको कुरो -। रू.१००० (एकहजार) को कर्जा लिंदा रू. ५०० (पाँचसय) ब्याज थपेर रू. १५०० (एकहजार पाँचसय) को तमसुक गर्नुपर्ने । तमसुकमा सावा रू. १५०० को १० प्रतिशतले ब्याज लगाई भाकामा बुझाउँला भन्ने उल्लेख गर्ने गरिएको । तिर्दा भने रू. १५०० तिरी फुर्सद पाइने, त्यो लिखतको १० प्रतिशत ब्याज तिर्नु नपर्ने । अदालत गुहार्नु परे त्यो १० प्रतिशत ब्याज समेत जोडेर अदालतले लिखत मुताविक साँवा ब्याज, ऋणकर्तावाट भराइदिने गरी निर्णय दिने । मैले पनि त्यस्तो लगानीको रकम लिएर व्यवहार चलाएँ, तर त्यो तिरेर तिरी सक्नु भएन । एक वर्ष तिर्न नसक्दा अर्को वर्ष १५ डेढा २२५० (दुईहजार दुईसय पचास) को तमसुक गरिदिनुपर्ने । यस्तै कारोवारले मलाई थला बसायो भने मित्रलाई बसेको ठाउँबाट धेरैमाथि उठायो । परन्तु उहाँका सन्तान थिएनन् । पतिपत्नी दुवै परलोक सिधारनु भयो । हकदारले अपुताली पाए । 'अपुताको धन प्यारो 'भन्ने उखान सुनेको थिएँ, देखें पनि । मेरो भनेर मरिमेटेर अर्थसंकलन गर्ने प्रेरणा कताबाट कसरी आउँछ ? यो मैले पत्ता पाइनं । आफ्नो उत्तराधिकारी नहुँदा पनि प्राण तेजेर पैसा कमाउनु ? धिक्कार जिन्दगी !

चाटुकार

एउटा महत्वाकांक्षीले आफ्नो महत्वाकांक्षा पूरा गर्न एक प्रकारको ढंग रच्यो । उसले खेताला जम्मा गऱ्यो । खेतालालाई ज्यालाको दरकार । काम गर्न नपाएर भोक भोकै बस्नु पर्ने खेतालालाई दिनहुँ काम पाइने हुँदा खेताला पनि खुशी भए । जम्मा भएका खेतालाले लाठी खुकुरी बोके । छिमेकीमा, अलि पल्ला गाउंमा लुट्न गए ।

निश्चिन्त बसेका घर गृहस्थलाई लाठी, खुकुरी लिएका १०/२० जना भिडेपछि उसको के लाग्यो र । भएभरको जेथाभिटी लुटेर लगे । यो क्रम बढ्दै गयो । खेताला पनि थपिदै गए । लुटपाट पनि बढ्दै गो । आर्जन गर्नलाई ठूलो मेहनत गर्नु नपरी, समय धेरै कुर्नु नपरी आएको लुटपाटको जेथा एकत्र हुँदै गयो । खेतालाले काम पाउदै गए । खेतालाको चाहिं रोजगार भयो, महत्वाकांक्षीको जेथा । दल बढ्दै गयो, गुहार माग्दा गुहार आउन छाडे । लुटपाट जारी रह्यो । समय बित्दै गयो, "लुटको धन फुपूको सराद ", उखान चरितार्थ हुन लाग्यो । जोखिम त कम भन्न भएन मेहनत कमले फाइदा धेरै गर्ने प्रणाली बन्दै गयो । लुट मच्चियो, लिङ्गेपिङ मच्चिए झैं । हा हा, हु हु बढ्यो । लुटपाटले रङ्ग बदल्यो । बाजागाजा बजाएर रमाइलो गर्दै रागहरू अलाप्तै खेतालाहरू लाम लागेर, लाइन मिलाएर पङ्क्ति बाँधेर हिड्न लागे । खेताला बढ्दै गएपछि खेताला लाउने नाइके पनि चाहियो । नाइकेले खेताला हाँक्यो । स्याबास ! बहादुर अघिबढ अघिबढ भन्दै हौसला दिँदै बराम लागेर हिड्न लागे खेतालाहरू । खेतालाको पर्रा छुटको देखेर गाउँलेहरू थर्कमान भए । जति धेरै खेताला भए त्यति धेरै गाउँहरू लुटिँदै गए । लुटिएका गाउँको सम्पत्ति एकत्र हुँदै गयो । एकत्र भएको सम्पत्ति जम्मा गरेर तह मिलाएर राख्न भण्डार घरको आवश्यकता पऱ्यो । खेतालाले भण्डार घर पनि बनाए । बनाएका भण्डार घरमा लुटको धन जेथा थाँन्को लाग्दै गयो, थन्क्याउदै लगे खेतालाले । अब काम बाँडिन लाग्यो । लुट्न जाने हुलले लुट्न जाने कार्य जारिराख्यो भने लुटका माल थन्क्याउने भण्डार घर कुरूवाले । ती लुट्न जाने, पठाइने खेतालाका लागि खाने रासन पानी, लाठी, खुकुरी, हात हतियारको बन्दोबस्त गरिदिनु पनि पऱ्यो । एकत्रित सम्पत्तिको रक्षा, जगेडा पनि गर्नुपऱ्यो । यो क्रम बढ्दै गएपछि देखासिकी गर्नेले पनि लुट्न थाल्यो । त्यसरी लुट्न हुँदैन भनेर देखासिकी गर्नेलाई रोक्नु पनि पर्ने भयो । त्यस्तो देखासिकी रोक्नलाई फेरि अर्को डफ्फा पनि चाहियो खेतालाको । अर्कालाई लुट्न नदिने र आफूले मात्र एकलौटी लुटपाट गर्न पाउने बन्दोबस्तको चाँजो मिलाउन बाञ्छनीय हुन आयो । अनि त्यस्तो चाँजो बन्दोबस्त मिलाउन नाइकेहरूमाथि महानाइकेको पनि आवश्यक पऱ्यो र त्यस्तो महानाइके पनि ज्यालामा ल्याइयो । व्यवस्था बाँधिदै गयो । लुटपाटको डेढी बिस्तार बिस्तार बढ्दै गयो । डाँडाकाँडा ढाक्यो, खोला तऱ्यो, पारी पुग्यो । उता खोला पारीको अर्को लुटाहा दलसँग भिडन्त पऱ्यो ।

त्यसलाई पनि परास्त गरेपछि त्यसले जम्मा गरेको लुटको धन हात लाग्यो । अझै हौसला बढ्यो । अर्को डाँडा र खोलापारी पुग्दा अर्को लुटाहा दलसँग जम्काभेट भयो । भिडन्तमा त्यहाँ पराजयी बन्नु पर्ने आशंकाले मित्रताको स्थापना गरेर लुट्ने अभियानको मुहुडा बदलियो अर्को दिशापट्टि बढ्यो लुटपाटको दल । यो क्रम बढ्दै बढ्दै गयो । त्यस्तो मित्रता गरेर मोहोडा बदलेको सन्धिलाई तोडेर पछिल्तिरबाट हमला गरियो मित्रताउपर अनि त्यो पनि हत्याइयो । एवं प्रकारले अनवरत रूपमा दिन महिना वर्ष गर्दै गर्दै बीसौं, तीसौं, चालीसौं, पचासौं वा सयकडौं वर्षको लुटपाटले बृहत् रूप लियो र महत्वाकांक्षीको महत्व बढ्दै गयो । लुटपाटको दहशताले लुटाहा दलको नाम टाढा -टाढासम्म फैलियो । लुटिएको विस्तारित क्षेत्र सदाका लागि आफ्नो बनाउने आकांक्षाले त्यहाँको व्यवस्था बाँधियो लुटपाट गर्नु नपरी सन्तानबाट नै सबै -सबै ठाउँबाट करको रूपमा रकम संचालन भै एकत्र गराउने प्रणालीको सुरूवात भयो । लुटपाटबाट जोगिन बरू वर्षैपिच्छे तोकिएको रकम बुझाउन गाउँका गाउँले बाध्य र विवश भएर मंजुर हुनुपऱ्यो । मंजुर भएपछि खेतालाको पनि पछिसम्म नै आवश्यकता पऱ्यो आफ्नो विस्तारक्षेत्र जोगाउन र कर असुल गर्न । अनि आफ्ना विरूद्ध अर्घेलो हुनेलाई मठार्न सम्याउन र खेतालाले त्यसपछि महिनावारी तलब पाउने भए । जागिरदार कहलाए महत्वाकांक्षीचाहिं मालिक सर्वेसर्वा र सर्वगुण सम्पन्न भनिदै गयो चाटुकारद्वारा । अनि सिधा सोझा र निरिह जनताले विश्वास गर्न कर लाग्यो विवशताका आधारमा । तमाम राज्य र राजा महाराजाको सुरूवात यसरी भएको छ भन्ने चर्चा चलेको मैले सुन्ने गरेको छु ।

२०४७।४।३१

वर्णाश्रम व्यवस्था

परापूर्वमा वर्णाश्रम व्यवस्था थियो समाजमा । जेठो, माहिलो, साहिलो र कान्छो गरेर वर्ण विभाजित गरिएको । जेठो ब्राम्हण, माहिलो क्षत्री, साहिलो वैश्य र कान्छो शूद्र वा छुद्र । ब्राम्हणको सन्तान ब्राम्हण, क्षत्रीयको सन्तान क्षत्री वैश्यको सन्तान वैश्य र शूद्रको सन्तान शुद्र । यसरी वर्णव्यवस्थाभित्र कामको पनि विभाजन गरिएको थियो । ब्राम्हणको काम छ ओटा तोकिएको थियो । - पढ्नु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान लिनु, दान दिनु । यति छ ओटा काम भन्दा बढी अर्को काममा ब्राम्हणका शाखा सन्तानले हात हाल्न पाउन्नथ्यो । क्षत्रीयको काम सबैको रक्षा गर्नु, गराउनु तोकिएको थियो । वैश्यको काम खेती, गोठ, बन्द -व्यापार, उद्योगधन्दा उन्नति गर्नु, गराउनु थियो भने शूद्रको काम सबैको सेवा गर्नु तोकिएको थियो ।

कालान्तरमा यो परिपाटी टुट्तै र फुट्तै गयो । वर्णव्यवस्थाभित्र बाँधिएर बस्न जनताले रूचाएनन् वा वर्णव्यवस्थाभित्र बाँधिदा जीविका चलाउन नसकिने भएर वर्णव्यवस्थाको बन्धन तोडियो । कानून वर्णव्यवस्थाभित्र

बाँधिएर जीविका चलाउनु पर्ने बाध्यता रहेन । वर्णव्यवस्थाभित्रै रहेर जीविका चल्न सकुन्ज्याल र रहन मन परून्जेल रहँदै गरे तापनि क्रमश: त्यो वर्णव्यवस्थाको घेरा तोडियो । आज आए इच्छानुसार रोजगार गरेर जीविका चलाउने परिपाटी बस्यो र कानूनत सबै पेशा सबैकालागि मर्यादित पनि भयो ।

वर्णव्यवस्था कालमा ब्राम्हणलाई सबभन्दा ठूलो भनियो, त्यसपछि द्वितिय स्थान क्षत्रीले पायो भने तेस्रो स्थान वैश्यले अनि कान्छो शूद्रले चौथो स्थान प्राप्त गर्‍यो -मर्यादा क्रममा ।

उत्तरदायित्वको ख्याल राखेर व्यवहार धान्नु पर्ने वर्णमा मुख्य ब्राम्हण र त्यसपछि क्षत्रीलाई गन्तीमा राखियो । व्यक्ति विशेषको मात्र नभएर, एउटा वर्णको मात्र पनि नभएर चारै वर्ण छत्तिसै जातको व्यवस्था सुचारुरूपले शान्त वातावरण कायम गरेर चलाउनु पर्ने अभिभारा बोक्नु परेको हुनाले समाजको त्यस्तो जिम्मेवार महत्वपूर्ण अंग ब्राम्हण र क्षत्रीय यी वर्णले सात्विक प्रकृति अपनाउनु बाञ्छनीय हुन आउँदा खानपिनमा मादक पदार्थको सेवन नगर्ने, गर्नु नहुने नीति नियम बाँधिएछ, बसालिएछ । त्यो बडो सोच -विचार पुर्‍याएरै नीति निर्माण गरिएको हो जस्तो लाग्यो । वैश्य र शूद्रलाई त वर्णव्यवस्थाकालमा पनि मादक पदार्थ सेवन गर्न मनाही थिएन क्यार ! तर मतवाला भनेर मात्तिएर हिड्न भने नपाउने त्यतिबेला पनि कानूनत बाध्यता थियो क्यार ।

आज आएर वर्णव्यंवस्था टुट्नुका साथसाथै विशेष गरी अर्वाचीन पाश्चात्य सभ्यताको बाढीले तमाम मनुष्य मादक पदार्थ सेवन गर्ने मात्रै पनि नभएर झन्नै भन्नै मानव जातिनै मतवाला भएर मातेर हिंड्नमा आफूलाई प्रगतिशील र सभ्य संझने चलनभित्र रुमलिन पुगे जस्तो महसुस हुन लागिरहेछ । यो कतिसम्म लाभदायक प्रणाली हुनजाला भोलिको संसारमा ?

भविष्यका कुरा भावी शाखा सन्तानले व्यहोर्दै लैजालान् । वर्तमानमा नै हामीले भोग्नु र बेहोर्नु परेका सजिला अप्ठ्याराहरूलाई इच्छानुसारको पेशालाई अपनाउन पाउने प्रणाली अत्यन्त सराहनीय र फाइदाजनक छ भने मादक पदार्थ सेवन गर्ने छूट मात्र पनि नभएर मतवाला भएरं मात्तिएर भङ्ज्याई गर्दै हिड्न पाउने वातावरण तयार गर्नलाई घर-घर रक्सी भट्टी खोल्ने पेशाले मान्यता र मर्यादा इजाजत पाएकोले यदाकदा बाँकी बचेका गैर-मतवाली स्वभाव र चरित्रका समूहलाई भने ज्यादै उकुस-मुकुसको वातावरण बढ्दै गएको महसुस हुँदैछ । यस्ता गैर जिम्मेवारपूर्ण व्यवहारलाई सरकारले कुन दृष्टिले हेर्नु पर्ने हो ? समाजले यस्तो उच्छृङ्खलतालाई कुन पाराले श्रृंखलाबद्ध गराएर चलाउन सोच्ता कस्तो कदम चाल्नु पर्ने हो ? म आफूले निष्कर्ष निकाल्न असमर्थ भएँ र प्रश्न मात्र खडा गरेको छु ।

समाजको यसरी बृहतरूपमा अघि बढ्दै गरेको उच्छृङ्खलतालाई व्यवस्थित र श्रृंखलित तरिकाले नियन्त्रण र संचालन गर्न धार्मिक संस्थाहरूले यी कुराहरू बुझेर जनहितको बाटो सोचेर युवा समूहले प्रयास गर्‍यो भने अलि सजिलो पाराले बढ्दै गरेको उच्छृङ्खलताको मोडलाई मोडेर दिशा प्रदान गर्न सक्तो हो कि ? समाज संचालन, राज्य संचालन, अर्थ संचालन सबैमा नै

समायानुकूल परिवर्तित धार्मिक शिक्षादीक्षा दिएर पठन-पाठन, प्रसारण आदिले धेरै सघाउ पुर्‍याउला जस्तो मलाई लाग्छ । म आफू अहिंसामा विश्वास राख्ने स्वभावको भैदिनाले यस्तो लागेको पनि हुन सक्ला तर मतवाला संसारले शान्ति र अशान्तिको माने नै बुझ्न खोज्दैन, बुझ्न सक्तैन पनि । प्रतिशत छुट्याउ नै पनि नसकिने गरी मतवाला मात लागेका, रल्लु र झल्लु समाज बढेका अवस्थामा मेरा साधुशील बिचारधाराले उभिने ठाउँ पाउन पनि दुर्लभ होला तर पनि म आफूलाई लागेको कुरा, आफ्नो धारणा समाजका अगाडि पसारो पार्नु मेरो आफ्नो धर्म वा कर्तव्य हो भन्ने मलाई लाग्छ र यति लेख्ने प्रयास गरेको । मन लागे हेरी दिनुहोला, नलागे यस्तो लेख्ने अनेक [illegible] [illegible]छन् तयसको के वास्ता ।

२०४७४।२।२५

वातावरणको महत्व

मानवस्वभाव बन्न स्थानीय वातावरणले ठूलो मद्दत गर्दो रहेछ । बालक कालमा बसेको छाप अमिट हुदोरहेछ ।त्यसमा पनि आमाको चाल - चलन, हावभाव, बोली - वचन, काम- काजले बढी प्रभाव पार्ने गर्दोरहेछ । अनि आफ्ना घरमा के- कस्ता चर्चा वार्ता हुने गर्छन् ? शिक्षाको महत्वपूर्ण अंग बन्नमा सहायक बन्दोरहेछ । असल भएपनि बालकले टिपिहाल्छ, खराब भए पनि ।

त्यसकारण सन्ततिको भविष्य कुन पाराले निर्माण गर्नुपर्ने भन्ने कुराको आफ्नै घरमा निधो हुनु पर्दोरहेछ । घरमा साँझ - सवेर बाल बालिकाले जे - जस्ता चर्चा, वार्ता, कथा, कहानी, प्रसंग सुन्न र देख्न पाउने गर्छन्, त्यहीअनुरूप उसले टिप्न थाल्दोरहेछ । यसकारण घरव्यवहारमा सरल, साँचो, सोझो पाराको कुराकानी सुन्दा त्यस्तै बानी - व्यहोरा टिप्न बाल बालिकालाई रूचि हुने गर्छ । पूजापाठ, न्याशध्यान, जपतप आदिको चलनचल्ती छ भने त्यहीअनुरूप बाल बालिका बन्दै जान्छन् । घरमा राजकाज, शासन, प्रशासन, असन्तुष्टि, विद्रोह आदिका गाथा सुन्ने सुनाउने गर्नाले त्यसैको अनुकरण गर्ने बानी बस्तो रहेछ । व्यवहारिक ज्ञान दिलाउन उमेर पुगेपछि होइन । बाल बालिकाको जिज्ञासु स्वभावको सुरूवात भएपछि सोधेका कुराको स्पष्ट र सफा सरल तरिकाले बुझाउने गऱ्यो भने अक्षर ज्ञान सिक्नुभन्दा पहिले नै धेरै कुरा जान्न बुझ्न सक्ने हुने रहेछ जस्तो लाग्यो । तर अपशोचको कुरा त के भैदिन्छ भने बाल बालिकालाई ज्ञान गराउनु पर्ने कुरा घरका बाबु - आमालाई नै ज्ञान हुँदैन । र स्कुलमा पठाइन्छ - ज्ञानी बनाउन । स्कुलको वातावरणअनुरूप विद्यार्थीले त टिप्छ नै । कृष्णका दाज्यू बलभद्रले नन्दबाबाका घरमा जोत्ने गरेको हलो अझै हाम्रो गुरुघर बनेर पुर्ख्यौली बिंडो थाम्न हामीले सदा तयार रहनु पर्छ । हाम्रो वातावरण त्यसरी ठप्प अडिएको छ नचटपटाइकन । कृष्णले गोठालो भएर गाई चराएको र बलभद्रले अर्काका घरमा बसेर हलो जोतेर पेट पालेको कथा पुराणले हामी हाम्रो आदर्श कायम गरेर उन्नति गर्न सोच्छौं ।

यस्तो सोचाइलाई पौराणिक गाथाले कति सघाउ पुऱ्याएको छ ? त्यतातिर हाम्रो मनस्थिति फर्केको छैन । मनोरञ्जन पनि अघि बढ्ने हैन, पछि फर्किने खालको वातावरण सृजना पाराले हामी समय काट्ने गर्छौं - भक्तिभाव बटुलेर । हामीले हली, गोठालाले वर्षको ३६५ दिन नै अल्पाहार गरेर एकादशी ब्रतको पालन गर्न बाध्य र विवश भएका छौं । आफ्नो भन्ने ओत लाग्ने छाप्रोसम्म पनि नहुनेले पेटभरि खाने कल्पना गर्दा पेटभरि खाने कल्पना गर्दा पेट भरिन्छ र ?

मानवस्वाभाव बन्ने र बिग्रने परिपाटी सोच्न बसेको त हली र गोठालाको बयानतिर पो पुगिएछ । यो पनि वातावरणकै परिणाम हो । मेरा वरिपरि जे जस्तो छ त्यसैको प्रभाव त पर्छ नि ममा पनि । कागजमा वातावरण तयार गरेर तयार हुने हो र ? पेटभरि खानलाई नै धौ धौ पर्ने समाजमा वातावरण परिस्कृत र परिमार्जित ढंगको गराउने कल्पनाले के कति काम देला ? म लेख्तै गर्छु । मेरा कुरा बुझिदिने व्यक्ति औंलामा गन्न सकिएला कि नसकिएला ? बढी कमाऊ' सिद्धान्तले प्रभाव जमाएको देशमा कुरा बुझ्नेको चासोको विषय नै बढी कमाऊ' हुन्छ । कुरा बुझ्न नसक्नेको चासो पेट परमेश्वरको पूजासामा जुटाउनै नसकेर खाली हात हल्लिने गर्छ । यस्तो अनमेलको संसारलाई मिलाउन सोच्नु पनि अपराधपूर्ण धारणा ठहऱ्याउने वातावरण अझै ज्यूंका त्यूं कायम छ । यस्तो आवस्यालाई बुझ्न सक्ने क्षमताको गिदी भएका भद्र महापुरूष वा महान् स्त्रीले सोचिदिनु भए अनमेलको संसारलाई मिल्दो जुल्दो गराउन सकिन्थ्यो कि ? प्रश्न गरिन्छ, उत्तर छैन । अब बिसाउँ ल ? इति ।

२०४७।४।२९।२

अलग स्वभाव अलग बाटो

संघर्षशील स्वभाव र शान्तिप्रिय स्वभावको बाटो आ आफ्नै अलग अलग हुन्छ -जीवन निर्वाहको क्रममा पहिलोले अन्याय भयो भन्ने ठान्यो भने ऊ त्यसका विरोधमा आवाज उठाउँछ, बोल्छ, पुकार गर्छ, विचार मिल्दा साथी जम्मा गर्छ । विद्रोह गर्न तम्तयार बन्छ र परिस्थितिअनुसार ऊ संघर्षमा उत्रिन्छ ।

यद्यपि ऊ आफूसंग कति शक्ति छ ? र परिणाम के हुन्छ ? भन्ने कुरा सोच्न मन पराउदैन । संघर्षले कि वार कि पार' भन्ने बाटो बताउँछ । दोस्रोले संघर्ष रूचाउन्न, ऊ चुप लागेर बस्छ र सोच्ने गर्छ, शान्त वातावरणमा सबैसँग मेलमिलाप राखेर मित्रता बढाएर जीविका चलाउने काममा अग्रसर हुन्छ । उसको दुश्मन कोही पनि हुँदैन । छरछिमेकीले उसलाई रूचाउँछन् ।

यस्ता अलग - अलग स्वभाग भएका व्यक्तिको चरित्र पनि आ - आफ्नै ढंगको हुन्छ । तर अप्ठ्यारो कहीनेर आइलाग्छ भने जीविकाको साधन आफूसँग अरू केही पनि नभएर आफ्ना पाखुरा अघि सारेर पेटको पूजाआजा चलाउनु पर्ने अवस्थामा दुवै विचारधाराले काम गर्न असमर्थ बन्दछन् र लुरू-लुरू श्रममा जोतिनुपर्छ । संघर्ष गर्न पनि परिपाठ मिल्नु पर्छ, संघर्षले अन्तिमरूप लिने टुंगोको रूपरेखा उसले बुझेको हुनुपर्छ । संघर्षको अगुवाइ गर्ने सज्जन विवेकशील र निस्वार्थी हुनुपर्छ, अहिलेसम्मका संघर्षशील पद्धति अंगालेका सज्जनहरूको समूहले सफलता पाउन नसक्नुमा विवेकको कमी र स्वार्थले ग्रसित

भएको पाइने गर्छ । शान्त र साधुशील स्वभावले आकांक्षा नबढाएर र बाँच्न चाहँदा अप्ठ्याराहरू बेहोर्नु नपर्ने वा कम बेहोर्नु नपर्ने स्थिति बन्न जान्छ । अडकलबाजीले आज यहीं विश्राम लेओस् है ।

२०४७।४।३०।३

मानिसलाई रिस कसरी उठ्छ ?

मानिसलाई रिस कसरी उठ्छ ? रिस उठ्नाको कारण धेरै हुन सक्लान् । रिस धेरै उठ्ने थोरै उठ्ने पनि मानिसको स्वभाव हुनसक्छ । मेरो सोचाइमा अठोट गरेरसम्म रिस उठ्नका कारण झुट्टो व्यवहार गर्ने तर त्यसलाई सौचो सत्य तुल्याउन खोज्ने प्रयासमा लाग्दा अर्काले त्यो कुरा साँचो मानिदिएन वा आफूले लुकाउन खोजेको विषयलाई अर्काले चर्चामा ल्याइदियो भने आफ्नो विचारका विपरित दिशामा चर्चा हुन लाग्दा रिसाउन थाल्दोरहेछ व्यक्ति ।

साँचो र सत्य, इमान्दारी पालन गर्ने, झुठो काम कुरा नगर्ने, आफूले अर्कालाई मात्र होइन आफूले आफैंलाई नढाट्ने नीति नियम, ऐन कानुनको विपरीत काम नगर्ने व्यक्ति हत्तपत्त रिसाउँदैन क्यार । कथंकदाचित् रिसाइहाल्यो भने पनि मध्य पाराको, गुलाबी छाँटको, व्यङ्ग्यात्मक हिसाबको रिसाइ हुन सक्तो हो । ऊ अलि रिसाएको वा असन्तुष्टि जाहेर गरेको सम्म बुझिएला तर उसको रिसले सुन्ने देख्नेलाई समेत अधैर्य गराउने खालको नहुदो हो । अक्सर गरेर गम्भीर स्वभावको व्यक्तिको रिस बाहिर नपोखिदो हो । व्यक्तिलाई रिस उठ्नु एउटा अलग कुरो हो भने रिस नअटाएर बाहिर पोखिनु छताछुल्ल हुनु अर्को कुरा हो । रिस सुतेको सुत्यै हुने, रिस उठ्दै नउठ्ने व्यक्ति त बिरलै पाइएला । भगवान् बुद्धलाई रिस उठ्दैनथ्यो भन्ने बुद्धको जातक कथाले बोल्ने गर्छ । कथाकारको कलम संयमी हो कि बुद्धको स्वभाव ? यस्तो प्रश्न गर्न मन लाग्छ यद्यपि उत्तर पाउने आशा नभए तापनि ।

साँचो, सत्य, यथार्थ, लोभ, लालचरहित व्यवहारभित्र रिस उब्जने हुँदैन जस्तो लाग्यो । अहङ्कार बोक्ने व्यक्ति ज्यादा रिसाउने गरेको हामी देख्ने गर्छौं । अर्काले मेरो मर्यादा गरिदेओस् भन्ने धारणाको प्रतिपालन भैदिएन भने त्यस्तो व्यक्ति रिसाउने गरेको देख्न सकिन्छ । मपाई स्वभाव बढी रिसाउँछ । काम गरिसक्ता कामको प्रशंसा हुने गर्छ । त्यस्तो कामको प्रशंसाले काम गर्ने व्यक्तिलाई उत्साहित तुल्याउँछ, त्यो उत्साह मर्यादा पनि बन्न पुग्छ । काम नगरी मान खोज्ने स्वभाव चाटुकार पनि बन्न सक्छ, छिट्टै रिसाउन पनि सक्छ । रिस उठ्नाका कारण त जति व्यक्ति उतिभन्दा पनि बढी पो हुन्छ क्यार ।

२०४७।४।२७

मान्छेको बानी

अस्थिर हुन्छ । स्थिर पारेर बानीलाई बसाउन समय लाग्छ । समय निकै खाइपाई सकेको बानी पछि गएर उठन चल्न चटपटाउन मान्दैन मानिसले आफ्नो जस्तो बानी आफ्नो पाराले बसाउने गर्छ त्यसै पाराले बानी चुप्प लागेर बस्न मन पराउँदोरहेछ । बानी चकचके स्वभावको हुन्छ । यस्ता बानीहरू कति लाभदायक हुन्छन् भने कति हानिकारक पनि र कति त अर्थ नपाई गोविन्द गाई भनेझैं हुने गर्छन् ।

त्यस्तै बानीहरूका समूहमध्ये एउटा बानीले मलाई रोज्यो । यति बढी मन परायो कि अब उसले मलाई छाड्न मान्दै मान्दैन । म छाड्न बल गर्छु उ लिसो लागेझैं टाँसिरहेछ । बानीले जित्यो मैले हारें । दिनमा १ । २ पाना लेख्ने बानी मसंग आएर झ्यामियो । नलेखी धर पाउन्न । लेख्न थाल्छु - विषय बेपत्ता । आफू एक्लै घोरिएर बस्यो, टुलुटुलु आकाशतिर हेऱ्यो, के लेख्नु ? विषय बिनाको लेखाइ बोलाउदा, पनि नबोल्ने भएर उभिन्छ । म फसादमा परें, नलेखुं बानीले पिरोलेर बसी सुख न उठी सुख गराउँछ, लेखूं विषय आइदिदैन । हे फसाद ! अब कसो गर्ने ? भनेर मनले छाम छाम, छुम छुम गरेर लेख्न तम्सिएं । अं हं विहोराबाट केही पनि पो आएन ए ! आखिर आएर आफ्नो बसेको बानीलाई फुल्याउन, थुमथुम्याउन, कलम हातमा लिएर लेख्न थालेको त यस्तो गत पो लेखिएछ । झ्यामिएको बानीलाई फुल्याउन वा भुल्याउनसम्म त भयो तर कथा कहानी भने केही पनि भएन । यो एउटा पातो लेखिसक्नु मलाई कस्तो धौ धौ पऱ्यो भने कागजको एक चौथाइ भाग अझै पनि बाँकी छ । यो केले ढाकिसक्नु ? केले पूरा गर्नु ? कसलाई सोध्नु ? प्रश्नको लहर लागेर ठाडै उभिन्छ, उसले जवाफ दिने हैन । जवाफ खोज्न मैले नै निस्कनुपर्छ, घरबाट बाहिर । यस्तो अवस्थामा आफ्नो दोष आफूले देख्ने खाले आँखा पाउन सकिएन । अर्काको दोष भए यिनै आँखाले अघि कति छिटो देखिसक्ने थियो होला । गुण केलाएर लिने बानीलाई आफूले मौकामा बोलाइएनछ । दोष हेर्नेचाहिं बानी कताबाट थाहै नपाई सुटुक्क आफूभित्र आएर आशन जमाइसकेको मलाई पत्तै भएन । आलोचना गर्नु भन्यो, आफूले र बासी चना पनि भेटिंदैन झारातिर्न लागेको बिना पैसाको खेतालाले कस्तो काम गरोस् विचरा । अब लेखनीलाई विश्राम दिनु पऱ्यो ल ? इति

२०४७।४।२५।५

विचारको चोट

खप्तड बाबाले विचारसम्बन्धी एउटा पुस्तिका लेख्नुभएको रहेछ । २ वर्ष पहिले त्यो मैले हेर्ने मौका पाएँ, तर सरसर्ती एकपल्ट पूरा गर्न पनि पाइनँ । पाता पल्टाउँदै २ घण्टाजति हेरें होला । त्यतिबेला धेरै नै याद थियो । हिजो आज त्यति याद रहन छाड्यो । तुरन्तै बिर्सिने रोग लाग्यो क्यार । सम्झन्छु । हतियारको चोटभन्दा विचारको चोट बढी प्रभावकारी हुने कुरा । हतियारको प्रयोगले हतियारमा जति शक्ति छ, त्यति मात्रै क्षति पुऱ्याउने गर्छ तर विचारको प्रवाहले बाढीको काम गर्छ । बगाएरै लैजान्छ, उथलपुथल मच्चाउँछ । विचारले संसारमा जति ठूलो काम गर्छ । सायदै अरू कुनै प्रयोगले त्यत्रो कार्य गर्न सक्ला । विचारले क्रान्ति ल्याउँछ , खल्लबल्ल पार्छ यदि क्रान्तिकारी विचार छ भने । दार्शनिक विचारले इशारा गर्छ, औंल्याउछ, देखाउँछ, दर्शन गराउँछ । विचारले के - के गर्छ ? यो गणना गर्न सक्ने विषय होइन । विचारले जे पनि गर्न सक्छ र जे पनि नगर्न सक्छ । मनमा उठ्ने तरंगको तलाउ बन्न सक्छ विचारको । विचारले यन्त्र सृजना गर्न पनि सक्छ भने षड्यन्त्र रचना गर्न पनि विचार पछि पर्दैन । विचारसँग आचारलाई पनि जोड्ने गरेको पाइन्छ । आचार -विचार कस्तो छ ? भनिन्छ, । आचार - विचारलाई नाप्न बढो गाह्रो पर्छ । आचारको संहिता बनाउने गर्छन् । विचारको संहिता सायद बनेको छैन क्यार । एउटा व्यक्तिमा उब्जने विचारले छिमेकीको दुःख बुझेर कल्याणको मार्ग सोच्ने भैदियो भने शान्तिलाई बोलाउन सजिलो पर्छ । उनी आउन मंजुर पनि गर्लान् । यदि त्यो व्यक्तिको सोचाइले छिमेकीको खाइनपाइन ताक्यो भने । त्यतिबेला शान्ति होइन क्रान्ति गर्न अघि सर्नुपर्ने स्थिति पैदा हुन्छ चालै नपाइकन । क्रान्तिलाई बोलाउन मजबुत र स्पष्ट चेतनाले दौडाहा गर्नुपर्छ समाजमा । चेतना दौडाउने काम सजिलो छैन । जवान व्यक्ति वा रेल मोटर दौडेझैं चेतना दौडन सक्तैन । चेतना दौडाउन जनमानसमा विश्वासको मैदान तयार पार्नुपर्छ । विश्वास सत्यमा आधारित हुनुपर्छ । विश्वासको आधारले मैदान तयार भैसकेपछि चेतना बिजुलीको तरंग लिएर उड्छ । ठाडो कल्पना, मन बहलाउनसम्म होला कि ?

२०४७।४।२६।६

स्वास्थ्य चिन्ता

आशा पुष्प फलाउने रहरमा यो जिन्दगी शेष भो कैयौंपल्ट फुलेर फक्रिन गयो फलान्तमा शून्य भो । इच्छालाई फुल्याउने रहरले प्रयत्न बढ्दै गए इच्छा बस्न रूचाइनन् जब सबै जाहान बिदा भए । मेरो मुटु, कलेजो वा फोक्सोमा सानो प्वालपरेछ । अस्तिका दिन मैले चाल पाएँ । नाडी छाम्दा १ / २ मिनेटका बीचमा एउटा धडकन रोकिन्छ । त्यो धडकन रोकिएको बेला नाडीको गति बन्द हुन्छ । त्यतिबेला रोहोटे पिङमा माथिबाट तल झर्दा मन आत्तिए झैं झसङ्ग मन गर्छ । त्यो धड्कन बन्द हुनेक्रम बढ्दै गयो । आज १ मिनेटमा २ /३ पटकसम्म पनि नाडीको चाल रोकिन्छ । मात्र १ चाल रोकिन्छ । कहिलेकाहीं १ चाल जति रोकिन्छ यो झसङ्ग हुने क्रमले नाडीको गति रोकिएको स्पष्ट थाहा पाइयो ।

यो नाडीको चाललाई मैले बराबर बराबर छाम्ने गरें । तर अन्त्यमा मैले के महसुस गर्न पुगें भने, शरीरमा जब - जब ज्वरो चढेको हुन्छ, त्यति त्यतिबेला यो मन झस्किने गर्दोरहेछ । मन झस्किंदा नाडीको चाल रोकिने गर्दोरहेछ । ज्वरो चढेको बेला मन झस्किएको स्पष्ट भयो । अनि म फेरि कुन निष्कर्षमा पुग्न थालें भने मेरो मुटु कलेजो वा फोक्सामा प्वाल परेको रहेनछ । ज्वरोले मन झस्काउँदो रहेछ र मन झस्किदा नाडीले गति रोक्तो रहेछ अथवा नाडीको गति रोकिंदा मन झस्किने गर्दोरहेछ । ज्वरोले मन झस्किनु र नाडीको गति बन्द हुनुमा घनिष्ट सम्बन्ध रहेछ । त्यसकारण मसिनुसँग विचार गर्दा मन झस्किनु वा नाडीको गति रोकिनुले त्यति अत्तालिनु पर्नेसम्मको कारण भएको रोग लागेछ भन्ने संझनु पर्ने रहेनछ । यो साधारण गति रहेछ । मन झस्किंदा नाडी रोकिनु वा नाडि रोकिंदा मन झस्किनु तर यो प्रक्रिया बढ्दै जानुमा चाहिं विशेष ज्वरोले भूमिका खेल्दोरहेछ भन्ने ठहर गर्न म पुगें । अतः ज्वरो आउन नदिने उपाय पत्ता लगाउनु पहिलो काम हुन आयो अब । तर यो क्रम घटबढको पारा भने नाडीद्वारा परीक्षण गर्दैरहनु लाभप्रद होला ।

२०४७।४।२४।४

हामी गरीब छैनौं ।

नेपालको पहाडी इलाका धेरै छ । मैदान त अलिकति सोतो मात्र । गाणितको आधारमा त नेपालको तराई भेक भन्दा नेपालको पहाडी हरियाली भाग र सेतो हिमालयको भाग धेरै गुणना गर्ने हो यदि भने त तथ्याङ्क यकिन गर्न मिल्दो हो तर त्यसरी माटो बालुवा पत्थर समूहलाई ठीकै तौलमा ल्याउन सकिने तरिका र साधन सायद नेपालमा आविष्कार भै सकेको छैन कि ?

अहिलेलाई हामीले अनुमानका भर पर्नुपर्छ । अनुमान गर्दा तराईको मैदान १ भाग, हरियाली पहाड ३ भाग र सेतो हिमाल ३ भाग गरी जम्मा ७ भाग लाउन सकिएला नेपाललाई । बरबगैंचा र घरेलु जनावर पाल्ने र बिजुलीको पैदावारले पहाडी इलाकामा जन्मेका जम्मै तीनकरोड नेपालीलाई पनि बत्ती बाल्न सक्छ मात्र होइन । छिमेकी देशलाई मद्दत गर्न समेत सक्षम हुनसक्छ भने हिमालय प्रदेशमा बनेका जनावर पाल्ने र पर्यटन केन्द्र जस्ता उपयोगी स्थानले धेरैलाई काम लगाउन सक्छ ।

नेपाल जस्तो सम्पन्न प्राकृतिक साधनले भरिएको उर्वरा भूमिको उपयोगितालाई वास्ता नगरेर हामी नेपाली गरीबीका रेखामुनि झरेका भरिया भनाइमाग्न पुग्यौं -विकसित भनिने मुलुकका दृष्टिमा । वास्तवमा हामी गरीब छैनौं । अलि अलि घरमा दाजु भाइको अंशवण्डा राम्रो नभैदिएर सानोतिनो मनमोटाउसम्म भएको मौका छोपेर विदेशी गिद्धे दृष्टिले हाम्रो आपसमा कलह गराउन खोजिरहेको छ । आफ्ना घरको चाँजो मिलाउने काम आफैंले गर्नुपर्छ । एउटा दुईटा व्यक्ति छाडा भएर मनपरी रजाई गर्न हुन्न । यो मनपरी गर्ने चलन जति सक्तो चाँडो बन्द गर्नुपर्छ र सबैले आफ्ना काममा लागि पर्नु पर्‍यो । अर्काको पसिनामा लोभिने गर्नुभएन । बुझ्नेले बुझ नपचाइदिन आग्रह गर्दछु ।

२०४७७४।१

केका आधारमा श्रेष्ठता नाप्ने ?

मानव प्राणी आफूलाई श्रेष्ठताको दावी गर्छ । हरप्राणी समूहमा सर्वश्रेष्ठ अथवा आंशिक श्रेष्ठ यो छुटयाउनलाई श्रेष्ठता नापो गर्ने तराजु छैन । कोभन्दा को श्रेष्ठ ? केका आधारमा श्रेष्ठता नाप्ने ? आ आफ्नो गुण र दोष सबैले बोकेका छन् । श्रेष्ठताको पनि सिमाना भेटिँदैन । दृष्टिकोण आ आफ्नो सबको अलग अलग हुन्छ । जस्तो आकार अनुहार फरक फरक छ ।

भेडा गोठालोले मात्रै भेडाको अनुहार छुट्टाएर चिन्न सक्छ र नामाकरण गर्नेगर्छ । आफूले अर्कालाई कज्याउन सकेकाले आफूले आफैंलाई सर्वश्रेष्ठताको दावा गर्छ मनुष्य । चौपायासँग मात्रै तुलना गरे पनि मानव जति कमजोर कुनै जन्तु चौपायमा नपाइएला । आफै त्यस्तो कमजोर भइकन पनि जोर जवरजस्ती गर्ने कला मनुष्यले आविष्कार गर्‍यो । प्रायः सारा प्राणीलाई कब्जामा गर्ने सामर्थ्य बटुल्न सक्यो र सबैलाई दुःख दिएर आफ्ना बसमा राख्यो । अर्कालाई बसमा राख्न सकेको कारणले म ठूलो दावी गर्छ साढे तीन हातको मान्छे । त्यस्तो दावी गर्ने मानव जातिले आपसमा मिलेर भेडाका झैं, बाखाका झैं, गाईगोरुका झैं चर्न अझै पनि जानेको छैन । मैथुन कला समेत पशु बराबरीको संयमताका साथ सम्पादन गर्न असमर्थ मानव श्रेष्ठताको दावी गर्छ आफूलाई । अरूले के सोचिरहेका होलान् मनुष्यका प्रति ? हात्तिले ? सिंहले ? श्यालले ? ब्वाँसोले ? हरिणले ? गोमन सर्पले ? ह्वेल माछोले ? कागले ? गौंथलीले ? सुगाले ? गिद्धले ? साँढेले ? शिवजीका बसाहले ? के कस्ता दृष्टिले हेर्ने गरेका होलान् ? प्रकृतिका चराचार सृष्टिमा अरू सबै प्राणीले आवश्यक मानव समुदाय चाहिं अनावश्यक भन्ने सोच्नु पर्ने स्थिति मनुष्यले पैदा गरेको छैन ? मानव समूह निर्मूल भएर इतर प्राणी मात्र विचरण गरिने संसार चल्दा कस्तो देखिदो हो ? उत्तर विना प्रश्न जति पनि गर्न सकिन्छ ।

मान्छेले मान्छेलाई दुःख दिने र दुःख दिँदै गरेका कथा - व्यथा जति खोज्यो त्यति भेटिन्छ । मान्छेले मान्छेलाई वा इतर प्राणीलाई सुख दिने वा सुख दिन कोसिस गरेका कथा कहानी पनि नभेटिएका होइनन् । तर त्यस्ता परोपकारी कथा गाथा चाहिं फुर्सदका बेला, मनोरञ्जनका साधन जस्ता मात्र भैदिए । जीवनसँग सम्बन्ध राख्ने स्थितिका बारेमा सोच्नेले संघर्षलाई नै प्राथमिकता दिने निर्णय अँगाल्न लगाउँछ । संघर्षले सृष्टि संचालन भएको देख्ने गर्छ । संघर्षद्वारा सृष्टिले विकास पायो भन्दा मलाई पत्यार लाग्दैन संघर्षले त विनाश गर्छ । रुद्र विनाशकारी तत्व हो, संहार गर्छ तर माता प्रकृति हार मानेर बस्न रुचाउनु हुन्न । रुद्रले डढेलो लगाएर खरानी पारेका ठाउँलाई पनि माता प्रकृतिका प्रेम प्रीतिले गर्दा नयाँ टुसा मुना पलाएर हरियाली छाउँछ । संसार प्रेममा आधारित छ । प्रीतिले मौलाउँछ । मायामा फैलाउँछ । यो कुरा व्यक्ति - व्यक्ति, घर - घर, गाउँ-गाउँ, शहर-शहर, सबैका सबैले जानी बुझी

बुझ्ग पचाउन खोजेर किन संघर्ष द्वन्द्व चाहिन्छ भनेर सङ्लिरहेको मन धमिल्याउन खोजेको ? मैले बुझ्न सकिंन । एउटा चोरले चोरी गऱ्यो भनेर सबैले चोरी गर्न लग्ने ? एउटाले अर्कोलाई दु:ख नदिएर एउटाले अर्कालाई मद्दत गरेर बाँच्नलाई केले दिएन तपाई हामीलाई ? लोभले दिएन ? अहङ्कारले दिएन ? मपाईले दिएन ? चोरका पछि मतियार भएर तपाईलाई हामी किन कुद्छौं ? तपाई हामी पागल भएका त छैनौं ? कति पैसा चाहियो तपाईलाई ? सुन किन चाहियो ? कति चाहियो ? फलाम कति चाहियो ? जग्गा जमिन तपाई हामीलाई कति चाहियो ? साढे तीनहात जमिन भन्दा बढी त कसलाई चाहिन्छ र ?

एक तोला चाँदीको एउटा रूपैयाँको टक काट्ने चलन भएको बेला अस्ति ३२०० रुपैयाँले एकमन हुन्थ्यो । ३२,००० बत्तीसहजार रुपैयाँले १० मन । एउटा कोठामा तपाई हामीलाई बसाए र १० मन रुपियाँले छोपिदियो भने तपाई सन्तुष्ट हुनुहोला ? त्यस्तै ३२,००० बत्तीसहजार सुनको असर्फीले तपाईंलाई गद्दीमा विराजमान गराएर टाउकाबाट खन्याईदिए तपाई सन्तुष्ट हुनुहोला ? तपाईंको जीवन सन्तोषले जिउन सक्छ ? रुपियाँ र असर्फीले पुरिएर तपाईंको समाधी कायम गराउने उद्देश्य संझन सक्नुहुन्छ ?

हामी बालककालमा आपसमा कुरा गर्दा राजाले सुनको भात खाने गर्छन् भनेर छलफल ल्याउँथ्यौं । सुन चाँदी खाने कुरा होइन, वास्तवमा काम लाग्ने कुरा पनि होइन जीवन धान्नलाई । तर दुर्लभ वस्तु भएकाले त्यसलाई माध्यम गराएर विनिमय प्रणाली चल्यो संसारमा । मात्र जीविकाको साधन बटुल्ने क्रममा विनिमय खातिर । तर हामीले त्यसलाई सम्पत्ति नामकरण गरेर एकत्र गर्न थाल्यौं । सम्पत्ति एकत्र गर्नु पनि पाप हो भनेर ऋषिले लेख्न चुकेका छैनन् । तर हामी एउटा चोर अगुवा भयो भनेर त्यसका मतियार बनेर पछि लाग्यौं । अब आएर तपाई हामी जस्ता चोरले संसार ढाकियो र चोरै चोरको एक चुच्चो, साधुका घरको दियो कुचो गरेर रमाएर रजाईं गरिरहेछौं साधु, शील, सज्जन, भद्र भलादमीका उपर । यसैले भन्न मन लागेको मानव समूह नै निर्मूल भएर इतर प्राणीले संसार चालू हुँदा प्रकृतिलाई कति अप्ठ्यारो पर्ला ?

२०४७।७।५।२

च्याङ-ठ्याङ नमिलेको कुरा

अर्काको कुरा गर्ने बानी थलामारेर बस्यो आफ्नो थात बासको र गाँसको पत्ता छैन । मानव स्वभाव आफूले गरी खाने कुराको थालनी गरिदैन । खान भने २४ घण्टामा ५ पल्ट चाहिने गर्छ । त्यो खाना कताबाट आउँछ ? याद खबर केही छैन । खाने कुँरामा चासो नराखीकन पनि खान पाइन्छ भने अनि किन चासो राख्नु पनि पऱ्यो र ? आफ्ना पौरखमा भर पर्नु परेपछि मात्र चेतना पलाउने गर्छ क्यार, पेटमा आगो बल्न थालेपछि जाँगरलाई प्रेरणा मिल्छ क्यार, मानिसमा काम काज गर्नलाई जाँगर, प्रेरणा आउन नदिने केले हो ? मैले राम्रोसंग पत्ता लाउन सकिरहेको छैन ।

बिहान, बेलुका, दिउँसो मानिस एक ठाउँमा भेला हुन्छन् । कुरा चल्छ राज -काजको, राजाको, मन्त्रीको, नेताको र देश विदेशका लडाईं -झगडा र आपत -विपत आदि खबरका हावाहरूको । मलाई सुनिरहन मन लाग्छ । जवाफ सवाल गर्न नलागेर मनमा गुन्छु, यी कुराले यी वार्ताकारलाई कति लाभ वा हानी के -के गर्दो हो ? भनेर सोच्तछु । घरको सर्वत्र काम राजनीति रहेछ । वार्ताकारहरू राजनीतिका कार्यकर्ता पनि होइनन् । यो पराईका कुरामा किन यति बिघ्न रस भिजेको होला भनेर विचार गर्छु । गर्नुपर्ने काम कर्तव्य र नगर्नु पर्ने काम कर्तव्य हामीले परगेल्न सकेनौं । खानु पर्ने र नखानु पर्ने पदार्थ पनि छुट्याउन सकेनौं । जनता गरीब छन्: शोषण भयो दबाइयो, थिचियो पनि भन्ने गर्छौं, कसले शोषण गऱ्यो ? कसले दबायो ? कसले थिचोमिचो गऱ्यो ? कलकत्तेले आएर शोषण गऱ्यो? बनारसीले आएर दबायो ? कि मद्रासीले आएर थिचोमिचो गऱ्यो ? अर्काका थाप्लामा कसिंगर थुपारेर आफ्नो आँगन सुधार गरें भन्ने चरित्रको व्यक्ति हामीलाई थाहा छैन र ? हामीले जानिजानी, बुझिबुझीकन, कसिंगर अर्काका थाप्लामा हाल्छौं । म के गर्दैछु ? मैले कति अन्याय गरेको छु, मैले कति दबाएको छु, मैले कति थिचोमिचो गरेको छु भनेर कहिल्यै सोच्ने गरेको छ ? आफ्नो चरित्र उद्घाटन गरेर अर्काका शरीरमा हिलो छ्याप्न हामी बडा खप्पिस छौं । अर्काको आचार -विचारलाई वास्ता गरेर आफ्नो बानी सपार्ने मति हामीलाई किन आउन सकेन ? सोच्नु पर्ने छ ।

२०४७।७।६।३

प्रतिनिधिको प्रश्न

व्यक्तिलाई स्वतन्त्र रूपले आर्जन गर्न पाउने परिपाटीले भित्री नजर खुलेकोलाई त जीवन यापन गर्ने व्यवस्था मिलाउन त्यति अप्ठ्यारो पर्दैन । बाहिरका मात्र जोर आँखाले हेर्न सक्ने जीविकाको साटो देख्न नसक्नेलाई भने सर्वत्र अध्यारोले ढाकेको महसुस हुनेगर्छ । पेटभरि खान पाएपछि भनेर बेलुका के खाउँला भनेर सोच्नेसम्म फुर्सद नपाउने व्यक्ति संसारमा ५० प्रतिशत नै होलान् । खास गरेर प्रतिनिधि वा अगुवा चाहिने उसका लागि हो ।

आफै गरी, भनी, खाई आएका ५० प्रतिशतलाई त प्रतिनिधिको त्यति वर्ता चासो पनि पर्दैन । आ -आफ्नो प्रनिनिधित्व गर्न सक्षम छ । जसका लागि प्रतिनिधिको आवश्यक छ उसले आफ्नो प्रतिनिधि गर्न सक्षम छ । जसका लागि प्रतिनिधिको आवश्यक छ उसले आफ्नो प्रतिनिधि आफूमध्येबाट पठाउन सक्ने चेतनाको जोहो गर्न सामर्थ्यवान हुन सकेको छैन । चेतनाको जोहो गर्न नसक्नेलाई म प्रतिनिधित्व त गर्छु तर निमुखा चेतनाहीन समूहको प्रतिनिधित्वको भारी बोकेर आफ्नो रोजगार सुरक्षित राख्ने कामलाई प्राथमिकता दिएर । आवश्यकताको साँध सिमाना हुँदैन । चेतनाहीन समूहको प्रतिनिधिले सदा आफ्नो आवश्यकता पूरा गरेर नै सक्तैन । जसको प्रतिनिधित्व गरिन्छ तिनको पालो घुमेर पार पुग्नै पाउँदैन । पालो आइनपुगेपछि त्यो समूहले आश्वासनका भर पर्नुपर्छ सदा नै । भोलिको बाटो हेरेर बाँचिरहेको छ, त्यो समूह । तर त्यो भोलि उनीहरूको लागि कहिल्यै पनि आइपुग्दैन । यस्तै अप्ठ्यारा स्थितिले बोलाएर ल्याउने गर्छ क्यार -मजदुर वर्गको तानाशाहीलाई । तानाशाह, परिस्थितिले आवश्यकता पूरा गर्न ल्याउने र आफ्नो महत्वाकांक्षा पूरा गर्न आउने दुईप्रकारका जस्तो लाग्यो । अर्काको कल्याणको मार्ग सोच्नेले आफ्नो कल्याण बिर्सेको हुन्छ । आफ्नो कल्याण सोच्नेले अर्काको कल्याणको बाटो बिर्सन्छ । आफ्नो कुरा छैन: अर्काको कुरा भो नगरौं अब ।

२०४७७४

व्यक्तिवाद र समाजवाद

व्यक्तिवाद र समाजवादका मैले कुरा सुन्ने गरेको छु । व्यक्तिवाद मेरो बुझाईअनुसार व्यक्ति स्वतन्त्र, पुरूष पनि स्वतन्त्र । एक्लाएक्लै बस्नेको आ आफ्नो एकलौटी अधिकार, आँ आफ्नो आँगन आफ्नै तजबिज । सहवास गर्नुपर्ने खण्डमा विवाहको आवश्यक । तर विवाह भए उप्रान्त पनि दासी भै हाल्छे । सम्पत्तिमा पनि अधिकार नगण्य रहन्छ । दासीलाई ताडना दिनु पतिको अधिकार मानिन्छ । कानूनले नमाने तापनि समाजले मानिआएको छ र पत्नीको यौन स्वतन्त्रता हुँदैन । पतिका सत्य निष्ठामा बस्नुपर्छ पत्नीले । पति स्वतन्त्र हुन्छ । परपत्नी गमन गर्छ । ऊ पतीत मानिदैन । वास्तवमा ऊ पतीत हुन्छ । पत्नीले परपुरुषसँग सहवास गरे ऊ पतिता मानिन्छे र घरबाट निकाला गरिन्छे । सबै अधिकारबाट ऊ बञ्चित हुन्छे । व्यवहारमा यो एउटा ज्यादै अन्यायपूर्ण, एक पक्षीय नीति र अवलम्बन गरिएको छ । यस परिपाटीमा पुनर्जन्म र परजन्मको बन्धन पनि खडा गरिएको छ र पत्नीले पतिपरायण भएर सतित्व जोगाएर बस्नुलाई धर्म भनिन्छ । वास्तवमा यौन क्रियाभित्र पाप र धर्मको सम्बन्ध गाँसिएको हुँदैन । स्वेच्छाले प्रकृतिका नियम पालना र पूरा गर्ने चलन । बलत्कार भए, अन्याय र थिचोमिचो भएको मान्नुपर्छ । पापको परिभाषा स्पष्ट सुन्न पाएको छैन ।

समाजबाद कस्तो हो ? जानकारीमा आइपुगेको छैन । नेताहरूको फलाकोसम्म सुन्न पाइएको । मेरो अडकलमा समाजवाद साझा संसार हो । सन्तान साझा, पति -पत्नी साझा, सम्पत्ति साझा, जग्गा -जमिन, हावा -पानी, आगो र आकाश पनि साझा । अनि घरद्वार व्यवहार पनि साझा । सबैथोक साझा भन्दा आकाशको छानु भएको पृथ्वी नै घर हो भन्न सुहाउला । तर आकाशमुनि खुला मैदानमा मानव प्राणीले जीवन निर्वाह गर्न सकोइन । जीविकाको चाँजो मिलाउन सुविधा पर्ने गर्नलाई स -सानो समूहको एक परिवार बनेर व्यक्तिवादमा जस्तै सामूहिक परिवारवाद चलनुलाई समाजवाद भन्न मिल्दैन कि ! यौन क्रियामा स्त्री स्वतन्त्र भए भने सबै प्रकारको व्यवहार मिलाउन सजिलो पर्ने थियो होला तर भाले भै आएको पुरुष वर्ग स्त्री स्वतन्त्रता दिन रुचाउँछ, रुचाउन्न परीक्षण हुन पाए जानकारीमा आउँदो हो ।

२०४७७८।५

नेपाली जनसंख्या तीन करोड

नेपाल तराईमा मात्र आबादी जमिन करिब ५२ लाख विगाह भएको तथ्याङ्कले बताउँछ रे । पहाडको जग्गा जमिनलाई एकपल्ट, बगैंचा र चौपाय पाल्नका लागि भनेर छाडिदिउँ । पहाड मध्यदेशका जम्मै नेपाली करिब २ करोड छन् रे । थात बास छोडेर जीविका खातिर विदेश गएका पनि करिब एक करोड छन् रे । जम्माजम्मी नेपालको जनसंख्या ३ करोड । परदेश गएका भाइलाई फर्केर घर आउन पाउदैनन् भन्नु सरासर अन्याय हो । नेपाली जहाँ बसे पनि नेपालको हो र नेपाली नै हो । अंशवण्डामा मासको गेडा फोरी तिलको गेडा घोटी पुगेसम्म भागशान्ति बराबर बाडी लिने दिने नेपाली परम्परा छ । अत: सारा नेपालीले नेपालको जति जमिन छ त्यसमा बराबर बाँडी लिन पाउने उसको हक सुरक्षित छ । आजसम्म ठीकसँग चाँजो मिलाउन नसक्ता एकाघरका तीन करोड जहानमा कुनै काखा र कुनै पाखा परेकाले अव्यवस्था चालू रहन पायो । अब अंशबण्डा गरेर सुव्यवस्था ल्याउनु पर्छ निर्धाको मासु नङ्ग्रालाई एक्लौटी पार्न दिनु भएन । इन्साफ भनेको बल पुऱ्याउनु होइन ।

व्यक्तिले स्वतन्त्रता पाउनु पर्छ, बराबरीका आधारमा । एकाधिकार पाउनु स्वतन्त्रता होइन । एकाधिकार प्रणालीले समाज बिथोलियो । समाज बियोलेर त्यसलाई मिलाउने नाममा बन्दरबादको नीति ल्याइदिनु भएन । जुन गोरुका लागि कटेरा बनायो उसको पुच्छर बाहिर भन्ने उखान छ । त्यो उखान चरितार्थ भएको जस्तो लाग्यो नेपालमा । ३ करोड नेपाली भेडा चराउने, ३ लाख गोठालालाई नेपालको वार्षिक आय करिब ६ अरब रुपैयाँले तलब दरमाहा पुगेर नेपाल राज्य जनताको भन्ने ढाँट कुरा हो । हिजो पनि जनताको थिएन, आज पनि जनताको छैन । भोलि पनि जनताको राज्य हुन त्यति सजिलो छैन । राज्य सिपाहीको हो । जेठो सिपाही राजा, कान्छो सिपाही चीसो नाल बोक्ने । यो जागिरदारको राज्यमा जनता अल्मल्याउन सार्वभौमसत्ता जनतामा भनिन्छ । पंचायतकालमा शोषणरहित समाज भने जस्तो देशको सम्पूर्ण जागिरदारलाई तलब दरभाउ र भत्ता यातायात सुविधाका साधन जुटाउनलाई नै पुगिरहेको छैन । भिक्षाटनले देश विकास गर्ने योजना बनाएर देशको बजेट निर्माण गरिन्छ । यो हास्यास्पद स्थितिले कहिले नेपालीले खुट्टा टेकेर उभिने मौका पाउला ? ढाँटको निम्तो खाई पत्याउँ भने जस्तो । चल्न त यो ठालूतन्त्र जताततै जुन देशमा पनि मौलाएकै छ । रूप बदलिन्छ, शब्द अघिपछि लाग्छन् नयाँ शब्दले नयाँ अर्थ बोकेर आउँछ । गरीबका आँखा लोभ्याउन । भारतमा पनि कतै कतै साम्यवादी सरकार छ र कतै अरू पनि । तर सबै सबै नै नारामा सीमित । नारा चपाउनु भए तापनि त्यसले पेट अघाउँदैन । मलाई पनि तथ्याङ्क टिपेर परिकल्पना उभ्याउन मन लाग्यो । तथ्याङ्कले पनि भोक भेट्ने त हैन मन बहलाउनसम्म त होला कि ?

१-१० जनासम्मको जहानलाई एउटा घर घडेरी

१-१०० जनासम्मको एउटा अलि ठूलो साझा घर
३-३ लाख घर बनाउँदा ३ करोड जनतालाई बस्ने सुविधा ।
४- '४०x४५' १८०० वर्गफिट जग्गाले सानो एउटा घर घडेरी
५-१८००० x१०-१८००० वर्गफिट जग्गाले १०० जनाको घडेरी ।
६-५३६७५लाख वर्गफिट जग्गामा ३करोड जनतालाई पुग्ने ३ लाख घर
७ - उक्त घडेरीको जग्गा बिगाह पचहत्तर हजार विगाह ।

८- सयौंको सयौंले तराई मै बसोबास गरेपनि ३ करोड नेपाली जनतालाई घरघडेरी लागि जग्गा विगाह ७५००० ले पुग्ने भयो । प्रत्येक व्यक्तिले १८०० वर्गफिट जमिन घडेरीको लागि भेट्टाउँछ ।

९- घडेरीका लागि ५२ लाखमा ७५ हजार घटाउँदा ५१२५ हजार विगाहा आफ्नो नङ चिरा लाएर बाँड्दा भयो । जम्मा ज. वि. ५१२५ हजारको कट्ठा बनाउँदा मात्र भाग पुग्ने भयो । कट्ठाको हिसाबले बनाउँदा तीन करोड जनतालाई प्रत्येक आवादी जग्गा विगाह -०-०-१६ थप गर्दा व्यक्ति पिच्छे जग्गा विगाह -०-४-४ धुर पाउने भयो ।

आज गोरुको पूजा गर्ने दिन रे । कलम, मसी, कागत नचलाउनु रे लेख्ने, पढ्ने पेशाका जन्तुले । मानव स्वभाव थरी थरीको र परिपरिको हुन्छ । मलाई यो कुरा नगर्नु भन्ने सुनेपछि कतिखेर त्यो गरिसकुँ जस्तो छट्पटी लागेर आउँछ । आज नलेख्नुले मलाई काउकुती लायो । लेख्नलाई र यो आफ्नो भएभरको जेथा मुख्य झिटी नै अग्ला, होचा, ठूला, साना सम्पूर्ण तीनकरोड बन्धु बान्धवलाई काठको खेलाउना कोठाका टुक्रा मिलाए झैं ? आकाशमा तारा सगबगाउदै मिले र आँखा झिम्क्याए झैं तस्वीर उतार्ने पाराको वस्ती बसाउन मन लाग्यो ।

पहाडको सेरोफेरो, उपत्यका, मैदान, बन्द व्यापार, उद्योग धन्दा, कल - कारखाना, रेलमोटर कुदाउनेदेखि लिएर आकाशमा उड्ने वाहनसमेत जगेडाका रूपमा राखिएका छन् । कमारे प्रवृति, जागिरलाई नपछ्याए पनि नेपालीले नेपाली भएर बाँच्न सक्तो हो । तर के गर्नु बुद्धिमान् नेपालीहरू आफैंले आ - आफ्नो मोलतोल गरेर जिन्दगी बेच्न तमतयार भएर सिंगारिएर कतार लागेर खडा हुने कामलाई अग्राधिकार दिने गर्दछन् । मानौं संसारमा कसैको नोकर भएर बाँच्नलाई नै नेपालीले ईश्वरीय वरदान पाएर जन्म लिएको हवोस् । नलेख्न भनेको सुनेर लेख्न थाल्दा यहाँ आइपुगेर कलमलाई विश्राम दिन मन लाग्यो आज यति नै । इति ।

सदाचारका कुरा

विक्रम सम्वत् २००८ सालको मालपोत तहसिल गर्दा २००९ सालको बैशाखको घटना हो, झापा शरणामतीको हाम्रो दोमहल्ला जिमिन्दारी कचहरीमा मालपोत असुलीको प्रारंभ गरी पून्याही गरेको ।

आफूले धेरै कुरा नबुझेको आफ्नो, आफ्नो नैसर्गिक बुद्धिले त्यति बर्ता सोचेर कार्य गर्न नभ्याएको । राणाकालीन अवस्था पार गरे तापनि राणाकालीन ऐन, कानून, नीति, नियमका आधारमा समाज चलेको । त्यै नीति, नियमको प्रभावले आफूलाई डोऱ्याएको, समाजभित्र आफैं पनि परेर डोरिने गरेको ।

जागिरदारले घुस खानु हुन्न भन्ने कुरा कानूनमा उल्लेख भएको देखिएको । भारदारहरूले घुस नखाएमा प्रकाशमा आएको पनि सुन्ने गरिएको । भ्रष्टाचार शब्द पनि यदा कदा सुनिने गरेको ।

२००७ सालको जन क्रान्तिमा प्रत्यक्ष भागलिनु परेबाट पार्टीका नीति, नियम पालना गर्नु पनि कर्तव्य कर्मभित्र पर्न आएको । गैरकानूनी ढंगबाट रकम कलम लिन नहुने ठहर गरेर २००७ सालको मालपोत असुल तहसिलदेखि रैतीसँग बेठ, बेगार, सलामी, दस्तुर लिन मनाही गरियो । लिइएन ।

२००८ सालको तहसिल गर्दा आफूले सर सलामी लिइएन र पटवारीहरूलाई पनि लिन दिइएन । आफूले सर सलामी नलिदा आफ्नो गुजरा चल्ने जमिन खेत प्रशस्त थियो, आफूले नलिएकोले मलाई त्यत्रो ठूलो क्षति नपुगेकै देखियो । तर विचरा पटवारीहरूको ? न त खेत छ, न त घरद्वारै मजबूत छ । त्यै मालपोत असुल गरेको बेला रैती (जग्गाधनी) संग कपाल कन्याएर २,४ रुपैयाँ मागेर आएका रकमले वर्षा गुजारा गर्नु पर्ने । त्यो पीर मर्का मैले बुझिनँ ।। मेरा मथिंगलले त्यता सोच्तै सोचेन । कानूनभन्दा बाहिर जानु भ्रष्टाचार हो, कानूनले रंगे संग र सलामी लिन हुन्न भन्ने स्पष्ट उल्लेख छ । म बडो कानूनविद् र सदाचारी बन्न पुगें ।

हजारौं विगाहा जमिन आफ्नो गराएको छ, कानून आफ्नो हातमा हुनाले जमिनको धान अधियाँ बेचेमा प्रशस्त आउँछ, खान खर्च गर्न छेलो खेलाई छ । पटुवारीहरूको जीविकाको साधन त्यै वृत्तिमात्र प्रायः जस्तो हो भन्ने मलाई कसले बुझाई देओस् ? मुख्य पटवारीले मसंग आएर अनुरोध गरे हाम्रा बालबच्चाको हात मुख जोर्ने बाटो नै यै हो, यो भएन भने वनी गर्न जानु पर्नेछ भनेपछि मेरो मनमा हो आएको त हैइन अलिकति माया मोलहिजाको दया पलायो र मैले, रैती हदसंग मागिखाने पटवारीहरूको हक वापस गरिदिएँ । कानूनले व्यवस्था बाँधिदिएको र जमिनमा हदबन्दीको कानून नभैदिनाले हजारौं विगाहा (मेरो कब्जामा जम्मा २,२५० विगाहा जग्गा थियो) जग्गाको अधियावाली लिनु, मलाई कानूनले प्रदान गरेको अधिकार हुनाले म त्यो बाली लिनु न्यायसंगत संझन्थें र कानून वरखिलाप पटुवारीहरूले रैतीसंग मागिलिएको चुन्

दम्लाई अन्याय भ्रष्टाचार मान्ने गर्थें । श्री भैरवप्रसाद आचार्य यस्ता मसिना कुरा याद गर्नु हुन्नथ्यो । म भने मसिना कुरादेखि नै कानूनको प्रतिपालना गर्नु पर्छ भन्ने गर्थें । मेरो भन्दा वहाँको विचार अलिमाथि रहेछ भन्ने अहिले महसुस गर्दैछु ।

२०४७।७।२६।२

लक्ष्मी पूजा: मातृसमूहको उपहास

लोष्टवत् भनेर अवहेलित गरिएको, अहिले त्यसले द्रव्यको भारवहन गर्न सक्षम भयो र नोट रुपैयाँ, धान, गाई र माई यस्ता माल सामानमा गन्ती गर्न थालिएका वस्तुको सामूहिक नामकरण गरिंदा लक्ष्मी शब्दले स्थान पाएछ । व्यक्तिमा, सट्टापट्टामा ल्याउन लान सकिने चीजले लक्ष्मीको सिंहासन भेट्टायो । लक्ष्मी भनिदिंदा सबै फुरुक्क हुने भए । लक्ष्मी कति राम्रो नाम ?

खोष्टो भनी लोष्टा नोटले लक्ष्मी बन्न पायो । उसको दर्जा बढ्यो । रुपैयाँ पैसाले पनि इज्जत पाए, लक्ष्मी कहलाए । पूजा आजा चल्यो । धान चामल अनाजले पनि उच्च आशन भेट्टाए, लक्ष्मी भनाउन पाए । श्रद्धा र भक्ति अहिले अलि भेट्टाए । सबैलाई प्रसन्न गराउन ठूलो मद्दत गऱ्यो यो चाड पर्वले । गाईले खान नपाएर हाड र छालाको मात्र अस्थिपञ्जर लिएर प्राण डोऱ्याएर बाँच्न बाध्य र विवश भएका प्राणीले पनि तीन सय पैसठी दिनमा एउटा दिन भाग्यले भेट्टाएर आज गाई पनि लक्ष्मी नामकरण गरिमागेर पूजा, अर्चना, बन्दना देख्न र सुन्न पाइयो । त्यसको तात्पर्य उसले बुझिरहन आवश्यक नभए तापनि मात्र एक दिन पूजा आजा पायो, सायद खान एउटा रोटी वा बाबर पनि भेटाउन संभव छ । तर गाईको पूजा भयो । माईलाई पनि ठूला साना सबै परिवारमा पुस्त्याएको स्वरमा महालक्ष्मी, राज्यलक्ष्मी, गृहलक्ष्मी आदि शब्दले मर्यादा गर्ने चलन चल्तीमा नै छ । तर यो मर्यादा गरिएको हो कि व्यङ्ग्य ? चलनचल्ती र बेचबिखनका मालतालका लहरमा उभ्याएर प्रदर्शन गराई यो मर्यादाका नाममा । कमारी, दासी, रखौटी भार्या बन्दै उकालो चडेका माता समूहलाई लक्ष्मी शब्दले विभूषित गरेको त उपहास जस्तो पो लाग्यो मलाई त । म जस्तो हरिलम्फूलाई लागेर के भाउ र ? लक्ष्मीहरू फुरुक्क परेर नाचिरहेकै छन् ।

२०४७।७।१५

गोवर्द्धन पूजा

"आज गोवर्द्धन पर्वतराजको पूजाको दिन । आज गोरुको पूजा गर्ने दिन गोरु तिहार । गोरुको पुच्छर निमोठ्तै बरदो हो गर्ने हली राजाको पनि आज पूजा गरिने दिन, हली तिहार । गोवर्द्धन, गोरु र हली एउटै कतरामा खडा गरेर मर्यादा गर्ने चलनको दिन आज । यस वर्षको सामूहिक अर्थ के होला ? समाजलाई के सिकाउन चलाइएको चाड पर्व हो यो ? मैले नजानेको विषय पर्यो, जान्ने चासो, आफ्नो त रमिता पनि भएन ।

गोवर्द्धन पूजाको तात्पर्य बुझिएन । सात दिने झरीले सताउँदा, मैदानका, झुपडीले ओतिन नसक्ता, गोगाले परिवार ओडारमा ओतलाग्न गएर प्राण रक्षा गरेको आख्यान शुक सागरमा सुन्ने गरेको । त्यसैलाई रूपकमा विभिन्न पाराले अर्थ्याएर मनोविनोद गराउने गर्छन् व्याख्याताहरू । गोरु र हलीको पूजा बडो मर्मस्पर्शी छ । हामी गोठाला खेतालाका शाखा सन्तान । आफ्ना पद्मपूर्वमा चलिआएका चलन चाँजाका व्यवहारको स्मृतिलाई ताजा राख्न पूर्खाले यो पर्वको रचना गरेका होलान् कि ? अन्दाजको कुरा मात्र । जे जस्तो भए तापनि मानव मात्रको प्राणरक्षाका लागि मरिमेट्ने हाम्रा गोरुहरू र गोरुका पुच्छरमा पेटभरी खान नपाए तापनि झुण्डिन नछाड्ने साहसी वीरबहादुर हली महाराजाको पूजा, अर्चना, बन्दना, गर्नुले सिकाउन खोजेको चाहिं खबरदार !गोरु र हलीको सदाकाल याद गर, उसका जीवनसँग खेलवाड नगर, सञ्जीवनी बुटीको मन्त्र साधक तपस्वीको सदाकाल सत्कार र पालनपोषण मर्यादा गर्न नबिर्स भनेर चेतावनीको रूपमा आदेश र उपदेश दिएको पो होला कि जस्तो लाग्यो मलाई त । मेरो लाटो पाराको गाउँको गवारी सोचाइ !सज्जान, भद्र - भलादमीलाई त त्यति मन नपर्ला ।

२०४७७२६

नेपालको सम्बिधान र राजा

आज राजाले नेपाली जनतालाई नेपालको संविधानको घोषणा गर्ने दिन रे ! यो खुसियालिमा आज सरकारी कार्यालयहरूले बिदा पाए । शिक्षण संस्थाहरूले छुट्टी पाए । संविधान मसौदालाई पाँच पटक हेरफेर, थपघट गरेर आज निस्कनेवाला छ रे । यो कुरा साँचै हो ? एउटाले प्रश्न उठायो । ढाँटको निम्तो खाई पत्याउ, अर्काले भन्यो । म छक्क परें र सुनिरहें ।

२०४२।०४३ सालतिर कहिले हो । जनसंख्या गोष्ठी भएको थियो - काठमाडौं लाजिम्पाट, शंकर होटलमा । संयोग त्यस्तै परेछ, म जस्तो हरिलठ्ठकलाई पनि निम्त्याइएछ । आफूलाई मनमा लागेका २ / ४ कुरा सुनाएँ । त्यो गोष्ठीमा एकजना तराईवासीले पनि आफ्नो विचार व्यक्त गर्यो । धेरै कुरा भनिसकेपछि उसले संविधानको कुरा उठायो र भन्यो सविधान भनेको त निर्वाचित जन प्रतिनिधिद्वारा गठित विधान परिषदले पो बनाउनु पर्छ । एउटा व्यक्तिले दिएको संविधान स्वीकार छैन' भनेर आफ्नो कुरा टुंग्यायो । सुन्नेले आफ्ना प्रकारले त्यो व्यक्तिलाई हेरे । त्यो घटना सम्झेर मलाई पनि आज त्यसैको कुरा दोहोर्याउन मन लागेको मैले महसुस गरें ।

राजालाई जनतामा विश्वास छैन । राजामा जनताले विश्वास गर्ने भएन । विश्वासघात भएकै कति हो कति पटक भै सक्यो । आसेगासे नेताहरू फकाउनमा लाग्छन् - जुठो पुरो भेटिन्छ कि भनेर । राजाले आफू राजा भनाएर बस्ने यदि इच्छा भए, जनताले बनाएको विधि विधान मानेर मात्र राजसत्ता रहन सक्छ । आफैले विधान वक्सिस दिने गर्दा राजतन्त्रमा धुल्याहा लाग्छ ।

२०४७७२३६

राम, रावण, रामायण र राजनीतिज्ञ

आर्य विस्तार कालमा राजर्षि विश्वामित्रले कालो वर्णका जातिलाई गायत्री मन्त्रद्वारा दीक्षित गरे, गराएर आर्य बनाउने चलन चलाए । त्यस पूर्व गरेको सन्तान गोरे मात्र जन्मले आर्य (मालिक) बन्थ्यो । आर्य बसिखाने शासकवर्ग लडाईमा हारेका कालाहरू दास, कमारा, कमारी काम गर्ने । विश्वामित्र राजसिंहासनमा छदा लडाईमा सम्वरासूरकी छोरी (काली) संग विवाह गरेपछि विश्वामित्र राज्यच्यूत गरिए । आम्फूले सम्वरासुरलाई जितेर, उसको वंश विनाश गरेर उसको राज्य समेत भरतकुलको भारत राज्यमा मिलाएर लडाई फत्ये गरे वापत पुरस्कारमा राज्यच्यूत गराएका विश्वामित्रले क्षत्रीय धर्म त्यागेर ब्राम्हण वर्ण ग्रहण गरे । अनि आफूले रचना गरेको गायत्री मंत्र ॐ भू र्भुव स्व. .. को प्रयोगद्वारा आफ्ना गुरु अगस्त्यमार्फत कालाजातिलाई आर्य बनाउदै लगे । दक्षिण भारतसम्म पुगे । सागर तरे, लंका गएर रावणको भाइ विभीषणलाई पनि आर्य बनाएर जनै लगाइदिए, टुपी राखे । रावणले उकालो

लागेर हिमालयमाथिसम्म विजय गरेको राज्यविस्तार प्रणालीलाई रोक्न, विश्वामित्रले आफू राज्यच्यूत गरिए तापनि संघर्ष त्यागेनन् मन्त्रलाई प्रयोग गरेर आर्य धर्म प्रचारको आधारमा रावणलाई परास्त गर्ने परिपंच मिलाई सकेपछि राजा दशरथका छोरा नवयुवक जोडीलाई जंगलमा लिएर गएर शास्त्रारम्भको तालिम दिलाई भारतका असंख्य जनसमूह सागर तारेर राजा रावण र उसको वंश विनाश गरी आफ्ना धर्मानुयायी विभिषणलाई लंकाको राजा बनाएर दशरथका छोरा रामसंग फर्केर अयोध्या आए । विश्वामित्रलाई आफू पुन: राजा हुने रहर थिएन । आर्य साम्राज्य विस्तार गर्ने धुन, विश्वामित्र लगायत सम्पूर्ण आर्य परिवारमा एकत्रित थियो ।

विश्वामित्रका प्रयासले रामले राज्यविस्तार गरे । आर्य विस्तार भएकोमा विश्वामित्रले सन्तोष माने । आर्यका हातमा राज्य आएपछि प्रधानमन्त्रीत्व गुरु वशिष्ट (ब्राम्हण) का हातमा रहेकाले अझै विश्वामित्रलाई पोलिरह्यो । विश्वामित्र र वशिष्ठकाबीच धेरै संघर्ष चल्यो । वशिष्ठका छोरा शक्ति मारिए । राज्य आर्य (क्षत्रीय) का हातमा रहन विश्वामित्रले दिएनन् ।

रामले लडाई जितेर आएपछि ब्राम्हणको वर्चस्व रहन नदिन बाल्मीकिबाट रामायण लेखाइयो । सायद बाल्मीकि बाम्हण होइनन् , ब्राम्हणको महिमालाई घटाएर क्षत्रीय रामलाई ईश्वरावतार बनाइयो ।

पुरुष प्रधानताको क्रम त्यति बलियो भै नसकेकाले बलियो पार्न गर्भवती पत्नी सीतालाई त्यागेर जंगल पठाएको कथा लेखियो र रामलाई आर्दश बनाउन खोजियो ।

सायद रामायणको कथा पनि रामको जीवन कालमा नलेखिएको हुन संभव छ । धेरै पछि लेखिएको जस्तो लाग्छ, जे होस् तथ्य थोरै र मन कथाहरू धेरै भएर ग्रन्थहरूको प्रादुर्भाव गराइने चलन संस्कृत साहित्यकालमा भएको संस्कृतज्ञहरूले छलफल गर्ने गरेको मैले सुनेको छु ।

इतिहास लेख्नेले पनि घटनास्थलमा गएर घटित घटनालाई अंकित गर्न भित्र्याएको हुदैन र पछि सोध खोज, बुझ गरेर विवरण एकत्र गर्ने गरे जस्तो लाग्छ ।

आर्य विस्तारको संघर्षमा यदि रामले नजितेर राजा रावण विजयी भएको भए रामायण नलेखिएर रावायण लेखिने थियो । राज्यको नाम भारत नरहेर रक्ष सम्प्रदायको राक्षस रहन पनि संभव हुने थियो । राज्यविस्तार क्रममा हारजितका कारणले जित्नेले विजय घोषणा गरेर चाटुकारद्वारा प्रशंसा र प्रशस्ति लेखाएका आधारमा आफै सर्वेसर्वा भएका बेला ।

आफूले ईश्वरत्व ग्रहण गरेर चक्रचुडामणि बनेर भीरू जनतामा प्रभाव पारेको आधारमा रामका जीवनकालपछिका पुरोहितहरूले गरिखाने बाटो मन्दिर बनाए रामका मूर्खहरू राम मन्दिर र बावरी मस्जिदको प्रकरण उचालेर भारतको संसद आफ्नो पार्न जनतालाई अल्मल्याइ रहेछन् । लाज लाग्दो र घीन लाग्दो काम निर्धक्कसँग गर्छन् राजनीतिज्ञहरू ।

२०४७।७।२४।७

सुखमय गराउँ हामी सबैको संसार

हामी पैसा पनि चाहन्छौं र साथै मर्यादा पनि । यी दुवै एक ठाउँमा राख्ने गर्दा अर्थको अनर्थ हुन जान्छ । पैसा चाहनेले मर्यादाको चाहना राख्नु हुन्न । मर्यादाका लालायितले पैसाको संग्रह त्याग्नु पर्छ । हामी सर्वाङ्गीण विकास चाहन्छौं र एक अंग पनि विकसित अवस्थामा पुऱ्याउन सक्तैनौं ।

दुईटा नाउमा खुट्टा राखेर उभिने पार लाग्न सक्तैन र । त्यस्तै हामी पनि धेरैतिर खुट्टा टेकेर उभिन कोसिस गर्छौं । पाएर थिर नभएर आफै उभिन नसकिरहेका छौं । हामीलाई पैसा पनि चाहियो काम काज नगरिकनै । नेतागिरी पनि चाहियो जनसेवा नगरिकनै । सके त्यसमाथि जागिर पनि चाहियो - काम काज गर्नु नपर्ने हैकम चलाउन पाइने । चाहिने त कति हो कति ? यो विश्व ब्रम्हाण्ड नै एकलौटी आफ्नो पर्न चाहन्छौं हामी । एकलौटीको तात्पर्य के निस्कन्छ ? त्यो हामीले बुझ्नु अप्रयोजनीय सम्झियौं ।

विश्व ब्रम्हाण्ड नै एकलौटी पार्न नहुने पनि होइन, त्यसको महत्व बुझेर लागिपरे एकलौटी हुन नसक्ने पनि होइन तर यो विश्वबम्हाण्ड नै एकलौटी पारेर संचालन गर्नुपर्ने उत्तरदायित्व कति गह्रौं हुन्छ ? टाउकाले त्यो भारी बोक्न सक्छ के त ? त्यस्तो परिकल्पना मथिङ्गलमा उमार्ने व्यक्तिको साहस कत्रो हुनु पर्छ ? र त्यो साहसले कस्तो पाराको कार्यप्रणाली अपनाउनु पर्छ ? धैर्यको जोगाड गरेर परिपाठ मिलाएर शान्त चित्तले जनकल्याणको भावनालाई पूजा सामा गराएर आपद विपद पर्न आउने बाटोमा हिड्न नलागेर प्रत्येक व्यक्तिले प्रत्येक व्यक्तिलाई मर्यादापूर्वक प्रेमप्रीतिले रसाएर प्रेमपूर्ण प्रवाहमा बहँदो जिन्दगी संचालन गर्न तंतयार भएर लागिपरे, आफ्नो स्वार्थ तिल जति मात्र पनि नराखेर एकले अर्कालाई आदर गर्ने मात्र प्रणाली अवलम्बन गर्न र गराउनाले समाजमा कसो शान्ति र सुव्यवस्था नआउला त ? आफ्नो हित नसोचेर परहित मात्र सोच्ने परम्परा बालबालिकाबाट सुरुवात गर्नु पर्दो हो । तेरो मेरोलाई अलि पछि सारेर यो सबै हाम्रो भन्ने भावनाको लहर दौडाउन सकेपछि, बरावरीका आधारमा सामूहिक तरिकाबाट समाज संचालन गराउने परिपाटी बसाएर व्यक्ति आ-आफ्नो विचारमा आफै स्वतन्त्र रहन पाउने र आर्जन गर्न पनि पाउने तर एकले अर्कालाई मद्दत गर्नु पर्छ भन्ने धारणालाई संस्कारित गराई त्यै अनुरूप संस्कृति बन्न सक्नु पर्दो हो । विश्व ब्रम्हाण्डका सबै प्राणी मानव समूहले सोच्ने गरेको शान्ति र सुव्यवस्था नै त होला । शान्तिपूर्ण जीवन यापन गर्न कसलाई मन नपर्दो हो त ? यस्ता चिन्तन र खोजका विषयमा निष्कर्ष टुंगोमा पुगिसकेको हुन्न । "वादेवादे जायते तत्व बोध "भनेर चित्त बुझाउनु पर्दो हो । आज यति नै ।

२०४७।७।२५।१

सार्वजनिक सभागृहको महत्व

३७८७४ फिट जगको हुन्छ । काठमाडौं सहरभित्र त्यति जग्गाको प्रचलित मूल्य १० लाखदेखि १५ लाख रुपैयाँ आकिन्छ । त्यसमा एउटा सभागृह बनाउँदा ठूलो त हैन सानो काम चलाउसम्म हुन सक्छ । ६० फिट र ३० फिट चौडाको घर बनाउँदा १० फिट जति आँगन पनि रहन्छ । १८०० वर्गफिटको घरभित्र एक व्यक्तिलाई ४ वर्ग फिटका दरले छुट्याउदा ४५० व्यक्ति पल्याटी कसेर बस्न सक्छन् । मेच कुर्सीको व्यवस्था गर्दा पनि २०० व्यक्तिको सिट तयार गर्न सजिलै सकिएला । रेनफोर्स कंक्रिटको ८८८ को २४ खम्बा भए एकतले भवन उभ्याउन पुग्ला । ६ फिट अग्लो मजेरीसम्मको उचाइ र त्यसमाथि १४ फिट उच्च राखेर टिनको छाना नै ओढाउदा पनि अहिलेको महंगीमा करिब ३ लाख रुपैयाँ नभै तयार हुन नसक्ला र त्यसभित्र सजावट फर्निचर आदिलाई पनि सिंगो १ लाख रुपैया चाहिन्छ नै । काठमाडौंमा त जमिनकै मूल्य, तयारी घर फर्निचरको मूल्यको ४ गुना बढी पर्ने भयो । यहाँ हाम्रो ठाउँमा त्यस्तो सभागृह तयार गर्न ४ चार लाख रुपैयाँले पुग्ने भयो । यहाँ त अहिलेसम्म पनि जग्गावालासंग जग्गा माग्दा दानमा पनि पाइन सक्छ । यहाँका जमिनलाई नै काठमाडौंको जस्तो मूल्य चुकाउन पर्ने जमाना यदि आयो भने हामी सामाजिक काममा दिलचस्पी राख्ने सज्जनले यस्ता कुरा सोचेर छलफलमा ल्याएर कमसेकम अहिले सभागृहलाई चाहिने जग्गा समेत जुटाई राख्नु पर्ने जरुरी खाँचो भएको म महसुस गर्छु । कुनै एक जमानामा हाम्रा सहयोगी साथी हंसनारायण चौधरी घैलाडुबा गा. पं को प्रधानपञ्च हुनु भएको बेला गाउँ सभामा मैले धेरै धेरै छलफल र आवश्यकता अवगत गराउँदा एक विगाहा जग्गा घैलाडुबा बजार छेउमा पुस्तकालयका निमित्त खरिद गर्नका निमित्त रु. २०,०००। बीस हजार पर सार्ने प्रस्ताव पारित भएको रहेछ । त्यो गाउँ सभाले निर्णय गरेको रकम श्री हंशनारायण चौधरीजीले पर सार्नु भएन । त्यसताकाका पंचहरूले पंचायतलाई आफ्नो निरवच्छिन्न उत्तराधिकारका रूपमा प्रयोग गर्न पाउने विर्ता संझनु भयो । स्कूल, पुस्तकालय, वाचनालय, जस्ता जनचेतना ल्याउन परम आवश्यक संस्थानका लागि पछि गरौंला भनेर भाखा राखेर समयलाई बिदा गर्नु भयो । आज घैलाडुबा बजारका छेउमा पुस्तकालयका निम्ति एक विगाहा जग्गा किन्नुपऱ्यो यदि भने अढाई लाखदेखि पाँचलाख रुपैयाँसम्म पर्छ । अब दश वर्षपछि यहाँका यिनै जग्गालाई आजको भन्दा तीन गुना बढी दाम पर्न सक्छ । आकाशमा घर बनाउन सकिंदैन हामीले । पृथ्वीमा जन्मनु, बढ्नु, बाँच्नु र मर्नु पनि पर्छ । औसर आउँछ, पर्खंदैन । हामी आएको र पाउको अवसरलाई छोप्न जान्दैनौं । जान्ने अघि बढ्छ , नजान्ने पछि पर्छ । यस्तै औसरको महत्व थाहा नपाएर गरीबीका रेखामुनि ओर्लन बाध्य र विवश हुनु परेको हो हामीले । आदित्यनारायण चौधरी नाच्ता नाच्तै खिर्की बाहिर पुगेर अलपत्र पर्नु भएको देख्ता, कठैबरा भन्न मन लाग्यो मलाई । नेपालका आदिवासी वा प्रवासी क्रमश: धमाधम गरीबीका रेखामुनि आर्लिंदै छन् । यो क्रम जारिरहन्छ निरन्तर । म काशी हिंडेको, कुती पुगेछु । देख्नुभयो ? आज यति नै । इति ।

२०४७।७।२१।४

आजको महत्व

आज कार्तिक २२ गते वृहस्पतिवार, २०४७ । आजै हामीले केही गर्नुपर्छ । भोलि हाम्रा सामू कहिल्यै पनि पुग्दैन । हामीले आजै बाँच्नु पर्छ । आजै नै उभोतिर प्राप्ति पनि गर्नु पर्छ । संसारमा आजले नै राज्य गरिरहेछ । तर आजलाई हामीले राम्रोसंग चिन्न सकेका छैनौं । भोलिको सपना देखेर हामी त्यसैको भर पर्छौं । तर भोलि कहिल्यै पनि आइपुग्दैन । ऊ उल्टो चल्छ । गर्नु पर्ने र बाँच्नु पर्ने अनि मर्नु पर्ने आजै हो भनेर जसले बुझ्ने गर्छ, उसले यो विश्वमा केही गर्छ, बाँच्छ र मर्छ पनि । भोलिलाई पर्खेर नबसेर आजैलाई अंकमाल गर्नेको जीवन सार्थक बन्छ । ऊ बाँचेको सार निस्कन्छ । बाँच्नुको तात्पर्य हामीले राम्रोसंग बुझ्न कोसिस गरेका छैनौं । खलाती जस्तो सास चलिरहनु मात्रैलाई बाँचेको भन्दा पुरा अर्थ लाग्दैन । घिड घिडो अल्झिएको मात्र हो । बाँचेको, ज्यूँदो व्यक्ति त्यसलाई भन्न सुहाउँछ, जसले आफू जस्तै धेरैलाई आफ्ना समकक्षमा राखेर गुजरान गर्न जान्दछ । जसले जति बढी व्यक्तिलाई आफ्ना समकक्षमा राख्न सफल हुने गर्छ, त्यो व्यक्ति त्यति नै बढी मात्रामा ज्यूँदो जाग्दो र भरिलो प्रमाणित हुने गर्छ । अहिले आफूमात्र सगरमाथाका चुचुरामा बस्न मनपराउने व्यक्ति र एक्लै सागरमा घाँटीसम्म चुर्लुम्म डुबेर बस्ने व्यक्तिमा के अन्तर ? फूलबारीमा सबै प्रकारका फूल ढकमक्क फुलेका ठाँउमा छहारी परेर तल एउटा विरुवा पनि उम्रिन र बढ्न सक्दैन । सेप लाग्छ । नेपाली फूलबारीमा ठूला ठूला रूखका सेपले फलका विरुवा उम्रिन पर्ने भयो । सेपले बालिनाली उम्रने दिएन ।

२०४७।७।२२

आर्थिक योजना र अक्षयकोष बैंक

अक्षयकोष खडा गर्नु व्यक्तिका निम्ति, साझा संस्थान, कम्पनी, शिक्षण संस्था, स्वास्थ्य सेवा, धार्मिक, सामाजिक संस्थानका निम्ति अथवा जिल्ला अंचल र देशका निम्ति पनि नितान्त आवश्यक छ । यदि अर्थतन्त्रलाई दरिलो र मजबुत पार्नु छ भने, उदाहरणका लागि जस्तो एउटा गृहस्थीले २ विगाहा जमिन आर्जन गरेर त्यसमा आफ्नो परिश्रमले सिंचेर आफ्नो र आफ्ना परिवारको भरणपोषण गर्न सक्षम हुन्छ । त्यो २ विगाहा जमिन उसको अक्षयकोष हो । त्यो जमिनको टुक्रो उसले कहिल्यै पनि मास्नु हुन्न ।

देशका सम्पूर्ण व्यक्तिलाई जमिन पुऱ्याउने अठोट गर्दा नेपालको आवादी जमिन ५० लाख विगाहा अनुमान गरिन्छ । प्रत्येक व्यक्तिलाई बराबर अंशवण्डा गर्दा २ करोड जनतालाई ० -५-० (पाँच कठ्ठा) का दरले पुग्छ । तर ५ कठ्ठाले एक व्यक्तिलाई जमिनको आयबाट गुजरान गर्न नपुग्ने हुन्छ । जग्गा जमिनलाई अति आवश्यक जीविकाको साधन मान्दा चल पुँजीको रूपमा लिनु हुन्न । सम्पत्ति पुँजीको रूपमा जमिनलाई मान्ने गर्दा चड्ख र चतुर व्यक्तिका साथमा जमिन एकल हुन पुग्छ र अर्थसङकलनको गोटी चाल्न नजान्ने व्यक्तिपछि परेर आर्थिक असमानता बढ्ने गर्छ समाजमा । यो बडोत्तरी र घटोत्तरी क्रमले आर्थिक असमातनाको खाडल वढी गहिरो र फराकिलो बन्दै जान्छ । यसै प्रणालीले गरीव बनाएर ठूलो जनसमूह रेखा मुनि झर्न बाध्य र विवश भएको हो ।

यदि सबैलाई जमिन पुऱ्याउने नगरेर जमिनबाट गुजारा चल्न सक्नेजतिलाई मात्र जमिन वितरण गर्ने गरेका खण्डमा एउटा व्यक्तिगत परिवारको गुजराका लागि ३ विगाहा देखि ५ विगाहासम्म परिवार हेरी, आफूले जमिनमा काम गर्ने परिवारका लागि छुट्याउनु पर्छ - उसको अक्षयकोष हो त्यो जमिन । त्यो अक्षयकोष (जमिन) कहिल्यै पनि खर्चिनु, मास्नु हुन्न बिक्री अंशवण्डा, दान, बकस, आदि गर्न नपाउने बन्देज रहनु पर्छ र युरोपतिर जस्तै सन्तानमा जेठोले जमिनको हकदार बन्ने कानून चाहिंदो हो ।

जमिनको अंश माग नपुग्ने जनतालाई प्रत्येक परिवारमा १ देखि २ कठ्ठासम्म जमिन घर घडेरीका निमित्त रोजगारका लागि कल कारखाना, उद्योग धन्दा, बन्द व्यापार र कृषिजन्य उद्योगमा काम गरे, गराएर जीविका चलाउने गराउनु पर्छ । मुख्य विचार गर्नु पर्ने विषयमा पर्न आउँछ - एक व्यक्तिले एउटै मात्र काम अँगाल्ने र व्यक्तिले एकाधिकार लिन नपाउने प्रावधान ।

अक्षयकोषका सम्बन्धमा तपसिलबाट उल्लेख गर्नु पर्दा, - यदि देशको बजेट, डेफिसेट नपारी तर्जुमा गरियो भने करिब रु. १२ बाह्र अरबको बन्ला । ६ अरब आन्तरिक स्रोतबाट र ६ अरब ऋण कर्जाबाट । सोझो हेर्दा अहिले चलिरहेको परिपाटीमा आन्तरिक श्रोतले प्रशासनिक आदि चालू खर्च चल्नु पर्ने हो । ऋण कर्जा गरेर तलब भत्ता आदिमा खर्च नगरिनु पर्ने हो । कर्मचारी

खर्च जंगी, निजामती सबैमा क्रमशः संख्या घटाएर आन्तरिक स्रोतबाट जम्माहुने पनि बचत गराउनु पर्ने प्रक्रिया जारी रहनु पर्छ । असलमा प्रशासनिक खर्च, कुल आयको १०५ भन्दा बढी नगराउनु सक्नुपर्छ । जागिरलाई काम भन्न नसुहाउने संझनु पर्छ । आयमूलक लगानीलाई काम भन्न सुहाउँछ ।

देशलाई असल र पवित्र किसिमले संचालनका लागि जागिरदारी प्रथा सबैभन्दा कमसल हो । विघटित पंचायती भनिने पद्धति जागिरदारी प्रथा हो । जागिरखानु भनेको आफैंलाई मोलतोल गरेर बेच्ने जागिरदारमा धेरै अन्तर संझिइन्न । गणिकाले आफ्नो शरीर बेच्ने व्यवस्था वृद्धिले जीविका गर्नुभन्दा पनि हेय ठानिनु पर्छ जागिर खाएर गुजारा गर्ने प्रणाली । यहाँ जागिरलाई धेय ठानिनु भनिएको होइन । जागिरदारी प्रथालाई हेय ठानिनु पर्छ र जागिरदारी प्रथा नै हेय ठानिनाले व्यक्ति उत्पादनमूलक कार्यमा हात बढाउन उत्सुक हुन लाग्छ जीविका खातिर । अनि अक्षयकोषमा जम्मा हुने रकम लगानी हुन थाल्छ रोजगारका निम्ति । शिक्षा उत्पादनमूलक बनाइनु पर्छ, जागिरमूलक होइन । शिक्षामा नियन्त्रण गरिनुहुन्न । आफ्नो योग्यता र क्षमतानुसार अध्ययन गर्न पाउनु पर्छ तर शिक्षार्थी वा विद्यार्थीको रोजगारका जिम्मेदारी सरकारले लिनु हुन्न । अध्ययन पूरा गरेपछि कुन प्रकारले जीवन निर्वाह गर्ने हो ? विद्यार्थीले म्याट्रिकुलेसन उत्तीर्ण भए उप्रान्त आफैले सोच्नु पर्छ अध्ययनक्रम अघि बढाउनलाई । म्याट्रिक पास गर्न नसक्नेका लागि भने सरकारले कामको चाजो मिलाइदिनु पर्छ । उत्पादनमूलक शिक्षा पाएपछि, व्यक्ति उत्पादन कार्यमा संलग्न हुन्छ । जागिर खाएर (अर्काको नोकर भएर) गुजरा चलाउने प्रचलित चलनलाई नफरत गरिने प्रणालीको सुरुवात हुनुपर्छ शिक्षालयद्वारा र साहित्यिक कुनाबाट पनि ।

देशमा अक्षयकोष बैंकको स्थापना हुनुपर्छ । अक्षयकोष बैंकमा जम्मा गरिएको रकम कहिल्यै पनि झिक्न नपाइने प्रावधान हुनुपर्छ र अक्षयकोष बैंकमा जम्मा भएको १५% ले ब्याज पाउने नियम हुनुपर्छ ।

पाँच वर्षका लागि, देशको सम्पूर्ण खर्च चलाउनु वर्ष एकको छ अरब रुपैयाँको दरले सालसालै सहुलियत ब्याजमा जम्मा रु ३० (तीस) अरब रुपैयाँ विदेशी ऋण लिएर खर्च चलाउनु । त्यस्तो कर्जाको रकम खर्च गर्नका लागि खर्च हुँदा अलगै रहनु पर्छ । ऋणको रकमबाट मात्र तलब दरमाह आदि खर्च गर्ने गरिनु पर्छ ।

देशभित्रको आय सम्पूर्ण मालपोत, भन्सार, कर आदि जहाँबाट जे जति उपलब्ध हुन्छ, त्यो सम्पूर्ण रकम तुरुन्त महिना महिनामा अक्षयकोष बैंकमा जम्मा गर्ने प्रक्रिया अपनाउनु पर्छ । ५ वर्षसम्म अक्षयकोषमा रहेको रकमको सावा, ब्याज जम्मा हिसाव गर्दा ७.७५ गुणा बढी रकम एकत्र हुन्छ । (६ अरब X ७.७५ = ४६.५० साढे छयालीस अरब) अर्थात वर्ष १ को ६ अरबका दरले अक्षयकोषमा राख्न थालियो भने ५ वर्ष पुग्दा साढे छयालीस अरब रुपैयाँ रकम हुन्छ ।

छैटौं वर्षदेखि देशको आन्तरिक खर्च चलाउन कोषमा जम्मा भएको मूल रकम ४६.५० साढे छयालीस अरबको १ वर्षको ब्याज रु ६ अरब ९७ करोड, ३० लाख उपलब्ध हुन्छ ।

उपरोक्त ब्याजको रकमले संचालन गर्न पुग्ने गर्‍यौं भने छैटौं वर्षदेखि अक्षयकोषमा अनवरत जम्मा गरिने प्रतिवर्षको रु ६ अरब आन्तरिक स्रोतबाट साल बसाल जम्मा गर्न सकिन्छ । दोस्रो पञ्चवर्षीय समय पुर्‍याउँदामा मूल रकम रु ४६.५० साढे छयालीस अरब रकम हुन आउँछ । सुरुमा राज्य सञ्चालन खातिर विदेशबाट लिएको ऋणको रकम रु ३० (तीस) अरब सन्तानब्बे करोड तीस लाख रुपियाँ, एघारौं वर्षको थालनीमा उपलब्ध हुने र त्यसले सालै साल ऋण तिर्दै लगेर सो पञ्चवर्षीय अवधि पूरा हुँदा ऋण पनि चुक्ता हुन्छ र अक्षयकोष बैंक ३ पञ्चवर्षीय संकलनको जम्मा मूल रकम रु उन्नचालीस अरब, पचास करोड रुपियाँ मौजदात रहन्छ ।

पहिलो पंचवर्षीय सञ्चालनको ब्याजले राज्य संचालन खर्च बहन गर्छ भने दोस्रो पञ्चवर्षीय संकलनको ब्याजले ऋण तिर्छ र तेस्रो वञ्चवर्षीय संकलनको अन्त्यमा सो तेस्रो पञ्चवर्षीय संकलनको मूल रकम ४६.५० + ४६.५० = ९३ त्रियानब्बे अरब रुपियाँको ब्याज एक वर्षको रु १३,९४,६०,००,०००। (तेह्र अरब चौरानब्बे करोड साठी लाख) रुपियाँ सोह्र वर्षदेखि प्रत्येक साल देश विकासको काममा लगाउन सकिन्छ ।

एवं रीतले आर्थिक संकलन र बैंकिङ गर्दै लैजादा प्रत्येक ५ वर्षमा रु. ४६.५० साढे छयालीस अरब मूल रुपियाँ र प्रत्येक पञ्चवर्षीय संकलनको एक वर्षको ब्याज रु ६,९७,२०,००,०००। (छ अरब सन्तानब्बे करोड तीस लाख) रुपियाँ ५ । ५ वर्षमा थपिदै जान्छ । यो क्रम चालू राख्न सकेका खण्डमा अरबौं होइन खरबौं रुपियाँ हाम्रो मुलुकी खानामा जम्मा हुनसक्छ ।

यो योजनामा अलिकति अप्ठ्यारो चाहिं पहिलो पाँचवर्षमा अवश्य नै पर्छ र दोस्रो पाँच वर्ष पुग्दासम्म विकासको काम ठप्प भएर बन्द रहन सक्छ । सो पञ्चवर्षीय संकलन पूरा हुंदा देश ऋण मुक्त हुन्छ र मुलकिखाना (अक्षयकोष बुँदामा रु १.१९.५० एक खरब, उनन्चालीस अरब पचास करोड रुपियाँ हामीसँग मौजदात रहन्छ सावा खर्च गर्न नपाउने, ब्याज मात्र खर्च गर्न पाइने सम्पत्ति भनि सुनाउन सजिलो हुन्छ, गरी पुर्‍याउन अति गाह्रो तर हिम्मत हुनेका लागि असंभव भन्ने शब्द, शब्द कोषमा मात्र रहेको हुन्छ, व्यवहारमा असंभव हुँदैन ।

२०४६।६।१७

सांस्कृतिक मञ्चलाई सुझाव

१.- राजनीतिबाट कलालाई अलग छुट्याएकै छ । सांस्कृतिक मञ्च अलग्गै छ । तर सांस्कृतिक मञ्चको प्लेट फर्मबाट राजनीतिक प्रचार नहुनु फाइदाजनक छ ।

२.- सांस्कृतिक मञ्चले जिम्मा लिएको आफ्नो विषय कति हो ? छुटाउन राम्रो होला । नछुटाउनाले राजनीतिक मिसिएर गजमौरो भएर नबुझिने हुन्छ ।

३.- एउटा, अर्काको पूरकका रूपमा रहे तापनि आमजनतामा यी दुवै कर्म स्वतन्त्र छुट्टा छुट्टै हुन् र आ आफ्ना कार्यक्रममा संलग्न रहेको महसुस गराउनु बढी फाइदा जनक होला ।

४.- कार्यक्रममा १८ वर्षमाथिका युवक युवतीले अभिनय गर्नु बढी प्रभावकारी देखिन्छ ।

५.- अविवाहित युवक युवतीले नै अभिनय गर्ने हिम्मत राख्नु पर्छ त्यो हुन नसक्ता विवाहित दम्पतिले अभिनय गर्नु र कलाकारकै मुखबाट गवाउनु, भनाउनुले बढी प्रभावोत्पादक बन्न जान्छ ।

६.- राजनीतिसँग कलालाई समावेश गर्दा कलाको महत्व प्रदर्शन कम भएर राजनीतिले कलालाई ढाकिदिन्छ । एक अर्कासँग सम्बन्धित भए तापनि दुवैको अस्तित्व बेग्ला बेग्लै हुन्छ र संस्कृतिको महत्व राजनीतिभन्दा व्यापक हुने गर्छ ।

७.- कलाकारले बनावटी फेसनमा होइन, साधारण भेष भूषामा अभिनय गर्ने गर्दा अलि बढी वास्तविकता प्रदर्शित हुन्छ ।

८.- सांस्कृतिक मञ्चलाई स साना बाल बालिकाको कला नृत्य दर्शाउनाले शोभा दिँदैन । समाजको आमूल परिवर्तनको चाहना गर्ने संस्थाको कार्यक्रममा यथार्थता बढी हुने गर्नु उचित होला । पुतली खेलाइले प्रभाव घट्न जान्छ ।

(आज घैलाडुबा बजारमा मञ्चन गरिएको राष्ट्रिय जन -सांस्कृतिक मञ्चको कला प्रर्दशनी हेर्दा उब्जिएको विचार अंकित गरेको यति मात्र ।)

२०४७ कार्तिक २०

कवि शिखरनाथ सुवेदीसँग एक घण्टा

विक्रम सम्वत् १९८७ सालमा जस्तो लाग्छ, म समेत विद्यार्थी भई काठमाडौंमा अध्ययनार्थ रहेका अवस्थामा नेपालबाट कुनै कारणले, राणा प्रधानमन्त्री श्री ३ चन्द्रका पालमा भागरे मुडलान पसेका, कवि शिखरनाथ सुवेदी श्री ३ भीमको पालो आएपछि फर्केर नेपाल आउनु भएछ । डिल्लीबजार कालिकास्थाननेर दरबारीया पण्डित काशीनाथका भाई कान्छा पण्डितका घरमा डेरा गरी बस्नु भएको रहेछ । भेट्नलाई इच्छा लाग्यो र श्री जनार्दन सिटौला, श्री बद्रीप्रसाद थपलिया, श्री विश्वनाथ भण्डारी र म देवीप्रसाद उप्रेती चारजना गयौं । आ-आफ्नो परिचय दिएर गुरुलाई भेट्न आएका भनेर बिस्तार गऱ्यौं । स -साना फुटकर कविताका पन्ना २/४ पैसा मूल्यका दिनुभयो, किनेर लियौं । निकैबेर बस्यौं । कविजीसँग प्रश्न गर्नेसम्मको ज्ञान हामीले आर्जन गरिसकेका थिएनौं । यद्यपि उमेरले जवानीमा प्रवेश गर्दै गरे तापनि । एकोहोरो उहाँका कुरा सुन्यौं । गाउँले केटालाई जे सुन्यो त्यही चाखलाग्दो हुने गर्थ्यो । एक घण्टाजस्तो बस्यौं । उहाँले बनारसका कुरा तीर्थयात्रीका कुरा, गंगाजीका महात्म्य यस्तै यस्तै बताउनुभयो । मैले उहाँले लेख्नु वा संकलन गर्नुभएको 'शिखरनाथ भाष्य ' भन्ने किताब एकपल्ट कतै देखेको थिएँ र २ /४ पन्ना हरेको पनि थिएँ । त्यसको मैले प्रसँग चलाएँ । उहाँले भन्नुभयो - 'शिखरनाथ भाष्य ' मैले लेखेको हो बडो राम्रो छ । "त्यो पुस्तक किन्न पाइन्थ्योकि ? " भनेर मैले सोधें । "उहाँ यहाँ त्यहाँ जति भएको बिक्री भैसकेछ । म चाँडै बनारस जादैछु, अडर दिएर पठाइदिन्छु ।" भन्नुभएकोले पुस्तक हेर्न चारै जनालाई रहर लाग्यो । दाम रु २।५० भन्नु भएकोले चारजनाले रु १० दश उहाँका बाहुलीमा टक्रयौं, तर आजनसम्म 'शिखरनाथ भाष्य ' चारै थान आइपुगेन । सायद अर्को जन्ममा उहाँले पठाइदिनु हुन्छ कि ? बौद्धिक दर्शनमा विश्वास राख्दा त्यति लिनको लागि पुनर्जन्म लिनुपर्छ क्यार हामी चारै जनाले ।

२०४७।७।१९।२

आसाम यात्राको सम्झना

विक्रम सम्वत् १९८७ सालको हिउँदमा जस्तो लाग्छ । काठमाडौं निजामति परीक्षा लेख, हिसाव र औंठा यति जाँच दिएर म आसामको गुवापाडा जिल्लाको लालखुरा भन्ने ठाउँमा गएँ । त्यहाँ नातादार आफन्त बसेका थिए । हिउँदभरि मेरो छुट्टी थियो । रातो रातो बलियो माटो भएको थिएँ त्यो ठाउँमा खानीपानी मुनिबाट निकालिन्थ्यो २४ " डाइमिटर भएको इनार खन्न चारजना लागे भने तीन फिट गहिरो इनार विहानदेखि बेलुका सम्म तयार गर्न चारजना लाग्थे । तीस फिट गहिरो इनार विहानदेखि बेलुकासम्ममा तयार गर्थे । इनारमा ईंटापाटा केही पनि लगाउनु पर्दैन । माटो भित्र जमिनमा २४ " व्यास भएको खाल्टो जति गहिरो पारे पनि माटो भत्किदैन र त्यस्तो इनार गोठै पिच्छे सबैले खनेर काम चलाएका रहेछन् ।

त्यतिबेला त्यो ठाउँमा १५० हात जति लामा १५ /२० गोठ थिए । गोठै पिच्छे २००-२५० सम्म गाई, बाच्छाबाच्छी पालेका । विहान गाई दुही सकेर माउ बाच्छा सबै नै ब्रम्हपुत्र नदी किनारको ५ माइल चौडा काँस नरकट आदिको घारीमा गाईबस्तु हुलिदियो, गोठालो लाग्नु नपर्ने । बेलुका गाईबस्तु आफैं आउँछन् । नआएका चाँहि बाघले खाएछ भनेर चित्त बुझाउनु पर्ने । गोठै पिच्छे, नेपालको विगाहको अनुसार ३/४ विघा जग्गा आफ्नो भन्ने गरेको । तर बारीमा एउटा खुर्सानीको बोटसम्म पनि नलाएको । जम्मै जग्गा गाईको लागि बाँझै राखेको तीन वर्ष पुग्दा जग्गाको मालपोत तिर्नु पर्ने । तीन वर्ष पुग्न लाग्दा गोठ अन्यत्र साऱ्यो सरकारलाई मालपोत नतिऱ्यो । नेपाली चरित्र । सबै नयाँ, भरखर नेपालबाट आएको र प्रायः त्यहाँ नेपालीले खेती नगरेको ।

त्यो प्रगन्ना भन्दा दक्षिण पूर्वपटी चैवारी र फूलवारी भन्ने ११ हजार हेक्टर (करिब ६०० विघा) जग्गामा चिया बगान भरखर लगाउँदै गरेको । ७७ लाख पूँजीले ती चिया बगान सुरु गरेको । चियाबगानमा हाट पनि लाग्ने गरेको । त्यो हाटमा दूध पेल्ने डेरी पनि सानो रहेछ । त्यसमा १५ दिन जति काम पनि गरें । दुई महिनाजति लालखुरामा बसें र फलिबारी चियाबगान हेर्दै चियाबगानमा काम गर्न आएका गाउँका इष्टमित्रसंग भेट गरी १९८७ साल फागुनमा पूज्य माताजीको दर्शनमा पहाड घर पुगें ।

२०४७।७।१७

हिलारी, तेन्जिङ र सगरमाथाको सम्झना

हिलारी र तेन्जिङले सगरमाथा चढेको कुरा, म त्यति बेला दार्जीलिङमा रेडियोबाट खबर सुन्थे । अखबारले नानाथरीका प्रचार - प्रसार गरेको, हेरेको पनि थिएँ । लामो समय बित्यो । हिलारी र तेन्जिङ सेर्पा बिर्सिए ।

हाम्रा साना साना बालबालिका, विद्यार्थी जीवन बिताउँथे । पढ्दै गए, बढ्दै गए, अघि अघि सर्दै गए । विद्यार्थीमध्येका रामचन्द्र मैनालीले शिक्षक भएर सगरमाथा छेउमा हिलारी र तेन्जिङको क्रीडास्थल सोलुखुम्बु जिल्लामा पुगेर मलाई पत्र लेखे । मलाई सपनाबाट बिउँझिए जस्तो लाग्यो । धेरै समय पहिले नै बिर्सिसकेका हिलारी र तेन्जिङ आँखा अघि तिरमिराउन थाले ।

मनुष्यमा अद्भूत साहस हुन्छ र त्यो साहसले जनकल्याणको भावनालई पनि गह्रौ मानी बोकिरहेको हुन्छ । तेन्जिङ सेर्पा विचरा गरीब, सगरमाथा चढिसकेपछि एक दुई वर्ष यताउता घुमे, दार्जीलिङमा घर बनाए, अनि पर्वतारोहण शिक्षण शिविर खोले दार्जीलिङमा र नवयुवकहरूलाई तालिम दिन थाले । आफ्ना बुताले भेटेसम्म गरे । उप्रान्त सागरबाट उकालो गङ्गा नदीमा नाउँ खियाएर शिविर पुग्ने अभियान चलाएको खबर सुनेको थिएँ । कहाँसम्म पुगे ? त्यो जानकारी लिन सकिन ।

डा. हिलारीले एउटा ट्रस्ट कायम गरेर सोलुखुम्बुका सेर्पा जातिका युवक युवतीलाई म्याट्रिकसम्म निःशुल्क शिक्षा दिलाउने, छात्रबृति दिने र शिक्षकलाई तलबमाथि दर्गुम भत्ता समेत प्रशस्त दिने गरी ८००० फिटमाथिको उचाईमा आफैले हाई स्कूल भवनहरू बनाई सञ्चालन गरिदिएको कुरा मैले हाम्रो कर्मठ शिक्षक रामचन्द्रबाट पाउदा मलाई ज्यादै आनन्द आयो । यी हिम चुचुरामा गोरे दाजुहरू किन उक्लने गर्छन् भन्ने मलाई लाग्थ्यो । चुचुरामा उक्लेका काम कुराको कारण त मैले अझै पनि पत्ता पाएको छैन तर हामी लाटासिधा गवाली जनताले अर्थ नबुझ्ने काम गर्ने गोरे बहादुरले कताकता घुमेर अर्थ संकलन गर्ने चाजो मिलाउँदा रहेछन् । त्यस्तो एकत्रित पैसाले हाम्रा कल्पनाले भेट्न पनि नसक्ने तरिकाले, जुन कामले उसको स्वार्थसंग सम्बन्ध राखेको हाम्रो आँखाले देख्न सकिरहेको छैन, गएर जनसमक्ष प्रस्तुत गर्दा रहेछन् । न हिलारीका सन्तान नै सोलुखुम्बुबाट आफूलाई केही प्राप्त गर्न सक्छन् । न त अरू गोरा बाबूहरूले नै । हाम्रा आँखाले उनीहरूले गरेका यस्ता परोपकारी कामको अर्थ हामीले बुझ्न सकिरहेका छैनौं । तर उनीहरू ज्यादै खटिएको विचार बोक्ने व्यक्ति हुन् र त्यस्ता कामको फाइदा उनीहरूले अवस्य पनि बुझेका छन् । काशीका पण्डालाई हामी लाटा सोझाले पितृ तार्न दिएको दान दक्षिणा जस्तो डा. हिलारीको दान अवश्य पनि होइन । अन्तर्राष्ट्रिय

जगत भाइचारामा बाँधिनु पर्छ भन्ने धारणा सिर्जना गराउने कला उनीहरूले स्पष्ट बुझेका छन् । हामीलाई ती कुरा कौवालाई बेल जस्तै छ ।

सोलुखुम्बु तीनओटा हवाई अड्डा बाह्रओटा हाइस्कूल, सबै सबै घरले १०।२०।५० स्याउको बगैंचा लगाएका, कतिले चौरीगोठ पालेका, भेडीगोठ पालेका, स्याङबोचेको पर्यटन केन्द्र विभिन्न ग्रामिण उन्नतिका बाटाहरू बनाइएको तर मोटर गाडीको बाटो चाहिं नबनाइएको विवरण सुन्न पाउँदा मलाई ठूलो सन्तोष लाग्यो । त्यो सबै सम्पत्ति मेरै हो जस्तो लाग्यो । नेपालको एउटा जिल्लाको उन्नति सुनेर म आत्मविभोर भएँ । धन्य डा. हिलारी ! तपाईंको कीर्ति अमर रहोस् । नेपाल - न्यूजिल्याण्ड चीर मित्र रहिरहुन् मेरो यो कामना ! इति ।

२०४७७१८।१

जात र जीवन

संसार जंगलमा म हराएँ । मैले कतै कुनै छेउ भेउ पाउन सकिनं । संसार के हो ? मैले बुझेको छैन । जगत के हो ? मैले जानेको छैन । जीवन केलाई भनिन्छ ? त्यो मैले जान्न सकिनं । जन्मने जन्मदैछ, मर्ने मर्दैछ । यो चक्र घुमिरहेछ, घुमिरहेछ । यो चक्र घुम्न कहिले रोकिन्छ ? यो कसले बताउला ? यो घुम्ने चक्रलाई ती विधि कतै कहिले नरोकिन घुम्दा रिंगटा लाग्दैन ? यसले कहिले विश्राम लिन्छ ? यो अनवरत थकाइ नमरिकन निर्बाध घुमाइरहन सक्ने शक्तिशाली पहलवान् कस्तो होला ? यस्तो यत्रो चक्र संचालन गर्नुको उद्देश्य के हो ? चुप लागेर बस्ता उसको के खति हुन्छ ? ५ /१० हजार वर्ष आरामसंग सुत्न सक्तैन यो बलशाली ? जन्मदै गर्नु पर्ने जन्मदै गर्नु पर्ने उब्जदै गर्नु पर्ने पल्टाउदै गर्नु पर्ने केको जरुरत परेको छ ? खानै पर्ने पिउनै पर्ने सिर्जना किन गरेको ? यो कसैले अह्राएर गरेको कि स्वयम् आफैंले गरेको ? मैले यसको शिर पुच्छर क्यै पनि भेट्टाउन सकिनं । यो खोज्नु कसरी ? खोजमेल गर्ने मेलो नपाई बुड्बुडती कुदेर भेटिन्छ र ? यस्ता लठीबज्र काम कुरा जान्न मेरो इच्छालाई रहर किन लागेको ? यिनको रहर कसले मेटाइदिने ? मलाई छटपटी लागेर आउँछ । सायद यस्तै गम्ता रहिरन पाएर वित्थाका तर्कना र परिकल्पना पछ्याएर हाम्रा पूर्वज आप महाऋषिहरूले धेरै धेरै ग्रन्थ रचना गरेर अर्कालाई बुझाउन लाग्दा बुझाउन नसकेको र आफैं आफ्ना कल्पनामा अल्झिएर महानिर्वाण पथ लिनुभएको त होइन भनेर मलाई शंका गर्न मन लागेको अनुभव गर्दैछु । दर्शनका फेदमा यस्तै हवाई किल्ला बदलिएको जस्तो पो लाग्यो मलाई त के - के जान्नु ? जानेर पनि के गर्नु ? जानकारीले भोको पेट अघाउँदैन । अर्काले खाना पुऱ्याइदिएर बसी खाने अल्छीले यस्तो चिन्तन गर्छ क्यार ।

२०४७७१५।५

नेपाली परम्परा: भक्कुको राँगो

हाम्रो नेपाली परम्परा, भक्कुको राँगो मताएर छाडेर त्यो उफ्रेको र त्यसले गरेको बिज्याई हर्न हामीलाई रहर लाग्छ । जनता त्यो राँगो मातेको हेर्न ओइरो लाग्छन् । राँगालाई मद खुवाएर मताउनु, अनि त्यो राँगो मात्तिएर उफ्रिएको, त्यसको उपद्रो हर्नु राजदरबारमा गराइने यो उत्सवले के जनाउँछ भने बुद्धिको त्यति वर्ता काम छैन । भक्कुको राँगो भएर उफ्रनु, दलमल गर्नु मानिसमा दहसत पैदा गराउनु पो त मुख्य काम त भनेर आदेश गर्छ । हामी नेपाली त्यो आदेशलाई अक्षरशः पालना गर्न तमतयार भएर कम्बर कस्छौं । त्यो आदेशलाई प्रतिपालना गरेर तीस वर्षसम्म हामीले भक्कुको राँगो नचायौं । आफै पनि भक्कुको राँगो बनाइएको बिचरो नेपालीले अब के गरोस् ? त्यो राँगो हुनेभन्दा उपल्लो बुद्धिको जोगाड गर्न हामीले भ्याएका छैनौं । हत्तरपत्त बहुदल व्यवस्थाको स्थापना भयो भनेर प्रजातन्त्रको घोषणा भैदिएकोले राँगो अलमलियो । मताएको राँगोको मत पनि उभिसक्यो । तर लामो अवधिसम्म राँगो बनाइएका दोपायाहरू अब प्रजातान्त्रिक अभ्यासमा पनि लागेको बानी छाडन सकिरहेका कालमा गोबरमा च्याउ उम्रे जत्तिकै प्रजातान्त्रिक पार्टीहरू उम्रेर भक्कुको राँगो मैदानमा मात लागेर उफ्रेझैं पार्टी सरदारहरू राँगो भएर उफ्रिन थाले । प्रजातन्त्रको अर्थ बुझ्न हाम्रा सरदार - साहबहरूलाई कति दशक लाग्ने हो ? प्रजातान्त्रिक चरित्र निर्माण त सायद आउँदो पीढिले मात्र गर्न सक्तो हो । जय भक्कु ! जय भैरव ! हाम्रा पार्टी सरदारहरूलाई सद्बुद्धि प्रदान गर ।

२०४७७१६।६

उज्जन्डपना

कुनै कुनै मनुष्यमा उज्जन्डपना पनि हुन्छ, तर त्यो उज्जन्ड स्वभावलाई राम्रो लाइनमा लाग्ने मौका मिल्यो यदि भने उसले धेरै राम्रो काम पनि गर्न सक्छ । उज्जन्ड, बदमास भनिने गरेका व्यक्तिमा साहसको मात्रा बढी हुन्छ । तौल मिलाएर होश समालेर -साहसलाई अघि बढाउन सक्यो यदि भने धेरै ठूलो काम पनि सम्पादन हुन सक्छ । विशेष गरेर एकाधिकार प्रणालीले देशको अर्थतन्त्र सबैका लागि बाँच्न सुविधा पर्ने खालको नभैदिएकोले बाध्यतापूर्वक बाँच्न बल गर्नु पर्दा र सुविधा जुटाउन कोशिस गर्दा कानुनको छेकवारको रोकावटले सोझै हिड्न नपाउँदा व्यक्तिले त्यो छेकवारलाई नाध्ने हिम्मत गर्छ । कानुनको घेरा नाध्ने साहसीलाई बदमास विशेषणले विभूषित गर्ने चलन चल्तीमा छ । उपयुक्त भनाई बदमास विशेषण गुथाइने सबैका सबैमा त लागू नहोला तर नगन्य संख्यालाई छाडेर झण्डै झण्डै सबैमा लागू हुन्छ जस्तो

म संझन्छु बदमास भनिने गरेका व्यक्तिलाई प्रोत्साहन दिनका लागि मैले यो उल्लेख गरेको हैन । बदमास भनिने गरेका व्यक्तिको अवस्था, जीवन निर्वाहको साधन, समाजको उनीहरूप्रतिको धारणा, उनीहरूको नैसर्गिक स्वभाव, चरित्र आदिलाई विश्लेषण गर्दा उपरोक्त उद्गार पोखिएको हो ।

हरेक कार्यमा साहसको आवश्यकता पर्छ । साहस छैन भने त्यस्तो व्यक्ति बुद्धि प्रचुर मात्रामा भएर पनि केही काम गर्न सक्तैन । संसारमा जति पनि ठूला ठूला पौरख, उद्योग भीषण कार्यहरू गरेका छन् ती साहसी व्यक्तिले नै गरेका छन् । डरपोक व्यक्तिले हिम्मतको काम गर्न सक्तैन । उसको हिम्मतलाई कस्तो प्रकारको कार्य गर्नमा प्रयोग गर्छ ? त्यसैमा निर्भर गर्छ उसको उन्नति र अवन्नति । असल कार्य गर्ने मौका नपाएर, खराब लतको संगतले हिम्मतलाई अघि बढाउदा बदमास हुन पुग्छ त्यो हिम्मती । हिम्मतलाई अपराध पनि भनेका छन् कुने सज्जनले, तर म हिम्मतलाई अपराध मान्न नै रुचाउन्न । हिम्मत पाइनसक्नू मानव गुण हो जस्तो लाग्छ मलाई । इति ।

आर्जनका कुरा

जीवन निर्वाह खातिर आर्जन गर्ने क्रममा मैले, जे जति व्यक्तिलाई पीर मर्का पारेर ज्येथा आर्जन गरें, त्योभन्दा अलि वर्ता, अझै निकै वर्ता पीरमर्का पारेर मेरा समयका सज्जनहरूले अर्थोपार्जन गरेको मैले जाने सुनेको कुरा हो । तर, मैले आज संझदा, 'अर्कालाई पीर पारेर आर्जन गरें ' भन्ने मैले पूरा पूरा महसुस गरें र यस्तो परम्परा उपर घृणा लागेर पनि आयो । तर, मभन्दा बढी थिचोमिचो गरी ज्येथा आर्जन गर्ने सज्जनहरूले सायद आफूले गरेको थिचोमिचोलाई आफ्नो पुरुषार्थ संझेर गर्व गर्ने गर्नु भएको मैले सुन्ने गरेको छु । चतुर च ड्ख जसलाई भनिन्छ, त्यो श्रेणीमा आउने सबै नै प्रायः दुःखको कुम्लो बोकिराख्ने महानुभावहरू हुनुहुन्छ क्यार सट्टा पट्टा खातिर । जब जब मौका पर्छ आफ्नो कुम्लोबाट खुसुक्क झिकेर अर्काका जिम्मा लगाउने र उसको जगेराको सुख चाहिं, सट्टामा आफूले लिने प्रयासमा प्रायः संसार भरिकै चङ्खे, चतुरेहरू लागिरहे जस्तो मलाई लाग्यो । म आफ्प्रति त्यसै लाइनमा हतार लागेर खडा भएको महसुस गर्छु तर अलि भीरू स्वभावको: फरक त्यतिमात्र आज यति नै । इति ।

२०४७१।११।३

लेख्ने रुचि

मलाई हिजो, आज छन्दोबद्ध गरेर लेख्ने बानीले मनपराउन छाड्यो क्यार । चिठ्ठीपत्र लेखे जस्तो खुरू खुरू लेख्न बढी रुचाउने गर्दैछु । राम्रो नराम्रो, भलो कुभलो, जे जस्तो जुर्छ फुर्छ त्यस्तै लेख्ने गर्छु । कसैलाई काम लाग्ने त हैन, मेरो लेख्ने रहर पुऱ्याउनसम्म मात्र । स्वर वर्णका १६ ओटा व्यञ्जन वर्णका ३७ अक्षरलाई उलटपलट गर्दा गर्दा जिन्दगी शेष हुन लाग्यो । एउटा लेखाइको अनुहार अर्कासंग मिल्दैन । विश्वका पाँच अरबभन्दा बढी मानव समूहको अनुहार नमिले जस्तो । लीलावती मानक गणितका ग्रन्थमा ' पाशाङ्कशाही डमरु ....' भनेर एउटा श्लोकको मलाई याद आयो लेख्ता लेख्तै । शिवजीका १० हातमा पाश, अंकुश आदि १० ओटा हतियार छन् रे । ती हतियार क्रमश: अदलबदल गरेर धारण गर्दा शिवजीका रूपमा भेद कति होलान् ? भन्ने गणितको प्रश्न छ । त्यस्तै मलाई पनि यी स्वर र वर्ण मिलाउँदा ५३ अक्षर पुग्छन् । ती अक्षरको अलग अलग र संयुक्ताक्षर आदि शब्दको अदलवदलले माला बन्ने गर्छ । शिवजीको १० हतियार धारण गर्ने कलामा हेरफेर गर्दा विभिन्न रूपमा संख्यामा निखिई सकिए जस्तै यी ५३ अक्षरले बन्ने गरेका र बन्न सक्ने संभावना भएका रूप कति हुन्छन् भनेर प्रश्न गर्न मन लाग्छ । उता शिवजी जस्तै यात शम्भुजीलाई उभ्याएर यी ५३ अक्षरको उलटपुलट बन्न सक्ने शम्भुजीको रूपको संख्या कति होला ? मैले त त्यो संख्या निकाल्न सकिंन । कुनै गणित विशेषज्ञ महानुभाव महान सज्जनहरूले निकाल्न सक्नु भए मेरो प्रश्नको उत्तर पाएर म सन्तोष मानेर बस्ने थिएँ ।

प्रश्न गर्न सजिलो छ । उत्तर भेट्टाउन दुर्लभ । प्रश्न नगरी उत्तर पनि ननिस्कँदो रहेछ । प्रश्न जे जति पनि गर्न सकिएला । उत्तर कसरी भेट्टाउने ? उत्तर पाउनै पर्ने बाध्यता त केही छैन तर पनि प्रश्नको उत्तर त हुनै पर्ने हो । प्राकृतिक नियम भिन्न जोडीको संसार जस्तो । बिजोडीले पनि संसारमा बासै नपाउने त कहाँ हो र ?

२०४७।७।११।१

दास प्रथा

संसारभरि नै प्राय: प्राचीन वैदिक कालतिर दास प्रथा थियो रे । खसी बाखा, गाई, भैंसी, किनेजस्तो मान्छे किन्ने र बेच्ने चलन । चौपाय पशु किनेर ल्याएपछि सन्तान मान्छेको सम्पत्तिको रूपमा रहने चलन अहिलेसम्म चलेकै छ । दास -दासीलाई नेपालीको चलन भाषामा कमारा - कमारी भनिन्छ । कमारा - कमारीमा दरिएका मानिस किनेर ल्याएपछि कमारा कमारीका सन्तान दरसन्तानसम्म किन्ने व्यक्तिको रूपमा रहन्थे । वैदिक कालमा काम गर्ने कमारा कमारी, तिनलाई काम लाएर बसिखाने मालिक । त्यसताक संस्कृत भाषामा मालिक शब्दको पर्याय आर्य भनिन्थ्यो र आर्य र दास, कमारा र मालिक । आर्य जातिका सम्पत्तिमा मुख्य कमारा कमारी ।

इजरायल, जुडिया, फिलिस्तिन देशमा आदिवासीलाई यहुदी भन्दछन् । यहुदीहरू स्वतन्त्र र वैदिक कालका थालनीतिर अरूभन्दा आफूलाई सभ्य ठान्ने गर्थे र कुनै समयमा उनीहरूको सम्पूर्ण यहुदी जाति नै मिश्र देशमा कमारा कमारी भएर जीवन बिताउँथे रे । पछि कालान्तरमा यहुदीहरू मिश्रबाट स्वतन्त्र भएर आफ्नो देशमा आए । आफ्ना देशमा आएर लामो समयसम्म संघर्ष गर्दै लाँदा कालान्तरमा आफू पराजित भएर यहुदी जातिको राज्य मासियो, अनि देश देशान्तरमा संसार भरि छरिए । उनीहरू अहिलेसम्म जहाँ जहाँ जुन देशमा बसे तापनि आफूलाई स्वतन्त्र यहुदी जाति भन्ने गर्छन् र उनीहरूको आफ्नो भाषा हिब्रुमा बोलचाल गर्छन् । उनीहरूले आफू कुनै जमानामा मिश्र देशका कमारा कमारी थियौं भन्ने कुरालाई संभनामा पालिराखेको प्रसंग त कुरा गर्दा वा आफ्ना जातिका विषयमा लेख्नु पर्दा हामीले कुनै समयमा मिश्रदेशका कमारा - कमारी भएर जीवन निर्वाह गर्दथ्यौं भन्ने कुरा सगर्व उल्लेख गर्ने गर्छन् ।

त्यस्तै नेपाली जाति बनेको कति समय बित्यो ? मलाई ज्ञान छैन । मलाई लाग्छ नेपाली जाति पनि कुनै समयमा कसैका कमारा कमारी भएर जीवन यापन गरेका थिए क्यार । संसारभरि नै दासप्रथा टुट्यो तर पनि हामी नेपालीहरू, आजसम्म पनि आफ्नो शरीरको सीपको मोल तौल गरेर अर्काका हातमा आफूलाई सुम्पेर बेचिनुलाई गौरव ठान्दछौं । पैसामा आफूलाई बेचेर जीविका गर्नुलाई इजजत भन्छौं । आफ्नो देशमा आफू बिक्री हुन सकिएन भने पराई देशमा पनि हामी आफैं आफ्ना मनोमानी राजी खुशीसंग बिक्री भएर जान्छौं, गइरहेका छौं, गइरहेका छौं ।" हामीले आफूले आफ्ना मिहिनेतले उत्पादन गरी जीविका गर्नुभन्दा आफैले बेचिएर ज्यान पाल्न राजी छौं । धन्य हामी ! नेपाली धन्य, हाम्रो इज्जत ! हामीलाई लाज लाग्दैन ।

२०४७।७।१२।२

प्रजातन्त्र र अनुशासन

प्रजातन्त्रमा आफूले आफूलाई अनुशासन राख्नु पर्ने । हामी आफूसँग विचार नमिल्नेलाई गाली गर्छौं वा उसको उछितो काड्छौं । प्रत्युत्तरमा उसले पनि पाँडे पुराण सुनाउने गर्छ । यही परस्परको रागे आलापलाई हामीले प्रजातन्त्रमा पाएको अधिकार संझेर मख्ख पर्छौं । अधिकार भन्ने कुरा कर्तव्यले मात्र डाकेर ल्याउँछ भन्ने कुरा हामी बुझ पचाएर बिर्सने गर्छौं । प्रजातन्त्रमा अर्काको भनाइ सुनेर खप्न सक्ने बानी बसाउनु पर्छ । हामी अर्काको कुरा सुन्न चाहदैनौं । आफ्नो कुरा भनिरहन व्यस्त रहन्छौं । अनि विपक्षीमा उभिन पुग्नेले पनि आफ्नो कुरा फलाकिरहन्छ । हामीले पाएको बहुदलीय व्यवस्थाभित्र हामी यसरी प्रगति गरिरहेका छौं । गतिशील, प्रगतिशील भनाइको होडबाजीमा उछिनापछिन गर्दै छौं । गति केलाई भनिन्छ ? प्रगति कस्तोलाई भनिन्छ ? यस्ता शब्दको अर्थ त हामीले राम्ररी नै बुझेका हौंला । अर्थ बुझेका भरमा हामी कुद्ने गर्छौं, तर त्यस्ता शब्दले बोध गराएको अर्थलाई व्यवहारमा प्रयोग गर्न आईपुगदा प्रचुर मात्रामा आवेश बोकेर आउछौं । पचाउन नसकेका कुराले अजीर्ण गराएको पेटको मैला वमन गर्ने उद्देश्य बोकेर ।

कुरामा नुन, खोर्सानी, मसला मिलाएर चर्को जिब्रो फट्कार्ने चलन हामी चलाउन मन पराउछौं । जीवन निर्वाहसंग सम्बन्ध राख्ने काम कुरामा हामी ध्यान दिन चाहदैनौं । सबै प्रकारको तन्त्र मन्त्र यन्त्र चाहिएको जीविका चलाउने कार्यमा सघाउ पुऱ्याउन सक्लाकि भनेर । भोको भोकै छ, नाङ्गो नाङ्गै छ । हामी गफ हाक्छौं राजा मन्त्रीका र पार्टी नेता प्रणेताका । बेलुका घर पुग्दा हात मुख जोरिने चांजो मिलेको छैन, नेतागिरी गरेर हवाई किल्ला बनाउने गर्छौं हामी । नेपाली स्वभाव, काम हैन कुरा गर्ने बानी बसालिएछ । भो अब कुरा नगरौं ।

२०४७७९।६

लाज शर्म

लाज शर्म प्राकृतिक हो कि कृत्रिम ? मैले छुट्याउन सकेको छैन । लाज शर्म मान्ने बानी बसेर लाज शर्म लाग्ने गरेको हो कि जस्तो पनि लाग्छ । सुम्निमा नाङ्गै डुल्ने गर्छिन् । उमेर छिप्पिदै जाँदा अविभावक, आमा बुबाले लाज शर्म मान्नु पर्ने ज्ञान गराउदै लैजादा मात्र लाज शर्म मानेको जस्तो पनि लाग्छ । जीवन यापन गर्ने कला भित्रै लाज शर्म पनि पर्न आउँछ क्यार । लाज शर्मले सरस त बनाउँछ तर सरल बनाउन सक्तैन । लाज शर्म समाजका निम्ति पूरा अनावश्यक भनिहाल्न त ठीक परोइन तर चाहिने भन्दा धेरै बढी मात्रामा लाज शर्म मान्नुपर्ने बानी बसालिएकोले व्यक्तिको स्वभावमा संकुचितता बढी फस्टाउने गरेको पाइन्छ । लाज शर्म धेरै हटेपछि मात्र व्यक्तिले उचित रुपमा बोल्न व्यवहार चलाउन सक्ने गरेको पाइन्छ । समाजमा नेतागिरी गर्ने व्यक्तिले लाज, घीन र डर यति तीन चीजको बहिष्कार नगरी आफू एक्लै उभिन सक्तैन जस्तो म संझन्छु । मञ्चमा उभिएर कुरा गर्नु पर्दा मुख रातो भएर कुरागर्न नसकेको बर्णन महात्मा गान्धीको जीवनीले बताउँछ । लाजले गर्दा धक लाग्ने गर्छ क्यार । लाज, घीन र डर नमान्ने नेताले नाङ्गै हिड्नु पर्छ भन्न खोजेको चाहिँ होइन तर ज्यादै थोरैमात्र लाज बोकेर उभिएको अवस्थामा लाजले मर्यादा पाउने गर्छ ।

मैले लेख्न सुरु गरेको थिएँ विचारको सम्बन्धलाई परगेल्ने विचारले । थालनीमै कुरा बरालिए लाज घीन र धकको वर्णनतिर कलम दगुरेछ । म दिन दिन केही न केही लेख्न रुचाउँछु । दिउँसो लेख्न बस्ता उज्यालोमा लजाएर हो कि कसो हो कुरा आउन गाह्रो मान्छ । राति निन्द्रासँग छुट्टी लिएपछि, अँध्यारोको समय पाएर हो कि लाज नमानी कुरो आउँछ मसँग झ्याम्मिन तर मलाई त्यतिबेला आलश्यले आएर फकाउने गर्छिन् र म उनका फकौरीमा लागेर झ्याम्मिन, रतिन आउने कुरालाई अतिथ्य सत्कार गर्ने मर्यादा पालन गर्न भ्याउन्न । आलश्यका फन्दाबाट फुत्किन पाएका बेला मात्र मैले कुराको सत्कार गर्ने गरेको छु । इष्ट मित्र र जहान परिवार धेरै भएपछि सबैको क्रमश: चित्त बुझाइसकेपछि मात्र कुरालाई थान्को लाएर बसाउन सक्छु कि भन्ने सोचेर लेखनीलाई विश्राम गराउँछु बुद्धिलाई अघि सारेर । आफै कार्य नगरेर अर्कालाई गराएको काम कुरा त्यति राम्रो मिलेको कहाँ हुन्छ र ? मेरो त झारा टार्ने काम आजको लागि यति नै ।

२०४७७१०।७

भाषा साहित्य

वर्णशंकर नरुचाएर गीत ग्रन्थ लेख्ने ब्राम्हाण समुदायले भाषा शंकर बनाएर उच्च साहित्यको सृजना गऱ्यो भन्न थालेको सुन्दा मलाई हाँस उठ्छ । नेपाली भाषामा नेपाली साहित्य लेखिन्छ । नेपाली भाषाको मात्र ज्ञान हुने नेपालीले लेख्यो भने नेपाली साहित्यले सर्वसाधारणलाई कुरा बुझाउन सक्षम भएको पाइन्छ । विभिन्न भाषाका ज्ञाताले नेपाली साहित्य लेख्न थाले भने क्रमशः भाषा शंकर बन्दै जाने गरेको देखिन्छ । नदेखाइने गुप्ताङ्ग झल्याक झुलुक देखिने गरेको छ भने त्यस्तो राम्रो लाग्छ क्यार दर्शकलाई । राम्रो त होइन तर रोमाञ्चित गराउने खालको दृश्यलाई अक्सर बहुसंख्यकले रुचाउने गरेको पाइन्छ । उदाङ्गो र स्पष्टताले त्यस्तो मर्यादा पाएको देखिन्न । यद्यपि सत्य उसका नजिकमा छ । त्यस्तै साहित्यमा पनि शुद्ध नेपाली वा झर्रो नेपाली भाषाले त्यति मर्यादा पाउन सके जस्तो लागेन, किनभने त्यो नाङ्गो प्रायः हुन जान्छ क्यार । संस्कृत, हिन्दी, बंगाला, उर्दू वा इङलिस भाषा बीच बीचमा परेको छ अथवा रूपकमा वर्णन गरिएको छ वा घुमाउरो उपमाद्वारा भाव दर्शाउन खोजिएको छ यदि भने सुस्पष्टसँग अलि नबुझिने भैदिंदा उच्च साहित्य भन्ने गरेको पो होकि जस्तो म अडकल काट्छु । यस्तो कुरा बुझ्ने क्षमता मैले आर्जन गरेको छैन । म संझन्छु, सबैभन्दा बढी संख्या जसको छ उसले कुरा बुझोस्, साहित्य साधना उसका लागि हुनुपर्छ जो ज्ञान आर्जन गर्ने क्रममा पछि परेको छ । न कि विद्वान मनीषीहरूलाई मनोरञ्जन गराउन साहित्यको सृजना गरियोस् । गाउँमा बस्ने गँवारले आफ्नो गँवारी भाषामा लेखिएको साहित्य हेर्न र बुझ्न पाओस् । आजको साहित्य भाषा शंकर भैदिनाले आधा पनि म बुझ्न सक्तिन । भाषा त नेपाली नै हो भन्ने गरेको छ । सर्वसाधारणले बुझ्न नसकिने साहित्यलाई उच्च साहित्य मान्नु पर्ने हो कि ? मैले उच्च साहित्यको अर्थ र मर्म बुझ्न सकिनँ । म जस्तो हरिलम्फु नबुझ्दैमा उच्च साहित्यमा तल ओर्लने त होइन ? तर मेरो लाटो भावना, म भित्र नअटाएर पोखिएको यति मात्र । इति

२०४७७११।१

बाँच्ने तरिका

'भाग्यका भरमा जो छ उसले दुःख पाउँछ' परिश्रम जसले गर्छ उसले सुख पाउँछ । श्रमको फल मीठो छ पोषिलो पनि । भाग्यमा फल फल्दैन । अल्छीका निम्ति कल्पना रसिलो भरिलो बन्छ तर खाइन्न त्यो कवै । अर्काको पसिना प्युँन घिन लाग्दैन ? घट्घटी पिउँछौ-स्वाद मानेर ? कस्तो घृणित जिन्दगी ! आफ्नो आर्जन क्यै छैन ? अल्छीले दिन फाल्दछौ ? परिश्रम जगाएर बाँच बाच्ने भए यदि । नत्रता किन बाँचेको ? अर्काको रक्त प्युँन, हो ? बाँच्नु धिक्कार मान्छे भै । अर्काको रक्त चुस्नको धोको बोकेर । पृथ्वीको भार मात्र भयौ तिमी । जसरी अरूको रक्त स्वादले तिमी प्युँदछौं । त्यसैको बदला लिन्छ अर्काले यति जानिल्यौ । मान्छेले मान्छेको मासु खाँदै छ अप्रत्यक्षतः । प्रत्यक्ष पनि खाँदो हो नियम केही नभैदिए ।

बाँच्नु पर्छ सबैले नै नखाई बाँच्न सक्छ र ? तर के कसरी खानु ? जीवनी धान्न खातिर । प्रकृतिका बगैंचाका पत्र पुष्प र पल्लव फल फूल सबै हाम्रा आहारा निम्ति हैन र ? जरायुज सबै खाने आहाराभित्र पर्दछन् । एउटा बाँच्नका निम्ति अरू धेरै चपाउनु पर्दैछ । जो चपाइन्छ त्यो त नासिन्छ निश्चय । नखाई बाँचिने चाँजो मिलाउन सके कति सुबिस्ता पाइँदो होला भविष्यभित्र त्यो छ कि ? खोजमा लाग्नु पर्दो हो । सोध खोज गऱ्यो भने आविष्कार हुने गर्छ नयाँ वैज्ञानिक विधि । पुरानै पद्धतिलाई परिष्कृत गराउन सकेको छैन हामीले । नयाँको कल्पना गरौं ? गाँस बास न भेट्टाई भोकले तड्पिदो बरा नयाँको खोजमा लाग्ने सुर कस्तो कठैबरा । हाम्रो समाज यस्तै छ यस्तैमा रनभुल्ल भै दौडने गर्दछौं हामी असन्तोष बढाउँदै ।

२०४७५।२१।५

गोर्खालीको नालीबेली

गढवाल, टेहरी, अलमोडा, कुमामगढ आदि भारतका उत्तरी पहाडबाट जीविका खातिर बसाइँ सर्दै आएर गोर्खा राज्यमा बासिन्दा भएका खस बाहुन गोर्खाली भनिन थाले । गोर्खा राज्य बिस्तार क्रममा लाहोरको पश्चिमपट्टि बग्ने रावी नदीदेखि लिएर पूर्वमा टिष्टा नदीसम्म गोर्खालीहरूले विजय गरेर तीस वर्षसम्म एकछत्र शासन गर्दा वर्तमान नेपालमा बस्ती पातलो, जंगल धेरै र आवाद लायक जमिन पर्ती रहेकोले बसाइँ आएका खस बाहुनले आफूलाई गोर्खा राज्यको प्रजा भनाउन मन पराए- जीविकाको साधन सुलभ हुन्छ भन्ना खातिर । सुलभ भयो पनि । विजय क्रममा राजा पृथ्वीनारायण शाह काठमाडौं उपत्यकाको चार ओटा राजधानी कीर्तिपुर, काठमाडौं, पाटन र भादगाउँ आफ्ना अधिनमा ल्याएपछि उपत्यकाको उब्जा, बाली र समथर मैदान अनि नेवार जातिको घना बस्तीमा शहरिया भएर बस्न मन पराए र आफ्नो जन्मस्थान, पैतृक राज्य गोर्खालाई छोडेर काठमाडौंमा बसाइँ सरे । भारतबाट सुविधा र जीविका खोज्दै आएका राजा, गोर्खा जस्तो भीर, पाखो, पखेरो मकैसिङ र धावा तन्द्राङ जस्ता अनकन्टार अप्ठ्यारालाई माया मारेर उपत्यकाको मैदानमा बसाइँ सर्नु प्राकृत नियमले सोच्ता बेठीक भन्न पनि नमिल्दो हो तर पिता पुर्खा, जन्मस्थान, मातृभूमि आदिको महिमाको दृष्टिले विचार गर्दा राजाले राज्य छाडेर बसाइँ जानु र राजधानी सार्नुलाई पुर्खा र जन्मभूमिको मर्यादा गरेको भन्न नमिल्दो हो । राजधानी गोर्खालाई नै कायम गरेर विजित क्षेत्र मूल राजधानीबाटै शासन गर्दा अलिबढी श्रेयष्कर हुन्थ्यो कि ? त्यसो नगरेर सुविधाका लाभमा परेर जन्मभूमिलाई माया मारेकोले प्राचीनताको कुशुन्डो प्रवृत्ति मासिएन र गोर्खा र गोर्खालीले विजय गरे गराएको देशलाई रावीदेखि टिष्टासम्म गोर्खा राज्य थियो भने सुगौली सन्धिले देश काटेर मेची र कालीबीचको (तीन भागको एक भाग) जति जमिनलाई पनि गोर्खा राज्य नभनेर नेपाल राज्य भनियो । वास्तवमा नेपाल राज्य नेवारहरूको वा उपत्यका भित्रका बासिन्दाको थियो । पुरानो इतिहास बोकेको छ भनेर आफ्नो गोर्खा र गोर्खा राज्य, अनि गोर्खालीलाई छाडेर नेपाल र नेपाली बन्न पुगे राजा पृथ्वीनारायण शाह । नेवारहरू त्यै दावा गर्दै रहन्छन् साहित्यिक क्षेत्रमा । नेपाः र नेवाः उनीहरू आफ्नो संझेर नेपा भाषालाई पर्वतेकरण गरेर नेपाल भाषा लेख्ने गर्छन् । गोर्खामा बसेर शासन चलाइदिएको भए गोर्खा र गोर्खाजस्तै अप्ठ्यारा पहाडका पखेरोले पनि विकसित अवस्थामा पुग्न पाउँथ्यो र तमाम पर्वते पहाडिया, जुम्ली, डोलेल आदिले बसैं जानुपर्ने थिएन । राजा नै थात थलो छोडेर, पैतृक मोह त्यागेर, लालचामा लागेर, जन्मभूमि त्यागेर, पुर्खाको राज्यको समेत न्वारन गरेर बसाइँ सरिदिनाले तमाम गोर्खाली नेपाली बन्न बाध्य भएका समूह नै बसाइँ सर्न थाले । सुविधाको ख्याल राखेर र आर्थिक चाँजो

दिलाउन सजिलो पर्ने ठाउँ खोज्दै बसाइँ सरेका सरेकै छन् । राजा बसाइँ नसरेका भए सायद प्रजा पनि बसाइँ जाने थिएनन् होला । बसाइँ सर्ने प्रणालीले जननी र जन्मभूमिको गरिमा हराइ दियो । यो राम्रो होइन । राजाले उपनिवेशमा बसाइँ सर्नु, प्रजाले घरबारी छाडी व्यासीमा बसाइँ सर्नु यस्ता बसाइँ सरुवा बानीले आफ्नो पना मौलाएन । पराई संस्कार बोकेर हिंड्ने गरायो थाहै नपाइकन । १९९०/०९१ सालसम्म गोर्खा भाषा थियो । त्यसपछि आएर नेपाली भाषा बन्यो । मलाई लाग्छ अझ पनि राजाले आफ्नो जन्मभूमिको श्रद्धाभक्ति माया नत्यागेर गोर्खालाई राजधानी बनाउन सके विश्वप्रसिद्ध गोर्खालीको गौरव बढ्ने थियो । पाखा पखेरा सबै उज्याला हुने थिए । अहिले विभाजित भएर पढालेखा नेपाली अपढजति गोर्खाली भएर बाँच्न बाध्य हुनु परिरहेछ । विदेश गएर बेचिएर कमारो जिन्दगी भोग्न विवश ।

२०४७/५/१८/२

□□□

शिक्षा पद्धति: नाम वैज्ञानिक, काम अवैज्ञानिक

बालबालिकालाई सानो उमेरमा नै लेख्न पढ्न सिकाउनु पर्छ, सिकाउने गरेको पनि छ तर ती बालबालिकाले बुझ्ने पाराका सिखलाई हुनुपर्छ । नयाँ शिक्षा योजना कालमा लेखिए छापिएको पहिलो कक्षाको नेपाली पुस्तक मैले हेरें, त्यो पुस्तकमा सिकाउन भनिएका लेखिएका कुराकानी मैले पनि राम्रो बुझिन । १७० पेज भएको मोटो पुस्तक पहिला कक्षाका शिशुहरूका निम्ति ? चार अक्षर सिकाउनलाई चार पेजभन्दा बढी ठाउँमा प्रदर्शन गरिएको । व्याकरणाचार्यको व्याख्या भन्न सुहाउने लेख साना शिशुहरूका निम्ति ? वैज्ञानिक नामाकरण गरिएको अवैज्ञानिक पद्धति जस्तो लाग्यो मलाई । बालबालिकालाई बुझाउन हैन अलमल्याउन, कक्षा चढ्न नदिने प्रयासको जालसाजी पद्धति पो भन्न मन लाग्यो । कलिलो बालक मस्तिष्कले घरको चित्र मस्तिष्कमा खिच्नु कि घर अक्षरको एउटै चित्र टिप्न सक्ने क्षमता शिशुमा छैन । घर घर दुइटैको चित्र एकै ठाउँमा एक बाजी देखाइन्छ । अनि नेपाली बोलीमा उच्चारण गरिने मात्रालाई हिन्दी र संस्कृत मिसिएको भाषामा बुझाउन खोजिन्छ । नेपालीको सानो ठूलोलाई हिन्दीको छोटा बडा भनिन्छ । नेपालीको एकलख दुइलखलाई संस्कृतको ओकार औकार आदि सिकाइन्छ । पहिलो शिशुले आफ्नो मातृ भाषामा त उच्चारण गर्न जानोस् । भाषा शंकर बनाएर उच्च साहित्य भन्ने चलनलाई उमेर पुग्दा शिशुले पछ्याउला । तर आफ्नो मातृभाषा नै सिकिनसकेका शिशुलाई नेपाली सिकाउँदा हिन्दी र संस्कृत पनि मिसाएकोले शिशु अलमल्ल पर्दैन ? किताबको पाना पल्टाएर प्रदर्शन गराउने मात्र कार्य शिशुबाट भएको देखें मैले त । यो पाठ्यपुस्तक बिलकूल भएन । शिशुलाई त एउटा कुरा पो सिकाउनु पर्छ । एउटै कुरा मगजले टिप्न भ्याउने उमेर भएको छैन, ३६० कुराको डङ्गुर लाइदिएको देख्ता म त छक्क परें । २० / २५ वर्षको युवा समूहका लागि मात्र अलिकति काम देला । यो पैसा र समयको दुरूपयोग मात्र जस्तो लाग्यो मलाई त ।

२०४७।७।४।४

कविताहरू

नववर्षारम्भ

अठहत्तर पूरा भो वर्ष आज उनासीमा
प्रवेश गर्न लागें म असीमा पुग्न खातिर
अठहत्तर, उनासी, असी गन्दै निरन्तर
अघि बढ्दो छ यो मेरो उमेर, कति बढ्दछ ?
बढेको वा घटेको यो ? कालको गणना त हो
कालको गतिलाई नै आफूसंग म जोड्दछु ।
म त बूढो भएँ भन्छु पत्याँउदैन यो मन,
मनको चञ्चले बानी छाड्दैन उफ्रदै छ यो,
मनुष्य मर्न चाहन्न तर पर्दछ निश्चय
अवश्यंभावी यो सत्य अप्रिय लाग्न थाल्दछ
अप्रीय मानिनु हुन्न मृत्यु आउँछ निश्चय
मृत्युलाई अँगालेर शरीर त्याग्नु पर्दछ
सबै शरीरका भाग मृत प्रायः हुँदै गए
चेट्पटाउन मान्दैनन् विश्राम लिन खातिर
भारी बिसाउनु पर्ने थकाई मेट्न खातिर
थकाई मेटिने हैन आफैं मेटिन सक्तछ
ईच्छा बलवती ज्यादै बढ्न खोज्छिन् निरन्तर
कति बढ्नु ? कहाँ बढ्नु ? बीचमा पर्छ अन्तर
आशा अलि अलि गर्दै पछि सर्न रुचाउछिन्
निराशा पछि लागेर अघि बढ्न रुचाउछिन्
यी दुवै सँगमा मेरा बस्नलाई रुचाउछन्
यिनैका स्नेहले मेरो जीवनी चल्मलाउछ

भद्रपुर नगर - १४,
२०४७।१।१७ बिहान ६ बजे
ता.१४ अप्रिल १९९० इ.मा ।

नयाँ उत्साह

यो नयाँ वर्षका साथ नयाँ उत्साह आउँछ ।
नयाँ विचार बोकेर घर आगनमा अब
नयाँ भाव पलएर नवीन पुष्प पल्लव
हल्लिदै बढ्न थालेका हामीले पाउँछौं अब
विचार बाँधिने गर्थ्यो अब त्यो खुकुलो भयो
भाव फुक्का गराएर अब उड्न हुने भयो ।
अब भाव दबाएर जिब्रो चपाउने कुरा -
पुरानो भैदियो आज अब बोल सफा छ त्यो
क्षेकाबार कतै छैन मर्यादा साथमा कुरा
गर्न सक्छौ जतिसम्म बुद्धिको आड पाउछौं ।
तर साँचो कुरा बोल गफडा ? भो नहाँक त्यो ।
अब पालो पुग्यो त्यसको साँचो सत्य बखानिद्यौं
हिजोसम्म थियो कुण्ठा अब छैन खुलस्त भो
लागेको मनमा बोल उज्यालो दिन भेटियो
अन्धकार गयो सारा हट्यो बादल मेघको
गर्जना अब बढ्दैन खोजेको केही पाइयो ।
पाखण्डी धूर्तता सारा कुना दुला पसे सबै ।
अब शुद्ध सफा सेता दिनको दरबार भो ।
जनमानसमा धेरै आशा उत्साह देखियो ।
देखेको घटनालाई संक्षिप्त मात्र लेखियो
यो आशा फैलिदै जावस् उत्साहसाथमा लिई
इच्छाअघि सरुन् झर्दै कर्मका खेतमा अब ।

भद्रपुर नगर - १४,
२०४७।१।३।२।मा

अग्निज्वाला

मायाको खेल हेरेर त्यसैमा मग्न मस्त भै -
हामी समय काट्दै छौं । हाम्रा सन्ततिले अझै
अरू उन्नति क्यै गर्लान् ? आशाले प्राण धान्दछौं १
आशा सहचरी हाम्री उनैको प्रेरणा लिई
हामी समय ठेल्दा छौं, आयु लामो गराउँन
बाँच्नुको सार के निस्क्यो ? पछि फर्केर हेर्दछौं ।
बितेका दिन संझेर लामो प्रश्वास फेर्दछौं । ३
खान लाउनका निम्ति रोजै प्रयास गर्दथ्यौं ।
जीवनी धान्न नै धौ धौ परेको याद गर्दछौं । ४
अघि जस्तो थियो उस्तै आज त्यै दोहोऱ्याउनु
मात्रै भएछ हाम्रा लौ कति पुस्ता बिते कति ? ५
कति पर्खेर बस्ने हो ? हजारौं वर्ष भैसके
तर हामी भने उस्तै अर्कोको हली भैदियो ।
मनमा तर्कना उठ्छ विद्रोही चित्र बन्दछ ६
उपाय तर क्यै छैन अशक्त । चरिनग भैं-
बाच्नु पर्दोछ । थाङ्नामा सुताए । अलपत्र छौं ।
कसलाई सुनाएर के हुन्छ र मनोदशा-
सपार्ने कल्पना गर्दा कल्पना बढ्न सक्तछ ।
तर तथ्य कुरा छैन कल्पना खाँइदैन है
अग्निज्वाला फुटेकोछ पेटमा शान्त हुन्न त्यो । ९

घैलाडुबा ६, झापा ।
२०४७।१२२।७ मा दिन ११ बजे ।

□□

जिन्दगीमा जिन्दगीमा

जिन्दगीमा जिन्दगीमा–
सिकौं सिकौं लाग्छ मलाई सिक्न पाइँदैन
झिकौं झिकौं लाग्छ मलाई झिक्न पाँइदैन
बिकौं बिकौं लाग्छ मलाई बिक्न पाँइदैन
चिताएको मनको कुरा पाइँदैन यदि भने बाँच्नु केका निम्ति ?
जिन्दगीमा जिन्दगीमा–
बसौं बसौं लाग्छ मलाई बस्न पाइँदैन
उठौं उठौं लाग्छ मलाई उठ्न पाइँदैन
बोलौं बोलौं लाग्छ मलाई बोल्न पाइँदैन
चिताएको मनको कुरा पाइदैन यदि भने बाँच्नु केका निम्ति ?
जिन्दगीमा जिन्दगीमा–
लेखौं लेखौं लाग्छ मलाई लेख्न पाइँदैन
देखौं देखौं लाग्छ मलाई देख्न पाइँदैन
भोगौं भोगौं लाग्छ मलाइ भोग्न पाइँदैन
चिताएको मनको कुरा पाइदैन यदि भने बाँच्नु केका निम्ति ?

घैलाडुबा- ६,झापा ।

▢▢

व्यवहार

व्यवहार सफा राख, व्ययभार घटाउने-
प्रयत्न जारि राख्नेछौं, व्यवहार चलाउन ।
व्यवहार भयो हार जीत चाहन्छ आजको
दुनियाँ । हार मानेर बस्न मान्दैन कर्मको-
खेत राम्रो बनाएर उब्जाऊ पुष्प पल्लव ।
लेख्ने विचार यो मेरो सक्सकाउँछ लेख्नको-
लालची चाल पाएर तर भाव भने कुनै
स्पष्टयाउन नसक्नाले अधुरो बन्न पुग्दछ
'साँचो सत्य बढाएर लैजाऊँ' भन्न थाल्दछु ।
तर आदत त्यो छैन झूटो पन्पिन थाल्दछ
व्यवहार सबै झूटो अंगालेर बढाउने-
प्रथाले नै गऱ्यो राज सत्यभित्र थुना पऱ्यो ।
लालचाले बिगारेछ बानी यो व्यवहारमा ।
भने सपार्न खोज्दा त्यो बीचैमा अलमल्ल भो
बाबाजी बन्न चाहन्न उसको मर्म बुझ्दिन ।
सम्पन्नता म चाहन्छु तर त्यो अपवित्र छ
त्यागमा सुख मिल्दो हो त्याग गर्न म शक्तिन
चाल अल्मलियो मेरो म यसै अलपत्र छु ।

२०४७।११।०२ मा
दिनको ४ बजे ।

▢▢

कामातुर प्रेम

अहिल्या द्रौपदी तारा कुन्ती मन्दोदरीहरू
पति धेर बढाएर मर्यादा पाउँथे अघि
अहिले त्यो चल्तिमा छैन मर्यादा नाम खातिर
अब त्यो चल्तिमा ल्याए समाज बदलिन्छ र ?
बेलामा जो चल्यो चाल चल्यो चलिसक्यो अघि
अब त्यो थोत्रियो क्यार मन् पराउन छाडियो
तर खुल्लम खुला हैन लुकाएर जताततै
कामातुर हुने वर्ग प्रेमले त्यो रुचाउछन्
योनी स्वतन्त्र चाहिन्छ भन्ने युवा समूहको
फलाको सुन्न पाइन्छ हिजो आज जताततै
विवाह गर्नु पर्दैन इच्छानुसार भोगमा
लम्पसार परेकोछ आजको यो नया पिढी
तर सन्तति चाहिन्छ सृष्टितन्त्र चलाउँन
जाँगर प्रशस्त चाहिन्छ सन्तति पाल्न खातिर

२०४७।१।१३मा दिनको ४.३०बजे
ता. २४।४।१९९० इ.

❑❑

हिंसा चरित्र

हामी बानी पर्‍यौं जे मा त्यसैलाई रुचाउछौं
सजिलो त्यै हुने गर्छ जेमा बानी बसालियो ।
बानी बसिसक्यो हाम्रो उठ्तैन त्यो बस्यो बस्यो
बानी बदल्न चाहन्नौं बदल्नु पनि हुन्न त्यो
अहिंसा भन्दछौं हामी हिंसामा ऊ रमाउछ
बानी परेछ हिंसामा हिंसालाई रुचाउछ
अहिंसामा बस्यो बानी जसको ऊ अहिंसक
बन्दै रहन्छ आफ्नो त्यो विश्वास खँदिलो गरी
अहिंसाले अरूलाई नदेऊ दुःख भन्दछ
हिंसालाई रुची हुन्न त्यो कुरा ऊ नकार्दछ
जसले दुःखको भारी बोकेको छ निरन्तर
त्यो दुःख अरूलाई नै सुम्पन हुन्छ तत्पर
आफ्नो दुःख अरूलाई बाँडेर अरूको सुख
आफूले लिन चाहन्छ हिंसाको यो चरित्र हो
आफ्नो सुख अरूलाई बाँडेर अरूको दुःख
आफूले लिन चाहन्छ अहिंसा व्रति निश्चय

धैलाडुवा - ६, झापा ।

❑❑

हर्षोत्सव

पुरानो प्रजातन्त्र आयो रमायो ।
कसाहीपना सुट्ट भाग्यो हरायो ।
नयाँ जोश उत्साह आयो पलायो ।
उंमगले नाच्न थाले युवा गण

सबै आज भेला भए हर्षमा छन् ।
रमाए र नाचे सबै गर्व गर्छन् ।
नबोल्ने प्रथा टुंगियो आज बोल्छन् ।
मनोकमाना पूर्ण होला भनेझैं

हिजोसम्मको त्यो अँध्यारो हरायो ।
नयाँ सूर्यको ज्योति चम्केर आयो ।
ठिही दुःख जाडो सबै नै हरायो ।
अलि सुख आनन्दको वास आयो

पुरानो अफालेझत्री भान हुन्छ ।
नयाँ पाउनु त्यो अझै बाँकी नै छ ।
सदा आशले बाच्नु पर्ने व्यवस्था ।
यतिले पुगेझैं छ हाम्रो अवस्था ।

घैलाडुबा- ६, झापा
२०४७।१।१५।७ दिन ४ बजे

अनुरोध

पाँडे गालि नगर्नु हे सुजन हो पाँडे गुरू मन्त्री छन्
पँडेका सँगमा नगर्नु झगडा पाँडे अझै सभ्य छन्
पँडेको घरमा पँडेनि नहुने यस्तो उखान लेख्तछन्
जातीलाइ हियाउने चलनको चल्ती नगर्नू भलो

□□

जेलमा

जेलमा डिग्रि पाइन्छ राजकाज चलाउने
राजकाज चलाइन्छ जेलका डिग्रिले सदा
तपस्या जेलमा हुन्छ इष्ट साध्य नयाँ नयाँ
जेल त्यो पाठशाला हो राजकाज सिकाउने
जेलमा त्रास भागेर बेपत्ता हुन्छ निश्चय
जेलले सूरतालाई कार्यमा अघि सार्दछ
धैर्यता चाहिने गर्छ जुनै काम विषे पनि
धैर्य छैन भने त्यस्को गुण गौरव माग्दछ
लाज घीन नमानेर डरलाई भगाउनु
अनि त्यो बन्न सक्नेछ अगुवा त्यो समाजको
सजिलो छैन त्यो काम गर तत्पर भै सदा
आराम पाउने गर्छौ हाँस खेल यदा कदा
जनमानसमा आफ्नो प्रभाव पार्नु पर्दछ
जनताको भलो काम जसले नित्य गर्दछ
बेदाममा सघाएर जीउने कामले सदा
जीन्दगी पार बरबाद तबै साफल्य मिल्दछ
सजिलो छैन अर्काको सदा चित्त बुझाउन
अप्ठ्यारो त्यो अँगालेर जीवनी धान्नु पर्दछ

२०४७।१। २२।७ दिन १० बजे ।
घैलाडुबा- ६, झापा ।

□□

बिँडो

कम्लाइन् कोरली हेर ! बुढी माऊ बियाउँन-
आजै तरखर गर्दैछन् बाच्छा लागे चियाउँन ।
गोठमा गाई पालेर धेरै लैना गराउन
चाहना बढ्न लागेछ पौरी खेलाउ दूधमा ।
घर आगनमा हेर ! लैना बाछ्रा दगुर्दछन् ।
घाम तापेर उफ्रन्छन् स्नेहशील मनोहर ।
कृष्णको सम्भना हुन्छ नन्दको घर आँगन
गाई बाच्छा चराएर डुलेका नन्दने वन
ग्वाला बालसंगै नित्य वनजंगल डुल्दछन्
यमुना तीरमा हेर ! पौरी खेलेर भुल्दछन्
गाई पालेर निर्वाह गर्ने हाम्रो परम्परा-
लाई संभेर लेखिन्छन् हाम्रा पूर्वजका कुरा
बलराम थिए हाम्रा पुर्खा काँध विषे हलो-
बोकेर घुम्दथे सारा तीर्थ भारत वर्षका ।
उनैका सन्तति हामी हलो जोत्न रुचाउछौं
तर जग्गा भने छैन हाम्रा अधिनमा कुनै
अर्काका घरमा बस्छौं हली हाम्रा पितामह
नन्दका घरमा बस्थे हली भै काम गर्दथे
त्यै सिको हामीले गर्दै जीवनी धान्नु पर्दछ
अर्को उपाय क्यै छैन बिंडो थामेर बस्तछौं ।

दिन १०.३० बजे २०४७।१।२२।७
घैलाडुबा- ६, झापा ।

□□

लेखेको सार

लेख्ता लेख्तै भयो बूढो अझै लेख्न हतारिंदो ।
लेखेको सार क्यै छैन मसी खर्च गराउदो ।
कति कागतको थुप्रो बिगारेर सक्यो अझै-
लेख्ने रहर पुग्दैन कस्तो आदत बस्न गो ?
लेखेको काम लाग्दैन । नलेखी बस्न सक्तिन ।
उठेर हिड्न चाहन्छु तर, ताकत छैन क्यै ।
गफ गर्ने यहाँ साथी नपाएर म एकलो
लेखनीका पिछा पर्छु उनैले दगुराउछिन्
मेरी प्रियतमालाई अंगाले र म बस्तछु
उनैले अघि लागेर डोऱ्याएर डुलाउछिन्
संगिनी लेखनी मेरी यिनैका भरमा म छु ।
लेखनीले जता लान्छिन् उतै घसेर चल्दछु
जिन्दगी भरको मेरो सहारा भै दिने यिनै
लेखनीलाई सुम्पेर मेरो आत्मा, म चल्दछु
आखिरी दिनमा मैले यिनैका संग साथमा
अन्त्येष्टि गर्न पाएमा सफल् जन्म म मान्दछु
लेखनी ! तिमीले लायौ लाखौं गुण म जान्दछु
तर त्यो गुणको साटो तिर्नमा असमर्थ छु ।

घैलाडुबा- ६, झापा ।

□□

काम लाग्ने कुरा

काम लाग्ने कुरा छैन । लेख्ने रहर मात्र यो
बूढो रहर थाक्तैन । सदा लैनु समान यो
अर्काको पसिना भित्र पौरी खेल्न रमाउन-
पाए, को काम गर्दो हो ? मेरो जीवन त्यै न हो ?
आफ्नो काम कुनै छैन । बसैरै दिन बित्तछ ।
यस्तै समयमा मैले खेलेको । यति मात्र हो ।
नयाँ शब्द कुनै छैनन् । पुराना शब्द वाक्य नै-
उल्टाएर घुमाएर नयाँको भान पार्दछु ।
एउटा विषय पक्रेर लेख्ने रहर गर्दछु ।
विषय आउनै छाड्यो तुक्का मात्र बटुल्दछु
यो मेरो चक्चके बानी चक्चकाउँछ दिन् दिन
चक्चकेले बुटुल्दो छ गफडा नै प्रतिक्षण
आफैंले पसिना काडी तलाउ पार्न खोज्दछु ।
त्यसैमा पौरी खेलेर पार लाग्न म खोज्दछु
तर त्यो कल्पना मात्र कार्यान्वयन हुन्न त्यो
कल्पना दहमा आफैं बाँकटे हान्न खोज्दछु ।
कल्पनासंग खेलेर आफ्नो जीवन पंद्धति
कायम गर्न म चाहन्छु जीवनी धान्न खातिर

घैलाडुबा- ६, झापा

□□

म बूढो

म बूढो चाउरी मुजा बोकेको घीन लागदो-
देखेर सब भागेछन्- ठेली पुस्तकका सबै ।
पढ्ने पाठ कुनै छैन साथमा एउटै छ । त्यो
गीता अङ्कलको ठेली । त्यसैलाई निहार्दछु
भित्री नजरले आफैं त्यसैको सार खिच्तछु ।
मेरा अङ्कलबाजीका कुरा सुन्न तपाईंको-
समय खेर फालेर म यो अन्याय गर्दछु ।
तर माफ दिनु होला यदि तपाईंमा भए
नभए के दिनु होला ? आफैं सन्तोष मान्दछु ।
आफ्ना कुरा नबुझ्नाले आफैं छक्क म पर्दछु
जनताका कुरा गर्दा नकच्चरो म बन्दछु ।
नकच्चरो चल्यो धेरै । मुखच्चरो हुँदैन कि ?
कानच्चरो नहोला र ? चरो बन्छ सबैतिर ।
शब्दले भावना बोक्छ वाक्यले अर्थ बोक्तछ ।
निबन्धले त्यहाँ धेरै कथा कहानि बोक्तछ ।
म भने क्यै पनि बोक्न असमर्थ भएँ, तर
कुरा अलि अलि बोक्तै दगुर्दोछु निरन्तर ।
तैपनि बीचमा धेरै पर्ने गर्दछ अन्तर ।
यस्तो अन्तरलाई नै ढाल्ने गर्दछ जन्तर
गफाष्टक भने होला यस्ता ललहरीहरू
जति लेख्यो उति धेरै हल्लने गर्दछन् अरू

२०४७।१२।२७

□□

हाम्रो भाषा

शालिनी र मालिनीका पछि नलाग
झ्याउरे मोरी भनेर अन्त नभाग ।
झ्याउरे साह्रै सजिलीछन् राम्रो अँगाल ।
जनताको बोलचालको भाषामा ।
आफ्नो विचार सुनाउन सजिलो पर्ने छ ।

भनेको कुरा बुझ्नु मुर्धन्य चासो हो ।
कुराकानी नबुझेरै मख्ख पर्नु हाँसो हो ।
नेपाली शब्द साह्रै थोरै छन् भन्दछौं ।
खोजीमेली ल्याएर जगेडा गर्दा हामीलाई पुग्ने छन् ।

कुरा बुझ्न नसक्ने नै हामी धेरै छौं ।
कुरा गर्न नजान्ने नै अझ धेरै छौं ।
कुरा बुझ्न र बुझाउनलाई लेख्नु परेको ।
तर हामी नबुझिने भाषाका फन्दामा परेछौं ।

हाम्रो भाषा सजिलो छ अरू नगाँस ।
अर्काको भाषा ल्याई आफ्नो नमास ।
फारो तिनो गरेर आफ्नो चलाऊ ।
भाषा शंकर बनाएर घरमा विकृति नहुल ।

घैलाडुबा ६, झापा
मिति २०४७।१।२४।२ मा विहान १० बजे

□□

खेताला-गोठाला

खेताला खेतमा आए कोदालो र हलो जुवा
बोकेर गोरुको पुच्छर निमोठ्दै खेत जोत्नको-
चासो लिएर नारेका गोरु दौडन लाग्दछन् ।
पानी लागेर जोतेका खेतमा जल थल भयो ।
आली र अँचला काट्न लागे हाम्रा महाबली ।
खेताला खेतका शोभा लागे गाउन मादले-
तालका गीत घन्काई नाचौं नाचौं गराउदै
जुवारी खेल्न लागेका जोडी जोडी मिलाउदै
तुक्का जोडेर गाएको कस्तो सुन्दर भावना !

- - -

गोठाला गोठमा आए गाई बाच्छा रमाउछन् ।
लैना गाई रमाएर बाच्छा बाच्छी मगाउछन् ।
गबुआ दूधले भर्छन् कुँडेमा त्यो खन्याउछन्
अझै दुहेर ल्याएर गबुआ त्यो नियार्दछन् ।
बाच्छा उफ्रेर कुद्दाछन् बाँ-बाँ, बूँ-बूँ कराउछन् ।
साँढे गोरु रमाएर डुक्रेर अघि बढ्दछन्
थलो साफ गराएर बाच्छा बाच्छी ढुकाउछन्-
भकारामा रुलाउछन् फरिको बन्द गर्दछन् ।
टाट्नामा घाँस हालेर गाईबस्तु फुकाउँछन्
गोठाला पछि लागेर वन जंगल डुल्दछन् ।

घैलाडुबा- ६, झापा
२०४७ १ । २२ ।७ दिनको ११बजे ।

□□

रचनाकार

रचनाकार रच्तोछ मनको भावना यहाँ
तर उत्साह आउन्न हतोत्साह बढाउन
आशा ! उमंग राखेर आऊ एक्लै भए पनि
इच्छालाई बोलाएर ल्याउने कष्ट गर्दछ्यौं ?
चञ्चले मन यो ज्यादै छट्पटाएर कुद्दछ
ऐंचेर राख्नु पर्नेछ धैर्यको साथ कैदमा
बुद्धिले काम गर्ला कि नगर्ला ? भन्न सक्तिन
अैले अऱ्हाउनु पर्ला आशय बुझ्न खातिर
बूढो विवेक त्यो एक्लै थकाई मेट्न बस्तछ ।
उसैलाई बोल्याएर काम संठिनु पर्छ कि ?
मेरा जहान यी सारा अलपत्र परे सबै
परिपाठ नमिल्नाले भाँडियो घर निश्चयै
लेखनी साथमा बस्छिन् आज्ञा पालक छिन् यिनै
इच्छा अलि परै बस्छिन्, आशा मध्यस्थ बन्दछिन् ।
उत्साह आउनै छाड्यो बरालिन्छ कि त्यो कहिं ?
उमंग उसकै साथ लाग्दो हो लहडी बनी ।
शान्तिले आज आएर केही मद्दत मर्दछिन् ।
परिवार नमिल्नाले यो दु:ख भोग्नु पर्दछ ।
आशा उमंग उत्साह इच्छा बुद्धि विवेकका
साथमा धैर्य राखेर शान्तिलाई अँगाल्दछ । १

घैलाडुबा- ६, झापा ।
२०४७।१।२२।७ दिनको १२ बजे ।
ता. ५मई १९९०

□□

आपतको बिलौना

गऱ्यो विज्याईं अब लौन लौन
सर्वस्व पाऱ्यो अब लौन लौन
धर्ना नबस्नु भनि यौन लौन
हुर्मत लियो बस्न भएन लौन

आयो पराई अब लौन लौन
बाँच्नु कसोरी अब लौन लौन
आयो तुरुन्तै अब लौन लौन
मर्नु गरायो अब लौन लौन

मर्दा निको बाच्नु भएन लौन
नामर्द त्यो मर्द भएछ लौन
हेप्यो मलाई अब लौन लौन
देख्यो मलाई अब लौंन लौन

कस्का शरण भित्र गएर बाँच्नु ?
यै दुष्टका साथ बसेर नाच्नु ?
भो जिन्दगी आज यसै तमाम
मेरो मुटू बन्द भयो । लु छाम

घैलाडुबा ६, झापा ।
२०४७।१ २४

□□

कृष्ण भजन

भज बृन्दावन कृष्ण कन्हैया
भज राधावर नाऊ खेवैया
भज भवसागर पार करैया
जगतोद्धारक वंशी बजैया
पतितोद्धारक मुरली मोहन ।

भज्दछौं, जप्तछौं, पूज्दछौ, पाउमा-
पर्दछौं । गर्दछौ- भक्तिको भावना ।
भक्त को ? भक्ति के ? जान्नु क्यै छैन कि ?
भक्तको भावना जान्नु के गरी ?

हे मनमोहन आऊ वंशी बजाऊ मुरली बजाऊ
बासुरीमा लय ताल मिलाऊ छम छम नाच गराऊ
ताल मृदङ्ग झाँज बजाऊ, खैंजडी भो नबजाऊ
मयुर चकोरको नाच नचाऊ वृन्दावनमा आऊ ।

नाच नचायौं खेल खेलायौं रास रचायौ धेरै
वृन्दावनमा चाँदनीसंगमा मोह गरायौ धेरै
मोह भयौं सब मायासंगमा कृष्ण कन्हैया लाल
मायाका संग खेल्न सिकायौ प्यारा कृष्ण गोपाल ।

घैलाडुबा ६, झापा ।
मिति २०४७।१।२५।३मा दिन ४.३० बजे
ता. ८- ५- १९९० ई ।

आरती भजन

बंशी बजाऊँ सखी बंशी बजाऊँ
मुरली बजाऊँ सखी मुरली बजाऊँ
बासुरी बजाऊँ सखी बासुरी बजाऊँ
ढोल मृदङ्गको ताल मिलाऊँ ।

नाच नचाऊँ सखी नाच नचाऊँ
गान गवाऊँ सखी गान गवाऊँ
तान मिलाऊँ सखी तान मिलाऊँ
चाल मिलाऊँ सखी चाल मिलाऊँ ।

झाँज बजाऊँ सखी झाँज बजाऊँ
झ्यालीसंगमा मजिरा बजाऊँ
आरती गरौं सखी आरती गरौं
हृदय मन्दिरमा राखौं प्रभुलाई ।

घैलाडुबा ६, झापा ।
मिति २०४७।१।२५।३मा दिन ४.३० बजे
ता. ८- ५- १९९० ई ।

सृष्टिचक्र

मोहमा पर्दछौं हामी - एउटा अनुहारमा ।
केले मोह गराएको ? सृष्टिचक्र चलाउन-
वासना दौडिएको हो ? त्यो परस्पर मिल्नको
चाहना मनमा राख्छ चाहना मोह बन्दछ ।
मोह पर्नु नराम्रो हो ? नराम्रो हैन । त्यो तर-
व्यवहार चलाउने काममा विघ्न पर्दछ ।
त्यसै कारणले मोह त्याग्नु भन्ने भनाइ हो ।
तर मोह नभै हुन्न - मायाको अगुवा सदा ।
माया नभई संसार चल्न मुस्किल पर्दछ ।
मायाले थामिएको छ प्राणी, यावत विश्वमा ।
जडमा पनि मायाको गुन्जायस छ कि कतै ?
त्यो हामी चाल पाउन्नौं तर क्यै त छ निश्चय ।
जसको आड पाएर सारा वृक्ष वनस्पति
टुसा मुना हुँदै बढ्छन्-पालुवा हाल्न खातिर
कोपिलाउनु, फुल्नु र फल्नु , पाक्नु क्रमैसंग
चलेको हामी देख्ता छौं, सृष्टिचक्र बराबर

घैलाडुबा ६, झापा ।
मिति २०४७।१।३०।१ को विहान ९बजे
ता. १३- ५- १९९० ई. ।

□□

बाँच्ने इच्छा

आकर्षिणी शक्ति झलक्क झल्किदी
ती वासनापुञ्ज मलक्क मल्किदी
कामातुरा भैकन चञ्चले पना
दर्शाउदी मस्त अनङ्ग साथमा

\- - -

'बाँच्न इच्छा छ धेरै नै लाग्दैन डर मर्नको'
समको यै कुरालाई दोहोऱ्याउन लाग्दछु ।
इच्छा मर्न ऊ चाहन्नन् बस्ने घर शरीर यो
त्यो पुरानो भयो ढल्न आजै तर्खर गर्दछ ।
घर भत्क्यो भने सारा जहान छक्क पर्दछन् ।
इच्छा, आशा र आकांक्षा उत्साह र उमंगको
घडेरीसम्म बाच्तैन, बुद्धि छक्क परी त्यसै-
टोल्हाएर विनासिन्छ, विवेक, धैर्य दुद्तछन् ।
मन मासिन्छ, सक्तैन अब कुद्न यता उता
शरीर मुख्य हो वासस्थान सारा जहानको
आत्मा सुटुक्क निस्केर जान्छ रे परलोकमा
यो कुरा कति साँचो हो ? म त विश्वास गर्दिन ।
शरीरबाट उब्जेका फूलमा वासना सरी
फूल झर्दछ ओइलाई वासना त्यो बिलाउँछ ।
शरीर सकिंदा साथै सकिन्छ मन आतमा
बाँकी रहन्न क्यै शेष तत्वमा तत्व मिल्दछ । ८

घैलाडुबा- ६, झपा ।
२०४७ २।१।३ ता. १५-५-१९९० ई. दिन १० बजे ।

□□

युवा समूह

युवा समूह कुद्दो छ उत्साह साथमा लिई ।
नयाँ संसारको आश । बटुलेर स्वतन्त्र भै
नयाँ संसारको ढाँचा बनेकै छैन । तापनि-
बनाउनु परेको छ जवानी जोशकासँग
नयाँ संसारका निम्ति नयाँ विचारको दह
जमाउनु परेको छ- बाँकटे हान्न खातिर ।
युवाका संगमा बूढो विचार मिल्न सक्छ र ?
मिल्न सक्तैन् त्यसैले नयाँ विचार चहियो ।
युवा समूहका निम्ति साझा विवाहको प्रथा
बसाउन कसो पर्ला ? मातृसत्ता चलाउन ।
'युवा समूहले सोच्ने विषय' भन्न मिल्दछ
युवा समूहका सामु राखियो । यो विकल्प हो ।
सीमित दायराभित्र परिवार चलाउन
सुविधा सृजने खाले साझा विवाहको फल ।
कस्तो होला ? सुरु गर्दा आफैं निष्कर्ष निक्लला
कुराले मात्र क्यै हुन्न परीक्षा गर हे युवा !

घैलाडुबा ६, झापा।
२०४७।२।१।३ मा दिउँसो ११ बजे
ता. १५- ५- १९९० ई.

मेरो बालक

मेरा बालकले मेरो घर आँगन ढाकियो ।
मेरो भनेर संझेको । ऋणमा स्वात्त जाकियो ।
पिरोल्छे प्रेरणाभित्र - इच्छा पूर्ण गराउन ।
इच्छा पूर्ण हुने होर ? मन शान्त गराउन ।
चाहन्छु, तर त्यो हुन्न । प्रेरणा अघि बढ्दछे ।
प्रेरणादायिनी शक्ति आशाका बुइ चढ्दछे
मेरो बनाउँ भन्छु म विश्व ब्रह्माण्डलाई नै
मेरो बालक नै मेरो बन्दैन । उनीलाई नै
मेरो भनेर संझन्छु । अर्कोतिर उ फिर्दछिन् ।
मेरो के कति हो ? मैले पत्ता पाउन भ्याइन ।
मेरो भन्न म छाडौं त ? पूजा सामाग्रि ल्याइन ।
बाँच्नुको अर्थ के हो त ? यो पेट परमेश्वर -
पूजा सामाग्रि चाहन्छ । सामाग्री निम्ति घरघर-
भिक्षा मागेर दौडाऊँ । यो पुरानो कलेवर ?
भनिन्छ 'गर्नु उद्योग' । एक्लै उद्योग चल्छ र ?
जति प्रश्न गऱ्यो उत्ति प्रश्नोत्तर मिल्न सक्छ ?
कुरा बाटारिने गर्छन् । नवटार कुरा अब ।
समय साथमा लाग खेपियो जिन्दगी सब ।
शेकजति गरे आफैं अनुसन्धान साधना
अर्काका पछि लागेर गर्नु छैन अराधना ॥

दिनको ३.१५ मा ता. १ अगस्त १९९० ई.

पेटको ज्वाला

चना खान नपाएर रचना खान खोज्दछु ।
रचनाभित्र पस्तैन ओकलिन्छ म रोज्दछु-
पेटभित्र छिटो पस्ने ज्वाला शान्त गराउन
पेटको तर खाइन्न रचना, रच्न जान्दछन् ।
मेरो मसँगमा छैन अरूको लिन खोज्दछु ।
अर्काले दिन मान्दैन म यसै अलपत्र छु ।
आफ्नो नभै हुँदै हुन्न- जीवनी धान्न खातिर
आफ्नो भन्नु छदैछैन केले जीवन धान्दछौं ?
शान्त भै बस्न चाहन्छन् पेटका परमेश्वर
यही पेट भए पूरा नत्रता गन गनाउँछन् ।
म के का पछि लागेर यो कलम दगुराउछु ?
पत्तो फाँट कुनै छैन म एक्लै मुर्मुराउनु ।
उद्देश्य क्यै लिनु पर्ने लक्षमा पुग्न खातिर
लक्ष आफ्नो नपाएर खोजमा लाग्नु पर्दछ ।
जस्को लक्ष छँदै छैन, आँखा चिम्लेर कुद्दछ ।
भड्खारामा जसै पर्छ अनि पो लक्ष खुल्दछ ।
अर्काको मन् पराउन्न । आफ्नो पार्न म सक्तिन ।
अलपत्र हुने गर्छ चाँजो मिल्न नपाउदा ।
धैर्यलाई अगालेर खेप्नु पर्ने छ जीवन ।
धर्मराउन लाग्छु म यी आँखा तिरमिराउछन् ।
उद्देश्य क्यै पनि छैन बिना उद्देश्यको बल
भीरमा ठोकिने गर्छ ढुन्मुनिएर लड्नको
हतारो दौडने गर्छ यस्ता नीखर मूढको ।

दिनको २ बजे १०
ता. अगस्त ३, १९९०

□□

उग्रता

उग्रता पन्पिने गर्छ- बुद्धि ह्रास भएपछि ।
उग्रता ल्याउनु हुन्न बुद्धिलाई विवेकले
टेवा दिएर थीग्याउ, आफैं काम समाउछ ।
मनुष्यमा भएसम्म बुद्धिको साहरा लिने
बानी बसाउनु राम्रो । उत्तेजना नल्याउनु ।
बुद्धि समग्रमा जेठो बाठो प्रमुख तत्व हो ।
विवेक साथमा लाऊ । शक्तिरक्षक पारिद्यौ ।
बुद्धिलाई पछि राखी शक्ति दौड लगाउँछ ।
त्यसैले जङ्ग नारिन्छ । बुद्धि चुप्चाप बस्तछ ।
अहिलेसम्मको हाम्रो देशको स्थिति यै त छ ।
त्यसैले शान्ति आउन्नन् शान्तिक्षेत्र भने पनि
बुद्धिले बोल्न पाउन्न । शक्ति बम्कन थाल्दछ ।
यो हाम्रो देशको गौरव् भन्दछन् अभिजात्यले ।
शक्ति गौरव ठानिन्छ जहाँ वीर बहादुर
जन्मने गर्दछन् धेरै । वास्तव्मा यी बहादुर
बिक्रीमा गैरहेका छन्- विदेश, बाच्न खातिर
बुद्धिले अघि लागे र हाँक्न पायो समाज यो
भने कल्याण गर्नेछ हाम्रो सारा जहानको
धेरै भेद छदै छैन । थोरैले अल्मल्याउछ ।
बलियो स्वार्थमा डुब्छ । बुद्धि कुण्ठित बन्दछ ।
सानातिना कुरा यस्ता नबुझेर अलिकति
बुझी बुझ पचाएर धेरै बरबाद गर्दछौं ।
गर्न क्यै पनि सक्तैनौ । गर्छौं संघर्ष भन्दछौं ।
भनाइ र गराइमा ठूलो अन्तर पार्दछौं ।
तर्साएर लिने काम आयो चलन चल्तिमा ।
तर्सिएन भने ? आफैं दुला पस्न तयार छौं ।
बोक्नसम्म मिलेको छ । अफापसिद्ध हुन्छ कि-
भोलि गएर अर्घेलो बन्नु पर्ने भयो भने ?
त्यस्लाई ख्यालमा राखी बलियो डेग चालिद्यौ ।
पराजयी बनेका छौं भन्ने भाव नबिर्सियौ ।
जीत हार भनेको त खेलमा हुन्छ, हुन्छ नै
जीते पनि सबै बाँचौं हारे पनि सबै सबै
बाँच्न सक्नु परेको छ- जीविका थाम्न खातिर ।

एकता बलियो छैन । लैबरीमा कुदाइयो ।
साँचो अर्थ बुझाएर चेतना भर्न थालियौ
जनमानसमा चेत पलाउनै नपाउने
तीसवर्षे खडेरीले वैलाए विरुवा सबै ।
चेतको झरि वषाऊ छ्याल्लब्याल्ल हुनेगरी
जनमानसमा बाढी वैरियोस् चेतनामय ।
कुरा बुझे पनि हामी लामो दमन सर्पले
डसेको संझने गर्छौं । मरेको छैन त्यो अझैं ।
मुर्छासम्म परे झैं छ व्यूतियो क्यै गरी भने ?
भन्ने मास अगालेका निरीह जनतासंग
विश्वास जन्मनु पर्छ दमन् चक्र हटाउन
सकिन्छ, हट्छ त्यो भन्ने आत्मविश्वास साथमा ।
दिउसो १२.२५ ता. २७ । ७ । १९९०

आदि-मध्य र अन्त्य

अर्काका सिरमा म पद्दछु सदा आफ्ना सबै बैगुन ।
आफू शुद्ध सफा भएर रहँदो गर्दै सदा गुन्गुन ।
मैला धेर बटुल्दछू घरभरी फाल्छु पराई कहाँ
अर्कालाई म पीर पार्दछु सदा जानी नजानी यहाँ ॥
आफू इष्ट पराइ दुष्ट मनंले यै भेद फैलाउँछु ।
अर्काले पनि गर्छ त्यै जब ममा आनन्द पैल्याउछु ॥
अर्कालाई दिएर सु:ख मनमा श्रद्धा जमायौ भने-
आफूले पनि पाइने छ सुविधा यो निश्चयै जानि ल्यौं ॥
भयो जाने बेला नगर अब लण्ठा । घर सफा-
गराऊ । श्रद्धाले बटुल ममताका जनहरू
विदावारी लेऊ अब समय फिर्दैन बलले ।
महानिन्द्रालाई वरण गर लौ-शुद्ध मनले ॥
भनेको माने लौ अब म शुकला गर्छु । निदमा
परें मेरो आत्मा विलिन हुन गो देहसँगमा
तिम्रा शरीरको माटो माटोमा छोपिने छ । त्यो-
माटै बन्दछ माटाले धेरै चीज बढाउँछ ।
जीवनी शक्ति जन्मन्छ माटामा- प्राणादयिनी ।
परिवर्तित ढाँचामा अणु अमर बन्दछ ॥
विहानको ८.१५ ई.३१ जुलाई, १९९०

□□

खटन

आज के लेख्नु पर्ने हो ? बताऊ हृदयश्वर ।
तिम्रो खटनले मात्र मेरो कलम चल्दछ ।
हृदयश्वरको आज्ञा आज वार्ता समाजका
ल्याऊ के गर्न खोज्दैछन् ? नयाँ पुष्प, नयाँ पिडी ?
नयाँ नवीनतालाई अंगाल्न हत्पताउँछन् ।
पुरानो मात्र पाएर चित्त बुझ्दैन भन्दछन् ।
सम वयस्कले सोझै आकर्षित गराउँछन् ।
समानता अँगालेर मिलेर बस्न खोज्दछन्
समानता नभेट्टाई असमान परिस्थिति-
भित्र जेलिनु पर्नाले आक्रोश बन्न पुग्दछन् ।
परिस्थिति सच्याएर अनुकूल गराउने
यत्नमा लाग्न चाहन्छन् तर त्यो चाहना भने
पूरा गर्न नपाएर छट्पटाउन थाल्दछन् ।
यस्तै छट्पटिले आज बिथोल्दैछ माथिल्ल
हाम्रा सन्ततिको बाटो पहिल्याउन खोज्दछन् ।
गोरेटोसम्म हामीले बनाउन सकेन छौं -
आफ्ना सन्ततिको निम्ति । अलमल्ल परे युवा ।
अगुवा भैदिए आज उकालो चढ्न सक्तथे ।
जस्को आँखा छदैछन ऊ अघि लाग्न खोज्दछ ।
आँखा देख्ने र बुझ्ने त्यो स्वार्थले अन्ध भैदियो
निस्वार्थ पाइला चाल्न अधिलाग नयाँ पिडी ।
दिनको ११ ।२५ मा
ता. २६ जुलाई १९९० ई.

□□

अगुवा

अगुवा चाहिने गर्छ बथान हाक्न खातिर
बाटो बनाउनु पर्छ समूह चल्न खातिर ।
एउटा संघमा,सारा एकताबद्ध भैकन
झण्डा उच्चा गराएर फर्फराउनु पर्दछ ।
युवा समूहको एकै आवाज बन्नु पर्दछ ।
उद्देश्य स्पष्ट राखेर बढ्नु पर्छ निरन्तर
हामी प्रकृतिका सारा शाखा सन्तान एक हौं ।
आमा हुन् प्रकृति हाम्री । एकलौटी गराउन -
कसैले पाउने छैन अधिकार बराबर
लिएर बाँच्न सक्नेछन् सारा सन्तति एक भै ।
एकता चाहिने गर्छ फूट ल्याउँछ दुष्टले
होसियार भई.चल्न सक्नु पर्दछ निश्चय
हाम्रो युवक शूरा छन् धीर छन् । बुद्धिमत्त छन् ।
एकताबद्ध भै आज जयघोष बढाउछन्
समय पर्खिने छैन समय मूल्यवान छ ।
समय साथमा लाग उन्नति गर्न खातिर ।
एक्लै क्यै हुन सक्तैन । समाज जुट्नु पर्दछ ।
संघबद्ध गराएर समूह हाक्नु पर्दछ ।
परिस्थिति अनुकूल नहुन पनि सक्तछ
तर उद्योगले आफैं अनुकूल् बन्न सक्तछ ।
नयाँ लहर आएको बेलामा ती नयाँ नयाँ
फाइदा बाँडिने गर्छन् । निस्वार्थ भै बढ्यो भने
कर्मका खेतमा । हाम्रो साझा कार्य पुरा गर

दिनको ११.४० मा
ता २६ ।७ १९९० ई.

तेरो मेरो

म मेरो भन्दछु सारा विश्व ब्रह्माण्डलाई नै
'यो तेरो होइन' भन्ने कस्लाई अधिकार छ ?
जस्ले जे जति पक्रन्छ यो मेरो भन्न थाल्दछ ।
जस्ले पक्रन सक्तैन त्यो उस्को हुन्न निश्चय
मेरो भन्नु अलग्गै हो मेरो पार्नु अलग्ग हो ।
शक्तिका भरमा हाम्रो व्यवस्था सुरुवात भो ।
अहिले पनि त्यस्तै नै शक्तिको आडमा सदा
व्यवस्था बाँधिने गर्छ । अशक्त पछि पर्दछ ।
त्यसैले शक्तिमान् बन्न सारा कोशिस गर्दछन् ।
शक्ति हात नपर्नेले अभागी बन्नु पर्दछ ।
त्यस्तै अभागीको गाथा पराजयी समाजका
चतुरेहरुले लेख्छन् त्यो गाथा खान हुन्न है
जाँगर चलाउने व्यक्ति पछि पर्दैन काममा
आलश्यप्रियताले नै दुःख भोग्न लगाउँछ ।
मेरो जाँगर चल्दैन, हल्लिदैन म मात्र क्यै
गर्ने आशय राख्तो छु राखेको आशय सदा
बसिरहन्छ ठाँवैंमा म भने अलपत्र छु ।
मेरो विचार यस्तै छ काम काज नगर्नमा
सिपालु तै पनि मीठो खाने र गफ गर्नमा
पछि नपर्न चाहन्छु म जस्तो अरू क्वै छ कि ?

दिनको २.४५ ता. २४।७ १९९०

गफ गर्ने बानी

गफ गर्ने बस्यो बानी उठ्न मान्दैन यो अब
बानीलाई फुल्याएर उठाउँन म थाल्दछु ।
साँचो सत्य कुरा लेख्न बानीलाई अह्राउँछु ।
गफडा गर्न पल्केको बानी ऊ अन्कनाउँछ ।
संस्कार बन्न थालेको बानी कहाँ सँचिन्छ र ?
आफैं नसँचिई एक्लै बानी बदलिने छ र ?
म मेरो बानीका साथ कुस्ति खेल्न तयार छु
तर, जीत भने मेरो हुने छैन म जान्दछु ।
प्रसंग बदलौं भन्छु आउदैन सफासंग
जसले चाहना गर्छ उसलाई चलाउनु
अकालले यहाँ धावा बोल्यो बाक्य समूहको
सामना गर्नु पर्ने हो सन्तुलित गराउन ।
सँगमा फौज नै छैन केले युद्ध चलाउनु ?
अनिवार्य भयो आज एउटा फौज शब्दको ।
ब्यारेकमा छँदै छैन एउटा फौज शब्दको
शक्तिको याद राखेर संग्राम थाल्नु पर्दछ ।
पहिले योजना राम्रो तर्जुमा गर्नु पर्दथ्यो ।
गरिएन अघि ऐले घोषणा गर्न थाल्दछु ।
लथालिङ्ग भयो चाल भताभुङ्ग भयो घर
नसोची काम थाल्नेको यस्तै हुर्मत बन्दछ ।
झाराको काम यस्तै हो ज्यालादार भए अरू
विश्वास पन्पिने गर्थ्यो छुट्टी देऊ सखे अब ।

तिा. २४।७।१९९०दिनको ३ बजे

□□

कामको मेसो

शालिनी र मालिनीका पछि नलाग
झ्याउरे मोरी भनेर त्यसै नभाग
झ्याउरे साह्रै सजिलिछन् चट्ट अँगाल
जनताको बोलचालको भाषामा
आफ्ना कुरा बुझाउन सजिलो पर्ने छ ।

जनताले दुःख पाए खान नपाएर
खानेकुरा नजुटेको काम नपाएर
पाएंदेखि काम गर्थे जोश जुटाएर
अलपत्र परेको छ हाम्रो बाहुबल ।
कामको मेसो मिलेन संगी मेसो मिलेन ।

धनी छ धन कमाएर अल्छि बन्दै गयो ।
गरीबले हात मुख जोर्न नपाउने भयो ।
प्रकृतिको साधन सबै एकलौटी भयो ।
चाँजो मिलाउँभन्दा भन्दै जिन्दगानी गयो
प्रकृतिका सन्तानको भागबण्डा मिलेन ।

जसका हातमा अधिकार छ ऊ बुझ पचाई दिन्छ ।
अधिकार नहुने त्यो बिलौना पुकार्छ
थात थलो मेटिने चैं हामफाल्न तयार छ
अघि लाग्ने भेटिदैन गुहार गुहार गर्छ
आखिरीमा जीउ छाड्यो भान्छेले कि वार कि पार भनेर ।

बिहान ९.३० बजे ।
ता. ७ जुलाई १९९०

□□

भावना

भावना फूल फुल्ने यो मनको बाग सुन्दर-
पाएर रम्न लागेको वियोगी योग खातिर ।
वियोग छुट्टिदा हुन्छ योग हुन्छ मिलापमा ।
वियोग स्पष्टिने गर्छ- दुःखदायी विलापमा
विलाप पौरने गर्छ वियोग बेदनामय-
भाव सागरमा एक्लै आँशुले क्यै सहायता-
गर्दो हो मनको ताप अलि ठण्डा गराउँन ।
बिलौना आउने गर्छ चित्तलाई फुल्याउन ।
उसले क्यै सान्त्वना दिन्छ मनलाई भुल्याउँन ।
जहाँ मिलापले धेरै हँसिलो मुख-मण्डल -
उज्यालो भै दिने गर्छ प्रफुल्ल मन बन्दछ ।
के यो फरक देखिन्छ ? योगमा र वियोगमा
योगमा लालशा बढ्छ पीर बढ्छ वियोगमा ।
सुरुमा क्यै फरक् हुन्न योगमा र वियोगमा ।
समानान्तर रेखा झैं बढ्ने गर्छ निरन्तर ।
योगमा हर्ष उन्माद उद्योग बढ्न थाल्दछन् ।
बिलौना पीर सन्ताप बढ्ने गर्छन् वियोगमा ।
यी हाम्रा मनका भाव अवस्थाले बदल्दछन् ।
परिस्थिति संगै हामी अनुभव् गर्न थाल्दछौं ।
दुःख सुख भनेको ता मनको भाव मात्र हो ।
भावनालाई पक्रेर मन शान्त गरी बसौं ।

विहान ९ बजे,

ता. ८ जुलाई १९९० ई.

कविको कल्पना

कविले कल्पनाद्वारा स्वर्ग ईश्वर देवता
बैकुण्ठ र ब्रह्मलोक शिवलोक खडा गरे
कविले कल्पनाद्वारा यो सब् क्यै हैन भन्दछन्
कविको कल्पना नै हो आस्तिक नास्तिक भावना ।

तर लाटा र निमूखा सोझा साझा सबै जन
हजारौं वर्षको भाव, श्रद्धा पूर्वजको लिई
आस्तिक् बन्न रुचाउँछन् मन पर्दैन नास्तिक
अलि बाठा र चतुरा धेरै समूहको यहाँ
तर्कले जित्न चाहन्छन्-अनास्तिक भावना कन ।

आस्तिक नास्तिकको मार्ग एउटै परिकल्पना
आस्तिक् भाव कसैको छ । कसैको भाव नास्तिक
भावना मात्र हो खाली मनलाई घुमाउने
भावना खाइने हैन लाउनै पनि हुन्न त्यो ।

भावनासंग दौडेर के मिल्छ यो समुद्रमा ?
मान्छे अल्मलिने बाटो बनाए कवि वृन्दले ।
त्यसैमा सब भुल्दा छौं - मनुष्य समुदाय नै

घैलाडुबा ६, झापा ।
२०४७।२।३।५ मा दिनको ११ .३० बजे ।
ता. १७ मई १९९० ई.

नयाँ बाटो

बाटो भत्क्यो पुरानो भो नयाँ कम्पास लाइयौ ।
नयाँ नवीनतालाई नयाँले मन् पराउछन् ।
पुरानो वाक्क लाग्दो भो नयाँ सुन्दर चाहियो ।
नयाँ बाटो बनाएर दौडन कुद्न पाइयो ।
कुरा गर्ने जति चाँडो काममा पुग्न सक्छ र ?
योजना बनिने गर्छ कुराकै सुर सारमा
हावा चल्न सुरु गर्छ मेघ गर्जनका पछि ।
आँधी बेहेरी नै चल्छ उल्कापात खसाउँदै ।
अहिले देशमा हावा चल्न थाल्यो । स्वतन्त्रता
पौरिने गर्छ हावामा वर्षाद डाक्न खातिर
युवा समूह उफ्रन्छन् धर्तिलाई कमाउँदै ।
सानो प्रलय नै डाक्छन् युवा जोश मडारियो ।
के गरौं ? मनमा लाग्छ, शूरमा छैन, जोशले
हुत्याएर अघि बढ्छ, च्यापू ठोकिन पुग्छ
भुइमा, अनि पो होस आएर छक्क पर्दछन् ।
युवा जोस अघि बढ्दा होसले चल्नु पर्दछ ।
जोशका साथमा होस राख्नुपर्छ निरन्तर
हाम्रा युवक हुन् सारा भविष्यका महारथी
संग्राममा अघि सर्छन्, अकिन्चनपना सबै-
हटाएर सुविस्ताको समय डाक्न खातिर
नयाँ संसार सामू छ नयाँ पुस्ता बढाउन ।
अब भो धेर नलाग अरूलाई पढाउन ।

दिनको १२.३५ ता. ४-८ १९९० ई.

बाच्ने इच्छा

कति पो बाँचिएला र ? आयु शेष हुँदै गयो ।
बाच्न इच्छा छ धेरै नै कलेवर विदाभयो ।
बाचेरै पनि के गर्नु ? अस्थिपन्जर छुट्टिन-
बल गर्दै रहन्छन् यो थोत्रो शरीर जर्जर-
भै सक्यो अब थामेर थामिन्न अवधि पुग्यो ।
तर इन्द्रिय ज्यूँदैछन् दौड लाउन खोज्दछन् ।
उफ्रेर कुद्न चाहन्छन् कलेवर गलेर के-
फरकै पर्न सक्ला र ? तर, चल्दैन अङ्ग यो ।
भोलि बिहान भेटिन्छ, भेटिन्न भन्न सक्तिन ।
उज्यालो नहुने हो कि ? महानिद्रा पऱ्यो भने-
उठ्ने झंझट मेटिन्छ मस्त भै सुत्न मिल्दछ ।
प्राणीको एउटा मुख्य पर्व हो मृत्युका संग-
अङ्कमाल गरी सुत्नु महानिद्रा पुऱ्याउन ।
सबैभन्दा ठूलो पर्व चाड बाड भने पनि
फरकै पर्छ केमा र ? उदयास्त बुझाउन-
सजिलो पर्न जानेछ जीवनी नाप्न खातिर ।
बाँचेको अति थोरै नै समय भन्न मिल्दछ
जन्मभन्दा अघिल्लो र मृत्यु पश्चातको यदि
समय तौलने छुट्टै तराजु भैदियो भने
अनन्त भन्न मिल्दो हो यदि जीवनले जति
भाग छेकेर छुट्यायो त्यतिमात्र हटाउँदा
लामो समय पाइन्छ साथमा राख्न खातिर
मोहले जीवनी प्यारो लाग्ने गर्दछ, मोह त्यो
हटाए पछिको जीवन अझ सुन्दर बन्दछ ।

२०४७।३।२६।३

अभिभारा

सान्त्वना पाउने गर्छौं दुःखमा पनि । आशका
पासमा क्यै पछि मिल्ला भन्ने सोचेर । गाँसका
स्वप्नमा तृप्ति पाएर तर स्वप्न सदा सदा
सपना नै रह्यो हाम्रो दिवा स्वप्न बनी रह्यो ।
हजारौं वर्ष भो हाम्रो सपनाको विचार यो
साकार कहिल्यै हुन्न ? एक्लो जीवन पद्धति
बन्यो । एक्लै रमाएर दुःख भोलिन्छ यो कति
पुस्ता पुस्ता चलेको छ गरीब भइ बाँच्नको
बाध्यताले सताएको अधिकांश मनुष्यको
जिन्दगी वर्ग संघर्ष गर्नु पर्दछ भन्दछन्
भन्नता जननेताले कस्तो संघर्ष ? के गरी-
पार लाग्ला ? मुजाहिद्दिन पनि लड्दछ उत्तिकै ।
मान्छेले मान्छेलाई नै मार्नु ? मर्न र मार्नमा
तं तयार भई लड्नु ? गीताले त्यै त भन्दछिन् ।
महाभारतले के त हामीलाई सदा सदा
मर्नु र मार्नुलाई नै श्रेयस्कर ठहऱ्याउँछ ?
बुद्धिको काम त्यो हैन । त्यो त निष्पट्ट मुर्खको
काम हो बात जोडेर कुरा नारे त बीचमा
जोडेर दुइटै पक्ष सल्लाह गर्नु पर्दछ ।
प्रकृतिका सबै शाखा सन्तान बाँच्नु पर्दछ ।
एउटा नभई अर्को बाँच्न सक्तैन । यो कुरा
जान्न बाँकी छँदैछैन सबै काण्ड मुखाग्र छन् ।
मान्छेले मान्छेलाई नै मार्न यो हतियारको
होडबाजी चलाएर कतिसम्म अडिन्छ यो ?
जस्को बुद्धि छँदैछैन उस्ले मात्र विचार्छ यो ।
अफ्त बुद्धि पलाएन मनुष्यका समाजमा ?
यो कस्तो बौलाहा पारा ? मान्छेले मान्छेलाई नै
मार्नु ? मान्छे भनेको के जंगली स्याल बाघ हो ?

भालुलाई सुनाएर पुराण उसले कुनै
अर्थ पक्रन सक्ला र ? त्यस्तै भालु भयौं सबै ?
मान्छे हौं भन्नलाई नै लाज लाग्दैन ? लौ भन ।
मनुष्यको अधिकार चाहिन्छ पनि भन्दछन् ।
संघ संस्थाहरू खोल्छन् । त्यस्को के अर्थ भो यहाँ ?
मान्छेले मान्छेलाई नै मार्दै जानु पकापक ?
म बौलाएँ कि संसारै बौलायो ? म त भन्दछु ।
म बौलाउँ कि संसारै बौलायो? म त भन्दछु
म बैलाहा हुँदैहैन हतियार लिनेहरू-
बौलाए, अझ बौलाए, मतवाला भए सबै ।
शक्तिको मात लागेर शुद्ध पागल भै दिए ।
जगेडा गाउँको गर्न डाका चोरी बचाउन ।
चौकिदार खटाएको गोडायत् कटुवाल त्यो
गाउँको । आफू नै भाले भएको देख्न पाइयो ।
उसका लाठिले हाम्रो टाउको थिल्थिल्याइयो
यो कस्तो सभ्यता आयो हाम्रो गाउँ समाजमा ?
अन्यायको फलाको यो जति गायो उति अझै
अन्याय चर्किदै जाँदो देखेर छक्क पर्दछन् ।
आँखा देख्नेहरू हामी के आँखा चिम्लिदै रहौं ?
जसले देख्छ आँखाले यो अन्याय जताततै
उसले एकता राम्रो जोगाएर व्यवस्थित
संघबद्ध गराएर उत्र मैदानमा । जहाँ
अन्याय पन्पिने गर्छ तर शान्त मिजाजले
गर वार्ता । भई भद्र सभ्यता दर्शिने गरी ।
असभ्यता हटाएर न्याययुक्त कुरा गर ।
जस्तो सुकै समस्याको समाधान गराउन
वार्ता गहकिलो थाल चित्त बुझ्दो हिसाबको ।
असंभव छदै छैन संसारमा कुनै पनि
कार्य जो गर्न चाहन्छ दृढ निश्चयी भैकन ।
अन्यायलाई खेपेर बस्न हुन्न बस्यो भने ।
अझै मौलाउने गर्छ अन्याय झाँगिदै अरू ।
संघ बद्ध भए मात्र शक्ति जन्मिन सक्तछ ।

शक्ति बेगर बोलेको हावामा उड्न सक्तछ ।
संघलाई गरौं पूजा गरौं विश्वास संघमा
संघमा एकता राखौं झण्डा त्यो फर्फराउँदै ।
साझा झण्डा सबैको त्यो साझा कार्य प्रणालीको ।
सबै मिलिजुली काम गर्ने अभ्यासको सिको ।
अहिले हामीले पायौं बोल्नेसम्म स्वतन्त्रता ।
संघ बद्ध भई बस्न पाएका छौं भने यहाँ-
काममा लाग्नु पर्ने छ यथास्थिति हटाउन ।
समय लम्बिदै जान्छ परिवर्तन ल्याउन
अगाडि बढ हे वीर ! युवा समूह जागृति
ल्याऊ नवीनता चाँडै फैलाउ व्यवहारमा
तपाईंहरुका निम्ति आएको यो सुऔसर
नगुमाई कार्यक्रम फुलाउने फलाउने
काँधमा अभिभारा यो आएको संफि निश्चय ।

घैलाडुबा ६, झापा । विहान १० बजे ।
२०४७।३।२४।१ मा, ता. ८ जुलाई १९९० ई.मा

फूलका बोट

हाँसेका फूलका बोट विरुवाको प्रसन्न्ता
देखेर हाँस्न पो थालें मन गद्गद भै दियो ।
फूल हाँस्न र व्यक्तिको हाँस्नुमा फरकै छ र ?
प्रसन्नता जनाएर फूलले हाँस्न सक्तछ ।
हाँसिरहन चाहन्छु म पनि फूलका झई ।
तर हाँस्न भने एक्लै अप्ठ्यारो लाग्न थाल्दछ ।
हाँसौं हाँसौं भन्यो आफै हाँसिदैन कुरा भने,
आउने गर्दछन् हाँस्ने प्रकृया खोज्न खातिर
हाँसो उठ्न अनौठा क्यै प्रसंग थाल्नु पर्दछ
अस्वाभाविकताले नै हाँसो बटुल्न सक्तछ
स्वाभाविक् स्थितिमा एक्लै हाँसेको अर्थ हुन्न क्यै ।
हँसिलो रसिलो आफ्नो चेहरा पार्न सक्दछौं
नीति वचन चाहिन्न हाँस्न खेल्न रमाउन ।
मनमा लेउ आनन्द हँसिलो बन्न सक्तछौं ।
हाँस्नु र हँसिलो बन्नु निकै फरक पर्दछ
खित्का छोडेर हाँस्नाले स्वास्थ्यलाई सपार्दछ
शान्तिका साथ पौरेर खेल्दा आनन्द आउँछ ।
हाँस्न इच्छा गरौं साथी बसेको हाँस उठ्तछ ।

दिनको २.३० बजे
ता. १९ जुलाइ १९९० ई.

व्यवहार

व्यवहार सफा राख, व्ययभार घटाउने -
प्रयत्न जारी राख्नेछौं, व्यवहार चलाउन ।
व्यवहार भयो हार जीतं चाहन्छ आजको
दुनियाँ । हार मानेर बस्न मान्दैन कर्मको
खेत राम्रो बनाएर उब्जाऊ पुष्प पल्लव ।
लेख्ने विचार यो मेरो सक्सकाउँछ लेख्नको
लालची चाल पाएर तर भाव भने कुनै
स्पष्टयाउन नसक्नाले अधुरो बन्न पुग्दछ
साँचो सत्य बढाएर लैजाऊँ 'भन्न थाल्दछु ।
तर आदत त्यो छैन झूटो पन्पिन थाल्दछ
व्यवहार सबै झुटो अंगालेर बढाउने -
प्रथाले नै गर्‍यो राज सत्यभित्र धुना पर्‍यो ।
लालचाले बिगारेछ बानी यो व्यवहारमा ।
भने सपार्न खोज्दा त्यो बीचैमा अलमल्ल भो
बाबाजी बन्न चाहन्छु तर त्यो अपवित्र छ
त्यागमा सुख मिल्दो हो त्याग गर्न म सक्तिन
चाल अल्मलियो मेरो म यसै अलपत्र छु ।

२०४७।१।१०।२ दिनको ४ बजे ।

ग्रामीण जन

गाउँमा बस्तछौं हामी ग्रामीण जनमानस ।
श्रमले खारिएको छ पसिना झल्मलाउँछ ।
निदारमा फलेको छ -मोती बरर झर्दछ ।
संकलन हुन सक्तैन मनमा छाप पर्दछ ।
पसिनाले सिंचेको छ वगैंचा फलफूलको ।
हावामा वहने गर्छ विचार अनुकूलको ।
भावनाकी चरी बोल्छे चिर्बिरे चालले भने -
भाले मयुर झैं नाच्छ मन ताल मिलाउँदै ।
गँवार गाउँको शोभा गाना गाउँछ गाउँमा ।
नाचौं नाचौं भई पुग्छ मन निश्चित ठाँउमा ।
दाउरा ल्याउनु पर्छ भारी जंगलमा गई
त्यसको मोल पाइन्छ बीस बाईस नै सही
सम्पन्नता भनेको के ? प्रश्न चिन्ह उभ्याउँछ -
विचारले र घोरिन्छ वातावरण हेर्दछ -
अफ्ना वरिपरि देख्छ अस्थिकंकालका तनु
गाउँमा पनि यो कष्ट ? कसरी दुःख वैरियो ?
नमिल्दो स्थिति देखेर एक्लै छक्क पऱ्यो बरा ।
हाम्रो समाज यस्तै छ यस्तैमा बाँच्नु पर्दछ ।
बाँच्नु विवशता हो कि, बाध्यता ? सोच्नु पर्दछ ।
यस्तै दारिद्रय वैरिन्छ यो नमिल्दो समाजमा ।
मिल्दो गराउनु पर्छ समूह जन माझमा ।
प्रयास कसरी गर्नु यो समाज मिलाउन ?
नेताले सोच्नु पर्ने यो स्थितिलाई सुधारन ।
बुद्धिले भ्याउने नेता भेटिंदैन, परस्पर
स्वार्थमा पौंरदो बुद्धि काम लाग्दैन आँखिर ।

१७ अगस्त १९९० ई.

नवचिन्तन

राम्रो के हो ? नराम्रो के ? यो छुट्याउनलाई ता
परिस्थिति भइदिन्छ जिम्मेवार समाजको ।
उपद्रव् पन्छिने गर्छ क्रान्तिकारी विचारमा
परिवर्तन चाहिन्छ गतिशील गराउन
समाजको अवस्था र व्यवस्था अनुरूपको
यथास्थिति रूचाउन्न नयाँ जीवनले तर
पुरानो सभ्यतालाई बुढोपात रूचाउछ
तर त्यो कति थेगिन्छ ? पहेलो पात झर्छ नै
नझर्दै मुजुराऊछ नयाँ पल्लव खातिर
मुजुरा र मुना टुसा ल्याउने वा पलाउने
कार्यका निम्ति नै बज्छ क्रान्तिको मधुरो विणा
लय चर्को हुँदै जान्छ लालिमा चढ्न थाल्दछ
उज्याला दिन पाएर हर्षले गद्‌गदाउछन्
हाम्रा युवक पालो यो नयाँको भाग लाग्दछ
क्रान्तिको पछि चाहिन्छ शान्तिबीच बचाउको
तर क्रान्ति भने बढ्दै रहन्छ बात बातमा
चर्का आवाज निस्कन्छन् अनि शान्त मिजाजले
विवाद टुंगिने गर्छन् क्रान्तिको यो स्वभाव हो ।
क्रान्तिकारी बनौं भन्दा बनिंदैन, परिस्थिति
प्रतिकूल जहाँ हुन्छ क्रान्तिको बिज फुल्दछ
हावाले बास फैलाई दशै दिशा पुऱ्याउँछ ।

राति : २.२० बजे
२०४७४।२८।१

पाखण्ड

"गोविन्देत सदा ध्यानं सदा गोविन्द किर्तनम् "
पाखण्डेति सदा ध्यानं सदा पाखण्ड चिन्तनम्
विद्रोहेति सदा ध्यानं सदा विद्रोहि किर्तनम्
परपीडनको ध्यानम् परपीडन चिन्तनम्
दारिद्रयको सदा ध्यान सदा दारिद्रय चिन्तन
अर्थोपार्जनको ध्यान सदा आर्थिक चिन्तन
कामोपासनको ध्यान कामोपासन किर्तन
जसको ध्यान गर्दाछौ उसको गर चिन्तन
ध्यान गर्नु भनेको के ? एकाग्र चित्त अर्पनु
जेमा अर्पण गर्ने छौं चित्त वृति निरन्तर
त्यसैमा लीन बन्ने छौ ध्यान पूर्ण गराउन
काम लाग्दो नलाग्दो ता आफ्नो आफ्नो विवेकले
निर्णय लिन सक्नेछ । जसको भावना जता
बहने गर्छ उस्तै नै मनस्थिति बनाउन
बाध्य भैदिन्छ व्यक्तिको व्यहार बढाउन
परिस्थिति जहाँ जस्तो वातावरणको पनि
सृजना हुन्छ त्यस्तै नै त्यसैमा रम्नु पर्दछ ।
जीवनी धान्नका निम्ति उपाय बन्न सक्तछन्
सबै किसिमका ध्यानं किर्तनं अनि चिन्तनम्
जेमा रूचि बढेको छ त्यसैमा व्यक्ति कुद्छन्
आ-आफ्नो शौक हो क्षेत्र खुलस्तै छ सबैतिर
सबै नै बाँच्न चाहन्छन् बाँच्नु परम धर्म हो
जीवको गर अभ्यास लगातार निरन्तर ।

इच्छापत्र

लिखितम चिन्तामणिको नाती रविलालको छोरा पुर्व पल्लोकिरात जिल्ला तेहृथुम आठराई इवा गा. वि. स. को सिमले गाउँ जन्मघर भई झापा जिल्ला घैलाडुबा गा. वि. स. वा. नं ६ बस्ने बर्ष ८० को म देवीप्रसाद उप्रेती विभिन्न रोगहरूले गर्दा उपचारार्थ काठमाण्डौ आई अस्पतालमा उपचार गराईरहेको अवस्थामा मेरो दुवै मृगौलाले काम गर्न नसक्ने भई मेरा उपचार गर्ने चिकित्सकहरूले मेरो अन्तीम अवस्थाको संकेत दिएको हुनाले अस्पतालबाट फूर्सत पाई काठमाण्डौ जिल्ला का.म.न.पा. वा. नं १० नयाँ बानेश्वर स्थीत कर्ण बहादुर भण्डारीको घरमा तपाई उपस्थीत भएसम्मका मेरा हितैषि, इष्टमित्र, नातेदार र मेरा परिवारका सदस्यहरूको रोहवरमा मेरो परिवारको आर्थिक तथा अन्य सबै अवस्थालाई दृष्टीगत गर्दै सबैको सम्यक विचार गरी परिवारको सम्बन्धमा र मेले मेरो जीवनमा गर्न चाहेर गरी रहेको तर पुरा गर्न नसकेको कामहरू र मलाई गर्न मन लागेका काम, तथा इच्छाहरू मेरो जीवनको समाप्ती पछिपनि यस इच्छापत्रमा मैले व्यक्त गरे अनुसार पूर्ण पारीदिन हुनकालागि तपाईहरू यहाँ उपस्थीत रहनु भएका र उपस्थीत हून नसकेका मेरा हितैषी इष्टमित्र, नातेदार कर कुटुम्ब र मेरो परिवारका सबै सदस्यहरूलाई हार्दिक अनुरोध गर्दै यो इच्छापत्र तयार गरी मैले तपाईहरूको रोहवरमा सहीछाप गरी दिएको छु । यो इच्छापत्र गर्दाको अवस्थामा म पूर्ण होसमा छु र यो इच्छापत्रमा लेखिएका कुराहरूको अर्थ र यसको संभावित परिणामको पुर्ण जानकारी मलाई छ । मैले यस इच्छापत्रमा व्यक्त गरेका कुराहरू मेरो परिवारका सदस्यहरू पत्नीहरू, छोरा छोरीहरू सबैले मेरो अन्तीम इच्छा ठानी पुर्ण गरून र पुरा गरेमा मेरो आत्माले शान्ति प्राप्त गर्नेछ र उनिहरूलाई सदैब मेरो आर्शिवाद रहनेछ । यस इच्छापत्रमा व्यक्त भएका कुराहरू पुरा गरीदिने, त्यसका लागि अथक परिश्रम गर्ने मेरा हितैषि इष्टमित्र, नातेदार, कर कुटुम्ब सबैलाई मेरो आत्माले आर्शिवाद दिइ रहनेछ । यो इच्छापत्रको कुरा मैले सबैको रोहबरमा पढेर सुनाईपनि दिएको छु र यसको टेप रेकडिंग पनि गरिएको छ । यस इच्छापत्रमा मैले देहाय बमोजिमको कुराहरू व्यक्त गरेको छु :

१. पारीवारिक कुरा

(क) आफ्ना कुरा

म पहाड पल्लो किरातको हाल तेहूथुम जिल्लाको इवाको सिमले गाउँमा वि. सं १९६९ सालको बैसाख १ गते जन्मी सावालक भएपछि वि. सं १९८७ मा अध्ययनको क्रममा जन्मस्थान छोडी देश विदेशको विभिन्न भागमा घुमी अनुभव बटुली झापा जिल्लामा स्थायी बसोबास गरी

आफूले आर्जन गरेको जग्गा जेथा र सम्पत्तिबाट मुलुकमा शैक्षिक सांस्कृतिक र आध्यात्मिक विकासका लागि झापा जिल्लाको जम्मा जग्गा बिगाहा ८५४ -१३-३ र तेहूथुम जिल्लाको ३१९ रोपनी ८ आना १ पैसा जग्गा विभिन्न शैक्षिक धार्मिक संस्था स्थापना, संचालन गर्न दातव्य गरे गराएँ । सामाजिक कार्यका लागि मैले अहिले सम्म जे जति गरें त्यसबारे समाजले भविष्यमा लेखा जोखा राख्ने नै छ भन्ने विश्वास लिएको छु । मैले जीवनभर धेरै उतार चढाव झेलें, धेरै सुख दुःख भोगें, मेहनत र परिश्रम गरेर प्रशस्त सम्पत्तिपनि आर्जन गर्न सकें । मेरो जीवनले सम्पत्ति आर्जन गर्ने कार्यमात्र गरेन, देश समाज र गाउँले जीवनको उत्थानका लागि पर्याप्त नभएतापनि केही गर्ने कोशीस मैले गरेको छु । प्रजातन्त्रको स्थापनाका लागि २००७ सालको जनआन्दोलनमा पूर्वाञ्चल तर्फबाट सक्रिय रूपमा सम्मिलित भई प्रजातन्त्रको स्थापना पश्चात बनेको पूर्वाञ्चल स्वायत्त शासनको संचालन गर्ने मध्ये म पनि एक थिएँ । तत्पश्चातपनि समाजको चेतनाको विकास गर्न विभिन्न शैक्षिक संस्थाहरू खोली तिनीहरूलाई स्थायी बनाउनको लागि मैले आर्जन गरेको सम्पत्तिको प्रमुख हिस्सा दान दिन सकेकोमा मलाई सन्तोष छ । जीवनमा धेरै सुख दुःख भोगेर अब जीवनको अन्त्यतिर आइपुगेको हुनाले मैले हालसम्म गर्न नभ्याएका कुराहरू अस्पष्ट नहुन भनी मेरो चाहना यस इच्छापत्रमा व्यक्त गरिदिएको छु ।

(ख) घरायसी कुरा

(१) मेरा चार धर्मपत्नीहरू मध्ये जीवीत कुन्तादेवी -१, नर्वदादेवी -१, र विमलादेवी -१ समेत तीन र छोराहरू मित्रप्रसाद उप्रेती -१ डिल्लीप्रसाद उप्रेती -१ मणीप्रसाद उप्रेती -१ दुर्गाप्रसाद उप्रेती -१ कृष्णप्रसाद उप्रेती -१ सुरेन्द्रप्रसाद उप्रेती -१ शम्भुप्रसाद उप्रेती १ र दिपक कुमार उप्रेती -१ समेत जम्मा ८ भाई र छोरीहरूमा श्रीमती कला उप्रेती -१, श्रीमती अञ्जना उप्रेती (बास्कोटा) -१, सुश्री निर्मला उप्रेती -१, सुश्री बन्दना उप्रेती -१ चार जना र म समेत १ जना गरी जम्मा १६ जनाको परिवार मेरो छ । छोराहरू मध्ये कान्छो छोरा दिपक कुमार उप्रेतीको जन्म हुनु अगावै वि. सं २०१९ सालमा नै अन्य सबै छोराहरूलाई अंश छुट्याई दिई सकेको छु । छोराहरू सबैले आ आफ्नो व्यवहार चलाई आएका छन् । सबैको स्थिति प्रति म सन्तुष्ट छु । अन्य छोराहरूसंग अंशबण्डा भईसकेपछि जन्मेटो छोरा दिपक कुमार उप्रेतीलाई मैले कुनै सम्पत्ति दिन सकेको थिइन । उसले पनि अरू भाई सरह अंश पाउने हो र यस घडिमा उ प्रतिको मेरो जिम्मेवारी म पुरा गर्न चाहन्छु । यसको निमित्त मेरो अंश भागमा परेको मैले पूर्णरूपमा खुस गर्न पाउने निम्न जग्गाहरू कान्छो छोरा दिपकलाई अंशको रूपमा दिन चाहन्छु । निज दिपकले मेरो शेषपछि कानूनी रित पुऱ्याई मेरो नामबाट आफ्नो

नाममा नामसारी गराई हकभोग चलन गरी सुख शान्ति साथ जीवन निर्वाह गर्नु :

	जग्गाको स्थान :	जग्गाको स्थिति	क्षेत्रफल	कैफियत
१.	कुवरखोद गा.वि.स	खेती योग्य	१०-०-०	को जग्गा
२.	घैलाडुबा गा.वि.स. दुर्गापुरमा रहेको	घरबास हुने भिट जग्गा	१-१०-०	खेती योग्य जग्गा कम भएको हुनाले सापो नापो मिल्ने

(२) जीवीत धर्मपत्नीहरू मध्ये नर्वदादेवीलाई पहिले नै खेती योग्य जग्गाहरू दिई सकेको र धर्मपत्नी कुन्तादेवीलाई पहिले १ बिगाहा जग्गा दिई सकेको हुनाले उनलाई सो बाहेक कुवरखोद गा. वि. स. मा रहेको खेती योग्य जग्गाहरू मध्येबाट ३-०-० जग्गा बिगाहा तीन दिएको छु । कान्छी पत्नी विमलादेवीलाई सोही कुवरखोद गा. वि. स. को जग्गाहरू मध्येकै ४ -०-० जग्गा बिगाहा चार दिएको छु । तीनवटै पत्नीलाई घर बसोबासको निमित्त उपयुक्त दूर्गापुरमा रहेको जग्गा मध्यबाट प्रत्येकलाई १०-१० कट्ठाको दरले जम्मा जग्गा बिगाहा १ -१०-० दिएको छु । मेरो शेषपछि तीनै जनाले आ आफ्नो नाममा नामसारी गरई भोग गर्नु ।
(३) छोरीहरूको हकमा जेठी छोरी श्रीमती कलादेवीलाई कुवरखोद कै खेती योग्य जग्गा मध्ये ४-०-० चार बिगाहा र दुर्गापुरको घरबास योग्य जग्गाहरू मध्ये ०-१०-० दश कट्ठा माहिली छोरी अञ्जना उप्रेती (बास्कोटा) लाई पहिल्यै खेती योग्य जग्गा चार बिगाहा दिई सकेको हुनाले दुर्गापुरको घरबास योग्य १० कट्ठा मात्र, साहिली छोरी सुश्री निर्मला उप्रेतीलाई कुवरखोदको जग्गा मध्ये ४ ०- -० चार बिगाहा र दुर्गापुरको घरबासको जग्गा मध्ये दश कट्ठा र कान्छी छोरी सुश्री बन्दना उप्रेतीलाई निजको नाउँमा हाल रहेको जग्गा बाहेक कुवरखोदको ४-०-० बिगाहा जग्गा र दुर्गापुरको घरबासको ० -१०-० दश कट्ठा जग्गा दिएको छु, कानून बमोजिम भोग गर्नु ।
(४) मेरो सेवा गर्ने कामदार मालीराम बेसोरालाई कुवरखोदको दुई बिगाहा जग्गा मेरो सेवा गरेवापत दिएको छु । मेरा सबै छोराहरूले उक्त जग्गा निज मालीरामलाई पाको गरी दिनु ।
(५) माथि उल्लेख गरको सम्पत्ति बाहेक काँकडभिट्टामा रहेको म र छोरा सुरेन्द्रको नाउँको काँकडभिट्टा बजारको दुई कट्ठा जग्गा सबै छोराले बराबर भाग लगाई लिनु ।
(६) मैले कन्काई क्याम्पसलाई दिन कबुल गरेको चन्दा रू. एकलाख पच्चिस हजार र मैले तिर्नु पर्ने ऋण वा दायित्व समेत तिर्नका निमित्त घैलाडुबा ६ मा र चारपानेमा रहेको घर, मिल, गोदाम र तिनले

चर्चेका जग्गाबाट सबै छोराले भुक्तानि गरी बाँकी रहेको बराबर बाँडी भोगचलन गरी खानु ।

(७) मैले यस इच्छापत्रमा उल्लेख गर्न बिर्सेको वा छुटेको मेरा नामको वा मैले प्राप्त गर्नु पर्ने कुनै सम्पत्ति प्राप्त भएमा, जानकारी भएमा सबै छोराहरूले बराबर बाँडी खानु ।

(८) यस इच्छापत्रमा मेरा परिवारलाई मैले दिएको जग्गा घटीबढी भएमा सो घटी वा बढी सबैले दामासाहीले बेहोरेर भएपनि निजानन्द आश्रमलाई दिएको ५-५-६ जग्गाको परिमाणमा भने नघटाई सो आश्रमलाई हुनेछ ।

२. मैले गर्न थालेको तर पुरा नभएको कामहरू बारे ।

मैले तेह्रथुम, इलाम र झापा गरी तीन जिल्लाहरूमा मेरो जीवनकालमा स्थापना गरेका जग्गा दान दिएका शैक्षिक तथा धार्मिक संस्थाहरू उत्तरोत्तर दृढ र सम्पन्न हुँदै जाउन भन्ने मेरो जीवनको मूल ध्येय रहेको र त्यसका निमित्त मैले धेरै वर्ष अगाडिदेखि निश्चित योजना बनाई श्री ५, श्री ५ को सरकार समक्ष बराबर प्रयत्न गर्दै आएको थिएँ । सो को निमित्त मैले दानपत्रमा उल्लेख गरे बमोजिमका शर्तहरू अनुरूप उक्त संस्थाहरू संचालन र व्यवस्थापन गर्नका लागि मेरो प्रतिनिधि समेत रहेको ट्रष्टबोर्ड गठन गर्न र सो सो व्यवस्था सम्बन्धित ऐनमा समावेश गर्नका लागि वर्तमान प्रजातान्त्रिक सरकारले बचन समेत दिई कार्य गरिरहेको छ । सो कार्यलाई मेरा हितैषि तपाई इष्टमित्र, नातेदार, कुटुम्ब र तिमी छोरा छोरीहरू सबैले मेरो प्रयत्न र ध्येयलाई बुझि सो कार्य सफल नहुन्जेलसम्म प्रयत्न गरी दिनु र पुरा भएपछि मेरो इच्छानुरूपको ट्रष्टबोर्डमा बसी सो संस्थाहरूको हित हुने गरी संचालन गर्न सहयोग गर्नु । श्री ५ को सरकारले माँगे बमोजिम उपरोक्त ट्रष्टका निमित्त प्रधानमन्त्रीलाई पेश गरेको नामावली अनुसार ट्रष्टको पदाधिकारी वा सदस्यको रूपमा काम गर्नु ।

३. मैले हालमा गर्न चाहेको कुरा बारे

माथि खण्ड २ मा लेखिएको कुराका अतिरिक्त देशको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्थाको समेत विकास गर्ने कुरामा मेरा सम्पत्तिबाट समेत केही योगदान पुगोस भन्ने हेतुले मेरो जन्मस्थल तेह्रथुमको आठराइको सिमलेको जन्म घरमा कार्यालय रहने गरी श्री निजानन्द आश्रम नामको संस्था विधिवत दर्ता गरी स्थापना गरी संचालन गराई दिनु । सो संस्थाले निम्नलिखित उद्देश्य राखी काम गरोस् :

(१) आयमूलक काम गरी अधिकतम कृषक तथा श्रमिकहरूलाई रोजगार दिने तथा शीप विकास गर्ने,

(२) शैक्षिक विकासका निमित्त उपयुक्त कार्यक्रम गर्ने,

(३) मेरो जन्मस्थानमा विज्ञान शिक्षाको सन्दर्भमा उपयुक्त कार्यक्रम बनाई लागू गर्ने,

(४) राजनैतिक उद्देश्य रहित धार्मिक, सांस्कृतिक उत्थानका लागि उपयुक्त कार्यक्रम संचालन गर्ने,

(५) पुस्तकालय संचालन गर्ने ।

(६) सहकारी कार्यक्रम संचालन गर्ने ।

माथि उल्लेखित उद्देश्यको प्राप्तिको लागि आश्रमले निम्न लिखित श्रोतहरूबाट समेत आय आर्जन गरोस् :

(१) मेरो नाममा रहेको झापा जिल्ला चैलाडुवा गा. वि. स. अन्तरगत दुर्गापुरमा रहेको घर बसोबास हुने जग्गा १० -५-६ मध्ये परिवारका सदस्यहरूलाई दिई बाँकी रहेको ५ -५-६ पाँच विगाहा पाँच कट्ठा छ धुर जग्गा बेच विखन गरी प्राप्त हुन आएको रकम,

(२) आश्रमले आयमूलक कार्यहरू जस्तै छापाखाना संचालन, पशुपालन तथा कृषि जन्य उद्योग लगायत गरी त्यसबाट प्राप्त आय,

(३) अन्य चन्दा, दान दातव्य, अनुदानको रूपमा प्राप्त हुने आय,

उक्त निजानन्द आश्रमको संचालन मेरा सन्तान छोरा छोरीले आफूहरू र सम्बन्धित विषयका विशेषज्ञहरू समेत समावेश भएको एक संचालक बोर्डद्वारा संचालन गर्नु । कुनैपनि अवस्थामा मेरो सन्तान दर सन्तानले मैले यस आश्रमलाई र अन्य धार्मिक र शैक्षिक संस्थाहरूलाई दिएको सम्पत्ति हिनामिना नगर्नु, मासी नखानु र अरू कसैलाई पनि नास्न मास्न नदिई संस्थाको हित र काममा प्रयोग गर्ने गराउने कुरामा दत्तचित्त भएर लाग्नु ।

४. कन्काई क्याम्पसलाई दिएको दान बारे ।

मैले कन्काई क्याम्पसलाई दिन कबूल गरेको रकम रू १,२५,०००। एक लाख पच्चिस हजारको सम्बन्धमा केही शर्तहरू राखेको छु जस्लाई क्याम्पसले पालना गर्ने बचनबद्धताका साथ उक्त दान स्वीकार गरोस् । मैले प्रदान गरेको रकम अक्षयकोषको रूपमा राखी त्यसको ब्याजको प्रयोग मात्र क्याम्पसको काममा गरियोस् र साँवा कुने पनि हालतमा खर्च नगरियोस भन्ने नै मेरो शर्त हो ।

अन्तमा, यो इच्छापत्र गर्दा उपस्थित भई सहयोग गर्ने सबैलाई धन्यबाद छ । मेरो जीवनमा मलाई सहयोग गर्ने अरू मैले अहिले नसम्भेका सबै सहयोगी इष्टमित्र, कुटुम्ब, नातेदार, दाजुभाई, एवं अन्य सबै शुभेच्छक प्रति आफ्नो आभार प्रकट गर्दछु । मेरो जीवनमा चेतना जागृत गरी सबैले मलाई सफल पार्न गरेको योगदानको स्मरण गर्दै धन्यबाद व्यक्त गर्दछु । मेरो जीवनमा चेतना जागृत गरी पथ प्रदर्शन गर्ने सर्वश्री पूर्ण बहादुर मानव, गुरु महानन्द सापकोटा, गुरु मदन कुमार थापा, जनकवि गोकुलप्रसाद जोशीलाई सम्मान र श्रद्धाका साथ स्मरण गर्दछु ।

रोहबर

श्रीमती नर्वदा उप्रेती -१

डिल्लीप्रसाद उप्रेती - १
सुरूङ्गा गा.वि.स. वा.नं ५, झापा

दुर्गाप्रसाद उप्रेती -१
भद्रपुर १४ (झापा)

श्रीमती सविता उप्रेती - १
भद्रपुर १०, झापा

सुश्री बन्दना उप्रेती - १
भद्रपुर १४

श्रीमती हेमन्तीका प्रसाई -१
हाल हाँडीगाउँ का.म.न.पा.५

डा. भिष्म राज प्रसाई - १
हाल क १।४७ कुपण्डोल ल.पु.

डा. बासुदेव उप्रेती -१
हाल सानेपा, चक्रपथ ल.पु. वा.नं २(ज)

डा. देवेन्द्र क्षेत्री -१
प्राध्यापक आवास गृह नं १ त्रि.वि.वि., कीर्तिपुर

श्री प्रसाद प्रसाई -१
हाँडीगाउँ पञ्चैधारा, काठमाडौं वडा समिति ५

जनकप्रसाद हुमागाँई -१
बल्थली गा.वि.स. वडा नं ५ काभ्रेपलाञ्चोक, नेपाल

गङ्गाप्रसाद उप्रेती - १
तेह्रथुम इवा गा.वि.स. घर भई
हाल: १-२-१०२ गैरीधारा टङ्गाल, काठमाडौं ।

इति सम्वत २०४९ साल आषाढ ३ गते रोज ४ शुभम्

....

श्री देवी प्रसाद उप्रेती र परिवारका सदस्यहरूबाट आफूले शिक्षण संस्थालाई दान दिएका जग्गा जमिनको विवरण :——.

क्रम संख्या	विद्यालयहरूको नाम र विद्यालयहरू रहेको ठाउँ——	धनी पूर्जा प्राप्त जग्गा बिघा कठा धुर	कारबाई चलेको पूर्जा हुन बाँकी जग्गा बिघा कठा धुर	जम्मा जग्गा बिघा कठा धुर
(क)	तेरहथुम जिल्लाका विद्यालयहरू:—			
१	श्री पोखरी हाई स्कूल, पोखरी, आठराई गौंगाप्रसाद प्रसाईबाट प्राप्त ज.वि. १८-०-० नारायण प्रसाद ओलीबाट प्राप्त ज.वि. ४-०-० फुङ्सिङका ५९ सुब्बा र इवा म्रावनका २२ सुब्बाबाट संयुक्त दान दिएको, विद्यालय रहेको जग्गा (धनिपूर्जा प्राप्त) रोपनी २५४-८-०	२१३-६-१	०-०-०	२१३-६-१
२	श्री सरस्वती नि.मा.वि. हुवाकू, आठराई	४-०-०	०-०-०	४-०-०
३	श्री लक्ष्मी प्रा.वि. विजौरे, हुवाकू, आठराई	५-०-०	०-०-०	५-०-०
४	श्री भानु प्रा.वि. भदौरे, इवा, आठराई	४-०-१५	०-१९-५	५-०-०
५	श्री भगवती प्रा.वि., फुङ्सिङ, आठराई	४-१२-८	०-७-१२	५-०-०
६	श्री सरस्वती प्रा.वि., होडा, आठराई	७-४-०	०-०-०	७-४-०
७	श्री शारदा हाई स्कूल, चौहानडाँडा, आठराई मेदिनीप्रसाद उप्रेतीबाट प्राप्त ज.वि. १०-०-० जग प्रसाद उप्रेतीबाट प्राप्त ज.वि. ५-१३-१०	४१-९-०	०-०-०	४१-९-०
८	श्री शारदा पुस्तकालय, चौहानडाँडा, आठराई	१०-०-०	०-०-०	१०-०-०
९	श्री त्रि.मोहन हाईस्कूल, मूल[illegible], आठराई	५-११-१०	१४-१२-१०	२०-४-०
१०	श्री प्रणामी विद्यालय, शिमले, इवा, आठराई झापा जिल्लाको ज.वि. ८२-११-४ तेरहथुम जिल्लाको जग्गा रोपनी ३२-११-२ (धनीपूर्जा प्राप्त)	८२-२-१८	०-८-६	८२-११-४
११	श्री जनकल्याण प्रा.वि. डुंडिखेल, आठराई	४-१-०	०-१९-०	५-०-०
१२	श्री जनता प्रा.वि., वरबोटे, इवा, आठराई	२-०-०	०-०-०	२-०-०
१३	श्री भित्रिया प्रा.वि. भित्रिया, आठराई	४-०-०	०-०-०	४-०-०
१४	श्री मूलपानी प्रा.वि. मूलपानी, आठराई	४-०-०	०-०-०	४-०-०
१५	श्री वीरेन्द्र कालेज, चौहानडाँडा, आठराई	०-०-०	१५-०-०	१५-०-०
	जम्मा— बिगाहा ४२१-१४-८ र रोपनी २८७-५-२	३८९-७-१६	३२-६-१२	४२१-१४-८
(ख)	इलाम जिल्लाका विद्यालयहरू :—			
१६	श्री साङरूम्मा स्कूल, साङरूम्मा, इलाम	२-०-०	०-०-०	२-०-०
१७	श्री करफोक विद्यामंदिर, करफोक, इलाम	२०-६-१०	०-०-०	२०-६-१०
	जम्मा	२२-६-१०	०-०-०	२२-६-१०

-सोभना उप्रेती

क्रम संख्या	विद्यालयहरूको नाम र विद्यालयहरू रहेको ठाउँ	धनी पुर्जा प्राप्त जग्गा (बिघा कठ्ठा धुर)		कारवाई चलेको दर्ताउन बाँकी जग्गा (बिघा कठ्ठा धुर)		जम्मा जग्गा (बिघा कठ्ठा धुर)
(ग)	झाँपा जिल्लाका विद्यालयहरू:–					
१८	श्री मेची महाविद्यालय, भद्रपुर, झाँपा	१२०-३-५	+	०-०-०	=	१२०-३-५
१९	श्री आदर्श विद्यामंदिर मा.वि. घैलाडुवा टेकनारायण उप्रेतीबाट प्राप्त जग्गा वि. ५-१२-३ विष्णुप्रसाद पोखरेलबाट प्राप्त जग्गा वि. १-१६-० भूमि प्रसाद बिमिरेबाट प्राप्त जग्गा वि. १-११-१० कृष्ण बहादुर खत्रीबाट प्राप्त जग्गा वि. ०-१६-०	१०२-६-४	+	६५-१-१९	=	१६७-८-३
२०	श्री चारपाने स्कूल, चारपाने, झाँपा	१०-०-०	+	०-०-०	=	१०-०-०
२१	श्री ग्रामिण विद्यामंदिर, शरणामती, झाँपा	२-९-०	+	८-१६-८	=	११-५-८
२२	श्री अनिवार्य निशुल्क प्रा.वि. उलुधुङ, थरुणा मार्ड, झापा	३-१-९	+	०-०-०	=	३-१-९
२३	श्री जनता प्रा.वि. वालुवधार, शरणामती, झाँपा	९-०-०	+	०-०-०	=	९-०-०
२४	श्री अनिवार्य निःशुल्क प्रा.वि. कुवाडी, झाँपा	१२-०-०	+	२-२-२	=	१४-२-२
२५	श्री सरस्वती स्कूल, सुरुङ्गा-५, झाँपा	०-०-०	+	१०-०-०	=	१०-०-०
२६	श्री चकचकी स्कूल, चकचकी, झाँपा	०-०-०	+	६-१३-९	=	६-१३-९
२७	श्री डाँगीबारी विद्यामंदिर, डाँगीबारी, झापा	०-०-०	+	१०-०-०	=	१०-०-०
२८	श्री महेन्द्र प्राथमिक पाठशाला, गरामनी, झाँपा	०-०-०	+	१०-१०-०	=	१०-१०-०
२९	श्री अनिवार्य निःशुल्क प्रा.पा. चम्पापुर, घैलाडुवा, झाँपा	०-०-०	+	५-१०-०	=	५-१०-०
	तेरीज:– बिगाहा — रोपनी	२५८-१९-१८	+	११८-१४-८	=	३७७-१४-६
	इष्ट मित्र बाट — ४७-९-३ + २५४-८-० देवीप्रसाद र परिवारबाट ७८७-६-२ + ३२-१३-२ जम्मा जग्गा — ८३४-१५-५ + २८७-५-२	६८३-१४-४	+	१५१-१-१	=	८३४-१५-५

देवी प्रसाद उप्रेती, घैलाडुवा-८, झापा।

२०४०।१२।२१।३ मा

दानपत्र

लिखितम् जगादाताको नाम - भानुलालको नाती माहाँलालको छोरा जिल्लै पल्लो किरात तेरहथुम मालइलाका थुम आठराई ईवाको भदौरे जनम घरभै झापा जिल्ला प्रगन्ना नजरपुर मौजा घैलाडुवा वस्ने वर्ष ३४ को गंगाप्रसाद प्रसाई आगे तेरहथुम माल इलाका थुम आठराईको मौजा फुङसिङ र मौजा ईवा यावनको सिमाना फुङ्गनामको पोखरी डाडामा स्थापित -श्री पोखरी जुनियर हाई स्कूलका निमित्त भवन निर्माण समेत विद्यालय संचालनका लागि १५ पन्ध्र वर्षसम्म जग्गाको आयस्ताले चलाउने, त्यसपछि जग्गाको आयस्ता साँवा कहिल्यै नमासी नगरी झापा जिल्लाको श्री नेपाल बैंकमा मुद्दती खातामा राखी त्यसको व्याजसम्म निर्माण कार्यमा खर्च गर्ने । १५ पन्ध्र वर्ष पछि देखिको आयस्ता हाइस्कूल संचालनमा खर्च गर्न नपाउने । नेपाल बैंकमा मुद्दती खाता संचालन गर्न जाँदा दाता वा दाताका उत्तराधिकारी १ जग्गादाताका प्रतिनिधि २ र हाईस्कूल संचालक समितिका प्रतिनिधि २ समेत ५ जनाको संयुक्त हस्ताक्षरले खाता संचालन गर्ने जग्गा जेथाको सुरक्षा गर्ने सो जग्गा बेच विखन गर्न कसैले नपाउने सट्टापट्टा गर्न पनि नपाउने तर जग्गाको आयस्ता बढाउनलाई जग्गा आवाद गर्ने म्यादीले सट्टापट्टा गरी दिन वा घर घडेरी वाहाल भिटौरीमा दिन बढीमा १० दस वर्षसम्मलाई उपरोक्त ५ व्यक्तिका संयुक्त हस्ताक्षरद्वारा ठेक्का बन्दोबस्त गर्न पाउने दिनसक्ने सर्तबन्दी राखी आज अघि अनेत्र अरू कसैलाई केहीकौनै ब्यहोराको लेखत पत्र गरी नदिएको मेरा हक भोग चलन तिरा दर्ताको तपसिलका हद नम्बर कित्ताको मेरो नम्बरी जग्गा विगहा १६।१॥ सोरह विगहा ६ कठ्ठा पन्ध्र धुर जग्गा यो २०१७ सालका बाली देखीलाई सर्त सर्तबन्दीको दानपत्र गरी दिएकोछु । जग्गा जेथा सुरक्षा राखी लेखिएको सर्त सर्तबन्दीको ... बन्देज भित्र रही जग्गाको आयस्ता ब्याज हाईस्कूलले अछिन्न भोग चलन गर्न पाउने छ । लेखिएको बन्देज सर्तहरू विद्यालयले उल्लंघन गरेमा यो दान दिएको जग्गा र बैंकमा जम्मा रहेको साँवा रकम समेत नेपालका अरू शिक्षण संस्थाहरूलाई जग्गा दाताको तजविजले वितरण गरी दिन पाउने म जग्गादातासंग सुरक्षित रहनेछ । मेरा शेषपछि मेरा उत्तराधिकारी र म जग्गादाताको प्रतिनिधिहरूबाट समेत माथि उल्लेख सर्तहरू पालना गराउनु पर्नेछ । लेखिएको बन्देज सर्तहरू उल्लंघन भयो भने यो जग्गा दान पाउने श्री पोखरी जुनियर हाईस्कूलले यो जग्गा र जग्गाको आयस्ता बैंकमा रहेको साँवा रकम समेतमा दावि गर्न पाउने छैन । भनी मेरो मनोमान खुसीराजीसंग यो सर्तबन्दीको दानपत्र गरी दिएको छु । साछी किनारामा लेखिएको छन् । यो सर्तबन्दीको दानपत्र जग्गा रहेको मौजाको जिमिदारी कचहरी घैलाडुवामा बसी लेखिएको हो । ईति ।

"स्वदत्ताम परदत्ताम च य हरेद्वैवसुन्धराम्
षष्ठि वर्ष सहश्राणी विष्टायाम जयते कृमी "

प्रगन्ना र मौजा	रैती नं	कित्ता नं.	चारकिल्ला -------------------- --------------------	अर्द	तुल	विगहा	जम्मा विगहा
प्र.चम्पा पुर मा. सुरंगा	३७०	श्री १० ६- ८ ०- ८१ - १२ ४-	गंगाप्रसाद प्रसाई दर्ताको जग्गा --------------- हरिप्रसाद से दक्षिण, गोविन्दप्रसाद से उत्तर कंकाई से पूर्व बाटोले पश्चिम -------- -------------------- मानबहादुर से उत्तर, दक्षिण पर्ति सो पूर्व,पश्चिम - बखतबहादुर से उत्तर सरमबहादुर से दक्षिण पर्तिसे पूर्व पश्चिम नं १००X१५ को ज.बि.३॥ मध्ये पूर्व तर्फबाट --- ------------------------------ ------ चक्रबहादुर से दक्षिण तुलसीराम से उत्तर द्वारसे पूर्व चागुसे पश्चिम -------------------------- ------	------ - २३० १० ६	------- १७ १५० १००	--- --- - ९॥ ।.॥ ३॥ । १। १। १॥	१६।१॥।
ईति सम्वत		२ ०१ ७	जम्मा विगहा सोरह विगहा ६ कठ्ठा पन्ध्र धुर मात्र साल आषढ् १ गते रोज ३	------ ----	-------	--- --- -	१६।१॥।

नोट: स्व. देवीप्रसाद उप्रेतीज्यूले आफू र आफना परिवार आफन्तका तर्फबाट विभिन्न संस्थालाई जग्गा जेथा दान दिंदा विभिन्न दानपत्रहरू गरी दिनु भएको छ । ती दानपत्रको फोटो जस्ताको त्यस्तै प्रस्तुत गरिएका छन् । फोटोकपीमा प्रस्तुत ती प्रति बुझ्न सजिलो होस् भनी एक प्रति दानपत्र टाइप गरी प्रस्तुत गरिएको छ ।

सम्पादक



लिखितम धनीका नाम – ३ापा जिल्ला प्रगना नजरपुर मौजा लुप्ता मजीका हवाल्दार श्री ग्राम विद्या मन्दिर लक्ष्म भट्टजीका नाम मार्फत जिको नाती नालम्पतीको छोरा ३ापा जिल्ला प्रगना नजरपुर मौजा पल्टा फाला देखि ३कि ३२ को गोपाल प्रसाद लेडा भनेक डिउटी पुरा ३ उप्रेती वडिद ६८। कडेरी उकाल हले दपेरा को लिपाकापत डारपुर्छ गर्न लाई लिखे, हाँ नेपाल वन वल्ला पेदपनाम आम कडि अन्य मलैयाई कुनै नदेहोराले लाई दिएको मो छे मेरो दर्ता को जिल्ला झापा प्रगना नजरपुर मौजा पल्ला पाडा मौज तपसिलकाहद नम्बरको विगाह २॥ अढाई विगाहा २०१७ सालका चली उदेव लाई मैजाका मेडडे धी नारउ उप्रेती माइलेउ उक्त विद्या मन्दिरका नामका। हेली दानी नाफा गरी लेख्ये पान्मालि इ पाको ए। पछी कुनै भाईयोले कञ्जा पनि होरेहा छैटी मेरा भलन गर्न नपाउन पान थैली र हैसियेमोजीमको भाल सेले मेरा पर आएना नाट उडाउला भनी मेरो मनोराजी खुसीको राजीनामा लेखी मैजा वा भो देवीप्रसाद उप्रेती माइले श्री ग्राम विद्या मन्दिर साणामती लाई दिन्छ। मौजी कीलाएर लेखी एको छ। साक्षीन मौजा पल्लाको मिमीदार देवीप्रसाद उप्रेती का जीमीआती कन्न हरी हलुमान्ती लन्दार जाधीमा बसी लेखीएकोरो।

तपसिल

प्रगना र मौजाको नाम	दैली	किता – नापकिता	अर्द – पुर्ना – किरा
प्र॰ नजरपुर मौ॰ पल्लापाडा		१५ – ठीलालको पश्चिम पानी से पूर्व गाडो नीफा हेरह ही कीमा प्रसाद ले पुपार भर्दै ... ८०x तुल के ६० के ले १०) मध्ये पूर्व लाई	... २॥)
		...	→ २॥)
		नम्फा किमादी जमात	

इतिसम्वत् २०१७ साल श्रावण २८ गते रोज ७ मा शुभम्

लिखितम जग्गा दाताको नाम – भानुलालको नाती माईलालको छोरा जिल्ले पल्लोकी हाँ तेरह धुम मालईलाका धुम आठ तर्फ ईवाढा अद्दाई अनम पानी ओपा जिल्ला प्रगना नजरपुर मौजा घैलाडुवा बडी वर्ष ३४ का गौंगा प्रसाद प्रधान आजे तोर धुम माज ईलाका धुम आठाईको मौजा फुडनाकिड र मौजा ईचा पाबलेको मिनेला रुद्रनाथको पोत्रही डाडामा स्थापित – श्री पोखरी बुनियादी हाई स्कूलको निमित्त भवन निर्माण समेत विद्या लय सञ्चालन का लागी १५ पन्ध्र वर्ष सम्म जग्गाको आम्दानी ले नजोडेर, जसमध्ये भागको आम्दानी हाँका मरीहो नमाही नगरी ओपा जिल्लाको श्री नेपाल बैंक मा मुद्दती खातामा राखी त्यसको ब्याज भवन निर्माण कार्यमा खर्च गर्ने। १५ पन्ध्र वर्ष पछी होलको आम्दानी हाई स्कूल सञ्चालनमा खर्च गर्न सकिने। नेपाल बैंक मा मुद्दती खाता सञ्चालन गर्न जाँदा दाता वा दाताका उत्तराधिकारी – १ जना दाताका प्रतिनिधी २ र हाईस्कूल सञ्चालक समितीका प्रतिनिधी २ जना ४ जनाको संयुक्त दस्तखत ले संचालन गर्ने जग्गा मध्येको खुद्रा गर्ने सो जग्गा बेच बिखन गर्न कहीले नपाउने सदा पट्टा गर्न पनी नपाउने तर जग्गाको आम्दानी बढाउन लाई जग्गा अकार गर्न पाईने पट्टा गरी दिन वा भाडा बाली कैहोमा दिन बढीमा १० दश वर्ष सम्म लाई ४ जनाको संयुक्त दस्तखत द्वारा ठेक्का गरी संचालन गर्न पाउने दिनसक्ने सर्त बन्दी राखी आज अघी भनेका अड्डा बालाई केही कोही हुन्छ ... नै ब्यहोराको लेखत पत्र गरी नदीएको मेरा हक भोग चलन लिन दिन तप सिलका हद नम्बर कित्ताको मेरो नम्बरी जग्गा बिगाह १६।१५॥ सोह्र बिगाहा ... नम्बर ... २०१७ सालका बाली देखीलाई सर्तबन्दीको दान पत्र गरी दिएको छु। जग्गा मेरो सम्म राखी लेखिएको सर्तबन्देज भित्र रही जग्गाको आम्दानी हाई स्कूलले ... भोग चलन गर्न पाउँछ। लेखिए को सर्त हद ... उल्लंघन गरेमा मो हक रहँदै जग्गा पेउनमा जम्मा रहेको साँवा ब्याज समेत नेपालका अदालत ... दाताको लाई जग्गा दाताका तपसिलले ... गरी दिन पाउने ... ।

(२

सुरक्षित रहेछ। मेरा सेसपछी मेरा उत्तराधिकारी र मञ्जा दाताका प्रतिनिधी हरु बाट समेत माथी उल्लेख सर्तहरु पालना गर्नु गराउनु पर्ने छ। कोरबी भएको चन्देश सर्त हरु उल्लंघन भयो भने यो जग्गा दान पाउने श्री पोखरी गुनियर हाईस्कुल ले यो जग्गा र जग्गाको आएच्छा बैङ्कमा रहेको साँवा रकम समेतमा दाबी गर्न पाउने छैन। सबै मेरा मनोमान खुसी राजी छ। यो सर्त बन्दीको दान पत्र गरी दिएको छु। सो ही किताबमा लेखिएका छन्। यो सर्त बन्दीको दानपत्रमा रहेको जग्गा को जिम्मेदारी दरबारी सैलाउबास बसी लेखीएको छ। इती।

" स्व हस्ताक्षर पर हस्ताक्षर श्री हरेहुँ बसुन्धराम
बाहिर वर्ष हरह्याली किल्ला प्राप्त जयपुर कृषी।"

तपसिल

जग्गा र मौजा	रैती नं.	कित्ता नं.	साँध किल्ला	अंक	तुल	बिघा	जम्मा बिघा
पु० नम्बरपुर मौ० पुर्ण्जा	३८८		श्री गंगा प्रसाद प्रसाई दर्ता को जग्गा बिघा				१६।१॥।
		१०५	हरीप्रसाद ले दक्षिण, गोविन्द प्रसाद उत्तर कैराई ले पूर्व गाले ले पश्चिम	२३०	१८	६॥।ऽ॥	
		८०	मानबहादुर उत्तर दक्षिण पालेले पूर्व पश्चिम	१०	१५०	३॥।	
		८७	बलेन गाउले उत्तर सुरेश बहादुर दक्षिण पालेले पूर्व पश्चिम कि० नं० १०४ १५ के सं कि० ३॥। मध्ये पूर्व तर्फ बाट	•	•	१।१।	
		१२४	चक्र बहादुर दक्षिण तुलसी रामसे उत्तर आरे पूर्व पश्चिम	६	१००	१॥।	
			जम्मा कित्ता सोह्र बिघा छ कठा पन्ध्र धुर मात्र				१६।१॥।
इतीसम्बत् २०१८			साल आषाढ १ गते रोज ३ शुभम्				



लिखितम जग्गा दाताको नाम - [illegible] दोरा जिल्ले [illegible]
[illegible]
[illegible] सर्त बन्दीको दान पत्र गरी दिएको छु। [illegible]
[illegible]
बसी लेखीएको छ। इती।

स्व हस्ताक्षर पर हस्ताक्षर श्री हरेहुँ बसुन्धराम
बाहिर वर्ष हरह्याली किल्ला प्राप्त जयपुर कृषी।

लगतिस

[illegible]	[illegible]	किता	साँधीचला	[illegible]	[illegible]	बिगाहा	जम्मा बिगाहा
[illegible]	२५२		श्री जोस्मी जुनियर हाई स्कूल जोस्मी [illegible]				२४६४॥
		५८	[illegible] लाल से ऊत्तर देवी प्रसाद सौं दक्षिण पश्चिम से पूर्व [illegible] से पश्चिम [illegible] ४॥॥ [illegible]			४।	
		११०	सोभिता [illegible] से उत्तर [illegible] पश्चिम से दक्षिण पश्चिम [illegible]	६०	४०	८॥	
		१०४	राम प्रसाद से दक्षिण हरिप्रसाद से उत्तर [illegible] से पश्चिम [illegible] से पूर्व	२३५	१५	८।३	
		१०५	श्री प्रसाद से दक्षिण नन्द प्रसाद से उत्तर [illegible] सो पश्चिम [illegible] से पूर्व	२३५	१५	८।२	
		१०७	नन्द प्रसाद से दक्षिण गोबीन्द लाल [illegible] से उत्तर [illegible] से पूर्व [illegible] से पश्चिम	२२५	७	३॥३॥	
[illegible]	१३२		श्री जोस्मी जुनियर हाई स्कूल जोस्मी [illegible]				३१॥३॥
		८५	[illegible] प्रसाद सो पूर्व [illegible] से दक्षिण [illegible] से पश्चिम उत्तर	४७	७०	८॥४॥	
		१५	[illegible] से पूर्व [illegible] लाल से पश्चिम [illegible] से उत्तर [illegible] से दक्षिण	[illegible]	३०	४॥	
		१३	[illegible] से उत्तर [illegible] से दक्षिण, पूर्व [illegible] से पश्चिम	१००	२०	५।	
		९	[illegible] से पूर्व [illegible] से पश्चिम, [illegible] से दक्षिण [illegible] सो उत्तर	१००	४०	१०।	
		१०	[illegible] से पूर्व [illegible] से पश्चिम [illegible] से उत्तर [illegible]	११०	५।२	३।४	

जम्मा बिगाहा [illegible] | १५॥३।

इति सम्वत २०१७ साल आषाढ १ गते रोज २ [illegible]

लेखक— [illegible]

[illegible]

[illegible] जग्गादाताको नाम-निम्नानुसार [illegible] दक्षिण [illegible] जिल्ले [illegible] [illegible] जग्गा [illegible] जिल्ला [illegible] [illegible] [illegible] [illegible] जिल्ले गाउँमा [illegible]

प्रयोजन— श्री पंचायती विद्यालयको निमित्त भवन निर्माण सहित विद्यालय संचालन का लागी १५ पन्द्र वर्ष सम्म [illegible] श्री नेपाल बैंक को [illegible] मुद्दती खातामा राखी [illegible] भवन निर्माण [illegible] विद्यालय संचालनमा खर्च गर्न [illegible] नेपाल बैंकमा मुद्दती खाता संचालन गर्न [illegible] दाताका [illegible] प्रतिनिधी २ र विद्यालय संचालक समितीका प्रतिनिधी २ [illegible] संयुक्त हस्ताक्षर [illegible] संचालन गर्ने [illegible]

[illegible]

(२)

दा. का प्रतिनिधी हरू र सकेत मात्र उल्लेख सर्त हरू पालना गर्नु गराउनु पर्ने छ लोलिएं रो बन्देज सर्तहरू उल्लंघन भयो भने यो दान रद्द पर्नेछ र श्री पुजारी विद्यालय ले यो जग्गा उल्लङ्घन गर्न दिएको हक्कमा जग्गा दाताको हक कायम हुनेछ। भनी यो सम्झौता भरपाई तयारी लेखी दिएका छु। यो लिखित दानपत्र हामीले राजीखुशी साथ सही गरी दिएका हौं।

" स्वदत्तां परदत्तां वा यो हरेत वसुन्धराम
षष्टि वर्ष सहस्राणि विष्ठायां जायते कृमि "

तपसिल

इलाका मौजा	रैती नं.	कित्ता नम्बर	चार किल्ला	ठाड्डे	तुल	बिगाहा	जम्मा बिगाहा
इलाका-भुपा मौ. बनवारी-अम्बर	१३६		श्री पुजारी विद्यालयका नाममा जग्गा बिगाहा				४।।।२।२
		४८	बालुवा बगरको पूर्व निस्केको पूर्व पश्चिम, उत्तर दाखेला	२०	३०	१।।	
		४९	निस्केको पूर्व बालुवा पश्चिम लोम पश्चिम निस्केको उत्तर दक्षिण	१०	२०	।।	
		५०	निस्केको उत्तर, पिरी बालुवा पश्चिम निस्केको उत्तर दक्षिण डिल्लको पूर्व	३०	२०	१।।	
		५१	निस्केको उत्तर दक्षिण, बिगाहा सकेको उत्तर पिरी बालुवा पश्चिम डिल्लको पूर्व	२०	२०	१)	
		५२	निस्केको उत्तर दक्षिण, निस्केको पश्चिम बालुवाबाट डिल्लको पूर्व	५०	१०	३)	
		५३	निस्केको पूर्व, पिरी बालुवा पश्चिम निस्केको उत्तर दक्षिण	२०	४०	२)	
		५४	डिल्लको पूर्व बालुवा पश्चिम डिल्लको उत्तर दक्षिण	४०	५	।।	
		५५	निस्केको दक्षिण, छापरदेवी को उत्तर मधुवाको पश्चिम डिल्लको पूर्व	३०	१०	।।।	
		५६	निस्केको दक्षिण छापरदेवी उत्तर निस्केको पूर्व बालुवा पश्चिम	२०	२०	१)	
		५७	गङ्गा नदीको पश्चिम कैलाई को पूर्व नरकाट छोलाको दक्षिण डिल्लको उत्तर	२०	६०	३)	
		५८	नहर नदीको दक्षिण हरिप्रसादको उत्तर कैलाई भाग भागलेको तापक्रम र नासतकोले पश्चिम	४०	७०	७)	
		५९	खिमानन्दको उत्तर बालुवा दक्षिण मानबहादुर पूर्व पश्चिम	६०	४०	६)	
		८५	कालीप्रसाद अधिकारी पलापाका खोलेको उत्तर पिरी बालुवा पश्चिम कुमारीको पूर्व नहरकोको दक्षिण	२०	३०	१।।	
		२	डम्बरको उत्तर रामलालको पश्चिम गोबिन्दको पूर्व लक्ष्मी गाउँको दक्षिण	५१	८२	५।।१०२	
		४	मानबहादुरको पूर्व पार्वतीको पश्चिम गणेशबहादुरको उत्तर दक्षिण	१२५	२५	७।।।१।	
			जम्मा बिगाहा चौबालिस बिगाहा बाह्र कट्ठा धुर मात्र				४४।।२।२

इतिसम्वत् २०१८ साल असार १ गते रोज २ शुभम्

८८. ९१.

मस्ता श्री देवी प्रसाद ज्ञवाली का २०१८।४।३१।२ का रत पत्र बमोजिम मौजा बुढ्ना किर्ता देवी प्रसाद की जग्गा दर्ता गरी ... देवीको ... सा बाँ भो नाम मा ... १२।३।० जग्गा दर्ता गर्न ... रोड।

श्री देवीप्रसाद ज्ञवाली — १
मिति २०१८।१०।२८।४

लिखितम ज्याद्दाताको नाम - जिल्लामझौको नाली खजिलाको छेरा गिल्लेंपल्लो छिर्राते लेपुम मालदेनाका भूम आठराई इलाका छिमने गाउँमा जन्म भएकी बस्ने मोरी पापा माल इलाका झापा जिल्ला नरपुर मौजा गैलाएवा बस्ने वर्ष ३८ को देवी प्रसाद ज्ञवाली आगे पुर्व पल्लो किराँत धनकुटा मलगाँ रोड भूम भाल इलाका धुम आठराई को नौधान गाउँ गाउँमा स्थापित श्री सरस्वती हाईस्कुलका निमित्त भवन निर्माण समेत विद्यालय सञ्चालनका लागि १५ पन्ध्र वर्ष देखि यस गाउँको शिक्षाप्रेमी जनता भएको र त्यसपछी त्यहाँको भएका जग्गा हाल नयाँ भर्नी गरी यसै भाग जिल्लाको श्री नेपाल पैडाल मा पढ्ती लगायत पाठी लगायत अध्ययन नम्बर ... विद्यालय निर्माणमा खर्च गर्ने। १५ वर्ष अघि देखि आएका अध्ययन संचालनमा स्वीकार गराउने नेपाल भौडेलका पढ्ती लगायत सञ्चालन गर्न लगायत ता.का. दातले इलाका चिन्तन १ आफ्नो प्रतिनिधी २ र हाईस्कुल कैलाली म समितीका प्रतिनिधी २ समेत ... को हस्ता क्षरले लाभ प्राप्त गर्ने गरी गा ... आफ्नो पुत्ता गर्न सो आफ्नो निजी कर्म बसेको यतै गर्न नपाउने ... भै। तर आफ्नो आएका नछाडेन भन्ने ... यसमा ... सम्झना ... बढ्ने राखी ... अग्नि अनेक ... गाउँ देशीको ... लोकतन्त्र ... बिगाहा ... नम्बर कित्ताको मेरा जिम्मेदारी ... बिगाहा १४।३ ... २०१८ सालका कामी ... को गरी दिएको छु ... हाईस्कुलले अधिक भोग चलन गर्न पाउने छ। लोकविशेष ... नदेन सर्तहरू विद्यालयले उनी ... रहेको ... सा नम्बर ... शिक्षण संस्थालाई ... दाताबात ... मेरा शेषपछी मेरा उत्तरा धिकारी र ... दाताका प्रति निधी हरू भएका ... गरी माथी उल्लेख सर्त हरू पालना गर्नु पर्ने छ। ... हाईस्कुल ले यो भाग र हरू उल्लंघन भएको ... पाउँने ... आफ्नो ... हाम्रो सम्झौतामा ...

अनी मोमनेको मान राजी [illegible] सर्त बन्दीको दान पत्र गरी दिएको छु। तौको दिनामा लेखिए घर। ओखर्ल बन्दीको दान पत्र मौजा पुरैना समेतको जिकिदारी [illegible] बाट लेखिएको हो। इती।

" रु रुलाम परदलाम व.फ हरेई वशुन्धराम.
षष्ठी वर्ष सह प्राणी विष्ठाया जायते कृमी "

तपसिल

प्रगन्ना मौजा	रैती नं.	कित्ता नं.	चारकिल्ला	कठ्ठा	धुर	बिगाहा	जम्मा बिगाहा
प्रगन्ना महोत्तरी मौजा पुरैना मौजा गुठी		१००	सारदा स्कूलसे दक्षिण निमको भन्सार सौंघ दमा दकुलाते पूर्व	६३	१५	२।२।	
		१०१	निज कित्ता सोभित बाबुदेवसे दक्षिण रामप्रसादसे उत्तर ईदाई के पूर्व रमाला ढडीसे पश्चिम	२३५	१२	७।१।	
		१०२	कृष्णलालसे दक्षिण श्रीप्रसादसे उत्तर पदमलालसे पश्चिम डिलोसे पूर्व	२३५	८	४।१४	
			जम्मा बिगाहा चौध बिगाहा ईखचाहु पौन धुर मात्र				१४।२।
इती सम्वत २०१८ साल श्रावण ३१ गते रोज २ शुभम्							

हे के पौलाडुवा नक्कल सहीछाप
[illegible]

यसमा श्री देवी प्रसाद उप्रेती बा २०१८।१२।४।५ [illegible]
[illegible]
देवी प्रसाद उप्रेती — १
[illegible]

लिखितम श्री [illegible] मन्त्री को नाती [illegible]
[illegible]
[illegible] पौलाडुवा [illegible]
[illegible] पौलाडुवा ([illegible])
संस्थापित — श्री आदर्श विद्या मन्दिर हाइस्कूलका निमित्त — [illegible]
[illegible]
[illegible] तपसिलमा [illegible]
[illegible] पौलाडुवा [illegible]
[illegible]
[illegible]
[illegible]
[illegible] निर्माण [illegible]
पाउने। [illegible]
[illegible]
[illegible] नेपाल [illegible] आदर्श विद्या
मन्दिर हाइस्कूलका [illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible] आदर्श विद्या मन्दिर [illegible]
पाउने। [illegible]
[illegible] विद्यालय [illegible]

[illegible] नं ११ वर्ष [illegible] हाइ स्कूल [illegible]

[illegible]

तपसिल

[illegible]	[illegible]	[illegible]	[illegible]	कट्ठा	धुर	[illegible]
[illegible]		९५	[illegible]	२	२	[illegible]
		२४	[illegible]	२	२	५०५
		२६	[illegible]	२	२	५१७
		[illegible]	[illegible]	२	२	५०५
		५५	[illegible]	२	२	५०५
		२८	[illegible]	२	४५	[illegible]
		३०	[illegible]	[illegible]	५०	११२

[illegible] २०१८ साल [illegible]

[illegible]

लिखितम [illegible]

[illegible] 2020 [illegible]

[illegible]

तपसिल

[illegible]

[illegible] २०२० [illegible]

मौजा सुरुंगाको जिमिदारी कचहरी सरणाम
श्री मन्दार माझी कट

श्री देवीप्रसाद उप्रेतीका २०२१।८।२८।२ का दान पत्र ... कैफियत १४२ नं पविन्ना ... ३४।२।३ मध्ये ... नं ७०२ मा श्री सरस्वती स्कूल सुरुंगा का नाममा बिगहा १०) दश भन्ना २०२२ सालका ... दाखिल खारेज गरी दिइके छ। —

देवीप्रसाद उप्रेती — ।

मिती · २०२२।४।१५।।

लिखितम जग्गा दाताको नाम– चिन्तामणि उप्रेतीको नाती रविलाल उप्रेतीको छोरा जिल्ले पहलो किरांत तेरहथुम माल इलाका धुम आठराईको इवा-छिमते गाउँमा जन्म भै जिल्लै मोरङ्ग तर्फ झापा इलाका प्रगन्ना चम्पापुर मौजा शरणामति बस्ने वर्ष ५२ को देवी प्रसाद उप्रेती आगे आज अघि अनेक अरू कसैलाई केही कौनै थैलोराको लेखत पत्र गरी नदिएको मेरा हक भोग बिर्ता को र. नं. १४२ मा पविन्ना, यमुना, कुन्ति, नरमदा समेतको मौजा सुरुंगा भित्रको जग्गा मध्ये मेरा एका घरका परिवार श्रीमति यमुना, कुन्ति, नरमदा का भागको जग्गा मध्येबाट पर्ने तपसिलमा हद नम्बर कित्ता को बिगहा १०) दश बिगहा सुरुंगा गा.पं. भित्र पर्ने जग्गा– दान पाउने श्री सरस्वति स्कूल सुरुंगा गा.पं. झापा का निमित्त – विद्यालय भवन आदि निर्माण कार्यमा मात्र खर्च गर्ने, संचालन व्यवस्थामा खर्च गर्न नपाउने – निर्माण कार्य पुरा भए पछि अर्थात आजका १५ पन्ध्र वर्ष पछि देखि यो जग्गाको आएको रकम कहिल्यै पनि नमासिने गरी ... नेपाल बैंक शाखामा श्री सरस्वति स्कूल सुरुंगा का नाममा जग्गा दाता दाताका उत्तराधिकारी १ र श्री सरस्वति स्कूल संचालक समितिले तोकेको व्यक्ति १ समेत र जग्गा दाताका प्रतिनिधि १ समेत ३ जनाको संयुक्त दस्तखत द्वारा मुद्दती खातामा जम्मा गर्ने, जम्मा भएको साँवा मूल रकम श्री सरस्वति स्कूल सुरुंगाले वा अरू कसैले पनि कुनै अवस्थामा पनि खर्च गर्ने गरी झिक्न नपाउने। साँवा मूल रकमको बैंकबाट आउने ब्याज मात्र निर्माण आदि भौतिक साधनका लागी श्री सरस्वति स्कूलका निमित्त खर्च गर्न पाउने। कसैले पनि यो जग्गा जिम्मा बेच बिखन गर्न नपाउने, सट्टा पट्टा गर्न पनि नपाउने, तर जग्गाको उपैदावार बढाउन म्यादी ठेक्का पट्टा (लिज) मा बढीमा १० दश वर्ष सम्मलाई उपरोक्त ३ तीन व्यक्तिको दस्तखत द्वारा ठेक्का बन्दोबस्त गर्न सम्म सक्ने सर्त बन्दीको बन्देज राखी २०२२ सालका बाली देखिलाई परिवारका सदस्य दर्तावालाहरूलाई दिलाराखी मेरा मनोमानि राजी खुसी संग शिक्षण संस्था सुइकः भै फूलोस फलोस ... आतिका लागी — रमौलाम भन्या खातिर जग्गा दाताको हैसियतले यो विद्यालयको आतिका लागी — अक्षय कोष खडा गर्ने निमित्त यो सर्तबन्दीको दान पत्र गरि दिएको छु। लेखिएको बन्देज सर्त भित्र रही यो जग्गाको वार्षिक पर्ने आम्दानी र पछि ब्याज रकम मात्र श्री सरस्वति स्कूलको उन्नती र आतिका लागी ... श्री सरस्वति स्कूलले खर्च गर्न सक्ने छ।

बन्देज सर्तहरू उल्लंघन भएमा ... दिएको जग्गा र बैंकमा जम्मा रहेको आम्दानी अक्षय कोषको रकम समेत, म जग्गा दाताले फिर्ता लिनु वा हक – नेपाल अधिराज्य भित्र अरू शिक्षण संस्थालाई, जग्गा दाताका हकवालाले वितरण गरी दिन सक्ने अधिकार म जग्गा दाता संग सुरक्षित रहनेछ। मेरा शेष पछि मेरा उत्तराधिकारी र म जग्गा दाताका प्रतिनिधिहरूबाट समेत माथि उल्लेखित सर्तहरू पालना हुने गर्नु-गराउनु पर्ने छ। लेखिएको बन्देज सर्त उल्लंघन भए उप्रान्त यो जग्गा दान पाउने श्री सरस्वति स्कूल सुरुङ्गाले यो जग्गा र जग्गाको आम्दानी, अक्षय कोष समेतमा दावी गर्न भन्न पाउने छैन।

"स्व दत्ताम् पर दत्ताम् च य हरेड वसुन्धराम्
षष्टि वर्ष सहश्राणी विष्टायाम् जायते क्रिमि"

साक्षी किनारामा लेखिएका सदर। यो सर्तबन्दीको दानपत्र मौजा सुरुङ्गाको जिमिदारी कचहरी शरणामति- मन्दारगाछीमा बसि लेखिएको हो। शुभ।

साक्षी– सहि देवीप्रसाद उप्रेती, श्री शरणामति, झापा।
कमल नारायण ... श्री ..., झापा
गंगा प्रसाद प्रसाई, श्री शरणामति, झापा — १

तपसिल

प्रगन्ना र मौजा	रैती नम्बर	कित्ता नम्बर	चार किल्ला	अर्ध	तुल	बिगहा	जम्मा बिगहा
प्रगन्ना – चम्पापुर, मौजा– सुरूङ्गा	१४२		श्री मति पविन्ना, यमुना, कुन्ति, नरमदा समेतका नामको जग्गाबाट ... यमुना, कुन्ति, नरमदा उप्रेतीका भागको जग्गा मध्ये (सुरुङ्गा गा.पं. भित्र पर्ने) बिगहा				१०)
		२	पिलोचन सेउनर, रामलाल से दक्षिण, नरि तिनसे पश्चिम, म. झी पर्ति से पूर्व	४०	१००	१०)	
			जम्मा बिगहा दश मात्र				१०)

इति सम्वत् २०२१ साल पौष २८ गते रोज २ शुभम्।

श्री:

लिखितम जग्गा दाताको नाम– चिन्तामणि उप्रेतीको नाती, रविलाल उप्रेतीको छोरा, मिल्ती पल्लो किरांत तेह्रथुम माल इलाका धुम आङ्गराई इलाको गिमले गाउँको जनम घर भै जिल्लौ मोरङ तर्फ झापा इलाका अगना नगरपुर मौजा शाणामति बस्ने वर्ष ५२ को देवीप्रसाद उप्रेती आगे, आज आफ्नो अनेक अरू कसैलाई केही कौनै व्यहोराको लेखत पत्र गरी नदिएको मेरा हक भोग चलन तिराको झापा जिल्ला अगना नगरपुर मौजा पन्थापाडा भित्र रैतीनं. २४१ मा छोरा दुर्गाप्रसाद उप्रेतीका नाम दर्ताको जग्गा मध्ये तपसिलमा इटनम्बर खित्ताको शाणामती गा.पं. भित्रको जग्गा बिगाहा १०) दश जग्गा– दान पाउने झापा जिल्ला, डाँगीबारी गा.पं. भित्र स्थापित– श्री डाँगीबारी विद्या मन्दिर का निमित्त,– स्व जग्गाको आम्दानी उक्त विद्या मंदिरको भवन निर्माण कार्यमा मात्र खर्च गर्ने,– संचालन व्यवस्थामा खर्च गर्न नपाउने,– निर्माण कार्य पुरा भए पछि अर्थात आजको १० दश वर्ष पछिदेखि सो जग्गाको आम्दानी रकम कहिल्यै पनि नमाझिने गरी झापा जिल्लाको नेपाल बैंक शाखामा श्री डाँगीबारी विद्या मन्दिर का नाममा जग्गा दाता वा दाताका उत्तराधिकारी १ जग्गा दाताका प्रतिनिधि १ र उक्त विद्या मंदिर संचालक समितिले तोकेको व्यक्ति १ समेत ३ जनाको संयुक्त हस्ताक्षर द्वारा मुद्दती खातामा जम्मा गर्ने। जम्मा भएको सावाँ मूल रकम उक्त विद्या मंदिरले वा अरू कसैले पनि कुनै अवस्थामा पनि खर्च गर्ने गरी झिक्न नपाउने। सावाँ मूल रकमको बैंकबाट आउने ब्याज मात्र निर्माण आदि भौतिक साधनका लागी उक्त विद्या मंदिरका निमित्त खर्च गर्न पाउने। कसैले पनि सो जग्गा बेच्न नपाउने, स्याहार पटा गर्न पनि नपाउने, तर जग्गाको पैदावार बढाउन स्याही ठेक्का पटा (तिन) मा १० दश वर्ष सम्मलाई उपरोक्त ३ तिन व्यक्तिका हस्ताक्षर द्वारा ठेक्का बन्दोबस्त गर्न सक्ने सर्तबाहेक न दिने गरी 2022 सालका वालिंटीयर जग्गा दान ... भुमि दिनारामा गरी मेरो मनोभावना सरी स्थापि संग शिक्षण संस्था सुदृढ भै फूलोस फलोस र मौलाओस भन्ना खातिर उपरोक्त विद्या मंदिरको आलोकालागी अक्षय कोष स्थापना निमित्त यो सर्तबन्दको दान पत्र गरी दिएको छु। लेखिएको बन्देज सर्त भित्र रही सो जग्गाको पछि पहिले आम्दानी र पछि ब्याज रकम मात्र उक्त विद्या मंदिरको स्थायी कामका निमित्त संचालक समितिले खर्च गर्न सक्ने छ। बन्देज सर्तहरू उल्लंघन भएमा सो दान दिएको जग्गा र बैंकमा जम्मा रहेको आम्दानी, अक्षयकोष को रकम समेत जग्गा दाताले फिर्ता लिनु सक्ने,– तेस्तो अवस्थामा भित्र का अरू शिक्षण संस्थाहरूलाई, जग्गा दाताका सन्तानले वितरण गरी

दिन सक्ने अधिकार म जग्गा दाता संग सुरक्षित रहने छ। मेरा देहपछि मेरा उत्तराधिकारी र जग्गा दाताका प्रतिनिधि हरूबाट समेत माथि उल्लेखित सर्तहरू पालना हुने, गर्नु गराउनु पर्ने छ। लेखिएका बन्देज सर्त उल्लंघन भए उप्रान्त सो जग्गा दान गर्ने वा अधिकारी विद्यामंदिरले सो जग्गाको आम्दानी, अक्षय कोष समेतमा दाबी गर्न पाउने छैन।

" स्व दत्ताम् पर दत्ताम् वा यो हरेत वसुन्धराम्
षष्टि वर्ष सहस्राणि विष्ठायाम् जायते कृमि "

साक्षी दिनारामा लेखिएका सार। सो सर्त बन्देजको दानपत्र गरी झापा ... दारी कचहरि प्राणामा मञ्जुरी लेखिएको छ। शुभ।

तपसिल

प्रगन्ना र मौजा	रैती नम्बर	कित्ता नम्बर	चार किल्ला	आना	धुर	बिघा	जम्मा बिघा
प्र. नगरपुर, मौ. पन्थापाडा	२४१		श्री दुर्गाप्रसाद उप्रेती का नामको जग्गा मध्ये (गा.पं. शाणामती भित्र पर्ने) बिगाहा				१०)
		१०	निज को दक्षिण, उत्तर, माराधारसे पश्चिम, नदि से पूर्व अर्थात् नं. ७५ तुलसं. ... कि. १५) मध्ये पश्चिम तर्फबाट	.	.	१०)	
			जम्मा बिघा दश मात्र				१०)
इति सम्वत		२०२१ साल पौष २८ गते रोज २					

दानी दैवीप्रसाद उप्रेती

लिखितम जग्गा दाताको नाम- चिन्तामणी उप्रेतीको नाती रविलाल उप्रेतीको छोरा जिल्ला पाल्पा हाल धुम माल इलाका धुम काठ ... को सिमले गाउँमा जन्म भई जिल्ला मोरंग ... झाँपा इलाका प्रगन्ना नरसिंहपुर मौजा लक्ष्मीपुर बस्ने वर्ष २२ को देवीप्रसाद उप्रेती आगे ... कसैलाई केही कौनै व्यहोराले नोक्सान पर्न गरी नदिएको मेरा हक भोग चलनको म र मेरो एकासगोलका परिवार तपसिलका व्यक्तीका नाममा दर्ता भएको तपसिलका इसलग्गर कित्ताको तपसिलका गाँउ पञ्चायत जिल्लाको ... जग्गा बिघा ... कठ्ठा ... धुर जग्गा दान दिएँ - श्री ... स्कूल ... झाँपाका निमित्त ... भवन आदी निर्माण कार्य मा मात्र खर्च गर्ने - ... खर्च गर्न नपाउने - निर्माण कार्य पुरा भएपछी ... आउने १५ पन्ध्र वर्ष पछी यो जग्गाको आम्दानी रकम ... पनि नमासिने गरी - झाँपा ... नेपाल बैंक खातामा श्री ... स्कूल ... को नाममा जग्गा दाता वा दाताका उत्तराधिकारी १ जना दाताका प्रति निधी १ र श्री ... स्कूल सञ्चालक समितीले तोकेको व्यक्ती १ समेत २ जनाको संयुक्त हस्ताक्षर द्वारा मुद्दती खातामा जम्मा गर्ने जम्मा भएको साँवा मुल रकम श्री ... स्कूल ... कुनै अवस्थामा पनी खर्च गर्ने गरी झिकन नपाउने। साँवा मुल रकमको बैंक ब्याज ... भवन निर्माण आदी भौतिक ... लागी श्री ... स्कूल का निमित्त खर्च गर्न पाउने। ... नेपाल बैंक ... सट्टा पट्टा गर्न पनी नपाउने, तर जग्गाको पैदावार ... (जिन्स) मा ... १० ... उपरोक्त व्यक्ति को हस्ताक्षर द्वारा ठेक्का बन्दोबस्त गर्न सकने शर्त बन्दीको ... २०२१ साल ... जग्गा दान

परिवारको सदस्यलाई किसानलाई ... शिक्षण संस्था ... श्री ... स्कूल ... निमित्त ... श्री ... स्कूलको ... श्री ... स्कूलले खर्च गर्न सकने ... बैंक मा जम्मा रहेको आम्दानी ... समेत म जग्गा दाताले फिर्ता लिनु पाउने - नेपाल अधिराज्य भित्रका अरु शिक्षण संस्थालाई जग्गा दाताका तर्फबाट वितरण गरी दिनु ... अधिकार म जग्गा दाता ... मेरा उत्तराधिकारी म जग्गा दाताका प्रतिनिधी ... उल्लेखित शर्त हरु पालना ... शर्त उल्लंघन भए उपरान्त यो जग्गा दान पाउने श्री ... स्कूलले यो जग्गा र जग्गाको आम्दानी आदी ... दाबी गर्न पाउने छैन।

" स्व दत्तां पर दत्तां-वा यो हरेत् वसुन्धराम्
षष्टि वर्ष सहस्राणी विष्ठायां जायते कृमि "

साँही किनाएमा ... लक्ष्मीपुर ... साक्षी ... लेखी एको हो इती -

तपसिल

प्रगन्ना र मौजा -	रैनीनं.	कित्ता नं-	चार किल्ला	बिघा	कठ्ठा	धुर	जम्मा बिघा
प्रगन्ना नरसिंहपुर मौ. ...	११	४१	देवीप्रसाद उप्रेतीको ... लक्ष्मीपुर ... जोत किसान				२।१।११४
		५१	सडकले पश्चिम, लक्ष्मीपुर ... दक्षिण ... उत्तर ... पुर्व	१०	११	।।१।।	
		५२	कित्ताको दक्षिण पुर्व सडकले पश्चिम ... सेउत्तर	१८	१४	।।२।।५	
				९	७	३०२	
		५३	... पश्चिम दक्षिण ... पुर्व उत्तर -	७	१४	३।४।।	
		५४	... उत्तर, ... लक्ष्मीपुर ... पुर्व ... दक्षिण पश्चिम				११।२
प्र० नरसिंहपुर मौ. लक्ष्मीपुर	१२७	४१	... उप्रेती लक्ष्मीपुर ... रविलाल ... पुर्व उत्तर, ... दक्षिण पश्चिम	२२	२०	११।२	[illegible]
		४					

जम्मा जग्गा बिघा तेह्र कठ्ठा ... धुर

इतीसंम्बत २०२१ साल पौष २८ गते रोज २ शुभम्

नगला झापा १२६ नं. मौजा मेडखेडाको जिमिन्दारी कचहरी बाट —

यसमा श्री देवी प्रलाद धप्रेती का २०२१।५।२८।२ का दान पत्र र निवेदन मुताबीक मौजा मेडखेडा को रै. नं. ४१ को जीरायत बिगहा २०।।२-४ मध्ये दान पत्र मा उल्लेख भएको जग्गा जीरायत बांद खोजा गरी २०२२ साल का सालदेखी लाई बीगहा १०) दश जग्गा रै. नं. ११७ मा श्री चारपाने स्कूल चारपाने गा. पं. झापा का नाम मा दाखील दर्ता गरी दीएको छ।

जि. देवीप्रलाद धप्रेती — १

मिति २०२२।४।१।६ मा —

२०२२ —

लिखितम् आदाताको नाम - चिन्तामणी धप्रेतीको नाति रविलाल धप्रेतीको छोरा जिल्ला पल्लो किरात तेह्रथुम नाल इलाका थुम आठराई इवाको लिम लेगौडाँमा जन्म भई हाल जिल्ला मोरङ तर्फ झाँपा इलाका पालमो गाउँमा रहने वर्ष ५२ को देवीप्रसाद धप्रेती आगे अस्ती अ... नेत्र... कसैलाई केही नौने लेखत पत्र गरी नादएको गएको भीम तिनको मेरा नाममा दर्ता भएको तपसिल का हद नाँघ्नार किन्ताको मा. धामती मा. पैमिश्रेको निरज्ञत जग्गा सर्पैजमा दान पाउने - श्री चारपाने स्कूल चारपाने झाँपा लाई बिगहा १०) दश झाँपा जिल्ला चारपाने गा. पं. बिज ... मा स्थापित स्कूलको निमित्त जग्गाको आम्दानी यो स्कूलको भवन आदी निर्माण कार्य मा मात्र खर्च गर्ने - सञ्चालन अवस्थामा खर्च गर्न नपाउने - निर्माण कार्य पुरा भएपछी अफ्वल आरसो १२ पाउने पछी देखी यो जग्गाको आम्दानी रकम कहिल्यै नअशक्ति गरी झाँपा जिल्लाको नेपाल बैंक शाखामा श्री चारपाने स्कूलको नाममा जग्गा दाता वा दाताका उत्तराधिकारी - १ अर्को दाताका प्रतिनिधी १ श्री चारपाने स्कूल सञ्चालक समितिले तोकेको व्यक्ती - १ समेत ३ जनाको संयुक्त हस्ताक्षर द्वारा मुदती खातामा जम्मा गर्ने जम्मा भएको त्यो मूल रकम श्री चारपाने स्कूल वा अरु कसैले कुनै अवस्थामा पनी खर्च गर्न गरी झिक्न नपाउने ब्याज मात्र निर्माण आदी भौतिक साधन का लागी श्री चारपाने स्कूलका निमित्त खर्च गर्न पाउने। बसै नि पनी यो जग्गा ... बेच बिखन गर्न नपाउने सदा पराधीन रहि न पाउने। मर जग्गाको पैदा वार वकाउल मालहीदेखा पड्ल (मित। मा वकील। १० दस वर्ष समम लाई उपरोक्त ३ व्यक्तीको संयुक्त ... द्वारा देखभाल नर्सीत गर्न सक्ने पौठने सर्तवन्दीको बन्देज राखी २०२२ सालका कानी देखी लाई यो जग्गा मालपोत रानी ... शिक्षण संस्था ... र स्कूल ... दर्लाज्ञ ८ मौला पका सजा रकमीर श्री चारपाने स्कूलको ... का ... विरुधा आफ्नो मालीका लागी अक्षय कोष खडा गर्ना निमीत्त यो सर्त बन्दीको दान पत्र गरी दिएको छु। लेखिएको बन्देज सर्त भित्र रही यो जग्गा पटीले पट्टी ... र पछी व्याज रकम मात्र श्री चारपाने स्कूल को उन्नती र प्रगती का लागी खर्च गर्नमा यो चारपाने स्कूल ले खर्च गर्न सक्नेछ। बन्देज सर्तहरु उल्लंघन भएमा यो दान दिएको जग्गा र कैस मान भएको ... आम्दानी ... समेत म जग्गा दाताले फिर्ता लिन पाउने - नेपाल अधिराज्य भित्रका अदालत ... लाई जग्गा दाताका तत्कालिन विवरण गरी दिन पाउने आदेश म जग्गा दाता लाई सुरक्षित रहनेछ। मेरा सेप पछी मेरो उत्तराधिकारी र म जग्गा दाताका प्रतिनिधी हरु बाहु समित मादोर गर्ने दिते घर्त हरु पालना हुने, गर्नु गराउन पर्ने छ। लेखीएको बन्देज सर्त उल्लंघन भए उप्रान्त यो जग्गा दान पाउने श्री चारपाने स्कूलले यो जग्गा र जग्गाको आम्दानी कोष समेत मा दावी गर्न भल पाउने छैन।

"स्व दत्ताम पर दत्ताम वा यो हरेहू वसुन्धराम
षष्टि वर्ष सहस्त्राणी विष्टायाम जायते कृमि"

सौंची कीनारामा लेखीए का सदर। यो सर्त बन्दीको दान पत्र ... समित मौजा के सीमीरी ... रत्न मनी मन्दार ... मा बसी लेखीएको हो। इती

तपसिल -

प्रगना र मौजा	रैती नं	कित्ता नं	चारकिल्ला	कट्ठा	धुर	बिगहा	जम्मा बिगहा
नगला - झाँपा - मौ. मेडखेडा —	४१		श्री देवीप्रलाद धप्रेतीको जिराएत मध्यबाट —				१०)
		१०१	निम कित्ताको दक्षिण, उत्तर पश्चिम बाट भएको पूर्व मा २०×५/८ = बिगाहा वर्ते वक्त पश्चिम बाट			१४।	
		२५	निम कित्ताको, उत्तर तुलसीबा। तिमाले दक्षिण भएके पूर्व, होली पश्चिम —	२०	८३/८	३।१०२	
		४८	पल्लापाडा कित्ताको उत्तर पर्ति दक्षिण होली दोपश्चिम पारा भएको पूर्व —	१३/२	२०	१।।२।२	
		५८	तिल्हीताको दक्षिण - उत्तर बाट भएको पूर्व होली हे पश्चिम	४२	१०	३।३	
		१००	तिल्हीके पश्चिम, पूर्व, उत्तर दक्षिण —	११	२१	।।१।।)	
			जम्मा बिगाहा दसमात्र —			१०)	

इतीसंम्वत २०२१ साल श्रावण २८ गते रोज २ शुभम्

मौजा कुवाडी को लिखित ...

यसमा श्री देवी प्रसाद उप्रेती का 2029।4।28।2 का दान पत्र र फिल्डबुक अनुसार मौजा कुवाडी को ... रामा जगायत 32।2।9 ... दान ... एक ... जग्गा ... साल का ... १९४८ ... कुवाडी ... मा दाखील खारेज गरि दिएको छ।

दे. देवी प्रसाद उप्रेती -१

मिति 2022।4।13।3 मा-

लिखितम् भ्या दाताको नाम- चिन्तामणी उप्रेतीको नाती टपिलाल उप्रेतीको छोरा ... लो पल्लो किरात तेह्र थुम मध्ये इलाका थुम आठराई इलाका लिम्बुवान गाँउ ... मध्ये जिल्ला मोरङ तई ... इलाका प्रगन्ना नन्हपुर मौजा हाल्ण मती की ... नं २२ का देवीप्रसाद उप्रेती आफ्नै ... अर्ध अंश ... ज्यूले केही कौनै ... लेखत पत्र गरी ... गरि दिएको ... मेरो नाममा दर्ता भएको तपसिलका हद नम्बर किल्लाको जग्गा मती मा. पै. श्रित्र को जिल्पुत ... थान पोकी - श्री कुवाडी स्कुल कुमार टेहे औंपा लाई बिगहा ४।१४।२ आरजिराहा ओद कहा वा ... कुमलेदेमा स्थापित ई स्कूलका निर्माता ... यो स्कूलको भवन ... आदि कामका प्रश्न खर्च गर्ने - संचालन व्यवस्थामा खर्च गर्न तिमार ... निर्माण कार्य पुरा भएपछि अब ... १५ पन्द्र वर्ष ... गरी ... लगाएको आएजसो रकम दर्ता ... गरी औंपा जिल्लाको नेपाल ... श्री कुवाडी स्कुल का नाममा भ्या दाता का भ्या दाताका उत्तराधिकारी १ भ्या दाताका प्रतीनिधी १ र श्री कुवाडी स्कुल संचालक समितीले तोकेको व्यक्ती १ समेत ३ जनाको संयुक्त हस्ताक्षर द्वारा ... भएको ... श्री कुवाडी स्कुल ... व्यवस्था ... खर्च गर्ने गरी ... नपाउने ... भौतिक ... श्री कुवाडी स्कुल का निमित्त खर्च गर्न पाउने। ... बिक्री व्यवस्था ... गर्न नपाउने साट्टा पट्टा गर्न पनी न पाउने तर ... पैदावार बढाउन म्यादी ठेक्का पट्टा (लिज) मा ... १० ... समेत भ्यालाई उपरोक्त ३ व्यक्ती को संयुक्त हजार द्वारा ठेक्का बन्दो ...

गर्न सक्ने गर्नेछ सर्त बन्दी बन्देज राखी 2022 सालका ... ... लाई मैले मेरो खुसी ... सिक्षा ... मुद्दा ... फलोस र मौलावस भन्ने खातिर श्री कुवाडी स्कूल को ... को हैसियतले विद्यार्थीहरुका प्राप्तीका लागी अक्षय कोष रहठा गर्न निमीत्त यो सर्त बन्दीको दान पत्र गरी दिएको छु। ... दिएको बन्देज सर्त भित्र रही यो भ्याको परिले पहिले ... पछी ... भाग श्री कुवाडी स्कूलको उन्नतीर प्रगती का लागी ... कामका यो कुवाडो स्कूलले खर्च गर्न पाउने छ बन्देज सर्त हरु उल्लंघन भएमा यो दान दिएको भ्या र ... मा रकम रहेको आमदानी अक्षय कोष ... भ्या दाताले फिर्ता लिन पाउने - नेपाल अधिराज्य भित्रका अदालत ... लाई भ्या दाताका ... फिर्ता गरी दिन पाउने अधिकार ... सुरक्षित रहने छ यो लेखत ... मेरो उत्तराधिकारी र भ्या दाताका प्रतिनिधीहरु ... माथी उल्लेखित सर्तहरु पालना गर्नु गराउनु पर्ने छ ... बन्देज सर्त उल्लंघन भए ... भ्या दान पाउने - श्री कुवाडी स्कूलले यो भ्या र ... आमदानी अक्षय कोष समेत मा दाबी गर्न नपाउने छैन।

"स्वदत्ताम परदत्ताम वा यो हरेत वसुन्धराम
षष्टि वर्ष सहस्राणी विष्ठायाम जायते कृमि"

साक्षी ... को सहर यो सर्त बन्दीको दान पत्र कुवाडी मौजा समेत ... मा ... लेखी दिएको हो। इती -।

प्रगन्ना र मौजा	रैतीनं	किता नं	चार किल्ला	बिघा	कट्ठा	धुर	जम्मा बिघा
प्रगन्ना - मौजा - मौजा कुवाडी	७१	थैनी	देवीप्रसाद उप्रेतीको ...				४।१४।२
		११८	नदिले पूर्व, पुल समेतले उत्तर किल्लो पश्चिम, दक्षिण	११	६	८२१	
		११९	किल्ले पूर्व पश्चिम नदी उत्तर ...	१४/२	१०/३	११।२	
		१२०	किल्ले पश्चिम, दक्षिण, किल्ले पूर्व नदी उत्तर	१२	५	८२१	
		१२१	किल्ले पश्चिम दक्षिण किल्ले [illegible]	१३	४/८	८३०४	

(३).

प्रगन्नार मौजा	तैरी नं	दिशा	चारकिल्ला	अर्द	धुर	बिघा	जम्मा बिघई
			४२८ पश्चिम हे पश्चिम तिर्थे उत्तर-पूर्व पलम्बर तिनाला हि दक्षिण	२२	४३	२॥।३।०	
			४२५ -[illegible] दक्षिण [illegible] उत्तर [illegible] पूर्व तिर्थे पश्चिम ४०/३ × ११ = [illegible] ११२.४ [illegible] पूर्व तर्फ बाट	०	०	।।३०४	
			जम्मा बिगहा चार बिगहा चौधकठा [illegible]				४।१४।।२

इतिसम्वत् २०२९ साल पौष २८ गते रोज २ शुभम्

(९)

श्री

लिखितम जग्गा दाताको नाम- [illegible] उप्रेतीको नाति [illegible] उप्रेतीको छोरा, [illegible]
[illegible]

[illegible]

(2)

"स्व दत्ताम् पर दत्ताम् च य हरेद्वै वसुन्धराम्
षष्टि वर्ष सहस्राणी विष्टायाम् जायते कृमि"

साक्षि किनारामा लेखिएका सरर । यो सर्त बन्दिको दान पत्र मौजा शरणामति-को जिमिदारी कचहरी शरणामति-मन्दारगाढीमा बसि लेखिएको हो । इति ।

तपसिल

जग्गा र मौजा	रैती नम्बर	कित्ता नम्बर	चारकिल्ला	अर्ध	तुल	बिघा	जम्मा बिघा
प्र. नगरपुर, मौ. शरणामति	१		श्री जि. देवी प्रसाद उप्रेतीको अरिमत जग्गा मध्ये (गा.पं. शरणामति-भित्र पर्ने) जग्गा बिगाहा				८॥।०।३
		४२०	जिससे उत्तर, पूर्व, पश्चिम, पन्थापाड़ा सो दक्षिण नं.१२१/६×४२ के बिगा १२॥।०॥ मध्ये पूर्व तर्फ बार	.	.	६॥।०॥	
		४१९	निज सो उत्तर, दक्षिण, पश्चिम, पन्थापाड़ा से पूर्व नं.१२१×४२ के बिगा १२॥४०२ मध्ये पूर्व तर्फबार	.	.	१॥।४॥।३	
			जम्मा बिगहा आठ बिगहा पन्द्र कठा आठ धुर				८॥।०।३

इति सम्बत 2029 साल पौष 28 गते रोज 2 शुभम्

लिखितम अभारातको नाम- चिन्तामणी उप्रेतीको नाती रविलाल उप्रेतीको ढोरा जिल्लै पल्लो किरात तेरह थुम मान इलाका [illegible] गाउँमा जनम [illegible] जिल्लै मोरङ तर्फ [illegible] नगरपुर मौजा शरणामती बसेर वर्ष ५२ को देवीप्रसाद उप्रेती [illegible] अनेक [illegible] हरू मोरा तिरको [illegible] परिवार तपसिलका [illegible] का नाममा दर्ता भएका तपसिलका हद नम्बर [illegible] [illegible] भित्र पर्ने जग्गा मध्ये बिगाहा [illegible] - झापा जिल्ला [illegible] गा.पं. वार्ड नं ७ [illegible] स्थापित- श्री आदर्श बिरमा मन्दीर हाई स्कूलका निमित्त [illegible] स्कूलको भवन आदी निर्माण कार्यमा मात्र [illegible] निर्माण कार्य पुरा भएपछी [illegible] पन्द्र वर्ष पछी रहेमी यो [illegible] नेपाल बैंक [illegible] श्री आदर्श विद्यामन्दीर हाई स्कूलका नाममा [illegible] श्री आदर्श विद्यामन्दीर हाई स्कूल [illegible] का प्रतिनिधी २ श्री आदर्श [illegible] [illegible] श्री आदर्श विद्या मन्दीरले [illegible] गरी । [illegible] निर्माण कार्य [illegible] मन्दीरका निमित्त [illegible] । [illegible] [illegible] [illegible] परोक्ष ५ [illegible] संयुक्त हस्ताक्षर [illegible]

(2) ३)

पीठने सते बन्दीको बन्देज राखी २०२२ सालका बाली देखीलाई परिवा रा सरस्य दर्ता वाला एकलाई किनारामा एउटा राखी मेरा मनोमान सती रखुसी सँग शिक्षण संस्था दुद्धवर्भ फुलोस फलोस र मोनावरा मन्मान रवतीर श्री आदर्श विद्यामन्दिरको सस्थापकको हैसियतले विद्याम न्दीरको प्रगतीका लागी [illegible] कोष खडागर्नीनिमित्त यो राते वन्दीको दानपत्र गरी दिएको छु। लोलभको बन्देज सर्त [illegible] रहेको मेरा मानोपर्हि ले पहिले आफलाई र पछी [illegible] मात्र श्री आदर्श विद्यामन्दि रको उन्नती र प्रगतीका लागी त्यसाई कायम यो आदर्श विद्यामन्दीर ले खर्च गर्न सक्नेछ। बन्देज सर्त हद वर्तदान [illegible] दान दिएको [illegible] र [illegible] हुँदैको [illegible] कोषबाट [illegible] राखेर [illegible] दाताले फिर्ता लिन पाइने, नेपाल [illegible] राज्य भित्र दा [illegible] पा सैहरालाई [illegible] दाताका तरफबाट विनारण गरी दिने पाँचौ अधि कार म [illegible] दातासँग सुरक्षित रहने छ। यो लेखपढ गरे पछि आफ्ना ती र म [illegible] दाताका प्रतीनिधि हरु बाट सम्पत्ति कारी उल्लेखित सर्तहरु पालना हुनि गर्दै - [illegible] पर्ने छ। तोकीएको बन्देज सर्त उलंघन भएर प्राप्त यो [illegible] दान पाइने श्री आदर्श विद्यामन्दीर हाई स्कूलले यो [illegible] र [illegible] कोष समेतमा दुनियाँ [illegible] पाउने छैन।

"स्व दत्ताम् परदत्ताम् वा यो हरेत वसुन्धराम्,
षष्टी वर्ष सहस्राणी विष्टायाम जायते कृमि"

सोही किनारामा लेखीएका सदर। यो सर्त-बन्देजको दानपत्र तपसिल का मौजा हरुको जिम्मेवारी बनाई [illegible] गाउँ [illegible] तोरीयकोहो सही।

तपसिल

मौजा	तौजी नं	कित्ता नं	चारकिल्ला	कठ्ठा	धुर	बिगहा	आना बारी
प्र० नरनाथपुर मौं० मुरैठा	२७		श्री नी० देवीप्रसाद बस्नेतीको किरीफल भण्डार विगहा				१०॥।
		२३५	मार भार डिल्लीर पश्चिम [illegible] डिलार [illegible] उत्तर, दक्षिण [illegible] ३०x३०॥ [illegible] दक्षिण तर्फबाट	०	०	३॥०।	
(गा० पं० मुरैठा भित्र)		२८८	मार भार डिल्लीर पश्चिम [illegible] पूर्व दक्षिण उत्तर	२०	४०	२।	
		२८९	[illegible] पश्चिम दक्षिण, [illegible] उत्तर [illegible] पूर्व	१५/८	४०	४॥।०॥	
प्र० नरनाथपुर मौं० मुरैठा	१४२		श्रीमती पवित्रा, यमुना, नर्मदा, कुन्ती समेतको नाममध्ये विगहा				१०॥४२
(गा० पं० मुरैठा भित्र)		१९	[illegible] उत्तर, [illegible] दक्षिण, पश्चिम मुरैठा [illegible] पूर्व [illegible] ३०x१० [illegible] पूर्व तर्फबाट	०	०	१४०३	
		३	[illegible] उत्तर, [illegible] दक्षिण [illegible] पश्चिम [illegible] पूर्व	४०	१००	१०।	

मौजा	तौजी	कित्ता	चारकिल्ला	कठ्ठा	धुर	बिगहा	जम्मा बिगहा
प्र० नरनाथपुर मौं० मुरैठा		४५	[illegible] पश्चिम [illegible] पूर्व [illegible] उत्तर, [illegible] १०x३२ [illegible] पूर्व तर्फबाट	०	०	॥०	
प्र० नरनाथपुर मौं० [illegible]	५		श्री देवीप्रसाद उप्रेतीको [illegible]				३३॥०४
(गा० पं० [illegible] भित्र)		११	[illegible] पूर्व, दक्षिण, उत्तर [illegible] पश्चिम	१६	२२	११॥११२	
		१२	[illegible] पूर्व, दक्षिण, उत्तर, [illegible] पश्चिम	३०	३०	२॥०	
		१३	[illegible] पूर्व, [illegible] दक्षिण [illegible] पश्चिम उत्तर	१२२	८३	१२॥३।	
प्र० नरनाथपुर मौं० [illegible]	२६९		श्रीमती यमुनादेवी उप्रेती [illegible] विगहा				३८॥०
		१७	[illegible] पूर्व [illegible] उत्तर [illegible] पश्चिम [illegible]	४०	२०	२॥०	
(गा० पं० [illegible] भित्र)		१८	[illegible] पूर्व, [illegible] उत्तर, [illegible] पश्चिम [illegible] दक्षिण	३०	४०	४॥	
		१९	[illegible] पश्चिम [illegible] उत्तर [illegible] दक्षिण	३०	३०	३।	
		२०	[illegible] पूर्व [illegible] पश्चिम [illegible] उत्तर [illegible]	४०	३०	४९	
		२१	[illegible] पूर्व [illegible] पश्चिम [illegible]	५०	३०	९॥०	
प्र० [illegible] र मौं० [illegible]	११९		श्री देवीप्रसाद उप्रेतीका नाममा विगहा				२६॥०२
		१	[illegible] पूर्व पश्चिम, दक्षिण [illegible] उत्तर	२०	२५/८	१०॥०२	
(गा० पं० [illegible] भित्र)		२	[illegible] दक्षिण [illegible] पूर्व पश्चिम [illegible] उत्तर	२०	१५/२	[illegible]	
		३	[illegible] पूर्व पश्चिम [illegible] पूर्व [illegible] उत्तर	५	२	।१	
		४	[illegible] पूर्व, पश्चिम [illegible] दक्षिण [illegible] उत्तर	२०	२५/४	१।०२४	
		५	[illegible] पूर्व [illegible] पश्चिम, [illegible] दक्षिण उत्तर	४०/४	३०	२॥०२	
		६	[illegible] उत्तर [illegible] दक्षिण पूर्व [illegible] पश्चिम	३०	३५/८	[illegible]	
		७	[illegible] पूर्व [illegible] पश्चिम [illegible] दक्षिण	२०/८	४०	२॥४२	
		८	[illegible] पूर्व [illegible] पश्चिम [illegible] उत्तर दक्षिण	१४	८०	१२॥०१२	

इति संवत २०२१ साल पौष २८ गते रोज [illegible]

...राप का मौजा को लिखि गरी कबुली
...रणा गरी सन्दार गाद्दी गर —

मलमा श्री देवी प्रसाद उप्रेती का २०२१।८।२८ को कबुलपत्र र निवेदन मुताबिक देहायमा लेखिए बमोजिम को जग्गा दान गरी देहायका मौजा रैती नम्बर का श्री प्रणामी विद्यालय रिमले, इला काडराई बाजरा मार्फत १४॥।४॥२ जग्गा २०२२ सालदेखि मालपोत छुट गरी दर्ता गरी दिएको छ ।

(१) प्र. फाया ११६ मौजा मेड्मेडा को रै. नं. ४१ को जोताहा जगतिनाथ २०१।२०५ मध्ये दानपत्र मा चढेका जग्गा लिन जग्गा किताब बाट रगोट गरी रै. नं. ४१ मा दर्ता दाखील भए को बीगाहा — १०॥२४

(२) प्र. चम्पापुर ५८ मै मौजा सुर्देंगा को रै. नं. १४२ को जग्गा २४।२०।३ मध्ये दानपत्र मा चढेको जग्गा खारेज गरी रैती नं. ७०१ मा दाखील दर्ता भए को बीगाहा — ५।२।३ / १५॥।४॥२

देवी प्रसाद उप्रेती —

मिति २०२२।४।१५ मा —

लिखितम जग्गादाताको नाम- चिन्तामणी उप्रेतीको नाती रविलाल उप्रेतीको छोरा जिल्ला पल्लो किरात तेह्थुम माल इलाका धुंगाकाटाई इलाको रिमले गाउँमा जन्म भएको जिल्ला मोरंग नं. १ झापा इलाका प्रगन्ना नरपुर मौजा सरणमती बस्ने वर्ष ५२ को देवीप्रसाद उप्रेती आगे काज आगे अनेत्र अ... सबैलाई कैरौ कौतैं ०प्रयोगले लेखत पत्र गरी गर्दिएको मेरा हकको विराको मेरा र मेरा एकाघरका परिवार तपसिलका व्यक्तीको नाममा दर्ता भएको तपसिलका हदलम्बर किताको तपसिलका गाँउ पैकाभित भित्र पर्ने जग्गा मध्य बिगाह १५॥।४॥२ पन्ध्र बिगाहा अन्ठाइस कठा नारधुर जग्गादान गर्दिने- जिल्ला पल्लो किरात तेह्थुम माल इलाका धुंगाकाटाई को इला गा. पं. रिमले गाउँमा स्थापित श्री प्रणामी विद्यालयका निमित्त एउटा जग्गाको आफ्ना ... हरुको भवन आदी निर्माण कार्यमा मात्र खर्च गर्ने- सञ्चालन खर्चमा खर्च गर्न नपाउने- निर्माण कार्य पूरा भएपछी अर्थात आजको १५ पन्ध्र वर्ष पछी देखी यो जग्गाको आम्दानी कम नहुने गरी झापा जिल्लाको नेपाल बैंक शाखामा श्री प्रणामी विद्यालयका नाममा जग्गा दाता वा दाताका उत्तराधिकारी १-जना दाताका प्रतिनिधी २ श्री प्रणामी विद्यालय सञ्चालक समिती ले तोकेका व्यक्ती २ समेत ५ जनाको संयुक्त हस्ताक्षर द्वारा उक्त रकम जम्मा गर्ने । जम्मा भएको सँवा मुल रकम श्री प्रणामी विद्यालयले कुनै कहिले कुनै अवस्थामा पनी खर्च गर्न नपाउने गरी । खर्च गर्न नपाउने सो सँवा मुल रकमको बैंक बाट आउने ब्याज मात्र भवन आदी भौतिक साधन का लागी श्री प्रणामी विद्यालयको निमित्त खर्च गर्न पाउने । तर जग्गाको पैदावार बढाउन न्यादी ठेक्का पट्टा (मिन) मा कहीं पनि ... सम्म लाई उपरोक्त ५ व्यक्तीको संयुक्त हस्ताक्षर द्वारा ठेक्का बन्दो बस्त-

रोहु- मध्या रहनी वाल्ला पालिरोस्का सदस्य हरु —
श्री गर्ने ... छत्री वालामन ... —१
गर्ने कुन्ती देवी छत्री वालामन ... —१
श्री गर्ने नर्मदा देवी छत्री वालामन ... —१

गर्ने सम्म ... सर्त बन्दीको बन्देज गरी २०२२ सालका बाली देखी परिवारका सदस्य दर्ता बाला सबलाई किताका हक गरी गिरमिरमान र श्री स्थुली लोग शिक्षण संस्था सुद्धृढ भै फूलोस फलोस र भो प्रानना भत्ता स्वातीर श्री प्रणामी विद्यालयको सहायक रोहैसियतले विद्यालय को प्राप्ती का लागी अक्षय कोश खडा गर्न निमित्त मोहर्त बन्दीको दान पत्र गरी दिएको छु । लेखिएको बन्देज सर्त भित्र रही यो जग्गाको पहिले प... हिले आफ्ना र पछी ब्याज रकम मात्र, श्री प्रणामी विद्यालयको उन्नती र प्रगती का लागी खर्च गर्न यो प्रणामी विद्या लयले खर्च गर्न सक्नेछ । बन्देज सर्त हरु उल्लंघन गरेमा यो दान दिएको आधार बैकाए मान हे र आफ्ना अक्षय कोष को रकम समेत म आफु दाताले फिर्ता लिन सक्ने छु- नेपाल अधिराज्य भित्रका अरु शिक्षण संस्थालाई आफु दाताका तजबिजले वितरण गरी दिन पाउने अधिकार म आफु दाता तथा सुरक्षित रहनेछ । मेरा देहपछी मेरा उत्तराधिकारी र म आफु दाताका प्रतिनिधी हरु समेत माथी उल्लेखित सर्तहरु पालना हुने गर्नु गराउनु पर्नेछ । लेखिएको बन्देज सर्त उल्लंघन भएमा यो आफु दान दिएको श्री प्रणामी विद्यालय ले यो जग्गाको आफ्ना हकमा कोष ... तथा दाबी गर्न भन्न पाउने छैन ।

"स्व दत्तां पर दत्तां वा यो हरेद्‌ वसुन्धराम
षष्टि वर्ष सहस्राणी विष्टायाम जायते कृमि"

साक्षी किताका लेखीएका हदर । यो सर्त बन्दीको दानपत्र तपसिलका मौका छदै जीमदारी भई ... मा बसी लेखिएको हो । ... ।

तपसिल

प्रगन्ना र मौजा	रैती नं.	कित्तासंख्या	चारकिल्ला	...	...	बिगाहा	आ. बीगाहा
प्रगन्ना-झापा मौ. मेड्मेडा-	४१ नं.		श्री जि. देवीप्रसाद उप्रेतीको जिरायत मध्य ग्रा. पं. सरणमती भित्र पर्ने बिगाहा —				१०॥२४
		२-	माराधारले उत्तर, पातेले पश्चिम, पूर्व ...	४०	४८	३॥४॥२	
		६-	निस्ले उत्तर, तुलसी ... दक्षिण बाट दाखेले पूर्व ... पश्चिम	२६	५/६	२॥०६	
		१०१	लिखिकिलाले दक्षिण उत्तर, पश्चिम, माराधार पूर्व ... २०४८/८ ...			८॥३	
प्रगन्ना-चम्पापुर मौ. सुर्देंगा-	१४२		श्रीमती पवित्रा, यमुना, कुन्ती, नर्मदा समेत नामको जग्गा मध्य श्रीमती यमुना, कुन्ती, नर्मदा उप्रेतीका नामको जग्गा मध्ये ... भित्र पर्ने बिगाहा				५।२।३
		१२-	मुल पिरसे पश्चिम, ... पश्चिम पूर्व, तालुकासेउत्तर				

साक्षी
छत्री ... मौ. ... टोल —१
... देवीप्रसाद उप्रेती सेणाम ... —१
धनपति/प्रसाद उप्रेती सेणाम ... —१
मलनारायण मल्लिक मौ. धाई ... —१

प्रगन्ना र मौजा			चारकिल्ला		मुल	बिगाहा	जम्मा बिगा
			भारसे दक्षिण मैं १०×१२ के बिगहा ।।।१ रुपैंया पश्चिम तर्फ पार —	०	०	१७	
		११	नरबहादुर मान्छी र देवबहादुर कटुवाल समेतले पश्चिम निम्सेर पुर्व, नलबहादुर का कुरी मै र पदमबहादुर समेतले उत्तर तेल से दक्षिण —	२०	६०	३	
		५	श्यामसुन्दरसे उत्तर ढडिपार्तिसे दक्षिण, नदिडिस्रसे पश्चिम, ढडि पार्तिसे पुर्व मै २५×१५० के बी ८।२।। मध्ये पुर्व तर्फ मार	०	०	३।।।२	
			जम्मा बिगहा पन्द्रबिगहा। दश कट्ठा धुर				१५।।०।२

इतीसम्वत २०२१साल पौस २ गते रोज २ [illegible]

[illegible]

तपसिल

मौजा	रैतीम	कित्ता नं.	चारकिल्ला	अर्ज	तुल	बिगहा	जम्मा बिगहा
[illegible]	१		श्री [illegible] प्रसाद उप्रेतीका नाउको [illegible]				१००)
		२८८	[illegible] दक्षिण [illegible] तेउत्तर [illegible] पश्चिम	३२	२२	१।।।०४	
		३००	[illegible] तेदक्षिण निजसे पश्चिम पोखरी तेउत्तर निज तेपुर्व	१३६	८	१४०२	
		३०१	[illegible] तेदक्षिण पोखरी तेउत्तर निज तेपुर्व पश्चिम	३३	४	५३।०	
		३०२	[illegible] तेपश्चिम टेघाजत तेउत्तर [illegible] तेद[illegible]			११।१३	
		३०४	निज ते दक्षिण [illegible] तेपुर्व टेघाजत तेउत्तर पोखरी ते पश्चिम	२२	८।३	११।१३	
		३०५	है तेपुर्व, पोखरी ते दक्षिण टेघाजत ते [illegible]	२१।८	२०	१।१।४	
		३०७	निजसे दक्षिण उत्तर [illegible] तेपुर्व टेघाजत तेपश्चिम	१८	८	१२०४	
		३०९	है ते दक्षिण, [illegible] तेउत्तर टेघाजत ते पुर्व [illegible] ते पश्चिम	८	४	६२	
		३१०	है ते उत्तर टेघाजत तेपुर्व दक्षिण निजसे पश्चिम	६०	३१	४।।।१	
		३१२	है ते दक्षिण टेघाजत तेपुर्व पश्चिम उत्तर	३४	२६	३।४०४	
		३१४	[illegible] तेपुर्व उत्तर, दक्षिण निजसो पश्चिम	११	८	६४।।।४	
		३१६	निजसे पुर्व [illegible] सो दक्षिण पश्चिम उत्तर	४२	१३	११।२।१	
		३१७	निज सोपुर्व [illegible] सो पश्चिम [illegible] सो दक्षिण	४७	४२	७।२०४	
		३१८	[illegible] तेपुर्व [illegible] ते उत्तर [illegible]	६८।२	२७	४।।२	
		३१९	है सो पुर्व निज सो पश्चिम उत्तर टेघाजत ते दक्षिण	११७	८८	२४।४।।	
		३२२	टेघाजत तेपुर्व [illegible] ते पश्चिम उत्तर दक्षिण	६८	१७।४	१।०।४	
		४१७	टेघाजत तेउत्तर राम [illegible] ते उत्तर निज ते पश्चिम पन्था पथ ते दक्षिण पुर्व	३४	२८	१।।।३।।	
		४१८	निजसे पुर्व पश्चिम दक्षिण पन्था [illegible]	१२[illegible]	४१	१२।३।१	
		४१९	निज सो उत्तर दक्षिण पश्चिम पन्था [illegible] ते पुर्व	१२१	४३	१३।।३	
			[illegible] १२१ तुल ४२ के बि० १२।४०२ मध्ये पश्चिम तर्फबार			१०।४०४	
		४२४	[illegible] तो पुर्व निज तो उत्तर दक्षिण पश्चिम	१९	५	३४।।।	
		४२८	[illegible] ते पश्चिम [illegible] ते पुर्व दक्षिण उत्तर	४५	१७।५	१।।४।।	
		४२९	[illegible] ते पश्चिम निज से उत्तर [illegible] ते दक्षिण पुर्व	३२।५	४४।७	४।३।१	
		४३०	निज सोपुर्व दक्षिण [illegible] से उत्तर पश्चिम	४१।३	३३	४।१।०	
			जम्मा बिगहा [illegible] मात्र				१००)

लेखक — रणबहादुर राणा [illegible]

इति सम्वत २०२१ साल पौष २८ गते रोज २ शुभम्

जमिन्दार [illegible] [illegible] जिमिदार [illegible] कैलाली

आगे १।५। जिल्ला [illegible] मौजा [illegible] स्थापित [illegible] स्कूल [illegible] गरी दिएँ

[illegible] स्कूलको [illegible] निमित्त [illegible] मौजा [illegible] तपसिलका [illegible] २००९ साल [illegible] लागि [illegible] १५ [illegible] स्कूल निर्माण [illegible] होला।

तपसिल

मौजा	रैतीम	कित्ता	चौहद्दी	अर्ज	तुल	बिगहा
[illegible]		२८	पुष्पलालको दक्षिण [illegible] ते पुर्व [illegible] पश्चिम [illegible] उत्तर [illegible] (२५') चौडा भएको	११४	३०	।।४।।
						।।४।।

[illegible] मात्र

इति सम्वत २००९ साल कार्तिक १ गते रोज ३

निमित्त [illegible] देवीप्रसाद [illegible] जिमीदारी [illegible] पैताउन्या [illegible]

आफ्नै पूर्वपत्नी [illegible] मनकुरा जिल्ला [illegible] मौजामा स्थापित – श्रीप्रणामी विद्या [illegible] पूर्जि

उप्रान्त – उपरोक्त विद्यालयको आर्थिक स्थिती मजबुत पारी शिक्षण संस्थाको [illegible] विद्यार्थी वर्गमा ज्ञान [illegible] गराउनु आफ्नो कर्तव्य [illegible] मोहीयानी [illegible] जिल्ला प्रगन्ना [illegible] मौजा [illegible] जिमिदारी तालुक [illegible] आएको [illegible] सम्पती तपसिलका हद नंम्बर [illegible] विगहा १०।।।।२ [illegible] विद्यालय संस्थापकको [illegible] पालना गर्नुपर्ने [illegible] गतै २०९२ साल [illegible] दानपत्र स्वरूप [illegible] [illegible] विद्यालय [illegible] १५ [illegible] परिणत [illegible] विद्यालयलाई [illegible] सुरक्षित राखीएको [illegible] जानकारी गराईन्छ। [illegible] श्रीप्रणामी विद्यालयको उत्तरोत्तर उन्नती [illegible] सम्पती [illegible] विद्यालय संचालक [illegible] सुरक्षित राखी [illegible] पालना गर्दै गराउनु [illegible]। [illegible]

तपसिल

प्रगन्ना र मौजा	रैती नं	कित्ता नम्बर	चारकिल्ला	बिघा	कट्ठा	किराहा
प्रगन्ना [illegible] [illegible]		९–	पहलमानको उत्तर, दक्षिण, [illegible] पश्चिम लाल [illegible] पूर्व	१।०७	५	३।२।१
		१२–	पहलमान [illegible] उत्तर दक्षिण, [illegible] पश्चिम लाल [illegible] पूर्व	१।०३	५	२।२।१

प्रगन्ना र मौजा	रैती नं	कित्ता नं	चारकिल्ला	बिघा	कट्ठा	किराहा
प्रगन्ना [illegible] [illegible]		१५–	[illegible] उत्तर, [illegible] पश्चिम [illegible] पूर्व [illegible] दक्षिण	१२१	६	३।२।२
		१०–	[illegible] उत्तर, [illegible] पश्चिम [illegible] पूर्व [illegible] दक्षिण	१।०२	११	३।।।३।२
		३–	[illegible] दक्षिण [illegible] पश्चिम [illegible] उत्तर, [illegible] पूर्व	३२	६	११।०।६
			जम्मा [illegible]			१०।।।१।।२

इती संम्वत २०९२ साल [illegible] ४ [illegible]

श्री

नम्बर ८०६

मिति-२०१८।१२।१८

श्री जिमिन्दार देवी प्रसाद उप्रेतीका जिमिन्दारी कचहरी घैलाडुब्बा झाँपा बाट

आगे पूर्व पल्लो किराँत धनकुटा जिल्ला तेह्रथुम माल इनाका थुम आठराईको चौहानडाँडा गाउँमा स्थपित- श्री शारदा पुस्तकालय के पट्टा पूर्जी ——

उप्रान्त मिरपालय रहेका ठाउँको पुस्तकालयले आर्थिक क्षमता बढाउन शक्ता आफ्नो स्थिति मजबूत पारी विद्यार्थि वर्ग र अन्य सर्व साधारणको सेवा पुऱ्याउन शक्तोछो भन्ने धारणा बन्न गएको ले मेरो जिमिदारी भित्र झाँपा जिल्ला प्रगन्ना चम्पापुर मौजा सुरुङ्गाको मैले शिक्षण संस्थाका लागी अवाद गराएका जग्गा मध्ये तपसिलका हदै सुन्दरको कित्ता १०) दश जग्गा २०१४ सालका साली देखिलाई दर्ता गर्ने गरी श्रेस्तामा चढाई, जुन सो पाउनेले पालना गर्नु पर्ने केही के.देज सर्तहरू राखी जग्गाको दानपत्र स्वरूप यो पट्टा पूर्जी गरी दिएको छ। जग्गाको आमस्ताले साल सालको मालपोत चाम दायम मा बुझाई, बाँकी आयस्ता प्रथम निर्माण कार्यमा र द्वितिय पुस्तकादि सामाग्री (शैक्षणिक) जुटाउने काममा खर्च गर्नु होला। आजका १५ पन्द्र वर्ष पछि देखिको आमस्ता खर्च नगरी, सँवा मा परिणत गरी नगरी सावाँ नमासिने गरी, व्याज मात्र स्थायि काममा खर्च गर्नु गराउनु। तलब भत्ता मा खर्च नगर्नु। सालको आयस्ताले गरिएका कामको विवरण वर्षको अन्तिममा जग्गा दातालाई जानकारी दिनु होला। पुस्तकालयको उत्तरोत्तर उन्नति वृद्धि र प्रगतिको कामना राख्दै, प्रदान गरिएको सम्पत्ति जग्गा, पुस्तकालय संचालक समितिले अविच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरू पालना गर्नु गराउनु हुने छ। इति।

तपसिल

प्रगन्ना र मौजा ——	रैति नम्बर	कित्ता नम्बर	जग्गाको चारकिल्ला ——	अर्ध जं.	तुल जं.	बिघा
प्र. चम्पापुर मौजा सुरुङ्गा	.	२७	जय बहादुर को दक्षिण, जमिनदार तालुक सो उत्तर फेवाराम सो पश्चिम, शारदा हाईस्कुल से पूर्व	४०	१००	१०)
			जम्मा बिघा दश मात्र।			

इति सम्वत २०१४ साल ज्येष्ठ ८ गते रोज २ शुभम्

नं.-२०१४।१२।१८

श्री जिमिदार देवीप्रसाद उप्रेतीका जिमिदारी कचहरी घैलाडुब्बा (झाँपा) बाट -

आगे पूर्व पल्लो किराँत धनकुटा जिल्ला तेह्रथुम माल इनाका थुम आठराई ... ना सिम्ले गाउँमा स्थापित - श्री प्रजामी विद्यालयके पट्टा पुर्जी - —

उप्रान्त उपरोक्त विद्यालयको आर्थिक स्थिती मजबुत पारी शिक्षण संस्था अगाडि बढ्ने यसलाई विद्यार्थि वर्गमा ज्ञान आर्जन गराउनु आफ्नो कर्तव्य सम्झी मेरो जिमिदारी भित्र झापा जिल्ला प्रगन्ना नगर घर मौजा सिन्दुर बढोको मेरो जिमिदारी ... मुद्दीमा पर्न आएको मेरा हक भोग तिराको सम्पत्ती तपसिलका हद नम्बर कित्ताको ... ६।११.८१ बिघा एक कठा ... धुर ..., विद्यालय संस्थापकको नातेले ... उने संस्थाले पालना गर्नु पर्ने केही बन्देज सर्तहरु राखी २०१४ सालका साली देखी लाई त्यसको दान पत्र स्वरूप यो पट्टा पुर्जि गरी दिएको छ। त्यसको आयस्ताले साल सालको मालपोत चाम ... बुझाई बाँकी आयस्ताले विद्यालय निर्माण गरी संचालन गर्नू। आजका १५ पन्द्र वर्ष पछी देखीको जो त्यसको आयस्ता खर्च नगरी सँवा मा परिणत गरी नगदी जैथा नासिने नमासीने गरी ... रकम बैंकमा जम्मा खातामा राखी त्यसको ब्याज मात्र निर्माण कार्यमा खर्च गर्नु तलब भत्ता आदी कामका खर्च नगर्नू। सालको आयस्ताले गरिएका कामको विवरण वर्षको अन्तीमा जग्गा दातालाई जानकारी दिनु होला र ... नु पर्दा जग्गा दाता वा दाताको प्रतिनिधीको ... हुनु पर्ने छ। उपरोक्त ... न्दी ... जग्गा र आयस्ता ... दुरुपयोग ... गर्न पाउने जग्गा धनी अधिकार जग्गा दाताको सुरक्षित राखीएको छ। अत श्री प्रजामी विद्यालयको उत्तरोत्तर उन्नति वृद्धि र प्रगतिको कामना राख्दै प्रदान गरिएको सम्पत्ती जग्गा विद्यालय संचालक समिती ले अविच्छिन्न सुरक्षित राखी उक्त बन्देज सर्तहरू पालना गर्नु गराउनु होला।

तपसिल

प्रगन्ना र मौजा —	रैती नं.	कित्ता नं.	चारकिल्ला ——	अर्ध	तुल	बिघा
प्र. नगरघर मौ. सिन्दुर मुद्दी		२२-	... दक्षिण, ... पश्चिम, ... पूर्व ... उत्तर	.	.	१।११२
		२३-	... पश्चिम ... उत्तर ... पूर्व	१८	१४	१२.४
		२४	... पश्चिम ... उत्तर ... पूर्व ... दक्षिण	६	२	८।१२

प्रगन्ना र मौजा	रैतीनं.	कित्ता नं.	चारकिल्ला	अंई	धुर	विगहा
पु० नम्बर, मौ० फिनुवारी		२६	सडकको पश्चिम निस्का घरभिडाले दक्षिण निज कित्ताले उत्तर पूर्व	५	५	०।१।
		२७	सडकको पश्चिम ... पूर्व घरभिडा ... निस्का घरले उत्तर	३	६	८।।।२
		२८	सडकले पश्चिम ... घरले उत्तर निस्की ... पूर्व ... दक्षिण	६	२	०।।२
		२९	घरभिडाले पश्चिम निजकित्ताले उत्तर ... दक्षिण निस्केको पूर्व ... २७/३×११ ... १।०।। ...	०	०	।।०।।१
		३१	धन्नरले पूर्व, निजकित्ताले पश्चिम उत्तर ... दक्षिण	३५	३३	२।।।२।।।
			जम्मा विगहा ६ विगहा ... मात्र		—	६।१।।

इतीसम्वत २०१४ साल जेष्ठ ७ गते रोज २ ...

र.नं. ३८४ ... मिति-२०१८।२।१०।...

जमिन्दार देवीप्रसाद क्षत्रीका जमिन्दारी कलहरी ... धौंपा बाट

आगे पूर्व पल्लो किरात धनकुटा जिल्ला तेह्रथुम माल ... हरदैको ... औंखा स्थापित श्री सगरमाथा हाई स्कूलका संस्थापक सदस्य हैं ... श्री ... प्रसाद क्षत्री ... हाई स्कूलका निमित्त ... जिल्ला ... मौजा ... प्रकार ... विगहा ६) को ... दान दिने इच्छा छ। ... विद्यालय भवन ग्राउण्ड ... कार्य पुराउँ ... आफ्ना ... गरी ... मात्र ... खर्च ... खडा गर्ने उद्देश्यले ... दान दिएको छु। ... दर्ता ... दाखिल खारेज गर्न ... दान दिनु ... विगहा-६) ... श्री सगरमाथा हाई स्कूल ... आठराई का नाममा २०१४ सालका ... दर्ता गर्ने ... गरिदिएको छु। ... इच्छानुसार निर्माण ... विद्यालयका नाममा खडा गर्नु ... शिक्षण संस्थाको आर्थिक स्थिती मजबुत ... संचालक समितीले ... पुऱ्याउनु ... स्वाइ राखेको छु।

तपसिल

मौ० रै० नं. रैती नं.	कि. नं.	चारकिल्ला	अंई-धुर-विगहा
४८ नं. मौ० ...	१७	जमिन्दार ... उत्तर ... दक्षिण ... पूर्व	४०×६०= ६)

जम्मा ... विगहा ६) मात्र

इतीसम्वत २०१४ साल वैशाख २९ गते रोज ७ ...

श्री

दर्ता नम्बर — ५५४
मिति २०१४।१।१४

श्री जिमिन्दार देवीप्रसाद उप्रेतीका जमिन्दारी कचहरी
धैलाडुब्बा – झापा बाट

आगे इलाम जिल्लाको सौँगारुम्मा गाउँमा स्थापित श्री सौँगारुम्मा स्कूल सञ्चालक समितीका सदस्य हैं बहेर श्री मोहनब हादुर राईले के पत्र पुर्जि – उप्रान्त स्कूलका निमित्त स्थायी आय स्नाको लागी झापा जिल्ला प्रगन्ना नम्पापुर मौजा बुढबुढी भित्रको पर्ति जग्गा बाट केही जग्गा पाउँ भनी दर्खास्त गर्नु भएको । विचार गर्दा शिक्षा संस्था लाई जग्गा स्थायी आयस्था गराउन सकता रुपाई उल्लेखनी कायम हुन सक्नेले तपसिलका चारकिल्ला भित्रको विगहा २।०।० (दुई विगहा दस कठ्ठा पाँच धुर) जग्गा श्री सौँगारुम्मा स्कूल सौँगारुम्मा इलाम का नाममा दर्ता गर्ने गरी यो पत्र प्रदान गरी दिएको छ । प्रसैसालका मा लोकिली जग्गा अङ्कार गरी जग्गा बाट आएको आम्दानीले २०१५ साल देखी लागी दर्तापके निरोमासलपोत साल बसाल जिमिन्दार मार्फत बुझाई बाँकी आम्दानीले विद्यालय भवन निर्माण कार्यमा मात्र लगाउनु होला । निर्माण कार्य पुरा भएपछी अथवा – १० वर्ष पछी देखी सो आम्दानी स्थाई कोस खडा गरी पुँजी एकत्र गरी बैंकको ब्याज मात्र संस्था ई काममा खर्च गर्नु हुनेछ । — — — —

तपसिल

मौजाको नाम -	रैतीं -	कित्ता नं -	चारकिल्ला	अर्द -	कुल -	बिगहा
प्रगन्ना मौजा बुढबुढी -		१०३ -	श्री कृष्ण उप्रेतीको पश्चिम उत्तर कनकाई खोलाले पूर्व सागरको लगत जग्गा देखी दक्षिण —	६७×९५ = २।०।०		

जम्मा दुई विगहा दस कठ्ठा पाँच धुर मात्र ।

इतिसम्वत २०१५ साल बैशाख २५ गते रोज ४ शुभम्

प्रतिलिपि

२५—१।५१

श्री

श्री जिमिन्दार देवीप्रसाद उप्रेतीका जिमिन्दारी कचहरी
मौजा गढ गरामनी, प्र. नजरपुर, झापा बाट —

आगे झापा जिल्ला प्रगन्ना नजरपुर मौजा गढ गरामनी मा संचालित श्री आदर्श विद्या मन्दिर के पत्र पुर्जी — — — —

उप्रान्त यो विद्या मन्दिर, 'धैलाडुब्बा स्कूल' का नामले २००८ साल बैशाख १ गते सुरु भएको । तर विचमा २ वर्ष बन्द भै पुनः चालु गराई २०१४ साल पौष १ गते देखी 'श्री आदर्श विद्या मन्दिर' नाम करण गरी निजी प्रयत्नमा संचालन गरिएको, सो विद्या मन्दिर बनाउने स्थानको नितान्त आवश्यक परेको ले मेरो जिमिन्दारी भित्र झापा जिल्ला प्रगन्ना नजरपुर मौजा गढ सिन्धुर मुखीको जिमिनदार तालुक पर्ने आएको मेरो हक भोग तर्फको तपसिलका हद नम्बरको बिघा ४।२।।१ चार बिघा सात कठ्ठा श्यार धुर जग्गा श्री आदर्श विद्या मन्दिर भव निर्माण गर्न र खेलकुदको मैदान, शिक्षक निवास, छात्रावास, पुस्तकालय, भोजनालय आदि कामको लागी २०१४ सालके जाति देखीलाई अग्रिम दानपत्र स्वरूप यो पत्र पुर्जी गरी दिएको छ । साल बसाल विद्या मंदिरले मालपोत तिरी, तेखिसका चार किल्ला भित्रको जग्गा आफ्ना हक चलनमा कायम राखी स्कूलको लागी आवश्यकिय भवन आदि बनाउनु, खेलकुदको मैदान सुरक्षित राख्नु । कुनै पनि भद्र भलादमीले व्यक्तिगत घरडार बनाउन, नपाउन भनाही गरिएको छ । जग्गा विद्यालयले अनादिकाल भोग चलन गर्नु भनी संचालक समितिका अध्यक्ष श्री कृष्ण बहादुर खत्री तथा सदस्य सचिव श्री टेकनारायण सिंह राजवंशी मार्फत श्री आदर्श विद्या मंदिर लाई प्रदान गरीयो ।

तपसिल

प्रगन्ना र मौजा को नाम —	रैती नं.	कित्ता नं.	जग्गाको चारकिल्ला — —	अर्ध कुल बिघा
प्र. नजरपुर मौ. गा. सिन्धुरपुखी	०	- २९ -	घरभित्ता सो पश्चिम, निज कित्ता सो उत्तर, बहुर सो दक्षिण, निजसो पूर्व, आदि नं. ३७।२ रात, कुल नं. ११ को बिघा ६।।१ मध्ये पश्चिम तर्फबाट — —	।।०
	०	- १० -	निज कित्ता सो दक्षिण, धनबर सो पूर्व, सडक सो पश्चिम - उत्तर — —	४७×३३ = ३।।२।।
			जम्मा चार बिघा सात कठ्ठा श्यार धुर मात्र —	४।२।।१

इति सम्वत २०१५ साल बैशाख २५ गते रोज ४ शुभम् —

श्री नम्बर — ५५३.
मिति-२०१६।३।२१।५

श्री जिमिन्दार देवीप्रसाद उप्रेतीको जमिन्दारी कचहरी
धैलाडुब्बा- झाँपा बार

आगे इलाम जिल्लाको साँगरुम्मा गाउँमा स्थापित श्री साँगरुम्मा स्कूल सञ्चालक समितीका सदस्य ऐ बस्ने श्री मोहनबहादुर राईले के पत्र पुर्जि- उप्रान्त स्कूलका निमित्त स्थायी आयस्ताको लागी झाँपा जिल्ला प्रगन्ना चम्पापुर मौजा सुरुङ्गा मित्रको पर्ति जग्गाबाट केही जग्गा पाउँ भनी दर्खास्त गर्नु भएको । विचार गर्दा शिक्षा संस्था लाई जग्गा स्थिर आयस्ता गराउन सक्ता स्थाई आयस्ता कायम हुने हुनाले तपसिलका चारकिल्ला भित्रको बिगहा २।।०।(दुई बिगहा दस कठ्ठा पाँच धुर) जग्गा श्री साँगरुम्मा स्कूल साँगरुम्मा इलामका नाममा दर्ता गर्ने गरी यो पत्र पुर्जि गरी दिएको छ । यसै सालका कबुलियती जग्गा अबाद गरी जग्गाबाट आएको आयस्ताले २०१५ साल देखी लागु दस्तुर तिरो मालपोत साल बसाल जिमिन्दार मार्फत बुझाई बाँकी आयस्ताले विद्यालय भवन निर्माण कार्यमा मात्र लगाउनु होला । निर्माण कार्य पुरा भएपछी अथवा १० वर्ष पछी देखी सो आयस्ता स्थाई कोष खडा गरी पुँजी एकत्र गरी बैंकको ब्याज मात्र सोही कामका खर्च गर्नु हुनेछ ।

तपसिल

मौजाको नाम	रैती	कित्ता	चारकिल्ला	अर्द	तुल	बिगहा
४ न्नं मौ. सुरुङ्गा		१०३	श्री कृष्ण उप्रेतीसे पश्चिम उत्तर कनकाई जिल्ले पुर्व साटोसे जग्गा देखी दक्षिण	६७	४१५	२।।०।

जम्मा दुई बिगहा दसकठ्ठा पाँच धुर मात्र ।

इतीसम्वत २०१५ साल बैसाख २५ गते रोज ७ शुभम्

श्री जिमिन्दार देवीप्रसाद उप्रेतीको जिमिदारी कचहरी धैलाडुब्बा, झाँपा बार -।

आगे झाँपा जिल्ला अनामनगर बिर्तामोड़ बाहादुर मा स्थापित- श्री महेन्द्र प्राथमिक पाठशाला के पत्र पुर्जि ।

उप्रान्त- यो पाठशालाको आर्थिक स्थित मजबुत पार्न विद्यालय संचालकको लागी स्थायी आयस्ता मिल्ने यो कर्तव्य छ र येस जिमिदारी भित्र झाँपा जिल्ला प्रगन्ना पिपरा मौजा दुहागढी अनामनगर को तपसिलका दर नंम्बरको बिगहा १०।। झाडी पर्ति बिगहा मा २०१७ सालमा वालोदेखी लाई उत जग्गा गरी भोग्न पाउने, जग्गा दर्ता गर्न बक्सले जम्मा गर्नु भै केही वन्देज छैन छ । राखी जग्गाको दर्ता स्वरुप यो पत्र पुर्जि गरी दिएको छ । जग्गाको आयस्ताले तिरो मालपोत माफ रैकर बुझाई बाँकी बचेको आयस्ताले पाठशाला निर्माण कार्य गराउनु होला । आजका १५ पन्ध्र वर्ष पछी देखी सो जग्गाको आयस्ताको लागी लौका पुजी कहिल्यै नराखी गरी ब्याज मात्र स्थाई कामका खर्च गर्नु गराउनु । तलब, मसलन्द आदी मा खर्च गर्नु । साल सालको आयस्ताको हिसाबको विवरण वर्ष को अन्त्यमा जग्गा दाता लाई जानकारी दिनु होला । श्री महेन्द्र प्राथमिक पाठशाला, अनामनगर, झाँपाको उत्तरोत्तर उन्नति र प्रगतीको कामना राख्दै प्रदान गरीएको संपती यो जग्गा पाठशाला ले अवादिक प्रेसमित राखी उपरोक्त बन्देज सर्त हरु पालना गर्नु गराउनु होला इति ।

तपसिल

प्रगन्ना र मौजाको नाम	रैती	कित्ता	चारकिल्ला	अर्द	तुल	बिगहा
प्र. पिपरा मौ. दुहागढी अनामनगर		८२	लक्ष्मण राई रामजीसिंह फौम उत्तर हडहले दक्षिण, कहीलो पूर्व, निर झाडी मलेसे पश्चिम	१६०	३०	१०।।
			जम्मा बिगहा साडे दस मात्र			१०।।
इती सम्वत २०१७ साल श्रावण ३० गतेरोज १ शुभम्						
						५४१

श्री मिमित्तार देवीप्रसाद उप्रेतीका जिम्दारी कचहरी पैलाउवा बोधा मा:।

आफ्ना जिल्ला पल्लो किरात धनकुटा तेह्रथुम मालईलाका थुम आठराईको ... दान डाड़ा मा स्थापित- श्री विरेन्द्र कलेजके पटा पूर्जि-।

उप्रान्त उक्त शिक्षा समको आर्थिक स्थीती मजबुत गराएर विद्यार्थि वर्गमा ज्ञान ... गराउनु आफ्नो कर्तव्य हो। यो जिम्दारीमा श्री ५ बाँधा जिल्ला प्रमाला फिराद पोस्कर मौजा हुइ ... तपसिलका ६६ नम्बरको किता १४ पन्ध्र किता ... २०१८ सालका जालीरेवी नाई दर्ता जिम्मा गरी ... दान प्राप्त गर्ने संस्थाले पालना गर्नुपर्ने केही बन्देज लर्त छ ... दान पत्र ... पुर्जि गरी दिइएको छ। समाजो आमदानी ले हाल हालको मलपोत ... उठाई, बाँकी रहेको आम्दानीले संस्थाको निर्माण कार्य गराउनु होला। आम्दा १२ पन्ध्र वर्ष पछी देवीलाई ... को आम्दानी खर्च लागी ... मूल पुर्जीमा परिभाषित गरी ... पूँजी ... नमाली गरी ब्याज मात्र स्थाई कायम खर्च गर्नु गराउनु होला। तत्व ... स्थलान्तर ... खर्च लागू। ... आम्दानीले गरिएको कामको विवरण वर्ष को अन्तमा ... दाता लाई अनिवारी दिनेछौ। श्री विरेन्द्र कलेज ... राई को उत्तरोत्तर उन्नती वृध्दी र प्रगतीको कामना गर्दै ... सम्पती आफ्ना, ... समितीले आवादिक सुरक्षीत राख्न उपरोक्त बन्देज लर्त छ पालना गर्नु गराउनु होला। इति -।

तपसिल

शालाकोटको नाम	रैती नं	कित्ता नं	चारकिल्ला	अर्द	धुर	जिरा
मौ. फिराद पोस्कर मौ. पुरुवाबपो		८०	बदनिधिका पैसीले पश्चिम उत्तर सँधूले दक्षिण हालीले पूर्व	३०	४०	६।
		८१	हालीले पूर्व ... पश्चिम त्रिमोहनले दक्षिण ... उत्तर	८०	४५	५।
			जम्मा बिघा चार मात्र			१४।

इति सम्वत् २०१५ साल फागुन ३० गते रोज १

श्री मिमित्तार देवीप्रसाद उप्रेतीका जिम्दारी कचहरी पैला हुवा बोधा मा:।

आफ्ना जिल्ला पल्लो किरात धनकुटा तेह्रथुम ... ईलाका थुम आठराईको ... बजार ... तापक्षीमा स्थापित- श्री त्रिमोहन हाई स्कुल के पटा पूर्जि।

उप्रान्त विद्या लग्ने आर्थिक स्थिती मजबुत पार्नु छन् विद्या विना ज्ञान ... गाउँले बाम्मा ... कुरीतिहो ... धारणा बन्न नहुँदा ... यो जिम्दारी श्री ५ बाँधा जिल्ला प्रमाला फिराद पोस्कर मौजा हुइ ... तपसिलका हद नम्बरको ... पारेकम ... २०१८ सालका ... गरी ... ले पालना गर्नुपर्ने केही बन्देज लर्त छ ... पुर्जि दिइएको छ। आम्दानीले ... उठाई बाँकी आम्दानीले विद्यालयको निर्माण कार्य खर्च गर्नु होला। आम्दा १२ पन्ध्र वर्ष पछी ... आम्दानी खर्च लागी ... मासिने गरी ब्याज मात्र स्थाई कायम खर्च गर्नु गराउनु। तत्व ... खर्च नगर्नू। ... आम्दानीले गरिएको कामको विवरण वर्ष को अन्तमा ... दाता लाई ... दिनु होला। यो श्री त्रिमोहन हाई स्कुल ... को उत्तरोत्तर उन्नती, वृध्दी र प्रगती को कामना गर्दै ... सम्पती आफ्ना विद्यालय ... समितीले आवादिक सुरक्षित राखी उपरोक्त बन्देज लर्त छ पालना गर्नु गराउनु होला।

तपसिल

शालाकोटको नाम	रैती नं	कित्ता नं	चारकिल्ला	अर्द	धुर	जिरा
मौ. फिराद पोस्कर मौ. पुरुवाबपो		८८	देवा पैसीले पूर्व ... दक्षिण ... उत्तर	५०	१२	३आना
		८९	सडकले दक्षिण विरेन्द्र कलेजले उत्तर ... पूर्व ... ले पश्चिम	८०	१२	४।
			जम्मा बिघा ...			१आना

इति सम्वत् २०१५ साल फागुन ३० गते रोज १

र. खा. दै. नं. २ मा
मिति- २०२२।२।१।२ मा

संयुक्त स्कूल समिति
कोयलबास, कसरा
दर्ता नं० ९८
२०२२-२-२५-मा

श्री जिमिन्दार देवीप्रसाद बझेतीको जिमिदारी मनहरी मौजा नागरुपना आफ नाइ

आगे झापा जिल्ला धुलाबारी लक्ष्मीपुर गाउँ पञ्चायत वडा नं. मा स्थापित - श्रीकुल निवारे निःशुल्क प्राथमिक पाठशाला प्रति पुर्‍याई दिएँ —

उप्रान्त उपरोक्त विद्यालयको आर्थिक स्थिति मजबुत पारी शिक्षा संस्था अबाधित पले भलाई विद्यार्थीहरूमा ज्ञान आर्जन गराउनु आफ्नो कर्तव्य ठानी मेरो जिमिदारी भित्र झापा जिल्ला झापा मौजा भित्र मेरो जिमिदारीको लगतमा दर्ता भएको मेरा हक भोग चलनको सम्पत्ती तपसिल बमोजिम ३।१।४ तीन बिगाहा एक कट्ठा नौ धुर मात्र - मात्र पाउने संस्था सेवामा पठाउने हेतुले तत्काल सालबसाली दर्ता गराउनु २०२२ सालका यस लिखितमा भएको सम्पत्ती उक्त पाठशाला ...

मेरा आफ्नो खुशी राजीले दिएको छु। म र मेरा अंश हकवालाले ... पालपोस गर्ने निर्णय गरी सञ्चालन गर्नु होला ... वर्ष पछि देखि यो भूमि वा आम्दानी खर्च गरी सौँपाई परिणत गराई सारी सौँपा कहिल्यै नमासिने गरी मूल पुँजी कायम गर्नु। र त्योरकम झापा जिल्लाको नेपाल बैंक मा मुद्दती खातामा राखी त्यसको ब्याजबाट निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदि काममा खर्च नगर्नु। सालको आम्दानी गरी एका कामको हिसाब वर्ष को अन्तिममा ... लाई ... गरी दिनु होला रकम बैंकबाट झिक्ने सम्बन्धमा ... ३ जना हस्ताक्षर गर्ने प्रतिनिधि १ र विद्यालयको प्रतिनिधी १ समेत ३ व्यक्ति द्वारा बैंकको खाता सञ्चालन गर्ने गराउनु पर्ने छ। त्यस प्रकार गाडेर रकम पनी उक्त ३ तिन जनाको दोहरो दस्तखत द्वारा गराउनु होला। उपरोक्त बन्देज शर्तहरू उल्लंघन भएमा यो म र मेरो अंशयारो हकवाला ... अनेका भई विद्यालय लाई म र दाताका तर्फबाट फिर्ता गरी दिन पाउने हक अधिकार मलाई सुरक्षित रहनेछ। अतः श्री अनिवार्य निःशुल्क प्राथमिक पाठशाला को उत्तरोत्तर उन्नती वृद्धी प्रगती हो कामना राखी प्रदान गरिएको सम्पत्ती म्या पाठशाला सञ्चालक समितीले अचल सुरक्षित राखी उपरोक्त बन्देज शर्त हरू पालना गरी पाठशाला सञ्चालन गर्नु गराउनु होला।

तपसिल

प्रगन्ना र मौजा	रैती नम्बर	कित्ता नम्बर	चारकिल्ला	अर्द	धुर	बिगाहा
प्रगन्ना झापा मौजा मझेरा		४	निम्ने उत्तर पत्ताभाडा, पश्चिमसे पाईको दक्षिण निम्नो पूर्व भर्र मौ ४३/२ धुन मौ ५८ कोमामा भारत	•	•	३।१।४
			जम्मा बिगाहा बिन बिगाहा एक कट्ठा नौ धुर मात्र	—		३।१।४
इति सम्वत	२०२२		साल जेष्ठ १ गते रोज ६			

५५

र. खा. रैती नं. ११८ मा।
मिति- २०२२।२।२।७ मा

संयुक्त स्कूल समिति
कोयलबास, कसरा
दर्ता नं० ९९
२०२२-२-२५-मा

श्री जिमिन्दार देवीप्रसाद बझेतीको जिमिनारी मनहरी मौजा नागरुपना आफ नाइ

आगे झापा जिल्ला धुलाबारी लक्ष्मीपुर गाउँ पञ्चायत वडा नं. ... तुलसी गोर्खाली पिपल — श्री अनिवार्य निःशुल्क प्राथमिक पाठशाला कुमारी मा पुर्‍याई दिएँ —

उप्रान्त उपरोक्त विद्यालयको आर्थिक स्थिती मजबुत पारी शिक्षण संस्था अबाधित रूपले चलाई विद्यार्थीहरूमा ज्ञान आर्जन गराउनु आफ्नो कर्तव्य ठानी मेरो जिमीदारी भित्र झापा जिल्ला प्रगन्ना झापा मौजा कुमारीको जिमिदार लगतमा दर्ता भएको मेरा हक भोग चलनको सम्पत्ती तपसिलका हद नम्बर कित्ताको ... दश ... आठ कट्ठा मात्र - मात्र पाउने संस्थाले पालना गर्नु पर्ने तपसिल बन्देज शर्त हरू राखी २०२२ सालका यस लिखितमा भएको सम्पत्ती उक्त पाठशाला ... यस लिखतको आफ्नो खुशी राजीले दिएको छु। सोको आम्दानीले साल सालको मालपोत पाउमहसूल आदि बाकी भएमा विद्यालय निर्माण गरी सञ्चालन गर्नु होला। ... वर्ष पछि देखिको आम्दानी खर्च गरी सौँपाई परिणत गरी त्यो सौँपा कहिल्यै नमासिने गरी मूल पुँजी कायम गर्नु। र त्यो रकम झापा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा राखी त्यसको ब्याजबाट मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदि काममा खर्च नगर्नु। सालको आम्दानी गरी एका कामको हिसाब वर्ष को अन्तिममा ... गरी दिनु होला। रकम बैंकबाट झिक्ने सम्बन्धमा दाता वा दाताको हकवाला १ जना दाताको प्रतिनिधी १ र विद्यालयको प्रतिनिधी १ समेत ३ व्यक्ति द्वारा बैंकको खाता सञ्चालन गर्ने गराउनु पर्नेछ। त्यस प्रकार गाडेर रकम पनी उक्त ३ तिन जनाको दोहरो दस्तखत द्वारा गराउनु होला। उपरोक्त शर्त बन्देजहरू उल्लंघन भएमा यो म र मेरो अंशयारो हकवाला ... अनेका भई विद्यालय लाई म वा दाताका तर्फबाट फिर्ता गरी दिन पाउने हक अधिकार मलाई सुरक्षित रहनेछ। अतः श्री अनिवार्य निःशुल्क प्राथमिक पाठशाला कुमारी को उत्तरोत्तर उन्नती वृद्धी र प्रगतीको कामना राखी प्रदान गरिएको सम्पत्ती म्या पाठशाला सञ्चालक समितीले अचल सुरक्षित राखी उपरोक्त बन्देज शर्त हरू पालना गरी पाठशाला सञ्चालन गर्नु गराउनु होला।

तपसिल

प्रगन्ना र मौजा	रैती नम्बर	कित्ता नम्बर	चारकिल्ला	अर्द	धुर	बिगाहा
प्रगन्ना झापा मौजा कुमारी		८	राजन प्रसादको उत्तर, लोकिप्रसाद देवकोटा डिल्लीराम ढकालको पश्चिम बालुवाको पूर्व	१२५	३०	८।२।।
			जम्मा बिगाहा आठ कट्ठा दश धुर मात्र		—	
इति सम्वत	२०२२		साल जेष्ठ २ गते रोज ७ मा			

र.जि.का. र.नं. मौजा धाप्पामी ह.नं. १०६
मिति २०२२।२।१०
कि. २१४।११२
र. ८२ नं. मौजा ... मी ह.नं. १२
मिति २०२२।२।१०
कि. ५२
र. ७४ नं. मौजा बैलागुरा मी ह.नं. २८४
मिति २०२२।२।१०
कि. ४।११३

श्री
२१
... स्कूल समिति ...
दर्ता नं. २९
२०२२.२.२५

जिमिदार देवीप्रसाद उप्रेतीका जिमिदारी कचहरी ... महाराजगंज मा ...

आगे- झापा जिल्ला प्रगन्ना नारदपुर मौजा बैलाबुना गा.पं. वडा नं. ७ मा स्थापित- श्री आदर्श विद्या मन्दीर हाईस्कूलके पट्टा पुर्जि।

उप्रान्त यस आदर्श विद्या मन्दीर हाई स्कूलको आर्थिक स्थीती मजबुत पारी शिक्षण संस्था अधिक उपले बनाई विद्यार्थि वर्गमा ज्ञान आर्जन गराउनु मेरो कर्तव्य ठान्दै मेरो जिमिदारी भित्र झापा जिल्ला प्रगन्ना नारदपुरको तपसिलका मौजा हदका मेरो जिमिदारी तालुक पर्ने आफ्नो हक भोग तिराको मेरो सम्पत्ती तपसिलका हद नम्बरको विगहा [illegible] जग्गा विद्यालय संस्थापक तथा संरक्षक को नाताले जग्गा पाउने संस्थाले पालना गर्नु पर्ने केही बन्देज सर्तहरु राखी २०२१ सालदेखि थाली जग्गाको दान पत्र स्वरुप यो पट्टा पुर्जि गरी दिएको छ। जग्गाको आम्दानीले सालसालको मालपोत बाहेक बैंकमा बुझाई बाँकी रहेको आम्दानीले विद्यालयको निर्माण गर्नु। आजका १५ पन्ध्र वर्ष पछी देखी जग्गाको आम्दानी खर्च नगरी सँधैका लागि पूँजीमा परिणत गरी नकाउन्न कहिल्यै नमासिने गरी पूँजी कायम गर्नु र त्यो रकम बैंकमा मुद्दती खातामा राखी त्यसको व्याज मात्र निर्माण कार्यमा लगाउनु। तलब भत्ता मसलन्द आदीमा खर्च नगर्नु। सालको आम्दानी [illegible] दिनु हुँदैन। रकम बैंकमा जम्मा गर्दा जग्गा दाता र जग्गा दाताको प्रति निधीसमेत रहनु पर्ने छ। उपरोक्त सर्त बन्देज भंग भएमा जग्गा र जग्गाको आम्दानी समेत उक्त विद्यालयलाई विमर्श गर्न पाउने जग्गा दाताको अधिकार जग्गा दाताको सुरक्षित रहनेछ। अतः श्री आदर्श विद्या मन्दीर हाई स्कूलको उत्तरोत्तर उन्नती र प्रगतीको कामना गर्दै प्रदान गरीएको सम्पती जग्गा विद्यामन्दीर संचालक समितीले अवाधित रुपले सुरक्षित राखी उक्त बन्देज सर्त हरु पालना गर्नु गराउनु होला।

तपसिल

प्रगन्ना र मौजाको नाम	टैली नं.	कित्ता नं.	चारकिल्ला	कट्ठे	धुर	विगहा
प्र. नारदपुर मौ. ताराबारी	•	५	[illegible] उत्तर [illegible] पश्चिम [illegible] पूर्व [illegible]	१८	२३	०।४।११२
प्र. नारदपुर मौ. गा. ...		२१२	[illegible] पूर्व [illegible] उत्तर, [illegible] दक्षिण [illegible] नं. ५७ धुर मौ. ९२/२ के [illegible]	•	•	५२
प्र. नारदपुर मौ. बैलाबुना	•	२१	[illegible] पूर्व [illegible] उत्तर [illegible] दक्षिण - [illegible]	१२	१०	४।१३
						५।१४।१

इति संवत २०२२ साल जेष्ठ ३ गते रोज १० शुभम्।

श्री
र.जि.का. र.नं. १५८
मिति २०२२।२।१२
... स्कूल समिति ...
दर्ता नं. २९
२०२२.२.२५

जिमिनदार देवीप्रसाद उप्रेतीका जिमिन्दारी कचहरी बैलाबुना झापाबाट।

आगे पूर्व पश्चिम किराँत धनकुटा जिल्ला तेह्रथुम माल इलाका धुप्र आम्बरको पोखरी गाउँ पंचायत भित्र दुधिखेल गाउँमा स्थापित- श्री जनकल्याण प्राथमिक पाठशालाके पट्टा पुर्जी — — — — — —

उप्रान्त उपरोक्त पाठशालाको आर्थिक स्थिति सुधारी यो पाठशाला अवन्ति[illegible]ले बनाई विद्यार्थीहरुमा ज्ञान आर्जन गराउनु आफ्नो कर्तव्य सँम्झी मेरा जिमिन्दारी भित्र झापा जिल्ला प्रगन्ना झापा मौजा बनबारी चम्पावती भित्रको मेरा जिमिदार तालुक्मा पर्ने आफ्नो मेरा हक भोग तिराको सम्पत्ति तपसिलका हद नम्बर विगाहा (कट्ठा ५) पाँच जग्गा, जग्गा पाउने संस्थाले पालना गर्नु पर्ने केही बन्देज सर्तहरु राखी २०२२ सालका बाली देखी लाई जग्गाको दानपत्र स्वरुप यो पट्टा पुर्जी गरी दिएको छ। जग्गाको आमदानीले साल सालको मालपोत बाहेक दायमा बुझाई बाँकी आमदानीले विद्यालय निर्माण गरी संचालन गर्नु। आजका १० दश वर्ष पछि देखि यो जग्गाको आमदानी खर्च नगरी सावाँमा परिणत गराई नगरी सावाँ कहिल्यै नमासिने गरी मूल पूँजि कायम गर्नु। र त्यो रकम झापा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा राखी त्यसको व्याज मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब, भत्ता, मसलन्द आदि काममा खर्च नगर्नु। सालको आमदानीले [illegible] अन्तिम मा जग्गा दातालाई जानकारी दिनु होला। रकम बैंकिङ्ग गरिनु पर्दा जग्गा दाता वा जग्गा दाताको उत्तराधिकारी १ जग्गादाताको प्रतिनिधि १ र विद्यालयको [illegible] १ समेत ३ व्यक्ति द्वारा बैंकको खाता संचालन गर्नु गराउनु पर्ने छ। जग्गा [illegible] म पनि उक्त ३ तिन व्यक्तिको हस्ताक्षर द्वारा गराउनु होला। उपरोक्त बन्देज शर्तहरु उल्लंघन भएमा यो जग्गा र जग्गाको आम्दानी बैंकिङ्ग रकम समेत अन्यत्र शाखा विद्यालय लाई जग्गा दाताका वंशजले वितरण गरी दिन पाउने हक अधिकार जग्गा दातासँग सुरक्षित रहने छ। अतः श्री जनकल्याण प्राथमिक पाठशालाको उत्तरोत्तर उन्नति वृद्धि र प्रगतिको कामना राख्दै प्रदान गरिएको सम्पत्ति जग्गा पाठशाला संचालक समितिले अवाच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरु पालना गरी पाठशाला संचालन गर्नु गराउनु हुनेछ।

तपसिल

प्रगन्ना र मौजा	टैली नं.	कित्ता नं.	जग्गाको चारकिल्ला	अंश नं.	धुर नं.	विघा
प्र. झापा मौ. बनबारी चम्पावती	•	३०	तुलसिरामरी नाइ लालपानीजाने गाडीका तिखा से दक्षिण लक्ष्मी सेठी से उत्तर, सिमलबाडी से पश्चिम लोकनाथ समेत से पूर्व जं. ८०×५० के कि १७ मध्ये पूर्व तर्फ	•	•	५)
			जम्मा बिगहा पाँच मात्र			५)
इति सम्वत	२०२२ साल		ज्येष्ठ १ गते रोज ६ शुभम्।			

श्री जिमिन्दार देवी प्रसाद उप्रेतीका जिमिन्दारी कचहरी, पैलाडुंगा - झाँपा जाट।

आगे पूर्व पल्लो किरात धनकुटा जिल्ला तेह्रथुम माल इलाका शुभ आम्रारको पोखरी गाउँ पं. भित्र होड़ा गाउँमा स्थापित - श्री सरस्वती प्राथमिक स्कूल होड़ाके पद्दा पूर्जी

उप्रान्त उपरोक्त स्कूलको आर्थिक स्थिति मजबूत गरी यो स्कूल अवच्छिन्न रूपले चलाई, विद्यार्थीहरूमा ज्ञान आर्जन गराउँनु आफ्नो कर्तव्य सम्झी मेरा जिमिन्दारी भित्र झाँपा जिल्ला आयाना झाँपा मौजा वनवारी चम्पावतीको जिमिन्दार तालुक पर्ने आएको मेरो हक भोग तिराको समाप्ति तपसिलका हद नम्बर कित्ताको जग्गा ५) पाँच जग्गा, जग्गा दान पाउँने संस्थाले पालना गर्नुपर्ने केही बन्देज सर्तहरू राखी २०२२ सालका मानी देखे गाई जग्गाको दानपत्र स्वरूप यो पद्दा पूर्जी गरी दिएको छ। जग्गाको आम्दानीले साल सालको मालपोत गराउनमा बुझाई, बाँकी आम्दानीले विद्यालय निर्माण गरी संचालन गर्नु होला। आगामी १० दश वर्ष पछि देखेको यो जग्गाको आम्दानी खर्च नगरी, सावाँमा परिणत गराई नगदी सावाँ नहिल्लै नमासिने गरी मूल पूँजी कायम गर्नु। र त्यो रकम झाँपा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा राखी, त्यसको ब्याज मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदि कामभा खर्च नगर्नु। सालको आम्दानीले गरिएका कामको विवरण वर्षको अन्तिममा जग्गा दातालाई जानकारी दिनु होला। रकम बैंकिङ गरिनु पर्दा जग्गा दाता वा जग्गा दाताका उत्तराधिकारी-१ जग्गा दाताका प्रतिनिधि-१ र विद्यालयको प्रतिनिधि १ समेत ३ तीन व्यक्ति द्वारा बैंकको खाता संचालन गर्नु गराउँनु पर्ने छ। जग्गा आबाद गराउने कामपनि उक्त ३ व्यक्तिको हस्ताक्षर द्वारा गराउँनु होला। उपरोक्त बन्देज सर्तहरू उल्लंघन भएमा यो जग्गा र जग्गाको आम्दानी बैंकिङ रकम समेत पनेत्र अरू विद्यालयलाई जग्गा दाताका तनकिमले वितरण गरी दिन पाउँने हक अधिकार जग्गा दाता संग सुरक्षित रहने छ। अतः श्री सरस्वती प्राथमिक स्कूल, होड़ाको उत्तरोत्तर उन्नति, वृद्धि र प्रगतिको कामना राख्दै प्रदान गरी एको सम्पत्ति जग्गा स्कूल संचालक समितिले अवच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरू पालना गरी स्कूल संचालन गर्नु गराउनु होला। इति।

तपसिल

प्रगन्ना र मौजा	सीट नं.	कित्ता नं.	जग्गाको चारकिल्ला	अधि नं.	तुल नं.	बिघा
प्र. झाँपा, मौ. वनवारी चम्पावती	.	३१	जीवन कुमार से दक्षिण, भीष्म राज से पश्चिम, लोकनाथ सतेत से पूर्व, विष्णु माया से उत्तर अधि नं. ८० तुल नं. ५० को बिघा १०) मध्ये पूर्व तर्फ बाट	.	.	५)
			जम्मा बिघा पाँच मात्र			५)
इति संवत			२०२२ साल जेष्ठ १ गते रोज ६ शुभम्			

श्री जिमिन्दार देवी प्रसाद उप्रेतीका जिमिन्दारी कचहरी पैलाडुंगा झाँपा बाट।

आगे पूर्व पल्लो किरात धनकुटा जिल्ला तेह्रथुम माल इलाका शुभ आम्रार पोखरी गाउँ भित्र फुङ्गलिङ गाउँमा स्थापित - श्री भगवती प्राथमिक स्कूल फुङ्गलिङके पद्दा पूर्जी

उप्रान्त उपरोक्त स्कूलको आर्थिक स्थिति मजबूत गरी यो स्कूल अवच्छिन्न रूपले चलाई विद्यार्थीहरूमा ज्ञान आर्जन गराउँनु आफ्नो कर्तव्य सम्झी मेरा जिमिन्दारी भित्र झाँपा जिल्ला, आयाना झाँपा मौजा वनवारी चम्पावतीको जिमिन्दार तालुक पर्ने आएको मेरा हक भोग तिराको समाप्ति तपसिलका हद नम्बर कित्ताको बिगाहा ५) पाँच जग्गा, जग्गा दान पाउने संस्थाले पालना गर्नु पर्ने केही बन्देज सर्तहरू राखेर २०२२ सालका मालि देखिनाई जग्गाको दानपत्र स्वरूप यो पद्दा पूर्जी गरी दिएको छ। जग्गाको आम्दानीले साल सालको मालपोत गराउनमा बुझाई बाँकी आम्दानीले विद्यालय निर्माण गरी संचालन गर्नु होला। आजका १० दश वर्ष पछि देखिको यो जग्गाको आम्दानी खर्च नगरी, सावाँमा परिणत गराई, नगदी सावाँ कहिल्यै नमासिने गरी मूल पूंजि कायम गर्नु र त्यो रकम झाँपा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा राखी त्यसको ब्याज मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदि कामभा खर्च नगर्नु। सालको आम्दानीले गरिएका कामको विवरण वर्षको अन्तिममा जग्गा दातालाई जानकारी दिनु होला। रकम बैंकिङ गरिनु पर्दा जग्गा दाता वा जग्गा दाताका उत्तराधिकारी १ जग्गा दाताको प्रतिनिधि १ र विद्यालयको प्रतिनिधि १ समेत ३ तीन व्यक्ति द्वारा बैंकको खाता संचालन गर्नु गराउनु पर्ने छ। जग्गा आबाद गराउँने काम पनि उक्त ३ व्यक्तिको हस्ताक्षर द्वारा गराउँनु होला। उपरोक्त बन्देज सर्तहरू उल्लंघन भएमा यो जग्गा र जग्गाको आम्दानी, बैंकिङ रकम समेत अनेत्र अरू विद्यालयलाई जग्गा दाताका तनकिमले वितरण गरी दिन पाउँने हक अधिकार जग्गा दाता संग सुरक्षित रहेको छ। अतः श्री भगवती प्राथमिक स्कूल फुङ्गलिङको उत्तरोत्तर उन्नति, वृद्धि र प्रगतिको कामना राख्दै प्रदान गरिएको सम्पत्ति जग्गा स्कूल संचालक समितिले अवच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरू पालना गरी स्कूल संचालन गर्नु गराउँनु हुने छ। इति।

तपसिल

प्रगन्ना र मौजा	सीट नं.	कित्ता नं.	जग्गाको चारकिल्ला	अधि नं.	तुल नं.	बिघा
प्र. झाँपा मौ. वनवारी चम्पावती	.	३०	गुनसंसारी बाट लालपती आने गाड़ी लिस से दक्षिण, लक्ष्मीधर से उत्तर, सिमल बाड़ी से पश्चिम, लालपती सतेत लोकनाथ सतेत से पूर्व नं. ८० x ५० के बि. १०) मध्ये पश्चिम तर्फ बाट -	.	.	५)
			जम्मा बिघा पाँच मात्र			५)
इति संवत			२०२२ साल ज्येष्ठ १ गते रोज ६ शुभम्			

श्री २६

रजि. नं. ९५२ मिति-२०२२।२।१६।

श्री ... स्कूल ... दर्ता नं० २६ २०२२.२.२५

श्री जिमिन्दार देवी प्रसाद उप्रेतीका जिमिन्दारी कचहरी, घैलाडुब्बा-झापा बाट।

आगे पूर्व पत्लो किरांत धनकुटा जिल्ला तेह्रथुम माल इलाका आठराई को इवा गा.पं. भदौरे गाउँमा स्थापित- श्री भानु प्राथमिक पाठशाला भदौरे के पट्टा पूर्जी -

उप्रान्त उपरोक्त पाठशालाको आर्थिक स्थिति मजबुत पारी यो पाठशाला अवांच्छिन्न रूपले चलाई, विद्यार्थीहरूमा ज्ञान आर्जन गराउँनु आफ्नो कर्तव्य सम्झी मेरा जिमिन्दारी भित्र झापा जिल्ला अन्तर्गत झापा मौजा वनवारी चम्पावतीको जिमिन्दार तालुक पर्न आएको मेरा हक भोग तिरोको सम्पत्ति तपसिलका हद नम्बर कित्ताको बिघा ५) पाँच जग्गा जग्गा दान पाउने संस्थाले पालना गर्नु पर्ने केही सर्तहरू राखी 2022 साल का वाली देखिगाई जग्गा को दानपत्र स्वरूप यो पट्टा पूर्जी गरी दिएको छ। जग्गाको आम्दानीले साल सालको मालपोत थाम थांममा बुझाई बाँकी आमस्ताले विद्यालय निर्माण गरी संचालन गर्नु होला। आइन्दा १० दश वर्ष पछि देखिको यो जग्गाको आमस्ता खर्च नगरी, सावामा परिणत गराई, नगदी सावाँ कहिल्यै नमासिने गरी मूल पूंजि कायम गर्नु। र, त्यो रकम झापा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा राखी त्यसको व्याज मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदिमा खर्च न गर्नु। सालको आमस्ताले गरिएका कामको विवरण वर्षको अन्तिममा जग्गा दातालाई जानकारी दिनु होला। रकम बैंकिङ गरिनु परे जग्गा दाता वा जग्गा दाताका उत्तराधिकारी १ जग्गा दाताको प्रतिनिधि-१ र यो पाठशालाको प्रतिनिधि १ समेत-३ तीन व्यक्तिको हस्ताक्षर द्वारा बैंकको खाता संचालन गर्नु गराउँनु पर्ने छ। जग्गा अवाद गराउने काम पनि उपरोक्त ३ तीन व्यक्तिका हस्ताक्षर द्वारा गराउँनु होला। उपरोक्त बन्देज सर्तहरू उल्लंघन भएमा यो जग्गा र जग्गाको आमस्ता बैंकिङ रकम समेत अन्यत्र अरू विद्यालयलाई जग्गा दाताका तजबिजले वितरण गरी दिन पाउने हक अधिकार जग्गा दाता संग सुरक्षित रहेको छ। अतः श्री भानु प्राथमिक पाठशाला भदौरे को उत्तरोत्तर उन्नति, बृद्धि र भलाई को कामना राख्तै प्रदान गरिएको सम्पत्ति जग्गा पाठशाला संचालक समितिले अवाच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरू पालना गरी पाठशाला संचालन गर्नु गराउनु होला।

तपसिल

जग्गा र मौजा	रैती नं.	कित्ता नं.	जग्गाको चार किल्ला	अर्ध नं.	तुल नं.	बिघा.
प्र. झापा, मौ. वनवारी चम्पावती	.	३१	जीवन कुमार से दक्षिण, भिष्म राज से पश्चिम, लोकनाथ सुवेत से पूर्व, विष्णुमाया से उत्तर अर्ध नं. ८१ तुल नं. ५० को बिघा १०) मध्ये पश्चिम तर्फ बाट	.	.	५)
			जम्मा बिघा पाँच मात्र			५)*
इति	सम्वत		2022 साल जेष्ठ १ गते रोज ६			

श्री

रजि. नं. २००

ता. २०२२.२.२६

जिमिन्दार देवीप्रसाद उप्रेतीका जिमिन्दारी कचहरी घैलाडुब्बा झापा बाट

आगे पूर्व पत्लो किरांत धनकुटा जिल्ला तेह्रथुम माल इलाका थुम आठराईको इवा गाउँपंचायत खुरपा धोत गाउँमा स्थापित - श्री सरस्वती नेपाल राष्ट्रिय प्राथमिक पाठशाला खुरपाधोकके पट्टा पूर्जि -

उप्रान्त उपरोक्त पाठशालाको आर्थिक स्थिती मजबुत पारी यो पाठशाला अवाच्छिन्न रूपले चलाई विद्यार्थिहरूमा ज्ञान आर्जन गराउनु आफ्नो कर्तव्य सम्झी मेरा जिमिन्दारी भित्र झापा जिल्ला अन्तर्गत झापा मौजा वनवारी चम्पावतीको जिमिन्दार तालुक पर्न आएको मेरा हक भोग तिरोको सम्पती तपसिलका हद नंम्बर कित्ताको बिघा ४) र जग्गा दान पाउने संस्थाले पालना गर्नु पर्ने केही बन्देज सर्तहरू राखी २०२२ सालका बाली देखीलाई जग्गाको दान पत्र स्वरूप यो पट्टा पूर्जि गरी दिएको छ। जग्गाको आम्दानीले साल सालको मालपोत थाम थाममा बुझाई बाँकी आम्दानीले विद्यालय निर्माण गरी संचालन गर्नु होला। आइन्दा १० दश वर्ष पछी देखीको यो जग्गाको आम्दानी खर्च नगरी सावाँमा परिणत गराई नगदी सावाँ कहिल्यै नमासिने गरी मुल पुँजी कायम गर्नु। र त्यो रकम झापा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा राखी त्यसको ब्याज मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदी काममा खर्च न गर्नु। सालको आम्दानीले गरिएका कामको विवरण वर्षको अन्तिममा जग्गा दातालाई जानकारी दिनु होला। रकम बैंकिङ गरी नु पर्दा जग्गा दाता वा जग्गा दाताका उत्तराधिकारी-१ जग्गा दाताको प्रतिनिधी १ र पाठशालाको प्रतिनिधी १ समेत ३ तिन व्यक्ति द्वारा बैंकको खाता संचालन गर्नु गराउनु पर्ने छ। जग्गा अवाद गराउने काम पनि उपरोक्त ३ व्यक्तिको हस्ताक्षर द्वारा गराउनु होला। उपरोक्त बन्देज सर्तहरू उल्लंघन भएमा यो जग्गा र जग्गाको आम्दानी बैंकिङ रकम समेत अरू विद्यालयलाई जग्गा दाताका तजबिजले वितरण गरी दिन पाउने हक अधिकार जग्गा दाता संग सुरक्षित रहेको छ। अतः श्री सरस्वती नेपाल राष्ट्रिय प्राथमिक पाठशाला खुरपा धोकको उत्तरोत्तर उन्नती वृद्धि र भलाईको कामना राख्तै प्रदान गरिएको सम्पती जग्गा पाठशाला संचालक समितीले अविच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरू पालना गरी पाठशाला संचालन गर्नु गराउँनु होला। इती

तपसिल

प्रगन्ना र मौजा	रैती नं.	कित्ता नं.	चारकिल्ला	अर्द	तुल	बिघा
प्र. झापा मौ. वनवारी चम्पावती		८२	रुनवाई मरांडी से पूर्व, दक्षिण खेत ... से उत्तर दिनारायण से पश्चिम	२०	५०	३।।०
		५१	जगत नारायण से उत्तर, ... [illegible] ...	.	.	।।०
			जम्मा चार किल्ला बाट			४)
इति सम्वत			२०२२ साल जेष्ठ १८ गते रोज २			

श्री २८.

श्री जिमिदार देवी प्रसाद उप्रेतीका जिमिदारी कचहरी शैलाकुवा - झापावार।

आगे पूर्व पहलो किरात धनकुटा जिल्ला, तेह्रथुम माल इलाका धुम आमाईको हुवाकू गा.पं. भित्र विजौरे गाउँमा स्थापित - श्री नेपाल राष्ट्रीय आधमिक स्कूल विजौरे के पटा पूर्जी —
उप्रान्त उपरोक्त स्कूलको आर्थिक स्थिती मजबूत पारी यो स्कूल अवच्छिन्न रुपले चलाई, विद्यार्थिहरुमा ज्ञान आर्जन गराउँनु आफ्नो करतव्य संझी मेरा जिमिदारी भित्र झापा जिल्ला अगमा विराटमोर घर मौजा पुंड अनारमनीका जिमिदार तालुक पर्न आएको मेरा हक भोग तिराको समाति तपसिलका हद नम्बर दिलाका बिगहा- ५) पाच जग्गा, जग्गादान पाउने संस्थाले पालना गर्नु पर्ने केही सर्तहरु राखी, २३ को सालदेखि धाम रायममा कुधाई बाँरि आमस्ताले विद्यालय निर्माण गरी संचालन गर्नु होला। अजका १० दश बर्ष पछि देखीको बोग ग्माको आमस्ता खर्च नगरी, साँवामा परिणत गराई, भगदी साँवा कहिल्यै नमासिने गरी मूल पूंजी कायम गर्नु। र त्यो रकम झापा जिल्लाको नेपाल बैंकमा मुद्दती खातामा धरौटी राखी त्यसको ब्याज मात्र निर्माण कार्यमा खर्च गर्नु। तलब भत्ता मसलन्द आदि मा खर्च नगर्नु। साल को अन्त्य हुँदा गरी आएका कामको विवरण बर्षको अन्तिममा जग्गा दातालाई जानकारी दिनु होला। रकम बैंकिङ गरिनु पर्दा जग्गा दाता वा जग्गा दाताका उत्तराधिकारी- १ जग्गा दाताका प्रतिनिधि- १ र यो स्कूलका प्रतिनिधि- १ समेत ३ तीन व्यक्तिको हस्ताक्षर द्वारा बैंकको खाता संचालन गर्नु गराउँनु पर्ने छ। जग्गा अवार गराउने काम पनि उपरोक्त ३ व्यक्तिका हस्ताक्षर द्वारा गराउँनु होला। उपरोक्त बन्देज सर्तहरु उल्लंघन भएमा यो जग्गा र जग्गाको आमस्ता बैंकिङ रकम समेत अनेत्र अन्य शिक्षालयमा जग्गा दाताका तमकिनले वितरण गरी दिन पाउँने हक अधिकार जग्गा दाता संग सुरक्षित रहेको छ। अतः श्री नेपाल राष्ट्रीय आधमिक स्कूल, विजौरे को उत्तरोत्तर उन्नति र बृद्धि तथा प्रगतिको कामना राख्दै प्रदान गरिएको सम्पत्ति जग्गा स्कूल संचालक समितिले अवाच्छिन्न सुरक्षित राखी उपरोक्त बन्देज सर्तहरु पालना गरी स्कूल संचालन गर्नु गराउनु होला। इति।

तपसिल

जग्गा र मौजा	रैती नं.	कित्ता नं.	जग्गाको च्वार किल्ला	अंश नं.	तुल नं.	बिघा
उ.विराट मोरङ मौजा अनार मनी		२८	वीर बहादुरका हल अवारी से पूर्व, गाड़ी लिख से उत्तर, पर्ति से दक्षिण, गंगालेरी से पश्चिम अर्ध नं. ४० तुल नं. ८० के विघा- ५) मध्ये पश्चिम तर्फ बाट			५)
			जम्मा बिघा पाँच मात्र			५)
इति	सम्वत		२०२३ साल ज्येष्ठ १३ गते रोज ४ शुभम्			

श्री नेपाल प्रजातंत्र सामयिक सरकार
झापा

झापा र इलामका मुक्तक्षेत्रका जनप्रतिनिधिद्वारा सामयिक सरकार संचालनका निमित्त नियुक्त भएको म श्री भैरव प्रसाद आचार्यले तपाईं निम्नलिखित सज्जनहरूलाई यो शासन संचालनका निमित्त तपाईंहरूका रायबाट कार्य विभाग गरी मंत्रिमण्डलमा नियुक्त गर्दछु। तपाईं हरूले यो कार्य संचालनमा देशको हीत सामु राखी मलाई हरतरहबाट सहायता उत्साह साथ योग्यता पूर्वक काम चलाइदिनु होला भन्ने पूर्ण राख्छु तपाईंहरू र यस जनप्रतिनिधिले विश्वास गरी यो महान् कार्यभार सुम्पेकोमा तपाईंहरूलाई कृतज्ञता जनाउँदै पूर्ण सहयोगको आशा राख्छु।

नामावली

१। सैनिक शासकको जिम्मा (क) वन विभाग - सेक्रेटरी मान बहादुर जिरेल।
(ख) न्याय विभाग - सेक्रेटरी देवी प्रसाद उप्रेती।
२। बि० बि० चेमजोङको जिम्मा सैनिक विभाग - सेक्रेटरी ………
३। धर्म प्रसाद ढकालको जिम्मा (क) अर्थ विभाग - सेक्रेटरी ………
(ख) उद्योग विभाग - सेक्रेटरी ………
४। नरेन्द्र नाथ वास्तोलाको जिम्मा (क) यातायात विभाग - सेक्रेटरी ………
(ख) सप्लाई विभाग सेक्रेटरी ………
५। गोविन्द प्रसाद लवौको जिम्मा स्वास्थ्य विभाग
६। महानन्द सापकोटाको जिम्मा (क) शिक्षा विभाग - सेक्रेटरी ………
(ख) प्रचार विभाग
७। फत्ते बहादुर बुढाथोकीको जिम्मा पुलिस विभाग
८। सुन्दर लाल राजवंशीको जिम्मा कृषि विभाग
९। श्री भैरवबहादुर श्रेष्ठ को जिम्मा वाणिज्य विभाग।

श्री ……देवीप्रसाद उप्रेती…………का नाममा

टक्रो प्रतिलिपि।
भैरवप्रसाद आचार्य
सैनिक शासक,
नेपाल प्रजातंत्र सामयिक सरकार,
झापा।
संवत् २००७ साल, माघ, १५गते, रोज ७।

अ ६०।५

इलाम गौंडा र मार्फ आमिनि जि.पु. नृ. आ.
समेत ४ अड्डा कमिटी बाट ———— ————

~~श्री नाम साहि बस्ने देवि प्रसाद श्रेष्ठ ज्यू के.~~
श्री ३ पुरः मोर मुद्दा नम्बर ... देवी प्रसाद उ. पु. नि. हैं.

विषय :- ०७ साल क्रान्ति बखत को सोधनि.

महाशय,

उपरोक्त ७ साल क्रान्ति मा तपाइ ले प्रसाङ्गिक क्षेत्रमा अर्थ मंत्री मै काम काज गर्नु भएको भन्ने कुरा कोले स्वभा गर्नु पर्दा लेखिदिए छु. तपाई ले अर्थ मंत्री मै काम काज गर्नु भएको सम्बन्ध कस्तो तपाइ सँग छ हैन भए पेश गर्नु होला. नभए त्यो के कुन कुन मिति मा काहाँ दाखिल गर्नु भएको छ भनेर पेश गर्नु हुन्छ. तत्काली मंत्री कुन कुन विभागमा को को थिए आदेश श्री कुमारी चोक केर एकाउन्टेन्ट जनरल आफीसका पत्र ले प्रकाशित गरेर मुताबिक ४ अड्डा मै कमिटि ले निर्णय व्यान गरी जाहेर गर्न बरेको ले ३ दिन को म्याद तोकि तपाइ लाई यो पत्र पठाइदी एको छ. यस्तोर सदर बाट गरि बाना समेत भैसके कोइ दाम सरकार को धेरै नादी. जिन्सी नोकसानी [illegible] भएको विचार गरी आफ्नो भएको बेहोरा यथार्थ खुलाई सोम्याद भित्र जवाफ सस्को रिपोर्ट पठाइ दिनु होला. म्याद भित्र रिपोर्ट दिनु भएन भने औसवाल नमोजी हुनेछ पछि ... पाई को उजुर लाग्ने छैन।

मार्फ. अमिनी जि. पु. नृ. आ.
(मोहर)

भवदीय,

नडाहाकिम रत्नो गोजा.

श्री माननीय [illegible] साहब र कमिटिका सदस्यहरू!
(इलाम गौंडा, मार्फ, अमिनी र जि. पु. नृ. आ.)
चार अड्डा कमिटी, इलाम।

— विषय:- ०७ साले क्रान्ति बखतको स्थिति मा जवाफी रिपोर्ट!

महोदय!

[illegible] कमिटीको मिति [illegible] [illegible] प्रतिष्ठित [illegible] [illegible] [illegible] २०१२ [illegible] [illegible] [illegible] [illegible] —

"०७ साल [illegible] क्रान्तिमा तपाईंले [illegible] [illegible] मंत्री मैं काम काज [illegible] [illegible] [illegible] [illegible] [illegible] तपाईंले [illegible] [illegible] गर्नु भएको [illegible] [illegible] [illegible] [illegible] भए पेश गर्नु होला! नभए [illegible] कुन कुन मिति मा कहाँ दाखिल गर्नु भएको छ? [illegible] पेश गर्नु होला। [illegible] छ। [illegible] क्रान्ति [illegible] कुन कुन विभागको को को थिए? आदेश श्री कुमारी चोकको र एकाउन्टेन्ट जनरल अफिसका पत्रले प्र- काशित गरेर मुताबिक ४ अड्डा मैं कमिटिले निर्णय [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] छ। [illegible] सदर बाट [illegible] समेत भैसकेको [illegible] [illegible] धेरै नादी जिन्सी नोक्सान भएको विचार गरी— आफ्नो भएको बेहोरा यथार्थ खुलाई सो म्याद भित्र जवाफको रि- पोर्ट पठाई दिनु होला। म्याद भित्र रिपोर्ट दिनु भएन भने [illegible] [illegible] [illegible] छ; पछि तपाईंको उजुर लाग्ने छैन"

पत्र हेरिसके पछि मलाई अति अचम्म र आश्चर्य लाग्यो कि माननीय [illegible] [illegible] [illegible] ४ अड्डा कमिटिले [illegible] पत्रमा — "०७ साल क्रान्तिमा तपाईंले [illegible] [illegible] अर्थ मंत्री मैं काम काज [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] अर्थ मंत्री भएको [illegible] जाहेर [illegible] [illegible] [illegible]

सम्वत २००७ [illegible] श्री ५ महाराजा [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] र नेपाली [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible] [illegible]

[illegible]

इलाका जिल्ला कायम गर्ने अधि बढ्यो । [illegible]
[illegible] ।

... आफ्नो हातमा शासन-सत्ता, शान्ति-सुरक्षा-निमित्त पार्टीले सारा जिल्लाको शासन संचालन गर्ने स्थानीय सरकार कायम गर्नु पर्यो र शासन व्यवस्थाको लागि इलाका जिल्लाको संरट मुताबिक कायम गर्ने अधि बढ्यो ... इलाका जिल्ला ... [illegible]
[illegible] ।

... राणा सरकारको शासन रहेका जिल्लामा पनि आएको सेवक वर्ग ... उक्त स्थानीय सरकार कायम गर्दा गुरुपूर्वक ... सेनालाई ... सैनिक शासन [illegible] भयो । बाँकी [illegible] ... जिल्लाहरूमा स्थानीय शासन संचालनको उद्योगलाई कार्य विभाजन गरी, पार्टीका आदेशानुसार ... हरकम्मेवार जिल्ला जिल्ला ... एउटा संचालक समिति निर्माण गर्यो ... कार्य विभाजन र नामावली यस प्रकार छ:—

१- सैनिक शासकको जिल्ला:—
(क) यन्त्र विभाग — ज्ञानबहादुर ... सेक्रेटरी
(ख) न्याय विभाग — देवीप्रसाद उप्रेती — "

२- धर्म प्रसाद ... जिल्ला:—
(क) अर्थ विभाग ।
(ख) उद्योग विभाग ।

३- बल बहादुर ... जिल्ला:— सैन्य विभाग र ... आदि, ... [illegible]

४- ... जिल्ला:—
(क) यातायात विभाग ।
(ख) सफाई विभाग र इलाका जिल्लाको स्थानापन्न शासक ।

५- गोविन्द बहादुर ... जिल्ला:— स्वास्थ्य विभाग ।

६- महानन्द सापकोटाको जिल्ला:—
(क) शिक्षा विभाग ।
(ख) प्रचार विभाग ।

७- ... बहादुर ... जिल्ला:— पुलिस विभाग ।
(S.P. ...)

८- ... जिल्ला:— ... विभाग ।

९- ... बहादुर ... जिल्ला:— वाणिज्य विभाग ।

[illegible] ... मातहत

उक्त विभागीय कार्य-क्रमानुसार यथायोग्य ... काम गर्नु भएको थियो । केन्द्रीय सरकारले जिल्लाको शासनभार सम्हाले पछि ... [illegible] ... स्थानीय पार्टी सरकार ... विपरीत ... कार्यकर्ताहरू ... पार्टी ... लागु भयो ।

... समिति ... मुताबिक ... मन्त्री भएको छु, ... आफ्नो ... काम काजमा ... छु । ... जिल्लामा ... जिम्मा दिइ ... । ... मैले ... [illegible]

... विवरण ... निवेदन गरिसकेको छु । "सरकारको ... नगदी जिन्सी नोक्सान भएको ... जवाफ दिनु होला" भन्ने कुरा ... सोधनी गरिएको हो ? वा कमिटिको निर्णयात्मक विचार प्रकट भएको हो ? मैले राम्रो बुझ्न सकिन । "... नोक्सानी भएको विचार गरी" (?) कैसो मैले विचार गर्नु पर्ने हो ? अथवा कमिटीले आँच पुग्न गएको जानीन ... आएका ... ठहराउनु पर्ने हो ? । यदि मैले विचार गर्नु वा आफुले जाने बुझेका कुराहरू यथार्थ जवाफ दिनु ... सम्म मलाई ज्ञात छ ... [illegible] ...
... [illegible] ... हरू ...
... [illegible] ... वा गरिने ... [illegible]
... अवस्थानुसार ... [illegible] ... बहादुर ... [illegible]
सरकारको ... [illegible] ...
छैन । ... जनताको कुनै किसिमको हानी नोक्सानी ... गराएको छैन । अरू कुनै ... खर्च गर्नु पर्ने विभाग भएका ... कार्य विभाजन ... प्रत्येक ... विवरणले ... बताई ... स्पष्ट गर्न सकेन ।

... रिपोर्ट ... अनुसार ... अवस्था ... सरेछ, ... आशा राख्दछु । ... [illegible]
[illegible]

मिति ... २०१३ ... बृहस्पति वार ।

... प्रसाद ...
सुरेश - ... (रिपोर्टर)

लिलितम दाताको नाम- निष्तामणी को नाती रविलालको छोरा जिल्लै पश्चो किरात तिरह थुम माल इलाका, थुम अठ राई इलाको सिम्ले गाउँको नगप हाल बँ तंत्नै पोर्ठा तर्ई झाँपा ईलाका प्रगन्ना नरपुर मौजा दैनाउ चाँ बसी बर्ष ४० को कि. इशेप्र हार उप्रेती आज मन खुसी फतेम अरूलैनाई केही कतै नगरी दिने पत्र गरी नदिएको मेरो हक भोग चलन रहेको झाँपा जिल्ला भौत प्रगन्ना नरपुर मौजा मुरुग्राम को मेरो जिमिन्दार तालुक परेको तालुक की तपसिलका इलम्बर किल्ताको ज्गा बिगहा- २५ पनि ज्गा दान पाउने- ईलाम जिल्ला गाईपार करफोकमा स्थापित- श्री नेपाली भाषा प्रचारक सँघ करफोक जिल्ला गाईपार करफोकमा स्थापित- श्री नेपाली भाषा प्रचारक सँघ करफोक विदया मन्दीरका निमित्त तलब तेरीएका सतेहरका आधारमा उक्त संस्थाका अध्यक्ष श्री मार्ती नन्द सापकोट मार्फत २००९ सालका चानी हेरी लाई दान पत्र गरी दिएकोछु। स्वगावो आपसल्लाले आवश्यक नेपाली भाषा प्रचारक संघका भवन वा करफोक विदया मन्दीरका भवन निर्माण गर्ने निर्माण कार्य पुरा भएपछी ज्गाको आम्दानी कहिं लेखेई नगर्नुपर्ने। रा ज्गा रहेको झाँपा जिल्लाको नेपाल बैंक शाखामा श्री नेपाली भाषा प्रचारक संघ- करफोक विदया मन्दीरका नाममा ज्गा दाता र उक्त संस्थाका अध्यक्षका संयुक्त हस्ताक्षर द्वारा खाता खोलाउन गर्ने गरी मुद्दतीमा नामा जम्मा गर्ने। जम्मा भएको साँवा मुल रकम उक्त संघले वा अरु कसैले कुनै अवस्थामा पनी खर्च गर्नेगरी झिकन नपाउने। साँवाको बैंक बाट आउने मुद्दतीको ब्याज मात्र निर्माण कार्यमा संघको निम्ती खर्च गर्न पाउने। कसैलेपनी साँवा बिक्री गर्ने मझापत्र गर्न समेत नपाउने। ज्गा को आम्दानी बढाउन, बढाउन गाई मारी हेक्का पहा बढीमा १०वर्ष सम्म लाई ज्गा दाता वा निजका दाताका उत्तराधिकारी र संघका अध्य

प्रतिलिपि

श्री ५ को सरकार

क्ष र सदस्य समिति ३ जनाको संयुक्त हस्ताक्षर द्वारा ठेक्का लगे गर्न गर्नु पर्नेछ कुलताको गर्ने दाताको बर्षे पछी श्री नेपाली भाषा प्रचारक तर्फको पक्षि औरपछ अनुसार गर्न गर्ने को ज्गाको आम्दानी स्थाई स्वर्ई रोक लगा गरीने छ। भनी नेपालीमो मान तनी खुसी राजी गर्न लन्द्र को दानपत्र गरी दिएकोछु। नेरविप्रको बन्देज भित्र रहो पहिले आफुस्तार यही लपट पात्र दौडीए मे उक्तनीका लागी स्थाई आफ्ना संस्था नियम पालना गरी खर्च गर्न सक्नेछ। खर्च भएको विवरण पनी बर्ष अनुसारतोन पाउनु पर्ने छ। नेबीसका बन्देज छ। गर्ने कामप भएको दातालाई जानकारी भएमा बन्देज अरू तिथमा संस्थालाई ज्गा दाता नामको बौडी दिनेछ तोक गर्न भएर ज्गा दाताले सुरक्षित रहेको मानी छ मेरो तेस पछी मेरो उत्तराधिकारी र दाताका प्रति लिखित छ गाउ समेत माथी लेखीएका सर्त छ पालना गर्नु पाउनु पर्ने छ। लेखीएका बन्देज छ एकमात्रै पनी उल्लंघन भएमा दानमा दानको श्री नेपाली भाषा प्रचारक संघ करफोक विदया मन्दीरले सो ज्गार ज्गाको आम्दानी बाट रहेको मुद्दती रकम समेत मा. हकदावी गर्न पाउने छैन। सौझी दिनमा लेखीए का छ। फो लेखत जमिन्दारी रजीरी दैनाउ चा झाँपा जि. बसी लेखेको हो-

तपसिल

मौजा	रैती नं.	किता नं.	चारकिल्ला	बिघा	कठा	धुर	तमसिल
श्री मुरुग्राम	८८	४१	दक्षिण सनारसि पश्चिमै मुरुग्राम से दक्षिण, भारसे उत्तर मझिसे पुर्व	३५	४	१२	
		५४	अम्बाले पश्चिम रिकाले पुर्व ढडिले दक्षिण भारसे उत्तर	५०	४	११०	
		११९	नदीपासे पश्चिम लाइकाईले पुर्व छवे दक्षिण सिला कारले उत्तर	६०	८	११८	
		११३	रिकासे पुर्व अनपासे पश्चिम शडले दक्षिण निमले उत्तर	१५	४	१३१२	
		१२८	माझीले दक्षिण भारा से उत्तर पैंचौले पुर्व रौशे पश्चिम	१००	४	११	
	६९	६७	कुडीपा से दक्षिण भोलाहे पश्चिम नाईने पुर्व गुनलीले उत्तर	७७	६	११८१	
		८५	कुडीपासे दक्षिण ठोप्पाले उत्तर भोलाले पुर्व पैंचौले पश्चिम	१५	३	१०१	
		९२	कुडीपासे पुर्व झाडेले उत्तर भोलासे दक्षिण गुनलीसे पश्चिम	२१	५	११२३	

प्रतिलिपि

श्री ५ को सरकार

मौजा	शैली नं.	कित्ता नं.	चारकिल्ला	अर्द	धुर	बिगहा	जम्मा बिगहा
रुंगरुडॉ		८९	कुडिपाले पुर्व, कौनले दक्षिण, कडीले उत्तर, नावलसे पश्चिम	22	४	५८।३	
			हरिले दक्षिण कौनले पश्चिम, सुरज्याले पुर्व कडीले उत्तर	७७	६	।।।७।	
	१००	६८		३५	३	।।।	
		८३	कुडोयाले उत्तर सुथोनले दक्षिण, कौनले पुर्व पैसीले पश्चिम	४१	६	।।२।।।	
		९६	उतोले पुर्व कौनले पश्चिम, दक्षिण भाडेले उत्तर	22	४	८।१३	
		५७	डडिले उत्तर कौनले दक्षिण, कुडीयाले पश्चिम, निरले पुर्व	१११	५	१।२।।।	
		५२	फिडनले उत्तर डुईनाले पुर्व, मुटाले पश्चिम, कोम्पले दक्षिण	२१	४	८।४।४	
		६९	वारीवरले दक्षिण, पुर्व वारीवरले पश्चिम, डिलनले उत्तर	५१०	६	।।२।२	
		८३	फिसुनले उत्तर, मरोवरले दक्षिण, दयालले पश्चिम, भाडले पुर्व	१५	१००	३।।।	
		९	मएडनले उत्तर सुथोनले दक्षिण, भाडले पश्चिम, सुटाले पुर्व				
		११	सुफेनले उत्तर, लालुले दक्षिण, भाडले पश्चिम सुटाले पुर्व भई ऐ. १० धुर ऐ. १०० के बिगहा २।।-मध्ये पुर्व भाग			१।३।।।	
	२८०	१८	भाडले पुर्व दक्षिण, भाले पश्चिम मोहनलाल से उत्तर	१२०	३०	५।	
		११	मोहनलाल से पश्चिम निजरिलाले दक्षिण, भाले पुर्व गनभालसे उत्तर	१५।३	१०	१।७।।	
						२५।	

जम्मा बिगहा पच्चिस मात्र

इतीसम्वत् २००९ साल फाल्गुण १५ गते रोज ५ शुभम्

प्रतिलिपि

(१)

लिखितम दाताको नाम– चिन्तामणि उप्रेती को नाति रविलाल उप्रेतीको छोरा जिल्ला खन्नो विराटनगर गोश्वारा इलाका धुस आन्दाई को इबा- रिमने गाउँको बस्ने घर भै जिल्ला मोरंग झाँपा नाम इलाका अगला नजरपुर मौजा सरकारी कवेले वर्ष ५२ को देवीप्रसाद उप्रेती ऐले आलसम्म अनेक अरू कसैलाई केही कौने बाहेकको लेखत नगरी नाफिन्को नेपाल भोग गरी आएको मेरा रक्षा घरका परिवार तपशिलका व्य- क्तिका नाममा दर्ता भएको झाँपा जिल्ला अगला नजरपुर मौजामध्ये पाडा (व्यवस्थापति गाविस) श्रीत्र तपसिलका नम्बर कित्ताको जम्मा मध्ये बिगहा १०० एक सय नम्बरी जग्गा दान पाउने — झापा जिल्ला भद्रपुर नगर पञ्चायत भित्र स्थापित– श्री मेची महाविद्यालयका निमित्त ;– यो जग्गाको आयस्ता यो महावि- द्यालयको भवन आदि निर्माण कार्यमा मात्र खर्च गर्न पाउने,– संचालन व्यवस्था मा खर्च गर्न नपाउने,– निर्माण कार्य पुरा भए पछि अर्थात १५ पन्द्र वर्ष पछि देखी यो जग्गाको आयस्ता एकम काढिदै राखिने गरी झापा जिल्लाको नेपाल बैंकमा श्री मेची महा विद्यालयका नाममा, उक्त दाता वा दाताका उत्तराधिकारी १, र उक्त दाताका अति विधि श्री मेचि महा विद्यालय संचालक स- मितिका अध्यक्ष-१, ऐका सदस्य सचिव-१ समेत ५ जनाको संयुक्त हस्ताक्षर द्वारा मुद्दती खातामा जम्मा गर्ने । जम्मा भएको रकम मूल रकम महाविद्यालयले आजसम्म कहिले कुनै अवस्थामा पनि

खर्च गर्ने गरी फिक्स नपाउने। सातो मूल रकमको बैंक व्याज आउने व्याजमात्र निर्माण आदि भौतिक साधनका लागी मैले महाविद्यालयका निमित्त खर्च गर्न पाउने। कसैले पनि सो जग्गा र मेरा बिक्री गर्न नपाउने। धरौट धरा गर्न पनि नपाउने। तर जग्गाको पैदावार आउँ न स्यादी ठेक्का पट्टा (लिज) मा बढीमा १० दश वर्ष सम्मलाई जग्गा दाता वा दाताका उत्तराधिकारी १ जग्गा दाताका प्रतिनिधि १ महाविद्यालय सञ्चालक समितिका अध्यक्ष-१ टेका सदस्य सचिव १ समेत ५ जनाका संयुक्त हस्ताक्षर द्वारा ठेक्का बन्दोबस्त गर्न सक्ने पाउने सर्त बन्दिको बन्देज राखी 2022 सालका बाली देखीलाई परिवारका सदस्य दर्तावाला हरूलाई फिनारामा रूजु राखी मेरा मनोमान राजी खुसी संग शिक्षण संस्था सुदृढः मैं फूलोस फलोस र मौलाओस भन्ना खातिर अक्षय कोष खडा गर्ना निमित्त सोसर्त बन्दी को दान पत्र गरी दिएको छु। लेखिएको बन्देज सर्त भीत्र रहै सो जग्गाको पहिले पहिले आमस्ता र पछि व्याज रकम मात्र यो महाविद्यालयको उन्नती र प्रगतीका लागी स्थायी कामना महाविद्यालयले खर्च गर्न सक्ने छ। बन्देज सर्तहरू उल्लंघन न भएमा यो दान दिएको जग्गा र बैंकमा जम्मा रहेको आमदा अक्षयकोषको रकम समेत, म जग्गा दाताले फिर्ता लिनु नाहेक — नेपाल अधिराज्य भित्रका अरू शिक्षण संस्थालाई जग्गा दाताका तत्कालिनले वितरण गरी दिने अधिकार म जग्गा दाता संग सुरक्षित रहने छ। मेरा शेष पछि पनि मेरा उत्तराधिकारी र दाताका प्रतिनिधि हरूमा समेत माथी उल्लेखित सर्तहरू पालना हुने, गर्नु गराउनु पर्ने छ। लेखिएको बन्देज सर्त उल्लंघन भए उप्रान्त जग्गा दान पाउने श्री भेषी महाविद्यालयले सो जग्गा र जग्गाको आमस्ता अक्षयकोष समेतमा दावी गर्न भन्न पाउने छैन।

स्व दत्ताम पर दत्ताम् वा यः हरेत वसुन्धराम
षष्टि वर्ष सहस्राणी विष्ठायाम् जायते कृमि

साक्षि फिनारामा लेखीएका सदर भएको सर्त बन्दी को दान पत्र मौजा पन्थापाडा समेतको जिमिदारी कचहरी बाणामनी मनारगाडी मा बसी लेखिएको हो। शुभ।

तपसिल

मौजा	सीट नं.	कित्ता नं.	चार किल्ला	अर्से	तुल	बिगह	जम्मा बिगह
मौ. पन्था पाडा	२३५		श्री मती बिमला देवी उप्रेती का नामको				७।५
		११	गाजीका लिग ले दक्षिण, बिरिड समेत पूर्व-उत्तर, बनिया सो पश्चिम				
		१२	दुनियाँ ले पश्चिम दक्षिण, सडक सो उत्तर-पूर्व	३०	३८	२।।।८	
		१३	सडक सो पूर्व उत्तर, बनिया सो दक्षिण, निज सो पश्चिम	३५	२४	२।२	
		१४	प. रामलाल सो दक्षिण, सतानु सो उत्तर, लिगसे दक्षिण सतानु सो पूर्व, लिग सो पश्चिम, तालुक सो पूर्व	२४	१०	११२	
				६०	२४	१।।।३।	
मौ. पन्था पाडा	२३८		श्री डिल्ली प्रसाद उप्रेती का नामको				२५।
		५	खस्ति पर्ती सो उत्तर, निज सो दक्षिण-पूर्व, माया धार सो पश्चिम				
		६	निज सो उत्तर, खस्ति पर्ती सो दक्षिण, मायाधार सो पश्चिम, निज सो पूर्व	४०	२३	२१९	
		७	निज से पश्चिम, पैनी से पूर्व, खस्ति पर्ती से उत्तर-दक्षिण	३८	१८	१।।।४	
		७	डिल्ली को नाम से उत्तर, धरधरिया दक्षिण, नदी से पूर्व, पैनी से पश्चिम	२०	२०	१।	
		८	निज सो दक्षिण, नदी सो पूर्व, पैनी सो पश्चिम धरधरा सो उत्तर अर्स नं.-२१ तुल नं. २८ ३ बि. १।४।२ मध्ये पूर्व तर्फ बाट	८०	२०	३।८	
		९	निज सो उत्तर-दक्षिण, खोला सो पूर्व, मायाधार सो पश्चिम अर्स नं. १२० तुल नं. ७० के बिगह २१ मध्ये पूर्व तर्फ बाट				।।।३।२
		१०	निज सो दक्षिण उत्तर, मायाधार से पश्चिम, नदी से पूर्व अर्स नं. ७५ ... = १४ बिगह मध्ये पूर्व तर्फ बाट				३।।।४
		११	निज ले उत्तर माया धार से पश्चिम, ... से पूर्व नहर का दुगानो गाँउ थोप से दक्षिण				३।
				८१	३५	७।१।।	
मौ. पन्था पाडा	२३९		श्री कृष्ण प्रसाद उप्रेती का नामको				२८।८
		४	लंका सागर से दक्षिण, पैनि से पूर्व, खोला सो पश्चिम, रगरा सो उत्तर नं. ५३×४३ = ५।।३ मध्ये पूर्व तर्फ बाट			१।१।४	
		१	गाउँ की लिग से उत्तर दक्षिण, होली डिल से पश्चिम, सवारी नम्बरी से पूर्व	७२।२	४०	७।७	
		२	नारायणी निगम से दक्षिण, टोली से पूर्व पैनी से उत्तर र गाड से पश्चिम	१००	४०	१०।	

मौजा	दैकी नं.	कि. नं.	चारकिल्ला	आर्सी	मुत	बिगाहा	जम्मा बिगाहा
मौ. पन्त्या पाड़ा		२	गंगाप्रसादका गल्ली से उत्तर-दक्षिण, डाडो डगर से पूर्व, हेलि पूर्वको डिल देखि पश्चिम	२००	२०	१०।	
मौजा पन्त्या पाड़ा	२४०		श्रीमती नरमदा देवी उप्रेतीका नामको				३४।२५
		३	बेलामुनी से पश्चिम-उत्तर, भाँस गुठा सो पूर्व, निज किन्ना सो दक्षिण जं. ११२×७५= २१। विघा मध्ये उत्तर बाट			१५।	
		२५	रगदा से पश्चिम दक्षिण, कन्ते से उत्तर, प्राणमती लियाल सो पूर्व	२०	३२	२१३	
		४	लंका खतार से दक्षिण, पैनी से पूर्व खोला से पश्चिम रगदा से उत्तर जं. ५३×४३=५।।३।।(४ मध्ये दक्षिण बाट			४।।२	
		८	किन्ना से उत्तर-दक्षिण, खोला पूर्व, मारा धार सो पश्चिम जं. १२०×[illegible]=[illegible] २१। विघा मध्ये पश्चिम तर्फबाट			१।२५	
मौ. पन्त्या पाड़ा	२४१		श्री दुर्गा प्रसाद उप्रेतीका नामको				१५।०१
		८	निज से उत्तर दक्षिण, खोला सो पूर्व, मारा धार सो पश्चिम जं. १२०×७० = २१। विघा मध्ये पूर्व बाट			१३।	
		३०	निज से दक्षिण-उत्तर, मारा धार से पश्चिम, नदी से पूर्व जं. ७५×८०=१५। विघा मध्ये पश्चिम तर्फबाट			२।०१	
			जम्मा बिगाहा एक सय मात्र				१००।

इति सम्वत २०२१ साल पौष २८ गते रोज २ शुभम्

मा.

लिखितम् अमारातको नाम- चिन्तामणी उप्रेतीको नाती रविलाल उप्रेतीको छोरा जिल्लै पल्लो किराँत तेह्र थुम मात हिलामा थुम आठ राई [illegible] ताको सिमले गाउँमा जन्म पाएँ जिल्लै मोरङ तर्फ [illegible] नगरपुर गाउँ [illegible] बर्ष ५२ को [illegible] उप्रेती आगे [illegible] आदि [illegible] लेखत पत्र [illegible] गरि एक मोहि [illegible] परिवार तपसिल का [illegible] हुद नम्बर [illegible] तपसिल [illegible] [illegible] बिगाहा १००। [illegible] [illegible] गाउँ [illegible] वडा नं ७ [illegible] श्री आदर्श विद्या मन्दीर हाईस्कूलका निमित्त [illegible] स्कूलको भवन आदी निर्माण कार्यमा [illegible] निर्माण कार्य पुरा भएपछी [illegible] आफ्नो [illegible] [illegible] विद्यामन्दीर हाई स्कूलका [illegible] उत्तराधिकारी [illegible] का प्रतिनिधि २ को आदर्श विद्यामन्दीर हाईस्कूल संचालक समिति [illegible] हस्ताक्षर [illegible] [illegible] श्री आदर्श विद्या मन्दीरले वा [illegible] [illegible] [illegible] आदर्श विद्या मन्दीरको निमित्त [illegible] [illegible] पैदावार [illegible] गरोत [illegible] हस्ताक्षर द्वारा [illegible]

धौडने हर्ते बन्दीको अन्तिम रहरी २०२२ सालका बाली देखीलाई परिक्रा सरस्य र्ता भन्ना हरूलाई किनारामा एजु रहरी मेरा मनोभाव एका रखुली सौ शिक्षा संस्था कुडु अँ फुलोस, फलोस र मौलाउस भन्ना- खातीर श्री आदर्श विद्याश्रमहरीको संस्थापकको हैसियतले विद्याश्रम न्द्रऐले आतीका लागी क्षय कोष खडागर्ना निमित्त यो सर्तबन्दीको दानपत्र गरी दिएको छु। लेखिएको बन्देज सर्त भित्र रही यो भागको पहिले फल्को आफ्ना र पछी आम्रस्कम गाली श्री आदर्श विद्याश्रमले पालो र उनले र भत्तोक लागी स्थाई कायमा यो आदर्श विद्याश्रमको स्वच्छ गर्न हुनेछ। अन्देज सर्त हद उलैघन भए मा यो दान दिएको- भाग र बैंकमा जम्मा रहेको भुक्तानी अक्षय कोषको रकम समेत नगा दाताले फिर्ता लिन पाउने, नेपाल अधिराज्य भित्र दा अर्क शिक्षा संस्थालाई भाग दाताको तजबिजले वितरण गरी दिन पाउने अधिकार म भाग दाताको सुरक्षित रहनेछ। मेरो लेखपछी मेरो हकवाला मर म भागदाताका मतीशिर्म हरू बाट समेत माथी उल्लेखित बन्देज भाकाको डि.मर्दै आउनु पर्ने छ। आदीएको बन्देज सर्त उलैघन भएमा भाग दान पाउने श्री आदर्श विद्याश्रमले हाई स्कूलले भोग्ता र भाग को आफ्नो अक्षय कोष समेतमा दाबि गर्न पाउने छैन।

"स्व दत्ताम् परदत्ताम् वा यो हरेत वसुन्धराम्
षष्ठी वर्ष सहस्राणी विष्टायाम जायते कृमि"

सोही किनारामा लेखोका सादर। यो सर्तबन्दकी दानपत्र तपसिल का मौजा हरूको जिम्मेवारी बनहरी सताम्ती मन्दार गाडीमा नली तोकीएकोहो छी।

तपसिल

मौजा	खेती नं.	कित्ता नं.	चारकिल्ला	अर्द	तुल	किराइ	जम्मा बिगाहा
प्र. ग्रहाकला मौ. बामपुर मौजा मुसौडा	२०	श्री नी०देवीप्रसाद उप्रेतीको मियाद भाग मध्य पिकारा					१०॥
(आ.पं. कुरोला मिश्र)		२३५	मारा भार डिलेले पादिप, डिलाई डिलासे पूर्व नाली जोला उत्तर दाडना. ३०x३५/४ को ३॥१॥ को दाहिना तर्फबाट	०		३॥०।	
		२८८	मारा भार डिलेले पश्चिम निकट भारा पूर्व दक्षिण उत्तर	२०	४०	३।	
		२८९	निकट भारा ले पश्चिम दाडना, रुपैयाँ उत्तर कुलाको नदि पूर्व	४५/८	४०	४॥।४॥	
प्र. बामपुर मौ. सुरौडा	१६२	श्रीमती पार्वती जमुना नर्मदा कुलो समेतको भाग मध्ये कोटा					१०॥।४
(आ.पं. सुरौडा क्षेत्र)		१८	बुलाटे उत्तर भ्राडीले दाहिना पश्चिम कुरौडा जानले पूर्व मा ३०x१० को ॥। ।१९ पूर्व तर्फबाट	०	०	१४०३	
		३	[illegible] उत्तर र भाग कुलाहरू दाहिना नाई [illegible] पूर्व	४०	१००	१०।	

मौजा	खेती नं.	कित्ता नं.	चारकिल्ला	अर्द	तुल	किराइ	जम्मा बिगाहा
प्र. नामापुर मौ. सुरौडा		४५	मुरु विरको पश्चिम बालु पारीले पूर्व तानुकोले उत्तर, भ्राडेको ३१०४३२ को ॥१ ओल्ड पूर्व तर्फबाट			११०	
प्र. नगरपुर मौ. [illegible]	५	श्री देवीप्रसाद उप्रेतीको मियाद भाग किता					३३।४
(गा.पं. मतीभित्र)		११	रामनगरले पूर्व, दक्षिण उत्तर नारले पश्चिम				
		१२	वेराज नदिले पूर्व दक्षिण उत्तर तिमले पश्चिम	६५	२२	५।२।३	
		१३	तिमले पूर्व डिलाबुनीले दक्षिण [illegible] पश्चिम उत्तर	३०	३०	२।	
				१२२	८२	३८।२।३	
प्र. नगरपुर मौ. डिलाकुल्या	२६९	श्रीमती जमुनादेवी उप्रेती नामको भ. किता					१८॥।
		१७	नेत्र भीमको हाल अब्बादको पूर्व लोल्ली टे उत्तर, [illegible] करोलको नम्बरी [illegible] डिलले पश्चिम [illegible] न्सी खेत	४०	२०	२॥।	
(गा.पं. डिला कुल्यागैत)		१८	ढिमको डिलले पूर्व, पिपरी रुखले उत्तर, पाल डिलले पश्चिम करोलको नम्बरी र [illegible] दक्षिण	३०	६०	४॥।	
		१९	रापा डिलले पश्चिम करोलका नम्बरी ले पूर्व [illegible] उत्तर [illegible] दक्षिण	३०	७०	३।	
		२०	नारसीको अलग डिलले पूर्व, लापा डिल [illegible] धारोको रुखले पश्चिम करोलको नम्बरी र [illegible] उत्तर [illegible] दक्षिण	४०	४०	४।	
		२१	[illegible] पूर्व [illegible] नम्बरी र [illegible] कुलप्रसाद [illegible] नम्बरी ले दक्षिण [illegible] डिलले पश्चिम [illegible] समेत	४०	३०	५॥।	
प्र. [illegible] र. मौ. इन्द्री नारी	११९	श्री देवीप्रसाद उप्रेतीका नामको भाग किता					२६॥।३
(गा.पं. इन्द्री नारी क्षेत्र)		१	भारलो पूर्व पश्चिम, दक्षिण होलीको उत्तर	२०	२५/५	१०॥।४	
		२	तिमको दक्षिण भारलो पूर्व पश्चिम होलीको उत्तर	२०	३४/२	११॥५	
		३	भारलो पूर्व पश्चिम होलीको पूर्व [illegible] उत्तर	४	२	।१	
		४	[illegible] पूर्व, पश्चिम भारलो दक्षिण होली उत्तर	२०	२५/४	१।३।४	
		५	[illegible] पूर्व होलीको पश्चिम, [illegible] दक्षिण उत्तर	२०/४	२०	२।४।३	
		६	[illegible] उत्तर [illegible] दक्षिण पूर्व [illegible] पश्चिम	३०	३४/२	४।४।१	
		७	[illegible] पूर्व भारलो पश्चिम [illegible] उत्तर [illegible] दक्षिण	२०/५	४०	३।४।२	
		८	[illegible] पूर्व भारलो पश्चिम [illegible] उत्तर [illegible] दक्षिण	२४	८०	४।२।४।२	
						३६॥।२	

इति सम्वत् २०२१ साल पौष २८ गते रोज ३ शुभम्



स्व. देवीप्रसाद उप्रेतीज्यूकी पूजनीयामाता स्व. लीलाबाई उप्रेती

स्व. देवीप्रसाद उप्रेती

२००७ का क्रान्तिका सहयोद्धासँग देवीप्रसाद उप्रेती
बसेे दायाँबाट- धर्मप्रसाद ढकाल, नरेन्द्रनाथ वस्तोला, महानन्द सापकोटा
उभिने हरि- शर्मा, देवीप्रसाद उप्रेती, विक्रम लामा, सूर्यराज मिश्र ।

यसै संग्रहको डा. तारानाथ शर्माको लेख 'सरस्वतीको सभा' सँग सम्बन्धित नेपाली भाषा प्रचारक संघ करफोकले आयोजना गरेको बृहद् साहित्य सम्मेलन २००९ का सहभागीसंग देवीप्रसाद उप्रेती अगाडी बस्ने बालक गौतम मानन्धर

कुर्सीमा दाँयाबाट- चन्द्रकान्ता मल्ल, पुष्पप्रभा देवी, बालकृष्ण सम, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि देवकोटा, धरणीधर कोइराला, प्रा. रामप्रसाद मानन्धर ।

कुर्सीपछि उभिने- पी. टी. लामा, नरेन्द्रनाथ बाँस्तोला, परशुराम रोका, धर्मप्रसाद ढकाल, सुर्यविक्रम ज्ञवाली, देवीप्रसाद उप्रेती, बीरेन्द्र थुँजेली
सबभन्दा पछाडि- डा. भीष्मराज प्रसाई, फत्यबहादुर बुढाथोकी, गङ्गानाथ बाँस्तोला, शङ्कर लामिछाने, ईश्वर बराल, निर्मल शर्मा, डा. तारानाथ शर्मा, अम्बीराज श्रेष्ठ, हरिनाथ बाँस्तोला ।

निजानन्द आश्रमका अध्यक्ष एवम् स्व. उप्रेतीका जेठा छोरा मित्रप्रसाद उप्रेती



सहयोगीहरूसंग देवीप्रसाद उप्रेती
बस्ने- गङ्गाप्रसाद उप्रेती, देवीप्रसाद उप्रेती, श्रीमती नर्वदा उप्रेती (श्रीमती) श्रीमती लीला थपलिया (भान्जी)
उभिने- रवीन्द्र उप्रेती, जनकप्रसाद हुमागाईं, गङ्गाप्रसाद प्रसाई, महेन्द्र भुर्जेल, स्व. मदनकुमार थापा, पारस थपलिया, त्रिलोचन संग्रौला ।

स्व. देवीप्रसाद उप्रेतीकी जेठी श्रीमती जो पहिलेनै स्वर्गवास भइसक्नु भएको छ ।

माइली श्रीमती स्व. कुन्तिदेवी उप्रेतीका साथ
स्व. देवीप्रसाद उप्रेती

"ठण्डा मगजले स्वच्छ चित्त शान्त गरीकन
हँसिलो मधुरो बोल प्रफुल्ल मनले सदा
रिसाउनु हुँदैहुन्न जसले जे गरे पनि
खुसाउनु सदा पर्छ जसले जे भनेपनि "

–देवीप्रसाद उप्रेती
(दैनिक लेखनका केही श्लोकबाट)

"निरङ्कुशतालाई परास्त गर्न त संघर्षको आवश्यकता परेकै देखिन्छ तर कहाँनेर संघर्षरत हुनुपर्ने ? कहाँनेर शान्ति प्रियताको वर्ताव गर्नु पर्ने ? यो भेद छुट्याउन् र खुट्याउन नसक्ता बाटो अल्मलिएर संघर्षमा बानीपरेका युवा समुह पुनःपुनः संघर्षमा दिलचस्पी राखेर अघि बढ्न तमतमाएको र जमजमाएको देख्न पाइने गर्छ ।"

–देवीप्रसाद उप्रेती
(युवा अवस्था र जोशबाट)

"शिक्षामा सरकारले हस्तक्षेप गर्नु हुन्न । शिक्षा वास्तवमा सरकारले जिम्मा लिनु पर्ने विषय होइन । दलगत भावनाको जन्म हुन नदिनका लागि नै सरकारले २०२८ सालदेखि नयाँ शिक्षा योजना तयार पारेर शिक्षा नीति नियोजन गरिएकोलाई नियोजन होइन, प्रयोजन भनियो । वास्तवमा त्यो नियोजन् थियो । "

–देवीप्रसाद उप्रेती
(शिक्षा नीतिका कुराबाट)